महालेखापरीक्षकको
अठचालीसौँ वार्षिक प्रतिवेदन
२०६७

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

दूरदृष्टि

सुशासन प्रवर्द्धनका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी लेखापरीक्षण संस्थाको रुपमा स्थापित हुने ।

गन्तव्य

सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनका लागि मुलुकलाई गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

मूल्य मान्यता

- स्वतन्त्रता
- इमान्दारिता
- विश्वसनीयता
- व्यावसायिकता
- सार्वजनिक हितमा सेवा प्रदान

महालेखापरीक्षकको
अठचालीसौँ वार्षिक प्रतिवेदन
२०६७



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या: २०६७६८ च.नं.

मिति: २०६७।१२।३०।४

विषय: **अठचालीसौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, महाराजगञ्ज,
काठमाडौं ।

सम्माननीय महोदय,

आर्थिक वर्ष २०६६।६७ (२०६६ श्रावण १ गतेदेखि २०६७ आषाढ मसान्तसम्म) मा भए गरेका आर्थिक कारोबारको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन, २०६७ संविधानको धारा १२४ बमोजिम सम्माननीयज्यू समक्ष पेश गरेको छु ।

यो प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत व्यवस्थापिका–संसद समक्ष पेश गर्ने व्यवस्थाको लागि सम्माननीयज्यूमा हार्दिक अनुरोध गर्दछु ।

भवदीय,

(खेमप्रसाद दाहाल)
कार्यवाहक महालेखापरीक्षक

विषय–सूची

परिच्छेद	शीर्षक	पृष्ठ
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन		
परिच्छेद १:	**लेखापरीक्षण गरेका निकायको विवरण**	१-१०
	१. लेखापरीक्षण गरेका निकायहरु	१
	२. आर्थिक कारोबारको संक्षिप्त झलक	२
परिच्छेद २:	**लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति**	११-४३५
	समान प्रकृतिका व्यहोराहरु	११
	१. संविधानसभा व्यवस्थापिका–संसद	१९
	२. सर्वोच्च अदालत	२१
	३. निर्वाचन आयोग	२३
	४. राष्ट्रिय मानव अधिकार आयोग	२४
	५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२५
	६. अर्थ मन्त्रालय	२८
	७. उद्योग मन्त्रालय	९५
	८. ऊर्जा मन्त्रालय	१११
	९. कानून तथा न्याय मन्त्रालय	१२२
	१०. कृषि तथा सहकारी मन्त्रालय	१२३
	११. गृह मन्त्रालय	१४७
	१२. परराष्ट्र मन्त्रालय	१६१
	१३. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१६७
	१४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१८५
	१५. भौतिक योजना तथा निर्माण मन्त्रालय	१९२
	१६. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	२४४
	१७. युवा तथा खेलकूद मन्त्रालय	२४९
	१८. रक्षा मन्त्रालय	२५२
	१९. वन तथा भू–संरक्षण मन्त्रालय	२७०
	२०. वातावरण मन्त्रालय	२८७
	२१. विज्ञान तथा प्रविधि मन्त्रालय	२८९
	२२. वाणिज्य तथा आपूर्ति मन्त्रालय	२९३
	२३. शान्ति तथा पुनर्निर्माण मन्त्रालय	३०३
	२४. शिक्षा मन्त्रालय	३०६
	२५. श्रम तथा यातायात व्यवस्था मन्त्रालय	३४६
	२६. सामान्य प्रशासन मन्त्रालय	३४९
	२७. सिंचाई मन्त्रालय	३५१
	२८. सूचना तथा सञ्चार मन्त्रालय	३७६
	२९. संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	३९१
	३०. स्थानीय विकास मन्त्रालय	३९६
	३१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४१७
	३२. राष्ट्रिय योजना आयोग	४३४
परिच्छेद ३:	**बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि**	४३७
परिच्छेद ४:	**लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार**	४४५
कार्यलय गतिविधि		४५५

अनुसूचीहरु

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **कानूनी व्यवस्था** – नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२३ मा महालेखापरीक्षकले सबै सरकारी कार्यालय र कानूनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कामहरुका बारेमा उल्लेख गरेको छ ।

२. **उद्देश्य** – लेखापरीक्षणको प्रमुख उद्देश्य निम्न व्यहोरा सुनिश्चित गर्नु रहेको थियो:

- सञ्चितकोष र विनियोजन लेखा तोकिएको ढाँचामा राखेको एवं आर्थिक विवरणले कारोबारको यथार्थ चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही सोही प्रयोजनमा खर्च गरिएको,
- राजस्व, अरु समस्त आम्दानी र धरौटी असुल तहसिल गरेको,
- सरकारी सम्पत्तिको लगत, संरक्षण र सुप्रबन्धको पर्याप्त व्यवस्था गरेको,
- जिन्सी र सरकारी सम्पत्तिको हानि–नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था गरिएको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानूनको अनुसरण गरी आम्दानी खर्चको यथेष्ट प्रमाण राखेको, र
- सरकारी ऋण, जमानत र निक्षेपको लेखा यथार्थ किसिमले राखेको ।

३. **क्षेत्र** – संवैधानिक अङ्ग, मन्त्रालय, विभाग तथा कार्यालय, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण, जिल्ला विकास समिति, विश्वविद्यालय तथा कानूनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको आधारमा ४४४१ निकायको आर्थिक वर्ष २०६६।६७ को र पेश भएसम्म बक्यौतासमेतको आर्थिक कारोबारको लेखापरीक्षण गरिएको छ । यो वर्ष १६ विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** – लेखापरीक्षण ऐन, २०४८, सरकारी लेखापरीक्षण मानदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) मानदण्ड र असल प्रचलनहरुबमोजिम निकायहरुको आर्थिक कारोबारको लेखापरीक्षण नमूना छनौटको आधारमा सम्पन्न गरिएको छ । नमूना छनौटमा नपरेको कारोबारउपर टिप्पणी वा राय व्यक्त गरिएको छैन ।

५. **प्रतिवेदन प्रस्तुति –** संवैधानिक व्यवस्थाअनुसार वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त लेखापरीक्षण गरेका निकायको विवरण (परिच्छेद १), लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति (परिच्छेद १), बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि (परिच्छेद ३) तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारका विवरण (परिच्छेद ४) उल्लेखगरी प्रतिवेदन तयार पारिएको छ ।

मिति: २०६७।१२।२८

सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन

श्री महालेखा नियन्त्रक,
महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं ।

१. हामीले नेपाल सरकारको सञ्चितकोषको २०६७ असार ३२ गते समाप्त भएको आर्थिक वर्षको यसै साथ संलग्न आर्थिक विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । आर्थिक विवरणहरुको तयारी र प्रस्तुतिकरण नेपाल सरकारको उत्तरदायित्व हो । हाम्रो उत्तरदायित्व लेखापरीक्षणमा आधारित भई आर्थिक विवरणहरुमा राय प्रस्तुत गर्नु हो ।

२. हामीले यो लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (ईन्टोसाई) लेखापरीक्षण मानदण्ड र सरकारी लेखापरीक्षण नीतिगत मानदण्डको आधारमा सम्पन्न गरेका छौं । यी मानदण्डहरु अन्तर्गत हामीले आर्थिक विवरणहरु सारभूतरुपमा गलत प्रस्तुतिबाट मुक्त भएको सुनिश्चित गर्न तयार गरेको लेखापरीक्षण योजना तथा कार्यक्रम अनुसार कार्यसम्पादन गरेका छौं । लेखापरीक्षण अन्तर्गत आर्थिक विवरणमा उल्लेखित रकमलाई पुष्टी गर्ने प्रमाण तथा खुलासाको परीक्षण छड्के विधि अनुसार गरिएको छ । लेखापरीक्षण अन्तर्गत प्रयोग भएका लेखापरीक्षण सिद्धान्तको निर्धारण, नेपाल सरकारले गरेका समग्र आर्थिक विवरण प्रस्तुतिको मूल्याङ्कन समेत पर्दछ । लेखापरीक्षणले हाम्रो रायको लागि उपयुक्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

३. नेपाल सरकारको सञ्चितकोषको आर्थिक विवरणको प्रस्तुतिकरणमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

३.१. महालेखा नियन्त्रक कार्यालयले राखेको अभिलेखको आधारमा सञ्चितकोषको आर्थिक विवरण तयार गर्नुपर्नेमा नेपाल राष्ट्र बैङ्कबाट सङ्कलित तथ्याङ्कका आधारमा तयार गरेको अन्य निकायबाट प्राप्त सूचनाहरुको आधारमा आर्थिक विवरण तयार गरेको छ । सञ्चितकोषको आर्थिक विवरण नेपाल सरकारले २०६६ भाद्र ३० मा स्वीकृत गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम तयार भएको छैन ।

३.२. महालेखा नियन्त्रक कार्यालयले तयार पारेको सञ्चितकोषको आर्थिक विवरण यस वर्षको राजस्व असुली रु.१ खर्ब ७९ अर्ब ९४ करोड ५८ लाख २४ हजार रहेकोबाट रु.१ खर्ब ७७ अर्ब ३ करोड ३२ लाख ४ हजार देखाएकोले रु.२ अर्ब ९१ करोड २६ लाख २० हजार फरक देखिएको छ ।

३.३. महालेखा नियन्त्रक कार्यालयले प्रस्तुत गरेको विवरण अनुसार अनुदानतर्फ यो वर्ष कोष शाखाले विशेष खातामा रु.१ अर्ब ५६ करोड ५४ लाख र नगद अनुदान खाताहरुमा रु.२ अर्ब ३६ करोड ६६

लाख समेत रु.३ अर्ब ९३ करोड २० लाख र शोधभर्ना शाखाले रु.८ अर्ब ९१ करोड २३ लाख र कोष प्रशासन शाखाबाट सोझै दाखिला रु.७ अर्ब ३२ करोड ९६ लाख गरी जम्मा रु.२० अर्ब १७ करोड ३९ लाख प्राप्त भएको देखाएको छ भने नेपाल राष्ट्र बैङ्कको ट्रेजरी हिसाबमा रु.२५ अर्ब २२ करोड ५९ लाख प्राप्त भएको देखाएको छ ।

३.४. वैदेशिक ऋण प्राप्ति सम्बन्धमा सञ्चितकोषको आर्थिक विवरणमा रु.८ अर्ब १५ करोड ९२ लाख ८३ हजार, मूल आर्थिक विवरण (भाग–१) मा रु.११ अर्ब २२ करोड ३३ लाख ८१ हजार, लेखापरीक्षणलाई प्राप्त ऋण प्राप्तिको आर्थिक विवरणमा रु.७ अर्ब २५ करोड ३९ लाख देखाएकोमा नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण रु.४ अर्ब २० करोड ४० लाख देखाएको छ । सोझै भुक्तानी मार्फत प्राप्त ऋण रकम रु.१ अर्ब ९७ करोड ८६ लाखलाई ऋण प्राप्तिमा समायोजन गर्दा समेत ऋण हिसावमा रु.१ अर्ब ७ करोड १३ लाख नेपाल राष्ट्र बैङ्कमा घटी जम्मा भएको देखिन्छ ।

३.५. सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक अनुदान अन्तर्गत नगद रु.३ अर्ब ९३ करोड २१ लाख, शोधभर्ना प्राप्त रु.१६ अर्ब २४ करोड २० लाख, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.९ अर्ब ७७ करोड ८१ लाख र वस्तुगत सहायता रु.१ अर्ब ६५ करोड ५२ लाख समेत रु.३१ अर्ब ६० करोड ७३ लाख आम्दानी देखाएको छ । कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरण (भाग–१) मा वैदेशिक अनुदान रु.३८ अर्ब ५४ करोड ६० लाख प्राप्त भएको विवरण प्रस्तुत गरेको छ । सञ्चितकोषको आर्थिक विवरण र मूल आर्थिक विवरणमा रु.६ अर्ब ९३ करोड ८७ लाख फरक परेको छ ।

३.६. गत वर्षको सञ्चितकोषको केन्द्रीय आर्थिक विवरणअनुसार 'क' समूहका खाताहरुबाट सञ्चितकोष खातामा ऋण रु.६ अर्ब १९ करोड ५ लाख, नगद अनुदान रु.४ अर्ब ४३ करोड १६ लाख र शोधभर्ना हुने गरी खर्च भएको शोधभर्ना प्राप्त रु.१२ अर्ब १० करोड १७ लाख समेत जम्मा रु.२२ अर्ब ७२ करोड ३८ लाख मात्र क१–७ खातामा ट्रान्सफर गरेकोमा नेपाल राष्ट्र बैङ्कले रु.१५ अर्ब ५४ करोड २१ लाख देखाएबाट रु.७ अर्ब १८ करोड १७ लाख फरक परेको छ ।

३.७. चिनीया सहयोग अन्तर्गत २०६४।६५ सम्म अमेरिकी डलर १ करोड २३ लाख मौज्दात रहेको र सो पश्चात आम्दानी नभएको अवस्थामा उक्त खाताबाट अमेरिकी डलर १ करोड २६ लाख ५८ हजार खर्च ट्रान्सफर गर्न आदेश दिएको कारण अमेरिकी डलर ३ लाख ५८ हजार ऋणात्मक भएको छ । खातामा भएको मौज्दात ऋणात्मक हुने गरी खर्च ट्रान्सफर गरेको कारण स्पष्ट छैन । नेपाल राष्ट्र बैङ्कले उक्त खातामा ऋणात्मक मौज्दात देखाएकोमा कार्यालयले रु.९ करोड ३५ लाख ६ हजार मौज्दात देखाएको छ ।

३.८. वर्षान्तमा नेपाल राष्ट्र बैंङ्कसँग मौज्दात देखिएका वैदेशिक ऋण हिसाब, वैदेशिक अनुदान हिसाब र मूल्य अभिवृद्धि कर हिसाब गरी ३ खाताको रु.२७ अर्ब ४८ करोड २ लाखको केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन ।

४. हाम्रो रायमा अनुच्छेद ३ मा उल्लेख भएका व्यहोराले पार्ने असर बाहेक नेपाल सरकारको सञ्चितकोषको आर्थिक विवरणले २०६७ आषाढ ३२ गतेको आर्थिक स्थिति र सो अवधिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजालाई नेपाल सरकारको लेखा प्रणाली र लेखा नीति अनुसार समग्रमा यथार्थ चित्रण गर्दछ ।

(खेमप्रसाद दाहाल)
कार्यबाहक महालेखापरीक्षक

नेपाल सरकार
अर्थ मंत्रालय

महालेखा नियन्त्रक कार्यालय

आ.व. २०६६।०६७ को संचित कोषको आर्थिक विवरण

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

आय

श.सं.	विवरण						रकम रु. हजारमा
१	गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ल्या.)						१६४०७२९२१
२	यस वर्षको आय :						२५०५३९८२३
	क राजस्व					१८००४०६०८	
	अ कर राजस्व (प्रत्यक्ष र अप्रत्यक्ष कर)				१५६२०४९२३		
	आ गैर कर राजस्व				२१६९६९४०		
	इ क.१.६ विविध				२०४८७३६		
	ख ऋण असुल हुँदा प्राप्त भएको धन (सांवा)					१९५३९५२	
	ग राजस्वको धितोमा लिईएको कर्जा					३६८११३०५	
	अ आन्तरिक ऋण				२८६५२११२		
	आ बाह्य ऋण				८१५९२८३		
	१ सोधभर्ना हुने खर्च मध्ये सो.भ प्राप्त			४९१०६६६			
	□ चालु आ.व. को		०				
	□सोधभर्ना शाखाबाट प्राप्त	०				०	
	□कोष प्रशासनबाट सोझै दाखिला	०			०		
	□ गत विगत आ.व. को		४९१०६६६		०		
	□सोधभर्ना शाखाबाट प्राप्त	४५५०१६६					
	□कोष प्रशासनबाट सोझै दाखिला	३६०५००					
	२ नगद ऋण		०	०			
	□ चालु आ.व. को	०					
	□ गत विगत आ.व. को	०					
	३ सोझै भुक्तानी (प्रत्यक्ष ऋण)	०		३२४८६१७			
	घ वैदेशिक अनुदान					३१६०७२७७	
	अ नगद (चालु र गत विगत आ.व.को)				३९३२०७६		
	आ सोधभर्ना हुने गरी भएको खर्च रकम मध्ये सो.भ प्राप्त				१६२४१९५१		
	१ चालु आ.व. को			२७५६८४४			
	२ गत विगत आ.व. को			१३४८५१०७			
	□ सोधभर्ना शाखाबाट प्राप्त		६१५५४७७				
	□ कोष प्रशासनबाट सोझै दाखिला		७३२९६३०				
	इ सोझै भुक्तानी (प्रत्यक्ष अनुदान)				९७७८०६९		
	ई बल्तुगत				१६५५१८१		
	ङ अन्य विविध आम्दानी					१२६५९१	
	(अ) फिज ट्रान्सफर गरेको रकम (आ.व.०६६.६७ को)				१२६५९१		
३	संचितकोषको कुल मौज्दात (ऋणात्मक)						७५५३७०४५
						जम्मा आम्दानी	२६२००३९४७

व्यय

श.सं.	विवरण				रकम रु. हजारमा
१	चालु वर्षको व्यय				२५९६८९१०६
	क संचितकोष मार्फत व्यवहार हुने रकममा खर्च			२९१०२२७०	
	अ) चालु खर्च		१०६६९९४८		
	आ) पुंजीगत खर्च		०		
	इ) सांवा भुक्तानी खर्च		१८४३३३२२		
	ख विनियोजन ऐनद्वारा भएको खर्च			२३०५८६८३७	
	अ) चालु खर्च		१४०३४९१८३		
	आ) पुंजीगत खर्च		९०२३७६५४		
	कुल खर्चको श्रोतगत विवरण			२५९६८९१०६	
	(क) नेपाल सरकारको श्रोत		२०९९१९७५३		
	(ख) वैदेशिक अनुदान		३८५४५९७१		
	(अ) नगद	३९२०९०६			
	(आ) सोधभर्ना हुने	२३१९१८१५			
	(इ) सोझै भुक्तानी (अनुदान)	९७७८०६९			
	(ई) बल्तुगत	१६५५१८१			
	(ग) बाह्य ऋण		११२२३३८२		
	(अ) नगद				
	(आ) सोधभर्ना हुने	७९७४७६५			
	(इ) सोझै भुक्तानी (ऋण)	३२४८६१७			
२	संचितकोषबाट भएको फिर्ता हुने खर्च (फिज, क.१.६ तथा अन्य)				२३१४८४१
३	अन्य खर्च				
	(अ)				
	(आ)				
४	ऐनद्वारा आकस्मिक कोषमा व्यवस्था गरेको रकम				०
				जम्मा खर्च	२६२००३९४७

लेखा अधिकृत | उप म.ले.नि. | सह म.ले.नि. | महालेखा नियन्त्रक

आ.व. २०६६।०६७ को संञ्चित कोषको आर्थिक विवरण तयार पार्दा अपनाईएका आधारहरु एवं लेखा टिप्पणी

आयतर्फ

(१) क) गत बर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ल्या.) :
गत वर्षको संचित कोषको आय-व्यय बिबरणको आधारमा वांकी मौज्दात रु.(६४०७२९२१) हजार जिम्मेवारी सारि देखाइएको छ।

(२) यस वर्षको आय :

(क) राजस्व :
यस कार्यालयको तथ्यांक शाखावाट तयार पारि मिति २०६७।११।१७ मा प्राप्त आ.व.२०६६।६७ को राजश्वको केन्द्रीय आर्थिक विवरण भाग-६ को प्रतिवेदन नं.५००२ र ५००३ मा उल्लेख भएको कूल राजश्व रकम मध्ये प्रतिवेदन नं.५००२ अनुसार राजश्व शिर्षक नं. १.१.११.०० साँवा फिर्ता तर्फको रकम रु.१९५३९५२ हजार कट्टा गरी हुन आउने राजश्व रु.१८००४०६०८ हजार निम्न अनुसार आम्दानी देखाइएको छ।

(अ) **कर राजश्व (१-१-१-१० देखि १-१-४-५० सम्म)** :रु.१५६२९४९२३ हजार।

(आ) **गैर कर राजश्व** : रु.२१६९६९४९ हजार।
(१-१-५-१० देखि १-१-१२-२० सम्म (१-१-११-०० बाहेक))

(इ) **क.१.६ विविधः** रु.२०४८७३६ हजार।

(ख) ऋण असुल हुँदा प्राप्त भएको धन (साँवा फिर्ता) :
यस कार्यालयको तथ्यांक शाखावाट तयार पारि मिति २०६७।११।१७ मा प्राप्त प्रतिवेदन नं.५००२ र ने.रा.बैंकवाट प्राप्त स्टेटमेण्टका आधारमा राजश्व शीर्षक नम्वर १.१.११.००(सावा फिर्ता) मा रु.१९५३९५२ हजार एकमुष्ठ रकम यस शिर्षकमा आम्दानी जनाइएको छ।

(ग) राजस्वको धितोमा लिइएको कर्जा :

(अ) आन्तरिक ऋण :
म.ले.नि.का. ऋण लेखाङ्कन शाखाबाट प्राप्त विवरण अनुसार कुल आन्तरिक ऋण रकम रु. २९९१००००० हजार देखाएकोमा ने.रा.बैंकको २०६७ आषाढ महिनाको विवरण अनुसार रु.२८६५२११२ हजार मात्र क.१.२ आन्तरिक ऋण खातामा देखाएको र सोहि अनुसार क.१.७ संचितकोष ट्रान्सफर भएकोले सो रकम मात्र आम्दानी देखाईएको। फरक रकम सम्बन्धमा ऋण शाखाबाट ने.रा.बैंकमा पत्राचार भईरहेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

(आ) <u>वाह्य ऋण</u> :

(१) **सोधभर्ना हुने खर्च मध्ये सोधभर्ना प्राप्त**

- <u>चालु आ.व. को</u> :

- <u>गत बिगत आ.व.को</u> :

यस कार्यालयको सो.भ.शाखावाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक ऋण तर्फ गत विगत आ.व.मा खर्च भएको रकम मध्ये चालु आ.व.मा सोधभर्ना प्राप्त भई क.१.७ खातामा ट्रान्सफर जम्मा भएको रु.४५५०१६६ हजार र कोष प्रशासन शाखावाट सोझै क.१.७ खातामा जम्मा भएको रु.३६०५०० हजार समेत जम्मा रु. ४९१०६६६ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ ।

(२) **सोझै भुक्तानी** :

यस कार्यालयको तथ्यांक शाखावाट तयार पारी मिति २०६७११।१८ मा प्राप्त विवरण अनुसार विभिन्न दातावाट सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) तर्फ प्राप्त भएको रकम रु.३२४८६१७ हजार यस शिर्षकमा खर्चको आधारमा आम्दानी जनाइएको छ । यो रकम सोझै भुक्तानी भएकोले संचित कोष खातामा आम्दानी जनाईएको छैन ।

(इ) <u>वैदेशिक अनुदान</u> :

(१) **नगद** : विभिन्न दातृ मुलुक/संस्थाको श्रोतमा चालु आ.व.मा नगद अनुदान शिर्षकमा तथ्यांक शाखाबाट मिति २०६७।९।१२ मा प्राप्त खर्च बिबरण अनुसार भएको खर्च रकम रु.३९२०९३४ हजार र आ.व. २०६५।६६ को खर्च क.१.७ खातामा ट्रान्सफर गर्न छुट रु. १११४२ हजार समेत जम्मा रु. ३९३२०७ हजार क.१.७ खातामा ट्रान्सफर गरी यस शिर्षकमा आम्दानी जनाइएकोमा तथ्यांक शाखाबाट मिति २०६७११।१८ मा प्राप्त खर्च बिबरण अनुसार आ.ब. ०६६।६७ को खर्च रकम रु.३९२०९०६ हजार उल्लेख गरिएको छ ।

(२) **सोधभर्ना हुने गरी भएको खर्च रकम मध्ये सोधभर्ना प्राप्त**

- <u>चालु आ.व. को</u> :

यस कार्यालयको सो.भ.शाखावाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक अनुदान तर्फ चालु आ.व.मा खर्च भएको रकम मध्ये चालु आ.व.मा सोधभर्ना प्राप्त भएको रकम

भएको रकम मध्ये चालु आ.व.मा सोधभर्ना प्राप्त भएको रकम क.१.७ खातामा ट्रान्सफर जम्मा भएको रु.१३४८५१०७ हजार ।

(क) सो.भ.शाखाबाट रु.६१५५४७७ हजार ।
(ख) कोष प्रशासन शाखाबाट सोझै दाखिला रु.७३२९६३० हजार ।

(३) **सोझै भुक्तानी/वस्तुगत :**

यस कार्यालयको तथ्यांक शाखाबाट प्राप्त मिति २०६७।११।१८ को प्रतिवेदन अनुसार विभिन्न दातावाट सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) र वस्तुगत तर्फ प्राप्त भएको रकम रु.११४३३२५० हजार यस शिर्षकमा खर्चको आधारमा आम्दानी जनाइएको छ । यो रकम सोझै भुक्तानी भएकोले संचित कोष खातामा आम्दानी जनाईएको छैन ।

(घ) **अन्य विविध आम्दानी :**

फ्रिज ट्रान्सफर गरेको रकम :

यस कार्यालयको तथ्यांक शाखाबाट तयार पारिएको निकासा, खर्च र फ्रिज हिसाबको वार्षिक प्रतिवेदन, बैंक खुद बांकी (फ्रिज) समायोजनको विवरण र नेपाल राष्ट्र बैंकबाट प्राप्त खुद फ्रिज विवरणका आधारमा ने.रा.बैंक र अन्य सरकारी कारोवार गर्ने बैंकहरुमा आ.व.०६६।६७ को निकासा मध्ये खर्च नभै बाँकी रहेको फिज हि.नं.१ र २ अनुसारको खुद फ्रिज रकम रु.१२६७७१ हजारमा आ.व. २०६५।६६ मा तेह्रथूमको फ्रिज रकम मध्ये क.१.७ खातामा बढी जम्मा भएको रु. १८० हजार घटाई बांकी रकम रु. १२६५९१ हजार यस शिर्षकमा आम्दानी जनाइएकोछ ।

व्यय तर्फ

(१) **चालु वर्षको व्यय :**

(क) **संचित कोषमाथि व्ययभार हुने रकममा खर्च :**

यस कार्यालयको तथ्यांक शाखाबाट तयार पारि मिति २०६७।११।१८ मा प्राप्त प्रतिवेदनका आधारमा चालु खर्च र पूंजीगत खर्च विभाजन गरी यस शिर्षकमा खर्च जनाइएको छ ।

(अ) चालु खर्च रु.१०६६९९४८ हजार
(आ) सावाँ भुक्तानी खर्च रु.१८४३२३२२ हजार

(ख) <u>विनियोजन ऐनद्वारा भएको खर्च</u> :

अ) <u>चालु खर्च</u> : यस कार्यालयको तथ्यांक शाखाबाट तयार पारि मिति २०६७।११।१८ मा प्राप्त प्रतिवेदनका आधारमा चालु आ.व.मा चालु खर्च तर्फ खर्च भएको जम्मा रकम रु.१४०३४९९८३ हजार यस शिर्षकमा खर्च जनाइएको छ ।

आ) <u>पूंजीगत खर्च</u> : यस कार्यालयको तथ्यांक शाखाबाट तयार पारि मिति २०६७।११।१८ मा प्राप्त प्रतिवेदनका आधारमा चालु आ.व.मा पूंजीगत खर्च तर्फ खर्च भएको जम्मा रकम रु. ९०२३७६५४ हजार यस शिर्षकमा खर्च जनाइएको छ ।

<u>कूल खर्चको श्रोतगत विवरण</u> :

यस कार्यालयको तथ्यांक शाखाबाट तयार पारि मिति २०६७।११।१८ मा प्राप्त श्रोतगत खर्चको प्रतिवेदनका आधारमा चालु आ.व.मा विभिन्न श्रोतमा खर्च भएको रकम (चालु खर्च र पूंजीगत खर्च) निम्न अनुसार सम्बन्धित श्रोतको शिर्षकमा खर्च देखाइएको छ ।

(क) नेपाल सरकारको श्रोत रु.२०९९१९७५३ हजार
(ख) वैदेशिक अनुदान
  (अ) नगद रु.३९२०९०६ हजार
  (आ) सोधभर्ना हुने रु.२३१९१८१५ हजार
  (इ) सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.९७७८०६९ हजार
  (ई) वस्तुगत रु.१६५५१८१ हजार
(ग) बाह्य ऋण
  (अ) नगद
  (आ) सोधभर्ना हुने रु.७९७४७६५ हजार
  (इ) सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु.३२४८६१७ हजार

(२) <u>सञ्चित कोषबाट भएको फिर्ता हुने खर्च (फ्रिज र क.१.६)</u> :

यस कार्यालयको तथ्यांक शाखाबाट तयार पारिएको आ.व. ०६६।६७ को निकासा, खर्च र फ्रिज हिसाबको प्रतिवेदन र नेपाल राष्ट्र बैंकबाट प्राप्त खुद फ्रिज विवरण समेतका आधारमा ने.रा.बैंक र अन्य सरकारी कारोबार गर्ने बैंकहरुबाट भएको जम्मा निकासा रकमबाट जम्मा खर्च घटाई हुन आउने रकम यस शिर्षकमा खर्च जनाइएको छ । यस शिर्षक अन्तर्गत खुद फ्रिज भएको रकम, बैंक निकासा र को.ले.नि.का. निकासा बीच फरक परेको क.१.६ मा दाखिला भएको रकम समावेश गरिएको छ ।

द्रष्टव्य : *आ.व.२०६६।६७ को संचितकोषको आय-व्यय सम्बन्धी हिसाबहरु ०६७ पौष १४ गते भित्र क.१.७ खातामा ट्रान्सफर/समायोजन गर्न यस कार्यालयले दिएको आदेशको आधारमा संचितकोषको आर्थिक विवरण तयार गरिएको छ ।*

महालेखा नियन्त्रक कार्यालयबाट पेश भएको
आय–व्यय विवरण

सरकारी खर्च र साधनको स्रोत

रु. मा

	आ.व.२०६४/६५को यथार्थ	आ.व.२०६५/६६को यथार्थ	आ.व.२०६६/६७को यथार्थ
कूल खर्च	१६१,३४९,८९४,३१७.२२	२१८,३८८,७८०,८६४.७४	२५९,६८९,१०६,१२३.४२
चालु	९१,४४६,८६०,७३६.९६	१२७,६५३,६४४,०१६.०४	१५१,०१९,१३०,५५३.४८
पूजीगत	५३,५१६,१०१,३५२.१८	७१,९०१,०२४,१८३.११	९०,२३७,६५३,७७३.६६
साँवा भुक्तानी	१६,३८६,९३२,२२८.०८	१८,८३४,११२,६६५.५९	१८,४३२,३२१,७९६.२८
खर्च व्यहोर्ने स्रोतहरु	१२७,९४३,२०७,६३४.८४	१६८,६११,५९०,६७८.४२	२१८,४९१,७९५,५३४.७९
राजस्व	१०७,६२२,४८०,६६४.२९	१४३,४७४,४८९,४८८.३४	१७९,९४५,८२४,४१९.३३
कर	८५,१५५,४५७,४८९.९२	११७,०५१,९०६,८४१.१०	१५६,२९४,९२३,४१८.०९
गैरकर	२२,४६७,०२३,१७४.३७	२६,४२२,५८२,६४७.२४	२३,६५०,९०१,००१.२४
वैदेशिक अनुदान	२०,३२०,७२६,९७०.५५	२५,१३७,१०१,१९०.०८	३८,५४५,९७१,११५.४६
द्विपक्षीय	९,५७५,६४०,२५४.५६	८,६६०,६९५,५१०.०७	१८,३५०,८७७,४४३.५५
बहुपक्षीय	१०,७४५,०८६,७१५.९९	१६,४७६,४०५,६८०.०१	२०,१९५,०९३,६७१.९१
(बचत (+) न्यून (-)	-३३४०६६८६६८२.३८	-४९,७७७,१९०,१८६.३२	-४१,१९७,३१०,५८८.६३
न्यून पूर्ति गर्ने स्रोतहरु	२९,४७६,२७६,०९७.२७	२८,३५८,५८९,३६६.२८	४१,१३७,३८१,७९८.८१
वैदेशिक ऋण	८,९७९,८७६,०९७.२७	९,९४१,४८९,३६६.२८	११,२२३,३८१,७९८.८१
द्विपक्षीय	६३२,१०८,२५०.९१	६१२,९१९,९१५.७४	४,५४०,५५३,१२१.९५
बहुपक्षीय	८,३४७,७६७,८४६.३६	९,३२८,५६९,४५०.५४	६,६७२,८२८,६७६.८६
आन्तरिक ऋण	२०,४९६,४००,०००.००	१८,४१७,१००,०००.००	२९,९१४,०००,०००.००
नगद मौज्दातमा परिवर्तन बचत (-)	३,९३०,४१०,५८५.११	२१,४१८,६००,८२०.०४	५९,९२८,७८९.८२

परिच्छेद – १

लेखापरीक्षण गरेका निकायको विवरण

निकाय		संख्या
(क) वित्तीय लेखापरीक्षण		४,४४१
१. सरकारी कार्यालय	३,६५५	
२. स्वायत्त संस्था	७११	
३. जिल्ला विकास समिति	७५	
(ख) कार्यमूलक लेखापरीक्षण गरिएका विषय		१६
जम्मा		४,४५७



परिच्छेद – १

लेखापरीक्षण गरेका निकायको विवरण

लेखापरीक्षण गरेका निकायहरु

१. **सरकारी कार्यालय र संस्था, समिति** – सर्वोच्च अदालत, व्यवस्थापिका–संसद, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायतका सबै सरकारी कार्यालयहरुसमेत यो वर्ष ३ हजार ६५५ कार्यालयको १७ हजार ३१८ इकाईको रु.४ खर्ब ६७ अर्ब ३७ करोड ५० लाख ३० हजार, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था, विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समिति र कानूनद्वारा तोकिएका विश्वविद्यालय, प्रतिष्ठान आदि समेत ७८६ कार्यालयको रु.७ खर्ब ९२ अर्ब १ करोड ४५ लाख र जिल्ला विकास समितितर्फ रु.३० अर्ब ७५ करोड ७१ लाख ४ हजारसमेत रु.१२ खर्ब ९० अर्ब १४ करोड ६६ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण अनुसूची १, २, ३, ४ र १४ मा रहेको छ ।

२. **सरकारी निकाय** – यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएको मध्ये विनियोजन/राजस्व/धरौटीका ३ हजार ६५५ निकायको रु.४ खर्ब ६७ अर्ब ३७ करोड ५० लाख ३० हजारको विवरण निम्नानुसार छः

(रु. हजारमा)

क्र.सं.	कारोबार	२०६६।६७	बक्यौता
१.	विनियोजन निकासा	२,५४,२३,६०,७०	२९,३९,६६
२.	राजस्व असुली	१,७८,६१,७५,९६	६
३.	धरौटी आम्दानी	२०,६४,५१,११	-
४	अन्य	१३,३६,१९,१५	२२,०३,६६
	जम्मा	**४,६६,८६,०६,९२**	**५१,४३,३८**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा, २०६६।६७ को लेखापरीक्षण कारोबारको विवरण अनुसूची २ मा र बक्यौता लेखापरीक्षणको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

३. **संगठित संस्था, समिति र अन्य संस्था –** यो वर्ष ७८६ संगठित संस्था, समिति र अन्य संस्थाको रु.७ खर्ब ९२ अर्ब ५६ लाख १ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । यसको विस्तृत विवरण अनुसूची ४, ५ र ७ मा छ ।

४. **जिल्ला विकास समिति** – यो वर्ष लेखापरीक्षण सम्पन्न जिल्ला विकास समिति र कारोबार रु.३० अर्ब ७५ करोड ७१ लाख ४ हजारको विवरण अनुसूची–१४ मा उल्लेख गरिएको छ ।

५. **कार्यमूलक लेखापरीक्षण** – यो वर्ष देहायअनुसार ८ निकाय/मन्त्रालय अन्तर्गत १६ विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छः

सम्बन्धित मन्त्रालय	विषय
१. अर्थ मन्त्रालय	१. राजस्व नीति कार्यान्वयन
२. कृषि तथा सहकारी	२. जिल्ला कृषि विकास कार्यालय, मोरङ र सुनसरी
	३. व्यावसायिक कृषि विकास आयोजना
३. भौतिक योजना तथा निर्माण	४. सडक सञ्जाल विकास आयोजनाको कार्यान्वयन स्थिति
	५. डिभिजन सडक कार्यालय, हेटौंको कार्यसम्पादन स्थिति
	६. खानेपानी तथा सरसफाई डिभिजन/सव–डिभिजन कार्यालय, कैलाली र कञ्चनपुर (कार्यक्रम कार्यान्वयन एवं व्यवस्थापन)

सम्बन्धित मन्त्रालय	विषय
	७. सडक क्षेत्र विकास आयोजना
	८. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, मोरङ र धनकुटाको कार्यसम्पादन स्थिति
४. रक्षा	९. नेपाली सेना, आपूर्ति तथा परिवहन गण
	१०. सैनिक हवाई महानिर्देशनालय, मध्य एयर वेश र भी.भी.आई.पी. उडान
५. वन तथा भू–संरक्षण	११. काठ दाउरा सङ्कलन तथा बिक्री वितरण (जिल्ला वन कार्यालय, रौतहट, उदयपुर र सुनसरी)
६. शिक्षा	१२. समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयको सञ्चालन स्थिति
७. सिंचाई	१३. वागमती सिंचाई आयोजना
	१४. महाकाली सिंचाई योजना
८. स्वास्थ्य तथा जनसंख्या	१५. स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य महाशाखा
	१६. राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार सेवा कार्यक्रम

आर्थिक कारोबारको संक्षिप्त झलक

१. **खर्चको विश्लेषण –** आर्थिक वर्ष २०६६।६७ मा सरकारको आर्थिक वर्गीकरणअनुसार निम्न शीर्षकहरुमा खर्च भएको छ:

(रकम रु. लाखमा)

शीर्षक	२०६४।६५	२०६५।६६	२०६६।६७		प्रतिशत
			अनुमान	यथार्थ	
चालू खर्च					
उपभोग खर्च	४२,३८,१०	५८,२२,६७	६१,०८,७५	६२,२५,६१	१०१.९१
कार्यालय सञ्चालन र सेवा खर्च	५,७७,३७	६,५९,६३	७,३६,६३	७,०१,६४	९५.२५
अनुदान चालू ट्रान्सफर	२८,६२,६७	४५,१७,३८	६३,४१,५६	५९,८९,७९	९४.४५
सेवा तथा उत्पादन खर्च	७,६४,३१	९,३४,३०	१४,७९,१०	११,७६,२५	७९.५२
भैपरी आउने खर्च	-	-	३,७०,०५		-
ब्याज भुक्तानी खर्च	६,३७,३७	८,१५,४२	९,६८,८५	९,९८,१३	१०३.०२
फिर्ता खर्च	६४,८७	२४,४९	५८,३०	१०,४९	१७.९९
जम्मा	**९१,४४,६९**	**१,२७,७३,८९**	**१,६०,६३,२४**	**१,५१,०१,९१**	**९४.०२**
पूँजीगत खर्च					
पूँजी ट्रान्सफर	१,०७,६६	५२,८४	१,८४,७२	१,९७,६०	१०६.९७
पूँजी निर्माण	१९,७३,६४	३१,१८,०६	४५,०३,४२	३८,५३,३७	८५.५६
लगानी	१५,३१,४१	७,७८,००	१५,५८,७७	१४,१४,९५	९०.७७
अनुदान	१७,३८,९०	३३,५९,९९	४२,८१,७३	३५,५७,८४	८३.०९
भैपरी आउने खर्च	-	-	९९,८४		-
जम्मा	**५३,५१,६१**	**७३,०८,८९**	**१,०६,२८,४८**	**९०,२३,७६**	**८४.९०**
साँवा भुक्तानी					
साँवा भुक्तानी	१६,३८,६९	१८,८३,४१	१९,०१,२८	१८,४३,२३	९६.९५
कुल जम्मा	**१,६१,३४,९९**	**२,१९,६६,१९**	**२,८५,९३,००**	**२,५९,६८,९१**	**९०.८२**

१.१ आर्थिक वर्ष २०६६।६७ मा नेपाल सरकारले रु.२ खर्ब ८५ अर्ब ९३ करोड खर्च गर्ने अनुमान गरेकोमा रु.२ खर्ब ५९ अर्ब ६८ करोड (अनुमानको ९०.८२ प्रतिशत) खर्च भएको देखाएको छ ।

१.२ आर्थिक वर्ष २०६६।६७ मा चालू बजेटतर्फ रु.१ खर्ब ६० अर्ब ६३ करोड विनियोजन भएको थियो । यथार्थमा चालू बजेट खर्च रु.१ खर्ब ५१अर्ब १ करोड भएको छ, जुन बजेट अनुमानको ९४.०२ प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०६६।६७ को कुल बजेट खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च ११.०५ प्रतिशत रहेको छ ।

१.३ आर्थिक वर्ष २०६६।६७ मा पूँजीगत बजेटतर्फ विनियोजित रकम रु.१ खर्ब ६ अर्ब २८ करोडमध्ये खर्च रु.९० अर्ब २४ करोड भएको छ, जुन बजेट अनुमानको ८४.९० प्रतिशत हुन आउँछ ।

१.४ आर्थिक वर्ष २०६६।६७ मा साँवा भुक्तानीका लागि रु.१९ अर्ब १ करोड विनियोजन भएकोमा रु.१८ अर्ब ४३ करोड खर्च भएको छ ।

१.५ आर्थिक वर्ष २०६६।६७ मा कुल खर्चको ९३.१० प्रतिशत रकम केन्द्रीय सरकार सञ्चितकोष खाताबाट भुक्तानी भएको छ भने बाँकी रकम प्रत्यक्ष भुक्तानी तथा वस्तुगत खर्चको रुपमा भएको छ । केही मन्त्रालयहरुले यस्तो खर्चको प्रतिवेदन गरेका छैनन् । कोष तथा लेखा नियन्त्रक कार्यालय संयन्त्रमा यस्तो रकम नपर्ने भएको हुँदा सम्बन्धित मन्त्रालय/विभागको प्रतिवेदनको आधारमा तयार गर्नुपर्ने अवस्था छ ।

१.६ यो वर्ष चालूतर्फ ८ र पूँजीगततर्फ ५ समेत १३ खर्च शीर्षकमा रकम विनियोजन भएको छ । सोमध्ये ३ शीर्षकमा अनुमानको तुलनामा १०१.९१ देखि १०६.९७ प्रतिशतसम्म खर्च भएको देखिएको छ । बाँकी ९ खर्च शीर्षकमा १८ प्रतिशतदेखि ९५.२५ प्रतिशतसम्म खर्च भएको छ ।

१.७ आर्थिक वर्ष २०६६।६७ को आय–व्ययको विवरणमा देखाइएको वैदेशिक सहायता अनुदानमध्ये रु.२३ अर्ब १९ करोड १८ लाख १५ हजार दातृ संस्थाबाट शोधभर्ना माग गर्ने गरी सञ्चितकोषबाट खर्च भएको रकम हो भने रु.३ अर्ब ९२ करोड ९ लाख ५ हजार नगद सहायताअन्तर्गतको रकम हो ।

१.८ यस वर्षको आय–व्ययको विवरणमा देखाएको वैदेशिक ऋणको रकममध्ये रु.७ अर्ब ९७ करोड दातृ संस्थाबाट शोधभर्ना माग गर्ने गरी सञ्चितकोषबाट खर्च भएको रकम हो ।

२. **खर्चको स्रोत** – विगत तीन वर्षको स्रोतगत अनुमान र यथार्थ खर्चको स्थिति निम्नानुसार छ:

(रकम रु. लाखमा)

स्रोत	२०६४।६५ को यथार्थ खर्च	२०६५।६६ को यथार्थ खर्च	२०६६।६७		प्रतिशत
			अनुमान	यथार्थ	
नेपाल सरकार	१,३२,०४,९३	१,८३,३१,०१	२,०७,४१,३७	२,०९,९१,९७	८०.८४
वैदेशिक अनुदान	२०,३२,०७	२६,३८,२९	५६,९५,५६	३८,५४,६०	१४.८४
वैदेशिक ऋण	८,९७,९९	९,९६,८९	२१,५६,०७	११,२२,३३	४.३२
जम्मा	**१,६१,३४,९९**	**२,१९,६६,१९**	**२,८५,९३,००**	**२,५९,६८,९१**	**१००.००**

यो वर्षको कुल राजस्व असुली रु.१ खर्ब ७९ अर्ब ९४ करोड भएकोमा चालू खर्चतर्फ रु.१ खर्ब ५१ अर्ब १ करोड र साँवा भुक्तानीतर्फ रु.१८ अर्ब ४३ करोड गरी रु.१ खर्ब ६९ अर्ब ४४ करोड खर्च भएको छ ।

३. **क्षेत्रगत खर्च** – यो वर्ष रु.२ खर्ब ८५ अर्ब ९३ करोड बजेट विनियोजन भएकोमा रु.२ खर्ब ५९ अर्ब ६८ करोड ९१ लाख ६ हजार खर्च भएको देखिन्छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त केन्द्रीय आर्थिक विवरणअनुसार क्षेत्रगत खर्च निम्नानुसार देखिएको छ ।

(रु. हजारमा)

क्र.सं.	क्षेत्र	२०६५।६६ को खर्च	२०६६।६७		खर्च प्रतिशत	
			बजेट	यथार्थ खर्च	कुल बजेटको तुलनामा	क्षेत्रगत बजेटको तुलनामा
१	सामाजिक सेवा	९१,११,९८,६५	१,३०,२९,७७,४०	१,११,८५,२७,९७	४३.०७	८५.८४
२	आर्थिक सेवा	४५,१३,०७,२१	६६,३४,१२,७९	६१,६१,२२,०१	२३.७३	९२.८७
३	संवैधानिक निकाय, साधारण प्रशासन, रक्षा र विविध	५६,४२,२९,७७	६०,५८,९६,८०	५७,८१,०५,२७	२२.२६	९५.४१
४	आन्तरिक र बाह्य ऋण भुक्तानी	२६,९८,८३,५३	२८,७०,१३,०१	२८,४१,३५,८१	१०.९४	९९.००
	जम्मा	**२,१९,६६,१९,१६**	**२,८५,९३,,००,००**	**२,५९,६८,९१,०६**	**१००.००**	**९०.८२**

उपर्युक्त विवरणअनुसार सामाजिक सेवा र आर्थिक सेवाको क्षेत्रमा बजेटको अधिक अंश खर्च भएको देखिए तापनि संवैधानिक निकाय, साधारण प्रशासन, सुरक्षा र विविधमा भएको खर्च आर्थिक सेवाको हाराहारीमा रहेको र सामाजिक सेवाको खर्च ४३.०७ प्रतिशत छ ।

४. **केन्द्रीय हिसाबमा फरक –** महालेखा नियन्त्रक कार्यालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणले लेखापरीक्षणमा पेश भएको कार्यालय/निकायगत आर्थिक विवरणले देखाएको भन्दा बजेटतर्फ १७१ निकाय मन्त्रालयमा रु.९ अर्ब ३८ करोड ६० लाख ९५ हजार घटी र ९५ निकाय, मन्त्रालयमा रु.१० अर्ब ६५ करोड ८२ लाख ५८ हजार बढी देखाएको छ । यसैगरी निकासातर्फ लेखापरीक्षणबाट देखिएको भन्दा २८ निकाय/मन्त्रालयमा रु.३६ करोड ३२ लाख ७७ हजार घटी र ८३ निकाय/ मन्त्रालयमा रु.८ अर्ब २३ करोड ४ लाख १४ हजार बढी देखाएको छ । खर्चतर्फ लेखापरीक्षणबाट देखिएको भन्दा ४९ निकाय/मन्त्रालयमा रु.१ अर्ब २९ करोड ३७ लाख १६ हजार घटी र ६८ निकाय/मन्त्रालयमा रु.७ अर्ब ९२ करोड ३२ लाख २६ हजार बढी देखाएको छ । उपर्युक्त फरक सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

५. **रकमान्तर** – विनियोजन ऐन, २०६६ ले यो वर्ष विनियोजित रकममध्ये निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा सरकारले बचत हुने शीर्षबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने, यसरी रकम सार्दा सो शीर्षकको जम्मा रकमको १० प्रतिशत नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने तर पूँजीगत खर्चतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च, ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न नसकिने व्यवस्था गरेको छ । तर चालू तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने व्यवस्था छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ ले विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालयलाई दिएको छ ।

यो वर्ष विनियोजनतर्फको केन्द्रीय आय–व्यय हिसाबमा ३४१ उपशीर्षकमा रु.३५ अर्ब ४२ करोड ७ लाख २६ हजार घटाई ४१० उपशीर्षकमा रु.३५ अर्ब ४२ करोड ७ लाख २६ हजार बढाई औसतमा कुल व्यय अनुमानको १२.३९ प्रतिशत थपघट गरेको छ । रकमान्तरबाट थपघट गरेको मध्ये ३१ निकाय/ मन्त्रालयको लागि पूँजीगत खर्चमा रु.६२ अर्ब ५४ करोड ७ लाख १ हजार विनियोजन भएकोमा रु.२० अर्ब २८ करोड १४ लाख ४६ हजार रकमान्तर गरी थप गरेको देखिएको छ ।

६. **आय–व्यय** – राजस्व, वैदेशिक अनुदान तथा ऋण र आन्तरिक ऋण समेत कुल आय रु.२ खर्ब ५९ अर्ब ६२ करोड ९१ लाख ७८ हजार र व्यय रु.२ खर्ब ५९ अर्ब ६८ करोड ९१ लाख ७ हजार भई रु.५ करोड ९९ लाख २९ हजार न्यून हुन गएको छ ।

कुल व्ययमा गतवर्षभन्दा रु.४१ अर्ब ३० करोड ३ लाख २६ हजार (१८.९१ प्रतिशत) वृद्धि भएको देखिन्छ ।

७. **खर्चको वर्गीकरण** – यो वर्ष विभिन्न निकाय मन्त्रालयहरुमा चालू खर्चतर्फ रु.१ खर्ब ६० अर्ब ६३ करोड २३ लाख ६१ हजार र पूँजीगत खर्च तथा साँवा भुक्तानीतर्फ रु.१ खर्ब २५ अर्ब २९ करोड ७६ लाख ३९ हजार खर्च हुने अनुमान रहेकोमा क्रमशः रु.१ खर्ब ५१ अर्ब १ करोड ९१ लाख ३० हजार र रु.१ खर्ब ८ अर्ब ६६ करोड ९९ लाख ७६ हजारसमेत कुल रु.२ खर्ब ५९ अर्ब ६८ करोड ९१ लाख ६ हजार खर्च भएको छ ।

चालू र पूँजीगत खर्च तथा साँवा भुक्तानीको हिसाबले बढी खर्च गर्ने ५ मन्त्रालय निम्नानुसार छन्:

चालू खर्चतर्फ				पूँजीगत खर्च तथा साँवा भुक्तानीतर्फ			
क्र.सं.	**मन्त्रालय**		**प्रतिशत**	**क्र.सं.**	**मन्त्रालय**		**प्रतिशत**
१	शिक्षा तथा खेलकूद	४२,३०,५३,७७	२८.०१	१	अर्थ	३४,७५,७५,४८	३१.९८
२	रक्षा	२०,४१,९७,६६	१३.५२	२	भौतिक योजना तथा निर्माण	२२८८२०३८	२१.०६
३	गृह	१८,८७,०३,६८	१२.५०	३	स्थानीय विकास	१८९२२२४१	१७.४१
४	अर्थ	१७,३३,०१,२६	११.४८	४	सिंचाई	७८४९९४४	७.२२
५	स्वास्थ्य तथा जनसंख्या	१३,१८,५७,८२	८.७३	५	शिक्षा तथा खेलकूद	३९,३८३४८	३.६२
	जम्मा	**१,१२,११,१४,१९**	**७४.२४**			**८८,३५,०१,१९**	**८१.३०**

तालिकामा उल्लिखित ५ मन्त्रालयमा मात्र कुल चालू खर्चको ७४.२४ प्रतिशत र कुल पूँजीगत तथा साँवा भुक्तानी खर्चको ८१.३० प्रतिशत खर्च भएको देखियो ।

पूँजीगत खर्च तथा साँवा भुक्तानीतर्फ अर्थ मन्त्रालय प्रथम स्थानमा देखिए तापनि पूँजीगततर्फ साँवा भुक्तानी र ऋण तथा शेयर लगानीको रु.३३ अर्ब २७ करोड २२ लाख ९० हजार (कुल पूँजीगत खर्च तथा साँवा भुक्तानीको २२.४३ प्रतिशत) समावेश छ ।

८. **स्थानीय निकायलाई अनुदान** – स्थानीय निकायलाई विगत ३ वर्षमा दिइएको अनुदानको स्थिति निम्नानुसार रहेको छ:

(रु. हजारमा)

विवरण	**२०६६।६७**	**२०६५।६६**	**२०६४।६५**
जिल्ला विकास समिति ७५	२,३६,१५,९०	२,६८,९०,३५	१,३८,७०,२०
नगरपालिका ५८	२९,४५,३४	३०,६९,०७	५१,३१,४२
गाउँ विकास समिति ३,९१५	९,९४,४४,४४	६,२५,२६,९०	३,६८,२०,९७
जम्मा	**१२,६०,०५,६८**	**९,२४,८६,३२**	**५,५८,२२,५९**

स्थानीय निकायलाई उपलब्ध गराएको अनुदानमध्ये नगरपालिका र गाउँ विकास समितिलाई उपलब्ध गराएको अनुदानबाट भएको खर्चको लेखापरीक्षण यस कार्यालयबाट नगरिने हुँदा खर्चको उपयोग सम्बन्धमा लेखाजोखा गर्न सकिएन । गत वर्षको तुलनामा यस वर्षको अनुदान ३६ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

९. **राजस्व असुली** – यो वर्ष रु.१ खर्ब ७६ अर्ब ५० करोड २७ लाख ५० हजार राजस्व असुल गर्ने अनुमान भएकोमा महालेखा नियन्त्रक कार्यालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणअनुसार रु.१ खर्ब ७९ अर्ब ९४ करोड ५८ लाख २४ हजार (अनुमानको १०१.९५ प्रतिशत) असुल भएको देखिएको छ । विस्तृत विवरण अनुसूची १३ मा छ । बेरुजू खाता १–१–१३–१० दाखिला रु.२ अर्ब ४ करोड ८७ लाख ३६ हजारसमेत कुल रु.१ खर्ब ८१ अर्ब ९९ करोड ४५ लाख ६० हजार राजस्व असुली देखिन्छ ।

यो वर्ष लेखापरीक्षणलाई उपलब्ध भएसम्मको आर्थिक विवरणका आधारमा २ हजार ५९१ सरकारी कार्यालयबाट रु.१ खर्ब ७७ अर्ब ३ करोड ३२ लाख ४ हजार राजस्व आम्दानी भएको छ । बेरुजू खाता १–१–१३–१० दाखिला रु.१ अर्ब ५८ करोड ४३ लाख ९२ हजारसमेत समावेश गर्दा कुल राजस्व असुली रु. १ खर्ब ७८ अर्ब ६१ करोड ७५ लाख ९६ हजार देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले देखाएको र लेखापरीक्षणमा कार्यालयहरुले पेश गरेको आर्थिक विवरणबीच फरक परेको रकम रु.३ अर्ब ३७ करोड ६९ लाख ६४ हजारको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गरेको छैन ।

१०. **राजस्व** – यो वर्ष नेपाल सरकारले निम्नानुसार राजस्व असुल गरेको देखाएको छ ।

(रकम रु. लाखमा)

विवरण	२०६४।६५	२०६५।६६	२०६६।६७		प्रतिशत
			अनुमान	यथार्थ	
कुल राजस्व	१,०७,६२,२५	१,४३,४७,४५	१,७६,५०,००	१,७९,९४,५८	१०१.९५
१. कर राजस्व	८५,१५,५५	१,१७,०५,२०	१,५०,२४,५६	१,५६,२९,४८	१०४.०३
क. अप्रत्यक्ष कर	६२,०६,७७	८२,७३,१२	१,०४,४४,७६	१,१४,५४,४७	१०९.६७
ख. प्रत्यक्ष कर	२३,०८,७८	३४,३२,०७	४५,७९,८०	४१,७५,०२	९१.१६
२. गैरकर राजस्व	१९,७८,३८	२२,८९,२१	२२,२०,०१	२१,६९,६९	९७.७३
३. साँवा फिर्ता	२,६८,३२	३,५३,०४	४,०५,८०	१,९५,४०	४८.१५

यो वर्ष नेपाल सरकारले रु.१ खर्ब ७६ अर्ब ५० करोड राजस्व उठाउने अनुमान गरेकोमा रु.१ खर्ब ७९ अर्ब ९४ करोड (अनुमानको १०१.९५ प्रतिशत) असुलगरेको देखाएको छ । जुन गत वर्षको रु.१ खर्ब ४३ अर्ब ४७ करोड राजस्व आम्दानीभन्दा २५.४२ प्रतिशतले बढेको देखिन्छ ।

११. **राजस्व छुट** – यो वर्ष अर्थ मन्त्रालयको पटके निर्णयअनुसार विभिन्न सरकारी निकाय, संस्था तथा व्यक्तिले विभिन्न ७ भन्सार विन्दुबाट पैठारी गरेको सामानमा लाग्ने भन्सार महसुल रु.३१ करोड ९१ लाख २६ हजार, अन्त:शुल्क रु.३ करोड ७३ लाख ४९ हजार, मूल्य अभिवृद्धि कर रु.४० करोड २६ लाख १५ हजार र अन्य शुल्क रु.८८ हजारसमेत रु.७५ करोड ९१ लाख ७८ हजार राजस्व छुट दिएको देखिएको छ ।

१२. **अग्रिम कर** – सरकारी कार्यालय ६८६ ले यो वर्ष रु.३ करोड ९९ लाख १३ हजार कर कट्टी नगरेको व्यहोरा औंल्याएपछि १०५ कार्यालयले रु.१४ लाख ९५ हजार असुल गरी जानकारी दिएका छन् । समिति, अन्य संस्था तथा जिल्ला विकास समिति १९९ ले रु.१ करोड ९८ लाख ७९ हजार अग्रिम कर कट्टी नगरेको व्यहोरा औंल्याएपछि ८ ले रु.२ लाख ५९ हजार असुल गरेका छन् । यो वर्ष सरकारी कार्यालय, समिति, अन्य संस्था र जिल्ला विकास समितिले अग्रिम कर कट्टा नगरेको रु.५ करोड ८० लाख ३८ हजार असुल गर्न बाँकी छ । यसको विवरण अनुसूची १२ मा छ ।

आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (५) मा अग्रिम कर कट्टी गर्ने व्यक्तिले कर कट्टी नगरेमा वा कट्टी गरेको कर दाखिला नगरेमा कर कट्टी हुने र कट्टी गर्ने दुवै व्यक्ति संयुक्त रुपमा र छुट्टाछुट्टै रुपमा कर रकम सञ्चितकोष दाखिला गर्न जिम्मेवार हुने व्यवस्था छ । तद्नुसार जिम्मेवार व्यक्तिहरु उपर कारबाही गर्ने प्रक्रिया अवलम्बन नगरेको कारणबाट प्रत्येक वर्ष अग्रिम कर कट्टा नगर्ने तथा कट्टा गरेको अवस्थामा पनि सञ्चितकोष दाखिला नगर्ने प्रवृत्तिले प्रश्रय पाएको देखिएको छ ।

कानूनबमोजिम अग्रिम कर कट्टा नगर्ने र कट्टा गरेको कर सञ्चितकोष दाखिला नगर्नेलाई आयकर ऐन, २०५८ अनुरुप कारबाही गरिनुपर्दछ ।

१३. **राजस्व बक्यौता** – निकाय/मन्त्रालयहरुबाट उपलब्ध विवरण र लेखापरीक्षणको क्रममा सङ्कलन भएसम्मको विवरणका आधारमा यो वर्षसम्मको राजस्व बक्यौता रु.५२ अर्ब ९० करोड २४ लाख ८३ हजार देखिएको छ । गतवर्षको तुलनामा यो वर्ष राजस्व बक्यौता ६०.६४ प्रतिशतले बढेको छ । विगत २ वर्षको राजस्व बक्यौताको स्थिति निम्नानुसार छ:

वार्षिक प्रतिवेदन	बक्यौता रकम (रु. हजारमा)	वृद्धि प्रतिशत
सतचालीसौँसम्म	३२,९३,१७,९२	-
अठचालीसौँसम्म	५२,९०,२४,८२	६०.६४

यो वर्षको राजस्व बक्यौताको विवरण अनुसूची १० मा छ ।

१३.१ कुल बक्यौता रु.५२ अर्ब ९० करोड २४ लाख ८३ हजारमध्ये रकमका आधारमा बढी बक्यौता राख्ने ५ निकाय/मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	बक्यौता	
		रकम	प्रतिशत
१	अर्थ	४७,१८,८२,२५	८९.२०
२	सर्वोच्च अदालत	४,३५,५५,१९	८.२३
३	ऊर्जा	१,१०,१८,२९	२.०८
४	वन	१३,४२,७३	०.२५
५	सिंचाई	९,१०,५६	०.१७
	जम्मा	**५२,८७,०९,०२**	**९९.९४**

उपर्युक्त तालिकाअनुसार ५ निकाय तथा मन्त्रालयको राजस्व बक्यौता कुल बक्यौताको ९९.९४ प्रतिशत रहेको छ ।

१३.२ प्रचलित कानूनअनुसार दाखिला गर्नुपर्ने राजस्व निश्चित समयभित्र दाखिला नगर्ने व्यक्तिको कारोबार एवं चल अचल सम्पत्ति रोक्का गरी असुल गर्नसकिने व्यवस्था रहे तापनि पर्याप्त कारबाही नगरिएको कारणबाट बक्यौता वृद्धि भएको व्यहोरा गत विगतका प्रतिवेदनमा उल्लेख गरिए तापनि सुधार हुन नसकेकोले कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु आवश्यक छ ।

१४. **वैदेशिक सहायता –** यो वर्ष वैदेशिक अनुदान रु.५६ अर्ब ९५ करोड ५५ लाख ७६ हजार र ऋण रु.२१ अर्ब ५६ करोड ६ लाख ७४ हजार प्राप्त हुने अनुमान भएकोमा क्रमशः रु.३८ अर्ब ५४ करोड ५९ लाख ७१ हजार (६७.६७ प्रतिशत) र रु.११ अर्ब २२ करोड ३३ लाख ८१ हजार (५२.०५ प्रतिशत) मात्र परिचालन भएकोले वैदेशिक अनुदान र ऋण सहायताको उपोग क्षमता न्यून देखिएको छ । वैदेशिक अनुदान र ऋण रकम खर्च भएकोमा पनि शोधभर्ना प्राप्त गर्न नसकी वर्षेनी शोधभर्ना प्राप्त गर्नुपर्ने बाँकी रकम वृद्धि भइरहेको छ । वैदेशिक सहायता उपयोग क्षमता वृद्धि गर्न संस्थागत र प्रक्रियागत सुधार गर्नु आवश्यक छ ।

१५. **अनुदान र ऋण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ उपदफा (३) मा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान र ऋण स्वरुप सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गर्नु गराउनुपर्ने, यस बाहेक अन्य प्रकारका सहायताको छुट्टै विवरण बजेटसाथ संसदमा पेश गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा १० उपदफा (४) मा बजेटमा समावेश नभएका जुनसुकै प्रकारका सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने व्यवस्था छ ।

१५.१ यो वर्ष २३ निकाय तथा मन्त्रालयमा वैदेशिक अनुदान रु.५६ अर्ब ९५ करोड ५५ लाख ७६ हजार प्राप्त हुने अनुमान गरेकोमा बजेट अनुमानभित्र परेका २० र नपरेका १ समेत २१ निकाय तथा मन्त्रालयमा रु.३८ अर्ब ५४ करोड ५९ लाख ७१ हजार (६७.६७ प्रतिशत) प्राप्त भएको छ । अनुमान गरिएको अनुदान रकम प्राप्त गरी खर्च गर्ने संस्थागत क्षमता वृद्धि गरिनुपर्दछ ।

१५.२ रकमगत आधारमा बढी अनुदान प्राप्त गर्ने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	अनुमान	प्राप्त रकम	प्रतिशत	
				अनुमानको तुलनामा	कुल प्राप्तिको
१	शिक्षा	११,१६,२३,९७	८,७३,०८,१५	७८.२२	२२.६५
२	स्वास्थ्य तथा जनसंख्या	८,१३,२६,९४	६,४१,७४,१४	७८.९१	१६.६५
३	स्थानीय विकास	९,९९,५१,००	६,०७,२५,२५	६०.७५	१५.७५
४	भौतिकयोजना तथा निर्माण	९,३५,४२,१३	५,३९,७३,१६	५७.७०	१४.००
५	वातावरण	१,६३,५५,४०	३,०४,९६,१७	१८६.४५	७.९१
	जम्मा	**४०,२७,९९,४४**	**२९,६६,७६,८७**		**७६.९६**

उपर्युक्त विवरणअनुसार यो वर्ष प्राप्त भएको कुल अनुदानको ७६.९६ प्रतिशत रकम ५ मन्त्रालयले प्राप्त गरेको देखिन्छ । वातावरण मन्त्रालयले कुल अनुदान प्राप्तिको ७.९१ प्रतिशत प्राप्त गरेको देखिए

तापनि सो मन्त्रालयले प्राप्त गर्ने अनुमानको तुलनामा १८६.४५ प्रतिशत प्राप्त गरेको देखिन आयो । भौतिक योजना तथा निर्माण मन्त्रालयले अनुमानको तुलनामा ५७.७० प्रतिशत र स्थानीय विकास मन्त्रालयले ६०.७५ प्रतिशतमात्र प्राप्त गरेको देखिँदा दाताबाट प्राप्त हुने अनुदान रकम खर्च हुन नसक्नु सन्तोषजनक भएन ।

१५.३ यो वर्ष १२ निकाय तथा मन्त्रालयमा रु.२१ अर्ब ५६ करोड ६ लाख ७४ हजार वैदेशिक ऋण प्राप्त हुने अनुमान भएकोमा १० मन्त्रालयमा रु.११ अर्ब २२ करोड ३३ लाख ८० हजार (५२.०५ प्रतिशत) प्राप्त भएको देखाएको छ । शोधभर्ना लिने गरी सरकारी स्रोतबाट खर्च भएको तर शोधभर्ना प्राप्त नभएको रु.६ अर्ब ४१ करोड ६० लाख १४ हजार पनि वैदेशिक ऋण प्राप्तिमा दर्शाएको छ । सो रकम घटाउँदा यथार्थमा ऋण प्राप्ति रु.८ अर्ब ८० करोड ७३ लाख ६६. हजार हुन आउँछ । यसमा गत विगत वर्षको शोधभर्ना प्राप्त रु.३ अर्ब ३५ करोड १९ लाख ६४ हजार समावेश गर्दा यो वर्ष यथार्थमा रु.८ अर्ब १५ करोड ९३ लाख ३० हजार वैदेशिक ऋण प्राप्त भएको देखिन्छ ।

१५.४ यो वर्ष रकमको हिसाबले बढी ऋण प्राप्त गर्ने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	अनुमान	प्राप्त रकम	प्रतिशत	
				अनुमानको तुलनामा	कुल प्राप्तिको
१	भौतिक योजना तथा निर्माण	५३,९५,७८,५८	३,६७,२३,८९	६८.०६	३२.७२
२	शिक्षा तथा खेलकूद	३,३९,१४,२६	२,७५,२८,९२	८१.१७	२४.५३
३	अर्थ लगानी	८,६५,५४,१०	२,२८,९८,४०	२६.४६	२०.४०
४	स्थानीय विकास	१,७९,६७,४८	१,०३,१८,१६	५७.४३	९.१९
५	सिंचाई	८३,३७,००	५५,५८,१६	६६.६७	४.९५
	जम्मा	**२०,०७,३०,४२**	**१०,३०,१९,५३**	-	**९१.७९**

उपर्युक्त विवरणबाट ५ मन्त्रालयले कुल ऋण प्राप्तिको ९१.७९ प्रतिशत प्राप्त गरेको देखिन्छ । अर्थ मन्त्रालय र स्थानीय विकास मन्त्रालयले प्राप्त गर्ने अनुमानित ऋणको क्रमशः २६.४६ प्रतिशत र ५७.४३ प्रतिशत मात्र प्राप्त गरेको देखिएको छ ।

१६. **प्राविधिक सहायता** – बजेटमा समावेश नभएको प्राविधिक सहायता सम्बन्धी यस वर्षको विवरणअनुसार ८३ सम्झौताअन्तर्गत रु.१७ अर्ब १९ करोड १३ लाख ९१ हजार (२०६७ आषाढ मसान्तको विनिमय दरअनुरुप प्राप्त हुने उल्लेख छ । यस सम्बन्धी विवरण अनुसूची ११ मा छ । सो सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१६.१ उक्त सम्झौतामध्ये ७५ सम्झौता २२ निकाय, मन्त्रालय र सचिवालयसँग सम्बन्धित छन् भने ८ सम्झौताको निकाय मन्त्रालय खुलाएको छैन । विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत प्राविधिक सहायताको एक सम्झौता भए तापनि सहायता रकम खुलेको देखिएन । सम्झौताअन्तर्गत उपलब्ध हुने रकमलाई निम्न ४ शीर्षकमा विभाजन गरेको छः

(रु. हजारमा)

क्र.सं.	शीर्षक	प्राप्त हुने रकम	प्रतिशत
१	सल्लाहकार सेवा	१,०८,२९,६८	६.३०
२	मालसामान	६१,३१,०७	३.५७
३	तालिम तथा गोष्ठी	४६,५३,४९	२.७०
४	अन्य (नखुलेको)	१५,०२,९९,६७	८७.४३
	जम्मा	**१७,१९,१३,९१**	**१००.००**

सम्झौताअनुसार प्राप्त हुने प्राविधिक सहायता रकमको ठूलो अंश ८७.४३ प्रतिशत रकमको खर्च हुने विषय खुलाएको देखिएन । वैदेशिक सहयोगस्वरुप प्राप्त हुने रकमको कार्यक्रम र क्षेत्र स्पष्ट किटान गरी यसप्रकारको सहायताको खर्चलाई पारदर्शी गर्नु आवश्यक छ ।

१६.२ कुल रकममध्ये रकमको हिसाबले प्राविधिक सहायता बढी प्राप्त गर्ने अनुमान भएका ४ निकाय/मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/सचिवालय	सम्झौता संख्या	प्राप्त हुनुपर्ने रकम	कुल प्राप्ति हुने रकमको प्रतिशत
१	स्वास्थ्य तथा जनसंख्या	१५	७,९६,०३,१८	४६.३०
२	स्थानीय विकास	५	२,३४,५१,८०	१३.६४
३	वन तथा भू–संरक्षण	९	२,२५,३४,८२	१३.११
४	गृह	२	१,७७,७४,३८	१०.३४
	जम्मा	**३१**	**१४,३३,६४,१८**	**८३.३९**

१६.३ विभिन्न ८ सम्झौताअनुसार प्राप्त हुने रु.६१ करोड ८४ लाख ५ हजार प्राप्त गर्ने निकाय मन्त्रालय खुलाएको छैन । यसबाट सहायतास्वरुप प्राप्त हुने रकम कुन निकाय र मन्त्रालयको कार्यक्रममा खर्च गरिएको हो स्पष्ट भएन ।

१६.४ उपर्युक्तानुसार व्यय अनुमान र प्राविधिक सहायताको विवरणमा परेको बाहेक पनि लेखापरीक्षणको क्रममा २ निकाय/मन्त्रालयसँग सम्बन्धित २ कार्यक्रममा अन्य सहायता प्राप्त भएको देखिएको छ । ती कार्यक्रममा रु.७ करोड ३ लाख ९० हजार प्राप्त भई लेखापरीक्षण भए तापनि सो रकम केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको छैन ।

निकाय/मन्त्रालयहरुले आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ को उपदफा (२) अनुसार प्राविधिक सहायतालगायत अन्य आय–व्ययको केन्द्रीय आर्थिक विवरण पेश नगरेकोले निकाय/मन्त्रालयहरुको समग्र आय–व्यय दर्शाउन सकिएन ।

१७. **सार्वजनिक ऋण** – यो वर्षसम्म वैदेशिक ऋणतर्फ रु.२ खर्ब ५६ अर्ब २४ करोड ३२ लाख ७८ हजार र आन्तरिक ऋणतर्फ रु.१ खर्ब ४७ अर्ब ६६ करोड ७८ हजार समेत रु.४ खर्ब ३ अर्ब ९० करोड ३३ लाख ५६ हजार सार्वजनिक ऋण बाँकी छ । गतवर्षको तुलनामा वैदेशिक ऋण दायित्वलगायत कुल ऋण दायित्व वृद्धि भएको छ ।

१७.१ गतवर्षसम्म नेपाल सरकारको आन्तरिक ऋणबापतको दायित्व रु.१ खर्ब २५ अर्ब ४३ करोड ५३ लाख ८० हजार थियो । यो वर्ष लिएको रु.२९ अर्ब ९१ करोड ४० लाखसमेत आन्तरिक ऋण रु.१ खर्ब ५५ अर्ब ३४ करोड ९३ लाख ८ हजार पुगेकोमा यो वर्ष चुक्ता गरेको रु.७ अर्ब ६८ करोड ९३ लाख २ हजार कट्टी गर्दा आन्तरिक ऋणबापतको दायित्व रु.१ खर्ब ४७ अर्ब ६६ करोड ७८ हजार छ ।

गतवर्षको तुलनामा आन्तरिक ऋण दायित्व १७.७२ प्रतिशतले वृद्धि भएको छ ।

१७.२ यो वर्ष आन्तरिक ऋण रु.३० अर्ब ९१ करोड लिने अनुमान भएकोमा आय–व्यय विवरणअनुसार रु.२९ अर्ब ९१ करोड ४० लाख प्राप्ति देखाएकोले अनुमानको तुलनामा ९६.७८ प्रतिशत प्राप्त भएको देखाएको छ ।

१८. **स्रोतान्तर** – मन्त्रालयहरुले यो वर्ष पनि दातृ निकायहरुसँग भएको सम्झौताबमोजिमको प्रक्रिया पूरा गरी सहयोग रकम खर्च गर्न सकेको देखिदैन । यो वर्ष वैदेशिक अनुदानतर्फ अनुमानको ६७.६७ प्रतिशत र ऋणतर्फ ५२.०५ प्रतिशत मात्र प्राप्त भएको देखिएको छ । यसरी वैदेशिक सहायता रकम खर्च गर्न नसक्दा नेपाल सरकारको स्रोततर्फ स्रोतान्तर माग गरी खर्च गर्ने प्रवृत्ति बढ्न गई आन्तरिक स्रोतमाथि चाप बढ्न गएको छ ।

१९. **शोधभर्ना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(२) खण्ड (ग) मा वैदेशिक स्रोतबाट शोधभर्ना लिने गरी खर्च गरेको रकम ४५ दिनभित्र शोधभर्ना माग गर्नुपर्ने र महालेखा नियन्त्रक कार्यालयले गर्नुपर्ने व्यहोरा उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

१९.१ यो वर्षसम्म वैदेशिक अनुदानतर्फ रु.२१ अर्ब ४१ करोड ७२ लाख २१ हजार र ऋणतर्फ रु.१० अर्ब ७९ करोड ६४ लाख ६५ हजारसमेत रु.३२ अर्ब २१ करोड ३६ लाख ८६ हजार शोधभर्ना प्राप्त हुन बाँकी देखिएको छ ।

१९.२ बन्द भइसकेका आयोजनाको अनुदान तथा ऋण क्रमश: रु.१० करोड ५७ लाख ९९ हजार र रु.३१ करोड ३७ लाख ९९ हजारसमेत रु.४१ करोड ९५ लाख ९८ हजार शोधभर्ना हुन बाँकीमा समावेश छ ।

समयमा शोधभर्ना माग नगर्ने सम्बन्धित आयोजना प्रमुख तथा कार्यालय प्रमुखहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०. **आकस्मिक कोष –** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९८ ले आकस्मिक कोषको व्यवस्था गरेको छ । यो कोषमा समय–समयमा ऐनद्वारा निर्धारण भएको रकम जम्मा गरिने र आकस्मिक कार्यका लागि खर्च गर्न सकिने तथा त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र शोधभर्ना गर्नुपर्ने व्यवस्था छ । आकस्मिक कोष ऐन, २०१६ को व्यवस्थाअनुरुप कोषको साबिकदेखि जिम्मेवारी सर्दैआएको रु.२५ लाख मौज्दात रहेको छ ।

२१. **कार्यसञ्चालन कोष –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(४) मा महालेखा नियन्त्रक कार्यालयले सबै प्रकारका कारोबारको लेखा राख्न लगाई त्यसको केन्द्रीय विवरण तयार गरी महालेखापरीक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.४ अर्ब २५ करोड १६ लाख २१ हजार यस वर्षको आय रु.१६ अर्ब .२२ करोड २९ लाख ३४ हजारसमेत जम्मा आय रु.२० अर्ब ४७ करोड ४५ लाख ५५ हजारमा रु.१३ अर्ब ८७ करोड २९ लाख ४० हजार खर्च भई रु.६ अर्ब ६० करोड १६ लाख १५ हजार मौज्दात देखिएको छ ।

कोषको गत वर्षको मौज्दात रु.४ अर्ब ३१ करोड ७२ लाख ७२ हजार देखाएकोमा रु.४ अर्ब २५ करोड १६ लाख २१ हजार जिम्मेवारी सारेको देखाएको छ । घटी जिम्मेवारी सारेको कारण खुलाई समायोजन हिसाब तयार छैन ।

२२. **सञ्चितकोषमाथि व्ययभार** – यो वर्ष रु.२९ अर्ब ४५ करोड १ लाख ३३ हजार सञ्चितकोषमाथि व्ययभार हुने अनुमान भएकोमा रु.२९ अर्ब १० करोड २२ लाख ६९ हजार अनुमानको ९८.८२ प्रतिशत व्ययभार भएको छ । व्ययभारमध्ये ९७.६३ प्रतिशत ऋणको साँवा ब्याज भुक्तानीमा खर्च भएको छ ।

२३. **सञ्चितकोषबाट व्यय** – यो वर्ष सञ्चितकोषबाट रु.२ खर्ब ५६ अर्ब ४७ करोड ९८ लाख ६८ हजार खर्च गर्ने अनुमान भएकोमा रु.२ खर्ब ३० अर्ब ५८ करोड ६८ लाख ३६ हजार अनुमानको ८९.९० प्रतिशत खर्च भएको छ । गतवर्षभन्दा रु.३९ अर्ब ७६ करोड १ लाख ९३ हजार (२०.८३ प्रतिशत) सञ्चितकोषबाट खर्च हुने रकममा वृद्धि भएको देखियो ।

२४. **कोषको सदुपयोग** – आर्थिक प्रशासनमा प्रभावकारिता ल्याउने तथा सार्वजनिक कोषको सदुपयोग गरी चुहावट रोकथाम गर्ने कार्यमा लेखापरीक्षणले प्रत्यक्ष एवं परोक्षरुपले योगदान पुऱ्याउँदै आएको छ । यसलाई मौद्रिक आधारमा मात्र मूल्याङ्कन गर्न सकिदैन । लेखापरीक्षणबाट औंल्याइएका व्यहोरामा सकारात्मक धारणा राखी कार्यकारी वर्गबाट नीति निर्माणमा समेत ध्यान दिने गरेको पाइएको छ ।

२५. **संगठित संस्था –** लेखापरीक्षण सम्पन्न भएका संगठित संस्थामध्ये २१ संस्थाहरुको यो वर्षको कूल सञ्चालन नोक्सानी रु.११ अर्ब ४० करोड ३३ लाख ४१ हजार र २८ संस्थाहरुको यो वर्ष कुल सञ्चालन बचत रु.४ अर्ब ४६ करोड २९ लाख ८१ हजार. देखिन्छ । विवरण अनुसूची ६ मा उल्लेख छ ।

परिच्छेद – २

लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति

कारबाही गर्न बाँकी रकमको अद्यावधिक विवरण

(रु. हजारमा)

क्र.सं.	कारबाही गर्नुपर्ने समष्टिगत स्थिति	रकम
१	सरकारी कार्यालयको फछ्यौंट गर्न बाँकी बेरुजू	४२,५३,४८,७१
२	अन्य संस्था, समिति र जिल्ला विकास समितिको बेरुजू	२९,६७,०१,८२
३	लेखापरीक्षण बक्यौता	२,५०,७७,६६
४	राजस्व बक्यौता	५२,९०,२४,८३
५	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२१,४१,७२,२१
६	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१०,७९,६४,६५
७	जमानत बसी दिएको ऋणको साँवा ब्याज	२,०५,४३,६४
	जम्मा	१,६१,८८,३३,५२

उल्लेख्य बेरुजू नदेखिएका निकायहरुमा राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, न्याय परिषद्, सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र रहेका छन् ।

परिच्छेद – २

लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति

सरकारी कार्यालयतर्फको समान प्रकृतिका व्यहोरा

आर्थिक कारोबार गर्दा कानूनी व्यवस्था, व्यवस्थापकीय तथा नीतिगत मागदर्शनहरु, प्रशासकीय निर्णयहरुको परिपालना गर्नुपर्ने दायित्व सबै सरकारी कार्यालय, निकायको हो । लेखापरीक्षणको क्रममा कानूनी व्यवस्था, प्रशासकीय प्रक्रिया, प्रणालीगत वा व्यवस्थापकीय निर्णय कार्यान्वयनमा शिथिलता देखिएका छन् । अधिकांश निकायमा रहेका समान प्रकृतिको एकीकृतरुपमा समाधान वा व्यवस्थापन गर्नुपर्ने खालका व्यहोरा संक्षिप्तरुपमा देहायमा प्रस्तुत गरिएको छ । यी व्यहोराबाहेक अन्य प्रमुख व्यहोरा मन्त्रालयगत खण्डमा प्रस्तुत गरिएको छ ।

१. **आन्तरिक नियन्त्रण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ ले सबै सरकारी कार्यालयहरुले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न अ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी उक्त नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नुपर्ने व्यवस्था गरेको छ । तर नियमावली लागू भएको ३ वर्ष भइसक्दा अधिकांश निकायहरुले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेका छैनन् ।

२. **कानूनको पालना** – सार्वजनिक वित्तीय व्यवहारलाई स्वच्छ, मितव्ययी, पारदर्शी र जवाफदेही तुल्याउन निजामती सेवा ऐन, सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि ऐनलगायत विभिन्न कानूनको प्रावधान जिम्मेवारीपूर्वक लागू गरेमा मात्र आर्थिक प्रशासनमा स्वच्छता कायम राख्न सहयोग पुग्दछ । लेखापरीक्षण गरिएका निकायले कानूनी प्रावधानको परिपालना नगरेका केही उदाहरण निम्नानुसार छन्:

२.१ ***तलबी प्रतिवेदन:*** निजामती सेवा ऐन, २०४९ अनुसार निजामती कर्मचारीको तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउन नहुने व्यवस्था छ । लेखापरीक्षण गरिएका कतिपय निकायले तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेका छन् ।

२.२ ***जिन्सी निरीक्षण:*** आर्थिक कार्यविधि नियमावली, २०६४ मा वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गराई मूल्य नखुलेकोमा मूल्य र विवरण खुलाई आम्दानी बाँधी त्यस्तो मालसामानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । यो वर्ष लेखापरीक्षण गरिएका अधिकांश निकायले जिन्सी निरीक्षण गराएका छैनन् । जिन्सी निरीक्षण गराएका निकायले पनि निरीक्षण प्रतिवेदनमा उल्लिखित जिन्सीमा आम्दानी बाँध्ने, मूल्य खुलाउने, संरक्षण गर्ने, पुराना सामान लिलाम बिक्री गर्ने आदि सुझाउहरुको कार्यान्वयन गरेका छैनन् । निकायहरुसँग अन्तरक्रिया गर्दा पुराना काम नलाग्ने जिन्सी सामानको लिलाम बिक्री गर्ने कानूनी प्रक्रिया झन्झटिलो, समय लाग्ने र अन्य प्राविधिक कारणले लिलाम बिक्रीको कारबाही गर्न नसकेको प्रतिक्रिया व्यक्त गरेका छन् ।

२.३ ***खरिद एकाई र योजना:*** सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले रु.१० करोडभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने तथा वार्षिक रु.१० लाखभन्दा बढीको रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यो वर्ष लेखापरीक्षण गरिएका अधिकांश निकायले खरिदको गुरुयोजना तथा वार्षिक योजना तयार नगरी खरिद कार्य गरेको देखिएको छ ।

त्यस्तै, सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले खरिद योजना एवं बोलपत्रसम्बन्धी कागजात तयार गर्ने, प्राप्त गरिएका सामानको गुणस्तर परीक्षण गर्ने गराउने आदि काम गर्नको लागि खरिद एकाईको स्थापना गरी जिम्मेवारी तोक्नुपर्ने व्यवस्था गरेकोमा अधिकांश निकायहरुमा उक्त एकाईको स्थापना भएको पाइएन । खरिद योजनाको अभावमा मालसामान वा सेवा प्राप्तिमा मितव्ययिता र निर्धारित समयमा बजेट कार्यान्वयनमा समेत प्रत्यक्ष तथा परोक्ष असर परेको स्थिति छ ।

२.४ ***बैङ्क जमानत:*** सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने म्याद वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी हुनुपर्ने व्यवस्था छ । ठेक्का सम्झौताको म्याद समाप्त भई म्याद थप हुँदा र भेरिएसन आदेश भई कार्य बढाउँदा कार्यसम्पादन जमानतको अवधि तथा रकम थप हुनुपर्नेमा मेलम्ची खानेपानी विकास समितिलगायत केही कार्यालयहरुले सो जमानतको म्याद बढाएका छैनन् ।

२.५ ***खरिद सम्झौताको म्याद:*** सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार काबु बाहिरको परिस्थितिमा सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्बन्धित पक्षले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै सम्बन्धित निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने, कारण मनासिब देखिएमा ६ महिनासम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढी अवधि विभागीय प्रमुखले थप गर्नसक्ने व्यवस्था छ । समयमा निवेदन प्राप्त नभएकोमा पनि सम्झौताको म्याद थप गर्ने गरेको, सम्झौताको म्याद थप नगरी भुक्तानी गरेको, म्याद समाप्त भइसकेका ठेक्काहरु कार्यसम्पन्न समेत नभई अधुरो अवस्थामा रहेको, सम्झौता गर्दा म्याद थोरै राख्नाले तोकिएको समयमा कार्यसम्पन्न नहुने स्थिति रहेको छ ।

२.६ ***वार्ताबाट काम:*** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले खरिद गर्नु पर्दा सम्भव भएसम्म बोलपत्र आह्वान गरी योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुन समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ । कतिपय निकायले वार्षिक कार्यक्रमबमोजिमको विनियोजित तथा बचत भएको रकमबाट लागत अनुमानकै हाराहारीमा सोझै खरिद/निर्माण कार्य गराएका छन् । यसरी कार्य गराउने निकायमा प्रमुख रुपमा भौतिक योजना तथा निर्माण, शिक्षा, गृह, परराष्ट्र मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालय रहेको छन् । यसबाट खरिद कार्य प्रतिस्पर्धात्मक र मितव्ययी हुनसकेको देखिएन ।

२.७ ***सामाजिक परीक्षण:*** स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ को नियम २०१(१) मा स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या र शिक्षा मन्त्रालयअन्तर्गत स्थानीयस्तरमा प्रत्यक्ष लाभग्राही समुदायमा पुग्ने कार्यक्रमको सामाजिक परीक्षण गराउनुपर्ने गरी कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख छ । तर उक्त परीक्षण गराएको अभिलेख लेखापरीक्षणमा पेश हुने गरेको छैन । सामाजिक परीक्षणले खर्च रकमको सदुपयोगको सम्बन्धमा आश्वस्तता प्रदान गर्ने हुँदा यसलाई प्रभावकारीरुपमा लागू गर्नुपर्ने देखिएको छ ।

२.८ ***उपभोक्ता समिति:*** सार्वजनिक खरिद नियमावली, २०६४ ले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट ६० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसम्बन्धी सेवा गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ । उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने, अन्य कागजात त्यस्तो समिति वा समुदायको निकायमा पेश गर्नुपर्ने तथा समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा भारी यन्त्र उपकरण प्रयोग गर्न नसकिने व्यवस्था छ । उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको काममा ती समिति दर्ताको स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको, तोकिएको सीमाभन्दा बढी रकमको काम पनि उपभोक्ता समितिबाट गराएको, समितिले सञ्चालन गरेका निर्माण कार्यको लागत अनुमान मानिसले गर्ने गरी तय गरे तापनि हेभी मेसिनहरु प्रयोग हुने गरेको, पेश्की दिंदा कार्यसम्पादन जमानत लिने प्रावधान नभएकोले समयमा पेश्की फछ्यौंट तथा कार्यसम्पन्न हुने नगरेको, निर्माण पश्चात् आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण हुने नगरेको,समितिको म्याद थपसम्बन्धी व्यवस्था नभएको जस्ता व्यहोरा देखिएका छन् । अत: उपभोक्ता समितिबाट काम गराउने सम्बन्धमा स्पष्ट कार्यविधि बनाई लागू गरिएमा आन्तरिक नियन्त्रण कायम हुन सक्दछ ।

३. **बजेट कार्यान्वयन –** बजेट कार्यान्वयन सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१ यो वर्ष आय–व्ययको सार्वजनिक जानकारी वक्तव्य ढिला पारित भएकोले कार्यस्थलका कार्यालयसम्म अख्तियारी पुग्न ढिला भएको, कार्यक्रम कार्यान्वयनको प्रगति न्यून रहेको, कार्यक्रम कार्यान्वयन नभई रकम फ्रिज भएको एवं वर्षान्तमा पेश्की दिने र खर्च गर्ने प्रवृत्ति बढेको स्थिति देखिएको छ ।

३.२ अर्थ मन्त्रालयले आर्थिक वर्षको अन्त्यमा ठूलो रकम थप निकासा दिने र सोबाट दिएको पेश्की सोही वर्ष फछ्यौंट नहुने, फ्रिज नहुने खातामा ट्रान्सफर गर्ने जस्ता प्रवृत्ति देखिएका छन् । यसमा नियन्त्रण हुनुपर्दछ ।

३.३ आर्थिक कार्यविधि ऐन र नियमावलीअनुसार एक शीर्षकमा विनियोजित बजेट रकमान्तर स्वीकृतिबेगर अर्कोमा खर्च गर्न नहुने तथा एकबाट अर्को शीर्षकमा सापटी जनाई खर्च गर्न नमिल्नेमा कतिपय कार्यालयहरुले रकमान्तर स्वीकृतबेगर र सापटी जनाई खर्च गर्ने गरेको देखिएको छ । यस्तो परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

३.४ वैदेशिक सहायतातर्फ समयमा शोधभर्ना लिने नगरेको, सीधै भुक्तानीतर्फको लेखा राखी लेखापरीक्षण नगराएको एवं समयमा आयोजना हिसाब तयार नगरेको स्थिति देखिएको छ ।

४. **आन्तरिक लेखापरीक्षण –** सरकारी कार्यालयको कोष तथा लेखा नियन्त्रक कार्यालयले र अन्य निकायको हकमा तत् तत् निकायको आन्तरिक लेखापरीक्षण शाखाबाट आन्तरिक लेखापरीक्षण हुने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण सुदृढ भएमा लेखा अद्यावधिक भई आर्थिक विवरण तयार गर्न सहयोग पुग्ने, आन्तरिक सुशासन कायम हुने र वित्तीय व्यवहारमा शुद्धता, यथार्थता र विश्वसनीयता प्रवर्द्धन गर्न सहयोग गर्दछ । यसले अन्तिम लेखापरीक्षणको स्रोत, साधन र समय कारोबारको शुद्धता परीक्षणमा भन्दा कार्यमूलक एवं विशेष प्रकारका लेखापरीक्षण पद्धति अपनाउन सहयोग पुग्दछ । आन्तरिक लेखापरीक्षण समयमा हुने नगरेको, पर्याप्त जनशक्तिको अभाव रहेको, उक्त लेखापरीक्षकको क्षमता विकास हुन नसकेको, प्रतिवेदनउपर समयमा कारबाही हुने नगरेको, आन्तरिक लेखापरीक्षण निर्देशिका/मार्गदर्शन अद्यावधिक हुन नसकेको, कतिपय समितिहरुमा सो लेखापरीक्षण हुने नगरेकोले उक्त लेखापरीक्षण कार्य अपेक्षितरुपमा प्रभावकारी देखिएन ।

५. **आर्थिक विवरण –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ र आर्थिक कार्यविधि नियम, २०६४ को नियम ८७ ले मन्त्रालयले आफूमातहत कार्यालयबाट भएको सम्पूर्ण आर्थिक कारोबारको विवरण लिई केन्द्रीय आर्थिक विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र महालेखा नियन्त्रक कार्यालयसँग भिडान गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा उक्त अवधिमा अधिकांश मन्त्रालयबाट केन्द्रीय आर्थिक विवरण प्राप्त हुन आएको छैन । पछि पेश भएका विवरणहरु पनि समर्थन गर्ने सहायक विवरणहरु राखिएका छैनन् । केन्द्रीय आर्थिक विवरण बनाउन सहयोगी हुने केन्द्रीयस्तरका लेखा राख्ने व्यवस्थालाई मन्त्रालय/निकायले पालना गरेका छैनन् ।

कतिपय संगठित संस्था र त्रिभुवन विश्वविद्यालयले विभिन्न स्थानबाट विवरण सङ्कलन गर्नुपर्ने जनाई समयमा वित्तीय विवरण तयार गरी लेखापरीक्षणमा पेश गर्ने गरेका छैनन् । यी निकायमा सूचना प्रविधिको प्रयोगसमेत भएको देखिएकोमा कानूनबमोजिमको वित्तीय विवरण समयमा तयार नहुनुले वित्तीय अनुशासन पालना सुदृढता देखिएन ।

६. **आर्थिक विवरण प्रस्तुति** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(४) बमोजिम महालेखा नियन्त्रकलाई यो वर्ष नेपाल सरकारको समग्र आर्थिक कारोबार र बजेटमा समावेश भएका तथा नभएका वैदेशिक सहायताको केन्द्रीय विवरणहरु पेश गर्न २०६६ मार्ग मसान्तसम्मको म्याद तोकिएकोमा अन्य आय–व्यय विवरणबाहेक सबै प्रकारका विवरणहरु म्यादभित्रै प्राप्त भएको छ ।

आय–व्ययको वक्तव्यका साथमा सार्वजनिक गरेको प्राविधिक सहायताको विवरण मा ८३ कार्यक्रमका लागि रु.१७ अर्ब १९ करोड १३ लाख ९१ हजार सहायता प्राप्त हुने उल्लेख छ । लेखापरीक्षणबाट यी सहायताबाहेक २ विविध सहायतामा रु.७ करोड ३ लाख ९० हजार प्राप्त भएको

देखिएको छ । बजेटमा नपरेका सबै वैदेशिक सहायताको केन्द्रीय आर्थिक विवरण पेश भएन । प्राविधिक सहायताको विवरण मन्त्रालयबाट लिई महालेखा नियन्त्रक कार्यालयले एकीकृत विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा अधिकांश मन्त्रालयहरुबाट प्राप्त केन्द्रीय आर्थिक विवरणसँग महालेखा नियन्त्रक कार्यालयले पेश गरेको एकीकृत आर्थिक विवरणको हिसाब फरक देखिने गरेको छ ।

७. **कर बीजक** – सार्वजनिक खरिदमा रीतपूर्वकको कर बीजक लिई मूल्य अभिवृद्धि कर भुक्तानी दिनुपर्नेमा कर बीजक जारी नगरेका वस्तु तथा सेवा खरिद वा निर्माण कार्यको बिलमा मूल्य अभिवृद्धि कर भुक्तानी दिने गरेको देखिएको छ । यसरी बिजकबेगर मूल्य अभिवृद्धि कर भुक्तानी दिनेमा भौतिक योजना तथा निर्माण, सिंचाई, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय प्रमुख रुपमा रहेका छन् । यस्तो कुल रकम रु.१४ करोड ६२ लाख ९८ हजार रहेको छ । अत: प्रत्येक बिल भुक्तानी हुँदा कर बीजक लिने परिपाटीलाई कडाईका साथ लागू गर्नुपर्ने देखिएको छ ।

८. **अनुगमन** – सार्वजनिक खर्चको नियमित अनुगमन गर्ने प्रणालीको स्थापना भए तापनि अपेक्षितरुपमा प्रभावकारी देखिदैन । यसले गर्दा सरकारी खर्च उद्देश्य प्राप्तिमा केन्द्रित हुन नसक्नुको साथै अपेक्षित नतिजा हासिल गर्न केन्द्रित हुन सकिरहेको देखिएन । उद्देश्यमूलक तरिकाले सरकारी खर्च केन्द्रित गर्नको लागि अनुगमन प्रणालीको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

९. **जग्गा अधिग्रहण** – अधिकांश योजनाले जग्गा खरिद गर्न आयोजनागत रुपमा बजेट निकासा भए पछि मात्र जग्गा खरिदको कारबाही सुरु गर्दा समयमा खरिद कारबाही टुंङ्गो नलागी वर्षको अन्त्यमा निकासा रकम धरौटी खातामा सार्ने वा पेस्की दिने गरेकोले उद्देश्यअनुरुप बजेट परिचालन हुने गरेको छैन । जग्गा खरिदको लागि आयोजनागत बजेट नछुट्याई अर्थ मन्त्रालयको विविध उप–शिर्षकमा बजेट विनियोजन गरी जग्गा खरिदको कारबाही सम्पन्न भए पछि तुरुन्तै रकम निकासा दिने व्यवस्था भएमा जग्गाको मूल्याङ्कनमा बजेट विनियोजनको आधारमा पर्ने दबाबसमेत कम हुन गई यथार्थ खर्च हुने रकम मात्र निकासा भई बेरुजू कम हुन जाने देखिएकोले यसतर्फ सुधार हुनु आवश्यक छ ।

१०. **बेरुजू स्थिति** – यो वर्ष सरकारी कार्यालय, संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिसमेतको रु.१२ खर्ब ९० अर्ब १४ करोड ६६ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा रु.२९ अर्ब ५२ करोड ४७ लाख २२ हजार (२.२८ प्रतिशत) बेरुजू देखिन आएको छ । लेखापरीक्षणबाट देखिएको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.४ अर्ब ३१ करोड ४० लाख ७९ हजार (कुल बेरुजूको १४.६१ प्रतिशत) सम्परीक्षण गराएबाट बाँकी बेरुजूका सम्बन्धमा बेरुजू फछ्यौंट नगर्ने कार्यालयहरुको नामनामेसी समेत उल्लेख गरी फछ्यौंटको कारबाही हुन आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ को व्यवस्थाअनुसार सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुलाई पत्र पठाइएको छ । तत्पश्चात् ऐनको उपर्युक्त व्यवस्थाअनुसार कार्यालयको नामनामेसी र फछ्यौंट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री/राज्यमन्त्री र निकाय प्रमुखलाई जानकारी गराउँदा पनि रु.२५ अर्ब २१ करोड ६ लाख ४३ हजार (लेखापरीक्षण अङ्कको १.९५ प्रतिशत) बेरुजू फछ्यौंट हुन बाँकी छ । विस्तृत विवरण अनुसूची १५ र १६ मा छ ।

११. **बेरुजू वर्गीकरण** – यो वर्ष सरकारी कार्यालय, संगठित संस्था, समिति र जिल्ला विकास समितिको लेखापरीक्षणबाट औंल्याइएको मध्ये प्रतिवेदन अवधिभरमा सम्परीक्षण भई बाँकी रहेका बेरुजूलाई निम्नानुसार वर्गीकरण गरिएको छ:

(रु. हजारमा)

वर्गीकरण	सरकारी कार्यालयतर्फ	संगठित संस्था, समिति र जि.वि.स.	जम्मा
जम्मा बेरुजू	**१८,९२,९२,७१**	**६,२८,१३,७२**	**२५,२१,०६,४३**
१. **असुल गर्नुपर्ने**	**९३,८०,७१**	**५२,११,५४**	**१,४५,९२,२५**
२. **नियमित गर्नुपर्ने**	**७,४९,५५,२१**	**४,२६,२३,१९**	**११,७५,७८,४०**
• अनियमित भएको	१,४३,६५,८६	१,४२,९३,७२	२,८६,५९,५९
• प्रमाण कागजात पेश नभएको	५,९६,४३,६२	२,६२,५९,६८	८,५९,०३,३०
• जिम्मेवारी नसारेको	१,४९,८४	११,४२,९१	१२,९२,७५
• शोधभर्ना नलिएको	७,९५,८८	९,२६,८८	१७,२२,७६
३. **पेश्की**	**१०,४९,५६,७९**	**१,४९,७८,९९**	**११,९९,३५,७८**
• कर्मचारी पेश्की	१६,९५,०७	८,१०,६६	२५,०५,७३
• अन्य पेश्की	१०,३२,६१,७२	१,४१,६८,३३	११,७४,३०,०५

बेरुजू वर्गीकरण अनुसूची १५ र १६ मा छ ।

सरकारी कार्यालयकोतर्फको
विनियोजन, राजस्व र धरौटीको बेरुजू
वर्गीकरण (प्रतिशतमा)
आर्थिक वर्ष २०६६।६७



११.१ उपर्युक्त बेरुजूमध्ये रकमगत आधारमा बढी बेरुजू हुने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत
१	स्थानीय विकास	४,९१,००,४०	२५.९४	२	भौतिक योजना तथा निर्माण	४,११,७६,८६	२१.७५
३	शिक्षा	३,१७,७४,३५	१६.७९	४	अर्थ	१,४१,४९,३१	७.४७
५	स्वास्थय तथा जनसंख्या	१,१३,४६,५६	५.९९				

यी पाँच मन्त्रालयमा सरकारी कार्यालयको कुल बेरुजूको ७७.९४ प्रतिशत रहेको छ ।

११.२ सरकारी कार्यालयतर्फ यो वर्ष विनियोजन, राजस्व र धरौटीको लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.२ अर्ब ८३ करोड ६५ लाख १७ हजारमध्ये लेखापरीक्षणको क्रममा र प्रतिवेदन पठाएपछि रु.१ अर्ब ८९ करोड ८४ लाख ४६ हजार असुल भई रु.९३ करोड ८० लाख ७१ हजार असुल हुन बाँकी छ । सोमध्ये असुल गर्न बाँकी बेरुजू बढी हुने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत
१	अर्थ	३७,०१,७०	३९.४६	२	शिक्षा तथा खेलकूद	२०,३५,९४	२१.७०
३	स्थानीय विकास	९,२२,७०	९.८४	४	भूमिसुधार तथा व्यवस्था	५,५८,७९	५.९६
५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४,१९,४५	४.४७				

असुल गर्नुपर्ने बेरुजूमध्ये ५ मन्त्रालयको मात्र रु.७६ करोड ३८ लाख ५८ हजार (८१.४३ प्रतिशत) देखिएको छ ।

१२. **समष्टिगत बेरुजू** – सरकारी कार्यालय, संगठित संस्था, समिति र जिल्ला विकास समिति समेतको यस वर्षको लेखापरीक्षणबाट रु.२५ अर्ब २१ करोड ६ लाख ४३ हजार बेरुजू देखिएको छ । जुन लेखापरीक्षण अङ्क रु.१२ खर्ब ९० अर्ब १५ करोड ६६ लाख ३४ हजारको १.९५ प्रतिशत हुन आउँछ ।

सरकारी कार्यालय समिति, संगठित संस्था तथा जिल्ला विकास समिति समेतमा यो वर्ष रु.१ अर्ब ४५ करोड ९२ लाख २५ हजार असुल गर्नुपर्ने बेरुजू देखिएको छ ।

१३. **बेरुजूको तुलना** – सरकारी कार्यालयतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
छयालीसौँ	३,०६,९६,६९,६७	१२,०१,७४,११	३.९१
सतचालीसौँ	३,६८,८३,७७,५६	१६,७३,४८,७७	४.५३
अठचालीसौँ	४,६७,३७,५०,३०	१८,९२,९२,७१	४.०५



१४. **पेश्की** – सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेश्की रु.१५ अर्ब ६५ करोड ३४ लाख २१ हजार बाँकी रहेको मध्ये रु.४ अर्ब ९४ करोड ७४ लाख १८ हजार (३१.०० प्रतिशत) फछ्यौंट गरेकाले रु.१० अर्ब ७० करोड ६० लाख ३ हजार बाँकी रहेको छ । उक्त पेश्कीमा यो वर्ष थप भएको रु.१० अर्ब ४९ करोड ५६ लाख ७९ हजारसमेत यो वर्षसम्म कुल पेश्की रु.२१ अर्ब २० करोड १६ लाख ८२ हजार पुगेको छ । पेश्की बाँकीको अद्यावधिक विवरण अनुसूची ८ मा छ ।

त्यसैगरी समिति, अन्य संस्था र जिल्ला विकास समितितर्फ यो वर्षको पेश्की बाँकी रु.१ अर्ब ४९ करोड ७८ लाख ९९ हजार देखिएको छ ।

१५. **लेखापरीक्षण बक्यौता** – सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ३९२ इकाईको रु.२ अर्ब ५९ करोड १८ लाख ६४ हजार लेखापरीक्षण बक्यौता रहेकोमा गत वर्ष बक्यौता देखाउन छुट भएको २५८ इकाईको रु.३० करोड ९३ लाख ९५ हजार समायोजन गरी २ हजार ६५० इकाईका रु.२ अर्ब ९० करोड १२ लाख ५९ हजार बक्यौता कायम गरिएको छ । उक्त बक्यौतामा २०३५।३६ देखिको आर्थिक कारोबारसमेत समावेश छ । व्यवस्थापिका–संसदको सार्वजनिक लेखा समितिले पटक पटक बक्यौता लेखा पेश गरी लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि यो वर्ष २१ इकाईले रु.५१ करोड ४३ लाख ३८ हजारको बक्यौता लेखापरीक्षण गराएको छ । बक्यौताको लेखापरीक्षणलाई पछि सार्दै लैजाने र लेखापरीक्षण नगराउनेलाई कुनै कारबाही नगर्ने परिपाटीले लामो समयको अन्तरालपछि लेखापरीक्षण गर्नुको कुनै औचित्य रहदैन ।

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र आर्थिक विवरण र लेखा दाखिला गर्नुपर्ने, तदनुसार दाखिला गर्न नसकेमा म्याद थप माग गर्नुपर्ने र म्याद थप पनि माग नगर्ने र लेखा दाखिला पनि नगर्नेलाई जरिबाना र विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ । यो वर्ष ६ इकाईको रु.१२ करोड ८ लाख ४५ हजार र गतवर्षसम्मको रु.२ अर्ब ३८ करोड ६९ लाख २१ हजारसमेत रु.२ अर्ब ५० करोड ७७ लाख ६६ हजारको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएका छैनन् । गतवर्षभन्दा बक्यौता रु.३९ करोड ३४ लाख ९३ हजारले घटेको छ । लेखापरीक्षण बक्यौताको विवरण अनुसूची ३ मा छ ।

संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितितर्फ ५२४ इकाईको लेखापरीक्षण बक्यौता रहेको छ ।

त्रिभुवन विश्वविद्यालयको एकीकृत वित्तीय विवरण एकातिर पूर्णरुपमा तयार नहुने अर्कोतिर मातहतका क्याम्पसलगायतका शैक्षिक संस्थाहरुले पनि लेखापरीक्षण गराउने कार्यलई महत्त्व दिई समयमा लेखापरीक्षण नगराएबाट वर्षेनी बक्यौता बढ्दै गएको छ ।

हुलाक बचत बैङ्क बैंकिङ्ग कारोबारको लेखा गत विगतदेखि अद्यावधिक नगरेकोले लेखापरीक्षण अद्यावधिक भएको छैन । बैकिङ्गको कारोबारको अद्यावधिक लेखा पेश गरी अद्यावधिक लेखापरीक्षण गराउन ध्यान पुग्नु जरुरी छ ।

१६. **कारबाही गर्नुपर्ने समष्टिगत स्थिति –** सरकारी कार्यालयहरु एवं अन्य संगठित संस्था, समिति, जिल्ला विकास समितिले बेरुजूका साथै लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमै कारबाही गरी असुल फछ्यौंट गर्ने व्यवस्था मिलाउनु जरुरी देखिन्छ । यसरी कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.१ खर्ब ६१ अर्ब ८८ करोड ३३ लाख ५२ हजार रहेको छ ।

(रु. हजारमा)

क्र.सं.	विवरण	रकम
१	सरकारी कार्यालयको फछ्यौंट गर्न बाँकी बेरुजू	४२,५३,४८,७१
२	अन्य संस्था, समिति र जिल्ला विकास समितिको बेरुजू	२९,६७,०१,८२
३	लेखापरीक्षण बक्यौता	२,५०,७७,६६
४	राजस्व बक्यौता	५२,९०,२४,८३
५	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२१,४१,७२,२१
६	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१०,७९,६४,६५
७	जमानत बसी दिएको ऋणको साँवा ब्याज	२,०५,४३,६४
	जम्मा	**१,६१,८८,३३,५२**

द्रष्टव्य: १. आर्थिक वर्ष २०५९।६० सम्मको बेरुजूको लगत बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण भई गएकोले सो अवधिको बेरुजू रकम समावेश छैन ।

२. जिल्ला विकास समितिको यो वर्षको मात्र बेरुजू रकम समावेश छ

१७. **असुली –** यो वर्ष यस कार्यालयले स्थलगत लेखापरीक्षणको क्रममा बेरुजू औंल्याएपछि ३३ निकाय/मन्त्रालयले रु.१ अर्ब ६० करोड ३ लाख ७० हजार असुल गरेका छन् । यो रकममा स्थानीय विकास शुल्कबापतको विगत वर्ष विभिन्न खाातामा रहेको रु.१ अर्ब २ करोड राजस्व दाखिला समेत समावेश छ । लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन दिएपछि २८ निकाय/मन्त्रालयले रु.२९ करोड ८० लाख ७६ हजार असुल गरेका छन् भने गत विगत वर्षको लेखापरीक्षणबाट देखिएको बेरुजू सम्परीक्षणको क्रममा ३१ निकाय/मन्त्रालयले रु.३९ करोड ३१ लाख असुल गरेको र अन्य निकायको लेखापरीक्षणबाट रु.६० करोड ५७ लाख ९९ हजार असुल गरेको समेत यो वर्ष लेखापरीक्षणबाट कुल रु.२ अर्ब ८९ करोड ७३ लाख ४५ हजार असुल भई दाखिला भएको छ । असुलीको विवरण अनुसूची ९ मा छ ।

संविधानसभा व्यवस्थापिका–संसद सचिवालय

व्यवस्थापिका–संसद सचिवालयको यो वर्ष विनियोजनतर्फ रु.७१ करोड ६६ लाख ८५ हजार, राजस्वतर्फ रु.९ लाख १८ हजार, धरौटीतर्फ रु.३७ लाख ३५ हजार र अन्य कारोबारतर्फ रु.१९ करोड २ लाख ५५ हजारसमेत रु.९१ करोड १५ लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बैठक भत्ता** – व्यवस्थापिका–संसदका पदाधिकारीको सेवा शर्तसम्बन्धी ऐन, २०५२ को दफा ४ अनुसार पदाधिकारी र सदस्यलाई संसदको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त बैठक भत्ता दुईसय रुपैयाँ दिइने र उक्त भत्ता सदनको चालू अधिवेशनको बैठक स्थगित भएको अवधि तथा नियमावलीबमोजिम पाउने बिदामध्ये स्वीकृत गरिएको बिदाको अवधिभरको लागि पनि उपलब्ध गराउने व्यवस्था छ । सो खर्च सम्बन्धमा बैठक सञ्चालन, स्थगित भएको र बिदा स्वीकृत भएको अवधि खुल्ने अद्यावधिक विवरणबेगर यो वर्ष नियमितरुपमा ५७४ सदस्यलाई वर्षभरिको र अन्य सदस्यहरुले पटक पटक गरी समेत प्रतिदिन रु.२००।– का दरले रु.४ करोड ५६ लाख ४५ हजार बैठक भत्ता उपलब्ध गराएको पाइयो ।

२. **कर्मचारी खर्च** – संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०५२ को दफा १४ (१) अनुसार विभिन्न पदाधिकारी र सदस्यहरुले स्वकीय सचिवको सुविधा पाउने उल्लेख छ । यो वर्ष कुल रु.१० करोड ८४ लाख ५८ हजार स्वकीय सचिव सुविधाबापत खर्च लेखेको पाइयो । सभासदहरुले कर्मचारी नियुक्ति गरी कार्यमा लगाएको विवरण लिने गरेको पाइएन । खर्च लेखेको मध्ये रु.९ करोड ५३ लाख ९९ हजारको भरपाई पेश भएको भए तापनि रु.१ करोड ३० लाख ५९ हजारको भरपाई पेश भएन ।

३. **सेवा खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले सार्वजनिक निकायले खरिद कार्य गर्दा मालसामान, निर्माण कार्य र सेवाको विवरण, लागत अनुमान एवं वार्षिक खरिद योजना तयार गर्नुपर्ने र रु.१० लाखभन्दा बढीको मालसामान, सेवा वा निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

३.१ यो वर्ष हवाई टिकट, मसलन्द तथा कार्यालय सामान प्रतिस्पर्धाबेगर खरिद गरी रु.१ करोड ९९ लाख ९७ हजार खर्च लेखेको छ । ।

३.२ चमेना गृह सञ्चालन गर्न गत वर्षमा सम्झौता भएका एक फर्मलाई यो वर्षसमेत संविधानसभाको म्याद रहुञ्जेलसम्म कार्य गर्ने निर्णय गरी चमेना गृह सञ्चालन गर्न दिएको छ । यो वर्ष उक्त खर्चलाई रु.२ करोड ३२ लाख ५१ हजार भुक्तानी भएको पाइयो । साथै बोलपत्रदाताबाट पेश भएको बोलपत्रमा शुल्कबापत रकम दिइने शर्त उल्लेख नभए तापनि सम्झौता गर्दा १० प्रतिशत सेवा शुल्क उपलब्ध गराउने प्रावधान राखी सम्झौता गरी रु.२० लाख ५७ हजार थप सेवा शुल्कसमेत खर्च लेखेको पाइयो ।

समितिको बैठक वा अन्य अवस्थामा खाना/खाजाबापतको भुक्तानी गर्दा सहभागीलाई उपलब्ध गराइएको खाना/खाजाको कुपन, दर एवं संख्या खुलेको विवरण राखेको पाइएन । खर्चलाई पुष्टि गर्ने स्पष्ट आधारबेगर एकमुष्ट बिलको आधारमा मात्र भुक्तानी हुने गरेबाट खर्च यकिन गर्ने आधार भएन ।

३.३ एक आपूर्तकसँग गत वर्षको लागि मालसामान आपूर्ति गर्न २०६५।१०।१० मा सम्झौता भएकोमा यो वर्ष पनि सोही आपूर्तकसँग साबिक दररेटमा मसलन्द सामान आपूर्ति गर्न सम्झौता गरेको छ । उक्त बोलपत्रदाताबाट यो वर्ष रु.८० लाख ९६ हजार र प्रतिस्पर्धाबेगर अन्य बिक्रेताबाट रु.१ करोड १९ लाख १ हजारसमेत रु.१ करोड ९९ लाख ९७ हजारको सामान खरिद गरेको पाइयो ।

४. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा रु.४ लाख ३१ हजार असुल भएको छ ।

५. **पेश्की** – २०६७ असार मसान्तमा रु.२७ लाख ८० हजार म्याद ननाघेको पेश्की बाँकी रहेको छ ।

६. **सम्परीक्षण** – सचिवालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

६.१ सचिवलायको यो वर्ष रु.२५ करोड ८४ लाख ७० हजार बेरुजू देखिएको छ ।

६.२ वार्षिक प्रतिवेदन, २०६२ पछिको बेरुजूमध्ये व्यवस्थापिका संसद सचिवालयले २०६७ फागुन मसान्त सम्म रु. २ करोड ४९ लाख ८३ हजार बेरुजू फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

६.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.२९ लाख १४ हजार बेरुजू फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२ करोड ७८ लाख ९७ हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

सर्वोच्च अदालत

सर्वोच्च अदालत र मातहतसमेत १०२ कार्यालयको विनियोजनतर्फ रु.१ अर्ब ४० करोड २५ लाख ७५ हजार, राजस्वतर्फ रु.२१ करोड ७७ लाख ५४ हजार र धरौटी तर्फ रु.९३ करोड २० लाख ८७ हजार गरी रु.२ अर्ब ५५ करोड २४ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **अग्रिम भुक्तानी** – खोटाङ जिल्ला अदालतले एक ठेकेदारसँग रु.३ करोड ५४ लाख १४ हजारमा भवन निर्माण गर्ने सम्झौता गरेकोमा दोस्रो रनिङ बिलसम्म रु.९९ लाख ५८ हजार भुक्तानी गरेको छ । दोस्रो रनिङ बिलमा भवनको छतको ढलान कार्य गरेको देखाई सो समेत रु.२१ लाख ३३ हजार भुक्तानी गरेको छ । लेखापरीक्षण समयमा स्थलगत भौतिक निरीक्षण गर्दा भवनको छत ढलान गरेको पाइएन । यसरी कार्य नै नगरी खर्च लेखेकोमा कारबाही गर्नुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (१)(ख) बमोजिम निर्माण कार्यको ड्रइङ्ग, डिजाइन बदल्नु पर्दा प्राविधिक पुष्ट्याई गरी विभागीय प्रमुखले स्वीकृत गर्नुपर्नेमा अदालतले भुईंतल्लाको दुईकोठा थप गरी काम गरेको पाइएकोले नियमको पालना गरेको छैन ।

२. **मूल्य वृद्धि र कन्टिन्जेन्सी** – सर्लाही जिल्ला अदालतले एक ठेकेदारसँग रु.३ करोड ६२ लाख ३ हजारमा ठेक्का सम्झौता गरेकोमा नवौं रनिङ बिल भुक्तानीसम्म रु.२ करोड २३ लाख ३२ हजार खर्च लेखेको छ । भवनको ठेकेदारले मूल्यवृद्धि दाबी गर्ने छैन भन्ने लिखित प्रतिबद्धता जनाएको अवस्थामा समेत यो वर्ष रु.४१ लाख २३ हजार मूल्यवृद्धि भुक्तानी गरेको छ । कम्पाउण्डवालमा गर्नुपर्ने ग्रिलको निर्माण कार्य नै सम्पन्न नगरी रु.३ लाख १७ हजार खर्च लेखेको छ । यो वर्ष कन्टिजेन्सीमा खर्च गरेको रु.७ लाख २० हजारमा रु.१ लाख ९७ हजार पाउनेभन्दा बढी खर्च लेखेको छ । सो खर्चमा कन्टिजेन्सीसँग असान्दर्भिक खर्चहरु रु.२ लाख ७७ हजार लेखेको छ । मुख्य निर्माण काम सम्पन्न नगरिकन कन्टिन्जेन्सीको सीमा अतिक्रमण र असान्दर्भिक खर्च भएको देखिएको छ ।

३. **बिदा** – पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ को दफा १७(१) मा न्यायाधीशले प्रत्येक वर्ष ३० दिनमा नबढाई पारिश्रमिकसहितको घर बिदा लिन पाइने, घर बिदा १५० दिन सञ्चित राख्न पाउने व्यवस्था छ । सोही ऐनको दफा १७(२) मा अवकाश हुँदा १२० दिनको रकम लिन पाउने, १२० भन्दा बढी बिदा सञ्चित हुने न्यायाधीशले सो बढी बिदामध्ये प्रत्येक वर्ष चैत्र मसान्तसम्म सञ्चित रहेको घर बिदामध्ये ३० दिनको घर बिदाबापतको रकम लिन पाउने उल्लेख छ । न्यायाधीशभन्दा अन्य क्षेत्रबाट पुनरावेदन अदालतमा नयाँ नियुक्ति भएका ७ न्यायाधीशलाई सञ्चित घर बिदावापत रु.२ लाख ६३ खर्च लेखेको छ । यसरी अन्यत्र सेवामा कमाएको घर बिदाको रकम भुक्तानी दिन मिल्ने देखिदैन ।

४. **भवन निर्माण** – काठमाडौं जिल्ला अदालत भवनको निर्माण कार्यको बोलपत्र प्रक्रिया आर्थिक वर्ष २०६४।६५ मा भएकोमा सोसम्बन्धी कागजपत्रहरु यो वर्ष मात्र पेश हुन आएको छ । उक्त भवनको लागि चार बोलपत्र दर्ता भएकोमा सबैभन्दा कम कबोल गर्ने एक ठेकेदारले रु.२८ करोड २६ लाख ५१ हजार कबोल गरेको छ । ठेकेदारले २०६५ जेठ २८ गते सर्वोच्च अदालतमा रु.२५ करोड ५९ लाख २६ हजारमा काम गर्ने उल्लेख गरी निवेदन दिएको छ । सोही रकममा सम्झौता समेत भएको देखिन्छ । सर्वोच्च अदालतले उक्त ठेकेदारदेखि बाहेकका अन्य तीन ठेकेदारहरुसँग घटाघटको प्रक्रिया पूरा नगरी सिधै एक ठेकेदारको ठेक्का स्वीकृत गरेको देखिन्छ । सो ठेक्कामा मूल्यवृद्धि भुक्तानी गर्दा समेत छुट रकम नघटाएकोले रु.३ लाख ४१ हजार बढी भुक्तानी भएको छ । सो निर्माण कार्यको कन्टिन्जेन्सीबाट १० थान ल्यापटप कम्प्युटर र १० थान प्रिन्टर

खरिद गरी न्यायाधीशहरुलाई उक्त सामान बुझाएको छ । निर्माण कार्यसँग असम्बन्धित कार्यमा प्रयोग हुने गरी निर्माण कार्यको बजेट रु.८ लाख ७५ हजार खर्च लेखेको उपयुक्त देखिएन ।

५. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १३ अदालतबाट रु.२ लाख ३९ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ अदालतबाट रु.३० हजार र सम्परीक्षणको क्रममा रु.८५ हजारसमेत रु.३ लाख ५४ हजार असुल भएको छ ।

६. **पेश्की** – सर्वोच्च अदालतअन्तगर्तका अदालतमा २०६७ असार मसान्तमा ११ अदालतको रु.१ करोड ५७ लाख ४६ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ अदालतबाट रु.३० हजार फछ्यौंट गरी १० अदालतको रु.१ करोड ५७ लाख १६ हजार पेश्की देखिएको छ ।

७. **सम्परीक्षण** – सर्वोच्च अदालत र मातहत अदालतको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

७.१ सर्वोच्च अदालत र मातहत अदालतहरुमा यो वर्ष रु.७ करोड ५१ लाख ६४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ३५ लाख ७० हजार फछ्यौंट गरेकोले रु.५ करोड १५ लाख ९४ हजार बाँकी रहेको छ ।

७.२ सर्वोच्च अदालतले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.८ करोड ११ लाख ८८ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.१२ करोड १२ लाख १० हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

७.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.७ करोड ४३ लाख ६३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.१९ करोड ५५ लाख ७३ हजार सर्वोच्च अदालततर्फको रहेको छ ।

निर्वाचन आयोग

आयोग र मातहत समेत ७६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.५४ करोड ३७ लाख ६ हजार, राजस्वतर्फ रु.१९ लाख ३९ हजार, धरौटीतर्फ रु.१ करोड १२ लाख २९ हजार र अन्य कारोबारतर्फ रु.३ करोड ९८ लाख ६८ हजार गरी रु.५९ करोड ६७ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त रकममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको रु.३८ करोड र डानिडाको रु.३ करोड ९८ लाख ६८ हजारसमेत समावेश छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ति** – आयोगको स्वीकृत कर्मचारी दरबन्दी ११० मध्ये ८२ पदपूर्ति भएको छ । आयोगमा गत वर्षदेखि १३ कर्मचारी काजमा रहेकोमा यो वर्ष १ थप समेत हाल १४ कर्मचारी अन्यत्रबाट काजमा राखेको देखियो । निर्वाचन आयोग ऐन, २०६३ को दफा ११ अनुसार अस्थायी दरबन्दी सिर्जना गरी यो वर्ष विभिन्न पदमा १९ लाई करार सेवामा नियुक्ति गरी रु.९ लाख ४१ हजार खर्च लेखेको देखियो । निर्वाचन कार्य नभएको समयमा सो व्यवस्थाअनुसार करारमा नियुक्त गर्न मिल्ने देखिदैन ।

२. **जेनेरेटर व्यवस्थापन** – आयोगका दुई पदाधिकारीले दिएको प्रतिवेदनमा निर्वाचन कार्यालय रुपन्देही र पाल्पामा संविधानसभा निर्वाचनको क्रममा उपलब्ध गराएको डिजेलबाट चल्ने क्रमश: ३ के.भी र पेट्रोलबाट चल्ने ५ के.भी.को क्रमश: अमेरिकी डलर २ हजार ४०० र ८९८ मूल्यको जेनेरेटर हाल सञ्चालनमा नरहेको र भाडाको घरमा कार्यालय रहेकाले घर सर्दा ती जेनेरेटर सार्न कठिन हुने व्यहोरा उल्लेख गरी आयोगले उपयुक्त व्यवस्था मिलाउनुपर्ने उल्लेख भए तापनि कार्यान्वयन गरी जिन्सी व्यवस्थापन गरेको छैन । संविधान सभा चुनावको क्रममा दाताहरुबाट प्राप्त जेनेरेटर बढी क्षमताका रहेकाले सञ्चालन खर्चको व्यवस्था नभई सञ्चालनमा नआएको, अन्य निकायलाई प्रयोग गर्न दिने प्रयास गर्दा पनि सञ्चालन खर्च बढी हुने भई बुझी लगेको नदेखिएकोले उपयोगविहीन अवस्थामा रहेको जानकारी प्राप्त भयो ।

३. **वैदेशिक सहयोग** – आयोग र डानिडा हिगोबीच २०६६।६।७ मा भएको समझदारीपत्रमा आयोगलाई भोटर रजिष्ट्रेशन पाइलट प्रोजेक्ट सञ्चालनको लागि अमेरिकी डलर ५ लाख ३८ हजार उपलब्ध गराउने उल्लेख छ । यो वर्ष रु.३ करोड ९८ लाख ६८ हजार प्राप्त गरी रु.२ करोड १६ लाख ४ हजार (अमेरिकी डलर ३ लाख १ हजार ५५९) खर्च गरेको छ । उक्त आयोजना अवधि २०६६।१२।७ सम्म रहने उल्लेख छ ।

समझदारीपत्रमा सफ्टवेयर विकासलगायतका विभिन्न कम्पोनेन्टवाइज खर्चको विवरण पेश नगरेकोले यसउपर परीक्षण गरी प्रतिवेदन गर्न सकिएन ।

४. **असुली –** यो वर्ष प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा एक कार्यालयबाट रु.११ हजार र सम्परीक्षणको क्रममा रु.३३ हजारसमेत रु.४४ हजार असुल भएको छ ।

५. **पेश्की** – आयोग र अन्तगर्तका ४ कार्यालयमा २०६७ असार मसान्तमा रु.३१ लाख ७३ हजार पेश्की बाँकी देखिएको छ । पेश्की बाँकीमध्ये रु.१ लाख ३३ हजार म्याद नाघेको रहेको छ ।

६. **सम्परीक्षण** – आयोग र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

६.१ आयोग र मातहत कार्यालयमा यो वर्ष रु.३८ करोड ४५ लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३७ करोड ९१ लाख ९९ हजार फछ्यौंट गरेकोले रु.५३ लाख ३० हजार बाँकी रहेको छ ।

६.२ आयोगले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१२ लाख ७८ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.६६ लाख ६५ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.६६ लाख ६५ हजार सरकारी कार्यालयतर्फको रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग र मातहत समेत ९ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.५ करोड ३७ लाख ६४ हजार, राजस्वतर्फ रु.४६ हजार, धरौटीतर्फ रु.३ लाख २९ हजार र अन्य कारोबारतर्फ रु.८१ लाख ३१ हजारसमेत रु.५ करोड ३८ लाख ६१ हजारको लखेापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कर्मचारी व्यवस्था** – मानव अधिकार आयोग ऐन, २०५३ को दफा १७ र १८ अनुसार आयोगले आफ्नो कामको लागि आवश्यक पर्ने कर्मचारी तोकिएबमोजिम नियुक्त गर्न सक्ने प्रावधानअनुसार कुल दरबन्दी ३०९ मध्ये १४३ (४६.२८ प्रतिशत) कर्मचारी पदपूर्ति भएको देखियो । पदपूर्ति भएको कर्मचारी संख्या १४३ मध्ये १३२ (९२.३१ प्रतिशत) सचिवदेखि कार्यालय सहयोगीसम्मका कर्मचारी करारमा र ११ (७.६९ प्रतिशत) कर्मचारी स्थायी रुपमा पदपूर्ति गरेको छ ।

२. **थप सुविधा** – कर्मचारी सञ्चय कोष ऐन, २०१९ को नियम २(ख) अनुसार यस ऐनको प्रयोजनको निमित्त कर्मचारी भन्नाले स्थायी कर्मचारी सम्झनुपर्ने उल्लेख छ । आयोगको कर्मचारीहरुको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०५८ अनुसार करार वा अस्थायी कर्मचारीलाई सञ्चय कोषबापत थप खर्च लेख्न मिल्ने प्रावधान छैन । यो वर्ष करारका ६० कर्मचारीको लागि करार हुँदाको अवस्थामा कर्मचारी सञ्चय कोषको सुविधा समेत पाउने गरी करार भएको आधार देखाई कर्मचारी सञ्चय कोषबापत रु.७ लाख ७२ हजार थप खर्च लेखेको पाइयो ।

३. **भ्रमण खर्च** – सेभ द चिल्ड्रेन, नर्वेको सहयोगमा २०६६।८।१९ देखि २०६६।८।२६ सम्म अफगानिस्तानमा द्वन्दग्रस्त बालकहरुको बाल अधिकारको स्थिति अध्ययन भ्रमणका लागि तीन मानव अधिकारकर्मी मनोनयन गरेकोमा दिल्लीबाट अफगानिस्तान जान नसकेको उल्लेख गरी २ मानव अधिकारकर्मीले माल्दिभ्स भ्रमण गरी रु.३ लाख २० हजार खर्च गरेको पाइयो ।

४ **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा आयोगबाट रु.२० हजार असुल भएको छ ।

५. **पेश्की** – २०६७ असार मसान्तमा रु.१ लाख १२ हजार म्याद ननाघेको पेश्की बाँकी रहेको छ ।

६. **सम्परीक्षण** – आयोग र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छ:

६.१ आयोग र मातहत कार्यालयतर्फ यो वर्ष रु.२५ लाख २७ हजार बेरुजू देखिएको छ ।

६.२ वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये रु.७ हजार बेरुजू फछ्यौंट गरी सम्परीक्षण गरिएको छ ।

६.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.८३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.९० हजार सरकारी कार्यालयतर्फको रहेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत समेत ४ कार्यालयको यो वर्ष विनियोजनतर्फको रु.२ अर्ब ९५ करोड ८२ लाख ३२ हजार, राजस्वतर्फ रु.८ लाख ३९ हजार, धरौटीतर्फ रु.१८ लाख ८० हजार र अन्य कारोबारतर्फ रु.५७ करोड ७३ लाख ५४ हजार गरी रु.३ अर्ब ५३ करोड ८३ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

मन्त्रालय मातहतका अन्य संस्था १ को रु.७ करोड ४२ लाख ४२ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **प्राविधिक सहायता** – अर्थमन्त्रीबाट २०६६।६७ आय–व्यय वक्तव्यसाथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोत तालिकामा नपरेको) मा यो कार्यालयसँग सम्बन्धित भ्रष्ट्राचार विरुद्धका संस्थाहरुलाई सहयोग गर्ने कार्यक्रम सन् २००८ बाट सुरु गरी सन् २००९ मा सम्पन्न गर्न एसियाली विकास बैङ्कबाट रु.३ करोड १६ हजार (अमेरीकी डलर ४ लाख) सहायता प्राप्त हुने उल्लेख छ । उक्त सहायताको सम्झौता र खर्चको स्रेस्ता एवं आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएको छैन ।

२. **अनुगमन** – तीन–वर्षीय अन्तरिम योजना (२०६४–६७) मा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका ५५ जिल्लामा गरिबी निवारणको सघन कार्यक्रम सञ्चालन गरी परम्परागत सीपको प्रवर्द्धन, आय–आर्जन, सडक, पुल–पुलेसा, खानेपानी, सिंचाई जस्ता कार्यक्रम सञ्चालन हुने उल्लेख छ । यो वर्षको नीति, कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएको गरिबी निवारण कोषका कार्यक्रम सञ्चालन भएका जिल्लाका गरिबीको रेखामुनि रहेका परिवारहरुलाई राज्यले सुविधा परिचयपत्र प्रदान गर्ने कार्यक्रम रहेकोमा सो कार्यक्रम सञ्चालन भएको देखिएन ।

सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार गर्न बनाइएका नीति र रणनीतिको कार्यान्वयन स्थिति एवं त्यसबाट सुशासनमा अभिवृद्धि भएको सम्बन्धमा मूल्याङ्कन गरेको पाइएन ।

३. **होटलवास खर्च** – भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ मा माननीय मन्त्रीहरुले जिल्ला भ्रमण गर्दा बिलबमोजिम होटलबास खर्च पाउने उल्लेख छ । होटलबास खर्चको दर नतोकिएकोले मन्त्रीहरुले जिल्ला भ्रमण गर्दा प्रतिदिन रु.७५०।– देखि रु.४ हजार २०० सम्म बास खर्चको बिल पेश गरी भुक्तानी लिने गरेको देखियो । यो वर्ष लेखापरीक्षण क्रममा नमूना छनौट गरी परीक्षण गर्दा ४३ बिलबाट रु.२ लाख ३९ हजार होटलबास खर्च गरेको पाइयो । खर्चमा मितव्ययिता एवं एकरुपता ल्याउन दर तोक्नुपर्ने देखियो ।

४. **वैदेशिक स्रोतको उपयोग** – नेपाल सरकार र विश्व बैङ्कबीच सार्वजनिक खरिद अनुगमन कार्यालयको सुदृढीकरण र सार्वजनिक खरिद प्रक्रिया सुधारको कार्य गर्न (सन् २००८) २०६५ कार्तिकमा ३ वर्षको लागि रु.३ करोड ६० लाख ९४ हजार (अमेरीकी डलर ४ लाख ८१ हजार) को अनुदान सहायतामा सम्झौता भएको छ । यो वर्षसम्म रु.४२ लाख ९० हजार (११.८८ प्रतिशत) खर्च भएको देखियो । सम्झौता अवधि सकिन १ वर्ष ५ महिना बाँकी देखिएकोले बाँकी सहायता रकम उपयोग गर्न ध्यान दिनुपर्ने देखियो । यस सम्बन्धमा कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नभएकोले लक्ष्यअनुरुप कार्य सम्पन्न गर्न नसकिएको प्रतिक्रिया प्राप्त छ ।

गरिबी निवारण कोष

नेपाल सरकारले लिएको दीर्घकालीन लक्ष्यअनुरुप २० वर्षमा गरिबीलाई १० प्रतिशतमा झार्ने र सहस्राब्दी विकास लक्ष्यअनुसार सन् २०१५ सम्म नेपालको गरिबी आधा घटाउने लक्ष्यअनुरुप अन्तर्राष्ट्रिय विकास संस्था र कृषि विकासको लागि अन्तर्राष्ट्रिय विकास कोषको १०४ मिलियन अमेरिकी डलरको अनुदान सहायतामा ४० जिल्लामा गरिबी निवारण कार्यक्रम सञ्चालन भएको छ ।

५. **शोधभर्ना** – गरिबी निवारण आयोजना प्रथम चरण २०६५ श्रावणमा सम्पन्न भइसकेपछि दोस्रो चरणको कार्यक्रमबाट पहिलो चरणको कार्यक्रम खर्चबापत रु.३१ लाख ३२ हजार खर्च गरेको देखियो । समयमा कार्यक्रम सञ्चालन गरी रकम खर्च नगर्नाले विश्व बैङ्कबाट उक्त रकम शोधभर्ना हुन सक्ने देखिएन । साथै यो वर्षको खर्चमध्ये रु.६ करोड ९१ लाख शोधभर्ना हुन बाँकी देखिएको छ ।

६.. **मौज्दात** :– गरिबी निवारण कोष दोस्रो चरणको यस वर्षसम्मको गैरसञ्चालन खातामा रहेको रु.५ करोड १८ लाख ५८ हजार र प्रथम चरणको रु.२२ लाख ९७ हजारसमेत मौज्दात रु.५ करोड ४१ लाख ५५ हजार सञ्चितकोष दाखिला गर्नुपर्ने देखियो ।

७. **खरिद व्यवस्था –** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, कोषको आर्थिक व्यवस्थापन तथा लेखा निर्देशिकाको उपखण्ड ६.१ र विश्व बैङ्कसँग भएको सम्झौताअनुसार कोषले वार्षिक खरिद योजना बनाउनुपर्ने र खरिद विधि एवं प्रक्रिया छनौट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष खरिद योजना, खरिद विधि र प्रक्रियाको छनौट नगरी रु.६६ लाख ५८ हजारको परामर्श सेवा खरिद गरेको छ । यो रकममध्ये रु.२२ लाख ३८ हजारको खरिद अनियमित भएकोले सो बराबरको रकम दातृ संस्थाबाट शोधभर्ना नदिने जानकारी गराएको छ । कोषले यो वर्षको खरिदलाई बोर्ड बैठकबाट अनुमोदन गराइने र आगामी वर्षदेखि खरिद योजना बनाई सेवा प्राप्त गर्ने जानकारी गराएको छ ।

८ **कार्यस्थल** – गरिबी निवारण कोष सञ्चालन निर्देशिकामा सहयोगी संस्था र सामुदायिक संस्थाको अनुगमन र मूल्याङ्कनको काम गर्न कोषले प्रत्येक जिल्लाको लागि न्यूनतम ६० प्रतिशत (२१९ दिन) जिल्लामै बिताउने गरी प्रत्येक जिल्लामा एक कार्य प्रबन्धकको व्यवस्था गरेको छ । ३८ कार्य प्रबन्धकको फिल्डमा रहेको उपस्थिति अध्ययन गर्दा सबै कार्य प्रबन्धकले तोकिएको समय जिल्लमा व्यतीत गरेको पाइएन । तीमध्ये पनि १२ कार्यप्रबन्धक (३१.५७ प्रतिशत) ५० दिनभन्दा पनि कम जिल्लामा उपस्थित रहेको पाइयो । कार्य प्रबन्धक तोकिएको अवधिभन्दा कम कार्यस्थलमा रहँदा कार्यक्रम कार्यान्वयनमा पर्ने प्रभाव सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ । यो सम्बन्धमा व्यवस्थापन सूचना प्रणाली यस वर्षदेखि व्यवहारमा ल्याइएको तर त्यसमा केही कमजोरी रहेकोले फिल्डमा कम वसेको देखिएको प्रतिक्रिया दिएको छ ।

अन्य संस्थातर्फ

नेपाल ट्रष्टको कार्यालय

९. **लेखा प्रणाली –** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३(२) अनुसार ट्रष्टले सम्पत्ति र दायित्वको हिसाब देखिने गरी वासलात तयार गर्नुपर्दछ । ट्रष्टले नगद प्राप्तिको आधारमा आय–व्यय विवरण तयारगर्ने गरेको देखियो ।

१०. **सम्पत्ति व्यवस्थापन** – ट्रष्टले ४ जिल्लामा १४६ कित्ताको ३ हजार ६५५ रोपनी जग्गा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनको मूल्याङ्कनबमोजिम रु.१ अर्ब ७४ करोड ३२ लाख मूल्यको विवरण तयार गरे तापनि लेखाङ्कन गरेको छैन । त्यसैगरी यो वर्ष काठमाडौ, भक्तपुर र मकवानपुरका १५६ रोपनी जग्गा उपयोग सम्बन्धमा रणनैतिक योजना तयार पारेको भए तापनि कार्यान्वयन गरेको छैन ।

११. **लगानी** – यो वर्ष ट्रष्टले विभिन्न सम्पत्ति भाडाबाट रु.१ करोड ८९ लाख ४२ हजार, शेयर लाभांशबाट ब्याज रु.६३ लाख ९५ हजार र विविध आम्दानी रु.८ हजार, गरी रु.२ करोड ५३ लाख ४५ हजार आम्दानी

गरेको देखिन्छ । नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ र नियमावलीको नियम (३) बमोजिम व्यापक र सर्वोत्तम लाभ हुने गरी शैक्षिक प्राज्ञिक तथा स्वास्थसम्बन्धी हितमा प्रयोग गर्नुपर्नेमा कोषले सो रकमलाई चल्ती खातामा राखेकोले ऐन र नियमावलीअनुसार उपयोग गर्नुपर्दछ ।

१२. **असुली** – यो वर्ष प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा दुई कार्यालयबाट रु.१ करोड २० लाख २४ हजार र सम्परीक्षणको क्रममा रु.४ लाख ५४ हजारसमेत रु.१ करोड २४ लाख ७८ हजार असुल भएको छ ।

१३. **पेश्की** – मन्त्रालयअन्तर्गत अन्य संगठित संस्थामा २०६७ आषाढ मसान्तमा रु.१ करोड ४६ लाख १९ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.६८ लाख ७२ हजार म्याद नाघेको रहेको छ ।

१४. **सम्परीक्षण** – प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत कार्यालयको प्रतिवेदन अवधि सम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छ:

१४.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१७ करोड ७७ लाख ७० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ४० लाख १३ हजार फछ्यौंट गरेकोले रु.१६ करोड ३७ लाख ५७ हजार बाँकी रहेको छ ।

१४.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.८१ लाख ३ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.१ करोड १७ लाख ३६ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१४.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.१ लाख ५२ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.१ करोड १८ लाख ८८ हजारमध्ये रु.१ करोड ८ लाख ३१ हजार सरकारी कार्यालयतर्फ र रु.१० लाख ५७ हजार अन्यतर्फ रहेको छ ।

अर्थ मन्त्रालय

मन्त्रालय र मातहत समेत १४५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.४८ अर्ब ३४ करोड १ लाख ८० हजार, राजस्वतर्फ रु.१ खर्ब ५८ अर्ब ४३ करोड ९६ लाख ७ हजार, धरौटीतर्फ रु.१३ अर्ब १६ करोड ७७ लाख १५ हजार र अन्य कारोबारतर्फ रु.२ अर्ब ५९ करोड ४६ लाख २४ हजार समेत रु.२ खर्ब २२ अर्ब ५४ करोड २१ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा राष्ट्रिय योजना आयोगमा विनियोजन भएको रु.२५ लाख ५७ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतका सार्वजनिक संस्थान, अन्य संस्था र समिति ७ को रु.५ खर्ब ३ अर्ब २९ करोड ७ लाख ५ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको गत विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१. बजेट प्रस्ताव र स्वीकृति सम्बन्धमा स्पष्ट आधार नभएको, बजेट तर्जुमा र स्वीकृति सम्बन्धी अभिलेख अद्यावधिक नहुने, बजेट सीमाको पालना नहुने आदि समस्या देखिएका छन् । कार्यालयले पेश गरेको आर्थिक विवरण र केन्द्रीय आर्थिक विवरणमा बजेट खर्च रकम भिडेको देखिएन ।

१.२. सरकारी वा गैरसरकारी कार्यालय, संगठित संस्था वा अन्य संस्थालाई दिएको निशर्त र सशर्त अनुदान उद्देश्यमूलक रुपमा खर्च भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी हुनसकेको छैन ।

१.३. नेपाल सरकारलाई प्राप्त प्राविधिक सहायताको लेखाङ्कन, प्रगति प्रतिवेदन र आर्थिक विवरण पेश हुने नगरेकोले लेखापरीक्षण हुन सकेको छैन ।

१.४. वैदेशिक स्रोतबाट खर्च भएको रकम सम्झौता तथा समझदारीका शर्तबमोजिम समयमा शोधभर्ना माग नगर्ने तथा प्राप्त भए नभएको बारेमा निरन्तर अनुगमन नहुने स्थिति यथावत छ । यसबाट नेपाल सरकारलाई थप भार परेको छ ।

१.५. सार्वजनिक ऋण व्यवस्थापनमा स्पष्ट जिम्मेवारीको अभाव, नीतिगत तथा कानूनी व्यवस्थाको कार्यान्वयन, वित्तीय तथा मौद्रिक नीतिमा सामञ्जस्यता, कुल गार्हस्थ उत्पादनसँगैको भार आदि सम्बन्धमा सुधार भएको छैन ।

नेपाल सरकारले विगतमा जमानत बसी २५ संस्थालाई उपलब्ध गराएको ऋणमध्ये साँवा रु.४७ करोड ३ लाख १ हजार र ब्याज रु.१ अर्ब ५८ करोड ४० लाख ६३ हजार असुल हुन बाँकी रहेको विवरण प्राप्त भएको छ । उक्त ऋण असुल गर्नेतर्फ प्रयास नभएको सम्बन्धमा स्थिति यथावत छ ।

१.६. आर्थिक विवरण पेश नगर्ने, कानूनको पालना नगर्ने, करपरीक्षण क्षेत्र सीमितता, घटी आय, आय लुकाउने, आयको खण्डीकरण गर्ने, खर्च कट्टी, ब्याज खर्च, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, क्यासिनो रोयल्टी तथा भन्सार महसुल असुली, भाडा बीमा, छुट महसुल, दरवन्दी फरक, न्यून बिजकीकरण, विनामूल्य पैठारीमा महसुल छुट, प्रमाण बेगर छुट, सूचना बेगर छुट, बैङ्क ग्यारेन्टी, पासवुक धरौटी, भारतीय अन्त:शुल्क छुट आदि सम्बन्धमा विगत प्रतिवेदनमा उल्लेख गर्दै आएकोमा स्थिति यथावत छ ।

१.७. राजस्व छानबिन तथा अनुसन्धानबाट थप आयकर असुल गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई अनुरोध गरिएकोमा सो असुल भएको जानकारी प्राप्त भएको छैन ।

गत विगतका लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा तत्काल सुधार नगरी पुन: दोहोरिँदै आउने प्रवृत्ति रोकिएको छैन ।

उल्लिखित व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **आर्थिक विवरण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ बमोजिम पेश भएको आर्थिक विवरण परीक्षण गर्दा यो वर्ष विभिन्न ४ कार्यक्रमको लागि विनियोजन भएको रु.९४ करोड १८ लाख खर्च भएको देखिएन । कार्यक्रम कार्यान्वयन हुन नसक्नाको कारण स्पष्ट गरेको छैन ।

यसैगरी साना विकास आयोजनामा भारत सरकारको अनुदानबाट व्यहोर्ने गरी रु.१ अर्ब २० करोड बजेट विनियोजन भएकोमा रु.८५ करोड ८२ लाख ६७ हजार खर्च भएको उल्लेख गरे तापनि केन्द्रिय आर्थिक विवरणमा सो रकम समावेश गरेको छैन । उक्त रकम भारतीय राजदूतावासबाट ४९ जिल्ला विकास समिति अन्तर्गत साना विकास आयोजनाहरुमा सीधै निकासा भई रु.६० करोड ५३ लाख ६२ हजारको मात्र लेखापरीक्षण भएको छ ।

मन्त्रालयले उक्त खर्चको विवरण माग गरी चाँडो आर्थिक विवरण उपलब्ध गराउन प्रयास गर्ने जानकारी गराएको छ ।

३. **अनुदान –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालबसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रम/आयोजना सञ्चालनार्थ दिएको रकमबाट भएको प्रगति विवरण लिई लक्ष्यअनुसार कार्य गरे नगरेको, लेखापरीक्षण गराए नगराएको कुराको अध्ययन, अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभिन्न १७ निकाय/संस्थालाई रु.९५ करोड ३२ लाख ९६ हजार तालिम, स्वरोजगार कार्यक्रम, ऋण लगानी, ऋण मिनाहा, पशु बीमा लगायतका कार्यक्रम सञ्चालनबापत दिएको अनुदानमध्ये रु.३५ करोड सशर्त अनुदान छ । सशर्त अनुदानबाट सोही वर्ष खर्च नभई बाँकी रहेको रकम सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । अनुदान रकमबाट भएको खर्चको विवरण लिई विश्लेषण गर्ने र लेखापरीक्षण गराई प्रतिवेदन लिने गरेको देखिएन । यसबाट अनुदान रकम उद्देश्य अनुरुप खर्च भएको यकिन गर्ने आधार भएन । सशर्त अनुदानमध्ये खर्च नभई बाँकी रहेको रकम यकिन गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

४. **बजेट प्रस्ताव** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३०बमोजिम सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालय र आवधिक योजनाले निर्दिष्ट गरेबमोजिम पेश गरेको बजेट अर्थ मन्त्रालयले मुलुकको आर्थिक स्थिति विचार गरी सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग परामर्श गरी थपघट गर्नसक्ने व्यवस्था छ ।

४.१. बजेट स्वीकृतिसम्बन्धी प्राप्त विवरणअनुसार यो वर्ष निम्नानुसार विभिन्न मन्त्रालय/निकाय/कार्यक्रमलाई तोकेको बजेटको सीमामा अर्थ मन्त्रालयले थपघट गरेको स्थिति उदाहरणको लागि निम्नानुसार प्रस्तुत गरिएको छ:

(रु.हजारमा)

मन्त्रालयको नाम	अनुदान संख्या	तोकिएको सीमा	स्वीकृत बजेट	तोकिएको सीमाको तुलनामा स्वीकृत बजेट %	खर्च	बजेट स्वीकृतिको अनुपातमा खर्च %
उपप्रधानमन्त्रीको कार्यालय	२६	१५,५२	२५,२२	१६२.५	०	०
अर्थ	३५	७,२५,२८,२१	५,८७,१४,५६	८०.९५	३,८१,८२,२०	६५.०३
भौतिक योजना तथा निर्माण	४८	२६,६५,११,५३	२९,५०,०६,२४	११०.६९	२१,५७,७४,८२	७३.१४
शान्ति तथा पुन:निर्माण	६२	६,१७,४२,०३	११,५३,३४,९७	१८६.८०	५,७२,६४,६२	४९.६५
अर्थ (कर्मचारी सुविधा)	९०	१९,५३,३४,६५	१६,१२,००,००	८२.५२	११,४९,४७,०६	७१.३०
अर्थ (विविध)	९५	७,६६,२९,६२	६,०५,८५,००	७९.०६	१,६६,९८,२६	२७.५६

सम्बन्धित मन्त्रालय/निकाय/कार्यक्रमलाई तोकेको बजेट सीमामा थपघट गरी स्वीकृत गरेकोमा मन्त्रालयले त्यसको कारण खुलाएको देखिएन । निर्धारित सीमाभन्दा घटी बढी स्वीकृत गरेपनि विनियोजित रकमसम्म खर्च गर्न नसकेको स्थितिबाट बजेट तथ्यपरक रुपमा तर्जुमा हुनुपर्ने देखियो ।

४.२. बजेट तर्जुमा गर्दा मन्त्रालयहरुलाई बढी रकम विनियोजन गरे तापनि निकासा खर्च कम भएको, अपेक्षित रुपमा वैदेशिक सहयोग प्राप्त नभएको, प्राप्त भएको वैदेशिक सहयोग पनि पूर्ण रुपमा उपयोग हुन नसकेको, वैदेशिक सहायतामध्ये दातृसंस्थाबाट शोधभर्ना हुने गरी सञ्चितकोषबाट खर्च गरेको तर सो रकम समयमा शोधभर्ना माग नगरेको, तोकिएको कार्यमा खर्च नभएको कारण शोधभर्ना प्राप्त नहुँदा सञ्चितकोषमाथि व्ययभार परेको जस्ता समस्या रहेको छ । यसबाट मन्त्रालयहरुमा बजेट खर्च गर्ने क्षमताको कमी देखियो । साथै दातृनिकायबाट शोधभर्ना लिन नसक्दा सरकारको नगद प्रवाह स्थितिमा समेत असर परेको देखियो ।

उपर्युक्त स्थितिलाई दृष्टिगत गर्दा बजेटलाई यथार्थपरक बनाई बजेट कार्यान्वयनमा सम्बन्धित आयोजना प्रमुखलाई जिम्मेवार बनाउनुपर्ने र वैदेशिक सहायता रकम समयमा शोधभर्ना प्राप्त गर्ने सम्बन्धमा अर्थ मन्त्रालयले अनुगमन गर्नुपर्ने देखिन्छ ।

५. **वैदेशिक सहायता सम्झौता –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २९ मा बाह्य संस्थाबाट जुनसुकै ऋण तथा अनुदान प्राप्त गर्दा दातृपक्षसँग सम्झौता गर्नु अगावै लेखापरीक्षण सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको राय लिनुपर्ने व्यवस्था छ । यो वर्ष दातृपक्षसँग ५४ सम्झौता भएकोमध्ये १६ सम्झौतामा मात्र यस कार्यालयको राय लिएको छ । सबै वैदेशिक सहायताको परिचालन बजेट विनियोजन प्रक्रियाबाटमात्र गर्ने, सोको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने प्रावधान समावेश गर्ने र अन्यथा व्यवस्था गर्नुपर्ने अवस्थामा सम्झौता गर्नु अगावै अनिवार्यरुपमा महालेखापरीक्षकको राय लिने व्यवस्था गरिनुपर्दछ ।

६. **प्राविधिक तथा अन्य सहायता –** अर्थ मन्त्रालयबाट प्रकाशित २०६६।६७ को प्राविधिक तथा अन्य सहायता सम्बन्धी पुस्तिकामा उल्लेख भएबमोजिम निम्नानुसार सहायता प्राप्त हुने उल्लेख छ:

आयोजना/कार्यक्रमको नाम	आयोजना अवधि	कुल सहायता रकम	सहायताको किसिम				दातृ राष्ट्र/संस्था
			सल्लाहकार सेवा	सरसामान उपकरण	तालिम गोष्ठी	अन्य	
वैदेशिक सहायताको प्रभावकारी व्यवस्था तथा समन्वयको लागि क्षमता विकास गर्ने	जनवरी २००९– डिसेम्बर २०११	अमेरिकी डलर २,४३,५६७	९७४२७	७३०७०	४६२७८	२६७९२	यू.एन.डि.पी
आर्थिक नीति सञ्जाल दोस्रो चरण	डिसेम्बर २००७ फेब्रुअरी २०१०	अमेरिक डलर ५,००,०००	३२५०००	२५०००	४५०००	१०५०००	ए.डि.वी
अर्थतन्त्रको समावेशी विकास	चुलाई २००८– डिसेम्बर २०११	यूरो १३,००,०००	१८२०००	१५६०००	१६८०००	७९४०००	जि.टि.जेड
राजस्व प्रशासन सहयोग	जनवरी २००९– डिसेम्बर २००९	यूरो ३,११,०००	९०५००	१५०००	४७५००	१५८०००	जि.टि.जेड
राजस्व प्रशासन सहयोग	जनवरी २००७ अगष्ट २००९	डेनिस क्रोनर २५,००,०००	१५०००००	०	१००००००	-	डानिडा

सो सहायताको विवरण लेखापरीक्षणको लागि मन्त्रालयमा अनुरोध गरिएकोमा सोको लेखा तथा खर्चको विवरण र आर्थिक विवरण पेश हुन नआएकोले लेखापरीक्षण भएको छैन । प्राविधिक सहायताको हिसाब पेश गरी लेखापरीक्षण गराउने व्यवस्था हुनुपर्दछ ।

७. **निजीकरण –** यो वर्षसम्म जम्मा ३० सार्वजनिक संस्थान निजीकरण भएको देखिएको छ । निजीकरण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

७.१. निजीकरण ऐन, २०५० को दफा ४ मा निजीकरण समितिले संस्थानको मूल्याङ्कन गरी सरकारमा सिफारिस गर्ने व्यवस्था छ । उक्त ऐनको दफा ७ मा संस्थानहरुको मूल्याङ्कन गर्दा संस्थानहरुको सम्पत्ति, शेयर, बजारको मूल्य, नाफा नोक्सान र भविष्यमा हुने उत्पादन, बिक्री, नाफा–नोक्सानको सम्भावनाको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । अघिल्लो आर्थिक वर्षमा सञ्चालन हुन नसक्ने भनी बन्द गरिएका सबै संस्थानहरुको लिक्विडेसन कार्य अगाडि बढाउने उल्लेख गरेको, नोक्सानमा रहेका संस्थानहरुलाई पुन: संरचनाको व्यवस्था मिलाउन उच्चस्तरीय समिति गठन गरी अध्ययन गर्ने र अध्ययनबाट प्राप्त प्रतिवेदनअनुरुप संस्थान सञ्चालन गर्ने वा बन्द गर्ने नीति मन्त्रालयले अवलम्बन गर्ने प्रतिवद्धता विगतदेखि व्यक्त गरेकोमा टुङ्गो लगाएको देखिएन ।

७.२. लुम्बिनी चिनी कारखाना भाडामा लिने कम्पनीसँग भएको जग्गा तथा भवन भाडा सम्बन्धी सम्झौताको दफा ११ बमोजिम प्रत्येक वर्ष अग्रिम रुपमा रु.४२ लाख १२ हजारका दरले भाडा रकम नेपाल सरकारलाई बुझाउनुपर्नेमा समयमा भाडा नबुझाएकोले सम्झौताको दफा १४ बमोजिम १० प्रतिशत ब्याज र १५ प्रतिशत सरचार्ज समेत रु.१ करोड ४१ हजार असुल गरेको छैन ।

भक्तपुर इटा टायल कारखाना लिमिटेड २०५४ मा निजीकरण हुँदा खरिदकर्तासँग हिसाब यकिन गरी रु.२ करोड ५० लाख लिनुपर्ने देखिएकोमा मध्यस्तकर्ताको निर्णयअनुसार रु.६ लाख १ हजार नेपाल सरकारलाई बुझाउने निर्णय गरे तापनि उक्त रकम असुल गरेको छैन ।

७.३. नेपाल चिया विकास निगम भाडामा लिने सम्बन्धमा २०५७।३।१४ मा एक कम्पनीसँग सम्झौता भएकोमा २०६२।६३ सम्मको भाडा, ब्याज र हर्जाना समेत रु.२० करोड ८२ लाख ४३ हजार असुल गर्नुपर्ने व्यहोरा लेखापरीक्षणबाट औँल्याइएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।८।२२ को निर्णयअनुसार २०६२।७।३ सम्मको तिर्न बाँकी रु.१० करोड ७२ लाख ४२ हजार आगामी १० वर्षभित्र भुक्तानी गर्ने गरी सहुलियतपूर्ण सम्झौता गरेको छ । साथै भाडाको ब्याज पनि मिनाहा हुने व्यवस्था गरेको छ । राष्ट्रिय धन समयमा नतिर्ने शेयर खरिदकर्तालाई मूल सम्झौतामा कुनै प्रावधान नभएकोमा १० वर्षपछि भुक्तानी गर्ने गरी सहुलियत दिने तथा ब्याज मिनाहा दिने निर्णय नेपाल सरकारको पक्षमा देखिएन ।

चिया बगान भाडामा लिने दिने सम्बन्धी २०६४।११।२२ मा भएको पूरक सम्झौताको दफा ३ अनुसार प्रति वर्ष रु.४० लाख भाडा कायम गरी चियाको अन्तर्राष्ट्रिय बजारको वार्षिक औसत बजार मूल्यको आधारमा थपघट भएको प्रतिशतको अनुपातमा न्यूनतम रु.४० लाखमा थप गरी ५ वर्षका लागि भाडा तय गर्ने सम्झौता भएकोमा २०६२।७।४ देखि २०६४।७।३ सम्म २ वर्षको भाडा रु.८० लाख २०६५।३।३१ मा बुझाउनुपर्नेमा २०६७।८।७ सम्ममा रु.४० लाख मात्र बुझाएको देखियो । २०६४ आषाढ मसान्तदेखि २०६७ आषाढ मसान्तसम्मको भाडा रु.१ करोड २० लाख र सम्झौताबमोजिम समयमा भाडा नबुझाएको अवधि ४ वर्षको १४ प्रतिशतले हुने ब्याज रु.२२ लाख ४० हजार समेत रु.१ करोड ४२ लाख ४० हजार असुल गर्नुपर्ने देखिएको छ ।

७.४. भृकुटी कागज कारखानाको बिक्री सम्बन्धमा एक कम्पनीसँग २१ अक्टोबर १९९२ मा भएको सम्झौतामा सम्पत्ति तथा व्यवसाय बिक्रीबापत रु.१७ करोड ४ लाख ३४ हजार भुक्तानी गर्नुपर्ने उल्लेख छ । सम्झौता हुनु अगावै १९९२ अप्रिलमा कारखानामा आगलागी भएकोमा खरिदकर्ताले रु.१ करोड १० लाख ५९ हजार नोक्सानीबापत क्षतिपूर्ति माग गरेको छ । यस सम्बन्धमा मध्यस्थकर्ताले प्रस्ताव माग गर्नु अगावै आगलागी भएकाले क्षतिपूर्ति दाबी गर्न नमिल्ने निर्णय गरेको छ । सम्झौताअनुसारको रकम भुक्तानी गर्न मन्त्रालयले ताकेता गर्दा २०६३।२।१० मा सर्वोच्च अदालतमा रिट गएकोले अदालतको निर्णयअनुसारमात्र गर्ने जवाफ खरिदकर्ताबाट आएको छ । लिक्विडेटरको प्रतिवेदनअनुसार कम्पनी खारेज गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरे तापनि खारेजीको कार्य हुनसकेको पाइएन । सम्झौताबमोजिमको रकम समयमा भुक्तानी नगरेकाले वार्षिक १७ प्रतिशत ब्याज र ४ प्रतिशत हर्जाना समेत असुल गर्नुपर्ने व्यहोरा गत विगत प्रतिवेदनहरुमा औँल्याउँदै आएकोमा हालसम्म असुल भएको छैन ।

अनुमानित खुद चालू सम्पत्ति रु.५ करोड ९३ लाख ६० हजार उल्लेख भएपनि उक्त सम्पत्तिबापत प्राप्त रकम र सोको अभिलेख राखेको देखिँदैन । खरिदकर्तासँग सम्झौता गर्नु अगावै राष्ट्रिय बीमा संस्थानको २०४९।६।५ को पत्रानुसार स्टक बीमा अन्तर्गत रु.१ करोड १७ लाख ५५ हजार र भवन तथा मेशिनरी बीमा अन्तर्गत रु.१४ लाख ४० हजार समेत रु.१ करोड ३१ लाख ९५ हजार दाबी भुक्तानी गर्ने निर्णय भएको देखिन्छ । बीमा संस्थानले भुक्तानी गर्ने निर्णय गर्दाको समयमा सम्झौता भई नसकेको तर प्राप्त हुनुपर्ने रकम चालू सम्पत्ति हुनेहुँदा सो रकम नेपाल सरकारको हुने व्यवस्था रहेको छ । उक्त रकम लिक्विडेटरको खातामा प्राप्त भएको हुँदा सो रकम सञ्चितकोषमा दाखिला हुनुपर्ने भनी गत विगत प्रतिवेदनहरुमा औँल्याउँदै आएकोमा हालसम्म कोष दाखिला भएको प्रमाण पेश भएको छैन ।

७.५. **अभिलेख** – निजीकरण समितिले हालसम्म निजीकरण भइसकेका संस्थाहरुबाट सरकारले प्राप्त गर्न बाँकी किस्ता, सम्झौताको शर्तबमोजिम लाग्ने ब्याज तथा हर्जाना गणना गरी निजीकृत संस्थाको छुट्टाछुट्टै अभिलेख खडा गर्नुपर्ने व्यवस्था छ । समितिले असुल हुन बाँकी रकम राजस्वको आर्थिक विवरणमा लगत कायम गरी प्रत्येक वर्ष लगत अद्यावधिक गरी लेखापरीक्षण गराउनुपर्नेमा लेखापरीक्षणका लागि आर्थिक विवरण पेश गरेको छैन । निजीकरण भएका संस्थाहरुबाट नेपाल सरकारलाई प्राप्त हुन बाँकीको विवरण माग गरेकोमा प्राप्त नभएबाट बाँकी रकम यकिन गर्न सकिएन ।

८. **राजस्व असुली** – यो वर्ष रु.१ खर्ब ७६ अर्ब ५० करोड २७ लाख ५० हजार असुल गर्ने अनुमान रहेकोमा बेरुजू खातामा दाखिला भएको रु.२ अर्ब ४ करोड ८७ लाख ३६ हजार समेत रु.१ खर्ब ८१ अर्ब ९९ करोड ४५ लाख ६० हजार (१०३ प्रतिशत) असुल गरेको छ । यो वर्षको शीर्षकगत राजस्वको लक्ष्य तथा असुली विवरणबमोजिम यथार्थ असुलीको स्थिति निम्नानुसार रहेको छ:

(रु. हजारमा)

शीर्षक	लक्ष्य	असुली	असुली प्रतिशत
१. भन्सार	३४,१२,५७,४०	३५,१५,०७,७४	१०३
२. मूल्य अभिवृद्धि कर/अन्त:शुल्क	७०,२०,१९,००	७९,२२,६९,६३	११२.८२
३. अन्य	१२,००,००	१६,७०,१२	१३९.१७
अप्रत्यक्ष कर	**२६४**	**४६२**	**१०९.६७**
१. कर	३६,२९,८०,००	३३,८२,१३,२७	९३.१८
२. घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर	९,५०,००,००	७,९२,८८,४७	८३.४६
प्रत्यक्ष कर	**४५,७९,८०,००**	**४१,७५,०१,७४**	**९१.१६**
कर राजस्व	**१,५०,२४,५६,४०**	**१,५६,२९,४९,२३**	**१०४.०३**
१. दस्तुर तथा शुल्क	७,४१,५०,००	८,४४,७९,५४	११३.९३
२. रोयल्टी र सरकारी सम्पत्ति बिक्री	५,०६,११,१०	४,७०,६७,१५	९२.९९
३. लाभांश	७,८४,७०,००	७३,५,१९,३०	९३.६९
४ ब्याज	१,३०,००,००	४४,७१,५६	३४.४५
५. अन्य राजस्व	५७,६०,००	७४,३१,९४	१२९
गैरकर राजस्व जम्मा	**२२,१९,९१,१०**	**२१,६९,६९,४९**	**९७.७४**
६. साँवा फिर्ता	४,०५,८०,००	१,९५,३९,५२	४८.१५
राजस्व जम्मा	**१,७६,५०,२७,५०**	**१,७९,९४,५८,२४**	१०१.९५
बेरुजू दाखिला	**-**	**२,०४,८७,३६**	-
कुल जम्मा	**१,७६,५०,२७,५०**	**१,८१,९९,४५,६०**	१०३

९. **लगत हस्तान्तरण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २० मा फछ्र्यौट हुन नसकेको बेरुजू जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नुपर्ने र असुल हुन नसकेमा त्यसको लगत केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण गरी पठाउनुपर्ने उल्लेख छ । तर सम्बन्धित अधिकारीहरुबाट यस्ता असुल हुन नसकेका सबै रकमको लगत केन्द्रीय तहसिल कार्यालयमा पठाएको देखिँदैन । कानूनी व्यवस्था गरी कार्यालयको कार्यक्षेत्र वृद्धि गर्नु र वर्तमान कार्यक्षेत्रका असुल गर्नुपर्ने रकम असुलीको लागि मन्त्रालयले अन्य मन्त्रालयसँग समन्वय गरी लगत पठाउन लगाउने व्यवस्था गर्नुपर्दछ । गत तीन वर्षको लगत हस्तान्तरण तथा असुलीको स्थिति एवं केन्द्रीय तहसिल कार्यालयको चालू खर्चको अवस्था निम्नानुसार छ:

(रु. हजारमा)

आर्थिक वर्ष	लगत			फछ्यौंट			बाँकी	लगतको तुलनामा असुली प्रतिशत	केन्द्रीय तहसिल कार्यालयको चालू खर्च
	गत वर्षसम्मको	यो वर्षको थप	जम्मा	असुली	मिनाहा	जम्मा			
२०६४।६५	१०,४०,०८	१०,८५	१०,५०,९३	९,२४	-	९,२४	१०,४१,६९	०.८८	४५,९५
२०६५/६६	१०,४१,६९	३८,९८	१०,८०,६७	१८	-	१८	१०,८०,४९	०.०१	४४,६६
२०६६/६७	१०,८७,७९	८३,८७	११,७१,६६	२८	६६,०९	६६,३७	११,०५,२९	०.०२	५३,१३

द्रष्टव्य – *गत वर्षको बाँकी रु.१० करोड ८० लाख ४९ हजारमा तेजारथ सापटी रु.१ लाख ९३ हजार र घरेलुतर्फको रु.५ लाख ३७ हजार थप गरेको आर्थिक विवरण प्राप्त भएको छ ।*

१०. **राजस्व बक्यौता –** अर्थ मन्त्रालय मातहतका कार्यालयले प्रचलित कानूनअनुसार प्रत्येक वर्ष असुल गर्नुपर्ने राजस्व समयमा असुल नगरी यस वर्षको अन्तसम्म निम्नबमोजिम रु.४७ अर्ब १८ करोड ८२ लाख २५ हजार बक्यौता जिम्मेवारी सारेका छन्:

(रु. हजारमा)

कार्यालय	२०६५।६६ सम्मको जम्मा बाँकी	लगत कट्टा	२०६६।६७ मा असुल	२०६५।६६ सम्मको बाँकी	२०६६।६७ को थप	२०६६।६७ सम्मको जम्मा बाँकी
महालेखा नियन्त्रक कार्यालय	८,०३,९२,९७	६६,०९	२८	८,०३,२६,६०	१७,२०,४२,४८	२५,२३,६९,०८
आन्तरिक राजस्व कार्यालयहरु	१४,९३,८४,३१	१,८५,३६,९७	९७,१५,४३	१२,११,३१,९१	४,१९,६२,३१	१६,३०,९४,२२
भन्सार कार्यालयहरु (राजस्व)	४,५४,४९,००	२४,८९,३४	३,४३,२५,८६	८६,३३,८०	४,७७,८५,१५	५,६४,१८,९५
जम्मा	**५२९**	**४४१**	**३४०**	**४४१**	**४२४**	**४६९**

द्रष्टव्य – *आन्तरिक राजस्व कार्यालयहरुतर्फ गत वर्षको तुलनामा रु.४३ लाख ७६ हजार घटी जिम्मेवारी सारेकोले लगत जिम्मेवारीमा फरक पर्न गएको छ ।*

राजस्व बक्यौता रहेको रकममध्ये आन्तरिक राजस्व कार्यालयको बक्यौता रु.९ अर्ब २० करोड ९८ लाख ३९ हजार विभिन्न निकायमा पुनरावेदन परी बाँकी रहेको जानकारी प्राप्त भएको छ । राजस्व सम्बन्धी कानूनमा बक्यौता राजस्व असुल गर्न स्पष्ट कानूनी व्यवस्था भएपनि सो कार्यान्वयनमा कार्यालयहरु निष्क्रिय रहेको स्थिति छ ।

नेपाल सरकारको केन्द्रीय हिसाब

११. **आय व्यय** – यस वर्षको आय र व्ययको विवरण देहायअनुसार छ:

(रु. हजारमा)

व्यय		आय (खर्च व्यहोर्ने स्रोत)	
विवरण	रकम	विवरण	रकम
चालू खर्च	१,५१,०१,९१,३१	राजस्व	१,७९,९४,५८,२४
पूँजीगत खर्च	९०,२३,७६,५४	वैदेशिक सहायता (अनुदान)	३८,५४,५९,७१
साँवा भुक्तानी	१८,४३,२३,२१	वैदेशिक सहायता (ऋण)	११,२२,३३,८२
		आन्तरिक ऋण	२९,९१,४०,००
		नगद मौज्दात परिवर्तन	५,९९,२९
जम्मा	**५२३**	**जम्मा**	**९१९**

११.१. यो वर्ष नेपाल राष्ट्र बैङ्कको हिसाबअनुसार सञ्चितकोष प्रयोजनका लागि २०६७ आषाढ मसान्तमा रु.७ अर्ब ८७ करोड ५७ लाख अधिविकर्षमध्येबाट बचत देखाएको छ । आय व्यय विवरणमा रु.५ करोड ९९ लाख २९ हजार अधिविकर्ष रहेको उल्लेख छ । गत वर्ष नेपाल राष्ट्र बैङ्कले रु.१२ करोड ७८ लाख २२ हजार

अधिविकर्ष बचत देखाएको र आय व्यय विवरणमा रु.२१ अर्ब ४१ करोड ८६ लाख अधिविकर्ष रहेको थियो । आय व्यय विवरणमा प्रस्तुत नगद मौज्दात परिवर्तन र नेपाल राष्ट्र बैङ्कले देखाएको अधिविकर्ष हिसाबमा कार्यालयले निम्नानुसार फरक परेको व्यहोरा उल्लेख गरेको छ:

(रु. लाखमा)

विवरण	२०६६।६७
नेपाल राष्ट्र बैङ्कले देखाएको अधिविकर्ष	७,८७,५७
अधिविकर्षमा थप हुने (छुट रकम)	
बेरुजू दाखिला	२,०४,८७
बैङ्कले विनियोजन खर्च कम देखाएको	४,३६,९८
ख ७ खातामा जम्मा रकम	२,२४
ख ८ खातामा जम्मा रकम	६,३४
इम्प्रेष्ट खातामा जम्मा रकम	३,१४,५१
धरौटी खाताबाट जम्मा रकम	८३,८५
जम्मा	**१०,४८,७९**
कुल जम्मा	**१८,३६,३६**
अधिविकर्षबाट घटाउनुपर्ने	
फ्रिज खाताबाट गत वर्षको भुक्तानी	१०,१७,९३
वैदेशिक अनुदानमा बैङ्कले घटी देखाएको रकम	१,८८,६८
स्थानीय निकायको खातामा जम्मा रकम	८९,७०
मूल्य अभिबृद्धि कर	३०,७९
अन्यमा बैङ्कले कम देखाएको रकम	१,२६,१९
वैदेशिक ऋणमा बैङ्कले कम देखाएको रकम	३,७७,०८
जम्मा	**१८,३०,३७**
सेस्ताअनुसारको अधिविकर्ष	**५,९९**
कूल जम्मा :	**१८,३६,३६**

११.२. यो वर्ष आय व्यय विवरणमा वैदेशिक ऋण प्राप्ति रु.११ अर्ब २२ करोड ३३ लाख ८२ हजार देखाएकोमा ऋण लगानी शाखाले तयार गरेको वैदेशिक ऋण प्राप्तिको आर्थिक विवरणमा रु.७ अर्ब २५ करोड ३९ लाख ७१ हजार देखाएको छ । आय व्यय विवरणमा दर्शाएको वैदेशिक ऋणको अङ्क र वैदेशिक ऋण प्राप्तिको आर्थिक विवरणमा उल्लिखित अङ्कमा रु.३ अर्ब ९६ करोड ९४ लाख ११ हजार फरक परेको छ । फरक परेको सम्बन्धमा हिसाब मिलान विवरण तयार गरेको छैन ।

११.३. यो वर्ष कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरणमा रु.५ करोड ९९ लाख २९ हजार र सञ्चितकोषको आर्थिक विवरणमा रु.११ अर्ब ४६ करोड ४१ लाख २४ हजार अधिबिकर्ष देखाएको छ । नेपाल राष्ट्र बैङ्कको केन्द्रीय ढुकुटी हिसाबमा रु.७ अर्ब ८७ करोड ५७ लाखमात्र अधिबिकर्ष देखाएकाले फरक परेको हिसाब यकिन गर्नुपर्दछ ।

११.४. महालेखा नियन्त्रक कार्यालयले आय व्यय प्रस्तुत गर्दा आयतर्फ वैदेशिक स्रोत प्राप्तिमा सोही वर्ष खर्च भएको रकम देखाएको पाइयो । शोधभर्ना हुने गरी खर्च भएको तर प्राप्त नभएको रकम समेत खर्च व्यहोरेको स्रोतमा प्रस्तुत गरेको छ । नेपाल राष्ट्र बैङ्कले वैदेशिक ऋण तथा अनुदान यो वर्ष वास्तविक प्राप्तिको आधारमा प्रस्तुत नगरी अन्तिम बैङ्क मौज्दातमा गत वर्ष खर्च भई क.१–७ सञ्चितकोषमा ट्रान्सफर भएको रकम समायोजन गरी सुरु मौज्दात घटाई आएको रकम यो वर्ष प्राप्तिमा देखाएको छ । यो वर्ष ऋण खातामा मौज्दात रकम रु.६ अर्ब ४९ करोड ९७ लाखमा सञ्चितकोषमा ट्रान्सफर भएको रु.३ अर्ब ८९

करोड ३ लाखको समायोजन समेत जम्मा रु.१० अर्ब ३९ करोडमा सुरु मौज्दात रु.५ अर्ब ९८ करोड ६० लाख घटाई ढुकुटी हिसाबमा रु.४ अर्ब ४० करोड ४० लाख प्राप्ति देखाएको छ । महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गर्ने वैदेशिक स्रोतको आयतर्फ लेखाङ्कन एवं प्रस्तुति गर्ने प्रक्रिया नै फरक फरक रहेको छ । साथै महालेखा नियन्त्रक कार्यालयको मूल आर्थिक विवरण, सञ्चितकोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कको विवरणमा देखिएको फरक फरक अङ्कको अधिविकर्ष हिसाब यकिन हुनसकेन । यसलाई सुधार गर्न महालेखा नियन्त्रक कार्यालयको ध्यान जानुपर्दछ ।

११.५. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७५(५) मा बैङ्कले नेपाल सरकारलाई प्रवाह गरेको अधिविकर्ष कुनै पनि समयमा नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजस्व आयको ५ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था छ । सरकारको राजस्व गत वर्ष रु.१ खर्ब ७४ अर्ब ३८ करोड ६६ लाख १६ हजार भएकोले यो वर्ष सोको ५ प्रतिशतले रु.७ अर्ब २१ करोड ९३ लाख ३१ हजारसम्म अधिविकर्ष लिन सक्नेमा रु.११ अर्ब ४६ करोड ४१ लाख २४ हजार अधिविकर्ष लिएको सञ्चितकोषको आर्थिक विवरणबाट देखिएकोले ऐनले तोकेको सीमाभन्दा रु.४ अर्ब २४ करोड ४७ लाख ९३ हजार बढी अधिविकर्ष लिएको छ । यसका अतिरिक्त कार्यालयले पेश गरेको सञ्चितकोष हिसाबमा देखिएको अधिविकर्ष रकम र बैङ्कले देखाएको अधिविकर्ष रकमको हिसाब समायोजन विवरण तयार गरी रकम यकिन गर्नुपर्नेमा सो गरेको छैन ।

११.६. नेपाल राष्ट्र वैङ्कबाट प्राप्त विवरणअनुसार सञ्चितकोषमा समावेश नभएका निम्न खाताहरुको रकम समेत २०६७ आषाढ मसान्तमा रु.८९ अर्ब ५४ करोड ५१ लाख अधिविकर्ष हुन आउनेमा 'क' सेरिजका खाताबाट २०६७ पौष मसान्तसम्म सञ्चितकोषमा ट्रान्सफर गरेको रु.२५ अर्ब ८ करोड ४७ लाख घटाउँदा सञ्चितकोष खातामा रु.६४ अर्ब ४६ करोड ४ लाख अधिविकर्ष हुने देखिन्छ । तर सञ्चितकोषको हिसाबमा महालेखा नियन्त्रक कार्यालयले यो वर्षसम्मको अधिविकर्ष रु.७५ अर्ब ५३ करोड ७० लाख ४५ हजार देखाएको छ । वैदेशिक अनुदान एवं ऋण यथार्थ प्राप्तिको आधारमा ट्रेजरी हिसाबमा नदेखाई अन्तिम मौज्दात र सुरु मौज्दातमा भएको फरक रकमलाई प्राप्तिमा देखाउने गरेबाट नेपाल राष्ट्र वैङ्कबाट उपलब्ध तथ्याङ्क समेत यथार्थ छ भन्ने स्थिति देखिएन ।

(रु. हजारमा)

खाता	मौज्दात रकम
क२ ट्रान्सफर खाता	८,४७,००
क३ आकस्मिक खाता	२५,००
वैदेशिक अनुदान (विशेष खाता)	४२,९७,३३,००
वैदेशिक ऋण (विशेष खाता)	६,४९,९७,००
निक्षेप (ख३ धरौटी खाताको मौज्दात)	६,६०,८२,००
इम्प्रेष्ट खाता (ख६ समूहको कार्य सञ्चालन कोष खाताको मौज्दात)	८,२९,७२,००
अनुदान – चालू खाता	२,९४,००
अनुदान – पूँजीगत खाता	२,१९,९००
मूल्य अभिवृद्धि कर खाता	७,४०,००
स्थानीय ग खाता	८,०४,४७,००
अन्य	१६,७१,१५,००
जम्मा	**२०,८६७**

अधिविकर्ष रकमको हिसाब नेपाल राष्ट्र बैङ्कसँग भिडाई यकिन गर्नुपर्दछ ।

१२. **खर्चको अनुमान तथा यथार्थ खर्च** – चालू र पूँजीगत एवं साँवा भुक्तानी खर्चको अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

विवरण	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
सञ्चितकोषमाथि व्ययभार	२९,४५,०१,३३	२९,१०,२२,७०	९८.८१
सञ्चितकोषबाट व्यय	२,५६,४७,९८,६७	२,३०,५८,६८,३७	८९.९०
जम्मा	**३७८**	**३२६**	**९०.८२**
चालू खर्च	१,६०,६३,२३,६१	१,५१,०१,९१,३१	९४
पूँजीगत खर्च	१,०६,२८,४७,९३	९०,२३,७६,५४	८४.९०
साँवा भुक्तानी	१९,०१,२८,४६	१८,४३,२३,२२	९६.९४
जम्मा	**२,८५,९३,००,००**	**११७६**	**९०**

महालेखा नियन्त्रक कार्यालयले कुल खर्च रु.२ खर्ब ५९ अर्ब ६८ करोड ९१ लाख ७ हजार देखाएकोमा आयोजना तथा कार्यालयहरुले लेखापरीक्षणलाई उपलब्ध गराएको आर्थिक विवरणबाट रु.२ खर्ब ५२ अर्ब ४ करोड ४६ लाख ८७ हजार खर्च देखिएको छ ।

१३. **रकमान्तर** – विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० बमोजिम एक बजेट उप–शीर्षकबाट अर्को बजेट उप–शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ ।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार चालू खर्चतर्फ २३८ निकायमा रु.२ खर्ब १९ अर्ब १ करोड ५८ लाख ४१ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.२४ अर्ब ९७ करोड ६ लाख ५२ हजार (०.०२ देखि १४९८.६८ प्रतिशतसम्म) थप भएको छ । पूँजीगत खर्चतर्फ १७१ निकायमा रु.६२ अर्ब ५४ करोड ७ लाख १ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.२० अर्ब २८ करोड १४ लाख ४६ हजार (०.०८ देखि १२५५.२९ प्रतिशतसम्म) थप भएको छ ।

सुरु विनियोजन नै नभएको कार्यक्रम तथा न्यून बजेट विनियोजन भएको उप–शीर्षकमा ठूलो रकम रकमान्तरबाट थप गर्ने परम्पराले बजेट अनुशासन कायम राख्न असर पर्ने हुनाले रकमान्तर गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१४. **वैदेशिक सहायता –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(४) मा बजेटमा समावेश नभएका जुनसुकै प्रकारका सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष अनुदानतर्फ ४५ दाताबाट रु.५६ अर्ब ९५ करोड ५५ लाख ७६ हजार प्राप्त हुने अनुमान भएकोमा ४१ दाताबाट रु.३८ अर्ब ५४ करोड ५९ लाख ६४ हजार प्राप्त भएको छ । ऋणतर्फ ११ दाताबाट नगद, सोझै भुक्तानी, शोधभर्ना हुने गरी रु.२१ अर्ब ५६ करोड ६ लाख ७४ हजार प्राप्त हुने अनुमान भएकोमा १० दाताबाट रु.११ अर्ब २२ करोड ३३ लाख ८० हजार प्राप्त भएको छ ।

वैदेशिक सहायताको दातागत विवरण

(रु.हजारमा)

क्र.सं.	दातृ राष्ट्र तथा संस्था	अनुदान		ऋण	
		बजेट अनुमान	प्राप्त	बजेट अनुमान	प्राप्त
१	स्वीट्जरल्याण्ड –हेल्भेटास	११,९१,७०	९,५६,८२	-	-
२	स्वीट्जरल्याण्ड (एस.डी.सी.)	४५,१८,१३	३८,१६,५५	-	-
३	सउदी विकास कोष	-	-	४३,२८,००	२४,३३,९७
४	सेभ द चिल्ड्रेन, यू.एस ए	२,९७,६०	८२,७५	-	-
५	डेनमार्क	१,२०,८४,४०	२,६७,४६,०६	-	-
६	बेलायत(डी.एफ.आइ.डि.)	२,५३,७२,५४	१,७६,६९,४८	-	-
७	दाताको संयुक्त कोष	७,९२,१७,५२	५,९४,९४,६५	३९,००,००	२६,५८,१९
८	अमेरिका (यूएसएड)	८३,५९,३७	६२,०७,८६	-	-

९	आईफाड	९,१७,१६	९,०१,१६	४०,९३,१७	३४,३५,९५
१०	आई.डि.ए	११,१४,७९,११	७,७८,३१,०५	२,१०,२२,५४	४०,१२,९८
११	आइ.एल.ओ	३,३५,३८	३,३५,३८	-	-
१२	ओपेक कोष	-	-	४९,९५,४४	३१,२१,०६
१३	भारत	२,७५,१६,७२	१,८८,६८,४६	४,४९,९०,१३	१,३३,५२,७१
१४	नेदरल्याण्ड	३२,३८	-	-	-
१५	नेदरल्याण्ड(एस.एन.भी.)	१९,८९,८३	-	-	-
१६	नर्वे	१,०५,२६,०८	१४,८०,९८	-	-
१७	नर्डिक विकास कोष	१,३६,८००	-	-	-
१८	जर्मनी	१३,३२,५०	-	-	-
१९	जर्मनी (के.एफ.डब्लु.)	१,४९,७९,३०	९४,६८,३०	-	-
२०	जापान	५७,००,००	५७,००,००	-	-
२१	जापान (जाईका)	५१,६६,३५	२०,५७,३२	-	-
२२	जापान (डि.आर.एफ)	२,८६,८०,८७	१,१९,९०,४२	-	-
२३	जापान (के आर १)	१०,६४,००	१०,६५,०६	-	-
२४	जापान (के आर २	५,००,००	४,९०,९४	-	-
२५	जापान जे एफ पि आर	३,५५,००	९,०५	-	-
२६	जापान एनजिएफ	६,७२,००	४,५५,८३	-	-
२७	जापान एनपिजि	४०,२५,००	२५,३३,०८	-	-
२८	प्लान इन्टरनेशनल	१,७०,००	१,९३,९४	-	-
२९	नेदरल्याण्ड	२९,२४	१५,७४	-	-
३०	विश्व स्वास्थ्य संगठन	२४,०५,८६	१०,१५,६६	-	-
३१	विश्व खाद्य कार्यक्रम	६५,०८,२०	२६,७०,८८	-	-
३२	फिनल्याण्ड	५७,९९,५०	३२,२१,२९	-	-
३३	यु के (डि.आर.एफ)	३८,६६,००	३८,६६,००	-	-
३४	यू.एन.डि.पि.	२१,३३,४५	४७,६८,३९	-	-
३५	यू.एन.एफ.पि.ए.	४२,३१,५७	२,४,९०,९४	-	-
३६	युरोपियन युनियन	३२,६३,५४	१४,८१,५९	-	-
३७	ईएफए दातृसमूह	७३,९४,६३	७१,२२,०५	३१,६९,१३	३०,१५,९६
३८	इ.सि.(शान्ति कोष)	२,८७,४३,५५	-	-	-
३९	युनिसेफ	५१,५४,०१	१,२५,६३,३७	-	-
४०	युएन हेभिट्याट	३,२०,९३	३४,५४	-	-
४१	एस.एस.आर दातृसमुह	७,७०,४९,८३	६,३३,१८,९७	२,६४,५४,३९	२,०९,६७,९९
४२	ए.डि.वि.	६,०६,६७,५९	२,४६,७९,८०	७,५३,३३,९४	४,९६,८०,४३
४३	ए.डि.वि.–जेएफपिआर	२,५५,००	-	-	-
४४	चीन	६१,७५,००	३४,३४,००	१,५०,००,००	-
४५	केयर नेपाल	७०,००	७०००	-	-
४६	कोरिया– ई.डि.सि.एफ	-	-	१,२३,२०,००	९५,५४,५६
४७	गाभी	२६,९८,१४	१९,७८,१९	-	-
४८	ग्लोबल	४९,३८,७८	४०,६३,०८	-	-
४०	नखुलेको	-	२,५०,००	-	-
५०	नखुलेको	-	६०,०१	-	-
	जम्मा	**५६,९५,५५,७६**	**३८,५४,५९,६४**	**२१,५६,०६,७४**	**११,२२,३३,८०**

उपरोक्तानुसार अनुदानतर्फ विभिन्न ६ दाताबाट रु.३ अर्ब ३७ करोड २१ लाख २६ हजार प्राप्त हुनुपर्नेमा प्राप्त भएको छैन भने नाम नखुलेको २ दाताबाट अनुदान नदेखिएकोमा रु.३ करोड १० लाख १ हजार देखाएको छ । त्यसै गरी ऋणतर्फ एक दाताबाट रु. १ अर्ब ५० करोड ऋण प्राप्त हुने अनुमान रहेकोमा प्राप्त भएको देखिएन ।

१५. **अनुदान शोधभर्ना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(४) मा शोधभर्ना लिने सम्बन्धमा प्रक्रिया र जिम्मेवारी तोकिएको, उपनियम (५) मा समयमा शोधभर्ना माग गरे नगरेको अनुगमन गरी लेखाउत्तरदायी अधिकृतले शोधभर्नाको स्थितिको वार्षिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तदनुरुप मन्त्रालयले शोधभर्नाको वार्षिक विवरण पेश गरेको छैन । गत वर्षसम्मको अनुदान शोधभर्ना हुन बाँकी रु.१४ अर्ब ३४ करोड ८ लाख ८९ हजारमा यो वर्ष भएको खर्च शोधभर्ना हुनुपर्ने रु.२३ अर्ब १९ करोड १८ लाख १५ हजारमा शोधभर्ना प्राप्त हुन आएको रु.१५ अर्ब ७० करोड ४९ लाख ५९ हजार र समायोजन एवं क.१–६ दाखिला भएको रु.४१ करोड ५ लाख २४ हजार घटाउँदा देहायबमोजिम रु.२१ अर्ब ४१ करोड ७२ लाख २१ हजार शोधभर्ना लिन बाँकी छ:

(रु. हजारमा)

मन्त्रालय	२०६५।६६ सम्मको बाँकी	२०६६।६७ को खर्च	जम्मा	२०६६।६७ मा शोधभर्ना प्राप्त	स्रोतान्तर समायोजन हिसाब मिलान	जम्मा	२०६७ आषाढसम्मको बाँकी
प्रधानमन्त्री तथा मं.प.को कार्यालय	१,९४,९४,५६	२,४६,३९,४४	४,४१,३४,००	२,९६,२३,०३	१,५५,१०	२,९७,७८,१३	१,४३,५५,८७
उर्जा	-	१६,७७	१६,७७	-	-	-	१६,७७
कृषि तथा सहकारी	१२,८२,७९	१६,४१,९५	२९,२४,७४	१२,६८,७९	३	१२,६८,८२	१६,५५,९२
भौतिक योजना तथा निर्माण	७८,६८,८७	२,८८,४९,१७	३,६७,१८,०४	१,७६,७०,६४	-	१,७६,७०,६४	१,९०,४७,४०
पर्यटन तथा नागरिक उड्डयन	१,४८,५०	-	१,४८,५०	-	-	-	१,४८,५०
महिला बालबालिका तथा स.क.	३४,२८	-	३४,२८	-	-	-	३४,२८
वन तथा भू–संरक्षण	१,३२,०३	२,४२,८४	३,७४,८७	१,९५,१७	-	१,९५,१७	१,७९,७०
वाणिज्य तथा आपूर्ति	६,७७,३९	-	६,७७,३९	२६,००	-	२६,००	६,५१,३९
विज्ञान प्रविधि तथा वातावरण	२२,४२,०८	२१,५२,२५	४३,९४,३३	४२,३३,४८	-	४२,३३,४८	१,६०,८५
शान्ति तथा पुन:र्निर्माण	१,२८,१०,१२	१,४५,३३,९२	२,७३,४४,०४	९७,५२,५१	३८,३८,६९	१,३५,९१,२०	१,३७,५२,८४
शिक्षा	५,९४,५४,७९	८,०६,५४,१७	१४,०१,०८,९६	५,४५,७१,७९	-	५,४५,७१,७९	८,५५,३७,१७
सूचना तथा संचार	-	३३,३७	३३,३७	-	-	-	३३,३७
सिचाई	१३,२२,९५	४२,५६,६५	५५,७९,६०	११,११,१४	-	११,११,१४	४४,६८,४६
स्थानीय विकास	७५,७६,२३	३,३४,५९,११	४,१०,३५,३४	७३,१५,६९	-	७३,१५,६९	३,३७,१९,६५
स्वास्थ्य तथा जनसंख्या	२,९९,०४,८६	४,१३,०५,४६	७,१२,१०,३२	३,०८,३७,५५	-	३,०८,३७,५५	४,०३,७२,७७
श्रम तथा यातायात व्यवस्था	४९,७७	-	४९,७७	-	-	-	४९,७७
राष्ट्रिय योजना आयोगको सचिवालय	३,९६,४४	१,३३,०५	५,२९,४९	४,४३,८०	१,११,४२	५,५५,२२	-२५,७३
अर्थ	१३,२३	-	१३,२३	-	-	-	१३,२३
जम्मा	**१४,३४,०८,८९**	**२३,१९,१८,१५**	**३७,५३,२७,०४**	**१५,७०,४९,५९**	**४१,०५,२४**	**१६,११,५४,८३**	**२१,४१,७२,२१**

१५.१. विभिन्न आयोजना तथा कार्यक्रमहरुमा अनुदान शोधभर्ना हुनेगरी बजेट व्यवस्था भएकोमा निकासा खर्च हुनसकेको देखिएन । निकासा भएका कतिपय कार्यक्रमहरुमा बजेटको तुलनामा न्यून (५० प्रतिशतभन्दा कम) खर्च हुने गरेको देखियो ।

- निकासा खर्च नभएको विवरण

(रु.हजारमा)

क्र.सं.	कार्यक्रमको नाम	ब.उ.शी.नं.	दाता	बजेट	खर्च हुन नसक्नाको कारण
१	सूचना र प्रविधि विकास आयोजना	२५–३।४–२४०	ए.डी.बी.	५,७०,००	नखुल्ने
२	सप्तकोशी वहुउद्देशीय आयोजना	३७–४–५५३	भारत	९,२२,४५	नखुल्ने
३	स्थानीय शान्ती समिति	६२–३।४–८००	ए.डी.वी.	१५,१२,३५	नखुल्ने
४	पंजिकरण कार्यक्रम	६९–३–१४०	ए.डी.वी.	४,००,००	नखुल्ने
५	नेपाल खाद्य संकट सम्बोधन कार्यक्रम	६९–३–४०५	आई.डी.ए.	४५,७२,००	नखुल्ने
६	एड्स तथा यौन रोग नियन्त्रण आयोजना	७०–३–४०२	डि एस. आइ डी	१,०१,१५	नखुल्ने
७	एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम	७०–३।४–८५५	गाभी	१९,००	नखुल्ने
			जम्मा	**८०,९६,९५**	

- न्यून खर्च भएको विवरण

(रु.हजारमा)

क्र.सं.	दाताको नाम	उप–शीर्षक	योजनाको नाम	बजेट	खर्च	प्रतिशत
१	आई.डी.ए.	४७–३।४–३२३	सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना	१,५६,६२	१६,७७	१०.७०
२	आई.डी.ए.	४०–३।४–४७५	एकीकृत जलश्रोत व्यवस्थापन आयोजना	१२,३१,००	५,२०,७५	४२.३०
३	आई.डी.ए.	४०–३।४–५९२	वर्डफ्ल्यू नियन्त्रण आयोजना	३२,८२,४७	९,७८,१९	२९.८०
४	ए.डी.वी.	४०–३।४–६८२	वाढीजन्य क्षति पुन:र्निर्माण आयोजना	१,०७,२८,६२	३९,६८,४२	३६.९९

५	ए.डी.बी.	४८–३।४–७२७	दोश्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना	२२,९८,६७	३,४५,५०	१५.०३
६	यु.एस.ए.आइ.डि	६५–३–४१६	सबैका लागि शिक्षा कार्यक्रम	९७,७६	१६,४८	१६.८६
७	ए.डी.बी.	६५–३–४२६	सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम	३८,३७,६०	११,१३,९३	२९.०३
८	ए.डी.बी.	७०–३।४–२०१	सासेक सूचना राजमार्ग आयोजना	२,९७,००	३३,३६	११.२३
९	दाताको संयुक्त कोष	७०–३–२१०	राष्ट्रिय जनसंख्या कार्यक्रम	५०,००	११,००	२२.००
१०	„ „	७०–३।४–४७०	विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम	४८,५७,२१	१५,७४,४४	३२.४१
११	के.एफ.डब्लु	७०–३।४–६१०	औषधि र उपकरण आपूर्ति	१०,००,००	२,८३,३९	२८.३४
१२	डी.एफ.आई.डी.	७०–३।४–६१०	औषधि र उपकरण आपूर्ति	३५,००	५,६०	१६.००
१३	यु.एस.ए.आइ.डि	७०–३।४–६६०	राष्ट्रिय तालिम कार्यक्रम	२३,००	३,५०	१५.२२
			जम्मा	**२,६८,५९,९५**	**८५,८२,३४**	**३१.९५**

वैदेशिक अनुदान कार्यान्वयनको क्षमता वृद्धि गरी कार्यक्रम सम्पन्न गर्न आवश्यक पहल गर्नुपर्दछ ।

१५.२. यो वर्ष वैदेशिक अनुदान शोधभर्ना हुने गरी १४ मन्त्रालयको १०२ कार्यक्रम सञ्चालन गर्न १६ दाताराष्ट्र तथा संस्थाबाट रु.३३ अर्ब ४४ करोड ७५ लाख २० हजार प्राप्त हुने गरी बजेट विनियोजन भएकोमा रु.२३ अर्ब १९ करोड १८ लाख १५ हजार शोधभर्ना प्राप्त हुने गरी खर्च भएको छ । यो वर्षसम्म कुल शोधभर्ना हुनुपर्ने रु.३७ अर्ब ५३ करोड २७ लाख ४ हजार रहेकोमा रु.१५ अर्ब ७० करोड ४९ लाख ५९ हजार (४१.८४ प्रतिशत) शोधभर्ना प्राप्त भएको र समायोजनबाट रु.४१ करोड ५ लाख २४ हजार हिसाब मिलान गरी रु.२१ अर्ब ४१ करोड ७२ लाख २१ हजार शोधभर्ना लिन बाँकी छ । शोधभर्ना लिन बाँकी रकम गत वर्ष रु.१४ अर्ब ३४ करोड ८ लाख ८९ हजारमात्र रहेकोमा यो वर्ष रु.७ अर्ब ७ करोड ६३ लाख ३२ हजार थप हुन गई गत वर्षको तुलनामा ४९.३४ प्रतिशतले वृद्धि भएको देखिन्छ । वैदेशिक अनुदान शोधभर्ना प्राप्त हुनुपर्ने रकम बढ्दै गएको स्थिति सन्तोषप्रद देखिँदैन ।

१५.३. महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार देहायका १० मन्त्रालय अन्तर्गत हाल बन्द भईसकेका १९ योजना तथा कार्यक्रममा २०६५।६६ सम्ममा रु.१० करोड ९८ लाख ६१ हजार शोधभर्ना लिन बाँकी भएकोमा २०६६।६७ को अन्तमा रु.१० करोड ७२ लाख ६१ हजार बाँकी रहेको छ ।

(रु.हजारमा)

क्र.सं.	मन्त्रालयको नाम	आर्थिक वर्ष २०६५।६६ सम्मको बाँकी	२०६६।६७ मा थप भएको	जम्मा बाँकी	योजना संख्या
१	कृषि तथा सहकारी	११,६४	-	११,६४	२
२	पर्यटन तथा नागरिक उड्डयन	१,४८,५०	-	१,४८,५०	१
३	महिला, वाल वालिका तथा समाज कल्याण	३४,२८	-	३४,२८	२
४	वन तथा भू–संरक्षण	१७,४८	-	१७,४८	२
५	वाणिज्य तथा आपूर्ति	६,७७,३९	-२६,००	६,५१,३९	३
६	शिक्षा	१,३९,२३	-	१,३९,२३	३
७	सिंचाई	३४,०२	-	३४,०२	३
८	स्थानीय विकास	१७,८६	-	१७,८६	१
९	स्वास्थ्य तथा जनसंख्या	४,९८	-	४,९८	१
१०	अर्थ	१३,२३	-	१३,२३	१
	जम्मा	**१०,९८,६१**	**-२६,००**	**१०,७२,६१**	**१९**

शोधभर्ना लिने गरी खर्च भएका तर बन्द भईसकेका आयोजनाहरुको समयमै शोधभर्ना माग एवं प्राप्ति स्थितिको मूल्याङ्कन तथा अनुगमन गरी शोधभर्ना हिसाब समायोजन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१६. **ऋण शोधभर्ना –** वैदेशिक ऋण शोधभर्ना हुने गरी २०६६।६७ र सोभन्दा अघि खर्च भएको रु.७ अर्ब ७८ करोड ५२ लाख ३४ हजार शोधभर्ना लिन बाँकी रहेकोमा यस वर्षको खर्च रु.७ अर्ब ९७ करोड ४७ लाख ६५ हजार समेत जम्मा शोधभर्ना हुनुपर्ने रु.१५ अर्ब ७५ करोड ९९ लाख ९९ हजार देखिन्छ । सोमध्ये गत आर्थिक

वर्षसम्मको रु.३ अर्ब ३५ करोड १९ लाख ६५ हजार र यस वर्षको रु.१ अर्ब ५५ करोड ८७ लाख ४८ हजार समेत रु.४ अर्ब ९१ करोड ७ लाख १३ हजार प्राप्त भएको देखियो । साथै समायोजन भएको रु.४ करोड ७३ लाख ६९ हजार तथा फ्रिज (क.१–६ मा जम्मा) भएको रु.५४ लाख ५३ हजार समेत हिसाब मिलान गर्दा रु.१० अर्ब ७९ करोड ६४ लाख ६४ हजार (६८.५० प्रतिशत) शोधभर्ना लिन बाँकी देखिएको छ ।

(रु.हजारमा)

सि.नं.	मन्त्रालयको नाम	२०६५।६६ सम्मको बाँकी	२०६६।६७ को खर्च	जम्मा शोधभर्ना हुनुपर्ने	आर्थिक वर्ष २०६६।६७			२०६७ आषाढ मसान्तसम्म बाँकी
					शोधभर्ना प्राप्त	समायोजन क१–६ फ्रिज	जम्मा	
१	उर्जा	८,००,००	-	८,००,००	-	-	-	८,००,००
२	कृषि तथा सहकारी	३३,३७,०४	४६,०६,५६	७९,४३,६०	३४,७४,१५	३,९०,७१	३८,६४,८६	४०,७८,७४
३	भौतिक योजना तथा निर्माण	१,७४,६१,७२	२,७१,५८,७०	४,४६,२०,४२	२,१२,८१,५७	१,३६,९१	२,१४,१८,४८	२,३२,०१,९४
४	पर्यटन तथा नागरिक उड्डयन	२,७७,७४	-	२,७७,७४	-	-	-	२,७७,७४
५	महिला, बालबालिका तथा समाज कल्याण	६,४२,२६	११,६५,०७	१८,०७,३३	९,१७,२२	-	९,१७,२२	८,९०,११
६	वन तथा भू–संरक्षण	३,८०,३२	७,६८,२०	११,४८,५२	८,८७,९२	-	८,८७,९२	२,६०,६०
७	शिक्षा	४,१६,०९,७७	२,७५,२८,९२	६,९१,३८,६९	६३,३०,२९	-	६३,३०,२९	६,२८,०८,४०
८	सूचना तथा सञ्चार	१५,५३	८,२५	२३,७८	१७,४५	६०	१८,०५	५,७३
९	सिंचाई	२९,७७,०२	५५,५८,१५	८५,३५,१७	४०,५४,७९	-	४०,५४,७९	४४,८०,३८
१०	स्थानीय विकास	६५,१८,६५	१,०२,९५,६०	१,६८,१४,२५	८५,३८,७३	-	८५,३८,७३	८२,७५,५२
११	स्वास्थ्य तथा जनसंख्या	३६,०५,०१	२६,५८,२०	६२,६३,२१	३६,०५,०१	-	३६,०५,०१	२६,५८,२०
१२	अर्थ	२,२७,२८	-	२,२७,२८	-	-	-	२,२७,२८
	जम्मा	**७,७८,५२,३४**	**७,९७,४७,६५**	**१५,७५,९९,९९**	**४,९१,०७,१३**	**५,२८,२२**	**४,९६,३५,३५**	**१०,७९,६४,६४**

१६.१. कार्यालयबाट पेश भएको विवरणमा निम्नानुसारका बन्द भएका योजनाहरुमा शोधभर्ना हुन बाँकी रकम ऋणात्मक देखाएको छ । शोधभर्ना लिन बाँकी रकम ऋणात्मक हुनुको कारण खुल्ने गरी हिसाब राखेको छैन ।

(रु. हजारमा)

सि.नं.	योजनाको नाम	वैदेशिक ऋण/अनुदान तर्फ बांकी	दातृ निकाय	ऋणात्मक देखिएको रकम
१	मेलम्ची खानेपानी आयोजना	ऋण शोधभर्ना बाँकी	जापान	४,४३
२	सडक सञ्जाल विकास आयोजना	,, ,,	ए.डी.वी	२,६३,००
३	कवुलियती वन तथा चरण विकास आयोजना	,, ,,	आईफाड	१,१८,५१
४	प्रगन्ना कुलो सिंचाइ	,, ,,	कुवेत	३,८७
५	पश्चिम तराई गरिवी निवारण आयोजना	,, ,,	आईफाड	२,५८,३१
६	गरिवी निवारण कोष (प्रथम चरण)	अनुदान शोधभर्ना बाँकी	आईफाड	९४,३४,९३
७	शान्ति सचिवालय	,, ,,	यू.एस.ए.आई.डि	१,३८
८	प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम	,, ,,	यू.एस.ए.आई.डि	५२
			जम्मा:	**१,००,८४,९५**

शोधभर्ना लिनुपर्ने रकम ऋणात्मक देखिएकोमा कारण नखुलाएकोले शोधभर्ना हिसाब यथार्थ नभएको व्यहोरा गत विगतदेखि औँल्याइएकोमा यो वर्ष पनि सुधार हुनसकेको छैन ।

१६.२. शोधभर्ना लिने गरी खर्च भएको रकम समयमा शोधभर्ना माग नगरेको, दातृपक्षसँग भएको सम्झौतानुसार शोधभर्ना नहुने क्षेत्र तथा कार्यमा खर्च गरेकोले शोधभर्ना लिन बाँकी रकममा वृद्धि भएको देखिन्छ ।

१७. **ऋणको समष्टिगत स्थिति** – यो वर्ष नेपाल सरकारले प्राप्त गरेको आन्तरिक र वैदेशिक ऋणको समष्टिगत स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

ऋणको किसिम	२०६५।६६ सम्मको बाँकी	२०६६।६७ मा			२०६६।६७ सम्मको बाँकी ऋण	वृद्धि प्रतिशत
		प्राप्ति	समायोजन	जम्मा साँवा भुक्तानी		
आन्तरिक	१,२५,४३,५३,७९	२९,९१,४०,००	-	७,६८,९३,०१	१,४७,६६,००,७८	७.७२
वैदेशिक	२,७७,०४,०३,७७	७,२५,३९,७१	(१७,३०,८०,५०)	१०,७४,३०,२०	२,५६,२४,३२,७८	(७.५१)
जम्मा	**३६४**	**३०२**	**(१७,३०,८०,५०)**	**३०३**	**३८४**	**०.३५**

१७.१. यो वर्ष पेश भएको आन्तरिक ऋण विवरणमा गत वर्षसम्मको कुल आन्तरिक ऋण दायित्व रु.१ खर्ब २५ अर्ब ४३ करोड ५३ लाख ७९ हजार देखाएको छ । गत वर्ष पेश भएको विवरणमा रु.१ खर्ब २२ अर्ब ७९ करोड ९९ लाख ९१ हजार आन्तरिक ऋण दायित्व देखाएकोले रु.२ अर्ब ६३ करोड ५३ लाख ८८ हजार फरक परेको सम्बन्धमा कारण स्पष्ट गरेको छैन ।

१७.२. यो वर्ष विभिन्न आयोजना तथा कार्यक्रमका लागि वैदेशिक ऋण रु.२१ अर्ब ५६ करोड ६ लाख ७४ हजार प्राप्त हुने अनुमान रहेकोमा रु.११ अर्ब २२ करोड ३३ लाख ८० हजार प्राप्त भएको छ । ऋण प्राप्तिको अनुमान तथा यथार्थ स्थितिको तुलनात्मक विवरण निम्नानुसार छ:

(रु. हजारमा)

ऋणको किसिम	बजेट अनुमान	यथार्थ	प्रतिशत
१. नगद	१,५०,००,००	-	-
२. शोधभर्ना हुने	१०,४४,०८,७३	७,९७,४७,६४	७६.३८
३. सोझै भुक्तानी	९,६१,९८,०१	३,२४,८६,१६	३३.७७
जम्मा	**२१,५६,०६,७४**	**११,२२,३३,८०**	**५२.०५**

१७.३. कुल चालू खर्चको दाँजोमा विगत ३ वर्षको आन्तरिक तथा वैदेशिक ऋणको साँवा/ब्याज भुक्तानीको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आर्थिक वर्ष	कुल चालू खर्च	आन्तरिक ऋण		वैदेशिक ऋण		कुल साँवा ब्याज भुक्तानी	चालू खर्चको प्रतिशत
		साँवा	ब्याज	साँवा	ब्याज		
२०६४/६५	९१,४४,६८,६१	८,५१,७५,२८	४,१७,६७,७१	७,८६,९४,०४	२,१४,५३,०६	२२,७०,९०,१०	२४.८३
२०६५/६६	१,२७,६५,३६,४४	८,७१,३८,५९	५,७८,०४,९९	१०,१२,०२,५४	२,३७,३७,४१	२६,९८,८३,५३	२१.१४
२०६६/६७	१,५१,०१,९१,३१	७६८९३०१	७५२३१९३	१०७४३०२०	२४५८०६४	२८४१३५७८	१८.८१

यो वर्ष असुली राजस्व रु.१ खर्ब ७९ अर्ब ९४ करोड ५८ लाख २४ हजारको तुलनामा १५.७९ प्रतिशत साँवा ब्याज भुक्तानी गरेको छ । कुल पूँजीगत खर्च तथा साँवा फिर्ता भएको कुल खर्च रु.१ खर्ब ८ अर्ब ६६ करोड ९९ लाख ७५ हजारको तुलनामा साँवा फिर्ताको प्रतिशत १६.९६ प्रतिशत रहेको छ भने चालू खर्चको तुलनामा १२.२१ प्रतिशत हुन आउँछ ।

१८. **ऋण लगानी** – यो वर्ष आन्तरिक स्रोत (अर्थ विविध समेत) बाट रु.१ अर्ब ३१ करोड २५ लाख र वैदेशिक स्रोतबाट रु.९ अर्ब ७३ करोड ८८ लाख ६० हजार समेत रु.११ अर्ब ५ करोड १३ लाख ६० हजार विनियोजन भएकोमा आन्तरिक स्रोतबाट १६ संस्थामा रकमान्तर समेतबाट रु.६ अर्ब २९ करोड ४४ लाख ८२ हजार र वैदेशिक स्रोतबाट १ संस्थामा रु.५८ करोड ९० लाख समेत रु.६ अर्ब ८८ करोड ३४ लाख ८२ हजार ऋण लगानी भएको देखिन्छ ।

१८.१. आन्तरिक स्रोतबाट विभिन्न संस्थानहरुमा भएको ऋण लगानीको प्राप्त विवरणअनुसार गत वर्षसम्म असुल गर्न बाँकी ऋण रु.१९ अर्ब २२ करोड ९६ लाख ३१ हजार, यो वर्ष लगानी रु.६ अर्ब २९ करोड ४४ लाख ८२ हजार र समायोजनबाट रु.२ अर्ब ८८ करोड ९६ लाख ३६ हजार समेत कुल ऋण लगानी रु.२८ अर्ब ४१ करोड ३७ लाख ४९ हजारमध्ये यो वर्षसम्म रु.२ अर्ब २९ करोड २८ लाख ५६ हजार प्राप्त भएको कटाउँदा खुद आन्तरिक ऋण लगानी रु.२६ अर्ब १२ करोड ८ लाख ९३ हजार छ । उक्त लगानी बाँकीको समर्थनपत्र लिएको छैन ।

१८.२. कार्यालयबाट पेश भएको ऋण लगानीको आर्थिक विवरणअनुसार वैदेशिक स्रोतबाट गत वर्षसम्ममा जिम्मेवारी रु.१ खर्ब २५ करोड ५२ लाख ४५ हजार, यस वर्षको ऋण लगानी रु.५८ करोड ९० लाख र समायोजनबाट रु.४ अर्ब ७६ करोड ५७ लाख ६१ हजार समेत रु.१ खर्ब ५ अर्ब ६१ करोड ६ हजार ऋण लगानी भएकोमा यो वर्ष रु.३१ अर्ब २२ करोड ८५ लाख ७२ हजार साँवा प्राप्त भई रु.७४ अर्ब ३८ करोड १४ लाख ३४ हजार ऋण लगानी देखिएको छ । उक्त बाँकी ऋण लगानीको समर्थन प्राप्त गरेको छैन ।

१८.३. वैदेशिक स्रोतबाट १४ बजेट उप–शीर्षकमा लगानीको लागि रु.९ अर्ब ७३ करोड ८८ लाख ६० हजार विनियोजित भएकोमा १ उप–शीर्षकबाट रु.५८ करोड ९० लाख (६.०४८ प्रतिशत) मात्र लगानी गरेको पाईयो ।

१८.४. विभिन्न मन्त्रालयमार्फत लगानी भएको ऋण सम्बन्धी कागजात तत्कालै महालेखा नियन्त्रक कार्यालयमा प्राप्त नहुने हुँदा ऋण लगानी कारोबारको हिसाब अद्यावधिक नहुने स्थिति छ । लेखापरीक्षणको लागि पेश भएको आर्थिक विवरण र आन्तरिक ऋण लगानी खाता भिडान गर्दा नेपाल विद्युत प्राधिकरणको नाममा ऋण खातामा बाँकी रु.८६ लाख ७ हजार र ब्याज बाँकी रु.१ करोड १ लाख ४ हजार रहेकोमा आर्थिक विवरणमा क्रमश: रु.५ करोड ८८ लाख ४३ हजार र रु.१ करोड १३ लाख १९ हजार बाँकी देखिएको छ ।

१८.५. आन्तरिक तथा वैदेशिक स्रोतबाट ऋण लगानी गरेका सार्वजनिक संस्था र सरकारबीच भएका सहायक ऋण सम्झौता, तमसुक आदि सङ्कलन गरी ऋण लगानी फिर्ता हुने समय र ब्याज दर यकिन गरी व्यवस्थितरुपमा राख्नुपर्नेमा यो वर्षसम्म आन्तरिक स्रोततर्फ २७ संस्थामा ४० कार्यक्रमका लागि लगानी भएको रु.२ अर्ब ३ करोड ९९ लाख ४७ हजारको र वैदेशिक स्रोततर्फको ६ संस्थामा २२ कार्यक्रमको लागि लगानी भएको रु.६ अर्ब ८८ करोड २२ लाख २९ हजार समेत रु.८ अर्ब ९२ करोड २१ लाख ७६ हजारको सहायक ऋण सम्झौता एवं तमसुक कार्यालयमा रहेको पाइएन । तमसुक र सम्झौताको अभावमा ऋण लगानी फिर्ता हुने समय र ब्याज दर यकिन गर्न सकिने स्थिति देखिएन । यो व्यहोरा गत विगत वर्षको प्रतिवेदनबाट औँल्याउँदै आएकोमा स्थिति यथावत रहेको छ ।

१८.६. आन्तरिक तथा वैदेशिक स्रोतबाट भएको ऋण लगानी असुल हुन बाँकी देखिएका संस्थाहरु बिक्री, लिक्विडेशन र अन्य माध्यमबाट निजीकरण भइसकेका छन् । तीमध्ये १७ संस्थामा विभिन्न मितिमा आन्तरिक ऋण रु.२ अर्ब २१ करोड ५३ लाख ४९ हजार र ८ संस्थामा वैदेशिक ऋण रु.१६ करोड ६६ लाख २३ हजार लगानी गरेकोमा सोको भाखा नाघेका साँवा तथा ब्याज रकम यकिन गरी हिसाब राफसाफ गर्नुपर्नेमा हालसम्म गरेको देखिएन ।

१८.७. विगतमा २८ संस्थामा लगानी भएको आन्तरिक ऋण रु.२ अर्ब ५ करोड १ लाख ४२ हजारमा लिनुपर्ने ब्याज समेत हिसाब गरी असुल गर्नेतर्फ कारबाहीका लागि गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत रहेको छ ।

१८.८. नेपाल सरकारको स्रोततर्फ साँवा रु.२६ लाख ५३ हजार र एशियाली विकास बैङ्कको स्रोततर्फ रु.४५ लाख १७ हजारको सम्झौता तथा तमसुकअनुसार १० प्रतिशत ब्याजमा राष्ट्रिय प्रकृति संरक्षण कोषलाई ऋण लगानी गरेकोमा नेपाल सरकारको २०६२।१२।३१ को निर्णयले २०६० माघदेखि नै लागु हुने गरी ब्याज दर घटाई २ प्रतिशतमात्र कायम गरेअनुसार २०६० माघदेखि २०६७ आषाढसम्म घट्न गएको रु.३७ लाख २८ हजार हिसाब मिलान गरेको पाइयो । ब्याज दर घटाउने निर्णयको सूचना राजपत्रमा प्रकाशित गरेको छैन ।

१८.९. कार्यालयले २०६७।११।१६ मा पेश गरेको स्रोतगत निकासा खर्चको केन्द्रीय आर्थिक विवरण र लेखापरीक्षणको लागि २०६७।१०।२ मा लगानी शाखाले पेश गरेको संशोधित आर्थिक विवरणबीच विभिन्न उप–शीर्षकमा निकासा र खर्चमा रु.२ अर्ब ८६ करोड ३३ लाख ९३ हजार फरक भई घटी ऋण लगानी गरेको देखिएको छ । फरक रकम सम्बन्धमा हिसाब यकिन गरी ऋण खाता र आर्थिक विवरणमा लेखाङ्कन गर्नुपर्छ ।

१८.१०. बिराटनगर जुट मिलमा एशियाली विकास बैङ्कको ऋण स्रोतबाट २०२७।१२।२३ मा ७.५ प्रतिशत ब्याज लिने गरी अमेरिकी डलर २२ लाख ९५ हजार लगानी गर्ने सम्झौता भएकोमध्ये अमेरिकी डलर २१ लाख २३ हजारको रु.२ करोड ५६ लाख ८६ हजार ऋण लगानी गरेको छ । सोको २०६३।६४ सम्मको ब्याज रु.१ करोड ९ लाख २६ हजार र साँवामध्ये रु.८७ लाख ७९ हजार असुल गरेको छ । बाँकी साँवा रु.१ करोड ६९ लाख ७ हजारको यो वर्षसम्मको ब्याज रु.३८ लाख ४ हजार भाखा नाघेको हिसाबमा समावेश गरेको नदेखिएकोले उक्त रकम ऋण खाता र आर्थिक विवरणमा समावेश गरी असुल गर्नुपर्छ ।

१८.११. नेपाल विद्युत प्राधिकरण भरतपुर–पोखरा १३२ के.भी.ए.प्रसारण लाइन एशियाली विकास बैङ्कको ऋण नं.२५ अन्तर्गत २०४८।६।२३ मा (संशोधित) सम्झौता भई २०६४।४।३२ बाट रु.३ करोड ६ लाख ७९ हजार २६ वर्षभित्रमा ८.५ प्रतिशत ब्याजमा चुक्ता गर्ने गरी ऋण लगानी गरेको ऋण खाता नं.११२ मा उल्लेख गरेको देखियो । तर सो रकम आर्थिक विवरणमा समावेश गरेको छैन । अत: उक्त रकम लेखाङ्कन गरी आर्थिक विवरणमा समावेश गर्नुपर्ने सुझाउ गत वर्ष औँल्याइएकोमा कुनै सुधार भएन ।

१८.१२. दुई संस्थाको नाममा ऋण लगानी रु.७१ लाख ६६ हजार देखिएकोमा आर्थिक विवरणमा सो लेखाङ्कन नभएकोले लेखाङ्कन गरी असुल उपर हुनुपर्छ ।

(रु.हजारमा)

संस्थाको नाम	खाता नं.	रकम
नेपाल वायुसेवा निगम	८२	५,०७
नेपाल औद्योगिक विकास निगम	१९२	६४,२८
नेपाल औद्योगिक विकास निगम	१९४	२,३१
जम्मा		**७१,६६**

१९. **भाखा नाघेको ऋण** – ऋणको भाखा नाघेकोमा साँवा/ब्याजको बीजक जारी गरी असुल गर्नुपर्दछ । यस्तो भाखा नाघेको साँवा, ब्याज असुल गर्न बीजक जारी गर्ने कार्य सुरु गरे तापनि असुली कार्य प्रभावकारी हुनसकेको देखिएन । राजस्व बक्यौताको लगत अद्यावधिक नगरेको, ब्याज असुल नगरी साँवामात्र असुल गरेको, भाखा नाघेको साँवा ब्याज सबै समावेश गरी तोकिएको ढाँचामा राजस्वको आर्थिक विवरण तयार गर्ने नगरेको व्यहोरा गत विगतको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष भाखा नाघेको साँवा/ब्याज यकिन भएका संस्थाहरुको मात्र रकम समावेश गरी आर्थिक विवरण तयार गरेको छ ।

ऋण सम्झौता तथा तमसुकमा भएको साँवा फिर्ता तथा ब्याज भुक्तानी गर्ने समय तालिकाअनुसार ऋण लिएको संस्थाले साँवा फिर्ता तथा ब्याज बुझाएको देखिएन । प्राप्त आर्थिक विवरणअनुसार विगत पाँच वर्षको भाखा नाघेको साँवा ब्याज निम्नानुसार देखिएको छ:

(रु.हजारमा)

आर्थिक वर्ष	भाखा नाघेको साँवा ब्याज	गत वर्षको तुलनामा वृद्धि प्रतिशत
२०६२/६३	१८,९३,३२,२९	९.०१
२०६३/६४	१३,५३,७२,८०	(२८.४९)
२०६४/६५	१६,७६,०६,९५	२३.८१
२०६५/६६	१७,०६,८०,१३	१.८३
२०६६/६७	२५,१२,६३,७९	४७.२१

१९.१. नेपाल सरकारले विभिन्न सार्वजनिक संस्थान एवं संगठित संस्थाहरुमा आन्तरिक र वैदेशिक स्रोतबाट ऋण लगानी गरेकोमा ऋण सम्झौता तथा तमसुकमा उल्लिखित शर्तअनुसार तोकिएको समयमा साँवा र ब्याज प्राप्त हुनुपर्दछ । शेयर लगानी भएका संस्थाले नाफाको आधारमा लाभांश दाखिला गर्नुपर्दछ । संस्थाहरुमा गरेको लगानीको प्रत्येक वर्ष घोषित लाभांश र ऋण लगानीमध्ये भाखा नाघेको साँवा, ब्याजको स्पष्ट अभिलेख राखी त्यसको आधारमा प्रभावकारी रुपमा असुली गर्नेतर्फ कारबाही भएको देखिएन । यो वर्ष निम्न २४ निकायबाट साँवा रु.१ अर्ब ९५ करोड ३५ लाख ३७ हजार, ब्याज रु.४४ करोड ६६ लाख १ हजार र लाभांश रु.७ अर्ब ३५ करोड ७ लाख ८३ हजार समेत रु.९ अर्ब ७५ करोड ९ लाख २१ हजार प्राप्त भएको छ ।

(रु.हजारमा)

क्र.सं.	निकायको नाम	साँवा फिर्ता	ब्याज प्राप्त	लाभांश प्राप्त	जम्मा
१.	नेपाल राष्ट्र बैंक	५८,६५	१०,५६	२,५३,००,००	२,५३,६९,२१
२.	कृषि विकास बैंक	१७,७१	२,७८	-	२०,४९
३.	नेपाल विद्युत प्राधिकरण	६४,८९,४७	३७,२७,८०	-	१,०२,१७,२७

क्र.सं.	निकायको नाम	साँवा फिर्ता	ब्याज प्राप्त	लाभांश प्राप्त	जम्मा
४.	नेपाल टेलिकम	-	-	४,८०,३४,५४	४,८०,३४,५४
५.	औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड	-	-	१४,६०	१४,६०
६.	दुग्ध विकास संस्थान	३३,२५	२,७३	-	३५,९८
७.	बुटवल पावर कम्पनी लिमिटेड	-	-	१,४५,८७	१,४५,८७
८.	नगर विकास कोष	६१,५७	८,७७	-	७०,३४
९.	साल्ट ट्रेडिङ लिमिटेड	-	-	२,८९	२,८९
१०.	नेपाल नागरिक उड्डयन प्राधिकरण	८७,७७,४०	-	-	८७,७७,४०
११.	सांस्कृतिक संस्थान	२०,००	१०,००	-	३०,००
१२.	हेटौंडा सिमेन्ट उद्योग	१,००,००	१,००,४०	-	२,००,४०
१३.	नेपाल पारवहन तथा गोदाम व्यवस्था लिमिटेड	८,००	१७,५०	-	२५,५०
१४.	कालीमाटी तरकारी बजार	१,१०,००	-	-	१,१०,००
१५.	उदयपुर सिमेन्ट उद्योग	-	१,००,००	-	१,००,००
१६.	लघुवित्त विभाग, नेपाल राष्ट्र बैङ्क	२,४५,४०	८७,४१	-	३,३२,८१
१७.	गोरखकाली रबर उद्योग	५०,००	-	-	५०,००
१८.	ग्रामीण लघु विकास केन्द्र	-	३,४८,०६	-	३,४८,०६
१९.	हेटौडा कपडा उद्योग	५,५०,००	-	-	५,५०,००
२०.	नेपाल खानेपानी संस्थान	-	५०,००	-	५०,००
२१.	साझा पसल सेवा	-	-	३	३
२२.	नेपाल आयल निगम	३०,००,००	-	-	३०,००,००
२३.	राष्ट्रिय प्रकृति संरक्षण कोष	१३,९२	-	-	१३,९२
२४.	पूर्वान्चल ग्रामिण विकास बैङ्क	-	-	९,९०	९,९०
	जम्मा	**१,९५,३५,३७**	**४४,६६,०१**	**७,३५,०७,८३**	**१८९६**

१९.२. कार्यालयबाट प्रस्तुत आर्थिक विवरणअनुसार विभिन्न ऐनको आधारमा स्थापना भएका सार्वजनिक तथा संगठित संस्थाहरुमा नेपाल सरकारले शेयर तथा ऋण लगानी गरेकोमा उक्त संस्थाहरुमा भएको लगानीबाट लाभांश, ब्याज र साँवा फिर्ताबाट प्राप्त भएको गैरकर राजस्व स्थिति यसप्रकार छ:

(रु.हजारमा)

क्र.सं.	विवरण	संस्था संख्या	लगानी रकम	लाभांश प्राप्त	साँवा ऋण फिर्ता	ब्याज प्राप्त	जम्मा	प्राप्त प्रतिशत
१	शेयर लगानी	१०२	८८,६८,९७,९१	७३५०७८३	-	-	७,३५,०७,८३	८.२९
२	ऋण लगानी							
	(क) आन्तरिक	६३	२८,४१,३७,४९	-	४३,२१,७९	१३,५४,४५	५६,७६,२४	२.०१
	(ख) वैदेशिक	४६	१,०५,६१,००,०६	-	१,५२,१३,५८	३१,११,५६	१,८३,२५,१४	१.७५
	जम्मा :	**१०९**	**२२८**	**७३५०७८३**	**२६७**	**२१०**	**२७९**	**४.३८**

- गत तीन वर्षको साँवा, ब्याज र लाभांश प्राप्तिको अनुमान तथा असुलीको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

विवरण	२०६६।६७		२०६५।६६		२०६४।६५	
	अनुमान	असुली	अनुमान	असुली	अनुमान	असुली
साँवा फिर्ता	४,०५,८०,००	१,९५,३५,३७	१२,५७,००	३,५२,८९,२१	१,३५,५४,५६	१,४८,९०,६१
ब्याज प्राप्त	१,३०,००,००	४४,६६,०१	१,२९,३०,००	१,०८,६१,८७	१,४८,५२,००	७४,६५,७१
लाभांश	७,८४,७०,००	७,३५,०७,८३	५,५४,५५,००	७,१९,७३,६३	५,५५,७८,००	५,०२,५७,६९
जम्मा	**२८१**	**४११**	**६,९६,४२,००**	**११,८१,२४,७१**	**८,३९,८४,५६**	**७,२६,१४,०१**

१९.३. यस वर्षसम्म उठ्न बाँकी आन्तरिक तथा वैदेशिक ऋणको भाखा नाघेको साँवा ब्याज रु.२५ अर्ब १२ करोड ६३ लाख ७९ हजार छ । आर्थिक वर्षको अन्त्यमा विभिन्न संस्थामा लगानी गरेको ऋणमध्ये बाँकी रकमको

समर्थन गराई राख्नुपर्नेमा समर्थन गराउने गरेको देखिएन । साँवा ब्याज तोकिएको समय तालिकाअनुसार नतिरी ढिला तिर्ने, तिर्न चासो नदेखाउने संस्थालाई कारबाही गर्ने सम्बन्धमा नीति तर्जुमा गरेको देखिएन । अस्तित्वमा नभएका संस्थासमेतमा लगानी स्थिति देहायबमोजिम रहेको छ:

(रु.हजारमा)

क्रम सँख्या	विवरण	संस्था संख्या	२०६६।६७ सम्मको लगानी	साँवा, ब्याज प्राप्त हुनुपर्ने	२०६६।६७ सम्मको साँवा ब्याज प्राप्त	बाँकी
१	आन्तरिक ऋण	६३	२८,४१,३७,४९	१४,३७,२४,३३	५६,७६,२४	१३,८०,४८,०९
२	बाह्य ऋण	४६	१,०५,६१,००,०६	१३,१५,४०,८४	१,८३,२५,१४	११,३२,१५,७०
	जम्मा		**२२८**	**२६०**	**२७९**	**२७८**

यसरी बाँकी राख्नेमा खारेज भएका, बिक्री तथा भाडामा गएका तथा अस्तित्व समाप्त भएका संस्थाहरु समेत रहेका छन् । भाखा नाघेको साँवा फिर्ता तथा ब्याज असुल गर्नेतर्फ आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

२०. **शेयर लगानी** – कार्यालयबाट प्रस्तुत आर्थिक विवरणमा विभिन्न ऐनबाट स्थापना भएका १०२ संस्थामा शेयर लगानीबापत गत वर्षसम्मको रु.९२ अर्ब २२ करोड ७२ लाख १९ हजार र यो वर्षको रु.४ अर्ब ७१ करोड ६२ लाख ३४ हजारमध्ये १० संस्थामा समायोजनबाट रु.८ अर्ब २५ करोड ३६ लाख ६२ हजार घटाउँदा जम्मा लगानी रु.८८ अर्ब ६८ करोड ९७ लाख ९१ हजार देखिन्छ ।

यो वर्ष सरकारलाई ७ संस्थाले रु.७ अर्ब ३५ करोड ७ लाख ८३ हजार लगानीको तुलनामा ८.२८ प्रतिशत लाभांश बुझाएका छन् । सरकारले शेयर लगानी गरेका संस्थाहरुमध्ये यो वर्ष लाभांश बुझाउने संस्था निम्नानुसार छन्:

(रु.हजारमा)

क्र.सं.	संस्थाको नाम	लगानी रकम	आर्थिक वर्षको लाभांश घोषणा	लाभांश रकम	लगानीको तुलनामा असुली, लाभांशको प्रतिशत
१	नेपाल राष्ट्र बैङ्क	३,००,००,००	२०६५/६६	२,५३,००,००	८४.३३
२	नेपाल टेलिकम	१३,७२,४२,१३	२०६५/६६	४,८०,३४,५४	३५
३	बुटवल पावर कम्पनी	८,३९,०३	२०६५/६६	१,४५,८७	१७.३८
४	औद्योगिक क्षेत्र व्यवस्थापन	१२,१४,४१	२०६५/६६	१४,६०	१.२०
५	अन्य ३ संस्था	८७,८४	-	१२,८२	१४.५९
	जम्मा	**४३१**		**५२८**	**४३.३९**

२०.१. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले गत वर्षको मुनाफाबाट लाभांशबापत छुट्याएको रकम एकमुष्ट रु.१४ लाख ६० हजार दाखिला गरेकोमा शेयरको कति प्रतिशत रकम लाभांश छुट्याएको हो सो स्पष्ट नगरी एकमुष्ट लाभांश रकम दाखिला गरेकोले प्राप्त हुनुपर्ने जम्मा लाभांश रकम यकिन गरी दाखिला हुनुपर्दछ ।

२०.२. नेपाल चिया विकास निगममा यो वर्षसम्म नेपाल सरकारले रु.७ करोड ४ लाख १२ हजार लगानी गरेकोमा उक्त संस्थाले रु.८ करोड ४१ लाख २ हजार लगानी देखाई नेपाल सरकारले लगानी गरेकोभन्दा रु.१ करोड ३६ लाख ९० हजार बढीको शेयर प्रमाणपत्र प्राप्त भएको आर्थिक विवरणले देखाएकोले शेयर लगानीको हिसाब यथार्थपरक भएको देखिएन । तसर्थ हिसाब मिलान गरी राख्नुपर्ने देखिन्छ ।

२०.३. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त आर्थिक विवरणअनुसार नेपाल आवास विकास वित्त कम्पनी लिमिटेडमा नेपाल सरकारको शेयर लगानी रु.१ करोड ४५ लाख २० हजार देखाएको छ । कम्पनीको २०६६।९।२४ मा बसेको साधारण सभाले २०६५।६६ को नाफाबाट १० प्रतिशतका दरले बोनश शेयर दिने निर्णयअनुसार १ लाख ५९ हजार ७२० कित्ता बोनस शेयर दिएको देखिन्छ । यसरी महालेखा नियन्त्रक कार्यालयले देखाएकोभन्दा कम्पनीले देखाएको शेयर संख्या बढी भै सोहीबमोजिम बोनस शेयर समेत प्राप्त भएको देखिँदा उक्त कम्पनीमा नेपाल सरकारको शेयर संख्या भिडान भएको पाइएन ।

२०.४. शेयर लगानी भएका ९९ संस्थामध्ये नाफामा रहेका, घाटामा गएका र खारेजीमा परेका संस्था यकिन गरी लाभांश घोषणा गर्नुपर्ने संस्थाहरुले घोषणा गरे नगरेको, लाभांश घोषणा गर्दा ऐन, नियम, सरकारी निर्णय र निर्देशनअनुसार गरे नगरेको सम्बन्धमा अनुगमन एवं मूल्याङ्कन गरी त्यसको विवरण अद्यावधिक गरेको छैन । नाफामा रहेका संस्थाले लाभांश घोषणा नगरेको, लाभांश घोषणा गरेका संस्थाले दाखिला नगरेको, घोषणा गरेभन्दा कम लाभांश दाखिला गरेको र साधारण सभा निर्धारित समयमा नगरेको सम्बन्धमा नेपाल सरकारले यथासमयमा सूचना प्राप्त गरी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२०.५. नेपाल सरकारको २०५६।३।२५ को (मन्त्रीस्तरीय) निर्णयबाट १२ जिल्लाका खानेपानी कार्यालयको रु.१ अर्ब ५५ लाख ६० हजार बराबरको सम्पत्ति र उठाउन बाँकी खानेपानी महसुल रु.१ करोड २१ लाख ८४ हजार समेत रु.१ अर्ब १ करोड ७७ लाख ४४ हजार नेपाल खानेपानी संस्थानमा हस्तान्तरण गरेकोमा सो रकम असुल गरी सञ्चित कोष दाखिला गराउनेतर्फ कारबाही भएको छैन ।

२०.६. सार्वजनिक संस्थाहरुमा हालसम्म लगानी गरेको रु.८८ अर्ब ६८ करोड ९७ लाख ९१ हजारमध्ये रु.२४ अर्ब ८२ करोड २३ लाख ८१ हजार (२७.९८ प्रतिशत) मात्रको शेयर प्रमाणपत्र प्राप्त भएको विवरणबाट देखिन्छ ।

२०.७. नेपाल सरकारले शेयर लगानी गरेका १०२ संस्थामध्ये ४३ संस्थामा गरेको लगानी रु.६३ अर्ब ४९ करोड ४९ लाख ६८ हजारको शेयर प्रमाणपत्र यो वर्ष पनि प्राप्त भएको छैन । सार्वजनिक तथा संगठित संस्थाहरुमध्ये २५ संस्थामा लगानी गरेको रु.३ अर्ब ४३ करोड २८ लाख ५९ हजारमध्ये रु.९९ करोड १३ लाख ६४ हजारको शेयर प्रमाण प्राप्त गर्न बाँकी देखिन्छ । अत: ती संस्थाहरुबाट शेयर प्रमाणपत्र प्राप्त गरी शेयर लगानीको अभिलेखलाई अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

२१. **अधिकृत पूँजी** – नेपाल सरकारले शेयर लगानी गर्दा संस्थानहरुको प्रवन्धपत्र तथा नियमावलीअनुसार नेपाल सरकारको हिस्सा निर्धारण गरी अधिकृत पूँजीको सीमाभित्र रही शेयर लगानी गर्नुपर्दछ । सोअनुसार गरेको नपाइएको व्यहोरा गत विगतदेखिका लेखापरीक्षणबाट औँल्याउँदै आएको भए तापनि यो वर्ष थप भएको समेत २२ संस्थाको शेयरमा गरेको लगानी रु.२० अर्ब ७३ करोड ७६ लाख ४७ हजारका सम्बन्धमा अधिकृत पूँजी किटानी नगरी आर्थिक विवरण तयार गरेको देखियो । कार्यालयले उपलव्ध गराएको अद्यावधिक विवरणअनुसार निम्न संस्थाहरुमा अधिकृत पूँजीभन्दा बढी लगानी गरेको देखिएको छ ।

(रु.हजारमा)

सि.नं.	संस्थाको नाम	अधिकृत पूंजी	लगानी रकम
१	नेपाल वायु सेवा निगम	३०,००,००	३७,९२,६६
२	नेपाल विद्युत प्राधिकरण	३०,००,००,००	३५,८०,०३,८५
३	नेपाल खाद्य संस्थान	९९,०४,९५	९९,९२,६१
४	नेपाल आयल निगम	१०,००,००	२९,०८,२१

अधिकृत पूँजीलाई ध्यानमा राखी लगानी गर्नुपर्ने सम्बन्धमा गत वर्ष औँल्याइएकोमा यो वर्षपनि सुधार भएको पाइएन ।

२२. **संस्थाहरुमा लगानी –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०६६।६७ को शेयर लगानीको वित्तीय विवरणमा २९ संस्थान सरकारको निर्णयअनुसार खारेज र लिक्विडेशन तथा बिक्री गरेको र केही संस्थान निजीकरण गरेको प्रक्रिया 'थाहा नभएको' कैफियत जनाएको छ । यस्ता संस्थाहरुमा सरकारले गरेको लगानी रु.७७ करोड ५९ लाख ६५ हजार फिर्ता अथवा समायोजन नगरी वर्षेनी जिम्मेवारीमात्र सार्ने परिपाटीले शेयर लगानीको यथार्थ स्थिति यकिन हुनसक्ने देखिएन । यस सम्बन्धमा गत विगतदेखि औँल्याउँदै आएकोमा यो वर्षपनि सुधार भएको छैन ।

२३. **कार्य सञ्चालन कोष** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ अनुसार महालेखा नियन्त्रक कार्यालयले पेश गरेको कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.४ अर्ब २५ करोड १६ लाख २१ हजार र यो वर्षको आय रु.१६ अर्ब २२ करोड २९ लाख ३४ हजार समेत रु.२० अर्ब

४७ करोड ४५ लाख ५५ हजारमध्ये रु.१३ अर्ब ८७ करोड २९ लाख ४० हजार खर्च भई रु.६ अर्ब ६० करोड १६ लाख १५ हजार बाँकी देखिन्छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

२३.१. गत वर्ष कुल मौज्दात रु.४ अर्ब ३१ करोड ७२ लाख ७२ हजार देखाएकोमा यो वर्ष रु.४ अर्ब २५ करोड १६ लाख २१ हजार जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको मौज्दातभन्दा रु.६ करोड ५६ लाख ५१ हजार घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सम्बन्धमा हिसाब यकिन गर्नुपर्दछ ।

२३.२. यो वर्ष पेश भएको कार्यसञ्चालन कोषको जिल्लागत आर्थिक विवरणमा गत वर्षको मौज्दातभन्दा ८ जिल्लाले रु.९ करोड ४ लाख ३५ हजार घटी जिम्मेवारी सारेको र १७ जिल्लाले रु.२ करोड ४७ लाख ८४ हजार बढी जिम्मेवारी सारेको सम्बन्धमा हिसाब यकिन हुनुपर्दछ ।

सार्वजनिक ऋण व्यवस्थापन

नेपाल सरकारले सामाजिक, आर्थिक विकासका लागि साधन जुटाउन आन्तरिक एवं बाह्य ऋण सङ्कलन गरी स्रोत परिचालन गर्दै आएको छ । आन्तरिक तथा बाह्य ऋण व्यवस्थापन सम्बन्धमा कानून र व्यवस्थापकीय संरचना, ऋण व्यवस्थापन रणनीति, ऋण व्यवस्थापन मूल्याङ्कन, लेखापरीक्षण, मौद्रिक तथा वित्त नीतिसँग समन्वय, आन्तरिक एवं बाह्य ऋणको उद्देश्य, ऋण जमानत, नगद प्रवाह पूर्वानुमान, सञ्चालन जोखिम व्यवस्थापन, कार्यविभाजन तथा जिम्मेवारी, ऋण अभिलेख र प्रतिवेदन गर्ने व्यवस्था छ ।

२४. **ऋण प्राप्ति** – महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको खुद आन्तरिक तथा बाह्य ऋण दायित्व देहायबमोजिम छ:

(रु.हजारमा)

विवरण	२०६६।६७ सम्म	२०६५।६६ सम्म	२०६४।६५ सम्म
आन्तरिक ऋण	१,४७,६६,००,७८	१,२२,७९,९९,९१	१,१६,६०,६६,८६
बाह्य ऋण	२,५६,२४,३२,७८	२,७७,०४,०३,७७	२,४९,९६,५४,०५
जम्मा	**३८४**	**३,९९,८४,०३,६८**	**३,६६,५७,२०,९१**

विगत आर्थिक वर्षको तुलनामा आन्तरिक ऋणतर्फ गत वर्ष ५.३१ प्रतिशत, यो वर्ष २६.६३ प्रतिशत र बाह्य ऋणतर्फ गत वर्ष १०.८३ प्रतिशत र यो वर्ष २.५१ प्रतिशत दायित्व वृद्धि भएको छ । यो वर्षको कुल गार्हस्थ्य उत्पादन रु.११ खर्ब ८३ अर्बको तुलनामा कुल ऋण प्रतिशत ३४.१४ रहेको छ भने गत वर्ष ४१.६५ प्रतिशत र विगत वर्ष ४७.६८ प्रतिशत रहेको थियो ।

२५. **कानूनी व्यवस्था** – सार्वजनिक ऋण व्यवस्थापनको उद्देश्य, रणनीति, संरचनागत व्यवस्था, जोखिम व्यवस्थापन रणनीति, ऋण उठाउने तरिका, अभिलेख व्यवस्था, प्रतिवेदन, अनुगमन र मूल्याङ्कन गर्ने सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था गर्नुपर्ने व्यहोरा गत प्रतिवेदनमा उल्लेख गरिएकोमा स्थिति यथावत छ ।

२६. **संरचनागत व्यवस्था** – सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धमा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क र अन्य सम्बद्ध मन्त्रालयको कार्यविवरण र कार्यक्षेत्रका सम्बन्धमा ऐन नियममा स्पष्ट व्यवस्था नभएको तथा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीको विकास हुन नसकेका कारण ऋण व्यवस्थापन प्रभावकारी नभएको व्यहोरा गत प्रतिवेदनमा उल्लेख गरिएकोमा स्थिति यथावत छ ।

२७. **रणनीति** – वार्षिक बजेट अनुमानबमोजिम नेपाल राष्ट्र बैङ्कले मौद्रिक औजारहरु मार्फत आन्तरिक ऋण उठाउने गरेको छ भने वैदेशिक ऋण प्राप्ति एवं भुक्तानी दाताहरुसँग भएको सम्झौताबमोजिम हुने गरेको छ । ऋण व्यवस्थापनको रणनीतिको अभावमा मुद्रा अवमूल्यन, ब्याजदर जोखिम, रिभर्स जोखिम एवं रोल ओभर जोखिमहरु न्यूनीकरण गर्ने कार्यक्रम प्रभावकारी हुन नसक्ने र ऋण प्राप्ति र प्रयोगबाट प्राप्त प्रतिफल सम्बन्धमा मूल्याङ्कन नभएको व्यहोरा गत प्रतिवेदनमा उल्लेख गरिएकोमा स्थिति यथावत छ ।

२८. **आन्तरिक लेखापरीक्षण** – ऋण व्यवस्थापन अन्तर्गत ऋण प्राप्ति, लेखाङ्कनको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख गरिए तापनि आन्तरिक लेखापरीक्षण गर्ने गरेको छैन ।

२९. **वित्तीय नीति** – सरकारको आम्दानी र खर्चबीच सन्तुलन नआउने अवस्थासम्म ऋणको आवश्यकता रहने भएकोले समग्र आय र व्ययको उचित व्यवस्थापनका लागि वित्तीय नीति अन्तर्गत सरकारले प्राप्त गर्ने राजस्व, खर्चका स्रोतहरु, मूल्यवृद्धि, मुद्रास्फिति दर, खर्चका प्राथमिकताहरु लगायतका विषयहरुको विश्लेषणबाट मात्र आन्तरिक तथा बाह्य ऋण उठाउने, खर्च गर्ने, अभिलेख राख्ने, पुन: भुक्तानी गर्ने, जोखिम व्यवस्थापन गर्ने सम्बन्धमा वित्तीय नीतिमा स्पष्ट गरिनुपर्ने व्यहोरा गत प्रतिवेदनमा उल्लेख गरिए तापनि स्थिति यथावत छ ।

३०. **आन्तरिक ऋण** – यो वर्ष आन्तरिक ऋण रु.३० अर्ब ९१ करोड उठाउने संशोधित अनुमान गरेकोमा रु.२९ अर्ब ९१ करोड ४० लाख उठाएको छ । उक्त रकम अनुमानभन्दा ३.२२ प्रतिशत घटी छ । गत वर्ष यस्तो अनुमानको तुलनामा १०.१४ प्रतिशत घटी थियो । आन्तरिक ऋण वृद्धिले उपभोक्ता सूचीमा पर्ने प्रभाव, आन्तरिक तरलताको स्थिति विश्लेषण गरेको देखिएन । आन्तरिक ऋणको प्रभाव मूल्याङ्कन गर्ने, यसका कारण र असरको विश्लेषण गर्ने जिम्मेवारी पाएका निकायले आन्तरिक ऋणबाट उपभोक्ता सूची र आन्तरिक तरलतामा पार्ने प्रभावको विश्लेषण तथा मूल्याङ्कन गरी आन्तरिक ऋण उठाउनुपर्दछ ।

३१. **कुल गार्हस्थ्य उत्पादन र आन्तरिक ऋण भार** – त्रिवर्षीय अन्तरिम योजना (२०६४–६७) ले कुल गार्हस्थ उत्पादनको अनुपातमा खुद आन्तरिक ऋण ०.५ प्रतिशतभन्दा बढी नहुने गरी लक्ष्य निर्धारण गरेको छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त आन्तरिक ऋणसम्बन्धी आर्थिक विवरणअनुसार यो वर्ष व्यय विधि अनुमानको आधारमा गणना गरेको कुल गार्हस्थ्य उत्पादन रु.११ खर्ब ८३ अर्ब रहेको छ भने आन्तरिक ऋण रु.२९ अर्ब ९१ करोड ४० लाख उठाएको छ । आन्तरिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा २.५३ प्रतिशत हुनआउँदछ ।

३२. **लगानी** – महालेखा नियन्त्रक कार्यालयले तयार गरेको ऋण लगानी अभिलेखअनुसार संस्थाहरुमा शर्त, सम्झौता बेगर ऋण लगानी गरेको, ऋण लगानीको सहायक ऋण सम्झौता एवं तमसुक नरहेको व्यहोराहरु देखिएका छन् । यो वर्ष आन्तरिक स्रोतबाट रु.१ अर्ब ३१ करोड २५ लाख ऋण लगानी गर्न विनियोजन भएकोमा १६ संस्थामा रकमान्तर समेतबाट रु.६ अर्ब २९ करोड ४४ लाख लगानी गरेको छ भने वैदेशिक स्रोतबाट रु.९ अर्ब ७३ करोड ८८ लाख लगानी गर्न विनियोजन भएकोमा एक संस्थामा रु.५८ करोड ९० लाख मात्र लगानी भएको छ । लगानी सम्बन्धी विविध सूचना तथा तथ्याङ्कसहितको व्यवस्थित अभिलेखको अभावमा भुक्तानी तालिका अद्यावधिक गर्ने, साँवा ब्याज फिर्ता आदि जस्ता सार्वजनिक ऋण व्यवस्थापन कार्य प्रभावकारीरुपले हुनसकेको छैन भने बजेट अनुरुप लगानी हुनसकेको समेत देखिएन ।

वैदेशिक तथा आन्तरिक ऋण लिई सार्वजनिक संस्थानहरुमा गरेको लगानी रकम ऋण भुक्तानी तालिकाबमोजिम फिर्ता लिने व्यवस्था मिलाउनुपर्दछ । सरकारले ऋण लगानी गरेको र निजीकरण भएको संस्थाहरुको ऋण र ब्याज असुल गर्नका लागि विशेष व्यवस्था अवलम्बन गर्नुपर्ने देखिन्छ ।

३३. **अभिलेख** – प्रचलित कानूनबमोजिम नेपाल सरकारको ऋण व्यवस्थापन अर्थ मन्त्रालयबाट हुने र लेखाङ्कन महालेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था छ । सरकारलाई प्राप्त भएको कुल ऋणको हिसाब महालेखा नियन्त्रक कार्यालयले अद्यावधिक गरेको छैन । यस वर्षको आषाढ मसान्तमा नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार ख४. विशेष ऋण खातामा रु.१ अर्ब ९४ करोड ९० लाख ५५ हजार मौज्दात भए तापनि महालेखा नियन्त्रक कार्यालयले मौज्दात पुष्टी हुनेगरी ऋण हिसाबको लेखाङ्कन गरेको देखिएन । सार्वजनिक ऋण लगानीतर्फ सम्बन्धित मन्त्रालयले सोझै ऋण लगानी गरी महालेखा नियन्त्रक कार्यालयमा सम्झौता प्राप्त नभई अभिलेख अद्यावधिक नहुने जस्ता समस्याहरु विद्यमान रहेको छ । आन्तरिक तथा बाह्य ऋण भुक्तानी फिर्ता तालिकाबमोजिम एवं बढी ब्याजदर भएका ऋणको भुक्तानीमा विशेष ध्यान दिनुपर्दछ ।

३४. **नगद प्रवाह** – वार्षिक बजेट तयार गर्दा खर्च अनुमान गरी राजस्व एवं अनुदानबाट न्यून हुने रकम आन्तरिक र वैदेशिक ऋणबाट पूर्ति गर्ने गरिएको छ । नगद व्यवस्थापन नेपाल राष्ट्र बैङ्कबाट हुने गरेको छ ।

वैदेशिक ऋणमा शोधभर्ना हुने ऋण समेत समावेश हुने गरेको छ । प्राप्त विवरणअनुसार यो वर्षसम्म रु.१० अर्ब ७९ करोड ६४ लाख ६५ हजार ऋण शोधभर्ना लिन बाँकी रहेको छ भने गतवर्ष रु.७ अर्ब ७८ करोड ५२ हजार रहेको थियो । मन्त्रालयले खर्च अनुमान स्रोतअन्तर्गत शोधभर्ना हुने गरी खर्च हुने ऋणको नगद प्रवाह सम्बन्धमा विश्लेषण एवं पूर्वानुमानको प्रक्रिया निर्धारण गरेको छैन ।

महालेखा नियन्त्रक कार्यालयले मुल आय व्यय विवरणमा खर्चको न्यून पूर्ति अन्तर्गत वैदेशिक ऋण रकम सोही वर्षको खर्चकै रकम प्रस्तुत गर्ने गरेको छ । यो वर्ष वार्षिक बजेटबमोजिम वैदेशिक ऋण अन्तर्गत खर्च रु.११ अर्ब २२ करोड ३३ लाख ८२ हजार नै न्यून पूर्तिका स्रोतमा प्रस्तुत गरेको छ । सो खर्च अन्तर्गत शोधभर्ना हुने गरी २०६६।६७ मा रु.७ अर्ब ९७ करोड ४७ लाख ६५ हजार खर्च भएकोमा रु.८७ लाख ४९ हजारमात्र सोही वर्ष शोधभर्ना भएको छ । त्यस्तै नेपाल राष्ट्र बैङ्कको ढुकुटीको स्थितिमा यो वर्ष वैदेशिक ऋण रु.४ अर्ब २० करोड ४० लाख प्राप्ति देखाएको छ भने महालेखा नियन्त्रक कार्यालयको ऋण शाखाले वैदेशिक ऋण प्राप्ति रु.७ अर्ब २५ करोड ३९ लाख ७१ हजार भएको प्रस्तुत गरेको छ । वैदेशिक ऋण हिसाबको लेखाङ्कन र नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कसँग भिडान गर्ने नगरेबाट सार्वजनिक ऋण अभिलेख अद्यावधिक राख्नुपर्ने देखिएको छ ।

नेपाल सरकार जमानत बसी उपलब्ध गराएको ऋण रकमको विवरण अर्थ मन्त्रालयबाट प्राप्त हुने गरेको भए तापनि त्यो विवरणमा तथ्याङ्क अपुरो हुने, ब्याज रकम उल्लेख नहुने र जमानत बसी दिलाएको ऋण लिने संस्था विघटन भइसकेको अवस्थामा नेपाल सरकारले सम्भावित दायित्व यकिन गर्न नसक्ने अवस्था रहेको छ । नेपाल सरकारको ऋणको लेखा तथा व्यवस्थापन अद्यावधिक गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकिएकोले जमानत बसी दिलाएको ऋणको अभिलेख समेत महालेखा नियन्त्रक कार्यालयमा रहनु उपयुक्त हुने देखिन्छ । सार्वजनिक ऋणको नगद प्रवाह विश्लेषण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३५. **वित्तीय घाटा –** अन्तरिम योजना (२०६४–६७) ले कुल गार्हस्थ उत्पादनको तुलनामा कुल वित्तीय घाटा ३ प्रतिशतभन्दा बढी नहुने गरी लक्ष्य निर्धारण गरेको छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त सञ्चित कोष, आन्तरिक र बाह्य ऋण प्राप्ति सम्बन्धी आर्थिक विवरणअनुसार यो वर्ष कुल वित्तीय घाटा आन्तरिक ऋण रु.२९ अर्ब ९१ करोड ४० लाख, वाह्य ऋण रु.७ अर्ब २५ करोड ३९ लाख र बैङ्क ओभरड्राफ्ट रु.११ अर्ब ४६ करोड ४१ लाख समेत रु.४८ अर्ब ६३ लाख २० लाख रहेको छ । कुल गार्हस्थ्य उत्पादन रु.११ खर्ब ८३ अर्बको तुलनामा कुल वित्तीय घाटा ४.११ प्रतिशत रहेको छ । सार्वजनिक ऋण व्यवस्थापनका माध्यमबाट कुल वित्तीय घाटा न्यून गर्दै लगिनुपर्दछ ।

३६. **मुद्रास्फिति –** आन्तरिक तथा बाह्य ऋण प्रवाहले मुद्रास्फिति दरमा पर्ने प्रभाव मूल्याङ्कन गरिनुपर्दछ । अन्तरिम योजना (२०६४–६७) ले मुद्रास्फिति दर वार्षिक औसत ५.६ प्रतिशतमा सीमित राख्ने परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ । मुद्रास्फिति दर यस वर्षको बजेटअनुसार ८.९ प्रतिशत रहेको छ । योजनाले अनुमान गरेभन्दा मुद्रास्फिति दर ३.३ प्रतिशत बढी रहेको छ । आन्तरिक तथा बाह्य ऋण प्रवाहका कारण मुद्रास्फितिमा परेको असर मूल्याङ्कन गरिनुपर्दछ ।

३७. **ऋण आम्दानी –** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९० मा नेपाल सरकारलाई प्राप्त हुने सबै रकम सञ्चितकोषमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त आर्थिक विवरणअनुसार यो वर्ष नेपाल सरकारले उठाएको आन्तरिक ऋण रु.२९ अर्ब ९१ करोड ४० लाखमध्ये रु.१ अर्ब २६ करोड १८ लाख दाखिला गरेको छैन । गत वर्ष पनि आन्तरिक ऋणतर्फ रु.५६ करोड ९५ लाख सञ्चितकोष दाखिला भएको थिएन ।

सूचना प्रविधि लेखापरीक्षण

सार्वजनिक कोषको व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयअनुसार १८ जिल्लामा एकीकृत खाता कोष प्रणाली (Treasury Single Account System) लागू भएको छ । आगामी २ वर्ष भित्र सबै जिल्लामा यो प्रणाली लागू गर्ने लक्ष्य रहेको छ । सरकारी कोष व्यवस्थापनलाई

प्रभावकारी बनाउने सन्दर्भमा सञ्चित कोषको दैनिक तथ्याङ्क, नगद व्यवस्थापन, वित्तिय प्रतिवेदनलाई प्रभावकारी बनाउने र बैङ्क कमिशन तथा ओभरड्राफ्ट घटाउने आदी उद्देश्यले सफ्टवेयर प्रयोग गरेको पाईन्छ । सफ्टवेयरको पर्याप्तता, नियन्त्रण पद्धती, सेक्यूरिटी, पूर्वाधार तथा क्षमता विकास आदिको मूल्याङ्कन गरी प्रतिवेदन दिनु सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३८. **सफ्टवेयरको विकास** – सञ्चित कोष व्यवस्थापन अन्तर्गत नेपाल सरकारको सम्पूर्ण आय र व्यय प्रविष्ट गर्ने, डाटाबेश तयार गर्ने र प्रतिवेदन गर्ने व्यवस्था सफ्टवेयरमा मिलाउनुपर्दछ । सफ्टवेयरको परीक्षण गर्दा विनियोजन, राजस्व र धरौटी कारोबार समेट्नेगरी ३ मोडुयल तयार गरेको पाइयो । तर वैदेशिक अनुदान र ऋण एवं आन्तरिक ऋण प्राप्ति र सो प्राप्त गर्दा लाग्ने खर्चको लेखाङ्कन, डाटावेश तथा प्रतिवेदन गर्ने व्यवस्था गरेको पाईएन । यसबाट सञ्चित कोषको सम्पूर्ण कारोबारको स्थिति सफ्टवेयरबाट प्रतिबिम्बित हुने देखिएन । सपटवेयरमा सम्पूर्ण कारोबार प्रविष्ट गर्ने र आवश्यकतानुसार प्रतिवेदन तयार हुने व्यवस्था मिलाउनु पर्दछ ।

३९. **कनेक्टिभिटी** – सफ्टवेयरको प्रयोग वेभवेस सर्भर सिष्टमबाट हुने व्यवस्था मिलाएको पाइन्छ । यस्तो अवस्थामा हाई ब्याण्डवीथ कनेक्टिभिटीको आवश्यकता पर्दछ । काठमाडौं, ललितपुर र भक्तपुरमा फाईवर अप्टीकल कनेक्सन सिष्टम जडान गरिएको छ भने २० जिल्लामा एडिएसएल लिज लाईन जडान गरिएको, १२ जिल्लामा एडिएसएल जडानको क्रममा रहेको तथा अन्य ४० जिल्लामा क्लाईन्ट सर्भर वेसमा डाटा ट्रान्सफर गर्ने व्यवस्था रहेको पाइयो । ७५ जिल्लामा सफ्टवेयरको प्रयोग हुने स्थितिमा सर्भर जाम हुनसक्ने, कनेक्सन ग्याप रहन सक्ने, आदि कारणबाट डाटा ट्रान्सफर, डाटावेश तयारी तथा प्रतिवेदन गर्ने कार्य प्रभावित हुने देखिन्छ । अत: हाइ ब्याण्डवीथ कनेक्सन सिष्टम जडानगरी वेभवेस सर्भरको प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

४०. **सफ्टवेयर परीक्षण** – सफ्टवेयरको विकास भईसकेपछि प्रयोगमा ल्याउनु अघि सो परीक्षणको अभिलेख राखी सोको उपलब्धी मूल्याङ्कन सहित सफ्टवेयर लागू गर्ने निर्णय गरिनुपर्दछ । लेखापरीक्षणमा प्राप्त जानकारी अनुसार सफ्टवेयर परीक्षण गरिएको भएतापनि सोको अभिलेख राखेको तथा उपलब्धी मूल्याङ्कन तथा पुष्ट्याई सहित स्वीकृत भएको निर्णय पेश हुन आएन ।

४१. **सफ्टवेयर दाखिला** – विकास गरेको सफ्टवेयर स्वीकृत भईसकेपछि सम्पत्तिको रुपमा अभिलेख राख्नुपर्दछ । सफ्टवेयर बेलायत सरकार सहयोग संस्था (डि.एफ.आई.डि).को सहयोग रु.८४ लाख ७६ हजार (स्टर्लिङ्ग पाउण्ड रु.७४ हजार ५००) मा विकास गरिएको जानकारी प्राप्त भए तापनि सो सफ्टवेयरको अभिलेख राखेको पाइएन । सफ्टवेयरको स्वामित्व हस्तान्तरण सहित सम्पत्तिको रुपमा अभिलेख राख्नुपर्दछ ।

४२. **सर्भर** – सफ्टवेयरको पूर्ण उपयोग गरी डाटावेश तयार गर्ने सन्दर्भमा पर्याप्त क्षमता सहितको सर्भर प्रयोग गरिनुपर्दछ । ७५ जिल्लामध्ये ३५ जिल्लाले वेभवेस सर्भर र ४० जिल्लाले क्लाईन्टवेस सर्भर प्रयोग गरी कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट भएको कारोबारहरु अर्थ मन्त्रालयमा रहेको २ जि.वि.च्याम ईन्टेल जेन्यून प्रोसेसर मेन सर्भरमा डाटा ट्रान्सफर डाटावेश तयार हुने र डाटावेशको कनेक्सन महालेखा नियन्त्रक कार्यालयमा समेत हुने व्यवस्था मिलाएको पाईयो । सफ्टवेयरको प्रयोग बढाउदै जाने लक्ष्य अनुसार सर्भरको क्षमता समेत बढाउदै लानेतर्फ विचार गर्नुपर्ने देखिन्छ ।

४३. **सेक्यूरिटी** – सफ्टवेयरको प्रयोग, डाटा ट्रान्सफर, डाटावेस तयारी तथा सोको उपयोग सम्बन्धमा सेक्यूरिटी पक्षलाई विशेष ध्यान दिनुपर्दछ । डाटा ह्याकिङ्ग, थेफ्ट, थ्रेट फयारिङ्ग जस्ता समस्याहरुको पूर्वसावधानी स्वरुप पर्याप्त सेक्यूरिटी व्यवस्था मिलाउनु जरुरी छ । यसका लागि सुरक्षा नीति नै आवश्यक पर्दछ । महालेखा नियन्त्रक कार्यालयले ३।३ महिनामा सफ्टवेयर प्रयोगकर्ताको आई.डि.नेम र पासवर्ड परिवर्तन गर्ने, सफ्टवेयरको एक्सेस लेभल निर्धारण गर्ने, एक्टिभिटी लेभल अनुसार पहुँच उपलब्ध गराउने, ३५ जिल्लामा हट सेक्यूरिटीका माध्यमबाट डाटा ट्रान्सफर हुने, मेन सर्भरमा यू.पि.एस.पावर ब्याकअप तथा जिल्लामा

जेनेरेटर पावर ब्याकअपको व्यवस्था मिलाएको पाईयो । डाटा ह्याकिङ्ग, थेफ्ट, थ्रेट, फायरिङ्ग जस्ता समस्या समाधानका लागि उपयुक्त नीति तर्जुमा गरी पूर्वसावधानी अपनाइनुपर्दछ ।

४४. **हिसाब मिलान** – सफ्टवेयरको प्रयोग गरी भुक्तानी गरेपछी सोको बैङ्क हिसाब मिलान विवरण पनि सफ्टवेयर मार्फत नै तयार गर्नुपर्दछ । कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरले प्रत्येक दिन गरेको भुक्तानीको बैङ्क स्टेटमेन्ट प्राप्त पुन:कम्प्युटरमा पोष्टिङ्ग गरी बैङ्क हिसाब मिलान गर्ने गरेको पाइयो । समय र श्रमको बचत गर्न र मानवीय त्रुटी हुन नदिन बैङ्कसँग पनि कम्प्युटर सञ्जाल (Networking) विस्तार गर्नुपर्ने देखिन्छ ।

४५. **कर्मचारी व्यवस्थापन –** एकल खाता कोष प्रणालीको अतिरिक्त कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण र अन्य काम कर्तव्यहरु समेत गर्नुपर्दछ । कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको अध्ययन गर्दा दिनको २ बजेसम्म सबै कर्मचारीहरु भुक्तानी सम्बन्धी काममा व्यस्त रहनुपर्ने स्थिति देखियो । फलस्वरुप आन्तरिक लेखापरीक्षण, कार्यालय निरीक्षण लगायतका कार्य सम्पादन गर्न समयभाव हुने गरेको पाईयो । अत: कार्यालयले सम्पादन गर्नुपर्ने सबै कार्यहरु सहजरुपमा सम्पन्न हुनेगरी कर्मचारी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४६. **आन्तरिक लेखापरीक्षण –** लेखापरीक्षणको सर्वमान्य सिद्धान्तअनुसार भुक्तानी गर्ने र सोको लेखापरीक्षण गर्ने व्यक्ति एउटै हुनुहुँदैन । एकल खाता कोष प्रणाली लागू भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीहरु भुक्तानी गर्ने र सोको लेखापरीक्षण गर्ने दुबै काममा संलग्न हुने स्थिति देखिएको छ । अत: भुक्तानी दिने र लेखापरीक्षण गर्ने सम्बन्धमा उपयुक्त संगठन संरचना तयार गर्न उपयुक्त देखिन्छ ।

४७. **सूचना प्रविधि पूर्वाधार** – सूचना प्रविधिको उपयोगका लागि पर्याप्त पूर्वाधार व्यवस्थापन गरिनुपर्दछ । यसका लागि कर्मचारी व्यवस्थापन, उपकरण व्यवस्थापन र उपयोगमा ध्यान दिनुपर्दछ । लेखापरीक्षणका क्रममा कर्मचारी व्यवस्थापन अन्तर्गत महालेखा नियन्त्रक कार्यालयमा एक सूचनाप्रविधि शाखा गठन गरी सूचनाप्रविधि प्रमुख समेत ८ अधिकृत कर्मचारी कार्यरत रहेको पाइयो । त्यस्तै सफ्टवेयरको प्रयोग गरी एकल खाता कोष प्रणाली लागू भएको ललितपुर जिल्लामा प्रमुख कोष नियन्त्रक १ समेत २१ कर्मचारी कार्यरत रहेको पाइयो ।

त्यस्तै उपकरण व्यवस्थापन अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरमा कम्प्युटर २२, प्रिन्टर ९, फ्याक्स २, टेलिफोन लाईन २, फोटोकपि मेशिन १, जेनेरेटर १, हव १, अप्टीकल फाईवर ईन्टरनेट कनेक्सन १ आदि रहेको पाइयो । सफ्टवेयरको प्रयोग र यसको पूर्ण उपयोग र दिगोपनाका लागि सूचनाप्रविधि पूर्वाधार विकास सम्बन्धी नीति, नर्म्स तथा मानदण्ड तय गरेको पाइएन । सूचना प्रविधि पूर्वाधार विकास सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा गर्नुपर्दछ ।

४८. **तालिम तथा क्षमता विकास** – सफ्टवेयरको प्रयोगमा विश्वसनियता, कन्फिडेन्सी विकास, एकरुपता कायम गर्नका लागि संलग्न रहने कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सीप र ज्ञान विकास सम्बन्धी तालिमको व्यवस्था गरिनुपर्दछ । महालेखा नियन्त्रक कार्यालयमा १५ कम्प्युटर सहितको कम्प्युटर ल्याव रहेको भए तापनि सोको स्तरोन्नती गर्नुपर्ने र सफ्टवेयरको प्रयोगमा संलग्न कर्मचारीलाई अल्पकालिन सफ्टवेयर प्रयोग सम्बन्धी ओरियन्टेसन तालिम उपलब्ध गराएको भए तापनि सफ्टवेयर सम्बन्धी तालीमको आवश्यकता पहिचान सहित मोडुयल तयार गरी तालिम उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ । साथै कर्मचारीहरुलाई सफ्टवेयरको समस्या केन्द्रित तालिम, ज्ञानको आदानप्रदान एवं व्यवस्था, नियमित अन्तरक्रिया आदि कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

आन्तरिक राजस्व विभाग

४९. **राजस्व असुली स्थिति –** विभाग र मातहत कार्यालय समेतको यो वर्ष सवारीसाधन कर बाहेक रु.१ खर्ब ६ अर्ब ५० करोड असुल गर्ने अनुमान रहेकोमा लेखापरीक्षण भएका २४ कार्यालयको आर्थिक विवरणबाट रु.१ खर्ब ९ अर्ब ५४ करोड ४२ लाख ६० हजार असुली देखिएको छ । विभागबाट प्राप्त वार्षिक प्रतिवेदनमा रु.१

खर्ब १३ अर्ब ४ करोड ८२ लाख ९० हजार कर राजस्व असुली र राजस्वको केन्द्रीय आर्थिक विवरणमा रु.१ खर्ब १० अर्ब ४० करोड ५९ लाख ९६ हजार असुली देखिन्छ । विभागको वार्षिक प्रतिवेदन, केन्द्रीय आर्थिक विवरण र इकाईगत आर्थिक विवरणमा राजस्व असुली रकम फरक फरक देखिएको छ । विभागले तयार गरेको छुट्टाछुट्टै प्रतिवेदनमा राजस्व असुली फरक देखाएको सम्बन्धमा विगत वर्षको प्रतिवेदनमा समेत औँल्याईएकोमा यो वर्ष पनि स्थिति यथावत छ ।

विगत ३ वर्षको सवारी साधन कर बाहेकको राजस्व असुलीको शीर्षकगत असुली स्थिति निम्नानुसार देखिएको छ:

(रु हजारमा)

शीर्षक	२०६६।६७ को असुली	२०६५।६६ को असुली	२०६४।६५ को असुली
मूल्य अभिवृद्धि कर	५१,६२,८४,५०	३५,१०,०९,३०	३१,४०,६७,२४
आयकर	३०,४५,३२,८२	२६,८०,०५,८४	१७,४०,६७,२४
अन्त:शुल्क	२३,६७,८६,८५	१२,८२,२०,७२	१०,५८,६५,६२
अन्य कर राजस्व	३,७८,३८,४२	८४,५५,२८	१,७३,८९,४८
जम्मा	**१,०९,५४,४२,६०**	**७५,५६,९१,१४**	**६०,७७,५७,४४**

वार्षिक प्रतिवेदनमा यो वर्षको कर राजस्व असुलीमा १०६ प्रतिशत प्रगति देखाएको भए तापनि यथार्थ प्रगति १०३ प्रतिशतमात्र देखिन्छ । यो दर गत वर्ष ९२.०७ प्रतिशत रहेको थियो ।

विभाग र मातहत कार्यालयको लागि यो वर्ष रु.७३ करोड ६८ लाख ८६ हजार विनियोजन भएकोमा अर्थ विविधबाट भएको निकासा समेत रु.५७ करोड ८० लाख ३७ हजार खर्च भएको छ । यो वर्ष भएको उक्त खर्च र राजस्व असुली स्थितिको विश्लेषण गर्दा प्रति १ हजार कर राजस्व सङ्कलनमा रु.५।३० लागत पर्न गएको देखिन्छ ।

५०. **राजस्व बक्यौता –** शीर्षकगत केन्द्रीय आर्थिक विवरणअनुसार मूल्य अभिवृद्धि कर बाहेक आयकर, साविक बिक्रीकर तथा अन्त:शुल्क समेतबाट गत वर्षसम्म रु.१४ अर्ब ८५ करोड ४३ लाख २८ हजार राजस्व बक्यौता देखाएको छ । गत वर्ष पेश भएको आर्थिक विवरणमा रु.१४ अर्ब ९४ करोड २८ लाख ७ हजार बक्यौता बाँकी रहेकोमा यो वर्ष रु.१४ अर्ब ८५ करोड ४३ लाख २८ हजारमात्र जिम्मेवारी सारेकोले रु.८ करोड ८४ लाख ७९ हजार लगतमा फरक परेको देखिएको छ । यस वर्षसम्म रु.१६ अर्ब १८ करोड ६७ लाख ९१ हजार बक्यौता बाँकी देखिन्छ । विभाग मातहतका कार्यालयहरुको आर्थिक विवरणमा राजस्व बक्यौता रु.१६ अर्ब ३० करोड ९४ लाख २२ हजार देखिएकोले रु.१२ करोड २६ लाख ३१ हजार लगत फरक देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५०.१. आन्तरिक राजस्व कार्यालयहरुले करदाताबाट प्राप्त गरेको स्थायी लेखानम्बर अनुरुप करदाताबाट आर्थिक वर्ष अनुसार निर्धारित कर तथा जरिवाना रकम एकमुष्ट देखिने गरी बक्यौताको अद्यावधिक अभिलेख राख्नुपर्नेमा सबै जसो कार्यालयले अभिलेख नराखेको कारण करदातागत असुल गर्न बाँकी रकम यकिन हुनसक्ने अवस्था छैन ।

५०.२. गत वर्षसम्मको राजस्व बक्यौता रु.१४ अर्ब ८५ करोड ४३ लाख २८ हजारमध्ये रु.१ अर्ब ८५ करोड ६ लाख ८५ हजार (१२.४६ प्रतिशत) लगत मिन्हा (कट्टा) भएको र रु.१ अर्ब ६३ लाख ७ हजार (६.७७ प्रतिशत) असुल भएको देखियो । राजस्व बक्यौता बढी रहेका प्रमुख कार्यालयहरुको विगत तीन वर्षको लगतको स्थिति निम्नानुसार रहेको छ:

(रु.हजारमा)

क्र.सं.	आन्तरिक राजस्व कार्यालय	२०६६।६७ सम्म	२०६५।६६ सम्म	२०६४।६५ सम्म
१	ठूला करदाता	९,५३,९२,७७	८,५२,८४,२५	५,०५,३९,६४
२	भैरहवा	१,११,७६,६४	१,०९,३०,५९	१,०८,५४,८४
३	सिमरा	९२,३३,७२	९१,६७,६७	७९,०७,२७

तालिकाअनुसार कार्यालयहरुको लगत बाँकी निरन्तर बढ्ने क्रममा रहेको देखिन्छ । आयकर ऐनअनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न कानूनबमोजिम करदाताहरुको खोजतलास गरी टुङ्गो लगाउने, पत्ता नलागेमा सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही कार्यालयबाट गर्न सकिने कानूनमा व्यवस्था छ, तापनि कारबाही नभएकोले तद्नुसार कारबाही हुनुपर्ने व्यहोरा विगत वर्षदेखि औँल्याइएकोमा स्थितिमा उल्लेख्य सुधार भएको छैन ।

५०.३. आन्तरिक राजस्व कार्यालय, बिराटनगरले गत वर्षसम्मको राजस्व बक्यौतामा यस वर्षको लगत कट्टा, मिनाहा र समायोजन पश्चातको रु.२६ करोड १३ लाख ७३ हजारमध्ये यो वर्ष रु.८० लाख १७ हजार (कुल बक्यौताको ३.०७ प्रतिशत) असुल गरेको छ । यस्तै आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १, काठमाडौंले गत वर्षको अन्त्यमा कायमी बक्यौता रु.७३ करोड ९८ लाख ८२ हजारमध्ये यो वर्ष रु.७९ लाख ६३ हजार (कुल बक्यौताको १.०८ प्रतिशत) असुल गरेको छ ।

५०.४. आन्तरिक राजस्व कार्यालय, बिराटनगरले एक करदाताको आय बर्ष २०५२।५३ मा दाखिला गरेको रु.१४ लाख ३० हजार बढी दाखिला भएको यकिन नै नगरी प्रमाण बेगर २०३४।३५ देखि २०४६।४७ सम्मको माग लगतबाट उक्त अङ्क घटाएको छ ।

राजस्व लगत बाँकीमध्ये पुनरावेदन परेका कारण ठूला करदाता कार्यालयको रु.६ अर्ब ९५ करोड ८१ लाख ८ हजार, भैरहवाको रु.६ करोड ७५ लाख ४९ हजार र सिमराको रु.८३ करोड ४० लाख २१ हजार विवादित अवस्थामा रहेको छ ।

५१. **आर्थिक विवरण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र असुल हुन बाँकी तथा हसवली राजस्व समेतको कच्चावारी भिडाई वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । यसैगरी असुल भएको राजस्व रकमको कार्यालयगत हिसाब यकिन गर्न प्रत्येक कार्यालयको नाउँमा बैङ्कमा छुट्टाछुट्टै नन–अपरेटिङ्ग खाता खोली सञ्चालन गर्ने र प्रत्येक कार्यालयले बैङ्कसँग हिसाब मिलान गरी राजस्व लेखा अद्यावधिकरुपमा राख्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था कार्यान्वयन सम्बन्धमा देखिएका केही उदाहरण निम्नानुसार छन्:

५१.१. आन्तरिक राजस्व विभागबाट प्रस्तुत आर्थिक विवरणमा २०६७ आषाढ मसान्तसम्म असुल गर्न बाँकी मूल्य अभिवृद्धि कर रु.४ अर्ब ४४ करोड १४ लाख ४३ हजार समावेश नगरेको कारण सो आर्थिक विवरणले राजस्व बक्यौताको सही र यथार्थ चित्रण गरेको छैन ।

५१.२. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १, २ र ३ को राजस्वको आर्थिक विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरेको पाइएन ।

आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं १ ले राजस्वको आर्थिक विवरण प्रमाणित गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंलाई २०६७।४।३१ मा अनुरोध गरेकोमा लेखापरीक्षण अवधि २०६७।११।१५ सम्म प्रमाणित गरेको पाइएन । आर्थिक विवरणभन्दा बैङ्कले बढी असुली देखाएको रु.३६ करोड २० लाख ७४ हजारका सम्बन्धमा छानबिन गरी हिसाब मिलान गरेको पाइएन । यस सम्बन्धमा छानबिन भइरहेको जवाफ प्राप्त भएको छ ।

५१.३. आन्तरिक राजस्व कार्यालय, धरानले तयार गरेको म.ले.प फाराम २३ ले देखाएको राजस्व असुलीभन्दा आर्थिक विवरणले घटी असुली देखाएको रु.१ करोड ८१ लाख ४० हजारको हिसाब मिलान गरेको छैन ।

५१.४. आन्तरिक राजस्व कार्यालय, ललितपुरले बैङ्क खातामा जम्मा भएको पैठारीतर्फको मूल्य अभिवृद्धि कर रु.७४ लाख ७४ हजार घटाएर आर्थिक विवरण तयार गरेको छ भने जनकपुरले पैठारीतर्फको मूल्य अभिवृद्धि कर समावेश नगरी आर्थिक विवरण तयार गरेको छ ।

५१.५. आन्तरिक राजस्व कार्यालय, पोखराले आर्थिक विवरणभन्दा राजस्वको मासिक प्रतिवेदन (म.ले.प फाराम ९) ले रु.२६ करोड २ लाख घटी असुली देखाएकोमा हिसाब मिलान गरेको छैन ।

५१.६. आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जले आर्थिक विवरणमा देखाएको राजस्व असुली रकमभन्दा बैङ्कमा रु.६० लाख २१ हजार घटी देखाएको छ । बैङ्कमा घटी देखिएको सम्बन्धमा छानबिन हुनुपर्दछ । यस सम्बन्धमा कार्यालयतर्फ बढी दाखिला देखिएकोले बैङ्कसँग भिडान गरेको जवाफ दिए तापनि प्रमाण पेश भएको छैन ।

५१.७. आन्तरिक राजस्व कार्यालय, लाहानले लगति कर राजस्वको माग लगत कितावनै राखेको छैन । लगत कितावको अभावमा पेश भएको राजस्वको आर्थिक विवरणमा लगति राजस्व प्रतिविम्बित छैन । सो सम्बन्धमा गत विगत प्रतिवेदनमा औँल्याइए तापनि सुधार भएको पाइएन ।

५१.८. आन्तरिक राजस्व कार्यालय, लाहानले चार कोष तथा लेखा नियन्त्रक कार्यालय (को.ले.नि.का.) ले देखाएको राजस्व असुलीभन्दा कार्यालयले देखाएको असुली एवं दाखिला निम्नानुसार फरक देखाएको छ:

(रु हजारमा)

जिल्ला	कार्यालयअनुसार दाखिला	को ले नि काअनुसार दाखिला	फरक
सोलुखुम्बु	४,९३	१,२४,३०	(१,१९,३७)
ओखलढुङ्गा	८९,५२	१,६९,०१	(७९,४९)
खोटाङ्ग	१,५४,९५	१,२६,५५	२८,४०
उदयपुर	४,९१,६३	४,१२,४९	७९,१४

फरक परेको सम्बन्धमा कुनै खुलासा समेत गरेको छैन । यसले गर्दा पेश भएको आर्थिक विवरणले राजस्व असुली एवं दाखिलाको यथार्थ चित्रण गर्दैन ।

५१.९. आन्तरिक राजस्व कार्यालय, लाहानले पेश गरेको आर्थिक विवरणअनुसार बैङ्क दाखिला रु.३५ करोड ९१ लाख ९८ हजार (६ जिल्लाको) रहेकोमा सो रकममा कोष तथा लेखा नियन्त्रक कार्यालय सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर र खोटाङ्गको बैङ्क दाखिला रु.७ करोड ४१ लाख ३ हजार घटाँउदा कार्यालय (सिरहा र सप्तरी) को खुद दाखिला रु.२८ करोड ५० लाख ९५ हजार हुन आँउछ । कार्यालयबाट पेश भएको तीन बैङ्कको बैङ्क खातामा रु.३१ करोड ४३ लाख ९१ हजार दाखिला देखिएकोले रु.२ करोड ९२ लाख ९६ हजार आर्थिक विवरणमा घटी आम्दानी देखाएको छ । साथै राजस्व दाखिला बैङ्क भौचरमा नम्बर उल्लेख नभएका भौचरहरुबाट समेत राजस्व आम्दानी देखाएको पाइयो ।

राजस्व कारोबारको अभिलेख तथा तथ्याङ्क दुरुस्त नराख्ने र बैङ्कसँग हिसाब भिडान नगरेको फलस्वरुप आर्थिक विवरणले यथार्थ चित्रण नगरेको स्थिति छ । व्यवस्थित अभिलेखको अभावमा राजस्व लोप हुनसक्ने जोखिमतर्फ ध्यान जानु जरुरी छ ।

५२. **कानूनको पालना** – दक्ष, स्वच्छ एवं पारदर्शी कर प्रशासनद्वारा करदातालाई प्रभावकारी सेवा प्रदान गरी आन्तरिक राजस्वको अधिकतम परिचालन गर्नु आन्तरिक राजस्व विभागको प्रमुख कर्तव्य रहेको छ । राजस्व सम्बन्धी ऐन नियमको साथै सोको अधीनमा रही विभागका महानिर्देशकले जारी गरेका पूर्वादेश, निर्देशन, परिपत्र आदि प्रभावकारीरुपमा लागू गरी राजस्व सङ्कलन गर्नु गराउनु आन्तरिक राजस्व कार्यालयहरुको प्रमुख कर्तव्य हुन आउँछ । यी उद्देश्य परिपूर्तिको लागि राजस्व सम्बन्धी कानून तथा कार्यविधिको पालना गर्नु गराउनुपर्नेमा नगरेका केही उदाहरण तल दिइएको छ:

५२.१. आयकर नियमावली, २०५९ को नियम २३ ले निर्धारणयोग्य आय आर्जन गर्न चाहने वा ऐनको परिच्छेद १७ अर्न्तगत कर कट्टी गर्नुपर्ने जुनसुकै व्यक्तिले त्यस्तो आयआर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखानम्बरको लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ । ठूला करदाता कार्यालय अन्तर्गत नून, सुन, उन र विविध वस्तुको कारोबार गर्ने एक करदाताले आय विवरण साथ संलग्न गरेको यस वर्षको कुल बिक्री रु.६९ करोड २४ लाख १९ हजारमध्ये रु.१० लाखभन्दा बढीको बिक्री कारोबारको विवरणमा उल्लेखित ८९ खरिदकर्तामध्ये ३७ खरिदकर्ताले स्थायी लेखानम्बर प्राप्त नगरी कारोबार गरेको देखियो ।

प्रचलित कानूनबमोजिम स्थायी लेखानम्वर नलिई रु.२ करोड ४२ लाख ७७ हजारसम्मको खरिद कारोबार गर्ने व्यक्ति समेत करको दायरामा नआएको सम्बन्धमा खोजिनीति गरी आवश्यक कारबाही हुनुपर्ने

देखिन्छ । करदाताले अभिलेखको रुपमा कार्यालयमा उपलब्ध गराएको सूचनामा समेत थप छानबिन गरी करको दायरामा ल्याउने प्रयास नभएकोले कानूनी व्यवस्थाको पालना गरेको देखिएन । यस्तो अवस्थामा करको दायरा निरन्तर वृद्धि गर्ने नीति कार्यान्वयनमा आश्वस्त हुनसकिने स्थिति छैन ।

५२.२. आयकर ऐन, २०५८ को दफा ८१ मा तोकिएबमोजिम करदाताले लेखा प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । दफा ७७(१) बमोजिम जारी भएको निर्देशिकाले मुनाफा र लाभ रु.५० लाखभन्दा बढी भएका करदाताले लेखा प्रमाणीकरण गरी आय विवरण पेश गर्नुपर्ने र दफा ९६(३) मा त्यस्तो प्रमाणीकरण गर्ने अर्को व्यक्तिले दफा ८१ बमोजिम राखेको कागजात जाँच गरेको कुरा प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । कर लेखापरीक्षकद्वारा व्यवसायको लेखा एवं अन्तिम मौज्दात मूल्याङ्कन प्रक्रिया र रकम समेतमा प्रमाणीकरण नगरी पेश गरेको आय विवरणलाई व्यवस्थापनद्वारा प्रमाणित गरिएबमोजिम भनी आन्तरिक राजस्व कार्यालयहरुले मान्यता दिएको देखिएको छ । कानूनी व्यवस्था पूर्णरुपमा कार्यान्वयन हुनुपर्दछ ।

५२.३. आयकर ऐन, २०५८ को दफा ९५ मा वार्षिक कर बुझाउनुपर्ने आय भएका प्रत्येक व्यक्तिले चालू आय वर्षको पौष महिनाभित्र अनुमानित आय विवरण बुझाउनुपर्ने व्यवस्था छ । यस्तै दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्र र दफा ९८ बमोजिम म्याद थप भएकोमा सो म्यादभित्र करदाताले आय विवरण दाखिला गर्नुपर्ने एवं दफा ९९(२) मा कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश नगरेमा आय विवरण दाखिला नभएसम्मको लागि आय विवरण पेश गर्नुपर्ने मितिमा कर निर्धारण भए सरह मानिने व्यवस्था छ । ऐनको दफा १०१ ले यस्ता व्यक्तिको संशोधित कर निर्धारण गर्नसकिने व्यवस्था समेत गरेको छ । वार्षिक प्रतिवेदनअनुसार गत वर्षसम्म आयकरमा दर्ता भएका ३ लाख ३६ हजारमध्ये यो वर्ष थप भएका र स्थगन पश्चात आर्थिक वर्षको अन्त्यमा कुल ३ लाख ७९ हजार करदाता सक्रिय रहेको देखिन्छ । सोमध्ये २ लाख ७ हजार (५४.६२ प्रतिशत) करदाताबाट यो वर्ष आय विवरण दाखिला भएको देखिन्छ । आय विवरण दाखिला गराउनेतर्फ विभागको सक्रियता बढ्नु आवश्यक छ ।

५२.४. आयकर ऐन, २०५८ को दफा ७७(१) अनुसार करदाताले आय विवरण साथ संलग्न गर्नुपर्ने विवरणहरु आन्तरिक राजस्व विभागले तोकी पेशा वा व्यवसायको आधारमा छुट्टाछुट्टै सूचना प्राप्त हुने व्यवस्था गरेको छ । दफा ८३ मा विभागले सूचना दिई कर बुझाउने दायित्व भए नभएको व्यक्तिबाट आवश्यक सूचना प्राप्त गर्नसक्ने व्यवस्था छ । विभागबाट जारी गरेको कार्य सञ्चालन निर्देशिका, २०५८ मा करदाताको व्यवसाय, बिल बीजक, प्रज्ञापनपत्र यथार्थ भए नभएको छानबिन गर्न आन्तरिक राजस्व कार्यालयबाट तथ्याङ्क तथा सूचना लिने, भन्सार प्रज्ञापनपत्र सङ्कलन गर्ने, भन्सार कार्यालय, राजस्व अनुसन्धान विभाग, सरकारी कार्यालय वा अन्य निकायहरुबाट प्राप्त तथ्याङ्क एवं सूचनाहरु सङ्कलन गरी छानबिन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालयहरुले निर्देशिकाबमोजिम यस्ता सूचना तथा तथ्याङ्क अद्यावधिकरुपमा प्राप्त गरी अभिलेखाङ्कन गर्ने र करपरीक्षणको क्रममा भिडान गर्ने लगायतका कार्य नगर्ने परिपाटी यथावत रहेको छ । कानूनअनुसार अनिवार्यरुपमा पेश गर्नुपर्ने विवरण पेश गर्ने गराउने, करपरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने एवं छानबिन कार्यमा आवश्यक समन्वय कायम गरी कर प्रशासनमा सुधार गर्नु जरुरी देखिएको छ ।

५२.५. कम्पनी ऐन, २०६३ को दफा १०८(२) मा ऐन अन्तर्गत स्थापना भएका कम्पनीहरुको लेखा दोहोरो लेखाप्रणालीमा राख्नुपर्ने र कम्पनीको आर्थिक कारोबारको यथार्थ स्थिति प्रतिविम्बित हुने गरी प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान र यस ऐनबमोजिम पालना गर्नुपर्ने अन्य शर्तहरु पालना गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १०९(१) अनुसार पब्लिक तथा प्राइभेट लिमिटेड कम्पनीले वर्षान्तको वित्तीय विवरणसाथ पेश गर्नुपर्ने विवरण ऐनको दफा १०९(५) ले उल्लेखित विवरणमा गत वर्षको कारोबार अङ्क समावेश गरी तुलनात्मक विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नेपाल लेखामान लागू भइसकेको अवस्थामा प्रचलित ऐन, कानूनले निर्देशित गरे मुताबिक तुलनात्मकरुपमा गत वर्षको कारोबार समेत देखिने विवरण पेश नगर्ने र अधुरो वित्तीय विवरण पेश गर्ने करदातालाई कार्यालयहरुले पुनः वित्तीय विवरण पेश गर्न लगाउनुपर्नेमा सो गरेको छैन भने गर्नुपर्ने कार्य नगर्नेलाई कानूनी कारबाही समेत गरेको देखिँदैन ।

करदाताको लेखापरीक्षण प्रतिवेदनमा कम्पनी ऐनको पालना गरेको उल्लेख भए तापनि कम्पनी ऐनको दफा १०८ र १०९ को व्यवस्थाको पालना नगरी वित्तीय विवरण प्रस्तुत गरेबाट कम्पनी ऐनले तोकेको वित्तीय विवरणको ढाँचाबमोजिम तयार नगरेको अवस्था विद्यमान छ । यस्ता अधुरा विवरण पनि लेखापरीक्षकहरुले प्रमाणित गरेको देखियो । यसरी कानूनबमोजिम नगरेका कार्यलाई यथास्थितिमा नै वित्तीय विवरण स्वीकार गरी प्रमाणित गर्ने उपर यथोचित कारबाहीको लागि सम्बन्धित निकायमा जानकारी गराएको छैन । यसले गर्दा अन्तिम लेखापरीक्षणको क्रममा कारोबारको तुलनात्मक परीक्षण गरी प्रतिवेदन गर्न कठिनाई उत्पन्न भएको छ । अपूर्ण र तोकिएबमोजिमको ढाँचामा तयार नगरी पेश भएका वित्तीय विवरणहरु प्रमाणित गर्ने लेखापरीक्षकउपर कारबाही गर्नुपर्दछ ।

५३. **निर्देशन पालना –** सिमेन्ट उत्पादन तथा बिक्री वितरण गर्ने एक करदाताको आय वर्ष २०६४।६५ को कारोबार रु.७१ करोड ३७ लाख १८ हजार रहेको आय विवरणको करपरीक्षण तथा संशोधित कर निर्धारण सम्बन्धी फाईल आन्तरिक राजस्व विभागले पुनरावलोकन गरी देखिएका व्यहोरामा आवश्यक कारबाही गर्न २०६७।३।२८ मा ठूला करदाता कार्यालयलाई निर्देशन दिएकोमा लेखापरीक्षण अवधि (२०६७ फागुन) सम्मपनि निर्देशनको पालना भएको देखिएन ।

५४. **करपरीक्षण** – आयकर ऐन, २०५८ को दफा १०१ अनुसार पूर्ण करपरीक्षणका लागि गत वर्षहरुमा छनौट भई परीक्षण हुन बाँकी रही जिम्मेवारी सरेका ५ हजार ४६ र यो वर्ष छनौटमा परेका २ हजार ७६२ समेत ७ हजार ८०८ आय विवरणको यो वर्ष करपरीक्षण गर्नुपर्नेमा ३ हजार १८६(४०.६ प्रतिशत) को करपरीक्षण गरेको पाइयो ।

यो वर्ष करपरीक्षण गरेकोमध्ये आयकरतर्फ २ हजार १९८ करदाताबाट रु.३ अर्ब ३६ करोड २ लाख ६० हजार तथा मूल्य अभिवृद्धि करतर्फ २ हजार ७९० करदाताबाट रु.१ अर्ब ४२ करोड ४० लाख ३९ हजार समेत रु.४ अर्ब ७८ करोड ४२ लाख ९९ हजार थप कर निर्धारण भएको देखिन्छ । परीक्षण गरिएकामध्ये झण्डै दुई तिहाई परीक्षणमा कर निर्धारण गरेको स्थितिमा छनौटमा परेका सम्पूर्ण करदाताको करपरीक्षण समयमै सम्पन्न गर्नु आवश्यक छ ।

५४.१. आन्तरिक राजस्व कार्यालय, भक्तपुरले विगतमा छनौट भै जिम्मेवारी सारेको २७० तथा यो वर्ष छनौट भएका ६२ समेत ३३२ कर विवरणको यो वर्ष करपरीक्षण गर्नुपर्नेमा ३२ आय विवरण (९.६ प्रतिशत) को मात्र शंसोधित कर निर्धारण गरेको छ । आन्तरिक राजस्व कार्यालय, लाहान र जनकपुरले यो वर्ष कुनैपनि विवरणको करपरीक्षण गरेको पाइएन ।

५४.२. ठूला करदाता कार्यालयले विगत तीन वर्षमा गर्नुपर्ने करपरीक्षण र परीक्षण गरेको स्थिति देहायअनुसार छ:

आर्थिक वर्ष	जिम्मेवारी सरेका	योबर्ष छनौट गरेका	परीक्षण गर्नुपर्ने जम्मा	परीक्षण गरेका	परीक्षण प्रतिशत
२०६४।६५	१११	१६६	२७७	१६५	५९.५७
२०६५।६६	११२	१६०	२७२	१६०	५८.८२
२०६६।६७	११२	१४७	२५९	१२३	४७.४९

परीक्षणका लागि छनौट भएका (जिम्मेवारी सरेका समेत) सबै आय विवरणहरुको परीक्षण सम्पन्न गर्नुपर्नेमा ६० प्रतिशत आय विवरणको पनि परीक्षण सम्पन्न गर्नसकेको पाइएन । तीन वर्षको स्थिति हेर्दा आय विवरण परीक्षणको क्रम घट्दो दरमा रहेको पाईयो ।

५४.३. ठूला करदाता कार्यालयले विगत तीन वर्षमा गरेको पूर्ण करपरीक्षणका कारण आयकर र मूल्य अभिवृद्धि कर थप असुल गर्नुपर्ने गरी निम्नानुसार थप कर निर्धारण भएको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ:

(रु हजारमा)

आर्थिक वर्ष	परीक्षण गरिएका आय विवरण	परीक्षणबाट थप आयकर निर्धारण	परीक्षणबाट थप मूल्य अभिवृद्धि कर निर्धारण	जम्मा थप कर निर्धारण
२०६४।६५	१६५	३,०५,२०,७३	१०,९३,०३	३,१६,१३,७६
२०६५।६६	१६०	४,०१,४०,३४	१४,९८,५०	४,१६,३८,८४
२०६६।६७	१२३	२,६४,५८,७२	१,१५,७३,२२	३,८०,३१,९७

सम्पूर्ण आय विवरणहरुको परीक्षण गर्न सकिएमा थप राजस्व असुली हुने स्थिति देखिएकोले करपरीक्षणलाई प्राथमिकता दिई सम्पूर्ण आय विवरणहरुको परीक्षण गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

५४.४. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा कर विवरण पेश गरेको मितिले ४ वर्षभित्र र आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ बमोजिम कर निर्धारण भएकोमा आय विवरण पेश गर्नुपर्ने मितिले ४ वर्षभित्र पुनः तथा संशोधित कर निर्धारण गरिसक्नुपर्ने व्यवस्था छ । विभाग तथा कार्यालयहरुबाट पूर्ण करपरीक्षणका लागि छनौट हुने तथा छनौट भएको वर्षभन्दा अगाडिका तीन वर्ष समेत चार वर्षको पूर्ण करपरीक्षण गरी कानूनअनुसार पुनः संशोधित कर निर्धारण गर्न विस्तृत कार्यक्रम बनाई कुनैपनि कार्यालयले परीक्षण गर्नसकेको देखिँदैन । हरेक वर्ष करपरीक्षण गर्ने प्रयोजनका लागि छनौट भएका आय विवरणको परीक्षण गर्न नसकेको कारणबाट अन्तिम लेखापरीक्षण हुँदाकै स्थितिमा ४ वर्ष नाघिसक्ने अवस्था विद्यमान रहेको छ । यस्तो स्थिति सिर्जना हुन नदिन विभागले नत रणनीतिक रुपमा यो समस्या समाधान गर्ने कार्य योजनानै बनाएको छ नत आयकर ऐन, २०५८ मा पुनरावलोकन गरी आय विवरण पेश गरेको मितिले ४ वर्ष ननाघ्ने गरी संशोधित कर निर्धारण गर्ने व्यवस्था गर्नसकेको छ । यस बारेमा गत विगत वर्षदेखि लेखापरीक्षणबाट ध्यानाकर्षण गराइए तापनि सुधार हुनसकेको छैन ।

५४.५. आन्तरिक राजस्व कार्यालयहरुले आय विवरणको विस्तृत करपरीक्षण गर्दा अन्तिम लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा उपर कार्यालयले छानबिन गर्दा कुनै करदाताको आय विवरणमा पुनः कर वा संशोधित कर निर्धारण गर्नुपर्ने विषयउपर कार्यालय सन्तुष्ट भएमा त्यस्ता आय विवरणको पुनः कर निर्धारण गर्नेगरेको छ ।

राजस्व सम्बन्धी कानूनहरुमा ४ वर्षको अवधिभित्र कार्यालयले करदाताका विवरण संशोधन गर्नसक्ने प्रावधानले गर्दा कार्यालयले करपरीक्षण गरेका फाइलहरुको ३ वर्षभित्रै अन्तिम लेखापरीक्षण सम्पन्न गर्नसकिने भएमा मात्र लेखापरीक्षकको प्रतिवेदनका व्यहोराहरु कार्यान्वयन गर्नसकिने अवस्था रहने देखिन्छ । तथापि कार्यालयहरुले करदाताको करपरीक्षण चौंथो वर्षमा वा सो अवधि सकिनु अगाडिको सीमान्त महिनामा गरेको कारण लेखापरीक्षणबाट औंल्याइएको कैफियत एवं सुझाउ कार्यान्वयन गर्न कानूनीरुपमा कठिनाई पर्ने र अन्तिम लेखापरीक्षण औचित्यहीन हुन जाने हुन्छ । उदाहरणको लागि, ठूला करदाता कार्यालयले यो वर्ष करपरीक्षण गरेका विभिन्न आय वर्षका १३९ आय विवरणमध्ये ३९ आय विवरण (३१.७ प्रतिशत) को अन्तिम लेखापरीक्षणको समयको सुरुमै ४ वर्ष अवधि सकिएको देखिन्छ । करदाताको आय विवरण संशोधन गर्ने ४ वर्षको समयावधि तोकिएको र कार्यालयहरुले करदाताको आय विवरण उपर समयावधि भित्र पुनः करपरीक्षण नगरेको कारण अन्तिम लेखापरीक्षणको प्रतिवेदनको कार्यान्वयन हुनसक्ने स्थिति नरही महालेखापरीक्षकको संवैधानिक दायित्व सङ्कुचित हुन गएको छ ।

५५. **घटी आय** – आयकर ऐन, २०५८ को दफा ७ मा व्यवसायबाट भएको आयको गणना गर्दा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभमा सो वर्षभित्र प्राप्त गरेको रकम समावेश गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धी देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

५५.१. आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं. १ मा दर्ता भई कार्पेटको उत्पादन तथा निकासी गर्ने एक करदाताले निर्यात बिक्रीतर्फको आयलाई नेपाली रुपैयाँमा लेखाङ्कन गर्दा नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दरभन्दा प्रति अमेरिकी डलर रु.१२।१० सम्मले न्यून देखाई आय लेखाङ्कन गरेकोले बिक्री आय रु.२३ लाख ६१ हजार घटी देखिएको छ । यसमा लाग्ने कर, शुल्क तथा ब्याजको सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

५५.२. ठूला करदाता कार्यालयमा दर्ता भएको फिड सप्लिमेण्टको उत्पादन तथा बिक्री गर्ने एक करदाताले भटमास पिना खरिद मूल्यभन्दा घटीमा बिक्री देखाई यो वर्ष रु.४६ लाख ३५ हजार बिक्री आय न्यून देखाएको छ । करदाताले गत वर्षको मौज्दात पिना प्रति के.जी. रु.१७।५५ तथा चालू वर्षमा भएको खरिदको लागत रु.१६।६५ परेको अवस्थामा प्रति के.जी.रु.१६।३४ मा बिक्री लेखाङ्कन गरेको सम्बन्धमा करपरीक्षणले ध्यान दिनसकेको पाइएन । लागत मूल्यभन्दा घटीमा बिक्री देखाई आय न्यून भएको रु.४६ लाख ३५ हजारमा

लाग्ने आयकर, शुल्क तथा ब्याजका सम्बन्धमा छानबिन गरिनुपर्दछ । यस सम्बन्धमा छानबिन भैरहेको जवाफ प्राप्त भएको छ ।

५५.३. ठूला करदाता कार्यालयमा दर्ता भएको होटल व्यवसाय गर्ने एक करदाताले पाहुनालाई लाउण्ड्री सुबिधा उपलब्ध गराउँदा भएको खर्च रु.१८ लाख ३० हजारभन्दा लाउण्ड्री सुबिधाको आय रु.४ लाख १३ हजारले घटी देखाएको छ । यस सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गरिनुपर्दछ । यस सम्बन्धमा छानबिन भैरहेको जवाफ प्राप्त भएको छ ।

५५.४. आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जमा आय विवरण साथ एक एजुकेशन एकेडेमीले पेश गरेको वासलातअनुसार सुरक्षित ऋण रु.१० करोड ९४ लाख ६८ हजारको ब्याज खर्चबापत रु.१ करोड १८ लाख ९९ हजार खर्च दाबी गरेको छ । वासलातअनुसार करदाताले गत वर्षको अन्तमा एक हस्पिटल एण्ड रिसर्च सेन्टरमा रु.३ करोड ३९ लाख ६८ हजार लगानी गरेकोमा सोबाट प्राप्त आम्दानी देखाएको छैन । एउटा फर्मको नाममा ऋण लिने र अर्को सहायक कम्पनीलाई निर्ब्याजी सापटी देखाएको सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गरिनुपर्दछ । कार्यालयबाट लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया प्राप्त भए तापनि यस सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन ।

५५.५. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता भएको औषधिको थोक कारोबार गर्ने एक करदाताले आय वर्ष २०६५।६६ को आय विवरण पेश गर्दा बिक्री आय रु.११ करोड ७० लाख ५ हजार देखाएको छ । करदाताको फाईलसाथ संलग्न रहेको स्वास्थ्य सेवा विभागको विवरणअनुसार विभिन्न मितिमा भुक्तानी रकमको १.५ प्रतिशतका दरले स्रोतमा कर कट्टी गरेको रु.१८ लाख ७१ हजारका आधारमा करदाताको बिक्री आय रु.१२ करोड ४७ लाख २० हजार देखाउनुपर्ने हुन आउँछ । अन्य पक्षलाई बिक्री भएको रकम यसमा जोड्दा करदाताको कुल बिक्री अङ्क बढ्न जाने अवस्थालाई विचार गरी थप जाँच प्रक्रियाको अवलम्बन गरिनुपर्ने देखियो । प्रस्तुत आधारमा मात्र घटी आय देखाएको रु.७७ लाख १५ हजारलाई करदाताको करयोग्य आयमा समावेश गरी कर र शुल्क तथा सोमा लाग्ने ब्याज समेत गणना गरी रु.२८ लाख ९३ हजार असुल गर्नुपर्दछ ।

५५.६. आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जमा दर्ता भएको मदिराको कारोबार गर्ने एक करदाताले मदिरा उत्पादन गर्ने डिष्टिलरीले २०६५।५।१५, २०६५।६।७ र २०६५।११।५ मा तोकेको बिक्री मूल्यभन्दा घटी दरमा मदिरा बिक्री देखाई रु.९५ लाख ५६ हजार घटी आय देखाएको पाइयो । उत्पादकले प्रकाशित गरेको मूल्यभन्दा घटी मूल्यमा बिक्री आम्दानी देखाएको सम्बन्धमा छानबिन गरी सोमा लाग्ने कर र शुल्क तथा ब्याज समेत गणना गरी रु.३५ लाख ८३ हजार असुल गर्नुपर्दछ । यस सम्बन्धमा असुल गर्न कारबाही भैरहेको जानकारी प्राप्त भएको छ ।

यसैगरी सोही कार्यालयमा दर्ता भएको मदिरा कै कारोबार गर्ने अर्को करदाताले पनि मदिरा उत्पादकले २०६५।५।१५, २०६५।६।७ र २०६५।११।५ मा प्रकाशित गरेको मूल्यसूचीभन्दा रु.३७ लाख ९५ हजार घटी बिक्री आय देखाएको छ । यस सम्बन्धमा छानबिन गरी सोमा लाग्ने कर र शुल्क तथा ब्याज समेत गणना गरी रु.१४ लाख २३ हजार असुल हुनुपर्दछ । यस सम्बन्धमा कार्यालयबाट असुल गर्न कारबाही भैरहेको जानकारी प्राप्त भएको छ ।

५६. **आय –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५६.१. आन्तरिक राजस्व कार्यालय सिमरामा दर्ता भएको निर्माण सामग्रीको कारोबार गर्ने एक करदाताले रु.४ लाखको बिक्री तथा रु.३ लाख ५० हजारको खरिद कारोबार देखाई डे १ (रु.२० लाखसम्म कारोबार गर्ने) फाराममा आय विवरण बुझाएको देखिन्छ । करदाताले सोही आय वर्षमा सिमेन्ट उत्पादन गर्ने एक करदाताबाट रु.३९ लाख ८० हजारको सिमेन्ट खरिद गरेको देखियो । कारोबारका आधारमा डे २ (रु.२० लाखभन्दा माथि ५० लाखसम्म कारोबार गर्ने) विवरण बुझाउनुपर्ने करदाताले रु.३९ लाख ८० हजारको

खरिद कारोबारलाई रु.३ लाख ५० हजारमात्र देखाई आय लुकाएको सम्बन्धमा थप छानबिन गरी लाग्ने आयकर, मूल्य अभिवृद्धि कर, शुल्क तथा ब्याज असुल गर्नुपर्ने देखिन्छ ।

त्यस्तै सोही कार्यालयमा दर्ता भएको खाद्यान्न कारोबार गर्ने एक करदाताले सोही प्रकृतिको कारोबार गर्ने अर्को करदातालाई रु.२१ लाख ५० हजार बिक्री देखाएको तर खरिद गर्ने करदाताले आय विवरण साथ पेश गरेको रु.१० लाखभन्दा बढीको खरिदको विवरणमा उक्त खरिद समावेश गरेको नदेखिँदा खरिद कारोबार लुकाएको रु.२१ लाख ५० हजारमा लाग्ने आयकर, शुल्क तथा ब्याज समेतका सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ । यस सम्बन्धमा कार्यालयले छानबिन गरी सम्परीक्षणको लागि पेश गरिने जवाफ दिएको छ ।

५६.२. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं १ मा दर्ता भएको ट्राभल एण्ड टुर्स सम्बन्धी कारोबार गर्ने एक करदाताले आय विवरण साथ पेश गरेको वित्तीय विवरणबमोजिम विभिन्न बैङ्क तथा वित्तीय सस्थाहरुको मुद्दती निक्षेपमा रु.६ करोड ५७ लाख ४८ हजार मौज्दात रहेकोमा निक्षेपबाट प्राप्त ब्याज आयमा समावेश भएको देखिएन । आयकर ऐनबमोजिम प्रोदभावी आधारमा लेखा राख्नुपर्ने दायित्व भएको करदाताले मुद्धती निक्षेपमा लगानी गरेको र सोबाट आर्जित ब्याज आयमा समावेश नगरेको सम्बन्धमा कार्यालयले करपरीक्षणगर्दा ध्यान पुऱ्याउन सकेको देखिएन । अत: करदाताको औषत लगानीमा वार्षिक १० प्रतिशतका दरले हुने ब्याज आय रु.६५ लाख ७५ हजारमा लाग्ने आयकर, शुल्क तथा ब्याजका सम्बन्धमा छानबिन गरी असुल हुनुपर्ने देखिन्छ । यस सम्बन्धमा छानबिन भैरहेको जवाफ प्राप्त भएको छ ।

५६.३. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ मा दर्ता भएका इलेक्ट्रोनिक्स कारोबार गर्ने एक करदाताले बिक्रीको प्रोत्साहनबापत प्राप्त रु.५ लाख ६४ हजार आयमा समावेश गरेको पाइएन । यसमा छानबिन गरी सोमा लाग्ने आयकर, शुल्क तथा ब्याजका सम्बन्धमा छानबिन हुनुपर्दछ । यस सम्बन्धमा कार्यालयले थप छानबिन गरी पेश गरिने जवाफ दिएको छ ।

५७. **आयको खण्डीकरण –** वैदेशिक रोजगार सेवा शुल्क व्यवस्थापन निर्देशिका, २०६३ को दफा ४.१ मा वैदेशिक रोजगारको सिलसिलामा विदेश जाने व्यक्तिहरुबाट यातायात, स्वास्थ्य सम्बन्धी, भीसा तथा कमिशन र अन्य खर्चहरु जोडी हुन आउने रकममा सेवा शुल्क लाग्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता भएका वैदेशिक रोजगार सम्बन्धी कारोबार गर्ने एक करदाताले ३६८ कामदार विदेश पठाउँदा प्रतिकामदार घटीमा रु.३५ हजार र बढीमा रु.८० हजारका दरले सरदर रु.५७ हजार ५०० सेवा शुल्क लिई आय विवरणमा वार्षिक सेवा शुल्क रु.२ करोड ६९ लाख ५० हजार प्राप्त गरेको देखिन्छ ।

सोही कार्यालयमा दर्ता भई सोही प्रकृतिको कारोबार गर्ने अन्य दुई करदाताले सोही आय वर्षको आय विवरणमा वैदेशिक रोजगारीमा जानेसँग प्रति कामदार रु.५ हजारका दरले २९२ व्यक्तिसँग रु.१४ लाख ६० हजार र १ हजार ९४४ व्यक्तिसँग रु.९७ लाख २० हजार सेवा शुल्कबापत आम्दानी देखाएको छ । एउटै कारोबार गर्नेले देखाउने कारोबारको चलन चल्तिको परिपाटी विपरीत वैदेशिक रोजगारीमा जानेसँग लिने सम्पूर्ण रकमलाई आयमा नदेखाई आयको खण्डीकरण गरेको देखियो । उल्लेखित करदातासँग मात्र कर तथा शुल्क समेत रु.४ करोड ४० लाख २१ हजार असुल हुनसक्ने देखिएकोले यस सम्बन्धमा विस्तृत छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । कार्यालयबाट प्राप्त जवाफमा सो सम्बन्धमा छानबिन भई रहेको उल्लेख छ ।

५८. **कारोबारको वैधता –** आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता भएका सार्वजनिक निर्माण सम्बन्धी ठेक्कापट्टाको कारोबार गर्ने एक करदाता कम्पनी रजिष्ट्रारको कार्यालयमा २०६५।१।९ मा कम्पनीको रुपमा दर्ता भएको देखिन्छ । कम्पनीको प्रवन्धपत्रअनुसार कम्पनीले उत्पादनमूलक व्यवसाय गर्ने उल्लेख छ । सो प्रवन्धपत्रमा कम्पनीले आयात सम्बन्धी कारोबार गर्नपाउने उल्लेख छैन । कम्पनी दर्ता भएपश्चात २०६५।१।१६ मा स्थायी लेखानम्वर प्रदान गर्दा विविध वस्तुहरुको आयात गर्ने समेत उल्लेख गरेको पाइयो । सो करदाताले आय वर्ष २०६५।६६ मा निर्माण कार्यमा प्रयोग हुने विभिन्न मोडेलका रु.२१ करोड ३४ लाख ४५ हजार मूल्यका एक्साभेटर आयात गरी रु.२३ करोड ११ लाख ९० हजार मूल्यको बिक्री गरेको देखिन्छ ।

निर्माण कार्य गरी करदाताले यो वर्ष कुनै आय आर्जन गरेको देखाएको छैन । निर्माण ठेक्काको कारोबार गर्ने करदाताले हेभी इक्वीपमेन्ट आयात तथा बिक्री सम्बन्धी कारोबार गर्नपाउने गरी इजाजत लिएको नदेखिँदा यस्तो कारोबारबाट आयकर तथा अन्य करमा अपचलन हुनसक्ने देखिएकोले यस सम्बन्धमा छानबिन गरी कर दायित्वमा पर्ने असर यकिन गरिनुपर्दछ । कार्यालयबाट प्राप्त जवाफमा सो सम्बन्धमा छानबिन भईरहेको उल्लेख छ ।

५९. **सम्बद्ध व्यक्तिबीचको कारोबार –** आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता भई डेविट तथा क्रेडिट कार्ड सम्बन्धी कारोबार गर्ने एक करदाताले पेश गरेको आय विवरण साथ संलग्न वासलातमा कम्पनीको चुक्ता पूँजी रु.१ करोड ४० लाखको सम्पूर्ण अँश एक ट्राभल्स सर्भिस प्रा.लि.को रहेको देखिन्छ । करदाताले सोही ट्राभल्ससँग रु.१ करोड ६४ लाख ८५ हजार लिन बाँकी रहेको देखिन्छ । सो रकममा लाग्ने ब्याज गणना गरी कर लेखापरीक्षकले खर्च कट्टी नदिए तापनि कारोबारको यथार्थता तथा सम्बद्ध व्यक्तिहरुबीच भएको कारोबार सामान्य बजार व्यवहारअनुरुप भए नभएकोतर्फ करपरीक्षणले ध्यान पुऱ्याएको पाइएन । यसबाट कर दायित्वमा पर्ने असर सम्बन्धमा छानबिन हुनुपर्दछ । कार्यालयबाट प्राप्त जवाफमा सो सम्बन्धमा छानबिन भईरहेको उल्लेख छ ।

यस्तै आन्तरिक राजस्व कार्यालय, वीरगञ्जमा दर्ता भएको औषधिको कारोबार गर्ने एक करदाताको कुल बिक्री कारोबार रु.१७ करोड ६५ लाखमध्ये आफै सञ्चालक रहेको अन्य दुई कम्पनीलाई रु.१५ करोड ९७ लाख ६८ हजार बिक्री देखाएको छ । एकै व्यक्ति सञ्चालक रहेको वा सञ्चालकहरुको वित्तीय स्वार्थ भएको निकायसँग भएको कारोबार बारे लेखा तथा वित्तीय विवरणमा प्रचलित लेखामानबमोजिम आवश्यक खुलासा गरिएको छैन । यस्तो निकटतम कारोबार सामान्य व्यापारिक प्रचलनसम्मत भए नभएको र यसबाट कर दायित्वमा पर्ने असर बारेमा करपरीक्षणले ध्यान पुऱ्याउन सकेको पाइएन । कार्यालयबाट सामान्य बजार व्यवहार (आर्म लेन्थ ट्रान्जेक्सन) सम्बन्धमा छानबिन भै रहेको जवाफ प्राप्त भएको छ ।

६०. **अग्रिम कर कट्टी –** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा प्रत्येक वासिन्दा व्यक्तिले ब्याज, भाडा, लाभांश, रोयल्टी, सेवा शुल्क, आदि रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ऐनको व्यवस्था अनुसार अग्रिम कर कट्टा नगरेको केही प्रमुख व्यहोरा निम्नानुसार छन्:

६०.१. आन्तरिक राजस्व कार्यालय, वीरगञ्जमा दर्ता भएको औषधि उत्पादनको कारोबार गर्ने एक करदाताले आफ्नो हिताधिकारीलाई वितरण गरेको लाभांश रु.२ करोड ४६ लाख २५ हजारमा आयकर ऐनबमोजिम रु.१२ लाख ३१ हजार कट्टी गर्नुपर्ने अग्रिम कर कट्टी गरेको पाइएन । यस सम्बन्धमा कर कट्टी गरेको जवाफमा उल्लेख गरे तापनि बैङ्क भौचर पेश भएको छैन ।

६०.२. आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता भएको हाउजिङ्ग व्यवसाय गर्ने एक करदाताले मेशिनरी उपकरण भाडाबापत भुक्तानी गरेको रु.२६ लाख ७८ हजारमा आयकर ऐनको दफा ८८(१) बमोजिम रु.४ लाख २ हजार अग्रीम कर कट्टी गरेको पाइएन । कार्यालयबाट प्राप्त जवाफमा सो सम्बन्धमा छानबिन भईरहेको उल्लेख छ ।

६०.३. ठूला करदाता कार्यालय अन्तर्गत औषधिको कारोबार गर्ने एक करदाताले भुक्तानी गरेको परामर्श सेवा शुल्क तथा घरभाडामा रु.२ लाख ४० हजार, निर्माण व्यवसाय गर्ने एक करदाताले करार अन्तर्गत गरेको भुक्तानीमा ऐनको दफा ८९ बमोजिम रु.६ लाख १ हजार र विद्युतीय सामान उत्पादन गर्ने अर्को करदाताले हिताधिकारीलाई वितरण गरेको लाभाँस तथा गैह्र बैंकिङ्ग क्षेत्रलाई भुक्तानी गरेको ब्याजमा रु.४ लाख १ हजार अग्रिम कर कट्टी गरेको देखिएन ।

६१. **खर्च कट्टी –** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

६१.१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६ ले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवाको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर समायोजन वा फिर्ता पाउन व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि खरिद भएका वस्तु तथा सेवाको खरिद खाता तयार गरी आफैले प्रमाणित गरिराख्नुपर्ने व्यवस्था गरेको छ । करदाताले पेश

गरेको मूल्य अभिवृद्धि कर विवरणबमोजिम देखिएको खरिद र आय विवरणमा भएको फरकलाई खरिद समायोजन विवरण तयार गरी फाईलमा राख्ने गरेको देखिएन । लेखापरीक्षणको क्रममा करदाताको फाइल अध्ययन गर्दा ठूला करदाता कार्यालय अन्तर्गतका १६ करदाताले मूल्य अभिवृद्धि कर विवरणबमोजिमको खरिदभन्दा आयकरतर्फको खरिदमा रु.५ करोड ५० लाख ३० हजार घटी खरिद देखाएका छन । यस्तो अवस्थामा करपरीक्षण गर्दा समेत ध्यान पुऱ्याउनसकेको पाइएन । सामान्यतया स्थिर सम्पत्ति लगायतका खरिद समेत समावेश हुने हुँदा मूल्य अभिवृद्धि कर विवरणबमोजिमको खरिद बढी हुने भए तापनि करपरीक्षण गर्दा आायकर र मूल्य अभिवृद्धि करतर्फ खरिद फरक परेको सम्बन्धमा छानबीन गरी यकिन गरेको छैन । यसबाट कारोबारको यथार्थता यकिन गर्नसक्ने अवस्था भएन ।

६१.२. आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.३ मा दर्ता भएको वैदेशिक रोजगारी सम्बन्धी व्यवसाय गर्ने एक करदाताले कामदार वैदेशिक रोजगारीमा पठाउँदा प्रत्यक्ष खर्च अन्तर्गत लाग्ने भीसा शुल्क र कमिशन, हवाई टिकट, बीमा, विमानस्थल कर, कामदारको आवास तथा विदेशस्थित कार्यालयको खर्च लगायत सबै खर्च दाबी गरिसकेपछि प्रयोजन नखुलाई थप दाबी गरेको रु.१ करोड ९९ लाख चलान खर्चको यथार्थता सम्बन्धमा करपरीक्षण गर्दा ध्यान पुऱ्याउनसकेको पाइएन । प्रत्यक्ष खर्च अन्तर्गतका सबै खर्च दाबी भईसकेपछि चलान खर्च भनी दाबी गरेको रु.१ करोड ९९ लाखको यथार्थता सम्बन्धमा थप छानबिन गरी सोमा लाग्ने आयकर, शुल्क तथा ब्याज असुल हुनुपर्ने देखिन्छ ।

६१.३. आन्तरिक राजस्व कार्यालय, बिराटनगरमा पर्ने रबरस्लीपर उत्पादन तथा बिक्री वितरण गर्ने एक करदाताले कच्चापदार्थ आयात गर्न खोलिएको प्रतितपत्र र भन्सार प्रज्ञापनपत्रमा उल्लेखित परिमाणभन्दा खरिद फाँटवारीमा बढी परिमाणमा खरिद देखाई ऐनको दफा १५ अन्तर्गत व्यापारिक मौज्दातको लागतमा रु.५० लाख ६५ हजार बढी दाबी गरेको पाईयो । यस बारेमा करपरीक्षण गर्दा ध्यान पुऱ्याउन सकेको पाइएन । बढी दाबी भएको बिक्रीको लागत सम्बन्धमा थप छानबिन हुनुपर्ने देखिन्छ । कार्यालयबाट बढी खरिद सम्बन्धमा स्थानीय खरिद र सोझै भारतबाट आयात गरेको जवाफ प्राप्त भएको छ ।

६१.४. ठूला करदाता कार्यालयमा दर्ता भएको औषधिको थोक व्यापार गर्ने एक कम्पनीको सञ्चालकको थाइलैण्डको व्यक्तिगत भ्रमणबापत भएको खर्च रु.६ लाख ९१ हजारलाई समेत आय आर्जनसँग सम्बन्धित खर्च भनी दाबी गरेकोमा करपरीक्षणबाट ऐनको दफा २१ बमोजिम कट्टी गर्न नपाउने खर्च समेत मान्य गरेको देखियो ।

सोही कार्यालय अन्तर्गत हवाई टिकेटिङ्गको व्यवसाय गर्ने एक करदाताले ह्रासयोग्य सम्पत्तिमा गणना नहुने जमीनको मूल्यलाई समेत ह्रास आधारमा समावेश गरी ऐनको दफा १६ अन्तर्गत मर्मत तथा सुधार खर्चको गणना र दाबी गरेको रु.३ लाख ७५ हजारलाई समेत करपरीक्षणले मान्य गरेको देखियो ।

६१.५. आयकर ऐनको दफा १९ ले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना प्रयोजनको लागि सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रासबापत ऐनको अनुसूची– २ बमोजिम गणना र खर्च कट्टी गर्नुपर्ने वाध्यात्मक व्यवस्था छ । ठूला करदाता कार्यालयमा दर्ता भएको बिटुमिन उत्पादन तथा बिक्री गर्ने एक करदाताले ऐनको व्यवस्थाबमोजिम ह्रास खर्च गणना र खर्च कट्टी नगरी आफूखुसी गणना गरेको ह्रास खर्च रु.१३ लाख दाबी गरेको अवस्थामा समेत करपरीक्षणले ध्यान पुऱ्याउनसकेको पाइएन । सोही कार्यालय अन्तर्गत पर्ने टुथपेष्ट र टुथपाउडर उत्पादन गर्ने अर्को करदाताले समेत यो वर्ष गरेको ह्रासयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त रकम घटाई ऐनको अनुसूची–२ बमोजिम ह्रास गणना गरेको पर्याप्त आधार बेगर ह्रास खर्च दाबी गरेको रु.१ करोड ४ लाख ३८ हजारका सम्बन्धमा पनि करपरीक्षणले ध्यान पुऱ्याउनसकेको पाइएन । यस सम्बन्धमा छानबिन गरी लेखापरीक्षक समेतलाई जिम्मेवार बनाई कारबाही हुनुपर्दछ ।

६२. **ब्याज खर्च** – आयकर ऐन, २०५८ को दफा १४ ले व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा सिर्जना भएको ऋण दायित्व अर्न्तगत सो वर्ष लागेको सबै ब्याज कट्टी गर्नपाउने व्यवस्था गरेको छ । ठूला करदाता कार्यालय अन्तर्गत बिटुमिन उत्पादन तथा बिक्रीको कारोबार गर्ने एक करदाताले छुट्टै परियोजनाका लागि लिएको कर्जा रु.५ करोड ४८ लाख ४ हजारमा भुक्तानी गरेको ब्याज रु.२१ लाख ४ हजार समेत

आय आर्जनमा उपयोग भएको कर्जामा तिरेको ब्याज भनी आयकर ऐनको दफा १४ अन्तर्गत खर्च दाबी गरेको देखियो । छुट्टै परियोजनाका लागि लिइएको र प्रस्तुत वर्ष आय आर्जनसँग सम्बन्धित कार्यमा उपयोग नभएको कर्जालाई सम्बन्धित परियोजना कै लागतमा पूँजीकरण गर्नुपर्नेमा चालू वर्षको ब्याज खर्चकोरुपमा दाबी गरेको रु.२१ लाख ४ हजारमा लाग्ने आयकर तथा ब्याज समेतका सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

सोही कार्यालय अन्तर्गत प्लाष्टिकजन्य सामग्री उत्पादन र बिक्री गर्ने एक करदाताले यो वर्ष खरिद भै यो वर्ष उपयोग नभएको मेशिनरी तथा निर्माणाधीन सम्पत्तिका लागि लिएको कर्जामा तिरेको ब्याज रु.४ लाख ३८ हजार समेत ऐनको दफा १४ अन्तर्गत दाबी गरेको सम्बन्धमा समेत करपरीक्षणले ध्यान दिएको पाइएन । यसमा लाग्ने आयकर, शुल्क तथा ब्याज समेतका सम्बन्धमा छानबिन गरी असुल हुनुपर्दछ ।

६३. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि करतर्फ देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

६३.१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा प्रत्येक करदाताले आफ्नो कारोबारको विवरण मूल्य अभिवृद्धि कर ऐन र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार तोकिएको समयभित्र नियमितरुपमा कर कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । विभागको वार्षिक प्रतिवेदनअनुसार मूल्य अभिवृद्धि करतर्फ दर्ता भएका कुल ८२ हजार ४३३ करदाताले नियमितरुपमा मूल्य अभिवृद्धि कर विवरण बुझाएका छैनन् । आन्तरिक राजस्व कार्यालय, लाहानको कुल करदातासंख्या १ हजार ८८७ मध्ये ८८ प्रतिशतले विवरण बुझाएको देखिएन । ऐन नियमले तोकेको समयभित्र विवरण पेश नगर्ने करदाताबाट कर रकम असुली गर्न छानबिन हुनुपर्ने देखियो ।

६३.२. विभिन्न आन्तरिक राजस्व कार्यालयतर्फ बक्यौता मूल्य अभिवृद्धि कर रु.४ अर्ब ४४ करोड १४ लाख ४३ हजारमध्ये निम्न करदाताबाट २०५५ चैत्रदेखिको असुल गर्न बाँकी देखिएको छ । कार्यालयबाट पुराना बक्यौता असुलीको लागि पहल हुनसकेको देखिएन ।

(रु.हजारमा)

विवरण	कार्यालय	अवधि	रकम
एक इन्टरप्राईजेज तथा अर्डर सप्लायर्स	बिराटनगर	२०५५ चैत्र	१,२६,४०
एक ब्रुअरी	ठूला करदाता	२०६४ जेष्ठ	१७,८७,०९
एक सवारीसाधन बिक्रेता	ठूला करदाता	२०६६ चैत्र	२,८६,९९
एक निर्माण कम्पनी	चितवन	२०६३ बैशाख	१,३९,४३

६३.३. आन्तरिक राजस्व कार्यालयहरुले कार्यालयबाट कर निर्धारण गरी कायम भएको असुल गर्न बाँकी मूल्य अभिवृद्धि करलाई आर्थिक विवरणमा बक्यौता देखाउनुपर्नेमा सो नदेखाएबाट कार्यालयको आर्थिक विवरण लगायत केन्द्रीय आर्थिक विवरण समेतले राजस्व बक्यौताको यथार्थ स्थिति चित्रण गरेको देखिँदैन । यस्तो मूल्य अभिवृद्धि कर बक्यौता २१ आन्तरिक राजस्व कार्यालयको रु.३ अर्ब ८४ करोड २२ लाख ७६ हजार रहेको छ । सोमध्ये ठूला करदाता कार्यालयको रु.१ अर्ब ३४ करोड ९८ लाख ९९ हजार, आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ को रु.५७ करोड ९३ लाख ११ हजार, भैरहवाको रु.३४ करोड ९८ लाख ९९ हजार मूल्य अभिवृद्धि कर बक्यौता रकम उल्लेखनीय रहेको छ ।

६३.४. ठूला करदाता कार्यालयमा दर्ता भएको फलामे छड उत्पादन गर्ने एक करदाताको कार्यालयको अभिलेखबमोजिम २०६४ आषाढ मसान्तसम्म रु.२० लाख ४५ हजार मूल्य अभिवृद्धि कर क्रेडिट मौज्दात देखिएको छ । करदाताको सोही अवधिको वित्तीय विवरणले रु.७३ लाख ३५ हजार क्रेडिट देखाई एउटै करदाताको हिसाबमा रु.५२ लाख ९० हजार फरक परेको छ । यसमा छानबिन गरी कर रकम यकिन गर्नुपर्दछ ।

६३.५. ठूला करदाता कार्यालयले यो वर्ष विभिन्न ३५ करदातालाई रु.१ अर्ब ५८ करोड ६८ लाख ४३ हजार मूल्य अभिवृद्धि कर फिर्ता गरेको छ । करदाताले फिर्ता दाबी गरेको कर रकम सम्बन्धमा छानबिन प्रतिवेदन तयार

गर्ने गरे तापनि करदाताको पूर्ण करपरीक्षण गरेको पाइएन । विगत २०६१।६२ पछि पूर्ण करपरीक्षण नभएको एक करदातालाई यो वर्ष रु.२३ करोड १० लाख ८ हजार कर फिर्ता दिएको देखियो ।

६४. **अन्त:शुल्क** – औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(च) अनुसार अल्पविकसित क्षेत्रमा स्थापित उद्योगले अन्त:शुल्कमा १५ प्रतिशत सुबिधा सहुलियत पाउने उल्लेख छ । अन्त:शुल्क ऐन, २०५८ को दफा २४ अनुसार प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि साल वसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी कर लगाउने, निर्धारण गर्ने, बढाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐनबमोजिमको करका व्यवस्थाहरुमा कुनै पनि संशोधन, परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्थाहरु गर्न नसकिने उल्लेख छ ।

६४.१. आन्तरिक राजस्व कार्यालय, भक्तपुर अन्तर्गतको एक नुडल्स व्यवसायीले यो वर्ष रु.९ करोड १८ लाख ७ हजार अन्त:शुल्क सङ्कलन गरेकोमा खरिदमा तिरेको अन्त:शुल्क रु.१ करोड १८ लाख ४२ हजार तथा अल्पविकसित क्षेत्रबाट उठाएको अन्त:शुल्कमध्ये १५ प्रतिशतले हुने रु.७७ लाख ७९ हजार कट्टा गरी रु.७ करोड २१ लाख ८६ हजारमात्र दाखिला गरेको छ । ऐनको उपर्युक्त प्रावधानअनुसार उद्योगलाई दिएको सुबिधा उपभोक्ताहरुबाट सङ्कलित अन्त:शुल्कबाट घटाई दाखिला गर्ने प्रयोजनको लागि नभई १५ प्रतिशत छुट सहितको दरमा उपभोक्ताहरुबाट अन्त:शुल्क सङ्कलन गर्नुपर्ने सुबिधा भएको हुँदा सङ्कलित गरेको रकममध्ये घटी दाखिला गरेको रु.७७ लाख ७९ हजारको सम्बन्धमा छानबिन गरी अन्त:शुल्क ऐन, २०५८ को दफा १०(झ) अनुसार बिलम्ब शुल्क समेत असुल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा छानबिन गरिने जवाफ प्राप्त भएको छ ।

६४.२. आन्तरिक राजस्व कार्यालय, चितवन अन्तर्गत वियर उत्पादन गर्ने एक उद्योगमा वियर उत्पादनको स्वचालितरुपमा अभिलेख राख्ने उद्देश्यले आन्तरिक राजस्व विभागले जडान गरेको फ्लोमिटर लेखापरीक्षणको क्रममा २०६७।५।२३ मा स्थलगत निरीक्षण गर्दा पूर्णरुपमा विग्रिएको अवस्थामा रहेको पाईयो । फ्लोमिटर र बोतल काउन्टर विग्रिएको कारण उद्योगले बियर उत्पादन, निष्काशन तथा बिक्री गरेको परिमाण र प्राप्त हुनुपर्ने अन्त:शुल्क, मूल्य अभिवृद्धि कर र आयकर समेत यकिन गर्ने आधार भएन । कम्पनीले फ्लोमिटर र बोतल काउन्टर बिग्रिएकोले मर्मतका लागि २०६६।५।३० मा आन्तरिक राजस्व विभागमा पत्राचार गरेको भए तापनि मर्मत कार्य सम्पन्न गरी स्वचालितरुपमा फ्लोमिटर र बोतल काउन्टर सञ्चालनमा रहेको पाइएन ।

६५. **क्यासिनो रोयल्टी –** आर्थिक ऐन, २०६६ को दफा १६ मा प्रत्येक क्यासिनोले वार्षिक रु.२ करोड रोयल्टी आर्थिक वर्ष प्रारम्भ भएको दुई महिनाभित्र बुझाउनुपर्ने व्यवस्था छ । रोयल्टी नबुझाउने क्यासिनोलाई म्याद नाघेको मितिले तीन महिनासम्म वार्षिक १५ प्रतिशतका दरले शुल्क लगाई असुल गर्नसकिने र सो अवधिपछि क्यासिनो बन्द गर्न कर अधिकृतले आदेश दिनसक्ने व्यवस्था छ । ऐनको दफा १६(४) ले रोयल्टी र शुल्क नबुझाउने क्यासिनोको इजाजत पत्र समेत नवीकरण नगरिने व्यवस्था आर्थिक ऐनको दफा १६(४) ले गरेको छ ।

मुलुकमा सञ्चालित १० क्यासिनोबाट यो वर्षसम्म रोयल्टी र शुल्क समेत रु.१७ करोड ९ लाख २८ हजार असुल गर्न बाँकी देखिएको छ । कानूनअनुसार रोयल्टी एवं शुल्क नबुझाउनेउपर कारबाही गरी रोयल्टी र शुल्क समेत असुल हुनुपर्दछ ।

भन्सार विभाग

६६. **राजस्व असुली** – विगत तीन वर्षको राजस्व असुलीको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

शीर्षक	२०६४।६५ को असुली	२०६५।६६ को असुली	२०६६।६७ को		
			अनुमान	असुली	प्रतिशत
१. पैठारी	१५,८९,१९,९७	२१,९९,३०,५६	२८,१२,५७,४०	२९,८४,४४,८५	१०६.११
२. निकासी	४३,०७,८४	७९,१०,७०	१,००,००,००	९१,६५,१९	९१.६५
३. भारतीय अन्त:शुल्क फिर्ता	२,९९,७०,७३	३,२१,५३,१९	३,४०,००,००	३,४३,२५,८६	१००.९५
४. कृषि सुधार शुल्क	३९,०६,३०	४९,१९,४१	३५,००,००	४८,६१,८०	१३८.९०
५. अन्य आय	६२,३७,८५	३,४९,३७,५१	२५,००,००	१,२२,८६,५२	४९१.४६
जम्मा	**२०,३३,४२,६९**	**२९,९८,५१,३७**	**२४१**	**९२४**	**१०९.४८**

द्रष्टव्य: १. यो वर्षको अन्य आयतर्फको असुलीमा स्थानीय विकास शुल्क रु.५ करोड ४८ लाख ४१ हजार, विशेष शुल्क रु.४३ हजार, सडक सुधार दस्तुर रु.९१ करोड ७ लाख ४ हजार, निकासी सेवा शुल्क रु.२ लाख ६४ हजार, प्रशासनिक दण्ड जरिवाना जफत, दस्तुर तथा शुल्क रु.२ करोड ३१ लाख ८१ हजार र अन्य आय रु.२३ करोड ९६ लाख १९ हजार समावेश छ ।

२. तालिकामा भन्सार कार्यालयहरुले असुल गरेको मूल्य अभिवृद्धि कर, आकस्मिक कर र अन्त:शुल्क रकम समावेश छैन ।

भन्सार विभाग, भन्सार जाँचपास पछिको कार्यालय र ३१ भन्सार कार्यालयमध्ये विभाग र सो अन्तर्गत २७ कार्यालयले यो वर्ष भन्सार महसुल, अन्त:शुल्क, भारतीय अन्त:शुल्क फिर्ता, स्थानीय विकास शुल्क एवं मूल्य अभिवृद्धि कर, आकस्मिक लाभ कर, अन्त:शुल्क आदि गरी रु.४८ अर्ब ४३ करोड ३८ लाख ९६ हजार समेत कुल रु.८४ अर्ब ३४ करोड २३ लाख १८ हजार राजस्व असुल गरेको छ । सोमध्ये मेची, विराटनगर, वीरगञ्ज, सुख्खा बन्दरगाह, तातोपानी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा र नेपालगन्ज भन्सार कार्यालयबाट रु.७८ अर्ब ६८ करोड ९९ लाख ३४ हजार अर्थात् कुल भन्सार राजस्वको ९४.२४ प्रतिशत राजस्व असुल भएको देखिन्छ । भन्सार कार्यालय ८ बाट पैठारी भएका प्रमुख १५ वस्तुबाट रु.४८ अर्ब ९७ करोड १२ लाख ८१ हजार (कुल असुलीको ६२.२३ प्रतिशत) राजस्व असुल भएको देखिन्छ ।

६७. **भाडा बीमा** – भन्सार ऐन, २०६४ को दफा १३ अनुसार 'कारोबार मूल्य' कायम गर्दा बिक्रेतालाई तिरेको वास्तविक रकम र सो वस्तु नेपालको सीमासम्म पैठारी गर्दा लागेको वा लाग्नसक्ने भाडा बीमा तथा अन्य सम्पूर्ण खर्च जोडी हुने रकममा भन्सार महसुल असुल गर्नुपर्ने उल्लेख छ । बीजकमा छुट्टै भाडा उल्लेख भई नआएको र बीमा प्रिमियम तिरेको रसिद पेश नगरेको अवस्थामा भाडा बीमाबापत भएको पैठारीमा मूल्यको ७ प्रतिशतले हुने रकम जोडी मूल्य कायम गर्नुपर्ने भन्सार विभागले व्यवस्था गरेको छ । उपर्युक्त व्यवस्थाअनुसार कारोबार मूल्यमा भाडा बीमा रकम समावेश नगरेको कारणबाट ९ भन्सार कार्यालयले रु.७४ लाख ६२ हजार घटी असुल गरेको देखियो । यस सम्बन्धी प्रमुख व्यहोरा देहायअनुसार छन्:

६७.१. वीरगञ्ज भन्सार नाकाबाट पैठारी भएका वस्तुको भाडा बीमा रकम कारोबार मूल्यमा समावेश नगरेकोले वीरगन्ज भन्सार कार्यालयले रु.१३ लाख १४ हजार राजस्व असुल गर्नुपर्ने देखिएको छ ।

६७.२. नेपाल आयल निगमले भैरहवा भन्सार नाकाबाट ग्यांस, पेट्रोल, डिजेल र मट्टीतेल पैठारी गर्दा ढुवानी भाडा एवं बीमाको बिल पेश नगरेकोमा भाडा बीमाबापत ५ प्रतिशत रकममात्र समावेश गरेकोले नपुग २ प्रतिशतले हुने रु.१ करोड ३२ लाख ४६ हजार भैरहवा भन्सार कार्यालयले असुल गर्नुपर्ने देखिएको छ ।

६७.३. महोत्तरी भन्सार कार्यालयबाट ११ पैठारीकर्ताले सि.आई.एफ.उल्लेख नभएको तथा एफ.ओ.बि.मूल्यमा सामान पैठारी गरेको र प्रज्ञापन पत्रसाथ संलग्न नेपालमा गरेको बीमा प्रिमियम समेत समावेश नगरी कारोबार मूल्य कायम गरी एवं पेश भएको भाडा तथा बीमाको बिलभन्दा घटी समेत मूल्याङ्कन भएकोले छुट महसुल

र सोको मूल्य अभिवृद्धि कर समेत रु.१ लाख ३ हजार समेत रु.१ करोड ४६ लाख ६३ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

बिराटनगर भन्सार कार्यालयबाट एक पैठारीकर्ताले भाडा एवं बीमाको बिल पेश गरेको देखिएन । यस्तो अवस्थामा भन्सार विभागको २०६४।८।२३ को परिपत्रानुसार पैठारी मूल्यको भाडाबापत ५ प्रतिशत र बीमाबापत २ प्रतिशत रकम र कन्टेनरबाट पैठारी गरेमा २० फुटे कन्टेनरबापत १ को रु.३० हजार र ४० फुटे कन्टेनर १ को रु.५५ हजारका दरले मूल्य समावेश गर्नुपर्नेमा बिराटनगर भन्सार नाकाबाट पैठारी गर्ने ९ पैठारीकर्ताले भाडा बीमाबापत रकम समावेश गरेको र कुनैले समावेश नै नगरेको देखिएकोले भाडा बीमा रकममा लाग्ने भन्सार महसुल लगायत राजस्व रु.२ लाख १८ हजार असुल गर्नुपर्दछ ।

६७.४. तातोपानी भन्सार कार्यालय मार्फत विभिन्न ५ पैठारीकर्ताले गरेको पैठारीमा भाडा बीमा रकम समावेश नगरेकोमा रु.२ लाख ९४ हजार र भन्सार विभागमा २०६६।५।१० मा भएको मूल्याङ्कन गोष्ठीको निर्णयानुसार २०६६।६।१ देखि तिब्बतको खासाबाट मालसामान पैठारी गरी ल्याउँदा भन्सार प्रयोजनका लागि कारोबार मूल्य निर्धारण गर्दा भाडाबापत ठूलो कन्टेनरको रु.१३ हजार, मिनी कन्टेनरको रु.७ हजार र डकटाइल आइरन (डि.आई.) कन्टेनरको रु.४ हजार थप गर्ने निर्णयानुसार प्रति कन्टेनर भाडाबापतको रकम मूल्यमा थप गरी भन्सार महसुल, अन्त:शुल्क तथा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा विभिन्न ५२ प्रज्ञापनपत्रबाट भन्सार जाँचपास हुँदा कन्टेनरको भाडा छुट भएको देखिएकोले सो भाडा मूल्याङ्कनमा समावेश गरी रु.४ लाख २१ हजार समेत रु.७ लाख १५ हजार असुल गर्नुपर्ने देखियो ।

६८. **छुट महसुल** – त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट पैठारी भएका सामानमा आर्थिक ऐन, २०६६ ले नदिएको छुट दिई जाँचपास गरेको देखिएको छ । यस्का केही उदाहरण निम्नानुसार छन:

६८.१. मन्त्रीस्तरको २०६१।१०।२७ को निर्णय र भन्सार विभागको २०६१।११।२१ को पत्रको आधारमा नेपाल एअरलाइन्स कर्पोरेशनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट पैठारी गरेको रु.२ करोड ७ लाख ७१ हजारको एअरक्राफ्ट स्पेयर पार्ट्स जाँचपास गर्दा १ प्रतिशत महसुलमात्र लिएको पाइयो । उक्त सामानको मूल्य र महसुल समेतमा मूल्य अभिवृद्धि कर १३ प्रतिशतले छुट भएको रु.२७ लाख २७ हजार असुल गर्नुपर्दछ ।

६८.२. स्मार्ट टेलिकमले पैठारी गरेको अमेरिकी डलर ८ लाख ६४ हजारको दूरसञ्चार उपकरणमध्ये अमेरिकी डलर ३ लाख १२ हजारको रेडियो उपकरण र अमेरिकी डलर ५ लाख ५२ हजारको ननरेडियो उपकरण भएको सूचना तथा सञ्चार मन्त्रालयको पत्रमा उल्लेख छ । उक्त पत्रको आधारमा अमेरिकी डलर ३ लाख १२ हजारको रेडियो उपकरणमा ५ प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर र बाँकी ननरेडियो सामानमध्ये केवुल तथा अन्य इलेक्ट्रिकल सामानमा ७ प्रतिशत र अन्य सामानमा दरवन्दीअनुसार महसुल लिनुपर्नेमा नलिइ जाँचपास गरेकोले छुट भन्सार तथा मूल्य अभिवृद्धि कर गरी रु.१४ लाख १९ हजार असुल गर्नुपर्दछ ।

६८.३. नेपाल टेलिकमले पैठारी गरेको रु.९३ लाख ६३ हजारको केवल कनेक्टरमा १५ प्रतिशत र रु.७३ लाख ५० हजारको एन्टेनामा १० प्रतिशत भन्सार महसुल लाग्नेमा ५ प्रतिशत अन्त शुल्क मात्र लगाई जाँचपास गरेकोले क्रमश: छुट १० र ५ प्रतिशतले हुने भन्सार महसुल रु.१३ लाख ४ हजार र मूल्य अभिवृद्धि कर रु.१ लाख ६९ हजार समेत रु.१४ लाख ७३ हजार असुल गर्नुपर्दछ ।

६८.४. नेपाल टेलिभिजनले रु.३० लाख ५१ हजारको ट्रान्जिष्टरमा शीर्षक ८५२५५० बाट १ प्रतिशत महसुल लगाई जाँचपास गरेको छ । भन्सार दरवन्दीअनुसार ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था भएको र आर्थिक ऐनमा नेपाल टेलिभिजनलाई छुट दिने कुनै प्रावधान छैन । अत: छुट दिएको ४ प्रतिशतका दरले हुने भन्सार महसुल रु.१ लाख २२ हजार र मूल्य अभिवृद्धि कर रु.४ लाख १३ हजार समेत जम्मा रु.५ लाख ३५ हजार असुल गर्नुपर्दछ ।

६८.५. एक मोवाइल फोनको कारोबार गर्ने कम्पनीले पैठारी गरेको रु.८ करोड ७७ लाख २८ हजारको ननरेडियो उपकरणमा भन्सार दरवन्दी १० प्रतिशत लगाउनुपर्नेमा ५ प्रतिशत अन्त:शुल्कमात्र लगाई जाँचपास गरेकोले

छुट महसुल ५ प्रतिशतले रु.४३ लाख ८७ हजार र सोको मूल्य अभिवृद्धि कर रु.५ लाख ७० हजार समेत रु.४९ लाख ५७ हजार असुल हुनुपर्दछ ।

६८.६. स्पाइस नेपालले पैठारी गरेको ननरेडियो उपकरणमध्ये अमेरिकी डलर २४ लाख ५६ हजारको इलेक्ट्रिकल सामान १५ प्रतिशत भन्सार महसुल लिई जाँचपास गर्नुपर्नेमा ५ प्रतिशत अन्त:शुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लिई जाँचपास भएकोले छुट १० प्रतिशतले हुने भन्सार महसुल रु.१ करोड ८१ लाख ६३ हजार र सोको मूल्य अभिवृद्धि कर रु.२३ लाख ६१ हजार समेत रु.२ करोड ५ लाख २४ हजार असुल गर्नुपर्दछ ।

६९. **अत्यधिक भाडा** – भन्सार ऐन २०६४ को दफा १३(३) मा पैठारीकर्ताले पैठारी गरेको सामान एवं भाडा बीमाको बिल पेश गर्नुपर्ने व्यवस्था छ । भाडा बीमाबापत बिल नभएको अवस्थामा भन्सार विभागको २०६४।८।१२ को परिपत्रअनुसार पैठारी मूल्यको भाडाबापत ५ प्रतिशत र बीमाबापत २ प्रतिशत रकम समावेश गर्नुपर्ने व्यवस्था छ । वीरगन्ज भन्सार नाकाबाट ७ पैठारीकर्ताले औषधि, मेशिनरी लगायतका सामान आयात गर्दा ढुवानी भाडाको प्रमाण बेगर रु.४ करोड १४ लाख ७० हजार बिल मूल्यको ५ प्रतिशतले हुने रु.२० लाख ७३ हजार भाडाबापत समावेश गर्नसक्नेमा रु.१ करोड ९८ लाख २० हजार (२५.१ देखि ५०२.१ प्रतिशतसम्म) भाडा खर्च समावेश गरेको देखियो ।

कम भन्सार महसुल लाग्ने सामान तथा औद्योगिक मेशिनहरु उद्योगले भाडा बीमाबापत खर्चमा समावेश गरी आय कम देखाउन पाउने र मेशिनको हकमा पूँजीकृत गरी लामो अवधिसम्म ह्रास कट्टी गर्न पाउने व्यवस्था रहेकोले आयकर प्रयोजनमा असर पर्ने जोखिम रहन्छ । यस्तो जोखिम कम गर्न भन्सार कार्यालयले सामान जाँचपास गर्दा ढुवानी भाडाको वास्तविक बिल पेश गर्न लगाई भाडा रकम यथार्थपरक बनाउनुपर्दछ ।

७०. **दरवन्दी फरक** – भन्सार कार्यालयहरुले पैठारी सामानको जाँचपास गर्दा आर्थिक ऐन, २०६६ को अनुसूची १ को दफा १ र भन्सार दरवन्दी पुस्तिकामा उल्लिखित सङ्केत नम्बरअनुसार माल वस्तुको यथार्थ सङ्केत निश्चित गरी जाँचपास गर्नुपर्दछ । प्रज्ञापनपत्र परीक्षण गर्दा फरक सङ्केत नम्बर तथा दरवन्दी लगाई ११ भन्सार कार्यालयले रु.३ करोड ५९ लाख ३६ हजार घटी राजस्व असुल गरेको देखिएको छ । यसका उदाहरण निम्नानुसार छन्:

७०.१. वीरगन्ज भन्सार नाकाबाट एक पैठारीकर्ताले २१ सिटको सोराज बसको भाडा बीमा समेत भन्सार मूल्य रु.१ लाख ५७ हजारको सङ्केत नम्बर ८७०२.१०.१० अनुसार ५ प्रतिशतले रु.५ लाख ७४ हजार राजस्व असुल गरेको छ । सङ्केत नम्बर ८७०२.१०.२० अनुसार ३० प्रतिशतले अन्त:शुल्क असुल गर्नुपर्नेमा रु.३ लाख ८८ हजार राजस्व रकम घटी असुल गरेको पाइयो ।

वीरगन्ज भन्सार कार्यालय नाकाबाट एक पैठारीकर्ताले पैठारी गरेको एम.एस.वायरमा भन्सार दरवन्दी ७३१३९१०० अनुसार प्रति मेट्रिक टन रु.१ हजार अन्त:शुल्क लाग्नेमा अन्त:शुल्क नलिई जाँचपास गरेकोले रु.४ लाख ३४ हजार असुल गर्नुपर्ने देखियो ।

७०.२. तातोपानी भन्सार कार्यालयले १८ प्रज्ञापनपत्रबाट १६ पैठारीकर्ताले पैठारी गरेको सामानमा फरक सङ्केत नम्बर लगाई राजस्व असुल गरेबाट रु.८ लाख ३ हजार छुट भएको राजस्व असुल गर्नुपर्ने देखिएको छ ।

७०.३. भन्सार दरवन्दी ८४ अन्तर्गत पर्ने ४ टनभन्दा बढी क्षमताको एयरकण्डिशनमा ५ प्रतिशत र सोभन्दा घटीमा ३० प्रतिशत भन्सार महसुल लाग्ने उल्लेख छ । एक रेफ्रिजेरेटर एण्ड इलेक्ट्रिकलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट अमेरिकी डलर १६ हजार मूल्यका ३५ के.जी.का १५ युनिट र ३६ के.जी.का २ युनिट एयरकण्डिशन पैठारी गरी ल्याएकोमा ५ प्रतिशत भन्सार महसुल लगाई जाँचपास गरेको देखियो । उक्त एयरकण्डिशन ४ टनभन्दा कम क्षमताको देखिएकोले ३० प्रतिशत भन्सार दरवन्दी लाग्ने हुँदा रु.११ लाख ७४ हजार मूल्यमा छुट भएको २५ प्रतिशतले हुने भन्सार महसुल रु.२ लाख ९४ हजार र सोको मूल्य अभिवृद्धि कर रु.३८ हजार समेत रु.३ लाख ३२ हजार असुल गर्नुपर्दछ ।

नेपाल टेलिकमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट पैठारी गरेको अमेरिकी डलर ९६ हजारको बीमा सहित कारोबार मूल्य रु.८० लाख ३६ हजारको ननरेडियो उपकरण पार्ट अफ ट्रान्सफरमर इण्डिकेटर एण्ड स्ट्याटिक कन्भर्टर १५ प्रतिशत भन्सार महसुल दरवन्दीबाट जाँचपास गर्नुपर्नेमा ७ प्रतिशत भन्सार महसुल लगाई जाँचपास भएकोले छुट ८ प्रतिशतले हुने रु.६ लाख ४३ हजार र सोको मूल्य अभिवृद्धि कर रु.८३ हजार समेत रु ७ लाख २६ हजार असुल हुनुपर्दछ ।

७१. **न्यून बिजकीकरण** – भन्सार ऐन, २०६४ को दफा १३ मा विश्व व्यापार संगठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौताको अधीनमा रही पैठारी गरिने मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गरिने र पैठारीकर्ताले आफुले पैठारी गरेको मालवस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी कारोबार मूल्य घोषणा गर्नुपर्ने व्यवस्था छ ।

स्पाइस नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट पैठारी गरी ल्याएको टेलिकम्युनिकेशन इक्युपमेन्ट ७२६ के.जी.को १० कार्टुन सामान जुरिच मेरिन इन्सुरेन्स पोलिसी नं.२५५४१ मा काठमाडौंसम्मको सम्झौता मूल्य अमेरिकी डलर ६ लाख ८ हजार उल्लेख भएकोमा कमर्सियल बिलमा अमेरिकी डलर ६८ हजारमात्र उल्लेख भएको पाइयो । बीमा बिलमा उल्लेख भएकोभन्दा अमेरिकी डलर ५ लाख ४० हजार न्यून मूल्यमा बिल जारी भएकोले उक्त दुई बिलबीच फरक हुनाको कारण खुल्न सकेको छैन । यसबाट न्यून मूल्य कायम गरेको अमेरिकी डलर ५ लाख ४० हजारको हुने कारोबार मूल्य रु.३ करोड ९६ लाख ७६ हजारको ५ प्रतिशतले हुने अन्त:शुल्क रु.१९ लाख ८४ हजार र मूल्य अभिवृद्धि कर रु.५४ लाख १६ हजार समेत रु ७४ लाख असुल गर्नुपर्दछ ।

७२. **विनामूल्य पैठारी** – त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय नाकाबाट एक कम्पनीले सञ्चार सम्बन्धी सामान विनामूल्य (एफ.ओ.सी.) पैठारी गरेकोमा ती सामानको भन्सार नलिई जाँचपास गरेको देखिन्छ । एफ.ओ.सी. सामानको कारोबार मूल्य रु.१ करोड ६५ लाख ७ हजारमा भन्सार महसुल रु.७ लाख ८० हजार, अन्त:शुल्क रु.६ लाख ३० हजार र मूल्य अभिवृद्धि कर रु.२३ लाख ३० हजार समेत रु.३७ लाख ४० हजार असुल गर्नुपर्ने देखिएको छ ।

७३. **मुद्दा फछ्यौंट** – निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ६ ले दफा ५ बमोजिमका कसूरसम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार भन्सार अधिकृतलाई दिएको छ । प्राप्त विवरणअनुसार १७ भन्सार कार्यालयको ३२१९ मुद्दामध्ये २७४३ फछ्यौंट गरी ४७६ मुद्दा जिम्मेवारी सारेको छ ।

७४. **प्रमाण बेगर छुट** – आर्थिक ऐन, २०६५ को अनुसूची १ को दफा १३ मा भन्सार महसुलमा कूटनीतिक सुबिधा, पूर्ण वा आंशिक महसुल सुबिधा र दफा १४ मा भन्सार महसुलमा पूर्ण र आंशिक छुट सुबिधा दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायबाट सुबिधा दिने सिफारिस भई आएको पैठारीमा १ प्रतिशतमात्र भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिने र ऐनको दफा २२ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी ऐनबमोजिम लाग्ने दर घटाउन वा छुट दिनसक्ने उल्लेख छ । ऐनमा भएको व्यवस्थाबमोजिम सम्बन्धित पैठारीकर्तालाई महसुल छुट वा सुबिधा दिँदा प्रज्ञापनपत्रसाथ संलग्न हुनुपर्ने प्रमाण कागजात संलग्न नगरी केही भन्सार कार्यालयबाट मालसामान जाँचपास हुने गरेको देखियो । सोमध्ये वीरगन्ज, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, तातोपानी, भैरहवा र बिराटनगर भन्सार कार्यालयले आवश्यक प्रमाण बेगर भन्सार महसुल समेत रु.३० करोड ९५ लाख ३२ हजार राजस्व छुट दिई जाँचपास गरेको छ ।

७५. **महसुल सुबिधा** – आर्थिक ऐन, २०६६ को दफा १५(३)(झ) अनुसार चलचित्र धुलाई गर्ने, ध्वनी भर्ने समेत उद्देश्यले स्थापित कम्पनीले चलचित्र विकास बोर्डको सिफारिसमा पहिलो पटक पैठारी गरेमा लाग्ने महसुलमा २.५ प्रतिशतमात्र भन्सार महसुल लिने प्रावधान छ । त्रिभुवन विमानस्थल भन्सार नाकाबाट चलचित्र सम्बन्धी उद्योग तथा कम्पनीहरुले यो वर्ष विविध सामान पैठारी गरेको देखिन्छ । कार्यालयले ऐनको प्रावधानअनुसार एक पटकमात्र यस्तो सुबिधा पाउने हुँदा यस अघि सुबिधा लिने कम्पनीको लगत राखेको छैन । यो वर्ष ३ कम्पनीले पैठारी गरेका विभिन्न सामान पहिलो पटकमात्र पैठारी गरेको प्रमाणित हुने

आधार प्रमाण बेगर कारोबार मूल्य रु.४ करोड ६६ लाख ४ हजारको राजस्व रु.१३ लाख १७ हजार छुट दिएको देखियो ।

७६. **बैङ्क ग्यारेन्टी** – भन्सार नियमावली, २०६४ को नियम १० मा बण्डेड वेयरहाउसको इजाजत प्राप्त उद्योगहरुले बैङ्क ग्यारेन्टी सुबिधामा पैठारी भएको कच्चा पदार्थबाट ११ महिनाभित्र तयारी वस्तु निकासी गरी बैङ्क ग्यारेन्टी फुकुवाको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । सो समयभित्र निवेदन नदिएमा कच्चापदार्थ पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा २५ प्रतिशत थप गरी असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष वीरगञ्ज, भैरहवा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल समेत ३ भन्सार कार्यालयमा उद्योगले समयभित्र निवेदन नदिएको र बैङ्क ग्यारेन्टीको म्याद समाप्त भएकोले रु.१ करोड ६१ लाख ७८ हजार असुल गर्नुपर्ने देखिन्छ ।

७७. **पासबुक धरौटी** – आर्थिक ऐन, २०६५ को अनुसूची १ को दफा ११ मा बण्डेड वेयरहाउसको सुबिधा नपाएका निकासीमूलक उद्योगले कच्चापदार्थ वा सहायक कच्चापदार्थको पैठारीमा लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क धरौटीमा राखी पैठारी गर्न पाउने, पैठारी भएको कच्चापदार्थ वा सहायक कच्चापदार्थबाट उत्पादित मालवस्तु १२ महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्नुपर्ने र नगरेको अवस्थामा स्थानीय बिक्री मानी नियमानुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी महसुलको १० प्रतिशत जरिवाना समेत असुल गर्ने व्यवस्था छ । यो वर्ष वीरगन्ज, बिराटनगर र भैरहवा भन्सार बिन्दूबाट पैठारी गर्ने पैठारीकर्ताले पासबुक धरौटीमा कच्चापदार्थ पैठारी गरेकोमध्ये ५४ प्रज्ञापनपत्रबाट पैठारी गरेको कच्चापदार्थबाट उत्पादित सामान तोकिएको अवधिभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरेको प्रमाण पेश गरी फुकुवा गरेको देखिएन । ती पैठारीकर्ताहरुले पैठारी गरेको कच्चापदार्थमा लाग्ने भन्सार महसुल, स्थानीय विकास शुल्क र जरिवाना समेत रु.५८ लाख ९२ हजार सदरस्याहा गरी असुल गर्नुपर्दछ ।

७८. **धरौटी** – स्पाइस नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट ३ महिनाभित्र मर्मत गरी ल्याउने शर्तमा रु.२२ लाख १० हजार धरौटी राखी विदेश पठाएका १३ प्रज्ञापनपत्रमा उल्लेखित विभिन्न सामानहरु ३ महिनाभित्र फिर्ता पैठारी भै नआएको र म्याद थप समेत भएको नदेखिएकोले भन्सार नियमावली, २०६४ मा भएको व्यवस्थाबमोजिम निर्धारित समयमा मर्मत भै फिर्ता नआएकाले राखेको धरौटी रु.२२ लाख १० हजार सदरस्याहा गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

७९. **भारतीय अन्त:शुल्क** – नेपाल–भारतबीच भएको व्यापार तथा पारवहन सन्धिले भारतीय अन्त:शुल्क फिर्ता प्रक्रिया (ड्यूटी रिफन्ड प्रोसिड्योर) को प्रक्रियाअनुसार भारतमा उत्पादित तोकिएको मालवस्तु आयात हुँदा सो वस्तुको उत्पादन स्थलमा लागेको अन्त:शुल्क, विशेष अन्त:शुल्क र केन्द्रीय मूल्य अभिवृद्धि कर नेपाल सरकारले फिर्ता पाउने व्यवस्था छ । सोबमोजिम नेपालले फिर्ता पाउनुपर्ने राजस्व देहायबमोजिम छ:

(रु.हजारमा)

विवरण	लगत	लगत कट्टा	कायमी लगत	राजस्व आम्दानी र दाखिला				लगत बाँकी
				लगती	हसवली	जम्मा	सञ्चितकोष दाखिला	
१	२	३	४(२–३)	५	६	७ (५+६)	८	९ (४–५)
२०६५।६६ सम्मको बाँकी	४,५०,००,२०	६,५१,२६	४,४३,४८,९४	१,९१,०८,७३	२,७५,२०	१,९३,८३,९३	१,९३,८३,९३	२,५२,४०,२१
२०६६।६७को	४,७०,०३,२६	१८,३८,०८	४,५१,६५,१८	१,४४,३५,२५	५,०६,६८	१,४९,४१,९३	१,४९,४१,९३	३,०७,२९,९३
जम्मा	**१७७**	**१४७**	**३२७**	**२७८**	**१७६**	**४५४**	**४५४**	**२४७**

भारतीय अन्त:शुल्क फिर्ता प्रक्रियाबापतको बाँकी रकम निकै लामो अवधिदेखिको हिसाब भएकोले आवश्यक प्रक्रिया पूरा गरी छिटो फरफारक गरिनुपर्दछ ।

८०. **आर्थिक ऐन प्रतिकुल छुट** – आर्थिक ऐन, २०६६ ले पस्मिना धागोमा मात्र भन्सार महसुल ४ प्रतिशत छुट दिएको छ । अन्य सबैप्रकारको धागोमा भन्सार दरवन्दीअनुसार ५ प्रतिशत महसुल लाग्नेमा ५० प्रज्ञापनपत्रबाट विभिन्न पैठारीकर्ताहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट रु.१२ करोड ५४

लाख ८५ हजारका कश्मिरी धागो पैठारी गरेकोमा १ प्रतिशत भन्सार महसुल लिई जाँचपास गरेको देखियो । छुट भएको ४ प्रतिशत भन्सार महसुल रु.५० लाख १९ हजार र सोको मूल्य अभिवृद्धि कर रु.६ लाख ५३ हजार समेत रु.५६ लाख ७२ हजार असुल गर्नुपर्ने देखियो ।

८१. **महसुल छुट** – भन्सार विभागको २०६६।९।९ र २०६६।११।४ को पत्रमा मध्यमर्स्याङ्दी जलविद्युत परियोजनाको सिभिल निर्माण कार्यका ठेकेदारले १ प्रतिशत सुबिधामा त्रिभुवन विमानस्थल भन्सार नाकाबाट पैठारी गरेका निर्माण सामग्रीहरु अर्को एक कम्पनीलाई बिक्री गरेकोमा आर्थिक ऐन, २०६६ को दफा १३ अनुसार आंशिक महसुल छुटमा पैठारी भएका सवारी साधनको हकमा पहिले तिरेको भन्सार महसुल रकम कट्टा गर्न पाईने उल्लेख भएको तर अन्य सामानमा उक्त छुट प्रदान गर्ने व्यवस्था भएको देखिएन । आर्थिक ऐनले नदिएको छुट दिई निर्माण सामग्री जाँचपास भएकोले छुट दिएको राजस्व रु.७ लाख ९६ हजार असुल हुनुपर्दछ ।

८२. **गोदाम शुल्क** – निकासी तथा पैठारी हुने सामान जाँचपास नभएसम्म गोदाममा राख्न पाउने व्यवस्था रहेको छ । सामान गोदाममा राख्दा पैठारी भएका सामानको प्रति के.जी. प्रतिदिन ३ पैसाले अदतअनुसार हाण्डलिङ्ग चार्ज थप गरेर पैठारी गोदाम शुल्क र निकासी हुने सामानमा प्रतिदिन प्रति के.जी. रु.७०।– देखि रु.२८०।– सम्म निकासी गोदाम शुल्क असुल गर्ने व्यवस्था छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयले यो वर्ष गोदाम शुल्क रु.१ करोड ३२ लाख ५१ हजार असुल गरेपनि गोदाम शुल्कमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ अनुसार मूल्य अभिवृद्धि कर रु.१७ लाख २३ हजार थप गरी लिएको नदेखिएकोले असुल हुनुपर्दछ ।

सामयिक लेखापरीक्षण (Concurrent Audit)

८३. **घटी महसुल –** त्रिभुवन विमानस्थल भन्सार कार्यालयले २०६७।६८ को श्रावण महिनामा सङ्कलन गरेको राजस्व रु.३६ करोड १२ लाख ७५ हजारको सामयिक लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट कास्मिरी यार्न पैठारीमा घटी महसुल असुल भएको रु.१८ लाख ६२ हजार, स्वास्थ्य उपकरणमा घटी असुल भएको रु.११ लाख ५७ हजार, फिल्म रोलमा घटी असुल भएको रु.१ लाख ५९ हजार, फरक दरवन्दी लगाएको, छुट मूल्य समावेश नगरेको तथा भाडा बीमा समावेश नगरेको रु.१ लाख ८९ हजार समेत रु.३३ लाख ६७ हजार असुल गर्नुपर्ने देखिएको छ ।

सूचना प्रविधि लेखापरीक्षण

भन्सार कार्यालयहरु मार्फत आयात निर्यात हुने वस्तुहरुको अभिलेख व्यवस्थित गर्ने, व्यापार सहजीकरण, सरलीकरण, एवं आधुनिकीकरण गर्ने उद्देश्यले तातोपानी भन्सार कार्यालयले आशिकुडा सफ्टवेयर प्रयोगमा ल्याएको छ । सफ्टवेयरको पर्याप्तता, कन्ट्रोल पद्धति, ब्याकअप सेक्युरिटी र अपडेटिङ्ग पद्धति आदिको मूल्याङ्कन गरी सफ्टवयरको प्रयोग र विश्वसनीयता उपर आश्वस्तता प्राप्त गर्न सूचना प्रविधिको प्रयोग गरी लेखापरीक्षण गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८४. **कारोबार अभिलेख** – भन्सार कार्यालयमार्फत आयात निर्यात हुने सबै कारोबारहरु आशिकुडामा प्रविष्ट गरिनुपर्दछ । प्राप्त विद्युतीय तथ्याङ्कअनुसार वस्तु आयाततर्फ कुल ३५ हजार ९६८ प्रज्ञापनपत्रमध्ये १३ हजार ५७५ प्रज्ञापनपत्र मात्र आशिकुडा प्रणालीमा प्रविष्ट भएको छ । आशिकुडा सफ्टवेयरले रु.२ अर्ब ७ करोड ८ लाख ५१ हजार राजस्व प्राप्त भएको देखाएको छ भने आर्थिक विवरणअनुसार रु.२ अर्ब १६ करोड ९१ लाख ५८ हजार राजस्व प्राप्त भएको देखिन्छ । यात्रु शाखाको प्रज्ञापनपत्र, धरौटी कारोबारको प्रज्ञापनपत्र, राजस्व छुट भएका प्रज्ञापनपत्र र अन्य कारोबारका प्रज्ञापनपत्रहरु सफ्टवेयरमा प्रविष्ट नगरेका कारण यस्तो फरक देखिएको छ । यसबाट सफ्टवेयरको पूर्णता, पर्याप्तता तथ्याङ्कीय यथार्थतामा विश्वस्त हुने स्थिति देखिएन । भन्सार कार्यालयबाट हुने सबै कारोबारहरु सूचना प्रणालीमा प्रविष्ट गरिनुपर्दछ ।

८५. **तथ्याङ्क –** आशिकुडामा प्रविष्ट गरिने तथ्याङ्कहरु रहने स्थान महल/कोठा/कोलम/च्याङ्क/सेल खाली हुनुहुँदैन । डाटाबेसमा तथ्याङ्कहरु खाली भएमा सफ्टवेयरले नै कन्ट्रोल गर्ने व्यवस्था गरिनुपर्दछ । कार्यालयबाट प्राप्त विद्युतीय तथ्याङ्कको परीक्षण गर्दा वस्तु आयाततर्फ १३ हजार ५७५ प्रज्ञापनपत्रमध्ये ११६ खाली रहेको देखिन्छ । डाटाबेसमा रद्द भएका प्रज्ञापनपत्रको सिलसिलेबार नम्बर देखिने पद्धति नभएका कारण कारोबारको

सिलसिलेबार नम्बरमा खाली रहने गरेको छ । तथ्याङ्क प्रविष्ट गर्दा क्रमसंख्या नछुट्ने व्यवस्था मिलाई सफ्टवेयरको नियन्त्रण पद्धतिमा सुधार हुनुपर्ने देखिएको छ ।

८६. **एप्लिकेसन कन्ट्रोल –** सफ्टवेयरको एप्लिकेसन कन्ट्रोल अर्न्तगत अनिवार्य फिल्डहरु यकिन गरिनुपर्ने, आयात निर्यात हुने माल वस्तुको मूल्य र दर प्रविष्ट गरेपछि स्वचालितरुपमा भन्सार महसुल, अन्य राजस्व तथा महसुल र कुल राजस्व फिल्डको अङ्क आउनुपर्ने आदि देखिने गरी सफ्टवेयरको डाटावेस तयार हुनुपर्दछ ।

आयात भएको स्याउको मूल्याङ्कन प्रति के.जी.रु.१।४७ देखि रु.२३४।०४ सम्म उल्लेख भएको, टि.भि. सर्किट, आदि सङ्केत नं. ८५.२९.९० बाट पैठारी भएकोमा सङ्केत नं.९५.२२.९० बाट महसुल लिएको, टेलिभिजन सर्किट लगायत सामान आयात गर्दा १५ प्रतिशत महसुल असुल गर्नुपर्नेमा १० प्रतिशतमात्र असुल गरेको छ । विद्युतीय तथ्याङ्कको परीक्षण गर्दा वस्तु आयाततर्फ कतिपय कारोबारमा लाग्ने महसुल दरभन्दा बढी दर प्रविष्टि भएको तथा कतिपय कारोबारमा महसुल छुट भएको तर छुट भएको विवरण सफ्टवेयरले नदेखाएका कारण यस्तो फरक देखिएको छ ।

प्रणालीको प्रयोग नियन्त्रण अर्न्तगत अनिवार्य क्षेत्रहरु परिभाषित गरिनुपर्ने, आयात निर्यात हुने माल वस्तुको मूल्य र दर प्रविष्ट गरेपछि स्वचालितरुपमा भन्सार महसुल, अन्य राजस्व तथा महसुल, अन्त:शुल्क र मूल्य अभिवृद्धि कर लगायत कुल राजस्व क्षेत्रको अङ्क आउनुपर्ने, वस्तु आयातकर्ता वा निर्यातकर्ता देखिने गरी सफ्टवेयरको विकास गरिनुपर्दछ ।

८७. **सफ्टवेयरको उपयोगिता –** भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा आर्थिक ऐनअनुसार आयातकर्ता वा निर्यातकर्ताले वस्तु आयात वा निर्यात गर्दा लाग्ने महसुल दरवन्दीमा पाउने छुट र राजस्व दरवन्दीअनुसार असुल गर्नुपर्ने राजस्व सफ्टवेयरले देखाउनुपर्दछ । राजस्व छुटमा भएको कारोबार, सोको महसुल छुट सम्बन्धमा सफ्टवेयरले अद्यावधिक विवरण उपलब्ध नगराउने तथा महसुल छुटमा आयात भएका सामान पैठारीकर्ताले बिक्री गर्दा सुरुमा पैठारी गर्दा तिरेको महसुल दरवन्दी र रकम देखिने व्यवस्था नभएकोले सफ्टवेयरबाट विद्यमान ऐन नियमको उद्देश्य पूरा गर्न सहयोग पुग्ने देखिँदैन । सूचना प्रणालीले नै स्वत: गणना गर्नुपर्ने तथ्याङ्कहरु म्यानुएल प्रविष्ट गर्ने गरेकाले यसमा समस्या देखिएको छ ।

वस्तु आयात वा निर्यात गर्दा लाग्ने महसुल, दरवन्दीमा पाउने छुट र छुटपछि लाग्ने राजस्व दरवन्दी र महसुल देखिने व्यवस्था सूचना प्रणालीमा गरिनुपर्दछ ।

८८. **अभिलेख सुरक्षा –** स्वचालित विद्युतीय प्रणाली अर्थात सफ्टवेयरको सुरक्षा, सम्भार, नियमित सञ्चालनका लागि ब्याकअप र पासवर्ड पहूँच नियन्त्रण तथा पावर ब्याकअप आवश्यकता रहन्छ । पहूँच नियन्त्रणको व्यवस्था गर्दा निश्चित समयको अन्तरालमा गरिने सेक्युरिटीभन्दा रियल टाइम सेक्युरिटीको व्यवस्था प्रभावकारी मानिन्छ । कार्यालयबाट प्राप्त जानकारीअनुसार प्रत्येक दिनको कारोबार बन्द गर्ने अवस्थामा डाटाहरुको ब्याकअप सेक्युरिटी गर्ने, भन्सार विभागमा ईमेल र पेन ड्राईभबाट तथ्याङ्क पठाउने व्यवस्था भए तापनि अनलाईन तथ्याङ्क ट्रान्सफर गर्ने व्यवस्था अवलम्बन भएको देखिएन । यस्तै गेटवे मोडेल समेत कार्यान्वयन भएको छैन । सफ्टवेयरको विभिन्न मोडलहरुको पहूँचमा पासवर्ड उपलब्ध गराएको र वैकल्पिक विद्युत आपूर्तिको लागि १२ के.भि.ए जेनेरेटर र ३ के.भि.ए इन्भर्टर व्यवस्था गरेको देखिन्छ ।

भन्सार कार्यालयको आयात निर्यात तथ्याङ्क, सो अभिलेखको गहनतम महत्वलाई विचार गर्दा रियल टाइम सेक्युरिटीको व्यवस्था, सफ्टवेयरको प्रोग्राम लेभल, प्रविष्टि र पहूँचको नियन्त्रण अन्य लेभलमा उपलब्ध गराएको पासवर्ड निगरानी तथा नियमित पासवर्ड परिवर्तनको अभिलेख र भरपर्दो वैकल्पिक विद्युतीय व्यवस्थाका लागि पहल गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

स्वचालित विद्युतीय प्रणाली अर्थात् सूचना प्रणालीको सुरक्षा, सम्भार, नियमित सञ्चालनका लागि व्याकअप सेक्युरिटी, पासवर्ड सेक्युरिटी, पावर वैकल्पिक विद्युतीय व्यवस्था गरी अनलाइन सेक्युरिटीको व्यवस्था अवलम्बन गर्नुपर्ने देखिन्छ ।

तथ्याङ्क सुरक्षाको लागी गेटवे मोडेल उपयुक्त भए तापनि कार्यान्वयनमा नआएको, वाईड एरिया नेटवर्क जडान नभएको जवाफ प्राप्त भएको छ ।

८९. **आशिकुडा प्रणाली –** भन्सार ऐन, मूल्य अभिवृद्धि कर तथा अन्य राजस्वसम्बन्धी ऐनले गरेको व्यवस्था र सो ऐनको संशोधन र आर्थिक ऐनले गरेको व्यवस्थाअनुसार भन्सार दरवन्दी अद्यावधिक गर्नुपर्ने तथा भन्सार सदृढीकरण योजना अर्न्तगत लागू गरिने विभिन्न मोडलहरुको कार्यान्वयन गर्ने सर्न्दभमा सफ्टवेयरको अद्यावधिक गरिने व्यवस्थाअनुसार दरवन्दी अद्यावधिक हुने गरेको तथा ब्रोकर मोडल, सूचना प्रणाली मोडल तथा अन्य मोडलहरु लागू गरेको देखिन्छ । तर सफ्टवेयर अद्यावधिक भएको अभिलेख राखेको पाइएन ।

भन्सार विभागले प्रयोग गरेको आशिकुडा प्लस प्लस १.१८ डि भर्सन २ वर्ष अगाडि अद्यावधिक गरेको जानकारी हुन आएको छ । संयुक्त राष्ट्रसंघीय, व्यापार तथा विकास सम्मेलनले विकास गरेको यो सफ्टवेयर आशिकुडा वर्ल्ड भर्सनअनुसार अद्यावधिक गर्नुपर्नेमा हालसम्म अद्यावधिक भएको छैन । आशिकुडा प्रणालीमा वर्ल्ड भर्सन अद्यावधिक गर्न जरुरी भएकोले भन्सार विभागबाट पहल हुने जवाफ प्राप्त भएको छ ।

९०. **पूर्वाधार –** सूचना प्रविधि वातावरण तयार गर्नको लागि स्रोत साधनको पर्याप्तता, दक्ष र तालिम प्राप्त जनशक्ति, अल्पकालीन तथा दीर्घकालीन योजना, पूर्वाधार विकास योजना, मानव विकास योजना आवश्यक पर्दछ । भन्सार कार्यालयबाट हुने कारोबारहरुको प्रविष्टि आशिकुडामा हुनुपर्ने, विभिन्न मोडलहरुको कार्यान्वयन, सूचना प्रविधिसँग सम्बन्धित जनशक्ति र कम्प्युटर प्रविधिको प्रयोग आदि व्यवस्थाबाट सूचना प्रविधि अनुकुल वातावरण रहेको छ । तर सूचना प्रविधिसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना, पूर्वाधार विकास योजना, मानव विकास योजना नभएको, कर्मचारीहरुलाई सूचना प्रविधि र राजस्व सम्बन्धी तालिमको न्यून अवसर भएको, सूचना प्रविधिमा रहने कर्मचारीहरु राजस्व समूहभन्दा अर्को समूहका रहने भएकाले सामञ्जस्यता नहुने समस्या रहेको पाइयो ।

सूचना प्रविधि अनुकुल वातावरणका लागि साधनको पर्याप्तता, दक्ष र तालिम प्राप्त जनशक्ति, अल्पकालीन तथा दीर्घकालीन योजना, पूर्वाधार विकास योजना, मानव संसाधन विकास योजना तयार गरी सोअनुसार कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउनु उपयुक्त देखिन्छ ।

राजस्व अनुसन्धान विभाग

९१. **स्क्र्याप गाडीको लिलाम** – उत्पादन वर्षको आधारमा २० वर्ष नाघिसकेको सवारीसाधनलाई पत्रुको हिसाबमा लिलाम बिक्री गर्न र लिलाम सकार गर्ने व्यक्तिले नै पत्रु गर्ने व्यवस्था मिलाउन मनासिव हुने साथै लिलाम सकार गर्ने व्यक्तिले मालसामान उठाई लैजाँदाकै अवस्थामा कम्प्लिट डिस्मेन्टल गरी लैजानुपर्ने भनी २०६४।२।४ को सचिवस्तरीय निर्णय भएकोमा यो वर्ष स्क्र्यापमा लिलाम भएका रु.६ लाख ९५ हजार मूल्यमा ४ सवारीसाधन वास्तविक पत्रु नबनाई बिक्री गरेकोले निर्णय कार्यान्वयन भएको देखिएन ।

९२. **आयकर बक्यौता** – राजस्व चुहावट नियन्त्रण ऐनबमोजिम राजस्व छलीको सिलसिलामा छानबिन तथा अनुसन्धान गर्दा करदाताले बिक्री लुकाएको कारणबाट थप कायम भएको आयलाई आयमा गणना गरी आयकर असुल गर्नुपर्दछ । विभागले यो वर्ष आयकरतर्फ रु.२ करोड १० लाख ४८ हजार थप करयोग्य आय कायम गरी सोको आयकर असुल गर्न आन्तरिक राजस्व कार्यालयमा लेखी पठाएको पाइयो । आन्तरिक राजस्व कार्यालयले उक्त थप करयोग्य आय कायम गरेको रकम असुल गरेको प्रमाण पेश हुन आएन । उक्त रकम असुल भै राजस्व दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।

९३. **जरिवाना छुट** – भन्सार ऐन, २०६४ बमोजिम सवारी साधन चोरी निकासी पैठारी मुद्दामा मानिस सहित पक्रेको अवस्थामा बिगो र बिगोबमोजिम जरिवाना लिने व्यवस्था छ । स्याण्ट्रो कार चोरी पैठारी मुद्दामा दुई भारतीय नागरिकलाई भन्सार छली सवारीसाधन चोरी पैठारी गरेको प्रतिवेदनको आधारमा २०६६।७।४ मा रु.११ लाख अनुमानित मूल्य कायम गरी पक्राउ गरेको छ । मानिस सहित चोरी पैठारी मुद्दामा समातिएको सवारीधनीलाई लाग्ने जरिवाना रु.११ लाख नलिई साधारण तारेखमा छाडेको पाइयो । साधारण तारेखमा छाडेको सवारीधनीलाई तारेख गुजारी बसेको र दशी प्रमाण पेश गर्न नसकेको तर्कको आधारमा

२०६६।११।४ मा सवारीसाधन जफत गर्ने निर्णय गरेकोले बिगोबमोजिमको जरिवाना रु.११ लाख असुल गरेको देखिएन ।

कार्यमूलक लेखापरीक्षण

राजस्व नीति कार्यान्वयन

कृषिमा आधारित देशको अर्थतन्त्रलाई औद्योगिकीकरणतर्फ अग्रसर गराउने उद्देश्यका साथ वैज्ञानिक कर प्रणाली अवलम्बन गर्ने र कर प्रशासनलाई प्रभावकारी बनाउन विद्युतीय प्रणालीमा रुपान्तरण गर्ने पृष्ठभूमिमा केन्द्रित रही राजस्व नीतिको कार्यान्वयन, राजस्व चुहावट नियन्त्रण, राजस्व सहुलियत, छुट एवं राजस्व प्रशासनिक सुधारका सम्बन्धमा मूल्याङ्कन तथा विश्लेषण गरी प्रतिवेदन गर्नु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ ।

राजस्व असुली, कुल गार्हस्थ उत्पादनमा राजस्वको योगदान, राजस्व परिचालन, कार्यविधि सरलता, कर प्रणालीमा आधुनिकीकरण, चुहावट नियन्त्रण, प्रशासनिक सुधार जस्ता विषयहरु सकारात्मक रुपमा रहेका छन् । दीर्घकालीन राजस्व नीति, वैज्ञानिक राजस्व प्रक्षेपण, कर दायरा विस्तार, चोरी पैठारी नियन्त्रण, मूल्य अभिवृद्धि कर अनुगमन, सूचना सञ्जाल जस्ता पक्षहरु कमजोरीका रुपमा रहेका छन् । सामाजिक आर्थिक रुपान्तरणका लागि दिगो फराकिलो गतिशिल आर्थिक वृद्धिका माध्यमबाट आन्तरिक साधन परिचालन वृद्धि गर्नुपर्ने चुनौती रहेको छ । कर प्रशासनिक क्षमता विकास, ऐन नियमको पालना, करको दायरा विस्तार, संस्थागत व्यवस्थाका माध्यमबाट कर परिचालनमा वृद्धि गर्नसकिने सम्भावना रहेको छ ।

९४. **राजस्व** – अर्थतन्त्रमा राजस्वको योगदानलाई मापन गर्ने सूचकाङ्क कुल गार्हस्थ उत्पादन हो । अन्तरिम योजना (२०६४–६७) मा राजस्व परिचालन वृद्धि गरी कुल गार्हस्थ उत्पादनको १३.६ प्रतिशत पुऱ्याउने र राजस्व वृद्धिदर १६ प्रतिशत कायम गर्ने उल्लेख छ । विगत ३ वर्षको राजस्व असुलीको स्थिति देहायबमोजिम छ:

(रु.करोडमा)

राजस्व शीर्षक	राजस्व असुली (आर्थिक वर्ष)			२०६६।६७ मा कुल राजस्वमा योगदान
	२०६६।६७	२०६५।६६	२०६४।६५	
मूल्य अभिवृद्धि कर	५४९०	३९७०	२९८२	३०.५१
भन्सार महसुल	३५१५	२६७९	२१०६	१९.५३
आयकर	३३८३	२७२५	१९०८	१८.८१
अन्त:शुल्क	२४४८	१६२४	१११९	१३.६१
रजिष्ट्रेशन शुल्क	५५१	५२२	२९४	३.०६
सवारी साधन कर	२४२	१८५	१०७	१.३४
गैर कर	२३६५	२६४२	२२४६	१३.१४
कुल राजस्व	**१७९९४**	**१४३४७**	**१०७६२**	**१००**
राजस्व वृद्धि प्रतिशत	**२५.४१**	**३३.२**	**२२.२**	-

राजस्व वृद्धि २०६४।६५ मा २२.२ प्रतिशत, २०६५।६६ मा ३३.२ प्रतिशत र २०६६।६७ मा २५.५६ प्रतिशत रहेको छ । बजेट वक्तव्य २०६६।६७ र २०६७।६८ अनुसार कुल गार्हस्थ उत्पादनमा राजस्वको योगदान देहायबमोजिम रहेको छ ।

(रु.करोडमा)

आर्थिक वर्ष	कुल गार्हस्थ उत्पादन	कर राजस्व		गैर कर राजस्व योगदान		कुल राजस्व अनुपात
		रकम	प्रतिशत	रकम	प्रतिशत	
२०६४/६५	८१८४०.१	८५१६	१०.४०	२२४६	२.७४	१३.१५
२०६५/६६	९६००१.१	११७०५	१२.१९	२६४२	२.७५	१४.९४
२०६६/६७	११८२६८.५	१५६२९	१३.२१	२३६५	१.९९	१५.२१

विगत ३ वर्षको तथ्याङ्कअनुसार कुल गार्हस्थ उत्पादनमा कुल राजस्व अनुपात १३.१५ देखि १५.२१ प्रतिशत रहेको छ भने कर राजस्वको योगदान १०.४० देखि १३.२१ प्रतिशत र गैर कर राजस्व योगदान १.९९ देखि २.७५ प्रतिशत रहेको छ । योजनाको अन्तिम वर्ष गार्हस्थ उत्पादनमा राजस्व अनुपात १५.२१ प्रतिशत रहेको छ ।

बजेट वक्तव्य २०६६।६७ र २०६७।६८ बमोजिम राजस्वको स्रोतगत संरचना र योगदान देहायबमोजिम छ:

(रु.करोडमा)

राजस्व स्रोत	२०६४।६५		२०६५।६६		२०६६।६७	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१. कुल राजस्व	१०७६२	१००	१४३४७	१००	१७९९४	१००
• कर राजस्व	८५१६	७९.१३	११७०५	८१.५८	१५६२९	८६.८६
(क) प्रत्यक्ष कर	२३०९	२७.११	३४३२	२९.३२	४१७६	२६.७२
(ख) अप्रत्यक्ष कर	६२०७	७२.८९	८२७३	७०.६७	११४५३	७३.२८
• गैर कर राजस्व	१९७८	१८.३७	२२८९	१५.९५	२१७०	१२.०६
• साँवा फिर्ता	२६८	२.४९	३५३	२.४६	१९५	१.०८

विगत ३ वर्षको राजस्व संरचना विश्लेषणअनुसार कुल राजस्वमा कर राजस्वको योगदान ७९.१३ देखि ८६.८६ प्रतिशत, गैर कर राजस्वको योगदान १२.०६ देखि १८.३७ प्रतिशत, साँवा फिर्ता १.०८ देखि २.४९ प्रतिशतसम्म रहेको छ । कर राजस्वतर्फ प्रत्यक्ष करको योगदान २६.७२ देखि २९.३२ प्रतिशत र अप्रत्यक्ष करको योगदान ७०.६७ देखि ७३.२८ प्रतिशत रहेको छ ।

कुल गार्हस्थ्य उत्पादनमा कुल राजस्वको अनुपात तथा कर राजस्वमा प्रत्यक्ष करको योगदान न्यून रहनुका कारणहरुमा बचत अनुपात न्यून हुनु, उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण नहुनु, आय तथा सम्पत्तिमा सङ्कलन गरिने करको प्रभावकारी रुपमा कार्यान्वयन नहुनु आदि रहेका छन् । राजस्वको आधार फराकिलो गर्ने, संभाव्य राजस्व परिचालनका क्षेत्र पहिचान, कर संरचनामा प्रत्यक्ष करको अनुपात बढाउनका लागि राजस्व सम्बन्धी दीर्घकालीन नीति तयार पारी सोको आधारमा वार्षिक राजस्व नीति, उद्देश्य, रणनीति, कार्यनीति तयार गर्नुपर्ने, प्रत्यक्ष तथा अप्रत्यक्ष कर एवं कर राजस्व र गैरकर राजस्वको संरचना, आधारहरु र सोको सम्भावित क्षेत्रहरुको पहिचान सम्बन्धमा अध्ययन विश्लेषण गर्नुपर्ने, सामाजिक न्याय, पुनर्वितरणका आधार, प्रगतिशील कर प्रणाली आदिको माध्यमबाट राजस्व नीति तय गरी कार्यान्वयन गरिनुपर्दछ ।

९५. **राजस्व प्रक्षेपण** – राजस्व प्रक्षेपणका मुख्य आधारहरु उत्पादन तथा आयस्तर, उपभोगको प्रकृति र संरचना, पूँजीगत सम्पत्तिको सिर्जना आदि हुन । यसका अतिरिक्त देशको आर्थिक विकासको दर, करदाताहरुको संख्या र कर भुक्तानी गर्ने क्षमता, जीवन निर्वाह लागत, उपभोग गरिने वस्तु र सेवाको प्रकृति, जनसंख्या वृद्धि, आन्तरिक उत्पादनको अवस्था, वस्तु तथा सेवाको निकासी तथा पैठारीको स्थिति, वैदेशिक लगानी तथा अन्य स्रोतबाट प्राप्त हुने रकम आदि सूचकहरुका आधारमा राजस्व प्रक्षेपण गरिनुपर्दछ । राजस्व प्रक्षेपणका आधारहरु विश्लेषण गर्दा आवधिक योजना, वार्षिक कार्यक्रम, राष्ट्रिय प्राथमिकताका आधारमा खर्चको प्रक्षेपण गरी सो खर्च पूर्ति गर्नका लागि राजस्वको अनुमान तथा वैदेशिक अनुदानको रकम यकिन गरी न्यून हुन आएको रकम वैदेशिक ऋण र आन्तरिक ऋणबाट पूर्ति गर्ने गरेको पाइन्छ । विगत ३ वर्षको खर्च तथा राजस्व अनुमानको स्थिति देहाय बमोजिम छ:

(रु.हजारमा)

विवरण	२०६७।६८ को जम्मा अनुमान	२०६६।६७ को यथार्थ	२०६५।६६ को यथार्थ
राजस्व	**२,१६,६४,४३,५५**	**१,७९,९४,०३,०५**	**१,४३,४७,४४,८९**
• कर राजस्व	१,८८,७३,०९,०३	१,५६,२९,०६,२९	१,१७,०५,१९,०७
• गैर कर राजस्व	२५,६२,८५,१७	२१,६९,५९,१२	२२,८९,२१,७४
• साँवा फिर्ता प्राप्ति	२,२८,४९,३५	१,६५,३७,६४	३,५३,०४,०८

विवरण	२०६७।६८ को जम्मा अनुमान	२०६६।६७ को यथार्थ	२०६५।६६ को यथार्थ
कुल खर्च	**३,३७,९०,००,००**	**२,५९,१४,६०,६४**	**२,१९,६६,१९,१८**
• चालु खर्च	१,९०,३१,९४,९५	१,५१,२४,४७,०६	१,२७,७३,८९,४१
• पूँजीगत खर्च	१,२९,५३,८१,७८	८९,४६,९०,३५	७३,०८,८८,६४
• साँवा भुक्तानी	१८,०४,२३,२७	१८,४३,२३,२३	१८,८३,४१,१३
बैदेशिकअनुदान	६५,३४,४२,३०	३७,११,७४,१३	२६,३८,२८,६७
बैदेशिक ऋण	२२,२३,१४,१५	११,४९,२६,९९	९,९६,८८,६१
आन्तरिक ऋण	३३,६८,००,००	२९,९१,४०,००	१८,४१,७१,००
नगद मौज्दात परिवर्तन	-	(६८,१६,४७)	(२१,४१,८६,०१)

२०६७।६८ का लागि अनुमान भएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु.२ खर्ब १६ अर्ब ६४ करोड ४४ लाख र वैदेशिक अनुदानबाट रु.६५ अर्ब ३४ करोड ४२ लाख व्यहोरी रु.५५ अर्ब ९१ करोड १४ लाख न्यून हुने र सो न्यून रकम वैदेशिक ऋणबाट रु.२२ अर्ब २३ करोड १४ लाख एवं आन्तरिक ऋणबाट रु.३३ अर्ब ६८ करोड व्यहोर्ने बजेट बक्तव्यमा उल्लेख छ । २०६५।६६ को यथार्थ राजस्व रु.१ खर्ब ४३ अर्ब ४७ करोड ४४ लाख ८९ हजारको तुलनामा २०६६।६७ मा २५.४१ प्रतिशत र अधिल्लो वर्षको तुलनामा २०६७।६८ मा २०.३९ प्रतिशत वृद्धि गरी प्रक्षेपण गरेको छ ।

राजस्व प्रक्षेपणलाई प्रभावकारी र यथार्थ बनाउन आय, रोजगारीका क्षेत्रमा जनशक्तिको प्रवेश, आन्तरिक उत्पादन, पैठारी, उपभोगको शैली, त्यसमा देखिएका सम्भावना एवं प्रवृत्तिलाई विश्लेषण गर्न उपयुक्त प्रणाली विकास गरी प्रतिव्यक्ति उपभोगको दर, समाजको वर्गीय स्वरुपका आधारमा प्रक्षेपण गर्ने व्यवस्था हुनुपर्दछ ।

९६. **राजस्व परिचालन** – अन्तरिम योजना (२०६४–६७) को राजस्व सम्बन्धमा करको दायरा विस्तार गरी आन्तरिक स्रोतको अधिकतम परिचालन गर्न जोड दिने उल्लेख छ । राजस्वको आधार फराकिलो बनाउन, राजस्व प्रशासनमा सुधार तथा चुहावट नियन्त्रण गर्न, अर्थतन्त्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी दिगो आधार तयार गर्न तथा राजस्वलाई आर्थिक वृद्धिसँग पूर्ण लचकदार बनाउन दीर्घकालीन राजस्व नीति तर्जुमा गर्नुपर्दछ । राजस्व नीति सम्बन्धमा आवधिक योजना, बजेट वक्तव्य, आर्थिक ऐन तथा राजस्व सङ्कलनसँग सम्बन्धित ऐन नियमहरुको तर्जुमा गरिएको भए तापनि दीर्घकालीन नीति तर्जुमा भएको छैन । यसको अभावमा राजस्वमा दर, दायरा, संरचना र परिचालन सम्बन्धमा एकरुपता हुने देखिएन । राजस्व नीतिमा स्थिरता कायम गर्दै समतामूलक कर प्रणालीको विकास गर्न, लगानी मैत्री वातावरणको सिर्जना गरी कराधार विस्तार गर्ने, चुहावटका क्षेत्रहरुको पहिचान गरी राजस्व चुहावट नियन्त्रण गर्ने, करको दायरा बढाउँदै राजस्व परिचालनमा अभिवृद्धि गर्नका लागि दीर्घकालीन राजस्व नीति तर्जुमा तथा आवधिक योजना तयार गरी सोको आधारमा वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

९७. **राजस्व आधार –** करको आधार फराकिलो तथा अर्थतन्त्रका विभिन्न सूचकहरुसँग समन्वय गरी कार्यान्वयन योग्य हुनुपर्दछ । जनताको करदेय क्षमता, उपभोग स्तर, लगानी र प्रतिफल, वस्तु तथा सेवाको आयात निर्यात, कर संभाव्य क्षेत्रको पहिचान आदिको वस्तुगत विश्लेषणबाट करको आधार स्पष्ट गरिनुपर्दछ । करका दरहरु प्रशासनिक हिसावले सरल तथा कमदर कायम गरी असुल गरिनुपर्दछ । विद्यमान राजस्व संरचनाको अध्ययन गर्दा करका आधारहरुमा कर राजस्वतर्फ वस्तु तथा सेवाको उत्पादन, उपभोग, निकासी तथा पैठारी, आय तथा सम्पत्ति, स्वामित्व हस्तान्तरण आदि रहेका छन् । गैर कर राजस्व अन्तर्गत दस्तुर, शुल्क, लाभांश, रोयल्टी, प्रशासनिक दस्तुर, नवीकरण दस्तुर, न्यायिक दस्तुर आदि रहेका छन् ।

कर सहभागिता तथा परिपालना, प्रशासनिक सरलता, कर सङ्कलन लागत, वस्तु तथा सेवाको माग लचकताको स्थिति अध्ययन गरी लगानी प्रबर्द्धन गर्न नीतिगत स्थिरताका सम्बन्धमा विश्लेषण गरी करको आधार स्पष्ट गर्नुपर्दछ ।

९८. **राजस्व बाँडफाँड** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायलाई कर सङ्कलन र परिचालन गर्ने अधिकार दिएको छ । स्थानीय निकायको क्षमता, जनसंख्या, विकासको स्तर आदिका आधारमा सरकारले स्थानीय निकायलाई अनुदान उपलब्ध गराउँदै आएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ मा "राज्यको समावेशी लोकतान्त्रिक संघीय शासन प्रणाली सहितको अग्रगामी पुन:संरचना गरिने" उल्लेख छ । उपर्युक्त व्यवस्था अनुसार केन्द्रीय सरकारले सङ्कलन गर्ने, स्थानीय निकाय वा प्रदेशले सङ्कलन गर्ने तथा दुबैले सङ्कलन गर्नसक्ने कर, सोको बाँडफाँड, राजस्व तथा अनुदान वितरणका आधार, स्थानीय निकायको क्षमता विकास, प्रतिस्पर्धात्मक वातावरणको सिर्जना, कर सङ्कलन लागत न्यूनीकरण तथा प्रभावकारी कर परिचालनका लागि पूर्वसंभाव्यता अध्ययन गरी उपयुक्त नीति तर्जुमा गर्न आवश्यक देखिन्छ ।

९९. **कार्यविधि सरलता** – करदाताले स्वेच्छाले कर तिर्ने प्रवृत्तिमा विकास गर्न, आय विवरण पारदर्शी बनाउन, भन्सार नाकाबाट वस्तु आयात तथा निर्यात गर्ने परम्पराको विकास गर्न, उत्पादन, उपभोग तथा स्वामित्व हस्तान्तरण सम्बन्धी कार्य यथार्थ लागतमा आधारित कर सहभागिता बढाउन राजस्व सम्बन्धी ऐन कानून, कार्यविधि, लेखाङ्कन तथा प्रतिवेदन प्रणालीमा सरलता, एकरुपता तथा अन्तर्राष्ट्रियमान अनुरुप हुनुपर्दछ । कार्यविधि सरल बनाउने सन्दर्भमा कर प्रशासनको प्रभावकारिता तथा कर परिपालनाको वृद्धि गर्न करदातामैत्री वातावरणको विकास गर्न समेत आवश्यक पर्दछ । भन्सार प्रशासनतर्फ न्यून बिजकीकरण, अन्त:शुल्क प्रशासनतर्फ उत्पादन र निष्काशन एवं यथार्थ प्रतिलब्धी दरको अभाव, मूल्य अभिवृद्धि करतर्फ कर बीजक जारी नगर्ने तथा कर बीजकको रकम दाखिला नगर्ने घरजग्गाको स्वामित्व हस्तान्तरणमा वास्तविक मूल्याङ्कन कायम हुन नसक्नु, ऐन नियममा भएका व्यवस्थाहरुको व्याख्यामा फरकपन रहनु, ऐन नियममा भएका व्यवस्थाको क्लिष्टता आदिको कारणबाट कर प्रशासन जटिल भएको देखिएको छ । यसबाट करदाताको आय व्यय विवरण एवं लेखा, वस्तु आयात तथा निर्यातको अभिलेख, वास्तविक सम्पत्ति मूल्याङ्कन, पारदर्शिता कायम नहुने भएकोले राजस्व असुली समेत प्रभावित हुने देखिन्छ । अत:कर प्रशासनमा सरलता करको ऐन नियम परिपालना वृद्धि, वास्तविक आय व्ययको लेखाङ्कन तथा वास्तविक कारोबारमा आधारित राजस्व सङ्कलन गर्न ऐन नियममा भएको क्लिष्टता हटाई कार्यविधिलाई सरल बनाउनुपर्दछ ।

१००. **कर परीक्षण** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा कर विवरण पेश गरेका मितिले ४ वर्षसम्म र आयकर ऐन, २०५८ को दफा १०१ मा आय विवरण पेश गर्नुपर्ने मितिले ४ वर्षभित्र पुन: तथा संशोधित कर निर्धारण गरिसक्नुपर्ने व्यवस्था छ । आय विवरण पेश गर्नुपर्ने वर्षको आधारमा सिमान्त वर्षहरुमा भएको पुन:वा संशोधित करपरीक्षण अन्तिम लेखापरीक्षणको दायराभित्र नपर्ने देखिएको छ । ठूला करदाता कार्यालयले २०६६।६७ मा करपरीक्षण गरेको विभिन्न आय वर्षका १३९ आय विवरणमध्ये ३९ आय विवरण (३१.७ प्रतिशत) को करपरीक्षण करदाताको ४ वर्ष पुग्ने अन्तिम समयमा गरेकोले लेखापरीक्षण शुरुमै ४ वर्ष अवधि सकिएको छ । पुन: करपरीक्षण वा संशोधित करपरीक्षण दायरा सीमित नहुने गरी करको लेखापरीक्षण अवधि निर्धारण हुनुपर्दछ ।

१०१. **कर दायरामा वृद्धि** – दशौँ योजना (२०५९–६४) मा आयकरदाताको संख्या ३ लाख पुऱ्याउने, मूल्य अभिवृद्धि करमा दर्ता संख्या ४० हजार पुऱ्याउने, परिमाणात्मक लक्ष्य तोकिएको थियो । त्यसपछिका तीन वर्षीय अन्तरिम योजना (२०६४।६५–२०६६।६७) र त्रीवर्षीय योजना (२०६७।६८–२०६९।७०) मा उल्लेख गरेको पाइएन । कुल जनसंख्याको २ प्रतिशतले स्थायी लेखा नम्बर लिएको तथा २०६५।६६ सम्म २ लाख ७७ हजार करदाता रहेकोमा हाल करिब ४ लाख करदाता कर प्रयोजनका लागि दर्ता भएको देखिन्छ । जनताको कर सहभागिता सम्भाव्य अनुपात करदेय क्षमता, कर नक्साङ्कन, करदाता शिक्षाको प्रभावकारिता सम्बन्धमा अध्ययन विश्लेषण गरेको पाइएन । सूचना तथा तथ्याङ्क अद्यावधिक गरी राजस्वका थप क्षेत्र पहिचान गरी राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

१०२. **कर सहुलियत तथा छुट** – आयकर ऐन, २०५८ को दफा १०, ११ र १२ मा छुट हुने रकमहरु, व्यावसायिक छुट तथा सुविधा र कर छुट पाएका संस्थाहरुलाई दिने चन्दा र उपहार सम्बन्धी व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा कर छुट हुने वस्तु तथा सेवा सम्बन्धी व्यवस्था छ । भन्सार ऐन, २०६४ को

दफा ९ मा कुटनैतिक महसुल सुविधा र छुट सम्बन्धमा व्यवस्था छ । उपर्युक्त व्यवस्था अनुसार आयकर, मूल्य अभिवृद्धि कर र भन्सार महसुलमा भएको छुटको अद्यावधिक अभिलेख राख्ने गरेको पाइएन । भन्सारतर्फ २०६६।६७ मा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा अन्य कर समेत ५०१ व्यक्ति तथा संस्थालाई रु.७५ करोड ९१ लाख ७८ हजार बराबरको छुट दिएको विवरण प्राप्त भएको छ । त्यस्तो छुट उद्देश्यमूलक भयो भएन, सोको सार्वजनिकरणका लागि राजपत्रमा प्रकाशन भयो भएन भन्ने सम्बन्धमा अध्ययन विश्लेषण गरेको पाइएन । उदाहरणार्थ एम्बुलेन्स पैठारी, माइक्रोबस पैठारी, कृषि ट्र्याक्टर आदिमा प्रदान गरेको सुविधाको उपलब्धी तथा सोको उद्देश्यमूलक उपयोगका सम्बन्धमा अनुगमन संयन्त्र स्थापना गरेको देखिएन । उद्देश्यमूलक अध्ययन विश्लेषणका आधारमा कर सहुलियत तथा छुट सम्बन्धी नीति तय गर्नुपर्दछ ।

१०३. **राजस्व परिचालन लागत** – राजस्व प्रशासनलाई चुस्त सुदृढ र प्रभावकारी बनाउन एक निश्चित समय अवधिसम्म लागू हुनेगरी राजस्व परिचालन लागत सीमा निर्धारण गरिनुपर्दछ । आन्तरिक राजस्व विभागको चालू, पूँजीगत खर्चको आधारमा २०६५।६६ मा ५९ पैसा, २०६६।६७ मा ५३ पैसा प्रति रु.१,०००।– लागत पर्न गएको देखिन्छ । राजस्व सङ्कलन लागतको विश्लेषण गरी यसलाई लागत न्यूनीकरण गर्नुपर्दछ ।

१०४. **राजस्व चुहावट** – नेपालको एघारौँ अन्तरिम योजना (२०६४–६७) मा राजस्व प्रशासन सुदृढीकरण गर्दै कर सङ्कलन प्रक्रियामा आधुनिकीकरण मार्फत कर चुहावट रोक्ने कार्यनीति अवलम्बन गर्ने र बाह्रौँ योजनामा चुहावटका क्षेत्र पहिचान गरी नियन्त्रण गर्ने उल्लेख छ । राजस्व चुहावटलाई न्यूनीकरण गर्न सम्बन्धित ऐन नियममा भएको प्रावधान पालना नभएमा दण्ड, जरिवाना, सजाँय हुने व्यवस्था छ । कर प्रशासनमा कर परीक्षण, भन्सार प्रशासनमा जाँचपास पछिको परीक्षण एवं आन्तरिक परीक्षण गर्ने व्यवस्था छ । लेखापरीक्षणबाट विगत ३ वर्षमा कर चुहावट नियन्त्रणमा भएको प्रयास र उपलब्धीबाट देहायअनुसारको राजस्व असुल गर्नुपर्ने देखिएको छ:

(रु.हजारमा)

विवरण	२०६६।६७	२०६५।६६	२०६४।६५
(क) कर कार्यालय २३ मध्ये ठूला करदाता कार्यालयमा कर परीक्षणबाट थप असुल गर्नुपर्ने देखिएको	३,८०,३१,९७	४,१६,३८,८४	३,१९,१३,७६
(ख) भन्सार महसुलमा जाँचपास पछिको परीक्षणबाट थप असुल गर्नुपर्ने देखिएको	६०,१०	२,१७,७८	९६,७९
(ग) भन्सार प्रशासनमा आन्तरिक परीक्षणबाट थप असुल गर्नुपर्ने देखिएको	३०,९४	५७,९२	११,६०

सम्भावित करदाताहरु करको दायरामा नआएका, भन्सार चोरी पैठारी नियन्त्रणमा प्रभावकारिता नआएको, मूल्य अभिवृद्धि कर बीजक जारी नगरी मूल्य अभिवृद्धि कर सङ्कलन गर्ने तथा नक्कली बिल संलग्न गरी मूल्य अभिवृद्धि कर क्रेडिट लिने जस्ता कार्यमा अनुगमन निरीक्षणको प्रभावकारीता बढाउनुपर्ने, विद्यमान ऐन नियमको कडाईका साथ पालना गर्नुपर्ने, करदाता शिक्षा दिनुपर्ने, कार्यविधिमा सरलता गर्नुपर्ने, सङ्कलित करको उपयोगिता सुनिश्चित गर्नुपर्ने जस्ता कार्य प्रभावकारी रुपमा गरिनुपर्दछ ।

१०५. **चुहावट नियन्त्रण** – राजस्व चुहावट नियन्त्रण गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, आयकर ऐन, भन्सार ऐन, अन्त:शुल्क ऐन तथा अन्य सम्बन्धित ऐन नियममा राजस्व परिपालना नभएमा दण्ड, सजाँय, जरिवाना गर्ने व्यवस्था छ । संस्थागत व्यवस्थातर्फ राजस्व चुहावट सम्बन्धमा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्नका लागि राजस्व अनुसन्धान विभाग रहेको छ भने आयकर प्रशासनतर्फ करपरीक्षण, भन्सार प्रशासनतर्फ जाँचपास पछिको परीक्षण र आन्तरिक परीक्षण सम्बन्धी व्यवस्था छ । उपर्युक्तबमोजिम राजस्व चुहावट नियन्त्रण सम्बन्धमा नीतिगत, कानूनी व्यवस्था र संरचनागत व्यवस्था भए तापनि राजस्व चुहावट नियन्त्रण प्रभावकारी रुपमा हुनसकेको छैन । आय व्ययको हिसाव पारदर्शी नगर्ने, लेखाङ्कन नगर्ने, मूल्य अभिवृद्धि करको अभिलेख एवं बिल बीजक जारी नगर्ने, न्यून वा अधिक बिजकीकरण गर्ने, अनुगमन एवं निरीक्षण

प्रभावकारी नहुने, नीतिगत व्यवस्थाको गलत व्याख्या गर्ने तथा संरचनागत एवं संस्थागत संयन्त्रको स्वायत्तता, क्षमता विकास, व्यावसायिकता विकास हुन नसकेको जस्ता समस्याका कारण राजस्व चुहावट नियन्त्रण प्रभावकारी हुनसकेको छैन । यस सम्बन्धमा उपयुक्त नीति तर्जुमा गरी राजस्व चुहावट नियन्त्रण कार्य नतिजामुखी बनाइनुपर्दछ ।

१०६. **राजस्व बक्यौता –** प्रचलित कानूनबमोजिम सरकारले उठाउनुपर्ने राजस्व सोही वर्ष सङ्कलन गर्नुपर्दछ । राजस्व बक्यौतातर्फ अध्ययन गर्दा २०६४।६५ मा रु.३३ अर्ब ३१ करोड १९ लाख ३३ हजार बक्यौता रहेकोमा २०६५।६६ मा रु.२७ अर्ब ५२ करोड ७० लाख ४ हजार र २०६६।६७ मा रु.४७ अर्ब १८ करोड ८२ लाख १५ हजार पुगेको छ । उक्त रकममध्ये रु.९ अर्ब २० करोड ९८ लाख ३९ हजार कर निर्धारणमा चित्त नबुझी विभिन्न निकायमा पुनरावेदनमा रहेको उल्लेख छ । प्रचलित ऐन नियमको अधिनमा रही राजस्व बक्यौतालाई शीघ्र राफसाफ गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

१०७. **बैकिङ्ग कारोबार** – बजेट वक्तव्य २०६६।६७ मा राजस्व सम्बन्धी कारोबार गर्न स्वीकृत प्राप्त बैङ्कहरुमध्ये प्राविधिकरुपले सक्षम बैङ्कहरुका जुनसुकै शाखाबाट पनि राजस्व बुझाउन पाउने व्यवस्था गर्ने उल्लेख छ । आन्तरिक राजस्व विभागले ई–कारोबारको लागि सफ्टवेयर विकास गरेको भए तापनि बैंकिङ्ग प्रणालीसँगै समायोजन हुने गरी प्रणाली विकास गर्न सकेको छैन । खास गरी बैंकिङ्ग कारोबारमा शुद्धता आउन नसकेको तथा शाखा कार्यालयबाटै राजस्व दाखिला कार्य हुनसकेको छैन । उक्त बैंकिङ्ग प्रणाली लागू गर्ने परिपाटी बसाल्न विशेष प्रयास हुनुपर्दछ ।

१०८. **भन्सार सुधार योजना** – भन्सार सुधार कार्ययोजना (दोस्रो चरण), २०६३ मा भन्सार मूल्याङ्कन, भन्सार प्रक्रिया सरलीकरण, भन्सार स्वचालन, आधुनिकीकरण तथा जोखिम व्यवस्थापन, भौतिक संरचना सुधार, भन्सार स्वच्छता र प्रशासनिक विकास गर्ने कार्यक्रमहरु उल्लेख गरिएको छ । सो कार्यक्रम अन्तर्गत वास्तविक कारोबारमा आधारित मूल्याङ्कन प्रणालीका लागि ऐनमा संशोधन भएको, भन्सार प्रक्रिया सरलीकरणका लागि ग्रिन, यलो र रेड च्यानल स्थापना गरिएको, आशिकुडा प्रणालीबाट जोखिम निर्धारण गर्ने छनौट प्रणाली लागू भएको, भौतिक संरचना विकासमा सुख्खा बन्दरगाह तथा नयाँ भवन निर्माण गर्ने, भन्सार स्वच्छता र प्रशासनिक विकास अन्तर्गत सदाचार पद्धति लागू भएको छ । उक्त कार्यलाई निरन्तरता दिन जरुरी देखिएको छ ।

१०९. **न्यून बीजकीकरण** – भन्सार नियमावली, २०६४ को नियम २९ मा न्यून बीजकीकरण भई आएका सामान महानिर्देशकको स्वीकृत लिई भन्सार कार्यालयहरुले घोषणा मूल्यमा ५ प्रतिशत थप गरी खरिद गर्नसक्ने व्यवस्था भएबमोजिम २०६६।६७ मा वीरगन्ज भन्सार कार्यालयले २९ सवारीसाधान रु.१ करोड ५ लाख ९२ हजारमा खरिद गरेको छ । न्यूनबीजकीकरण भएको यस्ता कारोबारमा ऐन नियमको व्यवस्था पालना गर्नेतर्फ थप प्रयास हुनु आवश्यक छ ।

११०. **जाँचपास परीक्षण** – बजेट वक्तव्य २०६६।६७ मा भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गरी कार्यसञ्चालन गर्ने उल्लेख भएबमोजिम कार्यालय स्थापना भएको छ । मुख्य भन्सार कार्यालयसँग भन्सार विभागको सूचना सञ्जाल स्थापना भए पनि भन्सार कार्यालयहरुसँग यो कार्यालयको प्रत्यक्ष सूचना सञ्जाल स्थापना भएको नदेखिएकोले सूचना सञ्जाल निर्माण गर्नुपर्दछ ।

१११. **सूचना सञ्जाल –** बजेट वक्तव्य २०६६।६७ मा कर प्रशासनलाई प्रभावकारी बनाउन विद्युतीय प्रणालीमा रुपान्तरण गर्ने, राजस्व चुहावट नियन्त्रण प्रभावकारी बनाउन वैज्ञानिक सूचना प्रणालीमा आधारित अनुसन्धान प्रक्रिया अवलम्बन गर्ने, भन्सार जाँचपास प्रणालीमा सूचना प्रणालीको अवलम्बनद्वारा सहज र पारदर्शी कार्यप्रणालीको विकास गरी व्यापार सहजीकरणमा जोड दिने उल्लेख छ । कर प्रशासनमा ई–फाईलिङ्ग, ई–टिडिएस, ई–प्यान जस्ता प्रविधिको प्रयोग गरेको पाइन्छ भने राजस्व लेखाङ्कनको लागि राजस्व लेखा प्रणाली सफ्टवेयर प्रयोग गरी सूचना प्रविधिको उपयोग गरेको पाइन्छ । त्यस्तै भन्सार प्रशासनमा आयात तथा निर्यात हुने मालवस्तुको अटोमेटेड सिष्टम (आशिकुडा) प्रयोग भएको छ । तर भन्सार विभाग, कार्यालय, आन्तरिक राजस्व विभाग, कार्यालय, राजस्व अनुसन्धान विभागबीच कम्प्युटर

सञ्जाल निर्माण गरी सूचना, विवरण वा जानकारी आदान प्रदान गरी राजस्व चुहावट नियन्त्रण गर्ने कार्य प्रभावकारी रुपमा सञ्चालन गर्न सूचना सञ्जाल निर्माण गरी कर प्रशासनमा उपयोग गर्ने व्यवस्था गर्नुपर्दछ ।

११२. **गैर कर राजस्व** – गैर कर राजस्व दर निर्धारण निश्चित सिद्धान्त तथा नीति उपलब्ध गराउने सेवा वा वस्तुको प्रकृति, गुणस्तरीयताको आधारमा तय गरिनुपर्दछ । आम नागरिकलाई राज्यले दिनुपर्ने आधारभूत सेवा, नागरिकता, बसाइसराई, परीक्षा दस्तुर जस्ता विषय बाहेक अन्य विषयहरुमा लागत उठाउने गरी शुल्क वा दस्तुर लिने व्यवस्था हुनुपर्दछ । जग्गाको वर्गीकरण अबल, दोयम, सिम, चाहरको रुपमा भइरहेकोमा उपयोगको आधारमा वर्गीकरण गरी मूल्याङ्कन गर्न उपयुक्त देखिन्छ । गैर कर राजस्वको दर निर्धारण गर्दा लागत असुलीको सिद्धान्त, आधारभूत तथा अत्यावश्यक वस्तु वा सेवा, लगानीमा पर्ने प्रभाव, मुद्रास्फिति दर जस्ता विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

११३. **प्रशासनिक सुधार** – राजस्व परिचालनमा प्रभावकारीता ल्याउन संरचनात्मक सुधार गरी कर प्रशासनलाई सरल, पारदर्शी र स्वच्छ बनाउन समय समयमा प्रशासनिक सुधार आवश्यक पर्दछ । बजेट वक्तव्य २०६६।६७ मा कार्यबोझको अनुपातमा आन्तरिक राजस्व कार्यालयको संरचनामा समयानुकूल परिवर्तन, राजस्व प्रशासन र ऐन नियम लगायतका विषयमा निरन्तर अनुसन्धान गरी अल्पकालीन, मध्यकालीन एवं दीर्घकालीन राजस्व नीति निर्धारण, भन्सार कार्यालयहरुको भौतिक सुविधामा विस्तार जस्ता कार्यहरु गरिने उल्लेख छ । हाल राजस्व प्रशासन अन्तर्गत अर्थ मन्त्रालय मातहत आन्तरिक राजस्व विभाग र कार्यालय २३, भन्सार विभाग र कार्यालय ३१, राजस्व अनुसन्धान विभाग, राजस्व प्रशासन तालिम केन्द्र रहेका छन् । ती कार्यालयहरुको संरचनात्मक सुधारका लागि व्यवस्थापन र सर्भेक्षण गरेको भए तापनि कार्यान्वयन हुन बाँकी नै छ । राजस्व सङ्कलन गर्ने कार्यालयहरुमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भएकोले निश्चय नै राजस्व असुली मात्रात्मक रुपमा वृद्धि भए पनि सोको प्रभाव मूल्याङ्कन भएको पाइएन । प्रशासनिक दृष्टिकोणले सम्भाव्य करदाता र कर्मचारी अनुपात यकिन गरी संरचनागत वैज्ञानिक व्यवस्थापन गर्ने कार्यमा पनि पूर्णता भएको देखिँदैन । यस सम्बन्धमा सुधारका क्षेत्रहरु पहिचान गर्दै सोबमोजिम नीतिगत व्यवस्था गर्नुपर्दछ ।

राजस्व प्रशासन प्राविधिक र व्यवस्थापकीय प्रकृतिको कार्य भएकोले यस समूहमा कार्यरत कर्मचारीहरुमा पेशागत दक्षता र सीपको आवश्यकता पर्दछ । नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूहमा राजपत्राङ्कित द्वितीय श्रेणीसम्म रहने व्यवस्था छ । कतिपय राजस्व एवं भन्सार कार्यालयमा राजपत्राङ्कित प्रथम तहको कार्यालय प्रमुख रहने व्यवस्था छ । राजस्व प्रशासनलाई प्रभावकारी र नेतृत्वदायी बनाउन राजस्व व्यवस्थापन प्रशासनिक एवं व्यवस्थापकीय र प्राविधिक विषयको ज्ञान र अनुभव भएका कर्मचारीहरुलाई पदस्थापना गर्ने गरी व्यवस्थापन गर्न उपयुक्त देखिन्छ । साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिने व्यवस्थाको प्रभावकारिता सम्बन्धमा समय समयमा पुनरावलोकन गरिनुपर्दछ ।

संगठित संस्था, समिति तथा अन्य संस्थातर्फ

नेपाल राष्ट्र बैङ्क

अर्थतन्त्रको दिगो विकास, मूल्य स्थिरता कायम र शोधनान्तर सुदृढीकरण गर्न आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गर्ने, बैंकिङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व र आवश्यक तरलतालाई प्रवर्द्धन गर्ने, सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने, बैंकिङ्ग तथा वित्तीय प्रणालीको नियमन गर्ने र मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत २०१३ मा स्थापना भई हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कको २०६६।६७ को अन्तिम लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न छन्:

११४. **सञ्चालन नतिजा** – गत वर्ष रु.१३ अर्ब ३ करोड ३९ लाख ६१ हजार खुद नाफा भएकोमा यो वर्ष रु.४ अर्ब ८५ करोड ९३ लाख ८३ हजार नोक्सान भएको छ । सञ्चालन नोक्सान भए तापनि विदेशी मुद्रा विनिमय दरमा भएको परिवर्तनबाट रु.९ अर्ब १८ करोड ९७ लाख ५४ हजार र धितोपत्र पूनर्मूल्याङ्कनबाट रु.५२ करोड ६७ हजार समेत रु.९ अर्ब ७० करोड ९८ लाख २१ हजार नाफा भएको छ । सो नाफाबाट

यो वर्षको सञ्चालन नोक्सान रु.४ अर्ब ८५ करोड ९३ लाख ८३ हजार, सुनचाँदी पूनर्मूल्याङ्कन कोषमा ट्रान्सफर रु.८८ करोड ६६ लाख ७५ हजार र सुन प्रतिस्थापन कोषमा ट्रान्सफर रु.४ करोड ४० लाख ८२ हजार घटाई रु.३ अर्ब ९१ करोड ९६ लाख ८१ हजारलाई विभिन्न ५ कोषमा समायोजन गरी बाँकी रहेको रु.३ अर्ब ११ करोड नेपाल सरकारलाई तिर्नुपर्ने गरी बाँडफाँड गरेको छ ।

११५. **ऐनको पालना –** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ का प्रावधानहरुको पालना स्थिति निम्न छन् :

११५.१. विभिन्न वित्तीय तथा अन्य संगठित संस्थाहरुका चुक्ता शेयर पूँजीको दश प्रतिशतभन्दा बढी शेयर लगानी रकमलाई ऐनको परिधिभित्र ल्याएको छैन । मौद्रिक नीति, २०६० बमोजिम प्राथमिकता प्राप्त क्षेत्रमा लगानी (वित्तीय संस्थाहरुमा दीर्घकालीन लगानी) गर्ने उद्देश्यले स्थापित ग्रामीण स्वावलम्बन कोषमा विगत वर्षदेखि बीउपूँजीको रुपमा लगानी गरेको रु.२५ करोड ३४ लाख यथावत रहेको छ ।

११५.२. ऐनको दफा ७५(७) बमोजिम नेपाल सरकारबाट खरिद गरी आफ्नो स्वामित्वमा लिएको ऋणपत्रको कुल रकम अघिल्लो आर्थिक वर्षको राजस्व आयको १० प्रतिशतभन्दा बढी हुन नहुनेमा नेपाल सरकारबाट जारी ऋणपत्रमा गरेको लगानीको विस्तृत विवरण प्राप्त नभएका कारण सो अनुपात यकिन गर्न सकिएन ।

११५.३. नेपाल सरकारलाई प्रवाह गरेको अधिविकर्ष रु.१६ अर्ब ७१ करोड १४ लाख ९२ हजार अघिल्लो आर्थिक वर्षको राजस्व आय रु.१ खर्ब ४३ अर्ब ४७ करोड ४४ लाख ८९ हजारको ५ प्रतिशतभन्दा बढी छ । यसरी प्रवाह गरेको अधिविकर्ष ऐनले तोकेको सीमाभन्दा ६.६ प्रतिशतले बढी रहेको छ । अधिविकर्ष रकम महालेखा नियन्त्रक कार्यालयबाट समर्थन हुन समेत बाँकी रहेको छ ।

११५.४. खूद नाफाको गणना तथा सोको विभिन्न जगेडा कोषहरुमा गरिएको वाँडफाँड नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४१ तथा ४२ का व्यवस्था अनुरुप छैनन् ।

११६. **लेखामान पालना –** अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान र अन्तर्राष्ट्रिय लेखामानको पालनाको स्थिति निम्न छन्:

११६.१. आर्जित ब्याजको लेखाङ्कन गर्दा लिनुपर्ने ब्याजको क्षय परीक्षण गर्ने गरेको छैन ।

११६.२. नेपाल सरकारसँग भएको सहायक ऋण सम्झौताबमोजिम नेपाल राष्ट्र बैङ्कले ऋण प्राप्त गरी नेपाल बैङ्क लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैङ्कलाई प्रदान गरेको कर्जा क्रमशः रु.१ अर्ब ८३ करोड ८० लाख ७० हजार र रु.२ अर्ब ४३ करोड ४ लाख ५३ हजार तथा अन्तर्राष्ट्रिय विकास संस्थालाई भुक्तानी दिन बाँकी कमिटमेन्ट सेवा शुल्क अमेरिकी डलर ८ लाख ६९ हजारलाई वित्तीय विवरणमा सम्पत्ति तथा दायित्व र खर्चको रुपमा समावेश गरेको छैन ।

११६.३. लघुवित्त विभागबाट सञ्चालित सामुदायिक भूमिगत जल सिचाई सेक्टर आयोजना र प्राथमिक क्षेत्र विकास समिति आयोजनाको आर्थिक कारोबार नेपाल राष्ट्र बैङ्कको वित्तीय विवरणमा समावेश गरेको छैन ।

अघिल्लो आर्थिक वर्षको खूद खर्च रु.८ करोड ७७ लाख ३० हजारलाई लेखामानबमोजिम अघिल्लो आर्थिक वर्षको तुलनात्मक विवरणमा पुनर्स्थापित (रिस्टेट) नगरी यो वर्षको आय व्यय विवरणमा देखाएको छ ।

११६.४. स्वामित्व, अवस्थिति, अनुमानित उपयोगिता, क्षति एवं ह्रास कट्टीको आधारमा स्थिर सम्पतिको पहिचान गरेको छैन । लेखामान अनुसार वित्तीय विवरणमा खुलाउनुपर्ने स्थिर सम्पत्तिसम्बन्धी व्यवस्थाहरुको पालना पूर्णरुपमा भएको छैन ।

प्रत्येक जग्गाको मूल्य सहित विवरण तथा स्वामित्व पूर्जा/जग्गाधनीपुर्जा उपलब्ध भएन । विगत वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको निर्माणाधीन पूँजीगत सम्पत्ति अन्तर्गत देखाएको रु.३३ लाख ६६ हजारको विवरण उपलब्ध नभएकोले निर्माणाधीन सम्पत्ति तथा भवन हिसाब अन्तर्गत ह्रास खर्च पछिको बाँकी मूल्य रु.१३ लाख ९० हजारको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

जनकपुर स्थित १ विगाहा १५ कट्ठा ७ धुर जग्गाको तिरोबापत सुरु देखिको गुठी संस्थानलाई भुक्तानी दिन बाँकी रकम यकिन गरी खर्चको व्यवस्था गरेको छैन ।

भौतिक परीक्षण गर्दा हराएका/कमी देखिएका स्थिर सम्पत्तिको रकमलाई वित्तीय विवरणबाट हटाएको छैन । यस्ता सम्पत्तिहरुको बाँकी मूल्य यकिन पनि गरेको छैन ।

११६.५. एक्चुरियल भ्यालुएसन प्रतिवेदन अनुसार कायम भएको रकमभन्दा उपदान तथा पेन्सनमा रु.२ अर्ब ३२ करोड ८७ लाख ४५ हजार र कर्मचारी सुरक्षण कोषमा रु.२५ करोड ७ लाख ८ हजारले कम व्यवस्था गरेको छ । औषधिउपचार कोषबापतको दायित्व व्यवस्था एक्चुरियलको मूल्याङ्कनबाट नगराई पूर्वनिर्धारित आधारहरुमा गरेकोले व्यवस्थाको पर्याप्तता यकिन गर्न सकिएन ।

११६.६. विभिन्न सेमिनार, तालिम तथा कार्यक्रम, भ्रमण, अध्ययन आदिमा बैङ्कका कर्मचारीहरु भाग लिन जाँदा लाग्ने वार्षिक खर्चको व्यवस्था गरेको छैन । प्राथमिक ऋणपत्र जारी गर्दाको दलाल कमिशन नेपाल सरकारसँग दाबी गरी लेखाङ्कन गरेको छैन । उक्त व्यहोरा लेखासम्बन्धी टिप्पणीहरुमा सम्भावित सम्पत्ति अन्तर्गत उल्लेख गरेको पनि छैन ।

११६.७. चलन चल्तीमा नआएको मौज्दात व्यवस्थाबापत २०६१।६२ देखि खर्च सर्दै आएको रु.८७ लाख १६ हजारको विस्तृत विवरण पेश नभएकोले सोको यथार्थता यकिन गर्न सकिएन ।

११६.८. प्रतितपत्रबापतको संभावित दायित्व (नेपाल सरकारलाई अनुदानबाट सञ्चालित आयोजनाहरुको निमित्त खोलिएको प्रतितपत्र र प्रतितपत्र मार्जिन बाहेक) रु.१ अर्ब ९६ करोड ९३ लाख ६२ हजारको लेखा टिप्पणीमा खुलाएको छैन ।

११६.९. कर्मचारीहरुलाई प्रदान गरेको विभिन्न कर्जा रु.२ अर्ब ७३ करोड ८९ लाख ६४ हजारलाई अन्तर्राष्ट्रिय लेखामानबमोजिम मापन गरी लेखाङ्कन तथा वित्तीय विवरणमा प्रस्तुतिकरण गरेको छैन । यसको असर समेत यकिन गर्न सकिएन ।

११६.१०. सरकारी ट्रेजरी बिल रु.२९ अर्ब ९२ करोड ६४ लाख ८९ हजारलाई प्रारम्भिक कर्जामा वर्गीकरण गरेको छ । तर लेखामानबमोजिम प्रभावकारी ब्याजदर विधि अपनाई परिशोधन लागतमा उक्त लगानीलाई लेखाङ्कन गरेको छैन । वैदेशिक ट्रेजरी बिल्समा भएको लगानीलाई भुक्तानी मितिसम्म धारण गर्ने लगानीमा वर्गीकरण गरेको छ भने सरकारी ट्रेजरी बिल्समा गरिएको लगानीलाई प्रारम्भिक कर्जा मानी वर्गीकरण गरेकोले वर्गीकरणमा एकरुपता देखिएन ।

११६.११. स्वदेशी बचतपत्रमा भएको लगानी तथा वित्तीय तथा अन्य संस्थाहरुमा गरेको लगानी रु.३८ करोड ६० लाख ८५ हजारलाई बिक्रीको लागि उपलब्ध (हेल्ड फर सेल) अन्तर्गत वर्गीकरण गरे तापनि लेखामानबमोजिमको मूल्याङ्कित रकममा लेखाङ्कन गरेको छैन ।

११६.१२. अन्तर्राष्ट्रिय लेखामान– ३९ को वर्गीकृत मापन अन्तर्गत परेको वित्तीय उपकरण तथा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान–७ बमोजिम संस्थाको निमित्त वित्तीय उपकरणको महत्व, सोको प्रकृति तथा सोबाट हुनसक्ने जोखिम उल्लेख गर्नुपर्नेमा सो व्यहोराको पूर्णरुपमा पालना भएको छैन ।

११७. **हिसाब फरक –** लेखा र राष्ट्र ऋण विभागको अभिलेखले देखाएको सरकारी ऋण पत्रको साँवा र ब्याज रकममा रु.५ करोड ९ लाख १६ हजार फरक परेको छ । लेखा र राष्ट्र ऋण विभागको अभिलेखले देखाएको सरकारी ट्रेजरी बिल्स र सरकारी बचतपत्र लगानीमा रु.६० करोड ४ लाख ८७ हजार फरक परेको छ । परिमाणस्वरुप करिब रु.१४ लाख ६४ हजारले ब्याज आम्दानी बढी लेखाङ्कन भएको देखिन्छ ।

११८. **प्रोत्साहन कोष –** कर्मचारी प्रोत्साहनबापत तलबको १२ प्रतिशतका दरले लेखाङ्कन भएको खर्च रु.४ करोड २८ लाख ६७ हजारको अलावा प्रोत्साहनस्वरुप कर्मचारी कल्याणकारी सञ्चयकोषमा जम्मा गर्न रु.२० करोड एकमुष्ट व्यवस्था गरेको छ ।

११९. **अभिलेख** – २०५४।५५ देखि २०६६।६७ सम्म दाबी नपरी विविध आम्दानीमा सारेको रु.९ करोड ९८ लाख ४३ हजारलाई संभावित दायित्व अन्तर्गत देखाएको छ । उक्त रकममध्ये २०६६।६७ मा आम्दानी जनाएको रु.४२ लाख ५७ हजारको वाहेक अघिल्लो वर्षहरुको विस्तृत अभिलेख राखेको छैन ।

१२०. **हिसाब भिडान** – जनरल खातामा रहेको रु.६६ करोड ८५ लाख ७३ हजारले अन्तर शाखा कारोबार हिसाबलाई जनाउँदछ । उपरोक्त मौज्दात पहिचान भइसकेको तर हिसाब मिलान हुन बाँकी रु.७७ करोड ६९ लाख १५ हजार र पहिचान हुन नसकी हिसाब मिलान हुन बाँकी रु.१० करोड ८३ लाख ४२ हजारको खुद मौज्दात रहेको छ । केही शाखाहरुको अन्तर शाखा हिसाब डेविट हुनुपर्नेमा क्रेडिट र क्रेडिट हुनुपर्नेमा डेविट समेत रहेको देखिएको छ । हिसाब मिलानको लागि पहिचान भएको तर हिसाब मिलान हुन बाँकी रु.७७ करोड ६९ लाख १५ हजार लेखासँग भिडान भएपनि शाखागतरुपमा उक्त रकम लेखाको अभिलेखसँग भिडान भएको छैन ।

१२१. **ऋणात्मक नगद** – काठमाडौं बैंकिङ्ग कार्यालय अन्तर्गत विभिन्न मितिहरुमा रु.२४ करोड ४ लाख ८२ हजारसम्म नगद मौज्दात ऋणात्मक देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली फितलो रहेको देखिन्छ । नगद मौज्दात ऋणात्मक हुनु प्रचलित लेखा सिद्धान्तअनुरुप छैन ।

१२२. **सरकारी ऋणपत्र** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

१२२.१. ब्रिटन उड्स सम्झौता ऐन, २०१८ को दफा ६ बमोजिम नेपाल सरकारले अन्तर्राष्ट्रिय मूद्रा कोषलाई उपलब्ध गराउनुपर्ने रकम बैङ्कले भुक्तानी गरेबापत नेपाल सरकारले नेपाल बैङ्कको नाममा रु.५ अर्ब २० करोड ७ लाख ४६ हजार निर्व्याजी सरकारी ऋणपत्र जारी गरेको छ । नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७५(४) बमोजिम बैङ्कले नेपाल सरकार तथा नेपाल सरकारको तर्फबाट निर्व्याजी ऋण दिन मिल्ने देखिएन ।

१२२.२. सरकारी ऋणपत्रको भुक्तानी अवधि (५ वर्ष) समाप्त भैसकेपछि सोको भुक्तानी प्राप्त नगरी अर्थ मन्त्रालयको पत्रबमोजिम प्रत्येक पटक थप ५ वर्षको निमित्त नवीकरण गर्ने गरेको छ ।

१२२.३. लेखाको अभिलेख र राष्ट्र ऋण विभागको अभिलेखमा सरकारी ऋण पत्रको साँवा र ब्याजमा रु.५ करोड ९ लाख १६ हजार फरक देखिएको छ ।

१२२.४. बैङ्कले नेपाल सरकारबाट शोधभर्ना प्राप्त गर्ने गरी निजामती कर्मचारी, नेपाली सेना तथा सरकारी शिक्षकहरुको पेन्सनबापत भुक्तानी गरी विविध आसामीमा देखाएको रु.१७ करोड ५९ लाख ६६ हजार सहित २०६७ आषाढसम्मको बाँकी रु.३२ करोड १७ लाख ५० हजार लामो समयदेखि बक्यौता रहेको छ ।

१२३. **सिक्का मौज्दात** – मुद्रा व्यवस्थापन विभाग अन्तर्गत रहेको भल्ट रजिष्टरबमोजिम रु.१० को सिक्का, डवल र मोहर मौज्दात रु.२ करोड २४ लाख ६६ हजार २०५९।६० देखि जिम्मेवारी सार्दै आएको छ । सोको भौतिक परीक्षण नगरेको साथै भल्ट रजिष्टरमा परिमाण पनि उल्लेख नगरेकोले भौतिकरुपमा उक्त सिक्का मौज्दात रहेको/नरहेको यकिन गर्न सकिएन ।

१२४. **मुद्रा परिचालन** – मुख्य सन्तुलन परीक्षण र नोट कोषको अभिलेखले देखाएको मुद्रा परिचालन रु.५७ लाख ५८ हजार फरक परेको छ ।

नोट कोषको सन्तुलन परीक्षण अनुसार खोटो नोट मौज्दात रु.३ करोड ४८ लाख २६ हजार देखिएको छ । सोको आयू तथा विवरण पेश भएन । उक्त नोटबापत सम्बन्धित पार्टीसँग दाबी गरे/नगरेको यकिन गर्न सकिएन ।

नोट कोषको अन्तर कार्यालय कारोबार हिसाबमा वर्षान्तसम्म शून्य मौज्दात हुनुपर्नेमा गत वर्षको अन्तमा रु.४ करोड ३५ लाख ८७ हजार रहेकोमा यस वर्षको अन्तमा रु.३१ करोड ४४ लाख क्रेडिट मौज्दात रहेको छ ।

१२५. **सुन तथा चाँदी समिकरण कोष** – कर्मज बैङ्कमा रहेका १४५६ किलो सुनको घटबढ मूल्यलाई सुनचाँदी समिकरण कोष हिसाबमा समायोजन गरी यस वर्षमा रु.८८ करोड ६६ लाख ७५ हजार वृद्धि भएको देखाएको छ । बैङ्कले उक्त सुनबापतको ब्याज सुनकै रुपमा प्राप्त गर्ने बिकल्पबारे पहल गर्नुपर्ने देखिन्छ ।

१२६. **सटही समिकरण कोष** – मौज्दात विदेशी मुद्रा, नगद, एजेन्सी बैङ्कहरुमा रहेको मौज्दात र विदेशी मुद्रामा रहेको निक्षेप मौज्दातलाई वर्षान्तको दिन तोकिएको विनिमय दर अनुसार गणना गरी फरक पर्न आएको रकमलाई सटही समिकरण कोष हिसाबमा समायोजन गर्ने गरेको छ । विदेशी विनिमयको कारोबारबाट भएको वास्तविक आय/नोक्सानी तथा पूनर्मूल्याङ्कनबाट हुने अवास्तविक आय व्यय लाई नछुट्याई दुबै प्रकारको आय/नोक्सानीलाई सीधै सटही समिकरण कोषमा सार्ने चलन रहेको छ । कारोबारबाट हुने वास्तविक आय/नोक्सानीलाई सीधै आय व्यय हिसाबमा र पूनर्मूल्याङ्कनबाट भएको अवास्तविक आय/नोक्सानीलाई मात्र सटही समिकरण कोषमा समायोजन गर्नुपर्ने देखिन्छ ।

१२७. **आयकर र मूल्य अभिवृद्धि कर** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१२७.१. कर्मचारीहरुले पारिश्रमिकको वार्षिक अनुमानित आम्दानीलाई १० मासिक किस्ता गरी अग्रिम कर कट्टी गर्ने गरेको छ । कर्मचारीहरुलाई प्रदान गरिने सञ्चितबिदा, औषधिउपचार खर्च र सुरक्षण कोषबापतको भुक्तानीलाई वार्षिक आम्दानीमा समावेश नगरी सोको भुक्तानीमा १५ प्रतिशतले अग्रिम कर कट्टी गर्ने गरेको छ ।

१२७.२. कर्मचारीहरुलाई प्रदान गरेको कर्जा तथा सापटीमा कायम भएको ब्याजदर र प्रचलित ब्याजदरको अन्तर यकिन गरी आयकर ऐन, २०५८ मा व्यवस्था भएअनुसार सो अन्तर रकम आयमा समावेश गरेको छैन ।

१२७.३. आर्थिक ऐन, २०६६ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा गरेको संशोधनमा नेपाल राज्य बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट नेपाल राज्यभित्र सेवा प्राप्त गर्ने व्यक्तिले सेवाको भुक्तानीमा मूल्य अभिवृद्धि कर निर्धारण गरी असुलउपर गर्ने र आयकर ऐन, २०५८ को दफा ८९ अनुसार त्यस्तो सेवाबापतको रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्नेमा काठमाण्डौ बैंकिङ्ग कार्यालयले स्विफ्ट सेवा शूल्कबापत रु.२९ लाख ३५ हजार भुक्तानी गरेकोमा सोको मूल्य अभिवृद्धि कर निर्धारण गरी असुलउपर नगरेको र अग्रिम कर कट्टी गरेको पाइएन । स्विफ्ट चार्ज सम्बन्धी सम्झौता समेत परीक्षणको लागि उपलब्ध हुनसकेन ।

१२७.४. गैर आवासीय व्यक्तिबाट नोट छपाई गरी भुक्तानी गर्दा सेवा वा सम्झौताअनुरुप अग्रिम कर कट्टी गर्नुपर्ने नपर्ने सम्बन्धमा पूर्वादेशको अनुरोध गरेकोमा आन्तरिक राजस्व विभागले २०६५।१२।१७ मा यस्ता नोट छपाईको भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने पूर्वादेश गरेको भए तापनि मुद्रा व्यवस्थापन विभागले त्यस्तो भुक्तानीमा अग्रिम कर कट्टी गर्ने गरेको छैन । यो वर्ष दुई विदेशी कम्पनीलाई भुक्तानी गरेको रु.१४ करोड ५२ लाख ८७ हजारमा रु.१ करोड २३ लाख ६४ हजार कर कट्टी गरेको देखिएन ।

१२८. **विमान चार्टर** – काठमाडौं बैंकिङ्ग कार्यालयले कोलकता/मुम्बईदेखि काठमाडौंसम्म भारतीय रुपैंया ल्याउन नेपाल वायुसेवा निगमको जहाज चार्टर गरी रु.६९ लाख १८ हजार भुक्तानी गरेको छ । नेपाल वायुसेवा निगमबाट १९९६।१।१४ मा प्राप्त पत्रको आधारमा २००८।९।१२ सम्म भाडा दर कायम रहेकोमा नयाँ भाडादर २००८।९।२३ देखि लागू गरेको छ । नयाँ दर गभर्नरबाट २०६५।७।२० मा स्वीकृत भए तापनि सम्झौता गरेको पाइएन । अन्य वायुसेवा कम्पनीसँग हवाई भाडा दर लिई प्रतिस्पर्धा गराएको पनि छैन ।

१२९. **आन्तरिक लेखापरीक्षण तथा सूपरीवेक्षण** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१२९.१. आन्तरिक लेखापरीक्षण विभागका कर्मचारीहरुको अन्य कर्मचारी सरह सरुवा र बढुवा हुने गरेको छ । आन्तरिक लेखापरीक्षण विभाग पूर्णरुपले लेखापरीक्षण कमिटिप्रति मात्र उदारदायि बनाउनुपर्ने देखिएको छ ।

१२९.२. गत वर्ष बाह्य लेखापरीक्षणबाट सुधार गर्न ध्यानाकर्षण गराएको विषयका सम्बन्धमा अनुगमन गरे बाहेक अन्तर्राष्ट्रिय लेखापरीक्षण मान एवं अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमा उल्लेखित प्रावधान अनुरुप पालना सम्बन्धी अनुगमनमा कमी रहेको देखियो । समयमै आवधिक वित्तीय विवरणहरु तयार पार्ने तथा

प्रस्तुतिकरणमा सहयोग पुग्ने गरी लेखा प्रशासनको अनुगमनमा आन्तरिक लेखापरीक्षणले पर्याप्त ध्यान पुऱ्याउन सकेको देखिएन ।

१२९.३. उच्च वित्तीय जोखिमयुक्त क्षेत्रहरुको यकिन गरी जोखिम विश्लेषण गर्ने गरेको देखिएन ।

१२९.४. आन्तरिक लेखापरीक्षण विभाग अन्तर्गत कार्यरत केही कर्मचारीहरुको शैक्षिक योग्यता लेखापरीक्षण कार्यसँग मिल्ने देखिएन । उक्त विभागमा कार्यरत कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय आन्तरिक लेखापरीक्षण, अन्तर्राष्ट्रिय लेखापरीक्षण मान तथा अन्तर्राष्ट्रिय विभिन्न प्रतिवेदन सम्बन्धमा अनवरत पेशागत शिक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१२९.५. बैङ्कबाट ईजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थाहरुको स्थलगत सुपरिवेक्षण टोलीमा सूचना प्रविधि सम्बन्धी समीक्षा एवं अवलोकन गर्न सक्षम जनशक्तिको अभाव रहेको छ । यसले गर्दा त्यस्ता बैङ्क तथा वित्तीय संस्थाहरुको सूचना प्रविधिको समीक्षा एवं अवलोकन व्यापकरुपमा हुने गरेको पाइएन ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड

बैंकिङ्ग सुबिधा उपलब्ध गराई आर्थिक स्थिति सुदृढ गरी देशमा आर्थिक उन्नति गर्ने, उद्योग व्यवसायलाई दिगो सेवा दिएर अगाडि बढ्न प्रोत्साहन गर्ने र निष्क्रिय पूँजीलाई सक्रिय बनाउने उद्देश्यका साथ २०२२ सालमा स्थापना भई हाल बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस बैङ्कको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१३०. **सञ्चालन नतिजा** – गतवर्षसम्मको सञ्चित नोक्सान रु.१५ अर्ब ६२ करोड ६८ लाख रहेकोमा यो वर्ष रु.१५ अर्ब ३२ करोड ३१ लाख रहेको छ ।

गत वर्षको तुलनामा यो वर्ष सञ्चालन मुनाफामा १५.०३ प्रतिशतले वृद्धि भएपनि खुद नाफामा ४ प्रतिशतले कमी आएको छ ।

१३१. **कर्जा** – गत वर्षसम्म कर्जा सापट र बिल्स खरिद रु.३१ अर्ब ६० करोड ६७ लाख रहेकोमा यो वर्ष १२.९३ प्रतिशत वृद्धि भई रु.३५ अर्ब ६९ करोड २५ लाख पुगेको छ ।

गत वर्षको तुलनामा कर्जामा १२.९३ प्रतिशतले वृद्धि भएपनि निस्क्रिय सम्पत्तिमा कमी आउनु उत्साहजनक देखिन्छ । निष्क्रिय सम्पत्तिको अनुपात अझै करिब १० प्रतिशत रहिरहनु बैङ्कको हितमा देखिँदैन । खराब कर्जा रु.३५ करोड ५२ लाखको अपलेखन गरेको कारण यो वर्ष सो कर्जामा कमी भएको छ । निस्क्रिय सम्पत्ति बैंकिङ्ग क्षेत्रको सरदर अनुपातमा ल्याउनका लागि खराब कर्जाको असुली तथा प्रभावकारी नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

१३२. **क्षेत्रगत कर्जा** – क्षेत्रगत कर्जा अन्तर्गत लगानी गरेको रु.३५ अर्ब ६९ करोडमध्ये उच्चजोखिम रहेका उपभोक्ता कर्जा २८.८६ प्रतिशत, हाइपोथिकेशन कर्जा २६.१८ प्रतिशत र अधिविकर्ष कर्जा १६.०७ प्रतिशत रहेको छ । कम जोखिम भएका सरकारी धितोपत्र, मुद्धती रसिदको धितोमा गएको कर्जा र परियोजना कर्जाको अनुपात कम रहेको देखिन्छ । प्राथमिकता प्राप्त कर्जा (साना उद्यम कर्जा) मा पनि निस्क्रिय कर्जाको अनुपात अत्यधिक रहेको छ ।

१३३. **ब्याज असुली –** गत वर्ष असुल गर्न बाँकी ब्याज रु.१७ अर्ब ८८ करोड रहेकोमा यो वर्ष रु.१५ अर्ब २३ करोड (कर्जाको ४२.६७ प्रतिशत) रहेको छ ।

शाखा तथा केन्द्रीय कार्यालयमा समेत लेखाङ्कन गरेको ब्याज खर्च ब्याज तथा आम्दानी यथार्थ भए नभएको यकिन गर्न निक्षेप तथा कर्जा रकमसँग तुलना गर्ने प्रचलन नरहेकोले वित्तीय विवरणमा देखाएको ब्याज खर्च तथा ब्याज आम्दानीको यथार्थता मूल्याङ्कन गर्न सकिएन ।

१३४. **वासलात बाहिरको कारोबार** – वासलात बाहिरका कारोबार रु.४ अर्ब २० करोड रहेको विवरण पेश गरेको छ । संस्थाउपर दाबी परेका तर संस्थाले दायित्व स्वीकार नगरेका तथा अन्य सम्भावित दायित्वहरुको बारेमा लेखा सम्बन्धी टिप्पणीमा पर्याप्त खुलासा गरेको छैन ।

१३५. **शेयर लगानी –** बैङ्क तथा वित्तीय संस्थाले अर्को बैङ्क तथा वित्तीय संस्थाको धितोपत्रमा लगानी गर्न नपाउने र साविकमा लगानी भैराखेका शेयरहरु २०६२ आषाढ मसान्तसम्ममा बिक्री गरिसक्नुपर्नेमा सो म्यादभित्र उक्त कार्य हुनसकेको छैन । नेपाल इन्भेष्टमेण्ट बैङ्क लिमिटेड तथा नेपाल आवास विकास वित्त कम्पनी लिमिटेडमा लगानी गरेको शेयर रु.९ करोड ३७ लाख ४८ हजार बिक्री गर्न नेपाल राष्ट्र बैङ्कले तेस्रो पटक २०६८ आषाढसम्मको म्याद थप गरेको छ । यससम्बन्धमा कुनै प्रगति भएको पाइएन ।

१३६. **ऐन पालना** – बैङ्क तथा वित्तीय संस्था ऐन, २०६३ को दफा १२(२) मा नेपाल राष्ट्र बैङ्कको स्वीकृत विशेषज्ञ सूचीमा नाम रहेको व्यक्तिलाई सञ्चालक समितिमा नियुक्त गर्नुपर्ने, दफा ७ मा पूँजीको कम्तिमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्नुपर्ने र दफा ८२ मा दश वर्षदेखि चल्ति नभएका तथा यस ऐनबमोजिम हक दाबी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैङ्कमा पठाउनुपर्ने व्यवस्था छ । तर ऐनमा भएका यी व्यवस्थाहरुको पालना गरेको छैन ।

१३७. **न्यूनतम पूँजीकोष** – नेपाल राष्ट्र बैङ्कले 'क' वर्गको इजाजत प्राप्त संस्थाले कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष ६ प्रतिशत र पूँजीकोष १० प्रतिशत तोकेको छ । बैङ्कको पूँजीकोष ३०.०५ प्रतिशतले ऋणात्मक छ ।

पूँजी पर्याप्तता फ्रेमवर्क, २००७ तथा नेपाल राष्ट्र बैङ्कको निर्देशनमा कुनै एक संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा तोकिएको सीमाभन्दा बढी लगानी गरेको पाइएमा यसरी बढी लगानी भएको रकम बराबर पूँजीकोष गणना गर्दा प्राथमिक पूँजीबाट घटाई पूँजीकोष कायम गरिने उल्लेख छ । सञ्चितयोग्य अग्राधिकार शेयरमा लगानी गरेको रु.७८ करोड ७० लाख तथा एक बीमा कम्पनीको शेयरमा लगानी गरेको रु.१ करोड ५२ लाख र अर्को एक बीमा कम्पनीमा गरेको लगानी रु.२ करोड १० लाख ५० हजारलाई प्राथमिक पूँजीबाट घटाई पूँजीकोष तालिकामा प्रस्तुत गर्नुपर्नेमा गरेको छैन । नेपाल राष्ट्र बैङ्कलाई पेश गरेको विवरणमा प्राथमिक पूँजीकोषमा समावेश गरेको र आफ्नो वेभमा प्रकाशन गरेको तर लेखापरीक्षणका लागि पेश गरिएको वित्तीय विवरणमा भने प्राथमिक पूँजीबाट घटाई पूँजीकोष गणना गरेको छ ।

१३८. **कर्जा नोक्सानी** – नेपाल राष्ट्र बैङ्कको निर्देशिका अनुसार बढीमा एक वर्षसम्म भुक्तानी अवधि भएको चालू पूँजी कर्जालाईमात्र नवीकरण गर्दा असल कर्जामा समावेश गर्न सकिने र चालू पूँजी प्रकृतिका कर्जाहरुमा प्राप्त हुनुपर्ने ब्याज नियमित नभएको अवस्थामा त्यस्तो कर्जालाई ब्याज बक्यौता अवधिको आधारमा वर्गीकरण गर्नुपर्ने देखिन्छ । कर्जाको जोखिम नोक्सानी व्यवस्था कर्जा असुलीको स्थिति तथा अन्तिम म्यादको आधारमा गर्ने गरेको छ । बैङ्क अन्तर्गतका ४८ शाखाले पुनर्तालिकीकरण/पुनरसंरचना गरेका कर्जाहरुको सहमति पुन:र्सरचनाका शर्तहरु पालना नगरेको, ब्याजको किस्ता नबुझाएको तथा परियोजना बन्द भए तापनि नेपाल राष्ट्र बैङ्कले तोकेको उपरोक्त व्यवस्थाहरु विपरीत कर्जा वर्गीकरण गरी थप कर्जा जोखिम नोक्सानी व्यवस्था गरेको छैन । त्यस्ता कर्जाहरुमा रु.५६ करोड ४१ लाख ६४ हजार थप नोक्सानी व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१३९. **एकल ग्राहक तथा क्षेत्रगत कर्जा** – नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन अनुसार एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई कोषमा आधारित कर्जा सापट आफ्नो प्राथमिक पूँजीको बढीमा २५ प्रतिशतसम्म र प्रतितपत्र, जमानत, स्वीकार पत्र, बचनबद्धता जस्ता गैर कोषमा आधारित वासलात बाहिरका सुविधाहरु आफ्नो प्राथमिक पूँजीको बढीमा ५० प्रतिशतसम्म प्रदान गर्नसक्ने देखिन्छ । बैङ्कको पूँजी ऋणात्मक भएकोले नेपाल राष्ट्र बैङ्कले २०६४।७।२२ मा विद्यमान ऋणीका लागि कोषमा आधारित कर्जाका लागि एकल ग्राहक कर्जा सापटको सीमा रु.५० करोड तोकिदिएको छ । तर बैङ्कले सो सीमाभन्दा बढी हुने गरी रु.५२ करोड ३ लाख कर्जा दिए पनि जोखिम व्यवस्था गरेको छैन ।

१४०. **कालोसूची** – शाखा कार्यालयहरुको सिफारिशमा केन्द्रीय कार्यालय असुली तथा ऋण पुनःसंरचना विभागले ऋणीलाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रलाई अनुरोध गर्ने गरेको छ । कालो सूचीमा राख्नुपर्ने अवस्था विद्यमान हुँदाहुँदै पनि कतिपय ऋणीहरुलाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रलाई अनुरोध गरेको देखिएन ।

१४१. **निक्षेपको स्रोत** – नेपाल राष्ट्र बैङ्कको निर्देशन नं. १९.५ मा जम्मा हुन आउने १० लाख रुपैँयाभन्दा माथिका रकमको कारोबार खाता, वही, स्रेस्ता वा हिसाब सञ्चालन सम्बन्धी छुट्टै प्रक्रियागत संयन्त्र तयार गर्नुपर्ने र त्यस्तो कारोबारको स्रोत समेत सम्बन्धित ग्राहकबाट उल्लेख गर्न लगाई अद्यावधिक गरिराख्नुपर्ने व्यवस्था छ । शाखाहरुले स्रोत नखुलाई रु.१० लाखभन्दा बढी निक्षेप स्वीकार गरेको देखिन्छ ।

१४२. **लेखामान** – नेपाल लेखामान–१ बमोजिम सम्पूर्ण लेखामान पालना नभएसम्म वित्तीय विवरणहरु नेपाल लेखामान अनुसार तयार गरेको भन्न नमिल्ने उल्लेख छ । लेखामान पालना सम्बन्धमा उल्लेख्य व्यहोरा निम्न छन्:

१४२.१. नेपाल राष्ट्र बैङ्कको निर्देशन तथा नेपाल लेखामान–६ अनुसार सम्पत्तिको ह्रासयोग्य रकमलाई सोको प्रयोग हुने आयूको आधारमा समायोजन गरेको छैन ।

१४२.२. ब्याज, सरकारी कारोबार, पेन्सन भुक्तानीबापत प्राप्त हुने बाहेकको कमिशन आम्दानीलाई नगद प्राप्तिको आधारमा गरिएको हुँदा नेपाल लेखामान–७ को पालना नगरेको कुरा लेखा टिप्पणीमा उल्लेख छ ।

१४२.३. हाल प्रचलित रहेको पुमरी सफ्टवयरलाई परिवर्तन गर्ने क्रममा पहिचान हुन नसकेका केही रकमको हिसाब मिलान हुनसकेका छैनन् । यस्ता रकमहरुलाई टिप्पणीमा खुलाएको छैन । स्थलगत परीक्षण गरिएका शाखाहरुमा यस्ता रकम दायित्वतर्फ रु.१ करोड ११ लाख ४० हजार र सम्पत्तितर्फ रु.१९ लाख ८० हजार रहेको छ । यस स्थितिमा नेपाल लेखामान अनुसार वित्तीय विवरण तयार तथा प्रस्तुत गरेको छ भन्न सकिएन ।

१४२.४. प्रमुख लेखा नीतिमा कर्मचारी अवकास सुबिधाहरु अन्तर्गत बैङ्कको नियमानुसार कर्मचारीको अवकाससँग सम्बन्धित रकमलाई राष्ट्रिय वाणिज्य बैङ्क अवकास कोषमा ट्रान्सफर गर्ने गरेको उल्लेख गरे तापनि सोसँग सम्बन्धित दायित्व तथा सम्पत्ति वासलातमा उल्लेख गरेको छैन । राष्ट्रिय वाणिज्य बैङ्क अवकास कोष कम्पनी ऐन अन्तर्गतको सहायक कम्पनी नभएको कारणले सोसँग सम्बन्धित हिसाब कम्पनी ऐनको दफा १४३ अनुसार वासलातमा समावेश नगरेको जानकारी गराएको छ । आयकर ऐन, २०५८ को दफा ६३ र आयकर नियमावली, २०५९ को नियम २० को प्रयोजनका लागि बैङ्कको कर्मचारीहरुको अवकास योगदान रकम स्वीकार गर्ने उद्देश्यले आन्तरिक राजस्व विभागको स्वीकृतिमा व्यवस्थापकीय कार्य गर्न स्थापित यो कोषको विधान, २०६० मा आफुसँग भएको सम्पत्तिबाट सम्पूर्ण अवकास दायित्व आफैले व्यहोर्ने किटान गरेको छैन भने सो सम्बन्धी दायित्व कर्मचारीहरुसँग भएको रोजगारी करार तथा बैङ्कको कर्मचारी सेवाशर्त विनियमावलीको व्यवस्था अनुसार कर्मचारी अवकास सुबिधाहरु बैङ्कले नियमानुसार व्यहोर्ने उल्लेख छ । विधानको दफा ७ अनुसार सो कोषको व्यवस्थापन र सञ्चालन कार्यविधिमा बैङ्कको पूर्णनियन्त्रण रहेको तथा दफा १५.६ मा कोषको विघटन भएको अवस्थामा कोषको सम्पत्ति र दायित्व बैङ्कमा सर्ने भन्ने उल्लेख छ ।

एक्चुअरी प्रतिवेदन, २०६३।६४ बमोजिम कर्मचारीको अवकाससँग सम्बन्धित नपुग व्यवस्था रु.२ अर्ब १७ करोड ४८ लाखलाई पाँच वर्षमा खर्च गर्ने नीति लिई २०६३।६४, २०६४।०६५ र २०६५।६६ मा सो सम्बन्धी कोषहरुमा हरेक वर्ष रु.४४ करोड व्यवस्था गरी कोषमा ट्रान्सफर गरेकोमा यो वर्ष उक्त नीतिमा परिवर्तन गरी उक्त कोषको २०६६।६७ अन्त्यको खूद सम्पत्ति रु.५ अर्ब ८७ करोड ४७ लाख र सो प्रतिवेदनबमोजिम कर्मचारीको अवकाससँग सम्बन्धित दायित्वमा देखिएको अन्तर रु.७० करोड १४ लाख ८० हजार व्यवस्था गरेको छ ।

१४२.५. नेपाल लेखामान–२ को ४२ र ४९ अनुसार गत विगत वर्षहरुमा हुन गएको गल्ती वा गत विगत वर्षहरुसँग सम्बन्धित रकम कलमहरुलाई वर्षको सुरु र अन्तमा सम्बन्धित शीर्षकहरुमा समायोजन गरी समायोजित रकम र सोको प्रकृति समेत देखिने गरी टिप्पणीमा खुलाउने गरेको छैन ।

गत वर्षको आम्दानी/खर्च समायोजन गरेको रु.१ करोड ४८ लाख ९३ हजारलाई यस वर्षको नाफा नोक्सान हिसाबमा असर नपर्ने गरी नाफा नोक्सान बाँडफाँड खातामा खर्चको रुपमा देखाएको व्यहोरा उल्लेख गरेको छ । शीर्षकअनुसार विगत वर्षको रकममा पुन:लेखन गरेको छैन ।

१४२.६. नेपाल लेखामान–१२ को ८५ मा प्रत्येक व्यवस्थाको लागि दायित्वको प्रकृति अनुरुप आर्थिक स्रोत, समय र अनिश्चितता बारे खुलाउनुपर्ने उल्लेख छ । पहिचान हुन नसकेका जोखिमहरुको लागि एकमुष्ट रु.६ करोड ६७ लाख व्यवस्था गरेकोमा सोअनुसार विवरण खुलाएको छैन ।

१४३. **एजेन्सी हिसाब** – हिसाब मिलान नभएका तथा पुराना मौज्दातको लागि रु.६८ करोड ३१ लाख २३ हजार नोक्सानी व्यवस्था गरेको उल्लेख छ । एजेन्सी हिसाबहरुको विगत वर्षसम्म गरेको नोक्सानी व्यवस्थाबाट सन् २००७ सम्मका हिसाब मिलान हुन बाँकी रकमको पुनरावलोकन गरी रु.१४ करोड १३ लाख २३ हजार समायोजन आयमा लेखाङ्कन गरेको छ । ट्रेजरी शाखाबाट उपलब्ध गराएको विवरण अनुसार सन् २००८ देखि २०१० सम्म रु.३ अर्ब ५८ करोड ३ लाखको ९ हजार (८६८ आइटम) को हिसाब मिलान हुन बाँकी देखिएको छ । हिसाब मिलान हुन बाँकी रहेका रकमहरुको यथार्थ पहिचान गरी आवश्यक नोक्सानी व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१४४. **शंकास्पद हिसाब** – धेरै पुराना कर्जा तथा सापट, म्याद नाघिसकेका बैङ्क जमानत, धेरै पुराना तथा पहिचान हुन नसकेका सण्ड्री डेटर्स, टेक ओभर हिसाब, निक्षेप ओभरड्रन, पहिचान नभएका निक्षेप, हिसाब मिलान नभएका बैङ्क ब्यालेन्स तथा अन्य रकमहरु विगत धेरै वर्षदेखि जिम्मेवारीमात्र सार्दै ल्याएको छ । बैङ्क अन्तर्गतका ४८ शाखाको स्थलगत निरीक्षण गर्दा खराब कर्जा रु.१ अर्ब २५ करोडको व्यवस्थापन नगरेको, पेअर्डर बेगर भुक्तानी गरेको ड्राफ्टको रु.२३ करोड ७ लाखको छानबिन नगरेको, खातामा मौज्दात नभएको भुक्तानी रु.४ करोड ९४ लाखको छानबिन गरी कारबाही नगरेको, पत्ता नलागेको डिपोजिट रु.३ करोड ५ लाखको छानबिन र समायोजन नगरेको, बैङ्क रिकन्साइल नभएको रु.८ करोड ६० लाखको छानबिन गरी यकिन गरेको देखिएन ।

१४५. **अन्तर शाखा हिसाब** – शाखा मिलान हिसाब शीर्षक अन्तर्गत रु.३ अर्ब ७ करोड २५ लाखको आयू तथा प्रकृति अनुसारको वर्गीकरण प्राप्त भएन । उप–शीर्षकहरुको शाखागत विवरण अनुसार खुद डेविट रु.५३ अर्ब ३७ करोड ३५ लाख र खुद क्रेडिट उप–शीर्षकहरुको रु.५६ अर्ब ४४ करोड ६० लाख देखिन्छ । यी रकमको समायोजनले समग्ररुपमा वित्तीय विवरणमा प्रस्तुत रकममा पर्नसक्ने असरका बारेमा राय व्यक्त गर्न सकिएन ।

१४६. **ऋस हिसाब** – कर्जामा असुल गर्न बाँकी ब्याज र ब्याज मूल्तबी रकमबीच फरक नहुनुपर्नेमा रु.३ करोड ३४ लाख ११ हजार फरक परेको देखिन्छ ।

अन्य सम्पत्ति अन्तर्गत मार्गस्थ हिसाबमा रु.७ करोड ४५ लाख ६३ हजार रहेकोमा सोबाट रु.४ करोड १७ लाख २५ हजार व्यवस्था घटाई बाँकी रु.३ करोड २८ लाख ३८ हजार वित्तीय विवरणमा देखाएको छ ।

सण्ड्री क्रेडिटर्स अन्तर्गत कर्मचारी कर्जा प्रिमियम हिसाबमा केन्द्रीय कार्यालयले लिन बाँकी रु.३ करोड ९३ लाख २३ हजार समावेश छ । नेपाल लेखामान अनुसार लिनुपर्ने र दिनुपर्ने रकमलाई एक आपसमा घटाउन नमिल्ने हुँदा उक्त रकमलाई अन्य सम्पत्तिमा समावेश गर्नुपर्ने देखिन्छ ।

१४७. **आन्तरिक नियन्त्रण** – केन्द्रीय कार्यालयले शर्त सहित स्वीकृत गरेका कर्जाहरुमा शर्तहरुको परिपालन नभएका उदाहरणहरु भेटिएका छन् । केन्द्रीय कर्जा विभागले शर्तहरु पालन भए नभएको बारे प्रभावकारी अनुगमन नगरी आन्तरिक र बाह्य लेखापरीक्षणमाथि निर्भर रहने गरेको छ ।

ऋण बहन क्षमताको मूल्याङ्कन गर्न ऋणीहरुको मौज्दात विवरण, वित्तीय विवरण, आसामी विवरण आदिको महत्वपूर्ण भूमिका रहन्छ । कतिपय ऋण स्वीकृत गर्दा यस्ता विवरणहरु प्राप्त गर्ने नगरेको, प्राप्त

गरेकोमा पनि त्यसको यथार्तता यकिन गर्न भौतिक परीक्षण गर्ने नगरेको, सामानको अवस्था निराकरण गर्ने नगरेको तथा ती सामानहरुको मूल्य सम्बन्धी बिलहरु बजार मूल्यसँग भिडाउने गरेको नपाइएकोले त्यस्ता विवरणहरुको यथार्थ यकिन गर्न सकिएन ।

ऋणीले धितो बन्धकी दिएका सम्पत्तिहरुको बीमा नवीकरण गर्न नसकेको अवस्थामा बीमालाई यथावत् कायम राख्न उनीहरुको तर्फबाट बैङ्कले बीमा प्रिमियम तिर्नुपरेको र सो बीमा शुल्कको रकम ऋणीबाट भुक्तानी नभएकोले कतिपय ऋणको स्वीकृत सीमा नाघेको छ । स्वीकृत सीमा नाघेका ऋणको अनुगमन केन्द्रीय कर्जा विभागबाट गरेको देखिएन । कर्जाको साँवा भुक्तानी गर्ने समय तालिका निर्धारण नगरी ब्याजसम्म तिरेको भरमा सालसालै कर्जा नवीकरण गर्ने गरेको छ ।

१४८. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणले समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन दिनुपर्ने, बैङ्कको कर्जा जोखिम, ब्याज दर जोखिम समेत बैंकिङ्ग व्यवसायसँग सम्बन्धित जोखिमहरुको मूल्याङ्कन गरी उक्त जोखिमहरु न्यूनीकरण गर्न आवश्यक सुझाव र सहयोग दिनुपर्ने हुन्छ ।

आन्तरिक लेखापरीक्षण विभाग, शाखा तथा केन्द्रीय कार्यालयको इकाईहरुको नियमित लेखापरीक्षणमा मात्र सीमित रहेको देखिएको छ । जोखिम मूल्याङ्कन र न्यूनीकरणमा यस विभागले उल्लेख्य योगदान पुऱ्याउनसकेको छैन । आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियतहरु पुनः दोहरिन नदिनेतर्फ खासै प्रगति भएको देखिएन । आन्तरिक लेखापरीक्षणमा आवश्यक जनशक्ति व्यवस्था तथा सूचना प्रविधिको विकास गरी लागू गर्नुपर्ने देखिन्छ ।

१४९. **जग्गाको स्वामित्व** – विगतमा नेपाल खाद्य संस्थानबाट रु.७ लाख ८० हजारमा खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनी १ आना ३ पैसा जग्गाको हालसम्मपनि जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन । महेन्द्रपुल शाखाको वित्तीय विवरणमा जग्गा उल्लेख गरेको भएपनि सो जग्गाको जग्गाधनी प्रमाणपुर्जा, नक्सा तथा रजिष्ट्रेशन पारित गरेको लिखत प्राप्त गरेको छैन ।

१५०. **गैर बैंकिङ्ग सम्पत्ति** – व्यक्तिगत वा कम्पनीहरुले कर्जा असुल नभएको कारणबाट सकार गरेको घरजग्गा भोगचलन गरिरहेका साविकका व्यक्तिलाई हटाउन नसकेको कारण बैङ्कले हकभोग गर्नसकेको छैन । केही घरजग्गाहरुको जग्गाधनी दर्ता प्रमाणपुर्जाहरु प्राप्त हुन बाँकी भएपनि त्यस्ता सम्पत्तिहरुको मूल्य गैह्र बैंकिङ्ग सम्पत्तिमा दर्शाएको छ ।

सञ्चालक समितिको १६२९ सौँ बैठकबाट साँवा र ब्याज रकम असुल गरी बैङ्कले सकार गरेको गैर बैंकिङ्ग सम्पत्ति फिर्ता गर्ने निर्णय भएपनि सो निर्णय कार्यान्वयन हुनसकेको छैन ।

नेपाल राष्ट्र बैङ्कले अपलेखन गरेका कर्जाहरुको धितो सम्पत्तिहरु बैङ्कले सकार गर्ने र नगरेमा अपलेखन गर्न नमिल्ने निर्देशन जारी गरेकोमा सो विपरीत २०६२।६३ मा धितो सकार नगरी कर्जा अपलेखन गरेकोमा सो कार्य अनियमित भई नियमित गर्न त्यस्तो सुरक्षण सम्पत्ति २०६४।६५ भित्रमा सकारी सक्ने गरी नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति लिएकोमा यो वर्ष पनि सो कार्य हुनसकेको छैन ।

बैङ्कले प्रवाह गरेको कर्जा असुल हुन नसकेपछि सोबापत धरौटी लिएको घरजग्गा बैङ्कले सकार गरेकोमा त्यस्तो रकम वर्षान्तमा रु.३२ करोड १६ लाख पुगेको छ । गैर बैंकिङ्ग सम्पत्ति यथाशीघ्र बिक्री गरी कर्जा रकम असुल गर्नुपर्नेमा सो हुन नसकेकोले कर्जा असुल गरेको देखिएपनि यसबाट कुनै प्रत्यक्ष फाइदा भएको देखिएन ।

कर्मचारी सञ्चय कोष

सरकारी कार्यालय र संगठित संस्थाका कर्मचारीहरु तथा अन्य कर्मचारीहरुको निमित्त सञ्चयकोषको व्यवस्था गर्ने उद्देश्यले कर्मचारी सञ्चयकोष ऐन, २०१९ अन्तर्गत २०१९ सालमा स्थापना भई सञ्चालित यस कोषको २०६६।६७ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१५१. **सञ्चालन नतिजा** – कोषले यो वर्ष रु.१ अर्ब ४५ करोड ८४ लाख खूद मुनाफा गरेको देखाएको छ । कमसल सापटीको तथा विभिन्न कोषहरुको लागि खर्च व्यवस्था नगरेको रु.४ अर्ब ५६ करोड २२ लाखमा आन्तरिक ब्याजबापत खर्च व्यवस्था गर्न नमिल्ने रु.३१ करोड २ लाख कटाउँदा खुद नोक्सानी रु.२ अर्ब ७९ करोड ३६ लाख पुग्ने देखिन्छ ।

१५२. **वित्तीय विवरण प्रस्तुति** – यो वर्षको वासलात आय व्ययको विवरण तथा नगद प्रवाह विवरण प्रचलित नेपाल लेखामानअनुरुप तयार गरेको छैन । यससम्बन्धि मुख्य व्यहोरा निम्न छन्:

१५२.१. सञ्चयकर्तालाई उपलब्ध गराएको शैक्षिक र घर सापटी क्रमश: रु.६० करोड ८४ लाख र रु.८ अर्ब २ करोड ६४ लाख रहेको छ । कोषको लेखानीति अनुसार सो सापटीहरुमा पाकेको ब्याजलाई समेत सापटीमा पूँजीकरण गर्ने गरेको, पाकेको अधिकांश ब्याज लामो समयसम्म बक्यौता रहने गरेको, त्यस्ता रकमलाई नियमित गराउन प्रभावकारी पहल नगरेको तथा कतिपय सापटीको सुरक्षण (धितो) समेत नरहेको अवस्थामा पनि असल कर्जामा वर्गीकरण गरेको छ । उक्त सापटीमध्ये शैक्षिक तथा घर सापटी क्रमश: रु.१४ करोड ६० लाख र रु.१ अर्ब ९२ करोड ६३ लाख समेत रु.२ अर्ब ७ करोड २३ लाखलाई कमसल सापटीमा वर्गीकरण गरी सो अनुसार अतिरिक्त कर्जा जोखिम व्यवस्था गर्नुपर्दछ ।

१५२.२. सञ्चयकर्ता कल्याणकारी कोष, सञ्चयकर्ता अतिरिक्त सुविधा योजना कोष, निवृत्तिभरण कोष र कर्मचारी कल्याणकारी कोषहरु सञ्चालनमा रहेका छन् । प्रचलित नेपाल लेखामान–१२, (प्रोभिजन्स, कन्टिन्जेन्ट ल्यावलिटिज एण्ड कन्टिन्जेन्ट एसेट्स) अनुसार ती अवकास तथा सुबिधा सम्बन्धी सम्पूर्ण खर्च रु.२ अर्ब ४८ करोड ९९ लाखलाई आय/व्यय विवरणमा खर्च व्यवस्था गर्नुपर्नेमा सोझै कोषमा खर्च लेखेको हुनाले कोषको आय/व्यय विवरणले यथार्थ अवस्था चित्रण गरेको छैन ।

१५२.३. वित्तीय विवरणमा प्रस्तुत भएका विभिन्न कोषहरुको सुरु मौज्दातमा आन्तरिक ब्याज आय गणना गर्ने गरेको र सो ब्याजलाई आय व्यय विवरणमा खर्च लेखाङ्कन गर्ने गरेको छ । प्रचलित लेखामान तथा लेखाका सर्वमान्य सिद्धान्तअनुरुप आन्तरिक खर्च र आन्तरिक आय वित्तीय विवरणमा प्रस्तुत गर्नमिल्ने देखिदैन । आन्तरिक आय तथा खर्च सम्बन्धी नीति अनुसार यो वर्ष रु.३१ करोड २ लाख आय व्यय विवरणमा खर्च लेखाङ्कन गरी कोषमा आय लेखाङ्कन गरेका कारण यस वर्षको आय व्यय विवरणमा प्रतिकुल असर परी सो हद सम्मको रकमले खुद मुनाफा कम देखिएको छ ।

१५२.४. खरिद प्रक्रिया सुरु गरेको तर प्राप्त भैनसकेको वा बोलपत्र मात्र भएको विभिन्न सम्पत्तिको रु.२ करोड २४ लाखलाई विविध सम्पत्ति अन्तर्गत स्टक इन ट्रान्जिटमा र तिर्नुपर्ने चालू दायित्वमा लेखाङ्कन गरेको छ । यथेष्ठ आधार बेगर विविध सम्पत्ति (स्टक इन ट्रान्जिट) तथा चालू दायित्वमा लेखाङ्कन गरेको उक्त रकमले सम्पत्ति तथा दायित्वमा बढी लेखाङ्कन भएको छ ।

१५३. **भौतिक परीक्षण** – सम्पत्तिको आवधिकरुपमा भौतिक परीक्षण गरी सम्पत्तिको विद्यमान अवस्थानुसार वित्तीय विवरणमा प्रस्तुत गर्ने गरेको पाइएन । वर्षको अन्त्यमा समेत भौतिक परीक्षण नगरेको कारण वित्तीय विवरणमा प्रस्तुत सम्पत्तिको विद्यमान अवस्था यकिन गर्न सकिएन ।

१५४. **बैङ्क हिसाब** – वर्षैदेखि बैङ्क हिसाब मिलान नभएको रु.८१ लाख जिम्मेवारी सार्दै ल्याएको छ । प्रत्येक महिना बैङ्क हिसाब मिलान विवरण तयार गरी यो वर्ष पनि हिसाब मिलान गरेको पाइएन । ठमेल शाखामा रहेको हिसाब तथा आन्तरिक प्रशासन शाखा (एजेन्सि) अन्तर्गत रहेका खातामा रु.१ अर्ब ६८ करोड २८ लाख देखाएकोमा विभिन्न बैङ्कबाट प्राप्त समर्थनपत्र अनुसार रु.१ अर्ब ९७ करोड २२ लाख देखाएको छ । फरकमध्ये खातामा डेविट हुन बाँकीमा रु.२९ करोड ७७ लाख र क्रेडिट हुन बाँकी रु.८३ लाख देखिएको छ ।

१५५. **गैह्र कोष सम्पत्ति** – एक निजी क्षेत्रका फुड प्रोसेसिङ्गसँग लिन बाँकी साँवा रु.५ करोड ५२ लाख र ब्याज रु.२ करोड १५ लाख वित्तीय विवरणमा कर्जा तथा सापटी र असुल गर्न बाँकी ब्याज अन्तर्गत समावेश गरेको देखिन्छ । उक्त कर्जा नेपाल विकास बैङ्कको नेतृत्वमा सहवित्तीयकरण कर्जा अन्तर्गत प्रवाह गरेको पाइयो । यस कर्जा अन्तर्गत रहेको धितोलाई गैह्रकोष सम्पत्ति सकार गरिसकेकोले उक्त रकमलाई कर्जा तथा

सापटीमा र असुल गर्न बाँकी ब्याजमा देखाउन मिल्ने देखिएन । धितो रकमलाई गैह्रकोष सम्पत्तिमा सकारेको समयमा उक्त धितोको मूल्याङ्कन रु.४ करोड ५८ लाख रहेको र सहवित्तीयकरणको सम्झौतानुसार ५२.०९ प्रतिशतले रु.२ करोड ३९ लाख कोषको हिस्सा रहेको पाइयो । सो कर्जालाई नेपाल राष्ट्र बैङ्कको निर्देशन, २०६६ अनुसार गैह्रकोष सम्पत्तिमा लेखाङ्कन गरी शतप्रतिशत व्यवस्था समेत गर्नुपर्नेमा कर्जा तथा सापटीमा शतप्रतिशत जोखिम व्यवस्था गरी देखाएकोले यो व्यवस्था विद्यमान नेपाल लेखामान र लेखाका सर्वमान्य सिद्धान्तको विपरित देखिन्छ ।

नागरिक लगानी कोष

देशको आर्थिक विकासको लागि सर्वसाधारण जनतालाई समेत पूँजीको बचत गर्न प्रोत्साहन गरी लगानीको अवसरहरु बढाउन तथा पूँजी बजारको विकासमा गतिशीलता ल्याउन नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित यो कोषको २०६५।६६ को अन्तिम लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न छन्:

१५६. **सञ्चालन नतिजा –** कोषतर्फ कार्य सञ्चालनबाट गत वर्ष रु.४ करोड १५ लाख ६८ हजार नाफा गरेकोमा यो वर्ष रु.३ करोड ८३ लाख ४५ हजार तथा कर्मचारी बचत वृद्धि अवकास कोषतर्फ गत वर्ष रु.६५ लाख ५६ हजार नाफा गरेकोमा यो वर्ष रु.११ करोड ९१ लाख ३८ हजार गरेको छ ।

१५७. **बैङ्क हिसाब मिलान –** कोषले विभिन्न बैङ्कमा मौज्दात देखाएको रकमको बैङ्कहरुबाट विवरण लिई हिसाब अद्यावधिक गर्नसकेको छैन । बैङ्क हिसाब मिलान अद्यावधिक नगरेको कारण बैङ्क मौज्दातको यथार्थता यकिन हुनसकेन । बैङ्क खाता २८ मध्ये ८ मा रु.३९ करोड ३५ लाख ८१ हजार ऋणात्मक मौज्दात देखाएको छ । कर्मचारी बचत वृद्धि अवकास कोषको बैङ्क हिसाबमा डेविटतर्फ रु.५४ करोड ३५ लाख ६७ हजार र क्रेडिटतर्फ रु.३० करोड २३ लाख ७५ हजार लेखाङ्कन हुन बाँकी छ । केन्द्रीय हिसाबतर्फ लेखाङ्कन हुन बाँकी यस्तो रकम क्रमश: रु.४ करोड ७१ लाख र रु.१६ करोड ६ लाख रहेको छ । मासिकरुपमा बैङ्क विवरण लिई खाता समायोजन गर्नुपर्दछ ।

गत विगत वर्षदेखि कर्मचारी बचत वृद्धि अवकास कोषमा जम्मा भई बैङ्क हिसाबसँग भिडान नभएको रु.४८ लाख ४१ हजार चालू दायित्वमा यथावत छ । उक्त हिसाब राफसाफ गरी फछ्यौंट गर्नुपर्दछ ।

१५८. **आयकर –** ठूला करदाता कार्यालयबाट २०५९।६० देखि २०६२।६३ सम्मको थप शुल्क र ब्याज समेत रु.१ करोड ११ लाख ६७ हजारको आयकर निर्धारण भएको छ । २०६३।६४ र २०६४।६५ को स्वंयम् कर निर्धारण विवरणबमोजिमको नपुग व्यवस्था रु.२४ लाख ७३ हजार समेत २०५९।६० देखि २०६४।६५ सम्मको नपुग आयकर व्यवस्थाबापत यो वर्ष रु.२ करोड ३९ लाख ८४ हजार खर्च लेखाङ्कन गरेको छ । लाभहानी हिसाबबाट नाफा देखिएको रकममा मात्र ३० प्रतिशतका दरले आयकर व्यवस्था गर्नेगरेको पाईयो । नेपाल लेखामान–९ बमोजिम वर्षैपिच्छे कर निर्धारण गरी हुने रकम लेखाङ्कन गर्ने परिपाटी बसालिनुपर्दछ ।

१५९. **जग्गा –** यातायात संस्थानसँग केही वर्ष अघि रु.४ करोड ८० लाखमा खरिद गरेको ट्रलीबस सेवाको ६ रोपनी जग्गा बिक्रेताले अन्य व्यक्तिलाई लिजमा दिएको देखियो । उक्त जग्गा कोषको भोगचलनमा ल्याउनुपर्ने देखिन्छ ।

१६०. **व्यवस्थापन शुल्क –** केन्द्रीय कार्यालयले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरेबापत सम्बन्धित योजना तथा कार्यक्रमको कुल कोष वा कुल आय वा खुद सम्पत्ति मूल्याङ्कन रकमसँग आवद्ध गरी निश्चित प्रतिशतले हिसाब गरी व्यवस्थापन शुल्क लगाउने गरेको छ । यो वर्ष बीमा कोष आयोजनाबाट २०६३।६४ देखि २०६५।६६ सम्मको व्यवस्थापन शुल्कबापत रु.१ करोड ५६ लाख ५६ हजार आम्दानी जनाएको छ । कार्यक्रमहरुबाट प्राप्त हुने व्यवस्थापन शुल्क समान आधारमा निर्धारण हुनेगरी पुनरावलोकन गरिनुपर्दछ ।

१६१. **कोष हिसाब –** कोषले सञ्चालन गरेका विभिन्न कार्यक्रममा सहभागी हुनेहरुको व्यक्तिगत हिसाब अद्यापि तयार गरेको देखिएन । व्यक्तिगत हिसाब तयार गर्न पहल गर्नुपर्दछ ।

धितोपत्र बोर्ड

लगानीकर्ताहरुको हित संरक्षण र सम्बर्द्धन गरी धितोपत्र बजारको विकास गर्न र धितोपत्र कारोबारलाई व्यवस्थित र नियमन गर्न धितोपत्र कारोबार ऐन, २०४० अन्तर्गत २०५० मा स्थापना भई हाल धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस बोर्डको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

१६२. **सञ्चालन नतिजा** – गत वर्ष सञ्चालन बचत रु.३ करोड ९० लाख ४२ हजार रहेकोमा यो वर्ष रु.३ करोड ९८ लाख ९५ हजार रहेको बचत रकम वासलातमा सारेको छ । गत वर्षको तुलनामा कुल आम्दानी ७ प्रतिशत र कर्मचारी खर्च २८ प्रतिशतले वृद्धि भएको छ ।

१६३. **स्थिर सम्पत्ति** – गत वर्षसम्म रु.१ करोड ६ लाख ८१ हजारको स्थिर सम्पत्ति रहेकोमा यो वर्षसम्म रु.१ करोड ५८ लाख ८८ हजार पुगेको छ । स्थिर सम्पत्तिको भौतिक परीक्षण गरेको भनिए तापनि सोको प्रतिवेदन पेश भएन ।

ह्रासकट्टी गणना गर्ने प्रयोजनका लागि एक्सेल सिटमा मात्र स्थिर सम्पत्तिको विवरण अद्यावधिक गरेको छ । आफ्नो मातहतमा रहेका सम्पत्तिको विवरण अद्यावधिक गर्नुपर्नेमा सम्पत्तिको नाम, खरिद मिति र मूल्यमात्र उल्लेख गरी अभिलेख राखेको पाइयो । बिक्री भैसकेको सम्पत्तिको विवरण पनि अद्यावधिक गरेर सम्पत्तिहरु कोडिङ्ग गरी कुन सम्पत्ति कुन विभागमा कस्तो अवस्थामा छ भन्ने कुरासमेत जानकारी हुनेगरी खाता कायम गर्नुपर्दछ ।

१६४. **पेश्की बजेट –** २०६६।३।२६ मा बसेको २९२ औँ बोर्ड बैठकले गत वर्षको प्रशासकीय र पूँजीगत खर्च प्रत्येकको २५ प्रतिशतमा नबढाई खर्च गरी काम चलाउन यस वर्षको लागि पेश्की बजेट उपलब्ध गराउने निर्णय गरेको पाइयो । सो अनुसार अघिल्लो वर्षको प्रशासकीय खर्च रु.२ करोड ४० लाख ४० हजारको २५ प्रतिशत रु.६० लाख १० हजारमात्र खर्च गर्नपाउनेमा २०६६।८।२८ (बजेट पास नहुँदा) सम्म रु.८४ लाख १५ हजार खर्च गरेको देखियो । बढी खर्च भएको रु.२४ लाख ५ हजार बोर्डबाट स्वीकृत गराएको छैन ।

कार्यरत नभएका एक कर्मचारीको नाममा विगत लामो समयदेखि बाँकी रहेको सवारी सापटी रु.६८ हजार र सामाजिक सापटी रु.१ लाख ५५ हजार सम्बन्धमा गत वर्षको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको जवाफमा बोर्डले आवश्यक काम कारबाही गर्ने उल्लेख गरेको भएपनि हालसम्म थप प्रगति भएको देखिएन ।

१६५. **रकमान्तर** – धितोपत्र बोर्ड आर्थिक प्रशासन नियमावली, २०६६ को नियम ३ अनुसार अध्यक्षले प्रत्येक सालको आषाढको पहिलो सातासम्ममा आगामी आर्थिक वर्षको कार्ययोजना तथा गतिविधि सञ्चालनका लागि आवश्यक पर्ने बजेट तर्जुमा गरी स्वीकृतिको लागि बोर्डसमक्ष पेश गर्नुपर्ने भएपनि पेश्की बजेट २०६६।३।२६ मा र पूर्णबजेट २०६६।८।२८ मा मात्र स्वीकृत गरेको पाइयो ।

१६६. **धितोपत्र कारोबार दस्तुर** – धितोपत्र सम्बन्धि ऐन, २०६३ को दफा ५० मा धितोपत्र बजारमा हुने धितोपत्रको खरिद, बिक्री, विनिमयबापत तोकिएबमोजिम लाग्ने धितोपत्र कारोबार दस्तुर उठाइ धितोपत्र बजारले बुझाउनुपर्ने एवं कुल धितोपत्र कारोबार रकमको ०.०३ प्रतिशतले नबढ्ने गरी प्रत्येक महिनाको मसान्तभित्र अघिल्लो महिनामा प्राप्त भएको दस्तुरबापतको रकम बोर्डमा बुझाउनुपर्ने उल्लेख छ । तोकिएको समयभित्र धितोपत्र कारोबार दस्तुर दाखिला नगर्नेसँग सयकडा १० प्रतिशत ब्याज समेत जोडी रकम असुल उपर गर्ने व्यवस्था छ । एक धितोपत्र बजारले २०६६ कार्तिक, पौष, माघ र चैत्र महिनाको दस्तुर ढिला दाखिला गरेको तथा भाद्र महिनाको दस्तुर दाखिला गरेको देखिएन । उक्त रकममा ब्याज असुल नगरेको साथै प्रभावकारी संयन्त्र तयार गरी प्रत्येक महिनामा भएको धितोपत्र कारोबार र त्यसबाट बोर्डलाई प्राप्त हुने दस्तुरबापतको रकमको लेखाजोखा गरेको छैन । गत वर्ष कारोबारबापत प्राप्त हुने आम्दानी यकिन गरेर मात्र लेखाङ्कन गर्न निर्देशन दिए तापनि थप प्रगति नभएको हुनाले यस प्रक्रियालाई प्रभावकारी बनाई कार्यान्वयन गर्न संयन्त्र तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६७. **मर्चेण्ट बैङ्किङ्ग कारोबार दस्तुर** – धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम २४(२) अनुसार प्रत्येक मर्चेण्ट बैङ्करहरुले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उक्त आर्थिक वर्षमा मर्चेण्ट बैंकिङ्ग व्यवसायबाट प्राप्त गरेको कुल सेवा शुल्कको ५ प्रतिशत रकम बोर्डमा बुझाउनुपर्दछ । चार मर्चेन्ट बैङ्करले २०६५।६६ को दस्तुर निर्धारित समयभन्दा ढिला बुझाएको पाइयो । प्रत्येक वर्ष भएको कारोबार र बोर्डलाई प्राप्त हुनुपर्ने दस्तुरबापतको रकम यकिन गर्न हालसम्म कुनैपनि किसिमको संयन्त्र तयार गरेको छैन ।

१६८. **लगानी** – विभिन्न वर्षहरुमा गरेको क्रियाकलापहरुबाट बचत हुन आएको रकमलाई विभिन्न बैङ्कहरुमा खाता खोली मुद्धती निक्षेपको रुपमा तथा नागरिक लगानी कोषको एकाङ्कहरुमा लगानी गरेको छ । यस वर्षको अन्तसम्ममा यस्तो लगानी रु.११ करोड २३ लाख ७६ हजार रहेको छ । यस्ता लगानी व्यवस्थित गर्न हालसम्म कुनै संयन्त्र तयार गरेको पाइएन । ठूलो मात्रामा गरेको लगानीलाई व्यवस्थित गर्न लगानी सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने र लगानी गर्दा सोहिबमोजिम निर्णय लिन ध्यान दिनुपर्दछ ।

१६९. **बैङ्क हिसाब** – सम्पूर्ण आय व्ययको कारोबार बैङ्कबाट गरिने हुँदा बैङ्क खाता नियमित हुनु आवश्यक छ । कारोबार गर्ने सबै बैङ्कहरुको विवरणसँग बैङ्क खाताको मौज्दात नियमितरुपमा मिलान नगरी वर्षको अन्तमा एकैपटक हिसाब मिलान गर्नेगरेको पाइयो । बैङ्क हिसाब मिलान विवरणहरु सम्बन्धित अधिकारीबाट प्रमाणित गराईराख्ने गरेको समेत पाइएन ।

१७०. **पेश्की फछ्यौंट** – आर्थिक प्रशासन नियमावली, २०६६ को नियम ९ को प्रावधान अनुसार भ्रमण पेश्की भ्रमण पूरा गरी कार्यालयमा हाजिर भएको १५ दिनभित्र खर्चको फाँटवारी सहित पेश्की फछ्यौंट गर्नुपर्दछ । उचित माफिकको कारण भएमा अध्यक्षले अरु १५ दिन थप गरिदिन सक्ने व्यवस्था छ तापनि सो विपरीत तोकिएको समयमा पेश्की फछ्यौंट गर्ने गरेको पाइएन ।

१७१. **बीमा** – आर्थिक प्रशासन नियमावली, २०६६ को नियम ३७ मा बोर्डका प्रत्येक सवारी साधनको अधिकतम जोखिम व्यहोर्ने गरी बीमा गरिने उल्लेख भए तापनि सम्पूर्ण सवारी साधन तथा मोटरसाइकलहरुको बीमा गरेको विवरण फाइलमा संलग्न नगरेको साथै समयमै नवीकरण गराएको पनि देखिएन । बोर्ड परिसरमा रहेका विभिन्न अफिस सामान तथा उपकरणहरुको पनि बीमा गराएको छैन । तसर्थ सम्भावित जोखिम न्यूनिकरण गर्न सम्पूर्ण सामानको मूल्य समेट्ने गरी बीमा गराउनुपर्दछ ।

कर्मचारी सेवा शर्त विनियमावली, २०५६ (संशोधित) को विनियम ८(१०) मा स्थायी कर्मचारीहरुलाई सेवामा रहुञ्जेल कर्मचारीको बीमालेख नवीकरण हुने बेलाको तलब स्केलको ६० महिना बराबरको तलब हिसाब गर्दा हुन आउने कुल रकमको सावधिक जीवन बीमा गरिने व्यवस्था छ । यसबमोजिम हालसम्म २३ कर्मचारीको बीमाङ्क रु १ करोड ४९ लाख ७२ हजारको सावधिक जीवन बीमा गरेको पाइयो । सो विमाङ्क रकमको लागि ९४ बीमालेख जारी भएको पाइएपनि बोर्डमा ३३ बीमालेख मात्र रहेको पाईयो । बाँकी बीमालेख उपलब्ध भएन ।

१७२. **बचत बाँडफाँड** – कारोबारबाट भएको बचतको रकम अक्षय कोष, साधारण जगेडा कोष, कर्मचारी कल्याण कोष, औषधिउपचार कोष, उपदान कोष तथा कर्मचारी सुरक्षण कोषहरुमा छुट्याउने गरेको छ । उपदान कोष र औषधिउपचार कोष बाहेक अरु कोषहरुमा बाँडफाँड गर्ने रकमका सम्बन्धमा निश्चित प्रावधान नभएको हुनाले यससम्बन्धमा आवश्यक कार्यविधिको व्यवस्था गर्न र यस प्रक्रियालाई थप पारदर्शी बनाउन कोषहरु सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

बीमा समिति

बीमा व्यवसायलाई विकसित, नियमित तथा नियन्त्रित गर्ने उद्देश्यले बीमा ऐन, २०४९ अनुसार समिति स्थापना भएको हो ।

१७३. **सम्पत्ति तथा दायित्व** – बीमा ऐन, २०४९ को दफा ३५ मा समितिले सम्पत्ति तथा दायित्व देखिने गरी विवरण तयार गर्नुपर्ने व्यवस्था छ । तर समितिले वासलात तयार नगरी आय व्यय विवरणमात्र तयार गर्ने

गरेकाले समितिको सम्पत्ति तथा दायित्व यकिन गर्नसक्ने अवस्था रहेन । गत विगत प्रतिवेदनहरुमा वासलात तयार गर्न सुझाव दिँदै आएपनि यसमा सुधार भएको छैन ।

१७४. **कर्मचारी बैठक भत्ता** – बीमा ऐन, २०४९ को दफा ९ मा समितिले आफ्नो कार्य सूचारुरुपले सञ्चालन गर्नको लागि आवश्यकताअनुसार उपसमिति गठन गर्नसक्ने र उप–समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले तोकेबमोजिम हुने उल्लेख छ । यो वर्ष समितिका विभिन्न कार्यसम्पादन गर्न समितिका कर्मचारीहरुसमेत सम्मिलित १८ उप–समिति गठन गरी समितिको निर्णयअनुसार उप–समितिका सदस्यहरुलाई समितिका बोर्ड सदस्य सरह बैठक भत्ता भुक्तानी दिएको छ । उप–समितिका सदस्यहरुको अतिरिक्त उप–समितिको कार्यमा सहयोग पुऱ्याउने सहयोगी कर्मचारीलाई समेत यो वर्ष रु.२ लाख ५० हजार बैठक भत्ता वितरण गरेको देखियो । उप–समितिका सहयोगी कर्मचारीहरुलाई समेत बैठक भत्ता दिने निर्णय नभएकोले सो रकम असुल गर्नुपर्दछ ।

१७५. **दरवन्दी** – समितिमा लेखा समूहको दरवन्दी नभएकोले लेखाको काम प्रशासनिक कर्मचारीबाट सम्पादन हुँदै आएको छ । यो वर्ष समितिको कारोबार रु.२८ करोड ६ लाख ८५ हजार देखिएको छ । समितिको कार्य व्यवस्थितरुपले सम्पादन गर्न लेखा समूहको दरवन्दी व्यवस्था गर्न आवश्यक देखिएको छ ।

१७६. **अधिकार प्रत्यायोजन** – बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०५४ को विनियम १५३(२) मा अध्यक्षले आफुलाई प्राप्त अधिकार मातहत कर्मचारीलाई प्रत्यायोजन गर्नसक्ने व्यवस्था छ । समितिको आर्थिक प्रशासन लगायत प्रशासकीय अधिकार कार्यकारी निर्देशक स्वयम्ले प्रयोग गरेको देखिएकोमा अध्यक्षले कार्यकारी निर्देशकलाई अधिकार प्रत्यायोजन गरेको पाइएन ।

१७७. **खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले खरिद कार्य गर्नुपूर्व खरिद योजना बनाउनुपर्ने र नियम ८४ मा रु.१० लाखसम्मको मालसामान, निर्माण कार्य वा अन्य सेवा सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नसकिने व्यवस्था छ । यो वर्ष कार्यालय भवन रङ्गरोगन कार्य अमानतमा गराई रु.५ लाख ५३ हजार, कार्पेटिङमा रु.४ लाख २५ हजार, जनचेतना अभिवृद्धिबापत व्यानर छपाईमा रु.४ लाख ७५ हजार समेत रु.१४ लाख ५३ हजार खर्च गरेको छ । खरिद योजना बनाई प्रतिस्पर्धात्मक हुने गरी खरिद कार्य गर्न गत वर्षको प्रतिवेदनमा पनि सुझाउ दिएकोमा सुधार भएको पाइएन ।

१७८. **अतिरिक्त समय भत्ता** – बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०५४ को विनियम १०१ अनुसूची १५(२१) मा समितिका कर्मचारीले कार्यालय समय अघिपछि अतिरिक्त समय काम गरेको अवस्थामा प्रतिघण्टा खाइपाई आएको तलबको डेढीका दरले हुन आउने रकम र सवारी चालकलाई प्रतिदिन २ घण्टाको दरले खाजा तथा भत्ताको रुपमा दिइने व्यवस्था छ । श्रम ऐन, २०४८ को दफा १९ मा कामदार वा कर्मचारीलाई बढी समय काम गराउँदा सामान्यतया प्रतिदिन ४ घण्टा तथा सप्ताहमा २० घण्टाभन्दा बढी समय काममा लगाउन नहुने उल्लेख छ ।

समितिले सबै कर्मचारीलाई वर्ष भरी नै नियमितरुपमा अतिरिक्त समय बसी सप्ताहमा ३५ घण्टासम्म काम गरेबापत यो वर्ष रु.२१ लाख ९६ हजार अतिरिक्त समय भत्ता खर्च लेखेको देखिएको छ । सहायकस्तरसम्मका कर्मचारीलाई वर्ष भरीनै नियमितरुपमा कार्यालय समयमा गर्न नभ्याउने कार्यको विवरण तयार गरी स्वीकृत गरे गराएको छैन । कार्यालय समयभन्दा बढी समय राखी गराउनुपर्ने कार्य तथा काममा लगाउनुपर्ने कर्मचारी संख्या यकिन नगरी श्रम ऐनले तोकेभन्दा बढी समय वर्षभरी नै नियमितरुपमा अतिरिक्त समय भत्ता खर्च लेखी समितिलाई बढी व्ययभार पारेको छ ।

१७९. **खर्चको सीमा** – समितिले यो वर्षको लागि अनुमानित खर्चको वर्गीकरण सहित बजेट खर्च रकममा बजेटको सीमा तोकी स्वीकृत गरेको छ । समितिले बजेट खर्च लेख्दा खर्चको वर्गीकरणको सिद्धान्त विपरीत हुने गरी खर्च गर्ने गरेको देखियो । यसबाट बजेटको स्वीकृति, सीमा, रकमान्तर एवं खर्च गर्ने अख्तियारी तथा बजेट खर्चको कुनै नियन्त्रण रहेको नपाइएकोले आर्थिक विवरणले शीर्षकगत खर्चको यथार्थ चित्रण गर्दैन । समितिले स्वीकृत बजेट र बजेट रकमको सीमाभित्र रही खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।

१८०. **तालिम** – यो वर्ष जीवन बीमा अभिकर्ता र निर्जीवन बीमा अभिकर्ता तालिम, बीमा सर्भेयर आधारभूत तालिम, जीवन बीमा अभिकर्ता पुनर्ताजगी तालिम आदि तालिम सञ्चालन गरेबापत रु.१५ लाख ५३ हजार खर्च भएको छ । तालिम सञ्चालनको लागि खाजा भत्ता, स्टेशनरी आदि खर्चको नर्म्स स्वीकृत गरी सोही नर्म्सको आधारमा इष्टिमेट स्वीकृत गराएरमात्र तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो नगरी खर्च गर्ने गरेको छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

उत्पादनशील श्रमको अत्यधिक उपयोग एवं उद्यमशीलताको विकास गर्ने, युवा तथा साना व्यवसायी बेरोजगारहरुलाई रोजगारीको अवसर उपलब्ध गराउने उद्देश्यले २०६५ मा यस कोषको स्थापना भएको हो ।

१८१. **कोषको समष्टिगत हिसाब** – युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम ३(घ) मा वित्तीय संस्थाबाट विपन्न वर्गमा लगानी गर्न निर्धारित रकमको कम्तिमा १ प्रतिशत यस कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

कोषलाई प्राप्त भएको रकममा वार्षिक ५ प्रतिशत ब्याज भुक्तानी दिनुपर्ने र उक्त रकममा कोषले वार्षिक ८.६ प्रतिशत ब्याज प्राप्त गर्ने गरी सम्बन्धित वित्तीय संस्थासँग सम्झौता गरेको छ । यो वर्षसम्म ८९ वित्तीय संस्थाबाट यस कोषको नाममा सम्बन्धित वित्तीय संस्थामा नै खाता खोली रु.३ अर्ब ५६ करोड ६६ लाख ५३ हजार जम्मा गरेको विवरण प्राप्त भएको छ ।

कोषले उक्त प्रावधानबमोजिम वित्तीय संस्थालाई यो वर्षसम्म भुक्तानी गरेको ब्याज तथा उक्त वित्तीय संस्थाबाट प्राप्त गरेको ब्याजको अभिलेख राखेको छैन । आर्थिक वर्षको अन्त्यमा प्राप्त बैङ्क स्टेटमेन्टका आधारमा रु.२८ करोड ९९ लाख ब्याज आम्दानी र रु.१ करोड १६ लाख ६३ हजार खर्च जनाएको छ । कोषले उक्त ऋण रकम, ऋणमा भुक्तानी गरेको ब्याज र लगानीमा आर्जन गरेको ब्याज यकिन गरी आय व्यय विवरणमा समावेश नगरेकोले कोषले पेश गरेको आय व्यय विवरणले कोषको यथार्थ स्थितिको चित्रण गर्दैन ।

१८२. **कार्यक्रम प्रगति** – यो वर्ष २ लाख व्यक्तिलाई अभिमुखीकरण तालिम दिने, ४२ हजार व्यक्तिलाई स्वरोजगार कार्यक्रममार्फत रोजगार उपलब्ध गराउने, ५ हजार रिक्सा व्यवसायीलाई रु.२० करोड लगानी गर्ने तथा अन्य आवश्यकता भएको क्षेत्रमा रु.३४ करोड ७९ लाख १५ हजार लगानी गर्ने कार्यक्रम भएकोमा कुनैपनि कार्यक्रम सम्पन्न गरेको देखिएन । कार्यान्वयन पक्ष निष्क्रिय रहँदा अपेक्षित लक्ष्यहरु पूरा भएको देखिएन ।

१८३. **कार्यविधि** – युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम १८ मा कोषको रकम खर्च गर्ने कार्यविधि समितिले स्वीकृत गर्ने र लेखाप्रणाली समितिले तोकेबमोजिम हुने व्यवस्था गरेको छ । समितिले कोष सञ्चालनको लागि कार्यविधि तथा लेखा ढाँचा तोकेको पाइएन ।

१८४. **पेश्की बाँकी** – कोषले व्यवसायिक तथा अभिमुखीकरण तालिम सञ्चालन गर्न नेपाल उद्योग वाणिज्य महासंघ र चेम्बर अफ कमर्सलाई गत वर्षसम्म रु.५ करोड ७९ लाख ९८ हजार र यो वर्ष रु.४ करोड ७० लाख समेत जम्मा रु.१० करोड ४९ लाख ९८ हजार पेश्की उपलब्ध गराएको छ । सम्झौताबमोजिम कार्यक्रम सम्पन्न गरी पेश्की फछ्यौंट गर्नुपर्नेमा गरेको पाइएन । पेश्की फछ्यौंट गर्ने गराउनेतर्फ कोषले सक्रियता देखाउन जरुरी भएको छ ।

१८५. **आन्तरिक लेखापरीक्षण** – युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ को नियम २१ बमोजिम कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने उल्लेख छ । तर यो वर्ष कोषको आन्तरिक लेखापरीक्षण गराएको देखिएन ।

१८६. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा २२ कार्यालयबाट रु.१ करोड ९२ लाख ९३ हजार, प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १२ कार्यालयबाट रु.५ करोड ६८ लाख ४८ हजार र सम्परीक्षणको क्रममा रु.११ करोड ७४ लाख ७२ हजार समेत रु.१९ करोड ३६ लाख १३ हजार असुल भएको छ ।

१८७. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा १४ कार्यालयको रु.४ करोड ७ लाख ४० हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.२० हजार फछ्यौंट गरी १३ कार्यालयको रु.४ करोड ७ लाख २० हजार पेश्की बाँकी देखिएको छ । पेश्कीमध्ये रु.१७ लाख ५३ हजार म्याद नाघेको छ ।

१८८. **सम्परीक्षण** – मन्त्रालय/निकाय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहाय अनुसार छ:

१८८.१. मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.२ अर्ब ३७ करोड ३९ लाख ३८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९५ करोड ९० लाख ७ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ४१ करोड ४९ लाख ३१ हजार बाँकी रहेको छ ।

१८८.२. संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.३७ लाख ९५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२० लाख ८१ हजार फछ्यौंट गराएकोले रु.१७ लाख १४ हजार बेरुजू बाँकी रहेको छ ।

१८८.३. मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१ अर्ब ५१ करोड २६ लाख १९ हजार समेत प्रतिवेदन अवधिसम्म रु.३ अर्ब ३७ करोड ८५ लाख ५ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१८८.४. वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा सरकारी कार्यालयतर्फ रु.४१ करोड ६९ लाख ४८ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष फछ्यौंट भएको कुल रु.३ अर्ब ७९ करोड ५४ लाख ५३ हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

उद्योग मन्त्रालय

मन्त्रालय र मातहतसमेत ९८ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.७५ करोड ४४ लाख १० हजार, राजस्वतर्फ रु.३८ करोड ७४ लाख ९ हजार, धरौटीतर्फ रु.८ करोड २५ लाख ६८ हजार गरी रु.१ अर्ब २२ करोड ४३ लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा शिक्षा मन्त्रालयमा विनियोजन भएको रु.३ करोड ५९ लाख १४ हजार र वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विनियोजन भएको रु.२ लाख ४१ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था १५ को रु.२२ अर्ब ६४ करोड २० लाख ९० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **केन्द्रीय हिसाब –** मन्त्रालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणले देखाएको विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ:

१.१ मन्त्रालयमा विनियोजन भएको रकममध्ये रक्षा मन्त्रालयअन्तर्गत खर्च भएको रु.२६ करोड ७१ लाख ४१ हजार, भौतिक योजना तथा निर्माण मन्त्रालयअन्तर्गत खर्च भएको रु.७ करोड ३३ लाख १८ हजार र सिंहदरबार सचिवालय पुनर्निर्माण समितिलाई गएको रु.१ करोड ३६ लाख ९३ हजार लेखापरीक्षण सम्पन्न अङ्कमा समावेश छैन ।

१.२ यो वर्ष मन्त्रालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणअनुसार लघु उद्यम विकास कार्यक्रमका लागि संयुक्त राष्ट्रसंघीय विकास कोषबाट सोझै भुक्तानी हुने गरी रु.५ करोड ३४ लाख ५० हजार विनियोजन भएकोमा रु.२६ करोड ७ लाख ५३ हजार प्राप्त भएको देखिन्छ । सोझै भुक्तानी भएको उक्त रकमको लेखापरीक्षण गराएको छैन । संयुक्त राष्ट्रसंघीय विकास कोषसँग भएको सम्झौता र लेखापरीक्षण प्रतिवेदन माग गर्दा पनि उपलब्ध गराएको छैन । ।

१.३ घरेलु तथा साना उद्योग कार्यालय सुनसरीले लघु उद्यम विकास कार्यक्रममा खर्च गरेको रु.१८ लाख १० हजारको स्रेस्ता २०६७।८।२४ मा विभाग पठाएको कारण दर्शाई लेखापरीक्षणमा पेश भएन ।

१.४ मन्त्रालयले पेश गरेको विनियोजनतर्फको केन्द्रीय आर्थिक विवरणमा लेखापरीक्षणबाट देखिएको भन्दा रु.३७ लाख ८८ हजार निकासा तथा खर्च घटी देखाएको छ । यसैगरी लेखापरीक्षणमा पेश भएको इकाईगत आर्थिक विवरणभन्दा राजस्वतर्फ रु.६ लाख ६७ हजार र धरौटीतर्फ रु.१० लाख २१ हजार बढी देखाएको छ । मन्त्रालयबाट विनियोजन, राजस्व तथा धरौटीको केन्द्रीयस्तरको आर्थिक विवरणमा इकाईगत विवरण पेश नभएबाट हिसाब भिडान गर्न सकिएन ।

२. **खरिद योजना –** सार्वजनिक खरिद ऐनको दफा ६ र नियमावलीको नियम ८ मा सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र अन्तर्गत विभागहरुले वार्षिक खरिद योजना तयार गर्ने गरेको छैन ।

३. **आन्तरिक नियन्त्रण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा मन्त्रालयले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न तथा वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्नेमा तयार गरेको छैन ।

४. **लक्ष्य प्रगति** – मन्त्रालयले आफ्नो र अन्तर्गत कार्यालयहरुबाट सम्पादित कार्यको समष्टिगत प्रगति विवरण तयार गरी नीति तथा कार्यक्रमहरुको भौतिक उपलब्धिको अनुगमन तथा कार्यगत मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा त्यस्ता नीति कार्यान्वयनको समग्र पक्षको मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गर्ने गरेको छैन ।

मन्त्रालयले वार्षिक ६.३ प्रतिशतका दरले औद्योगिक वृद्धि दर हासिल गर्ने, आन्तरिक रु.१२ अर्ब र वैदेशिक रु.३.५ अर्ब लगानी गर्ने र उद्योग क्षेत्रमा थप १ लाख ५० हजार रोजगार सिर्जना गर्ने लक्ष्य राखेकोमा सो लक्ष्य प्राप्त हुनसकेको छैन । लक्ष्य प्राप्तिका लागि तय भएका नीति तथा कार्यक्रममध्ये औद्योगिक व्यवसाय ऐन तर्जुमा गर्ने, एकल बिन्दु सेवा केन्द्र स्थापना गर्ने, बोर्ड अफ इन्भेष्टमेण्टको संरचनात्मक व्यवस्था गर्ने, शैशव सेवाको स्थापना र विकास गर्ने, भेन्चर पूँजीकोष र ग्रामीण विकास कोषको स्थापना गर्ने, सामूहिक सुविधा केन्द्रसम्बन्धी कानूनी व्यवस्था गर्ने तथा क्षेत्रीयस्तरमा कम्पनी रजिष्टार कार्यालय स्थापना गर्ने कार्य सम्पन्न गरेको पाइएन ।

५. **प्राविधिक सहायता** – अर्थमन्त्रीले आय व्ययको वक्तव्यका साथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरणमा निम्नानुसार ७ सम्झौतामध्ये सम्झौता रकम खुल्न आएका ५ कार्यक्रमको लागि देहायअनुसार रु. ४८ करोड ९२ लाख ४ हजार प्राप्त हुने उल्लेख छ:

(रकम हजारमा)

क.स.	कार्यक्रम	दाता	प्राप्त हुने अवधि	मुद्रा	प्राप्त हने रकम	प्राविधिक सहायता प्राप्त रकम विवरण				जम्मा रकम रु.
						परामर्श सेवा	सामान उपकरण	तालिम	अन्य	
१	अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण आयोजना	नोराड	सेप्टेम्बर २००७–अगस्त २०१०	युरो	४,३५	१,९०	१,९०	–	५५	४,१२,७७
२	व्यापारमा प्राविधिक अवरोध तथा सेनिटरी एवं फाइटो सेनिटरी सम्झौताहरुको परिपालनका लागि नेपाललाई सहयोग गर्ने	युरोपियन युनियन	सेप्टेम्बर २००७–अगस्त २०१०	युरो	२१,९७	५,८३	४,७५	१,५२	९,८७	२०,८९,७९
३	गुणस्तरीय नापतौल पूर्वाधारको क्षेत्रमा नेपाललाई सहयोग	जर्मनी	सेप्टेम्बर २००७–अगस्त २०११	युरो	६,००	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	५,७०,७२
४	रेफ्रिजेरान्ट म्यनेजमेन्ट ल्पान्ट अपडेट	यूएनईपी यूएनडीपी	सेप्टेम्बर २००७–अगस्त २०१२	अमेरिकी डलर	१,१३	५	५४	३३	२१	८४,६४
५	राष्ट्रिय भूकम्प मापन संजाल (नेट वर्क)	फ्रान्स	अक्टोबर २००४–अक्टोबर २००९	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
६	ग्लोबल पोजिशनिङ सिस्टम सन्जाल	अमेरिका	२००३–२००९	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
७	भर्टिकल शाफ्ट ब्रिक किल्न प्रविधि हस्तान्तरण	एसडीसी	२००५–२०११	स्वीस फ्रैंक	२४,५८	२,९२	६७	–	२०,९९	१७,३४,१२
									जम्मा	४८,९२,०४

उक्त प्राविधिक सहायताको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएको छैन ।

६. **ट्रिटमेन्ट प्लान्ट** – हेटौडा औद्योगिक क्षेत्रमा स्थापित वाटर ट्रिटमेन्ट प्लान्टको लागि यो वर्ष रु.३७ लाख खर्च भएको देखिन्छ । ट्रिटमेन्ट प्लान्टको लागि निर्मित १८ पोखरीमध्ये ९ मात्र प्रयोगमा ल्याएको पाइन्छ । उद्योगहरु पूर्णरुपमा सञ्चालन नभएकोले सबै पोखरी प्रयोग गर्न नपरेको सम्बन्धित प्राविधिकको भनाइ छ ।

तलाउको पिंध र माथिल्लो सतहमा जम्मा हुने फोहर हरेक दिन सफा गर्नुपर्नेमा फोहर जमिरहेको पाइयो । उद्योगबाट निष्कासित पानी नालीबाट बहंदा खुला भएकाले कार्यालय तथा आवास वरिपरिको वातावरण दूर्गन्धित रहेको छ । उक्त फोहोर पानी घाम र हावाबाट शुद्धीकरण भई अन्तिममा निस्कने पानी सफा लेउसहितको हरियो हुने भनाइ रहेपनि पोखरीबाट निष्कासित पानी धमिलो भएकाले शुद्ध हुन सकेको देखिएन ।

लेखापरीक्षणको सिलसिलामा वाटर ट्रिटमेन्ट प्लान्ट हेटौंडा र विशेष आर्थिक क्षेत्र आयोजना सिमरा र भैरहवाको स्थलगत भौतिक परीक्षण गर्दा देखिएका अवस्थाबारे २०६७।१०।२६ मा लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराएकोमा सुझाव कार्यान्वयन गरिने जवाफ प्राप्त भएको छ ।

औद्योगिक क्षेत्रभित्र कर्मचारीको आवासको लागि बनाएको तीनतले भवन प्रयोगहीन अवस्थामा रहेको पाइयो । दूर्गन्ध फैलिरहेका कारण सबै कर्मचारीहरु आवास भवनमा नबसी बाहिर बस्ने गरेकोले आवास भत्ताबापत यो वर्ष रु.१ लाख ७१ हजार खर्च भएको छ । यस सम्बन्धमा मन्त्रालयबाट अधिकांश स्थानीय कर्मचारी भएको र आफ्नै घरमा बस्ने गरेको र खाइपाई आएको भत्ता उपभोक्ता समितिबाट घटाउन व्यवहारिक नभएको भन्ने प्रतिक्रिया प्राप्त भएको छ ।

उक्त प्लान्टले ७ बिगाह जग्गा ओगटेको र सोमध्ये उत्तरतिरको अन्तिम प्लटमा सिसौका बिरुवाहरु लगाएकोमा डढेलो लागेकोले बिरुवाहरु नष्ट हुने अवस्थामा रहेको पाइयो । औद्योगिक क्षेत्रजस्तो संवेदनशील क्षेत्रमा आगो लाग्दा ठूलो क्षति हुन सक्ने हुँदा यसतर्फ सजग हुनुपर्ने देखिन्छ । यस सम्बन्धमा मन्त्रालयबाट सजग रहने प्रतिबद्धता जनाएको छ ।

प्रयोगविहीन अवस्थामा रहेको भवन

७. **जग्गा संरक्षण –** उद्योग मन्त्रालयको नाममा रहेको सिमरास्थित ५ प्लटको ८३३ बिगाह जग्गामा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने निर्णय भएअनुसार २०६४।६५ देखि ब्लक 'ए' क्षेत्रमा कम्पाउण्डवाल लगाउन ठेक्कापट्टा भएको थियो । कम्पाउण्डवाल लगाउने कार्य सम्पन्न हुन सकेको छैन ।

सो जग्गामध्ये प्लट 'ए' को करिब २०० बिगाहमा बन्ने सिमरा विशेष आर्थिक क्षेत्रमा बाउण्ड्रीवाल लगाउने लगायतका कार्यमा स्थानीय सहयोग प्राप्त गर्ने हेतुले विद्यालयलाई शौचालय निर्माण, स्थानीय बासिन्दाको लागि १ किलोमिटर बाटो ग्राभेल गरी दिने कार्य र दुधौरा खोला पूर्वको गाउँलाई नदी नियन्त्रणका लागि ग्याबिनवाल निर्माण जस्ता आयोजनासँग प्रत्यक्ष सम्बन्ध नभएका कार्य गरी रु.२२ लाख ६६ हजार खर्च गरेको देखिन्छ । तर भौतिक निरीक्षणको क्रममा उत्तर बाटोतर्फ अतिक्रमण गरी ८ घरपरिवार बसोबास गरेका र पश्चिमतर्फका पनि करिब ३० घरपरिवारले जग्गा नछाडेको भनी पर्खाल निर्माण कार्य बीचैमा रोकिएको र निर्माण भइसकेको पर्खाल समेत ३/४ ठाउँमा भत्काएर आयोजना क्षेत्रमा खेती गरेको पाइयो ।

यस सम्बन्धमा लेखापरीक्षणको सुझावअनुसार आवश्यक पहल अघि बढाउने प्रतिक्रिया प्राप्त भएको छ ।

विराटनगर उपनगरपालिका साबिक वडा नं.५ र हाल वडा नं. १० को कित्ता नं ४३७ को ७ कठ्ठा ५ धुर र कित्ता नं. ४६० को ४ कठ्ठा १५ धुर गरी जम्मा १२ कठ्ठा जग्गामध्ये ६ कठ्ठा जग्गा क्षेत्रीय नापतौल तथा गुणस्तर कार्यालयको नाममा र बाँकी ६ कठ्ठा जग्गा घरेलु तथा साना उद्योग कार्यालयको नाममा कायम रहेको देखिन्छ । उक्त दुवै कित्ता जग्गा कार्यालयले प्रयोगमा नल्याएको र अन्य व्यक्तिहरुबाट अतिक्रमण भई उपभोग गर्दै आएको पाइयो । कार्यालयले आफ्नो नाममा रहेको जग्गाको संरक्षण तथा प्रयोग गरेको पाइएन । अतिक्रमण हटाई सरकारी सम्पत्तिको संरक्षण र उपयोगमा गम्भीर हुनुपर्छ ।

८. **तलबी प्रतिवेदन –** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) अनुसार मन्त्रालय, विभाग र उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताब खाना र जिल्लास्थित कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च

लेख्नुपर्ने व्यवस्था छ । उद्योग मन्त्रालयलगायत १८ कार्यालयले यो वर्ष तलबी प्रतिवेदन परित नगराई रु.३ करोड ९२ लाख ७१ हजार खर्च लेखेका छन् ।

९. **अग्रिम कर** – घरेलु तथा साना उद्योग विकास समिति १५ र घरेलु तथा साना उद्योग कार्यालय ३ ले पारिश्रमिक, भत्ता वा सामान खरिद गरी बिलको भुक्तानी दिंदा आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार कटाउनुपर्ने अग्रिम कर रु.१ लाख ३ हजार कट्टी गरेको छैन ।

१०. **मूल्य अभिवृद्धि कर** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु.५ हजारभन्दा बढीको खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकाबाट खरिद गर्नुपर्ने व्यवस्था छ । घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय ५ ले मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्महरुबाट रु.८ लाख ८३ हजार र घरेलु तथा साना उद्योग कार्यालय, ललितपुरले एक फर्मबाट रु.४ लाख २८ हजार बराबरका सामान खरिद गरेको पाइयो । बाजुरा र ललितपुरले मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्महरुबाट खरिद गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी दिन नमिल्नेमा रु.४० हजार भुक्तानी गरेका छन् ।

११. **महसुल फिर्ता** – औद्योगिक व्यवसाय ऐन, २०४९ र औद्योगिक नीति, २०४९ ले उत्पादक उद्योगले निकासा गरेको सामानको लागि खपत भएको कच्चापदार्थमा लागेको महसुल माग भएको ६० दिनभित्र फिर्ता दिनुपर्ने व्यवस्था छ । उद्योगहरुले २०५८ मा महसुल फिर्ताका लागि माग गरेकोमा २०६५ मा एकद्वार समितिबाट सिफारिस भई यो वर्ष २३ उद्योगलाई निकासी गरेबापत उद्योग विभागले रु.५ करोड १० लाख ६२ हजार भन्सार महसुल फिर्ता खर्च लेखेको छ । महसुल फिर्ता गर्ने निर्णय समयमा हुन नसकी ७ वर्षभन्दा बढी लाग्न गएको छ ।

खानी तथा भूगर्भ विभाग

१२. **ग्याँस वेल** – प्राकृतिक ग्याँस अन्वेषणबाट निर्माण गरिएका उपत्यकाभित्रका विभिन्न १४ स्थानका ग्याँस वेलहरुको सुरक्षाका लागि यो वर्ष रु.११ लाख ७७ हजार खर्च गरेको देखियो । बीसौं वर्षदेखिका यी वेलहरुबाट ग्याँस उत्पादन गरी प्रयोगमा आएको देखिदैन । वेलहरु समयमै कार्यान्वनमा नल्याउँदा निर्माण तथा सुरक्षा खर्चको सदुपयोग भएको पाइएन ।

१३. **खनिज राजस्व** – विभागबाट वर्षेनी विभिन्न खनिज तत्वको अध्ययन अनुसन्धान तथा सर्वेक्षण हुने गरेपनि चूनढुङ्गा, खरी ढुङ्गा, कोइला आदिबाट मात्र राजस्व प्राप्त भएको देखिन्छ । यो वर्ष अनुसन्धान तथा सर्वेक्षण कार्यमा रु ५६ लाख ८८ हजार खर्च भएको देखिन्छ । खनिज उत्खननबाट लिने रोयाल्टीको २०५६ मा कायम दरमा २०६५।९।४ मा पुनरावलोकन गर्न मन्त्रालयमा पत्राचार गरेपनि संशोधन भएको छैन । खनिज तत्वबाट हुने उत्पादनको बजार मूल्यसमेत विचार गरी रोयल्टीका दरहरु समायोजन हुनुपर्छ ।

१४. **भूबहाल** – यो वर्ष पेट्रोलियम अन्वेषण परियोजनाले पेट्रोलियम उत्खनन् कार्यको लागि अनुमति दिएका २ कम्पनीमध्ये बेलायती कम्पनीबाट ल्बक नं १,२,४,६ र ७ का खानीहरुको भूबहाल रु.१ करोड ५८ लाख २३ हजार असुल भएको छ । ल्बक नं. ३ र ५ को लागि २०५५।८।२८ मा सम्झौता भएको अर्को एक अमेरिकी कम्पनीसँग सम्झौताअनुसार ९ हजार ८५३ वर्ग किलोमिटर खानीका क्षेत्र प्रयोगबापत प्रतिवर्ग किलोमिटर वार्षिक अमेरिकी डलर १० का दरले ८.५ वर्षको रु.६ करोड २७ लाख २९ हजार (८ लाख ३७ हजार ५०५ अमेरिकी डलर) असुल गरेको छैन । यस सम्बन्धमा व्यस्थापन पक्षसँग छलफल हुँदा काम गर्न नसकेको अवस्थामा भूबहाल नलिने गरी सम्झौता भएको कारण भूबहाल नलिएको भन्ने भनाइ रहे तापनि कम्पनीले काम गर्न नसकेको कारण र अवस्था खुलाएको छैन । अन्वेषण कार्यको अनुमति दिंदा निश्चित अवधिभित्र कार्य गर्नुपर्ने र नगरेमा अनुमति खारेज हुने व्यवस्था हुनुपर्छ ।

१५. **जग्गा अतिक्रमण** – घरेलु तथा साना उद्योग विकास समितिको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका वडा नम्बर १० स्थित ९ रोपनी १४ आना १ पैसा ३ दाम जग्गा स्थलगत निरीक्षणको क्रममा अन्य व्यक्तिहरुले अतिक्रमण गरी नर्सरी (बिरुवा) तथा तरकारी खेती गर्दै आएको पाइयो । उक्त जग्गामा घरेलु तथा साना उद्योग विभागले घरेलु ग्राम स्थापनार्थ पर्खाल लगाउन २०६४।२।१७ मा ठेक्का सम्झौता गरेकोमा अतिक्रमण गरी व्यवसाय सञ्चालन गरेका व्यक्तिहरुलाई हटाउन नसकी २०६५।७।२१ को निर्णयबाट ठेक्का सम्झौता अन्त गरेको देखिन्छ । सरकारी जग्गाको संरक्षण गर्नेतर्फ समयमै ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

अतिक्रमण गरिएको जग्गा र नर्सरी व्यवसाय

विशेष आर्थिक क्षेत्र आयोजना

१६. **लक्ष्य र प्रगति** – आयोजनाको लागि यो वर्ष रु.३१ करोड ७ लाख ५ हजार विनियोजन भएकोमा रु.९ करोड ५० लाख ५२ हजार (३०.५९ प्रतिशत) खर्च भएको छ । २०५६।५७ देखि सञ्चालन हुदै आएको यो आयोजनाको कुल लागत र कार्य सम्पन्न गर्ने अवधि स्पष्ट नहुनुको साथै प्रस्तुत वार्षिक कार्यक्रम तथा लक्ष्य प्रगतिमा हालसम्मको प्रगति खुलाएको छैन । आयोजनाले सम्पन्न गर्नुपर्ने कार्यमध्ये औद्योगिक व्यवसाय ऐनको तर्जुमा, विभिन्न स्थानमा जग्गा प्राप्ति, मुआव्जा वितरण पूर्वाधार विकास, पार्किङ क्षेत्र पहुँच सडक निर्माणजस्ता कार्यहरु थालनी भएको छैन ।

वार्षिक कार्यक्रमअनुसार पाँचखाल, धनगढी र अन्य स्थानमा जग्गा प्राप्त हुन नसकेको र सार्वजनिक निर्माण कार्य अवरुद्ध भएकोले काम हुन नसकेको जानकारी गराएको छ ।

१७. **निर्माण कार्य** – भैरहवा विशेष आर्थिक क्षेत्रमा निर्माण भइरहेको प्रशासकीय र सेवा केन्द भवनहरुको निर्माण कार्य विगत वर्षमा सुरु भएकोमा दुई पटक म्याद थप भएको छ । सम्झौताअनुसार २०६७ असार मसान्तसम्ममा काम सम्पन्न हुनुपर्नेमा २०६७।१०।२२ मा निरीक्षण गर्दा भूई तल्लाको स्ट्रक्चर पनि पूरा भएको पाइएन । उक्त भवनहरुको निर्माण कार्यको लागि यो वर्ष विनियोजित रु.५ करोड ८९ लाख ९१ हजारमध्ये रु.४ करोड १७ लाख ६० हजार (७०.७९ प्रतिशत) खर्च हुन नसकी फ्रिज भएको छ । समयमा कार्य नभएकाले खरिद गरी ल्याएका फलामका डण्डीहरुको गुणस्तरमा ह्रास आउने स्थिति रहेको छ ।

बन्दैरहेको प्रशासकीय भवनहरु

घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र

१८. **अस्थायी दरबन्दी** – केन्द्रले प्रत्येक वर्षको लागि विभिन्न पदहरुको अस्थायी दरवन्दी सिर्जना गरी कर्मचारीको म्याद थप गर्दै तलब भत्ता खर्च लेख्दै आएको छ । यो वर्ष उद्योग सचिवको अध्यक्षतामा बसेको बैठकबाट उद्योग मन्त्रालयअन्तर्गत २०६६।६७ मा सञ्चालन हुने विकास आयोजनाको १२ पदका ४४ अस्थायी दरबन्दी सिर्जना गरी २९ अस्थायी कर्मचारीको लागि रु.४८ लाख ७० हजार तलब भत्ता खर्च लेखेको छ । निर्णयको द्रष्टव्यमा लेखापाल, सहलेखापाल र स्टोरकिपरले गर्ने कार्यका लागि स्थायी कर्मचारीबाटै काम लिने व्यवस्था

गर्ने भनिएकोमा सहलेखापाल पद समेत सिर्जना गरेको छ । प्रशिक्षण केन्द्र विकास आयोजना नभई विभागअन्तर्गतको तालिम कार्यक्रम सञ्चालन गर्ने कार्यालय भएकाले अस्थायी दरबन्दी स्वीकृत गराई लामो समय राखी खर्च लेख्ने कार्य उपयुक्त देखिएन । यस सम्बन्धमा समयमै आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

१९. **भाडा –** तत्कालीन सेरामिक्स प्रबर्द्धन आयोजना र भक्तपुर सेरामिक्स प्रा.लि. बीच २०५१।६।७ मा भक्तपुर औद्योगिक क्षेत्रभित्र रहेको ५ हजार ९११.२५ वर्ग फुटको पक्की भवन र त्यसमा बनाएको ४ हजार १०६ वर्गफुटको टहरा समेत पट्टामा दिने गरी १० वर्षको लागि सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

१९.१ यो वर्ष भक्तपुर सेरामिक्स प्रा.लि.ले २०५४।५५ देखि २०६६।६७ सम्म बुझाउनुपर्ने भवन भाडा बापतको रु. १५ लाख ४४ हजार रकम दाखिला गरेको मध्ये रु.९ लाख २८ हजार गत वर्ष र यस वर्षको भाडा उल्लेख गरेको छ । बाँकी रु.६ लाख १६ हजारको वर्षगत रुपमा असुली खुलाएको छैन । केन्द्रले प्राप्त गर्नुपर्ने भाडाको अभिलेख नराखेकोले प्राप्त हुनुपर्ने भाडा यकिन हुन सकेन । उद्योगले दिएको विवरणअनुसार २०५४ भाद्रदेखि २०६७ असार मसान्तसम्मको भाडा रु.८ लाख ५८ हजार र १० प्रतिशतले लाग्ने जरिबाना रु.९ लाख ७ हजार समेत रु.१७ लाख ६५ हजार उठाउन बाँकी रहेको देखिन्छ । तर उद्योगले २०६३।६४ को मात्र रु.२ लाख ६३ हजार बुझाउन बाँकी देखाएको छ ।

केन्द्रले २०५३।५४ सम्मको लिनुपर्ने बाँकी भाडा रु.२ लाख ७४ हजार र सोमा लाग्ने जरिबान रकम प्राप्त भए नभएको स्पष्ट गरेको छैन ।

१९.२ उद्योगले प्रयोग गर्दैआएको ४ हजार १०६ वर्गफुटको टहराको साबिक मासिक भाडा रु.५१३।२५ लिदै आएकोमा २०६१ भाद्रदेखि भाडा नलगाउने मौखिक सहमति भएअनुसार रकम नबुझाएको भन्ने उद्योगको भनाइ रहेको छ । उद्योग निरीक्षण गर्दा २०५१ देखि नै प्रयोग हुँदै आएको उक्त टहरामा उद्योगले माटो प्रोसेसिङ र टायलहरु बनाउने मेसिनहरु जडान गरेको देखिन्छ । टहरा प्रयोग गर्दैरहेको अवस्थामा भाडा नलिने सहमति गरेकोले भाडा नबुझाएको भन्ने आधार मनासिब देखिदैन ।

भवन तथा टहराको भाडा दर औद्योगिक क्षेत्रले निर्धारण गरेअनुसार हुने सम्झौताको दफा ३ मा उल्लेख भएअनुसार भवनको भाडा दर बढाए पनि टहराको भाडा बढाएको छैन । साबिककै दरमा पनि २०६१ भाद्रदेखि बुझाउनुपर्ने ७१ महिनाको भाडा रु.३६ हजार र सम्झौताको दफा १० अनुसार सोमा लाग्ने १० प्रतिशत जरिबानासमेत असुल भएको छैन । सम्झौता अवधि २०६१ श्रावण मसान्तसम्म रहेकोमा त्यसपछि नवीकरण भएको देखिएन । अत: बाँकी भाडा यकिन गरी असुल गर्नुपर्दछ ।

२०. **बजेट निष्क्रिय –** यो वर्ष रोजगारीका लागि सीप विकास कार्यक्रमका लागि घरेलु तथा साना उद्योग कार्यालय १० र घरेलु तथा साना उद्योग विकास समिति १५ लाई रु.१० करोड ७४ लाख ३६ हजार विनियोजन भएकोमा रु.३ करोड ५६ लाख ९३ हजार (३३.२२ प्रतिशत) खर्च भएको देखिन्छ । उदयपुर, अर्घाखाँची, खोटाङ र बझाङले कुनै पनि कार्यक्रम सञ्चालन नगरी रकम निष्क्रिय हुन गएको छ । पर्सा, कैलाली, सर्लाही, धनुषा, नवलपरासी र सप्तरीले ५ प्रतिशत पनि रकम उपयोग गर्न सकेको देखिएन ।

संगठित संस्थातर्फ

उदयपुर सिमेन्ट उद्योग लिमिटेड (२०६६।६७)

गुणस्तरीय सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले २०४४ मा स्थापना भई कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यो उद्योगको यस वर्षको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

२१. **लेखापरीक्षणको स्थिति** – आर्थिक वर्ष २०६२।६३, २०६३।६४, २०६४।६५, २०६५।६६ र यस वर्षको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन क्रमश: २०६४।९।१३, २०६५।५।३०, २०६६।५।१२, २०६७।३।१ र २०६७।११।१७ मा उपलब्ध गराइ सञ्चालक समितिको जवाफको लागि अनुरोध गरिए तापनि हालसम्म प्रतिक्रिया सहित

सञ्चालक समितिबाट प्रमाणित वित्तीय विवरण उपलब्ध नभएको कारण ती वर्षहरुको अन्तिम लेखापरीक्षण कार्य टुङ्गिन सकेको छैन ।

२२. **सञ्चालन नतिजा** – गत वर्षको प्रोभिजनल वासलात तथा नाफा नोक्सान हिसाबले रु.१ अर्ब ६६ करोड ९९ लाख ८८ हजार सञ्चित नोक्सानी देखाएकोमा यो वर्षको प्रोभिजनल वासलात तथा नाफा नोक्सान हिसाबमा गत वर्षसम्मको सञ्चित नोक्सानी रु.१ अर्ब ६८ करोड ५० लाख ६५ हजारमा यो वर्षको नोक्सान रु.८ करोड ७९ लाख ८५ हजार थप भई यो वर्षसम्म रु.१ अर्ब ७७ करोड ३० लाख ५० हजार नोक्सान देखाएको छ । मन्त्रिपरिषद्को २०५७।५।१५ को निर्णयअनुसार कार्य सम्पन्न भइसकेको रु.३ अर्ब २० करोड ४३ लाखको सम्पत्ति पूँजीकरण नगरेकोले सोमा सुरुदेखि यो वर्षसम्मको ह्रास कट्टी नगरेको साथै सोबापतको खर्च लेखाङ्कन पनि गरेको छैन । विगत वर्षहरुदेखिको लेख्नुपर्ने ह्रास खर्च, खपत भइसकेको कच्चा पदार्थ, जगेडा पार्टस, लुब्रिकेन्टस् तथा खपत भइसकेको भण्डार सामानका साथै प्रतीतपत्र हिसाब बाँकीमध्ये खरिद भई खपत भएको सामानको खर्च र सो सामानको ढुवानी तथा भन्सार महशुल समेतको खर्च लेखाङ्कन गर्ने हो भने नोक्सानी अझै बढ्ने देखिन्छ ।

२३. **जिम्मेवारी फरक –** यस वर्षको वासलातमा गत वर्षको रकम सोही वर्षको वासलातमा उल्लेख भए अनुसार जिम्मेवारी सारेको पाइएन । २०६५।६६ को वासलातमा सञ्चित नोक्सान रु.१ अर्ब ६६ करोड ९९ लाख ८९ हजार, जिन्सी मौज्दात रु.६३ करोड ८८ लाख ३९ हजार, नगद तथा बैङ्क रु.१ करोड ५३ लाख ८२ हजार, अग्रिम भुक्तानी, पेश्की सापटी, धरौटी रु.१६ करोड ४८ लाख ३४ हजार र व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रु.१ अर्ब १७ लाख २५ हजार देखाएकोमा यो वर्षको वासलातमा ती शीर्षकहरुमा क्रमश: रु.१ अर्ब ६८ करोड ५० लाख ६५ हजार, ६२ करोड ५५ लाख ९० हजार, १ करोड ५४ लाख २९ हजार, १५ करोड ९४ लाख ८६ हजार र ९९ करोड ८२ लाख ५० हजार जिम्मेवारी सारेको छ । तुलनात्मक नाफा नोक्सान हिसाबमा पनि बिक्री लागत, प्रशासकीय खर्च र अन्य आम्दानी शीर्षकमा गत वर्षभन्दा फरक रकम उल्लेख गरेको देखियो । यसरी फरक पर्नुको कारण र पुष्ट्याँई हुने स्रेस्ता, कागजात पेश भएन । गत वर्षको वित्तीय विवरणमा पनि विगत वर्षमा उल्लेख भए अनुसारको भन्दा घटीबढी अङ्क देखाएको छ ।

२४. **लक्ष्य प्रगति** – यो वर्ष क्षमताको ५० प्रतिशत उत्पादन गरी बिक्री वितरण गर्ने वार्षिक लक्ष्य राखेकोमा लक्ष्यको तुलनामा क्लिंकर ५३.०५ प्रतिशत तथा सिमेन्ट उत्पादन ५१.५७ प्रतिशत मात्र प्रगति गरेको छ । उत्पादन क्षमताको हिसाबले क्लिंकर र सिमेन्टको उत्पादन क्रमश: २६.६० र २६.८८ प्रतिशत रहेको देखिन्छ । गत वर्ष र यो वर्ष समेत क्षमताको २५ प्रतिशत मात्र उद्योग सञ्चालनमा रहेकोले यसको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

२५. **शेयर पूँजी** – अधिकृत पूँजी रु.४ अर्ब र जारी पूँजी रु.३० करोड रहेकोमा साधारण शेयर रु.४४ करोड ३७ लाख ५१ हजार र अग्राधिकार शेयर रु.३ अर्ब २० करोड ४३ लाख समेत रु.३ अरब ६४ करोड ८० लाख ५१ हजारको शेयर जारी गरेको छ । जारी पूँजीभन्दा बढी शेयर निष्काशन गरेकोमा कम्पनी ऐन, २०६३ बमोजिम स्वीकृति नलिएको व्यहोरा गत वर्ष उल्लेख गरे तापनि कारबाही भएको देखिएन ।

२६. **ऋण –** गत वर्षसम्म मध्यम तथा दीर्घकालीन ऋण रु.१ अर्ब ७४ करोड रहेकोमा यस वर्षको अन्त्यमा पनि सोही रकम यथावत रहेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन्

२६.१ महालेखा नियन्त्रक कार्यालयले २०६६ आषाढ मसान्तमा उद्योगसँग लिन बाँकी ऋण रु.२ अर्ब २२ करोड ५० लाख देखाएकोमा उद्योगको लेखा अनुसार रु.१ अर्ब ७४ करोड मात्र तिर्न बाँकी देखिएकोले दुई निकायबीच लिन दिन बाँकी हिसाबमा रु.४८ करोड ५० लाख फरक परेको छ । फरक हिसाब मिलान गर्नेतर्फ कार्य नभएको व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिए तापनि स्थिति यथावत् छ । त्यसैगरी फरक ऋणको सम्भावित दायित्वको व्यवस्था पनि गरेको छैन ।

२६.२ नेपाल सरकारको २०५७।५।१५ को निर्णयानुसार कायम भएको ऋण रु.२ अर्ब ५५ करोड ६२ लाख भुक्तानी तालिकाको अभावमा उद्योगले आफ्नो सुविधाअनुसार भुक्तानी गर्दै आएको छ । उक्त निर्णयमा ५ प्रतिशत

ब्याजको ऋण १२ वर्षभित्र वार्षिकरुपमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । २०५२ आषाढमा ऋण कायम गरेको आधारमा २०६४ आषाढ मसान्तसम्ममा सबै ऋण चुक्ता गरी सक्नुपर्नेमा यो वर्ष पनि ऋण फिर्ता नगरी रु. १ करोड ७४ लाख बाँकी देखाएको छ ।

२७. **स्थिर सम्पत्ति** – वर्षान्तमा रु.५ अर्ब ३२ करोड ६५ लाख ३५ हजारको स्थिर सम्पत्ति रहेको देखाएको छ । भौतिक परीक्षण नगरेकोले सम्पत्तिको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

मन्त्रिपरिषद्ले २०५७/०५/१५ मा रु.३ अर्बलाई स्थिर सम्पत्तिमा लेखाङ्कन गर्ने, बाँकी रु.३ अर्ब २० करोड ४३ लाखलाई एकमूष्ट निर्माणाधिनसम्पत्तिमा लेखाङ्कन गर्ने र १३ वर्ष पछि निर्माणाधिन सम्पत्तिलाई स्थिर सम्पत्तिमा समावेश गर्ने निर्णय गरेको छ । उद्योगले २०४९ माघमा रु.३ अर्बलाई स्थिर सम्पत्तिमा र रु.३ अर्ब २० करोड ४३ लाखलाई निर्माणाधिन सम्पत्तिमा लेखाङ्कन गरेको छ । निर्माणाधिन सम्पत्तिलाई हालसम्म पनि स्थिर सम्पत्तिमा समावेश गरी लेखा अद्यावधिक गरेको पाइएन ।

२८. **अल्पकालीन ऋण** – एक जुट मिललाई जुट बोरा आपूर्ति गर्ने शर्तमा २०५१।६।२४ मा रु.२४ लाख अल्पकालीन ऋण उपलब्ध गराएको छ । सोबाहेक रु.११ लाख १३ हजारको पेश्की पनि बाँकी छ । दुई महिनाभित्र जुट बोरा सप्लाई गर्न धितो जमानी राखे तापनि हालसम्म साँवा, ब्याज तथा पेश्की समेत असुलीको निमित्त कानूनी प्रक्रिया थालनी गरेको छैन ।

उद्योग मन्त्रालयको पत्रानुसार पछि शोधभर्ना लिने गरी २०५२।६।३१ मा सोही मिललाई करार/सम्झौता बेगर ऋण उपलब्ध गराएको रु.१० लाख पनि असुली गरेको छैन । यस सम्बन्धमा विगत वर्षको प्रतिवेदनबाट समेत ध्यानाकर्षण गराएकोमा सुधार भएको पाइएन ।

२९. **लेनदेन हिसाब** – यो वर्षसम्म अग्रिम भुक्तानी, पेश्की, सापटी र धरौटी रु.१८ करोड ३५ लाख ८५ हजार रहेको छ । यसमध्ये कर्मचारी पेश्की रु.९७ लाख १५ हजार, घर सापटी रु.५ करोड ७४ लाख ६४ हजार, सामाजिक सापटी रु.१ करोड ६६ लाख ३० हजार रहेको छ । यी रकमहरुको आयु वर्गीकरण गरी विवरण तयार गरेको छैन । कर्मचारी पेश्की र कर्मचारीलाई उपलब्ध गराएको सामाजिक र घर सापटीको व्यक्तिगत विवरण तयार नगरेकोले सोको यकिन गर्ने आधार देखिएन ।

२९.१ कर्मचारीहरुलाई प्रदान गर्दै आएको घर सापटी बीमाको किस्ता बापतको रकम कर्मचारीको तलबबाट कट्टी गरी असुल्ने गरेको छ । कर्मचारीबाट कट्टी गरको रकम बीमाको किस्तासँग भिडान नभएको हुँदा कर्मचारीहरुबाट वर्षभरि कट्टी गर्नुपर्ने रकम कट्टा भएको छ भनी यकिन गर्न सक्ने अवस्था छैन । कर्मचारीहरुबाट वीमाको किस्ता बापत असुल गरेको रकमलाई अग्रिम प्रिमियम भुक्तानीअन्तर्गत नदेखाई घर सापटीअन्तर्गत लेखाङ्कन गरेको छ ।

२९.२ सामान सप्लाई, दस्तुर, टेलिफोन जडान आदिबापत विभिन्न संघ संस्था तथा सप्लायर्सको नाममा रु.२४ लाख ३९ हजार धरौटी राखेको छ । यसमध्ये २०५४।५५ र २०५५।५६ मा ९ संस्थाको नाममा राखेको धरौटी रु.१७ लाख हिसाब अध्यावधिक गर्न बाँकी रहेको छ ।

३०. **बजेट** – यस वर्ष औषधि उपचार शीर्षकमा रु.५९ लाख बजेट छुट्याएकोमा ३६.५ प्रतिशत, अतिरिक्त समय भत्तामा रु.२ करोड ५० लाख छुट्याएकोमा ४४ प्रतिशत, भ्रमण भत्तामा रु.१८ लाख छुट्याएकोमा ३० प्रतिशत, प्रशासनिक खर्च तर्फ विज्ञापन खर्चकोलागि रु.३० लाख ५० हजार छुट्याएकोमा ७१ प्रतिशत र अतिथि सत्कार खर्चमा रु.६ लाख छुट्याएकोमा ३६ प्रतिशत बजेटभन्दा बढी खर्च गरेको छ ।

केही शीर्षकमा यो वर्ष खर्च नभएको र कुनै शीर्षकमा बजेटभन्दा ७०.८५ प्रतिशत बढी खर्च भएको छ । यसबाट उद्योगले सत्य तथ्य विवरणहरु सङ्कलन तथा अध्ययन गरी बजेट तर्जुमा गरेको देखिन आएन । बजेटको सीमाभन्दा बढी खर्च गरेकोमा सञ्चालक समितिबाट पूर्व स्वीकृति तथा समर्थन लिएको पाइएन । बोर्डले समय सापेक्ष (त्रैमासिक अथवा अर्ध वार्षिक) बजेटको समीक्षा तथा पुनरावलोकन गर्ने गरेको छैन ।

३१. **प्रतीतपत्र** – कुल रु.३ करोड ५८ लाख ७३ हजार प्रतीतपत्र पेश्कीमध्ये २०६१।६२ अगाडि खोलिएको रु.१ करोड ४२ लाख २४ हजारको प्रतीतपत्र हिसाब हालसम्म बन्द गरेको पाइएन । प्रतीतपत्रको विवरण तयार नगरेकोले वासलातमा देखाएको रकम यकिन गर्ने अवस्था देखिएन ।

३२. **बिक्री कर** – मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि कच्चा पदार्थ आयात गर्दा भन्सारमा तिरेको रु.१३ लाख ७३ हजार बिक्री कर मूल्य अभिवृद्धि करबापत तिर्नुपर्ने रकममा हिसाब मिलान गर्न बाँकी रहेको देखिन्छ । सोको प्रज्ञापनपत्र तथा विवरण उद्योगमा नरहेकोले शोधभर्ना पाउने वा समायोजन गर्ने अवस्था नदेखिएकोले अपलेखन गर्नुपर्ने देखिन्छ ।

३३. **सरकारी ऋणमा ब्याज** – नेपाल सरकारको २०५७।५।१५ को निर्णयले कायम गरेको ऋणमा गत वर्षसम्मको तिर्न बाँकी ब्याज रु.७२ करोड ५९ लाख ३१ हजारमा यो वर्षको थप रु.८ करोड ७० लाख र यस वर्ष नेपाल सरकारलाई भुक्तानी गरेको रु.१ करोड कट्टा गरी वर्षान्तमा रु.८० करोड २९ लाख ३१ हजार बाँकी देखाएको छ । बाँकी रकम महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग भिडान गरी हिसाब अद्यावधिक गरेको देखिएन । प्रभावकारी योजना बनाई ब्याज भुक्तानी नगरी उद्योगको सुविधाअनुसार न्यून रकम मात्र भुक्तानी गर्ने गरेको पाइयो ।

३४. **भुक्तानी दिनुपर्ने** – यो शीर्षकमा वर्षान्तमा रु.८ करोड ३२ लाख १० हजार ऋणात्मक देखाएको छ । सामान खरिद बापत अग्रिम भुक्तानी गरेको, खरिद पेश्की रकमलाई यो शीर्षकमा लेखाङ्कन गरेको छ । लेखा सिद्धान्त विपरित भुक्तानी दिनुपर्ने रकममा लिनुपर्ने रकमसमेत समावेश गरेकोले मौज्दात ऋणात्मक देखाएको छ । सम्बन्धित व्यक्ति, संघ संस्थाहरुबाट समर्थन पत्र नलिएकोले उक्त रकम यकिन हुने अवस्था छैन । सो रकममा धेरै पुराना असुल गर्न बाँकी रकमसमेत रहेको देखिन्छ ।

३५. **जिन्सी मौज्दात** – यो वर्षको अन्तमा रु.७६ करोड २२ लाख ४६ हजार रहेको छ । भण्डार शाखाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष जिप्सम र फर्नेस आयल क्रमश: ३ हजार ८९५ मे टन र ३९५.९० किलोलिटर खपत गरेको देखियो । उत्पादन महाशाखाले उपलब्ध गराएको रेकर्डमा भने क्रमश: ३ हजार ५९२ मे.टन र ४३२.५ किलोलिटर खपत देखिएकोले उक्त फरक सम्बन्धमा छानविन गर्नुपर्ने देखिन्छ ।

गत वर्षको लेखापरीक्षणको क्रममा २०६६।१०।१२ मा भण्डारको भौतिक परीक्षण गर्दा खातामा मौज्दात देखाएको पावर सप्लाई बोर्ड ८, आर/आई कन्भर्टर १०, इक्वयल साइड एङ्गल १८२५, फ्लेगजिवल प्वाइन्ट ई जे २५०-२, पोर्टेवल क्यालिब्रेटर ३ थान क्रमश: रु.८ लाख १५ हजार, ४ लाख ९७ हजार, १ लाख १९ हजार, १ लाख ५९ हजार र २५ हजारका सामान मौज्दात देखिएन ।

पर्याप्त मौज्दात हुदा हुदै जिन्सी सामान आवश्यक पर्ने परिमाण भन्दा अत्याधिक मात्रामा खरिद गर्ने गरेको पाइयो । फर्निस आयल ४६३.८५ किलो लिटर मौज्दात हुँदा हुँदै यो वर्ष रु.६७ लाख ४३ हजारको १३७.९६९ किलो लिटर खरिद गरेको पाइयो । यो वर्ष १२४.३३० किलोलिटर मात्र खपत भएको छ । वार्षिक उपयोगको हिसाबले ३ वर्षलाई पुग्ने मौज्दात रहेको देखिन्छ । त्यस्तै जिप्सम ४ हजार ५४१.६३ मेट्रिक टन मौज्दात हुँदा हुँदै यो वर्ष रु.३ हजार १९९.४३ मेट्रिक टन खरिद गरेको छ । यो वर्ष ३ हजार ३४६ मेट्रिक टन मात्र खपत भएको देखिन्छ । नन कुकिङ्ग कोइला रु.८३ लाख २० हजारको १ हजार १४४.८५० मेट्रिक टन विगत ५ वर्षदेखि मौज्दात सार्दै ल्याएको देखिन्छ । भौतिक परीक्षण गर्दा उक्त कोइला मौज्दात रहेको देखिएन ।

३६. **नगद तथा बैङ्क –** वर्षन्तमा विभिन्न बैङ्कमा रु.१ करोड १६ लाख ४६ हजार मौज्दात देखाएको छ । वाणिज्य बैङ्कबाट ४ खाताको मौज्दात समर्थनपत्र लिई हिसाब मिलान गरेको छैन । विभिन्न बैङ्कमा रहेको १० खातामा कुनै कारोबार भएको समेत पाइएन ।

३७. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणको लागि छुट्टै आन्तरिक लेखा परीक्षण विभाग रहेको छ । उक्त विभागबाट आन्तरिक लेखापरीक्षण प्रतिवेदन अन्तिम लेखापरीक्षणको लागि प्राप्त भएन । अर्थ महाशाखाबाट तयार पारिएका वित्तीय विवरण परीक्षण गरी सुझाव दिने, व्यावसायिक क्रियाकलाप मितव्ययी,

दक्ष र प्रभावकारी बनाउन एवं संगठन व्यवस्थापनलाई सुदृढ पार्न सुझाव दिने कार्य आन्तरिक लेखापरीक्षण विभागले गरेको देखिएन । आन्तरिक लेखापरीक्षणको काम नगरे तापनि अतिरिक्त समय काम गरेको उल्लेख गरी ४ कर्मचारीलाई रु.६० हजार अतिरिक्त भत्ता समेत खर्च लेखेको छ ।

२०६५।६६

३८. **कोइला खरिद –** ननकुकिङ कोइला १० हजार मेट्रिकटन आपूर्तिको लागि टेण्डर आव्हान गर्दा प्रति मेट्रिक टन रु.७,४८०।–, ७,४६१।– र ७,४६१।– दरका ३ बोलपत्र परेको देखिन्छ । मूल्याङ्कन समितिले उल्लेखित दरमा खरिद गर्दा प्रति मेट्रिक टन रु.१,४००।– महङ्गो पर्न गएकोले दर घटाघट गर्न बोलपत्र दाताहरुसँग सिलवन्दी दरभाउपत्र माग गर्न राय पेश गरेको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ ले महंगो बोलपत्र परेको कारण जनाई घटाघट गराई सामान खरिद गर्ने व्यवस्था गरेको देखिएन । बढी मूल्य पर्ने अवस्थामा टेण्डर रद्द गरी पुन: टेण्डर आव्हान गर्न सकिने उक्त ऐनको प्रावधानतर्फ ध्यान दिएको देखिएन । यससम्बन्धी थप व्यहोरा निम्न छन् :

३८.१ सञ्चालक समितिको बैठकले दुई आपूर्तकलाई प्रति मेट्रिकटन ७,४००।– को दरमा ५/५ हजार मेट्रिकटन आपूर्ति व्यवस्था मिलाउन व्यवस्थापनलाई निर्देशन दिएको देखिन्छ । टेण्डर पेश गरेको एक आपूर्तकले २०६३।६४ मा सम्झौता गर्न नआएको कारण सिमेन्ट उत्पादनको कार्यमा व्यवधान पुऱ्याएको भए तापनि सोही आपूर्तकसँग कोइला खरिद गर्न सम्झौता गरेको छ ।

३८.२ दुई आपूर्तकलाई २०६५।४।१६ मा लेटर अफ इन्टेन्ड जारी गरी ७ दिन भित्र परफरमेन्स वण्ड लिइ सम्झौता गर्न आउन पत्र जारी गरेको मध्ये एक आपूर्तकले २०६४/४/२२ मा करार गर्न १५ दिनको म्याद माग गरेको र सो आपूर्तकसँग २०६५/५/१३ मा सम्झौता भएको देखिन्छ ।

आपूर्तकले २०६५/५/२ मा कोशी नदीमा बाढीले पूर्व पश्चिम राजमार्ग पूर्ण रुपमा बन्द भएकोले कोइला उपलब्ध गराउन नसकेको जनाइ रिसेड्युल उपलब्ध गराउन २०६५।७।२६ मा माग गरेको र २०६५/७/२ गते सम्मका लागि आकस्मिक परिस्थिति कायम गरी २०६५/७/३ देखि आपूर्ति तालिका कायम गरेको पाइयो । कोशी नदीको घटना २०६५।५।२ मा घटेकोले सम्झौता भन्दा अगाडि घटेको घटनालाई आकस्मिक घटनाको रुपमा लिन मिल्ने देखिदैन । सम्झौता गरेको मितिबाट करिब २.५ महिनासम्म पनि सामान उपलब्ध नगराएको अवस्थामा परफरमेन्स वण्ड जफत गर्नुपर्नेमा गरेको देखिएन ।

परफरमेन्स वण्डको मान्य अवधि २०६५/१०/२९ रहेकोले सो मान्य अवधि समाप्त हुनुभन्दा अगाडि नै उक्त वण्डको म्याद थप गर्न निर्देशन दिनुपर्नेमा २०६६/६/६ मा मात्र परफरमेन्स वण्डको म्याद थप गर्न पत्र लेखेको पाइयो ।

३८.३ आपूर्तकबाट २०६६/४/३१ मा एक वाणिज्य बैङ्कको २०६५/१०/२९ सम्म मान्य भएको परफरमेन्स वण्ड प्राप्त गरेको देखिन्छ । मान्य अवधि जारी मितिभन्दा अगाडि भएको परफरमेन्स वण्डको मान्यता समाप्त भएको देखिन्छ । यस्तो परफरमेन्स बण्ड लिनु र त्यसको आधारमा सामान आपूर्ति गराउनु उद्योगको हितमा देखिदैन ।

आपूर्तकले सप्लाई गरेको कोइला उद्योगको स्पेसिफिकेशन अनुसार नभई रिजेक्ट भएकोले पुन: कोइला सप्लाई गर्न ३७ दिन म्याद थप गरी दिन २०६५/९/११ मा लेखेको र आपूर्तकले पूर्वमा कोशीबाढी पीडितले गरेको बन्दका कारणले कोइला आपूर्ति गर्न नसकेको कारण अर्को २७ दिन म्याद थप गर्न आग्रह गरेको पत्रको आधारमा म्याद थपको निर्णय गरेको देखिन्छ । कोइला रिजेक्ट भएको एवं कोइलाको ढुवानी वीरगञ्जबाट गरिने र बन्द पूर्वमा भएकोले कारण देखाइ म्याद थप गर्न माग भएको आधारमा म्याद थप गर्नु मुनासिब देखिएन । म्याद थप बापत उद्योगलाई नोक्सानी भएको ३७ र २७ दिनको जरिबाना सम्बन्धित म्याद थप गर्नेबाट असुल गर्नुपर्ने देखिन्छ ।

३९. **साधारण सभा** – उद्योगको नियमावली अनुसार आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा कुनैपनि वर्षमा उक्त सभा गरेको छैन ।

नेपाल औषधि लिमिटेड (२०६६।६७)

जडीबुटीहरु सङ्कलन तथा औषधि उत्पादन गरी सुपथ मूल्यमा उपलब्ध गराइ औषधिको क्षेत्रमा राष्ट्रलाई आत्मनिर्भर बनाउने उद्देश्यले २०२९ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस लिमिटेडको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

४०. **उत्पादन र लक्ष्य** – यो वर्षको औषधि उत्पादन लक्ष्य १३ करोड २१ लाख ७३ हजार युनिट रहेकोमा १ करोड ६८ लाख १७ हजार (लक्ष्यको तुलनामा १२.७२ प्रतिशत) उत्पादन गरेको देखिन्छ । विगत तीन वर्षको प्रगति पनि लक्ष्यको तुलनामा कम रहेको देखिन्छ । यो वर्षको कुल बिक्री लक्ष्य रु.१३ करोड ३५ लाख रहेकोमा रु.९२ लाख ९३ हजार (लक्ष्यको तुलनामा ६.९९ प्रतिशत) मात्र बिक्री गरेको देखिन्छ । गत वर्ष उत्पादन तथा बिक्री लक्ष्य क्रमश: १२ करोड १८ लाख ६५ हजार ट्याबलट र बिक्री लक्ष्य रु.१३ करोड ४४ लाख रहेकोमा लक्ष्यको २०.३ र बिक्री १५.२५ प्रतिशत उत्पादन र बिक्री देखियो ।

४१. **आर्थिक स्थिति** – गत विगत वर्षदेखि निरन्तर रुपमा औषधि उत्पादनको परिमाण घट्दै गएको कारण लिमिटेडको आर्थिक स्थिति संकुचन हुदै गइरहेको छ । मूख्य व्यवसाय औषधि उत्पादन र बिक्रीमा निरन्तर ह्रास भइरहेको कारणले गत वर्षको सञ्चित घाटा रु.४१ करोड ८ लाखमा यो वर्ष रु.७ करोड ५१ लाख थप भई खुद सञ्चित घाटा रु.४८ करोड ५९ लाख पुगेको छ । खुद सम्पत्ति रु.३७ करोड ९४ लाखले ऋणात्मक रहेछ ।

४२. **ऋण अवस्था** – नेपाल क्रेडिट एण्ड कर्मश बैङ्कलाई रु.६ करोड ९५ लाख ४५ हजार र नेपाल सरकारको ऋण र ब्याज रु.२४ करोड १६ लाख ४० हजार समेत तिर्न बाँकी ऋण रु.३१ करोड ११ लाख ८५ हजार रहेको देखिन्छ । व्यापारिक तथा अन्य भुक्तानी दिनुपर्ने भाखा ननाघेको ऋण रु.१८ करोड २१ लाख ७४ हजारलाई असुरक्षित मध्यम तथा दीर्घकालीन ऋण अन्तर्गत वर्गीकरण गरी आर्थिक विवरणमा देखाएको छ । कमजोर आर्थिक अवस्थामा रहेको कारण ऋण र ब्याज समयमै चुक्ता गर्न पहल गर्नुपर्ने देखिन्छ । बैङ्कसँग लिएको ऋण र सोको ब्याज चुक्ता गर्न नसके बैङ्कको प्रक्रियाअनुरुप चल अचल सम्पत्ति लिलाम गरी ऋण असुली गर्न कारबाही अघि बढाएमा लिमिटेडको निरन्तरताको अस्तित्वमा प्रश्न चिन्ह खडा हुने देखिन्छ ।

४३. **स्थिर सम्पति** – स्थिर सम्पत्ति विवरण अनुसार २०६६।६७ आषाढ मसान्तसम्म रु.२ करोड २२ लाख १९ हजार रहेको देखाएको छ । वार्षिक रुपमा स्थिर सम्पत्तिको भौतिक परीक्षण गर्ने गरेको पाइएन । जिन्सी निरीक्षण विवरण पेश गरे तापनि सो विवरणमा निरीक्षण गर्ने व्यक्तिको नाम र मिति खुलाएको छैन ।

युनिसेफबाट प्राप्त मेसिन, स्पेयर पार्टस तथा सवारीसाधन रु.१ करोड ८९ लाख १५ हजार र युनिडोबाट प्राप्त मेसिन तथा स्पेयर पार्टस रु.६० लाख ८ हजारको पूँजीगत अनुदानको ह्रास कट्टी बराबरको रकम आम्दानी नवाधेकोले वित्तीय विवणले यथार्थ चित्रण गरेको छैन ।

४४. **जिन्सी** – काम नलाग्ने भनी यकिन गरेका कच्चा पदार्थ, प्याकिङ्ग मेटेरियल्स तथा अन्तिम तयारी औषधिहरुलाई समयमानै मिनाहा गर्ने निर्णय गरी स्टोर व्यवस्थापन सरल एवं सहज बनाउन पहल गरेको देखिएन । काम नलाग्ने अवस्थामा रहेको कच्चा पदार्थमा रु.६६ लाख ६ हजार र तयारी सामानमा रु.४८ लाख ४५ हजार समेत रु.१ करोड १४ लाख ५१ हजारको सम्भावित नोक्सानी व्यवस्था गरेको छैन ।

४५. **कर्मचारी दायित्व** – कर्मचारीहरुलाई भुक्तानी दिनुपर्ने दायित्व बापतको रु.४१ लाख ४३ हजार कर्मचारी पेश्कीमा समायोजन गरेकोले सम्पत्ति तथा दायित्व दुवै मिलेको छैन ।

कर्मचारीहरुको तलबबाट सञ्चयकोष कट्टा गरेको विगत वर्षसम्मको रु.८० लाख ६० हजार र गत वर्ष कट्टा गरेको रु.५७ लाख ३८ हजार समेत रु.१ करोड ३७ लाख ९८ हजार दाखिला गरेको छैन ।

४६. **लिन बाँकी** – व्यापारिक तथा अन्य प्राप्त गर्नुपर्ने रु.१ करोड २७ लाख १८ हजारमा विगत धेरै वर्षदेखि उठ्न बाँकी रु.३३ लाख ४० हजार समेत समावेश छ । सो बाहेक आपूर्तिकर्ता र अन्यलाई दिएको पुराना अग्रिम तथा धरौटी रु.८९ लाख ४४ हजार पनि शंकाष्पद अवस्था नै छ । लामो समयदेखि बाँकी देखाएका यी असामीहरु हाल अस्तित्वमा रहे नरहेको यकिन गरी बाँकी रकम उठाउन आवश्यक पहल गर्नुपर्दछ । यस्ता असामीका लागि सम्भावित नोक्सानीबापतको शंकाष्पद असामी व्यवस्था गरेको छैन ।

४७. **कर कट्टी** – आयकर ऐन, २०५८ को दफा ९० (१) अनुसार स्रोतमा कट्टी गरेको कर महिना समाप्त भएको १५ दिनभित्र विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा स्रोतमा कट्टी गरेको कर रु.९ लाख ४८ हजार आर्थिक वर्षको अन्त्यसम्म पनि दाखिला गरेको छैन ।

गत वर्ष घर बहाल आम्दानी गर्दा कट्टी गरेको बहाल करलाई अग्रिम आयकरमा देखाउने गरेको पाइएन । प्रत्येक महिनाको घरबहाल रु.१ लाख ५० हजारको १० प्रतिशत कर कट्टी गरी बाँकी रु.१ लाख ३५ हजार मात्र आम्दानी जनाउने गरेकाले १२ महिनाको हुने रु.१ लाख ८० हजार घरबहाल आम्दानी तथा अग्रिम कर कट्टी रकम कम लेखाङ्कन गरेको छ ।

४८. **कर्मचारी व्यवस्थापन** – कच्चा पदार्थ खरिद गर्न नपाएको अवस्थाले उत्पादन कार्य अवरुद्ध भई नगण्य परिमाणमा औषधि उत्पादन भएको छ । उत्पादन नभएको कारण बिक्रीसमेत नगण्य छ । औषधि बिक्रीबाट प्राप्त रकमको ठूलो हिस्सा प्रशासनिक एवं प्राविधिक गरी विभिन्न तहमा कार्यरत करिव २८८ कर्मचारीहरुको तलब तथा अन्य सुविधा बापत खर्च हुने गरेको छ । यी कर्मचारीहरु प्राय : काम नगरी बस्न बाध्य छन् भने व्यवस्थापनले लिमिटेडलाई आधुनिकिकरण गर्दै निरन्तरता दिन हालसम्म कुनै ठोस योजना बनाएको छैन । यस स्थितिमा हालको कर्मचारी संख्या र संरचनालाई राखी राख्न उपयुक्त हुने देखिदैन ।

२०६५।६६

४९. **म्याद नाघेको सामान** – यस वर्षसम्म म्याद नाघेको तयारी सामान रु.६ लाख ६ हजार र कच्चा पदार्थ रु.६२ लाख ९० हजारको रहेको छ । प्याकिङ्ग स्टोर अन्तर्गत प्रयोग नभई स्टोरमा रहेको विभिन्न सामानहरु प्रयोगयोग्य भए नभएको छुट्याई अयोग्य सामानको मूल्य यकिन गरी समायोजनको लागि कारबाही गरेको छैन ।

५०. **अस्वीकृत सामान** – भारतको एक फर्माबाट खरिद गरेको कच्चापदार्थ ड्राइड आल्मुनियम हाइड्रो अक्साइड ६८० के.जी. लाई २०६५।२।२५ मा कमसल ठहराएको छ । कमसल प्रमाणित भैसकेको सामानको प्रतिस्थापन गर्न २०६६।७।२० मा सामान प्राप्त भए तापनि काम नलाग्ने सामान फिर्ता गरेको छैन । पूर्ण संरक्षण तथा नियन्त्रण शाखाले स्वीकृत गरेको सामान मात्र दाखिला गर्नुपर्ने र कमसल सामानको भुक्तानी भएको रकम सम्बन्धित आपूर्तकबाट असुल गर्नुपर्दछ ।

५१. **विगतको खर्च** – विगत वर्ष र यस वर्षको सञ्चित घर बिदाबापत रु.२ करोड ६ लाख ७४ हजार लेखाङ्कन गरेको पाइयो । सो रकम आर्थिक विवरण देखाई सोबाट परेको असरहरु उल्लेख गरी लेखा नीति तथा टिप्पणीमा उल्लेख गरेको पाइएन ।

हेटौंडा कपडा उद्योग लिमिटेड (इनलिक्विडेसन)

सुती कपडा उत्पादन गरी बिक्री गर्ने उद्देश्यले २०३१ मा स्थापित यो उद्योग मन्त्रिपरिषदको २०५९।९।८ को निर्णयले बन्द गरी लिक्विडेटर नियुक्ति गरेको छ । उद्योगको २०६६।६७ को अन्तिम लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

५२. **लिक्विडेटरको म्याद** – लिक्विडेसन प्रक्रियामा रहेको यो उद्योग मन्त्रिपरिषद्को २०६५।८।१८ को निर्णयअनुसार २०६५।१०।१ देखि पुन: सञ्चालनमा ल्याएको भए तापनि मन्त्रिपरिषद्कै २०६६।७।१० को निर्णयले पुन: लिक्विडेसन कार्यलाई निरन्तरता दिने निर्णय गरेको छ । २०६६।११।२३ मा कार्यारम्भ गरेको

लिक्विडेटरको कार्य अवधि २०६७।५।२० मा समाप्त भएकोमा अर्थ मन्त्रालयको २०६७।८।२२ को निर्णयबाट ६ महिना म्याद थप भएको छ । चल अचल सम्पत्तिको लिलामी बिक्री गर्न अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने २०६७।४।१४ को साधारण सभाबाट निर्णय भएको देखिन्छ । लिक्वीडेटरले उपरोक्त निकायको स्वीकृति पूर्व सो कार्य अघि बढाउन सक्ने देखिएन ।

५३. **सञ्चित नोक्सानी** – यो उद्योग २०४६।४७ सम्म नाफामा सञ्चालन हुँदै आएकोमा शिरोभार खर्च अत्याधिक वृद्धि भई २०५५।५६ देखि चालू पूँजीको अभावले पटक पटक बन्द तथा सञ्चालन हुँदै आएको थियो । गत वर्षसम्म रु.५४ करोड ५९ लाख ३९ हजार सञ्चित नोक्सान रहेकोमा यस वर्ष रु.१ करोड ७६ हजार थप भई कुल सञ्चित नोक्सानी रु.५५ करोड ५७ लाख १५ हजार पुगेको छ ।

५४. **सम्पत्ति** – गत वर्षको अन्त्यमा स्थिर सम्पत्ति रु.४ करोड ९९ लाख ६५ हजार रहेकोमा यसवर्ष कुनै थपघट भएको देखिएन । उक्त सम्पत्तिमा यस वर्ष ह्रास खर्च लेखेको छैन । लिक्विडेशनमा गएको कम्पनीको सम्पत्तिको मूल्यांङ्कन गरी सोमा भएको परिवर्तन बमोजिम सम्पति प्रस्तुतीकरण गर्नुपर्नेमा मूल्याङ्कन गरी प्रतिवेदन प्राप्त भए तापनि मूल्याङ्कित मूल्य नेपाल लेखामानअनुसार वासलातमा प्रश्तुत गरेको छैन ।

५५. **असामी** – गत वर्षको अन्त्यमा असामी रु.११ लाख ८० हजार रहेकोमा साधारण सभाको २०६७।४।१४ को निर्णयले रु.१ लाख ७७ हजार मिनाहा खर्च लेखी यस वर्षको अन्त्यमा रु.१० लाख ३ हजार बाँकी रहेको छ ।

५६. **पेश्की, सापटी तथा धरौटी** – गत वर्षको अन्त्यमा यो शीर्षकमा रु.४१ लाख ८३ हजार रहेकोमा साधारण सभाको निर्णयले रु.३७ लाख ९८ हजार मिन्हा गरेकोले रु.४ लाख २४ हजार बाँकी रहेको छ । उक्त मिन्हामध्ये रिकन्साइल पेण्डिङ्ग हिसाब रु.२८ लाख ६३ हजारको छानविन नगरी खर्च लेखेको छ ।

हेटौंडा सिमेन्ट उद्योग लिमिटेड

सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले २०३३ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस उद्योगको २०६५।६६ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

५७. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नोक्सानी रु.६९ करोड ८९ लाख ७७ हजार भएकोमा यो वर्ष रु.३ करोड ८० लाख ७३ हजार थप भई यो वर्षसम्म रु.७३ करोड ७० लाख ५० हजार पुगेको छ । आम्दानीमा २१.०८ प्रतिशतले कमी र प्रशासनिक खर्चमा २५.०३ प्रतिशतले वृद्धि भई सञ्चालन नतिजामा १४० प्रतिशतले ह्रास आएको छ । बिजुलीको कमी, मेशिन पुरानो भई मर्मत सम्भारमा बढी समय लागेको, लोड अन्लोड गर्ने श्रमिकको अभाव आदि कारणले सञ्चालन नतिजामा ह्रास आएको सञ्चालक समितिबाट जवाफ प्राप्त भएको छ ।

५८. **स्थिर सम्पत्ति** – गत वर्षसम्म निर्माणाधीन समेत स्थिर सम्पत्ति रु.२४ करोड ८९ लाख ९ हजार रहेकोमा यो वर्षसम्म रु.२४ करोड ३९ लाख १ हजार रहेको छ । स्थिर सम्पत्ति जडान भएको स्थान, अवस्था, जिम्मा लिने व्यक्ति आदिको अभिलेख अद्यावधिक गरेको देखिएन । स्थिर सम्पत्तिको वर्षमा कम्तिमा एक पटक भौतिक परीक्षण गरी गराई काम लाग्ने तथा नलाग्ने सम्पत्ति यकिन गरी काम नलाग्ने सम्पत्तिको सम्बन्धमा आवश्यक कारवाही गरेको छैन ।

५९. **खरिद** – खरिद प्रक्रियामा अत्याधिक समय लाग्ने गरेको कारण कतिपय सामान प्राप्त गर्न खरिद प्रक्रिया सुरु गरेको १ देखि २ वर्षसम्म लाग्ने गरेको देखिन्छ । यसमा सुधार गर्नुपर्दछ ।

५९.१ कोइला आपूर्तिसम्बन्धी करारको शर्तमा उद्योगमा लिइने नापतौल अन्तिम हुने र उद्योगको प्रयोगशालाको परीक्षण प्रतिवेदनको आधारमा भुक्तानी दिने उल्लेख छ । शर्तमा कोइलाको ग्रस क्यालोरिफिक भ्यालू न्यूनतम ६००० क्यालोरी/के.जी. हुनुपर्ने तथा ५८०० क्यालोरी/के.जी. सम्मको लागि मूल्य समायोजन गरी स्वीकार गर्न सकिने व्यवस्था भएको देखियो । यस वर्ष ५६ लट कोइला आपूर्ति भएको प्रयोगशालाको परीक्षण प्रतिवेदन अनुसार न्यूनतम ६००० क्यालेरी/के.जी. ग्रस क्यालोरिफिक भ्यालूको कोइला १५ लट र ५८०० क्यालोरी/के.जी. सम्मको ४१ लट आपूर्ति भएको पाइयो । कम ग्रस क्यालेरीफिक भ्यालूको कोइला आपूर्तिले

गुणस्तरमा पर्ने असरको सम्बन्धमा अध्ययन गरेको पाइएन । यस सम्बन्धमा सञ्चालक समितिले विस्तृत छलफल विश्लेषण गरी बोलपत्र आव्हान गरिएको र सोही अनुसार सम्झौता गरी खरिद गर्ने गरिएको जवाफ दिएको छ ।

५९.२ कोइला खरिद करार अनुसार हरेक ३५० मेट्रिकटन कोइलाको लट वाइज नमूना लिएर निश्चित परिमाणमा प्रयोगशाला परीक्षण गर्नुपर्नेमा ५०० मेट्रिकटनभन्दा बढी परिमाणमा परीक्षण गर्ने गरेको पाइयो । तोकिएको परिमाणमा प्रयोगशाला परीक्षण नहुँदा अस्वीकृत गर्नुपर्ने कोइला पनि स्वीकार हुन जाने देखिन्छ । एक दिनमा प्राप्त हुने परिमाण ३५० मेट्रिकटन नपुग हुने र दुई दिनको परिमाण लिदा ५०० मेट्रिक टन नाघ्ने भएकोले ५०० मेट्रिकटन भन्दा बढी परिमाणको परीक्षण गर्ने गरिएको जवाफ प्राप्त भएको छ ।

६०. **उत्पादन** – र–मिलमा सुरु मौज्दात सहित चुनढुङ्गा, फलामे धाउ तथा माटो गरी १ लाख ४८ हजार ८११ मेट्रिकटन खपत भएकोमा १ लाख ४९ हजार १३८ मेट्रिकटन उत्पादन भएकाले खपतभन्दा ३३७ टन बढी उत्पादन भएको छ ।

६०.१ प्रति मेट्रिकटन सिमेन्ट उत्पादन गर्दा विगत ३ वर्षमा फरक फरक परिमाणमा कच्चा पदार्थ खपत गरेको पाइयो । उद्योगबाट कच्चा पदार्थ खपतको नर्म्स उपलब्ध नभएको कारण कच्चा पदार्थको वास्तविक खपत र उत्पादनको तुलना गर्न सकिएन ।

६०.२ गत वर्ष र–मिलमा १३.२६ प्रतिशत, क्लिंकरमा ९.५२ प्रतिशत र सिमेन्टमा ९.४५ प्रतिशत उत्पादन लागत वृद्धि भएकोमा यस वर्ष क्रमशः ५२.८३, ४७.४३ र ४६.७० प्रतिशत वृद्धि भएको छ । वर्षेनी वृद्धि भइरहेको उत्पादन लागतलाई न्यून गर्न आवश्यक कदम चालेको देखिएन ।

६०.३ उद्योग सञ्चालन समय वार्षिक ८ हजार ७६० घण्टा भएतापनि यस वर्ष किल्न ३ हजार ६२७ घण्टा, र–मिल २ हजार ३५७ घण्टा, सिमेन्ट मिल २ हजार ६२१ घण्टा र सेकेन्डरी क्रसर सेक्सन ७९७ घण्टा मात्र सञ्चालन भई क्रमशः ५ हजार १३३ घण्टा, ६ हजार ४०३ घण्टा, ६ हजार १३९ घण्टा र ७ हजार ९६३ घण्टा वन्द रहेको पाइयो । अधिकतम समय अनुत्पादक रहेकोले वन्द समय न्यूनीकरण गर्न पहल गर्नुपर्ने देखियो ।

६१. **शेयर बिक्री** – अर्थ मन्त्रालयको निर्देशन बमोजिम २०६५ फागुन मसान्तसम्म उद्योगको शेयर कर्मचारीलाई ५ तथा सर्वसाधारणलाई १० प्रतिशत बिक्री गर्न, शेयर मूल्य यकिन गर्न र प्रवन्धपत्र तथा नियमावली संसोधनको मस्यौदा तयार गर्न नियुक्त परामर्शदाताबाट २०६६।१।७ मा प्रतिवेदन पेश गरे तापनि शेयर बिक्री गरेको देखिएन । बिक्री प्रयोजनको लागि परामर्शदाताबाट गरिएको अध्ययन प्रतिवेदन उद्योग मन्त्रालय र अर्थ मन्त्रालयमा पेश गरेकोमा हालसम्म टुङ्गो नलागेको जवाफ सञ्चालक समितिबाट प्राप्त भएको छ ।

६२. **लेखापरीक्षण समिति** – कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम कम्पनीले लेखापरीक्षण समितिको गठन गरी कारोवारको परीक्षण गराउनुपर्नेमा सो समिति गठन गरेको छैन । यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाइने व्यहोरा सञ्चालक समितिको जवाफमा उल्लेख छ ।

६३. **लेखामान पालना –** उद्योगमा रहेका सम्पत्तिको उपयोगी आयु, लागत रकम तथा उपयोग आधारमा नेपाल लेखामान ६ बमोजिम ह्रास हिसाब गर्नुपर्नेमा स्थिर सम्पत्तिमा आयकर ऐनको प्रयोजनको लागि लागू हुने दर प्रयोग गरी ह्रास खर्च लेखेको पाइयो ।

वित्तीय विवरण तयार गर्दा नेपाल लेखामान ९ अनुसार डेफर्ड आयकरको गणना गरी सोबाट पर्ने असर दर्शाउनुपर्नेमा गणना नै गरेको छैन ।

सुर्ती विकास कम्पनी लिमिटेड (इनलिक्विडेशन)

सुर्ती खेतीको विकास गरी चुरोट उद्योगको लागि आवश्यक कच्चा पदार्थ उपलब्ध गराउने र निर्माण समेत गर्ने उद्देश्यले २०२८ मा कम्पनी ऐन अन्तर्गत स्थापित यो कम्पनीको विघटन गर्ने नेपाल सरकारको निर्णय अनुसार

२०५१।२।२४ मा लिक्विडेटरको नियुक्ति भई लिक्विडेशनको कार्य जारी छ । कम्पनीको २०६६।६७ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

६४. **सञ्चित नोक्सानी** – कम्पनीले ऐतिहासिक लागत अवधारणा बमोजिम तयार गरेको वित्तीय विवरणअनुसार गत वर्षसम्मको सञ्चित नोक्सानी रु.५ करोड ५० लाख २० हजारमा यस वर्षको खुद नोक्सान रु.२ लाख ३ हजार समेत सञ्चित नोक्सानी रु.५ करोड ५२ लाख २३ हजार हुनुपर्नेमा शेयर पूँजी रु.२ करोड र सो बरावरको नोक्सानी हटाई वित्तीय विवरण पेश गरेको छ । वित्तीय विवरण अनुसार खुद सम्पत्ति रु.३ करोड ५२ लाख २३ हजार ऋणात्मक देखाएको छ । वित्तीय विवरणबाट शेयर पूँजी हटाएको सम्बन्धमा लेखा टिप्पणीमा खुलाएको छैन । विभिन्न आसामीबाट असुल गर्नुपर्ने रकमको शंकास्पद व्यवस्था तथा ब्याज खर्च बापतको व्यवस्थासमेतको कारणले संस्थाको सञ्चित नोक्सानी अझ बढ्ने देखिन्छ ।

६५. **ऋण तथा सापटी** – कृषि विकास बैङ्कबाट प्राप्त रु.१ करोड ५० लाख २७ हजार र विश्व बैङ्कबाट प्राप्त रु. २१ लाख ५२ हजार समेत रु.१ करोड ७१ लाख ७९ हजार ऋण बाँकी देखाएको छ । उक्त रकमको सम्बन्धित निकायहरुबाट समर्थन लिएको छैन । महालेखा नियन्त्रक कार्यालयको २०६५/२/१ को पत्रअनुसार विश्व बैङ्कबाट प्राप्त ऋणको २०६३/०६४ सम्मको ब्याज दायित्व रु.४६ लाख ७३ हजार रहेकोमा सो बापत रु.२५ लाख ३६ हजार मात्र व्यवस्था गरेको छ भने विगत, गत र यो वर्षको लागि ब्याजको व्यवस्था गरेको छैन ।

६६. **स्थिर सम्पत्ति** – अन्तराष्ट्रिय विकास संस्थाको ऋणअन्तर्गत रु.२३ लाख ७६ हजार परल मोलको सम्पत्ति देखिएको छ । उक्त सम्पत्तिको विवरण र जिम्माबारे स्पष्ट गरेको छैन ।

६७. **असामी** – जनकपुर चुरोट कारखानाबाट पाउनुपर्ने रु.३० लाख प्राप्त नभएकोले सो रकमको असुली शंकास्पद रहेको पाइयो । तर वित्तीय विवरणमा यसबापत शंकास्पद असामीको व्यवस्था गरेको छैन ।

६८. **पेश्की, सापटी तथा धरौटी** – गत वर्षसम्म वक्यौता रहेको रु.२५ लाख ८९ हजार यस वर्ष असुल गरेको देखिएन । वित्तीय विवरणमा पेश्की, सापटी तथा धरौटी बापत शंकास्पद व्यवस्था गरेको पनि पाइएन ।

६९. **खर्च** – कर्मचारी तलब शीर्षकमा रु.७८ हजार खर्च लेखेको छ । कर्मचारीहरुको नियुक्ति पत्र उपलब्ध भएन । नियुक्ति पत्रको शर्तमा लिक्विडेटरको कार्यालय अन्यत्र राख्न परेमा लिक्विडेटरको पारिश्रमिकबाटै घरबहाल व्यहोर्नुपर्ने व्यवस्था भएतापनि अन्यत्र राखेको कार्यालयको बहालबापत यस वर्ष पनि रु.४० हजार खर्च गरेको देखियो ।

७०. **आय विवरण** – कम्पनीको आय विवरण पेश गर्न बाँकी रहेको आय वर्ष स्पष्ट भएन । तोकिएको समयमा आय विवरण दाखिला नगरेमा आयकर ऐनअनुसार लाग्ने जरिबाना तथा शुल्कको लागि खर्च व्यवस्थासमेत गरेको देखिएन ।

७१. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १ कार्यालयबाट रु.१७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ४ कार्यालयबाट रु.३५ हजार र सम्परीक्षणको क्रममा रु.५६ हजारसमेत रु.१ लाख ८ हजार असुल भएको छ ।

७२. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ७ कार्यालयको रु.८७ लाख ७४ हजार पेश्की देखिएको छ ।

७३. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

७३.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.२ करोड ९९ लाख ४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६० लाख २३ हजार फछ्यौंट गरेकोले रु.२ करोड ३८ लाख ८१ हजार बाँकी रहेको छ ।

७३.२ संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.६ करोड ३ लाख १८ हजार बेरुजू देखिएको छ ।

७३.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१७ लाख ६२ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.४ करोड ५१ लाख ८४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

७३.४ वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.३६ लाख ५ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.४ करोड ८७ लाख ८९ हजारमध्ये रु.४ करोड ७४ लाख १६ हजार सरकारी कार्यालयतर्फ र रु.१३ लाख ७३ हजार अन्यतर्फ रहेको छ ।

ऊर्जा मन्त्रालय

मन्त्रालय र मातहतसमेत ५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.६० करोड ६० लाख ७६ हजार, राजस्वतर्फ रु.१ अर्ब ३६ करोड ९८ लाख ७० हजार र धरौटीतर्फ रु.४६ करोड ६२ लाख २३ हजार गरी रु.२ अर्ब ४४ करोड २१ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका संगठित संस्था तथा अन्य संस्था २ को रु.१ खर्ब ५८ अर्ब ६७ करोड २९ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **प्राविधिक सहायता** – बजेट वक्तव्यकासाथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोत तालिकामा नपरेको) मा मन्त्रालय र मातहत कार्यालयहरुको एसियाली विकास बैङ्कबाट ऊर्जा क्षेत्रमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि कार्यक्रमका लागि रु.५ करोड २५ लाख २८ हजार (अमेरिकी डलर ७ लाख) प्राप्त हुने उल्लेख छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ को उपदफा (३) र दफा १० को उपदफा (६) अनुसार प्राप्त भएका अन्य प्रकारका सहायताको विवरणमातहत कार्यालयमा समेत राख्न लगाउने, त्यसको केन्द्रीय विवरण राख्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । उक्त कार्यक्रमसम्बन्धी दातृ संस्थासँग भएको सम्झौता एवं तत्सम्बन्धी प्रगति विवरणसमेत प्राप्त भएको छैन । प्राविधिक सहायताअन्तर्गत प्राप्त सहयोगको विवरण प्रस्तुत गरी लेखापरीक्षण गराएको छैन ।

२. **लेखापरीक्षण बक्यौता** – मन्त्रालय र अन्तर्गतका २५ इकाईको २०३८।३९ देखि २०५८।५९ सम्मको विनियोजन, राजस्व र धरौटीतर्फको रु.३ करोड ४१ लाख १५ हजार लेखापरीक्षण बक्यौता रहेकोमा यस वर्ष पनि लेखापरीक्षण गराएको छैन ।

३. **नीति तथा कार्यक्रम** – अर्थ मन्त्रालयले तयार गरेको २०६६।६७ को बजेट कार्यान्वयन प्रगति वार्षिक मूल्याङ्कन प्रतिवेदनमा यस मन्त्रालय र अन्तर्गतको नीति तथा कार्यक्रमहरु सम्बन्धमा निर्माणाधिन विद्युत आयोजना यथासमयमा सम्पन्न गर्ने कार्यलाई तीव्रता दिने, नयाँ आयोजनाको सम्भाव्यता अध्ययन गर्ने, जलस्रोत रणनीति २००२ ले लिएको लक्ष्य र जलविद्युत विकासको वर्तमान मूल्याङ्कनको आधारमा आगामी दुई दशकभित्र कम्तीमा २५ हजार मेगावाट क्षमताको जलविद्युत विकास गर्न कार्यक्रम तर्जुमा गर्ने, राष्ट्रिय विद्युत संकट निरुपण कार्य योजनालाई आवश्यक परिमार्जनसहित उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने, नौमुरे जलविद्युत आयोजनाको कार्य प्रारम्भ गर्ने समेत व्यहोरा उल्लेख भएकोमा मन्त्रालयले अद्यावधिक प्रगति तयार गरेको छैन । बजेटको कमीले गर्दा उक्त कार्य सम्पन्न हुन नसकेको हुँदा यससतर्फ आगामी वर्षदेखि बजेट माग गरी कार्य सुचारु गर्नेतर्फ पहल गर्ने जवाफ मन्त्रालयबाट प्राप्त भएको छ ।

४. **शोधभर्ना** – नेपाल विद्युत प्राधिकरणको सवारीसाधनहरु ३ पूर्व प्रधानमन्त्री, एक पूर्व गृहमन्त्री, प्रधानमन्त्रीज्यूको निजी सचिवालयले समेत ५ सवारीसाधन प्रयोग गरेको छ । ती सवारीसाधनहरुको मूल्यबापतको रु.२ करोड ८७ लाख ३६ हजार र मूल्य अभिवृद्धि करबापतको रु.२३ लाख ४५ हजारसमेत जम्मा रु.३ करोड १० लाख ८१ हजार नेपाल सरकारको निर्णयले नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको पाइयो । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहाय अनुसार छन्:

४.१ सरकारी प्रयोजनको लागि सवारीसाधनहरु आवश्यक परेका बखत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (१) को प्रक्रिया पूरा गरी खरिद गर्नुपर्नेमा नेपाल विद्युत प्राधिकरणले खरिद गरेका सवारीसाधन प्रयोग गरी प्राधिकरणलाई भुक्तानी गर्नुपर्नाको कारण र मूल्य यकिन गर्ने आधार स्पष्ट छैन ।

४.२ सवारीसाधनहरुमध्ये २ सवारीसाधन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा र ३ सवारीसाधन गृह मन्त्रालयको नाममा स्वामित्व हस्तान्तरण गर्ने नेपाल सरकारको निर्णय समेत भएकोमा सम्बन्धित निकायले जिन्सी खातामा आम्दानी बाँधेको छैन । सवारीसाधनको छुट मूल्य अभिवृद्धि करबापत भुक्तानी दिनुपर्ने कारण उल्लेख गरेको छैन ।

मन्त्रालयबाट सवारीसाधनको स्वामित्व हस्तान्तरण हुने प्रक्रियामा रहेको जवाफ प्राप्त भएको छ ।

५. **अनुदान –** नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६६।९।२९ को निर्णयअनुसार फर्पिङ्ग जलविद्युत गृहलाई जीवित ऊर्जा संग्रहालयको रुपमा विकास गर्न, मन्त्रालयबाट रु.५० लाख र नेपाल विद्युत प्राधिकरणबाट रु. ५० लाख व्यहोर्ने र कोष खडा गरी कार्यक्रम कार्यान्वयन गर्न सशर्त अनुदान नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराएकोमा उद्देश्यअनुरुप कोष खडा गरी कोष सञ्चालन कार्यविधि एवं लेखापरीक्षण सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन ।

६. **प्रगति स्थिति** – सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यक्रम सञ्चालन गर्न रु.२ करोड ६० लाख बजेट विनियोजन भएकोमा रु.३ लाख ५० हजार खर्च भएको छ । जल तथा ऊर्जा आयोगको सचिवालयबाट प्राप्त प्रगति विवरणमा सम्पन्न गर्नुपर्ने ९ कार्यमध्ये ५ कार्यमा कुनै प्रगति नभएको र अन्य ४ कार्यमा आंशिक प्रगति भई समग्रमा ५७.१ प्रतिशत भौतिक प्रगति देखाएको छ ।

विद्युत विकास विभाग

७. **अनुदान निकासा** – मन्त्रालयले विद्युत विकास विभागलाई पठाएको पूँजीगत खर्चतर्फको विनियोजित रकमको बाँडफाँड र खर्च गर्ने अख्तियारीअनुसार विनियोजित रु.२७ करोड ४ लाखमध्ये रु.२५ करोड खर्च शीर्षक स्थानीय निकाय सशर्त अनुदानमा बाँडफाँड भएकोमा विभागबाट ६६ जिल्ला विकास समितिहरुलाई रु.४९ करोडको बजेट खर्च गर्ने अख्तियारी दिएको पाइयो । विभागको केन्द्रीय आर्थिक विवरणअनुसार निकासा रु. ४७ करोड २९ लाख १० हजारमध्ये रु.४६ करोड १२ लाख ४९ हजार खर्च भएको देखिन्छ । मन्त्रालयबाट प्राप्त अख्तियारीभन्दा विभागले रु.२४ करोड बढी अख्तियारी दिएकोमा थप बजेट खर्च गर्ने अख्तियारीपत्र प्राप्त गरेको देखिएन । बाँकी रु.१ करोड १६ लाख ६१ हजार कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको वा फ्रिज भएको प्रमाण पेश भएको छैन । सर्शत अनुदान स्वरुप जिल्ला विकास समितिहरुलाई निकासा दिएको रकम विद्युत क्षेत्र विकास विस्तारमा खर्च गर्नुपर्ने प्रावधानअनुरुप सो गरे नगरेको समीक्षा गरेको छैन। अनुदान गएको रकमको कार्य प्रगतिको अनुगमन मूल्याङ्कन गरेको देखिएन । जिल्ला विकास समितिहरुले प्राप्त गरेको अनुदानको लेखापरीक्षण गराएको जानकारी पनि उपलब्ध भएन ।

८. **न्यून प्रगति** – साना जलविद्युत आयोजना कार्यक्रमअन्तर्गत विभिन्नस्तरको १४ आयोजनाको अध्ययनको लागि रु.१ अर्ब ७ करोड ४४ लाख संशोधित लागत अनुमान रहेकोमा यो वर्ष नर्वेजियन सरकारको अनुदान सहयोग रु.३ करोड १३ लाख समेत रु.८ करोड ३९ लाख २८ हजार विनियोजन भएकोमा रु.१ करोड ३५ लाख ५५ हजार बजेट विनियोजनको तुलनामा १६.१५ प्रतिशत खर्च गरेको देखिन्छ । वार्षिक भौतिक प्रगति १९.६४ प्रतिशत देखाएको छ ।

कावेली ३, इखुखोला र बुढीगंगा खोला साना जलविद्युत आयोजनाको अध्ययन कार्य गरी स्थलगत प्रतिवेदन प्राप्त गर्ने लक्ष्य रहेकोमा कावेली र इखुखोलाको लागि परामर्शदाताबाट प्रस्ताव आव्हान गर्ने तयारी गरेको देखिन्छ । बुढीगंगाको अध्ययन कार्य भएको छैन । ठूला जलाशययुक्त जलविद्युत आयोजनाको अध्ययन कार्य लक्ष्यअनुसार सुरु नै भएको देखिएन ।

नर्वेजियन सरकारको अनुदान सहयोगमा ३ प्याकेजअन्तर्गत प्याकेज २ को सिवा र मैवा खोला आयोजनाको अध्ययनसम्बन्धी अन्तिम प्रतिवेदन प्राप्त गर्ने लक्ष्य रहेकोमा मस्यौदा प्रतिवेदन मात्र प्राप्त भएको

जनाएको छ । सोही प्याकेजको धुन्साखोला आयोजनाको अन्तरिम प्रतिवेदन प्राप्त गर्ने लक्ष्य भएकोमा प्राप्त भएको छैन । प्याकेज ३ को सिम्वुवा र दूधकोशी आयोजनाको अध्ययन कार्यक्रम रद्द गरिएको उल्लेख छ । विद्युत आयोजनाहरुको अध्ययन प्रतिवेदन समयमा प्राप्त नहुँदा आयोजना कार्यान्वयनमा ढिलाई हुने देखियो ।

९. **बजेट निष्क्रिय** – जलविद्युत आयोजनासम्बन्धी मापदण्ड कार्यक्रमको अध्ययन तथा प्राविधिक परामर्श सेवामा रु.८१ लाख ४० हजार बजेट विनियोजन भएकोमा खर्च नभई निक्रिय रहेको पाइयो । सोही कार्यक्रमको चालू खर्चअन्तर्गत रु.७ लाख ८ हजार बजेट विनियोजन भएकोमा रु.२ लाख ७४ हजार खर्च भएको छ । जलविद्युत आयोजनाको मापदण्ड निर्धारण गर्ने कार्यक्रम सञ्चालन नहुँदा अपेक्षित प्रतिफल प्राप्त हुने देखिएन ।

१०. हजार खर्च गरेको विवरण पेश भएकोमा लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको छैन ।

संगठित संस्था तथा अन्य संस्थातर्फ

नेपाल विद्युत प्राधिकरण

विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्न नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अन्तर्गत २०४२ मा स्थापित प्राधिकरणको २०६६।६७ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न छन्:

१५. **सञ्चालन नतिजा –** यो वर्षसम्मको पूँजी रु.३८ अर्ब ६४ करोड र यो वर्षको नोक्सान रु.४ अर्ब ४ करोडसहित सञ्चित नोक्सान रु.१८ अर्ब २३ करोड पुगेको छ ।

गत वर्षको तुलनामा यो वर्ष कुल आम्दानीमा १९.१५ प्रतिशत वृद्धि भई रु.१७ अर्ब १६ करोड पुगेको छ । उत्पादन, प्रसारण र विद्युत खरिदमा गत वर्षभन्दा २५.१८ प्रतिशत वृद्धि भई रु.१२ अर्ब ४३ करोड र वितरण तथा प्रशासनिक खर्चमा १९.७८ प्रतिशत वृद्धि भई सञ्चालन आयमा २८.५८ प्रतिशत कमी भएको छ । ह्रास खर्च, व्याज खर्च जस्ता प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चमा भएको वृद्धिले यो वर्षसम्मको सञ्चित नोक्सान रु.१८ अर्ब २३ करोड पुगेको छ ।

१६. **लेखापरीक्षण व्यहोरा उपरको पुनरावृत्ति** – विगत ३ वर्षदेखि उल्लेख गर्दै आएका निम्न व्यहोराका सम्बन्धमा यो वर्ष पनि सुधार भएको पाइएन ।

१६.१ कार्यालयगतरुपमा कार्यालय सामान तथा मेसिनरीको भौतिक परीक्षण गरे तापनि स्वामित्वमा रहेका सबै सम्पत्तिको विवरण यो वर्ष पनि अद्यावधिक गर्न सकेको छैन ।

१६.२ जारी तथा चुक्ता शेयरभन्दा बढी प्राप्त भएको शेयर रु.८ अर्ब ६४ करोडलाई शेयर सस्पेन्स हिसाबमा देखाएको छ । अधिकृत तथा जारी पूँजीभन्दा बढी रकम सस्पेन्स हिसाबमा देखाउन मिल्ने देखिएन । महालेखा नियन्त्रक कार्यालयसँग फरक परेको शेयर तथा ऋण हिसाव समायोजन गर्न गठित समितिको रिकन्सिलियशन हिसाव बमोजिम सो कार्यालयले रु.४७ करोड ६५ लाखलाई ऋणमा देखाएको छ । प्राधिकरणले महालेखा नियन्त्रक कार्यालयबाट शेयरमा देखाएकोमा रकम वित्तीय विवरणमा समायोजन गरेको छैन । समितिबाट पहिचान हुन नसकेको फरक रु.४७ करोड ६५ लाखको खोजविन गरी यकिन गरेको छैन ।

१६.३ स्थिर संरचना रहेका तथा उपयोग गरेको जग्गामध्ये २९ विगाहा १८ कठ्ठा तथा ५ हजार २०१ रोपनी ९ आना जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्न सकेको देखिएन ।

१६.४ त्रिशुली जल विद्युत केन्द्रको २ हजार ३४२ रोपनी ६ आना जग्गामध्ये विवादका कारण ४०३ रोपनी १३ आनाको जग्गाधानी प्रमाणपुर्जा प्राप्त गरेको छैन ।

१६.५ आयलेखाको नियन्त्रण खाता तथा लेखाको नियन्त्रण खाताबीच बक्यौता रकम समान रहनुपर्नेमा ४० वितरण केन्द्रको आयलेखा अनुसारको बक्यौता र लेखा अनुसारको बक्यौता फरक रहेको छ । बक्यौता भिडान नभएको विगतदेखिको समस्यालाई प्राधिकरणले समायोजन हिसाब तयार गरी समाधान गर्न सकेको छैन ।

जडान गरेको कम्प्युटरकृत आयलेखाको नियन्त्रण खाता र व्यक्तिगत खाता समेत एक आपसमा भिडान भएका छैनन् । भिडान नभएका सबै खाताहरुको भिडान गरी रकम यकिन गरिनुपर्दछ ।

१७. **सञ्चित नोक्सान** – गतवर्षसम्मको सञ्चित नोक्सान रु. १३ अर्ब ४१ करोड रहेकोमा विगत वर्षको खर्च समायोजन सहित यो वर्षसम्म सञ्चित नोक्सान रु.१८ अर्ब २३ करोड पुगेको छ । शंकाष्पद असामी वापतको व्यवस्था, कर्मचारी खर्चमा गर्नुपर्ने व्यवस्था जस्ता विषयमा खर्च व्यवस्था गर्दा यो नोक्सानी अझै बढ्ने देखिन्छ । यस सम्बन्धमा उल्लेख्य व्यहोरा निम्न छन्:

१७.१ कर्मचारी अवकास वापत आवश्यक खर्चका लागि यो वर्ष गराएको एक्च्युअरी मूल्याङ्कन अनुसार गतवर्षसम्मकालागि व्यवस्था गरेको रकममा रु.२ अर्ब ३६ करोड ६३ लाख ७६ हजार व्यवस्था गर्दा सञ्चित नोक्सान बढ्न जान्छ ।

१७.२ विगतमा सञ्चालनमा रहेका अधुरा ४९ आयोजना हाल बन्द भएका छन् । त्यस्ता आयोजनामा खर्च भएको रु.७६ करोड २४ लाख ११ हजार कार्य प्रगतिमा देखाएको र बन्द भएता पनि खर्च व्यवस्था गरेको छैन ।

१७.३ सडक वत्तीतर्फ २० प्रतिशतकोमात्र मिटर जडान भएको र अन्यको मिटर जडान गर्न सकेको छैन । मिटर जडान नभएका नगरपालिकासँग संयुक्त सर्भे गर्ने गरिएकामा अधिकांश नगरपालिकासँग सो सर्भे हुन नसकेकोमा वितरण केन्द्रले विगतमा लेखाङ्कन गरेको आय बरावरमात्र आम्दानी लेखाङ्कन गरेका छन् । विगतको आम्दानी बराबर तथा आवधिक सर्भे नगरी आय लेखाङ्कन गरेकाले सडक वत्तीको यथार्थ विलिङ्ग हुन सकेको छैन ।

१७.४ बिक्री रकममा वृद्धि नहुनुमा चुहावटमा नियन्त्रण हुन नसक्नु, स्थायी तवरका खर्चमा वृद्धि हुनु, व्यावसायिक दक्षता तथा विद्युत बिक्री दरमा समायोजन हुन नसक्नु प्रमुख कारण रहेको देखिन्छ । उत्पादन र वितरणका प्रशासनिक तथा कर्मचारी खर्चमा स्थायीरुपले खर्च वृद्धि हुदै जाने तर बिक्रीमा वृद्धि नहुने कारणले प्राधिकरणको वित्तीय अवस्थामा तत्काल सुधार गर्नुपर्ने स्थिति छ ।

१८. **अन्तर कार्यालय हिसाब** – यो वर्षको वित्तीय विवरणमा अन्तरकार्यालय हिसाबमा फरक परेको खुद रु.७१ करोड ५९ लाख १० हजारलाई वित्तीय विवरणमा दायित्वमा देखाएको छ ।

अन्तर कार्यालय हिसाव यकिन हुन नसकेको सवै रकम भिडान बाँकी हिसाव उपशीर्षकमा समावेश गर्ने गरेको छ । यसले गर्दा वासलातको सम्पति एवं दायित्व र आयव्यय हिसावको आम्दानी एवं खर्चको यथार्थ प्रस्तुतिकरण हुन सकेको छैन । अनियमित कारोबार सहज रुपमा पत्ता लगाउन सक्ने अवस्था रहदैन । यसमा तत्काल नियमित भिडानको कार्य गरी यथार्थ हिसाव कायम गर्नुपर्दछ ।

१९. **स्थिर सम्पत्तिको अभिलेख** – स्थिर सम्पत्ति लागत रु.१ खर्ब ९ अर्ब २८ करोडमा सञ्चित ह्रास रु.२५ अर्ब ६७ करोड तथा नोक्सानी व्यवस्था रु.४८ करोड समायोजन गर्दा वर्षान्तमा स्थिर सम्पत्ति खुद रु.८३ अर्ब १४ करोड रहेको छ । स्थिर सम्पत्तिको अभिलेख स्थायी रजिष्टर अथवा कम्प्युटर सफ्टवेयरमा नराखी कम्प्युटरको एक्सेल सिटमा राखेको छ । यसबाट अभिलेखको कुल रकम वित्तीय विवरणसँग भिडान गर्नसम्म सकिने तर गत विगतको अभिलेखमा भएको एक शीर्षक वा एक सम्पत्तिको रकम अर्को शीर्षक वा अर्को सम्पत्तिमा परेको भए सम्पत्तिगत रकम वा सम्पत्ति नै रहे नरहेको यकिन गर्न सक्ने अवस्था छैन । स्थिर सम्पत्तिको अभिलेख तथा सम्पत्तिको नाम नराखी आयोजनाको नाम वा विभिन्न सम्पत्ति जस्ता नाम राखेकाले यस्ता सम्पत्तिको अवस्था यकिन गर्न सकिने अवस्था छैन । यस सम्बन्धी थप व्यहोरा निम्न छन्:

१९.१ प्राधिकरण अन्तर्गतका एक कार्यालयको सम्पत्ति अर्को कार्यालयमा हस्तान्तरण गर्दा हस्तान्तरित सम्पत्तिको परल मूल्य तथा सञ्चित ह्रास एक कार्यालयमा घट्न गई अर्को कार्यालयमा सोही बराबरको रकम बढ्न गई खुद रकम शून्य हुनुपर्नेमा यो वर्ष यस्तो रकममा परल मूल्यतर्फ मूल्यमा रु.१२ करोड ८५ लाख तथा ह्रासमा रु.५८ लाख समायोजन गरी हिसाव पेश गरेको छ । अन्तर शाखा हिसावमा पर्ने भनिएको यस्तो फरकको हिसाव राफसाफ गर्न सकेको छैन ।

१९.२ स्थिर सम्पतिको भौतिक परीक्षण गरेको छैन । भौतिक परीक्षण गरेका २० शाखाको पनि कार्यालय सामग्रीको मात्र परीक्षण गरेको छ । वित्तीय विवरणमा उल्लेख भएका सवै सम्पति मौजुदा रहे नरहेको यकिन गर्न सकिने अवस्था छैन ।

१९.३ जग्गाको लागत रु.१ अर्ब ३७ करोड देखाएकोमा ७ इकाईको जग्गा धनी प्रमाण पूर्जा छैन । वित्तीय विवरणमा उल्लेख भएको जग्गा र त्यसको अभिलेख एक आपसमा भिडान गर्न सक्ने अवस्था छैन । बालाजुमा रहेको ३६ रोपनी २ आना जग्गामध्ये करिव १२ रोपनी जग्गा विभिन्न २६ व्यक्तिको स्वामित्वमा गएको जानकारी प्राप्त भएको छ ।

ट्रान्समिशनका लागि चपली गाउँ विकास समितिमा प्राप्त गरेको जग्गाको क्षतिपूर्तिको गणना गल्ती गरी रु.२३ लाख बढी भुक्तानी गरेको छ । काठमाण्डौको मुल्पानी गाउँ विकास समितिमा रु.१ करोड ३७ लाखको जग्गा खरिद गरेकोमा सञ्चालक समितिको निर्णय पेश हुन आएन ।

१९.४ सुनसरीको चतरा स्थित भवनमा पूँजीकरण गरेको रु.१ करोड ३० लाख र नारायणी क्षेत्रीय कार्यालयको रु.२१ लाखको पूँजीकरण गरेकोमा भवनको विवरण खुल्ने कागजात पेश भएन ।

१९.५ वितरण तथा प्रसारण लाइनमा यो वर्ष रु.१ अर्ब ८५ करोड पूँजीकरण गरेको छ । उक्त पूँजीकरण गरेका ती सम्पत्तिको वास्तविक निर्माणको अवस्था निम्नानुसार छ:

- दश स्थानको प्रशाखा लाइनमा १० देखि ६२ प्रतिशत कार्य सम्पन्न गर्न बाँकी रहे पनि पूँजीकरण गरेको छ ।
- चौध स्थानको प्रशारण लाइनको रु.१ करोड १९ लाख पूँजीकरण गरेकोमा ती प्रशारण लाइनको काम २०६७ आषाढ मसान्त पछिमात्र सम्पन्न गरेको छ ।
- सत्ताइस स्थानको रु.१ करोड ९० लाख पूँजीकरण गरेको वितरण तथा प्रशारण लाइनको निर्माण लेखापरीक्षण अवधिसम्म पनि भएको छैन ।
- लो टेन्सन वितरण लाइनमा यो वर्ष पूँजीकरण गरेको रु.१ अर्ब २९ करोडमध्ये अधिकांश कार्य सम्पन्न भएको छैन । सम्पन्न नभए पनि सम्पन्न भएको देखाएको छ ।

काम नै नगरी सम्पत्ति निर्माण खर्च देखाएको सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ ।

१९.६ ट्रान्सफरमर तथा स्विचगेयरमा यो वर्ष पूँजीकरण गरेको रु.४० करोड ४५ लाख समेत रु.८५ करोड ५० लाख खुद सम्पति देखाएको छ । यो रकमको यथार्थता यकिन गर्न सक्ने गरी अभिलेखमा ट्रान्सफरमरको सेरिज नम्बर, जडान मिति, जडित स्थान, मोडेल, प्रकार, उत्पादक, लागत वा क्षमता जस्ता आधारभूत कुरा खुलाएको छैन । एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गरेको विवरण समेत राखेको देखिएन ।

१९.७ स्थिर सम्पत्तिको अभिलेखबाट प्राधिकरणको स्वामित्वमा रहेको सवारीसाधनको किसिम, त्यसको नम्वर प्लेट तथा संख्या यकिन गर्न सकिने अवस्था छैन । अन्तर कार्यालयमा हस्तान्तरण भएका सवारी साधनको अभिलेख सम्पत्ति अभिलेखसँग भिडान गर्न मिल्ने गरी व्यवस्थित गरी राखेको छैन ।

१९.८ नर्वे सरकारबाट अनुदानमा प्राप्त पावर सिस्टम सिमुलेशन फर इन्जिनियर्स सफ्टवेयरको अमेरिकी डलर २२ हजार ५०० र सोको जडान खर्च रु.९ लाख ८४ हजार सम्पत्तिमा नदेखाई संस्थागत विकास शीर्षकमा खर्च देखाएको छ ।

१९.९ कम्प्युटराइज्ड विलिङ्ग शाखाले रु.१ करोड १७ लाखको एण्टी भाइरस सफ्टवेयर जडान गरी उपयोग गर्न शुरु गरे तापनि सोलाई जिन्सि मौज्दातमा देखाएको छ ।

२०. **निर्माणाधीन कार्य प्रगति –** निर्माणाधीन सम्पत्तिमा यो वर्ष रु.१६ अर्ब ८९ करोड ९१ लाख रहेकोमा निर्माणाधीन कामको समय खुलाई वर्गीकरण गरेको छैन । विगत वर्षदेखि जलेश्वर शाखामा ऋणात्मक रहेको रु.३ करोड ३१ लाख ले यो हिसावमा असर परेको छ । यस सम्बन्धी थप व्यहोरा निम्न छन्:

२०.१ भण्डारबाट अधिकाँश सामान आषाढ २५ देखि ३२ गतेसम्ममा निकासा भएको छ । बजेट फ्रिज नगराउने उद्देश्यले सामान जारी गर्ने गरेको र वर्षान्तमा जारी भएका सामानलाई सम्पत्तिमा पूँजीकरण गर्ने गरेकोले ह्रास खर्च बढी कायम गरेको छ ।

२०.२ यो वर्ष पनि निर्माणाधीन सम्पतिको भौतिक परीक्षण गरेको छैन । हरेक चौमासिकमा निर्माणाधीन सम्पतिको प्रगति विवरण महाप्रवन्धकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भए पनि सो सम्बन्धी अनुगमन भएको छैन । विगतमा सम्पन्न हुन नसकेका निर्माणाधीन आयोजना अन्तरगतका सम्पत्तिको आयुगत विवरण पनि बनाउने गरेको देखिएन ।

२०.३ पश्चिमाञ्चल क्षेत्रीय कार्यालय तथा शाखा कार्यालय इलाम, अर्घाखाँची, कावासोती, तौलिहवा, दुहवी, परासी र रत्नपार्कले विगत वर्षदेखि निर्माणाधीन सम्पत्तिमा खर्च गरेको रु.४ करोड ७४ लाखमा यो वर्ष पनि थप काम नगरी आगामी वर्षका लागि जिम्मेवारी सारेको छ ।

२१. **जिन्सी व्यवस्थापन** – यो वर्षको जिन्सी मौज्दात रु.२ अर्ब ४४ करोड ४२ हजार रहेको छ । जिन्सी व्यवस्थापन सम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

२१.१ जिन्सीमा हुने सम्भावित नोक्सानी वापत विगत वर्षमा गरेको व्यवस्था वापतको रु.२९ करोड ६० लाखलाई यो वर्ष पनि जिम्मेवारी सारेको छ । विभिन्न इकाईमा भएका सामानको अवस्था यकिन गरी अभिलेख नराखेकोले सो व्यवस्थाको पर्याप्तता यकिन गर्न सकिएन ।

२१.२ केन्द्रीय भण्डार, हेटौडाबाट यो वर्ष विभिन्न क्षेत्रीय कार्यालयमा रु.१ अर्ब ५ करोड ८५ लाखको सामान हस्तान्तरण गरेको देखिएको छ । ती कार्यालयले रु.९७ करोड २० लाखमात्र प्राप्त गरेको देखाएकाले रु.८ करोड ६५ लाख फरक परेको छ । कम्प्युटराइज्ड विलिङ्गले पठाएको रु.७७ लाखको सामान प्राप्त गर्ने कार्यालयले हिसाव देखाएका छैनन् । यी फरकबारे छानविन गरिनु पर्दछ । केन्द्रीय भण्डारबाट जारी भएका सामानमध्ये रु.६६ करोड ९६ लाख (५२.२९ प्रतिशत) को सामान २०६७ आषाढ महिनामा जारी भएको देखिन्छ ।

२१.३ मर्मतकालागि जारी भएका सामानको प्रतिस्थापन हुने पार्टस् फिर्ता लिने गरेको छैन । यो वर्ष सवारी साधन सहित रु.८८ करोड ४५ लाख मर्मतमा खर्च भएकोले त्यस्तो फिर्ता हुनु पर्ने सामानको रकम र ती सामानको सम्भाव्य चुहावटबारे मर्मत पश्चातको अनुगमन फितलो भएकाले यकिन गर्न सकिने अवस्था छैन ।

ग्राहक तथा वितरण केन्द्र, वीरगन्जले २९.५२ किलोमिटर विद्युत तार प्रतिस्थापन गरेकामा ६.८९ किलोमिटरमात्र भण्डारमा फिर्ता प्राप्त देखाएको छ । बाँकी २२.६३ किलोमिटर तारको हिसाव देखिएन ।

ग्राहक तथा वितरण केन्द्र, कुलेश्वरले यो वर्ष १०० केभिए क्षमताका ९ र ५० केभिए क्षमताका ३ ट्रान्सफरमर प्रतिस्थापन गर्न रु.५१ लाख खर्च गरेकोमा पुराना ट्रान्सफरमर फिर्ता गरेको देखिएन । ५० केभिए क्षमताबाट १०० केभिए क्षमतामा परिवर्तन गर्दा कार्यालयमा मौज्दात पुरानो ट्रान्सफरमर प्रयोग नगरी नयाँ खरिद गरेको समेत देखियो । यस्तो प्रवृत्तिउपर नियन्त्रण गर्नु पर्दछ ।

२१.४ एक चिनिया कम्पनीसँग १२० महिनाको वारेन्टीको शर्तमा खरिद भएका मिटरहरु विभिन्न कार्यालयहरुबाट काम नलाग्ने भनी फिर्ता भई परीक्षण गर्दा पनि काम नलाग्ने देखाई त्यत्तिकै राखिएका छन् । वारेन्टी शर्त बमोजिम बिग्रेका सामान सो कम्पनीलाई फिर्ता बुझाएको देखिएन । यस्ता विग्रिएका मिटर तौलिहवा वितरण शाखामा २ हजार र क्षेत्रीय कार्यालय, नेपालगञ्जमा ७०० थान बेकम्मा भई भण्डारमा राखेको देखियो ।

२२. **बक्यौता** – वर्षान्तमा विद्युत महशुल बक्यौता गतवर्षको दाँजोमा २५.८५ प्रतिशत बृद्धि भई रु.६ अर्ब ११ करोड पुगेको छ । लिन बाँकी रकमका सम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

२२.१ लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको रु.५५ करोडमा यो वर्ष परिवर्तन गरेको देखिएन । विगतमा शंकाष्पद व्यवस्था गरेको रकमको विस्तृत विवरण पेश नभएकोले सोको यथार्थता यकिन गर्न

सकिएन । लाइन कट्टा गरेका ग्राहकबाट लिन बाँकी रु.५७ करोड तथा गाउँ विकास समिति, क्यान्टोन्मेन्ट, सडक बत्ती लगायतका बक्यौता समावेश गर्ने हो भने शंकास्पद व्यवस्थाको रकम अपर्याप्त हुने देखिन्छ ।

बक्यौता अवधि वर्गीकरण गरी असुली संभाव्यताको आधारमा शंकास्पद व्यवस्थाको गणना पनि गरेको छैन ।

२२.२ आय शाखाको हिसावले देखाएको बक्यौता र लेखामा देखाएको बक्यौतामा यो वर्ष पनि हिसाव मिलान हुन सकेको छैन । यस्तो हिसाव ३२ शाखामा फरक परेको मध्ये १५ शाखाको आय लेखाले बक्यौता रु.३६ करोड बढी देखाएको छ भने १७ शाखाको आय लेखाले लेखाको भन्दा वक्यौता रु.५ करोड घटी देखाएको छ ।

म्यानुअल आयलेखा भएका शाखाहरुको अभिलेखको स्तर भरपर्दो नरहेका कारण म्यानुअल लेखाको आयलेखालाई कम्प्युटराइज्ड गर्दै गएको छ । कम्प्युटराइज्ड गरिएका सवै शाखाको व्यक्तिगत बक्यौता र आयलेखा कन्ट्रोल खाताको बक्यौता हिसाव मिलान भएको छैन । यी दुई खाता मिलान नगर्दा विक्री आम्दानीमा पर्ने असर मूल्यांकन गर्न सकिने अवस्था छैन ।

२२.३ वितरण तथा ग्राहक सेवा अन्तर्गतका ६८ कार्यालयमा आयलेखामा देखिएको विद्युत विक्रीभन्दा लेखामा देखिएको विक्रीमा रु.४९ करोड ८५ लाख फरक देखिएको छ । आय लेखामा भन्दा लेखामा २६ कार्यालयले रु.५३ करोड ५ लाख घटी र ४२ कार्यालयले रु.३ करोड २० लाख बढी आम्दानी देखाएका छन् ।

लेखांकन भैसकेको विक्री समायोजन गर्दा कारण खुलाई अधिकार प्राप्त अधिकारीको स्वीकृती लिएरमात्र लेखामा समायोजन गर्नु पर्नेमा वितरण तथा ग्राहक सेवा, काभ्रेले अधिकार प्राप्त अधिकारीको आदेश नै नलिई रु.५४ लाख ११ हजार विक्री समायोजन गरी हिसाव तयार गरेको छ ।

२२.४ लाइन कट्टा गरेका ग्राहकको बक्यौता रु.५७ करोडमध्ये यो वर्ष रु.१ करोडमात्र असुली गरेको छ । विलिङ्ग गरेको ६० दिनमा पनि महशुल नतिर्ने ग्राहकलाई डिफल्टर सूचीमा समावेश गर्नु पर्ने नियमको व्यवस्था लागु गर्नुपर्ने सम्बन्धमा विगत वर्षदेखि दिएको सुझाव यो वर्ष पनि कार्यान्वयन गरेको छैन ।

२२.५ सडक बत्तीमा रु.१ अर्ब १६ करोड बक्यौता देखाएको छ । नेपाल सरकारसँग असुल गर्न बाँकी २०६६।३।३१ सम्मको सडक बत्ती बक्यौतामध्ये सञ्चालक समितिको निर्णयले रु.९८ करोड भुक्तानी लिई बाँकी रु.८६ करोड अपलेखन गरेको छ । अपलेखन गरेको रकमको सम्वन्धित शाखाहरुमा हिसाव मिलान गरेको छैन ।

२३. **सम्पन्न कार्य** – विद्युत विकास विभागको रिचार्जेवल वर्क्समा सम्पन्न भई सकेका रु.११ करोड ९२ लाख समेत रहेको छ । सम्पन्न भई सकेको कामहरु सम्बन्धित इकाईमा हस्तान्तरण गरी हिसाव राफसाफ राख्नु पर्नेमा उक्त रकममा निकै पुराना हिसाव समेत बाँकी रहेको देखिन्छ ।

२४. **बैङ्क तथा नगद –** बैङ्क तथा नगदमा रु.१ अर्ब २२ करोड बाँकी देखाएको छ । यस सम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

२४.१ शाखा कार्यालय इटहरी, राजविराज, दैलेख र भद्रपुरमा द्वन्दका अवस्थामा लुटिएको रु.१० लाख ५० हजार अझै पनि नगद बाकीमा देखाउदै आएको छ । परासी शाखाले महिनाभरी असुल गरेको महशुल एकै पटक जम्मा गरेको समेत देखियो । शाखा कार्यालय महेन्द्रनगर, डुम्रे, डोटी, बैतडी, अछामको नगद कारोबारको आकस्मिक परीक्षण गर्दा लेखामा देखिएको नगद कर्मचारीले लगेको उल्लेख गरी फरक रकमको भौतिक परीक्षण गराएको छैन । यसबाट नगदको दुरुपयोग हुन सक्ने अवस्था देखियो ।

२४.२ राष्ट्रिय वाणिज्य बैङ्क अछामबाट लुटिएको रु.२६ लाख ३५ हजार मौज्दातमा नभएको रकमलाई पनि बैङ्क बाँकीमा देखाउदै आएको छ ।

२४.३ बैङ्क हिसावको मासिक रुपमा हिसाव भिडान गर्ने गरेको छैन । धेरैजसो इकाईले वर्षमा एकै पटक बैङ्क र लेखाको हिसाव भिडान गर्ने गरेको छ । वितरण तथा ग्राहक सेवा हेटौडा र स्याँग्जा तथा सामुदायिक ग्रामीण विद्युतीकरण विभागले यो वर्ष बैङ्क हिसाव भिडान गरेको देखिएन ।

२५. **पेश्की तथा लिन बाँकी** – वर्षान्तमा पेश्की तथा लिन बाँकी रु.२ अर्ब ७२ करोड १ लाख देखाएको छ । विगत वर्षको लिन बाँकीको लागि यो वर्ष रु.८ करोड ८६ लाख ५६ हजार व्यवस्था गरेको छ । लिन बाँकी रकमको सम्बन्धित असामीबाट समर्थनपत्र लिएको छैन ।

२५.१ कर्मचारीलाई पुरानो पेश्की फछ्यौट नगरी नयाँ पेश्की दिने प्रचलन व्यापक रहेको छ । यसबाट कर्मचारीलाई निरन्तररुपमा प्राधिकरणको स्रोतमा अधिकार सिर्जना गर्ने अवसर प्रदान गरेको अवस्था देखियो ।

२५.२ कर्मचारीको मासिक तलबबाट किस्तावन्दीमा कट्टा गर्ने गरी उपलव्ध गराएको कर्जा कर्मचारी सरुवा हुँदा रमानापत्रमा उल्लेख नगरेका कारण विभिन्न कार्यालयमा पेश्की बाँकी रहन गई मासिक रुपमा तलवबाट कट्टा गरेको देखिएन ।

२५.३ पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले विगतमा उपलव्ध गराएको पेश्की रु.३६ लाख ६४ हजारको पेश्की पाउनेको विवरण नराखेकोले यो वर्ष पनि उक्त पेश्की पूरै बाँकी रहेको छ ।

२५.४ कर्मचारीले मस्यौट गरेको रकमलाई सर्टेजको रुपमा राख्ने गरेको छ । यो वर्षसम्म जनकपुरमा रु.४० लाख ६० हजार, राजविराजमा रु.१० लाख ५३ हजार, नुवाकोटमा रु.४० हजार तथा गौरमा रु.७ लाख २२ हजार यस्तो सर्टेज बाँकी रहेको छ । यस्तो रकम अविलम्व कारबाही गरी सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

२५.५ अग्रिम आयकर वापत यो वर्षसम्म दाखिला गरेको रु.१ अर्ब १८ करोड २ लाखको हिसाव फछ्यौंट गर्न बाँकी रहेको छ ।

२५.६ इन्धन आपूर्तिमा भएको संकटका बखत नेपाल सरकारले महशुल छुट दिएवापत २०४६।४७ मा सिर्जना भएको दावी रु.४ करोड १६ हालसम्म असुल गर्न सकेको छैन । लोड सेडिङ भएकाले औद्योगिक डिमाण्ड चार्ज मिनाहा गरेवापत नेपाल सरकारले दिनुपर्ने यो वर्षको दावी रु.६ करोड ३० लाख २०६७।६८ मा प्राप्त हुने जानकारी दिएको छ ।

२६. **तिर्न बाँकी** – तिर्न बाँकी रकममा रु.३३ अर्ब ४६ करोड ९२ लाख रहेको छ । यस सम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्:

२६.१ वितरण तथा ग्राहक सेवा अन्तर्गत बन्द भैसकेको ६ प्रतीतपत्रको रु.२४ लाख ५ हजार र ८ पार्टीको रिटेन्सन धरौटीभन्दा बढी रु.६ करोड ४२ लाख १२ हजार तिर्न बाँकी रहेको देखाएको छ । सामान वा सेवा प्राप्त गरी सम्बन्धित पार्टीलाई भुक्तानी गरी सकेपछि तथा तिर्नु पर्नेभन्दा बढी धरौटी तिर्न बाँकी देखाएको उचित होइन ।

२६.२ कर्मचारी अवकाश सम्बन्धी दायित्वमा रु.४ अर्ब ६८ करोड ४२ लाख देखाएको छ । उक्त रकम आवश्यक पर्नेभन्दा रु.६ अर्ब ७७ करोडले कमी छ ।

२७. **कर्मचारी खर्च** – कर्मचारी खर्चमा देखिएका उल्लेख्य व्यहोरा निम्न छन्–

२७.१ कर्मचारीलाई प्राय अतिरिक्त समयमा राखी काम गराएको छ । तलवको झण्डै आधा रकम अतिरिक्त समय राखी काम गराए वापतको भत्तामा खर्च गरेको छ । अतिरिक्त समय बसेर गरेको कामको प्रगति पेश गर्नु नपर्ने, अतिरिक्त समय काम गरेको भनी सुपरभाईजर वा काम लगाउनेले प्रमाणित नगरे पनि जति दिनको अतिरिक्त समय काम लगाउने निर्णय गरेको छ सोही दिन वरावरको अतिरिक्त समय काम गरेको भनी भत्ता रकम खर्च गर्ने गरेको छ ।

एउटै कर्मचारीलाई कार्यालय समय र अतिरिक्त समय गरी महिनाभरी दैनिक १६.४७ घण्टासम्म काम गराएको देखिन्छ । महिनाभरी दिनहु यस्तो लामो समय काम गराएको कानूनत: मिल्ने पनि होइन ।

२७.२ कर्मचारीलाई सुखा र वर्षायाममा मासिक क्रमश: ७५ र १२० युनिट विद्युत सुविधा दिने गरेको छ । यस्तो सुविधा मिटर रिडिङ गरेर सोहीबमोजिम दिनुपर्नेमा कर्मचारी सुविधाको मिटर रिडिङसँग भरपर्दो समन्वय

देखिएन । यसले गर्दा विद्युत बिक्री, नोक्सानी गणना तथा कर्मचारीको वास्तविक सुविधा रकममा समेत् फरक परेको छ ।

२७.३ सवै कार्यालयहरुले वर्षभरी नै दैनिक ज्यालादारी कर्मचारी भर्ना गरी काम गराएका छन् । दैनिक ज्यालादारीमा बजेट व्यवस्था नभएका १० कार्यालयले रु.६४ लाख ६२ हजार मर्मत शीर्षकमा खर्च लेखी दैनिक ज्यालादारी कर्मचारीलाई भुक्तानी गरेका छन् ।

२८. **नोक्सानी अभिलेख** – प्राधिकरणले विद्युत नोक्सानी गणना गरेकोमा निम्न व्यहोरा देखिएका छन्:

२८.१ कार्यालयहरुले विद्युत नोक्सानी हिसाब गर्दा आफूले प्राप्त गरेको विद्युत युनिट तथा आफूले पठाएको, वितरण गरेको विद्युत युनिटको परस्पर भिडान गरेका छैनन् । एक कार्यालयले पठाएको विद्युत युनिट र प्राप्त गर्ने कार्यालयले प्राप्ती देखाएको युनिटमा फरक पर्ने गरेको छ । विद्युत लिए दिएको गणना गर्न गरिने मिटर रिडिंग संयुक्तरुपमा हुनु पर्नेमा हुने गरेको छैन ।

२८.२ हाम्रो रायमा नोक्सानी गणना कागजी रुपमा भएता पनि वास्तविकता प्रतिविम्वित गर्दैन । उदाहरणकालागि वितरण तथा ग्राहक शाखा, उदयपुरमा आश्विनमा ३३.३१ प्रतिशत, कार्तिकमा ९.५३ प्रतिशत, मंशिरमा ३४.६२ प्रतिशत तथा माघमा २५.८८ प्रतिशत विद्युत प्राप्त गरेकोभन्दा बढी विक्री देखाएको छ । यसरी प्राप्तभन्दा बढी विक्री देखिने गणनाले नोक्सानीको यथार्थता चित्रण गर्दैन ।

२८.३ वितरण केन्द्रहरुको विद्युत नोक्सानी ७२.९५ प्रतिशतसम्म देखिएको छ । वितरण तथा ग्राहक सेवा अन्तर्गतको केही शाखाका वितरण नोक्सानी निम्नानुसार देखिन्छ:

कार्यालय	नोक्सानी युनिट	नोक्सानी प्रतिशत	आम्दानी नोक्सान (रु.हजारमा)
१. गौर	३८,५९७,८५२	७२.९५	२५६,२८९
२. मलंगवा	३७,६११,०८७	६८.५३	२४९,७३८
३. कलैया	३४,६२२,२६२	६७.१६	२२९,८९२
४. जलेश्वर	३४,१३०,३०१	६६.३९	२२६,६२५
५. राजविराज	३०,६९१,२४४	६३.५२	२०३,७९०
६. भक्तपुर	३३,१०५,०८०	५६.७२	२१९,८१८
७. सिन्धु	१२,७९१,६७१	५६.३९	८४,९३७
८. टांडी	२३,६०७,७०४	५२.२९	१५६,७५५
९. पालुंग	२,५५५,०४२	५२.२३	१६,९६५
जम्मा	**२४७,७१२,२४३**		**१,६४४,८०९**

यस्तो चुहावट नोक्सानीमा नियन्त्रण हुनु पर्दछ ।

२८.४ ग्रामीण क्षेत्रका ग्राहकको मासिक खपत २० युनिटभन्दा कम भए तापनि हरेक ग्राहकको प्राय: जसो महिनाको खपत २० युनिट देखाएकोले नभएको खपतलाई बिक्रीमा जनाई नोक्सानी कम देखाएको छ ।

२८.५ मिटर रिडरहरु सरुवा गर्ने प्राधिकरणको नीति कार्यान्वयन भएको छैन । एउटै मिटर रिडर वर्षौसम्म एउटै रुटमा मिटर रिडिंग गर्ने कार्य यथावत छ ।

२८.६ विद्युत नोक्सानीको स्थितिबारेमा १० कार्यालयले २०६४।६५ को नोक्सानी प्रतिशत गत वर्ष उपलब्ध गराएभन्दा फरक हुने गरी उपलब्ध गराएका छन् । खपत नै नभएको विद्युतलाई बिक्री देखाई विद्युत नोक्सानी कम हुने गरी गणना गरेको देखिएको छ ।

२९. **विद्युत खरिद** – यो वर्ष विद्युत खरिदमा रु.९ अर्ब ७४ करोड ६७ लाख खर्च भएको छ । स्वदेशी २१ कम्पनीबाट रु.५ अर्ब ७३ करोड ६० लाख खर्च भएको छ । स्वदेशी कम्पनीबाट गरेको खरिद प्रति युनिट ३

रुपैया ९० पैसा देखि ६ रुपैयाँ ८९ पैसासम्म (औसत ६ रुपैयाँ २४ पैसा) परेको छ । भारतबाट खरिद गरेको विद्युतको प्रतियुनिट प्रभावकारी खरिद दर ११ रुपैया ४१ पैसासम्म परेको देखिन्छ ।

स्वदेशी विद्युतमध्ये ४२.६७ प्रतिशत विद्युत आपूर्ति गर्ने कम्पनीले जम्मा खरिदको ३८.८२ प्रतिशत भुक्तानी लगेको देखिन्छ । दोस्रो ठूलो आपूर्तिकर्ताले खरिद गरेको विद्युतमा २५.०६ प्रतिशत योगदान गरी २२. ३६ प्रतिशत भुक्तानी प्राप्त गरेको छ ।

३०. **रोयल्टी** – विद्युत पोलबाट वितरण गरिएको केबुल तथा नेटको सेवा शुल्क नगद आधारमा आम्दानी देखाएको छ । केवुल तथा नेटको लाइन स्थायी रुपमा जडान भएकोले यस्ता सेवालाई स्थायी ग्राहकको अभिलेखमा राखी ग्राहक नम्वर, मासिक बिलिङ पद्धति, एवं असुलीको तरिका निर्धारण गर्नु पर्नेमा गरेको देखिएन ।

३१. **खरिद –** प्राय: कार्यालयहरुले सामान वा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ ले तोके बमोजिम खरिद योजना तयार गरेका छैनन् । वर्षैपिच्छे खरिद गरिने आइटमहरु पनि खरिद योजना बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सीधै खरिद गर्ने गरेको छ ।

३२. **शंकाष्पद बीजक** – आपूर्तिकर्ता वा निर्माण व्यवसायीले जारी गर्ने बीजकको तरीका ढाचा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा तोकिएको छ । प्राधिकरण अन्तर्गतका केही कार्यालयले प्राप्त गरेको बीजक सो नियमावलीले तोके बमोजिम गरेको छैनन् । वितरण तथा ग्राहक सेवा, सिमराले हातले लेखिएको बीजक नम्बर भएका विलको भुक्तानी गरेको छ । मूल्य अभिवृद्धि कर बीजक प्रि–प्रिन्टेड हुनु पर्दछ । वितरण तथा ग्राहक सेवा शाखा, दोलखाले जारी मिति नै नभएका बीजकको भुक्तानी गरेको छ ।

विद्युत विकास कोष

विद्युत विकास कोषको लागि यो वर्ष विश्व बैङ्कको अनुदान रु.३ करोड ५ लाख, ऋण रु.१ करोड ९५ लाख र नेपाल सरकारको स्रोततर्फ रु.२ करोड २१ लाख ४३ हजार बजेट विनियोजन भएकोमा नेपाल सरकारको स्रोतबाट रु.२७ लाख ९५ हजार खर्च भएको छ ।

३३. **कार्यक्रम संशोधन** – यो वर्ष जी.आई.एस. लाइसेन्स व्यवस्थापन प्रणालीको विकास, जलविद्युत आयोजनाहरुको लागि निरीक्षण मार्गदर्शन तयारी, प्रसारण लाइनको सम्भाव्यता अध्ययन, ऊर्जा विकास कोषबाट सिकिएका पाठको अध्ययन, क्षमता विकास र कोष प्रशासकको पटके सेवा शुल्कका लागि समेत रु.६ करोड ५१ लाख ९९ हजारको कार्यक्रम स्वीकृत छ । विश्व बैङ्कबाट कार्यक्षेत्रगत शर्त स्वीकृत गराउन ढिला भएको उल्लेख गरी कोष प्रशासकको पटके सेवा शुल्क भुक्तानी, प्रसारणलाइनको सम्भाव्यता अध्ययन र जलविद्युत आयोजनाको लागि निरीक्षण मार्गदर्शन तयार गर्ने कार्यहरु नगर्ने गरी कार्यक्रम संशोधन भएको देखिन्छ । प्रगति विवरणअनुसार वार्षिक लक्ष्यको तुलनामा ३६.९ प्रतिशतमात्र प्रगति देखाएको छ । लक्षित कार्यअनुरुप कार्यक्रम सञ्चालन गर्नमा विभागको ध्यान पुग्नुपर्ने देखिन्छ ।

३४. **अनुमतिपत्र** – विद्युत ऐन, २०४९ ले निजी क्षेत्रलाई नेपालमा विद्युत उत्पादन, प्रसारण र वितरण प्रयोजनको लागि आवश्यक पर्ने सर्वेक्षण, उत्पादन तथा वितरणको अनुमतिपत्र दिन सकिने र अनुमतिपत्र प्राप्त गरेको निजीक्षेत्रले अनुमतिपत्रमा उल्लिखित शर्तबमोजिम कार्य गरे नगरेको सम्बन्धमा नियमन तथा अनुगमन र अनुमतिपत्र नवीकरण गर्ने जिम्मेवारी विद्युत विकास विभागलाई सुम्पेको देखिन्छ । यो वर्षसम्ममा विद्युत उत्पादन सर्वेक्षणको लागि ३०३, विद्युत उत्पादनको लागि ५३, विद्युत प्रसारण सर्वेक्षणको लागि ८९, प्रसारणको लागि २७, वितरण सर्वेक्षणको लागि ६ र वितरणको लागि ३ आयोजनाको लागि अनुमति दिएको विवरण पेश भएको छ । अनुमति प्रदान गरिएका कम्पनीहरुले शर्तबमोजिम कार्य गरे नगरेको सम्बन्धमा अनुगमन र निरीक्षण गरेको पाइएन । यसले गर्दा प्रदान गरिएका अनुमतिपत्रअनुरुप कार्य भए नभएको यकिन गर्ने आधार भएन ।

३५. **रोयल्टी लगत एंव असुली** – विद्युत कम्पनीहरुको रोयल्टी गणना गर्दा उत्पादन क्षमता अनुसार बुझाउनुपर्ने रोयल्टी निश्चित हुने हुँदा सो अनुसारको लगत सम्बन्धित आर्थिक वर्षभित्र कायम गर्ने र खपत युनिटअनुसार

हिसाब गर्नुपर्ने लगत रकम यकिन गरी पछिल्लो आर्थिक वर्षमा प्राप्त भएअनुसार कायम गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ । विभागले उत्पादन क्षमताअनुसार तथा युनिट खपतअनुसारको दुवैको लगत एकै पटक तयार गर्ने गरेको पाइयो । आर्थिक विवरणअनुसार गत वर्ष सम्मको प्राप्त हुन बाँकी रोयल्टी रु.८९ करोड ४० लाख ५६ हजार र यो वर्ष प्राप्त हुनपर्ने रु.९७ करोड ६६ लाख १७ हजार समेत जम्मा रु.१ अरव ८७ करोड ६ लाख ७३ हजारमध्ये यो वर्ष रु.७६ करोड ८८ लाख ४४ हजार प्राप्त भई रु.१ अरव १० करोड १८ लाख २९ हजार लगत बाँकी देखिएको छ ।

३५.१ गतवर्ष विभागको विवरणअनुसार रु.९६ करोड ७२ लाख ३६ हजार वर्षान्तमा उठ्न बाँकी रोयल्टीको लगत रहे तापनि आर्थिक विवरण पेश गर्दा पूरै रकम असुल भएको जनाई लगत बाँकी शून्य देखाएको थियो । यो वर्षको आर्थिक विवरणमा गत वर्षसम्मको प्राप्त हुन बाँकी रोयल्टीबापतको लगत रु.८९ करोड ४० लाख ५६ हजार जिम्मेवारी सारेकोले कायमी लगतको आधार भरपर्दो देखिएन ।

उपर्युक्तानुसार लगत कायम गरी आर्थिक विवरण पेश गरेकोमा गत वर्षसम्मको प्राप्त हुनुपर्ने रोयल्टीबापतको लगत बाँकी यथार्थ भएको र यसवर्षको थप गरिएको लगत अनुमानित भएको भन्ने विभागको भनाई रहेको छ । रोयल्टीको लगत यथार्थ बनाई असुलीमा प्रभावकारिता ल्याउन थप प्रयास हुन आवश्यक छ ।

३५.२ प्राप्त विवरणअनुसार नेपाल विद्युत प्राधिकरणबाट २०६५।६६ सम्म प्राप्त हुन बाँकी रोयल्टी रु.७९ करोड ६१ लाख २१ हजारमध्ये यो वर्ष रु.५८ करोड असुल भई रु.२१ करोड ६१ लाख २१ हजार बाँकी रहेको देखिएकाले समयमानै रकम असुलीको प्रयास हुनुपर्दछ ।

३६. **विस्तृत आयोजना प्रतिवेदन –** पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाअन्तर्गत महाकाली नदीको एकीकृत विकाससम्बन्धी भारतसँग भएको सन्धिअनुसार २०५४ मार्गसम्ममा आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरिसक्ने लक्ष्य राखिएकोमा यो वर्षसम्म वातावरण प्रभाव मूल्याङ्कन अध्ययन कार्य सुरु गर्ने र पञ्चेश्वर आयोजनाको आन्तरिक बाटो निर्माण सुधार गर्ने बाहेक विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने प्रमुख कार्य भएको देखिएन । विगत वर्ष झै यो वर्ष पनि उक्त विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यक्रम समावेश गरेकोमा कारणबेगर पछि कार्यक्रम संशोधन गरी हटाएको छ ।

३७. **लेखापरीक्षण** – सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेजकम डाइभर्सन आयोजनाको अध्ययन अनुसन्धान र विस्तृत आयोजना प्रतिवेदन तयार गर्न नेपाल तथा भारतबीच २०६१ मा भएको आदान प्रदान पत्रानुसार भारत सरकारबाट खर्च गरेको रकमको लेखापरीक्षण भारत सरकारले गराई लेखापरीक्षण प्रतिवेदन नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । भारत सरकारको सोझै अनुदानबाट यो वर्ष रु.१६ करोड २२ लाख ३

३८. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा रु.२१ हजार असुल भएको छ ।

३९. **पेश्की –** मन्त्रालय अन्तरगतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा २ कार्यालयको रु.१९ लाख १५ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु २ लाख फछ्यौंट गरी १ कार्यालयको रु.१७ लाख १५ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.१ हजार म्याद नाघेको रहेको छ ।

४०. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको सम्परीक्षण स्थिति देहायअनुसार छ:

४०.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयतर्फ यो वर्ष रु.४ करोड ५३ लाख ५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ करोड ७४ लाख फछ्यौंट गरेकोले रु.७९ लाख ५ हजार बाँकी रहेको छ ।

४०.२ मन्त्रालयले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजू प्रतिवेदन अवधिसम्म रु.१ लाख ८६ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

कानून तथा न्याय मन्त्रालय

मन्त्रालय र मातहत समेत ३ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.४ करोड ९४ लाख १३ हजार, राजस्वतर्फ रु.१ लाख २६ हजार र धरौटीतर्फ रु.७ लाख ५९ हजार गरी रु.५ करोड २ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहत समिति ३ को रु.१३ करोड ३९ लाख ५४ हजार लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

समितितर्फ

कानून किताब व्यवस्था समिति

नेपाल कानून सङ्कलित वा फुटकररुपमा छपाउने, बिक्री वितरण गर्ने, सरकारी कागजातहरु अंग्रेजी भाषामा एवं विदेशी वा अन्तर्राष्ट्रिय कानूनलाई स्वदेशी भाषामा अनुवाद गरी प्रकाशन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०२१ मा स्थापित समितिको २०६६।६७ बमे अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१. **सञ्चालन नतिजा** – गत वर्ष रु.३५ लाख ५ हजार खुद बचत भएकोमा यो वर्षको आय रु.२ करोड १५ लाख ३१ हजारमध्ये रु.२ करोड ९९ लाख ९७ हजार खर्च भई रु.८४ लाख ६६ हजार नोक्सान भएको छ ।

२. **स्थिर सम्पत्ति** – गत वर्षसम्म स्थिर सम्पत्ति रु.१ करोड ५५ लाख २४ हजार रहेकोमा यो वर्षको अन्तमा ह्रास कट्टी पश्चात रु.१ करोड ४६ लाख १० हजार बाँकी रहेको छ । स्थिर सम्पत्ति खाता विस्तृत अभिलेख सहितको नराखेको, फर्निचर लगायतका सामानहरु लिलाम गर्नुपर्ने भनी भौतिक परीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा कारबाही नगरेको, सम्भावित हानि–नोक्सानीलाई ध्यान दिई सम्पत्तिको बीमा नगरेको स्थिति देखियो । प्रतिघण्टा ८ हजार छपाई गर्ने क्षमता भएको स्पिड प्रेस मेसिन २०६३ चैत्रमा रु.२५ लाख ७ हजारमा खरिद गरेकोमा हालसम्म पनि सञ्चालनमा ल्याएको पाइएन ।

३. **अनुवाद शुल्क** – गत वर्ष अनुवाद तथा जाँच शुल्कबाट रु.२ करोड ५२ लाख ५९ हजार आम्दानी भएकोमा यो वर्ष रु.१ करोड ३२ लाख ३३ हजार भई गत वर्षको तुलनामा ४७.६१ प्रतिशत कम भएको छ । अनुवाद तथा जाँचबापत यो वर्ष रु.४० लाख ५ हजार खर्च लेखेको छ । नोटरी पब्लिक ऐन, २०६३ कार्यान्वयन भइसकेको अवस्थामा समितिले बढी आम्दानी हुनसक्ने छपाई कार्यलाई व्यावसायिक रुपमा लैजानु पर्ने देखिन्छ ।

४. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा रु.१७ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.१३ हजारसमेत रु.३० हजार असुल भएको छ ।

५. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छ:

५.१. मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.६६ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३७ लाख फछ्यौंट गरी रु.२९ लाख बाँकी रहेको छ ।

५.२. मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू रु.२ लाख ५ हजार फछ्यौंट गरिआएकोले सम्परीक्षण गरिएको छ ।

५.३. वार्षिक प्रतिवेदन २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.२८ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२ लाख ३३ हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

कृषि तथा सहकारी मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३८० कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.७ अर्ब १ करोड ६५ लाख २१ हजार, राजस्वतर्फ रु.१२ करोड ५७ लाख ८४ हजार, धरौटीतर्फ रु.९ करोड ८० लाख १६ हजार र अन्य कारोबारतर्फ रु.३ करोड ५९ लाख ७ हजार गरी रु.७ अर्ब २७ करोड ६२ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

मन्त्रालयमातहतका संगठित संस्था, अन्य संस्था, समिति २० को रु.५ अर्ब ८५ करोड ३२ लाख १२ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१ मन्त्रालयबाट दीर्घकालीन कृषि योजनाको मध्यावधि मूल्याङ्कन यो वर्ष पनि गरेको पाइएन ।

१.२ मन्त्रालयले "एक गाउँ एक उत्पादन" कार्यान्वयन कार्यविधि यो वर्ष पनि स्वीकृत गराएको छैन ।

१.३ यो वर्ष ३ हजार ५७० सहकारी संस्थालाई सहकारी पसल सञ्चालन अनुदानबापत उपलब्ध गराएको रु.३ करोड ८ लाखसमेत हालसम्म कुल रु.३५ करोड ७० लाख अनुदान दिएको देखिन्छ । अनुदान प्राप्त गर्ने संस्थाको अनुगमन गर्ने र सञ्चालनमा नरहेका संस्थाहरुबाट अनुदान रकम फिर्ता लिनुपर्ने व्यहोरा विगतका प्रतिवेदनमा उल्लेख गरिएकोमा संस्थाहरुको अनुगमन गरी सञ्चालनमा नरहेका संस्थाबाट अनुदान फिर्ता लिएको पाइएन ।

विगतका व्यहोराहरु पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **तीन वर्षीय योजना** – अन्तरिम योजना अवधि (२०६४।६५–२०६६।६७)मा कृषिसँग सम्बन्धित नर्सरी ऐन तर्जुमा, मत्स्य बीज ऐन तथा नियमावली निर्माण, क्वारेन्टाइन ऐनमा सुधार, खाद्य, मौरी, रेशम, जीव विषादी एवं रसायनिक मल व्यवस्थापन नियमन गुणस्तर नियन्त्रण गर्ने लगायतका ऐन तर्जुमा, राष्ट्रिय पोषण प्रयोगशाला स्थापना गर्ने र राष्ट्रिय मल नीतिलाई समय सापेक्ष परिमार्जन गर्ने जस्ता लक्ष्य निर्धारण गरे तापनि ती कार्य हुन सकेको देखिएन ।

३. **योजना कार्यान्वयन** – यो वर्षको बजेट वक्तव्यमा प्राङ्गारिक मल कारखाना स्थापना गर्न रु.५ करोड बजेट व्यवस्था भएकोमा प्राङ्गारिक मल कारखाना स्थापना गर्ने काममा प्रगति भएको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३.१ बजेट वक्तव्य २०६६।६७ मा उच्च तथा मध्य पहाडका २३ जिल्लाका खाद्य संकटमा परेका जनतालाई तत्काल राहत दिन र खाद्यान्न उत्पादन बढाउन खाद्य संकट सम्बोधन कार्यक्रम अन्तर्गत अनुदान रकमबाट यो वर्ष पूँजीगत खर्चतर्फ सामुदायिक बीज वृद्धि कार्यक्रमको लागि भण्डारण तथा सुकाउने फ्लोर निर्माणको सम्भाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन ड्रइङ तथा सुपरिवेक्षणको लागि रु.१९ करोड २३ लाख ६५ हजार बजेट विनियोजन भएकोमा उक्त कार्य भएको देखिएन ।

३.२ जिल्ला कृषि विकास कार्यालय, कञ्चनपुरलाई बाढी पीडितको लागि राहत वितरण गर्न रु.४ करोड २ लाख ३५ हजार बजेट विनियोजन भएकोमा रु.७३ लाख ६० हजार खर्च भएको छ । बजेट व्यवस्था भएअनुरुप

राहत कार्यक्रम सञ्चालन भएको देखिएन । कार्यक्रम ढिलो प्राप्त भएको, पदपूर्ति नभएको, बाढीजन्य क्षेत्रमा सिंचाई सुविधा नभएको आदि कारणले रकम खर्च गर्न नसकेको जानकारी कार्यालयले गराएको छ ।

४. **प्राविधिक सहायता** – यो वर्षको प्राविधिक सहायताको विवरण पुस्तिकामा मन्त्रालयअन्तर्गतका विभिन्न ६ कार्यक्रमको लागि ३ अन्तर्राष्ट्रिय संस्थाबाट सल्लाहकार सेवा, सरसामान उपकरण, तालिम, गोष्ठी तथा अन्यको लागि २०६७।३।३२ को विनिमय दरले हुने रु.१९ करोड ९० लाख ८८ हजार बराबरको प्राविधिक सहयोग प्राप्त हुने अनुमान रहेको छ । प्राविधिक सहायता प्राप्तिको अभिलेख तथा आर्थिक विवरण लेखापरीक्षणमा पेश भएको छैन ।

५. **खर्च अख्तियारी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष सुरु भएको पन्ध्र दिनभित्र वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । मन्त्रालयले थप/घटसहित २०६७।३।१६ सम्म दीर्घकालीन कृषि योजना समन्वय तथा अनुगमन र सहकारी क्षेत्र सुदृढीकरण कार्यक्रमको लागि कृषि, पशु, सहकारी विभाग एवं ३ जिल्ला कृषि विकास कार्यालयको लागि रु.११ करोड ४३ लाख २६ हजारको अख्तियारी दिएको पाइयो । बजेट संशोधन अनुसार वार्षिक कार्यक्रम संशोधन गरेको देखिएन ।

६. **अनुदान** – यो वर्ष मन्त्रालयले १२ कार्यक्रम सञ्चालन गर्न विभिन्न समिति, बोर्ड तथा संघ संस्थाहरुलाई रु. ६६ करोड १८ लाख १४ हजार अनुदान दिएको पाइयो । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार अनुदान प्राप्त गर्ने संस्थाबाट आय–व्ययको प्रगति विवरण लिई तोकिएको कार्यक्रममा खर्च गरे/नगरेको र लेखापरीक्षण भए वा नभएको अध्ययन, अनुगमन गरी सोको वार्षिक विवरण तयार गरेको पाइएन । केही निकायलाई अनुदान निकासा दिंदा गत वर्षको खर्चको विवरण नलिई प्रथम चौमासिक निकासा दिएको, चालू वर्षको बितेको चौमासिक खर्चको फाँटवारी समेत नलिई दोस्रो तथा अन्तिम निकासा दिएको छ । उपर्युक्त स्थितिलाई दृष्टिगत गर्दा अनुदान रकम अपेक्षा गरेबमोजिम उपयोग भएको बारेमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । यससम्बन्धी उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

६.१ राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई चालू तथा पूँजीगत शीर्षकमा कुल रु.३ करोड १० लाख निकासा भएको मध्ये रु.२ करोड ६२ लाख ६५ हजार खर्च गरेको छ । बाँकी रु.४७ लाख ३५ हजार सञ्चितकोष दाखिला गरेको छैन ।

दुग्ध विकास संस्थानलाई पूँजीगत कार्यक्रम सञ्चालन गर्न रु.२ करोड ३० लाख उपलब्ध गराएकोमा प्रगति र खर्चको विवरण लेखापरीक्षणमा पेश नभएकोले यथार्थ उल्लेख गर्न सकिएन ।

६.२ कार्यक्रम स्वीकृतिबेगर राष्ट्रिय सहकारी संघ लिमिटेडअन्तर्गतका कर्मचारीको निवृत्तिभरण सुविधाका लागि उक्त संघलाई रु.१५ करोड रकमान्तर गरी रु.१४ करोड ४५ लाख ४ हजार अनुदान उपलब्ध गराइएको छ । निवृत्तिभरण वितरणमा रु.१३ करोड ७६ लाख २६ हजार खर्च भएको विवरण पेश भएको छ । बाँकी रु.६८ लाख ७८ हजार सञ्चितकोष दाखिला गरेको छैन ।

७. **एक गाउँ एक उत्पादन** – यो कार्यक्रम २०६३।६४ को बजेट वक्तव्यको व्यवस्थाअनुसार ७ जिल्लामा सञ्चालन भएको छ । विगत ३ वर्षमा सरकारी योगदान ७३ देखि ९२ प्रतिशत र बाँकी सार्वजनिक निजी क्षेत्रको साझेदारी अंश देखाएको छ । यो वर्ष रु.३ करोड निकासा भएकोमा खर्चको विवरण एवं लेखापरीक्षण प्रतिवेदन समेत पेश नभएकोले निजी क्षेत्रको योगदान र सरकारी अंश यकिन गर्न सकिएन ।

८. **मल खरिदमा अनुदान** – कृषि सामग्री कम्पनी लिमिटेडले मलखाद आयात र बिक्री वितरण गर्दा लागत र बिक्री मूल्य बीचको फरक रकम अनुदान दिने २०६५।१२।१२ को नेपाल सरकारको निर्णयमा उल्लेख छ । यो वर्ष एकलाख मेट्रिकटन मल खरिदमा अनुदानबापत कृषि सामग्री कम्पनीलाई रु.१ अर्ब ५० करोड दिएको छ ।

प्राप्त विवरणअनुसार यो वर्ष ८१ हजार ५९४ मेट्रिकटन मल आयात गरी वभिन्न जिल्लामा रहेका ३६ बिक्री केन्द्रमा ७५ हजार ७३३ मेट्रिकटन पठाई केन्द्रमा ६ हजार १६१ मेट्रिकटन मौज्दात राखेको देखिन्छ ।

खेतीको मौसममा सधैं रसायनिक मलको अभाव भइरहँदा समेत कम्पनीले तोकिएको भन्दा थोरै परिमाण मल आयात गरी सोमध्येको केही भाग मल मौज्दात राख्नु मनासिब देखिएन ।

जिल्ला कृषि विकास कार्यालय बाराले कृषि सामग्री कम्पनीबाट रु.४ करोड ६२ लाख ६५ हजारको २ हजार ४८४ मेट्रिकटन रसायिनिक मल २०६७।३।३२ मा खरिद गरेको छ । मल वितरणको कच्चावारी अनुसार ९५ गाउँ विकास समितिका ११ हजार ४७३.७९ हेक्टर क्षेत्रफलका लागि २ हजार ३११ मेट्रिकटन मात्र वितरण गरेको छ । बाँकी१७३ मेट्रिकटन मल वितरण गरेको देखिएन । उक्त मलको मूल्य रु.२३ लाख ९३ हजार असुल हुनुपर्ने देखिएको छ ।

९. **प्रमाण कागजात –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (७) र (८) मा बजेट खर्च गर्दा बिल भरपाई वा प्रमाण राख्ने र प्रमाणित गरी भुक्तानी भएको छाप लगाउनुपर्ने व्यवस्था छ । जिल्लास्थित कार्यालयहरुले स्थलगत लेखापरीक्षणको समयमा खर्चसम्बन्धी प्रमाणहरु उपलब्ध नगराउने तर सम्परीक्षणको क्रममा पेश गर्ने प्रवृत्ति देखिएको छ । यो वर्ष कृषि विभागअन्तर्गतका २० कार्यालयले रु.९२ लाख ३२ हजार र पशु विभागअन्तर्गतका २१ कार्यालयले रु.६१ लाख ७७ हजारसमेत कुल रु.१ करोड ५४ लाख ९ हजारको भुक्तानी पूर्वकै प्रमाण कागजात सम्परीक्षणको लागि पेश गरेका छन् । यसले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको एवं लेखापरीक्षणको समयमा गम्भीर नभएको स्थिति देखिन्छ ।

१०. **खर्चको विवरण –** एभीएन इनफ्लुएञ्जा नियन्त्रण आयोजना, खाद्य तथा कृषि संगठन र युनिसेफबीच परामर्श सेवा प्रदान गर्ने सम्झौताअनुसार यो वर्ष रु.६ करोड ४६ लाख २० हजार सोझै भुक्तानी खर्च देखाएकोमा उक्त खर्चको विवरण लेखापरीक्षणको लागि पेश भएन । त्यस्तै वर्षान्तमा रु.४ करोड ५३ लाख २४ हजार पेश्की बाँकी समेत देखिएको छ ।

कृषि विभाग

११. **अनुदान –** यस वर्ष मकै मिसन कार्यक्रमअन्तर्गत बीउमा अनुदान दिने कार्यक्रममा मकैको बीउ आधिकारिक निकायको सिफारिसमा खरिद गर्नुपर्ने व्यवस्था छ । हाइब्रिड मकैको बीउ आधिकारिक निकायबाट सिफारिस नगराई विभिन्न जातको बीउलाई नै हाइब्रिड बीउ भनी कृषि विकास कार्यालयले सिफारिस गरी बीउमा अनुदान उपलब्ध गराउने गरेको पाइयो । यो वर्ष जिल्ला कृषि विकास कार्यलय रौतहटले रु १७ लाख १६ हजार, सर्लाहीले रु.१४ लाख ४७ हजार र बाराले रु.१५ लाख ८४ हजारको मकैको बीउ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्थाअनुसार प्रतिस्पर्धा र हाइब्रिड भएको आधिकारिकताबेगर खरिद गरी उपलब्ध गराएको देखिन्छ ।

११.१ धानको बीउ नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गतका केन्द्रबाट खरिद गर्नुपर्ने, सो केन्द्रबाट उपलब्ध हुन नसके राष्ट्रिय बीउ बिजन कम्पनी र सो कम्पनीबाट पनि उपलब्ध हुन नसके कृषि विकास कार्यालयले प्राविधिक सहयोग पुऱ्याएका बीउ उत्पादक कृषक समूहबाट खरिद गर्ने राहत निर्देशिका, २०६७ मा व्यवस्था छ । जिल्ला कृषि विकास कार्यालय, रौतहटले रु.३७ लाख १३ हजारको एक महिला कृषक सहकारी संस्थाबाट १९.९३ मेट्रिकटन, स्थानीय एग्रोभेटबाट १०३.८२ मेट्रिकटन र कृषि विकास कार्यालय सर्लाहीले रु. ४५ लाखको १५० मेट्रिकटन धानको बीउ एक सहकारीबाट खरिद गरेको देखिन्छ । निर्देशिकामा तोकिएको निकायमा धानको बीउ उपलब्ध नभएको आधार तथा प्रमाणबेगर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुरुप प्रतिस्पर्धा नगराई खरिद गरेको देखियो ।

११.२ राहत प्रक्रियामा उल्लेख भएअनुसार प्रतिहेक्टर युरिया १०० के.जी., डीएपी ८० के.जी. पोटास ५० के.जी., बीउ ५० के.जी. र बाली संरक्षण विषादी, उपकरणबापत रु.५००।– र सामग्री ढुवानी खर्च रु.७९०।८० उपलब्ध गराउने वितरण तालिका संलग्न गरेको छ । कार्यालयहरुले तालिकामा उल्लेख गरेकै दररेटमा उत्पादन सामग्री र त्यसको ढुवानीबापत मूल्य यकिन नगरी खर्च लेखेको पाइयो । किट, विषादी र ढुवानी कार्य कर्मचारीलाई पेश्की दिई खरिद र ढुवानी गराएको छ । कृषि विकास कार्यालय सर्लाहीका दुई कर्मचारीलाई रु.७५ लाख पेश्की दिई एक केमिकल्स पसलबाट प्रति रु.१००।– ले ७५ हजार तरकारी किट

खरिद गरी रु.७५ लाख खर्च लेखेको, त्यस्तै विषादी खरिदको लागि अर्को एक कर्मचारीलाई रु.१५ लाख पेश्की दिई १० मि.लि को १ हजार ८०० बोतलको रु.९ लाख र ५० मि.लि को १००० बोतलको रु.६ लाखको समेत कुल रु.१५ लाखको खरिद गरेको पाइयो । खरिद सामग्री ढुवानी कार्यको लागि अर्को एक कर्मचारीलाई रु.१५ लाख पेश्की दिएकोमा वर्षान्तसम्म पेश्की फछ्यौट भएको छैन ।

सार्वजनिक खरिद ऐन २०६३ र नियमावली, २०६४ अनुसार प्रतिस्पर्धा नगराई खरिद तथा ढुवानी गराएको खर्च उचित देखिएन ।

१२. **राहत कार्यक्रम** – यो वर्ष मकै मिसन कार्यक्रमबाट बारा, रौतहट, सर्लाही, पर्सा र नवलपरासी जिल्लाका कृषकहरुलाई राहत प्रदान गर्न रु.२० करोडको अख्तियारी दिएको छ । राहत वितरण गर्न हिउँदे हाइब्रिड मकैको घोगामा दाना नलागेको कारण वितरण कार्य हाइब्रिड मकै क्षति राहत निर्देशिका, २०६७ अनुरुप नभएकोले वास्तविक प्रभावित किसानहरुले राहत पाएको यकिन गर्न सकिने अवस्था रहेन । निर्देशिकाले तोकेबेगरको अन्य स्थानबाट खरिद गरेको एवं प्रचलित कानूनको पालना नगरी कर्मचारीहरुलाई पेश्की दिई खरिद एवं ढुवानी राहत वितरण गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

जिल्ला कृषि विकास कार्यालय, सर्लाहीले मकैको घोगामा दाना नलागेको कारण कृषकहरुलाई क्षतिपूर्ति दिन रु.३ करोड ११ लाख ७५ हजारको राहत खर्च गरेको छ । राहत वितरण निर्देशिका अनुसार बाली विकास शाखा सेवा केन्द्र र कृषक संघर्ष समितिले संयुक्तरुपमा तथ्याङ्क सङ्कलन गरी सोहीअनुसार राहत वितरण गर्ने कार्यक्रम स्वीकृत भएको देखिन्छ । संयुक्त समितिले सङ्कलित तथ्याङ्क कार्यालयमा बुझाई सोहीअनुरुप राहत वितरण गर्नुपर्नेमा कार्यालयले सीधै वितरण गरेको छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिको निर्णयअनुसार राहत वितरण भएको प्रमाण लेखापरीक्षणमा पेश भएको छैन । तरकारी, किट तथा धानको बीउ, मलखाद, विषादी वितरण गर्न खरिद गरेको भए तापनि वितरणसम्बन्धी भरपाईहरुमध्ये एकको नमूना छनौट गर्दा कुल कृषक संख्या २१ मध्ये ५ ले बुझेको देखिएन । तोकिएअनुरुप कार्यक्रम सञ्चालन नभएकोले राहतस्वरुप वितरित अनुदानको उपयोग बारेमा आश्वस्त हुने आधार भएन ।

१३. **खाद्य संकट सम्बोधन कार्यक्रम –** खाद्य संकटमा परेका जनतालाई तत्काल राहत दिन र खाधान्न उत्पादन बढाउन किसानहरुलाई सहयोग गर्न उच्च तथा मध्यपहाडका २३ जिल्लामा खाद्यसंकट सम्बोधन कार्यक्रमअन्तर्गत साना सिचाई, मल बीउ ढुवानी तथा बीउ उत्पादन र भण्डारणको कार्यलाइ निरन्तरता दिन रु.२३ करोड ९७ लाख बजेट व्यवस्था गरेकोमा रु.१२ करोड २३ हजार खर्च भएको छ । उक्त कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१३.१ जिल्ला कृषि विकास कार्यालय, गोरखाले वीरगञ्जबाट गोरखा र गोरखाबाट विभिन्न ६ सेवा केन्द्रसम्म १२४ मेट्रिकटन रसायनिक मल ढुवानी गराउने कार्यको लागि एक ठेकेदारसँग ठेक्का सम्झौता गरेको देखिन्छ । ठेकेदारले ढुवानीबापतको रकम लिन पेश गरेको विवरणमा मल खरिद गरेको प्रमाण पेश गरेको छैन । ६ सेवा केन्द्रबाट मल बिक्री गरेको जारी बिलमा खरिदकर्ताको नाममा सिर्दिवासका उपभोक्ता सहकारी, घ्याम्पेसाल अन्तर्गतका गाउँ विकास समिति र केन्द्र, भच्चेक सेवा केन्द्रअन्तर्गत ताङलीचोक अन्तर्गतका गाउँ विकास समिति र पालुङटार सेवा केन्द्रअन्तर्गत विभिन्न गाउँ विकास समिति उल्लेख गरेको तथा सेवा केन्द्रले सो ठाउँमा मल पुगेको भन्ने विवरणको आधारमा ९८.८ मेट्रिकटन ढुवानीको भुक्तानी दिएको छ । ढुवानी निर्देशिकाअनुसार खुलाउनुपर्ने खरिद गरेको आधार र आधिकारिक बिक्रीको आधार नलिई रु.५ लाख ३७ हजार भुक्तानी गरेको छ ।

१३.२ जिल्ला कृषि विकास कार्यालय, म्यार्दीले रसायनिक मल तथा बीउ ढुवानी सदरमुकाम, कृषि सेवा केन्द्र र उपकेन्द्रसहित ९ स्थानमा रसायनिक मल १३५ टन र बीउ ८ टन ढुवानी एक ठेकेदारबाट गराएको देखिन्छ । ठेकेदारले रसायनिक मल ९९.५ मेट्रिकटन र बीउ ५ टन ढुवानी गरेको विवरण पेश गरेको आधारमा मूल्य अभिवृद्धि करसहित रु.७ लाख ३३ हजार खर्च लेखेको छ । आधिकारिक निकायबाट मल खरिद गरेको प्रमाण संलग्न नगरेबाट मल ढुवानी गरेको विषयमा आश्वस्त हुन सक्ने देखिएन ।

१३.३ जिल्ला कृषि विकास कार्यालय, बभ्राङ्ले मल ढुवानी गर्ने कार्यक्रमको लागि ठेक अङ्क रु.९ लाख १५ हजार र रसायनिक मल खरिदतर्फको ठेक अङ्क रु.९ लाख ७५ हजारको ठेक्का सम्झौता भइसकेपछि ठेक रकमको १५ प्रतिशत ओभरहेडबापत रु.२ लाख ८४ हजार बिलबेगर भुक्तानी दिएको छ । सो सम्बन्धमा कार्यालयको २०६७।९।१४ को प्रतिक्रियाअनुसार असुल फछ्यौंटको लागि पत्राचार भइरहेको व्यहोरा जानकारी गराएको छ ।

१४. **सार्वजनिक लेखापरीक्षण –** सहकारी खेती साना सिचाई मल बीउ ढुवानी निर्देशिकाअनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गरेका कामको सार्वजनिक लेखापरीक्षण गराई खर्च सार्वजनिक गराउनुपर्ने व्यवस्था छ । जिल्ला कृषि विकास कार्यालय, पर्साले ६६, धनुषाले ४२ र काभ्रेले १४ समेत १२२ साना सिंचाई कार्यक्रममा खर्च गरेको रु.४३ लाख २५ हजारको सार्वजनिक लेखापरीक्षण गराएको देखिएन ।

१५. **मेसिन प्रयोग –** रेशम विकास कार्यक्रम, स्याङ्जालाई २०६१।६।१७ मा जाइकाको अनुदानबाट प्राप्त रु.५५ लाख ८७ हजारको रेशम कोया सुकाउने मेसिन २०६३ मा बिग्रिएकोमा यो वर्ष पनि मर्मत गरेको छैन ।

१६. **खरिद –** पशु विकास फार्म पोखराले रु.७५ लाख ७८ हजारको पशु दाना बनाउने कच्चा पदार्थ मकै, गहुँ, मोलासेस पटक पटक खरिद गरी खर्च लेखेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको छ ।

१७. **कार्य सम्पन्न –** क्षेत्रीय कृषि तालिम केन्द्र, पोखराको भवन निर्माणको लागि रु.४८ लाख ९६ हजारमा २०६६ आषाढ मसान्तसम्ममा सम्पन्न गर्ने गरी २०६५ चैत्रमा सम्झौता भएकोमा पटक पटक गरी २०६७।३।१५ सम्म म्याद थप गर्दा समेत उक्त निर्माण कार्य सम्पन्न हुन सकेको छैन ।

१८. **फर्म दर्ता –** जिल्ला कृषि विकास कार्यालय, झापामा विषादी बिक्रेता दर्ता, नवीकरण र खारेजी सम्बन्धी विवरण माग गर्दा विगत वर्ष दर्ता भएको १८ मध्ये १३ ले, गत वर्ष दर्ता भएको ६३ मध्ये १४ ले र यो वर्ष दर्ता भएका ५४ मध्ये ८ ले मात्र नवीकरण गराएको देखियो । धनकुटामा विगत वर्ष २७, गत वर्ष १९ र चालू वर्ष ३० विषादी बिक्रेता दर्ता भएकोमा विगतका मध्ये १५ संस्थाले नवीकरण गरेको र बाँकीले नवीकरण गरेको पाइएन । नवीकरण नगर्ने बिक्रेताको दर्ता खारेज गरेको छैन ।

कृषि विकास योजना, जनकपुर

१९. **अमानती कार्य –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) अनुसार अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । आयोजनाले स्वीकृतिबेगर डीप ट्युबवेल गाड्ने कार्यको लागि आवश्यक सामग्री आपूर्ति तथा निर्माण अमानतबाट गराई रु.१ करोड १९ लाख ९ हजार खर्च गरेको छ ।

२०. **निकासा प्रक्रिया –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम साल तमाम हुनुभन्दा कम्तीमा ७ दिन अगाडि आर्थिक कारोबार बन्द गरी बाँकी रकम फिर्ता गर्नुपर्ने र सोपछि अत्यावश्यक परी रकम खर्च नगरी नहुने भएमा पुन: निकासा दिनसक्ने व्यवस्था छ । योजनाबाट साल तमाम भएको ७ दिन अगाडि निकासा र खर्चको लेखा अद्यावधिक गरी बाँकी खुल्ने खर्चको फाँटवारी पेश नगरी बाँकी बजेट २०६७।३।३१ मा रु.१५ लाख ५५ हजार निकासा प्राप्त गरी खर्च गरेको छ । योजनाले नियमानुसार निकासा र खर्च अद्यावधिक नगरेकोमा सोधनी कोष तथा लेखा नियन्त्रक कार्यालयले नगरी पुन: निकासा दिएबाट नियमको प्रावधान पूरा गरेको पाइएन ।

पशु सेवा विभाग

२१. **बिल भरपाई –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार खर्चको बिल भरपाई र प्रमाण कागजातबेगर कार्यालयहरुले अनुदान रकम भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

२१.१ जिल्ला पशु सेवा कार्यालय रसुवाले स्वीकृत कार्यक्रमअनुसार एकसय बंगुरपालन गर्न पाठापाठी खरिद र ढुवानी, खोर निर्माण, दाना खरिद तथा ढुवानी, बीमा कोष स्थापना, सहकारी सञ्चालनको लागि बंगुरपालन सहकारी संस्था स्याप्रुवेशीलाई रु.९ लाख ५८ हजार अनुदान उपलब्ध गराएको छ । उक्त खर्चको बिल भरपाई र प्रमाण कागजात लेखापरीक्षणमा पेश भएन ।

बृहत्तर चौरी प्याकेज समिति, रसुवालाई साझेदारीमा कार्यक्रम सञ्चालन गर्न रु.३ लाख ६० हजार खर्चको बिल भरपाईबेगर अनुदान उपलब्ध गराएको देखियो । याक र लङ्ग खरिद ढुवानी तथा १० हेक्टरमा चरण खर्क सुधारको कार्यक्रम रहेकोमा सो कार्यको अनुगमन गरेको छैन ।

२१.२ पशु सेवा कार्यालय, धादिङले एक पशुपालन सहकारी संस्था लिमिटेडलाई एकसय बंगुरको पाठापाठी खरिद र ढुवानी, दाना खरिदमा ७५ प्रतिशत, खोर निर्माणमा ७५ प्रतिशत र पशु बीमाको लागि यो वर्ष सम्झौतागरी पहिलो किस्ताबापत रु.४ लाख ६९ हजार र अर्को एक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई १ हजार बंगर एवं कुखुरा चल्ला खरिद र ढुवानीको लागि पहिलो किस्ताबापत बिल भरपाईबिना रु.४ लाख ६९ हजार अनुदान खर्च लेखेको छ । सो कामको कार्यालयले अनुगमन गरेको देखिएन ।

२१.३ दीर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रमअन्तर्गत पशु सेवा कार्यालय, रसुवाले स्वीकृत कार्यक्रमअनुसार अति विपन्न १२ पशु सेवा समूहमध्ये ११ लाई प्रतिसमूह रु.७२ हजारले रु.७ लाख ९२ हजार समूहको बैङ्क खातामा जम्मा गरेको छ । कार्यालयले उक्त समुदायको नाममा पेश्की जनाएको छैन ।

२१.४ जिल्ला पशुसेवा कार्यालय, इलामले साझेदारीमा बृहत्तर कार्यक्रम सञ्चालन गर्न २०६६।८।२५ मा इलामेली बृहत्तर गाईपालन समितिलाई प्रस्तावअनुसार रु.३ लाख ६० हजार र गत वर्षसम्म रु.१२ लाख ९१ हजार अनुदान उपलब्ध गराएको विवरण पेश गरेको छ । बृहत्तर पकेट प्याकेज कार्यक्रम सञ्चालन कार्यविधि, २०६२ को दफा १२ अनुसार कार्यालयले नियमित अनुगमन गर्नुपर्नेमा सोको प्रतिवेदन लेखापरीक्षणको क्रममा उपलब्ध गराउन अनुरोध गर्दा पेश भएन ।

२१.५ जिल्ला पशुसेवा कार्यालय, सप्तरीले सहकारी खेती कार्यक्रमबाट यदुवंशी उन्नत पशु सहकारी संस्थालाई बंगुरपालन आदिका लागि रु.६ लाख ५३ हजार र गोपाल उन्नत पशु सहकारी संस्थालाई कुखुरापालन कार्यका लागि रु.२ लाख ३८ हजार अनुदान उपलब्ध गराइएकोमा सोको बिल भरपाई पेश भएन ।

२२. **सामुदायिक पशु विकास आयोजना –** आयोजना र संयुक्त राष्ट्रसंघ खाद्य तथा कृषि संगठनबीच आयोजना अवधिभर परामर्श सेवा लिन भएको सम्झौताअनुसार उक्त संगठनलाई अमेरिकी डलर २१ लाख ७१ हजार २३७ भुक्तानी भएको देखिन्छ । उक्त संगठनले पेश गरेको वित्तीय विवरणअनुसार प्राप्त भुक्तानीमध्ये अमेरिकी डलर २० लाख ८८ हजार १२६ खर्च भएको र बाँकी अमेरिकी डलर ८३ हजार १३२ र रकमको ब्याज अमेरिकी डलर ४४ हजार ५९१ समेत अमेरिकी डलर १ लाख २७ हजार ७२३ फिर्ता गर्न सो संस्थाले २०६७।११।१० मा आयोजना र एसियाली विकास बैङ्कलाई पत्र लेखेको देखियो । आयोजना र एसियाली विकास बैङ्कले खर्च नभएको रकम सम्बन्धमा फिर्ता गर्न कारबाही गरेको देखिएन । आयोजनाको अवधि समाप्त भई सो रकम खर्चमा समावेश भइसकेको हुँदा बाँकी रकम र ब्याजसहित रु.९५ लाख ६५ हजार (अमेरिकी डलर १ लाख २७ हजार ७२३) सञ्चितकोष दाखिला हुनुपर्ने देखियो ।

सहकारी विभाग

२३. **सहकारी क्षेत्र सुदृढीकरण आयोजना –** त्रिवर्षीय अन्तरिम योजनामा उल्लेख भएको प्रमुख कार्यक्रमहरुमध्ये सहकारी क्षेत्रको संगठन सुदृढीकरण तथा क्षमता अभिवृद्धि गर्ने कार्यको लागि यो आयोजना लागू भएको देखिन्छ । व्यवस्थापिका–संसद समक्ष प्रस्तुत यस वर्षको बजेट वक्तव्यमा सहकारी संस्थाहरुको क्षमता बढाउन र सहकारीलाई अभियानको रुपमा सञ्चालन गर्न सहकारी बोर्डमार्फत राष्ट्रिय सहकारी महासंघलाई अनुदान दिने उल्लेख भएअनुसार चालू खर्चतर्फ सामाजिक सेवा सशर्त अनुदानमा रु.४५ लाख बजेट विनियोजन भएको छ । अनुदान वितरण गर्न सहकारी संस्थाहरुको सदस्य संख्या, संस्थाको पहुँच भएका जिल्ला संख्या,

गत वर्षका कार्यक्रमको प्रगति र संस्थाको नियमित साधारणसभा र लेखापरीक्षण प्रतिवेदनलाई अनुदान वितरणको मापदण्ड तय गरेको छ । सोही मापदण्डको आधारमा विभिन्न १० सहकारी संघलाई लागत खर्चको ५० प्रतिशतले दुई किस्ता गरी अनुदान दिने गरेको छ । कार्यक्रम स्वीकृतपछि पहिलो किस्ता र पहिलो किस्ताको खर्चको वित्तीय विवरण नलिई प्रगति विवरणको आधारमा दोस्रो किस्ता निकासा दिने गरेकोले दिइएको अनुदान र संस्थाले व्यहोरेको खर्चको तुलना गर्न सकिने अवस्था छैन । लेखापरीक्षण अवधि २०६७ फागुन महिनासम्म पनि ती संघ संस्थाहरुलाई दिएको अनुदान रकमको कार्यक्रमअनुसार वित्तीय विवरण, प्रगति तथा ती संघको लेखापरीक्षण प्रतिवेदन समेत पेश भएन । सशर्त अनुदान सदुपयोग गरे नगरेको सम्बन्धमा विभागले अनुगमन गरेको छैन ।

विभागबाट अनुदानको कार्यक्रम प्रस्ताव आव्हान गर्दा एक संस्थाले विगत वर्षको लेखापरीक्षण गरेको वित्तीय विवरण पेश गरेकोमा उक्त संस्थाको शेयरपूँजी रु.१ लाख ४४ हजारसमेत रु.१ लाख ९४ हजारको पूँजी तथा दायित्व रहेको देखियो । सम्पत्तितर्फ सम्पूर्ण रकम भुक्तानी पाउनुपर्ने हिसाबमा देखाई वासलात तयार गरेको छ । उक्त संघलाई यो वर्ष रु.३ लाख अनुदान प्रदान गरेको छ । सो संघको वित्तीय स्थितिलाई दृष्टिगत गर्दा अनुदान बराबरको रकम संघको तर्फबाट खर्च गरी कार्यक्रम सञ्चालन गर्नसक्ने अवस्था देखिएन ।

२३.१ यस वर्षको बजेट वक्तव्यमा उच्च मूल्य र अन्तर्राष्ट्रिय बजारमा तुलनात्मक लाभ भएका चिया, कफी, जडीबुटी, मह, जुनार, अदुवा र दुग्ध उत्पादक सहकारी संस्थाहरुले स्थापना गर्ने प्रशोधन उद्योगहरुलाई मेसिन उपकरण लागतको २५ प्रतिशत अनुदान दिइने उल्लेख छ । सोही कार्यक्रमअनुसार सशर्त अनुदानको लागि रु.१० करोडको बजेट विनियोजन भएको छ । अनुदान रकम वितरण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२३.२ अनुदान वितरणसम्बन्धी कार्यविधि, २०६६ मा मेसिन उपकरणको कुल लागतको समय समयमा नेपाल सरकारबाट निर्णय भएअनुसारको रकममात्र अनुदान दिने र बजेट वक्तव्यमा २५ प्रतिशत अनुदान दिने उल्लेख छ । अनुदान प्राप्तिको लागि प्रस्ताव आव्हान गरेको सूचनाको शर्तमा अदुवा, जडीबुटी र मह प्रशोधन उद्योगको मेसिनरी औजारमा लाग्ने रकमको ५० प्रतिशत अनुदान दिने उल्लेख छ । यो वर्ष मन्त्रालयको सचिवको अध्यक्षतामा बसेको निर्देशन समितिले ३७ संस्थालाई रु.८६ लाख ६० हजार अनुदान दिने स्वीकृत गरेको देखिन्छ । बजेट वक्तव्यमा प्रस्ताव गरिएको २५ प्रतिशतको सट्टा ५० प्रतिशत अनुदान निर्धारण र वितरण गरेको आधार पेश भएन । यो वर्ष विभिन्न जिल्लाका अदुवा ३, जडीबुटी ४ र महको ७ उद्योगमा क्रमश: रु.६ लाख ५० हजार, रु.१४ लाख र रु.१२ लाख ६५ हजार समेत रु.३३ लाख १५हजार अनुदान वितरण गरेको पाइयो । बजेट वक्तव्यअनुसार नीति तय भएका आधारमा वितरण नगरी अनुदान वितरण गर्दा रु.१६ लाख ५८ हजार बढी वितरण गरेको देखियो ।

२३.३ निर्देशक समितिको २०६७।३।७ को उक्त निर्णयमा स्वीकृत अनुदानमध्ये सम्झौता गर्दा ५० प्रतिशत र सामान खरिद गरी जडान भएको सिफारिसको आधारमा ५० प्रतिशतसमेत दुई किस्तामा वितरण गर्ने उल्लेख छ । अनुदान वितरण कार्यविधिको ८(२) र (३) मा उक्त मेसिन उपकरण सम्बन्धित स्थलमा पुगिसकेको प्रतिवेदनको आधारमा बढीमा ५० प्रतिशत र ८(३) मा उद्योग सञ्चालन हुन थालेपछि ५० प्रतिशत रकम अन्तिम किस्ता अनुदान दिने उल्लेख छ । विभागले ३७ सहकारी संस्थालाई अनुदान दिन स्वीकृत कार्यविधिअनुरुप सहमतिपत्रमा हस्ताक्षर गरेको प्रमाण तथा बिल बीजक, उद्योग सञ्चालनमा आएको प्रतिवेदनबेगर पहिलो किस्तामै सम्पूर्ण रकम रु.८६ लाख ६० हजार अनुदान वितरण खर्च लेखेको देखियो ।

२४. **ऐन, नियम, मापदण्ड –** सहकारी ऐन, २०४८ ले प्रत्येक सहकारी संस्था वा संघले प्रत्येक वर्ष कारोबारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको अतिरिक्त बचत वितरण नीति तथा योजना, सञ्चालकहरुको कार्यावधि समय समयमा रजिष्ट्रारले तोकिदिएको अन्य विवरण रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । सोही ऐनले विवरण दाखिला नगर्ने एवं निरीक्षण गर्दा कारोबार नगरी निष्क्रिय रहेको वा उद्देश्यविपरीत कार्य गरेको पाइएमा गरिने कारबाहीको व्यवस्था गरेको छ । यो वर्ष १० डिभिजन

सहकारी कार्यलयको लेखापरीक्षणको क्रममा सहकारी संस्था दर्ता, खारेजी एवं विवरण पेश गर्ने/नगर्ने सम्बन्धमा देखिएका स्थिति देहायअनुसार छ:

जिल्ला	दर्ता संख्या	दर्ता खारेजी संख्या	लेखापरीक्षण र अन्य प्रतिवेदन		विवरण पेश नगर्नेलाई जरिबाना गरेको संख्या	लिक्विडेसन प्रक्रियामा रहेको	निष्क्रिय संख्या
			पेश गर्ने	नगर्ने			
काठमाडौं	२८७७		१८०२	१०७५	आंशिक	–	–
भक्तपुर	४७३	३	३८७	८६	आंशिक	–	–
ललितपुर	७५९	–	१८३	१५१	आंशिक	–	१७३
पर्सा	२२२	२०	–	४१	आंशिक	–	१०९
मोरङ	६५७	४२	५९८	१०५	नगरेको	–	१०१
सुनसरी	३५५	५	३५०	१०७	नगरेको	–	नदेखाएको
झापा	४३७	–	२१२	२२५	आंशिक	४१	१९
रुपन्देही	५६५	४४	२९०	७६	आंशिक	–	–
बाँके	२३७	–	१४६	९१	नगरेको	–	९१
सुर्खेत	५७६	७	२४०	८०	नगरेको	१०	५०

२४.१ आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष प्रतिवेदन पेश गर्नुपर्ने, पेश नगरेमा ऐनको दफा ४३ अनुसार रजिष्ट्रारको आदेशले १ हजार ५ सय रुपैयाँसम्म जरिबाना गर्न सकिने उल्लेख छ । मोरङ, सुर्खेत र बाँके डिभिजनले प्रतिवेदन पेश नगर्ने २७६ संस्थालाई जरिबाना गरेका छैनन् । काठमाडौं र बाँकेले ढिलो विवरण पेश गर्ने संघ संस्थालाई न्यूनतम रकममात्र जरिबाना गरेको लेखापरीक्षणको क्रममा देखियो । तर विवरण नै पेश नगर्ने संस्था वा संघलाई कार्यालयले अनुगमन गरी जरिबाना गर्ने गरेको छैन ।

२४.२ सहकारी ऐन, २०४८ को दफा ४१(३) मा कुनै कारोबार नगरी निष्क्रिय अवस्थामा र उद्देश्य विपरीत कार्य गरेको पाइएमा दर्ता खारेज गर्नसक्ने व्यवस्था छ । ललितपुर, मोरङ, रुपन्देही, सुर्खेत र पर्सा डिभिजन सहकारी कार्यालयअन्तर्गतका ४५२ संस्था निष्क्रिय रहेको अवस्थामा दर्ता खारेजको प्रक्रिया कार्यान्वयन गरेको देखिएन ।

२४.३ ऐनको दफा ४१ अनुसार दर्ता खारेजीमा परेको संघ, संस्थाका लिक्विडेसनसम्बन्धी कार्यको लागि लिक्विडेटरको नियुक्ति गर्ने व्यवस्था छ । मोरङ, रुपन्देही, भक्तपुर, सुनसरी, पर्सा डिभिजनअन्तर्गतका १३४ संघ संस्थाको दर्ता खारेजी गरेको छ । सम्बन्धित कार्यालयले लिक्विडेटर नियुक्ति गरी लिक्विडेसनको प्रक्रिया सुरु गरेको देखिएन ।

सहकारी विभागले सहकारी संघ संस्थाहरुको लागि परिमार्जन सहित नियमनसम्बन्धी मापदण्ड जारी गरेको छ । सम्बन्धित डिभिजन सहकारी कार्यालयले कार्यक्षेत्रभित्रका सहकारी संघ संस्थाले पेश गरेको लेखापरीक्षण प्रतिवेदन, ऐन तथा मापदण्ड अनुसार पेश गर्नुपर्ने विवरणहरु पेश भए नभएको र नियमन गर्दा देखिएको व्यहोराको प्रतिवेदन तयार गरी ऐनअनुसार जरिबाना गर्ने र दर्ता खारेज गर्ने लगायतका कार्यमा सक्रियता देखाएको पाइएन ।

२५. **अनुदान** – सहकारी खेती तथा साना सिंचाई कार्यक्रमअन्तर्गत अनुदान दिन रु.१ करोड २५ लाख ९० हजार बजेट विनियोजन भएकोमा रु.१ करोड २१ लाख २३ हजार खर्च गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका (संशोधनसहित), २०६४ खर्च शीर्षकको वर्गीकरण र व्याख्या ३.०५ मा सामाजिक सेवा सशर्त अनुदानमा नेपाल सरकारको तर्फबाट तोकिएको कार्यक्रम सञ्चालन गर्न सामाजिक संस्थालाई दिइने चालू अनुदान भनी व्याख्या गरेको छ । सहकारी विभागलगायत ३८ जिल्ला डिभिजन सहकारी कार्यालयले उक्त अनुदान रकमबाट कार्यालयले नै तालिम सञ्चालन गरी खर्च गरेको छ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

जिल्ला कृषि विकास कार्यालय, मोरङ र सुनसरी

बाली विकास र संरक्षण, बागवानी एवं मत्स्य विकास, बजार विकास, योजना, मूल्याङ्कन जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै स्थानीयस्तरमा उन्नत जातको बीउ, बाली लगाउने तथा संरक्षण गर्ने प्रविधिको जानकारीका माध्यमबाट स्थानीय कृषकहरुलाई जागरुक गराउनसक्नु कार्यालयको सबल पक्ष रहेको देखिन्छ । जसबाट लेखापरीक्षण गरिएका जिल्लाहरुको खाद्यान्न एवं तरकारी तथा फलफूल उत्पादनमा वृद्धि भई स्थानीय मागलाई पूर्ति गर्दै केही हदसम्म निर्यात गर्न समेत सम्भव भएको देखिन्छ ।

कुल ग्राहस्थ उत्पादनको प्रमुख हिस्सा ओगटेको कृषि क्षेत्रको विकास एवं विस्तारमा सक्षम एवं प्राविधिक जनशक्तिको कमी, कृषि उपजको बजारीकरणमा भौतिक पूर्वाधारहरुको कमी आदि प्रमुख समस्याका रुपमा रहेका छन् । कार्यालयमा उपलब्ध स्रोत साधनहरुको मितव्ययी प्रयोग गर्दै अनुगमनलाई प्राथमिकता दिन नसक्नु, कार्यभारअनुरुप जनशक्ति व्यवस्था हुन नसक्नु, बीउ बिजन समयमा उपलब्ध नहुनु, भौगोलिक, वातावरण र हावापानी सुहाउँदो कार्यक्रम सञ्चालन हुन नसक्नु, रसायनिक मल र विषादीको प्रयोगलाई सीमित गर्दै जैविक विविधता र वातावरण संरक्षण गर्न नसक्नु दुर्बल पक्षको रुपमा देखिएको छ ।

विकेन्द्रित संगठनात्मक ढाँचाबाट स्थानीयस्तरसम्म सेवा प्रवाह गर्ने व्यवस्था, कृषिको व्यवसायी एवं आधुनिकीकरण सम्बन्धमा जनचेतना बढ्दै जानु र दीर्घकालीन योजनामा कृषिलाई प्राथमिकतामा राख्नु कार्यालयका लागि अवसरका रुपमा रहेका छन् । तथापि, कार्यक्रम कार्यान्वयनको निमित्त प्राविधिक सीपयुक्त उत्प्रेरित कर्मचारी प्राप्त गर्नु, सीमित स्रोत साधनको उपयोग गर्दै आधुनिक कृषि प्रविधिको प्रयोगमा व्यापकता ल्याई उत्पादकत्व बढाउनु, किसानहरुको उद्यमशीलता प्रवर्द्धन गर्दै कृषिलाई निर्वाहमुखीबाट व्यावसायिकतातर्फ उन्मुख गराउनु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

२६. **जनशक्ति व्यवस्थापन** – प्रभावकारीरुपमा कृषि सेवा प्रवाह गर्नको निमित्त कृषियोग्य जमिनको तुलनामा प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था हुनुपर्दछ । प्राविधिक कर्मचारीको तुलनामा कृषियोग्य जमिन अनुपात मोरङमा प्रतिकर्मचारी ४ हजार ६४८ हेक्टर र सुनसरीमा २ हजार ९२७ हेक्टर रहेको देखिन्छ । विषयगत रुपमा एक कर्मचारीले सेवा दिनसक्ने कृषियोग्य जमिनको क्षेत्रफल निर्धारणसम्बन्धी मापदण्ड तयार गरेको छैन । तसर्थ विषयगत रुपमा प्राविधिक कर्मचारीले पुऱ्याउने सेवा प्रभावकारी रहे नरहेको यकिन गर्ने अवस्था रहेन । सेवा क्षेत्र अनुसार जनशक्ति उपलब्ध हुन नसक्दा कृषकहरुले सेवा प्राप्त गर्न र कृषि उपजको अपेक्षित रुपमा उत्पादकत्व वृद्धि गर्न कठिनाइ पर्ने हुनाले उत्पादनमा समेत असर पुऱ्याउने देखिन्छ । तसर्थ सेवा क्षेत्रबमोजिम विषयगत रुपमा कर्मचारीहरुले सेवा प्रदान गर्ने कृषियोग्य जमिनको क्षेत्रफल निर्धारण गरी यससम्बन्धी मापदण्ड बनाई लागू गर्नुपर्ने देखिन्छ ।

कृषि विकास कार्यालय मोरङमा ३१ प्राविधिक कर्मचारीको दरबन्दी रहेकोमा २५ र सुनसरीमा ३१ को दरबन्दी रहेकोमा २८ पदपूर्ति भएको देखियो । सुनसरीको तुलनामा मोरङको कृषियोग्य जमिनको क्षेत्रफल अधिक रहेको तर प्राविधिक कर्मचारीको पूर्ति तुलनात्मक रुपमा कम रहेको पाइयो । त्यसैगरी सुनसरीमा हाल एसियाली विकास बैङ्कको सहयोगमा बाढीजन्य क्षति पुन:निर्माण आयोजना सञ्चालनमा रहेकोमा साबिकको २८ प्राविधिक कर्मचारीले नै सो आयोजनाको कामसमेत सम्पादन गर्नु परेकोले कार्यालयको समग्र कार्यसम्पादनमा कठिनाइ उत्पन्न भएको छलफलको क्रममा जानकारी गराएको छ । कृषियोग्य जमिनअनुसार आवश्यक दरबन्दीको मापदण्ड निर्धारण गर्दा प्राविधिक जनशक्ति अपर्याप्त भएमा दरबन्दी थप गर्नुपर्ने र बाढीजन्य क्षति पुन:निर्माण आयोजनालगायतका विशेष कार्यक्रम सञ्चालन गर्न थप जनशक्तिको व्यवस्था गर्ने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

२७. **विषादीको प्रयोग** – विषादीको प्रयोगमा न्यूनीकरण गरी वातावरण संरक्षण र प्रदूषण नियन्त्रण गर्नुपर्दछ । बाली शत्रु व्यवस्थापन विधिद्वारा रसायनिक कीटनाषक औषधिहरुको प्रयोगमा कमी ल्याई आर्थिक, पर्यावरणीय र स्वास्थ्यबर्द्धक उत्पादनमा वृद्धि ल्याई जैविक विविधता र वातावरण संरक्षण गर्दै प्राणी एवं

वनस्पतीको जीवनचक्रमा पर्न सक्ने प्रतिकूल असरहरुलाई न्यूनीकरण गर्दै लैजानुपर्दछ । लेखापरीक्षण गरिएका दुई जिल्लामा विषादी प्रयोगको स्थिति यस प्रकार छ:

विवरण	इकाई	मोरङ			सुनसरी		
		२०६४/६५	२०६५/६६	२०६६/६७	२०६४/६५	२०६५/६६	२०६६/६७
किटनाशक/रोगनाशक	लिटर	२४०००	२८०००	३००००	४०००	४५००	४७००
किटनाशक/रोगनाशक	के.जी.	३३७००	४०२००	४२०००	६४००००	८१००००	९२००००
धुवांधार	बट्टा	-	-	-	१५०	२००	२८०

मोरङ र सुनसरी जिल्लामा २०६४।६५ देखि वर्षेनी विषादी प्रयोगको मात्रामा वृद्धि भएको देखिन्छ । उत्पादन वृद्धि नभएको अवस्थामा पनि विषादीको प्रयोग प्रत्येक वर्ष बढ्नुले स्वास्थ्यबर्द्धक खाद्यान्न एवं नगदे बाली उत्पादनमा कमी आएको कुरा स्पष्ट हुन जान्छ । त्यसैगरी मोरङको कृषियोग्य जमिनको तुलनामा सुनसरीमा सो जमिनको मात्रा कम रहेको अवस्थामा विषादीको प्रयोग मोरङको तुलनामा सुनसरीमा लगभग तीनगुणा बढी भएकोले सुनसरीको उत्पादन अझ बढी अस्वस्थकर हुन सक्ने स्थिति रहेको छ । जसले गर्दा आम उपभोक्ताको स्वास्थ्यमा समेत प्रतिकूल असर पर्ने र जैविक विविधता एवं वातावरणलाई पनि नकारात्मक असर पर्न सक्ने देखिन्छ । विषादीको प्रयोग न्यूनीकरण गर्न कृषकहरुलाई चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी जैविक विषादीको प्रयोग गर्न प्रोत्साहित गर्नु आवश्यक देखिएको छ ।

२८. **उन्नत बीउ तथा रसायनिक मल** – कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न आवश्यकताअनुरुप उन्नत जातका बीउ, बिजनको प्रयोगमा वृद्धि गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु देहायअनुसार छन्:

२८.१ धान, गहुँ र मकै तराईमा प्रमुख बालीको रुपमा रहे तापनि दलहन, तेलहन, कोदो, जुट जस्ता उत्पादनहरुमा पनि उन्नत जातका बीउहरुको प्रयोग बढिरहेको छ । विभिन्न बालीहरुमा स्वदेशी तथा विदेशी उन्नत जातका बीउहरुको प्रयोग भएकोमा गुणस्तर आस्वस्त हुने आधार देखिएन । फलस्वरुप मोरङका कतिपय गाउँ विकास समितिहरुमा गत वर्ष मकैमा दाना नलागेको समाचार विभिन्न सञ्चार माध्यमहरुमा समेत प्रकाशित भएको थियो ।

त्यसैगरी जुट आयात भइरहेको अवस्थामा मोरङ र सुनसरीमा जुट उत्पादनको निमित्त उपयुक्त हावापानी एवं सम्भाव्यता रहे तापनि आवश्यक बीउका साथै उत्पादनको निमित्त अन्य प्रभावकारी कार्यक्रम सञ्चालन हुन नसकेको स्थानीयवासीहरुको गुनासो रहेको पाइयो । उपर्युक्त बालीहरुको लागि गुणस्तरीय उन्नत जातका बीउ बिजनहरु मागबमोजिम पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको कारण उत्पादन वृद्धिमा असर पर्ने देखिएको छ । साथै अपेक्षाकृत रुपमा उत्पादन वृद्धि हुन नसक्नुमा सिंचाई सुविधाको कमी, वर्षा समयमा नहुनु, अति वर्षा, अनावृष्टि, मौसममा फेरबदल भई रोग कीराको प्रकोप आदि कारण रहेका छन् । तसर्थ पर्याप्त मात्रामा सिंचाईको व्यवस्था गरी मागमा आधारित बीउ बिजन वितरण र रोग निवारणको निमित्त आवश्यक विषादी एवं कीटनाशक औषधीको आपूर्तिको व्यवस्था मिलाउनुपर्दछ ।

२८.२ कृषिको उत्पादकत्व वृद्धि गर्न रसायनिक मलको समुचित प्रयोग गर्नुपर्दछ । लेखापरीक्षण गरिएका जिल्लाहरुमा खाद्यान्न, तरकारी तथा फलफूलमा प्रयोग गरिएको रसायनिक मलको स्थिति देहायबमोजिम रहेको छ :

विवरण	इकाई	मोरङ			सुनसरी		
		२०६४/६५	२०६५/६६	२०६६/६७	२०६४/६५	२०६५/६६	२०६६/६७
युरिया	मे.टन	२९२७	३२२३	३३३३	६५०	७३०	९४४
डी.ए.पी.	मे.टन	१७४८	२३१५	२४३७	३१०	४२०	५०४
पोटास	मे.टन	१४०	७६५	२६९	१००	९५	१८०
कम्प्लेक्स	मे.टन	-	३५४	९३६	१५०	१६०	१७८
मिश्रित मल	मे.टन	५३२	२०५	१८५	-	-	-

रसायनिक मलको प्रयोग प्रत्येक वर्ष वृद्धि हुदै गएको तथ्य प्रस्तुत विवरणबाट देखिन्छ । मोरङमा युरिया, डी.ए.पी. र पोटासको प्रयोग विगत वर्षको तुलनामा गत वर्ष क्रमश: १०.११, ३२.४३ र ५४.६५

प्रतिशतले र चालू वर्षमा गत वर्षको तुलनामा युरियामा ३.४१ र डी.ए.पी. ५.२६ प्रतिशत बढेको छ भने पोटासमा ६४.८३ प्रतिशत घटेको देखिन्छ । सुनसरीमा युरिया र डी.ए.पी.को प्रयोग विगत वर्षको तुलनामा गत वर्ष क्रमश: १२.३० र ३५.४८ प्रतिशत र चालू वर्षमा गत वर्षको तुलनामा २९.३१ र २० प्रतिशतले वृद्धि भएको देखिन्छ । दुबै जिल्लामा कम्प्लेक्स मलको प्रयोगमा पनि वृद्धि भएको देखिएको छ । जसबाट प्रतिकठ्ठा रसायनिक मलको प्रयोगमा वृद्धि भएको देखिन्छ । यसरी रसायनिक मलको प्रयोग बढे तापनि कृषकहरुले मलको निमित्त महंगो मूल्य तिर्नुपर्ने र उचित समयमा प्राप्त गर्न पनि कठिनाइ भएको स्थानीय कृषकहरुको गुनासो रहेको पाइयो । भारतबाट आयातीत मलको सम्बन्धमा गुणस्तर यकिन गर्न नसकिएको एवं मूल्य पनि अधिक रहेको र मलको मितव्ययी एवं समुचित प्रयोग गर्न कृषकहरुलाई आवश्यक ज्ञानको कमी रहेबाट जथाभावी रुपमा मलको प्रयोग गर्नाले माटोको उर्वरा शक्तिमा ह्रास आई कृषिको उत्पादकत्वमा नै असर पर्न जाने देखिन्छ ।

रसायनिक मल प्रयोग सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गरी कृषकहरुलाई आवश्यक प्राविधिक सहयोग गर्ने, मलको गुणस्तर कायम राख्न नियमन र बजार अनुगमनको साथै अनुदान सम्बन्धी नीतिमा पुनरावलोकन गर्नु आवश्यक देखिएको छ ।

बाढीजन्य क्षति पुन: निर्माण आयोजना

यस कार्यक्रमअन्तर्गत सुनसरीका बाढिग्रस्त चार गाउँ विकास समितिअन्तर्गतका २१ वडामध्ये १२ वडा, (लौकही–९, पश्चिम कुशाहा–३, ४ र ९, श्रीपुर–१, ८ र ९, हरीपुर–१, २, ६, ७ र ८) मा लेखापरीक्षणको क्रममा कृषकसँग गरिएको प्रत्यक्ष छलफल एवं अन्तरक्रियाबाट देखिएका प्रमुख व्यहोराहरु देहायबमोजिम छन् :

२९. **खरिद व्यवस्थापन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम कार्यक्रम सुचारुरुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था छ । जिल्ला कृषि विकास कार्यालयले बाढीजन्य क्षति पुन:निर्माण आयोजनातर्फ सामान खरिदको स्थिति देहायमा उल्लेख गरिएको छ ।

क.सं.	खरिद कृषि सामग्रीको नाम	सूचना प्रकाशन	सिलबन्दी दरभाउपत्र स्वीकृत	ठेक्का रकम (रु.हजारमा)	सामान प्राप्त मिति
१.	भर्मिक कम्पोष्ट मल	२०६६/९/३१	२०६७/२/२६	७४.००	२०६६।३।१४ देखि ३।२५ सम्म
२.	हरियो मल मुँगको बीउ (मल)	२०६७/१२/२१	२०६४/१/६	७.९०	२०६७।१।३१
३.	कल्टी, कोदालो	२०६६/१२/१४	२०६६/१२/३०	१३.५६	२०६७।१।१९ देखि २।१८ सम्म
४.	हाइब्रिड तरकारीको बीउ (प्याकेट सेट)	२०६६/१२/२०	२०६६/१२/२७	२२.५०	२०६६।१।१५ देखि ०६७।२।१७ सम्म
५.	सूर्यमुखीको बीउ	२०६६/१०/२८	२०६६/११/६	१६.२५	२०६६।११।२० देखि १२।३ सम्म
६.	बगर खेती तरकारी (खर्बुजा, तर्बुजा, तितेकरेला)	२०६६/१०/२४ (स्याम्पल माग)	२०६६/१०/२८	४.४३	२०६६।११।९
७.	तरकारी प्याकेज फिट (रायो, काँक्रो, लौका, मूला)	२०६६/८/१	२०६६/८/९	२२.००	२०६६।९।१५ देखि ९।६ सम्म
८.	आलुको बीउ	२०६६/८/९	२०६६/८/१८	१८.२०	२०६६।८।२१ देखि ९।१७ सम्म
९.	केराको विरुवा	अप्राप्त	२०६७/३/६	४.७४	२०६७।३।८ देखि ३।२० सम्म
१०.	आँप, लिचीको विरुवा	अप्राप्त	२०६७/३/१३	८.५६	२०६७।३।१५ देखि ३।२० सम्म
११.	मकैको बीउ (हाइब्रिड)	२०६६/१०/२८	२०६६/११/६	४.३८	२०६७।११।२५ देखि १२।१२ सम्म

२९.१ कार्यालयले बाढिजन्य क्षतिपूर्ति पुन: निर्माण आयोजना सञ्चालन गर्न २०६६।३।१८ मा अख्तियारी प्राप्त गरेको भए तापनि प्रथम चौमासिकभित्र ठेक्का बन्दोबस्त नगरी विभिन्न बीउ बिजन खरिद गर्न २०६६।८।१ देखि २०६७।१।३१ सम्म सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गरेको र २०६६।८।९ देखि २०६७।३।१३ सम्म दरभाउपत्र स्वीकृत गरेको देखियो । ढिला ठेक्का बन्दोबस्त भएको कारण बीउ बिजन, मल समयमै प्राप्त हुन नसकेको एवं मौसम अनुकूल हुने गरी वितरण गर्न नसकेकोले अपेक्षित उत्पादन हुन नसकेको अवस्था रहेको पाइयो ।

२९.२ कार्यालयले विभिन्न तरकारीका बीउ मंसिर, पौष, माघ, चैत्र, वैशाख महिनामा र सूर्यमूखीको बीउ चैत्र महिनामा वितरण गरी सकिएको अवस्थामा रु.७४ लाखको ४०० मे.टन भर्मिक कम्पोष्ट मल खरिद गर्ने गरी २०६७।२।२६ मा ठेक्का गरेको पाइयो । उक्त कम्पोष्ट मल तरकारी खेतीको लागि उपयुक्त हुने हुँदा समयमै खरिद नगरी ढिला खरिद गरेबाट तरकारी खेतीमा उपयोग गर्न सकेको देखिएन । सो मल धान

खेतीमा उपयोग गर्न सकिने भए पनि बढी आवश्यक पर्ने तरकारी खेतीमा प्रयोग नहुँदा मल खर्च रकम रु.७४ लाखको प्रतिफल अपेक्षित रुपमा न्यून रहेको अवस्था छ ।

तसर्थ नियमावलीले तोकेको व्यवस्थाबमोजिम अख्तियारी प्राप्त हुनासाथ खरिद प्रक्रिया प्रथम चौमासिकभित्रमा सम्पन्न गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ । साथै मल र बीउको आन्तरिक आवश्यकता र अधिकतम उपयोग हुने गरी समय मिलाएर खरिद गर्नुपर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

३०. **बीउ तथा कृषि औजार वितरण** – वाढिग्रस्त क्षेत्रमा बीउ, बिजन एवं कृषि औजारहरु न्यायोचित तवरले वितरण गर्नको निमित्त प्राथमिकताका आधारहरुसहित स्पष्ट मापदण्ड अवलम्बन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नअनुसार छन्:

३०.१ क्षतिको आधारमा बढी क्षति भएको क्षेत्रलाई रातो, मध्यमलाई पहेंलो र कम क्षति भएकोलाई हरियो क्षेत्र भनी नामाकरण गरेको छ । यसरी छुट्याइएका क्षेत्रहरुमा मापदण्ड बनाई बीउ बिजन वितरण गर्नुपर्नेमा सामान्य तजबिजी आधारमा वितरण गरेको देखियो । कोदालो र कल्टी वितरण गर्दा प्रत्येक परिवारलाई ऐच्छिक रुपमा कुनै एक साधन वितरण गरेको पाइयो भने श्रीपुर ७ मा उक्त सामान वितरण हुन सकेको देखिएन ।

३०.२ सूर्यमूखीको बीउ माघको पहिलो हप्तादेखि फाल्गुणको अन्तिमसम्म रोपेमामात्र उत्पादन राम्रो हुने गर्दछ । कार्यालयले सूर्यमूखीको बीउ खरिद गर्न २०६६।१०।२८ मा सूचना प्रकाशन गरी २०६६।११।६ मा दरभाउपत्र स्वीकृत गरेको छ । स्वीकृत ठेक्काबमोजिम २०६६।११।२० देखि २०६६।१२।३ सम्म २ हजार ५०२ के.जी.बीउ रु.१६ लाख २६ हजारमा खरिद गरेको पाइयो । चैत्रमा खरिद गरी बैशाखसम्म वितरण गरिएकोले सूर्यमूखीको उत्पादन हुन नसकेको कुरा स्थानीयवासीहरुले छलफलका क्रममा बताएका छन् । त्यसैले वेमौसमी तरिकाले बीउ खरिद एवं वितरण गरिएकोमा उक्त खर्चबाट समुचित प्रतिफल प्राप्त हुन नसकेको स्थिति छ ।

३०.३ हाइब्रिड मकैको बीउ माघ महिनासम्ममा रोपेमा मात्र उत्पादन उत्साहजनक हुने गर्दछ । कार्यालयले उक्त बीउ खरिद गर्नको निमित्त २०६६।१०।२८ मा सिलबन्दी दरभाउपत्रको लागि सूचना प्रकाशन गरी २०६६।११।६ मा दरभाउपत्र स्वीकृत गरेको र २०६६।११।२५ देखि २०६६।१२।१२ सम्म १७ हजार ५०० के.जी. मकै रु.४३ लाख ७५ हजारमा खरिद गरेको देखिन्छ । यसरी २०६६।१२।१२ सम्म खरिद गरी वैशाख महिनासम्म वितरण गरिएकोले मकैको उत्पादन न्यून रहेको अर्थात् हुँदै नभएको भन्ने स्थानीय कृषकहरुको गुनासो रहेको छ । मौसम अनुकूल नहुने गरी बीउ खरिद गरी वितरण गरिएकोले लगानीको प्रतिफल शून्य प्राय: रहेको अवस्था देखियो ।

३०.४ आयोजना सुरु हुँदाका बखत कृषक समूहको माध्यमबाट वितरणमा समानता नभएको गुनासो आएपछि कर्मचारीहरुबाट वितरण गरेको पाइयो । श्रीपुर ९ को राजदेवी कृषक समूहमा रु.२ लाख ४२ हजारको ९६८ के.जी. मकैको बीउ वितरण गर्न दिएकोमा समूहका अध्यक्षले मकैको बीउ सबैलाई वितरण गर्न नसकेको गुनासो स्थानीय कृषकहरुले छलफलका क्रममा राखेका छन् । अध्यक्ष बसोबास गर्ने टोलमा मात्र वितरण गर्ने र अरु टोललाई बेवास्ता गरेको कुरा छलफलका क्रममा जानकारी हुन आएको छ ।

३०.५ कतिपय बीउ बिजन प्रतिपरिवारका दरले वितरण गरेकोमा उक्त वितरण प्रणालीमा पनि गुनासो रहेको पाइयो । प्रतिपरिवारका हिसाबले वितरण गर्दा बढी जग्गा हुने कृषकहरु मारमा पर्ने गरेको उनीहरुले बताएका छन् । यस विषयमा कर्मचारीहरुसँग छलफल गर्दा धेरै जग्गा हुनेलाई धेरै वितरण गर्दा अधिकांश हिस्सा स्थानीय सम्भ्रान्त वर्गको हातमा पर्ने हुँदा न्यायोचित नहुने भएकोले प्रतिपरिवारको दर अपनाउनु परेको जानकारी हुन आयो ।

वितरण प्रणालीलाई अझ बढी प्रभावकारी र न्यायोचित बनाउन स्पष्ट मापदण्ड सहितको कार्यविधि तयार गरी लागू गर्नुपर्ने देखिन्छ । वितरण गर्नको निमित्त बीउ बिजन भण्डारण गर्न आवश्यक व्यवस्था मिलाई कार्यालयको भण्डारण क्षमता पनि वृद्धि गर्नुपर्ने देखिन्छ । मालसामान वितरण गर्दा टोलको विवरण लिई प्रत्येक टोलका पीडित कृषकहरुलाई कर्मचारीहरुको निगरानीमा कृषक समूहबाट नै वितरण गर्ने गरी वितरण प्रणालीमा पारदर्शीता ल्याउनु उपयुक्त देखिन्छ ।

३१. **उत्पादन** – बाढीग्रस्त क्षेत्रमा उत्पादन हुन सक्ने बालीहरु यकिन गरी माटो सुहाउँदो बालीको बीउ बिजन वितरण गरिनुपर्दछ । कार्यालयले आफ्नो कार्यको प्रगति मूल्याङ्कन गर्ने आधार पनि उत्पादकत्व नै हो । उत्पादनको लगत राख्नु कार्यालयको दायित्व हुन आउँछ । यस सम्बन्धमा देखिएका मुख्य व्यहोराहरु देहायबमोजिम छन्:

३१.१ कार्यालयबाट वितरित बीउ बिजनको तुलनामा उत्पादनको अभिलेख राख्ने गरेको देखिएन । स्थलगत रुपमा छलफल गर्दा तथ्याङ्कीय रुपमा उत्पादनको स्थिति खुल्न नसके तापनि मौसमअनुकूल वितरण गरिएका बीउ बिजनहरुको उत्पादन सन्तोषजनक रहेको स्थानीय कृषकहरुको प्रतिक्रिया रहेको छ । उत्पादनको लगत राख्ने विषयमा कर्मचारीहरुसँग छलफल गर्दा जनशक्तिको अभावका कारण सो कार्य सम्भव नभएको जानकारी हुन आयो ।

३१.२ पश्चिम कुशाहा–४ का सुकुम्वासी समूहलाई रु.२ लाख ५२ हजार मूल्यको ४२ मौरीको घार वितरण गरेकोमा मह उत्पादन प्राय: शून्य रहेको स्थलगत निरीक्षणका क्रममा देखियो । यसो हुनुमा सो क्षेत्र बालुवायुक्त रहेको "रातो क्षेत्र" अन्तर्गत परेको र वरिपरि माहुरीलाई चरण योग्य स्थान नभएको कारण माहुरी घारमा बस्न नसकेको कुरा स्थानीयबासीहरुले छलफलका क्रममा बताएका छन् ।

३१.३ कार्यालयले रु.१ लाख ५० हजार मूल्यको च्याउको बीउ विभिन्न वडाहरुमा वितरण गरे तापनि च्याउको उत्पादन भने भएको देखिएन । च्याउ उत्पादनको निमित्त ओसिलो एवं चिसो स्थानको आवश्यकता पर्नेमा सो क्षेत्र बालुवायुक्त एवं गर्मी बढी हुने भएकोले च्याउ उत्पादन हुन नसकेको स्थानीय कृषकहरुले बताएका छन् । यसरी हावापानी प्रतिकूलको बीउ, बिजन वितरण गर्नु मनासिब देखिएन ।

वितरित बीउ बिजनको उत्पादन लगत तयार गर्नुपर्ने देखिन्छ । बीउ बिजन वितरण गर्नु पूर्व वितरण गरिने स्थानको हावापानी एवं भौगोलिक वातावरणको अध्ययन गरी वितरण गरिएमा बाली उत्पादन नहुने जोखिम न्यून हुन सक्दछ । उत्पादकत्व वृद्धि गर्नको निमित्त समग्र दृष्टिकोण अन्तर्गत सिंचाईको समुचित व्यवस्था मिलाई बीउ बिजनलाई आवश्यक पर्ने मल तथा विषादीको सन्तुलित प्रयोग गर्नुपर्ने देखिन्छ ।

व्यावसायिक कृषि विकास आयोजना

पूर्वाञ्चलको ग्रामीण भेगमा कृषि क्षेत्रको विकास गरी निर्वाहमूखी खेतीलाई व्यावसायिकतामा रुपान्तरण गर्दै ग्रामीण समुदायहरुको गरिबी न्यूनीकरण गर्ने उद्देश्यले आयोजना सञ्चालन भएको छ । आयोजनाले गरीब, भूमिहीन कृषक, व्यापारी, उत्पादक, प्रशोधनकर्ताहरु सबैलाई समेटेर निजी क्षेत्रलाई समेत कृषि क्षेत्रमा लगानी गर्न प्रेरित गरी स्थानीय गैर सरकारी संस्थाहरुको सहकार्यमा आर्थिक अवसर वृद्धि गर्ने लक्ष्य राखेको छ ।

आयोजनाले समेटेका जिल्लाहरुमा उच्च मूल्यका बाली तथा बजार केन्द्रहरुको पहिचान हुनु, कृषि उपजको व्यावसायिकरणमा कृषक, उत्पादक, व्यापारीहरु संस्थागत रुपमा संलग्न हुनु, कृषि उपजको मूल्य निर्धारण गर्न कृषकहरु सुसूचित हुनु, प्रत्यक्ष रोजगारीको अवसर सिर्जना हुनु आदि यस आयोजनाका सवल पक्षहरु हुन् । कृषकहरुको आवश्यकताबमोजिमका उपकरण तालिम प्राविधिक सहयोग समयमै उपलब्ध नहुनु, कार्यक्रम सञ्चालन गर्न आवश्यक प्राविधिक दक्षता एवं क्षमता भएका जनशक्तिको अभाव, कतिपय उपआयोजनाहरु तोकिएको समयमा सम्पन्न नहुनु, सम्झौतामा तोकेभन्दा फरक ढङ्गले खर्च गरिनु, उच्च मूल्यका बालीहरुको प्राथमिकीकरण गरी बढी मूल्यका बालीहरुमा आयोजनाले ध्यान केन्द्रीत गर्न नसक्नु, नतिजामूलक अनुगमन मूल्याङ्कन प्रणाली अवलम्बन नगरिनु, आयोजनाको दिगो सञ्चालनका लागि कृषकहरुबाट कोषको व्यवस्था गर्न नसक्नु आदि यसका कमजोर पक्षहरु रहेका छन् । आयोजना सम्झौतामा तोकिएअनुसार प्रशासनिक एवं सञ्चालन खर्चमा नियन्त्रण हुन नसकेको कारण कार्यक्रम सञ्चालनतर्फ कम खर्च भएको अवस्था छ । कृषि विकास कार्यालयतर्फका जनशक्तिहरु संलग्न नगराइनु, आयोजना समाप्ति पश्चात स्थापित कोषको स्वामित्व एवं जवाफदेहिता निश्चित नहुनु पनि समस्याकै रुपमा रहेको छ । नेपालले विश्व व्यापार संगठनको सदस्यता लिइसकेको अवस्थामा हालको निर्वाहमूखी कृषि प्रणालीबाट विश्व बजारमा प्रतिस्पर्धा गर्न कठिन हुने भएकोले कृषिमा व्यावसायिकरण गरी उच्च मूल्यका कृषिजन्य उत्पादनहरुलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराउनु आयोजनाको सामु चुनौती देखिएको छ । लेखापरीक्षणबाट

देखिएका विस्तृत व्यहोरा सम्बन्धित निकायलाई पठाइएको छ । सोसम्बन्धी प्रमुख व्यहोरा निम्नअनुसार उल्लेख गरिएको छः

३२. **जनशक्ति व्यवस्थापन** – "व्यावसायिक कृषिमा लगानी तथा व्यवस्थापनका" लागि स्थापित कमर्सियल एग्रिकल्चर एलायन्सको उद्देश्य सरोकारवालाको समूह खडा गरी व्यावसायिक कृषिको प्रबर्द्धन गर्ने, व्यावसायिक कृषि कोषको व्यवस्थापन गरी उक्त कोषबाट आफ्ना सदस्यहरुलाई रकम उपलब्ध गराउने, आफ्ना सदस्य तथा कृषिसँग सम्बन्धित विभिन्न सरोकारवाला व्यक्तिहरुलाई उत्पादनको दीगोपना, क्षमता अभिवृद्धि, बजार सञ्चालन आदिको महत्व बुझाउन शिक्षा दिने लगायत रहेका छन् । प्रभावकारी रुपबाट कार्यसम्पादन गरी संगठनको उद्देश्य हासिल गर्न सम्बन्धित क्षेत्रमा विज्ञता तथा दक्षता हासिल गरेका जनशक्ति हुनु जरुरी हुन्छ । एलायन्सको कर्मचारी सेवा, शर्त नियम, २०६४ बमोजिम प्रबन्धकीय तथा अधिकृत पदको योग्यता सम्बन्धित विषयमा स्नातक उत्तीर्ण हुनुपर्ने उल्लेख छ । तर शाखा प्रबन्धक तथा विभिन्न किसिमका अधिकृत पदमध्ये कुन पदका लागि कुन विषयको जनशक्ति आवश्यक पर्ने हो, सो कुरा कम्पनीको प्रबन्धपत्र तथा नियमावली वा कर्मचारी सेवा, शर्त नियम, २०६४ मा खुलाएको पाइएन । कृषि क्षेत्रसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने निकायमा महाप्रबन्धकबाहेक शाखा प्रबन्धक लगायत अन्य अधिकृत पदहरुमा मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र विषयतर्फका जनशक्ति लिएको पाइयो । एलायन्सको प्रबन्धपत्र तथा नियमावली एवं कर्मचारी सेवा शर्त नियममा जनशक्तिको आवश्यक योग्यता सम्बन्धमा स्पष्ट व्यवस्था नहुनु यसको प्रमुख कारण रहेको देखियो । कार्यक्षेत्रसँग सम्बन्धित दक्ष एवं पर्याप्त जनशक्ति नहुँदा संगठनको कार्यसम्पादन एवं उद्देश्य हासिलमा नै प्रतिकूल असर पर्नसक्ने देखिन्छ । कर्मचारी सेवा शर्तसम्बन्धी नियममा योग्यता किटान गरी सम्बन्धित क्षेत्रका विशेषज्ञ नियुक्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३३. **सहायता परिचालन** – नेपाल सरकार र एसियाली विकास बैङ्कबीच भएको सम्झौता तथा आयोजना व्यवस्थापन समझदारीअनुसार आयोजना अवधिभरका लागि निर्धारित ५ सम्भाग सञ्चालन गर्न १८ मिलियन अमेरिकी डलर अनुदान सहायता प्रदान गर्ने उल्लेख छ । आयोजनाका उद्देश्यहरु हासिल गर्न प्राप्त स्रोत साधनको उपयोगमा निर्धारित वित्तीय योजना अनुसार मितव्ययी, दक्ष एवं प्रभावकारी ढङ्गबाट कार्य सञ्चालन हुनुपर्दछ । आयोजना सञ्चालन भएदेखि २०६७ आषाढ मसान्तसम्म ३ वर्ष (कुल आयोजना अवधिको ५८ प्रतिशत) अवधि व्यतीत भइसक्दा आयोजना लागत रु.१ अर्ब १४ करोड ६६ लाख (एसियाली विकास बैङ्कतर्फको मात्र) भएकोमा रु.३८ करोड ४६ लाख ५४ हजार (३३.५५ प्रतिशत) खर्च भएको देखिन्छ । यसअनुसार स्रोत परिचालनमा अपेक्षाकृत दक्षता हासिल हुनसकेको देखिदैन ।

आयोजना व्यवस्थापन समझदारी (PAM) अनुसार आयोजनाको प्रमुख सम्भागको रुपमा रहेको "व्यावसायिक कृषिमा लगानी तथा व्यवस्थापन" को लागि कुल अनुदानमध्ये ४४.४४ प्रतिशत लगानी गर्ने उल्लेख भएकोमा उक्त कार्यको लागि स्थापित व्यावसायिक कृषि विकास कोषमा हालसम्मको खर्चमध्ये १६.६६ प्रतिशतमात्र लगानी भएको देखिन्छ । उक्त कोषको व्यवस्थापन गर्न स्थापित कम्पनी कमर्सियल एग्रिकल्चर एलायन्सको सञ्चालन तथा व्यवस्थापनका लागि १२.०४ प्रतिशत रकम छुट्याइएकोमा हालसम्मको खर्चमध्ये २१.१७ प्रतिशत खर्च भइसकेको छ । यसैगरी अनुगमन/मूल्याङ्कन लगायतका राष्ट्रिय, अन्तर्राष्ट्रिय परामर्श सेवाका लागि १४.१३ प्रतिशत छुट्याएकोमा १७.८० प्रतिशत खर्च भएको देखिन्छ । त्यस्तै सवारीसाधन तथा उपकरण, सर्वेक्षण अनुगमन तथा मूल्याङ्कन आदिमा पनि निर्धारित अंशभन्दा बढी दरमा खर्च भएको छ । सरोकारवाला/लक्षित वर्गको कार्यक्रम सञ्चालनका लागि निर्धारित अंशभन्दा न्यून खर्च गर्ने तर प्रशासनिक खर्च भने तोकिएभन्दा अधिक रहेकोले आयोजनाले निर्धारण गरेको व्यावसायिक कृषिको प्रवर्द्धन गर्ने उद्देश्य तथा कार्यक्रमको दिगोपनामाथि नकारात्मक असर पर्नसक्ने देखिएको छ । खर्चको भार विश्लेषण गरी प्रशासनिकलगायत परामर्श खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३४. **आयोजनाको मोडेल** – आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि सबै सरोकार समूहको सहभागिता, सहयोग एवं समन्वय जरुरी हुन्छ । आयोजनाको पहिलो प्राथमिकता क्रममा रहेको "व्यावसायिक कृषिमा लगानी तथा व्यवस्थापन" सम्भागको लागि सम्झौताबमोजिम कमर्सियल एग्रिकल्चर एलायन्स अन्तर्गत ११ शाखा कार्यालयमार्फत ११ जिल्लामा क्रियाकलापहरु सञ्चालन भइरहेका छन् । एलायन्सको मुख्य तथा शाखा

कार्यालयहरुमा निजामती सेवाका कर्मचारीहरुको संलग्नता तथा सहभागिता नहुनु, एलायन्सअन्तर्गतका शाखा कार्यालयहरुमा कृषि क्षेत्रसँग सम्बन्धित विशेषज्ञ नहुनु लगायतका कारणले आयोजना समाप्ति पश्चात उक्त सम्भागअन्तर्गतका क्रियाकलाप तथा स्थापित कोषको स्वामित्व, जिम्मेवारी एवं जवाफदेहिता सम्बन्धमा द्विविधा सिर्जना भएको, सम्बन्धित कृषि विकास कार्यालयहरुका जनशक्तिलाई संलग्न नगराएको आदि कारणले आयोजनाको मोडेल नै त्रुटिपूर्ण रहेको, आयोजना कार्यान्वयन मोडालिटी मागमा निर्देशित नभई दाता निर्देशित भएको धारणा व्यवस्थापनसँगको छलफलको क्रममा व्यक्त भएको पाइयो । कृषि क्षेत्रका सरोकारवालाहरुका लागि सञ्चालित क्रियाकलापमा कृषि क्षेत्रका विज्ञ तथा सम्बन्धित कृषि विकास कार्यालयका प्राविधिकहरु समेतको संलग्नता तथा उनीहरुको प्राविधिक दक्षता तथा अनुभवको उपयोग गर्ने गरी आयोजना कार्यान्वयन मोडेलमा परिमार्जन गर्नु उपयुक्त देखिन्छ । आयोजना समाप्ति पश्चात कोषको स्वामित्व एवं जिम्मेवारी सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्दछ ।

३५. **कोष परिचालन** – व्यावसायिक कृषि कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने समेतका क्रियाकलाप सञ्चालनको जिम्मेवारी कमर्सियल एग्रिकल्चर एलायन्सलाई दिइएको छ । पूर्वाधार उपआयोजनाहरु सञ्चालनका लागि सम्बन्धित सदस्य, सम्बन्धित जिल्ला विकास समिति एवं एलायन्सबीच त्रिपक्षीय सम्झौता हुने तथा गैर पूर्वाधार उपआयोजना सञ्चालनका लागि सरोकारवाला सदस्य र एलायन्सबीच समयावधि तोकि सम्झौता हुने प्रावधान छ । सम्झौता भएका उपआयोजनामध्ये पूर्वाधारतर्फ १२ र गैरपूर्वाधारतर्फ ११ उपआयोजनाहरु समयमा सम्पन्न भएको पाइएन । पूर्वाधार आयोजनातर्फ कार्यसम्पन्न गर्नुपर्ने म्याद समाप्त भएको १ वर्षसम्म तथा गैरपूर्वाधार आयोजनातर्फ ५ महिनासम्म पनि काम सम्पन्न भएको देखिदैन ।समयमा काम सम्पन्न नहुनुमा जरिबाना वा क्षतिपूर्तिसम्बन्धी प्रावधान सम्झौतामा नराखिनु, पूर्वाधार उपआयोजनातर्फ जिल्ला विकास समितिले योगदान गर्नुपर्ने रकम योगदान नगर्नु, गैरपूर्वाधार उपआयोजनातर्फ सम्झौतामा उल्लिखित कतिपय शर्तहरु पूरा नहुँदै अनुदान रकमको किस्ता प्रदान गर्नु लगायतका कारण देखिएका छन् । जसले गर्दा आयोजना समयमै सम्पन्न भई लक्षित प्रतिफल हासिल गर्न कठिनाइ पर्ने देखिन्छ । उपआयोजनाको नियमित अनुगमन गरी तोकिएको समयमा कार्य सम्पन्न नगरेमा हर्जाना लगाउने व्यवस्था गर्नुपर्दछ ।

लेखापरीक्षणको क्रममा उदयपुर, सप्तरी, मोरङ र इलामसमेत ४ जिल्लामा सञ्चालित उपआयोजनाहरुको स्थलगत निरीक्षणको क्रममा देखिएका व्यहोरा देहायअनुसार छन्:

३५.१ गैरपूर्वाधार उपआयोजना अन्तर्गत पौष्टिक आहार उत्पादन तथा गुणस्तर सुधार कार्य गर्ने एक फूड प्रा.लि. विराटनगरसँग कुल लागत रु.२८ लाख ३६ हजारमध्ये रु.१३ लाख २७ हजार (४७ प्रतिशत) एलायन्सले व्यहोर्ने गरी सम्झौता भई ३ किस्तामध्ये २ किस्ता रु.७ लाख ९६ हजार (६० प्रतिशत) अनुदान रकम प्रदान गरेकोमा उपआयोजनाको म्याद २०६७।६।३० मा समाप्त भएको छ । सम्झौता अनुसारका मेसिन उपकरणहरुमध्ये केही अझै खरिद नभएका, खरिद भएका ग्राइण्डिङ्ग, प्रोसेसिङ्ग लगायतका मेसिनरीहरु जडान गर्ने स्थान अभावले प्याकेट नखोली उपयोगमा ल्याउन सकेको पाइएन ।

प्याकेट नखोलिकन राखेको मेसिनरी सामान

विराटनगरस्थित एक कृषि केन्द्रले सम्झौताअनुसार उच्च मूल्यका बालीहरुको बीउ प्रशोधन तथा प्याकेजिङ्गका लागि २०६६ आषाढ मसान्तसम्म विभिन्न ५ मेसिन जडान गरिसक्ने शर्तमा कुल लागतमध्ये एलायन्सले रु.१४ लाख ६३ हजार (२८ प्रतिशत) व्यहोर्ने गरी सम्झौता भई पहिलो किस्ताबापत २० प्रतिशत रकम भुक्तानी भइसकेकोमा हालसम्म ३ मेसिनमात्र खरिद गरेको छ । बीउ बिजनको उमारशक्ति मापन गर्ने जर्मिनेशन मेसिन लगायतका अन्य २ मेसिन हालसम्म नल्याएको, ल्याएका मेसिन पनि जडान गर्ने स्थानको अभावले जडान नगरी राखेको पाइयो ।

३५.२ पूर्वाधार आयोजना अन्तर्गत सप्तरीको घोडदह नदीमा पुल निर्माणको लागि कुल लागत अनुमान रु.९२ लाख १७ हजारमध्ये एलायन्सले रु.५७ लाख ४७ हजार (६२.३५ प्रतिशत), जिल्ला विकास समिति सप्तरीले रु.१४ लाख ५१ हजार (१५.२० प्रतिशत) तथा उपभोक्ता समितिले रु.२० लाख ६९ हजार (२२.४५ प्रतिशत) लागत साझेदारी गरी २०६७ चैत्र मसान्तभित्र कार्यसम्पन्न गर्ने गरी त्रिपक्षीय सम्झौता भएकोमा हालसम्म केही निर्माण सामग्री खरिद गर्नेबाहेक अन्य काम सुरुवात भएको पाइएन । उपभोक्ता समितिसँगको छलफलमा एलायन्सबाट प्रथम किस्ताबापत रु.१७ लाख ६२ हजार प्राप्त भएको, जिल्ला विकास समितिबाट प्राविधिक सहायतामात्र प्राप्त भएको, नगद अनुदान प्राप्त नभएको जानकारी प्राप्त भयो ।

पूर्वाधार आयोजनाअन्तर्गत सप्तरी जिल्लाको कट–बोरिया कृषि सडक स्तरोन्नतीका लागि कूल लागत अनुमान रु.५६ लाख ६७ हजारमध्ये एलायन्सले रु.४२ लाख ४३ हजार, जिल्ला विकास समितिले रु.८ लाख ५० हजार (१५ प्रतिशत) तथा बाँकी रकम उपभोक्ता समितिले व्यहोर्ने उल्लेख छ । सो कार्य २०६६।१२।३१ मा सम्पन्न गर्ने गरी त्रिपक्षीय सम्झौता भई प्रथम किस्ताबापत एलायन्सबाट रु.१४ लाख १५ हजार अनुदान प्रदान गरेकोमा हालसम्म सुरु भएको पाइएन ।

३५.३ पूर्वाधार उपआयोजनाअन्तर्गत इलाम जिल्लाको साखेजुङ्गमा ताजा तरकारी सङ्कलन केन्द्र निर्माणका लागि कुल लागत अनुमान रु.२८ लाख २१ हजारमध्ये एलायन्सले रु.१८ लाख ८१ हजार (६६.६७ प्रतिशत) जिल्ला विकास समितिले रु.४ लाख ३ हजार (१४.२९ प्रतिशत) र बाँकी रकम गाउँ विकास समिति तथा उपभोक्ता समितिले व्यहोर्ने गरी त्रिपक्षीय सम्झौता भई प्रथम किस्ता बापत एलायन्सबाट रु.६ लाख २६ हजार प्रदान भएकोमा उक्त स्थानमा एक्साभेटर लगाई माटो खार्ने तथा सम्याउने कार्यको सुरुआत भएको देखियो ।

एस्काभेटर लगाउदै गरेको दृश्य

सम्झौतामा उल्लेख भएअनुसार समयमा कामसम्पन्न नहुने, निर्धारित गुणस्तर तथा परिमाणमा कार्य नहुँदा आयोजनाको समग्र उद्देश्य हासिलमा कठिनाइ हुने, कृषिको व्यावसायीकरणमा अपेक्षित योगदान पुग्न कठिनाइ हुने देखिएको छ । सम्झौताका पक्षधरहरुले शर्तको पूर्णरुपमा पालना गर्नुपर्ने, अनुदान प्रदान गर्ने कार्यविधि सरलीकरण गर्नुपर्ने, व्यापारी, उद्योगपति र प्रशोधनकर्ताहरुलाई तिनीहरुको कार्य प्रकृति अनुरुपको पर्याप्त भौतिक पूर्वाधार खडा भए नभएको स्थलगत निरीक्षण गरी मात्र प्लाण्ट तथा मेसिनरीको रकम प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

३५.४ सदस्यहरुले उपआयोजना प्रस्ताव तयार गरी एलायन्सको शाखा कार्यालयमा पेश गर्नुपर्ने, शाखा कार्यालयले उक्त प्रस्ताव निर्धारित मापदण्ड पूरा गरेमा स्वीकृत गर्नुपर्ने र विस्तृत आयोजना प्रस्ताव सदस्यहरुले आफ्नै खर्चमा तयार गर्नुपर्ने व्यवस्था छ । मुख्य कार्यालयमा उक्त प्रस्ताव पठाउनु अघि शाखा कार्यालयले स्थलगत भ्रमण गरी परीक्षणसूची भर्ने लगायतका काम गर्नुपर्छ । सबै विषयमा शाखा कार्यालयले उक्त प्रस्ताव जिल्ला पुनरावलोकन समितिमा पेश गर्ने र समितिबाट पास भएका प्रस्तावहरु मुख्य कार्यालयमा पेश गरी पास भएपछि रकम निकासा गर्ने प्रक्रिया रहेको छ । सप्तरीको बीज भण्डारले पेश गरेको उपआयोजना प्रस्तावमा अन्य सामानको अतिरिक्त १ थान कम्प्युटर भएको व्यहोरा उल्लेख छ । कार्यालयको अनुगमन मूल्याङ्कन प्रतिवेदनमा कम्प्युटर नभएको परीक्षणसूचीबाट देखिन्छ । एक कोल्ड स्टोरेजले पेश गरेको उपआयोजना प्रस्तावमा जेनेरेटरको माग गरिएको छैन । प्रस्ताव स्वीकृत हुँदा १२५ के.भी.ए.को जेनेरेटरसमेत थप गरी स्वीकृत गरिएको छ ।

उपर्युक्तबमोजिमका व्यापारी, प्रशोधनकर्ताहरुसँग अग्रपृष्ठ सम्बन्ध बढाउने, कृषकहरुसँगबाट कच्चा पदार्थ खरिद गर्ने, रोजगारी सिर्जना गर्ने, र निर्यात प्रवर्द्धन गर्ने गरी सम्झौता गरिएको छ । तर तोकिएबमोजिमको कच्चा पदार्थ स्वदेशमै खरिद गरे नगरेको सम्बन्धमा यकिन हुने आधार छैन । खुला सीमानाको कारणले स्वदेशमा उत्पादनभन्दा आयातीत वस्तु सस्तो हुने हुनाले अपेक्षित प्रतिफल प्राप्त हुने

कुरामा विश्वस्त हुने स्थिति छैन । यदि उनीहरुले सम्झौताअनुसार कृषकसँग खरिद नगरेमा के गर्ने भन्ने प्रावधान पनि राखिएको छैन ।

कृषकबाहेकका व्यापारी, उद्यमी, र प्रशोधनकर्ताहरुलाई निजी प्रयोजनको लागि बिनाधितो फिर्ता गर्नु नपर्ने गरी ठूलो मात्रामा रकम प्राप्त हुने भएकोले पनि एलायन्समा सदस्य बन्न धेरै दबाब आउने र सदस्य बनेकाहरु मध्येबाट पनि प्रस्ताव स्वीकृत गराउन र रकम प्राप्त गर्न धेरै चाप पर्ने गरेको पाइएको छ । सदस्यहरुले आफ्नै लागतमा विस्तृत प्रस्ताव तयार गर्नुपर्ने र उक्त प्रस्ताव तयार गर्ने कार्य ज्यादै कठिन भएको व्यहोरा सदस्यहरुबाट आएको छ । प्रस्तावमा उल्लेख भएअनुसार कोषको रकम उपयोग भएको सुनिश्चितताको लागि अनुगमन व्यवस्था प्रभावकारी बनाउनुपर्दछ । प्रस्ताव तयार गर्न सहयोग गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

३६. **लक्ष्य/प्रगति** – आयोजनाअन्तर्गत कम्तीमा ५,००० भूमिहीन कृषकहरुको पहिचान गरी तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा ३,५२४ कृषक पहिचान गरी २५० जनालाई तालिम दिएको, कम्तीमा १,८०० सरोकारवालाले गुणस्तर सुधारका तरिका अवलम्बन गर्ने लक्ष्य राखेकोमा तत्सम्बन्धी तालिम ७८ जनालाई प्रदान गरेको, आधारभूत बजार विकास तालिम ४२ र गैरसरकारी संस्थाको लागि तालिम २४ सञ्चालन गर्नुपर्नेमा क्रमश: ३० र ९ मात्र सञ्चालन भएको पाइयो । लक्ष्यअनुरुपका कार्यसम्पादन नहुँदा कृषक तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्न कठिनाइ हुने देखिन्छ । निर्धारित लक्ष्य हासिल गर्नको लागि कार्ययोजना बनाई कार्यसम्पादन गरिनुपर्दछ ।

३७. **उच्च मूल्यका बाली** – आयोजनाको उद्देश्य प्राप्त गर्न न्यूनतम श्रम तथा लागतमा अधिक प्रतिफल दिने किसिमका निर्यातमूलक नयाँ नयाँ उच्च मूल्यका बालीहरुको पहिचान गर्नुपर्दछ । आयोजना व्यवस्थापन प्रतिवेदनमा सन् २००८ सम्ममा २४ उच्च मूल्यका वस्तु उत्पादन गर्ने क्षेत्र पहिचान गर्ने उल्लेख भएकोमा सन् २०१० सम्ममा १८५ उच्च मूल्यका वस्तु उत्पादन गर्ने क्षेत्र एवं ३५ बजार केन्द्रको पहिचान भएको छ ।

स्थलगत निरीक्षणको क्रममा इलाममा अदुवा, आलु, काउली, गोलभेडा, चिया, र मटरकोसालाई उच्च मूल्य बालीका रुपमा पहिचान गरिएको छ भने धनकुटामा सुन्तला, काउली, गोलभेडा,र बन्दा, मोरङमा काउली, खुर्सानी, भिण्डी, भण्टा, काँक्रो, घिरौला र उदयपुरमा काउली, आलु, भण्टा, बेसार,र फलफूलतर्फ केरा खेतीलाई उच्च मूल्य बालीको रुपमा पहिचान गरेको पाइयो । अधिकांश जिल्लाहरुमा तरकारी बालीलाई नै उच्च मूल्य बालीको रुपमा पहिचान गरेको देखियो । उच्च मूल्यमा पर्ने बालीको मूल्य निर्धारण आधार स्पष्ट नभएका कारण प्रतिकिलो रु.२ हजारमा बिक्री हुने अलैंची र प्रतिकिलो रु.६/७ मा बिक्री हुने काउली दुबैलाई उच्च मूल्यका बालीको रुपमा पहिचान गरिएको छ । निश्चित आधारबेगर उच्च मूल्यका बाली पहिचान गरी कार्यक्रम सञ्चालन गर्दा अपेक्षित लाभ प्राप्त गर्न नसकिने अवस्था रहन्छ । वस्तुको उत्पादन गर्न लाग्ने अवधि, उत्पादन लागत, श्रमको उपलब्धता, बजारमा उक्त वस्तुको माग र आपूर्तिको अवस्था, वस्तु भण्डारण गर्न सकिने स्थिति, अन्तर्राष्ट्रिय बजारमा पहुँच आदि आधारलाई लिएर उच्च मूल्य बालीको पहिचान गर्ने एवं प्राथमिकिकरण गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

संगठित संस्था तथा समितितर्फ

कृषि सामग्री कम्पनी लिमिटेड

कम्पनी ऐन, २०६३ अनुसार स्थापित यस कम्पनीको यस वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

३८. **सञ्चालन नतिजा** – गत वर्षसम्म सञ्चित नोक्सान रु.३४ करोड ६२ लाख ५५ हजार रहेकोमा यो वर्ष कार्य सञ्चालनबाट नाफा भएको रु.११ करोड ३५ लाख ३ हजार समायोजन गर्दा यो वर्षसम्म सञ्चित नोक्सान रु.२३ करोड २७ लाख ५२ हजार (शेयर पूँजीको तुलनामा ५४.५९ प्रतिशत) पुगेको छ । शंकास्पद आसामी तथा पेश्कीवापतको व्यवस्था गर्दा सो नोक्सानी अझ बढ्न जान्छ ।

३९. **लेखामान पालना** – नेपाल लेखामान ४ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मूल्य वा खुद उठ्ने मूल्य जुन कम हुन्छ त्यसमा गर्नुपर्नेमा पुरानो र कतिपय भौतिकरुपमा समेत नरहेको रु.२६ करोड ९६ लाख बराबरको जिन्सीको लेखामानले निर्दिष्ट गरेको सिद्धान्तबमोजिम मूल्याङ्कन गरी लेखाङ्कन गरेको छैन ।

वित्तीय विवरण तयार गर्दा नेपाल लेखामान ९ अनुसार डेफर्ड आयकरको गणना गरी सोबाट पर्ने असर दर्शाउनुपर्नेमा गणना नै गरेको छैन ।

४०. **शंकास्पद आसमी** – व्यापारिक तथा अन्य प्राप्त अन्तर्गत देखाएको रु.६ करोड ८० लाख ८४ हजारमध्ये विगत वर्षदेखि असुलउपर हुन नसकेको संस्थानतर्फ रु.१ करोड ५५ लाख ९१ हजार र संघ सस्थातर्फ रु.३७ लाख १० हजार, कृषि विकास बैङ्कतर्फ रु.२ करोड ३८ लाख १० हजार र अन्य ग्राहकतर्फ रु.४५ लाख ७२ हजार तथा सस्पेन्स हिसाब रु.८ लाख २ हजार समेत रु.४ करोड ८४ लाख ८५ हजार रहेकोमा सोबापत हालसम्म रु.१ करोड ६४ लाख १२ हजार मात्र व्यवस्था गरेकोले रु.३ करोड २० लाख ७३ हजारले व्यवस्था कम छ ।

४१. **शंकास्पद पेश्की** – अग्रिम भुक्तानी धरौटी तथा पेश्की तथा सापटी अन्तर्गत देखाएको रु.१७ करोड ६६ लाख ६९ हजारमध्ये विगत वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको अवकाश लिइसकेका कर्मचारीबाट उठाउनुपर्ने रु.१८ लाख ६५ हजार र हिनामिना भएको रु.५३ लाख ६३ हजार समेत रु.७२ लाख २८ हजारले व्यवस्था कम छ ।

नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा परिषद ऐन, २०५५ अनुसार स्थापित यो परिषद्को यस वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन् :

४२. **सञ्चालन नतिजा** – यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रु.१७ लाख र आन्तरिक स्रोत रु.७ लाख ८३ हजार समेत रु.२९ लाख ५८ हजार आम्दानी भएकोमा रु.२२ लाख ८३ हजार खर्च भई रु. ६ लाख ७५ हजार बचत भएको छ । उक्त रकममा गत वर्षसम्मको बचत समायोजन गर्दा हालसम्मको बचत रु.३० लाख ६३ हजार रहेको छ ।

४३. **ऐनको पालना** – सार्वजनिक खरीद ऐन, २०६३ अनुसार खरीद ईकाई तथा मूल्याङ्कन समिति गठन गरेको छैन । आयकर ऐन, २०५८ बमोजिम परिषद्ले आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर नलिएको साथै आय विवरण पनि पेश गरेको छैन ।

४४. **आन्तरिक लेखापरीक्षण** – गतवर्षभैं यस वर्ष पनि आन्तरिक लेखापरीक्षण गरे गराएको पाइएन ।

४५. **ह्रासकट्टी** – यस वर्ष पूँजीगत जगेडा कोषतर्फ रु.४५ हजार र पूँजीगत स्थिर सम्पत्ति तर्फ अनुदानबाट प्राप्त रु.१ लाख ९५ हजारसमेत रु.२ लाख ४० हजार ह्रासकट्टी गरेको देखिन्छ । आर्थिक प्रशासन विनियमावली, २०५७ अनुसार स्थायी सम्पत्तिको परिषद्ले तोकेबमोजिमको दरमा ह्रासकट्टी गरी खर्च शीर्षकमा मात्र देखाउने गरेको छ ।

४६. **जिन्सी निरीक्षण** – रजिष्ट्रारले प्रत्येक आर्थिक वर्षमा कम्तीमा १ पटक स्वयम वा अन्य कर्मचारीद्वारा जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था आर्थिक प्रशासन विनियमावली, २०५७ मा व्यवस्था भए बमोजिम २०६७।३।३२ मा जिन्सी निरीक्षण प्रतिवेदन पेश भएको देखियो । उक्त प्रतिवेदनमा मर्मत हुन नसक्ने अवस्थामा रहेका रु.४२ हजारका सामानको सम्बन्धमा आर्थिक विनियमावलीमा व्यवस्था भएअनुसार आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

४७. **दर्ता** – नेपाल पशु चिकित्सा परिषद् ऐनमा पशु चिकित्सकले उक्त व्यवसाय गर्न परिषदमा दर्ता हुनुपर्ने व्यवस्था छ । यो वर्षको अन्त्यसम्म स्थायी ५७०, आवधिक २३ र विशेषज्ञको रुपमा १३ जनाको नाम दर्ता भएकोछ । पारा भेटेरिनरी सेवातर्फ कार्यरत प्राविधिकहरु यस ऐनको कार्य क्षेत्रभित्र समेटिएका छैनन् ।

४८. **नियमन** – पशु चिकित्सा व्यवसायमा देशभरी कार्यरत रहेका विशेषज्ञ डाक्टर, सहायक पशु स्वास्थ्य प्राविधिक, सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता, औषधि उत्पादक, आहार उत्पादक तथा नेपाल सरकारका कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत पशु स्वास्थ्य सेवा विभाग र अस्पताल, कार्यालय, केन्द्र आदिमा कार्यरत सबै पशु स्वास्थ्यसम्बन्धी कार्यकर्ता देखि विशेषज्ञ समेत समेटिने गरी पशु चिकित्सा परिषद् ऐन, २०५५ मा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

४९. **पुनरावलोकन –** परिषद्को काम, कर्तब्य र अधिकार तथा उदेश्य र कार्यक्षेत्र व्यापक देखिएको छ । तर पशु औषधि, जैविक पदार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने मापदण्ड तयार गर्ने, नेपाल सरकारलाई सुझाव दिने, पशु औषधिको खोज वा आविष्कार गर्ने कार्यमा प्रत्यत्नशील रहने र अन्तराष्ट्रिय क्षेत्रमा हासिल भएका पशु चिकित्सा सम्वन्धी अनुसन्धान वा अनुभवहरुको आदान प्रदान गरी नेपालको लागि उपयुक्त हुने कुरा लागु गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने जस्ता कार्य हुन बाँकी रहेको छ । कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत अन्य संगठित संस्थाहरु पनि यस्ता कार्यमा संलग्न रहेकाले कामको कार्यक्षेत्र सुनिश्चित गर्न विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

राष्ट्रिय सहकारी विकास बोर्ड

सहकारी संस्था र संघहरुको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अनुसार स्थापित यस बोर्डको गत वर्षको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

५०. **सञ्चालन नतिजा** – गत वर्षसम्म रु.३ करोड २७ लख ७२ हजार सञ्चित नाफा रहेकोमा यो वर्ष रु.२४ लाख ५४ हजार थप भई रु.३ करोड ५२ लाख २६ हजार पुगेको छ । सरकारबाट प्राप्त अनुदान रु.३३ लाख ३७ हजार हिसाब मिलान गर्दा खुद नाफा रु.३ करोड १८ लाख ८९ हजार हुने देखिन्छ । वर्षौं देखिको विभिन्न सहकारी संस्थाबाट असुल गर्न बाँकी ऋण लगानी वापतको असुल हुन नसक्ने व्याज रु.३२ लाख ६९ हजार समेत समायोजन गर्ने हो भने खुद नाफा अझ घट्न जाने देखिन्छ ।

५१. **स्थिर सम्पत्ति** – स्थिर सम्पत्ति रु.२ करोड ३ लाख ९१ हजार रहेको छ । विभिन्न स्थानमा रहेको कतिपय घर जग्गा पूँजीकृत नगरेकोले वासलातले सम्पत्तिको यथार्थ चित्रण गरेको छैन । सम्पत्ति खातामा उल्लिखित रकम वासलातसँग यो वर्ष पनि भिडान हुन सकेन । पुराना काम नलाग्ने मूल्य शून्य भइसकेको सामानको न्यूनतम मूल्य कायम गर्न २०६६।६७ मा कारबाही गरिने जानकारी प्राप्त भएको छ ।

५२. **जग्गा –** भोटाहिटी, पुल्चोक र लगनखेलमा भवन निर्माण भएको २४ रोपनी ९ आना जग्गाको गत वर्षसम्मको मालपोत यस वर्ष बुझाएको छ । गत वर्ष भरतपुर स्थित ४ बिघा ९ कट्ठा ११ धूर जग्गाको २०६१ साल सम्मको रु.४ हजार मालपोत तिरेको रेकर्डबाट देखिएको छ । पोखरा, नेपालगञ्ज र सुर्खेतको ३ कट्ठा १४ धुर जग्गाको मालपोत तिरेको पाइएन । यी जग्गाको मूल्याङ्कन गरी सम्पत्तिमा समावेश गरेको पनि छैन ।

५३. **ऋण तथा लगानी –** गत वर्षसम्म रु.५ करोड ५७ लाख ४७ हजार लगानी रहेकोमा यो वर्ष रु.५ करोड ५५ लाख ८ हजार बाँकी रहेको छ । भाखा नाघेको र ननाघेको छुट्याई वासलातमा ऋण लगानीको रकम देखाएको छैन । सहकारी विभाग र सो अन्तर्गतका डिभिजन सहकारी कार्यालयको सहयोग लिई कडाईका साथ रकम असुलउपर गर्ने तयारी भइरहेको जानकारी गराए तापनि उल्लेख्य प्रगति देखिएन ।

५४. **पेश्की** – गतवर्षसम्म फछ्यौंट गर्न बाँकी पेश्की रु.१६ लाख ८२ हजार रहेकोमा यो वर्ष रु.१७ लाख २ हजार बाँकी रहेको छ । कतिपय पेश्की २०५९।६० देखि जिम्मेवारी मात्र सार्दै ल्याएकोले फछ्यौंटमा प्रभावकारिता देखिएन । बोर्डले विगत वर्षमा दिएको पेश्की र भाखा नाघेको लगानी रकम असुलीको लागि राष्ट्रियस्तरको पत्रपत्रिकामा फोटोसहितको सूचना प्रकाशित गरी कानूनी कारबाही अगाडि बढाउने निर्देशन दिएकोमा फोटोबेगर सूचना प्रकाशित भएको तर कुनै रकम असुल भएको देखिएन । विनियमावलीमा भाखा नाघेको

असुल हुन बाँकी लगानी रकम संघ संस्थाको धितोबाट असुलउपर गर्नुपर्ने उल्लेख भएको हुँदा सोअनुसार कारबाही गरी असुल गर्नुपर्ने देखिन्छ ।

५५. **घर भाडा –** गत वर्षसम्म असुल हुन बाँकी घरभाडा रु.६३ लाख १० हजार रहेकोमा यस वर्षको थप रु. २१ लाख २६ हजार समेत रु.८४ लाख ३६ हजार पुगेकोमा रु.४ लाख ६९ हजार (कुल रकमको ५.५६ प्रतिशत) मात्र असुल गरेको छ । बाँकी भाडा असुल गर्न कारबाही गरेको देखिएन ।

५६. **ब्याज –** गत वर्षसम्म रु.२९ लाख ३३ हजार ब्याज असुल गर्न बाँकी रहेकोमा यो वर्षसम्म कूल रु.३२ लाख ६९ हजार बाँकी छ । उक्त रकम असुल गर्न प्रभावकारी कारबाही गर्नुपर्ने देखिन्छ ।

५७. **कर्मचारी सापटी –** गतवर्षसम्म रु.९ लाख ८६ हजार बाँकी रहेकोमा यो वर्ष रु.८ लाख ६ हजार रहेको छ । सापटी दिएको रकम एक वर्षमा १० किस्तामात्र कट्टा गर्ने गरेको देखियो ।

कपास विकास समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत स्थापना भई सञ्चालनमा रहेको यस समितिको २०६६।६७ को लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

५८. **सञ्चालन नतिजा –** बिक्री कारोबारबाट यो वर्ष रु.२८ लाख २६ हजार आम्दानी भएको र आयको लागत रु.७१ लाख ८२ हजार देखाएको छ । नेपाल सरकारबाट चालू अनुदान बापत रु.१ करोड ५० लाख र आन्तरिक आय गोदाम भाडा, बैङ्क ब्याज र अन्य आयलाई समावेश नगरेको अवस्थामा रु.१ करोड ५० लाख ९९ हजार कुल नोक्सान हुने देखिन्छ ।

५९. **ऋण –** नेपाल सरकारको लगानी रु.२ करोड ८६ लाख ४३ हजार र एसियाली विकास बैङ्कको ऋण रु.१५ करोड ६४ लाख ७० हजार तिर्न बाँकी ऋण र उक्त रकमको ब्याज हिसाब गरी दायित्व सिर्जना नगरेको सम्बन्धमा गत वर्षको प्रतिवेदनमा औंल्याए तापनि यो वर्ष पनि सुधार भएको छैन ।

६०. **अनुदान वितरण –** मन्त्रालयको निर्देशानुसार कपासको बीउ, मलखाद, स्प्रेयर टंकी, विषादी आदिमा अनुदान वितरण गरी रु.१८ लाख ८५ हजार खर्च लेखेको छ । मन्त्रालयले अख्तियारी दिँदा अनुदान रकम वितरण गर्दा कार्यक्रम, कार्यविधि र नर्म्स मन्त्रालयबाट स्वीकृत गराई खर्च गर्ने निर्देशन दिएको भए तापनि स्वीकृत गराई खर्च गरेको देखिएन ।

६१. **आन्तरिक लेखापरीक्षण –** महालेखा नियन्त्रक कार्यालयको निर्देशानुसार समितिको विगत वर्षदेखिको स्रेस्ताको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनुपर्नेमा गराएको देखिएन ।

कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८ अनुसार सञ्चालनमा रहेको छ । यस समितिको यस वर्षको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

६२. **सम्पत्ति खाता –** प्रस्तुत वासलातअनुसार समितिको खुद स्थिर सम्पत्ति रु.२६ करोड ८६ लाख ८६ हजार देखिएको छ । सो सम्पत्तिको शीर्षकगत खाता खडा गर्नुपर्ने भनी गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् पाइयो ।

६३. **अनधिकृत प्रयोग –** समितिले फलफूलबजारको लागि आफ्नो हाताभित्र ३८ नयाँ स्टलहरु रु.१३ लाख ९० हजारको लागतमा २०६३।११।२५ मा निर्माण कार्य सम्पन्न गरेको देखिन्छ । ती स्टलहरु अनधिकृत रुपमा बाह्य व्यक्तिहरुले उपयोगमा ल्याएको देखियो । ती स्टलहरुको निर्माण कार्य सम्पन्न भएदेखिको भाडा दर निर्धारण गरी भाडा असुल गर्नुपर्ने व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ । निर्मित स्टलहरु भाडामा लगाउन नसकेकोले समितिलाई लाखौं रकमको भाडा आम्दानी गुमेको छ ।

चन्द्रडाँगी बीउ बिजन तथा दुग्ध विकास समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत २०५२ मा स्थापना भई सञ्चालनमा रहेको यो समितिको यस वर्षको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

६४. **जग्गाको स्वामित्व –** कन्काई कृषि फर्मको स्वामित्वको ५२ हेक्टर जग्गा २०५२।५३ देखि यस समितिको अधीनमा रहेपनि सो जग्गाको जग्गाधनीपुर्जा यो वर्षसम्म पनि प्राप्त गरेको छैन । उक्त जग्गामध्ये केही हेक्टर नदीले कटान गरेको छ भने केही हेक्टर सुकुम्बासीहरुले कब्जा गरेको जानकारी प्राप्त भएको छ ।

६५. **सञ्चालक समितिको गठन –** समिति गठन आदेश, २०५२ अनुसार ११ सदस्यीय समितिको व्यवस्था गरेकोमा हालसम्म पनि गठन गरिएको छैन । समितिको गठनका अभावमा समितिले गर्नुपर्ने सेवा र कार्यक्रम सञ्चालनमा बाधा परेको स्थिति छ । त्यस्तै समितिको गठन आदेश, २०५२ को दफा ६ अनुसार नेपाल सरकारले कार्यकारी निर्देशक समेत तोकेको छैन ।

६६. **वित्तीय विवरण** – समितिको नियमावली, २०५४ नियम ४ मा समितिले आम्दानी खर्चको हिसाब व्यावसायिक लेखा प्रणालीबमोजिम राख्नुपर्ने व्यवस्था गरे तापनि यो वर्षसम्म पनि वासलात तयार गरेको छैन ।

६७. **अनुदान** – यो वर्ष नेपाल सरकारले रु.१४ लाख अनुदान निकासा दिएको छ ।

सोमध्ये बाली विकास कार्यक्रमअन्तर्गत उत्पादन सामग्रीको लागि रु.४ लाख निकासा प्राप्त गरेको छ । उक्त निकासा भएको रकमको कार्यक्रम पेश नहुनाको अतिरिक्त सम्पूर्ण रकम ज्यामी ज्यालामा मात्र खर्च गरेको पाइयो । कार्यक्रम र सोको प्रगति समेत पेश नभएबाट उक्त खर्च रकम कार्यक्रम बजेट वर्गीकरणअनुसार खर्च भएको देखिएन भने उक्त रकम आय–व्यय हिसाबमा समावेश गरेको देखिएन ।

सहकारी क्षेत्र सुदृढीकरण आयोजनाका लागि रु.१० लाख अनुदान प्राप्त गरेको पाइयो । यसअन्तर्गत माछापोखरी सुदृढीकरण, फार्मको जग्गा सुदृढीकरण, जग्गामा तार बार्ने कार्यक्रम स्वीकृत भएको देखिन्छ । प्राप्त रकम भुक्तानी गर्न बाँकी ज्यामी ज्याला, माछापोखरीमा विद्युत जडान कार्य, ट्याक्टरमा इन्धन खर्च र तारबारको मर्मत सम्भार र खोलाले कटान गरेको जग्गामा ज्यामी ज्यालाबापत खर्च गरेको छ । खर्चको लागत अनुमानबेगर तथा कार्यक्रम विपरीत खर्च गरेको नियमित मान्न सकिने आधार भएन ।

नेपाल कृषि अनुसन्धान परिषद्

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत गठन भएको यस परिषद्को यस वर्षको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन्:

६८. **सञ्चालन नतिजा –** गत वर्ष रु.३ करोड ९९ लाख ३९ हजार बचत भएकोमा यो वर्ष रु.३ करोड ८१ लाख ४० हजार बचत गर्न सकेको छ । परिषद्ले कारोबारबाट वर्षान्तमा बचत हुन आउने रकम वासलातको जगेडा तथा व्यवस्था शीर्षकमा देखाउने गरेको छ । तर यो वर्षको कारोबारबाट बचत रकम सो शीर्षकमा समावेश नगरी आगामी वर्षको वासलातका उक्त शीर्षकमा समायोजन गर्ने नीति अपनाएको छ ।

६९. **सम्पत्ति –** परिषद्को स्थिर सम्पत्ति जग्गा, भवन, गाडी आदिको मूल्याङ्कन नगरेकोले सम्पत्तिमा देखाएको छैन । वासलातमा देखाएको स्थिर सम्पत्तितर्फ रु.५२ करोड ४९ लाख ७७ हजारमध्ये नेपाल सरकार र दातृ संस्थाबाट हस्तान्तरण भई प्राप्त सम्पत्तिको मूल्य नखुलेको कारण लागतको टोकन मूल्यमात्र समावेश गरेको छ । परिषद्को वास्तविक सम्पत्तिको मूल्याङ्कन गरी सम्पत्ति देखाउनुपर्दछ ।

७०. **दायित्व** – वासलातको दायित्वमा देखाएको जगेडा कोष तथा व्यवस्थाहरु अन्तर्गत निम्न व्यहोरा देखियो:

७०.१ नेपाल कृषि अनुसन्धान परिषद् (आर्थिक प्रशासन), विनियम (संशोधनसहित), २०४९ को विनियम ६०(३) अनुसार निवृत्तिभरण, उपदान, औषधि उपचार र कल्याण कोषको लागि एउटा कोष स्थापना गर्ने व्यवस्था छ । कोषको रकम वृद्धिको लागि अन्यत्र लगानी गर्न सकिने व्यवस्था छ । यो वर्षसम्म बचत रकममध्येबाट मुद्दती

खातामा रु.२ करोड १० हजार र कल्याण कोषमा रु.७२ लाख ३९ हजार लगानी गरेको छ । उपर्युक्त शीर्षकलाई दायित्वमा देखाए पनि नियममा व्यवस्था भएअनुरुप बेग्लै कल्याणकारी कोष खडा गरेको छैन ।

७०.२ नेपाल सरकारले चालू तथा पूँजीगत खर्चको लागि उपलब्ध गराएको अनुदान रकमबाट खर्च हुन नसकी बाँकी रहेको रकममध्ये गत वर्षको रु.३८ लाख ७० हजार र यो वर्षको रु.३३ लाख समेत जम्मा रु.७१ लाख ७० हजार सञ्चितकोष दाखिला नगरी दायित्वमा देखाएको छ ।

७०.३ कर्मचारी सञ्चयकोषबापत रु.१५ लाख ३३ हजार, अग्रिम पारिश्रमिक कर कट्टी रु.१३ लाख २५ हजार र ठेक्का कर, आयकर रु.१ लाख ६४ हजार सम्बन्धित निकायहरुमा पठाएको नदेखिएकोले दाखिला गरी दायित्व हिसाब राफसाफ गर्नुपर्दछ ।

७१. **विदेशी मुद्रा खाता –** नेपाल अरब बैङ्कको विदेशी मुद्रा खातामा १६ जुलाई २०१० सम्म अमेरिकी डलर ६२ हजार ८६७ बाँकी रहेको बैङ्क स्टेटमेन्टबाट देखिन्छ । वर्षान्तमा परिषद्को स्रेस्तालेे अमेरिकी डलर ४६ हजार ४४८ मात्र देखाएकोले स्रेस्तामा घटी देखाएको अमेरिकी डलर १६ हजार ४१९ को हुने विनिमय दर रु. ७५।०५ ले रु.१२ लाख ३२ हजार स्रेस्तामा आम्दानी जनाई हिसाब समायोजन गर्नुपर्दछ ।

७२. **आन्तरिक लेखापरीक्षण –** परिषद् र जिल्लास्थित अनुसन्धान कार्यालयको आन्तरिक लेखापरीक्षण अन्तिम लेखापरीक्षणको कार्य तालिकालाईं मध्यनजर गरी गर्ने नगरेकोले कतिपय इकाईको आन्तरिक लेखापरीक्षण नहुदै अन्तिम लेखापरीक्षण सम्पन्न गर्नुपर्ने बाध्यता छ । तसर्थ अन्तिम लेखापरीक्षण हुनु अगावै सम्पूर्ण इकाईहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७३. **नन्–अपरेटिङ खाता –** नेपाल सरकारबाट प्राप्त अनुदानबाहेक परिषद् र अन्तर्गत कार्यालयबाट अनुसन्धान, उत्पादन तथा प्रविधि र सेवा प्रदान गरेबापत प्राप्त रकम नन्–अपरेटिङ खातामा जम्मा गर्ने गरेको र यस वर्षको अन्तसम्ममा विभिन्न बैङ्कको मुद्दती तथा बचत खातामा रु.४० करोड १७ लाख ३८ हजार मौज्दात बाँकी छ । सङ्कलित रकमबाट परिषद्को विनियमावली, २०४९ अनुसार निवृत्तिभरण, उपदान तथा औषधि उपचार कोष खडा गरिने उल्लेख भए तापनि कोष खडा भएको छैन ।

७४. **पेश्की –** वर्षान्तमा परिषद्को हिसाबमा रु.१ करोड ४७ लाख ११ हजार पेश्की बाँकी छ । परिषद्को (आर्थिक प्रशासन) विनियम, २०४९ अनुसार फछ्यौंट गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७५. **दायित्व सिर्जना –** वनस्पती महाशाखा, खुमलटारले जिन बैङ्क कार्यालयको रु.२८ लाख ९१ हजार लागत अनुमानको जग्गा र जग्गा विकास कार्यको २०६७।२।२४ मा बोलपत्र आव्हानको सूचना प्रकाशित गरेको देखियो । उक्त सूचनाअनुसार एक ठेकेदारलाई मूल्य अभिवृद्धि करसहित रु.१९ लाख ४ हजारमा कार्य गराउने गरी २०६७।३।१० मा ठेक्का स्वीकृत गरी सम्झौतासमेत गरेको छ । निज ठेकेदारको बिल भरपाई प्रमाण पेश नभए तापनि कार्यकारी निर्देशकको स्वीकृत टिप्पणी २०६७।३।३१ अनुसार रु.१९ लाख ४ हजार दायित्व सिर्जना गरेको पाइयो । यस्तो दायित्व सिर्जना गर्न मिल्ने कानूनी आधार पेश हुनपर्दछ ।

७६. **खरिद –** नेपाल कृषि अनुसन्धान परिषद् आर्थिक प्रशासन विनियम (संशोधनसहित), २०४९ को नियम २४(१) अनुसार रु. १० लाखभन्दा बढीको खरिद कार्य बोलपत्रद्वारा गर्नुपर्ने व्यवस्था छ । जिन बैङ्कलाई चाहिने विभिन्न मेसिन औजार तथा उपकरणलगायतको सामान दरभाउपत्रको आधारमा आषाढ महिनामा २४ पटक गरी विभिन्न सप्लायर्सबाट रु.८४ लाख ११ हजारको सामान खरिद गरेको छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

देशमा भएका चिया तथा कफी उद्योगको योजनाबद्धरुपमा विकास गर्न राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अनुसार गठन भएको बोर्डको यस वर्षको लेखापरीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन्:

७७. **सञ्चालन नतिजा –** नेपाल सरकारको अनुदान, चिया बिक्री र चिया विकास शुल्कसमेत यो वर्ष रु.३ करोड ३५ लाख ११ हजारमा प्रशासनिक, वगान विकास र कार्यक्रम खर्चमा रु.२ करोड ६२ लाख ५५ हजार खर्च

गरी रु.७२ लाख ५६ हजार बचत हुनुपर्नेमा रु.१६ लाख ५१ हजारमात्र बचत देखाएको छ । आयतर्फ नेपाल सरकारको अनुदान रु.३ करोड १० लाख नदेखाई रु.२ करोड २० लाख ९४ हजारमात्र देखाएकोले रु.८९ लाख ६ हजार घटी आय देखाएको छ ।

७८. **फिर्ता दाखिला –** अनुदानबापत निकासा रु.३ करोड १० लाखबाट यो वर्ष विभिन्न कार्यमा रु.२ करोड ६२ लाख ५५ हजार खर्च भएको देखिन्छ । निकासामध्ये खर्च नगरी बाँकी रु.४७ लाख ४५ हजार सञ्चितकोष दाखिला हुनुपर्दछ ।

७९. **सेवा शुल्क –** राष्ट्रिय चिया तथा कफी बोर्ड ऐन, २०४९ र चिया नीति, २०५७ बमोजिम चिया तथा कफीको कारोबारबाट प्राप्त हुनेसेवा शुल्कबापतको रकम बोर्डको आर्थिक स्रोत हुन्छ । यो वर्ष भैरहवाको २ उद्योग र एक ट्रेडर्सबाट रु.२४ हजारमात्र सेवा शुल्क प्राप्त भएको छ । चिया उत्पादन, आयात र निर्यातको तथ्याङ्क बोर्डले अद्यावधिक नराखेको कारण सेवा शुल्क रकम उठ्नुपर्ने यकिन गर्न सकिएन ।

राष्ट्रिय दुग्ध विकास बोर्ड

राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ अन्तर्गत सञ्चालन बोर्डको २०६६।६७ को लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

८०. **सञ्चालन नतिजा –** कार्य सञ्चालन कोषतर्फ वित्तीय विवरणअनुसार यो वर्षको बचत न्यून रु.२३ लाख ४७ हजार र गत वर्षसम्मको बचत न्यून रु.१ करोड ४५ लाख ६४ हजारसमेत कुल रु.१ करोड ६९ लाख ११ हजार बचत न्यून देखिन्छ । दुग्ध विकास कोषको यो वर्षको बचत रु.२८ लाख ६८ हजार र वासलातको गत वर्षसम्मको बचत रु.९६ लाख २३ हजारसमेत कुल रु.१ करोड २४ लाख ९१ हजार देखिन्छ । दुवैको एकीकृत हिसाब तयार गर्दा बचत न्यून रु.४४ लाख २० हजार हुनेमा एकीकृत वासलातमा रु.१ करोड ६७ लाख ५६ हजार देखाएको पाइयो । यसबाट वासलातले बोर्डको वास्तविक स्थिति दर्शाएको छैन ।

८१. **असुल हुन बाँकी –** दुग्ध विकास कोषबाट २०५६।५७ देखि २०६३।६४ सम्म विभिन्न ५१ दुग्ध उत्पादक संघ र सहकारी संस्थामा लगानी गरेकोमा ती सबैबाट साँवा रु.२ करोड २३ लाख ४३ हजार लगानी गरेको समेत सोमा लाग्ने ब्याज, शुल्क र विलम्ब शुल्क गरी कुल रु.३ करोड २९ लाख ८८ हजार असुल हुन बाँकी छ । उक्त रकममध्ये यो वर्ष साँवा, ब्याज, शुल्कसहित रु.१८ लाख असुल भएको छ ।

८२. **व्यापारिक मौज्दात –** गत वर्षको वासलातको सम्पत्तितर्फ व्यापारिक मौज्दातअन्तर्गत कोहलपुरको दुग्ध प्रशोधन कारखानामा लगानी गरेको रु.१ करोड ३० लाख र अन्य स्थानमा रहेको दुग्ध प्रशोधन कारखानामा लगानी गरेको मूल्यसमेत सो शीर्षकमा रु.२ करोड १७ लाख १७ हजार देखाएको थियो । तर यस वर्ष सो रकम हटाई वासलात तयार गरेको छ । यो वर्ष कोहलपुरको दुग्ध प्रशोधन कारखाना दुग्ध विकास संस्थानलाई बिक्री गरेबापत रु.१७ लाख ३५ हजार प्राप्त भई रु.१ करोड प्राप्त हुन बाँकी हिसाबमा देखाएको छ । व्यापारिक मौज्दातको रु.९९ लाख ८२ हजार विगत वर्षमा डेनिडा सहयोगबाट प्राप्त चिलिङ भ्याटको रकम ऋण दायित्वतर्फ राखी व्यापारिक मौज्दात सम्पत्तितर्फ देखाएकोमा यो वर्ष वासलातबाट हटाउँदा बोर्डको निर्णय पेश हुन आएन । साथै लेखापरीक्षणमा उक्त बिक्रीसम्बन्धी कागजात पेश नभएकोले बिक्री मूल्य नखुल्नुको अतिरिक्त सो बिक्री रकममध्ये बोर्डले पाउने अंश सम्बन्धमा यकिन गर्न सकिएन ।

८३. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ५४ कार्यालयबाट रु.२७ करोड १५ लाख ७५ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ५८ कार्यालयबाट रु.१४ लाख ३३ हजार, सम्परीक्षणको क्रममा रु.७८ लाख ९४ हजार र अन्य निकायतर्फ रु.४१ हजारसमेत रु.२८ करोड ९ लाख ४३ हजार असुल भएको छ ।

८४. **पेश्की –** मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ अनुसार मसान्तमा ५९ कार्यालयले रु.६ करोड ९८ लाख ७ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ९ कार्यालयबाट रु.१

करोड ९ लाख ८५ हजार फछ्यौंट गरी ५० कार्यालयको रु.५ करोड ८८ लाख २२ हजार पेश्की देखिएको छ ।

मन्त्रालयअन्तर्गतका संगठित संस्थाका २०६७ असार मसान्तमा ५ कार्यालयको रु.९ लाख ६६ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा फछ्यौंट नभएकोले रु.९ लाख ६६ हजार पेश्की देखिएको छ ।

८५. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

८५.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.३० करोड ३५ लाख २१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ करोड २ लाख ९४ हजार फछ्यौंट गरेकोलेरु.१७ करोड ३२ लाख २७ हजार बाँकी रहेको छ ।

८५.२ संगठित संस्था र समितितर्फयो वर्ष रु.१३ करोड ८८ लाख ५६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन गराएपछि रु.७२ हजार फछ्यौंट गराएकोले रु.१३ करोड ८७ लाख ८४ हजार बेरुजू बाँकी रहेको छ ।

८५.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.९ करोड ४६ लाख ९६ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.२० करोड ५ लाख ६२ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

८५.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.२० करोड ३९ लाख ७६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.४० करोड ४५ लाख ३८ हजारमध्ये रु.२२ करोड ७६ लाख ९ हजार सरकारी कार्यालयतर्फ र रु.१७ करोड ६९ लाख २९ हजार अन्यतर्फ रहेको छ ।

गृह मन्त्रालय

मन्त्रालय र मातहत समेत ७६३ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२१ अर्ब ८३ करोड ४४ लाख ५१ हजार, राजस्वतर्फ रु.२ अर्ब ६१ करोड ६६ लाख ८ हजार, धरौटीतर्फ रु.८० करोड ७७ लाख गरी रु.२५ अर्ब २५ करोड ८७ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा शान्ति मन्त्रालयको शीर्षकमा विनियोजन भएको रु.१ अर्ब ६ करोड ६७ लाख ८८ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतका अन्य संस्था, समिति ८३ को रु.४ अर्ब ८२ करोड ५८ लाख ९ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण–** महालेखापरीक्षकको गत विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन ।

१.१ निजामती सेवा ऐन, २०४९ दफा ७(ख) (२) को व्यवस्था अनुसार सम्पूर्ण कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । जिल्ला प्रशासन र कारागारलगायतका ११ कार्यालयले यो वर्ष पनि तलबी प्रतिवेदन पारित नगराई रु.५ करोड ९० लाख खर्च लेखेका छन् ।

१.२ सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गत निकायबाट पूँजीगत शीर्षकबाट भएको खर्चको आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २१(१) को अनुसूची–१ को ढाँचामा स्वीकृत वार्षिक कार्यक्रम र नियम २५ बमोजिम कार्यालयले सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालयमा पठाउनुपर्ने प्रगति विवरण तयार गरेको देखिएन ।

१.३ यो वर्ष प्रहरी प्रधान कार्यालयले सुरु बजेटको तुलनामा ८.७ प्रतिशत र सशस्त्र प्रहरी बल प्रधान कार्यालयले ३८.७ प्रतिशत बढी खर्च गरेको पाइयो ।

१.४ सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गत कार्यालयले आफू र आफूअन्तर्गतका निकायहरुमा सुरक्षा सामग्री एवं बन्दोबस्तीका सामान ढुवानी गर्दा सोको परिमाण स्पष्ट खुलाएको छैन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **रकम दाखिला –** नेपाल सरकारको २०६५।९।६ को निर्णयानुसार सशस्त्र प्रहरी बलको आर्म्ड पुलिस फोर्स एकेडेमी स्थापनाको लागि अधिग्रहण गरिएको काठमाडौंको मातातीर्थ गाउँ विकास समितिस्थित करिब २०० रोपनी जग्गाको मुआव्जा वितरणको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई २०६७।३।२५ मा रु.२२ करोड ८२ लाख ८९ हजार पठाएको छ । जग्गाधनीबीच मुआव्जा वितरणमा विवाद भएकोले हालसम्म उक्त रकम वितरण हुन नसकी जिल्ला प्रशासन कार्यालय काठमाडौंको फ्रिज नहुने खातामा राखेको छ ।

३. **सवारीसाधन खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानि नोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्ने उल्लेख छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६६।३।२४ को निर्णयले नयाँ गठन भएका मन्त्रालयसमेतका माननीय मन्त्रीहरुलाई सवारीसाधन तत्काल उपलब्ध गराउन सक्ने अवस्था नभएको र सवारीसाधन उपलब्ध नहुँदा कार्यमा बाधा पर्ने भनि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्थाअनुरुप बोलपत्रसम्बन्धी प्रक्रिया पूरा गरी खरिद गर्न समयले नभ्याउने जनाई माननीय

गृहमन्त्रीको लागि मन्त्रालयले एक कम्पनीसँग सिधै रु.८५ लाख ८८ हजारमा (मूल्य अभिवृद्धि करसमेत) एक पजेरो जीप खरिद गरेको देखियो । अति आवश्यक परेको कारण देखाई खरिद भएको उक्त सवारीसाधन गृह मन्त्रीपदबाट मुक्त भएका एक मन्त्रीलाई सुविधा स्वरुप उपलब्ध गराएको छ । यसरी सुविधा उपलब्ध गराउँदा पटक पटक हुने मन्त्रीमण्डलको परिवर्तनसँगै यस्तो सुविधा पनि वृद्धि हुदै जाने देखिएकोले यसमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

४. **शान्ति सुरक्षा खर्च** – शान्ति सुरक्षा कायम राख्ने प्रयोजनको निमित्त एक पटकमा प्रमुख जिल्ला अधिकारीले रु.२ हजार, क्षेत्रीय प्रशासकले रु.१० हजार, सचिवले रु.२० हजार, मन्त्रीले रु.५० हजारसम्म र त्यसभन्दा बढी खर्च प्रधानमन्त्रीको स्वीकृतिमा गर्नसक्ने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०५८।३।५ मा निर्णय भएको छ । त्यसैगरी प्रहरीतर्फ विभिन्न तहका कार्यालय प्रमुखलाई एक पटकमा तहअनुसार रु.५०० देखि अधिकतम रु.१५ हजारसम्म खर्च गर्न सक्ने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०५३।१०।३ मा निर्णय भएको छ । राष्ट्रिय अनुसन्धान विभाग र अर्न्तगत निकायहरुले विशेष सेवा नियमावली, २०४४ अनुसार खर्च गरेको उल्लेख भएपनि खर्चको सीमा निर्धारण गरेको देखिदैन ।

मन्त्रालय र मातहत कार्यालयबाट यो वर्ष शान्ति सुरक्षासम्बन्धी कार्य सञ्चालन गर्न उल्लिखित आधारमा मन्त्रालयबाट रु.५६ लाख ६५ हजारसमेत रु.२ करोड ५७ लाख १ हजार खर्च भएको छ । शान्ति सुरक्षा (गोप्य कार्य) मा गरेको सो खर्चको लेखापरीक्षण अभिलेख तथा भरपाईको आधारमा सम्पन्न गरिएको छ ।

लेखापरीक्षणमा प्राप्त विवरणअनुसार विगत ३ वर्षको शान्ति सुरक्षा (गोप्य काममा भएको समेत) खर्चको स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

खर्चको आदेश दिने अधिकारी	२०६६/६७	२०६५/६६	२०६४/६५
प्रधानमन्त्री	१०,००	१०,००	-
गृह मन्त्री	२४,४१	२८,३६	३९,६४
गृह सचिव	२२,२४	२३,९७	२२,४२
प्रहरी महानिरीक्षक	४८,६०	३९,९५	५४,६१
सशस्त्र प्रहरी महानिरीक्षक	३२,०१	२४,१३	५०,१०
राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक	७९,३८	६१,०५	९३,८३
राष्ट्रिय अनुसन्धान क्षेत्रीय र जिल्ला कार्यालय प्रमुखहरु	४०,३७	१५,००	४१,१७
क्षेत्रीय प्रशासकहरु	-	-	५,००
जम्मा	**२,५७,०१**	**२,०२,४६**	**३,०६,७७**

५. **विशिष्ट व्यक्तिहरुको सुरक्षा –** नेपाल सरकार (मन्त्रिपरिषद्) को २०५९।१।६ को निर्णय अनुसार केन्द्रीय सुरक्षा समितिबाट तत्कालीन परिस्थितिमा खतराको मूल्याङ्कन गरी दिएका सुविधा तथा सुरक्षा व्यवस्थालाई २०६३।५।२८ को मन्त्रीस्तरीय निर्णयले निरन्तरता दिएको देखियो । नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०५९।१।६ मा निर्णय हुँदा सुरक्षा स्थिति हाल कायम रहे नरहेको मूल्याङ्कन नगरी मन्त्रीस्तरीय निर्णयबाट यो वर्ष पूर्व प्रधानमन्त्री, पूर्व उपप्रधानमन्त्री तथा पूर्व गृहमन्त्रीहरुलाई सवारी इन्धन तथा सवारी मर्मतमा रु.२१ लाख ६९ हजार खर्च लेखेको देखियो ।

६. **प्राविधिक सहायता–** व्यवस्थापिका संसदमा २०६६।६७ को बजेट वक्तव्य साथ प्रस्तुत प्राविधिक सहायता सम्बन्धी विवरण अनुसार भुटानी शरणार्थीका लागि खाद्य सहयोग कार्यक्रममा सन् २००७ देखि डिसेम्बर २०१० सम्ममा २ करोड ३५ लाख ९८ हजार ३२१ अमेरिकी डलर र औठाको छाप पहिचान गर्ने कार्यको लागि रु.६६ लाख २० लाख प्राप्त हुने देखिन्छ ।

मन्त्रालयबाट प्राप्त विवरणअनुसार उक्त रकमबाट पुरुष ५४ हजार ६२२ र महिला ५२ हजार ४२१ गरी १ लाख ७ हजार शरणार्थीलाई २२ हजार १०१ मेट्रिकटन खाद्यान्न वितरण गर्ने लक्ष्य रहेकोमा २१ हजार ७६ मेट्रिकटन वितरण गरेको छ । ३१ डिसेम्बर, २००७ सम्मको आम्दानी तथा खर्च

विवरणअनुसार विभिन्न निकायबाट १ करोड २५ लाख ७४ हजार ४४६ अमेरिकी डलर नगद र ३८ लाख ६६ हजार ९२६ अमेरिकी डलरको वस्तुगत गरी कुल १ करोड ६४ लाख ४१ हजार ३७२ अमेरिकी डलर सहायता प्राप्त भएको छ । प्राप्त रकममध्ये आयोजनाको लागत, सामान खरिद र यातायात आदिमा १ करोड ९ लाख ५२ हजार ७८८ खर्च भई ५४ लाख ८८ हजार ५८४ अमेरिकी डलर बाँकी छ । सन् २०१० सम्मको आम्दानी खर्चको विवरण प्राप्त हुनुपर्नेमा प्राप्त भएन । नेपाल प्रहरीलाई अपराध अनुसन्धानमा सहयोग पुऱ्याउन औँठा छापसम्बन्धी उपकरण खरिद गर्न रु.६६ लाख २० हजार व्यवस्था भएकोमा सोको फाँटवारी पेश भएन ।

७. **भिसा स्टीकर –** अध्यागन विभागले विदेशस्थित २७ नियोगलाई २५ डलर बराबरको १५ दिने भिसा ९९ हजार ३६०, ४० डलर बराबरको ३० दिने भिसा ४१ हजार ५०८ र १०० डलर बराबरको ९० दिने भिसा १३ हजार ३६८ गरी जम्मा १ लाख ५४ हजार २३६ थान भिसा स्टीकर पठाएको अभिलेखबाट देखिन्छ । ती नियोगमध्ये कतिपयले भिसा स्टीकरको खर्च विवरण पठाएको नदेखिएकोले वार्षिक भिसाबापतको आम्दानी यकिन हुने स्थिति देखिएन । विभागले नियोगहरुबाट भिसा स्टीकरसम्बन्धी विवरण लिई अध्यावधिक हिसाब तयार गरेको पनि पाइएन । चालू वर्षदेखि यसप्रकारको विवरण लिई अभिलेख राखिने जवाफ प्राप्त भएको छ ।

कारागार व्यवस्थापन विभाग

८. **बन्दी गृहको अवस्था –** कारागार ऐन, २०१९ को दफा ६ मा रोगी, देवानी र फौज्दारी मुद्दा लागेका, पागल र अर्धपागल एवं अन्य बन्दीहरुलाई सम्भव भएसम्म छुट्टाछुट्टै कोठामा राख्नुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त २०६७ असार मसान्तको विवरणअनुसार ७४ कारागारको कुल क्षमता ७ हजार १८३ रहेकोमा ९ हजार ९३४ बन्दी राखेको देखिन्छ ।

उक्त विवरणअनुसार क्षमता भन्दा ५ कारागारमा तेब्बर, १७ मा दोब्बर र ३१ मा क्षमताभन्दा बढी संख्यामा बन्दी राखेको देखिन्छ । यसबाट कारागार ऐनको प्रावधानबमोजिम काम हुनसकेको देखिएन । जनसंख्याको वृद्धिको अनुपातमा अपराधमा वृद्धि भएको कारण बन्दी संख्यामा वृद्धि भएको र भौतिक पूर्वाधारका कामहरु पनि निरन्तर भइरहेको जवाफ प्राप्त भएको छ ।

९. **कारागार व्यवस्थापन –** काठमाडौं महानगरपालिकाको अति व्यस्त व्यापारिक केन्द्र जगन्नाथ देवल नजिकै ५७ रोपनी जग्गामा केन्द्रीय कारागार, भद्रबन्दी गृह र महिला कारागार रहेको छ । उक्त कारागारको भौतिक अवस्था जीर्ण, पानीको अभाव, लोड सेडिङ्ग र कारागारको उत्तरतर्फ सामुन्नेमा १५ तल्ले व्यापारिक भवनसमेत निर्माण भएकोले त्यसबाट कारागारको सुरक्षा संवेदनशलीता पनि बढ्दै गएको देखिन्छ ।

१०. **भवन र जग्गा –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ मा सरकारी घर जग्गाको लगत राख्नुपर्ने र जग्गाधनी प्रमाणपुर्जा लिनुपर्ने व्यवस्था छ । कारागार कार्यालय, वीरगञ्जको ९ कित्ता जग्गाको २ बिघा ३ कठ्ठा ४ धुर क्षेत्रफल रहेको फिल्डबुकबाट देखिन्छ । उक्त जग्गामध्ये ४ कित्तामा व्यक्तिले घर बनाएको र ३ कित्तामा विवाद भएएको छ । ती जग्गाको हालसम्म पनि निजी घर टहराहरु हटाई लालपुर्जा लिएको छैन ।

११. **जर्ती –** नेपाल खाद्य संस्थानले चामलको कारोबार गर्दा छिज जर्ती घटाउने नर्म्स तयार गरेको छ । नेपाल सरकारले यस्तो नर्म्स तयार गरेको पाइएन । यो वर्ष कारागार कार्यालय, कपिलवस्तु, काठमाडौं र झापाले १९९ क्विण्टल १३ के.जी.चामल जर्ती खर्च जनाई घटी जिम्मेवारी सारेको छ । काठमाडौंले जर्ती मिनाहाको लागि विभागमा पेश गरेको भए तापनि निर्णय भएको देखिएन ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय

१२. **ढुवानी –** जिल्लामा रहेका बाहिनी, गण, गुल्म र तालिम महाविद्यालयमा कटन तथा उलन सर्ट, पाइन्ट, स्लिपिङ ब्याग, मण्डी, डी.एम.एस.बुट, बेल्ट, फोल्डिङ खाट, चुस्ता, भेष्ट, कट्टु, कन्सरटिना वायर, भीड

नियन्त्रणका सामानहरु आदि ढुवानी गरी प्रधान कार्यालयले रु.५ करोड ८२ लाख ९६ हजार मद्दती सेवा निर्देशनालयले रु.३ करोड २५ लाख ५९ हजार समेत रु.९ करोड ८ लाख ५५ हजार भाडा खर्च गरेको छ । यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

१२.१ मालसामान ढुवानी गर्दा ढुवानीकर्तालाई मालसामानको परिमाण उल्लेख गरी चलानीसाथ सामान बुझाएको र ढुवानीकर्ताले सम्बन्धित ठाउँमा सामान बुझाएको भरपाईसमेत भुक्तानीको लागि पेश हुनुपर्नेमा सो प्रमाण राख्ने गरेको छैन । सुरक्षाको दृष्टिकोणबाट बिलमा सबै सामानको नाम, थान, गोटा, परिमाण खुलाउने नगरिएको र सामान ढुवानी गर्दा मातहत कार्यालयको नाममा जिन्सी सामान निकासा भएको पत्र समेत खामबन्दी गरी पठाइने, सामान प्राप्तिको भरपाई नआई सञ्चार वा पत्रबाट जानकारी लिने गरेको जवाफ प्राप्त भएको छ ।

१२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.१० लाखभन्दा बढीको सामान खरिद तथा ढुवानी गर्दा बोलपत्रद्वारा र नियम ८४ मा रु.१० लाखसम्मको खरिद सिलबन्दी दरभाउपत्र द्वारा गर्नुपर्ने साथै नियम ८ मा खरिद योजना बनाउनुपर्ने व्यवस्था छ ।

सशस्त्र प्रहरी वल प्रधान कार्यालयले प्रहरीको स्केलका सामानहरु तथा हाइप्वाइन्ट निर्माण, पर्दा जडान, कन्सर्टिना वायर र खाट लगायतका सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसार विशेष परिस्थितिको कारण जनाउँदै हाते दरभाउपत्रको माध्यमबाट रु.६ करोड ६९ लाख ५५ हजारका सामान खरिद गरेको छ । कार्यालयले खरिद योजना नबनाएको र पटक पटक सोझै ढुवानी गराएको एवं एकै स्थान ढुवानी गर्दा फरक दरमा भाडा भुक्तानी दिएको पाइयो । उक्त नियमावलीको नियम १४५(३)१ अनुसार खरिदसम्बन्धी सार्वजनिक सूचना प्रकाशित नगरेको एवं सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी पनि दिएको छैन ।

१३. **निर्माण कार्य –** अफिस भवनमा तला थप गर्ने कार्यको लागि रु.१ करोड ३४ लाख ३७ हजार (मूल्य अभिवृद्धि कर समेत) को लागत अनुमान स्वीकृत गरेको छ । सो निर्माण कार्य २०६७ भाद्र मसान्तसम्ममा सम्पन्न गर्ने गरी एक ठेकेदारसँग २०६६।११।३ मा रु.१ करोड ३३ लाख ५७ हजार (मूल्य अभिवृद्धि करसमेत) मा सम्झौता भएको देखिन्छ । उक्त कार्यको ठेकेदारलाई २०६७।३।२० मा दोस्रो बिलसम्म रु.१ करोड ३३ लाख भुक्तानी भइसकेको छ ।

यसैगरी एम.टी.ब्लक तथा अन्य सिभिल निर्माण कार्य गर्दा जग खन्ने सिलसिलामा भू–धरातल अति नै कमजोर पाइएकोले जगको डिजाइन परिवर्तन गर्दा र पानी टैंकी तथा वर्कशप स्टोरसमेतको थप कार्य गर्दा रु.४२ लाख ७० हजार लागत बढ्न गई रु.३ करोड ४० लाख ४४ हजार पुग्न गएकोमा २०६७।३।२० मा दोस्रो रनिङ बिलसम्म रु.३ करोड २३ लाख ५३ हजार भुक्तानी भएको छ । ती निर्माण कार्य लेखापरीक्षण अवधिसम्म पनि सम्पन्न भएका छैनन् ।

प्रहरी प्रधान कार्यालय

१४. **बजेट तर्जुमा र कार्यान्वयन –** स्वीकृत वार्षिक बजेटमध्ये चालूतर्फ रु.४५ करोड ५३ लाख ६७ हजारमा पटक पटक रु.१७ करोड २७ लाख ८१ हजार (सुरु अख्तियारीको ३७.९ प्रतिशत) थप गरी रु.६२ करोड ८१ लाख ४८ हजार वार्षिक बजेट कायम भएको देखियो । यसैगरी पूँजीगततर्फ रु.१७ करोड २३ लाखको सुरु अख्तियारी दिइएकोमा पटक पटक रु.३ करोड ६२ लाख ४० हजार (२१.३ प्रतिशत) थप गरी रु.२० करोड ८५ लाख ४० हजार वार्षिक बजेट कायम भएको देखियो । कार्यक्रम स्वीकृत हुँदाकै अवस्थामा आवश्यक पर्ने बजेटको व्यवस्था हुनुपर्नेमा सोअनुसार नभएको एवं बजेट संशोधन भएपछि कार्यक्रम संशोधन नगर्ने परिपाटीमा नियन्त्रण हुन जरुरी देखिन्छ ।

१४.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा बजेट तथा कार्यक्रम तयारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम (३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा

लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्नुपर्नेमा तद्नुसार गरेको छैन ।

१४.२ कुल निकासा रु.६२ करोड ८१ लाख ४८ हजारमध्ये २०६७ जेष्ठसम्म रु.३० करोड ३७ लाख २१ हजार र आषाढ महिनामा रु.३२ करोड ४४ लाख २७ हजार निकासा भएको देखियो । खर्चतर्फ जेष्ठसम्म रु.२४ करोड ८० लाख ४ हजार भएकोमा आषाढ महिनामा मात्र रु.३४ करोड ९६ लाख ७ हजार (कुल खर्चको ५८.५ प्रतिशत) खर्च गरेको देखियो । आर्थिक कार्यविधि नियमावली, २०६४ ले निर्दिष्ट गरेबमोजिमको वार्षिक बजेट कार्यान्वयन तालिका बनाई खर्च गर्नुपर्दछ ।

१५. **वार्षिक प्रतिवेदन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१(१) मा प्रत्येक कार्यालयले वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गर्ने र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा प्रत्येक वर्ष केन्द्रीय निकायहरुले आफ्नो कामको प्रमुख गतिविधि समेटी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ तापनि तदनुसारको वार्षिक प्रतिवेदन तयार गरेको छैन ।

१६. **नीति कार्यान्वयन–** व्यवस्थापिका संसदमा प्रस्तुत यस वर्षको बजेट वक्तव्यमा **"शान्ति सुरक्षा: जनताको अपेक्षा"** को भावनालाई मूर्तरुप दिन सुरक्षा प्रणालीलाई सबल, सक्षम र प्रभावकारी बनाई दण्ड हिनताको अन्त्य गरिने गम्भीर प्रकृतिका र संगठित अपराधहरुको अनुसन्धान र विश्लेषण गर्न छुट्टै ब्युरोको स्थापना गरिने र समाजमा हुने अपराधको दर न्यून गरी राज्यप्रतिको जनताको भरोसा वृद्धि गरिने उल्लेख छ ।

यसै गरी शान्ति सुरक्षालाई प्रभावकारी तथा सुदृढ बनाउन नेपाल प्रहरीको सहयोगमा सम्बन्धित नगरपालिकाहरुले बैङ्क तथा वित्तीय संस्था, होटल, लज र रेष्टुरेण्ट स्थापनाको लागि निश्चित स्थान तोक्नुपर्ने, स्थापित यस्ता प्रतिष्ठानहरुले एक वर्षभित्र तोकिएका स्थानमा आफ्नो व्यवसाय सार्नुपर्ने, ती स्थानमा विद्युतीय माध्यमबाट सघन सुरक्षा व्यवस्था मिलाइने, औद्योगिक सुरक्षाको निम्ति आवश्यक व्यवस्थागर्ने समेत उल्लेख छ । उक्त सम्बन्धमा सरोकारवालाहरुसँग बृहत् अन्तरक्रिया गरी स्थान छनौट गर्न र उपयुक्त स्थानमा सार्न आवश्यक पहल भइरहेको, राष्ट्रिय औद्योगिक सुरक्षा बलको स्थापनासम्बन्धी अवधारणा तयार गरिएको, शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य, तथा मानव अधिकारको रक्षाको लागि विशेष सुरक्षा कार्यक्रम २०६६ अन्तर्गत ५ कार्य योजना मुलुकभर लागू गरिएको, अपहरण तथा गम्भीर प्रकृतिका संगठित अपराध नियन्त्रण, कार्य योजना, २०६६ लागू भई अपराध नियन्त्रणतर्फ सचेत रहेको र अपराध अनुसन्धान तथा विश्लेषण गर्न नेपाल प्रहरीमा अनुसन्धान ब्युरो गठन गर्ने कार्य सम्पन्न भएपनि ती कार्य पूर्णरुपमा सम्पन्न गर्न आवश्यक बजेटको अभावमा कार्यान्वयन गर्न कठिनाइ भएको गृह मन्त्रालयको भनाइ रहेको छ ।

१७. **रासन मौज्दात** – काठमाडौं उपत्यकाभित्र कार्यरत १३ हजार ५८४ प्रहरी कर्मचारीका लागि २०६६।१०।१ देखि २०६७ पौष मसान्त सम्मको लागि रासन खुवाउन एक बोलपत्रदाताको रु.२९ करोड ९८ लाख ३५ हजारको बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९२(१) मा सार्वजनिक निकायले आपूर्तिकर्तालाई खरिद सम्झौता भएपछि पेश्की दिनुपर्ने भएमा बैङ्क जमानत लिई २५ प्रतिशत सम्म पेश्की दिन सकिने र उपनियम (५) मा आपूर्तिकर्ताले उपनियम (१) र (४) बमोजिम दिइएको पेश्की रकम बराबरको सामान गोदाममा मौज्दात राख्नुपर्ने व्यवस्था छ । ठेकेदारलाई प्रधान कार्यालयले रु.१ करोड ९६ लाख मोबिलाइजेशन पेश्की उपलब्ध गराएकोमा सो बराबरको रासन गोदाममा भण्डार गरी लेखा राखेको देखिएन ।

१८. **सामान खरिद** – यो वर्ष प्रहरीलाई आवश्यक पर्ने लत्ताकपडा, क्लोदिङ इक्यिपमेन्टस् आदि बोलपत्रको माध्यमबाट खरिद गर्न आठ फर्महरुको रु.१२ करोड ८६ लाख ७९ हजार (मूल्य अभिवृद्धि करबाहेक) को बोलपत्र स्वीकृत भएको देखियो ।

मूल्य अभिवृद्धि कर समेत रु.१५ करोड ८० लाख ४२ हजार भुक्तानी भएका सामानमध्ये पानी वर्षादी २०६७।४।१८ मा, रेनसुट २०६७।६।१८ मा र अन्य सामान २०६७।७।५ देखि २०६७।८।१९ सम्म आम्दानी बाँधेको देखियो । भुक्तानी पूर्व नै सामान आम्दानी बाँध्नुपर्नेमा तद्अनुसार गरेको देखिएन ।

बोलपत्र स्वीकृत भई सम्झौता भई सकेपछि सम्झौता भएको परिमाणको १५ प्रतिशतले हुने सामान थप आवश्यक भएको कारण देखाई रु.१ करोड ८७ लाख २ हजार बराबरको आपूर्ति गर्न बोलपत्र दाताहरुलाई आदेश दिएको देखियो । यसैगरी क्यामो चुस्ता कपडा १ लाख २५ हजार मिटर खरिद गर्न बोलपत्रको माध्यमबाट एक टेक्सटायल उद्योगको रु.२ करोड ६७ लाख ५० हजारको ठेक्का स्वीकृत भएकोमा २०६७।२।२४ मा १५ प्रतिशतले हुने १८ हजार ७५० मिटर थपसहित १ लाख ४३ हजार ७५० मिटर कपडा उपलब्ध गराउन आदेश दिएको देखियो । बोलपत्रको सूचना प्रकाशित पूर्व अनुमानित परिमाण यकिन नगरी प्रत्येक ठेक्कामा १५ प्रतिशत थप गरी भुक्तानी दिएको छ ।

१९. **भवन निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१) को (क) र (घ) बमोजिम लागत अनुमान तयार गर्दा खरिदसम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामैपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने, खरिद सम्झौताबमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समय समेतलाई विचार गरी खरिद र निर्माणको लागत अनुमान तयार गर्नुपर्छ । प्रधान कार्यालयको हाताभित्र विभिन्न चरणमा निर्माण भएको मल्टीस्टोरी भवनको निर्माण कार्य प्रत्येक आर्थिक वर्षमा गरिने कार्यको छुट्टाछुट्टै लागत अनुमान तयार गरी छुट्टाछुट्टै बोलपत्र आव्हान गरी निर्माण कार्य गराएको देखियो । उक्त भवन निर्माण कार्यको लागत अनुमान र ठेक्का बन्दोबस्त गरेको निर्माण खर्चको विवरण निम्नअनुसार देखियो:

(रु.हजारमा)

आर्थिक वर्ष	कामको विवरण	लागत अनुमान	खुद खर्च
२०६४।६५	मल्टीस्टोरी भवनको भूइ तल्ला निर्माण कार्य	१,१७,४२	१,१६,८८
२०६५।६६	मल्टीस्टोरी भवनको पहिलो र दोस्रो तल्ला थप कार्य	१,८०,७१	१,६२,९७
२०६६।६७	मल्टीस्टोरी भवनको तेस्रो र चौथो तल्ला थप गर्ने कार्य	२,९८,२२	२,७३,३०
	जम्मा	**५,९६,३५**	**५,५३,१५**

१९.१ आर्थिक वर्ष २०६४।६५ देखि निर्माण सुरु भई २०६७।८।२० सम्म चौथो चरणको काम सम्पन्न गर्ने सम्झौता भएअनुसार २०६७ आषाढ मसान्तसम्ममा रु.५ करोड ५३ लाख १५ हजार खर्च भइसकेको छ । यसरी निर्माण कार्य गराउँदा लागत र समय बढ्नुको साथै तोकिएको समयमा सम्पूर्ण निर्माण कार्य सम्पन्न हुन सक्ने अवस्था देखिएन ।

१९.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार निर्माण कार्यको ड्रइङ्ग डिजाइन वा स्पेसिफिकेशन आदि बदल्नुपर्ने अवस्था भई वा नभई प्राविधिक पुष्ट्याई गरी त्यस्तो काममा थपघट वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएसन आदेश दिन सकिने व्यवस्था छ । यस मल्टीस्टोरी भवनको निर्माणमा २० आइटमको लागत इष्टिमेटभन्दा १० देखि १६८ प्रतिशतसम्म बढी परिमाणको रु.७ लाख ३४ हजार भुक्तानी भएकोमा प्राविधिक पुष्ट्याई सहित भेरिएसनको निर्णय भएको छैन ।

२०. **पोशाक दरबन्दी** – प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०४९ अनुसार प्रत्येक प्रहरी कर्मचारीलाई पोशाकको किसिमअनुसार एक वर्षमा २ जोरदेखि १५ वर्षमा १ पटक पाउने गरी विभिन्न किसिमका पोशाक उपलब्ध गराउने व्यवस्था भएको देखिन्छ ।

उक्त व्यवस्थाअनुसार नयाँ भर्ना हुने प्रहरी समेतलाई पोशाक खरिद गर्न रु.५० करोड ६३ लाख ५० हजार र भीड नियन्त्रणका सामान खरिद गर्न रु.२५ करोड ४६ लाख ४७ हजार गरी रु.७६ करोड ९ लाख ९७ हजार बजेट माग गरेकोमा रु.४७ करोड ३५ लाख ८९ हजार निकासा भएको छ । मागबमोजिम रु.२८ करोड ७४ लाख ८ हजार निकासा हुन नसकेकोले नियमावलीमा व्यवस्था भएबमोजिम प्रहरी कर्मचारीहरुलाई पोशाक उपलब्ध गराउन नसकिएको भनाई प्रहरी प्रधान कार्यालयको रहेको छ । प्रहरी प्रधान कार्यालयले पनि नियमावलीमा भएको व्यवस्थाअनुसार कुन प्रहरी कर्मचारीलाई कहिले कुन प्रकारको पोशाक उपलब्ध गराइयो सोको अद्यावधिक अभिलेख राखेको पनि देखिएन ।

२१. **घर भाडा** – समाजमा विद्यमान सामाजिक, राजनैतिक, आर्थिक, धार्मिकजन्य अपराध नियन्त्रण गरी शान्ति सुरक्षा बहाल गर्ने जस्ता प्रमुख चुनौतीहरुको सामना गर्न नेपाल प्रहरी अन्तर्गतका सुरक्षा निकायहरु निजी घर भाडामा लिई र कतिपय निकायहरु सार्वजनिक स्थान, पाटी, पौवा सतलमा समेत रही सेवा गर्दै आएको अवस्था छ ।

प्राप्त विवरणअनुसार ७५५ सुरक्षा निकायले घर भाडामा लिई यो वर्ष रु.५ करोड ९० लाख ८३ हजार खर्च गरेको छन् । सुरक्षा स्थितिमा उल्लेख्य सुधार गर्न सूचना, सञ्चार, भौतिक र प्रविधिमा समेत लगानी थप्नुपर्ने नेपाल सरकारको नीतिले समेत अङ्गीकार गरेको छ । प्रहरीको दरबन्दी थप हुदै गएको अनुपातमा भौतिक सुविधाहरु थप्न नसकेको सम्बन्धमा प्रहरीको मनोबल उच्च राख्न आफ्नै घरजग्गाको व्यवस्थाको लागि क्रमशः साधन स्रोतको व्यवस्था हुनु जरुरी देखिन्छ ।

२२. **पेश्की** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्तसम्ममा काम हुन नसकी केबल बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्की दिने वा धरौटी खातामा रकम जम्मा गर्न नहुने उल्लेख छ । कार्यालयले असारको दोस्रो हप्तापछि रु.२१ करोड ३७ लाख ४७ हजार विभिन्न कर्मचारी, व्यक्ति तथा संस्थालाई पेश्की दिई खर्च लेखेको छ । सोमध्ये एक प्रहरी निरीक्षकलाई भवन निर्माण गर्न रु.१९ लाख ३९ हजार पेश्की दिएको देखिन्छ । नियमानुसार ठेक्कामार्फत गराउनुपर्ने कामको लागि कर्मचारीलाई पेश्की दिइ काम गराउनु नियमसम्मत देखिएन ।

२३. **शान्ति कोष** – शान्ति कोष र प्रहरी प्रधान कार्यालयबीच २०६६।८।१९ मा भएको सम्झौतामा प्रहरी प्रधान कार्यालय र अन्तर्गतका निकायहरुमा पहिलो चरणमा ७० जिल्लाका प्रहरी इकाईहरुको पुनः निर्माण गर्ने कार्य २०६६।८।१ देखि सुरु गरी २०६७ आषाढ मसान्त सम्म सम्पन्न गर्ने उल्लेख छ । प्रहरी प्रधान कार्यालयको नाममा नेपाल सरकारको स्रोतबाट पूँजीगततर्फ रु.७० करोड ८६ लाख २६ हजार र चालूतर्फ रु.९८ लाख ९८ हजार, दुई दातृ संस्था एवं दातृराष्ट्रको सोतबाट पूँजीगततर्फ रु.७ करोड ७२ लाख ५२ हजार तथा चालूतर्फ रु.५६ लाख २ हजारको अख्तियारी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२३.१ प्रहरी प्रधान कार्यालयले अन्तर्गत निकायहरुलाई आर्थिक कार्यविधि नियमावली, २०६४ विपरीत २०६७ आषाढको मध्यतिर रकम निकासा दिएको छ । २०६७ आषाढ मसान्तसम्म टेण्डर प्रक्रिया र ठेकेदारको मोबिलाइजेशन पेश्कीमा २७ निकायले पूँजीगततर्फ रु.५ करोड ८ लाख ३८ हजार र चालूतर्फ २० निकायले रु.१७ लाख ३४ हजार खर्च गरेका छन् । स्वीकृत कार्यक्रमभित्रको बाँकी काम केही निकायले सुरुवात नै गरेको छैन भने केहीले प्रारम्भिक प्रक्रिया मात्र सुरु गरेको देखियो ।

२३.२ उक्त कार्यक्रमको लागि प्राप्त रकम शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ र प्रचलित आर्थिक प्रशासनसम्बन्धी कानूनको रीत पुऱ्याई खर्च गर्नुपर्ने उल्लेख छ । जिल्लास्थित विभिन्न निकायबाट प्राप्त आर्थिक विवरणअनुसार यस आर्थिक वर्षभित्र काम हुन नसकी बचत रहेको रु.७४ करोड ८८ लाख ६ हजार नेपाल सरकारको कोषमा फिर्ता वा फ्रिज हुनुपर्नेमा फ्रिज नहुने छुट्टै खातामा जम्मा गरेको छ ।

सम्बन्धित निकायबाट ख–६ समूहको छुट्टै खाता खोली ट्रान्सफर गरेको रकमलाई पनि सम्बन्धित बजेट शीर्षकमा पूरै खर्च जनाई लेखापरीक्षणको लागि आर्थिक विवरण पेश गरेको छ । यसबाट खर्च यथार्थ देखिएन ।

२३.३ शान्ति तथा पुनः निर्माण मन्त्रालयले गृह मन्त्रालयमार्फत अख्तियारी प्रदान गर्नुपर्नेमा सिधै प्रहरी प्रधान कार्यालयलाई दिई गृह मन्त्रालयलाई अख्तियारी तथा सम्झौताको जानकारी समेत दिएको देखिएन ।

२४. **तलब खर्च** – अपराध अनुसन्धान विभागका एक प्रहरी नायव उपरीक्षक २०६५।३।४ देखि कार्यालयमा हाजिर नरहेकोले निजलाई गयल खाली गरी अवकाश दिएको छ । निज गैरहाजिर रहेको उक्त अवधिदेखि २०६६।४।२७ सम्मको तलब भत्ता खर्च लेख्न नमिल्नेमा रु.२ लाख २५ हजार खर्च लेखेको मध्ये कर दाखिला

गरेको रु.५ हजार कटाई रु.२ लाख २० हजार असुल गर्नुपर्ने देखिएकोमा रु १ लाख ८३ हजार असुल भई रु.३७ हजार बाँकी देखिएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

२५. **अग्रिम कर –** सर्वोच्च अदालतको २०६५।८।२२ को निर्णयले पुनर्बहाली भएका अपराध अनुसन्धान विभागका एक प्रहरी निरीक्षकलाई तलब भत्ता र दशैं खर्चसमेत रु.११ लाख २३ हजारमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र नियमानुसार अन्य छुट कटाई रु.६ लाख ३९ हजारमा नियमानुसार लाग्ने कर रु.१ लाख ७१ हजारसमेत रु.१ लाख ८० हजार अग्रिम कर कटाउनुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर रु.२ हजार मात्र कटाएको देखियो । छुट अग्रिम आयकर रु.१ लाख ७८ हजारमध्ये रु १४ हजार असुल भई रु.१ लाख ६४ हजार असुल गर्न बाँकी देखिएकोले सो रकम असुल गर्नुपर्दछ ।

२६. **जनशक्तिको उपयोग –** महानगरीय प्रहरी पहरा गण काठमाडौंबाट विभिन्न सार्वजनिक स्थल तथा विशिष्ट व्यक्तिको सुरक्षार्थ खटिने प्रहरीको परिचालन निश्चित मापदण्डका आधारमा हुनुपर्दछ । गणमा ८१४ दरबन्दीमध्ये ४४ रिक्त रहेको र ४२ जना अन्यत्र काज रही बाँकी ७२८ कार्यरत रहेको विवरण पेश भएको छ । तीमध्ये आफ्नै गणको सुरक्षा, सांस्कृतिक महत्त्वका स्थल, सार्वजनिक महत्त्वका स्थल र सरकारी एवं सार्वजनिक निकाय संग्रहालय, दूरसञ्चार, पानीपोखरी, विद्युत सव स्टेशन, राजदूतावास र आवास, संवेदनशील राजनैतिक व्यक्तिको सुरक्षाको लागि समेत खटाइएको देखिन्छ । ठाउँ र व्यक्तिका आधारमा सुरक्षा दिने मापदण्ड तथा नीति तय गरेको देखिएन ।

२७. **क्रेन र च्याकर –** मध्य क्षेत्रीय ट्राफिक प्रहरी कार्यालयले आफ्नो क्षेत्राधिकारभित्रका सडक बाटोमा कुनै गाडी बिग्रिएर बाटो अवरोध गरेमा, सवारीधनीले माग गरेमा वा अनधिकृत रुपमा पार्किङ गरी सवारी आवागमनमा अवरोध सिर्जना गरेमा क्रेन तथा च्याकरको सुविधा उपलब्ध गराउन पर्ने नागरिक वडापत्रमा उल्लेख छ । च्याकर कामको सिलसिलामा मुग्लिङ्गमा लगेको र क्रेन प्राप्त भएदेखि नै बिग्रिएर कार्यालयको हातामा रहेको पाइयो ।

समिति र अन्य संस्थातर्फ

केन्द्रीय दैवी प्रकोप उद्धार समिति

दैवी प्रकोपबाट पीडित जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षार्थ उद्धार कार्यको व्यवस्था गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ बमोजिम गृहमन्त्रीको अध्यक्षतामा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको गठन भई सञ्चालनमा रहेको छ ।

२८. **सञ्चालन नतिजा –** गत वर्षको जिम्मेवारी रु.९६ करोड १५ लाख ७६ हजार र नेपाल सरकारबाट अनुदान प्राप्त रु.७० करोड तथा विविध आम्दानी रु.२५ लाख ५ हजारसमेत यो वर्ष रु.१ अर्ब ६६ करोड ४० लाख ८१ हजार कोषमा जम्मा भएको छ । सोमध्ये रु.१ अर्ब २० करोड ६१ लाख ६० हजार पीडितलाई राहत वितरण गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिलाई अनुदान खर्च गरेको छ । हेलिकोप्टर भाडामा रु.१ करोड ८ लाख ७९ हजार, स्वास्थ्य तथा जनसंख्या र भौतिक योजना तथा निर्माण मन्त्रालयमार्फत राहत वितरण गर्न रु.१ करोड ५० लाख र विविध खर्च रु.१३ लाख ९५ हजारसमेत रु.१ अर्ब २३ करोड ३४ लाख ३४ हजार खर्च गरी बाँकी रु.४३ करोड ६ लाख ४७ हजार आगामी वर्षको लागि जिम्मेवारी सारेको छ ।

२९. **भ्रमण खर्च** – सामान्य प्रशासनमन्त्रीले झापा जिल्लाको बाढी पीडित क्षेत्रको निरीक्षण गर्न जाँदाको एक हेलिकोप्टर कम्पनीलाई ६.१४ घण्टाको रु.१० लाख ५६ हजार भाडा भुक्तानी गरेको पाइयो । यस्ता खर्च नियन्त्रण गर्नेतर्फ सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

जिल्ला दैवी प्रकोप उद्धार समिति

३०. **सञ्चालन नतिजा** – गत वर्षको जिम्मेवारी रु.१३ करोड ४२ लाख ३६ हजार र यो वर्ष गृह मन्त्रालय र अन्य स्रोतबाट प्राप्त भएको रु.१ अर्ब २९ करोड ९७ लाख ५१ हजारसमेत रु.१ अर्ब ४३ करोड ३९ लाख ८७ हजार कोषमा जम्मा भएकोमा रु.९२ करोड ७५ लाख ३६ हजार पीडितलाई राहत वितरण गर्न खर्च गरेको छ । यस्तै अन्य कोषबाट रु.५ करोड ९१ लाख ७ हजारसमेत रु.९८ करोड ६६ लाख ४३ हजार खर्च गरेको छ । बाँकी रु.४४ करोड ७३ लाख ४४ हजार आगामी वर्षको लागि जिम्मेवारी सारेको छ ।

३१. **घटी जिम्मेवारी** – जिल्ला प्रशासन कार्यालय उदयपुरले रु.१ लाख ७२ हजार, महोत्तरीले रु.४ हजार, रुकुमले रु.१ लाख, बाजुराले रु.३ लाख ४२ हजार र क्षेत्रीय प्रशासन कार्यालय दिपायलले रु.३ लाख ३१ हजार गरी जम्मा रु.९ लाख ४९ हजार घटी जिम्मेवारी सारेको पाईयो । घटी जिम्मेवारी सार्नुको कारण स्पष्ट गरेको छैन ।

३२. **घटी आम्दानी** – गृह मन्त्रालयले निकासा पठाएको रकममध्ये जिल्ला प्रशासन कार्यालय संखुवासभाले रु.१० लाख, काभ्रेले रु.३ लाख, लमजुङले रु.१ लाख, गुल्मीले रु.११ लाख, गोर्खाले रु.५ लाख, बाग्लुङले रु.२३ लाख र रुपन्देहीले रु.२ लाख समेत कुल रु.५५ लाख घटी आम्दानी बाँधेको पाइयो । घटी आम्दानी बाँध्नुको कारण स्पष्ट भएन ।

३३. **राहत वितरण** – दैवी प्रकोप कोषबाट पीडितलाई राहत वितरण गर्दा प्रहरी प्रतिवेदन र मुचुल्काबेगर जिल्ला प्रशासन कार्यालय, इलामले गाउँ विकास समिति सचिवलाई पेश्की दिई रु.५ लाख ४ हजार र झापा जिल्लाले रु.९३ हजार समेत जम्मा रु.५ लाख ९७ हजार राहत वितरण गरेको छ ।

प्रहरी कल्याण कोष

३४. **कोषको स्थापना –** नेपाल प्रहरीका बहालवाला, अवकाश प्राप्त वीरगति प्राप्त कर्मचारी र तिनीहरुको परिवारको स्वास्थ्य, शिक्षा क्षेत्रमा कल्याण गर्ने उद्देश्यले संस्था दर्ता ऐन, २०३४ अन्तर्गत २०४० मा स्थापना भई प्रहरी भलाई कोष सञ्चालन हुँदै आएकोमा सोही ऐनअनुसार २०५२।४।१८ मा प्रहरी कल्याण कोषको नामले प्रहरी कल्याणकोष विधान, २०५२ बमोजिम सञ्चालन हुँदैआएको छ ।

कोषले यस वर्षको नीति तथा कार्यक्रम सहितको बजेट तर्जुमा गरेको देखिएन । साधारण सभालाई सन्तुलित र पारदर्शी बनाउन प्रहरी कर्मचारीबाहेक गृह मन्त्रालय समेतबाट प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३५. **सञ्चालन नतिजा** – यस कोषको २०६७ आषाढ मसान्तसम्मको पूँजीकोष रु.७९ करोड ८८ लाख ३० हजार, छात्रवृत्ति कोष रु.६३ लाख ५९ हजार चालू दायित्व र व्यवस्था रु.२७ लाख २३ हजारसमेत जम्मा पूँजी तथा दायित्व रु.८० करोड ७९ लाख १२ हजार छ ।

कोषको स्थिर सम्पत्ति रु.५ करोड ७८ लाख ७४ हजारमा ह्रास कट्टी रु.५५ लाख ९४ हजार गरी खुद स्थिर सम्पत्ति रु.५ करोड २२ लाख ८० हजार र विभिन्न लगानी अन्य सम्पत्ति रु.४० करोड ३४ लाख ४५ हजार र बैङ्क मौज्दात रु.३५ करोड २१ लाख ८७ हजार गरी रु.८० करोड ७९ लाख १२ हजार छ ।

कोषको २०६६ आषाढ मसान्तसम्म रु.१ करोड २२ लाख ३ हजार चालू दायित्व रहेकोमा २०६७ आषाढ मसान्तमा २७ लाख २३ हजार भई रु.९४ लाख ८० हजार घट्न गएको छ ।

३६. **साधारण सभा** – प्रहरी कल्याण कोष विधान, २०५२ को दफा १२(६)र १२(८) मा साधारण सभा तथा केन्द्रीय समितिको बैठक वर्षको एक पटक अनिवार्यरुपमा बस्नुपर्ने बाध्यात्मक व्यवस्था भए तापनि यो वर्ष पनि साधारण सभा र केन्द्रीय समितिको बैठक बस्न सकेको देखिएन । साधारण सभालाई सन्तुलित र पारदर्शी बनाउन प्रहरी कर्मचारीबाहेक गृह मन्त्रालय समेतबाट प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३७. **आन्तरिक लेखापरीक्षण** – कोषको विधानको दफा १७ मा आर्थिक वर्षको अन्तमा लेखापरीक्षण गर्ने व्यवस्था छ । तर आन्तरिक लेखापरीक्षण गरिने कुरा प्रष्ट गरेको छैन । व्यवस्थापन पक्ष तथा अन्तिम लेखापरीक्षणलाई सुगम तुल्याउन आन्तरिक लेखापरीक्षणको व्यवस्था विधानमा हुनुपर्ने व्यहोरो विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरे पनि यो वर्ष पनि सुधार हुन सकेको देखिएन ।

३८. **अनुगमन** – संयुक्त राष्ट्रसंघको अनुरोधमा विभिन्न देशहरुमा शान्ति स्थापनार्थ खटिएका एफ पी.यु. मिसन स्थापनार्थ गरिएको लगानीबापत राष्ट्रसंघबाट शोधभर्ना प्राप्त रकम समझदारी पत्र (मेमोरेन्डम अफ अन्डर स्टेन्डिङ) बमोजिम शोधभर्ना प्राप्त हुन नसकेकोमा सोसम्बन्धी कारण खुलेको प्रतिवेदन प्राप्त गरी सञ्चालक समितिमा छलफल गराउने र आवश्यक सुधारात्मक कार्य गराउने व्यवस्था हुनुपर्ने प्रहरी कल्याण कोषको आम्दानी लेखाङ्कन छानबिन समितिको प्रतिवेदन, २०६७ मा उल्लेख छ । प्रतिवेदनमा उल्लेख भएअनुसार प्रभावकारी अनुगमन गर्नुपर्नेतर्फ कोष सञ्चालक समितिको ध्यान जानुपर्ने देखिन्छ ।

३९. **आर्थिक कार्यविधि** – २०६७।५।१० मा सम्पन्न दोस्रो वार्षिक साधारण सभाले कोषमाथि व्ययभार हुने सम्पूर्ण खरिद कार्यहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अन्तर्गत रहेर गर्ने गरी कोषको विधानमा समेत संशोधन गरी आर्थिक कारोबारलाई थप व्यवस्थित र पारदर्शी बनाउन छानबिन समितिको प्रतिवेदन, २०६७ ले सुझाव गरेको छ । प्रतिवेदनमा उल्लेख भएका कुराहरु कार्यान्वयनमा आइसकेको छैन । अत: आर्थिक कार्यविधि तर्जुमा गरी लागू गराउनुपर्नेतर्फ कोष सञ्चालक समितिले ध्यान दिनुपर्ने देखिन्छ ।

४०. **बक्यौता असुली** – प्रहरी कल्याण कोष हेल्थ क्लब सञ्चालन गर्न मासिक रु.४ लाख ५१ हजार भाडा बुझाउने गरी एक निर्माण व्यवसायीसँग २०६५।१।१५ मा सम्झौता भएकोमा हालसम्म रु.८० लाख ५६ हजार असुल भएको र बाँकी रकम रु.४० लाख ७२ हजार दाखिला नगरेमा सम्झौता रद्द गरिने सूचना दिएको भए तापनि छानबिन समितिको प्रतिवेदन, २०६७ अनुसार कारबाही भएको देखिएन ।

साथै प्रहरी कल्याण कोषअन्तर्गत सञ्चालित पसल, कबल, सपिङ्ग कम्प्लेक्स भाडामा लगाउँदा प्रचलित भाडा दरको आधारमा खुला प्रतिस्पर्धा गराई भाडासम्बन्धी सम्झौता हुनुपर्ने देखिन्छ ।

४१. **नगद कारोबार** – यस कोषको कारोबार प्राय: नगदमा हुने गरेको देखियो । विदेशी मिसनबाट फर्केका कर्मचारीहरुको तलब र ती कर्मचारीले बुझाएको योगदान रकम एवं विभिन्न किस्ता बन्दी कार्यक्रमहरुबाट प्राप्त हुने किस्ता रकमसमेत स्वदेशी एवं विदेशी मुद्रामा नगदै बुझ्ने बुझाउने गरेको देखियो । तत्काल एफ पी यु मिसनबाट फर्केका प्रहरी कर्मचारीहरुलाई तलब वितरण गर्न आवश्यकताभन्दा बढी रकम बैङ्कबाट झिकी लामो समयसम्म नगद राख्ने गरेकोमा निजलाई आफ्नो जिम्मामा रहेको नगद कोष दाखिला गर्न पटक पटक ताकेता गर्दा समेत आलटाल गरेपछि २०६६।९।८ देखि निजलाई लेखाको जिम्मेवारीबाट हटाएको पाइयो । प्रहरी कल्याण कोषको आम्दानी लेखाङ्कन छानबिन समितिको प्रतिवेदन, २०६७ अनुसार २०६५।४।१ देखि २०६६।९।८ सम्म भएको नगद कारोबारको आम्दानी रु.२५ करोड १६ लाख २९ हजार, अमेरिकी डलरतर्फ ३ लाख ९३ हजार ६०८ मध्ये पटक पटक बैङ्क दाखिला र तलब वितरण गरेको खर्च क्रमश: रु. २४ करोड ३९ लाख ९८ हजार र अमेरिकी डलरतर्फ ३ लाख ८९ हजार १३६ कटाउँदा हाल निज लेखापाल जिम्मा रु.७६ लाख ३१ हजार र अमेरिकी डलरतर्फ ४ हजार ४७३ बाँकी देखिन्छ । समितिले छानबिन प्रतिवेदनमा रु.१२ लाख ९६ हजार तथा ८८८ अमेरिकी डलरमात्र असुल गर्न बाँकी देखाएको छ । बाँकी रकम असुल गर्न आवश्यक कारबाही भइरहेको भन्ने व्यहोरा प्रतिवेदनमा उल्लेख भएको देखियो । फरक रु. ६३ लाख ३५ हजार र ३ हजार ५८५ अमेरिकी डलर निजबाट कोष दाखिला भएको मिति र रकम खुलेको विवरण प्रतिवेदनमा उल्लेख भएको देखिएन । उक्त रकम लेखापरीक्षण अवधिसम्म असुल हुन बाँकी देखिएकोले सम्बन्धितलाई कारबाही गरी असुल गरिनुपर्दछ ।

आन्तरिक नियन्त्रण व्यवस्थाको प्रभावकारिताको हिसाबले पनि नगद कारोबार अत्याधिक जोखिमपूर्ण मानिने हुनाले नगदसम्बन्धी कारोबारमा नियन्त्रण गरी बैङ्कमार्फत कारोबार गर्ने व्यवस्था गर्नुपर्दछ ।

४२. **नगद बाँकी** – प्रस्तुत वासलात तथा आय–व्यय विवरणको अनुसूची (इ) नगद तथा बैङ्क मौज्दात (स्थानीय मुद्रा) तर्फको विवरण अनुसार आर्थिक वर्षको अन्तमा रु.३ लाख ९६ हजार र अनुसूची (एफ) विदेशी मुद्रातर्फको विवरणमा नगद बाँकी अमेरिकी डलर ८८८ को (२०६७ आषाढ मसान्तमा कायम रहेको विनिमय दर ७४।४९ ले) रु.६६ हजारसमेत रु.४ लाख ६२ हजार नगद बाँकी रहेको देखियो । उक्त रकम यथाशीघ्र बैङ्क दाखिला गर्नुपर्छ ।

४३. **बैङ्क दाखिला** – प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान शाखाले इण्टरपोलबाट प्राप्त अमेरिकी डलर २ हजार ८०० र भारतीय रुपैयाँ ४ लाख ३० हजार प्रहरी कल्याण कोषमा जम्मा गर्न पठाएकोमा कोषको लेखामा काम गर्ने प्रहरी कर्मचारीले बैङ्क दाखिला नगरी गलत नियतले आफैले राखेको छानबिनको क्रममा देखिएको उल्लेखछ । उक्त रकम सम्बन्धित कर्मचारीबाट सुदसहित असुल गरी कोष दाखिला गर्नुपर्दछ ।

४४. **बैङ्क मौज्दातमा फरक** – स्थानीय मुद्रातर्फ कोषको लेखाले देखाएको रकमभन्दा बैङ्कको स्टेटमेन्टमा रु.२८ लाख ७४ हजार बढी देखिन्छ । विभिन्न प्रहरी इकाईहरुबाट कल्याणकारी कोषमा सिधै रकम दाखिला गरेको र सम्बन्धित इकाईबाट औपचारिक प्रमाण प्राप्त नभएकोले हिसाब राख्न नसकिएको भन्ने कोषको भनाइ छ । यस्तो रकम यकिन गरी हिसाब मिलान हुनुपर्दछ ।

४५. **भवन निर्माण पेश्की** – कोषले व्यापारिक तथा कल्याणकारी सेवासम्बन्धी भवन निर्माणको लागि धेरै पहिलेदेखि पेश्की दिएको तर स्रेस्ता प्राप्त गरी फछ्यौंट नगरेकोले रु.५ करोड ८१ लाख १९ हजार पेश्की बाँकी देखिन्छ । असुल नहुने रकमलाई लिन बाँकीमा देखाइरहनुले कोषको आर्थिक अवस्था सहि दर्शाउँदैन ।

त्यसैगरी विभिन्न प्रहरी इकाईबाट लिन बाँकी रु.१ करोड ५४ हजार विगतदेखि आर्थिक विवरणहरुमा देखाउँदै आएको छ । त्यसको अभिलेख राखेको पनि छैन । यस अवस्थामा लिन पाउने अधिकार स्थापित हुने प्रमाणको अभावमा असुल हुने कुरा शंकास्पद नै छ । कोषले यस्तो शंकास्पद रकमको टुङ्गो लगाउन सकेको छैन ।

४६. **किस्ताबन्दी लगानी** – कल्याणकारी कोषले किस्ताबन्दी कार्यक्रमअन्तर्गत विगत आर्थिक वर्षमा कर्मचारीहरुलाई मोटरसाइकल, फ्रिज, टेलिभिजन, कम्प्युटर आदि खरिद गर्न सहुलियत ब्याज दरमा किस्ताबन्दीमा रकम सापटी दिने गरेको छ । यस्तो रकम १ हजार १५० प्रहरी कर्मचारीसँग रु.२ करोड १५ लाख २७ हजार असुल गर्न बाँकी रहेको छ । यसमध्ये नेपाल प्रहरीको संगठन छाडी सशस्त्र प्रहरी बलको संगठनमा आबद्ध भएका सशस्त्र प्रहरी कर्मचारीहरुबाट रु.२६ लाख असुल गर्न बाँकी रहेको छ । उक्त रकम असुल गर्न संस्थागत पहल हुनुपर्ने व्यहोरा प्रहरी कल्याण कोषको आम्दानी लेखाङ्कन छानबिन समितिको प्रतिवेदनमा उल्लेख भए तापनि असुल गरेको पाइएन ।

४७. **शोधभर्ना हिसाब** – संयुक्त राष्ट्रसंघीय नियोगअन्तर्गत हाइटी र डार्फरमा कार्यरत प्रहरीहरुको लागि यो वर्षसम्म हाइटीतर्फ रु.२५ करोड ९० लाख ५७ हजार र सुडानतर्फ रु.४४ करोड ६९ लाख ८९ हजार शोधभर्ना हुने गरी खर्च लेखेको छ । सोमध्ये क्रमशः रु.३८ करोड ४३ लाख ९१ हजार र रु.१८ करोड ३५ लाख ३९ हजार शोधभर्ना प्राप्त भएको देखिन्छ । सुडानतर्फको रु.२६ करोड ३४ लाख ५० हजार शोधभर्ना हुन बाँकी देखिन्छ भने हाइटीबाट रु.१२ करोड ५३ लाख ३४ हजार बढी शोधभर्ना प्राप्त भएकोमा कारण खुलाएको छैन ।

विभिन्न ४ संस्थालाई पछि शोधभर्ना हुने गरी रु.७ लाख उपलब्ध गराएकोमा यो आर्थिक वर्षको अन्तसम्म शोधभर्ना भएको देखिएन ।

४८. **बैङ्क खाता** – प्रहरी कल्याण कोष सञ्चालक समितिको २०६६।६।१ को बैठकको निर्णयअनुसार विभिन्न वाणिज्य बैङ्कहरुमा रहेको मध्ये १० बैङ्कमा रहेको खाताहरु बन्द गरेको पाइयो । ती बैङ्कहरुको खातामा रहेको रु.१ करोड २ लाख ७३ हजार अन्य बैङ्कमा जम्मा गरेको प्रमाण पेश भएन ।

४९. **दोहोरो भुक्तानी** – संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ फर्म्ड पुलिस युनिटको रुपमा एफ.पी.यु. सुडान पहिलो मिसनको कार्य सम्पन्न गरी स्वदेश फिर्ता भएका १३९ जनाको नाममा २०६६।४।१८ मा प्रतिव्यक्ति अमेरिकी डलर ६ हजार ५४५ ले र नपुग थप अमेरिकी डलर ४ हजार ७३० समेत अमेरिकी डलर ९ लाख ९ हजार ६८८ हिमालय बैंङ्क लिमिटेडको डलर खाताबाट भुक्तानी गरेको पाइयो । सोमध्ये एक प्रहरी नायव निरीक्षकलाई निजको मागअनुसार नै अमेरिकी डलर ६ हजार ५४५ भुक्तानी गरिसकेकोमा दोहोरो भुक्तानी दिएको देखियो । उक्त रकम सो दिनको विनिमय दर प्रतिअमेरिकी डलर रु.७७।६१ ले हुने रु. ५ लाख ८ हजार असुल गर्नुपर्दछ ।

५०. **सामान खरिद –** हाइटी तथा डार्फर मिसनमा खटिएका नेपाल प्रहरी कर्मचारीहरुको निमित्त आवश्यक मोटरको मेसिनरी सामान खरिद गर्न एक फर्मको रु.७८ लाख ३१ हजारको बोलपत्र स्वीकृत भएको छ । यस वर्ष उक्त फर्मबाट विभिन्न मितिमा रु.८८ लाख ४९ हजारको सामान खरिद गरी सम्झौताभन्दा रु.१० लाख १८ हजारको सामान बढी खरिद भएको देखिन्छ । यसरी ठेक रकमभन्दा बढी खरिद हुनाको कारण स्पष्ट गरेको छैन ।

५१. **पेट्रोल पम्पको हिसाब** – कल्याणकारी कोषअन्तर्गत पथलैया र नक्सालमा पेट्रोलपम्प सञ्चालित छन् । ती पम्पहरुको आम्दानी खर्चको हिसाब यस कोषको हिसाबमा समावेश भएको छैन । काठमाडौं नक्सालस्थित पेट्रोल पम्पको गत वर्ष र यस वर्षको र पथलैया पेट्रोल पम्पको विगत वर्षदेखिको आय–व्यय विवरण तथा वासलात पेश नभई लेखापरीक्षण हुन सकेको छैन । वासलात तथा आय व्यय विवरण उपलब्ध गराई लेखापरीक्षण गराउन २०६७।९।२१ मा अनुरोध गरिएकोमा जवाफ प्राप्त भएन ।

सशस्त्र प्रहरी बल, कल्याणकारी सेवा केन्द्र

५२. **परिचय** – साबिकमा संघ संस्था दर्ता ऐन, २०३४ अनुसार सशस्त्र प्रहरी बल कल्याण कोषको रुपमा २०५९।१।२४ मा दर्ता भएकोमा हाल सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १३२(क) अनुसार गठित तथा २०६६ श्रावण २७ गतेदेखि कार्यविधि स्वीकृत भई सो कोषको नाममा रहेको सम्पत्ति तथा दायित्वहरु कल्याणकारी सेवा केन्द्रमा सारिएको छ । यो केन्द्र सशस्त्र प्रहरी बल प्रधान कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रही संयुक्त राष्ट्रसंघीय मिसनमा फर्म्ड पुलिस युनिटको रुपमा कार्य गर्ने लगायत प्रहरी कर्मचारीको लागि कल्याणकारी तथा रचनात्मक कार्य गरिरहेको छ ।

५३. **सञ्चालन नतिजा –** गत वर्ष रु. ५ करोड ५५ लाख ४० हजार आय भएकोमा यो वर्ष रु.१ करोड ६३ लाख ५९ हजार आय देखाएको छ । व्ययतर्फ गत वर्ष रु.७९ लाख १ हजार रहेकोमा यो वर्ष रु.३ करोड २ लाख ५९ हजार व्यय गरेको छ । अमेरिकी डलर विनिमय नोक्सानीमा रु.१ करोड ३५ लाख ३८ हजार र सम्पूर्ण प्रहरी कर्मचारीको दुर्घटना बीमाको प्रिमियममा रु.१ करोड १४ लाख ५ हजार खर्च लेखेको कारण यो वर्ष खर्च बढेको छ । यस वर्ष हाइटी मिसन स्थापना गर्न रु.१२ करोड १२ लाख १९ हजार र लाइबेरिया मिसनमा रु.७६ लाख २१ हजार लगानी थप भएको छ । यस्तै ३ पेट्रोल पम्पमा र मोटरसाइकल किस्ताबन्दीमा लगानी गरेको कारणसमेत गत वर्षभन्दा रु.१४ करोड ९० लाख ४१ हजार बढी लगानी देखिन्छ ।

५४. **शोधभर्ना** – गत वर्ष रु.४ करोड ७७ लाख ५२ हजार यून.एन. शोधभर्ना शीर्षक राखी दायित्वमा बाँकी देखाएको छ । यो वर्ष रु.४७ करोड ५० लाख ६३ हजार शोधभर्ना प्राप्त भएकोमा सशस्त्र प्रहरी कर्मचारीलाई भुक्तानी गरेको रु.२६ करोड २० लाख १३ हजार कटाई रु.२१ करोड ३० लाख ५० हजार बाँकी रहेको छ ।

संयुक्त राष्ट्रसंघसँग भएको सम्झौतामा प्रहरी कर्मचारीले पाउने र अन्य खर्च शीर्षकको वर्गिकरण भए तापनि खर्च शीर्षक खुलाई प्राप्त रकमको अभिलेख राखेको छैन । यसले गर्दा कुन कुन शीर्षकमा शोधभर्ना लिनुपर्ने हो सोको यकिन गर्ने आधार भएन ।

५५. **वासलातमा समावेश** – यो वर्ष ४ डबल क्याबिन पिकअप लाइबेरियास्थित एक कम्पनीबाट १ लाख १६ हजार अमेरिकी डलरको हुने रु.८४ लाख ६८ हजारमा सोझै मूल्यांङ्कन गरी सम्पत्तिमा देखाएको छ । सोबाहेक विगतमा पठाएका ए.पी.सी.(आर्म्ड पर्सनल क्यारियर) गाडी र मेसिनरी औजारलगायतका सामानहरुको मूल्याङ्कन गरी वासलातमा देखाएको छैन ।

५६. **लगानी** – गत वर्ष रु.१६ करोड ५० लाख ३२ हजार लगानी देखाएकोमा यो वर्षसम्म रु.३१ करोड ४० लाख ७३ हजार पुगेको छ । लगानी देखाएको मध्ये हाइटी मिसनमा रु.१२ करोड १२ लाख १९ हजार, लाइबेरिया मिसनमा रु.७६ लाख २१ हजार, ४ पेट्रोल पम्पमा रु.१७ करोड २ लाख ३३ हजार र मोटरसाइकल किस्ताबन्दीमा रु.१ करोड ५० लाख लगानी रहेको छ ।

५६.१ हाइटी मिसनमा लगानी देखाएको मध्ये १६ सवारीसाधन खरिद गर्न अमेरिकी डलर ७ लाख ७२ हजार ३६२, ४ ए.पी.सी. खरिद गर्न अमेरिकी डलर ७ लाख ८७ हजार ८८० र सञ्चारका उपकरण खरिद गर्न अमेरिकी डलर ३९ हजार २१२ को प्रतीतपत्र खोलेको पाइयो । लेखापरीक्षण अवधिसम्म ८० प्रतिशत भुक्तानी गरिसकेको छ । उक्त खरिद सम्बन्धमा देखिएका व्यहोरा देहायानुसार छन्:

करिब ६५ दिन भित्र हाइटीमा मिसन स्थापना गरी सक्नुपर्ने कारणले सञ्चालक समितिले विशेष परिस्थिति जनाउदै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अनुसार १६ सवारीसाधन खरिद गर्न ७ दिने सूचना प्रकाशन भएकोमा विशेष परिस्थितिसम्बन्धी विवरण, तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा, खरिदका अन्य विधि अपनाउन नसकिने कारण र आधार खुलाई अभिलेख राखेको देखिएन । साथै विशेष परिस्थितिमा खरिद पश्चात पुन: रु.१० लाखभन्दा बढी रकमको खरिद गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को उपनियम (३) अनुरुप सार्वजनिक सूचना प्रकाशन गरेको देखिएन ।

५६.२ ए.पी.सी. र सञ्चार उपकरण खरिद, सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति कार्यविधि, २०६४ को दफा १० अनुसार गृह मन्त्रालयबाट सूचीकृत भएका कम्पनीहरुसँग सिलबन्दी दरभाउपत्र लिई खरिद गरेको छ । उक्त कार्यविधिको दफा ७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा यस्ता सामग्री खरिद गर्दा लागत अनुमान तयार गर्न लिइने आधार सम्बन्धमा उल्लेख छ । स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटसमेतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कल्याणकारी सेवा केन्द्रले लागत अनुमान तयार गर्दा स्थानीय बजारका ३ आपूर्तकबाट लिएको दरभाउपत्रको औसतको आधारमा लागत अनुमान तयार गरेको देखियो ।

५७. **प्रतीतपत्र** – ए.पी.सी. र सञ्चारका उपकरण गृह मन्त्रालयले सूचीकृत गरेका कम्पनीसँग दरभाउपत्र लिई खरिद गरेको छ । केन्द्रले ४ ए.पि.सी.खरिद गर्न ६० दिनभित्र मिसन एरिया पोर्ट औ प्रिन्स हाइटीमा पुऱ्याउने शर्त राखी एक स्वदेशी कम्पनीसँग २०६७।२।१० मा अमेरिकी डलर ७ लाख ८७ हजार ८८० मा सम्झौता गरी प्रतीतपत्र खोलेको छ । सञ्चारका उपकरण पनि अर्को एक स्वदेशी कम्पनीसँग २०६७।२।२ मा अमेरिकी डलर ३९ हजार २१२ मा १० जून २०१० मा यस केन्द्रमा दाखिला गर्नुपर्ने शर्तमा सम्झौता गरेको छ । यसैगरी १६ सवारीसाधन खरिद गर्न एक स्वदेशी कम्पनीसँग १० जून २०१० मा सी.आई.पी. हाइटीमा पुऱ्याउने शर्तमा अमेरिकी डलर ७ लाख ७२ हजार ३६२ मा सम्झौता गरेको छ । यसरी स्वदेशी कम्पनीहरुसँग सम्झौता भए पनि ए.पी.सी. खरिद गर्न एक भारतीय कम्पनीको नाममा, सञ्चार उपकरण एक हंङ्गकङको कम्पनीको नाममा र १६ थान गाडी खरिद गर्न एक सिंङ्गापुरको कम्पनीको नाममा प्रतीतपत्र खोली लेखापरीक्षणको समय (२०६७।११।१०) सम्म ८० प्रतिशत भुक्तानीसमेत भइसकेको छ ।

उत्पादक कम्पनीको प्रतिनिधिको रुपमा बोलपत्र दाखिला र सम्झौता नगरी आफ्नै तर्फबाट बोलपत्र दाखिला र सम्झौता गर्ने तर प्रतीतपत्र सम्बन्धित सामग्री उत्पादक वा वितरक विदेशी कम्पनीका नाममा खोल्नु नियमित देखिएन । यसरी प्रतीतपत्र खोलिएको कारण सम्झौता गर्ने कम्पनीको बिल बीजक प्राप्त गर्न समेत कठिनाइ पर्ने देखिन्छ । तसर्थ यसप्रति गम्भीर भई सम्झौता गर्ने कम्पनीबाटै बिल बीजक प्राप्त गरी नियमानुसार कर कट्टा समेत हुनुपर्दछ ।

५८. **प्राविधिक प्रतिवेदन** – मिसनका लागि खरिद गरिएका सामग्री एवं सवारीसाधनहरु सम्झौता तथा संयुक्त राष्ट्रसंघीय मिसनको स्पेसिफिकेशनअनुरुप हुनुपर्दछ । प्रतीतपत्रद्वारा खरिद गरिएका ए.पी.सी.लगायतका सामग्री हाल हाइटीमा रहेको जानकारीसम्म प्राप्त भएको छ । ती सामान तथा सवारीसाधन हाइटीमा पुगेको एवं उल्लिखित स्पेसिफिकेशनअनुसार भएको प्राविधिक प्रतिवेदन पेश भएन ।

५९. **लेखापरीक्षण** – पेट्रोल पम्पमा लगानी देखाएको मध्ये हल्चोक, गुहेश्वरी, कालिका पेट्रोल पम्पमा क्रमशः रु १२ करोड ४ लाख ८१ हजार, रु.१ करोड ३६ लाख २८ हजार र रु.२ करोड ९६ लाख २४ हजार देखाएको छ । सम्पूर्ण लगानी यस सेवा केन्द्रको भएको र सञ्चालन पनि प्रहरीहरुबाटै भए पनि निजीस्तरमा प्रहरी कर्मचारीकै नाममा दर्ता गरी पेट्रोल पम्पमा लगानी देखाएको कारण स्पष्ट भएन ।

६०. **क्लोदिङ्ग फण्ड** – ए.पी.एफ क्लोदिङ्ग फण्डको प्राप्त बैङ्क स्टेटमेन्ट अनुसार रु.८ करोड ३२ लाख २ हजार मौज्दात रहेकोमा रु.७ करोड ९० लाख मुद्दती खातामा राखेको देखियो । क्लोदिङ्ग फण्डबाट प्राप्त हुने ब्याजबाट प्रत्येक प्रहरी कर्मचारीलाई अवकाश हुँदा सेवा अवधिको प्रत्येक वर्षको रु.१ हजारका दरले एकमुष्ट सुविधा दिने सञ्चालक समितिले निर्णय गरेकोमा यस्तो खर्च हिसाबमा समावेश गरी लेखापरीक्षण गराएको छैन ।

६१. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ५२ कार्यालयबाट रु.७९ लाख ६७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ६९ कार्यालयबाट रु ११ लाख २१ हजार र सम्परीक्षणको क्रममा रु.४२ लाख ८३ हजार र अन्य निकायतर्फ रु.७५ हजारसमेत रु.१ करोड ३४ लाख ४६ हजार असुल भएको छ ।

६२. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ५८ कार्यालयको रु.७१ करोड ७ लाख ७० हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा फछ्यौंट नभएकोले रु.७१ करोड ७ लाख ७० हजार पेश्की देखिएको छ । उक्त पेश्कीको म्याद नाघेको छ ।

मन्त्रालयअन्तर्गतका समितिको २०६७ असार मसान्तमा १५ कार्यालयको रु.२ करोड ६५ लाख ३८ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा एक कार्यालयबाट रु.१८ लाख ६९ हजार फछ्यौंट गरी रु.२ करोड ४६ लाख ६९ हजार पेश्की देखिएको छ । बाँकी पेश्की म्याद नाघेको छ ।

६३. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छः

६३.१ मन्त्रालय र मातहत सरकारी कार्यालयतर्फ यो वर्ष रु.७५ करोड ७१ लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ५५ लाख ८३ हजार फछ्यौंट गरेकाले रु.७४ करोड १५ लाख ४६ हजार बाँकी रहेको छ ।

६३.२ अन्य संस्था र समितितर्फ यो वर्ष रु.५ करोड ६८ लाख २० हजार बेरजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ लाख ६९ हजार फछ्यौंट गराएकोले रु.५ करोड ४९ लाख ५१ हजार बेरुजू बाँकी रहेको छ ।

६३.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा रु.१२ करोड ७८ लाख ४३ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.२६ करोड ३७ लाख ७५ हजार फछ्यौंट गरेकोले सम्परीक्षण गरिएको छ ।

६३.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.९ करोड ८५ लाख ३७ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.३६ करोड २३ लाख १२ हजारमध्ये रु.३५ करोड ५६ लाख ६८ हजार सरकारी कार्यालयतर्फ र रु.६६ लाख ४४ हजार अन्यतर्फ रहेको छ ।

परराष्ट्र मन्त्रालय

मन्त्रालय र मातहत ३८ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब ७१ करोड ८० लाख ६९ हजार, राजस्वतर्फ रु.८७ करोड ३ लाख २९ हजार, धरौटीतर्फ रु.२६ करोड २२ लाख ४४ हजार र अन्य कारोबारतर्फ रु.१८ करोड ९४ लाख ३१ हजार समेत रु.३ अर्ब ४ करोड ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायअनुसार छन्:

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१ व्यवस्थापिका–संसद, सार्वजनिक लेखा समितिबाट २०६३।९।२६ समेत विभिन्न मितिमा २०५४।५५ भन्दा अघिको ६ वर्षको राजस्वतर्फ रु.२५ करोड १७ लाख ८७ हजार र विनियोजनतर्फको रु.२८ लाख ७५ हजारको बक्यौता लेखापरीक्षण गराउन मन्त्रालयलाई निर्देशन दिइएकोमा लेखापरीक्षण गराएको छैन ।

१.२ विदेशस्थित नियोगहरुले रकमान्तर स्वीकृतबेगर बजेट एवं निकासाभन्दा बढी खर्च गर्ने गरेको व्यहोरा गत विगतका वर्षमा औंल्याउँदा पनि सुधार भएको छैन । यो वर्ष १९ नेपाली दूतावास र ४ महावाणिज्यदूतावास तथा नियोगले इन्धन, विविध खर्च, कार्यालय सामान आदि शीर्षकमा बजेट एवं निकासाभन्दा रु.२ करोड ४८ लाख ९९ हजार बढी खर्च गरेका छन् । निकासाभन्दा बढी खर्च गर्ने उपर कुनै कारबाही नगरी गत वर्षसम्मको बेरुजूमध्ये रु.१ करोड ११ हजार र यो वर्षको बेरुजूमध्ये रु.८२ लाख ८५ हजार बेरुजू सचिवस्तरबाट नियमित गरी सम्परीक्षणको लागि अनुरोध भएअनुरुप सम्परीक्षण गरिएको छ ।

१.३ नेपाली दूतावास तथा नियोगहरुको घर भाडाबापत सम्पूर्ण खर्चको करिब २५ प्रतिशत रकम खर्च हुने गरेकोले क्रमिक रुपमा जग्गा व्यवस्था गरी घर निर्माण गर्नु उपयुक्त हुने व्यहोरा विगतका वर्षहरुमा औंल्याएकोमा यो वर्ष घरभाडामा रु.३३ करोड ४० लाख १ हजार खर्च गरेको छ । घरभाडा रकम चालू खर्चको अनुपातमा २९.४५ प्रतिशत छ । घर निर्माण गर्न नीति निर्धारण पनि गरेको छैन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गरिनुपर्दछ ।

२. **राजस्व** – आर्थिक कार्यविधि नियमावली, २०६४ ले तोकिएको ढाँचामा राजस्व लेखा अद्यावधिक राखी प्रतिवेदन एव. विवरण पेश गर्नुपर्ने, कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए नभएको यकिन गरी लेखापरीक्षण गराउनपर्ने व्यवस्था गरेको छ । मन्त्रालय मातहतका ३२ नियोगले असुल गरेको राजस्व मन्त्रालयमार्फत सञ्चितकोष दाखिला गरी मन्त्रालयले एकमुष्टरुपमा आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराउँदै आएको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२.१ नियोगहरुले राजस्वको गोश्वारा भौचर उठाउने एवं म.ले.प.फा.नं.२३, १०८, १०८क, १०८ख प्रयोग गरी लेखा राखी आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र आर्थिक विवरण तयार गरी पेश गर्ने गरेका छैनन् ।

२.२ यो वर्ष दूतावास, महावाणिज्यदूतावास र स्थायी नियोगहरुसमेत जम्मा ३२ मध्ये दूतावास ब्रसेल्सको जेठसम्मको, महावाणिज्यदूतावास हङकङको वैशाखसम्मको, स्थायी नियोग न्यूयोर्कको मार्ग महिनासम्मको मात्र फाँटवारी प्राप्त भएको देखिन्छ । प्राप्त फाँटवारीअनुसार रु.८० करोड ९ लाख ९१ हजारमध्ये रु.५६ करोड ५ लाख ३८ हजारमात्र सञ्चितकोष दाखिला देखिँदा बाँकी रु.२४ करोड ४ लाख ५३ हजार सम्बन्धमा स्पष्टता देखिएन । लेखापरीक्षणको क्रममा राजस्व खाताको नियोगगत बैङ्क विवरण उपलब्ध गराउन २०६७।१०।११ मा मन्त्रालयलाई अनुरोध गरेकोमा उक्त विवरण प्राप्त भएन । मन्त्रालयले राजस्वको आर्थिक विवरणमा नियोगहरुले गरेको राजस्व असुली मन्त्रालयमा ट्रान्सफर गरेको र बाँकी समेतको

नियोगगत हिसाब नदेखाई प्राप्त रकममात्र असुलीमा देखाउने गरेकोले राजस्व हिसाबले यथार्थ स्थिति देखाउदैन ।

३. **बजेट –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९ मा प्रत्येक कार्यालयले तालुक कार्यालयको निर्देशनको आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने प्रावधान छ । मन्त्रालयले नियोगहरुबाट बजेट तर्जुमा गर्न नलगाई आफै बजेट तर्जुमा गर्ने गरेको पाइयो । यसले गर्दा प्रत्येक वर्ष नियोगहरुको बजेट र खर्चमा तादात्म्यता पाइएन । यो वर्ष रकमान्तर स्वीकृत बेगर २४ नियोगले निकासाभन्दा रु.२ करोड ४८ लाख ९९ हजार बढी खर्च गरेको छ । विगत ३ वर्षमा रकमान्तर स्वीकृत नगराई बढी खर्च गरेको रकमको स्थिति देहायअनुसार छ:

(रु. हजारमा)

आर्थिक वर्ष	उप–शीर्षक संख्या	निकासाभन्दा बढी खर्च गर्ने नियोग संख्या	बढी खर्च
२०६४।६५	१ देखि ७	१८	१,६६,५५
२०६५।६६	१ देखि ७	२३	२,४४,३४
२०६६।६७	१ देखि ९	२४	२,४८,९९

नियोगहरुले बजेट नघाई मौज्दात रकम खर्च गर्ने, शीर्षक फरक पारी खर्च गर्ने, तोकिएको बजेट सीमा नाघी खर्च गर्ने र पछि नियमित गराउने परिपाटीले बजेट अनुशासन पालना भएको देखिएन ।

४. **लेखापरीक्षण –** नेपाल सरकारका विदेशस्थित दूतावास एवं नियोगहरुको लागि स्वीकृत बजेट चौमासिक रुपमा निकासा पठाउने गरेको छ । निकासा पठाउँदा निकासा पठाएको दिनको अमेरिकी डलरको सटही दर उल्लेख गरी पठाउने र सोही दरमा नियोगहरुले आम्दानी खर्च लेख्ने गरेको छ । दूतावासहरुको राजस्व रकमलाई कतिपय दूतावासमा निकासा कायम गरी मन्त्रालयले दिने निकासाबाट कट्टा गर्ने र बाँकी मन्त्रालयमा पठाउने गरेको छ ।

नियोगहरुले निकासा प्राप्त गरेपछि खर्च गरी सोको लेखा मन्त्रालयमा पठाउने र मन्त्रालयले सम्बन्धित नियोगको आर्थिक विवरण तयार गर्ने गरेको छ । खर्च गर्ने निकायबाट निकासा, खर्च एवं राजस्व असुली र दाखिला समेतको आधारमा आर्थिक विवरण तयार गरी पेश हुने गरेको छैन । नियोग तथा दूतावासहरुबाट राजस्व असुली रकम प्राप्त भएपछि सञ्चितकोष दाखिला गरी राजस्वको आर्थिक विवरण तयार गरी पेश गरेको आधारमा लेखापरीक्षण गरिँदै आएको छ । आम्दानी खर्चको सम्पूर्ण विवरणहरु प्राप्त नभएको आधारमा आर्थिक विवरण तयार गर्ने प्रचलनले बचत रकम, लिनु दिनुपर्ने रकम आदिको स्थिति जानकारी नहुने भई आर्थिक विवरणले सम्पूर्ण कारोबार समेट्न नसकेको स्थिति छ । यसबाट बजेट अनुशासन समेत कायम राख्न नसकिने हुन्छ ।

५. **खरिद –** यो वर्ष मन्त्रालय र मातहत निकायको खरिद सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

५.१ मन्त्रालयले विदेशस्थित कूटनीतिक नियोगहरुको लागि आर्थिक कारोबार सम्बन्धी निर्देशिका, २०६० लागू गरेको छ । उक्त निर्देशिकामा आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ को परिच्छेद ७ अनुरुप खरिद प्रक्रियाको अवलम्बन गर्ने व्यवस्था छ । यो वर्ष १३ दूतावास तथा नियोगले सवारीसाधन खरिदमा रु.५ करोड ४० लाख ४६ हजार र ८ दूतावास तथा नियोगले पूँजीगत सुधारमा रु.२ करोड ४ लाख ३८ हजारको बिनाप्रतिस्पर्धा सोझै खरिद गरेको छ । विदेशस्थित नियोगहरुमा नेपालको सन्दर्भमा बनाइएका सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को सीमामा रही खरिद गर्न कठीन भएको आधारमा सोझै खरिद गर्नु परेको उल्लेख छ । खरिद सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ लागू भएको अवस्थामा निर्देशिका संशोधन गरेको छैन । नेपालको सन्दर्भमा बनाएको खरिदसम्बन्धी कानूनी व्यवस्था विदेशमा लागू गर्न नसकिने स्थिति भएमा स्थानीय प्रचलन समेतलाई आधार मानी सोझै खरिद गर्न सकिने रकमको सीमा समेत तोकी उपयुक्त व्यवस्था गरिनुपर्दछ ।

५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिदको विधि र दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नपाइने उल्लेख छ । केन्द्रीय राहदानी कार्यालयले यो वर्ष फोटोकपी मेसिन ६ को रु.६ लाख ७२ हजार, रिभल्विङ अफिस चियर ५७ को रु.४ लाख ४७ हजार, स्टील दराज १९ को रु.२ लाख ६५ हजार, प्रिन्टर १६ को रु.३ लाख ८२ हजार, कम्प्युटर १४ को रु.९ लाख ६० हजारको सामान सोझै खरिद गरेको छ । विभिन्न सामान समेत समावेश गरी सिलबन्दी दरभाउपत्र आव्हान गर्न सकिनेमा एउटै सामान रु.१ लाख ५० हजारभन्दा बढीको खरिद गर्नुपर्ने अवस्थामा पनि प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको देखियो ।

५.३ सार्वजनिक खरिद ऐनको दफा ६ मा सार्वजनिक निकायले खरिद प्रयोजनको लागि खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । सीमा नापी टोलीले यो वर्ष कार्यालय सम्बन्धी खर्चको लागि रु.१२ लाख र उत्पादन सामग्रीको लागि रु.१४ लाख बजेट विनियोजन भएकोमा क्रमश: रु.११ लाख ९९ हजार र रु.१३ लाख ९६ हजार खरिद योजनाबेगर खर्च लेखेको छ । नियमावली, २०६४ को नियम १८(१) बमोजिम मौजुदा सूचीमा रहेका आपूर्तिकर्ताबाट दरभाउ वा प्रस्ताव माग गरी खरिद गर्न सकिने उल्लेख भएकोमा मौजुदा सूची समेत तयार गरेको पाइएन ।

६. **बैङ्क मौज्दात** – नियोगहरुले आर्थिक वर्षको सुरुमा बजेट निकासा प्राप्त नहुञ्जेल गैरसञ्चालन खाताको मौज्दात वा राजस्व रकमबाट कार्य सञ्चालनमा खर्च गर्ने गरेको र सोको अभिलेख नराखी पछि निकासाबाट हिसाब मिलान गर्ने गरेको देखिन्छ ।

आर्थिक विवरणमा देखिएको मौज्दातभन्दा १० दूतावास तथा नियोगमा रु.९८ लाख ७६ हजार घटी र १८ दूतावास तथा नियोगमा रु.२ करोड ८४ लाख ४१ हजार बढी मौज्दात रहेकोमा ४ दूतावासले बैङ्क मौज्दात प्रमाण लेखापरीक्षणमा पेश गरेको छैन । आर्थिक विवरणअनुसार १० मध्ये ३ दूतावासमा रु.१२ लाख ९० हजार मौज्दात घटी र १८ मध्ये ३ दूतावासमा रु.२ करोड १४ हजार बढी मौज्दात देखाएकोमा बैङ्क हिसाब विवरण पेश गरेका छैनन् । नियोगहरुले गत वर्षको रकम जिम्मेवारी नसारी खर्च गर्ने, राजस्वबाट सापटी नदेखाई खर्च गर्ने, मन्त्रालयले दिएको निर्देशनअनुसार तोकिएको दरमा खर्च लेखी विदेशी मुद्राको सटही परिवर्तनको कारण बचत र न्यूनको हिसाब देखिने अभिलेख नराख्ने, बैङ्क हिसाब मिलान नगर्ने गरेकोले आर्थिक विवरणले देखाएको बैङ्क मौज्दातको स्थिति यकिन हुने अवस्था छैन ।

७. **बैङ्क खाता** – आर्थिक कारोबारसम्बन्धी निर्देशिका, २०६० को प्रकरण ३(१) मा विनियोजित बजेट सञ्चालन गर्न र राजस्व जम्मा गर्न छुट्टाछुट्टै २ खाता खोल्न सकिने एवं थप खाता खोल्न परेमा मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । नेपाली महावाणिज्यदूतावास कोलकत्ता र नेपाली दूतावास दोहाले मन्त्रालयको स्वीकृति नलिई थप खाता सञ्चालन गरी क्रमश: रु.४४ लाख १७ हजार र रु.२० लाख ९९ हजार रकम मौज्दात राखेको पाइयो ।

विनियोजन खाताको हिसाब लेखापरीक्षणमा पेश गरे पनि अन्य खाताको कारोबारको विवरण र लेखा स्रेस्ता समेत लेखापरीक्षणमा पेश गरिएन । सबै कारोबारको लेखापरीक्षण गराउनुपर्दछ । यस सम्बन्धमा महावाणिज्यदूतावास कोलकत्ताले शिक्षा तथा खेलकूद मन्त्रालयबाट "भानुभक्त आचार्य" पदक तथा पुरस्कार प्रदान गर्न अक्षयकोषका लागि संस्कृति तथा राज्य पुन: संरचना मन्त्रालयबाट कालिघाटमा प्रवेशद्वार निर्माण गर्न प्राप्त रकम पटके निकासामात्र गर्दा समयावधि लाग्ने कारण दर्शाई कुवेर बचत योजनामा जम्मा गरेको भा.रु. २३ लाख ६६ हजार र विभिन्न संघ संस्थाबाट रु.३ लाख ९५ हजार भारतीय रुपैयाँ तेस्रो खातामा रहेको आय–व्यय विवरण प्रतिक्रियासाथ पठाएको छ ।

८. **आन्तरिक लेखापरीक्षण** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ ले कार्यालयको राजस्व, धरौटी तथा विनियोजनको आय–व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले जारी गरेको आर्थिक कारोबारसम्बन्धी निर्देशिका, २०६० मा विदेशस्थित नियोगहरुको आन्तरिक लेखापरीक्षण सम्बन्धमा व्यवस्था गरेको छैन । नियोगहरुको लेखाको आन्तरिक लेखापरीक्षण गराउने गरेको छैन । आन्तरिक नियन्त्रण प्रणालीको महत्त्वपूर्ण औजारको रुपमा रहेको आन्तरिक लेखापरीक्षण नगराउनाले कार्यालयमा हुने

आम्दानी खर्च र त्यसको लेखाङ्कन, वित्तीय साधनको उपयोग, स्वीकृत कार्यक्रमअनुरुप लक्ष्य प्राप्ति एवं वित्तीय प्रतिवेदनको तयारी र आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरेको सम्बन्धमा सुनिश्चित हुने आधार छैन ।

९. **नियोग पदाधिकारीको सुविधा –** मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले नियोगहरुमा राजदूत तथा कर्मचारीहरु कार्यभार सम्हाल्न जाँदा र सरुवा भई जाँदा ती पदाधिकारीले साथमा लैजान पाउने परिवार र पाउने पारिवारिक भत्ता व्यवस्थित गरेको छ । मन्त्रिपरिषद्को २०५४।१।६ र २०५४।५।२३ को निर्णयले अधिकतम २ जना ५ वर्षभन्दा बढी र १८ वर्ष मुनिका छोराछोरीलाई १२ कक्षासम्म अध्ययनको लागि प्रतिछोराछोरी १५ प्रतिशतका दरले वैदेशिक भत्ताको ३० प्रतिशतसम्म वा शैक्षिक शुल्कको ७५ प्रतिशतमध्ये जुन घटी हुन्छ सो रकम शैक्षिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । शैक्षिक भत्ता खर्च लेख्न विद्यालय भर्नाको संपुष्टि नियोग प्रमुखले गर्नुपर्ने र उमेर खुल्ने प्रमाण एवं शुल्क भुक्तानीको बिल संलग्न हुनुपर्ने उल्लेख छ ।

मन्त्रिपरिषद्को निर्णयमा नियोगका पदाधिकारी र आश्रित परिवार तथा निजी कामदारको स्वास्थ्य बीमासम्बन्धी सम्पूर्ण रकम र बीमा हुन नसक्ने अवस्थामा मन्त्रालयको पूर्वस्वीकृति लिई स्वास्थ्योपचार गराएको भए लागेको खर्च एवं दुर्घटना बीमाबापतको रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

९.१ मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयअनुसार नियोगमा कार्यभार सम्हाल्न जाँदा एक्काइस वर्ष ननाघेका छोरा, छोरी, धर्मपुत्र वा धर्मपुत्री साथ बस्दा मात्र पारिवारिक भत्ता दिने व्यवस्था भएकोले सो शैक्षिक भत्ताको आन्तरिक नियन्त्रणको लागि उमेर खुलेको कागजातसहित परिवार तथा कामदारको अभिलेख मन्त्रालयमा राख्नुपर्ने उल्लेख छ । आर्थिक कारोबार सम्बन्धी निर्देशिका, २०६० को १८ मा नियोगमा कार्यरत कर्मचारीहरुको साथमा रहेका परिवारका सदस्यहरुको विवरण प्रमाणित गरी असार महिनाको स्रेस्तासाथ मन्त्रालय पठाउनुपर्ने उल्लेख छ । मन्त्रालयले कर्मचारीको साथमा जाने छोराछोरीको उमेर खुलाई अभिलेख अद्यावधिक गरेको छैन । अभिलेख राख्ने निर्णय भएको १० वर्ष बितिसक्दा पनि नियोगहरुबाट स्रेस्ता साथ पारिवारिक उमेर खुलेको विवरण पेश गर्ने गरेका छैनन् । यो वर्ष कार्यभार सम्हाल्न जाने १० कर्मचारी तथा पदाधिकारीको पारिवारिक लगतको नमूना परीक्षण गर्दा उमेर खुल्ने गरी पारिवारिक अभिलेख राखेको पाइएन । अभिलेखको अभावमा कर्मचारीले छोराछोरीबापतको भत्ता पाउन योग्य भएको कुरा पुष्टि गर्ने आधार देखिएन ।

९.२ पदाधिकारी तथा कर्मचारीको स्वास्थ्य बीमा बापत खर्च लेख्दा मन्त्रालयको समर्थन लिनुपर्ने व्यवस्था भए तापनि १७ दूतावासले खर्च लेखेको रु.४ करोड ९९ लाख ४६ हजारको समर्थन लिएको देखिएन । उक्त २०५१।२।२३ को निर्णय नं.२ मा बीमा हुन नसक्ने खण्डमा मन्त्रालयको पूर्व स्वीकृति लिई स्वास्थ्योपचार गराइएको अवस्थामा नेपाल सरकारले खर्च व्यहोर्ने उल्लेख भएकोमा मन्त्रालयको २०६१।७।१८ को निर्णयले नियोगमा कार्यरत कर्मचारी र निजका आश्रित परिवारलाई स्वास्थ्योपचार सुविधा अन्तर्गत बिल भरपाई पेश गरी मन्त्रालयबाट समर्थन गरी खर्च लेख्ने र अब उप्रान्त एक पटकमा नेपाली रुपैयाँ २० हजारसम्म वा सो बराबरको विदेशी मुद्राको स्वास्थ्योपचारको बिल नियोग प्रमुखले छानबिन गरी स्वीकृत गर्नसक्ने व्यवस्था गरेको देखिन्छ । सोही निर्णयबमोजिम यो वर्ष ३२ नियोगले स्वास्थ्योपचार खर्च र बीमाबापत रु.६ करोड ८६ लाख ७९ हजार खर्च गरेका छन् ।

कतिपय नियोगहरुबाट स्वास्थ्योपचार गर्न पूर्वस्वीकृति नलिएको र बीमा गराएको अवस्थामा पनि स्वास्थ्योपचार खर्च लेखेको देखियो । यस्तो खर्चमध्ये रु.१ करोड ५६ लाख ५२ हजारको समर्थन गराएका छैनन् । मन्त्रिपरिषद्को निर्णयमा पूर्वस्वीकृति लिनुपर्ने उल्लेख भए तापनि मन्त्रालयबाट २०६१।७।१८ मा रु. २० हजारसम्मको खर्च नियोग प्रमुखले छानबिन गरी स्वीकृत गर्नसक्ने र रु.२० हजारभन्दा बढी खर्च गर्दा सम्पूर्ण दूतावास तथा महावाणिज्य दूतावासले मन्त्रालयबाट स्वीकृति गराई खर्च लेख्ने गरी परिपत्र गरेकोमा

सोको निर्णय पेश भएन । मन्त्रिपरिषद्बाट एक पटक निर्णय भइसकेकोमा सो विपरीत हुने गरी मन्त्रालयबाट पुन: परिपत्र गरी खर्च लेख्न मिल्ने आधार देखिएन ।

९.३ मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयअनुसार राजदूतावास तथा नियोगमा खटिएका पदाधिकारीहरुले साथमा परिवार लगेमा तोकिएअनुसार पारिवारिक भत्ता लगायतका सुविधा पाउने उल्लेख छ । मन्त्रालयले २०६४।२।२८ र २०६४।११।१७ को मन्त्रीस्तरीय निर्णयबाट यस पूर्वनिर्णय भएको ल्हासा, रियाद, कतार, यांगुन, तेलअभिवमा सरह क्रमश: बेइजिङ्ग, मस्को, सिओल र २०६५।१२।१२ एवं २०६६।३।२ को सचिवस्तरीय निर्णयले पेरिस र थाइलैण्डका लागि साथमा परिवार नलगे तापनि उल्लिखित सुविधा पाउने निर्णय गरेको पाइयो ।

१०. **आवास सुविधा –** विदेशस्थित नियोगहरुमा काम गर्ने सबै कर्मचारीको आवासको लागि ओहदा र ठाउँ सुहाउँदो साधारण रुपमा सुसज्जित निवासको घरभाडा र अन्य आवश्यक खर्च दिइने मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले व्यवस्था गरेको छ ।

निर्णयमा नियोग प्रमुखको लागि साधारण रुपमा सुसज्जितको परिभाषा गरिए तापनि अन्य कर्मचारीको आवासको सम्बन्धमा परिभाषित गरिएको छैन । मन्त्रालयबाट कर्मचारीको लागि घरभाडामा लिँदा तहगत रुपमा व्यहोरिने खर्चको सीमाको नीतिगत निर्णय गरेको देखिएन । यो वर्ष विभिन्न दूतावास तथा नियोगको लागि कार्यालय एवं कर्मचारी आवासका लागि लिएको घरको भाडाबापत रु.३३ करोड ४० लाख १ हजार खर्च गरेको छ । राजदूत एवं नियोग प्रमुखबाहेक अन्य कर्मचारीहरुको लागि भएको घरभाडा खर्च रकम कर्मचारीको मासिक वैदेशिक भत्तासँग तुलना गर्दा ७५ प्रतिशतदेखि अधिकतम २७० प्रतिशतसम्म रहेको देखियो । यस सम्बन्धमा स्पष्ट नीति नबनाई तजबिजी आधारमा खर्च लेख्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

११. **विविध खर्च –** आर्थिक कारोबारसम्बन्धी निर्देशका, २०६० को दफा १४ मा विविध खर्च स्वीकृत रकममध्येबाट नियोगका अधिकृत कर्मचारीहरुलाई कूटनैतिक सम्बन्ध सुदृढ गर्ने गरी जिम्मेवारी वहन गर्न अतिथि सत्कार गर्दा खर्च गर्नसक्ने गरी कर्मचारीको दर्जा तथा जिम्मेवारी तोकी मन्त्रालयलाई अनिवार्य जानकारी दिनुपर्ने व्यवस्था छ ।

यो वर्ष ९ दूतावासले स्वागत समारोह आयोजना समेतमा मन्त्रालयलाई पूर्व जनकारी नदिई विविध खर्चमा रु.३३ लाख ९७ हजार निकासाभन्दा बढी खर्च गरेको देखियो ।

१२. **सेक्युरिटी डिपोजिट –** आर्थिक कारोबारसम्बन्धी निर्देशिका, २०६० को दफा १७ मा स्थानीय प्रचलनअनुसार घरभाडामा लिँदा राखेको धरौटीको लगत राखी असार महिनाको सेस्तासाथ विवरण संलग्न गर्नुपर्ने उल्लेख छ । यो वर्ष १४ दूतावास तथा नियोगले घरभाडामा लिँदा रु.१ करोड ३१ लाख २७ हजार धरौटी राखेकोमा पेश्की जनाएको वा लगत राखेको देखिएन ।

१३. **क्षतिपूर्ति –** वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकहरु विभिन्न घटनामा परी शारीरिक रुपमा क्षति पुगेमा एवं मृत्य भएमा निज कार्यरत रहेको कम्पनीबाट निजका हकदारले पाउने गरी दूतावास मार्फत क्षतिपूर्ति पठाउने गरेको छ । यो वर्ष विभिन्न दूतावासले रु.१८ करोड ९४ लाख ३२ हजार क्षतिपूर्ति रकम भुक्तानी गर्न मन्त्रालयमा पठाएको मध्ये रु.१४ करोड ४२ लाख १५ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाएको र रु.४ करोड ५२ लाख १७ हजार मन्त्रालयमै मौज्दात रहेको छ ।

जिल्ला प्रशासन कार्यालयलाई रकम पठाएको पत्रमा कानूनी हकदारलाई क्षतिपूर्ति बुझाईएको भरपाई पठाउन अनुरोध गरेकोमा रकम बुझाएको भरपाई सेस्तासाथ राखेको छैन । मन्त्रालयले मौज्दात रकमको व्यक्तिगत अभिलेख राखेको छैन । पीडित परिवारलाई क्षतिपूर्तिबापत प्राप्त भएको रकम समयमै वितरण हुन सकेको देखिएन । प्राप्त रकमको व्यक्तिगत लगत राखी समयमै वितरण गर्ने व्यवस्था गर्नुपर्दछ ।

१४. **कर –** आयकर ऐन, २०५८ को अनुसूची १ मा विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम कर योग्य आयबाट घटाई बाँकीमा कर गणना गरिने व्यवस्था छ ।

ऐनको व्यवस्थाअनुसार २५ प्रतिशत वैदेशिक भत्ता भुक्तानीमा लाग्ने कर ३२ नियोगले कट्टी नगरेको रु.१ करोड ६० लाख २१ हजार असुल गर्नुपर्दछ ।

१५. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा एक कार्यालयबाट रु.६४ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २६ कार्यालयबाट रु.७ करोड २ लाख ६९ हजार सम्परीक्षणको क्रममा रु.१३ करोड २६ लाख ९६ हजारसमेत रु.२० करोड ३० लाख २९ हजार असुल भएको छ ।

१६. **पेश्की –** मन्त्रालय मातहतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ८ कार्यालयको रु.२ करोड ४७ लाख ५५ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.२ करोड ४७ लाख ५५ हजार म्याद नाघेको छ ।

१७. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

१७.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयहरुमा यो वर्ष रु.२९ करोड ८२ लाख ६३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ करोड ६४ लाख ७४ हजार फछ्यौंट गरेकोले रु.१८ करोड १७ लाख ८९ हजार बाँकी रहेको छ ।

१७.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.९७ लाख ४९ हजारसमेत प्रतिवेदन अवधिसम्मसम्म रु.१८ करोड ५२ लाख १८ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१७.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.९३ लाख ७५ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल रु.१९ करोड ४५ लाख ९३ हजार फछ्यौंट भएको छ ।

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मन्त्रालय र मातहत समेत ८ कार्यालयको विनियोजनतर्फ रु.४८ करोड ९४ लाख ४१ हजार, राजस्वतर्फ रु.२४ करोड ३८ लाख ४१ हजार, धरौटीतर्फ रु.३ करोड ८२ लाख ९९ हजार गरी रु.७७ करोड १५ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था, समिति र अन्य संस्था ६ को रु.१८ अर्ब ६ करोड ८६ लाख २४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्षपनि सुधार भएको पाइएन:

१.१ पर्यटन ऐन, २०३५ को व्यवस्थाअनुसार होटल, रेस्टुरा, रिसोर्ट, ट्राभल, ट्रेकिङ्ग कम्पनीहरुले आफ्नो व्यवसाय सञ्चालनको लागि सवारीसाधन, सजावटका सरसामान र अन्य मालसामान आयात गर्दा पर्यटन मन्त्रालयको सिफारिसमा भन्सार महसुल सहुलियत उपलब्ध गराइएकोमा सुविधा उपयोगको सुनिश्चित गर्न लगत राखी अनुगमन गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा गत वर्षमा नै सुधारात्मक कदम चालिने जवाफ प्राप्त भए तापनि सुधार भएको छैन ।

१.२ मन्त्रालयको लागि विनियोजित बजेट अन्य मन्त्रालय मातहतको कार्यालयहरुलाई अख्तियारी दिई खर्च गराउँदा सूचना सम्प्रेषण, अनुगमन, मूल्याङ्कन र जवाफदेही पक्षमा प्रतिकुल असर पर्ने हुँदा सो मन्त्रालयकै सचिव मार्फत अख्तियारी दिने व्यवस्था गर्नुपर्ने व्यहोरा उल्लेख गरिएकोमा यो वर्षपनि १२ जिल्ला विकास समितिलाई २ कार्यक्रमबाट रु.७ करोड ७० लाख ८ हजार सीधै अख्तियारी दिएबाट सुझाउ कार्यान्वयन भएको देखिएन ।

१.३ मन्त्रालयले मातहत कार्यालयहरुको ३१ इकाईको रु.४६ लाख १ हजार लेखापरीक्षण गराउन बाँकी रहेको व्यहोरा विगतका वार्षिक प्रतिवेदनमा समावेश गरिएकोमा यो वर्षपनि लेखापरीक्षणको लागि स्रेस्ता पेश हुन आएन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गरिनुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **पर्यटन नीति** – पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा स्वरोजगार सिर्जना गरी गरिवी निवारण एवं जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न, प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाको खोज, संरक्षण सम्बर्द्धन तथा विकास गरी पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्न, सुरक्षित तथा नियमित हवाई तथा स्थल यातायातको माध्यमबाट पर्यटन क्षेत्रको विकास एवं प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्दै पर्यटकीय पूर्वाधार विकास गर्ने उद्देश्यले पर्यटन नीति, २०६५ जारी भएको हो । सो नीतिको कार्यान्वयनको स्थिति निम्नानुसार देखिएको छ:

२.१ नीतिमा पर्यटन उद्योगले उपलब्ध गराउने सेवाको क्षमताको आधारमा ठूला, मझौला र साना उद्योगमा वर्गीकरण गरिने, पर्यटनले कुल गार्हस्थ उत्पादनमा पुऱ्याएको योगदान यकिन गर्ने पद्धतिको विकासका लागि स्याटलाईट लेखा प्रणालीको व्यवस्था गरिने उल्लेख भएपनि ती कार्य भएको छैन ।

२.२ मुलुकको अर्थतन्त्रमा विकासको प्रचुर संभावना रहेको पर्यटन क्षेत्रको अवधारणा सहित पर्यटन उद्योगको विकास एवं विस्तार गर्न गुरुयोजना तयार गरी आवधिक योजना तथा वार्षिक कार्यक्रममा समावेश गरिने उल्लेख भए तापनि गुरुयोजना तयार भएको छैन ।

पर्यटन सम्बन्धी सूचनाहरु एकीकृत गरी डिजिटल र अन्य तरिकाले उपलब्ध गराउन सूचना व्यवस्थापन प्रणाली अपनाइने र पर्यटन सम्बन्धी तथ्याङ्कलाई भरपर्दो र अद्यावधिक गराई निर्णय निर्माणको आधार बनाइने उल्लेख छ । मन्त्रालयबाट तदनुरुप सूचना व्यवस्थापन प्रणालीको स्थापना भएको छैन । मन्त्रालयबाट केन्द्रीकृत सूचना तयार गर्न चालू वर्षको कार्यक्रममा समावेश गरिएको र पर्यटकीय तथ्याङ्कलाई अद्यावधिक एवं भरपर्दो बनाउन कार्यनीति तयार गरिने जवाफ प्राप्त भएको छ ।

३. **प्रगति** – त्रिवर्षीय योजना अवधि (२०६४।६५–२०६६।६७) मा ७ लाख पर्यटन आगमन हुने, पर्यटकको औषत बसाई अवधि १३ दिन पुऱ्याउने, ३० करोड अमेरिकी डलरको विदेशी मुद्रा आर्जन गर्ने, कुल गार्हस्थ उत्पादनमा ३ प्रतिशतले योगदान पुऱ्याउने, १ लाख जनशक्तिलाई प्रत्यक्ष रोजगार दिने जस्ता परिमाणात्मक लक्ष्य सहितको कार्यक्रम उल्लेख छ । सोको अद्यावधिक प्रगति स्थिति देखिने अभिलेख मन्त्रालयमा रहेको पाइएन । यसले गर्दा योजनाको वास्तविक प्रगति स्थिति यकिन गरी विश्लेषण गर्ने आधार भएन । सरोकारवालाहरुलाई एकैथलोमा राखी कार्यतालिकाअनुसार कार्य गराउनेतर्फ मन्त्रालयको अग्रणी भूमिका रहेको र केही आइटममा प्रगति न्यून रहेको भएपनि आगामी दिनमा समायोजन गरी प्रगति हासिल गर्नेतर्फ प्रयास जारी रहने जवाफ प्राप्त भएको छ ।

४. **बिदा पर्यटन** – आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मन्त्रालय समेतका निजामती कर्मचारीहरुलाई १५ स्थानमा आन्तरिक पर्यटनमा समावेश गर्न बिदा पर्यटन कार्यक्रम सञ्चालन गरेको छ । यो वर्ष ६० कर्मचारीलाई बिदा पर्यटनमा पठाउँदा र सम्बद्ध अन्य कार्य गर्दा रु.११ लाख खर्च गरेको छ । बिदा कार्यक्रममा सहभागी हुने लक्षित वर्ग, खर्चको मापदण्ड एवं कार्यविधि तयार नगरी मन्त्रालयको पटके निर्णयबाट खर्च गरेको पाइयो । यस सम्बन्धमा आगामी वर्षमा सुधार गर्दै जाने जवाफ प्राप्त भएको छ । बिदा पर्यटनको कार्यविधि तयार गर्नुपर्दछ ।

५. **अनुदान** – अनुदान सम्बन्धी कार्यविधि निर्देशिका, २०६२ ले मन्त्रालयले अनुदान उपलब्ध गराउँदा जिल्ला विकास समिति समेतका संघसंस्थाहरुसँग निर्धारित ढाँचामा सम्झौता गर्नुपर्ने, अनुदान उपयोगको अनुगमन गर्नुपर्ने, अनुदानबाट भएको भौतिक प्रगति सम्बन्धित जिल्ला विकास समितिको सिफारिस सहित मन्त्रालयमा पेश गर्नुपर्ने र अनुदान रकम सोही वर्ष उपयोग गर्न नसके बाँकी रकम मन्त्रालयमा फिर्ता पठाउनुपर्ने व्यवस्था गरेको छ । यो वर्ष ११ जिल्ला विकास समितिलाई पर्यटन पूर्वाधार कार्यक्रमबाट रु.१ करोड १४ लाख र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (रोयल्टी बाँडफाँड) को कार्यक्रमबाट रु.६ करोड ५६ लाख गरी रु.७ करोड ७० लाख सशर्त अनुदान उपलब्ध गराएको छ । मन्त्रालयबाट अनुदानको निकासा नदिई सम्बन्धितलाई खर्च गर्दा पालना गर्नुपर्ने शर्त सहित सोझै अख्तियारी दिएको पाइयो । निर्देशिकामा तोकिएबमोजिम सम्झौता गर्ने, अनुगमन तथा आवधिक प्रतिवेदन लिने र बचत रकम मन्त्रालयमा फिर्ता गर्ने जस्ता कार्य भएको देखिएन । निर्देशिकाबमोजिम कार्य विवरण र अनुगमन नगरेको कारणबाट अनुदानको उपयोग र खर्च बारेमा आश्वस्त हुने आधार देखिएन ।

६. **अनुगमन** – पर्यटन ऐन, २०३५ को दफा १२(१) ले पर्यटनस्तरमा दर्ता भएका होटल तथा रेष्टुरा, लज, रिसोर्ट बारको निरीक्षण, त्यहाँ प्रयोग गरिने खाद्य एवं पेय सामाग्रीको परीक्षण गर्नसक्ने व्यवस्था गरेको छ । यो वर्षसम्म १ हजार १२२ होटल दर्ता भएको प्राप्त विवरणमा उल्लेख छ । मन्त्रालयले होटलहरुको स्तर निर्धारण गर्ने र होटललाई भन्सार सुविधा तथा आयकर छुटको सिफारिस गर्ने कार्य गर्दै आएको छ । यो वर्ष ४० होटल पर्यटनस्तरमा दर्ता भएको, ८ को स्तर निर्धारण एवं नवीकरण र २ होटललाई भन्सार सुविधा सिफारिस गरेको छ । मन्त्रालयले पर्यटनस्तरका होटलहरुको अद्यावधिक नवीकरण स्थिति स्पष्ट हुनेगरी अभिलेख नराखेको र भन्सार सुविधामा पैठारी गरिएको सामाग्री प्रयोगको अवस्थाको अनुगमन गरेको पाइएन । यसबाट राजस्व सुविधाको उपयोगिता बारेमा यकिन गर्नसक्ने आधार भएन ।

७. **कार्यविधि** – आर्थिक वर्ष २०६४।६५ को पर्वतारोहण रोयल्टी रु.२३ करोड ९४ लाख २७ हजारको ३० प्रतिशतले हुने रकममध्ये यो वर्ष रु.७ करोड निकासा लिएको छ । सोबाट कुल रोयल्टीको १ प्रतिशत

सम्मको रकम रु.२३ लाख ९२ हजार मन्त्रालयको कार्य सञ्चालन कोषको लागि कट्टी गरी बाँकी रु.६ करोड ७६ लाख ८ हजार २०६७।३।३० को निर्णयले हिमश्रृङ्खला भएका १२ जिल्ला विकास समितिलाई निकासा दिई खर्च देखाएको छ । जिल्ला विकास समितिलाई पठाएको रकमको यथार्थ खर्चमात्र आर्थिक विवरणमा उल्लेख गर्नुपर्नेमा निकासा रकम पूरै खर्च देखाएकोले आर्थिक विवरणले खर्चको यथार्थ चित्रण गर्दैन । साथै अर्थ मन्त्रालयको २०६५।५।३ को परिपत्रानुसार मन्त्रालयमा कुनैपनि किसिमको कोष खडा गर्न बन्देज लगाएको अवस्थामा पर्वतारोहण शुल्कबापतको रकमबाट कार्यसञ्चालन कोषमा सारेको रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

संगठित संस्था, समिति र अन्य संस्थातर्फ

नेपाल नागरिक उड्डयन प्राधिकरण

नेपालमा नागरिक उड्डयनको विकास एवं विस्तार गर्न तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन र हवाई परिवहन सेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अन्तर्गत २०५५ मा स्थापित यस प्राधिकरणको २०६५।६६ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न छन्:

८. **सञ्चालन नतिजा** – गत वर्ष आयकर व्यवस्था अघिको मुनाफा रु.५८ करोड ७७ लाख ७४ हजार देखाएकोमा यो वर्ष रु.१ अर्ब ४२ करोड ५० लाख ६५ हजार नोक्सानी देखाएको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.३२ करोड ८१ लाख ८४ हजार भएकोमा यस वर्षसम्म कुल सञ्चित नोक्सान रु.१ अर्ब ५७ करोड ८२ लाख ४७ हजार पुगेको छ ।

९. **जिम्मेवारी –** २०५५।९।१७ मा छुट्टै स्वशासित संस्थाको रुपमा गठन भएदेखि प्राधिकरणले सम्पत्ति तथा दायित्वको स्थिति दर्शाउने वित्तीय विवरण तयार गर्नसकेको छैन । यो वर्षपनि गत वर्षको प्रोभिजनल वासलातका आधारमा शुरु मौज्दात जिम्मेवारी सारेको हुँदा वित्तीय विवरणमा देखाएका जिम्मेवारी मौज्दात रकम यकिन गर्नसकिने स्थिति छैन ।

१०. **शेयर पूँजी** – साधारण शेयर रु.९ अर्ब ३ करोड १२ लाख ४६ हजार, विमानस्थल निर्माणको लागि प्राप्त रु.१४ करोड १० लाख १६ हजार, धनगढी विमानस्थलको लागि प्राप्त रु.६ करोड ७५ लाख, अन्य विमानस्थलको लागि प्राप्त रु.६७ करोड ८८ लाख ५० हजार समेत रु.९ अर्ब ९१ करोड ८६ लाख १२ हजारको शेयर पूँजी कायम गरेकोमा सोको शेयर प्रमाणपत्र जारी गरेको देखिएन ।

११. **स्थिर सम्पत्ति** – गत वर्षसम्म परल मूल्य रु.१६ अर्ब ६४ करोड ६९ लाख ७५ हजारको स्थिर सम्पत्ति रहेकोमा यो वर्षको थप रु.४४ करोड २९ लाख १ हजार समेत रु.१७ अर्ब ८ करोड ९८ लाख ७६ हजारमध्ये ह्रास खर्च रु.७ अर्ब ७४ करोड ६० लाख ९० हजार कटाई रु.९ अर्ब ३४ करोड ३७ लाख ८६ हजारको स्थिर सम्पत्ति रहेको छ ।

११.१ स्थिर सम्पत्ति खाता नराखी जिन्सी अभिलेखसम्म राखेको छ । स्थिर सम्पत्तिको विवरणसम्म पनि तयार नगरेकोले सम्पत्ति रहेको स्थान, खरिद तथा प्राप्ति मिति, ह्रासकट्टी लगायतका विषयहरु अन्यौलपूर्ण छ । प्राधिकरणको स्वामित्वमा रहेको सवारीसाधन र सोको प्रयोग सम्बन्धी अभिलेख राखेको देखिएन । एक कार्यालयको स्वामित्वमा रहेको स्थिर सम्पत्ति तथा सवारीसाधन अन्यत्र कार्यालयले प्रयोग गर्ने गरेको समेत देखिएको छ । सम्पत्तिको यथार्थ अवस्था यकिन गरी निश्चित आधारमा मूल्याङ्कन गरी सम्पत्तिको मूल्य नदर्शाएको एवं भौतिक परीक्षण समेत नगराएकोले सम्पत्तिको अस्तित्व र मूल्य यकिन गर्न नसकिएको व्यहोरा गत विगत वर्ष समेत उल्लेख गरेकोमा स्थिति यथावत छ ।

११.२ सम्पत्ति मूल्याङ्कनका लागि एशियाली विकास बैङ्कको प्राविधिक सहायतामा सञ्चालित संस्थागत सुदृढीकरण कार्यक्रम अन्तर्गत २०५४ मा नियुक्त परामर्शदाताले २०५३।५४ को किताबी मूल्य रु.९ अर्ब ६५ करोड १८ लाख ९ हजारलाई रु.१४ अर्ब ४२ करोड १७ लाख ५८ हजारको सम्पत्ति कायम गरी प्रतिवेदन दिएकोमा

नेपाल सरकारको २०५९।११।१९ को निर्णयले गठित कार्यटोलीबाट सरकारले प्राधिकरणलाई हस्तान्तरण गरेको सम्पत्तिको कुल मूल्य रु.१३ अर्ब १२ करोड ८६ लाख ५३ हजार कायम गरेको थियो । सो मूल्याङ्कनमा गणितीय त्रुटी भएको उल्लेख गरी रु.२ अर्ब १ करोड ९८ लाख ७८ हजार घटाई प्राधिकरणले रु.११ अर्ब १० करोड ८७ लाख ७५ हजारको मूल्य कायम गरेको छ । सोमा जापान सरकारबाट प्राप्त राडारको वस्तुगत मूल्य रु.५८ करोड २४ लाख ७२ हजार र फ्रेन्च प्रोटोकल ८९७ को रु.१६ करोड १० लाख ४५ हजार समेत थपी रु.११ अर्ब ६४ करोड ८६ लाख ७७ हजारको सम्पत्ति देखाएको छ ।

गणितीय त्रुटी भएको, सरकारको निर्णयमा पुनरावलोकन नभएको, सम्पत्तिको मूल्याङ्कन यथार्थ नभएको, अस्तित्वमा नै नभएको सम्पत्तिको समेत मूल्य कायम भएको, कतिपय सम्पत्तिको दोहोरो मूल्य कायम भएको आदि कारणले उपर्युक्त मूल्याङ्कन विश्वसनीय भएको पाइएन । यस सम्बन्धमा विगतका प्रतिवेदनमा समेत उल्लेख गरी सम्पत्तिको मूल्याङ्कन निश्चित आधारमा गर्न सुझाउ दिएकोमा स्थिति यथावत रहेको पाइयो ।

११.३ हकभोगमा रहेका कतिपय जग्गा जमीन र सवारीसाधनहरु सरकारबाट नामसारी भएको छैन । नेपाल सरकारले २०५९।११।१९ मा जग्गाको भोगाधिकारमात्र दिने निर्णय गरेको छ । त्रिभुवन विमानस्थल सुधार आयोजना कम्पाउण्ड परिसरमा सशस्त्र प्रहरीले आफ्नो कार्यालय राखेको देखियो । प्राधिकरणले आफ्नो सम्पत्तिको संरक्षण गर्न पर्याप्त पहल गर्नसकेको देखिएन । भोगाधिकारमात्र प्राप्त भएका जग्गा र प्राधिकरणको स्वामित्वमा आई नसकेका सवारी साधनहरुलाई सम्पत्तिमा लेखाङ्कन गरी सोबापतको रकम सरकारको शेयर एवं ऋण लगानी हिसाबमा देखाउनु उपयुक्त देखिँदैन ।

११.४ सशस्त्र द्वन्द्वको समयमा क्षति भएका स्थिर सम्पत्तिहरुको विवरण सङ्कलन गरी सम्पत्ति हिसावमा समायोजन नगर्नाको अतिरिक्त संभावित हानी नोक्सानीको लागि स्थिर सम्पत्तिको बीमा गराउने गरेको छैन । क्षतिको जोखिम न्यूनीकरण गर्न मूल्यवान सम्पत्तिहरुको बीमातर्फ व्यवस्थापनले आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

११.५ विगत वर्षदेखि आयोजना सम्पन्न भै प्रयोगमा आइसकेका कतिपय विमानस्थलमा भएका खर्च समेत कार्यसम्पन्न प्रतिवेदन वा जाँचपास प्रतिवेदनको अभावमा पूँजीकरण नगरी निर्माणाधीन अवस्थाको कार्य प्रगतिमा देखाएको छ । कार्य प्रगतिमा समावेश सम्पत्तिहरु क्षति भैसकेको तथा उपयोगको क्रममा हुने ह्रास खर्च समेत लेखाङ्कन नभएकोले वासलातमा प्रस्तुत सम्पत्तिले यथार्थ अवस्था दर्शाउँदैन ।

११.६ साविक हवाई विभागको सम्पत्ति यस प्राधिकरणको नाममा परिणत हुँदा स्पष्ट मूल्याङ्कन नगरी हस्तान्तरण गरिएको र सो सम्पत्तिको मूल्याङ्कनको लागि प्राधिकरणको विभिन्न बोर्ड बैठकबाट मूल्याङ्कन र पुनरावलोकन सम्बन्धमा हरेक वर्ष छलफल गरिए तापनि सम्पत्तिको यथार्थता पत्ता लगाउने सम्बन्धमा प्रगति भएको देखिएन ।

१२. **भण्डार व्यवस्थापन** – भण्डार व्यवस्थापनमा देखिएका व्यहोरा निम्न छन्:

१२.१ केन्द्रीय कार्यालय अन्तर्गतका विभागहरुको लागि छुट्टै बजेट व्यवस्था गरी विभागीय प्रमुखहरु मार्फत खर्च हुँदै आएको छ । ती विभागहरुबाट खरिद भएका खर्च नहुने पूँजीगत सामानहरुको अभिलेख एउटै जिन्सी खातामा राखे तापनि आयगत खर्च शीर्षकबाट खरिद गरेका सामानहरुको उप–शीर्षकअनुसार छुट्टाछुट्टै जिन्सी खाता प्रयोग गरेको छ । एकै प्रकृतिका सामानको छुट्टाछुट्टै जिन्सी खातामा प्रयोग गर्नेगरेकोले वर्षान्तमा मौज्दात कायम गर्न समेत कठिनाई हुने देखिएकोले एकरुपताको लागि एउटा कार्यालयमा एउटामात्र जिन्सी खाता हुनुपर्ने व्यहोरा विगत वर्षको प्रतिवेदनहरुमा उल्लेख गरिएपनि स्थिति यथावत छ ।

१२.२ स्टोरमा उपलब्ध धेरै समानको वास्तविक परिमाण यकिन गरेको छैन । उड्डयन तथा सञ्चार उपकरण एवं स्पेयर सामानको उचित व्यवस्थापनका लागि प्रकृतिका आधारमा चल्ति, कम चल्ति र बेचल्ति वर्गीकरण गरी सोही अनुरुप खरिद योजना तयार गरी खरिद गर्नुपर्नेमा सो हुनसकेको छैन । इकाई कार्यालयहरुमा भण्डारण गरिएका उड्डयन तथा सञ्चार उपकरणका सामग्रीहरुको व्यवस्थापन गर्न दक्ष जनशक्ति तथा सो भण्डार सञ्चालनको लागि विद्यमान संगठन संरचनामा व्यवस्था गरेको देखिँदैन । वार्षिक करोडौँको जिन्सी

सामान खरिद गर्ने, खर्च लेख्ने, मर्मत गराउने तथा पुराना सामानको लगत राख्ने कामको लागि उपयुक्त दरबन्दी सिर्जना गरी जिन्सी व्यवस्थापनको लागि दक्ष जनशक्ति तयार गर्न ध्यान जानुपर्ने देखिन्छ ।

१२.३ प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ मा खर्चको लेखाङ्कन गर्दा सो खर्चका सामान प्रयोग सम्बन्धमा स्पष्ट विवरण खुलाउनुपर्ने व्यवस्था उल्लेख छ । इकाई कार्यालयहरुले स्टोरबाट निष्काशन गरेको सामान उपयोग गरिने स्थान र प्राविधिक सम्भाव्यता, सञ्चालन र सम्भारको जनशक्ति आपूर्तिको सुनिश्चितता गर्ने गरेको छैन । हस्तान्तरण गरिएका सामान तोकिएको स्थानमा प्रयोग एवं खपत भएको छ छैन सो देखिने अभिलेख राख्ने गरेको छैन । स्टोरबाट सामान जारी तथा हस्तान्तरण हुनासाथ कार्यसम्पन्न भएको जनाई खर्च प्रमाणित गर्ने गरेको छ ।

१२.४ टिकापुर नागरिक उड्डयन कार्यालयको जिन्सी सामान गायब भएको सम्बन्धमा इलाका प्रशासन कार्यालय, टिकापुरबाट जाँचबुझ गराई प्रतिवेदन तथा मुचुल्का लिई आउन नेपालगन्ज नागरिक उडड्यन कार्यालयले २०६५।११।११ मा एक कर्मचारीलाई खटाएकोमा मुचुल्का तथा प्रतिवेदन पेश भएन । यस विषयमा प्रधान कार्यालयबाट जाँचबुझ गर्नु गराउनु पर्ने देखियो ।

१२.५ केन्द्रीय कार्यालयको जिन्सी लेजरमा अप्टिकल स्क्वायर, अल्टिमिटर, अग्नि लेभल जस्ता सामानहरुको खरिद मिति र मूल्य नखुलाई नाम र परिमाणमात्र उल्लेख गरेको देखियो ।

१२.६ व्यक्तिगत प्रयोगमा आउने क्यामेरा, कम्प्युटर, मोवाइल जस्ता सामानको व्यक्तिगत सहायक जिन्सी रजिष्टर राखे तापनि सम्बन्धित व्यक्तिलाई बुझाएको देखिएन ।

१२.७ केन्द्रीय कार्यालयले कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतको बजार मूल्यभन्दा लागत मूल्य बढी भएकोले बजार मूल्यलाई आधार मानी सोमा ह्रास कट्टी गरी कायम हुन आउने मूल्यलाई न्यूनतम मूल्य कायम गरी लिलाम गर्ने निर्णय गरेको देखियो । फरक फरक स्पेसिफिकेशन र गुणस्तरका सामानलाई पनि समान दरमा बजार मूल्य कायम गरेको देखियो ।

१२.८ कानूनी आधार र प्रमाणित अभिलेख बेगर रु.३५ करोड ५९ लाख ५२ हजार मार्गस्थ मौज्दात देखाएको छ ।

१३. **राजस्वको विवरण** – वायुयान सञ्चालन अनुमति तथा प्रमाणपत्र नवीकरण, वायुयान दर्ता, नामसारी, दर्ता खारेजी लगायतका कार्यबाट राजस्व प्राप्त गर्दा राजस्व दर, पार्टीको नाम, अवधि र विदेशी मुद्रा भए विनिमय दर समेत खुलेको विवरण स्रेस्तासाथ संलग्न गर्नुपर्नेमा बैङ्क दाखिला भौचरमात्र संलग्न गर्ने गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको राजस्व शाखाले पनि पर्याप्त सूचनाहरु उल्लेख नगरी बिलिङ्ग गर्ने गरेको छ ।

एक अन्तर्राष्ट्रिय वायुसेवाबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरभित्र सञ्चालन गरेको एक्जुकेटिभ लौन्जको घरबहालको अतिरिक्त बिक्री आयको १५ प्रतिशत रोयल्टी लिने गरेको छ । तर एक होटलले घरबहालमा लिइ सञ्चालन गरेको एक्जुकेटिभ लौन्जको बिक्रीमा रोयल्टी बुझाउनुपर्ने व्यवस्था गरेको छैन ।

१४. **बक्यौता** – वासलातको अनुसूची ७ मा ६ महिनाभन्दा बढी समयसम्म प्राप्त नभएको असामी रु.१ अर्ब ४० करोड ९३ लाख ३१ हजार देखाएको छ । उठ्न बाँकी रकमको विस्तृत विवरण तथा सम्बन्धित पक्षको समर्थनपत्र पेश भएन ।

१५. **असामी –** वासलातको अनुसूची– ७, अन्य आसामीमा रु.१ अर्ब ३४ करोड ३५ लाख ५ हजार देखाएको छ । उक्त रकम असुल गर्न प्रभावकारी अग्रसरता देखाएको पाइएन । व्यापारिक तथा अन्य प्राप्य रकम असुलीको लागि ठोस तथा व्यावहारिक कार्ययोजना बनाई उठ्न नसक्ने रकमको हकमा शंकास्पद आसामीको व्यवस्था गरी आम्दानी रकमलाई व्यवस्थित गर्नुपर्ने देखियो ।

१५.१ विमानस्थल दस्तुर नियमावली, २०३८ को नियम १७(४) मा वायुसेवाले बुझाउनुपर्ने दस्तुर बिल प्राप्त गरेको मितिले १५ दिनभित्र बुझाउनुपर्ने उल्लेख छ । सो म्यादभित्र दस्तुर नबुझाएमा म्याद नाघेको १५ दिनसम्म १०, ३५ दिनसम्म १५ र ७० दिनसम्म २० प्रतिसतका दरले थप विलम्ब दस्तुर बुझाउनु पर्ने र नियम १८

बमोजिम उडानमा रोक लगाउन सकिने व्यवस्था भएकोमा विमानस्थल कार्यालयहरुले सोबमोजिम बक्यौताको छानबिन गर्ने, विलम्ब दस्तुर असुल गर्ने तथा उडानमा रोक लगाउने गरेको पाइएन ।

१५.२ वर्षान्तमा कर्मचारी, संस्था तथा आपूर्तिकर्ताका नाममा रु.६४ करोड २० लाख ३८ हजार पेश्की बाँकी देखिएको छ । सो रकममा आपूर्तिकर्ता तथा अन्य पेश्की रु.१८ करोड ७९ लाख ११ हजार समेत समावेश छ । आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ को नियम ५.५ बमोजिम कारबाही गरी म्याद नाघेको अवधिबाट वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गरी पेश्की फछ्यौंट गर्नुपर्ने देखिएको छ ।

१५.३ सामान खरिदको लागि बोलपत्र सम्झौताका शर्तबमोजिम प्रतितपत्र खोल्ने र तोकिएको सामान प्राप्त भएपछि प्रतितपत्र बन्द गर्नुपर्नेमा गत विगतदेखिको प्रतितपत्र पेश्की रु.३४ करोड ४८ लाख ८२ हजार देखाएको छ ।

१५.४ गत वर्षसम्म कानूनी निकायबाट प्राप्त धरौटी रु.७० लाख १८ हजार देखाएकोमा यो वर्ष रु.१५ हजार थप भई रु.७० लाख ३३ हजार पुगेको छ । उक्त धरौटीको विस्तृत विवरण तयार गरी कानूनी कारबाहीको अन्तिम किनारा लागिसकेको धरौटी रकम यकिन गर्नुपर्दछ ।

१५.५ नेपाल सरकारबाट फिर्ता प्राप्त गर्नुपर्ने सुरक्षा खर्चबापत रु.१४ करोड ४५ लाख ४२ हजार नेपाल सरकारको अभिलेखसँग भिडान गरी फिर्ता प्राप्त गर्न पहल गरेको देखिएन ।

१५.६ सञ्चालनमा नरहेको एक वायुसेवा सञ्चालकले प्रतिवर्गमिटर ७५० का दरले भाडामा लिएको १ हजार ७५३ वर्गमिटरको विभिन्न कोठाहरुको यस वर्षको भाडा रु.१३ लाख १५ हजार असुल गरेको पाइएन ।

१६. **दायित्व** – विस्तृत विवरण, प्रमाण तथा खुलासा बेगर वासलातमा विविध साहू रु.६९ लाख ५६ हजार, भुक्तानी दिनुपर्ने बिल रु.३५ लाख ६४ हजार, अग्रिम भुक्तानी र छुट रु.९ लाख ३४ हजार देखाएको छ ।

१६.१ हवाई विभागतर्फको असुली जनाई दायित्वमा देखाएको रु.५ करोड ३७ लाख ५३ हजारको सम्बन्धमा लेखा टिप्पणीमा उक्त रकम पुरानो बेरुजूमध्ये राजस्व खातामा जम्मा गरी बाँकी हुन आएको व्यहोरा उल्लेख गरेको छ । उक्त रकम यथाशीघ्र सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

१६.२ नेपाल सरकारको पेश्की फछ्यौंट जनाई तिर्नुपर्ने चालू दायित्वमा देखाएको रु.४ करोड ५९ लाख ११ हजार नेपाल सरकारको अभिलेखसँग भिडाई यथाशीघ्र हिसाब राफसाफ गर्नुपर्ने देखियो ।

१७. **अग्राधिकार शेयर –** यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छ:

१७.१ नेपाल सरकारको २०५५।०९।१६ को निर्णयानुसार २०५८।६।१६ देखि १०.५० प्रतिशतका दरले लाभांश भुक्तानी गर्ने शर्तमा लिईएको रु.१ अर्ब ३३ करोडको सञ्चितसोध्य अग्राधिकार शेयरलाई मन्त्रिपरिषद्को २०६६।८।२३ को निर्णयानुसार दीर्घकालीन ऋण कायम गरेको व्यहोरा लेखासँग सम्बन्धित टिप्पणी र आदेशमा उल्लेख छ । शेयर तथा ऋणको प्रमाणपत्र जारी नगरेको सन्दर्भमा उल्लेखित रकम शेयर वा ऋण हो भन्ने सम्बन्धमा नेपाल सरकारनै द्विविधामा रहेको प्राधिकरणको वित्तीय प्रतिवेदनबाट देखिन्छ ।

१७.२ नेपाल नागरिक उड्डयन प्राधिकरण ऐनमा ऐन प्रारम्भ भएको मितिसम्मको ऋण तथा सोको ब्याज नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख भएको तथा सहायक ऋण सम्झौतामा सम्झौता भएको मितिभन्दा पहिले प्राप्त ऋण सम्बन्धमा केही उल्लेख भएको पाइएन । प्राधिकरण स्थापना हुनुभन्दा पहिलेका सम्पूर्ण सम्पत्ति रु.११ अर्ब १० करोड ८७ लाख ७५ हजार शेयर पूँजीभित्र समावेश भैसकेको आधारमा डिसेम्बर १९९८ सम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजनाको लागि प्राप्त ऋण रु.४५ करोड ३० लाख १४ हजार तथा सोको ब्याज रु.२ करोड ८७ लाख ७७ हजार र ओपेकबाट सोही आयोजनाको लागि प्राप्त ऋण रु.२ करोड ८४ लाख १४ हजार तथा ब्याज रु.३ लाख ९३ हजार वासलातमा समावेस नगरेको व्यहोरा लेखासँग सम्बन्धित टिप्पणीहरुमा उल्लेख छ । वासलातमा शेयर पूँजी रु.९ अर्ब ९१ करोड ८६ लाख १३ हजारमात्र उल्लेख गरेको छ ।

१८. **आन्तरिक नियन्त्रण** – आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१८.१ यो वर्ष कर्मचारी तलबमा रु.१५ करोड ९५ लाख ३६ हजार खर्च भएको छ । कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ मा तलब भत्ता लगायतका सुविधा उपलब्ध गराउँदा तलबी प्रतिवेदन पारित गर्नुपर्ने स्पष्ट व्यवस्था नभएको कारण तलबी प्रतिवेदन पारित गरेको छैन ।

१८.२ कर्मचारीहरुलाई अतिरिक्त समय काम लगाएको उल्लेख गरी रु.८५ लाख ७२ हजार खर्च लेखेको छ । अतिरिक्त समय बसेर गरेको कामको प्रगति एवं हाजिर बेगर अतिरिक्त समय काम लगाउने निर्णय गरेको अवधि पूरैको अतिरिक्त समय भत्ता रकम वितरण गरेको देखियो । अतिरिक्त समय बसी काम गर्ने कर्मचारीहरुको निरीक्षण तथा सुपरीवेक्षण समेत गरेको पाइएन ।

१८.३ प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ को नियम ३.३.४(क) मा वित्तीय कारोबारको लेखा तथा स्रेस्ता व्यावसायिक सिद्धान्तअनुसारको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । केन्द्रीय कार्यालयले व्यावसायिक सिद्धान्तअनुसारको एकीकृत आय विवरण, वासलात, नगद प्रवाह विवरण तथा अनुसूचीहरु बनाउने कार्यको थालनी गरे तापनि इकाई कार्यालयले सोबमोजिमका वित्तीय विवरणहरु तयारी नगरी सन्तुलन परीक्षणमात्र पेश गरेबाट ती कार्यालयहरुको वास्तविक सम्पत्ति, दायित्व, पूँजी, तथा जिन्सी मौज्दात सम्बन्धमा यकिन गर्न सकिएन ।

१९. **सेवा करार** – भर्ना सम्बन्धी कानूनी प्रक्रिया नपुऱ्याई प्रत्येक वर्ष विभिन्न सेवा प्रदायकबाट कम्प्युटर अपरेटर, सवारी चालक, राजस्व सहयोगी, पाले पहरेदार, उद्घोषिका आदि पद/नाम दिई निरन्तररुपमा कार्यालयको काममा लगाएको पाईन्छ । यसरी आपूर्ती गरेका व्यक्तिहरुलाई तोकिएको पद/नामले गर्नुपर्ने कार्य नगराई लेखा, प्रशासन, तथा प्राविधिक काममा समेत लगाएको देखियो । प्राप्त विवरणअनुसार प्रधान कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय लगायतमा सेवा करारमा रहेका २९४ कर्मचारीको लागि रु.२ करोड ९० लाख २४ हजार खर्च भएको छ । यस्तो खर्च गर्न मिल्ने प्राधिकरणको ऐन नियममा व्यवस्था भएको देखिएन ।

२०. **भ्रमण खर्च –** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(६) मा काज खटिएका पदाधिकारीले ७ दिनभन्दा बढी दैनिक भत्ताको ५० प्रतिशत रकममात्र पाउने व्यवस्था भएकोमा ३ कार्यालयले आठौँ दिनपछिको समेत पूरै दिनको दैनिक भत्ता दिई रु.६ लाख ३ हजार खर्च लेखेकोले असुल गर्नुपर्दछ ।

२१. **बक्यौता** – एसियाली विकास बैङ्कको ऋण सहयोगमा निर्मित कार्गो कम्प्लेक्स निर्माण सम्पन्न भएदेखिनै त्रिभुवन विमानस्थल भन्सार कार्यालयले उपयोग गरी आएकोमा सोको शुरुदेखिको बहाल बुझाएको छैन । सो ऋणको साँवा र ब्याज प्राधिकरणले वर्षेनी भुक्तानी गर्दै आएको छ । त्यस्तै टर्मिनल भवन र सो भवनका कोठा, हल र फर्निचर लगायतका सामानहरु अध्यागमन विभाग तथा अन्य विभिन्न सरकारी निकायले प्रयोग गरेबापत ती निकायलाई टर्मिनल बहाल तथा अन्य सुविधा उपयोग गरेबापत वर्षेनी बिलिङ्ग गर्दै आए तापनि ती निकायले रकम भुक्तानी गरेका छैनन् । कार्गो कम्प्लेक्स प्रयोगबापत भन्सार कार्यालयबाट वार्षिक रु.६ करोड ९१ लाख ४२ हजारले २०६६ आषाढसम्म रु.५२ करोड ८५ लाख ८४ हजार असुल गर्न बाँकी देखिएको छ । विमानस्थल दस्तुर नियमावली, २०३८ बमोजिम लाग्ने विलम्ब शुल्क समेत असुल गर्न कारबाही गर्नुपर्ने देखिन्छ ।

विमानस्थल दस्तुर नियमावली, (संशोधन सहित) २०३८ मा विमानस्थल क्षेत्रभित्र मालसामानको प्रबन्ध गरेबापत लाग्ने दस्तुर अनुसूची– ४(क) को ५ मा उल्लेख भएअनुसार एक्सप्रेस कुरियर ब्याग, पार्सल र कार्गोको लागि प्रतिके.जी.रु.५।– वा एकसय रुपैँयामध्ये जुन बढी हुन्छ सो असुल गर्नुपर्ने व्यवस्थाअनुसार हरेक महिनामा कुरियर एजेन्सीअनुसारको निजले निर्यात वा आयात गरेको सामानको तथ्याङ्क तयार गरी सो आधारमा बिलिङ्ग गर्दै जानुपर्नेमा सोअनुसार नगरी सम्बन्धित एजेन्सीले रकम दाखिला गरेको आधारमा कार्गो प्रबन्ध सेवा दस्तुर असुली देखाउने गरेको पाइयो । आयात निर्यात गरेको तथ्याङ्क तयार नगरेकोले ती एजेन्सीहरुबाट प्राप्त गर्नुपर्ने रकम प्राप्त भए नभएको यकिन गर्न सकिने अवस्था छैन ।

२२. **सेवा दस्तुर** – कार्यालय परिसरमा भवन तथा कोठा भाडामा लिएका विभिन्न कार्यालयहरु, व्यापारीहरु, बैङ्कहरु, वायुसेवा कम्पनीहरुबाट मासिकरुपमा विमानस्थल दस्तुर नियमावली, २०३८ बमोजिम असुल गर्नुपर्ने विद्युत, पानी सेवा दस्तुर यो वर्ष असुल गरेको पाईएन ।

२३. **रोयल्टी** – विभिन्न संस्थाहरुसँग विमानस्थल परिसरभित्र वा बाहिर राष्ट्रिय वा अन्तर्राष्ट्रिय विमानसेवा कम्पनी तथा यात्रुहरुलाई सेवा प्रदान गरेबापत प्राप्त हुने आयको ०.५० देखि २५ प्रतिशत रोयल्टी असुल गर्ने गरेको छ । रोयल्टी लिनपाउने कानूनी आधार, व्यवसायको प्रकृति र रोयल्टीको प्रतिसत सम्बन्धमा अपनाइएको मापदण्डको आधार प्रमाण प्रस्तुत हुनसकेन ।

संस्थाहरुले बुझाउनु पर्ने रोयल्टी ती संस्थाहरुको बिक्री कारोबारको आधारमा निर्धारण हुने भएकोले बिक्रीको प्रमाणित विवरण प्राप्त गरी रोयल्टी यकिन गर्नुपर्नेमा त्यस्तो विवरणहरु प्राप्त गर्ने नगरेकोले असुल गरेको रोयल्टी यकिन गर्न सकिएन । यो वर्ष केही संस्थाबाट प्राप्त हुनुपर्ने रोयल्टी समेत प्राप्त भएको छैन । त्यस्तै संस्थाहरुले बिक्रीको फाँटवारी र रोयल्टी महिना भुक्तान भएको १५ दिनभित्र बुझाउनुपर्ने उल्लेख भएपनि ढिलो दाखिला गरेबापत लाग्ने जरिवाना सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले जहिले दाखिला गरेपनि जरिवानाको दायित्वबाट उन्मुक्ति पाउने अवस्था रहेको छ । यसले गर्दा समयमा आय सङ्कलन एवं लेखाङ्कन समेत हुनसकेको छैन । केही सम्झौतामा रकम ढिला बुझाएमा १० प्रतिशत सुद लिने प्रावधान राखेकोमा सोको समेत कार्यान्वयन भएको पाइएन ।

२४. **ठेक्का बन्दोवस्त** – प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ को दफा ९(३) मा यस नियममा नभएको व्यवस्था नेपाल सरकारको प्रचलित आर्थिक नियमबमोजिम हुने व्यवस्था भए मुताविक कार्यालयले रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० बमोजिम ठेक्का व्यवस्था गर्ने गरेको सम्बन्धित ठेक्का फाईलको अध्ययन तथा पदाधिकारीहरुसँगको छलफलबाट जानकारी भएको छ । सोही ऐनले बहूवर्षीय ठेक्कामा नेपाल सरकारको स्वीकृति लिनुपर्ने र शुरु ठेक्का सम्झौताको अवधि ३ वर्षभन्दा पनि बढी कायम गर्नसकिने तर ३ वर्षको सम्झौता भईसकेपछि पुन: सोही सर्त र प्रावधानबमोजिम विना प्रतिस्पर्धा म्याद थप गर्न नसकिने व्यवस्था गरेको छ । कार्यालयले आम्दानीतर्फका सम्पूर्ण ठेक्काहरुमा शुरु ठेक्का बन्दोवस्त गर्दा नेपाल सरकारको स्वीकृति नलिएको तथा ऐनमा म्याद थपको प्रावधान नै नभएको अवस्थामा महाप्रवन्धकको निर्णयबाट पटक पटक म्याद थप गर्ने गरी आएको देखियो । बहुवर्षीय ठेक्का प्रदान गर्दा नेपाल सरकारको स्वीकृति नलिएको तथा म्याद थप गर्न कानूनले नमिल्ने देखिए पनि विना प्रतिस्पर्धा अनधिकृत तवरले म्याद थप गरेको पाईयो । म्याद थपेको निर्णयमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा बेरुजू आएमा सोहीबमोजिम हुनेगरी हाल म्याद थप गर्ने व्यहोरा समेत उल्लेख गर्ने गरेको पाइयो । ठेक्का बन्दनेवस्त सम्बन्धी थप व्यहोराहरु निम्न छन्:

२४.१ सरकारी ठेक्का बन्दोवस्त नियम, २०२० अनुसार सरकारी ठेक्का सामान्यतया ३ वर्षको हुने व्यवस्था रहेकोमा विशेष परिस्थिति नभएको अवस्थामा र रु.१ करोड ४८ लाख ५० हजार बक्यौता असुल गर्न बाँकी रहेकोमा सो रकम समेत असुल नगरी एक कम्पनीसँग तीन वर्षका लागि ठेक्का सम्झौता नवीकरण गरेको देखियो ।

२४.२ उक्त कम्पनीले जेथाजमानी राखेको देवभूमी बालुवा गा.वि.स. ५, काठमाडौंको कित्ता नं.१३९ को रु.१ करोड १ लाख ३३ हजारको ६५ रोपनी ६ आना जग्गाको बक्यौता असुल गर्न बाँकी रहेकै अवस्थामा फुकुवा गरी बैङ्क अफ काठमाडौंको अप्रिल १६, २०१३ सम्म म्याद भएको रु.५० लाख ८३ हजारको बैङ्क ग्यारेन्टी लिई ठेक्का नवीकरण गरेको छ । उक्त ग्यारेन्टी रकमले बक्यौता रकममात्र पनि खाम्न सक्ने अवस्था नरहेकोमा बक्यौता असुल नहुँदै जेथा जमानी फुकुवा गर्ने निर्णय गर्नु उचित देखिएन ।

२४.३ सम्झौताको नवीकरण २०६५।३।१५ देखि ३ वर्षका लागि गरेकोमा उक्त कम्पनीको लेजरअनुसार २०६५।०४।०१ देखि २०६६।०३।३१ सम्मको बिलिङ्ग भई रु.३७ लाख ५७ हजार लिन बाँकी रहेको देखिन्छ । उक्त रकम उठाउन कुनै पहल गरेको देखिएन ।

२४.४ पुरानो सम्झौतामा ११ प्रतिशत र सम्झौता नवीकरण गर्दा १५ प्रतिशत रोयल्टी लिने निर्णय गरेकोमा सोको आधार खुलाएको छैन ।

२४.५ एक ठेकेदारसँग भएको सवारीसाधन विसान ठेक्का सम्झौताअनुसार उक्त क्षेत्रमा शुल्क दररेट प्रष्ट देखिने गरी सूची राखेको पाइएन । विमानस्थल दस्तुर नियमावलीअनुसार मोटरसाईकल र स्कुटरको प्रतिघण्टा रु.२।– तथा कार जीप र टेम्पोको प्रतिघण्टा रु.५।– शुल्क लिने उल्लेख भएपनि ठेकेदारले क्रमश: रु.१०।– र रु.२०।– उठाउने गरेको छ । ठेकेदारले बढी दरले शुल्क उठाउँदा सम्झौता रकम रु.९३ लाख ७६ हजारको समानुपातिक हिसाबले ३ वर्षको रु.४ करोड १ लाख ८२ हजार हुने देखिँदा बढी उठाएको रु.३ करोड ८ लाख ७ हजार निजबाट असुल गर्नुपर्ने देखिन्छ ।

२४.६ प्रि–पेड ट्याक्सी सेवा सञ्चालन गर्ने एक ठेकेदारसँग विगत वर्षको रु.१९ लाख ३३ हजार शुल्क असुल गर्न बाँकी रहेकोमा समेत निजलाई सेवा सञ्चालन गर्न दिएको देखियो । निजसँगको ठेक्का तोडी सो रकम असुल गर्न कारबाही गरेको देखिएन ।

२४.७ सवारीसाधन पार्किङ्ग शुल्क उठाउने कार्यको लागि २०६४।१०।२३ को गोरखापत्रमा न्यूनतम ठेक रकम ३ वर्षको लागि मूल्य अभिवृद्धि कर बाहेक रु.४८ लाख ६ हजार हुने उल्लेख गरी सूचना प्रकाशन गरेकोमा उक्त रकम २०६२।३।२३ मा सोही कार्य गर्ने गरी सम्झौता भएको ठेक अङ्क बराबर रहेको छ । ३ वर्ष पहिलेको सम्झौता भएको रकमलाई न्यूनतम अङ्क कायम गरेकोमा त्यसको पनि ५४ प्रतिशत घटी रु.२२ लाखमा ठेक्का स्वीकृत गरेको देखियो ।

२५. **बहाल आम्दानी –** दुई एयरलाइन्स कम्पनीको एकीकरण भएपश्चात पनि दुबै कम्पनीले कोठा बहालमा लिइरहेको देखिन्छ । सोमध्ये एक कम्पनीले प्रयोग गरेको बहाल रु.२ लाख ९९ हजार असुल गरेको छैन ।

२६. **कर दाखिला** – आयकर ऐन, २०५८ को दफा ८९(४) अनुसार मूल्य अभिवृद्धि कर बीजकको भुक्तानी गर्दा बिल रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा प्राधिकरणले जारी गरेको कर बीजकको सम्बन्धित पक्षले कर सहित पूरै रकम प्राधिकरणलाई भुक्तानी गर्ने गरेको पाइयो । प्राधिकरणले उक्त भुक्तानीको १.५ प्रतिशत कर गणना गरी दाखिला गरेको देखिएन । यस्तो कर रु.१ करोड २४ लाख २१ हजार र सोमा आयकर ऐन, २०५८ को दफा ११९ को ब्याज समेत हिसाब गरी सञ्चितकोष दाखिला गर्नुपर्ने देखियो ।

२७. **ढिलो बिलिङ्ग –** विमानस्थल दस्तुर नियमावली, २०३८ को नियम १७(३) अनुसार नियमित रुपमा सञ्चालित वायुयानको हकमा महिनाको एकपटक हिसाब गरी बुझाउनसक्ने व्यवस्था रहेको छ । विभिन्न एयरलाइन्सहरुको नाममा ४ महिनासम्म ढिलो गरी बिलिङ्ग गरेको पाइयो । समयमा बिलिङ्ग नहुँदा कार्यालयलाई प्राप्त हुने आम्दानी ढिलो प्राप्त भएको छ । त्यस्तो रकम अमेरिकी डलर १ करोड ६१ लाख ८५ हजार रहेको छ ।

२८. **बैङ्क हिसाब समायोजन** – नेपाल इन्भेष्टमेन्ट बैङ्कको चल्ती खाता नं.०१९०१०३००२२२६० को बैङ्क समायोजन विवरणअनुसार रु.१९ करोड ९२ लाख ६२ हजार मौज्दात देखिएकोमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको सन्तुलन परीक्षणमा रु.१९ करोड ७५ लाख ९० हजारमात्र मौज्दात देखाएको पाइयो । फरक देखिएको रु.१६ लाख ७२ हजारमध्ये बैङ्कमा जम्मा भएको तर खातामा प्रविष्टि नगरेको रु.१९ लाख ६५ हजार, बैङ्कबाट भुक्तानी भएको तर खातामा प्रविष्टि नगरेको रु.१ लाख ५१ हजार तथा खातामा आम्दानी बाँधेको तर बैङ्क जम्मा नभएको रु.४३ हजार देखाइ बैङ्क समायोजन हिसाब तयार गरेको छ । उल्लिखित कारोबारलाइ पुष्टि गर्ने स्रेस्ता तथा कागजात पेश नभएकोले यथार्थता यकिन गर्न सकिएन ।

२८.१ वासलातको अनुसूची ८ मा देखाएको बैङ्क मौज्दात रु.२ अर्ब ३४ करोड ३३ लाख ७५ हजारको बैङ्क मौज्दात प्रमाणपत्र पेश भएन ।

२८.२ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्कको खाता नम्बर ५८ मा २०६२।६३ र सो अवधिको मौज्दात रु.५४ लाख ६३ हजारको बैङ्क समायोजन हिसाव तयार नगरेकोले सो हिसाब तयार गरी हिसाब मिलान गर्नुपर्ने व्यहोरा विगतदेखि नै प्रतिवेदनमा उल्लेख गर्दै आएपनि स्थिति यथावत छ ।

२८.३ सोही कार्यालयले यो वर्ष २०६५।४।१ मा नबिल बैङ्कले देखाएको बैङ्क मौज्दातलाई शुरु मौज्दात मानी यस वर्षकोमात्र कारोबार समेटी हिसाब समायोजन गरेको छ । विगत वर्ष उल्लेख गरिएको आयमा लेखाङ्कन भएको तर बैङ्कमा जम्मा नभएको रु.५१ लाख ४३ हजारका सम्बन्धमा कार्यालयले यो वर्ष रु ३८ लाख ८६ हजार मात्र देखाई बैङ्क सन्तुलन हिसाब तयार गरी फरक परेको रु.१२ लाख ५७ हजारको पुष्ट्याई पेश भएन ।

२८.४ सोही कार्यालयले आन्तरिक र अन्तर्राष्ट्रिय उडानतर्फ सङ्कलित यात्रुसेवा सुविधा दस्तुर नबिल बैङ्कले दिएको बिक्री फाँटवारी तथा बैङ्क भौचरको आधारमा मात्र आय लेखाङ्कन गर्दै आएकोमा फेब्रुअरी २००६ देखि अन्तर्राष्ट्रिय उडानतर्फ वायुसेवा कम्पनीबाट प्राप्त पेसेन्जर मेनिफेष्ट र कुपन भिडान गरी बिक्री लगत कायम गरेको छ । तर आय लेखाङ्कनको लागि बैङ्कले पेश गरेको भौचर तथा स्टेटमेन्टलाई मात्र आधार मान्ने गरेको छ । पेसेन्जर मेनिफेस्ट कुपन भिडान गरी कायम भएको बिक्रीलाई आम्दानीको आधार नमानी बैङ्क भौचरको आधारमा मात्र आय लेखाङ्कन गरेकोले वास्तविक आय यकिन गर्ने अवस्था रहेन ।

२८.५ सोही कार्यालयले खर्चतर्फ पेश भएको अप्रमाणित बैङ्क हिसाब मिलान विवरणमा स्रेस्ताभन्दा बैङ्क मौज्दात बढी देखिएबाट यकिन हुन बाँकी भनी रु.४५ लाख ४८ हजार देखाएको छ । लाखौँ रकम यकिन नगरी तयार गरिएको सन्तुलन परीक्षण हिसाबले कार्यालयको वित्तीय हिसाबको यथार्थ स्थिति प्रतिबिम्बित नगर्ने हुँदा यस सम्बन्धमा कुनै राय व्यक्त गर्न नसकिने अवस्था छ ।

२९. **खरिद** – त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले विभिन्न सामग्री तथा उपकरण खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को पालना गरेको पाइएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नगरेको तथा जिन्सी सामानको खर्चको लेखाङ्कन गर्दा सो सामान प्रयोग गर्ने व्यक्ति, स्थान आदि विवरण स्पष्ट नखुलाएको र प्राविधिक सम्भाव्यता, सञ्चालन र सम्भार, जनशक्ति आपूर्तिको सुनिश्चितता गरी सामानहरु तोकिएको स्थानमा प्रयोग भए नभएको, जारी भएका सबै सामान खपत भए नभएको हेर्न मिल्ने अभिलेख पनि राखेको छैन । भण्डारबाट जारी भएका सामान सम्बन्धित विभागमा हस्तान्तरण तथा प्रयोग भएपछि कार्यसम्पन्न भएको भनी खर्च प्रमाणित गर्ने परिपाटी रहेकोले सुरक्षा उपकरण रु.१ करोड ६२ लाख ५० हजार, यान्त्रिक उपकरण रु.१ करोड ३ लाख २० हजार, उड्डयन उपकरण रु.१ लाख ११ हजार, सपोर्ट प्रणाली उपकरण रु.७६ लाख ६४ हजार, टर्मिनल सूचना उपकरण रु.१ करोड ४ लाख, अग्नि निवारण तथा जीवन उद्धार उपकरण रु.२० लाख ३० हजार, प्लान्ट मेशिनरी रु.३० लाख खर्चको सम्बन्धमा यकिन गर्न सकिएन ।

२९.१ सोही कार्यालयले २०६५।११।२० मा एअरफिल्ड लाईटको स्पेयर पार्ट्स खरिदको सिलवन्दी दरभाउपत्र आह्वान गरेको सूचनामा तोकेको म्यादभित्र परेको २ दरभाउपत्रमध्ये न्यूनतम मूल्य रु.३८ लाख ५५ हजार (यूरो ३६ हजार ७८५) कबोल गर्ने एक आपूर्तकको दरभाउपत्र स्वीकृत गरेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने सामान सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न मिल्ने देखिएन ।

२९.२ सोही कार्यालयको २०६६।१।४ को निर्णयबमोजिम रन–वे, ट्याक्सी–वे तथा एप्रोन निर्माणमा विनियोजन भएको रु.४ करोडबाट सरसफाई शीर्षकमा विनियोजन भएको रु.१ करोड २० लाखमा थप गर्न रु.१ करोड ११ लाख रकमान्तर गर्ने स्वीकृतिको लागि सञ्चालक समितिमा पेश गर्ने उल्लेख भएकोमा सोबमोजिम सञ्चालक समितिबाट स्वीकृत भएको प्रमाणबेगर सरसफाई शीर्षकमा रकमान्तर गरी खर्च गरेको देखियो ।

२९.३ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा सामानको कुल परिमाण, प्रयोग र मौज्दात संख्या उल्लेख गरेको छ । यस्तो प्रतिवेदनमा अघिल्लो वर्षसम्मको मौज्दात परिमाण तथा मूल्य, चालू वर्षको थप परिमाण तथा मूल्य र वर्षको अन्त्यमा रहेको मौज्दात परिमाण तथा मूल्य समेत खुलाएमा प्रतिवेदन विश्वसनीय र भरपर्दो हुने देखिन्छ । मूल्य समेत नखुलाई परिमाणमात्र उल्लेख गरेको प्रतिवेदनले जिन्सीको यथार्थ स्थितिको चित्रण र संरक्षण गर्नसक्ने अवस्था देखिँदैन । आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ को नियम ६.१ मा आफ्नो मातहतको कर्मचारीको जिम्मा रहेको सम्पत्ति हिनामिना, हानीनोक्सानी र दुरुपयोग नहुने गरी लगत र स्रेस्ता राख्ने तथा संरक्षण गर्ने जिम्मा

कार्यलय प्रमखुको हुने व्यवस्था भएपनि २०६६।१२।१८ को जिन्सी निरीक्षण प्रतिवेदनमा केही बहुमूल्य यन्त्र उपकरण लगायतका सामानहरु प्रयोग विहीन अवस्थामा रहेको देखियो ।

प्रयोगविहीन अवस्थामा रहेका केही प्रमुख यन्त्र उपकरणहरु तलको चित्रमा उल्लेख गरिएको छ ।

फायर भेहिकल

जेनेरेटर

एन्टेना, रेडियो उपकरणहरु

एक्सरे मेसिनहरु

३०. **जग्गा बहाल** – विमानस्थल दस्तुर नियमावली, २०३८ को अनुसूची–६ क.मा जग्गा बहाल प्रतिवर्ष प्रति स्क्वायर मिटर रु.१५० मा नघट्ने गरी बढाबढद्वारा र कसैले विमानस्थल क्षेत्रभित्रको जग्गामा ह्याङ्गर निर्माण गरी सञ्चालन गरेमा प्रतिमहिना प्रतिवर्ग मिटर रु.१००।– का दरले जग्गा भाडा लिनुपर्ने उल्लेख छ । विमानस्थलको हाताभित्र फ्लाइङ्ग स्कुल सञ्चालनका लागि ह्याङ्गर निर्माण गर्न एक वायुसेवा सञ्चालकले २०६३।३।२२ मा भरतपुर विमानस्थल नागरिक उड्डयन कार्यालयलाई ७६ फिट×७७ फिट जग्गा उपलब्ध गराउन अनुरोध गरेको जनाई विमानस्थल व्यवस्थापन तथा विकास निर्देशनालयलाई २०६३।३।२५ मा पत्राचार गरेकोमा माग गरेअनुसार स्वीकृतिबेगर ह्याङ्गर निर्माण गरी सञ्चालन गर्दै आएको छ ।

यस सम्बन्धमा छानबिन गर्न गठित समितिको प्रतिवेदनमा उक्त एअरले निवेदन दिएको करिव २० दिनपछि ह्याङ्गर निर्माण कार्य थालनी गरेको उल्लेख छ । तापनि मिति उल्लेख भएको पाइएन । प्रतिवेदनमा उल्लेखित निर्माण कार्य थालनी मितिलाई आधार मान्दा २०६३।६४ को शुरुबाट नै जग्गा अधिनमा लिई ह्याङ्गर निर्माण गरेको देखिन्छ । कार्यालयको अभिलेखअनुसार ह्याङ्गर भवनले १ हजार ११२ र ह्याङ्गरमा विमान ल्याउन र धावनमार्गसम्म लैजान ह्याङ्गरसँग जोडेर बनाएको ग्राभेल बाटोले ४२३ वर्गमिटर समेत १ हजार ५३५ वर्गमिटर जग्गा ओगटेकोले मागभन्दा बढी जग्गा उपभोग गरेको देखिएको छ । वास्तविक ओगटेको जग्गा यकिन गरी जग्गा भाडामा दिने सम्झौता नगरेकोले उल्लेखित क्षेत्रफलको हिसाबले गत वर्षसम्मको रु.४२ लाख ३६ हजार र यो वर्षको थप रु.१३ लाख ९८ हजार समेत रु.५६ लाख ३४ हजार असुल गर्नुपर्ने देखियो ।

नेपाल वायुसेवा निगम

नेपालभित्र र बाहिर सुरक्षित हवाई यातायात सेवाको व्यवस्था गर्न २०१४ मा स्थापित हाल नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गत सञ्चालित यस निगमको २०६५।६६ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

३१. **सञ्चालन नतिजा** – गत वर्ष रु. १६ करोड २७ लाख ६१ हजार नोक्सानीमा रहेकोमा यस वर्ष रु.१० करोड १ लाख ५ हजार नोक्सानीमा रहेको देखिन्छ । प्रमाणीकरण गर्न नसकिएका ओभर फ्लाइङ्ग चार्ज वापत तिर्नुपर्ने रकम खर्च लेखाङ्कन नगरेको, नेपाल सरकारलाई भुक्तानी दिनुपर्ने ब्याज खर्च लेखाङ्कन नगरेको, पुराना काम नलाग्ने जिन्सी मौज्दातको खर्च व्यवस्था नगरेको, कर्मचारीको लागि औषधि उपचार, सञ्चित विदा र एकमुष्ट सुविधा, स्थानीय निकायलाई बुझाउनुपर्ने घरजग्गा कर नबुझाएकोमा सो बापत खर्च व्यवस्था नगरेको, गत विगतका खर्च तथा आगामी वर्षसँग सम्बन्धित खर्च यो वर्ष लेखाङ्कन गरेको, लिनु दिनु पर्ने रकमको आयु वर्गीकरण गरी आवश्यक व्यवस्था नगरेको, सबै बैङ्कहरुको समायोजन हिसाब तयार नभएको कारणवाट यस वर्षको नोक्सान अझ बढ्ने देखिन्छ ।

३२. **वार्षिक कार्यक्रम** – निगमको आर्थिक विनियमावली, २०६५ को (११) बमोजिम वार्षिक कार्यक्रम र बजेट तयार गरी निगमको सञ्चालन समितिबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार गतवर्षका लागि स्वीकृत कार्यक्रममध्ये सम्पन्न भएको कार्यक्रमको प्रगति प्रतिवेदन र बजेटमध्ये खर्च भएको अभिलेख समेत तयार गरेको छैन ।

३३. **विवरण –** लेखापरीक्षणको क्रममा निगमका ९ इकाईबाट असुलीको आयुगत वर्गीकरण र मर्मत तालिका उपलब्ध गराउन ढाँचा सहित अनुरोध गरेकोमा त्यस्तो विवरण उपलब्ध नभएकोले ती कारोबारहरुका सम्बन्धमा विश्लेषण गर्न सकिएन ।

३४. **ब्याज खर्च** – अर्थ मन्त्रालयको २०६६।११।१३ को पत्रानुसार आन्तरिक ऋण तर्फको ब्याज रु.१ करोड ३५ लाख ७७ हजार र बाह्य ऋणतर्फको ब्याज रु.३ करोड ३७ लाख ५ हजार समेत रु.४ करोड ७२ लाख ८२ हजार खर्च लेख्नुपर्नेमा रु.२ करोड ७३ लाख २९ हजार मात्र खर्च लेखाङ्कन गरेको देखिँदा रु.१ करोड ९९ लाख ५३ हजार घटी लेखाङ्कन गरेको छ ।

३५. **शेयर पूँजी** – अधिकृत पूँजी रु.३० करोड रहेकोमा नेपाल सरकारले रु.३७ करोड ९२ लाख ६६ हजार लगानी गरेकोले अधिकृत पूँजीको सीमा बढाउनुपर्ने सम्बन्धमा विगत वर्षको प्रतिवेदनमा उल्लेख थियो । अधिकृत पूँजी बढाउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गरेकोमा स्वीकृति प्राप्त नभएको जानकारी गराएको छ । अधिकृत पूँजीभन्दा बढी शेयर पूँजी राख्न नमिल्ने हुनाले अधिकृत पूँजी वृद्धि गर्नुपर्ने देखिन्छ ।

३६. **सन्ड्री क्रेडिटर्स** – यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन् :

३६.१ आपूर्तकअन्तर्गत अधिकांश पार्टीहरुलाई दिनुपर्ने र दिएको पेश्की एवं लिनुपर्ने अन्य रकम १ वर्षभन्दा अघिदेखिको बाँकी देखिन्छ । नेपाल लेखामान – १ अनुसार चालु सम्पत्ति साधारणतया एक आर्थिक वर्षमा असुल तथा चालू दायित्व साधारणतया एक आर्थिक वर्षमा भुक्तान गरिसक्नुपर्दछ । अन्यथा ती आईटमहरुलाई गैरचालू सम्पत्ति एवं दायित्व मान्नुपर्ने व्यवस्था छ । आपूर्तिकर्तासँग लिनुदिनुपर्ने कतिपय रकम १० वर्षभन्दा पनि पुरानो रहेको छ । वासलात मितिभन्दा एक वर्षभन्दा पुरानो बाँकी हिसाब छानबिन गरी यथाशीघ्र मिलान गर्नुपर्ने देखिन्छ ।

३६.२ विभिन्न आपूर्तकलाई भुक्तानी गर्न बाँकी देखिएको रकमको आयु वर्गीकरण गरेको छैन । आयु वर्गीकरण गरी धेरै वर्ष देखि बाँकी देखिएका रकमको हकमा भुक्तानी दाबी हुन सक्ने कम सम्भावना देखिएकोले आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

३६.३ सण्ड्री क्रेडिटर्स अन्तर्गत रु. ४५ करोड ७३ लाख ८९ हजार लिनुपर्ने मौज्दात समावेश छ । वासलातमा उक्त रकमलाई विना आधार एड्भान्स टु सप्लायर्स भनी देखाएको छ ।

३७. **स्थानीय क्रेडिटर्स –** गत वर्ष स्थानीय आपूर्तकलाई खूद भुक्तानी गर्न बाँकी रु.३९ करोड ७४ लाख २१ हजार रहेकोमा यो वर्ष रु.४४ करोड ९ लाख रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

३७.१ नेपाली सैनिक विमान सेवालाई विगत धेरै वर्ष अघिदेखि रु.६७ लाख ३९ हजार तिर्न बाँकी देखाउदै आएकोमा उक्त रकम तिर्नुपर्ने हो होइन यकिन गरेको छैन ।

३७.२ गत वर्षसम्म नेपाल आयल निगमलाई तिर्न बाँकी रु.९ करोड ८ लाख २१ हजार र यस वर्ष रु.४ करोड १२ लाख ७४ हजार रहेकोमा तिर्न बाँकी रकमको समर्थन पत्र लिएको छैन ।

३८. **विदेशी क्रेडिटर्स –** यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

३८.१ यस अन्तर्गत तिर्नुपर्ने मौज्दात हुनुपर्नेमा बिदेशी आपूर्तकतर्फ रु.१५ करोड १६ लाख ५१ हजार लिनुपर्ने (डेबिट) देखिएको छ । यसरी लिनुपर्ने देखिएको मध्ये यो वर्ष निगमसँग कुनै कारोबार नरहेका ३९ पार्टीको नाममा विगत वर्षदेखि रु.४ करोड ३० लाख ४० हजार जिम्मेवारी सार्दै ल्याएको छ । लिन बाँकी देखिएको रकम असुल गर्नुपर्ने देखिन्छ ।

३८.२ विमान खरिदका लागि एक भारतीयलाई परामर्शदाताको रुपमा नियुक्त गरेको उल्लेख गरी रु.२९ लाख १९ हजार भुक्तानी गरेको छ । उक्त भुक्तानी सम्बन्धी फाइल अनुसन्धानमा पठाएको जनाई पेश भएन ।

३८.३ ई–टिकटिङ्ग सम्बन्धी कार्यका लागि सफ्टवेयर खरिद गर्न एक विदेशी कम्पनीसँग सम्झौता गरी काम सम्पन्न गरेको जनाई अमेरिकी डलर ३६ हजार ४५६ भुक्तानी गरेकोमा सम्झौता सम्बन्धी सम्पूर्ण कागजात पेश भएन ।

३८.४ चीनको आकाश प्रयोग गरे बापत एक चिनिया सिभिल एभिएसनलाई सन् २००५।०६ र २००६।०७ को ओभर फ्लाइङ्ग चार्ज वापत छाँया प्रति बिल राखी रु.१ करोड १५ लाख ८१ हजार भुक्तानी दिएको छ । सक्कलै बिल भपाई राखी २००५।०६ र २००६।०७ मा नै दायित्व सिर्जना गर्नुपर्नेमा सो नगरी यो वर्ष भुक्तानी दिएको देखियो । यो वर्ष बैङ्कक स्टेशनले सन् २००६ मा म्यानमारको आकाश प्रयोग गरे बापत म्यानमारलाई रु.२१ लाख ७१ हजार भुक्तानी गरेको छ । उक्त दुवै खर्च यसवर्षका नभएकोले यो वर्षको वित्तीय विवरणमा लेखाङ्कन गर्न मिल्ने देखिएन ।

३९. **प्राविधिक क्रेडिटर्स –** गत वर्षसम्म प्राविधिक आपूर्तकलाई भुक्तानी गर्न बाँकी रु.३ करोड ७९ लाख ८५ हजार रहेकोमा यो वर्षसम्म रु.८ करोड ९० लाख १४ हजार रहेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

३९.१ वस्तु वा सेवा प्राप्त गर्न पार्टीलाई उपलब्ध गराएको पेश्की ती वस्तु वा सेवा प्राप्त भए उक्त रकम फर फारक गर्नुपर्नेमा ८९ पार्टीको नाममा गत विगतदेखिको पेश्की रु.१० करोड ९ लाख १५ हजार डेबिट मौज्दात जिम्मेवारी सार्दै ल्याएको देखिन्छ । यी पार्टीहरुसँग यो वर्ष कारोबार भएको समेत देखिदैन । कारबाही गरी पेश्की असुल फछ्यौंट गर्नुपर्दछ ।

३९.२ सामान वा सेवा प्राप्त गर्न १४७ पार्टीबाट खोलिएका प्रतीतपत्र अनुसारका सामान वा सेवा उपलब्ध गराइसकेपछि हिसाब फरफारक गर्नुपर्नेमा गत विगतदेखि जिम्मेवारी सार्दै ल्याएको छ । यसरी जिम्मेवारी ल्याएको मध्ये रु.८ करोड ५७ लाख ५९ हजार लिनुपर्ने र रु.१ करोड ८४ लाख ९७ हजार दिनुपर्ने रहेको छ ।

४०. **कागजात** – यो वर्ष खराब ऋण अपलेखनबापत रु.२३ लाख ७ हजार खर्च लेखेको छ । ऋण अपलेखनको पार्टीगत विवरण र कारण खुलेको कागजात पेश भएन । स्थिर सम्पत्ति रु.२ करोड ७४ लाख २८ हजार घटाएकोमा निर्णय पेश भएन ।

४१. **खरिद योजना** – सार्वजनिक खरिद ऐन, २०६३ तथा आर्थिक विनियमावली, २०६५ को विनियम ८५ मा दीर्घकालिन योजना अनुसार वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको कुनै खरिद गर्नुपर्ने भएमा कम्तीमा पाँच वर्षका लागि खरिदको गुरु योजना तयार गर्नुपर्नेमा वार्षिक बीसलाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा खरिद गरिने मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको विवरण, खरिदको सम्भावित प्याकेज, खरिद कारबाहीको समय तालिका र खरिद विधि उल्लेख गरी वार्षिक खरिद योजना समेत तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

४२. **खरिद** – इलेक्ट्रोनिक डाटा प्रोसेसिङ्गमा रु.११ करोड ३० लाख ५९ हजार खर्च लेखेकोमा सोझै सम्झौता गरी बिनाप्रतिस्पर्धा काम गराएको छ । भुक्तानी दिँदा सम्बन्धित पार्टीको बिल भरपाई लिएर दिनुपर्नेमा सो वेगर अग्रिम आयकर समेत कट्टा नगरी भुक्तानी दिएको छ ।

४३. **स्थिर सम्पत्ति –** गतवर्षसम्म रु.४० करोड ८८ लाख ९१ हजार रहेकोमा यस वर्ष रु.३७ करोड ७ लाख २६ हजार रहेको देखियो । केन्द्रीय कार्यालय रहेको कान्तिपथको १४ रोपनी ७ आना १ पैसा जग्गाको मूल्य लेखाङ्कन गरेको छैन । नेपाल सरकारले निःशुल्क उपलब्ध गराएकोले उक्त जग्गाको मूल्याङ्कन नगरेको जनाएको छ । नेपाल लेखामान – १० अनुसार सरकारी अनुदानमा प्राप्त सम्पत्तिको बजार मूल्यमा लेखाङ्कन गरी अनुदान जगेडा खडा गर्नुपर्ने व्यवस्था भएकोले यो लेखामानको पालना भएको देखिएन ।

४४. **व्यक्तिगत खाता** – निगमले कार्यालय प्रयोजनका लागि व्यक्तिगत प्रयोग गर्न सकिने सामान समेत खरिद गर्ने गरेको छ । त्यस प्रकृतिका सामान बुझिलिने व्यक्ति, सामानको स्पेसिफिकेशन र मूल्य समेत खुलाई व्यक्तिगत रजिष्टर राखेको छैन । यस्तो अवस्थामा व्यक्तिगत प्रयोगमा आउने सवारीसाधन, ल्यापटप कम्प्युटर, मोबाइल फोन लगायतका उपकरण कार्यालयको काममा प्रयोग भएको र कार्यालयमै छन् भन्ने अवस्था छैन । यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

४५. **स्थानीय एजेन्ट** – टिकट बिक्रीबापत विभिन्न स्थानीय एजेन्सीहरुबाट रु.२४ करोड ४ लाख ५१ हजार लिनुपर्ने देखिएको छ । तीमध्ये कतिपय एजेन्टसँग हाल निगमको कारोबार भएको देखिदैन । विगत १० वर्षभन्दा अगाडिदेखि बाँकी रहेको रु.१० लाखभन्दा बढी लिन बाँकी रहेका ८ एजेन्टबाट मात्र रु.७ करोड १ लाख ८३ हजार (स्थानीय एजेन्टहरुसँग लिन बाँकी रकमको २९.१९ प्रतिशत) असुल गर्न बाँकी देखिएको छ । स्थानीय एजेन्ट १२ सँग असुल गर्न बाँकी रु.६ करोड ३८ लाख ४५ हजारका सम्बन्धमा मुद्दा परी अदालतबाट निगमको पक्षमा फैसला भए तापनि सो रकम यो वर्ष पनि असुल भएको छैन ।

४६. **विदेशी एजेन्ट** – भारतमा रहेका विभिन्न एजेन्टसँग रु.७१ लाख ७४ हजार लिन बाँकी रहेको छ । लिन बाँकी देखिएका एजेन्टसँग लामो समयदेखि कारोबार भएको नदेखिएकोले असुल गर्नुपर्ने देखिन्छ ।

४७. **बैङ्क हिसाव** – बैङ्क हिसाब मिलान विवरण तयार गर्ने गरेको छैन । लेखाको खाताले देखाएको बैङ्क मौज्दातसँग समायोजन गर्ने गरेको पाइएन । बैङ्क खाताहरुको मौज्दात रकम निगमले पेश गरेको सन्तुलन परीक्षण विवरणअनुसारको बैङ्क खाताहरुमा रहेको मौज्दातहरुसँग भिडान हुने गरेको छैन । सोको कारण वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीमा समेत खुलाएको छैन ।

राष्ट्रिय वाणिज्य बैङ्कको खाता नं ३६।७५ मा मौज्दात रहेको रु.१ करोड २५ लाख ५० हजार र सोही बैङ्कको खाता नं ३६।३९ मा मौज्दात रहेको रु ३ करोड समेत रु.४ करोड २५ लाख ५० हजारलाई वासलातको सम्पत्ति तर्फ बैङ्क मौज्दात देखाउनुपर्नेमा दायित्वतर्फको ऋण रकमबाट घटाइ देखाएको छ ।

सम्बन्धित बैङ्क खातामा घटी मौज्दात देखाई उक्त रकम राष्ट्रिय वाणिज्य बैङ्क ऋण खाता नं २१८८ मा रहेको ऋण तिर्न प्रयोग गरेको छ । बैङ्कको तीनवटै खाताको विवरण र ऋण चुक्ता पत्र लिएको छैन ।

४८. **जहाज मर्मत** – यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

४८.१ नेपाल वायुसेवा निगम आर्थिक प्रशासन (पहिलो संशोधन) विनियमावली, २०६१ को विनिमय १२० अनुसार इन्जिनियरिङ्ग विभाग प्रमुखले समय र मितव्ययिताको आधारमा विमानका इन्जिन वा मुख्य मुख्य पार्टपुर्जा खरिद, ओभरहल, मर्मत, मोडिफिकेशन गर्नका लागि विमानका इन्जिन वा पार्टपुर्जाको औसत आयु, फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने समयावधि समेतको आधारमा कार्यतालिका तयार गरी राख्नुपर्ने उल्लेख छ । इन्जिनियरिङ्ग विभागले सोअनुसारको कार्यतालिका तयार गरेको पाइएन ।

४८.२ निगम र एक इजरायली कम्पनीबीच भएको सम्झौता अुनसार बोइङ्ग बी को १५ औं सि–चेक गर्न सन् २००९ जुन ११ मा २७ दिनभित्र तयार गर्ने गरी दुवै कम्पनीका प्रतिनिधिहरुको रोहवरमा इन्जिन लगायत सम्पूर्ण पार्टपुर्जा खोली लागत अनुमान तयार गर्दा कूल लागतमा ओभरहेड ३० प्रतिशत थप गरी अमेरिकी डलर १५ लाख कायम गरी कम्पनीले पठाएको अमेरिकी डलर १५ लाखको लागत अनुमान निगमले स्वीकृत गरी प्रतीतपत्र खोलेको देखियो । कम्पनीले पठाएको अन्तिम विलमा अमेरिकी डलर १८ लाख २० हजार २८८ भएकोले स्वीकृत रकमभन्दा अमेरिकी डलर ३ लाख २० हजार २८८ बढी खर्च भएको छ ।

सि–चेक गर्ने कम्पनीले जहाजको सम्पूर्ण इन्जिन खोली परीक्षण गरी सोही आधारमा लागत अनुमानमा ३० प्रतिशत एकमुष्ट अनुमानको अन्तिम विल प्राप्त हुँदा रकम थप हुनाको यथेष्ठ कारण पेश भएन ।

सम्झौतामा २७ दिनभित्र कार्य पुरा गरी जहाज फिर्ता गर्नुपर्ने उल्लेख भएकोमा ३४ दिनमा मात्र जहाज फिर्ता बुझाएको देखियो । सम्झौतामा तोकिएको समयमा जहाज फिर्ता गर्न नसकेमा दैनिक अमेरिकी डलर १० हजार हर्जाना लाग्ने उल्लेख भए तापनि सात दिन ढिला जहाज बुझाएकोमा हर्जना असुल गरेको छैन ।

४८.३ निगम र एक चिनिया कम्पनीबीच भएको सम्झौता अनुसार (अमेरिकी डलर ३२ लाख २९ हजार ३६४) को लागतमा मर्मत भई सन् २००८ जुन १८ मा प्राप्त हुन आएको इन्जिन नं. ३०५९८ मा समस्या देखाई सन् २००८ सेप्टेम्बर १६ देखि बैङ्कमा भूमिस्थ भएको देखियो । सम्झौता अनुसार १८ महिना वारेन्टी अवधि भएकोमा ४ महिनामै इन्जिनमा खरावी देखिए पनि सम्झौता अनुसार क्षतिपूर्ति दावी गरेको देखिएन । बैङ्कमा भूमिस्थ भएको जहाजको सोही कम्पनीबाट मर्मत गराई अमेरिकी डलर ३ लाख ४ हजार ६४२ भुक्तानी गरेको छ । वारेन्टी अवधिभित्रै सोही कम्पनीले सामान मर्मत गरेकोमा कुनै कारबाही नगरी थप रकम भुक्तानी गर्न उचित देखिएन ।

सम्झौतामा अनुमानित लागत रकमको सतप्रतिशत इन्जिन मर्मत भई आउनु अगाडि भुक्तानी गर्नुपर्ने र वास्तविक विल वमोजिमको बाँकी रकम इन्जिन फिर्ता प्राप्त भएपछि भुक्तानी गर्नुपर्ने उल्लेख छ । अनुमानित लागत अमेरिकी डलर ३४ लाख २६ हजार २५० प्रतीतपत्रद्धारा भुक्तानी भएकोमा इन्जिन मर्मत भई अन्तिम विल प्राप्त हुँदा वास्तविक मर्मत खर्च अमेरिकी डलर ३२ लाख २९ हजार ३६४ मात्र लागेको छ । बढी भुक्तानी भएको अमेरिकी डलर १ लाख ९६ हजार ८८६ सम्झौता अनुसार फिर्ता लिनुपर्दछ ।

४९. **स्रोतमा कर –** आयकर ऐन, २०५८ को दफा ८८ र आन्तरिक राजस्व विभागको २०६४।६।२० को परिपत्र अनुसार जहाजको इन्जिन मर्मतको रकममध्ये ज्याला खर्चको १५ प्रतिशतले हुने रकम अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । यो वर्ष निगमले इन्जिन नं. ३०५९८ र ३०६०६ मर्मत गराई अमेरिकी डलर ९ लाख ६ हजार २३० ज्याला खर्च भुक्तानी गरेकोमा १५ प्रतिशत अग्रिम कर अमेरिकी डलर १ लाख ३५ हजार ९३५ कट्टी गरेको छैन ।

५०. **आकस्मिक खरिद** – आर्थिक प्रशासन विनियमावली, २०६१ को विनियम १२४ मा जहाज भूमिस्थ भएको अवस्थामा महाप्रवन्धकलाई मौखिक जानकारी गराएर विभागीय प्रमुखले ए.ओ.जी. अन्तर्गत सोझै सामान

खरिद गर्न सक्ने र प्राप्त सामान तुरुन्तै प्रयोगमा ल्याई जहाज सञ्चालन गर्नुपर्ने उल्लेख छ । यो वर्ष निगमले ए.ओ.जी. अन्तर्गत ग्यासकेट, बुसबार, ककपिट स्पिकर खरिद गरेकोमा भण्डार दाखिला भएको दिनबाट एउटा सामान ३९ दिन र दुई प्रकारका सामान ३ महिना देखि १ वर्षभन्दा बढी भण्डारमा मौज्दात रहेको देखियो ।

५१. **मर्मत धरौटी –** भन्सार नियमावली, २०६४ को नियम ७ मा हवाइजहाज वा हेलिकोप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको शून्य दशमलव पाँच प्रतिशत भन्सार कार्यलयमा धरौटी राखी मर्मतका लागि पठाउन सकिने, यसरी पठाइएको सामान तीन महिनाभित्र फिर्ता ल्याउनु पर्ने, सो अवधिमा ल्याउन नसकिने भए भन्सार अधिकृतसमक्ष निवेदन दिनुपर्ने र भन्सार अधिकृतले स्वीकृतिको लागि महानिर्देशक समक्ष पेश गरेपछि आवश्यकता अनुसार म्याद थप गर्न सक्ने व्यवस्था छ ।

निगमले भन्सार नियमावलीको उक्त व्यवस्था अनुसार तीन महिनाभित्र मर्मत गरी फिर्ता ल्याउने शर्त राखी गत वर्ष रु.९ लाख १४ हजार धरौटी राखी विभिन्न पार्टपूजा मर्मतका लागि पठाएको छ । यस्ता धरौटी गत वर्षसम्म रु.६२ लाख ५३ हजार रहेकोमा यस वर्षको थप सहित रु.७१ लाख ६७ हजार पुगेको छ । तीन महिनाभित्र मर्मत गरी फिर्ता ल्याउन नसकेमा उपर्युक्त नियमावलीको व्यवस्था अनुसार म्याद थप गराउन सकिनेमा म्याद थपका लागि प्रयास गरेको देखिएन ।

५२. **भत्ता –** यो वर्ष चालक दल भत्तामा रु.७० लाख २५ हजार खर्च गरेको छ । क्यू मिल एलाउन्सेस फाराममा संक्षिप्त कोड मात्र उल्लेख गर्ने गरेको छ । उडानको कार्यक्रममा छायाँ प्रतिमा रहेकोमा चालक दलले व्यतित गरेको समयमा उडान समय परिवर्तन भएको भनी केरमेट गरी संशोधन गरेकोले उक्त खर्चमा नियन्त्रण भएको देखिएन । यस्तो किसिमका खर्च सम्बन्धमा विगतका लेखापरीक्षणबाट समेत ध्यानाकर्षण गराए तापनि स्थितिमा सुधार भएको छैन । निगमको विनियमावलीमा यस्तो भत्ता दिने व्यवस्था छैन ।

५३. **आन्तरिक लेखापरीक्षण** – निगमको आर्थिक विनियमावली, २०६५ को ५६ आन्तरिक लेखापरीक्षण विभाग रहने व्यवस्था छ । उक्त विभागले लेखापरीक्षणको वार्षिक कार्यक्रम स्वीकृत गराई निगमलाई मितव्ययी र कार्य कुशलतापूर्वक सञ्चालन गर्ने विषयमा कार्यकारी प्रमुखलाई सुझाव सहितको प्रतिवेदन दिनु पर्ने व्यवस्था छ । प्रतिवेदन प्राप्त भएपछि कार्यकारी प्रमुखले समितिमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसारको कार्य गरेको देखिएन ।

वायुयान सञ्चालन कोष

नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबीच अक्टोबर १९९० मा भएको सम्झौताबमोजिम उपलब्ध ट्विनअटर विमान र सो विमान सेवा सञ्चालनार्थ प्राप्त अमेरिकी डलर ८ लाख ७३ हजारको आर्जित ब्याजबाट विमान सेवा सञ्चालन गर्न कार्य सञ्चालन कोष ऐन, २०४३ अन्तर्गत २०४७ मा स्थापना भई हाल वायुयान सञ्चालन कोषको नामबाट सञ्चालित यस कोषको गत आर्थिक वर्ष २०६५।६६ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

५४. **सञ्चालन नतिजा** – यो वर्ष आयकर व्यवस्था अघिको नाफा रु.३ करोड ९४ लाख ८० हजार देखाएको छ । गत वर्षको सञ्चित नाफा रु.१३ करोड १० लाख ९२ हजार समेत यो वर्षसम्मको कुल सञ्चित नाफा रु.१७ करोड ५ लाख ७२ हजार रहेको छ ।

५५. **नीति र कार्यक्रम –** कोष सञ्चालनको जिम्मा नेपाल नागरिक उड्डयन प्राधिकरणलाई दिएपनि प्राधिकरणले ठोस कार्यक्रम र लगानीको स्पष्ट नीतिको अभावमा विभिन्न ७ बैङ्कमा मुद्धती खातामा रु.२९ करोड ७१ लाख २६ हजार र चल्ती खातामा रु.२ करोड ४३ लाख ५८ हजार राखेको छ । बचत खाताको सामान्य ब्याजदर ६ प्रतिशतले गणना गर्दा पनि चल्ती खातामा राखेको रकममा कोषलाई वार्षिक रु.१४ लाख ६२ हजार नोक्सान परेको देखियो ।

५६. **दायित्व** – विभिन्न संस्थाहरुलाई २०६०।६१ देखि तिर्न बाँकी देखाएको रु.२७ लाख ३ हजार भुक्तानी गरेको छैन । विगत वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको मूल्य अभिवृद्धि कर रु.२ लाख १ हजार र अन्य राजस्व रु.२१ लाख २७ हजार पनि सञ्चितकोष दाखिला गरेको छैन ।

५७. **आसामी –** विभिन्न २२ व्यक्ति तथा संस्था समेतबाट २०६०।०६१ देखि लिनुपर्ने देखिएको रु.७१ लाख १५ हजार असुल गरेको देखिएन । यो वर्ष रु.१६ लाख ३४ हजार थप भइ लिनुपर्ने रु.८७ लाख ४९ हजार पुगेको छ । उक्त रकममध्ये हवाई उड्डयन सुरक्षा विभागसँग रु.१३ लाख ७१ हजार तथा नागरिक उड्डयन प्राधिकरणसँग रु.१३ लाख ८८ हजार लिनुपर्ने देखियो । विभाग तथा प्राधिकरणको वासलातमा ती रकम समावेश भएको नपाइएकोले छानबिन गरी यकिन गर्नुपर्ने देखियो ।

५८. **प्रतिस्थापन कोष** – गत वर्ष प्रतिस्थापन कोषमा रु.२ करोड २९ लाख ४३ हजार रहेकोमा यो वर्ष रु.२ करोड ३९ लाख १९ हजार देखाएको छ । यो वर्ष थप भएको रु.९ लाख ७५ हजारको विवरण तयार नगरेकोले थप रकमको यथार्थता यकिन गर्न सकिएन ।

५९. **विनिमय हिसाव –** विनिमय लाभ जनाई रु.३ करोड ३ लाख ९५ हजार आम्दानी देखाएको छ । तर विनिमय दर सहितको गणना हिसाब तयार नगरेकोले आम्दानी देखाएको रकम यकिन गर्न सकिएन ।

राष्ट्रिय ताल संरक्षण विकास समिति

६०. **ताल संरक्षण नीति** – समितिको गठन आदेश, २०६३ को दफा ४ मा समितिले ताल संरक्षण तथा विकास सम्बन्धी नीति बनाई कार्यान्वयन गर्नुपर्ने, ताल क्षेत्रको सिमाङ्कन गरी लगत राख्नुपर्ने, ताल क्षेत्रमा हुने प्रदुषण नियन्त्रण गरी संरक्षण गर्नुपर्ने उल्लेख छ । समितिले यो वर्षसम्ममा ताल संरक्षण र विकास नीति तयार गरी लगत राख्ने र संरक्षण गर्न कार्य गरेको देखिएन । समितिबाट सिमाङ्कन प्रदुषण नियन्त्रण र संरक्षणको कार्यलाई आगामी वर्षमा अगाडि बढाउने जवाफ प्राप्त भएको छ ।

६१. **कार्यक्रम खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) ले बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । यो वर्ष मुगु जिल्लाको रारातालमा मिजार पुलको निर्माण, तालको ४ कुनामा भ्यू–टावरको निर्माण र मिलिचौर–ठाकुरनाथ मन्दिर–चुच्छेमारासम्म बाटो निर्माण कार्य रु.३० लाखको लागतमा २०६७ साल असार मसान्तसम्म सम्पन्न गर्ने गरी एक उपभोक्ता समितिसँग सम्झौता भएको देखिन्छ । कार्यक्रम संशोधन नगराई भ्यू–टावर निर्माणको सट्टा ठाकुरनाथ मन्दिर मर्मत तथा क्याम्पिङ्ग साइड निर्माण कार्य गराई रु.१० लाख १६ हजार खर्च गरेको नियमसम्मत देखिएन ।

पर्वतीय प्रशिक्षण विकास समिति

६२. **काम कर्तव्य –** पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०५९ को दफा ४ ले पर्वतीय पर्यटनसँग सम्बन्धित तालिम, पर्वतीय पर्यटनको विकास, विस्तार र प्रवर्द्धनको लागि आवश्यक जनशक्ति तयार गर्न अध्ययन, अनुसन्धान गर्ने, पर्वतीय पर्यटन सम्बन्धी परामर्श तथा प्राबिधिक सेवा सञ्चालन गर्ने, दीर्घकालीन र अल्पकालीन योजना तर्जुमा गरी लागू गर्ने, पाठ्यक्रम निर्धारण गरी पर्वतीय प्रशिक्षण तथा कार्यक्रममा भाग लिने व्यक्तिको योग्यता तोक्ने, आवश्यक पूर्वाधारको विकास गर्ने, प्रशिक्षण तथा तालिम केन्द्र खोल्ने आदि काम कर्तव्य र अधिकार समितिलाई प्रदान गरेको देखिन्छ । तर समितिले ह्वाइट वाटर रेस्क्यू ट्रेनिङ्ग र निजामती कर्मचारीलाई पर्वतारोहण आधारभूत तालिम दिने बाहेक गठन आदेशमा उल्लेख भएको पूर्वाधार विकासको अन्य कार्य गरेको छैन । समितिको आफ्नै आयस्रोत नभएको र नेपाल सरकारबाट तदनुरुपको कार्य सञ्चालन गर्न आवश्यक बजेट व्यबस्था नभएकोले ती काम हुन नसकेको जवाफ समितिबाट प्राप्त भएको छ ।

६३. **गुरुयोजना** – नेपाल सरकारको २०६६।११।१० को निर्णयानुसार पर्वतीय प्रशिक्षण केन्द्र सोलुखुम्बु (गार्मा) को स्वीकृत गुरुयोजनाअनुसार प्रथम चरणको कार्यको लागि रु.१३ करोड ६० लाख र दोस्रो चरणको लागि रु.८ करोड २२ लाख गरी रु.२१ करोड २२ लाखको प्रारम्भिक लागत अनुमान रहेको छ । सो गुरुयोजना

कार्यान्वयनको लागि मन्त्रालयले पूर्वाधार निर्माणको कार्यमा प्रारम्भिक सहयोग गर्ने र समितिले बाह्य दातृसंस्थाको समेत सहयोग जुटाई पूर्वाधार विकासमा सहयोग गर्नुपर्ने शर्त सोही गुरुयोजना स्वीकृतिको क्रममा उल्लेख छ । आवश्यक साधन जुटाई सो गुरुयोजनाको कार्यान्वयन गर्नेतर्फ पहल भएको देखिएन । चालू आर्थिक वर्षमा सोको लागि केही बजेट विनियोजन भएको र थप कार्य अगाडि बढाउन विभिन्न निकायमा पहल भएको जवाफ प्राप्त भएको छ ।

६४. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा रु.१३ हजार र प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि एक कार्यालयबाट रु.२ हजार समेत रु.१५ हजार असुल भएको छ ।

६५. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६७ आषाढ मसान्तमा ७ कार्यालयको रु.३ करोड २६ लाख ९६ हजार पेश्की देखिएकोमा पेश्की फछ्यौंट नभएकोले बाँकी रहेको छ ।

मन्त्रालय अन्तर्गतका अन्य समितिको २०६७ आषाढ मसान्तमा २ कार्यालयको रु.१७ लाख ६८ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.३ लाख ५६ हजार फछ्यौंट गरी २ कार्यालयको रु १४ लाख १२ हजार पेश्की देखिएको छ ।

६६. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

६६.१ मन्त्रालय र मातहत सरकारी कार्यालयतर्फ यो वर्ष रु.३ करोड ४६ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ लाख ३५ हजार फछ्यौंट गरेकाले रु.३ करोड ३० लाख २३ हजार बाँकी रहेको छ ।

६६.२ अन्य संस्था, समितिर्फ रु.५१ लाख ४८ हजार बेरुजू देखिएको छ ।

६६.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१७ लाख १७ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.१ करोड २५ लाख ८१ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

६६.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्म रु.२ करोड ९४ लाख ५० हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.४ करोड २० लाख ३१ हजारमध्ये रु.२ करोड ३३ लाख २३ हजार सरकारी कार्यालयतर्फ र रु.१ करोड ८७ लाख ८ हजार अन्यतर्फ रहेको छ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

मन्त्रालय र मातहत समेत २२५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब ५१ करोड ७५ लाख ७७ हजार, राजस्वतर्फ रु.५ अर्ब ८० करोड १७ लाख १४ हजार, धरौटीतर्फ रु.४३ करोड ८६ लाख ५७ हजार र अन्य कारोबारतर्फ रु. ६ अर्ब ८४ करोड ६१ लाख ९१ हजारसमेत रु.१४ अर्ब ६० करोड ४१ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतको एक अन्य संस्थाको रु २४ करोड ७१ लाख २४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **अनुगमन परिक्षण** – महालेखापरीक्षकको विगतका प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१ मालपोत कार्यालयहरुले असुल गरेको घर जग्गा रजिष्ट्रेशन दस्तुर स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ बमोजिम बाँडफाँड गरी सम्बन्धित जिल्ला विकास समितिलाई पठाउनुपर्ने र बाँकी रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष स्थानीय निकायमा पठाएको रकम समेत देखिने गरी केन्द्रीय आर्थिक विवरण पेश गरेको छैन । लेखापरीक्षणको क्रममा यो वर्ष मालपोत कार्यालय रौतहट तथा मुस्ताङ्गले असुल गरेको रजिष्ट्रेशन दस्तुर सबै कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा सञ्चितकोष दाखिला गरेको र जुम्लाले जिल्ला विकास समितिलाई पठाउनुपर्ने रकम समेत धरौटी खातामा राखेको पाइयो । तालुक निकायले अनुगमन गरी केन्द्रीय विवरण बनाउने नगरेकोले कार्यालयले असुली गरेको रकम समयमा बाँडफाँड नगरी ख–६ खातामै राखि सञ्चित कोषमा दाखिला नगर्ने र सम्बन्धित निकायमा नपठाई हिसाब पनि स्पष्ट राख्ने गरेको छैन ।

१.२ भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ ले जग्गाको बाँडफाँड वा हक छाडी द्वैध स्वामित्व नियन्त्रण गर्ने व्यवस्था गरको छ । सो अनुसार जग्गा बाँडफाँड सम्बन्धमा कार्यालयमा परेका १३ हजार ४०६ निवेदनको समयमै टुङ्गो लगाउनुपर्नेमा ६६१ (४.९३ प्रतिशत) को मात्र फरफारक भएको छ ।

१.३ भूमिसम्बन्धी ऐन, २०२१ को दफा २१ बमोजिम प्राप्त भएको वा जफत भएको जग्गा प्राथमिकताको आधारमा साविक जग्गावाल, मोही वा अन्य कुनै व्यक्तिलाई कुनै शर्तमा कमाउन दिन सक्ने व्यवस्था छ । भूमिसुधार तथा व्यवस्थापन विभागले हदबन्दीबाट प्राप्त भएको जग्गाको वितरण र बाँकीको लगत तयार गरेको छैन ।

१.४ भूमिसम्बन्धी ऐन, २०२१ को दफा ४२ मा सो ऐनको दफा ४० बमोजिम जम्मा गरिएको बचत ५ वर्षपछि सो बचत राख्ने समिति, संस्था वा अधिकारीले साँवा र ब्याज बाँकी भए सो समेत नगदी, जिन्सी वा दुवै वा जिन्सीलाई दफा ४१ बमोजिम नगदमा परिणत गरिएको भए नगदीमा फिर्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ । विभागबाट प्राप्त गत वर्षसम्मको विवरण अनुसार २२ लाख ८१ हजार ४३५ बचतकर्ताबाट रु.२६ करोड ९९ लाख १४ हजार रकम उठाएकोमा ११ लाख ४२ हजार २०२ बचतकर्तालाई रु.१४ करोड ८५ लाख ५६ हजार फिर्ता गरी रु.१२ करोड १३ लाख ५८ हजार बाँकी देखिन्छ । बचत फिर्ता र ऋण असुलीसम्बन्धी अद्यावधिक लगत पेश नभएकोले यो वर्ष उक्त रकम भिडान गरी यकिन गर्न सकिएन । प्राप्त बचत, फिर्ता र ऋण असुली कार्य विगत वर्षदेखि निष्क्रिय रहेकोले बचत रकम योजना बनाई क्रमश: फिर्ता गर्नुपर्दछ ।

१.५ भूमिसम्बन्धी ऐन, २०२१ अनुसार भू–उपयोग योजना तथा कार्यक्रम कार्यान्वयन गर्दै जाने उद्देश्यले २०५७ मा भू–उपयोग आयोजना स्थापना भएको छ । आयोजनाले यो वर्षसम्ममा ७५ जिल्लाको प्रोफाइल, जिल्लास्तरीय डाटावेस, भू–उपयोग क्षेत्र छुट्टिएको नक्सा तयार गरी राष्ट्रिय भू–उपयोग नक्सा अद्यावधिक गर्ने लक्ष्य लिएकोमा यससम्बन्धी प्रगति पेश भएन । भू–उपयोग सम्बन्धी नीति निर्धारण गर्न २०५८ मा भू–उपयोग परिषद् गठन भएकोमा नीति तर्जुमा गर्ने कार्य अद्यापि पूरा हुनसकेको छैन । यस सम्वन्धमा नीतिको मस्यौदा तयार भई परिमार्जनको क्रममा रहेको जानकारी प्राप्त भएको छ ।

१.६ नेपाल सरकारले २०५७ श्रावणमा कमैया मुक्तीको घोषणा गरे पश्चात् दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा रहेका मुक्तकमैया परिवारको पुनर्स्थापना कार्य सम्पन्न गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६५।९।१७ को निर्णयले मुक्तकमैया पुनर्स्थापन समस्या समाधान आयोग गठन गरी केन्द्रीय र जिल्ला समितिहरुको व्यवस्था गरेको छ । प्राप्त विवरणमा कमैया परिवारको लगत २०५२ मा १५ हजार १५२ भएकोमा २०५७ को लगतअनुसार १८ हजार ४०० पुगेको र २०५९ मा लिइएको छुट परिवारको विवरणअनुसार थप १४ हजार १०९ परिवारलाई परिचयपत्र वितरण गरेको उल्लेख छ । आयोगको गठन र विगतमा केन्द्रीय तथा जिल्ला समितिको गठन भई पटक पटक म्याद थप भएपनि ५ हजार २९ परिवारको पुनर्स्थापन गर्न र २०९ परिवारलाई जग्गा सट्टाभर्ना दिन बाँकी नै रहेको छ । कमैया मुक्ती घोषणाको लक्ष्यअनुरुप पुन: स्थापन कार्य हुन नसकेकोले समयबद्ध कार्यक्रम बनाई कार्यान्वयन गरिनुपर्दछ ।

१.७ कमैयाको लागि बसोबासको प्रबन्ध मिलाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को २०५३।३।१० को निर्णयले गठन गरेको कमैया बसोबास समिति २०५७ मा विघटन भएको छ । विघटित समितिको नाममा रु.६४ लाख ८६ हजार मौज्दात रहेको छ । मन्त्रालयले सो रकम कमैया ऋण मोचन कोष, कमैया बसोबास समिति र राहत कोषमा पठाउन अर्थ मन्त्रालयमा २०६६।४।३० मा स्वीकृतिको लागि अनुरोध गरेको देखिन्छ । यो रकम सञ्चित कोष दाखिला गर्नु पर्दछ ।

१.८ काठमाडौं विश्वविद्यालयलाई जोड्ने सडक निर्माणका लागि जग्गा खरिद गर्न भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको नाममा गत वर्ष रु.४० लाख बजेट विनियोजन भएकोमा जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रियाअनुरुप जग्गा प्राप्त गर्न समयाभावले नसकिने अवस्था देखाई मन्त्रालयको २०६६।३।३० को निर्देशानुसार जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोकको धरौटी खातामा रकम जम्मा गरेको देखिन्छ । सो रकम सञ्चितकोष दाखिला गर्नुपर्ने सुझाउ दिइएकोमा यो वर्ष पनि दाखिला गरेको छैन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था हुनुपर्दछ ।

सरकारी कार्यालयतर्फ

भूमिसुधार तथा व्यवस्थापन विभाग

२. **भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम** – मालपोत कार्यालयलले घर, जग्गा रजिष्ट्रेशनबाट उठाएको रकममध्ये स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ बमोजिम सम्बन्धित जिल्ला विकास समितिमा पठाइएको कुल रकमको ५ प्रतिशत सम्बन्धित मालपोत, भूमिसुधार र नापी कार्यालयहरुको संस्थागत सुदृढीकरणका लागि जिल्ला विकास समितिले सम्बन्धित मालपोत कार्यालयहरुमा उपलब्ध गराउनुपर्ने र सो कार्यको अनुगमन भूमिसुधार तथा व्यवस्थापन विभागले गर्नुपर्ने व्यवस्था आर्थिक ऐन, २०६५ ले गरेको छ । उक्त रकम सञ्चालन र नियन्त्रणको कार्यविधि नभएकोले खर्च प्रक्रियामा विविधता देखिदै आएको छ । विभागले यो रकमको उपयोगको अनुगमन गरी केन्द्रीय आर्थिक विवरण बनाई यो वर्ष पनि पेश गरेको छैन । मन्त्रालयले यो वर्ष लागू गरेको भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम (सञ्चालन) कार्यविधि, २०६७ मा सुदृढीकरण कार्यक्रमको लागि भएको आय–व्ययको केन्द्रीय आर्थिक विवरण पेश गर्ने

सम्बन्धमा व्यवस्था भएको पाइएन । मातहत कार्यालयबाट गरेको सम्पूर्ण आय–व्ययको केन्द्रीय आर्थिक विवरण बनाई लेखापरीक्षण गराउनु पर्दछ ।

३. **जग्गाको मूल्याङ्कन** – जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण निर्देशिका, २०५९ मा प्रत्येक मालपोत कार्यालयले जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण प्रक्रियालाई तथ्यगत आधारमा वस्तुपरक एवं व्यावहारिक बनाउनुपर्ने र निर्देशिकाबमोजिम तोकिएको प्रक्रिया पुऱ्याई परिमार्जन गर्नुपर्ने व्यवस्था छ । निर्देशिकामा तोकिएअनुरुप घरजग्गाको वास्तविक मूल्याङ्कन हुन नसकी विगतका मूल्याङ्कन दरमा सामान्य हेरफेर गरी रजिष्ट्रेशन लिखत पारित गर्दा असुल हुनुपर्ने राजस्व समेत घटी हुन गएको छ । जग्गाको अन्य पूर्वाधारको साथै चलन चल्तीको मूल्य बुझी सो समेतको आधारमा न्यूनतम मूल्याङ्कन पुस्तिका तयार गर्नुपर्नेमा त्यसतर्फ आवश्यक सुधार नभएकोले कार्यालयहरुले रजिष्ट्रेशन पारित गर्दा निम्नानुसार न्यूनतम मूल्याङ्कन दरभन्दा धेरै गुणा बढीमा कारोबार हुने गरेको छ ।

क्र.सं.	मालपोत कार्यालय	मूल्याङ्कनभन्दा बढी प्रतिशत (देखि–सम्म)	क्र.सं.	मालपोत कार्यालय	मूल्याङ्कनभन्दा बढी प्रतिशत (देखि–सम्म)
१.	दमक, झापा	२१७-३०००	२.	स्याङ्जा	२४१-७४४१
३.	रुपन्देही	६२२-११६१	४.	नवलपरासी	२४८-६४३
५.	कावासोती	५२८-१४८४८	६.	पाल्पा	४११-१३१४
७.	गुल्मी	२०१-१३२१	८.	विराटनगर, मोरङ्ग	१२५-५८७
९.	बेलवारी, मोरङ्ग	३६२-८६८	१०.	भद्रपुर, झापा	१६१-९४४
११.	धनुषा	५८८-५४५५	१२.	महोत्तरी	१०००-१३५३३
१३.	रौतहट	५३५-३४४८	१४.	सिन्धुली	२०००-१००००
१५.	सर्लाही	८२५-६०७१	१६.	इनरुवा	५००-८४५
१७.	सिराहा	१२८७-२५००			

उपर्यक्त स्थितिलाई दृष्टिगत गर्दा तजबीजको आधारमा मूल्याकन गर्नपर्ने स्थिति देखिंदा न्यूनतम मूल्याङ्कन पुस्तिका अद्यावधिक गर्न तालुक निकायबाट निरीक्षण तथा अनुगमन गरी जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण दरलाई समयसापेक्ष, तथ्यपरक र व्यवहारिक बनाउनु जरुरी देखियो ।

४. **घरबाटो सिफारिस** – भूमिसुधार तथा व्यवस्थापन विभागको २०६०।२।२२ को परिपत्र अनुसार जग्गा तथा घरको हक हस्तान्तरणसम्बन्धी लिखत पारित गर्दा सम्बन्धित गाउँ विकास समिति तथा नगरपालिकाबाट घर बाटोको सिफारिस लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट नमूनाको रुपमा परीक्षण गर्दा मालपोत कार्यालय, बर्दिया र नवलपरासी (कावासोती) ले स्थानीय निकायबाट घरवाटो सिफारिस गरेको प्रमाण बेगर १४ लिखतको न्यूनतम मूल्याङ्कन निर्धारण गरी सोको थैली अङ्क रु.२ करोड ५२ लाख ११ हजारबाट रु.५ लाख ३ हजार रजिष्ट्रेशन दस्तुर असुल गरेको छ । परिपत्रबमोजिम घरबाटो सिफारिस नलिइ उक्त लिखत पारित गरेकोले मूल्याङ्कन रकम यकिन गर्ने अवस्था नरहेकोले छानबिन गरी दस्तुर छुट भए नभएको यकिन गर्नुपर्ने देखिन्छ ।

५. **घटी थैली** – मालपोत कार्यालय, रुपन्देहीले लिखत पारित गर्दा स्थानीय निकायले सिफारिस गरेको आधारमा बनाइएको लिखत मूल्याङ्कन पुस्तिकासँग मेल नखाएकोमा प्रक्रिया नपुऱ्याई सोही लिखतको आधारमा थैली कायम गरी दस्तुर असुल गरेको देखियो । यसरी पारित भएका ११ लिखतको मूल्याङ्कन पुस्तिकाअनुसार हुने थैली अङ्कमा रु.३ करोड २० लाख ३३ हजार घटी भएकोले सोमा लाग्ने रु.८ लाख ६८ हजार असुल हुनुपर्ने देखियो ।

६. **पूँजीगत लाभकर –** आयकर ऐन, २०५८ को दफा ८९ख अनुसार कुनै प्राकृतिक व्यक्तिको घर तथा घरजग्गा निसर्गबापत भएको पूँजीगत लाभमा मालपोत कार्यालयले रजिष्ट्रेशनका बखत निसर्ग भएको गैरव्यावसायिक र करयोग्य सम्पत्तिको स्वामित्व ५ वर्षभन्दा बढी भएकोमा ५ प्रतिशत र ५ वर्षभन्दा कम भए १० प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । यस व्यवस्थाको कार्यान्वयनको लागि

आन्तरिक राजस्व विभागले कार्यविधि निर्माण गरी लागू गरेको छ । यस सम्बन्धमा देखिएका केही प्रमुख व्यहोरा देहायअनुसार छन्:

६.१ घरजग्गाधनीले निसर्ग गरेको घरजग्गाको आयबाट खर्चको गणना गर्ने तरिकामा "स्वामित्वमा आएदेखि बिक्री हुँदासम्म सो घर वा जग्गाको लागि भएको अन्य खर्चहरु" घटाउन पाउने उल्लेख गरेको देखिन्छ । घोषणा फाराममा "भवन निर्माण गरेको भए निर्माणमा भएको खर्च" भनी उल्लेख गरेको पाइयो । कार्यविधिमा यस्तो खर्च गणनाको आधार र निकायको परिभाषा स्पष्ट गरिएको छैन । अस्पष्ट र द्विविधाजनक व्यवस्थाका कारण मालपोत कार्यालय चावहिलले ३६ निसर्गकर्ताको घोषणा फाराम बमोजिम माटो पुरेको, डोजर चलाएको कार्यको प्रमाण बेगरका खर्च कटाई रु.१ करोड ६४ लाख ९९ हजार लाभकर लिन छुटाएको देखिन्छ । यस सम्बन्धमा कार्य एवं जिम्मेवारी स्पष्ट गरी आवश्यक प्रमाण पेश गर्न लगाउने व्यवस्था गरी कर असुली कार्यलाई सरल बनाइनु पर्दछ ।

६.२ मालपोत कार्यालय, रुपन्देही र नवलपरासीले ४–४ तथा सर्लाहीले एकसमेत ९ लिखत पारित गर्दा मूल्याङ्कन गरेको थैलीमा लाग्ने लाभकर रु.१ करोड ६३ लाख ८९ हजार कट्टा नगरेकोले असुल हुनुपर्दछ ।

६.३ मालपोत कार्यालय, चाबहिलमा ७ जग्गाधनीले पेश गरेको घोषणा फाराममा घर नभएको उल्लेख गरे तापनि घर निर्माण गरेको खर्च रु.४ करोड ९८ लाख १८ हजार कटाई लाभकर गणना गरेका देखिँदा सोमा लाग्ने रु.३४ लाख ५६ हजार असुल हुनुपर्दछ ।

७. **क्षतिपूर्ति** – मालपोत कार्यालय, दैलेखको मौजुदा भवन तथा सो भवनले चर्चेको कित्ता नं. १७४ को जग्गामा १९९० देखि कार्यालयको आफ्नै भवन निर्माण भई कार्य सञ्चालन हुदैआएको छ । सोही जिल्ला बस्ने एक व्यक्तिले सो जग्गाको क्षतिपूर्तिका लागि दिएको निवेदनउपर जग्गा मूल्याङ्कन समितिको २०६६।१०।११ को सिफारिस अनुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६६।१२।१७ को निर्णयले रु.२२ लाख क्षतिपूर्ति दिएको देखियो । भूमिसुधार ऐन, २०२१ लागू भएपछि निजले २०२१।११।२६ मा साँधसिमाना खुलाई भरेको ७ नम्बर फाराममा उल्लेख गरिएको निजको जग्गाको चारकिल्ला अनुसार निजको जग्गा मालपोत कार्यालय रहेको जग्गाको सिमानासँग जोडिएको र हाल कार्यालय रहेको जग्गा कार्यालयकै स्वामित्वमा रहेको देखिन्छ । सम्वत् १९९० देखि नै कार्यालयले हकभोग कायम गर्दैआएको सो जग्गाको कार्यालयकै नाममा जग्गाधनी स्रेस्ता समेत रहेको र जग्गाधनिको हक हिस्सा महलमा कसैको नाम उल्लेख नगरी "कार्यालयको एरिया", "पूरा" उल्लेख भएबाट उक्त नम्वर कित्ताको जग्गा कार्यालयकै स्वामित्वको भएको देखिंदा सो जग्गाधनि दर्ता स्रेस्ता खारेज नभएको अवस्थामा क्षतिपूर्ति दिएको आधार प्रष्ट भएन ।

नापी विभाग

८. **नापी कामदार –** कार्यालय तथा फिल्डमा काम गर्ने नापी कामदारलाई काम लगाउन उपयुक्त नर्म्स निर्धारण गरिनुपर्दछ । यस सम्बन्धमा २०५७।७।१५ को नेपाल सरकार (मन्त्रिपरिषद्) को आइन्दा उपयुक्त कानूनी व्यवस्था गर्नेतर्फ विचार गरी हाललाई प्रस्तावमा लेखिए बमोजिम गर्ने निर्णयको आधारमा कानूनी व्यवस्थाबेगर यो वर्ष पनि स्थलरुप नापी महाशाखाका ३७ कामदारको रु. ६३ लाख समेत विभागका कुल ६८ कामदारको रु. १ करोड ९० हजार खर्च लेखेको छ । नापी कामदारहरु २०४६।४।११ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयअनुसार ज्यालादारीमा काम गर्दै आएको भए तापनि मन्त्रिपरिषद्को उपर्युक्तबमोजिम पछिल्लो निर्णयअनुसार उपयुक्त कानूनी व्यवस्था गर्नेतर्फ कारबाही भएको पाइएन । कानूनी व्यवस्थाको अभावमा यस्तो खर्च प्रभावकारी नहुने भएकाले प्रविधि र पूर्वाधारमा भएको परिवर्तनसँगै नापी कामदारको नर्म्स समयसापेक्ष र यथार्थपरक बनाउन उपयुक्त व्यवस्था र कार्यविधि बनाई लागू गरिनु जरुरी छ ।

अन्य संस्थातर्फ

गुठी संस्थान

गुठी व्यवस्थापन गर्न २०२१ मा स्थापना भई गुठी संस्थान ऐन, २०३३ अन्तर्गत संचालित यस संस्थानको गत वर्षको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

९. **लेखापरीक्षण स्थिति** – २०५१।५२ देखि विगत वर्षसम्मको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको जवाफ प्राप्त नभएकोले ती वर्षहरुको अन्तिम लेखापरीक्षण सम्पन्न गर्न सकेको छैन । सञ्चालक समितिको बैठक पटक पटक बस्ने गरे तापनि यस सम्बन्धमा कुनै निर्णय नगरेको तथा बेरुजूको लगत पनि राखेको छैन ।

१०. **सुझाव कार्यान्वयन –** संस्थानको लेखापरीक्षणबाट विगत वर्षमा दिइएका विभिन्न सुझावहरु यो वर्षसम्म पनि कार्यान्वयन नभएका उदाहरण निम्न छन्:

१०.१ वित्तीय विवरण नगद आधारमा तयार गर्ने गरेको, यथार्थ आम्दानी तथा खर्चको आधारमा लेखा तयार नगरी निकासा रकमलाई खर्च देखाएको, शाखाहरुले निकासामध्ये खर्च नभई बाँकी बचत केन्द्रीय कार्यालयमा फिर्ता गर्ने गरेको सो रकमलाई रकमलाई आम्दानी जनाउने गरेको, बैङ्क विवरण नियमित रुपमा लिई हिसाब भिडान गर्ने नगरेको, सम्पत्ति र दायित्वको अभिलेख तयार गर्ने नगरेको, आय शीर्षक छुट्याई अभिलेख राख्ने नगरेको आदि कारणले वित्तीय विवरणले यथार्थ आर्थिक स्थिति चित्रण गरेको छैन । सम्पत्ति तथा दायित्व मूल्याङ्कन गरी वासलात एवं आय–व्यय विवरण तथा अनुसूचीहरु तयार गरेको छैन ।

१०.२ असुल गर्नुपर्ने बक्यौता रकम बढ्दै गएको, एउटै कामको लागि धेरै कर्मचारीलाई पेश्की दिएको र फछ्यौंट गराउनेतर्फ सक्रियता नदेखाएको, धरौटीको व्यक्तिगत खाता अद्यावधिक नगरेको, धरौटी रकमबाट कार्य सञ्चालनमा खर्च गर्ने गरेको, जिन्सी लेखा अद्यावधिक नगरेको, शाखा कार्यालय र मालपोत कार्यालयहरुलाई दिएको निकासा तथा प्राप्त आयको लेखा दुरुस्त नराखेको, केन्द्र र शाखा कार्यालयहरुले देखाएको हिसाब फरक पर्ने गरेकोमा भिडान गरी हिसाब समायोजन गर्ने नगरेको आदि सम्बन्धमा वर्षेनी सुझाउ दिदै आए तापनि स्थिति यथावत् रहेको छ ।

१०.३ आन्तरिक लेखापरीक्षणका लागि छुट्टै शाखा रहे तापनि शाखाहरुको कारोबारको आंशिक परीक्षण मात्र गर्ने गरेको, केन्द्रीय कार्यालयको लेखापरीक्षण गर्ने नगरेको, वित्तीय विवरण समयमा तयार गर्ने नगरेको, तयारी वित्तीय विवरण त्रुटिपूर्ण हुने गरेको, केन्द्र र शाखाबीच हिसाब भिडान नगरी आर्थिक विवरण तयार गर्ने गरेको आदि कारणबाट आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको व्यहोराको सुझाव विगत वर्षदेखि दिए तापनि स्थिति यथावत् छ ।

१०.४ लिनुपर्ने रकमको भरपर्दो अभिलेख राखेको छैन । लिनु दिनुपर्ने रकमको प्रमाण सङ्कलन गरी असुल गर्नुपर्ने र दिनुपर्ने हिसाबको लेखाजोखा गरी व्यवस्थित गर्न सुझाव दिँदै आए तापनि सुधार भएको देखिएन ।

१०.५ गुठी तैनाथी, अधिनस्थ, नम्बरी र गुठी रैतानी जग्गाको र संस्थानले संरक्षण गर्नुपर्ने मठ, मन्दिर, देवालय आदिको लगत व्यवस्थित नभएको व्यहोरा गत विगत वर्षदेखि औल्याउँदै आएकोमा अद्यावधिक गर्नेतर्फ कुनै कारबाही गरेको पाइएन ।

१०.६ घर, पसल बहालको लगत अद्यावधिक छैन । प्रतिस्पर्धात्मक रुपमा अधिकतम भाडा प्राप्त गर्न प्रयत्न गर्नुपर्नेमा नगरेको, अधिकांश बहालवालाहरुसंग सम्झौता नगरी घरपसल उपयोग गर्न दिएको तथा बहाल नबुझाउनेलाई विगत वर्षहरुझैं यो वर्ष पनि कुनै कारबाही गरेको छैन ।

११. **सञ्चालन नतिजा –** यो वर्षको आय रु.१५ करोड २२ लाख ८३ हजार भएकोमा व्यय रु.९ करोड ४८ लाख ४३ हजार भई रु.५ करोड ७४ लाख ४० हजार बचत भएको छ । गत वर्षको अन्तिम मौज्दात रु.१ अरब ५६ करोड १३ लाख ४१ हजार भएकोमा जिम्मेवारी सार्दा रु.१ अरब ५९ करोड २ लाख ९५ हजार सारेको छ । यो वर्ष पनि यथार्थ खर्च तथा स्रेस्ताको आधारमा आय–व्यय विवरण तयार नगरी निकासा रकमलाई नै

खर्च देखाएको, पूँजीगत खर्चलाई समेत सञ्चालन खर्चमा देखाएको, बैङ्क ब्याजको हिसाब मिलान विवरण तयार नगरेको आदि कारणबाट आर्थिक कारोबारले सञ्चालन स्थितिको यथार्थ चित्रण गरेको छैन ।

१२. **लगानी –** गत वर्षसम्म रु.१ अरब ४६ करोड ३५ लाख ५५ हजार लगानी गरेकोमा यो वर्षसम्म रु.१ अरब ४९ करोड १२ लाख ५५ हजार पुगेको छ । संस्थान स्थापना हुँदा नेपाल सरकारले जिम्मा लगाएको लगतको आधारमा विभिन्न ३८ व्यक्तिसँग लिन बाँकी देखाएको विर्ता जग्गा धितोबापतको रु.११ लाख ७५ हजार र कन्भर्सन लोनबापतको रु.१३ लाख ७३ हजार समेत रु.२५ लाख ४८ हजार असुल गर्न कारबाही नगरी अक्षयकोषमा लगानीमा देखाएको छ ।

१३. **रैतानीमा परिणत –** गुठी संस्थान ऐन, २०३३ को दफा १८(१) मा नेपाल सरकारको स्वीकृति बेगर गुठी जग्गाको स्वामित्व छाड्न नहुने र दफा ३६ मा तोकिएको रकम दर्तावाला मोहीले संस्थानमा बुझाएमा निजको नाममा रैतान नम्बरी दर्ता गरी दिनुपर्ने व्यवस्था छ । गुठी संस्थान कार्य व्यवस्था विनियम, २०४९ को विनियम १६(१) मा गुठी अधिनस्थ जग्गा रैतान नम्बरीमा दर्ता गर्न समयावधि तोकी निवेदन दिनसूचना प्रकाशित गर्नुपर्ने र विनियम ७ मा रैतान नम्बरीबाट प्राप्त रकम अक्षय कोषमा राख्नुपर्ने व्यवस्था छ । जग्गा रैतानमा परिणत गर्दा नेपाल सरकारको स्वीकृति नलिएको, निवेदन दिने समयावधि तोकी सूचना प्रकाशित नगरेको तथा अक्षय कोषमा गरेको लगानीको स्पष्ट अभिलेख राखेको पाइएन । यो वर्ष संस्थानले रु.२४ लाख २१ हजार रैतानी आय प्राप्त गरेको छ । विवरण उपलब्ध नगराएको कारण रैतानमा परिणत जग्गाको क्षेत्रफल र रकम यकिन गर्न सकिएन ।

१४. **कुतवाली असुली –** गुठी जग्गाको कुतवाली बक्यौता र एकसाला रकम यकिन गरी लगत राखेको छैन । शाखा कार्यालयले ५ वर्षसम्म प्रयोग गर्न मिल्ने गरी एकसाला लगत तयार गरे तापनि उक्त लगतमा विगतको बक्यौता रकम चढाएको छैन । मोहीलाई साविकमा तिरेको रसिद पेश गर्न लगाई सोही आधारमा बक्यौता भए नभएको ठहर गरी वक्यौता तथा चालु वर्षको कुतबाली असुल गरेको छ । उठाउन बाँकी रकमको लगत यकिन नगरेको व्यहोरा विगत वर्षदेखि ध्यानाकर्षण गराउदै आए तापनि स्थिति यथावत् छ ।

१५. **जग्गा उपभोग** – गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम १७ अनुसार गुठी कार्यालयले नेपाल सरकार वा अन्य पक्षले उपयोग गरेको जग्गाको परिमाण र किसिम खुल्ने लगत राखेको छैन ।

१६. **मालपोत छुट** – गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम २६ मा गुठी रैतान नम्बरी जग्गा कमाउने जग्गावालाबाट प्राप्त हुनुपर्ने मालपोत रकम हिसाब गरेर लगत तयार गरी जग्गावालालाई दिएको मिनाहा, छुट आदिको हिसाब गरी नेपाल सरकारबाट संस्थानले प्राप्त गर्ने व्यवस्था छ । प्राप्त गर्नुपर्ने, प्राप्त भएको र प्राप्त हुन बाँकी रकमको इकाईगत तथा समष्टिगत विवरण तयार गरेको छैन ।

१७. **पेश्की हिसाब –** केन्द्रीय कार्यालय र शाखा कार्यालय ९ मा रु.२ करोड ४८ लाख ८५ हजार पेश्की बाँकी रहेको छ । पुराना पेश्की फछ्यौंट नभई नयाँ पेश्की दिने गरेको, समयमा पेश्की फछ्यौंट गराउनेतर्फ सक्रिय नरहेको, आवश्यकभन्दा बढी पेश्की दिने गरेको कारणबाट पेश्की बक्यौताको स्थिति यथावत् छ ।

१८. **ब्याज कर** – गुठीको आय लगानी गर्दा प्राप्त ब्याजमा ब्याज कर नलाग्ने व्यहोरा उल्लेख गरी गत वर्षसम्मको रु.१ करोड ३३ लाख ६५ हजार र यस वर्षको रु.४२ लाख ३० हजार समेत फिर्ता प्राप्त हुनुपर्ने ब्याजकर रु.१ करोड ७५ लाख ९५ हजार वित्तीय विवरणमा समायोजन नगरेबाट गलत लेखाङ्कन हुन गई आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गरेको छैन । संस्थान कर छुट पाउने गरी आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको पनि देखिएन ।

१९. **बैङ्क खाता** – अक्षयकोष अन्तर्गतका ११ बैङ्क खाताको मासिक बैङ्क हिसाव मिलान गरेको छैन । बैङ्क र खातामा फरक देखिएको रु.६ लाख ९५ हजार 'अस्पष्ट आम्दानी' भनी उल्लेख गरेको छ । राष्ट्रिय वाणिज्य बैङ्क जुम्लामा २०६३।६४ मा मौज्दात देखिएको रु.१ लाख १२ हजार हालसम्म लेखाङ्कन नगरेकोमा कारण समेत खुलाएको छैन ।

२०. **भूबहाल –** नौ पार्टीबाट रु.६१ लाख ६६ हजार भूबहाल असुल गरेको देखिएकोमा वित्तीय विवरणको अनुसूची–१ मा रु.५८ लाख ५६ हजार असुली देखाई न्यून देखाएको रु.३ लाख १० हजारको सम्बन्धमा छानविन गरी वास्तविकता यकिन गर्नुपर्ने देखिन्छ ।

२१. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा २० कार्यालयबाट रु.१ लाख ५७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १५ कार्यालयबाट रु.१ लाख २४ हजार र सम्परीक्षणको क्रममा रु.११ लाख ९८ हजारसमेत रु.१४ लाख ७९ हजार असुल भएको छ ।

२२. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा २४ कार्यालयको रु.२ करोड ८४ लाख ९३ हजार पेश्की देखिएको छ । बाँकी पेश्की सबै म्याद नाघेको रहेको छ ।

२३. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

२३.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.३३ करोड ५१ लाख २७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ८९ लाख ५० हजार फछ्यौंट गरेकोले रु.२८ करोड ६१ लाख ७७ हजार बाँकी रहेको छ ।

२३.२ मन्त्रालयले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजूमध्ये २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१ करोड ५ लाख ५५ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.१० करोड २५ लाख ५० हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

२३.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.४ करोड २९ लाख १० हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

या वर्ष रु.१४ करोड ५४ लाख ६१ हजार फछ्यौंट भएको मध्ये रु.१४ करो।ड ४६ लाख ६ हजार सरकारी कार्यालयतर्फ र रु.८ लाख ५४ हजार अन्यतर्फ रहेको छ ।

भौतिक योजना तथा निर्माण मन्त्रालय

मन्त्रालय र मातहत समेत २३१ कार्यालयको विनियोजनतर्फ रु.२७ अर्ब ७ करोड २७ लाख ३० हजार, राजस्वतर्फ रु.४७ करोड ३१ लाख ९६ हजार, धरौटीतर्फ रु.१ अर्ब ६७ करोड ६९ लाख ५१ हजार र अन्य कारोबारतर्फ रु.४ करोड १७ लाख २३ हजार गरी रु.२९ अर्ब २६ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा अन्य ६ मन्त्रालयको शीर्षकमा विनियोजन भएको रु.४ अर्ब १५ करोड ९३ लाख ९३ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था, समिति ४९ को रु.८ अर्ब ७७ करोड ९९ लाख ११ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकका गत विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन ।

१.१ दातृ संस्थाबाट शोधभर्ना लिने गरी नेपाल सरकारको तर्फबाट खर्च गरेको रकमको शोधभर्ना भएको छैन । सामुदायिक खानेपानी तथा सरसफाई आयोजनामा एशियाली विकास बैङ्कबाट यो वर्षसम्मको रु.९५ लाख ५४ हजार शोधभर्ना प्राप्त हुन बाँकी देखिएको छ ।

१.२ एशियाली विकास बैङ्कको ऋणतर्फ इम्प्रेस्ट खाताबाट खर्च भएको रकमको फाँटवारीको आधारमा कोष पूर्ति हुने गरेको छ । मेलम्ची खानेपानी आयोजनाले विभिन्न भुक्तानी माग पत्रबाट रु.३ करोड ७९ लाख ३५ हजार माग गरेको रकम लेखापरीक्षण अवधिसम्म पनि कोष पूर्ति भएको छैन । काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास आयोजनामा इम्प्रेष्ट खाताबाट रु.४ लाख ५२ हजार खर्च लेखेकोमा बैङ्कबाट सो रकम अद्यावधिक कोष पूर्ति भएको छैन ।

१.३ उपभोक्ता समितिबाट काम गराउँदा जनसहभागिताको रकम सम्झौतामा उल्लेख नगरी सम्पूर्ण रकम कार्यालयले समितिलाई भुक्तानी गरी खर्च लेखेको छ । खानेपानी आयोजनाहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा निर्माण काम वा सोसँग सम्बन्धित सेवाको सम्बन्धमा सार्वजनिक निकाय र उपभोक्ता समिति वा लाभग्राही समुदायबीच खरिद सम्झौता हुनुपर्ने व्यवस्था छ । सम्झौतामा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, सम्पन्न गर्नुपर्ने अवधि जस्ता कुराहरु खुलाउनुपर्ने र नियम ९७(४) अनुसार भुक्तानी गर्दा जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । खानेपानी तथा ढल निकास विभाग, क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, सुर्खेतले १२ खानेपानी आयोजनाका विभिन्न निर्माण कार्य उपभोक्ता समितिबाट गराई खर्च लेख्दा जनसहभागिताको रकम सम्झौतामा उल्लेख नै नगरी उपभोक्ता समितिलाई रु.८७ लाख २ हजार भुक्तानी गरेको छ । नियममा उल्लेख भएबमोजिमको सम्झौता गरेको पाइएन ।

१.४ कार्यालयमा पाइप र फिटिङ्सको मौज्दात हुँदाहुँदै थप खरिद गरी मौज्दात राखेको छ । विभिन्न आयोजना प्रयोजनको पाइप, फिटिङ्स र अन्य सामानको मौज्दात साइट रजिष्टरमा आम्दानी बाँधी राख्नुपर्नेमा सो गरेको छैन । क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, सुर्खेतले यो वर्ष रु.२० लाख ८६ हजारको फिटिङ्स खरिद गरेको छ । विगतमा एशियाली विकास बैङ्कको कार्यक्रम लागू हुँदाका बखत बफर स्टकको रुपमा खरिद भै यस कार्यालयको नेपालगन्ज स्थित भण्डारमा ४३५ प्रकारका रु.२ करोड ९९ लाख ६५ हजार मूल्यको पाइप तथा फिटिङ्स मौज्दात रहेको अभिलेखबाट देखिएको छ । मौज्दात हुँदाहुँदै थप फिटिङ्स खरिद गरी अनावश्यक खर्च गरेको देखियो । क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, डोटीको नियन्त्रणमा रहेको, धनगढीस्थित गोदाममा १८८ प्रकारका जि.आई.पाईप तथा फिटिङ्स मूल्य नखुलाई

मौज्दातमा राखेको छ । चालू वर्षमा आवश्यक फिटिङ्स साइज सेरिज नभएकोले मौज्दात प्रयोग नगरेको कार्यालयको जवाफ रहेको छ । मौज्दातमा रहेका सामानहरु प्रयोग गरेपछि मात्र बजेट विनियोजन गर्नु उचित हुने देखिन्छ ।

१.५ नगर विकास समितिहरु, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, दक्षिणकाली क्षेत्र प्रबन्ध समितिले आ–आफ्नो गठनादेश अनुसार स्थापना देखिनै वासलात तयार गर्नुपर्नेमा नगरेकोले स्वायत्त निकायको आर्थिक स्थिति यकिन हुनसकेको छैन ।

१.६ काठमाडौं उपत्यका नगर विकास समितिले जग्गा एकीकरण आयोजना १४ र नगर विकास समिति २ बाट करिब दुई दशकदेखिको रु.४ करोड २५ लाख ५ हजार साँवा र रु.३ करोड ८४ लाख ४२ हजार ब्याज असुल गर्न बाँकी रहेको समेत यस वर्षसम्मको साँवा रु.४ करोड ८० लाख ४१ हजार तथा ब्याज रु.४ करोड ३४ लाख ५८ हजार असुल गर्नुपर्नेमा साँवा रु.२ करोड ४१ लाख ७२ हजार र ब्याज रु.२४ लाख ८९ हजार असुल गरी साँवा रु.२ करोड ३८ लाख ६९ हजार र ब्याज रु.४ करोड ९ लाख ६९ हजार असुल हुन बाँकी छ । कतिपय आयोजना/समितिबाट प्राप्त रकम ब्याज कट्टी गरेपछि मात्र साँवामा घटाउने गरेको छ भने अधिकांशले पहिले साँवामा घटाई ब्याज बाँकी राख्ने गरेको छ । पहिला साँवा घटाई ब्याज बाँकी राखेको हुँदा साँवाभन्दा ब्याज बढी बाँकी देखिएको छ । ऋण लगानी तथा असुली सम्बन्धमा नियमानुसार तालिका बनाई कार्यान्वयन हुनुपर्ने सम्बन्धमा गत विगतदेखि औँल्याउँदै आएकोमा सुधार भएको छैन ।

१.७ समितिले कमेरोटार जग्गा एकीकरण आयोजनाको कुल क्षेत्रफल १ हजार ५६० रोपनी रहेकोमा बिक्रीको लागि १४३ रोपनी छुट्याएको छ । सोमध्ये २०६२।७।१४ को सम्झौतामा १०० रोपनी जग्गाको रु.१८ करोडमा दुई वर्षभित्र सबै रकम बुझाउने गरी नेपाल टेलिकमलाई बिक्री गर्ने सम्झौता गरेको देखियो । सम्झौताबमोजिमको जग्गामध्ये यो वर्षसम्म रु.१४ करोड रकम प्राप्त गरी ४३ रोपनी ८ आना जग्गा उपलब्ध गराइसकेको देखिन्छ । उपलब्ध गराउन बाँकी ५६ रोपनी ८ आना जग्गा उपभोक्ता समितिको २०६६।१२।९ को निर्णयमा विभिन्न कारणले उपलब्ध गराउन नसक्ने उल्लेख गरेकोमा सम्झौता पुनरावलोकन गरेको छैन ।

१.८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । भवन निर्माण संभार डिभिजन कार्यालयले २४२ मर्मत संभार तथा रङ्गरोगनका कार्यहरु विभिन्न निर्माण व्यवसायीसँग सोझै वार्ता गरी रु.३ करोड १६ लाख २३ हजार खर्च लेखेको छ ।

एकै स्थानको मर्मत तथा रङ्गरोगनका कार्यहरु एउटै प्याकेज बनाई कार्य गराउनुपर्नेमा हनुमानढोका दरबार क्षेत्रमा ७ पटक गरी रु.८ लाख ७६ हजार, राष्ट्रपति निवासमा १६ पटक गरी रु.२१ लाख, उपराष्ट्रपति निवासमा ६ पटक गरी रु.७ लाख ९९ हजार, प्रधानमन्त्री निवासमा २० पटक गरी रु.२६ लाख ११ हजार, मन्त्री निवासमा ३८ पटक गरी रु.४९ लाख ८३ हजार समेत रु.१ करोड १३ लाख ६९ हजार खर्च लेखेको छ । त्यसैगरी उप राष्ट्रपति निवासमा ४ निर्माण व्यवसायीसँग २०६७।३।१७ मा सम्झौता गरी ४ लागत अनुमानको रु.५ लाख २३ हजारको खर्च लेखेको छ । प्रधानमन्त्री क्वार्टरमा २०६७।३।१६ मा ४ निर्माण कार्यको सम्झौता गरी रु.५ लाख २ हजार र मन्त्री निवासमा ४ निर्माण व्यवसायीसँग २०६७।३।१६ मा सम्झौता गरी रु.४ लाख ६४ हजार खर्च लेखेको छ । ऐन विपरीत लागत अनुमानलाई टुक्र्याई खर्च लेखेको उचित छैन ।

१.९ निजामती सेवा ऐन, २०४९ (संशोधन सहित, २०६४) को दफा ७ख(२) को व्यवस्था अनुसार तलबी प्रतिवेदन पारित गराउनुपर्ने उल्लेख छ । उक्त व्यवस्थाको पालना नगरी खानेपानी विभाग अन्तर्गतका ३ कार्यालयले रु.१ करोड ८७ हजार र सडक विभाग अन्तर्गतका ९ कार्यालयले रु.२ करोड ४८ लाख ८३ हजार समेत रु.३ करोड ४९ लाख ७० हजार तलब खर्च लेखेको छ ।

गत विगतको लेखापरीक्षणबाट औँल्याएको व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **रकम दाखिला** – ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिबाट यो वर्ष विश्व बैङ्कबाट सोझै भुक्तानी गरेको रु.२ करोड ८९ लाख ७५ हजार र नेपाल सरकारले विभिन्न मितिमा निकासा गरेको रु.९७ करोड १० लाख १८ हजार समेत रु.९९ करोड ९९ लाख ९३ हजारमध्ये कोषले खर्च गरेको रु.४२ करोड ९ लाख ५४ हजार कटाउँदा बाँकी रु.५७ करोड ९० लाख ३९ हजार कोषले एक वाणिज्य बैङ्कको चल्ती खातामा राखेकोमा सो रकम सञ्चितकोष दाखिला हुनुपर्ने भनी लेखापरीक्षणबाट औँल्याएपछि २०६७।११।१६ मा दाखिला गरेको छ ।

३. **अग्रिम आयकर** – आयकर ऐन, २०५८ को दफा ८.२ मा रोजगारदाता वा निजको सम्बद्ध व्यक्तिले व्यक्तिगत प्रयोजनको लागि गरेको खर्चको फछ्यौंट वा शोधभर्नाबापत प्राप्त गरेको भुक्तानी रोजगारीबाट प्राप्त पारिश्रमिक आयको गणना गर्दा समावेश गर्नुपर्ने व्यवस्था छ । तदनुरुप ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिले विभिन्न कर्मचारीहरुलाई औषधीउपचारबापत रु.९ लाख ५७ हजार शोधभर्ना गरेकोमा सो रकम निजहरुको आयमा समावेश गर्दा लाग्ने अग्रिमकर रु.२ लाख ९० हजार कट्टा गरेको छैन । उक्त रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

४. **बजेट निष्क्रिय** – औद्योगिक पूर्वाधार विकास कार्यक्रमबाट उदयपुरको मरुवा–अहालेपाखा सडक निर्माणका लागि गत वर्ष २०६६ आषाढ मसान्तभित्र कार्यसम्पन्न गर्ने गरी दुई निर्माण व्यवसायीसँग सम्झौता गरी रु.११ लाख र रु.१२ लाख समेत रु.२३ लाख कार्यसञ्चालन पेस्की उपलब्ध गराएकोमा यो वर्ष पनि काम गराएको छैन । उपरोक्त काम समेतको लागि यो वर्ष रु.२ करोड ७० लाख बजेट व्यवस्था गरेकोमा कार्यक्रम सञ्चालन नगरी बजेट निष्क्रिय पारेको छ ।

नमुना एकीकृत बस्ती विकास कार्यक्रमको लागि रु.३ करोड ३ लाख ५० हजार बजेट विनियोजन गरेकोमा रु.१९ लाख ६७ हजार (६.४८ प्रतिशत), गणतन्त्र स्मारक कार्यक्रममा रु.९ करोड ३० लाख बजेट विनियोजन गरेकोमा रु.१ लाख १२ हजार (०.१२ प्रतिशत) र एकीकृत कार्यमूलक योजनामा रु.१ करोड ४६ लाख ९० हजार बजेट विनियोजन गरेकोमा रु.३० लाख ३८ हजार (२०.६८ प्रतिशत) मात्र बजेट खर्च गरेको छ । स्वीकृत बजेट अनुसार खर्च गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो नगरी बजेट निष्क्रिय पार्नु उचित भएन ।

५. **प्राविधिक सहायता** – आय–व्ययको सार्वजनिक जानकारी वक्तव्यका साथ सार्वजनिक गरेको प्राविधिक सहायता सम्बन्धी विवरणमा जनवरी २००८ देखि सुरु भई डिसेम्बर २००९ मा सम्पन्न गर्ने गरी काठमाडौं उपत्यकामा खानेपानी सेवा सञ्चालन तथा सार्वजनिक निजी साझेदारी सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमबापत एशियाली विकास बैङ्कबाट अमेरिकी डलर २५ लाखको २०६७ आषाढ मसान्तको विनिमयदर अनुसार हुने रु.१८ करोड ७६ लाख सहायता प्राप्त हुने उल्लेख छ । उक्त प्राविधिक सहायताको लेखा पेश गरी लेखापरीक्षण गराएको छैन ।

६. **अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति** – गत र यस वर्षको बजेट वक्तव्यमा काठमाडौं उपत्यकाको सभ्यता र चिनारीको क्रममा रहेका प्रमुख नदीहरुको संरक्षण सम्बन्धी कार्यहरु गर्न बाग्मती सभ्यता विकास समिति, उपत्यकाका सबै जिल्ला विकास समिति र नगरपालिकाहरुको संयोजकत्वमा व्यापक जनसहभागिता जुटाई अभियानको रुपमा सञ्चालन गर्न कुल रु.६० करोड बजेट विनियोजन भएको थियो ।

यो कार्यको लागि स्रोत जुटाउन काठमाडौं उपत्यका भित्रका नगरपालिकाहरुको जग्गा किनबेच गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा ०.५ प्रतिशतले थप गरी सम्बन्धित मालपोत कार्यालयहरुले दस्तुर असुल गर्ने गरेको छ । यो वर्षसम्म रु.८४ करोड ७० लाख ८० हजार असुल गरी राजस्व खातामा दाखिला गरेको छ । उपरोक्त कार्यक्रम सञ्चालनको लागि समितिले विनियोजन बजेटबाट २ वर्षमा रु.४१ करोड ३ लाख ३१ हजार खर्च गरेको छ । बजेटमा प्रस्ताव गरेअनुसार जनसहभागिता समेत परिचालन गर्न ठोस कार्यविधि बनाएको पाइएन ।

सडक विभाग

७. **अख्तियारी** – विभाग र अन्तर्गत कार्यालयहरुको लागि रु.१७ अर्ब ४ करोड ७० लाख १ हजारको अख्तियारी प्राप्त भएको देखिन्छ । प्राप्त अख्तियारीमध्ये मातहत कार्यालयलाई प्रथम चौमासिकमा रु.१४ अर्ब ९७ करोड ८७ लाख १० हजार (८७.८७ प्रतिशत) दोस्रो चौमासिकमा रु.१ अर्ब ६ करोड ९६ लाख ९ हजार (६.२७ प्रतिशत) र तेस्रो चौमासिकमा रु.७५ करोड १५ लाख १० हजार (४.४१ प्रतिशत) समेत रु.१६ अर्ब ७९ करोड ९८ लाख २९ हजारको अख्तियारी दिएको र रु.२४ करोड ७१ लाख ७२ हजार (१.४५ प्रतिशत) को अख्तियारी नदिई बाँकी रहेको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम र खर्चको अख्तियारी समयमा सम्बन्धित कार्यालयमा पुग्न नसकेबाट कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरु छिटो, छरितो र प्रभावकारी हुन नसक्नुको साथै नियमको पालना भएको देखिएन ।

८. **शान्ति कोष** – सडक विभागले शान्ति कोषतर्फ रु.३ करोड ६१ लाख १४ हजार मौज्दात देखाएकोमा बैङ्क बाँकी रु.८९ लाख ४३ हजार रहेको देखिन्छ । फरक देखिएको रु.२ करोड ७१ लाख ७१ हजारको सम्बन्धमा पुनरावेदन अदालत पाटनको आदेशअनुसार भनी नेपाल राष्ट्र बैङ्क थापाथलीले काठमाडौं जिल्ला अदालतलाई उक्त रकम पठाएको व्यहोरा आर्थिक विवरणको कैफियत महलमा उल्लेख गरेको पाइयो । आफ्नो बैङ्क खाताबाट घटाइएको रकम खोजी गरी भुक्तानी प्रदान गर्नुपर्ने आवश्यक भएमा सम्बन्धित प्रमाण खोजी गरी खर्च लेख्नुपर्नेमा सोप्रति कार्यालयले चासो राखेको पाइएन ।

९. **ठेक्का व्यवस्थापन** –आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान तयार गर्ने, ठेक्का व्यवस्थापन गर्ने, स्थानीय निकायको सहयोग जुटाउने सम्बन्धी कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने उल्लेख छ । कार्यालयहरुले अख्तियारी प्राप्त नभई उक्त कार्य नगर्ने हुनाले प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन हुन नसकेको केही उदाहरणहरु निम्नानुसार छन्:

कार्यालय	ठेक्का व्यवस्थापन			जम्मा	सम्पन्न संख्या
	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक		
डिभिजन सडक लाहान	-	१४	६४	७८	५४
डिभिजन सडक बिराटनगर	-	१२	६०	७२	५१
डिभिजन सडक धनकुटा	१	१३	९	२३	१७
डिभिजन सडक शीवपुर	-	८	२४	३२	२८
डिभिजन सडक बुटवल	१	१६	४१	५८	५२
डिभिजन सडक पाल्पा	-	१२	१२	२४	२२
डिभिजन सडक पोखरा	११	३४	४३	८८	५४
डिभिजन सडक दमौली	-	१७	१५	३२	१७
डिभिजन सडक ललितपुर	१	२१	१७	३९	१७
हिले भोजपुर सडक योजना	-	३	-	३	२
जम्मा	**१४**	**१५०**	**२८५**	**४४९**	**३१४**

१०. **लक्ष्य तथा प्रगति** – विभाग अन्तर्गत सञ्चालित ५४ आयोजनामध्ये २ आयोजनाको ५० प्रतिशतभन्दा कम, ३ आयोजनाको ५० प्रतिशतभन्दा माथि ७५ प्रतिशतभन्दा कम र ४९ आयोजनाको ७५ प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको विवरण प्राप्त भएको छ । न्यून प्रगति भएका आयोजनाको कारण पहिचान गरी प्रगति हासिल गर्नेतर्फ उन्मुख हुनुपर्दछ ।

विभाग अन्तर्गत छुट्टै कार्यक्रमको रुपमा र डिभिजन सडक कार्यालयहरुबाट निर्माणाधीन सडकहरु लामो समयसम्म सम्पन्न भएको देखिँदैन । २०४८।४९ भन्दा पहिलेदेखि सुरु भई यस वर्षको वार्षिक कार्यक्रममा परेका तर निर्माण सम्पन्न नभएका केही सडकहरुको स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

सडकको नाम	लम्बाई कि.मी.	निर्माण सुरु वर्ष	निर्माण सम्पन्न हुने वर्ष	लागत अनुमान रकम	यो वर्षसम्मको खर्च रकम	भौतिक प्रगति प्रतिशत
छिन्चु–जाजरकोट	६२	२०४८।४९	२०६६।६७	५७५३९८	१४०४०९	४१.७१
तुल्सीपुर–पुरन्धारा	७५	२०४९।५०	२०६९।७०	१५८९५०	२१२५४	२३.९५
गुमी–पातिहाल्ना	१९	२०५०।५१	२०६७।६८	१५५७४०	६८५३८	४६.३४
महाकाली लोकमार्ग (दार्चुला टिङ्कर)	९०	२०४१।४२	नखुल्ने	११०००००	३००८४	२३.१४

सडक निर्माण सम्पन्न गर्न लामो समय लाग्दा लागत बढ्न जाने र सेवाग्राहीलाई समयमै स्तरीय सेवा पुऱ्याउन समेत बाधा पर्ने भएकोले यसतर्फ विभागको विशेष ध्यान जानुपर्दछ ।

११. **निर्माणाधीन पुल** – डिभिजन सडक कार्यालयहरु अन्तर्गत कार्यान्वयन स्थितिमा रहेका निर्माणाधीन केही पुलहरुको निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार कार्यान्वयन गर्न निर्धारण गरिएको समय र भौतिक प्रगतिबीच समन्वय भएको पाइएन । निर्माणधीन पुलहरुको स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

सि. न.	डिभिजन सडक कार्यालय/आयोजना	पुलको नाम	सम्झौता मिति	सम्झौता अवधि (अवधि थप समेत)	सम्झौता रकम	यो वर्ष सम्म खर्च
१	विराटनगर	सेउती पुल	२०६५/३/२९	२०६७/३/२८	४७२६३	१४३८९
२	लाहान	तावा पुल	२०६५/६/२९	२०६७/१२/२८	६३८८५	२०८३९
३	जनकपुर	कान्तवा पुल	२०५८/५/१९	२०६६/३/३१	१६३२२	२०९३९
४	भरतपुर	रियु पुल	२०६५/१२/२८	२०६८/१२/२७	१०६५५७	२३५००
५	भरतपुर	खंगेरी पुल	२०६६/२/२६	२०६८/२/२५	२६००९	१३४००
६	शीवपुर	चुत्रावेसी पुल	२०६६/१/२५	२०६७/२/३१	१७७५०	८१२५
७	पाल्पा	दरमखोला (गुलमी पुल)	२०६५/३/१८	२०६७/९/१७	२४८९४	८९४१
८	नेपालगञ्ज	औराही पुल	२०६५/३/२९	२०६७/३/२८	२०६८२	१९५५९
९	नेपालगञ्ज	गुम्नाहा पुल	२०६५/३/२	२०६६/८/१	१२९६४	१३९४०
१०	सुनसरी–मोरङ पुल	रतुवा पुल	२०६५/३/२९	२०६७/३/२८	८८७९५	२०७७८
११	सुनसरी–मोरङ पुल	सिंगिया पुल	२०५८/३/२५	२०६४/९/२६	१३८८८	७६७२
१२	सुनसरी मोरङ पुल	अंधेरी आर.सि.सि.पुल	२०६६/३/२९	२०६७/९/२८	२०९७०	२७५४
१३	गाईघाट–दिक्तेल सडक	गाईघाट सुनकोशी	२०५९/३/२६	२०६७/३/३२	१३२७५५	७३३८१
१४	गाईघाट–दिक्तेल सडक	अंधेरी ट्रस पुल	२०६५/६/३/	२०६७/६/२	३२७८७	६३६०
१५	कान्ति लोक पथ	वगुवा पुल	२०६५/३/२९	२०६८/३/२८	४३७६६	२३७२३
१६	सडक विभाग पुल	हुर्दी पुल	२०६५/७/११	२०६७/११/१०	८८४००	१९१९५

निर्माण सम्पन्न गर्न लामो समय लाग्दा पुलको लागत बढ्न जाने र यातायात सञ्चालनमा बाधा पर्ने भएकोले विशेष ध्यान पुऱ्याउनुपर्दछ ।

१२. **स्थलगत निरीक्षण** – उपरोक्त निर्माणाधीन पुलहरुमध्ये स्थलगत निरीक्षण गरिएका पुलहरुको स्थिति देहायअनुसार देखिएको छ:

१२.१ अँधेरीखोला रेनफोर्स सिमेन्ट कंक्रिट पुल निर्माण कार्यमा २०६७ कार्तिक सम्ममा ९० प्रतिशत समय व्यतीत भैसकेको अवस्थामा समेत जनरल आईटम, तथा सव–स्ट्रक्चरको केही कामबापत रु.३१ लाख १२ हजार (सम्झौता रकमको १३ प्रतिशत) मात्र भुक्तानी भएकोमा लेखापरीक्षण अवधि (२०६७।८।२६) मा पनि कुनै काम भएको देखिएन ।

१२.२ अँधेरीखोला ट्रसपुल निर्माणको क्रममा दुवैतर्फको एव्युटमेन्टको जगको काम हुँदा निर्धारित गहिराईमा समेत लुज ग्राभेल र माटो आएको जनाई सडक विभागबाट २०६७।३।२० मा संशोधित डिजाईन तथा ड्रईङ्ग स्वीकृत भएको छ । साविक डिजाईनमा लिईएको माटो परीक्षणको आधार गलत भएको यस निर्णयले स्पष्ट गरेको भए तापनि सुरु डिजाईन गर्ने परामर्शदातालाई कारबाही गरेको देखिएन ।

साविक डिजाईनमा दुबै एव्युटमेन्टको गहिराई ८.५ मिटर रहेकोमा संशोधितमा १३.१ मिटर र वेश पायडको साईज ६X६.६ भएकोमा ६X८.६ रहन गएको छ । साबिक डिजाईनमा भन्दा गहिराई र फुटिङ्ग बढेकोले डण्डी तथा कंक्रिटवर्कको परिमाण वृद्धि भै लागत वृद्धि भए तापनि संशोधित डिजाईनमा पुलको समष्टिगत लागत घटन गई रु.२ करोड ९२ लाख ११ हजार कायम हुने देखिन्छ । बिल अफ क्वान्टिटीको आईटम नं.२.०७ मा हातबाट निर्मित एम २०।२० ग्रेडको कंक्रिट ल्याई बिछ्याउने कार्यमा साबिकमा ६६३ घनमिटरको परिमाण भएकोमा उपरोक्तानुसार काम वृद्धि हुँदा सो परिमाण घटन गई ३१८.३९ घनमिटर कायम भएको छ । योजना कार्यालयले साबिकमा लागत अनुमान तयार गर्दा गल्ती भएको उल्लेख गरेको छ । यसरी हेलचक्र्याई गरी गलत लागत अनुमान तयार गर्ने सम्बन्धित प्राविधिकलाई कारबाही हुनुपर्दछ ।

१२.३ कुल १५५.५५ मिटर लम्बाई र ५.५ मिटर चौडाईको पुलको सव–स्ट्रक्चरको निर्माण कार्य भएको तावाखोला पुलको मध्य भागमा रहेको पियर नं.३ अपस्ट्रिमतर्फ करिब ७२ सेमी टिल्ट भएको देखियो । यस सम्बन्धमा कार्यालयबाट २०६७ भाद्र ८ गते आएको बाढीको कारण उल्लेखित पियर टिल्ट भएको जनाएको छ । निर्माणाधीन पुलको जग डेक लेभलबाट ३.५७ मिटर (डिजाईनमा ३.२४ मिटर) मात्र गहिराई रहेकोले टिल्टको कारण पानीको भारी बहावलाई मात्र लिन सकिने अवस्था देखिँदैन ।

अपस्ट्रीमतफ टिल्ट भएको पियर नं.३

तावाखोला पुल र सोही खण्डमा पर्ने अर्को मरुवाखोला पुलको विस्तृत डिजाईन तथा ड्रईङ्ग तयार गर्ने जिम्मेवारी एकै परामर्शदातालाई दिएको देखिन्छ । कार्यालयबाट मरुवाखोलाको डिजाईन प्रतिवेदन पेश हुन आएन । पेश हुन आएको तावाखोलाको डिजाईन प्रतिवेदनमा मरुवाखोलाको जियोटेक्निकल ईन्भेष्टिगेशन प्रतिवेदन पेश हुन आएको देखिन्छ । अत: तावाखोलाको डिजाईनमा मरुवाखोलाको जियोटेक्निकल ईन्भेष्टिगेशन प्रतिवेदन पर्नुको कारण र तावाखोलाको ३ नम्बरको पियर ७२ सेन्टिमिटर टिल्ट भैसकेको अवस्थामा पुलको डिजाईन तथा निर्माण कार्यको सडक विभागबाट प्राविधिक परीक्षण तथा छानबिन गरी दोषीउपर कारबाही हुनुपर्दछ ।

यसैगरी सुनसरी–मोरङ पुल आयोजना अन्तर्गतको रतुवाखोला पुलको निर्माणचरणमा रहेका २ वेल फाउण्डेशनमध्ये १ को अवस्था हल्का टील्ट भएको देखिएको छ ।

१२.४ रियुखोला पुल निर्माण कार्यको आधाभन्दा बढी अवधि व्यतीत भैसकेको अवस्थामा वेल फाउण्डेसनको कार्यमात्र सुरु गरी कार्यप्रगति अत्यन्त न्यून रहेकोमा डिभिजनले कुनै ताकेता गरेको देखिएन । बाढीको कारण क्षति भै

दक्षिणतर्फ बाँकी रहेको भेन्टेड कज–वेमा जोड्ने गरी उक्त पुलको डिजाइन संशोधन भएकोमा यो वर्ष आएको बाढीले सो बाँकी कज–वेमा पुन:क्षति पुग्न गएको र सोसँग जोडिएको दक्षिणतर्फको करिब २०० मिटर एप्रोच सडक समेत पूर्णरुपमा क्षति भएको देखियो । उक्त कज–वेको फाउण्डेसन स्लावमुनी समेत पानीले खोलेको छ । क्षतिग्रस्त उक्त कज–वेको आवश्यक संरक्षण कार्य गर्नेतर्फ डिभिजनको ध्यान जानुपर्ने देखिन्छ । कज–वे मुनी बाढीले ल्याएका रुखका जरा अबिलम्ब हटाइ सफा गर्नुपर्ने र प्वाल नै टाल्ने गरी इटाको गारो लगाई बनाएको एक कोठा लाई तत्काल हटाउनुपर्ने देखिन्छ ।

भेन्टेड कज–वेको जगमा भएको क्षति र कज–वे मुनि अड्किएको रुखको जरा

१२.५ गाईघाट सुनकोशी (कटारी–ओखलढुङ्गा) पुलको लोकेशन परिवर्तन तथा भेरिएशन स्वीकृतिबाट पुलको लम्बाई १७० मिटर र दायाँतर्फ (दक्षिण) को एव्युटमेन्टको जग समेत वेलबाट ओपनमा परिवर्तन गरिएको छ । २०५९ आषाढमा ठेक्का सम्झौता भएको यो पुल निर्माण गर्न ४ वर्ष तोकिएकोमा ८ वर्ष भैसकेको अवस्थामा समेत निर्माण कार्यसम्पन्न हुन नसक्नुको कारण निर्माण कार्य निकै जटिल भएको देखिन्छ ।

यसैगरी निर्माण व्यवसायीलाई १८ औँ रनिङ्ग बिलबाट सुपर स्ट्रक्चरको कामबापत मूल्य अभिवृद्धि कर समेत रु.४ करोड ३९ लाख ७१ हजार भुक्तानी गरेको छ । यस बिलसम्म फाउण्डेशन र सव–स्ट्रक्चरको ३० प्रतिशतमात्र भुक्तानी गरेको छ । फाउण्डेशन र सवस्ट्रक्चरको काम सम्पन्न नभई सुपरस्ट्रक्चरको भुक्तानी भएको छ । सो सुपरस्ट्रक्चर ड्रईङ्गबमोजिम जडान भैसकेपछि मात्र भुक्तानी हुनुपर्नेमा सो जडान भैनसकेको अवस्थामा सामानको मौज्दात समेत नखुलाई स्टिलको मूल्यबापत भुक्तानी गरेको छ ।

१२.६ सिंगिया पुलको निर्माण व्यवसायीलाई पटक पटक गरी २०६४।९।२६ सम्म मूल्यवृद्धि दाबी नगर्ने शर्तमा अन्तिम पटक म्याद थप गरे पनि २०६४।६५ देखि निर्माण व्यवसायीले काम गरेको छैन । सडक विभाग पुल आयोजनामा निर्माण व्यवसायी समेतको उपस्थितिमा भएको २०६७।२।६ को बैठकले उपरोक्त ठेक्का यथास्थितिमा टुंग्याई पेस्की असुली तथा हिसाब मिलान गर्ने निर्णय गरेको छ । तर मोबिलाईजेशन पेस्की रु.११ लाख ५० हजार हालसम्म फछ्यौंट गरेको छैन । सम्झौताबमोजिम राखेको रु.६ लाख ५० हजारको कार्यसम्पादन बैङ्क जमानत र रु.११ लाख ५० हजारको पेस्की जमानतको म्याद समाप्त भैसकेकोले पेस्की रकम जोखिममा रहेको छ ।

१२.७ कान्तवा पुल निर्माण व्यवसायीबाट डिजाईन धेरै पुरानो मेथड भएको र बोरहोल पाईल फाउण्डेसन गरिदिएमा आर्थिक भार नबढ्ने, काम पनि बलियो हुने र छिटो हुने उल्लेख गरी निवेदन दिएको आधारमा पुलको डिजाईन ड्राईभन पाईल फाउण्डेसनको सट्टा बोरहोल पाईल फाउण्डेसन कायम गर्ने गरी विभागबाट २०६४।२।१० मा डिजाईन परिवर्तनको भेरिएसन अर्डर स्वीकृति भएको देखिन्छ । ठेक्का सम्झौतामा बुँदा नं. ४७ को मूल्यवृद्धि सम्बन्धी व्यवस्था लागू नहुने उल्लेख भएकोमा नेपाल राष्ट्र बैङ्कको प्रोभिजनल इण्डेक्सको आधारमा रु.१ करोड ४३ लाख ६४ हजार (मूल्य अभिवृध्दि कर रु.१६ लाख ४८ हजार समेत) मूल्य समायोजन माग गरेकोमा कर बीजक वेगर रु.५५ लाख मूल्यवृद्धि भुक्तानी गरेको छ । सम्झौताको पालना नगरी मूल्यवृद्धि भुक्तानी गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१२.८ दरमखोलामा एक स्पान, ३६ मिटर लामो प्लेट गर्डर आर.सि.सि.पुल निर्माणमा फाउन्डेसन र सव स्ट्रक्चरको १२.५ प्रतिशत कार्य हुन बाँकी देखिन्छ भने सुपर स्ट्रक्चरको पूरै कार्य बाँकी रहेको छ । रिडी बामी टक्सारको मोटरबाटो जीर्ण तथा टर्निङ्ग रेडियस न्यून भएकोले निर्माण कार्यमा आवश्यक ११.९५ मिटर र १५ मिटर लामो प्लेट गर्डर, ढुवानी गर्न सम्भव नभएको जनाई निर्माण व्यवसायीको निवेदन अनुसार परामर्शदाताबाट डिजाइन पुनरावलोकन गराई विभागीय प्रमुखबाट २०६७।५।६ मा स्वीकृत भएको देखिन्छ । पुल निर्माणको क्रममा आवश्यक सामग्री निर्माण स्थलमा पुऱ्याउन सकिने नसकिने सुरु सर्भेमा नै यकिन नगरिएको कारण निर्माण कार्य सम्पन्न हुने अवधिमा डिजाइन रिभ्यूको प्रक्रिया अगाडि बढाई २५ महिनापछि रिभ्यू स्वीकृत हुनुले समेत पुल निर्माणमा बिलम्ब भएको देखियो ।

१२.९ औराही खोला र गुम्नाहाखोला पुल निर्माण कार्यको लागि दुई निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा सडक विभाग पुल शाखाको २०६५।११।११ को वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनुसार विभागीय प्रमुखबाट पुलको उचाई बढाई ड्राइङ्ग परिवर्तन गरी सुरु सम्झौता अङ्कको क्रमशः १४.९१ र १४.५६ प्रतिशत वृद्धि गरी क्रमशः रु.२ करोड ३७ लाख ६५ हजार र रु.१ करोड ९४ लाख ५३ हजारको भेरिएशन आदेश स्वीकृत गरेको देखिन्छ । यसरी निर्माण कार्य सञ्चालन गर्नु अगाडि विस्तृत डिजाईन सहितको लागत अनुमान तयार गर्दा नै वातावरणमा पर्ने प्रभाव र त्यस्तो प्रभाव कम गर्न अपनाउनुपर्ने मापदण्ड उल्लेख नगरेको कारणले पुलको लागतमा वृद्धि भै तोकिएको समयमा कार्यसम्पन्न समेत हुनसकेको देखिएन ।

१२.१० खगेरीखोला पुलको ठेक्काको शर्तबमोजिम निर्माण व्यवसायीले हालसम्मको खुद कार्यप्रगति र बाँकी कार्य समेतको हिसाब गरी प्रत्येक ५६ दिनमा वर्क प्रोग्राम अपडेट गर्नुपर्ने र सो अपडेट सेड्यूल आयोजना प्रमुखलाई स्वीकृतिको लागि पेश गर्नुपर्ने र यदि पेश नगरेमा ठेकेदारको बिलबाट रु.२५ हजार कट्टी गर्नुपर्ने प्रावधान रहेको छ । यस निर्माण कार्यमा सम्झौताबमोजिमको रितपूर्वकको अपडेट प्रोग्राम पेश गरेको छैन । गत वर्ष नै मोबिलाईजशेन पेस्की लगेपछि कुनै पनि काम नगरेको र वर्षान्ततिर मात्र निर्माण कार्य सुरु गरी सव–स्ट्रक्चरको कार्यमात्र गरेको देखिन्छ । २०६७ पौष मसान्तभित्र सम्पन्न गर्नुपर्ने यो पुल निर्माण कार्यको लागि तोकिएको समयावधिको करिब ७० प्रतिशत अवधि व्यतीत भैसकेको अवस्थामा कार्यप्रगति जम्मा ३६.६१ प्रतिशत मात्र देखिन्छ ।

निर्माणाधीन खगेरीखोला पुल

१२.११ सेउतीखोला पुल २ वर्षभित्र कार्यसम्पन्न गर्ने गरी २०६५।३।२९ मा खरिद सम्झौता भएकोमा सव–स्ट्रक्चर अन्तर्गतको अव्यूटमेन्ट तथा पियरको काम समेत सम्पन्न हुनसकेको देखिएन । कार्यसम्पन्न नभएको र सम्झौताको म्याद समेत थप भएको नदेखिएकोमा पनि निर्माण व्यवसायीउपर कारबाही चलाएको पाइएन ।

१२.१२ कान्ती लोकपथ सडक निर्माण योजना अन्तर्गत बगुवास्थित बागमती नदीमा ३ स्पानको स्टिल ट्रसब्रिज निर्माण कार्य २४ महिनाभित्र सम्पन्न गर्ने गरी २०६५।३।२९ मा सम्झौता भएकोमा कुल लक्ष्यको ४३.०२ प्रतिशतमात्र प्रगति गरेको देखिन्छ । यो वर्ष सुपर–स्ट्रक्चरको काम सम्पन्न गर्नुपर्नेमा सो भएको देखिएन ।

१२.१३ अर्घाखाँचीमा चुत्रावेशी पुल निर्माण कार्य २०६७ जेष्ठ मसान्तसम्म सम्पन्न गर्ने गरी संशोधित कार्यतालिका पेश भई म्याद थप भएको छ । कार्यालयले विभिन्न मितिमा सम्झौता अनुसार कार्यसम्पन्न गर्न पत्र लेखेको

देखिन्छ । यो वर्ष सब–स्ट्रक्चरको काम सम्पन्न गरेको छ । सुपर स्ट्रक्चरको ५० प्रतिशत कार्य, एप्रोच सडक र नदी नियन्त्रणको काम भएको देखिएन ।

१२.१४ पुल निर्माण आयोजना अन्तर्गत हुरदी पूल २८ महिनाभित्र सम्पन्न गर्ने गरी २०६५।७।११ मा सम्झौता गरेकोमा ६६ प्रतिशत समय समाप्त हुँदा १.७ प्रतिशतमात्र भारित प्रगति हासिल गरेको छ । सर्वेक्षण तथा डिजाइन बाहेक सम्पूर्ण काम बाँकी रहेकोले सम्झौता अनुसार पुल सम्पन्न हुने स्थिति देखिँदैन ।

१३. **उपभोक्ता समिति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ले रु.६० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने, सम्पन्न भएको निर्माण कार्यको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने व्यवस्था गरेको छ ।

डिभिजन सडक कार्यालय, जनकपुरले २०६७।२।१६ मा ११ व्यक्ति उपस्थित भै ७ सदस्यीय सडक तथा मर्मत सुधार उपभोक्ता समिति गठन गरी जनकपुर नगरपालिकाको २०६७।३।२४ को उपभोक्ता समिति गठनको सिफारिसपत्रको आधारमा जनसहभागिता समेत गरी रु.११ लाख ८८ हजारको लागतमा जनकपुर सहरी सडक भानुचोकदेखि कदमचोक र रामपुर मुरलीचोकदेखि एरपोर्टसम्म विभिन्न मर्मत सुधार कार्य २०६७।३।२५ मा सम्पन्न गर्नेगरी एक उपभोक्ता समितिसँग मिति उल्लेख नगरी सम्झौता गरेको र सोही आधारमा कार्य भएको जनाई रु.८ लाख ७६ हजार खर्च लेखेको देखियो ।

डिभिजन सडक कार्यालय, जनकपुर अन्तर्गत सार्वजनिक निर्माण कार्य गर्ने अधिकांश उपभोक्ता समितिहरुको बैङ्क खाता एवं आफ्नो लेटर प्याड समेत नभएको देखियो । दुहवी बेलपट्टी चोक सडकमा मर्मत सुधार एवं मिथिलेश्वर प्रौआठी बर्गैंचा सडकमा मर्मत सुधार गर्ने कार्यको लागी दुई उपभोक्ता समितिसँग सम्झौता भएकोमा दुइटै सडकको क्रमश: रु.९५ हजार र रु.१ लाख १३ हजार एकै उपभोक्ता समितिले बुझेर लगेको देखियो । समितिबाट सम्पादन गरेका निर्माण कार्यको भुक्तानी एकाउन्टपेयी चेक मार्फत गर्नुपर्ने देखिन्छ ।

१४. **मोविलाइजेशन पेस्की** – मोरङको सोनापुर कदमगाछी सडकमा पर्ने खजडी खोलामा स्लाव कल्भर्ट निर्माण गर्न २०६७।१।२० भित्र सम्पन्न गर्नेगरी एक निर्माण सेवासँग मूल्य अभिवृद्धि कर सहित रु.२१ लाख ४९ हजारमा सम्झौता गरी रु.२ लाख ८० हजार मोबिलाईजेशन पेस्की दिएको छ । निर्माण कार्य समयमा हुन नसकेको व्यहोरा खोली निर्माण व्यवसायीलाई २०६७।३।१ मा पत्राचार गरेको देखिन्छ । सम्झौताबमोजिम म्याद समाप्त भैसकेको र लेखापरीक्षण अवधिसम्म कुनै काम नभएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम खरिद सम्झौताको अन्त्य, कार्यसम्पादनबापत राखेको धरौटी जफत र पेस्की असुल गरी आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

१५. **अधुरो निर्माण कार्य –** डिभिजन सडक कार्यालय, महेन्द्रनगरले कार्यसम्पादनमा आधारित करार अन्तर्गत ५ वर्षको अवधि राखी सन् २००५ मा रु.१६ करोड ५८ लाख १३ हजारमा सडक मर्मत संभार कार्यको लागी तीन ठेक्का भई हालसम्म ६८ देखि ८५ प्रतिशतसम्म भुक्तानी गरेको छ । १० सेप्टेम्वर, २०१० मा म्याद समाप्त भएका ती ठेक्काहरुमा अप्रेट एक्सेल सर्भे गर्ने, सर्फेस ड्रेसिङ्ग गर्ने, वायोइन्जिनियरिङ्ग गर्ने कार्य नगण्य मात्रामा गरेको अवस्था छ । आयोजना निर्देशनालय (ए.डि.वी.) बाट सञ्चालन भई पछि यस डिभिजनलाई हस्तान्तरण भएका यी ठेक्काहरुको कार्यसञ्चालन पेस्कीको हिसाब नै राखिएको छैन भने ठेक्का सम्झौता सम्बन्धी कागजातहरु र पेस्की बाँकीको विवरण लेखापरीक्षणको लागि पेश भएनन् । ठेकेदारहरुले समयभित्र काम पूरा नगरे पनि सम्झौता अनुसारको मूल्यवृद्धि भुक्तानी भईरहेको छ । यी ठेक्काहरुमा रनिङ्ग बिलबाट मूल्यवृद्धि समेत रु.१३ करोड २२ लाख २३ हजार भुक्तानी भएको छ ।

१६. **नर्म्स –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्द्वारा स्वीकृत नर्म्स प्रयोग गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । डिभिजन सडक कार्यालय, ललितपुरले स्वीकृत विभागीय नर्म्स अनुसार आसफाल्ट कंक्रिट सम्बन्धी कामको लागि डिजेल परिमाण १०.४५ लिटर प्रतिघनमिटर लाग्ने उल्लेख भए पनि लागत अनुमान तयार गर्दा २४.६८ लिटर प्रतिघनमिटर लाग्ने अनुमान गरेको पाइयो । यस वर्षको डिजेलको मूल्य प्रतिलिटर रु.४९।६४ दरले बढी परिमाण १४.२३

लिटरको रु.७०६।३७ मा ४ प्रतिशत गुणस्तर नियन्त्रण, १५ प्रतिशत ओभरहेड समेत १९ प्रतिशतले रु.१३४।२१ थप गर्दा प्रतिघनमिटर रु.८४०।५८ बढी रकम समावेश गरी लागत अनुमान तयार गरेको छ । नर्म्समा संशोधन नगराई २४०२.५५६ घनमिटर आस्फाल्ट कंक्रिटको नर्म्सभन्दा बढी परिमाण डिजेल समावेश गरी रु.२० लाख २० हजार बढी लागत अनुमान तयार गरी खरिद सम्झौता भएको पाइयो । गत वर्ष प्रतिवेदनमा नर्म्समा संशोधन गरी खर्च लेख्न सुझाव गरिएकोमा स्थिति यथावत् छ ।

१७. **निर्माण सामग्री** – डिभिजन सडक कार्यालय, बिराटनगरले यो वर्ष अधिकांश निर्माण कार्य ग्राभेलिङ्ग तथा पेभमेन्ट गरेको देखिन्छ । पेभमेन्टको लागि आवश्यक पर्ने बिटुमिन, सववेशको लागि ग्राभेलको लागत अनुमान तयार गर्दा सप्लाईको बेग्लै दर विश्लेषण गरी बिल अफ क्वान्टिटीमा राख्ने गरेको कारण कार्यालयले निर्माण व्यवसायीलाई भुक्तानी दिएको अधिकांश बीजकमा पहिले सामान सप्लाई मात्र हुने गरेको छ । कतिपय निर्माण व्यवसायीले वर्षान्तमा सो सामानबाट गर्नुपर्ने काम नहुँदा आपूर्ति गरिएको सामानको सुरक्षामा प्रतिकुल स्थिति हुने देखिन्छ । धरान बेसक्याम्पदेखि भेडेटारसम्मको रिसिलिङ्ग कार्यका संयुक्त उपक्रमका एक निर्माण व्यवसायीलाई १६६ ड्रमको बिटुमिन आपूर्तिबापत २०६६।९।२० मा रु.२२ लाख ७ हजार भुक्तानी गरेको छ । तर सो निर्माण व्यवसायीले वर्षान्तसम्ममा रिसिलिङ्गको काम नगरेको, आपूर्ति सामान ईटहरीस्थित डिभिजनको क्याम्पमा रहेको जानकारी दिए पनि जिन्सी अभिलेख पेश नभएको तथा जिम्मेवारीको स्थिति यकिन छैन । साथै उक्त चेनेजमा सडक क्षेत्र विकास आयोजनाको पेरियोडिक मेन्टेनेन्स अन्तर्गत सर्फेस ड्रेसिङ्ग कार्य सकिसकेको अवस्था छ ।

१८. **खरिद सम्झौता –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) मा सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्नसकिने उल्लेख छ । पूर्व पश्चिम लोकमार्गको काकडभिट्टा–मावा खण्डमा सर्फेस ड्रेसिङ्ग कार्य २०६४।३।२० सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर समेत रु.९० लाख ६ हजारमा २०६३।१२।२५ मा खरिद सम्झौता गरी रु.११ लाख ९४ हजार कार्यसञ्चालन पेस्की दिएको छ । दोस्रो रनिङ्ग बिलसम्म रु.१४ लाख ३६ हजार (मू.अ.कर समेत) भुक्तानी दिएको छ । रनिङ्ग बिलबाट रु.४ लाख ११ हजार र परफरमेन्स बण्डबाट रु.४ लाख समेत जम्मा रु.८ लाख ११ हजार पेस्की फछ्यौंट भई रु.३ लाख ८३ हजार पेस्की बाँकी रहेकोमा विभागीय सहमतिमा २०६६।९।२७ मा व्यवसायीले मूल्यवृद्धि तथा अन्य दाबी नगर्ने, बाँकी पेस्की दाखिला गर्ने र उक्त पेस्कीको ब्याज छुटको लागि विभागीय सहमति लिन विभाग समक्ष सिफारिस गर्ने गरी सुविस्ताको आधारमा सम्झौता अन्त्य गर्ने निर्णय गरेको छ । पेस्की दाखिला गरेरमात्र ठेक्का अन्त्य गर्ने निर्णय भएकोमा पेस्की हालसम्म असुल नभएको र ब्याज छुट दिने सहमति प्राप्त नभएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७(२) अनुसार ब्याज समेत हिसाब गरी पेस्की असुल फछ्यौंट गर्नुपर्दछ ।

१९. **वैदेशिक स्रोत खर्च** – कोशी लोकमार्गको बसन्तपुरदेखि म्यागलुङ्गसम्म २६.५ किलोमिटर सडकको कालोपत्रे कार्य एक्जीम बैङ्कको ऋण सहयोगमा सञ्चालित छ । सो निर्माण कार्य १२ महिनाभित्र ४० प्रतिशत भौतिक कार्यसम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि कर बाहेक रु.१६ करोड ११ लाख ३६ हजारमा (अमेरिकी डलर २० लाख ८२ हजार ९३९.५२) २०६६।८।१३ सम्झौता भएको छ । सम्झौतामा सबै भुक्तानी अमेरिकी डलरमा हुने व्यवस्था अनुसार रु.१ करोड ४२ लाख ७५ हजार (अमेरिकी डलर १ लाख ८४ हजार ५२९) कार्यसञ्चालन पेस्की दिएकोमा उक्त पेस्की कार्यालयले अभिलेखमा राखेको छैन र वर्षान्तमा फछ्यौंट गरेको छैन ।

निर्माण कार्यको सुपरीवेक्षणको लागि संयुक्त उपक्रमका एक परामर्शदातालाई जिम्मा दिएको छ । परामर्शदाताले पेश गरेको प्रतिवेदन अनुसार २०६७ आषाढ मसान्तमा ८३ र २०६७ मार्ग मसान्तमा ९५ प्रतिशत समय व्यतीत भैसकेको अवस्थामा क्रमश: ४८ र ५७ प्रतिशतमात्र भौतिक प्रगति भएको उल्लेख छ । कार्यालयले यस प्रतिवेदन अवधिसम्म बजेटमा व्यवस्था भएको सबै रकम खर्च भएको उल्लेख छ । वैदेशिक स्रोततर्फ कार्यालयबाट कुनै रकम भुक्तानी नहुने हुँदा उक्त प्रगतिको आधार स्पष्ट देखिएन । सम्झौतामा १२ महिनाभित्र ४० प्रतिशत भौतिक कार्यसम्पन्न हुन नसकेमा सम्झौतामा तोकिएअनुसार क्षतिपूर्तिबापत जरिवाना समेत असुल गर्न सकिने व्यवस्था भएकोमा जरिवाना असुल गरेको देखिएन । सोझै भुक्तानीतर्फको

सम्पूर्ण खर्चको लेखाङ्कन समेत गरिएको छैन । साथै निर्माण कार्यको लागत अनुमान तथा ठेक्का व्यवस्थापन प्रक्रिया सम्बन्धी कागजात लेखापरीक्षणमा पेश हुन आएन ।

२०. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१ लाख ५० हजारसम्मको निर्माण कार्य सोझै गराउन सकिने तर निर्माण कार्य गराउँदा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक आर्थिक वर्षमा १ पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । डिभिजन सडक कार्यालय, जनकपुरले सडक मर्मत सुधार शीर्षकमा कुल खर्च रकमको ४२.३८ प्रतिशत बराबरको निर्माण सोझै खरिद गरी गराएको पाइयो । एकपटकमा एउटा निर्माण व्यवसायीबाट रु.८ लाख ५५ हजारसम्म र एकै निर्माण सेवाबाट ९ पटकमा रु.२० लाख ४६ हजारसम्मको कार्य सोझै गराएको देखियो ।

डिभिजन सडक कार्यालय, सुर्खेतले यो वर्ष सोझै वार्ताबाट रु.२ करोड ३२ लाख ९६ हजारको ठेक्का गरेको छ । बोलपत्र र सिलवन्दी दरभाउपत्रमा औसतमा ३० देखि ४० प्रतिशतसम्म घटेकोमा सोझै वार्ताबाट प्रतिस्पर्धा वेगर जेष्ठ र आषाढको ५ हप्तामा लागत अनुमानकै हाराहारी (३.५ प्रतिशत कम) मा काम गराएको पाइन्छ । सोझै वार्ताद्वारा काम गराउँदा पूरा गर्नुपर्ने प्रक्रियाहरु पूरा गरेको छैन । सोझै वार्ताबाट काम नगराउने सडक विभागको नीति अनुरुप पत्राचार गरिएको भए पनि त्यसको पालना भएको देखिदैन ।

२१. **कन्टिन्जेन्सी खर्च –** सडक क्षेत्र विकास आयोजना अन्तर्गत सुर्खेत–जुम्ला सडक योजना, बैतडी–दार्चुला सडक योजना र खोड्पे–बझाङ्ग सडक योजनाले लागत अनुमानमा व्यवस्था नगरी सार्वजनिक निर्माण तथा पूँजीगत सुधार शीर्षकमा नेपाल सरकारको स्रोतबाट भ्रमण खर्च, मर्मत, इन्धन आदि कार्यमा कन्टिन्जेन्सीबाट रु.१८ लाख ६७ हजार खर्च गरेका छन् ।

यसैगरी डिभिजन सडक कार्यालय, सुर्खेतले दुई उप–शीर्षकबाट रु.२ लाख ७ हजार र मध्यपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय सुर्खेतले एक उप–शीर्षकबाट रु.६ लाख २९ हजार कन्टीन्जेन्सी ५ प्रतिशतभन्दा बढी हुने गरी खर्च गरेका छन् ।

२२. **थप म्यादको मूल्यवृद्धि –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार ठेकेदारको ढिलाइको कारणबाट समयमा काम सम्पन्न नभएमा मूल्यवृद्धि नदिने व्यवस्था छ । म्याद थप गर्दा परामर्शदाता र ठेकेदारहरुबीच थपिएको अवधिमा ठेक्का लागत नबढ्ने गरी सहमति भई थप आर्थिक दायित्व नपर्ने गरी विभागीय प्रमुखबाट म्याद थप भएको देखिन्छ । सुर्खेत–जुम्ला सडकमा ४ ठेक्कामा रु.३६ लाख ३९ हजार, बैतडी–दार्चुला सडकमा ४ ठेक्कामा रु.८ लाख ७ हजार र खोड्पे–बझाङ सडकमा ३ ठेक्कामा रु.११ लाख ५९ हजार समेत ११ ठेक्कामा थपिएको म्यादको रु.५६ लाख ५ हजार मूल्यवृद्धि भुक्तानी दिएको छ । केही ठेक्काका सम्बन्धमा गत वर्ष लेखापरीक्षण प्रतिवेदनमा म्याद समाप्त हुन लागे पनि कार्यतालिका अनुसार ठेकेदारहरुले काम नगरेको व्यहोरा उल्लेख छ । ठेक्काहरुमध्ये तीन ठेक्काको विषयमा प्राविधिक परीक्षण प्रतिवेदनमा समेत त्यस्तै व्यहोरा उल्लेख गरेको पाइन्छ । ठेकेदारहरुसँग सम्झौता गर्दा मूल्यवृद्धि गणना गर्न कार्यसञ्चालन पेस्की कट्टा गर्ने प्रचलित व्यवस्था समावेश गर्नुपर्नेमा केही नखोलिएको र सो पेस्की कट्टा नगरेको स्थिति छ । म्याद थप पाउने ठेकेदारहरुले गरेको कामको दैनिक डायरी राख्नुपर्ने व्यवस्था परामर्शदातासँग भएको सम्झौतामा उल्लेख गरिए पनि त्यसको प्रभावकारीरुपले पालना भएको छैन । यस्तो अवस्थामा भुक्तानी गरेको मूल्यवृद्धि रु.५६ लाख ५ हजार असुल गर्नुपर्दछ ।

२३. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली २०५३ मा कर प्रयोजनको लागि दर्ता भएको व्यक्ति वा फर्मले सिलसिलेवार नम्बर भएको रितपूर्वकको कर बीजक जारी गर्नुपर्ने उल्लेख छ । मूल्य अभिवृद्धि कर सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२३.१ आयोजना निर्देशनालयले ८ निर्माण व्यवसायीलाई कर बीजक वेगर रु.४ करोड ५३ लाख ४१ हजार, डिभिजन सडक कार्यालय, जनकपुरले २९ निर्माण व्यवसायीलाई कर बीजक वेगर तथा हातले लेखेको कर बीजक पेश गरेको आधारमा रु.१८ लाख ८८ हजार र डिभिजन सडक कार्यालय, नुवाकोटले एक निर्माण व्यवसायीलाई पाचौँदेखि नवौँ रनिङ्ग बिलसम्मको भुक्तानी दिँदा कर बीजक वेगर रु.१० लाख ९४ हजार मूल्य

अभिवृद्धि कर भुक्तानी गरेको छ । उक्त बिल सहितको आर्थिक कारोबार खुल्ने गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश नभएकोले असुल हुनुपर्ने देखिन्छ ।

२३.२ डिभिजन सडक कार्यालय, काठमाडौंबाट बालाजु बाइपास–नेपालटार–गुर्जे भञ्ज्याङ्ग सडक निर्माण कार्यका एक निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग बिलको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर रु.२ लाख ४७ हजार भुक्तानी भएको छ । उक्त निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालय, काठमाडौंमा दर्ता भएको प्रमाणपत्रमा स्थायी लेखा नम्बर ३०१४४३९६० उल्लेख भएकोमा स्थायी लेखा नम्बर ३०३६०५०७२ भएको कर बीजक जारी गरी मूल्य अभिवृद्धि कर भुक्तानी लिएको छ । यसै गरी संयुक्त उपक्रमका अर्को एक निर्माण व्यवसायीलाई तेस्रो तथा चौथो रनिङ्ग बिलको मूल्य अभिवृद्धि करबापत रु.२ लाख २९ हजार भुक्तानी दिएकोमा उक्त निर्माण व्यवसायीले फरक मितिमा ००४/२०६६।५।१६ र ००४/२०६६।९।२८ एउटै सिलसिलेबार नम्बर भएका कर बिजक जारी गरेको देखिएको छ ।

डिभिजन सडक कार्यालय, दाङ्गले एक निर्माण व्यवसायीलाई तेस्रो, चौथो र अन्तिम बिलको मूल्य अभिवृद्धि करबापत रु.५ लाख ८० हजार भुक्तानी दिएकोमा २०६६।८।१६ को तेस्रो र २०६७।३।२५ को अन्तिम बिलको कर बीजक एउटै नम्बर १०/२०६६।८।३० को चौँथो बिलको कर बीजक नम्बर १६ भएको समेत देखिन आएको छ ।

२३.३ सुर्खेत–रानीमत्ता–दैलेख सडक निर्माण गर्ने एक ठेकेदारलाई २०६६।६७ को मूल्य अभिवृद्धि कर बीजक वेगर भुक्तानी दिएकोमा भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई नदिएको र कर बीजक वेगर भुक्तानी दिएको व्यहोरा प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेपश्चात पेश हुन आएको ७ कर बीजक अनुसार मूल्य अभिवृद्धि कर दाखिला भए नभएको सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ काठमाडौंलाई पत्रबाट सोधनी गर्दा करदाताले तेस्रो र चौथो रनिङ्ग बिलबाट भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.३२ लाख १५ हजारको आय विवरण दाखिला गरेको नदेखिएकोले उक्त रकम ठेकेदारबाट असुल गर्नुपर्दछ । साथै यस्तो अवस्थामा सोही ऐनको दफा २९ अनुसार लाग्ने जरिवाना, थप दस्तुर र ब्याजको सम्बन्धमा पनि ऐनको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

२४. **लागत वृद्धि** – कार्यालयलाई आवश्यक पर्ने सामानको लागि छुट्टै बजेट निकासा माग गरी खरिद गर्नुपर्नेमा १४ कार्यालयले रु.६ करोड २७ लाख ७१ हजार बराबरको सवारीसाधन आपूर्ति एवं भाडा, ल्यापटप, कम्प्युटर, प्रिन्टर, भिडियो एवं डिजिटल क्यामरा, जेनरेटर आदि कार्यालय सामान निर्माण कार्यको बिल अफ क्वान्टिटीमा समावेश गरी खरिद सम्झौता गर्दा शिरोभार खर्च समेतले लागत बढ्न गएको छ ।

२५. **जमानत** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वकोभन्दा कम्तिमा एकमहिना बढीको हुनुपर्ने स्पष्टरुपमा उल्लेख गरेको भए तापनि २ कार्यालयले ४ ठेक्कामा निर्माण कार्यको त्रुटि सच्याउने अवधिसम्मको र ५ कार्यालयले ९ ठेक्कामा निर्माण सम्पन्न गर्नुपर्ने अवधिसम्मको मात्र जमानत लिएको देखियो ।

(रु.हजारमा)

क्र. सं.	डिभिजन सडक कार्यालय	कार्यक्रम	ठेक्का नं.	त्रुटि सच्याउने अवधि (महिनामा)	सम्पन्न गर्ने मिति	सम्झौता रकम	जमानतको अवधि
१	लाहान	कोल्टखोला पुल	८०/०६६/६७	१२	२०६९/३/३०	१७९०१	२०६९/३/२८
२	लाहान	खांडोखोला पुल	५९/०६६/६७	१२	२०६९/९/१९	१११५५६	२०६९/९/१
३	लाहान	फाम्पी खोला पुल	२५/०६६/६७	१२	२०६९/३/२९	१४५९५	२०७०/३/३०
४	विराटनगर	सर्फेस ड्रैसिङ	२६/०६६/६७	१२	२०६७/१/१७	१६१३	२०६७/३/१२
५	जनकपुर	धनेषा–निगालगाउ–मदैया सडक	१०/०६६/६७	१२	२०६७/२/३०	३८३८	२०६७/४/३
६	जनकपुर	पूर्व पश्चिम लोकमार्ग–लक्ष्मिनिया	११/०६६/६७	१२	२०६७/२/३०	३१५१	२०६७/४/३
७	जनकपुर	नवलपुर –मलंगवा	७/०६६/६७	६	२०६७/२/३०	३११२	२०६७/२/२३
८	पोखरा	उत्तर दक्षिण मार्ग	७४/०६६/६७	१२	२०६७/३/२५	४२२५१	२०६८/३/३०
९	पोखरा	उत्तर दक्षिण मार्ग	९९/०६६/६७	१२	२०६७/३/२५	८४४	२०६८/३/३०

क्र. सं.	डिभिजन सडक कार्यालय	कार्यक्रम	ठेक्का नं.	त्रुटि सच्याउने अवधि (महिनामा)	सम्पन्न गर्ने मिति	सम्झौता रकम	जमानतको अवधि
१०	पोखरा	उत्तर दक्षिण मार्ग	७३/०६६/६७	१२	२०६७/३/२५	२१०९	२०६८/२/३०
११	बुटवल	ह्यूम पाईप मेशनरी	१९/०६६/६७	१२	२०६७/२/३०	१४१५	२०६७/१२/४
१२	बुटवल	कालोपत्रे कार्य	१२/०६६/६७	१२	२०६७/२/३०	३३०६	२०६७/४/१६
१३	बुटवल	ग्याविन कार्य	२१/०६६/६७	१२	२०६७/२/३०	२२६६	२०६७/१०/१४

२५.१ डिभिजन सडक कार्यालय दाङ्ग, झापा, इलाम र शहिदमार्ग योजना रोल्पाले सडक निर्माण कार्यका लागि भएका ३६ खरिद सम्झौताहरुको कार्यसम्पादन जमानतको म्याद थप विना खरिद सम्झौताको अवधि थपेको देखिन्छ । यसरी कार्यसम्पादन जमानतको अवधि थप नगरिकन खरिद सम्झौताको अवधि थप गर्ने कार्य नियमसम्मत देखिएन ।

२५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) को व्यवस्था अनुसार पेस्की फछ्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तिमा १ महिना बढी अवधिको बैङ्क जमानत लिनुपर्ने व्यवस्था छ । सडक डिभिजन कार्यालय, धनकुटाको तीन, बिराटनगर, लहान र बुटवलको एक/एक गरी ६ पुल निर्माण कार्यका निर्माण व्यवसायीहरुले पेश गरेको पेस्की जमानतको अवधि समाप्त भएको अवस्थामा, पेस्की जमानतबापत राखेको बैङ्क जमानतको मान्य अवधि वृद्धि नगरेको कारण पेस्की रु.२ करोड ७१ लाख ९७ हजार जोखिममा परेको छ ।

२५.३ पनाहाखोला सेउमा समाघाटमा ३ स्पान, ६१ मिटर लम्बाई भएको पुल निर्माणको कार्य सम्पादन जमानतको म्याद २०६६।३।२१ मा समाप्त भएको भए पनि त्रुटि सच्याउने अवधि समेत खाम्ने कार्य सम्पादन जमानत नलिइ २०६७।९।२३ सम्म म्याद थप भएको छ । नियममा भएको व्यवस्था अनुसार कार्य सम्पादन जमानत लिनुपर्ने देखिन्छ ।

२६. **बीमा कभरेज** – निर्माण खरिद सम्झौताको सामान्य शर्तको दफा १३ मा निर्माण व्यवसायी र आपूर्तकको संयुक्त नाउँमा बीमा गर्नुपर्ने तथा निर्माण कार्य सुरु हुनुभन्दा अगावै परियोजना प्रबन्धकको सहमतिको लागि पेश गर्नुपर्ने व्यवस्था छ । सम्झौताको विशेष शर्तमा निर्माण कार्य तथा सामग्रीको ११५ प्रतिशत मूल्य बराबरको बीमा गर्नुपर्ने उल्लेख गरिएको छ । डिभिजन सडक कार्यालय, लाहानले ४ पुल निर्माणमा रु.९ करोड १३ लाख ९३ हजारको खरिद सम्झौता गरेकोमा बीमा गरेको छैन । १ पुल निर्माणमा रु.१ करोड ३० लाख २५ हजार खरिद सम्झौता गरेकोमा १५ प्रतिशत थपको बीमा गरेको देखिएन ।

२७. **बढी खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्न वा खर्च गर्न निकासा दिँदा सो नियममा भएका व्यवस्था अनुसार खर्च गर्नुपर्नेमा डिभिजन सडक कार्यालय, जनकपुरले दुई शीर्षकमा रु.१ करोड ६० लाख ५७ हजार बढी खर्च गरेको छ । बढी खर्च गरेको रकम विभिन्न शीर्षकबाट कट्टा गरी दाखिला गर्न बाँकी धरौटी, अग्रिम कर, निर्माण व्यवसायी कोष तथा विभिन्न शीर्षकमा बाँकी रहेको रकमबाट खर्च गरेको छ । यस्तो अनियमित खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२८. **बाँकी रकम फिर्ता** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) अनुसार वर्षान्तमा खर्च नभएको बाँकी रकम सञ्चितकोष दाखिला गर्नुपर्नेमा डिभिजन सडक कार्यालय, जनकपुरले हुलाकी राजमार्ग कार्यक्रम अन्तर्गतको रु.१ करोड ८७ लाख ८९ हजार कार्यसञ्चालन कोष खातामा जम्मा गरेको छ । यो रकम सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

२९. **अधुरो काम** – हिले–भोजपुर सडक योजना, धनकुटा अन्तर्गत हिले–लेगुवाघाट खण्डमा ओटासिल पिच कार्यको लागि कार्यालयले मूल्य अभिवृद्धि कर बाहेकको रु.८८ लाख ८० हजारको लागतमा संयुक्त उपक्रमको एक निर्माण व्यवसायीसँग २०६७।२।१५ भित्र सम्पन्न गर्ने गरी २०६६।९।२४ मा खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले सो अवधिभित्र चौंथो बिलसम्ममा मूल्य अभिवृद्धि कर बाहेक रु.४० लाख ७४ हजार भुक्तानी लिएको छ । त्यस अवधिमा सम्पन्न गरेको निर्माण कार्य ओटासिल बिग्रेको स्थलगत निरीक्षणको

क्रममा देखियो । अत: निर्माण व्यवसायीबाट उपरोक्त बिग्रेको तथा गर्नुपर्ने थप काम समेत छिटो गर्नुपर्ने देखिन्छ ।

३०. **परामर्श सेवा** – विश्व बैङ्कको नगद सहायतामा सञ्चालित सडक क्षेत्र विकास आयोजना अन्तर्गतका आयोजनाहरुको अधिकांश ठेक्काहरु हस्तान्तरण भैसकेको अवस्थामा समेत परामर्शदाताले सम्झौता अनुसार गर्नुपर्ने कार्यहरु सम्बन्धित सडक क्षेत्रका जनताको आर्थिक र सामाजिक प्रभाव अध्ययन गर्न सडकहरुको मर्मत सम्भार निर्देशिका तयार गर्न, फिल्डमा रहेका कर्मचारीलाई तालिम दिन, ठेकेदारहरुको गोप्य प्रतिवेदन तयार गर्न, सडक उपभोगकर्ताको सन्तुष्टि सर्वे गर्न रु.८ लाख ३४ हजारमा सम्झौता भएकोमा ती कार्यहरु २०६७ पौषसम्म पनि गरेको देखिएन ।

हुलाकी राजमार्ग आयोजना

तराई क्षेत्रमा पर्ने तराई सडक र हुलाकी सडक संरचनाहरुको स्तरोन्नति तथा सुदृढीकरण गरी सडक निर्माण सम्पन्न गर्न नेपाल र भारत सरकारबीच १५ जनवरी, २०१० मा भएको सम्झौतानुसार आयोजनाको कार्य यस वर्षदेखि प्रारम्भ भई २०७१।७२ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको लागि भारत सरकारको तर्फबाट १५ अर्ब भारतीय रुपैँया तथा नेपाल सरकारको स्रोतबाट रु.१३ अर्ब खर्च हुने अनुमान छ । विस्तृत योजना प्रतिवेदन अनुसार हुलाकी राजमार्ग अन्तर्गत १५ हुलाकी सडक र महेन्द्र राजमार्गदेखि दक्षिणतर्फ भारतीय सीमासँग जोड्ने ३३ सहायक मार्गको १ हजार ५२५ किलोमिटर सडक निर्माण कार्य भारत सरकारबाट र त्यस राजमार्ग अन्तर्गत निर्माण गर्नुपर्ने १२० रेनफोर्स सिमेन्ट कंक्रिट पक्की पुल नेपाल सरकारले आफ्नै स्रोतबाट निर्माण सम्पन्न गर्ने सम्झौता पत्रमा उल्लेख छ ।

तराई क्षेत्रका ९ डिभिजन कार्यालय अन्तर्गत सञ्चालित यस आयोजनामा यो वर्ष पूँजीगत खर्चतर्फ नेपाल सरकारको स्रोततर्फ रु.७४ करोड ७३ लाख ४५ हजार निकासा तथा रु.७४ करोड ३ लाख ८८ हजार खर्च भएकोमध्ये आयोजना कार्यलयलेमात्र रु.२७ करोड ९९ लाख ९५ हजार खर्च लेखेको छ । यसको अतिरिक्त आयोजना कार्यालयले चालु बजेटतर्फ रु.१८ लाख ६१ हजार खर्च गरेको छ ।

३१. **स्रोत परिवर्तन –** पहिलो चरणमा भारत सरकारको अनुदान सहयोगबाट जीतपुर–तौलिहवा खुनुवा (भारतीय सीमा) सम्म ३३.२ किलोमिटर सडक निर्माण गरिने भनिए पनि उक्त सडक नेपाल सरकारको स्रोतबाट खर्च व्यहोर्ने गरी निर्माण कार्य प्रक्रिया अगाडि बढाउने भौतिक योजना तथा निर्माण मन्त्रालयबाट २०६७।५।३१ मा भएको निर्णयानुसार डिभिजन सडक कार्यालय शिवपुरबाट २ खरिद सम्झौता सम्पन्न भई रु.१३ करोड ८६ लाख ५० हजारमा २०६८ आषाढ मसान्तमा सम्पन्न गर्नेगरी कार्यान्वयनमा रहेको छ ।

दातृराष्ट्रबाट भईरहेको काम र खर्चको अद्यावधिक प्रगति विवरण लिई अनुदान खर्चको आर्थिक विवरण समेत प्रस्तुत हुनुपर्नेमा तदअनुसार गरेको पाइएन । यसले गर्दा भारत सरकारबाट भईरहेको सडक निर्माण सम्बन्धी कार्यको अद्यावधिक भौतिक प्रगति र अनुदान खर्च यकिन गर्न सकिएन ।

३२. **बढी पेस्की –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा सम्झौताको शर्तमा मूल्य अभिवृद्धि कर र प्रोभिजनलसमको रकम कटाई बाँकी रकमको २० प्रतिशतसम्म पेस्की पाउनसक्ने उल्लेख छ । आयोजनाले ४ निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर र प्रोभिजनलसमको रकम नकटाई सम्झौता रकमको २० प्रतिशतभन्दा बढी पेस्की दिएको रु.९ लाख ५ हजार सम्बन्धित निर्माण व्यवसायीबाट फिर्ता गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

सडक स्तरोन्नति

३३. **निकासा खर्च –** भारत सरकारको ऋण सहायतामा अमेरिकी डलर १ करोडको लागतमा २०६३।६४ देखि २०६७।६८ सम्ममा करिब ५०० किलोमिटर सडक कालोपत्रेमा स्तरोन्नति गर्न सञ्चालित यस आयोजनामा मन्त्रालयबाट नेपाल सरकारको स्रोतबाट रु.३४ करोड ७३ लाख १९ हजार र भारत सरकारको सोझै भुक्तानी ऋणतर्फ रु.९८ करोड ७२ लाख ७६ हजार गरी रु.१ अर्ब ३३ करोड ४५

लाख ९५ हजार निकासा खर्च भएको विवरण पेश हुन आएकोमा रु.७४ करोड ४२ लाख ८० हजारमात्रको लेखापरीक्षण भएको छ ।

३३.१ लेखापरीक्षणको लागी सुर्खेत रानिमत्ता दैलेख सडक योजनाबाट रु.७ करोड ९९ लाख १२ हजार र भालुवाङ प्युठान चकचके लिवाङ्ग योजनाबाट रु.३१ करोड ७० लाख ४८ हजार गरी रु.३९ करोड ६९ लाख ६० हजार सोझै भुक्तानीतर्फ निकासा खर्च विवरण पेश हुन आएकोमा मन्त्रालयले क्रमशः रु.७ करोड ४१ लाख ८९ हजार र रु.२९ करोड ३५ लाख ९ हजार गरी रु.३६ करोड ७६ लाख ९८ हजारमात्र निकासा खर्च देखाई रु.२ करोड ९२ लाख ६२ हजार घटी निकासा खर्च देखाएको छ ।

३३.२ मन्त्रालयले निम्नानुसार सडक कार्यालय एवं योजनाहरुमा रु.६१ करोड ९५ लाख ७७ हजार सोझै भुक्तानीतर्फ निकासा खर्च जनाएकोमा लेखापरीक्षणार्थ स्रेस्ता पेश हुन आएन ।

(रु हजारमा)

सि.न	कार्यालय । योजना	रकम
१	डिभिजन सडक कार्यलय,धनकुटा	४,००,८३
२	ओखलढुङ्गा हिलेपानी दिक्तेल सडक योजना	१,५९७,३२
३	चन्द्रनिगाहपुर गौर सडक योजना	९,३२,४२
४	राप्ती राजमार्ग,अमेलिया तुलसीपुर सल्यान सडक योजना	११,७४,२८
५	साँफेवगर मंगलसेन मार्तडी सडक योजना	२०,९०,९२
	जम्मा	**२,११४**

सुर्खेत–जुम्ला सडक योजना

३४. **ओटासिल –** सुर्खेत–कालिकोट–मान्मा र तल्लोडुङ्गेश्वर–सियाकोट–दैलेख दुई सडक खण्डको १५५ किलोमिटर सडक ओटासिल गर्नको लागि ११ ठेक्काको बन्दोवस्त भएकोमा १० ठेक्का योजनालाई हस्तान्तरण भएका छन् । त्यसमध्ये विभिन्न ७ ठेक्कामा ३३० मिटरदेखि १०.७३० किलोमिटरसम्म सडकको ओटासिल कार्य कटौती गरेको छ । कटौती गर्नुपर्नाको प्रमुख कारण २००९ को वर्षामा गएको पहिरोबाट भएको क्षति उल्लेख गरिएको छ । अन्य कारणहरुमा ओटासिल गर्ने क्रममा सडक चौँडा पार्न माटो काटिएको तर लागत अनुमान तयार गर्दा अति आवश्यक पर्ने स्ट्रक्चर (रिटेनिङ्ग र ब्रिष्ट वाल) को व्यवस्था नगरिएको हुँदा वर्षाबाट पहिरो गई भएको क्षति पूरा गर्न पर्खाल लगाउन र पहिले निर्माण भई बिग्रिसकेका तर लागत अनुमानमा छुटाईएका क्रस र साइड ड्रेनहरु प्रतिस्थापन गर्न आधारभूत रुपले ओटासिल कटौती भएको व्यहोरा साइट निरीक्षण र कागजात अध्ययनबाट देखिन्छ । सडकको स्तरोन्नति गर्न लागत अनुमान तयार गर्ने परामर्शदाताको टीममा जियोलजी विज्ञ व्यवस्था गरी भुक्तानी समेत भएको छ । तर सडकको तल माथिको माटो एवं भौगोलिक र ड्रेनको अवस्था पर्याप्त अध्ययन नगरी तयार गरेको लागत अनुमान भरपर्दो र विश्वसनीय देखिँदैन । सोही कारणले रु.१२ करोड ४८ लाखको १५ प्रतिशत काम भेरिएसनबाट गराइएको, चालू वर्षमा रु.१३ करोड ६७ लाखका मन्सुन ड्यामेजका ४ ठेक्काबाट काम भइरहेको र बाँकी पूरा गर्न अर्को योजना ल्याउनुपर्ने स्थिति स्थलगत निरीक्षणबाट देखियो । सम्झौता अनुसार परामर्शदाताले तयार गरेको लागत अनुमानमा १० प्रतिशतभन्दा बढीले फरक पर्न नहुने व्यवस्था भए पनि परामर्शदाताको समयावधिमा ६७ प्रतिशत र लागतमा ४२.६ प्रतिशत भेरिएसन वृद्धि भएको छ ।

३५. **विनिमय घाटा –** एक ठेकेदारसँग सम्झौता गर्दा ३० प्रतिशत भुक्तानी अमेरिकी डलरमा दिने गरी बीड गरेको कागजात समेत संलग्न गरेको र ठेकेदारले त्यसबाट बिटुमिन र सिमेन्ट विदेशबाट आयात गर्ने व्यवस्था भएकोमा रोजगारदाताबाट ती सामग्रीहरु आयात गर्न इजाजत दिएको नदेखिएको । सम्झौताको दफा ६६ मा उपकरण र प्लान्टमात्र आयात गर्नसक्ने व्यवस्था गरी बिटुमिन र सिमेन्ट आयात गर्ने विषयमा केही उल्लेख गरिएको छैन । मूल्यवृद्धिको प्रयोजनको लागि निर्माण सामग्रीको स्रोत नेपाल नै राखिएकोले सम्झौता गर्दाको तुलनामा भुक्तानी गर्दा डलरको विनिमय दरमा वृद्धि भएको कारण रु.३४ लाख ६९ हजार विनिमय

घाटा भई सरकारलाई नोक्सानी पारेको छ । यस योजनाको अन्य १० ठेकेदार र अन्य योजनाको ठेकेदारहरुसँग भएको सम्झौतामा यस्तो व्यवस्था गरेको छैन ।

३६. **त्रुटि –** यस योजनाबाट सञ्चालित ११ मध्ये १० ठेक्का हाल त्रुटि सच्याउने अवधिमा रहेका छन् । एक वर्षको उक्त अवधिमा ठेक्का हस्तान्तरण गर्दा औंल्याइएका गर्न बाँकी काम र सोही अवधिमा हुन गएको थप नोक्सानी पूरा गर्ने दायीत्व सम्झौता अनुसार ठेकेदारकै रहन्छ । स्थलगत निरीक्षण गर्दा सडकका विभिन्न स्थानहरुबाट पहिरो पन्छाउने, नाली सफा गर्ने, साइड ड्रेनहरु मर्मत गर्ने, वायोइन्जिनियरिङ्गको काम गर्ने, निर्माण सामग्रीहरु झिकिएका खानीहरुको पुनर्स्थापना गर्ने आदि कामहरु तीन ठेक्कामा पूरै र अन्य ७ ठेक्कामा आँशिक रुपमा बाँकी रहेको देखिन्छ । आवश्यक कारबाही गरी सम्झौता अनुसारको कार्य गराउनुपर्दछ ।

३७. **दायित्वबाट मुक्त –** सुर्खेत–जुम्ला सडकको एक र खोड्पे–बझाङ्ग सडकको तीन ठेकेदारले एकपटक निर्माण गरिसकेको रु.३९ लाख ६३ हजारको काम बिग्रे, भत्केपछि सो रकम ठेकेदारको बिलबाट कट्टा गरी ठेकेदारलाई बीमा रकम दिन सिफारिस गरेको छ । लेखापरीक्षणको समय २०६७ माघसम्म उक्त काम गरेको देखिएन । सडक निर्माणको काम समयमा पूरा गर्ने उद्देश्य पूरा हुननसक्नुका साथै ती काम पछिल्लो आर्थिक वर्षको मर्मत सम्भारको अर्कै कार्यक्रमको ठेक्कामा समावेश गरिएकोले एक योजना पूरा गर्न अर्को योजनाको स्थापना गरेको छ ।

३८. **निर्माण कार्य** – सडक सञ्जाल विकास आयोजना (उत्तर दक्षिण राजमार्ग) अन्तर्गत मुढे खाँदवारी सडक आयोजनाबाट चैनपुरसम्म कालोपत्रे (ओटासिल) को काम र सोपछि स्ट्रक्चर तथा ग्राभेलिगको कार्य गरेको देखिन्छ । कालोपत्रे सडकमध्ये ठेक्का नं.१ तथा ७ अन्तर्गत निर्माण भएको अधिकांश खण्डमा सर्फेस बिग्रेको अवस्था रहेको भौतिक निरीक्षणको क्रममा देखियो । कतिपय क्षेत्रमा उक्त सडक खण्डमा ओटासिल भएको कुनै प्रमाण समेत देखिँदैन । निर्माण व्यवसायीसँग भएको सम्झौतामा निर्माण कार्यको अन्तिम बिल भुक्तानी भएपछि कट्टी गरिएको धरौटी फिर्ता दिने प्रावधान अनुसार बैङ्क जमानतको आधारमा सबै धरौटी फिर्ता भैसकेको छ । उपरोक्त बिग्रेको सडक ठेक्काको त्रुटि सच्याउने अवधिभित्रै भएकोले निर्माण व्यवसायीबाट सो बिग्रेको सडकको सर्फेस पुन:निर्माण गराउनुपर्ने देखिन्छ ।

मुढे खाँदवारी सडकको ओटासिल सम्पन्न भनिएको तर ओटासिल भएको नदेखिएको प्याकेज १ को खण्ड

३९. **स्रोतान्तर** – सव रिजनल ट्रान्सपोर्ट फेसिलिटेशन आयोजनाले एशियाली विकास बैङ्कको ऋण सहायतातर्फबाट शोधभर्ना हुनेगरी सिभिल वर्क्सतर्फ २०६६।६७ को नोभेम्बर र डिसेम्बर महिनामा निर्माण व्यवसायीलाई भुक्तानी गरेको रु.१२ करोड ८२ लाख ९५ हजारको ९० प्रतिशतले हुने रु.११ करोड ५४ लाख ६५ हजारमा प्रत्यक्ष भुक्तानीबाट खर्च गरेको रु.१ करोड ९५ लाख ७३ हजार कट्टा गरी रु.९ करोड ५८ लाख ९२ हजार शोधभर्ना माग गरेकोमा रु.७ करोड ८४ लाख ३८ हजारमात्र प्राप्त भएको छ । आयोजना सम्पन्न भैसकेको अवस्थामा अन्य छुट समेत रु.१ करोड ७६ लाख ३८ हजार शोधभर्ना प्राप्त हुन

बाँकी देखिन्छ । यस सम्बन्धमा शोधभर्नाको अवधि समाप्त भईसकेकोले स्रोतान्तर गर्न अर्थ मन्त्रालय मार्फत कारबाही अगाडि बढाउने जवाफ प्राप्त भएको छ ।

४०. **मूल्य अभिवृद्धि कर** – सव रिजनल ट्रान्सपोर्ट फेसिलिटेशन आयोजना अन्तर्गत काकडभित्ता इनल्याण्ड क्लियरेन्स डिपो भवन सम्बन्धी एक निर्माण व्यवसायीलाई रु.५३ लाख ७० हजार र भैरहवा परासी निर्माण कार्यको २ निर्माण व्यवसायीलाई रु.२ करोड ६८ लाख ८९ हजार कर बीजक वेगर मूल्य अभिवृद्धि कर भुक्तानी दिएको छ । यसै गरी परामर्शदातालाई चालू वर्ष परामर्श सेवा शुल्क भुक्तानी गर्दा रु.३५ लाख ४४ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा परामर्शदाताले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश भएन ।

रोड कनेक्टीभिटी सेक्टर आयोजना

४१. **स्थलगत निरिक्षण** – तामाकोशी–मन्थली–खुर्कोट ५५ किलोमिटर सडक (३ प्याकेज) एवं खुर्कोटस्थित सुनकोशी नदीमा स्टील ट्रसपुल निर्माण तथा दुवैतिर गरी करिब ५०० मिटर एप्रोच रोड निर्माण गर्न रु.१ अर्ब ४ करोड २२ लाख ४७ हजारमा ४ खरिद सम्झौता भएकोमा सबै प्याकेजमा भेरिएसन भई लागत रु.१ अर्ब ११ करोड ३५ लाख ३९ हजार कायम भएको छ । सडकतर्फ सबै कार्य २०६७ माघ २५ र पुलको कार्य २०६८ असोज २३ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०६७ आषाढ मसान्तसम्म मोविलाईजेशन पेस्की बाहेक रु.४५ करोड ९९ लाख ६२ हजार खर्च भएको छ । यस सडकको स्थलगत निरीक्षण गर्दा देखिएका स्थिति निम्नानुसार छ:

४१.१ तामाकोशीदेखि खिम्तीसम्म २४ किलोमिटरको चेनेजमा करिब ५ किलोमिटरमात्र बेसकोर्सको कार्यसम्पन्न भई बाँकी स्थानमा सववेशको काम भएको छैन । केही स्थानमा सवग्रेडिङ्गको काम समेत भएको छैन । बेसकोर्सको सामान २ स्थानमा कलेक्शन भईरहेको भए तापनि कालोपत्रेको लागि बिटुमिनको व्यवस्था समेत गरेको देखिएन । कालीदहमा करिब ३०० मिटर क्षेत्रमा पहिरोको कारण कुनै निर्माण भएको छैन । अत: २४ किलोमिटरको चेनेजको यस प्याकेजको काम निर्धारित समयमा हुनसक्ने अवस्था देखिँदैन ।

४१.२ खिम्तीदेखि मन्थली बजारसम्म १६ किलोमिटर चेनेज भएको प्याकेजमा ८ किलोमिटर क्षेत्रमा सवबेस र सवग्रेडिङ्गको काम समेत भएको छैन । बेसकोर्सको सामान २ स्थानमा कलेक्शन भईरहेको भए पनि कालोपत्रेको लागि बिटुमिनको व्यवस्था समेत गरेको देखिएन । यस सडक खण्डमा १ स्थानको र २ स्थानको २ पुल समेत समावेश भएकोमा सिङ्गल स्पानको पुलको स्लाब ढलान भईसकेको तर एप्रोच रोड तथा फिनिसिङ्ग काम बाँकी रहेको देखिन्छ । निरीक्षणको क्रममा एप्रोच रोडको काम भईरहेको देखियो । तर २ स्पानको मन्थली बजार नजिकको पुलको पियर तथा एव्युटमेन्टको पिलर निर्माण हुँदै रहेको छ । सो पियर तथा एव्युटमेन्टको डेक लेभलसम्म पनि निर्माण हुनसकेको देखिएन । तसर्थ यस खण्डको निर्माण कार्य पनि समयमा सम्पन्न हुनसक्ने अवस्था देखिँदैन ।

४१.३ मन्थली बजारदेखि खुर्कोटसम्म करिब १५ किलोमिटर चेनेज भएको प्याकेजमा साईड ड्रेन तथा सववेशको काम सम्पन्न भई बेसकोर्सको कार्य बाँकी रहेको छ । बिटुमिनको काम गर्न रोकिएको अवस्थामा रहेको यस प्याकेजको काम पनि निर्धारित समयमा सम्पन्न हुने अवस्था देखिँदैन । योजना प्रमुखबाट उपयुक्त तापक्रम हुनासाथ बेसकोर्स तथा बिटुमिनको कार्य सुरु हुने जानकारी प्राप्त भएको छ ।

खानेपानी तथा ढल निकास बिभाग

४२. **बिल भर्पाइ** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार कुनै निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउँदा हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र ९७(७) बमोजिम समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय इलाम, झापा, धनुषा, सिन्धुली, पर्सा, रौतहट, कास्की, स्याङजा, पर्वत, सुर्खेत र नवलपरासीले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु.९ करोड ७ लाख १८ हजार खर्च लेखेकोमा

नियमको उक्त व्यवस्था अनुसार प्रमाणित तथा अनुमोदित बिल भरपाई कार्यालयमा पेश गरेको तथा सार्वजनिक स्थानमा सूचना टाँस गरेको देखिएन ।

४३. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा बीजक दिनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय उदयपुर, पर्सा, गोरखा र बैतडीले विभिन्न प्रकारको वस्तु तथा सेवा आपूर्तिबापत मूल्य अभिवृद्धि कर रु.१ लाख ३१ हजार समेत रु.११ लाख ३८ हजार भुक्तानी गर्दा कर बीजक वेगर भुक्तानी दिएको छ । इलाम उदयपुर र बाराले तोकिएको ढाँचा नभएको बीजकबाट मूल्य अभिवृद्धि कर रु.५ लाख ३३ हजार समेत रु.४६ लाख ३७ हजार भुक्तानी गरेको देखिएकोले उक्त कारोबार नियमसम्मत छैन ।

४४. **परामर्श सेवा खर्च –** बाढीजन्य क्षति पुन:निर्माण आयोजना, आयोजना कार्यान्वयन इकाई, काठमाडौं अन्तर्गत कञ्चनपुरको महेन्द्रनगर, कैलालीको धनगढी र सुनसरीको इनरुवामा बाढीजन्य क्षतिको पुन:निर्माण कार्यको लागि प्राविधिक परामर्श सेवा प्रदान गर्न एक परामर्शदातासँग २ वर्षभित्र कार्यसम्पन्न गर्ने गरी २०६६।४।२५ मा रु.३ करोड ४१ लाख ९६ हजारको परामर्श सेवा आपूर्ति सम्झौता भएको पाइयो । सम्झौताको सामान्य शर्त को ६.२ (सी) मा वास्तविक र कारण सहित गरेको कार्यालय सञ्चालन खर्च, भ्रमण, भाडा, गुणस्तर परीक्षण जस्ता खर्चको शोधभर्ना आयोजनाले परामर्शदातालाई गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यो वर्ष रु.६६ लाख २५ हजार समेत रु.१ करोड ६४ लाख ९० हजार भुक्तानी गरेकोमध्ये रु.६५ लाख ६२ हजार खर्च पुष्टि हुने फाँटवारी तथा खर्चका प्रमाण पेश भएको छैन । यस सम्बन्धमा कार्यालयबाट सम्झौतामा शोधभर्ना हुने खर्चलाई मासिक/दैनिक/संख्याको आधारमा र मासिक प्रगति प्रतिवेदन प्राप्त भएपछि कार्य भएको आधारमा सम्झौतामा उल्लेखित दरमा मासिक रुपमा शोधभर्ना दिने गरिएको जवाफ प्राप्त भएको छ ।

४५. **अधुरो आयोजना** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)ग अनुसार सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको अवस्थामा त्यस्ता निर्माण व्यवसायीलाई कालोसूचीमा राख्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रौतहट अर्न्तगत सन्तपुर दोस्तिया खानेपानी आयोजनाको सम्पूर्ण कार्यको भौतिक प्रगति ९१.८७ प्रतिशत भै हालसम्म रु.८३ लाख ७७ हजार खर्च भएको छ । कुल कार्यमध्ये १०० घनमिटर ओभरहेड टैङ्क निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०५९।७।३० सम्म कार्यसम्पन्न गर्ने गरी रु.१६ लाख ४९ हजारको सम्झौता भई २०५८।१।१० मा कार्य आदेश दिएकोमा तोकिएको मितिमा कार्यसम्पन्न नगरेकोले २०६३।१२।१४ सम्म म्याद थप गरी तत्पश्चात म्याद थप गरेको छैन । हालसम्म टैङ्की निर्माणको ७७ प्रतिशत कार्यसम्पन्न गरेको छ । यो वर्ष उक्त कार्यको लागि रु.५ लाख बजेट विनियोजन गरेकोमा खर्च भएको छैन । आयोजनाको सम्पूर्ण निर्माण कार्यसम्पन्न भए तापनि ओभरहेड टैङ्कको निर्माण कार्यसम्पन्न नहुँदा आयोजना सञ्चालनमा आएको छैन ।

४६. **बैङ्क जमानत –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप–नियम ४ ले आपूर्तिकर्ता, निर्माण व्यावसायी, सेवा प्रदायक वा परामर्शदातालाई बैङ्क जमानत लिई सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेस्की उपलब्ध गराउँदा खरिद सम्झौतामा उल्लेख भएको फछ्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एकमहिनाभन्दा बढी अवधि भएको बैङ्क जमानत पेश गर्नुपर्ने व्यवस्था गरेको छ । दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजनाले एक व्यवस्थापन परामर्शदाताको पेस्की फछ्यौंट गर्ने अवधि १८ महिना र तीन डिजाइन तथा सुपरीवेक्षण परामर्शदाताको पेस्की फछ्यौंट गर्ने अवधि २४ महिना भएकोमा पनि १२ महिनाको मात्र बैङ्क जमानत लिई क्रमश:रु.७७ लाख ६७ हजार र रु.१ करोड ९४ हजार पेस्की उपलब्ध गराएको छ ।

४७. **व्ययभार** – सामुदायिक खानेपानी तथा सरसफाई आयोजना दाङ्ग अन्तर्गत ५ उप–आयोजना मुहान विवादको कारण देखाई स्थगित गरेकोले विकास र निर्माण चरणमा रु.३१ लाख २६ हजार खर्च भैसकेको उक्त उप–आयोजनाको खर्च उपयोगविहीन बन्न गएको छ ।

मेलम्ची खानेपानी आयोजना

४८. **सुरुङ्ग निर्माण** – सुरुङ्ग तथा हेडवर्क्स निर्माण अन्तर्गत मुख्य र एडिट गरी जम्मा २७.४७ किलोमिटर रहेको सुरुङ्ग निर्माणको लागि एक विदेशी निर्माण व्यवासायीसँग मूल्य अभिवृद्धि कर र प्रोभिजनलसम सहित रु.४ अर्ब २८ करोड ८८ लाख २३ हजारको सम्झौता भएको छ । सम्झौतामा कार्य सुरु गरेको दिन २०६६।१।८ देखि १ हजार ५९६ दिनमा कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । आयोजनाको डिजाइन अनुसार सुरुङ्ग निर्माण कार्य अम्वाथान, सिन्धु, ग्याल्थुम र सुन्दरीजलबाट सुरु भै लेखापरीक्षण अवधि २०६७।१०।२९ सम्म करिब ८०० मिटर (२.९१ प्रतिशत) सम्पन्न भएको छ । सुरुङ्ग तथा हेडवर्क्स निर्माणको कार्य खरिद सम्झौतामा उल्लेखित कार्य परिचालन तालिकाबमोजिम सञ्चालन गरेको नदेखिएकोले तोकिएको समयमा कार्यसम्पन्न हुने देखिएन । यसले गर्दा आयोजनाको लागतमा वृद्धि हुने तथा महँगो परामर्शदाताको सेवा लिईरहनुपर्ने स्थिति सिर्जना भएको छ ।

४९. **आधार वेगर खर्च** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप–नियम ३ मा निर्माण व्यवसायीलाई पेस्की दिँदा सो रकमलाई खाम्ने गरी वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत लिई पेस्की दिनुपर्ने व्यवस्था छ । त्यस्तो जमानतबापतको खर्चको भुक्तानी दिने व्यवस्था सो ऐन, नियममा उल्लेख गरेको देखिँदैन । सुरुङ्ग तथा हेडवर्क्स निर्माणको लागि कार्यसम्पादन तथा अग्रिम भुक्तानी जमानतबापतको खर्च आयोजनाले व्यहोर्ने गरी एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएबमोजिम दोस्रो रनिङ्ग बिलबाट रु.४२ लाख २८ हजार र सोको मूल्य समायोजनबापत रु.६४ हजार समेत रु.४२ लाख ९३ हजार भुक्तानी भएको छ ।

५०. **व्ययभार पारेको** – लामिडाँडा–मेलम्ची पुल बजार सडक निर्माणका एक निर्माण व्यवसायीबाट दुई हाइलक्स सवारीसाधन समितिलाई उपलब्ध गराउनुपर्ने सम्झौतामा उल्लेख छ । तदनुरुप निर्माण व्यवसायीबाट खरिद गरेको २ सवारीसाधन २०६५ कार्तिक २५ मा वीरगञ्ज भन्सारमा आइपुगेकोमा सवारीसाधन छुटाउन समयमा पहल नगरेको कारण १४६ दिनको ड्यूमरेज चार्ज रु.३ लाख र सो अवधिमा २ सवारी साधन भाडामा लिएको उल्लेख गरी रु.५ लाख ५६ हजार खर्च भएको देखिन आएकोले रु.८ लाख ५६ हजार थप व्ययभार पर्न गएको छ ।

५१. **नियम पालना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा सार्वजनिक निकायले रु.१० लाखभन्दा कम रकमको परामर्श सेवा आफ्नो कार्यालयमा तयार गरेको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखितरुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्नसक्ने व्यवस्था छ । समितिले सुरुङ्गको हेडवर्क्स तथा डाइभर्सनको डिजाइन, सुपरभिजन र परामर्श सेवाबापत एक परामर्शदातालाई नेपाल सरकारको स्रोतबाट मूल्य अभिवृद्धि कर रु.१ लाख ४ हजार समेत रु.९ लाख १७ हजार भुक्तानी गरेकोमा आयोजनाले मौजुदा सुची तयार नगर्नुको साथै आर्थिक तथा प्राविधिक प्रस्ताव समेत नलिई सेवा खरिद भएको देखिएकोले खरिद प्रक्रिया नियमसम्मत देखिएन ।

५२. **असम्बन्धित खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा निकासा लिएको रकम बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । समितिबाट पेश भएको सवारी साधनको विवरण अनुसार समितिको नाममा रहेका १४ सवारी साधन आयोजनासँग असम्बन्धित पदाधिकारीहरुले प्रयोग गरी इन्धन र मर्मत सम्भार खर्च रु.२६ लाख ३९ हजार खर्च गरेको छ । अन्य विभिन्न निकायका ३५ सवारी साधनको मर्मत इन्धन खर्च रु.४ लाख ३२ हजार समेत रु ३० लाख ७१ हजार खर्च नियमको उक्त व्यवस्था अनुकुल देखिँदैन ।

शहरी विकास तथा भवन निर्माण विभाग

५३. **वैदेशिक सहयोग** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५(३) मा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघसंस्थाबाट अनुदान र ऋणस्वरुप नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गराउनुपर्नेमा त्यस्तो सहायता लिनु अघि योजना तथा वार्षिक कार्यक्रमले निर्धारण गरेको प्राथमिकता, नीति

तथा कार्यक्रमअनुरुप छ छैन सोसम्बन्धमा सामान्यतया राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिने र सोको विवरण तयार गरी अर्थ मन्त्रालयमा पेस गर्ने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । यो वर्ष डिभिजन कार्यालय, ईलामले एक विद्यालय निर्माण गर्न रु.१ करोड १३ लाख ९० हजार, धनुषाले जनकपुरधाममा साँस्कृतिक सँग्रहालय स्थापना गर्न रु.९८ लाख ५८ हजार, काठमाडौंले एक महिला छात्रावास समेत निर्माण गर्न रु.९४ लाख ३ हजार र पर्साले एक विद्यालय निर्माणमा रु.३९ लाख ५२ हजार समेत रु.३ करोड ४६ लाख ३ हजार भारतीय अनुदान खर्च गरेकोमा बजेटमा समावेश गरेको छैन । राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको स्वीकृति पनि लिएको छैन ।

५४. **परामर्श सेवा –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स लगायतका आधार व्यवस्थित भएको पाइन्छ । लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक, स्टाफ पेन्सन, औषधिउपचार, जीवन बीमा, बिदा आदि सामाजिक लागतको लागि पारिश्रमिकको ४० प्रतिशत, घरभाडा, कार्यालय सामान, सहायक स्टाफ, यातायात, सञ्चार, मर्मत सम्भार, अनुगमन तथा प्रतिवेदन तयारी लगायत समावेस गरेको छ । त्यस्तै ओभरहेड लागतको लागि पारिश्रमिकको ६० प्रतिशत र सेमिनार तथा प्रतिवेदन समेत कुल लागतको १५ प्रतिशत परामर्शदाताको नाफाको लागि शुल्क समावेश गर्ने गरेको छ । विभागले स्वीकृत कार्यक्रम अनुसार विभिन्न २८ किसिमका परामर्श सेवाको लागि तयार गरेको रु.१ करोड ८७ लाख ९८ हजारको लागत अनुमानमा उपरोक्तबमोजिमको आधार खुलाएको छैन । आधार वेगर लागत अनुमान तयार गरी रु.१ करोड ३७ लाख ७ हजार खर्च गरेको छ ।

बाहिरी चक्रपथ आयोजनाले परामर्शदाताको कुल पारिश्रमिकको ४० प्रतिशतले हुने रु.१२ लाख ५४ हजार सामाजिक लागतको लागि समावेश गरेको छ । नियम विपरीत उक्त खर्च रकम लागत अनुमानमा समावेश गर्न मिल्ने देखिँदैन । साथै नियम १५१ मा सार्वजनिक अनुगमन कार्यालयको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परामर्श सेवाको लागत अनुमानको ढाँचा तोक्नसक्ने व्यवस्था भएकोमा हालसम्म सो ढाँचा तोकेको छैन । आयोजनाले सार्वजनिक निर्माण निर्देशिका र एशियाली विकास बैङ्कको मार्गदर्शनको आधार लिई परामर्शदाताको लागत अनुमान तयार गर्दा नियममा नभए पनि कुल लागतको १५ प्रतिशत नाफा समेत समावेश गरेको छ । आयोजनाले हाल सञ्चालित एक परामर्श सेवा कार्यमामात्र रु.१२ लाख ४७ हजार परामर्शदाताको नाफाबापतको रकम लागत अनुमानमा समावेश गरेको देखियो । यसरी आयोजनाले नियम विपरीत नाफा समेत समावेश गरी सम्झौता गरेको हुँदा नेपाल सरकारलाई बढी व्ययभार पर्ने देखिएको छ ।

डिभिजन कार्यालय

५५. **बजेट खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट खर्च गर्दा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित शर्षिकमा पर्दछ र खर्च गर्न बाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्नसक्ने व्यवस्था छ । डिभिजन कार्यालय, धनुषाले एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रमबाट रु.६४ लाख ५० हजार र सप्तरीले जनता आवास कार्यक्रमबाट रु.१६ लाख ४ हजार सापटी ल्याई सघन शहरी विकास कार्यक्रममा निकासाभन्दा बढी खर्च गरेको देखिन्छ । यसरी बढी खर्च गर्नुपर्दा नियम ३५(३) बमोजिम नियमित गरेको छैन ।

५६. **जनता आवास कार्यक्रम** – यो वर्ष जनता आवास कार्यक्रम अन्तर्गत सिरहा, सप्तरी र कपिलवस्तु जिल्लाका पिछडिएका वर्ग र विपन्न समुदायलाई लक्षित गरी ३ हजार आवास निर्माण गर्ने लक्ष्य रहेको देखिन्छ । जनता आवास कार्यक्रम कार्यान्वयन निर्देशिकामा २ नम्बर इटा र १:७ सिमेण्ट मसला प्रयोग गरी जस्ताको छाना भएको ३२४.६७ वर्ग फिटको वरण्डा सहितको दुइ कोठे आधुनिक आवास निर्माण गरी बसोवासको व्यवस्था गर्ने उल्लेख छ । यस सम्बन्धमा स्थलगत लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

५६.१ डिभिजन कार्यालय, सप्तरीले आवास गृह निर्माण कार्यक्रम अर्न्तगत कल्याणपुर गाउँ विकास समितिमा निर्माण गरेको आवासगृहहरुमा प्रयोग भएका इटाको नमुना सङ्कलन गरी नापजाँच गर्दा इटाको लम्बाई २४०

मिलिमिटर चौडाई ११५ मिलिमिटर र उचाई ७० मिलिमिटर रहेको पाइयो । उक्त इटा प्रयोग गरी प्रतिघनमिटर गारो निर्माण गर्न ४२१ मात्र लाग्ने हुँदा प्रतिआवासगृह जम्मा ६ हजार ६९१ मात्र इटा लाग्ने देखिन्छ । डिभिजन कार्यालयले प्रतिआवासगृह निर्माणमा ८ हजार ९०० इटा खर्च देखाएकोले प्रतिआवासगृह २ हजार २०९ इटाको दरले वास्तविक खपत हुनेभन्दा १ हजार आवासगृह निर्माणमा २२ लाख ९ हजार इटा बढी प्रयोग गरेको देखाई प्रतिइटा रु.७– का दरले रु.१ करोड ५४ लाख ६३ हजार बढी खर्च पर्न गएको देखिन्छ । यस सम्बन्धमा उपभोक्ता समितिहरुबाट स्वीकृत लागत अनुमान अनुसारका आवश्यक निर्माण सामग्री खरिद गरी निर्माण कार्य गरेको, प्रचलित नर्म्स अनुसार प्रतिघनमिटरमा मूल्याङ्कन गरी खर्च लेखेको र निर्माण गरिएका आवास इकाईहरुमा लागत अनुमानमा उल्लेख भएभन्दा बढी काम भएको पाइएको हुँदा बढी इटा देखाई खर्च लेखेको छैन भन्ने जवाफ प्राप्त भएको छ ।

५६.२ सिरहा जिल्लाका आवासगृहमा प्रतिघनमिटर गारो निर्माण गर्न ५६० इटा लाग्ने उल्लेख गरी प्रतिआवासगृहको लागि ८ हजार ९०० इटा लाग्ने गरी लागत अनुमान स्वीकृत गरेको छ । तदनुसार उक्त जिल्लामा निर्मित ८४७ आवासगृहको लागि ७५ लाख ३८ हजार ३०० इटा खपत भएको देखाई प्रतिइटा रु.७– का दरले रु.५ करोड २७ लाख ६८ हजार खर्च गरेको छ । सिराहाको भगवतीपुर तामासुइया गाविसमा निर्मित आवासगृहहरुमा प्रयोग भएको इटाको नमुना सङ्कलन गरी नापजाँच गर्दा सो इटाको लम्बाई २५० मिलिमिटर, चौडाई ११२ मिलिमिटर र उचाई ६० मिलिमिटर रहेको पाइयो । उक्त इटा प्रयोग गरी प्रतिघनमिटर गारो निर्माण गर्न ४७३ मात्र इटा लाग्ने हुँदा प्रतिआवासगृह जम्मा ७ हजार ५१७ मात्र इटा लाग्ने देखिन्छ । प्रतिआवासगृह निर्माणमा १ हजार ३८३ इटा प्रयोग गरेको देखिँदा वास्तविक इटा प्रयोग भएको भन्दा ८४७ आवासगृह निर्माणमा ११ लाख ७१ हजार ४०१ बढी इटा प्रयोग गरेको देखाई प्रतिइटा रु.७–का दरले रु.८२ लाख बढी खर्च लेखेको छ । यस सम्बन्धमा ३२४ आवासगृहको मात्र काम सम्पन्न भएको र बाँकी निमार्णाधीन अवस्थामा रहेकोले प्रतिवेदनमा उल्लेख भएअनुसार बढी खर्च नलेखिएको जवाफ प्राप्त भएको छ ।

५७. **बजेट निष्क्रिय** – डिभिजन कार्यालय, रुपन्देहीले कपिलवस्तुमा निर्माणधीन जनता आवास कार्यक्रममा यो वर्ष निर्माण समितिलाई रु.४ करोड ३० लाख २१ हजार निकासा दिएकोमा रु.२ करोड ५० लाख ८० हजारको मात्र कार्य गरेको छ । यस अन्तर्गत जग खन्ने काम ४२६ घर, डि.पि.सी. सम्मको कार्य २८२ घर, सिल लेभलसम्मको कार्य ५१ घर, लिन्टेलसम्मको कार्य ६६ घर र गारोको काम सम्पन्न भएको २५ घर रहेको छ । कार्यालयले कार्य नै नभएको अवस्थामा पनि निर्माण समितिको खातामा रु.१ करोड ७९ लाख ४० हजार जम्मा गरी बजेट निस्क्रिय गरेको पाइयो ।

५८. **कन्टिन्जेन्सी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को १०(७) मा ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न सकिने उल्लेख छ । डिभिजन कार्यालय, रुपन्देहीले प्रत्येक आयोजनाको हालसम्मको वर्कचार्ज र अन्य खर्च देखिने गरी कन्टिन्जेन्सी अभिलेख राख्नुपर्नेमा राखेको देखिएन । यो वर्ष जिल्ला स्वास्थ्य भवन निर्माणमा कन्टिन्जेन्सी र मूल्य अभिवृद्धि कर बाहेक रु.४ करोड ५६ लाख ५१ हजार खर्च भएकोले सोको ५ प्रतिशतले रु.२२ लाख ८३ हजार खर्च गर्नसकिनेमा रु.२८ लाख ४४ हजार खर्च लेखेकोले रु.५ लाख ६१ हजार बढी खर्च लेखेको छ ।

५९. **कार्यसम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तिमा एकमहिना बढीको हुनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय बाँकेले दुई निर्माण व्यसायीसँग रु.२२ लाख ८० हजार, रोल्पाले १३ निर्माण व्यवसायीसँग रु.५३ लाख ३५ हजारको निर्माण कार्य गराउन लिएको कार्यसम्पादन जमानतको म्याद उक्त प्रावधानअनुरुप छैन । सम्झौताबमोजिम कार्यसम्पन्न जमानतको म्याद भुक्तान भएको र निर्माण कार्यसम्पन्न नगरेको अवस्थामा जमानतको म्याद पनि थपेको छैन ।

६०. **मूल्य समायोजन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्नसकिने कुरा सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौतामा मूल्य समायोजन गर्ने अवस्था, मूल्य निर्धारण गर्ने सूत्र, लागेको श्रम, सामग्री र उपकरणहरुको साथै मूल्य समायोजन हुने अधिकतम रकम, सम्बद्ध मूल्यसूची, आधार मिति, समयको अन्तराल तथा न्यूनतम मूल्यवृद्धि र मूल्य समायोजन

सम्बन्धी प्रावधान उल्लेख हुनुपर्ने व्यवस्था गरेको छ । मूल्य समायोजन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६०.१ सिंहदरवार पुन:निर्माण समितिले नियमावलीमा उपर्युक्त व्यवस्था भए तापनि बोलपत्र सम्बन्धी कागजात तयार गर्दा मूल्य समायोजन गर्न प्रयोग गरिने सूचक (इन्डीसेज) समावेश गरेको छैन । शिक्षा तथा खेलकुद मन्त्रालयको भवन निर्माण गर्ने एक निर्माण व्यवसायीसँग सम्झौता गर्दा नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित हुने राष्ट्रिय थोक मूल्यसूचीलाई आधार लिने गरी सम्झौता गरेको छ । मूल्य समायोजनको सूत्रमा प्रयोग गरिने मूल्य संरचना अनुसार छुट्टा छुट्टै मूल्य तयार नगरी सम्पन्न निर्माण कार्यको एउटै संरचना मानी सूत्र तयार गर्दा श्रम, सामग्री, उपकरण आदिमा के कति मूल्य घटीबढी भएको सोको आधार स्पष्ट छैन । अत: ६५ प्रतिशत सामग्रीको मूल्य रहने निर्माण सामग्रीको इन्डीसेज नराखी राष्ट्रिय थोक मूल्यसूचीको आधारमा छैठौँ बिलसम्म पेस्की नकटाई मूल्य अभिवृद्धि कर समेत रु.५५ लाख ९९ हजार मूल्यवृद्धि भुक्तानी गर्दा रु.२ लाख ३८ हजार बढी व्ययभार पर्न गएको छ ।

६०.२ सोही समितिले स्थानीय विकास मन्त्रालयको भवन निर्माण गर्दा सूत्रमा प्रयोग गरिने मूल्यको संरचनालाई छुट्टाछुट्टै वर्गीकरण गरी मूल्य अभिवृद्धि कर समेत रु.३९ लाख १० हजार मूल्यवृद्धि भुक्तानी गर्दा पेस्की नकटाई रु.९ लाख ८ हजार बढी व्ययभार पर्न गएको छ ।

६०.३ महेन्द्रनगर नगर विकास समितिले एक सिटीहल निर्माण कार्य विगत वर्ष बोलपत्रको माध्यमद्वारा गर्नेगरी रु. ६ करोड ८१ लाख १ हजारमा सम्झौता गरेको छ । सम्झौतामा १० प्रतिशतभन्दा बढी मूल्यवृद्धि भएमा मूल्य समायोजन गरिने सूत्रवद्ध व्यवस्था गरेको देखिन्छ । उक्त प्रावधान अनुसार निर्माण कार्यमा प्रयोग भएको सिमेन्ट, छड र इटाको मूल्यवृद्धिबापत रु.६४ लाख ७ हजार भुक्तानी दिएको छ । उक्त मूल्यवृद्धि भुक्तानी दिँदा पेस्की रकम कटाएर मात्र मूल्यवृद्धि खर्च लेख्नुपर्नेमा पेस्की रु.३१ लाख २५ हजार बाँकी रहेकै अवस्थामा बिल रकमको पूरै मूल्यवृद्धि दिन मिल्ने देखिएन ।

६१. **उपभोक्ता समिति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप–नियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई नियम ९७(७) बमोजिम सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, ईलामले ११ उपभोक्ता समितिलाई रु.२९ लाख १२ हजार, सप्तरीले ११ उपभोक्ता समितिलाई रु.३३ लाख २६ हजार, कास्कीले ७ उपभोक्ता समितिलाई रु.३४ लाख ३० हजार समेतको निर्माण कार्यबापत रु.९६ लाख ६८ हजार नियमको प्रावधान पूरा नगरी भुक्तानी गरेको छ ।

६२. **बीमा –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापना खर्च र तेस्रो पक्षको क्षतिपूर्ति समेत व्यहोर्ने शर्तहरु राखी बोलपत्र सम्बन्धी कागजातमा निर्माण व्यवसायीद्वारा बीमा गर्ने व्यवस्था मिलाउनुपर्दछ । डिभिजन कार्यालय, सप्तरीले ७ भवन निर्माणको ठेक्का सम्झौता गर्दा रु.२२ करोड ७९ लाख ६२ हजारको साथै बाग्लुङ पाल्पा ,बाँके र रोल्पाले पनि अधिकांश निर्माण कार्यको बीमा गराएको पाइएन । व्यवसायीलाई हस्तान्तरण प्रमाणपत्र जारी गरिएको मितिसम्म निर्माण सामग्री र उपकरण आदिको हानि–नोक्सानी र त्रुटि सच्याउने अवधिसम्मको हानि–नोक्सानी समेटिने गरी बीमा गर्नुपर्ने र व्यक्तिको चोटपटक र मृत्युको क्षतिपूर्ति सम्बन्धी दायित्व निर्माण व्यवसायीको रहने अवस्थामा कार्यालयले निर्माण कार्यको बीमा नगराउनु उचित देखिएन ।

६३. **बढी भुक्तानी –** डिभिजन कार्यालय, ईलामले ताप्लेजुङमा एक भवन निर्माण गर्न मूल्य अभिवृद्धि कर बाहेक रु.२ करोड ४४ लाख ६ हजारमा एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरेको पाइयो । उक्त निर्माण व्यवसायीलाई रनिङ्ग बिलको आधारमा भुक्तानी दिँदा अन्तिम बिलसम्म रु.२ करोड ४८ लाख ८२ हजार खर्च लेखेको देखियो । सो निर्माण कार्यको अन्तिम बिल तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.२ करोड ४३ लाख ७९ हजारकोमात्र काम भएको देखिँदा बढी खर्च लेखेको रु.५ लाख ६८ हजार असुल गर्नुपर्ने देखिएको छ ।

यस सम्बन्धमा कार्यालयबाट निर्माण व्यवसायीलाई भुक्तानी दिन बाँकी धरौटीबाट कट्टा गरिने जवाफ प्राप्त भएको छ ।

डिभिजन कार्यालय, काठमाडौंले एक निर्माण कार्यको रु.२३ लाख १ हजार खर्च लेख्नुपर्नेमा रु.२५ लाख १ हजार खर्च लेखेकोले बढी खर्चलेखेको रु.२ लाख असुल गर्नुपर्ने देखियो । यस सम्बन्धमा कार्यालयबाट निर्माण व्यवसायीलाई भुक्तानी दिन बाँकी धरौटीबाट कट्टा गरिने जवाफ प्राप्त भएको छ ।

६४. **कर बीजक –** मूल्य अभिवृद्धि कर ऐन, २०५२को दफा १४ मा प्रत्येक मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकेबमोजिमको ढाँचामा बीजक दिनुपर्ने व्यवस्था गरेको छ । यो वर्ष निम्न अनुसार उपरोक्त व्यवस्था विपरीत कर बीजक जारी नगरी, एकै नम्बरका दुई कर बीजक राखी, कर बीजक नम्बर केरमेट गरी पेश भएका बीजकलाई मान्यता दिई बिल रकममा मूल्य अभिवृद्धि कर समेत थप गरी रु.१ करोड ७२ लाख ९२ हजार मूल्य अभिवृद्धि भुक्तानी दिएका छन् । उक्त कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको वा कर समायोजन गरेको प्रमाण पेश भएन ।

(रु.हजारमा)

सि.नं.	कार्यालय	मूल्य अभिवृद्धि कर	कैफियत
१	डिभिजन कार्यालय सुर्खेत	८८,७५	कर बीजक केरमेट भएको रु.७७ लाख ४४ हजार समेत
२.	डिभिजन कार्यालय, जुम्ला	२१,४९	कर बीजक पेश नभएको
३.	डिभिजन कार्यालय ईलाम	१९,५८	कर बीजक पेश नभएको
४.	डिभिजन कार्यालय ओखलढुङ्गा	१६,१५	कर बीजक पेश नभएका
५.	डिभिजन कार्यालय धनुषा	१३,०९	कर बीजक केरमेट भएको रु. १० लाख १४ हजार समेत
६.	डिभिजन कार्यालय बैतडी	९,११	कर बीजक नम्वर दोहोरो रु.७ लाख ७९ हजार समेत
७.	डिभिजन कार्यालय बागलङ	३,६१	कर बीजक केरमेट रु.१ लाख ९३ हजार समेत
८.	विशेष भौतिक तथा पूर्वाधार विकास आयोजना	१,१४	कर बीजक केरमेट गरेको

६५. **मुआब्जा** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेस्की दिन वा धरौटी खातामा रकम जम्मा गर्न नहुने उल्लेख छ । यो वर्ष भारत सरकारको सहयोगमा निर्माण हुने एकीकृत चेकपोष्ट निर्माण कार्यका लागि जग्गा प्राप्त गर्न विनियोजित बजेटबाट विभागको सहमतिमा डिभिजन कार्यालय, मोरङले २०६७।३।३० मा जिल्ला प्रशासन कार्यालय, मोरङलाई रु.६ करोड १० लाख पेस्की दिएकोमा मुआब्जा वितरण कार्य सुरु भएको देखिएन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

डिभिजन सडक कार्यालय हेटौंडा (कार्यक्रम कार्यान्वयन एवं व्यवस्थापन)

डिभिजन सडक कार्यालयको कार्यक्षेत्रका निर्माण भईसकेका सडक र पुलहरुको संरक्षण र मर्मत सम्भार तथा नयाँ सडक तथा पुल निर्माण गरी सर्वसाधारण जनतालाई आवागमनमा सुविधा पुऱ्याउने उद्देश्यले कार्यालयको स्थापना भएको हो । कार्यालयले सीमित जनशक्ति र तोकिएको बजेटबाट आफ्नो क्षेत्र भित्रका सडकको मर्मत सम्भार गरी यातायात सुचारुरुपले सञ्चालन गरेको, नयाँ सडक तथा पुल निर्माण गरेको छ । जसलाई सवल पक्षका रुपमा लिनसकिन्छ ।

उल्लेखित अवस्थाका वावजुद समयमा ठेक्का व्यवस्थापन हुन नसकेकोले योजना निर्माणमा अत्यधिक बढी समय लागेको, योजनाहरु अधुरो रहेको, ठेक्का सम्झौताअनुसार कार्य हुननसकेको, मोबिलाइजेशन पेस्कीको जमानत समाप्त हुनु अगावै जमानी दिने संस्थालाई पत्राचार नगरिएको, प्रशासनिक खर्चमा नियन्त्रण नभएको, अभिलेख व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, कतिपय योजनाको प्रगति न्यून रहेको जस्ता कमीकमजोरी देखिएका छन् । कार्यालयलाई तोकिएको क्षेत्रभित्र गुणस्तरीय रुपमा सडक तथा पुल निर्माण तथा निर्मित सडकको

मर्मत सम्भार गरी जनतालाई सुचारु रुपले यातायात सेवा उपलब्ध गराउन पाउनु अवसर हो । पर्याप्त बजेट व्यवस्था मिलाई स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण तथा मर्मत सम्भारसम्बन्धी सम्पूर्ण कार्य प्रक्रिया सञ्चालन गरी कार्यक्षेत्रभित्रका सम्पूर्ण सडकहरुमा नियमित रुपमा यातायात सञ्चालन हुने वातावरण तयार गरी आवागमनलाई सरल र सुव्यवस्थित गर्नु कार्यालयका लागि चुनौतीको रुपमा रहेको छ । डिभिजन कार्यालयको कार्यक्रम कार्यान्वयन एवं व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण गरिएकोमा देखिएका व्यहोराको विस्तृत विवरण सम्बन्धित मन्त्रालय र कार्यालयमा पठाईएको छ सोको प्रमुख व्यहोरा देहायमा उल्लेख गरिएको छ:

६६. **ठेक्का व्यवस्था** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा निर्धारित समयभित्र कार्यसम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने, लागत अनुमान तयार गर्ने र ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले यो वर्ष ठेक्का बन्दोवस्त गर्दा नियमावलीले तोकको अवधिभित्र गर्न सकेको देखिएन । जसको विवरण निम्नानुसार छन्:

ब.उ.शी.नं.	ठेक्का संख्या	ठेक्का सम्झौता संख्या			तेस्रो चौमासिकमध्ये आषाढमा भएको सम्झौता
		प्रथम चौमासिक	दोश्रो चौमासिक	तेस्रो चौमासिक	
४८-४-२४९	२८	-	-	२८	-
४८-४-२९७	१०	-	-	१०	६
४८-४-५०२	६	-	३	३	-
४८-४-५५५	१९	-	५	१४	४
४८-४-६५०	७	-	-	७	५
४८-४-६६०	१	-	-	१	-
३८-४-६०५	४	-	-	४	२
४८-४-६९५	११	१	६	४	१
जम्मा:	८६	१	१४	७२	१८

उपर्युक्त तालिका अनुसार यो वर्ष ८६ ठेक्का बन्दोवस्त भएकोमा पहिलो चौमासिकमा एक ठेक्का बन्दोवस्त गरिएको, दोस्रो चौमासिकमा १४ र तेस्रो चौमासिकमा ७२ ठेक्का (८३ प्रतिशत) बन्दोवस्त गरेको देखियो । त्यसमा पनि १७ ठेक्का आषाढ महिनामामात्र बन्दोवस्त गरेको पाइयो । यसरी ढिलो गरी ठेक्का बन्दोवस्त हुँदा वर्षान्तमा कार्यबोझ बढ्नाले सीमित जनशक्तिबाट तोकिएको कार्यसम्पन्न गर्न तथा तोकिएको गुणस्तर कायम गर्न समेत कठिनाई पर्न जाने देखिन्छ । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयारीदेखि ठेक्का स्वीकृतिसम्मका कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्दछ ।

६७. **आषाढको खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा विकास आयोजनातर्फ योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार गरी स्वीकृत गराई बजेटमा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्नु र समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धी तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्यसम्पादन गर्नु सम्बन्धित कार्यालय प्रमुख वा योजना प्रमुखको कर्तव्य हुने व्यवस्था रहेको छ । नियम ३२(२) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारीमा प्रत्येक चौमासिक रुपमा खर्चको लक्ष्य तोकी सोही अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले वार्षिक कार्यक्रममा प्रत्येक चौमासिकको लागि तोकिएअनुसारको खर्च व्यवस्थापन गर्न नसकी अधिकांश खर्च आषाढ महिनामा गरेको निम्न तालिकाबाट देखिन्छ :

(रु.हजारमा)

चौमारिक खर्च र प्रतिशत	बजेट उप–शीर्षक नम्बरहरु									जम्मा
	४८-४-२४९	४८-४-२९४	४८-४-२९७	४८-४-४०७	४८-४-५०२	४८-४-५५५	३८-४-६०५	४८-४-६५०	४८-४-६६०	
प्रथम चौमासिक खर्च	-	-	-	-	-	५११	-	३४८३	-	३९९४
प्रथम चौमासिक खर्च %	-	-	-	-	-	२.५०	-	३.५९	-	१.०२
दोस्रो चौमासिक खर्च	४४६३	६८९१	१६३७	१५	२८	६८३१	९५७५	२९७४२	३११	५९४९३
दोस्रो चौमासिक खर्च %	९.०४	६.१८	६.३२	०.०३	०.८१	३३.४६	३२.९३	३०.६८	१५.०१	१५.१८

तेस्रो चौमासिक खर्च	४४८९०	१०४५८३	२४२७६	५३२६८	३४४३	१३०७२	१९४९९	६३७२०	१७६१	३२८५१२
तेस्रो चौमासिक खर्च %	९०.९६	९३.८२	९३.६८	९९.९७	९९.१९	६४.०३	६७.०७	६५.७३	८४.९९	८३.८०
कुल खर्च	४९३५३	१११४७४	२५९१३	५३२८३	३४७१	२०४१४	२९०७४	९६९४५	२०७२	३९१९९९
आषाढको खर्च प्रतिशत	७४.५९	८.८२	७९.७२	८०.३६	७६.२३	४८.४४	१९.४०	३७.३५	८४.९९	४२.४२
खातावन्दी पछि ०६७।३।३२ मा निकासा	२३४६५	-	९३४८	-	१९९२	७८४३	४३४१	२३७२३	१४४५	७२१५७

उपर्युक्त तालिकाअनुसार प्रथम चौमासिकमा रु.३९ लाख ९४ हजार (कुल खर्चको १.०३ प्रतिशत), दोस्रो चौमासिकमा रु.५ करोड ९४ लाख ९३ हजार (कुल खर्चको १५.१७ प्रतिशत) र तेस्रो चौमासिकमा रु.३२ करोड ८५ लाख १२ हजार (कुल खर्चको ८३.८० प्रतिशत) बजेट खर्च भएको देखिन्छ । तेस्रो चौमासिकमध्ये पनि आषाढ महिनामा रु.१६ करोड ६२ लाख ७५ हजार (कुल खर्चको ४२.४२ प्रतिशत) खर्च भएको देखिन्छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि नै सम्बन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र कारोबार बन्दपछि पनि कार्यालयलाई अति आवश्यक काम परी खर्च गर्नुपरेमा सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालयको स्वीकृतिमा निकासा लिई भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक कारोबार बन्द पछि पनि २०६७।३।३२ मा रु.७ करोड २१ लाख ५७ हजार निकासा लिई सोही मितिमा खर्च गरेको छ । कारोबार बन्दपछि गरेको खर्चको अंश कुल खर्चको १८ प्रतिशत रहेको छ । यसरी चौमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन नगरी तेस्रो चौमासिक (विशेषत: आषाढ महिना) मा गरेको खर्च तथा आषाढ ३२ गते गरेको खर्चको प्रकृति र प्रवृत्ति हेर्दा कार्यालयले खर्च व्यवस्थापनमा समुचित ध्यान पुऱ्याएको देखिँदैन । यसरी वर्षान्तमा आएर एकैचोटी कामको चाप बढेको र वार्षिक कार्यसम्पादन स्थितिमा सन्तुलन नभएकोले २०६५।६६ मा विभिन्न निर्माण व्यवसायीलाई भुक्तानी दिएको, राजस्व दाखिला गर्न चेक खिचेको, विभिन्न संस्थालाई भुक्तानी दिएको रु.७६ लाख ४० हजार सम्बन्धित पार्टीले बैङ्कबाट भुक्तानी लिन नपाउँदै कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको समेत देखियो । कुनै उप–शीर्षकमा निकासाभन्दा बढी खर्च भएको, कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने रकम फ्रिज भएको जस्ता समस्या देखिएकोमा यो वर्ष पुन:आर्थिक वर्षको अन्तिम दिन कुल बजेटको १८ प्रतिशत खर्च गरेको छ । जसबाट कार्यालयको कार्यबोझमा असन्तुलन भई निरीक्षण, अनुगमन तथा मूल्याङ्कनमा प्रभाव पर्ने, वर्षायाम सुरु भएपछि अत्याधिक निर्माण कार्य गर्दा काम गुणस्तरीय नहुने अवस्था देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौमासिक लक्ष्यबमोजिम योजना कार्यान्वयन गरी सन्तुलित रुपले निर्माण कार्य गराउनुपर्दछ ।

६८. **निर्माणाधीन सडक** – कार्यालयले आफ्नो क्षेत्रभित्र नयाँ सडक निर्माण तथा निर्मित सडकको मर्मत सम्भार गर्नुपर्दछ । कार्यालय अन्तर्गत निम्न सडकहरु निर्माणाधीन छन्:

(रु.हजारमा)

क्र.सं.	सडकको नाम	संख्या	लागत अनुमान
१.	केन्द्रीय स्तरका क्रमागत योजना	१२७	७,४१,५०,७३
२.	क्षेत्रीय स्तरका सडक	४	९४,७३,३०
३.	औद्योगिक पूर्वाधार सडक	१	३०,४४,२२
४.	हुलाकी राजमार्ग	१	नखुल्ने

उल्लेखित सडक निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६८.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाहरुको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक तथा प्रशासकीय उपयुक्तताको आधारमा गर्नुपर्ने र स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोहीअनुसार वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । डिभिजन अन्तर्गत केन्द्रीयस्तरका सडक १२७ को लागत अनुमान रु.७ अर्ब ४१ करोड ५० लाख ७३ हजार र क्षेत्रीयस्तरका सडक ४ को लागत अनुमान रु.९४ करोड ७३ लाख ३० हजार रहेकोमा विस्तृत सर्वेक्षण, ड्रइङ्ग र डिजाईन तयार गरेको पाइएन । वार्षिक प्रगति प्रतिवेदनमा योजनाको कुल लागत अनुमान उल्लेख गरेको छ । योजनाको

संख्या अत्याधिक रहेको, मौजुदा जनशक्ति, योजनामा न्यून बजेट विनियोजन हुने आदि कारणले ऐन नियममा व्यवस्था भएबमोजिम सर्भे, ड्रइङ्ग, डिजाइन तयार गरी सोको आधारमा लागत अनुमान तयार नगरी मोटामोटी सर्वेक्षण गरी लागत अनुमान तयार गरेको देखिन्छ । सडक निर्माण गर्न विस्तृत सर्वेक्षण समेत नभएको अवस्थामा निर्धारित लागत तथा समयमा कार्यसम्पन्न हुने अवस्था देखिएन । विस्तृत सर्वेक्षण ड्रइङ्ग, डिजाइन गरी लागत अनुमान तयार गरेरमात्र बजेट विनियोजन एवं कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६८.२ योजना छनौट तथा कार्यान्वयन गर्दा आर्थिक, प्राविधिक तथा प्रशासकीय उपयुक्तताको आधारमा गरिनुपर्दछ । डिभिजन अन्तर्गतका १३२ योजनाको कुल लागत अनुमान रु.७ अर्ब ४१ करोड ५० लाख ५३ हजार रहेको छ । २०६६।६७ मा विनियोजन रु.५ करोड ३० लाख २८ हजार छ, जुन कुल लागत अनुमानको ०.७२ प्रतिशत हुन आउँछ । त्यस्तै क्षेत्रीयस्तरमा ४ सडक योजनाको कुल लागत अनुमान रु.९४ करोड ७३ लाख ३० हजार रहेको र २०६६।६७ को विनियोजन रु.३ करोड ६० लाख छ । जुन कुल लागत अनुमानको करिब ४ प्रतिशत हुन आउँछ । आयोजनाको कुल लागत र विनियोजित बजेटको स्थिति हेर्दा सबै सडकको निर्माण सम्पन्न हुनसक्ने अवस्था देखिदैन । सडक निर्माणको कार्यतालिका तयार गरी आर्थिक प्राविधिक उपयुक्तताको आधारमा गुणस्तर र लागतमा असर नपर्ने गरी समयमा कार्यसम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्दछ ।

६८.३ योजनागत रुपमा केही योजनाको विनियोजित बजेटको अवस्था देहायबमोजिम छ:

(रु.हजारमा)

क्र.सं.	योजनाको नाम	लागत अनुमान	यो वर्षको विनियोजन	विनियोजन बजेट प्रतिशत
१.	अरेम्बावितर्ा–वारागडी सडक	८,२९,००	९५	०.११
२.	दक्षिणकाली–भिमफेदी सडक	२८,०८,५०	२५,००	०.८९
३.	सिम्रौनगढ–पतौरा–शिवनगर	२४,१९,००	३५००	१.४४
४.	पिप्ले–मक्रान्चुली सडक	१२,२९,४०	१,४६	०.११
५.	ढोरी जानकीटोल कालोपत्रे	१५,०४,००	१,५०	०.०९९
६.	इच्चुङ्ग भार्ता मोटरबाटो	१९,७५,५०	१,४६	०.०७
७.	चुनियानामटार कालिकाटार	३७,६७,५०	१,४६	०.०३
८.	नामटार खैराङ्ग सडक	३७,६७,५०	७,५०	०.१९
९.	विन्दवासिनी एकटेंगा सडक	७,७३,७०	१,१७	०.१५
१०.	गौतमपुर, ठोरी टाउन प्लान	८,७३,७०	१,१७	०.१३

उल्लेखित योजनाको लागत अनुमानको तुलनामा २०६६।६७ मा विनियोजित बजेटको अनुपात ०.०३ प्रतिशतदेखि १.३६ प्रतिशतसम्म रहेको छ । लामो समयसम्म योजना चालू राख्दा योजनाको लागत वृद्धि हुने, निर्माण सम्पन्न संरचना भत्किने, नासिने अवस्थाका कारण मर्मत सम्भार खर्च बढ्नुको साथै उद्देश्य अनुरुप योजना सञ्चालन हुन नसक्नाले प्रतिफलमूखी नहुने स्थिति रहन्छ । योजना समयमै कार्यान्वयन गर्न लाग्ने समय अवधि किटान गरी सोबमोजिम बजेट व्यवस्था गर्नुपर्दछ ।

६८.४ केन्द्रीय तथा क्षेत्रीयस्तरका सडकको लागत अनुमान तयार गर्दा मर्मतमा बजेट राखिएको देखिएन । मकवानपुरको कोगरे–भिमफेदी सडक, चुनिया, नामटार सडकको स्थलगत भ्रमण गर्दा उल्लेखित सडकमा यातायात सञ्चालन भएको पाइयो । उक्त सडकमा सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समितिबाट समेत बजेट व्यवस्था भई निर्माण कार्य भइरहेको देखियो । एउटै सडकमा विभिन्न निकायले काम गर्दा एउटै कामको दोहोरो नापी हुन सक्ने, फिल्डमा भएका सम्पूर्ण निर्माण कार्यको एकीकृत लक्ष्य तथा प्रगति प्रतिवेदन तयार नहुने आदि समस्या सिर्जना हुने भएकोले उल्लेखित सडक निर्माण गर्ने सबै निकायले समन्वय गरी निर्माण कार्य गर्नुपर्ने देखियो ।

६८.५ राष्ट्रिय यातायात नीति, २०५८ को दफा ७.१ मा केन्द्रीय, स्थानीय र शहरी यातायात प्रणालीको व्यवस्था गरेको छ । राष्ट्रिय राजमार्गहरु, सहायक मार्गहरु र जिल्ला सदरमुकाम जोड्ने सडक र दुई वा सोभन्दा बढी

जिल्ला जोड्ने सडकलाई राष्ट्रिय सडक प्रणाली अन्तर्गत राखिएको छ । राष्ट्रिय सडकको निर्माण केन्द्रीयस्तरका निकायबाट हुने व्यवस्था गरेको छ । त्यस्तै एउटै जिल्लाभित्रको सडक, ग्रामीण सडक, गोरेटो, घोडेटो र कृषि सडकलाई स्थानीय सडकमा वर्गीकरण गरेको छ । यी सडकको निर्माण, मर्मत तथा सम्भार स्थानीय निकायबाट हुने र सोको योजना निर्माण केन्द्रसँग प्राविधिक सहयोग तथा समन्वय गरी स्थानीय विकास मन्त्रालय वा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट हुने उल्लेख छ । डिभिजन अन्तर्गतका केन्द्रीयस्तरमा क्रमागत सडक र क्षेत्रीयस्तरका सडक भनी कार्यान्वयन गरिएका पदमरोड–अलौ (२ किलोमिटर), नगवा खरियानीदेखि भुटनदेवी (१ किलोमिटर), सिम्रौनगढ तामागढी सडक (३ किलोमिटर), राजदेवी गाउँ विकास समिति सडवाटोल (३ किलोमिटर) लगायतका १३६ सडकहरु केन्द्रीय तथा क्षेत्रीयस्तरका सडक नभई ग्रामीण सडकहरु रहेको छ । उल्लेखित सडकहरुमध्ये धेरै जसो सडक एउटै गाउँभित्रका छन् भने केही सडक मात्र दुई वा दुईभन्दा बढी गाउँ विकास समितिमा सञ्चालन हुने देखिएका छन् । केन्द्रीयस्तरका १३२ सडकमध्ये ७० सडकको लम्बाई ५ किलोमिटर र सोभन्दा कम छ भने ८६ को लम्बाई १० किलोमिटर र सोभन्दा कम छ । ग्रामीणस्तरीय सडकलाई केन्द्रीय सडक नामाकरण गरी डिभिजनको कार्य क्षेत्रभित्र राखेको छ । स्थानीय निकायबाट निर्माण, सञ्चालन तथा मर्मत कार्य हुनुपर्ने सडकको कार्य डिभिजन सडक कार्यालयबाट गराउँदा राष्ट्रिय महत्वका सडकहरुको निर्माण तथा मर्मत सम्भारमा ध्यान पुऱ्याउन कठिनाई उत्पन्न हुने भएकोले राष्ट्रिय यातायात नीतिमा उल्लेख भएअनुसार कार्यालयबाट केन्द्रीय एवं राष्ट्रिय प्राथमिकता प्राप्त योजनाहरुमात्र कार्यान्वयनमा ल्याउनुपर्दछ ।

६९. **पुल निर्माण** – पर्सा जिल्लाको औरियामा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ करोड ५३ लाख ५२ हजारमा सम्पन्न गर्ने गरी २०५८।५।१२ मा सम्झौता भएको थियो । उक्त पुलको निर्माण कार्य सम्पन्न गर्ने म्याद २०६१।१।२४ सम्म रहेकोमा २०६३।५।१७ सम्म म्याद थप गरेको थियो । पुलको फाउण्डेशन निर्माण गर्दा वेल पोजिशन सिफ्ट तथा टिल्ट भएको कारण जनाई २०६२।६३ देखि निर्माण कार्य रोकिएको छ । स्थलगत निरीक्षण गर्दा ४ वेलको निर्माणाधीन अवस्थामा रहेको र ४ वेलको पोजिशन एउटै लाइनमा नभई दायाँ बायाँ अवस्थामा रहेको पाइयो । वेल निर्माण कार्य प्रारम्भ गर्दा ड्रइङ्ग अनुसार भए नभएको नाप गर्नुपर्नेमा चारै वेलको निर्माण जमिनको सतहमा आएपछि मात्र वेल पोजिशन सिफ्ट भएको पत्ता लागेकोले साइटमा काम गर्ने प्राविधिकबाट दक्षतापूर्ण तवरले सुपरभिजन तथा रेखदेख नभएको तथा पुल निर्माण गर्न अनुभव नभएको निर्माण व्यवसायीबाट पुल निर्माण भएको देखिन्छ । निर्माण कार्यमा त्रुटि भएको पत्ता लागि पुल निर्माणको कार्य रोकिएको ५ वर्षसम्म पनि अधुरो निर्माण कार्य टुङ्गो लगाएको छैन । लामो समयसम्म निर्माण कार्य अधुरो राख्दा लगानी खेर जाने, मूल्यवृद्धिको कारण पछि सोही पुल निर्माण गर्न धेरै रकम खर्च हुने र पुल निर्माण पछि प्राप्त हुने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था भएकोले समयमै अधुरो पुल निर्माण कार्यको टुङ्गो लगाउनुपर्छ ।

२०६२।६३ देखि काम रोकिएको पुलका पिलरहरु

६९.१ योजनामा भएको वित्तीय खर्च र भौतिक प्रगतिबीच तालमेल हुनुपर्दछ । हालसम्म औरिया पुलको वित्तीय खर्च रु.१ करोड ३६ लाख ८७ हजार भएको छ । जुन ठेक्का सम्झौता रकम रु.२ करोड ५३ लाख ५२ हजारको ५४ प्रतिशत हुन्छ । तर प्रगति विवरणमा भौतिक प्रगति २०.१३ प्रतिशत उल्लेख छ । वित्तीय खर्चको

तुलनामा भौतिक प्रगति ३० प्रतिशत घटी छ । वित्तीय खर्चको तुलनामा भौतिक प्रगति अनुगमन गर्ने परिपाटी अवलम्बन गर्नुपर्दछ ।

७०. **मोबिलाइजेशन पेस्की** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद सम्झौतामा व्यवस्था भएबमोजिम पेस्की रकमले खाम्ने गरी वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत लिई खरिद सम्झौताको २० प्रतिशत पेस्की दिन सकिने र उक्त पेस्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेस्की फछ्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एकमहिना बढीको हुनुपर्ने व्यवस्था छ ।

कार्यालयले खरिद सम्झौता गर्दा पेस्की फछ्यौंट गर्ने समयावधि तोकेको छैन । पेस्कीको जमानत लिँदा खरिद सम्झौताको मान्य अवधि समेट्ने गरी लिएको छैन । पेस्कीको जमानतको अवधि समाप्त हुनु अगावै सम्बन्धित निर्माण व्यवसायीलाई पत्राचार गरी अवधि थप नभएको अवस्थामा रनिङ्ग बिलबाट कट्टा तथा जमानत जारी गर्ने बैङ्कमा पत्राचार गरी जमानतको रकम रोक्का गर्नुपर्नेमा २० ठेक्काको जमानत रु.२ करोड २४ लाख ३७ हजारको म्याद सकिए पनि जमानत रोक्का गरेको छैन । पेस्की दिँदा पेस्की फछ्यौंट गर्नुपर्ने समयावधि तोकी पेस्की दिने, पेस्कीको बैङ्क जमानत लिँदा ठेक्का अवधिको बैङ्क जमानत लिने, पेस्की जमानतको म्याद समाप्त हुनु अगावै सम्बन्धित निर्माण व्यवसायीलाई जमानतको अवधि थप गराउन पत्राचार गर्ने, निर्माण व्यवसायीले म्याद थप नगरे जमानतको म्याद समाप्त हुनु अगावै जमानी पत्र जारी गर्न, रकम दाखिला गर्न पत्राचार गर्ने र मोबिलाइजेशन पेस्की लिई निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई बाँकी रकममा नियमानुसार ब्याज समेत असुल गर्नुपर्दछ ।

७१. **कालोसूची** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(५) मा छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तबमोजिम सम्झौता नगरेमा बोलपत्र जमानत जफत हुने व्यवस्था छ । सोही ऐनको दफा ६३(१)(ख) मा बोलपत्रदाताले सम्झौता नगरेमा एकदेखि ३ वर्षसम्म कालोसूचीमा राख्नसक्ने व्यवस्था छ । कालोसूचीमा राख्नुपरेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्दछ । गौर पिपरा समनपुर सडक कालोपत्रे गर्न ठे.नं.४०–०६६।६७ अन्तर्गत कार्यालयले बोलपत्र आव्हान गरेकोमा सबैभन्दा घटी कबोल गर्ने एक बोलपत्रदाताको प्रस्ताव अङ्क रु.१७ लाख ६७ हजार स्वीकृत भई २०६७।१।३० को पत्रबाट सम्झौता गर्न आउन जानकारी गराएकोमा निज सम्झौता गर्न नआएकोले दोस्रो घटी कबोल गर्ने अर्को बोलपत्रदाताको प्रस्ताव रु.२८ लाख ७८ हजार स्वीकृत गरी निर्माण कार्यको सम्झौता गरेको छ । ऐनमा भएको व्यवस्थाबमोजिम सम्झौता गर्न नआउने बोलपत्रदाताको जमानत जफत गर्न राष्ट्रिय बाणिज्य बैङ्क रौतहटलाई २०६७।२।२५ को पत्रबाट अनुरोध गरेकोमा २०६७।३।४ मा बोलपत्र प्रस्तावकबाट रु.४१ हजार नगद दाखिला गरी राजस्वमा सदरस्याहा गरेको छ । तर कालोसूचीमा राख्नेतर्फ कारबाही गरेको छैन । धरौटीमात्र जफत गरी दोस्रो बोलपत्रदातासँग सम्झौता गर्दा पहिलो घटीवालाले सम्झौता नगर्दा सरकारलाई रु.११ लाख ११ हजार थप व्ययभार परेको छ । बोलपत्र दाखिला गर्ने, बोलपत्र प्रस्ताव स्वीकृत भइसकेपछि पहिलो र दोस्रो बोलपत्रदाताको प्रस्ताव रकमको अन्तर धेरै बढी भएमा पहिलो र दोस्रो बोलपत्रदाता मिलोमतो गरी पहिलो प्रस्तावको धरौटी जफत गराई दोस्रो घटीवालाबाट काम गराउने प्रवृत्ति बढ्ने र यस्तो कार्यले सरकारी हानि–नोक्सानी हुने र व्यवसायिक आचरण समेत उल्लङ्घन हुने भएकोले यस्तो कार्यलाई निरुत्साहित गर्न बोलपत्र प्रस्ताव स्वीकृत भइसकेपछि सम्झौता गर्न नआउने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्नेसम्मको कारबाही हुनुपर्ने देखिन्छ ।

७२. **अधुरो ठेक्का फरफारक** – सार्वजनिक खरिद ऐनको दफा ६३ मा खरिद सम्झौताबमोजिमको दायित्व सारभूतरुपमा पालना नगरेमा कालोसूचीमा राख्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम १२० मा निर्माण व्यवसायीले काबु बाहिरको परिस्थितिले म्यादभित्र काम सम्पन्न गर्न नसक्ने अवस्था भएमा खरिद सम्झौताको म्याद समाप्त हुनु कम्तिमा ७ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थप गर्न निवेदन दिनुपर्ने, नियम २१ मा खरिद सम्झौतामा तोकिएको म्यादमा काम सम्पन्न गर्न नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति तिर्नुपर्ने र क्षतिपूर्ति तिर्दा समेत निर्माण व्यवसायी खरिद सम्झौताबमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने

उल्लेख छ । २०६४।६५ मा व्यवस्था भएका सडक बोर्डतर्फका ३ ठेक्कामा प्रारम्भमा निर्माण व्यवसायीले बन्द हडतालको कारण देखाई काम नगरेको र चालू वर्ष उल्लेखित ठेक्काको लागि बजेट व्यवस्था नभएको कारण जनाई मोबिलाइजेशन पेस्की रु.२ लाख ७३ हजार र सोमा लाग्ने ब्याज समेत असुल नगरी यथास्थितिमा फरफारक गरेको छ ।

ठेक्का सम्झौता गरिसकेपछि कार्यालयले भुक्तानीको लागि बजेट व्यवस्था गर्नुपर्ने, निर्माण व्यवसायीले काबु बाहिरको परिस्थिति परी म्याद थप गर्न निवेदन नदिएको अवस्थामा हर्जाना लिई सम्झौताबमोजिमको काम गराउनुपर्ने, निर्माण व्यवसायीले सम्झौताबमोजिमको काम नगरेमा कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गर्नुपर्नेमा सो अनुसार भएको देखिँदैन । सम्झौता अनुसारको काम नगर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्नेतर्फको कारबाही नगरिँदा निर्माण कार्यप्रतिको जिम्मेवारी बहन गर्ने गराउने कार्यमा असर पर्ने देखिन्छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाअनुसार कारबाही गरी निर्माण कार्य व्यवस्थित गर्नुपर्दछ ।

७३. **प्रशासनिक खर्च** – कार्यालयको दैनिक प्रशासन सञ्चालन गर्न ४८।३।१२२ बजेट उपशीर्षकमा बजेट विनियोजन हुने व्यवस्था छ । दैनिक प्रशासन सञ्चालन गर्न विनियोजित बजेट न्यून भएको कारण कार्यालयले निर्माणतर्फको कन्टिन्जेन्सी बजेटबाट समेत दैनिक प्रशासन सञ्चालन गरेको छ । त्यस्तै ठेक्का व्यवस्था गर्दा कार्यालयको टेलिफोन, बिजुली, मर्मत, सवारी साधन मर्मत, सवारी साधन भाडा तथा खरिदको समेत निर्माण ठेक्काको मूल्य परिमाण बिल अफ क्वान्टिटीमा समावेश गरी निर्माण व्यवसायी मार्फत निर्माण बजेटबाट भुक्तानी गर्ने गरी ठेक्का व्यवस्था गरेको छ । कार्यालयको प्रशासनिक बजेट न्यून भएकोले यस्तो खर्च पूँजीगत बजेटबाट खर्च गर्ने गरी ठेक्कामा समावेश गरेको देखिन्छ । कार्यालयले पूँजीगत खर्चतर्फ रु.१ करोड ५२ लाख ७६ हजार प्रशासनिक खर्च समावेश गरेको पाईयो ।

कार्यालयको प्रशासनिक खर्च निर्माण व्यवसायी मार्फत भुक्तानी गराउँदा निर्माण व्यवसायीलाई १५ प्रतिशत ओभरहेड, १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत दिनुपर्ने हुँदा थप दायित्व पर्ने, योजनाको लागत अनावश्यक रुपमा बढ्ने, कार्यालयको वास्तविक प्रशासनिक खर्च समेत पारदर्शी नहुने, सरकारी बजेट खर्चका रकमहरुको वर्गीकरण र व्याख्या अनुरुप खर्च शीर्षकमा भएको रकम नखुल्ने भएकोले यस्ता खर्चहरु ठेक्कामा समावेश गर्न मिल्ने देखिदैन । निर्माण कार्यको लागि विनियोजित बजेटवाट यस प्रकार प्रशासनिक खर्च गर्ने परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

७४. **भौतिक सम्पत्तिको अभिलेख** – तीन वर्षीय अन्तरिम योजना (२०६४।६५–०६६।६७) मा स्थानीय निकायद्वारा सञ्चालित सडक समेतको तथ्याङ्कलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी भौगोलिक सडक तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना एवं सञ्चालन गर्ने र सडक सम्पत्तिको प्रभावकारी व्यवस्थापनको लागि तथ्याङ्क आधार नियमितरुपले सङ्कलन र तथ्याङ्क व्यवस्थापन प्रणालीलाई समयानुकूल परिमार्जन गर्दै लैजाने नीति रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था कार्यान्वयनको लागि कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका सडकसँग सम्बन्धित भौतिक संरचनाहरु सडक, पुल, कल्भर्ट, ढल, नाली आदिको नाप समेत खुल्ने गरी सडक सम्पत्तिको अभिलेख तयार गर्नुपर्दछ । तर कार्यालयले कार्य क्षेत्रभित्रका सडक सम्पत्तिको अभिलेख तयार गरी तिनीहरुको विद्यमान अवस्था खुल्ने विवरण तयार गरेको देखिएन । जसले गर्दा सरकारी सम्पत्तिको यथार्थता यकिन गर्ने एवं मर्मत सुधार सम्बन्धी योजना तर्जुमा गर्न एवं त्यस्ता सम्पत्तिको सम्भावित क्षतिबाट न्यूनीकरण गर्न सकिने स्थिति रहेको छैन । तसर्थ कार्यालयले कार्य क्षेत्रभित्रका सडक सम्पत्तिको अभिलेख तयार गर्नुपर्दछ ।

सडक क्षेत्र विकास आयोजना

आर्थिक र सामाजिक विकासको मेरुदण्डको रुपमा रहेको सडक क्षेत्रको विकास र विस्तार गरी जिल्ला सदरमुकाम जोड्ने र दुर्गम स्थानमा सडक यातायातको विकास गर्ने उद्देश्य एवं नीति अनुरुप आई.डि.ए.को नगद सहायतामा सडकहरुको निर्माण, मर्मत र सुधार गर्न यो आयोजना सञ्चालन एवं व्यवस्थापन भैरहेको छ । मध्य तथा

सुदूरपश्चिमाञ्चलका ६ जिल्ला सदरमुकाममा सबै मौसममा आवत जावत गर्न मिल्ने गरी सडक निर्माण गर्नु सडक क्षेत्र विकास आयोजनाको प्रमुख लक्ष्य रहेको छ ।

यो सडक उच्च र कमजोर भौगोलिक क्षेत्रमा पर्ने भएकोले निर्माण, मर्मत सम्भार खर्च बढी लाग्नु, कतिपय कार्यहरु तोकिएको समयमा सम्पन्न हुन नसक्नु, कर्मचारीहरुको बारम्बार सरुवा हुनु, परामर्शदातामा अत्यधिक निर्भरता रहनु, सडक अनुगमन मूल्याङ्कनमा पर्याप्त ध्यान नपुग्नु जस्ता समस्या रहेका छन् । यसैगरी वातावरण व्यवस्थापनमा समूचित ध्यान नदिनु र आयोजना लागत बढ्दै जाँदा समुचित आर्थिक प्रतिफल प्राप्त हुन नसक्नु जस्ता कमजोरीका कारण आयोजनाले निर्धारण गरेका उद्देश्य प्राप्तीमा कठिनाई हुने स्थिति छ । सडकको बीच खण्डहरुमा मानव बस्तीहरु निकै कम र छरिएर रहेकाले सडक निर्माणबाट अधिकतम प्रतिफल प्राप्त नहुने आदि कमजोर पक्ष रहेका छन् ।

आयोजना कार्यान्वयनको फलस्वरुप सडक क्षेत्र र कर्णाली अञ्चलमा पर्यटकीय स्थलहरुको विकास गरी विदेशी मुद्रा आर्जन गर्ने, भौगोलिक क्षेत्रहरुबीच रहेको असमानताहरु घटाउने, कृषि र वागवानीको विकास गर्ने अवसरहरु प्राप्त हुने देखिन्छ । तथापी विकट भौगोलिकस्वरुपमा न्यूनतम स्रोत साधनबाट सडक निर्माण, मर्मत सम्भार गर्नुपर्ने अवस्था, एवं सो क्षेत्रका सर्वसाधारणको आवागमनलाई दिगो एवं भरपर्दो बनाउनु प्रमुख चुनौती रहेको छ ।

७५. **लक्ष्य तथा प्रगति** – वार्षिक कार्यक्रमबाट तोकिएको लक्ष्य प्राप्त गरिनुपर्दछ । आयोजनाले सुर्खेत–कालिकोट–मान्मा र तल्लो डुङ्गेश्वरसियाकोट–दैलेख सडकको २०६६।६७ को समग्र प्रगति ८१ प्रतिशत देखाएको छ । योजनाले सन् २००९ मा वर्षाको कारण पहिरो जाँदा भएको क्षति पूरा गर्न पर्खाल लगाउन, नालीहरुको निर्माण तथा मर्मत गर्न नसकिएको तथा जमिन भास्सिन गई तत्काल ओटासिल गर्न नसकिएको आदि कारण देखाई ३० किलामिटर सडकको ओटासिल गर्ने लक्ष्य नै कटौती गरेकोले कम प्रगति भएको जनाएको छ । तर लागत अनुमान तयार गर्दा माथिल्लो भागको पर्खाल र पुराना भई प्रतिस्थापन गर्नुपर्ने नालीहरुको परिमाण कम राखेको कारण त्यसमा थप खर्च गर्नुपर्दा ओटासिलको काम कटौती गर्नुपरेको सम्बन्धमा केही उल्लेख गरिएको छैन । परामर्शदाताले साइटको वस्तुस्थितिको विस्तृत अध्ययन मूल्याङ्कन गरी आवश्यक परिमाणमा नाली र पर्खालहरुको व्यवस्था नगर्दा कतिपय कामहरु लक्ष्यभन्दा बढी र घटी सम्पन्न भएको अवस्था छ ।

ओटासिल कटौती भएको एक स्थान

यसको परिमाणस्वरुप योजनाले निर्धारित समयमा लक्ष्य पूरा गर्न नसकी सबै मौसममा यातायात सेवा दिने आयोजनाको उद्देश्य पूरा हुन कठिनाई पर्ने देखिन्छ । वस्तुस्थितिको मूल्याङ्कन गरी आवश्यकता र प्राथमिकताको आधारमा कामको परिमाण उल्लेख गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

७६. **सरुवा** – आयोजनाका प्रोग्राम को–अर्डिनेटरलाई निजामती सेवा ऐन, २०४९ को दफा १८(३) अनुसार कम्तिमा १८ महिना अघि सरुवा गर्न नमिल्ने व्यवस्था रहेको छ । यसलाई आयोजना विवेचना प्रतिवेदनको दफा ३९ ले पनि अङ्गिकार गरेको छ । तर मन्त्रालयले उक्त व्यवस्थाको पालना नगरी १५ महिनाको अवधिमा चारजना प्रोग्राम को–अर्डिनेटरको सरुवा गरेको छ । सरुवामा राजनैतिक हस्तक्षेप भएको कारण यस्तो स्थिति सिर्जना भएको जानकारी हुन आएको छ ।

आयोजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी भएको पदमा आफैले गरेको सम्झौता विपरीत पटक पटक सरुवा गर्दा आयोजना कार्यान्वयनमा ढिलाई एवं जटिलता आउन सक्दछ । सुशासन ऐन, २०६४ ले राजनीति र प्रशासनबीच विभाजन गरेको अधिकार क्षेत्रभित्र रही सरुवा सम्बन्धी व्यवस्थाहरु एवं सहायता सम्झौतामा गरिएको प्रतिवद्धता कार्यान्वयन गरिनुपर्दछ ।

७७. **वातावरण व्यवस्थापन** – सार्वजनिक सडक ऐन, २०३१ को दफा १६ मा सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेख तथा संरक्षण गर्ने, अन्तरिम योजनामा सडकको सुरक्षा र वातावरण संरक्षणमा जोड दिने

र आयोजना विवेचना प्रतिवेदनको दफा ५ अन्तर्गत बाढी, पहिरो, वन विनास आदिबाट सडक जोगाउने व्यवस्था गरिएको छ । तथापी सुर्खेत–कालिकोट–मान्मा सडक खण्डको स्थलगत निरीक्षण गर्दा सडक निर्माण गर्न सामग्री झिकिएका खानीहरु निर्माण व्यवसायीबाट पुन:र्स्थापन नभएको, सडकको दायाँ बायाँ आवश्यकताभन्दा निकै कम मात्रामा घाँस र रुख रोपिएको, सडकको माथिल्लो भागमा पर्खाल नभएको वा कम भएको कारण धेरै स्थानमा पहिरो गएकोमा त्यसको व्यवस्थापन नभएको तर तीनै स्थानबाट ढुङ्गा निकाल्ने काम भइरहेको, सडकको केही स्थानमा तल्लो भागका पर्खालहरु पनि क्षतिग्रस्त अवस्थामा रहेको पाइयो ।

पहिरो गएको स्थानबाट ढुङ्गा निकाल्दै

(खानीहरुको पुनर्स्थापना हुन बाँकी र अवरुद्ध नाली)

सडक क्षेत्रको जटिल र कमजोर भौगोलिक स्थिति, वायो इन्जिनियरिङ्गको कामलाई ठेक्कामा समुचित तवरले प्राथमिकता नदिनु, खानी पुनर्स्थापना पश्चात्मात्र निर्माण व्यवसायीलाई भुक्तानी गर्ने प्रावधान नहुनु, लागत अनुमान तयार गर्दा पर्खालको परिमाण कम राखिनु, त्रुटि सच्याउने अवधिभित्र निर्माण व्यवसायीको काम सन्तोषजनक नरहनु आदि कारणहरुबाट उपरोक्त परिस्थिति सृजना भएको देखिन्छ । यसबाट पहिरो गई यात्री र सवारी साधनको क्षति हुन जानुका साथै थोरै लगानीको अभावमा धेरै क्षति भई खर्च बढ्ने, जैविक विविधतामा नकरात्मक असर पर्ने जस्ता प्रभावहरु पर्न सक्दछ । विकासबाट वातावरणमा पर्ने नकरात्मक असरहरु न्यूनीकरण गर्न वायो इन्जिनियरिङ्गको कामलाई उच्चप्राथमिकता दिने र भौगोलिक अवस्था अनुसार वातावरण संरक्षणका कार्यहरु नियमित र अनिवार्यरुपमा गराउने व्यवस्था मिलाउनुपर्दछ ।

७८. **लागत वृद्धि** – आयोजना अन्तर्गत प्रथम चरणमा रु.८४ करोड ६४ लाख ७७ हजारमा सुर्खेत–कालिकोट मान्मा र तल्लो डुङ्गेश्वर–सियाकोट–दैलेख दुई सडक खण्डको १२६ किलोमिटर सडक प्रतिकिलोमिटर रु.६८ लाख ७७ हजारमा स्तरोन्नति गर्ने लक्ष्य राखिएकोमा प्राप्त विवरण अनुसार यो वर्षसम्म रु.९१ करोड ३६ लाख १४ हजार खर्च भई प्रतिकिलोमिटर लागत रु.७२ लाख ७५ हजार पर्न गएको छ । ओटासिल कटौती भएको ३० किलोमिटर सडक घटाउँदा यो लागत प्रतिकिलोमिटर रु.९५ लाख १७ हजार पर्न आउँछ ।

लागत वृद्धि हुनुमा ठेक्काहरुको काममा वृद्धि, थपिएको म्यादमा समेत मूल्यवृद्धि भुक्तानी, लागत अनुमान तयार गर्दा केही महत्वपूर्ण कामहरु छुटाई पछि थपिनु आदि कारण रहेका छन् । आयोजनाका कम्पोनेन्टको लागत वृद्धि हुँदा समष्टिगत लागतमा समेत वृद्धि हुने, दातृ निकायसँगको सम्झौतामा उल्लेखित सबै काम सम्पन्न गर्न नसकिने स्थिति सिर्जना हुन्छ । साथै लागत वृद्धि हुँदा समष्टिगत प्रतिफल दरमा समेत कमी आउने अवस्था छ । तसर्थ परामर्शदाताबाट तयार भएको लागत अनुमानको पुनरावलोकन गरी पृष्ठपोषण दिने, निर्माण व्यवसायीको ढिलाइबाट समयमा काम सम्पन्न नभएमा मूल्यवृद्धि भुक्तानी नगरी हर्जाना लगाउने, सुरक्षाको प्रत्याभूति दिने र विस्तृत अध्ययन पश्चातमात्र आयोजनाको कार्य परिमाण निर्धारण गर्ने उपायहरु अवलम्बन गर्नुपर्दछ ।

सडक सञ्जाल विकास आयोजनाको कार्यान्वयन स्थिति

सडक सञ्जाल विकास आयोजनाले एशियाली विकास बैङ्कसँग भएको ऋण सम्झौता अनुसार देशको विभिन्न भागका सडकको पेभमेण्ट स्तरोन्नति गर्ने, ९६ किलोमिटर फिडर सडक निर्माण गर्ने, २०० देखि ३०० किलोमिटर

सडक कार्य सम्पादनमा आधारित मर्मत सम्भार कार्य गर्ने पुल निर्माण गर्ने तथा सडक सुरक्षा कायम गर्ने लक्ष्य रहेको थियो । राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र, विशिष्टकृत संगठनात्मक संरचना, निर्माण सामग्रीको उपलब्धता तथा राष्ट्रिय अन्तर्राष्ट्रिय निर्माण व्यवसायी र परामर्शदाता प्रतिस्पर्धात्मक क्षमताको आधारमा नियुक्तिले आयोजनालाई कार्यक्रम सञ्चालन गर्ने वातावरण सहज भएको थियो । आयोजनाबाट सडक पुल निर्माण गर्ने स्तरोन्नति गर्ने र कार्य सम्पादनमा आधारित मर्मत सम्भार कार्य गरेबाट देशको विभिन्न भागका जनतालाई आवागमन सुविधा एवं आय आर्जनमा सहयोग पुऱ्याएकोलाई सवल पक्षको रुपमा लिन सकिन्छ ।

आयोजनाको कार्य सम्पादन स्थितिलाई दृष्टिगत गर्दा लक्षित कार्यमध्ये यातायातको आवागमन र राष्ट्रकै आर्थिक दृष्टिकोणले महत्वपूर्ण सडकको सतह सुदृढीकरण गर्ने कार्य पूरा हुन नसकी ठेक्का समाप्ति गरेको अवस्था छ । फिडर सडक स्तरोन्नति कार्य र पुल निर्माण कार्य सबै ठेक्का सम्झौता अनुसारको समयावधिभित्र हुन नसकी म्याद थप गर्दा थप मूल्यवृद्धि तथा परामर्श सेवा खर्चका कारण लागत बढेको छ । कार्यसम्पादनमा आधारित मर्मत सम्भार कार्यको लागि पाँच वर्षको ठेक्का व्यवस्थापन भएकोमा ठेक्का सञ्चालनको तेस्रो वर्षमा आयोजनाको समयावधि समाप्त भएकोले सोको रेखदेख र व्यवस्थापन कार्य सम्बन्धित डिभिजन सडक कार्यालय र सडक बोर्डलाई हस्तान्तरण गरेको छ । बेलायत सरकारको अनुदान सहयोगमा गरिने भनिएको गरिवी न्यूनीकरण सम्बन्धी कार्य, सञ्चालन नभएको कारण स्थानीय लक्षित समुदायको आवश्यकता अनुरुपका कार्यक्रम सञ्चालन गर्न नसकेको कारण अनुदान रकमको न्यून उपयोग भएको छ । साथै एशियाली विकास बैङ्कसँगको ऋण सम्झौताबमोजिम सहुलियत ब्याज दरमा प्राप्त ऋण रकमको पूर्ण उपयोग हुन नसकेको अवस्था छ ।

दातृसंस्थाबाट प्राप्त भइरहेको निरन्तर प्रतिवद्धता सर्वसाधारण जनतामा वृद्धि भएको जागरुकता र सडक क्षेत्रको विकासबाट सिर्जना हुने लाभमा बढोत्तरीलाई आयोजनाका अवसरको रुपमा लिन सकिन्छ । तथापी यस्ता आयोजनाले निश्चित उद्देश्य र लक्ष्यका साथ कार्यक्रम निर्धारण गरी एशियाली विकास बैङ्कसँग भएको ऋण सम्झौताबमोजिम प्राप्त रकमको पूर्ण उपयोग गरी बारम्बार हुने हडताल, चक्काजामका बावजूद राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ठेक्काको व्यवस्थापनबाट निर्माण कार्य समयमा सम्पन्न गरी सर्वसाधारणको आवागमनलाई दिगो एवं भरपर्दो बनाउनु चुनौतीको रुपमा रहेको छ । उक्त आयोजनाको २०६६।६७ मा सम्पन्न गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोरा सम्बन्धित निकायलाई पठाइएको छ । सो सम्बन्धी प्रमुख व्यहोरा देहाय अनुसार रहेका छन्:

७९. **आयोजना सञ्चालन** – आयोजनाको सञ्चालन कार्य २०५९।६० मा सुरु गरी २०६३।६४ (३१ डिसेम्वर २००७) सम्ममा सम्पन्न गर्ने गरी १० डिसेम्वर २००२ मा एशियाली विकास बैङ्कसँग सम्झौता भएको थियो । आयोजनाको कार्य ढिलो सुरु गरेको र निर्माण व्यवसायीहरुबाट समयमा कार्यसम्पन्न हुन नसकेको जनाई प्रथम पटक ३१ डिसेम्वर २००८ (२०६४।६५) सम्म र दोस्रो पटक ३० जुन २००९ सम्म म्याद थप भई सो अवधिमा आयोजना सम्पन्न भएको पाइयो । आयोजनाको म्याद सम्पन्न भए पश्चात ३० डिसेम्वर २००९ मा इम्प्रेष्ट खाता समेत बन्द भएको देखिन्छ ।

एशियाली विकास बैङ्कसँग भएको ऋण सम्झौतामा देहायका कार्यहरु सम्पन्न गर्ने समयावधि निर्धारण गरिएको र बैङ्कको आयोजना कार्यान्वयन कार्यदलको सिफारिसमा कार्ययोजना संशोधन गरिएकोमा संशोधित समयावधिमा समेत कार्यसम्पन्न नभई ढिला भएको र कुनै कार्यसम्पन्न नभई चालुनै रहेको आयोजना सम्पन्न प्रतिवेदनमा उल्लेख गरिएको छ ।

हिले–वसन्तपुर सडक र बसन्तपुर–मुढे सडक सन् २००७ को दोस्रो त्रैमासिकमा सम्पन्न गर्ने गरी संशोधित कार्यतालिकामा निर्धारण भए पनि सन् २००९ को दोस्रो त्रैमासिकसम्म पनि केही स्थानमा निर्माण कार्य चालू अवस्थामा रहेको देखियो । पिलुवाखोलामा पुल निर्माण कार्य गर्ने ऋण सम्झौतामा उल्लेख नभए तापनि आयोजना कार्यान्वयन चरणमा निर्णय गरी सन् २००७ को दोस्रो त्रैमासिकमा सुरु गरी २००९ को दोस्रो त्रैमासिकमा सम्पन्न गर्ने कार्य लक्ष्य रहेकोमा २००९ को अन्त्यसम्म पनि चालू अवस्थामा रहेको छ । वसन्तपुर–खाँदवारी सडकलाई वसन्तपुर–मुढे र मुढे–खाँदवारी गरी २ खण्ड गरेर निर्माण गरिएको छ । निर्माण व्यवसायीले निर्माण कार्यमा गरेको ढिलाई र समय समयमा भएका बन्द हडतालको कारण सबै

निर्माण कार्यहरु प्रस्तावित कार्यतालिका र संशोधित कार्यतालिकाभन्दा २ वर्षभन्दा बढी अवधि लगाएर सम्पन्न गरेको देखिएको छ ।

सम्झौतामा तोकिएको समयावधिमा कार्य सुरु र सम्पन्न नहुँदा संशोधित कार्यतालिका तयार गर्ने र सो संशोधित कार्यतालिकामा समेत सम्पन्न नहुँदा पुनः दातृसंस्थासँग सहमति लिई म्याद बढाएको भए पनि आयोजना समयमा सम्पन्न नहुँदा एशियाली विकास बैङ्कलाई ऋणको ब्याज, प्रतिवद्धता शुल्कबापतको रकम बढी भुक्तानी दिनुपरेको स्थिति छ । निर्माण कार्यको समयावधि बढाएको कारण मूल्यवृद्धि र आईडियल सामानको दाबीबापत रु.५९ करोड ६१ लाख ४ हजार भुक्तानी दिएबाट आयोजना सञ्चालन मितव्ययी हुनसकेन । आयोजना अवधि किटान गरी ऋण सम्झौता गरिसकेको अवस्थामा ऋण रकमको सदुपयोग गर्ने एवं कार्यतालिकाको कडाईका साथ अनुगमन गरी समयमै आयोजना सम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ ।

८०. **आयोजनाको लागत** – एशियाली विकास बैङ्कको ऋण सहायता, बेलायत सरकारको अनुदान सहायता र नेपाल सरकारको स्रोत समेतबाट रु.५ अर्ब २० करोड ६९ लाख ४० हजार को लागतमा आयोजना कार्यान्वयन गर्ने सम्झौता भएको र आयोजना अवधिमा निम्नानुसार रु.६ अर्ब ६४ करोड ३३ लाख २५ हजार बजेट व्यवस्था भएकोमा रु.४ अर्ब ४४ करोड ६५ लाख १३ हजार (६६.९३ प्रतिशत) मात्र खर्च भएको पाइयो ।

(रु.हजारमा)

स्रोत	सम्झौता रकम	बजेट विनियोजन रकम	खर्च रकम	खर्च प्रतिशत	
				सम्झौता अनुसार	बजेट व्यवस्था अनुसार
नेपाल सरकार	१,१४,१३,८८	१,१७,९८,४४	८८,५५,४३	७७.५८	७५.०६
एशियाली विकास बैङ्क, ऋण	३,४४,६३,२०	४,३०,८०,९२	३,००,५१,४५	८७.१९	६९.७६
बेलायत सरकार अनुदान	७१,९२,३२	१,१५,५३,८९	५५,५८,२५	७७.२८	४८.११
जम्मा	५,२०,६९,४०	६,६४,३३,२५	४,४४,६५,१३		

उपर्युक्तानुसार एशियाली विकास बैङ्कको सहुलियत ब्याज दरमा प्राप्त ऋण रकमको ८७.१९ प्रतिशत र बेलायत सरकारबाट अनुदान सहयोगबापत प्राप्त रकम ७७.२८ प्रतिशतमात्र खर्च भएको छ । एक सडकको पेभमेण्ट स्तरोन्नति गर्ने कार्यको कार्यक्षेत्र घटाएको अर्को एक कार्य एशियाली विकास बैङ्कबाटनै सञ्चालित अन्य आयोजनाबाट गर्ने उल्लेख गरी निर्माण कार्यक्रममा समावेश नगरेको तथा केही सडक निर्माण कार्य र मर्मत कार्यको कार्यसम्पन्न नभई कार्यान्वयन चरणमानै रहेको कारण ऋण र अनुदान रकमको पूर्ण सदुपयोग हुनसकेको देखिएन । जसले गर्दा सहुलियतमा प्राप्त ऋण एवं अनुदानको रकम उपयोगबाट प्राप्त हुनसक्ने लाभबाट बञ्चित हुनुपरेको स्थिति छ । आयोजनाको लक्ष्य अनुसारको कार्य समयमै सम्पन्न गरी ऋण र अनुदान रकमको पूर्णरुपले उपयोग हुनुपर्दछ ।

८१. **ऋण सम्झौताको कार्य** – एशियाली विकास बैङ्कसँग भएको ऋण सम्झौतामा निम्नानुसारको कार्यमा एस.डि.आर. ३ करोड ५६ लाख ८६ हजार खर्च गर्ने गरी सम्झौता भएकोमा एस.डि.आर २ करोड ९६ लाख ७९ हजार २३६ (८३.१७ प्रतिशत) खर्च भएको छ । उक्त सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८१.१ बिराटनगर–वरडङ्गा सडक, पौवा–भन्ज्याङ्ग फिदिम सडक र गरिवी न्यूनीकरण कार्यमा ३४.८२ प्रतिशत, कार्य सम्पादनमा आधारित मर्मत कार्यमा १०.५३ प्रतिशत र परामर्श सेवा खर्चमा ४२.६१ प्रतिशत बढी खर्च भए तापनि कुल ऋण रकममा एस.डी.आर ६० लाख ७ हजार खर्च हुनसकेको देखिएन । जसले गर्दा आयोजनाको उद्देश्य अनुसार गर्नुपर्ने कार्य नगरी सोबाट प्राप्त हुने प्रतिफल प्राप्त गर्न सकिएको छैन भने उपयोग नभएको ऋण रकमको प्रतिवद्धता शुल्क भुक्तानी गर्नुपरेको छ ।

८१.२ काकडभिट्टा सीमा सडक अर्न्तगत ६ देखि १० किलोमिटर सडक निर्माण र भारत तथा बंगलादेशबाट नेपाल भित्रिएका मालबाहक ट्रक, कन्टेनर आदिका लागि भन्सार कार्यालय नजिक पार्किङ्गस्थल निर्माण गर्ने कार्यको लागि अमेरिकी डलर १० लाख अर्थात रु.७ करोड ४९ लाख २० हजारको सम्झौता भएकोमा उक्त सडक

निर्माण एवं पार्किङ्गस्थल निर्माण कार्य भएको देखिएन । यस सम्बन्धमा उक्त कार्यसँग सम्बन्धित एशियाली विकास बैङ्कको ऋण सहयोगमानै सव–रिजनल फ्यासिलिटेशन प्रोजेक्ट (ऋण नं.२०९७) सञ्चालन भएको र बैङ्कको सल्लाह अनुसारनै उक्त कार्य नगरेको छलफलको क्रममा जानकारी हुन आयो । एउटै प्रयोजनका लागि अर्को प्रोजेक्ट सञ्चालन हुने अवस्थामा आयोजना सञ्चालन पुस्तिकामा रकम छुट्याई सम्झौता गर्नु उपयुक्त होइन ।

८१.३ कार्यसम्पादनमा आधारित मर्मत सम्भार कार्य अन्तर्गत पूर्व–पश्चिम राजमार्गको कोहलपुर गड्डा चौकी सडक खण्ड अन्तर्गत ४ ठेक्का बन्दोवस्त, गरेको र नारायणगढ–हेटौडा सडक खण्ड अन्तर्गत एक ठेक्का बन्दोवस्त गरेको छ । आयोजनाको समयावधि समाप्त भए तापनि ठेक्का सम्झौता अनुसार कार्यान्वयन अवधि बाँकी नै रहेको छ । कोहलपुर–गड्डा चौकी सडक खण्डमा ४ जिल्ला पर्ने र नारायणगढ–हेटौडा सडक खण्डमा २ जिल्ला पर्ने हुँदा एउटै ठेक्काको समेत २ भन्दा बढी डिभिजन सडक कार्यालयले रेखदेख र रकम भुक्तानी दिने व्यवस्थाले गर्दा ठेक्का सुपरभिजन कार्य झन्झटिलो र कार्यसम्पादनमा आधारित मर्मत सम्भारको प्रथम प्रयोग भएको अवस्थामा कार्य सञ्चालनमा कठिनाई उत्पन्न भएको बुझियो । कार्यक्रम निश्चित गरी ऋण सम्झौता भई रकम समेत प्राप्त गरेको अवस्थामा रकम बाँडफाँडबमोजिम कार्य गर्दा रकम बचत हुने अवस्था देखिएमा सहायक योजना छनौट गरी कार्य सञ्चालन गरेर ऋण रकमको पूर्णरुपले सदुपयोग हुनुपर्दछ ।

८२. **कार्यक्रम सञ्चालन** – आयोजनाबाट सडक सतह सुदृढीकरण गर्ने, फिडर सडक स्तरोन्नति गर्ने नयाँ सडक निर्माण गर्ने, कार्य सम्पादनमा आधारित सडक मर्मत गर्ने, पुल निर्माण गर्ने, काकडभिट्टा (प्रवेश मार्गको) सिमानाको पहूँच मार्ग सुधार गर्ने, आयोजनाको कार्यक्षेत्रमा बसपार्क, फुटपाथ निर्माण लगायत बजार विकास गरी गरिवी निवारणमा टेवा पुऱ्याउने आयोजनाको उद्देश्य रहेको थियो । आयोजनाको २००७ डिसेम्वरमा कार्यसम्पन्न नहुँदा पटक पटक अवधि थप गरी जून २००९ सम्म पुऱ्याएको देखिन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन्:

८२.१ पूर्व–पश्चिम राजमार्गको बेलवारी–चौरहवा खण्डको १४० किलोमिटर सडक सतह निर्माण गर्ने कार्य रु.१ अर्ब ४२ लाख ९६ हजारको लागतमा १६ अप्रिल २००५ मा निर्माण सुरु गरी १५ अप्रिल २००७ मा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । तर समयमा निर्माण कार्यसम्पन्न नगरेकोले ७२८ दिन म्याद थप गरी निर्माण कार्यसम्पन्न गर्ने अवधि १२ जून २००९ सम्म कायम गरिए पनि सो अवधिमा निर्माण व्यवसायीले नापी मूल्याङ्कन अनुसार ७५.७५ प्रतिशत प्रगति भएको र निजले कार्य गर्न नसक्ने तथा मूल्यवृद्धिबापत र आईडियल सामानको क्षतीपूर्तिबापत सरकारले समेत ठूलो रकम भुक्तानी गर्नुपर्ने भनी दुवै पक्षको सहमतिमा ठेक्का तोडेको पाइयो । फलस्वरुप आयोजना सञ्चालन पुस्तिकामा उल्लेख भएअनुसार सो सडक खण्डको कतिपय काम बाँकी रहेको देखिन्छ ।

८२.२ वसन्तपुर–मुढे–खाँदवारी सडकखण्डमा पर्ने पिलुवाखोलामा पुल निर्माण गर्ने कार्यको लागि रु.११ करोड ८६ लाख १३ हजारको लागतमा ११ जनवरी २००७ मा निर्माण कार्य सुरु गरी १० जनवरी २००९ सम्ममा कार्यसम्पन्न गर्ने गरी ठेकेदारसँग सम्झौता भएकोमा समयमा कार्यसम्पन्न नगरी ३२७ दिन अर्थात ३१ डिसेम्वर २००९ सम्म म्याद थप भएको (आयोजनाको अवधि समाप्त भएको ६ महिना पछिसम्म) मा समेत लेखापरीक्षण अवधि (२०६७ वैशाख मसान्तसम्म) कार्यसम्पन्न भएको छैन । २०६६ श्रावणदेखि पुल निर्माण कार्यको निरन्तरता वसन्तपुर–मुढे–खाँदवारी सडक योजनाले दिइरहेको उल्लेख छ ।

८२.३ आयोजना अन्तर्गत कुल ४० निर्माण कार्यको ठेक्का बन्दोवस्त गरिएकोमा ५ कार्यसम्पादनमा आधारित सडक मर्मत ठेक्कारहेका छन् । उक्त ठेक्काको म्याद थप भएको छैन । सो बाहेक सबै ३५ ठेक्का तोकिएको म्यादभित्र सम्पन्न हुन नसकी म्याद थप गर्नुपरेको देखियो । समयमा काम सम्पन्न हुन नसक्नुमा बन्द, हडताल लगायत निर्माण व्यवसायीको बशमा नरहेका कारणहरु उल्लेख गरेको पाइयो । यसरी २ वर्षको हाराहारीमा म्याद दिएर बन्दोवस्त गरिएका ठेक्काहरुमा न्यूनतम ८५ दिनदेखि अधिकतम ६८६ दिनसम्म

म्याद थप गर्नुपरेको अवस्था देखिन्छ । यसरी समयमा काम सम्पन्न नभई ढिलाई हुँदा मूल्यवृद्धि हुने तथा सर्वसाधारणले समयमा सेवा प्राप्त गर्न नसक्ने अवस्था छ ।

८२.४ मुढे–खाँदवारी सडक खण्डको १६ प्याकेज २०६६।१०।१६ गते स्थलगत निरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन्:

- प्याकेज एम.के–१, को चेनेज नं.१३+०८० देखि १७+००० सम्म कयौ स्थानमा घटीमा ५ मिटरका पटहोलदेखि बढीमा १५० मिटरसम्म पीच उप्किएको र पेभमेण्ट ड्यामेज भएको देखिन्छ । गुणस्तरयुक्त कार्य नगरेको कारण अधिकांश स्थानमा सडक पुन:निर्माण गर्नुपर्ने देखिएको छ ।

- प्याकेज एम.के.२ मा चेनेज नं.१७+४०० देखि २१+९२० सम्म विभिन्न स्थानमा घटीमा २० मिटरदेखि बढीमा ४७ मिटरसम्म कैयौँ पटहोल भएको तथा ओटासिल स्याण्डसिलिङ्ग उप्किएर सडक पुन:पीच गर्नुपर्ने देखिएको छ ।

- प्याकेज एम.के.३ को चेनेज नं.२३+१०० देखि २७+२०० सम्म विभिन्न स्थानमा घटीमा १७ मिटरदेखि बढीमा १०० मिटरसम्म विभिन्न पटहोलहरु भएको ओटासिल र स्याण्डसिलिङ्ग उप्किएको तथा लामो लामो चिरा परेको देखियो ।

- प्याकेज एम.के.४ को चेनेज नं.२८+३०० देखि २८+४०० सम्म ६ पटहोल रहेको र ओटासिल र स्याण्डसिलिङ्ग उप्किएको पाइयो भने २० मिटर सडक ड्यामेज भएको तथा चेनेज नं.२८+७०० देखि २८+७५० सम्म सम्पूर्ण सडक ड्यामेज भई पुन:निर्माण गर्नुपर्ने अवस्थामा देखियो ।

- प्याकेज एम.के.६ को चेनेज नं.३६+००० देखि ३८+७०० सम्म विभिन्न पटहोलहरु हुनुको साथै स्याण्डसिलिङ्ग उप्किएको पाईयो । चेनेज नं.३६+७०० मा नाली ब्लक भएको पाईयो । चेनेज नं. ३७+७८० देखि ३७+८०० सम्म पेभमेण्ट गरेको पाइएन भने ३७+८२० देखि ३७+९०० सम्म पेभमेण्ट ड्यामेज भएको र ड्रेन भत्किएको पाइयो ।

- प्याकेज एम.के.७ को चेनेज नं.४२+३९०, ४२+८५०, ४३+३०० र ४३+४०० मा विभिन्न स्थानमा पटहोलहरु भएको र स्याण्डसिलिङ्ग उप्किएको, ४१+५०० र ४३+४०० पेभमेण्ट नगरेको, तथा कज–वे ड्यामेज भएको पाइयो भने ४४+००, ४४+२५० र ४४+३५० मा पेभमेण्ट ड्यामेज भएको पाइयो ।

- प्याकेज एम.के.८ को चेनेज नं.४४+४०० देखि ४४+५५० सम्म स्याण्डसिलिङ्ग भत्किएको पाइयो भने ४४+५५० देखि ४४+७५० सम्म २०० मिटर पेभमेण्ट ड्यामेज भएको र तत्पश्चात ४६+६९० सम्म पटहोल भएको र स्याण्डसिलिङ्ग भत्किएको पाइयो ।

- प्याकेज एम.के.१० देखि एम.के.१६ सम्म (चैनपुरदेखि सवाखोलासम्म) का ७ ठेक्कामा सडक ग्रावेल गर्ने काम रहेकोमा सडक ड्रेन निर्माण गरेको पाइएन भने बनाएको ड्रेन समेत भत्किएको पाइयो । स्तरीय ग्रावेल नबिछ्याई ठूला ठूला ढुङ्गाहरु सडकमा बिछ्याउने कार्य गरेको देखिन्छ भने ठाउँ ठाउँमा खाल्डाखुल्डीहरु रहेको पाइयो । उक्त सडक खण्डको कार्यसम्पन्न भएको र मर्मत सम्भार अवधि चालू रहेको उल्लेख छ । मर्मत सम्भार अवधिभित्रै २०६६।१०।१६ गते स्थलगत निरीक्षण गर्दा सोही सडक खण्डमा डिभिजन सडक कार्यालय, धनकुटाबाट ठेक्का बन्दोवस्त गरिएको सवाखोलाको विभिन्न साईजका ढुङ्गा र बालुवा मिसिएको ग्रावेल बिछ्याई सडक मर्मत कार्य गर्दै गरेको देखियो । उक्त मर्मत कार्यको लागि सो डिभिजन कार्यालयले बजेट उप–शीर्षकको ४८।४।१११ बाट २ ठेक्का प्याकेज गरी २०६५।६६ मा रु.३ करोड ३ लाख ३६ हजारको ठेक्का व्यवस्था गरी रु.२ करोड, १८ लाख ७ हजार खर्च गरेको देखियो । सडक निर्माणको लागि प्राविधिक सहयोग उपलव्ध गराउन नियुक्त परामर्शदाता, आयोजना कार्यालय, डिभिजन सडक कार्यालयबाट नियमित अनुगमन नभई उपयुक्त गुणस्तरको काम नभएको कारण निर्मित सडक भत्किन गई प्राप्त वैदेशिक ऋण सहायता रकमको सदुपयोग हुनसकेको छैन । सम्बन्धित निकायबाट निर्माण कार्यको नियमित अनुगमन गरी तोकिएको

गुणस्तरमा निर्माण कार्य गराउने र मर्मत सम्भार अवधिमा नै सडक मर्मत सम्भार गर्नुपर्ने अवस्था देखिएमा सम्बन्धित ठेकेदारबाट नै मर्मत सम्भार गराई त्रुटि सच्याउने व्यवस्था हुनुपर्दछ ।

८३. **हिले–वसन्तपुर–मुढे सडक** – धनकुटाको हिलेदेखि तेह्रथुमको वसन्तपुरसम्म २६ किलोमिटर एशियाली विकास बैङ्कको सहयोगमा निर्माण गर्ने गरी सम्झौता भएकोमा ४ प्याकेज गरी ठेक्का व्यवस्था गरेर निर्माण कार्यसञ्चालन भएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन:

८३.१ प्याकेज एच.बी ३ सम्पन्न भएकोमा चेनेज नं.१०+००० देखि १६+००० सम्म ६ किलोमिटर सडक निर्माण कार्यसम्पन्न भएकोमा उक्त सडकको २०६६ माघ १७ गते स्थलगत निरीक्षण गर्दा अधिकांश सडक ड्रेनमा काठका गोलियाहरु थुपारेको र केही स्थानमा सडक ड्रेन भत्किएको पाइयो भने ठाउँ ठाउँमा पटहोल रहेको पाइयो । निर्माण कार्यसम्पन्न भएको उल्लेखित उक्त सडक खण्डको चेनेज नं.१५+००० देखि १६+००० सम्म करिब १ कि.मी. सडकको कालो पत्रे गर्ने कार्य बाँकी नै रहेको पाइयो ।

सडक किनारामा थुपारिएका काठका मुढा

८३.२ प्याकेज एच.बी ४ चेनेज नं.१६+००० देखि २२+००० सम्म १७ मे, २००७ सम्ममा कार्यसम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले समयमा निर्माण सम्पन्न नगरी पटक पटक गरी ६८६ दिन अर्थात ३१ डिसेम्वर, २००९ सम्मको लागि म्याद थप गरेको देखिन्छ । सडक निर्माण कार्य ३० डिसेम्वर, २००९ मा सम्पन्न भएको व्यहोराको जवाफ आयोजनाबाट प्राप्त भएको छ । तर २०६६ माघ १५ गते स्थलगत निरीक्षण गर्दा पौषमा नै कार्यसम्पन्न भएको उल्लेखित सो सडकको कालोपत्रे ३ किलोमिटरभन्दा बढी सडक कालोपत्रे गर्ने कार्य बाँकी नै रहेको र माघ १७ गते पीच गर्ने कार्य सुरु गर्न लागेको अवलोकनको क्रममा देखियो ।

८४. **सडक सुरक्षा र भार नियन्त्रण** – सडक सुरक्षा र भार नियन्त्रण कार्य अन्तर्गत पोर्टेवल भार नियन्त्रण मेशिन १० खरिद गर्ने, सडक पोष्ट सुधार गर्ने, जोखिम क्षेत्रमा सडक सङ्केत राख्ने, पैदल र साईकलयात्री हिड्ने सडक चौडा गर्ने, फुटपाथ र बसस्टेण्ड बनाउने तथा ड्राईभर र बस ट्रक मालिकबीच चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यको लागि अमेरिकी डलर ४ लाख अर्थात रु.२ करोड ९९ लाख ६८ हजार खर्च गर्ने गरी ऋण सम्झौता भएको थियो । आयोजनाले १० सेट भार नियन्त्रण मेशिन रु.१ करोड २७ लाख ९४ हजारमा खरिद गरेको देखिन्छ । बाँकी कार्य सम्बन्धित सडक निर्माणको ठेक्कामा समावेश गरी कार्य गराएको उल्लेख छ ।

सडकको प्रवेश विन्दू र बहिर्गमन विन्दू गरी दुई स्थानमा सडक भार नियन्त्रण स्टेशन बनाउने र तौलने मेशिनबाट तौल लिई पेभमेण्ट सर्फेसिङ्गको दिगोपन जाँच गर्ने कार्य सम्पादनमा आधारित मर्मत कार्यको ठेक्का सम्झौतामा उल्लेख छ । आयोजनाबाट खरिद भएका तौलने मेशिनमध्ये डिभिजन सडक कार्यालय, महेन्द्रनगरमा १, नेपालगञ्जमा २, चितवनमा १ र हेटौडामा १ गरी ५ मेशिन पठाएकोमा ती डिभिजन सडक कार्यालयबाट मेशिन प्रयोगमा ल्याएका छैनन् । बाँकी ५ मध्ये सडक विभागलाई २ पठाएको र ३ आयोजना निर्देशनालयमै मौज्दात रहेको पाइयो । आयोजनाबाट सञ्चालित र सडक निर्माणको तेस्रो वर्षदेखि छनौट भएका सडकमा प्रयोग गर्ने प्रयोजनको लागि विगत ३ वर्ष पहिले खरिद भएका मेशिनको प्रयोग नगरी विभिन्न कार्यालयमा मौज्दात नै राखेको कारण उद्देश्य अनुसार सडकमा गुड्ने सवारीको भार नियन्त्रण गरी सडक सुरक्षा अभिवृद्धि कार्य हुनसकेको छैन र मेशिन खरिद खर्च निष्प्रभावी बनेको छ । सडक भार नियन्त्रण कार्य हुन नसकेमा भारी उपकरणको सञ्चालनले सडकमा क्षति पुग्न जान्छ । अत:निश्चित कार्यको लागि खरिद भएका मेशिनरी उपकरण तत्काल प्रयोगमा लगाई सोबाट प्रतिफल लिने कार्य गर्नुपर्दछ ।

८५. **सवारी साधन भाडा** – बा.३ च ५१३ नम्बरको माज्दा कार २०६५ ज्येष्ठमा, बा.३ च २९९३ नम्बरको टोयोटा प्राडो २०६६।२।२८ मा भौतिक योजना तथा निर्माणमन्त्रीको निजी सचिवालयमा पठाएको उल्लेख छ ।

यसैगरी बा.४ च ४३५१ नम्बरको रातो प्लेट २०६३।८।१५ मा भौतिक योजना तथा निर्माण मन्त्रालय, बा.१ झ ५२४१ मिति २०६४।९।१ मा वैदेशिक महाशाखा, बा.१.झ ६०२० मिति २०६४।३।३२ मा सव–रिजनल ट्रान्सपोर्ट भैरहवा, बा.१ झ ५३०६ मिति २०६३।८।२३ मा क्षेत्रीय सडक निर्देशनालय काठमाडौं, बा.१ झ २५८७ मिति २०५९।२।२२ मा हेभी इक्यूपमेण्ट डिभिजन गोदावरी, बा.३ च ६४० मिति २०५९।३।२२ र बा. ३ च २९९४ मिति २०६१।१०।१९ मा गृह मन्त्रालयमा प्रयोग गर्ने गरी दिएको पाइयो । सोही समयमा आयोजनाबाट सञ्चालित निर्माण कार्यको प्राविधिक रेखदेख र सुपरभिजन प्रयोजनको लागि आयोजनाबाट सञ्चालित ८ ठेक्कामा सवारी साधनको भाडा निर्माण व्यवसायीको सम्झौता आइटममा राखी रु.४ करोड ९१ लाख ८ हजार खर्च गरेको पाइयो । आयोजनाका गाडीहरु अन्यत्र प्रयोगमा दिएको तर करोडौँ रुपैँया खर्च गरी सुपरभिजन कार्यको लागि सवारी साधन भाडामा लिने परिपाटी मितव्ययिताको दृष्टिले उपयुक्त देखिएन । आयोजनाको लागि खरिद भएका सवारी साधनहरु सोही आयोजनाको कार्यको लागि मात्र प्रयोग हुनुपर्दछ । सरकारी सवारी साधनहरु सेतो प्लेटमामात्र प्रयोग गरी निजी प्रयोजनको लागि प्रयोग हुन नदिने व्यवस्था हुनुपर्दछ । आयोजनामा पर्याप्त मात्रामा सवारी साधनहरु हुँदाहुँदै योजनाको निरीक्षण सुपरभिजनको लागि भनी निर्माण व्यवसायी मार्फत करोडौँ रकम भुक्तानी दिने गरी भाडामा सवारी साधन लिने व्यवस्थाको अन्त्य हुनुपर्दछ ।

शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय मोरङ्ग र धनकुटाको कार्यसम्पादन स्थिति

प्रत्यक्षरुपमा संलग्न रही माग अनुरुपका सरकारी भवनहरुको निर्माण कार्य गर्नु, भवनसंहिता अनुरुपका भुकम्प प्रतिरोधात्मक भवनहरुको निर्माणमा बढी जोड दिनु, नगरपालिकाका आवधिक योजना कार्यान्वयन गराउनमा सहयोग गर्नुका साथै संयुक्त आवास सम्बन्धी आवश्यक परामर्श दिनु, सम्बन्धित क्षेत्रमा विशेषज्ञता हासिल गरेका जनशक्ति मार्फत कार्यक्रम कार्यान्वयन गरिनु, क्षेत्रगत नीतिहरु तर्जुमा गरिनु, स्थानीय निकायसँग समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गर्न पहल हुनुलाई यी डिभिजनको कार्यसम्पादनका सवल पक्षहरुकोरुपमा लिन सकिन्छ ।

बढ्दो शहरीकरणलाई व्यवस्थित तुल्याउन र आवासको बढ्दो मागलाई परिपूर्ति गर्न पर्याप्त बजेट एवं दक्ष प्राविधिक जनशक्तिको अभाव रहनु, नीति तथा कार्यक्रमबीच तालमेल नहुनु, भवनको गुणस्तर परीक्षणको निमित्त उपयुक्त संयन्त्रको अभाव रहनु आदि प्रमुख समस्याकोरुपमा रहेका छन् ।

समयमा ठेक्का व्यवस्थापन हुन नसक्नु, सरकारी भवनको व्यवस्थित अभिलेख एवं मर्मत सम्भार कार्ययोजना तयार नहुनु, नीति कार्यान्वयनमा संलग्न निकायहरुको जिम्मेवारी स्पष्टसँग किटान नगरिनु आदि कमजोरीहरुले कार्यसम्पादनमा असर पर्न गएको पाइएको छ । तथापी बढ्दो शहरीकरण व्यवस्थापन गर्न जग्गा एकीकरण योजना कार्यान्वयनमा ल्याउने, अनियन्त्रित बसोबासलाई नियन्त्रण एवं व्यवस्थित गर्नको निमित्त ठोस कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने, घर जग्गाको मूल्यवृद्धि भइरहेको अवस्थामा व्यवस्थित घडेरी विकास कार्यक्रम कार्यान्वयनमा ल्याउने र विभिन्न निकायबीच समन्वय गर्दै शहरी विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने चुनौतिकोरुपमा देखा परेका छन् । डिभिजन कार्यालय मोरङ्ग सुनसरीको यो वर्ष कार्यमूलक लेखापरीक्षण गरिएकोमा देखिएका व्यहोराको विस्तृत विवरण सम्बन्धित मन्त्रालय र कार्यालयमा पठाईएको छ सोको प्रमुख व्यहोरा देहायमा उल्लेख गरिएको छ ।

८६. **खरिद व्यवस्थापन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम कार्यक्रम सुचारुरुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण गरिएका मोरङ्ग र धनकुटा डिभिजनबाट समयमै ठेक्का बन्दोवस्त हुन नसकेका केही उदाहरण देहायबमोजिम छन्:

(रु.हजारमा)

मोरङ्ग			धनकुटा		
योजनाको नाम	सम्झौता मिति	लागत अनुमान	योजनाको नाम	सम्झौता मिति	लागत अनुमान
सी.ए.सी.मेजर भवन निर्माण कोशी अञ्चल अस्पताल	०६५/१२/५	६२,३९	दोभाने हेल्थपोष्ट भवन निर्माण	०६७/३/२९	२,३५,३४
मधुमल्ला हेल्थपोष्ट भवन निर्माण मधुमल्ला	०६६/२/५	१,०६,३०	नुम हेल्थपोष्ट भवन निर्माण कार्य, संखुवासभा	०६७/३/९	२,८५,१९
जिल्ला अस्पताल भवन निर्माण रंगेली	०६५/३/२७	५,३९,२९	स्वास्थ्य चौकी भवन निर्माण, भेडेटार, धरान	०६७/२/२८	१,६५,१४
हेल्थपोष्ट भवन निर्माण, पकली	०६७/३/३०	१,४२,०६	माभ्लीङ्ग हेल्थपोष्ट भवन निर्माण, संखुवासभा	०६७/२/२८	१,६१,९५
हेल्थपोष्ट भवन निर्माण, घुस्की	०६७/१/१७	१,३८,४०	हटिया हेल्थपोष्ट भवन निर्माण, संखुवासभा	०६७/३/२५	४,१३,०६
चतरा प्राथमिक स्वास्थ्य केन्द्र, भवन निर्माण	०६४/१/३१	१,६२,१२	डाक्टर क्वाटर निर्माण, तेह्रथुम	०६७/२/२०	७९,५०
चार परिवार क्वाटर निर्माण, इनरुवा अस्पताल	०६५/३/२५	१,२७,६४	जिल्ला स्टोर भवन निर्माण, तेह्रथुम	०६७/३/३	३२,९६
चार परिवार क्वाटर निर्माण, रंगेली अस्पताल	०६५/३/२५	१,११,५७	जिल्ला आयुर्वेदिक औषधालय तथा फार्मेसी भवन निर्माण, संखुवासभा	०६७/२/२८	१,७९,२५
मधुवन आयुर्वेद औषधालय	०६५/३/१५	६७,९०	मकालु हेल्थपोष्ट भवन निर्माण, ,,	०६७/३/३०	३,२१,६७

उल्लेखित विवरण अनुसार दुबै डिभिजन कार्यालयले यो वर्ष प्रथम चौमासिक पश्चात मात्र ठेक्का बन्दोवस्त गरेको देखियो । यसरी नियमावलीले तोकेको समयमा ठेक्का बन्दोवस्त गरी कार्य प्रारम्भ नगर्नाले कार्यालयको वार्षिक लक्ष्यमा समेत प्रभाव पर्ने र तोकिएको समयमा कार्यसम्पन्न हुन नसकी लागत बढ्न जाने देखिन्छ । योजना समयमै प्रारम्भ हुन नसक्नुमा समयमा अख्तियारी प्राप्त नहुनु, निकासा/फुकुवामा ढिला हुनु जस्ता कारण रहेका छन् । तसर्थ कार्यालयलाई समयमै अख्तियारी प्राप्त हुने व्यवस्था मिलाई तोकिएको अवधिभित्र ठेक्का बन्दोवस्त गर्न निकासा प्रक्रियामा सुधार गर्नुपर्ने देखिन्छ ।

८७. **दरबन्दी** – निश्चित मापदण्ड बनाई कार्यबोझको आधारमा दरबन्दी सिर्जना गर्नुपर्दछ । कार्यालयले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु वृद्धि भएमा साविक दरबन्दीले कार्यसम्पादन गर्न नसक्ने हुँदा दरबन्दी संख्यामा पुनरावलोकन गर्नुपर्दछ । डिभिजन कार्यालय मोरङ्ग र धनकुटाले विगत तीन आर्थिक वर्षमा कार्यान्वयन गरेको कार्यक्रमहरु र दरबन्दी संख्या देहायमा उल्लेख गरिएको छ:

डिभिजन कार्यालय	आर्थिक वर्ष	कार्यक्रम संख्या	खर्च रकम (रु. हजारमा)	प्राविधिक दरबन्दी संख्या
मोरङ्ग	२०६४/६५	५९	८,८४,३८	९
	२०६५/६६	१११	१२,४०,५१	९
	२०६६/६७	११७	१८,३६,०५	९
धनकुटा	२०६४/६५	४८	३,२८,८१	१२
	२०६५/६६	७४	१४,६३,७१	१२
	२०६६/६७	७४	१६,०१,२८	१२

उल्लेखित विवरण अनुसार डिभिजन कार्यालय, मोरङ्गले २०६४।६५, २०६५।६६ र २०६६।६७ मा क्रमश: ५९, १११ र ११७ कार्यक्रम सञ्चालन गरेकोमा प्राविधिक कर्मचारीको दरबन्दी ९ रहेको पाइयो । त्यस्तै डिभिजन कार्यालय धनकुटाले २०६४।६५ मा ४८ र २०६५।६६ एवं २०६६।६७ दुबैमा ७४ कार्यक्रम कार्यान्वयन गरेको देखिन्छ । सो डिभिजन कार्यालयमा पनि तीनै आर्थिक वर्षमा १२ प्राविधिक कर्मचारीको दरबन्दी रहेको पाइयो । यसरी २०६४।६५ को तुलनामा २०६६।६७ मा कार्यक्रमको संख्या दोब्बर भए तापनि प्राविधिक कर्मचारी संख्यामा पुनरावलोकन भएको पाइएन । दरबन्दी पुनरावलोकन नहुनुमा कार्यालयले दरबन्दी थप गर्नको निमित्त आवश्यक पहल नगर्नु, कार्यबोझ अनुसार दरबन्दी निर्धारण गर्ने मापदण्ड तयार

नहुनु जस्ता कारणहरु रहेका छन् । तसर्थ कार्यालयले कार्यबोझ एवं कार्यभार विश्लेषण गरी मापदण्डका आधारमा दरबन्दी व्यवस्था गर्नुपर्दछ ।

८८. **ऐनको पालना** – भवन ऐनमा रहेका व्यवस्थाको कार्यान्वयन गरिनुपर्दछ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

८८.१ भवन ऐन, २०५५ को दफा ११ बमोजिम नगरपालिका क्षेत्रभित्र दफा ८ मा उल्लेखित (क), (ख) वा (ग) वर्गको भवन निर्माण गर्न स्वीकृतिको लागि नगरपालिका समक्ष दरखास्त दिँदा नक्सा साथ डिजाइन समेत पेश गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, मोरङ्ग र धनकुटाले नगर क्षेत्रभित्र सरकारी भवन निर्माण गर्दा स्वीकृतिको लागि नगरपालिका समक्ष नक्सा/डिजाइन साथ निवेदन दिएको पाइएन । यसरी नगर क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास नगराउँदा नगरपालिकालाई नगर क्षेत्रभित्रका भवनहरुको लगत अद्यावधिक गर्न कठिनाई पर्नु, नक्सा पासबापतको आन्तरिक आयमा कमी आउनुका साथै नगरपालिकाले नगर क्षेत्रभित्र खानेपानी, ढल लगायतका सेवा सुविधाको विस्तार गर्ने क्रममा तथ्याङ्कीय समस्या आइपर्ने देखिन्छ । तसर्थ नगर क्षेत्रभित्र निर्माण हुने सरकारी भवनहरुको हकमा कार्यालयले आवश्यक ड्रइङ्ग, डिजाइन तयार गरी नगरपालिकाबाट स्वीकृति लिनुपर्ने व्यवस्था पालना गर्नुपर्ने देखिन्छ ।

८८.२ भवन ऐन, २०५५ को दफा १२(२) बमोजिम नगरपालिकाले भवन संहिताबमोजिम नक्सा स्वीकृत गरे नगरेको सम्बन्धमा शहरी विकास कार्यालयले आवश्यक जाँचबुझ गर्न सक्ने र सोको प्रतिवेदन भवन निर्माण व्यवस्था सुदृढीकरण समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय मोरङ्गले सोबमोजिम जाँचबुझ गरेको र केही नगरपालिकाले भवन संहिताबमोजिम नक्सा स्वीकृत गरेको तर केहीले नगरेको जवाफ दिए तापनि यकिन तथ्याङ्क उपलब्ध गराएको छैन । त्यस्तै डिभिजन कार्यालय धनकुटाले सो सम्बन्धमा जाँचबुझ गरेको देखिएन । कार्यालयहरुले नगरपालिकाले भवन संहिताबमोजिमको नक्सा पास गरे नगरेको सम्बन्धमा जाँचबुझ नगर्नाले नगरक्षेत्रभित्र निर्माण हुने भवनहरु तोकिएको मापदण्ड एवं गुणस्तरयुक्त भए नभएको सुनिश्चित हुन सक्ने अवस्था रहेन । तसर्थ कार्यालयले सो प्रावधान अनुरुप आवश्यक कार्ययोजना तयार गरी जाँचबुझ गर्नुपर्ने देखिन्छ ।

८८.३ भवन ऐन, २०५५ को दफा १३ बमोजिम कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवनसंहितामा तोकिएको स्तरअनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा नगरपालिका क्षेत्रभित्रको हकमा नगरपालिकाले र गाउँ विकास समितिको हकमा शहरी विकास कार्यालयले सुपरीवेक्षण गर्नसक्ने व्यवस्था छ । डिभिजन कार्यालय मोरङ्गले मोरङ्ग र सुनसरीका ९ भवनको सुपरीवेक्षण गरेकोमा सबै भवनहरु स्वीकृत ड्रइङ्ग, डिजाइनबमोजिम निर्माण भएको भन्ने जवाफ प्राप्त भएको छ । तर उक्त भवनहरु शहरी विकास कार्यालयले नै ठेक्का सम्झौता र सुपरीवेक्षण गरी निर्माण सम्पन्न गराएकोमा अन्य व्यक्ति वा सरकारी निकायले निर्माण गरेका भवनहरुको हकमा सुपरीवेक्षण नभएको स्थिति छ । साथै मोरङ्ग र सुनसरी जिल्लाका ग्रामीण क्षेत्र इन्द्रपुर, बेलवारी, दुलारी, खनार, रामगञ्ज, सीतागञ्ज, रंगेली, दर्वेरा, केरउन, बाहुनी आदिमा निर्माण भएका भवनहरु तथा डिभिजन कार्यालय धनकुटाले संखुवासभा, भोजपुर, तेह्रथुम र धनकुटामा निर्मित भवनहरुमा भवनसंहिता पालना भए नभएको सम्बन्धमा सुपरीवेक्षण गरेको छैन । कार्यालयले आफ्नो क्षेत्रभित्र निर्मित भवनहरुको सुपरीवेक्षण नगर्नाले भवनहरु तोकिएको संहिता एवं मापदण्ड अनुरुप निर्माण नहुने, नमूना एकीकृत वस्ती विकास कार्यक्रम तथा सघन शहरी विकास कार्यक्रमले लिएका उद्देश्यहरु हासिल गर्नमा कठिनाई हुने, दैवीप्रकोपको कारणले धनजनको बढी मात्रामा क्षति हुने जस्ता जोखिमहरु रहने अवस्था हुन्छ । यस सम्बन्धमा जनशक्तिको अभाव र व्यवस्थापकीय उदासिनता जस्ता प्रमुख कारणहरु रहेको देखिन्छ । तसर्थ कार्यालयले आफ्नो क्षेत्रभित्र निर्माण हुने भवनहरुको बढीभन्दा बढी अद्यावधिकरुपमा सुपरीवेक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८९. **सरकारी भवनको अभिलेख** – डिभिजन कार्यालयहरुले आफ्ना क्षेत्रभित्रका सरकारी भवनहरुको लगत अद्यावधिक राखी ती भवनको संरक्षण एवं मर्मत सम्भार सम्बन्धी योजना तर्जुमा गर्नुपर्दछ । मर्मत सम्भार, पुन:निर्माण तथा पुनर्स्थापन कार्यक्रम र नयाँ भवन निर्माण गर्ने प्रयोजनका निमित्त समेत सरकारी

भवनहरुको अभिलेख राख्नु जरुरी हुन्छ । लेखापरीक्षण गरिएका दुबै डिभिजन कार्यालयहरुले सरकारी भवनहरुको लगत राख्ने तथा सरकारी भवन मर्मत सम्भार सम्बन्धी योजना तर्जुमा गरेको पाइएन । लगत अद्यावधिक नहुनुमा ऐन, नियममा स्पष्ट व्यवस्था नहुनु, नियमित कामको तुलनामा कम प्राथमिकतामा पर्नु जस्ता कारण रहेका छन् । जसले गर्दा मर्मत वा पुन:निर्माण गर्नुपर्ने, सरकारी भवनहरुको सम्बन्धमा यकिन तथ्याङ्क उपलब्ध हुने अवस्था छैन । साथै भवन निर्माण, शहरी विकास योजना तर्जुमा लगायत कार्यक्रमहरु कार्यान्वयन गर्न कठिनाई पर्नजाने देखिन्छ । तसर्थ डिभिजन कार्यालयहरुले आफ्नो क्षेत्रभित्रका सरकारी भवनहरुको अभिलेख अद्यावधिक गरी भवन मर्मत सम्भार सम्बन्धी योजना तयार गर्नुपर्ने देखिन्छ ।

९०. **भवनको गुणस्तर** – भवन निर्माणको क्रममा गुणस्तर परीक्षण प्रक्रियाको परिपालना एवं गुणस्तर परीक्षणको उपयुक्त संयन्त्र खडा गरिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

९०.१ निर्माणाधीन भवनको विभिन्न तहमा प्रयोग हुने निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गर्नुपर्ने हुन्छ । डिभिजन कार्यालय, मोरङ्गले रु.२ करोड ६५ लाख ३९ हजारमा निर्माण सम्पन्न गरेको प्राथमिक स्वास्थ्य केन्द्र, सत्तरझोडा र प्रसूतीगृह भवन वयरवनको गुणस्तर परीक्षण गरेको प्रमाण प्रस्तुत गरेको छैन । फलस्वरुप उक्त निर्माण कार्यको गुणस्तर सम्बन्धमा आश्वस्त रहने आधार देखिँदैन । तसर्थ कार्यालयले भवनको गुणस्तरलाई विश्वसनीय तुल्याउन निर्माण सामग्रीहरु एवं सोबाट निर्मित संरचनाको बेग्ला बेग्लै गुणस्तर परीक्षण गरी प्रतिवेदन संलग्न गर्नुपर्दछ ।

९०.२ भवनको गुणस्तर परीक्षणको निमित्त उपयुक्त संयन्त्र हुनुपर्दछ । साथै निर्माणाधीन तथा निर्माण सम्पन्न योजनाहरुको गुणस्तर परीक्षण गर्न आवश्यक उपकरण सहितको प्रयोगशाला खडा गरिनुपर्दछ । डिभिजन कार्यालय, मोरङ्ग र धनकुटामा गुणस्तर परीक्षणको संयन्त्र खडा भएको देखिएन । कार्यालयहरुले यो वर्ष रु.२० करोड ९३ लाख ७६ हजारको भवन निर्माण गरेकोमा सम्बन्धित प्राविधिकको निर्देशनमा निर्माण व्यवसायीले आफ्नैतर्फबाट सामग्री परीक्षण गराई प्रतिवेदन दिने र सोही आधारमा निजलाई भुक्तानी दिने गरेको पाइयो । यी कार्यालयहरुमा गुणस्तर परीक्षणको लागि प्रयोगशाला समेत खडा गरेको देखिएन । डिभिजन कार्यालय धनकुटाले निर्माण सामग्री परीक्षणको निमित्त रु.३ लाख २८ हजार मूल्य पर्ने प्रयोगशालाका उपकरणहरु खरिद गरी राखेकोमा प्रयोग गरेको देखिएन । उक्त औजारहरु प्रयोग गर्ने प्राविधिकको दरबन्दी नभएकोले प्रयोग हुन नसकेको कार्यालयले जनाएको छ । सामग्री परीक्षणको सम्बन्धमा निर्माण व्यवसायी आफैले प्राविधिकको निर्देशनमा परीक्षण गराई कार्यालयबाट रकम भुक्तानी गर्ने प्रक्रियालाई सुधार गरी कार्यालय आफैले सामग्री परीक्षण गर्नुपर्दछ ।

खरिद भएका गुणस्तर परीक्षण सामग्रीहरु

९१. **बिराटनगर चक्रपथ** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ बमोजिम बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । आयोजना सुरु गर्नुपूर्व उक्त आयोजनाको सम्भाव्यता अध्ययन गरी त्यसको विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्दछ । आयोजनाको हालसम्म सम्भाव्यता अध्ययन गरिएको छैन भने विस्तृत आयोजना प्रतिवेदन पनि तयार भएको छैन । यसरी विस्तृत आयोजना प्रतिवेदन तयार नगरिकन २०६६।६७ सम्म रु.३ करोड ४ लाख ९९ हजार खर्च भएको छ । उक्त रकमबाट चक्रपथको लागि ट्र्याक खोल्ने र ग्राभेल गर्ने काम गरेको देखियो । आयोजना सम्पन्न गर्न लाग्ने खर्च र समयावधि निश्चित नभएको अवस्थामा रकम विनियोजन गर्नुले खर्चको उपादेयता कम हुने देखिन्छ । तसर्थ योजनाको सम्भाव्यता अध्ययन एवं विस्तृत आयोजना प्रतिवेदन तयार गरेर मात्र आयोजना कार्यान्वयनमा ल्याउनुपर्दछ ।

९२. **कानूनी अस्पष्टता** – निकायलाई सुम्पिएको जिम्मेवारी दक्षतापूर्वक सम्पन्न गर्न स्पष्ट कानूनी व्यवस्था हुनुपर्दछ । गाउँ एवं नगरलाई व्यवस्थित तथा विकास गर्ने तीन निकायहरु शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, नगरपालिका र नगर विकास समितिको कार्यक्षेत्र र अधिकार सम्बन्धमा कानूनी अस्पष्टता रहेको पाइयो । नगर विकास ऐन, २०४५ ले समितिलाई भौतिक विकास सम्बन्धी मापदण्ड तोक्ने अधिकार प्रदान गरेको छ । यसैगरी सोही ऐनको दफा १८(१) अनुसार समितिले तोकेको शर्त वा मापदण्ड विपरीत कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई समितिले अपराधको गाम्भीर्यता र अभियुक्तको हैसियत हेरी बढीमा एकलाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय गर्न सक्ने र म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा समिति आफैले हटाउने र लागेको खर्च सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ ।

त्यस्तै भवन ऐन, २०५५ को दफा १३ बमोजिम कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवनसंहितामा तोकिएको स्तरअनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा नगरपालिका क्षेत्रभित्रको हकमा नगरपालिकाले र गाउँ विकास क्षेत्रभित्रको हकमा शहरी विकास कार्यालयले सुपरीवेक्षण गर्ने व्यवस्था छ । सोही ऐनको दफा १४(१) बमोजिम कसैले ऐनबमोजिम नक्सा स्वीकृत नगराई वा त्यस्तो स्वीकृत नक्सा वा भवनसंहितामा उल्लिखित मापदण्ड विपरीत हुने गरी भवन निर्माण गरेमा गाउँ विकास क्षेत्रभित्रको हकमा शहरी विकास कार्यालयले त्यस्तो निर्माण कार्य तुरुन्त रोक्न आदेश दिनुपर्ने व्यवस्था छ । साथै दफा १४(२) बमोजिम मापदण्ड विपरीत भवन निर्माण गरेमा शहरी विकास कार्यालयले त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिई त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई पचास हजार रुपैयाँसम्म जरिवाना गर्नसक्नेछ । यसरी भवन भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल गर्नसक्ने व्यवस्था रहेको छ ।

यसैगरी नगर क्षेत्रभित्र नक्सा पास गर्ने जिम्मेवारी नगरपालिकाको रहने र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) बमोजिम कसैले ऐनबमोजिम अनुमति नलिई वा सार्वजनिक जग्गा बाटो, मन्दिर, चोक, ढल, नाला आदि मिची निर्माण गरिरहेको ठहरेमा प्रमुखले एकलाख रुपैयाँसम्म जरिवाना गर्न वा भवन भत्काउने आदेश दिनसक्ने व्यवस्था छ । निर्णयबमोजिम नभत्काएमा नगरपालिकाले नै भत्काउने र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल गरिने उल्लेख छ ।

यसरी मापदण्ड विपरीत घर निर्माण गरेमा गरिने कारबाही सम्बन्धमा तीन ऐनमा बेग्ला बेग्लै व्यवस्था रहेकोले नगर विकास समिति गठन भएको नगरपालिकामा दुई संस्थाले गर्ने काम कारबाही उस्तै रहेको र नगरोन्मुख गाउँ विकास समितिमा गठन भएको नगर विकास समितिले गर्ने काम कारबाही र शहरी विकास कार्यालयले गर्ने काम कारबाही एउटै प्रकृतिको रहेकोले उत्तरदायित्व एवं जिम्मेवारी स्पष्ट नभएको अवस्था छ । जसले गर्दा तीनै निकायले गर्ने अनुगमन कार्य समेत प्रभावित हुने अवस्था देखिन्छ । फलस्वरुप मापदण्ड विपरीत घर बन्ने प्रक्रिया र अव्यवस्थित बसोबास नियन्त्रण हुन सकेको छैन । तसर्थ ऐनमा रहेका अस्पष्ट व्यवस्थाहरुलाई परिमार्जन गरी अधिकार क्षेत्र स्पष्ट पार्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन/सव डिभिजन कार्यालय, कैलाली र कञ्चनपुर

(कार्यक्रम कार्यान्वयन एवं व्यवस्थापन)

मानिसको स्वास्थ्य र दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रही आएको खानेपानी तथा सरसफाई क्षेत्रको समुचित विकासबाट पानी सङ्कलनमा समयको बचत, जनस्वास्थ्यमा अनुकूल सुधार र सामाजिक एवं आर्थिक विकासलाई टेवा पुग्नसक्ने भएकोले सम्पूर्ण जनतालाई सुगम, स्वच्छ र पर्याप्त खानेपानीको सुविधा पुऱ्याउनु आवश्यक छ । यस सन्दर्भमा कार्यालयहरुले खानेपानी सम्बन्धी अनुभवी र दक्ष जनशक्तिबाट आयोजनाहरुको निर्माण तथा मर्मत सम्भार कार्य गराउँदै आएका छन् । बीस वर्षे दीर्घकालीन नीतिअनुरुप सीमित स्रोत साधनको उपयोग गरी यस क्षेत्रमा योगदान पुऱ्याई जनताको मागलाई सम्बोधन, पानीको स्रोतको पहिचान, सम्भाव्यता एवं विस्तृत अध्ययन गरी सो अनुरुप ड्राइङ्ग, डिजाइन र लागत अनुमान, उपभोक्ता समितिमार्फत आयोजनाको निर्माण तथा सञ्चालन व्यवस्थापनद्वारा खानेपानीको सेवा विस्तार एवं गुणस्तर सुधारमा कार्यालयहरुबाट प्रयास भइरहेको देखिन्छ ।

खानेपानी सेवा विस्तार र दिगोपनाको लागि आयोजना छनौट गर्दा निश्चित, उपयुक्त र वस्तुपरक मापदण्ड नहुनु, आयोजना तोकिएको समयमै सम्पन्न नहुनु, लाभदायी समुदायबाट जनश्रमदान जुटाउन नसक्नु, पाइप खरिद गरी मौज्दात राख्ने र सोही आधारमा भौतिक प्रगति देखाउनु, खानेपानीको गुणस्तर सुनिश्चित गर्ने व्यवस्था नहुनु, जिन्सी व्यवस्थापन गर्न नसकी खरिद भएका सामग्री क्षय हुदै जानु जस्ता कमी कमजोरीहरु कार्यक्रम कार्यान्वयनको सिलसिलामा देखिएका छन् । उपर्युक्त कमी कमजोरीहरुलाई निराकरण गरी उपलब्ध सीमित स्रोत साधनको अधिकतम उपयोग गरी उपभोक्ताको समावेशी सहभागितामा आयोजनाको दिगोपनाको सुनिश्चितता गर्ने, माग र प्राथमिकताका आधारमा आयोजना छनौट हुने सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गरी खानेपानीको गुणस्तर सुधार गर्दै सुविधा विस्तार गर्नु प्रमुख चुनौती देखिएका छन् । कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोरा सम्बन्धित निकायलाई पठाईएको छ । सो सम्बन्धी प्रमुख व्यहोरा निम्न अनुसार उल्लेख गरिएको छ:

९३. **योजना तर्जुमा –** खानेपानी योजनाको सर्वेक्षण, अध्ययन गरी कार्यक्रम स्वीकृत गर्नको लागि खानेपानी सेवा कम पुगेको स्थान छनौट गर्नुपर्दछ । कार्यालयको तथ्याङ्क अनुसार कैलालीमा ९१ प्रतिशत र कञ्चनपुरमा ८४ प्रतिशत जनतालाई व्यवस्थित खानेपानी सेवा उपलब्ध भएको देखिन्छ । सोमध्ये ८० प्रतिशतभन्दा कम घर धूरीले सेवा प्राप्त गरेको गाउँ विकास समितिको संख्या कैलालीमा ११ र कञ्चनपुरमा १० रहेका छन् । दुबै जिल्लामा २/२ गाउँ विकास समितिमा ७० प्रतिशतभन्दा कम घर धूरीले मात्र खानेपानी सेवा प्राप्त गरेका छन् । कार्यालयले खानेपानी सेवाबाट लाभान्वित हुने जनसंख्यालाई मुख्य आधार बनाई योजना तर्जुमा र कार्यान्वयन गरेको देखिदैन । जसको फलस्वरुप कैलालीको रामशिखरझालामा ७१.६३ प्रतिशत, उदासिनपुरमा ७७.३७ प्रतिशत, बसौटीमा ७७.०२ प्रतिशत र कञ्चनपुरको वाइसेविचवामा ६२.८० प्रतिशत, देखतभुलीमा ७१.३३ प्रतिशत, रैकवारविचवामा ७५.६९ प्रतिशत, वेलडाडीमा ७८.०७ प्रतिशत जनताले मात्र खानेपानी सेवा प्राप्त गरेको भए पनि ती स्थानहरुमा खानेपानी आयोजनाको सर्वेक्षण समेत भएको देखिदैन भने ९० प्रतिशतभन्दा बढी जनतालाई खानेपानी सुविधा पुगेका कैलालीको गदरिया, प्रतापपुर, जोशीपुर, हसुलिया र कञ्चनपुरको लक्ष्मीपुर (गोकुलपुर) गाउँ विकास समितिमा आयोजनाहरु कार्यान्वयन भइरहेका छन् । यसले गर्दा सबै जनतालाई आधारभूत खानेपानी सेवा पुऱ्याउने लक्ष्य प्रभावित हुने देखिन्छ । तसर्थ आयोजना छनौट गर्दा खानेपानी सेवा नपुगेको घरधूरीको प्रतिशतलाई आधारको रुपमा लिनुपर्दछ ।

९४. **जनश्रमदान** – खानेपानी आयोजना छनौट गर्दा बढीभन्दा बढी जनश्रमदान प्राप्त हुने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । खानेपानी आयोजनाको कुल लागत अनुमानमध्ये १ प्रतिशत नगद सहित २० प्रतिशत जनश्रमदान जुटाउनु पर्ने व्यवस्था छ । लेखापरीक्षण क्षेत्रभित्र परेका कार्यालयले उपलब्ध गराएको विवरण अनुसार गत विगतदेखि क्रमागत रुपमा सञ्चालित आयोजनाहरुमा जनश्रमदानको स्थिति देहायअनुसार छ:

डिभिजन/सवडिभिजन कार्यलय	खानेपानी आयोजना	आयोजना सुरु बर्ष	कुल लागत	अपेक्षित जनश्रमदान		कुल खर्च रकम	२०६६।६७ सम्म प्राप्त जनश्रमदान	
				रकम	प्रतिशत		रकम	प्रतिशत
कैलाली	नारायणपुर	२०५७/५८	५४४८२	६००३	११	१७३६५	२४००	४.४
	मुनुवा	२०५७/५८	४७९३३	५३६८	११	२५०५०	२३००	४.८
	बलिया	२०६४/६५	४४८७७	९०१६	२०	२८९५	१५००	३.३४
	पहलमानपुर	२०६४/६५	६१२६०	१२४१२	२०	४१४१	१२००	१.९६
	गदरिया	२०६५/६६	५५२२०	१०५७५	१९	१३४८	१२००	२.१७
कञ्चनपुर	झलारी	२०५७/५८	२८३१४	२८३२	१०	२१८२७	२०००	७.०६
	त्रिभुवनबस्ती	२०५६/५७	३०६८५	३०३८	१०	१३९५५	१२००	३.९१
	चांदनी	२०६४/६५	४२३३८	८४३८	२०	३९९२	२१५०	५.०८

आर्थिक वर्ष २०५६।५७ र २०५७।५८ मा सुरु भएका आयोजनाहरुमा करिब १० देखि ११ प्रतिशतसम्म जनश्रमदान प्राप्त हुने लक्ष्य राखिएको थियो । २०६४।६५ देखि सञ्चालन भएका आयोजनाहरुमा १९ देखि २१ प्रतिशतसम्म जनश्रमदानको व्यवस्था गरेको छ । तर सबै आयोजनामा हालसम्म जग्गा उपलब्ध गराएको समेत १.९६ देखि ७.०६ प्रतिशतसम्म मात्र जनसहभागिता जुटेको देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरणमा जनसहभागिता देखाए तापनि कार्यालय र सम्बन्धित उपभोक्ता समितिसँग सोको अभिलेख

नदेखिएको हुँदा उक्त जनश्रमदान प्राप्त देखाएको रकम समेत यथार्थपरक देखिदैन । त्यसैले प्रतिजनश्रमदानको अभिलेख राखी अपेक्षा गरे अनुरुप जनश्रमदान जुटाउन प्रयास गरिनु पर्दछ ।

९५. **आयोजना लागत** – आयोजना छनौट गर्दा प्रतिव्यक्ति लागतलाई पनि आधार लिनुपर्दछ । आयोजनाको अध्ययन, सर्वेक्षण तथा डिजाइन गरेको वर्ष उपयुक्त रहेको आयोजना लक्ष्य अनुरुप समयमा सम्पन्न नहुँदा प्रतिव्यक्ति लागतमा समेत वर्षेनी वृद्धि हुदै जान्छ । विगत वर्षदेखि सञ्चालित कैलालीका ४ र कञ्चनपुरका ४ आयोजनामा प्रतिव्यक्ति लागतको वृद्धि स्थिति निम्नानुसार रहेको छ:

जिल्ला	खानेपानी आयोजना	आयोजना सुरु मिति	लाभान्वित जनसंख्या (डिजाइन वर्ष)	सुरुको लागत अनुमान (रु. हजारमा)	संशोधित लागत अनुमान (रु. हजारमा)	वृद्धि प्रतिशत	प्रतिव्यक्ति लागत रु.	
							सुरु बर्ष	यस बर्ष
कैलाली	नारायणपुर	२०५७/५८	१३,१५१	२,९९,२९	४,८४,३९	६१.८५	२,२७६	३,६८३
	मुनुवा	२०५७/४८	७,९२४	३,२०,१४	३,७०,१०	१५.६१	४,०४०	४,६७१
	वलिया	२०६४/६५	१३,१५१	२,९८,७३	४,०५,१३	३५.६२	२,२७२	३,०८०
	पहलमानपुर	२०६४/६५	११,८९८	२,८७,२७	३,९१,५०	३६.२८	२,४१५	३,२९०
कञ्चनपुर	झलारी	२०५७/५८	५,४५५	१,५४,३६	२,८३,१४	८३.४३	२,८३०	५,१९०
	त्रिभुवनवस्ती	२०५६/५७	९,०५३	१,४३,४२	३०६८५	११३.९५	१,८२०	३,३८९
	चाँदनी	२०६४/६५	४,५११	१,९९,९४	४,२३,३८	१११.७५	४,४३२	९,३८६
	गोकुलपुर	२०६५/६६	१०,१४०	३,५७,८६	४,३८,६६	२२.५८	३,५२९	४,३२६
	जम्मा:		७५२८३	२०,६१,०१	३१०३१५	५०.५६	२,७३८	४,१२२

विगत वर्षदेखि क्रमागत रुपमा सञ्चालन हुँदै आएका यी खानेपानी आयोजनाको लागत अनुमान सुरुमा रु.२० करोड ६१ लाख १ हजार रहेकोमा २०६६।६७ मा ५०.५६ प्रतिशतले वृद्धि भई रु.३१ करोड ३ लाख १५ हजार पुगेको छ । ती आयोजनाले डिजाइन वर्षमा ७५,२८३ जनसंख्या लाभान्वित हुने अनुमान गरेको पाइयो । सो संख्यालाई आधार मान्दा ८ आयोजनामा सरदर सुरुको अनुमान अनुसार प्रतिव्यक्ति लागत रु.२,७३८।– र संशोधित प्रतिव्यक्ति लागत रु.४,१२२।– पर्ने देखिन्छ । यसरी आयोजना समयमा सम्पन्न नहुँदा लागत बढेको कारण प्रतिव्यक्ति लागत समेत बढ्न गई प्रतिव्यक्ति लागतको आधारमा आयोजना सम्भाव्य नहुने अवस्था सिर्जना भएको छ । त्यसैले आयोजना समयमै सम्पन्न गरी लागत वृद्धिलाई नियन्त्रण गर्नुपर्दछ ।

९६. **आयोजना कार्यान्वयन** – कार्यालयले सञ्चालन गर्दै आएका खानेपानी आयोजनाहरु समयमै सम्पन्न गरिनु पर्दछ । आयोजनाको प्रगति देहायबमोजिम देखिएको छ :

(रु हजारमा)

डिभिजन कार्यालय	आयोजनाको नाम	सुरु भएको वर्ष	लागत अनुमान	आयोजना सम्पन्न गर्न लाग्ने संशोधित वर्ष	हालसम्मको		लागत अनुमानको आधारमा लगानी गर्न बाँकी रकम
					खर्च	भौतिक प्रगति	
कैलाली	नारायणपुर	२०५७/५८	४,८४,३९	१०	१,७३,६५	४६.८	३,१०,७४
	मुनवा	२०५७/५८	३,७०,१०	११	२,५०,५०	७१.६	१,१९,६०
	बलिया	२०६४/६५	४,०५,१३	१०	२८,९५	९.६९	३,७६,१८
	पहलमानपुर	२०६४/६५	३,९१,५०	१०	४१,४१	१३.२	३,५०,०९
कञ्चनपुर	झलारी	२०५७/५८	२,८३,१४	११	२,१८,२७	७२.४४	६४,८७
	त्रिभुवनवस्ती	२०५६/५७	३,०६,८५	११	१,३९,५५	५३.२२	१,६७,३०
	चाँदनी	२०६४/६५	४,२३,३८	६	४०१७	१२.६४	३८३२१
	गोकुलपुर	२०६५/६६	४,३८,६६	५	२८८७	६.४०	४०९७९
	जम्मा:		३१,०३,१५		९२१३७		२१८१७८

९६.१ तीन वर्षीय अन्तरिम योजना अनुसार उपभोक्ता समूहको सक्रिय सहभागितामा निर्माणाधीन खानेपानी आयोजनाहरु ३ वर्षभित्र सम्पन्न गर्न प्राथमिकता दिनुपर्नेमा डिभिजन कार्यालय कैलालीले नारायणपुर र मुनुवा खानेपानी आयोजना सुरु भएको नौ वर्ष वितिसक्दा पनि सम्पन्न गरेको छैन । ती दुई आयोजनामा यो

वर्षसम्म क्रमश: ४६.८ र ७१.६ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । त्यस्तै सव–डिभिजन कार्यालय कञ्चनपुरले त्रिभुवनवस्ती खानेपानी आयोजना र झलारी खानेपानी आयोजना सुरु गरेको क्रमश: १० वर्ष र ९ वर्ष भइसकेको छ । ती दुई आयोजनामा यस वर्षसम्म ५३.२२ र ७२.४४ प्रतिशत मात्र प्रगति भएको छ । यस सम्बन्धमा कार्यालयले बजेट कम विनियोजन भएको कारण समयमा कार्यसम्पन्न गर्न नसकेको जनाएको छ । विगतमा सञ्चालित आयोजना सम्पन्न नहुँदै नयाँ आयोजनामा बजेट विनियोजन गरिनु, थोरै बजेट धेरै आयोजनामा छर्ने प्रवृत्ति रहनु जस्ता कारणले आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । जसले गर्दा समयमा जनतालाई खानेपानी सुविधा नपुग्ने, मूल्यवृद्धिका कारण आयोजना लागत बढ्ने स्थिति रहन्छ । यसर्थ पर्याप्त बजेट व्यवस्था गरी समयमै आयोजना सम्पन्न गरिनु पर्दछ ।

९६.२ कञ्चनपुरको चाँदनी खानेपानी आयोजना ३ वर्षमा सम्पन्न गर्ने गरी २०६४।६५ मा सुरु भएको थियो । यो आयोजनाको कुल लागत रु.४ करोड २३ लाख ३८ हजार रहेको छ । आयोजनाको क्रियाकलापमा डीप बोरिङ्ग, कम्पाउण्डवाल, गार्ड क्वाटर, पम्प हाउस, ओभरहेड ट्याङ्की, पाइप लाइन र धारा निर्माणको कार्यहरु पर्दछन् । क्रमागत आयोजना सञ्चालन गर्दा प्राथमिकताक्रमको आधारमा कार्यक्रम निर्धारण गर्नुपर्दछ । यस आयोजनामा २०६४।६५ मा रु.३ लाख ३१ हजार र २०६५।६६ मा रु.१० लाख ७६ हजार समेत रु.१४ लाख ७ हजारको १,४९५ मिटर पाइप खरिद गरी मौज्दात राखेको पाइयो । यस वर्ष डीप बोरिङ्ग र कम्पाउण्ड वाल निर्माण गरेको छ । आयोजनाको तीन वर्षसम्मको प्रगति १२.९४ प्रतिशत मात्र रहेको छ ।

२०६४।६५ र २०६५।६६ मा खरिद गरेको पाइप

ओभरहेड ट्याङ्की लगायत अन्य भौतिक संरचनाहरुको निर्माण सुरु नहुँदै पाइप खरिद गरी मौज्दात राख्नु उचित देखिदैन । जसले गर्दा पाइपको गुणस्तरमा ह्रास आउने एवं दुरुपयोग हुने स्थिति रहन्छ । त्यसैले आयोजनाका क्रियाकलापको प्राथमिकताक्रम निर्धारण गरी कार्यान्वयन गरिनु पर्दछ ।

बाढीजन्य क्षति पुन: निर्माण आयोजना

९७. **खानेपानीको गुणस्तर** – तीन वर्षीय अन्तरिम योजनामा राष्ट्रिय खानेपानी मापदण्ड, २०६३ अनुसार खानेपानीको गुणस्तरमा क्रमिक रुपमा सुधार गर्दै लैजाने नीति लिएको थियो । एशियाली विकास बैंकसँग भएको सम्झौता अनुसार बाढीबाट प्रभावित क्षेत्रमा शुद्ध, प्रदूषणरहित र गुणस्तरयुक्त खानेपानी सेवा उपलव्ध गराउने उल्लेख छ । कैलाली र कञ्चनपुरमा सञ्चालित २८ खानेपानी योजनामध्ये ६ खानेपानी योजनाको स्थलगत निरीक्षण गरी उपभोक्ताहरुसंग छलफल गर्दा ती खानेपानी आयोजनाहरुमा पानीको गुणस्तर परीक्षणको व्यवस्था भएको पाइएन । केही आयोजनाको मूहान र रिजर्भ ट्याङ्कीमा समेत प्रदूषणरहित र शुद्ध खानेपानीको लागि आवश्यक सजगता अपनाएको पाइएन । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

९७.१ कैलालीको गोदावरी खानेपानी आयोजनाको रिजर्भवायर ट्याङ्कीको निरीक्षण गर्दा ट्याङ्कीको छतमा खुल्ला प्वाल राखिएको र सो प्वालबाट फोहोर तथा धूलो ट्याङ्कीभित्र छिर्ने अवस्था रहेको देखियो । ट्याङ्कीको पानीभित्र धूलो जान नपाउने गरी सुरक्षा अपनाएको देखिएन । सामान्य हावा चल्दा समेत छत माथिको प्वालबाट धूलो पानीमा छिरेको देखियो ।

९७.२ रौटेला खानेपानी आयोजनामा सिंचाइको लागि प्रयोग भइरहेको कूलोमा स्लुइस भल्व राखी सो स्थानबाट पाइप जडान गरी सोझै ट्याङ्कीमा पानी लैजाने व्यवस्था गरेको छ । खोलाको पानी कूलोबाट सिंचाइको लागि प्रयोग गरिरहेकोमा ट्रिटमेन्ट नगरी खानेपानीको लागि प्रयोग गर्नु उपयुक्त देखिदैन । सो आयोजनामा छुट्टै मूहानबाट समेत पानी ल्याई एउटै ट्याङ्कीमा जम्मा गर्ने व्यवस्था गरेको छ । मूहानको इन्टेकबाट ल्याएको पानी र सिंचाईको कूलोबाट ल्याइएको पानी ट्रिटमेन्ट नगरी एउटै ट्याङ्कीमा राख्दा पानी

प्रदूषणरहित र शुद्ध हुन सक्दैन । वर्षात्मा खोलाको धमिलो पानी समेत ट्याङ्कीमा जम्मा हुन जान्छ । फोहोर र धमिलो पानी नजाने व्यवस्था गरेको छैन ।

सिंचाईको कुलोबाट खानेपानी लगेको

९७.३ तिलकपुर खानेपानी आयोजनाको मूहानमा स्थलगत निरीक्षण गर्दा सोझै खोलाको पानी इन्टेकमा जम्मा गरेको देखिन्छ । यसरी ट्रिटमेन्ट बेगर खोलाको पानी सोझै रिजर्भवायर ट्याङ्कीमा जम्मा गरेको हुँदा सो पानी शुद्ध र गुणस्तरयुक्त छ भन्न सकिने अवस्था छैन । खोलामा बगेको पानीलाई सोझै इन्टेकमा लगेको र इन्टेकमा पाइप जडान गरी रिजर्भवायर ट्याङ्कीमा जम्मा गरेको छ । यसरी मुहानबाट रिजर्भवायर ट्याङ्कीमा पानी जम्मा गर्नु अघि ट्रिटमेन्टको व्यवस्था नहुनु, खानेपानी स्रोत खोलाको पानी हुनु, पानीको परीक्षण नगर्नु, वर्षायामको धमिलो र फोहोर पानीलाई व्यवस्थापन नगर्नु जस्ता कारणले ती खानेपानी आयोजनाले उपलब्ध गराउने पानी शुद्ध, प्रदूषणरहित र गुणस्तरयुक्त हुने देखिदैन । यसरी स्वास्थ्यसँग प्रत्यक्ष असर पर्ने र दैनिक जीवनयापनको लागि नभई नहुने खानेपानीको लागि दाता तथा नेपाल सरकारबाट करोडौं लगानी गरिए तापनि खानेपानीको स्रोत र मूहानको उचित व्यवस्थापन नहुनु, गुणस्तर परीक्षण नहुनु, ट्रिटमेन्टको व्यवस्था नगर्नु आदि कारणले खानेपानी आयोजनामा पानीको गुणस्तर कमजोर बनाएको देखिन्छ । यसर्थ सबै आयोजनामा खानेपानीको परीक्षण र ट्रिटमेन्टको व्यवस्था हुनुपर्दछ ।

तिलकपुर खा.पा.आ. को पानीको स्रोत

संगठित संस्था समिति र अन्य संस्थातर्फ

नेपाल खानेपानी संस्थान

नेपाल खानेपानी संस्थान ऐन, २०४६ अन्तर्गत सञ्चालित यस संस्थानको यस वर्षको प्रारम्भिक र गत वर्ष को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:

९८. **सञ्चालन नतिजा** – गत वर्षसम्म कार्य सञ्चालनबाट रु.२७ करोड ३१ लाख ६० हजार नोक्सानी भएकोमा यो वर्षको सञ्चालन नोक्सानी रु.११ करोड ८१ लाख ६४ हजार तथा विगत वर्षको नोक्सानी हिसाब समायोजन रु.१ लाख २४ हजार समेत सञ्चित नोक्सानी रु.३९ करोड १४ लाख ४८ हजार पुगेको छ ।

९९. **असामी** – अग्रिम प्राप्त महसुललाई छुट्टै नदेखाई असामी हिसाबमा समायोजन गरी प्रस्तुत गर्ने गरेकोले असामी हिसाबमा देखाएको रु.३५ करोड १२ लाख १५ हजारले असामी हिसाबको यथार्थ चित्रण गर्दैन । कुल असामी रकमको १० प्रतिशत शंकास्पद असामी व्यवस्था गर्ने गरेको छ । सार्वजनिक धाराबाट उठ्नुपर्ने रकमभन्दा वार्षिकरुपमा व्यवस्था गरेको रकम कम रहेकोले असामी व्यवस्था पर्याप्त गरेको देखिएन ।

१००. **प्रणाली मर्मत संभार –** यस शीर्षकमा रु.६ करोड ५४ लाख ९९ हजार अर्थात कुल खर्चको २४ प्रतिशत खर्च गरेको छ । यस शीर्षकबाट करार एवं दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीको तलब तथा ज्याला समेत भुक्तानी गरेकोले मर्मत संभारमा गरेको खर्चको वास्तविक अवस्था देखाउँदैन ।

१०१. **दीर्घकालीन ऋण –** अन्तर्राष्ट्रिय विकास नियोगबाट प्राप्त ऋणमध्ये चुक्ता गर्न बाँकी ऋणको किस्ता रु १४ करोड २७ लाख २९ हजारलाई दीर्घकालीन ऋण शीर्षकमा नराखी चालू दायित्व अन्तर्गत राखेको पाइयो ।

१०२. **चालु दायित्व** – खानेपानी तथा ढल निकास विभागबाट हस्तान्तरण भै आएको बक्यौता रु.१ करोड २० लाख १० हजार विगत लामो समयदेखि जिम्मेवारी सार्दै आएको छ । काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई भुक्तानी गर्नुपर्ने रु.१ करोड ७५ लाख २३ हजारको बोर्डबाट समर्थनपत्र लिएको छैन । हेटौंडा शाखा अन्तर्गत खानेपानी तथा ढल निकास विभागबाट २०६४।६५ मा खानेपानी पाइप सापटी लिएको रु.५ लाख १९ हजार जिम्मेवारी मात्र सार्दै ल्याएको छ । सोको हिसाब यकिन गरेको छैन ।

१०३. **कोष व्यवस्था –** नेपाल खानेपानी संस्थानको कर्मचारी सेवा शर्त नियमावली अनुसार अवकाश हुँदाका बखत भुक्तानी गर्न खडा गरिएको बीमा कोषमा हालसम्म रु.९० लाख र उपदान कोषमा रु.२ करोड ७८ लाख २४ हजार जम्मा गरेको छ । संस्थानको अनुमान अनुसार पनि उक्त कोषहरुमा क्रमशः रु ५ करोड ६९ लाख ५२ हजार र रु.१६ करोड ७७ लाख ५४ हजार जम्मा गर्नुपर्दछ ।

१०४. **जिन्सी मौज्दात –** नेपाल लेखामान–४ अनुसार जिन्सी सामानहरुको लेखाङ्कन लागत वा बजार मूल्य जुन कम छ सो अनुसार गर्नुपर्नेमा लागत मूल्यको आधारमा रु.२२ करोड ४५ लाख ४४ हजार जिन्सी मौज्दात लेखाङ्कन गरेको छ ।

वीरगञ्ज शाखा कार्यालयमा रहेका जिन्सीको भौतिक परीक्षण नगरेको तथा २०५९।६० मा करिब रु.२ लाख ६५ हजार बराबरको जिन्सी चोरी भएकोमा सोको हिसाब यकिन गरेको छैन । बुटवल शाखा कार्यालयले स्टोर हिसाब मिलान नियमानुसार त्रैमासिकरुपमा नगरी वार्षिकरुपमा मात्र गरेको छ । जिन्सी शाखाले लेखा शाखाको भन्दा रु.२८ हजार सुरु मौज्दात कम लेखाङ्कन गरेको पाइयो ।

२०६५।६६

१०५. **सेवा खर्च –** प्रधान कार्यालयको बालाजुस्थित कित्ता नं.७७८ को १ रोपनी ५ आना २ पैसा जग्गाको मुद्दाको बहस, तथा प्रतिनिधित्व गरी लेखापढी गरेबापत एक कानूनी सेवालाई रु.७३ हजार भुक्तानी गरेको छ । उक्त जग्गा २०६४।६।१ को निर्णय अनुसार खानेपानी बोर्डलाई हस्तान्तरण गरी सकिएकोले उक्त खर्च संस्थानसँग असम्बन्धित देखिन्छ ।

१०६. **विनियमावली खर्च** – संस्थानमा आन्तरिक कानूनी सल्लाहकार हुँदाहुँदै २०६६।०१।१३ को सम्झौताबमोजिम आर्थिक विनियमावलीको मस्यौदा तयार गर्न अर्को एक च्याम्बरलाई भुक्तानी गरेको रु.१ लाख ४९ हजार नियमित देखिएन ।

१०७. **खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ मा हाते दरभाउपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था नभए तापनि बिराटनगर शाखा कार्यालयले एक निर्माण सेवाबाट रु.२ लाख १४ हजारको सामग्री हाते दरभाउपत्र लिई खरिद गरेको छ ।

ग्रामीण आवास कम्पनी लिमिटेड

कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालनमा रहेको यस कम्पनीको यस वर्षको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१०८. **सञ्चालन नतिजा** – गत वर्ष रु.५० लाख ४ हजार नाफा भएकोमा यो वर्ष रु.९३ लाख ५१ हजार भई हालसम्मको सञ्चित नाफा रु.१ करोड ९६ लाख ९७ हजार पुगेको छ । कर्मचारी उपदान, बिदा, बीमा तथा औषधिउपचार आदिका लागि यो वर्षसम्म नियमानुसार व्यवस्था गर्नुपर्नेभन्दा कम व्यवस्था गरेको रु.३ करोड ४५ लाख २९ हजार तथा लामो समयदेखि फछ्यौंट हुन नसकेको पेस्कीको सम्भावित हानीबापत थप रकम

व्यवस्था गर्ने हो भने सो हदसम्मको रकमले वित्तीय विवरणलाई असर पार्ने देखिएको छ । कम्पनीले २०५३।५४ देखि हालसम्मको आयकर व्यवस्था समेत गरेको छैन ।

१०९. **शेयर पूँजी** – जारी पूँजी रु.१० करोडमध्ये नेपाल सरकारको लागि ५२ प्रतिशत र सर्वसाधारणको लागि ४८ प्रतिशत छुट्टाए तापनि यो वर्ष पनि सर्वसाधारणको लागि शेयर निष्कासन नगरेको साथै कम्पनी ऐन, २०६३ को दफा ३३ बमोजिम शेयर प्रमाणपत्र पनि जारी गरेको छैन ।

११०. **जग्गा** – नेपाल सरकार र कम्पनीबीच भएको सम्झौतामा जग्गा वितरण गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेसन प्रयोजनको लागि कायम न्यूनतम मूल्यको २० प्रतिशत अतिरिक्त शुल्क लिई जग्गाधनी प्रमाणपुर्जा दिने र अतिरिक्त शुल्कको ५० प्रतिशत राजस्वमा दाखिला गर्ने गरी मन्त्रिपरिषदबाट २०५०।९।२२ मा निर्णय भए तापनि यो वर्षसम्मको रु.१ करोड ९४ लाख ९५ हजार नेपाल सरकारलाई भुक्तानी गरेको छैन ।

११०.१ योजना कार्यालयहरुमा पुनर्वास कार्यक्रम अन्तर्गत नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने प्रतिविगाहा रु.३००।– का दरले र २०५०।९।२२ को मन्त्रिपरिषदको निर्णय पश्चात रु.६००।– का दरले यो वर्षसम्मको जग्गाको मूल्यमा रु.६१ लाख २६ हजार नेपाल सरकारलाई भुक्तानी गरेको छैन ।

११०.२ कम्पनीको स्वामित्वमा रु.३ करोड ३१ लाख ३५ हजार मूल्यको जग्गा मौज्दात रहेको छ । नेपाल लेखामान–४ अनुसार मौज्दातको मूल्य परल वा बजार मूल्यमध्ये जुन कम हुन्छ सोमा देखाउनु पर्नेमा उल्लेखित जग्गाको बजार मूल्य यकिन नै नगरी परल मूल्यमा मूल्याङ्कन गरेको छ । यसप्रकारको मूल्याङ्कनबाट कम्पनीको यथार्थ आर्थिक अवस्था दर्शाउँदैन । योजना कार्यालय, तारातल वर्दियाको कम्पाउण्डमा रहेको २३ हजार ६३५ वर्गमिटरको जग्गा मुक्त कमैयालाई वितरण गरी सके पनि उक्त जग्गामा आफ्नै स्वामित्व देखाई यो वर्ष पनि वित्तीय विवरणमा देखाएको छ ।

११०.३ नेपाल सरकारबाट नि:शुल्क प्राप्त भएको जग्गाहरु र खरिद गरेको जग्गामध्ये बाँकी रहेका बिक्रीयोग्य तथा बिक्री हुन नसकेका प्लटहरुको अभिलेख अद्यावधिक र आवधिक विवरण तयार गर्ने गरेको छैन । यसरी प्रदान गरेको जग्गामध्ये प्राय जग्गा बिक्री भइसके तापनि विभिन्न ठाउँमा टुक्राटुक्री जग्गा बाँकी रहेको पाइयो । उक्त जग्गाको यकिन तथ्याङ्क राखेको पाइएन ।

तीमध्ये कतिपय जग्गा सुकुम्वासी तथा अन्य व्यक्तिहरुको नियन्त्रणमा रहेको समेत पाइयो । यस्तो जग्गाको यकिन तथ्याङ्क पनि नरहेबाट जग्गा मौज्दात सम्बन्धमा आन्तरिक नियन्त्रण पक्ष कमजोर रहेको देखिन्छ । मालपोत कार्यालयसँग समन्वय गरी आफ्नो क्षेत्राधिकार भित्रको जग्गाहरु यकिन गरी विवरण तयार गर्नुपर्ने देखिन्छ ।

११०.४ योजना कार्यालय, झापा अन्तर्गतका सुकुम्बासीले अतिक्रमण गरेको ३८६ बिगाहा जग्गाको मूल्याङ्कनबापतको शतप्रतिशत रकम सुकुम्बासीबाट लिई केन्द्रीय कार्यालयको २०६३।९।१३ को पत्र अनुसार दर्ता गर्न कारबाही अगाडि बढाएको छैन ।

११०.५ धुलिखेल नगरपालिका–९, श्रीखण्डपुरमा रहेको ५४ रोपनी ७ आना २ पैसा जग्गा रु.२ करोड २७ लाख ६६ हजारमा खरिद गरेकोमा उक्त जग्गामा हाल कुनै पनि विकास कार्य नभएको साथै उचित संरक्षण समेत भएको पाइएन ।

११०.६ पनौतीको जग्गा खरिद कार्यमा सर्वोच्च अदालतबाट २०६१।१।१५ मा दोषी ठहरिएका पूर्वअध्यक्ष, सदस्यहरु तथा कर्मचारी समेत ६ व्यक्तिबाट जनही रु.१७ लाख ६ हजारका दरले असुल गर्नुपर्ने रु.१ करोड २ लाख ३७ हजार असुल गर्न २०६३।४।३ मा पत्राचार गर्ने बाहेक थप कुनै कारबाही गरेको देखिएन ।

१११. **पेस्की** – पूर्वमहाप्रबन्धकहरुका नाममा २०५६।५७ देखि बाँकी रहेको पेस्की रु.६ लाख १२ हजार यो वर्ष पनि असुलउपर गरेको छैन । विभिन्न संघ सस्था र व्यक्तिलाइ दिएको पाँच वर्षभन्दा पुरानो पेस्कीमध्ये केन्द्रीय कार्यालयको रु.१८ लाख ४५ हजार, नवलपरासी योजना कार्यालयको रु.१ लाख ८६ हजार र कञ्चनपुर

योजना कार्यालयको रु.१९ हजार पनि फछ्र्यौंट गरेको छैन । उक्त पेस्कीको लागि नोक्सान व्यवस्था पनि गरेको छैन ।

११२. **बैङ्क मौज्दात** – आगलागीबाट नौ वर्ष अघि कागजात नष्ट भएको कारण योजना कार्यालय नवलपरासीको बैङ्क मौज्दात विवरण अनुसार रु.८ लाख ११ हजार र स्रेस्तामा अनुसार रु.४ लाख ३३ हजार मौज्दात भै फरक परेको रु.३ लाख ७८ हजारका सम्बन्धमा यो वर्ष पनि हिसाब भिडान गरी यकिन गरेको छैन ।

११३. **स्थिर सम्पत्ति** – गत वर्षसम्म स्थिर सम्पत्ति रु.४२ लाख ४१ हजारको रहेकोमा यस वर्षसम्म ह्रास कट्टी पश्चात रु.४१ लाख ८० हजार रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

११३.१ जिन्सी निरीक्षण वर्षको २ पटक गनुपर्ने प्रावधान भए तापनि यो वर्ष जिन्सी निरीक्षण गरेको छैन । स्थिर सम्पत्तिको अभिलेखमा सम्पत्ति भएको स्थान र प्रयोगकर्ता समेत नखुलाएकोले स्थिर सम्पत्तिमा कोडिङ्ग गरिएको भए पनि तिनीहरु यथास्थितिमा छैनन् ।

११३.२ यो वर्ष रु.१ लाख ९५ हजारको सम्पत्ति बिक्री गरेको छ । सर्लाहीमा बिक्री गरेको भवनको रु.५ लाख ९२ हजार र रुख रु.१९ लाख २६ हजार केन्द्रीय कार्यालयमा आम्दानी जनाए तापनि शाखा कार्यालयमा लेखाङ्कन गरेको पाइएन । शाखा कार्यालयको अभिलेख त्यही रहने भएकोले शाखाको सम्पत्ति बिक्री गर्दा हुने कारोबारलाई पनि शाखामै लेखाङ्कन गर्नुपर्नेमा नगरेकोले स्थिर सम्पत्ति बिक्री लेखाङ्कन लेखामान सिद्धान्तअनुसार गरेको पाइएन ।

११३.३ भवन, कार्यालय उपकरण, सवारी साधन, फर्निचर तथा फिक्सचर, मेशिनरी र अन्य सम्पत्तिको बीमा गरेको छैन । यसरी सम्पत्तिको बीमा नगर्दा जोखिम बढ्ने हुँदा सम्पत्तिको बीमा गर्नुपर्ने देखिन्छ ।

११३.४ केन्द्रीय कार्यालय भवन रहेको जग्गा नेपाल सरकारको स्वामित्वमा रहे तापनि भोगाधिकार रहेको आधारमा केन्द्रीय कार्यालयको भवनको मूल्य रु.२९ लाख २२ हजारमा रु.२७ लाख ८ हजार ह्रास कट्टा गरेको देखिन्छ ।

११४. **उपदान** – कर्मचारी सेवा शर्त विनियमावली, २०४९ को विनियम ८(२) ले कर्मचारीको उमेर ५८ वर्ष पुरा भएमा उसको स्वत अवकाश हुने र निजको सेवा आवश्यक ठानेमा बढिमा २ वर्ष सेवा अवधि थप गर्न सक्ने व्यवस्था गरेको छ । सेवा अवधि थप नभएको अवस्थामा समेत २ वर्ष थप गरी उपदान भुक्तानी गर्ने गरेको छ । यस वर्ष अनिवार्य अवकाश लिने ४ कर्मचारीको २ वर्ष थप गरी उपदानबापत रु.३ लाख ४४ हजार बढी खर्च लेखेको छ । उक्त रकम निजहरुबाट असुल गर्नु पर्दछ ।

नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड

विभिन्न सार्वजनिक निर्माण सम्बन्धी कार्य गर्न २०१८ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस कम्पनीको यस वर्षको अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

११५. **सञ्चालन नतिजा** – यो वर्ष बिक्री तथा सेवा शुल्क रु.४३ लाख ९८ हजार र अन्य आय रु.२५ लाख ८६ हजार समेत रु.६९ लाख ८४ हजार आम्दानी भएकोमा प्रत्यक्ष खर्च रु.३६ लाख ७७ हजार, सञ्चालन खर्च रु.४० लाख ७९ हजार, कर्मचारी खर्च रु.१ करोड ७३ लाख ३ हजार, ह्रास खर्च रु.५ लाख ३० हजार समेत रु.२ करोड ५५ लाख ८९ हजार खर्च भई खुद नोक्सानी रु.१ करोड ८६ लाख ५ हजार पुगेको छ ।

११६. **अग्रिम भुक्तानी, सापटी, धरौटी** – यस अन्तर्गत कार्य सम्पन्न भईसकेको तर सम्बन्धित पार्टीहरुबाट समर्थन गराउन नसकेको रु.६३ लाख ६० हजार वित्तीय विवरणमा समावेश गरेको पाइयो । वर्षौंदेखि सम्बन्धित पार्टीहरुले समर्थन नगरेको रकम असुल हुने आधार देखिएन ।

११७. **शंकास्पद आसामी** – यस आर्थिक वर्ष शंकास्पद असामीहरु थपिएको भए तापनि शंकास्पद असामी व्यवस्थाबापतको रकम थप गरेको पाइएन । शंकास्पद असामी व्यवस्थाबापत गत वर्षको रु.३२ हजारमात्र जिम्मेवारी सारेको छ ।

११८. **विविध खर्च –** कर्मचारीहरुको पारिश्रमिक कट्टी गरी युवा स्वरोजगार कोषमा दाखिला गर्नुपर्ने रु.२६ हजार कम्पनीले व्यहोरी विविध खर्चमा लेखाङ्कन गरेको देखियो ।

११९. **मूल्य अभिबृद्धि कर –** आन्तरिक राजस्व कार्यालयबाट प्राप्त विवरण अनुसार मूल्य अभिवृद्धि कर, ब्याज तथा शुल्क गरी रु.२ करोड ६२ लाख २० हजार भुक्तानी गर्नुपर्ने र २०६७ आषाढ मसान्त सम्ममा रु.१४ लाख ६५ हजार दाबी गर्नुपर्ने देखिए तापनि सोको लेखाङ्कन गरेको छैन ।

सडक बोर्ड नेपाल

सडक बोर्ड ऐन, २०५८ अनुसार गठित यस बोर्डको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१२०. **कानूनको पालना** – सडक बोर्ड ऐन, २०५८ को दफा ७ तथा सडक उपभोग दस्तुर उठाउने कार्यविधि नियमावली, २०६० को नियम ३ देखि ७ सम्मका व्यवस्थाहरु अनुसार सबै दस्तुर उठाउने अधिकार बोर्डमा निहित रहेको, सवारी इन्धन दस्तुर भन्सार नाका र सवारी दर्ता दस्तुर यातायात व्यवस्था कार्यालयहरुमा नगदै वा बोर्डले तोकेको खातामा जम्मा गर्नु पर्ने, नगद जम्मा भएकोमा जम्मा गर्ने कार्यालयले मासिकरुपमा बोर्डको कोषमा जम्मा गर्नुपर्ने व्यवस्थाहरु छन् ।

नेपाल आयल निगमबाट प्राप्त विवरण अनुसार यो वर्ष सवारी इन्धन दस्तुरबापत रु.९२ करोड ६५ लाख ५६ हजार र यातायात व्यवस्था विभागबाट प्राप्त विवरण अनुसार सवारी साधन दर्ता दस्तुरबापत पहिलो ६ महिनामा रु.६४ करोड ७९ लाख ३० हजार र सोही अनुपातमा वार्षिक रु.१ अर्ब २९ करोड ५८ लाख ६० हजार समेत रु.२ अर्ब २२ करोड २४ लाख १६ हजार असुल भएको देखिएकोमा यो वर्ष बोर्डलाई रु.१ अर्ब ३१ करोड ४५ लाखमात्र अनुदान उपलब्ध गराएकोले दस्तुर उठाउने काममा उक्त ऐन विपरीत सरकारको प्रत्यक्ष संलग्नता देखिनुका साथै असुल भएको सबै रकम सडक बोर्डले प्राप्त गरी तोकिएको काममा खर्च गर्ने गराउने ऐनको उद्देश्य र मनसाय पनि पूरा हुनसकेको देखिएन ।

१२१. **हर्जाना –** सडक बोर्ड अन्तर्गत सडक उपभोग दस्तुर सङ्कलन गर्ने ठेकेदारहरुबाट समयमा रकम दाखिला नगरेको अवस्थामा सम्झौता अनुसार किस्ता हर्जाना र मूल्य अभिवृद्धि कर असुल नगरेको व्यहोरा निम्नानुसार छन्:

१२१.१ हेटौंडा–नारायणगढ सडक खण्डमा १ वर्षको ठेक्का लिई सडक दस्तुर उठाएको एक ठेकेदारले २०६७ आषाढ सम्मको किस्ताबापतको रु.१ करोड २ लाख ९६ हजार महिना समाप्त भएको ७ दिन भित्र बुझाउनुपर्नेमा बुझाएको छैन । तोकिएको समयभन्दा ढिलो भएमा प्रतिदिन ०.५ प्रतिशतका दरले हर्जाना लगाउने, ३० दिनभन्दा बढी ढिलो भएमा कार्यसम्पादन जमानतबाट असुल गर्ने र ४५ दिनभन्दा पनि ढिलो भएमा ठेक्का तोडी सबै जफत गर्ने व्यवस्था भएकोमा त्यसको परिपालना भएको छैन ।

१२१.२ ठेकेदारसँग भएको सम्झौताको दफा २८.२ र मूल्य अभिवृद्धि कर ऐनको दफा १९(६) अनुसार ठेकेदारहरुले प्रत्येक महिना मूल्य अभिवृद्धि कर तिर्नुपर्नेमा दुई ठेकेदारले रु.१८ लाख ८ हजार तिर्न बाँकी देखिएकोले किस्ताभित्र राखिएको सो करको समेत सम्झौताको दफा २७ अनुसार हर्जाना रु.१३ लाख ८५ हजार समेत रु.३१ लाख ९३ हजार असुल गर्नुपर्दछ ।

१२१.३ नौविसे–मुग्लिङ र नारायणगढ–हेटौडा खण्डका तीन ठेकेदारबाट मासिक किस्ता चुक्ता गर्न ढिला भएकोमा सम्झौताको शर्त २७.१ अनुसार रु.३४ लाख ९२ हजार हर्जाना असुल गरेको छैन ।

१२१.४ ठेक्का नलागेको वा ठेक्का लाग्न ढिलो भएको कारण देखाई बोर्डले यो वर्ष दुई डिभिजन सडकमार्फत सडक उपयोग दस्तुर सङ्कलन गरेको छ । नारायणगढ–बुटवल खण्डमा २०६५।६६ मा ठेकेदारबाट रु.२ करोड १ लाख ९७ हजार सडक उपयोग दस्तुर असुल भएकोमा २०६६।६७ मा डिभिजन सडकबाट प्रशासनिक खर्च कटाउँदा रु.१ करोड ४५ लाख ५ हजार अर्थात् २८ प्रतिशत कम असुल भएको छ ।

१२२. **क्षतिपूर्ति –** नौविसे–मुग्लिन सडक खण्डमा २०६५।६६ मा सडक उपभोग दस्तुर सङ्कलन गर्न एक कम्पनीसँग रु.३ करोड ४८ लाख ९० हजारमा सम्झौता भएको थियो । सम्झौतानुसार ठेकेदारले अनिवार्यरुपले किस्ता चुक्ता गर्नुपर्ने, तर बन्द, हडताल आदि कारणले गाडी नचली क्षति भए क्षतिपूर्ति दाबी गर्ने व्यवस्थाअनुरुप ठेकेदारले गरेका तीन दाबीको एडजुडिकेटरबाट रु.८८ लाख ६४ हजार फिर्ता दिने भन्ने निर्णय समेत भई पहिलो दाबीको रु.४० लाख ३९ हजार फिर्ता समेत भईसकेको छ । ११५ दिनको अवधिमा ११ पटकसम्म ३ देखि ३२ दिनको अवधिमा ४० देखि ९० प्रतिशत सम्म गाडीहरु नचलेको उल्लेख गरी प्रहरी र प्रशासनले पत्र मार्फत प्रमाणित गरेको आधारमा एडजुडिकेटर र बोर्डको निर्णयअनुसार रकम फिर्ता गरेको छ । सम्झौताको दफा ३३.१ अनुसार बन्द, हडताल, भूकम्प, बाढी, पहिरोको अवस्थालाई काबू बाहिरको परिस्थिति मानी त्यस्तो अवस्थामा क्षतिपूर्ति दिने, काबू बाहिरको परिस्थिति हुन कम्तीमा २ दिनभन्दा बढी पूर्णबन्द हुनुपर्ने व्यवस्था भएको र आंशिक बन्दलाई बन्दकोरुपमा नलिएको अवस्थामा अधिकांश क्षतिपूर्ति आंशिक बन्दकै अवधिको दिएको छ ।

१२३. **दाबी –** हेटौडा–नारायणगढ सडक खण्डमा २०६७ बैशाखदेखि ठेक्का लिएको एक ठेकेदारले २०६७ माघसम्म किस्ता, हर्जाना र मूल्य अभिवृद्धि कर रु.१ करोड ४१ लाख १६ हजार बोर्डलाई बुझाउन बाँकी छ । तर ठेकेदारले सिन्डिकेटको कारण देखाई दुई पटकमा रु.५८ लाख ५६ हजार क्षतिपूर्ति दाबी गरेको छ । सम्झौतानुसार सिन्डिकेट क्षतिपूर्तिको घटना नभएको, ७ दिनभित्र दिनुपर्ने सूचना ६ महिनापछि दिएको, अन्य प्रमाण पेश नभएको आदि बोर्डबाटै उल्लेख भएका विषयहरुलाई ध्यान दिँदा समयमा किस्ता र कर नै नतिर्ने र सम्झौताका शर्त पालना नगर्ने ठेकेदारलाई सम्झौतानुसार नै क्षतिपूर्ति दिनमिल्ने देखिएन ।

१२४. **जमानत** – महोत्तरी जिल्लाको बर्दिवासदेखि जलेश्वर सडकमा सर्फेसड्रेसिङ्गको काम गर्ने एक निर्माण व्यवसायीसँग भएको सम्झौताको बुँदा ११.९ मा निर्माण व्यवसायीलाई १५ प्रतिशत मोविलाईजशन पेस्की दिनसकिने, सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भईसकेपछि पेस्की कट्टा गर्न सुरु गरी ९० प्रतिशत भुक्तानी हुँदासम्म सम्पूर्ण पेस्की कट्टा गरिसक्नुपर्ने प्रावधान रहेको छ । सम्झौता अनुसार रु.१ करोड ८ लाख ९ हजारको १५ प्रतिशतले हुने रु.१६ लाख २१ हजारमात्र मोविलाइजेशन पेस्की उपलब्ध गराउन मिल्नेमा रु.२४ लाख ४१ हजार दिएकोले रु.८ लाख २० हजार बढी पेस्की दिएको छ । निर्माण व्यवसायीलाई २०१० अगष्ट ८ सम्म म्याद भएको बैङ्क जमानत पेश गरेको आधारमा रु.२४ लाख ४१ हजार मोविलाइजेशन पेस्की उपलब्ध गराएकोमा चालू वर्ष रु.१५ लाख फछ्यौंट भई रु.९ लाख ४१ हजार पेस्की बाँकी देखिन्छ । यसरी पेस्की फछ्यौंट गर्ने अवधि २०६७ असोज मसान्तसम्म भए पनि बैङ्क जमानतको म्याद पेस्की फछ्यौंट गर्ने अवधिभन्दा अगाडिनै समाप्त भएको छ ।

१२५. **बीमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ तथा सम्झौताको बुँदा १४.१ अनुसार निर्माण खर्चको १५ प्रतिशत गरी निर्माण व्यवसायीका निर्माण उपकरणहरुको प्रतिस्थापन लागत, कार्यरत श्रम ऐन बमोजिमको श्रमिकहरुको दुर्घटना बीमा तथा निर्माण अवधिमा हुनसक्ने तेस्रो पार्टी क्षतिको लागि निर्माण कार्य सुरु भएदेखि त्रुटि सच्याउने अवधिसम्म मान्य रहने गरी बीमा गराउनुपर्ने उल्लेख छ । तर निर्माण कार्यको त्रुटि सच्याउने म्याद २०६८ कार्तिकसम्म भएकोमा निर्माण व्यवसायीले २०१०।१०।१७ सम्म मान्य अवधि भएको निर्माण कार्यकोमात्र बीमा गरेको देखियो । यसरी सम्झौता तथा नियममा उल्लेखित सम्पूर्ण पक्षको बीमा नगरी आंशिकमात्र बीमा गरेको छ । बीमा गरिएको निर्माण कार्यको पनि सम्झौतामा उल्लेखित बीमा अवधि कभरेज हुनेगरी बीमा गरेको पाइएन ।

सोही नियमावलीमा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाखभन्दा बढीको निर्माण कार्य गर्दा निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार लगायत वा निर्माण कार्यको प्रतिस्थापन खर्च तथा व्यवसायिका अन्य दायित्वहरुको बीमा गराउनुपर्ने उल्लेख छ । यो वर्ष डिभिजन सडक कार्यालय, बुटवलले ३ ठेक्काद्वारा रिकरेण्ट मर्मत कार्य गराउँदा बिल अफ क्वान्टिटीमा बीमा सम्बन्धी व्यवस्था गरेको देखिएन । यसलेगर्दा व्यवसायीका सम्भावित हानि–नोक्सानीको दायित्वबाट सुरक्षित हुने उपाय अवलम्बन गरेको पाइएन । नियममा भएको व्यवस्थाको अनिवार्य पालना गर्नु गराउनुपर्दछ ।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति

१२६. **आर्थिक विवरण** – समितिले यो वर्ष आन्तरिक स्रोतबाट रु.८ करोड ८३ लाख ६४ हजार आय आर्जन गरी रु.३ करोड ७० लाख ८१ हजार सञ्चालनमा खर्च गरेको छ । सम्पत्ति र दायित्व देखिने गरी आर्थिक विवरण तयार गर्ने नगरेकोले प्रस्तुत आर्थिक विवरणले समितिको यथार्थ आर्थिक स्थितिको दर्शाउनसकेको छैन ।

१२७. **ग्रेड भुक्तानी** – अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिमा अस्थायी सेवामा कार्यरत १० कर्मचारी खुल्ला प्रतियोगिताको माध्यमबाट २०६६ श्रावणदेखि स्थायी नियुक्ति गरेको देखियो । अस्थायी कर्मचारीले केन्द्रको कर्मचारी सेवा शर्त नियमावली, २०६४ को नियम ६७ बमोजिम ग्रेड पाउँदै आएकोमा समितिको २०६५।१०।१३ को ८७ औँ बैठकको निर्णय अनुसार ती कर्मचारीहरुलाई स्थायी नियुक्ति गरेको मितिदेखि अस्थायी सेवामा हुँदा खाइपाई आएको ग्रेड सुविधालाई निरन्तरता दिने निर्णय गरी साविक देखिको ग्रेड रकम भुक्तानी गरेको छ ।

नियमावलीको नियम ५३ र ५४ मा कुनै कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घरबिदा तथा बिरामी बिदाबापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबका दरले हुनआउने रकम निजले एकमुष्ट लिनपाउने व्यवस्था छ । विकास समितिमा अस्थायीरुपमा कार्यरत कर्मचारीलाई सेवाबाट अवकास नगरी प्रतियोगितात्मक परीक्षाको माध्यमबाट सोही पदमा स्थायी नियुक्ति गरी साविकमा खाइपाई आएको ग्रेडलाई निरन्तरता दिएको अवस्थामा ती कर्मचारीलाई सेवाबाट अलग भएको भन्न नमिल्ने हुँदा सञ्चित घर तथा बिरामी बिदाबापतको रकम भुक्तानी दिन मिल्ने देखिएन । यसरी सेवाबाट अलग नभएका कर्मचारीलाई अस्थायी अवधिको सञ्चित बिदाको रु.७ लाख ७७ हजार भुक्तानी दिएको छ ।

१२८. **नियमावली** – विशेष निर्णयबाट २०४४ मा स्थापना भएको दक्षिणकाली क्षेत्र प्रबन्ध समितिले आर्थिक तथा प्रशासनिक विनियमावली तयार गरी समितिलाई व्यवस्थितरुपमा सञ्चालन गर्नुपर्नेमा विनियमावली बनाएको छैन । समितिको गत वर्षको जिम्मेवारी रु.७० लाख ४० हजार समेत रु.१ करोड ३३ लाख ५२ हजार आय भएकोमा रु.५७ लाख १९ हजार खर्च गरी रु.७६ लाख ३३ हजार बाँकी रहेकोमध्ये रु.२ लाख ८१ हजार नगद मौज्दात रहेकोमा २०६७।११।२५ सम्म बैङ्क दाखिला गरेको छैन । समितिले सम्पत्ति र दायित्व देखिने गरी वित्तीय विवरण तयार गर्ने नगरेबाट प्रस्तुत आय–व्यय विवरणले समितिको यथार्थ आर्थिक स्थिति दर्शाउनसकेको छैन ।

नगर विकास समितिहरु

बढ्दो जनसंख्या तथा शहरीकरणको परिप्रेक्षमा नगरहरुको पुन:निर्माण, विस्तार र विकासको साथै नगरवासीहरुलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित कायम गर्ने उद्देश्यले नगर विकास समिति ऐन, २०४५ अन्तर्गत हालसम्म १८१ नगर विकास समिति स्थापना भएका छन् । तीमध्ये लेखापरीक्षणमा प्रस्तुत भएका ३६ समितिको २०६६।६७ को वित्तीय विवरणको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१२९. **कार्यसम्पन्न नगरेको** – काठमाण्डौ उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, ललितपुर अन्तर्गत बागमती फाँट जग्गा एकीकरण आयोजनाभित्र विद्युतीकरण गर्ने कार्यको लागि रु.४० लाख ९५ हजारको लागत अनुमान तयार गरी नेपाल विद्युत प्राधिकरणसँग २०६६।५।२१ मा सम्झौता गरेको छ । सम्झौताबमोजिम २०६७ आषाढ मसान्तसम्ममा कार्यसम्पन्न गरिसक्नुपर्ने उल्लेख भए तापनि कार्यसम्पन्न भएको छैन ।

१३०. **आयोजना सुरुवात** –काठमाण्डौ उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, काठमाडौंले २०६२।६३ देखि दिव्यश्वरी जग्गा एकीकरण आयोजना सञ्चालन गर्ने गरी विभिन्न आयोजनाबाट यो वर्षसम्म रु.४९ लाख ३५ हजार सापटी प्राप्त गरी खर्च गरेको छ । तर आयोजना सुरु भएको ५ वर्ष वितिसक्दा पनि निर्माण कार्य सुरुनै भएको देखिएन ।

१३१. **भाडा** – नगर विकास समितिहरुको आयस्रोतकारुपमा रहेको जग्गा बिक्रीबापत प्राप्त हुनुपर्ने रकम, घर, पसल तथा जग्गा भाडामा लगाएबापतको रकम सम्झौता अवधिमा असुल गर्नसकेको देखिएन । समितिहरुले वासलात तयार नगरेको हुँदा उठ्न बाँकी रकम यकिन गर्ने आधार भएन । यो वर्ष नगर विकास समिति, महेन्द्रनगरले रु.९६ लाख ८६ हजार, लमहीले रु.३५ लाख ८३ हजार, धनगढीले रु.८ लाख १९ हजार, पोखरा उपत्यकाले रु.५ लाख ७३ हजार, दिपायलले रु.२ लाख ५ हजार, कोहलपुरले रु.८८ हजार र वीरगंजले रु.४८ हजार रकम असुल गर्न बाँकी रहेको लेखापरीक्षणबाट देखिएको छ । समितिलाई प्राप्त हुनुपर्ने रकम रु.१ करोड ५० लाख २ हजार सम्झौताबमोजिम हर्जाना सहित असुल गर्नुपर्दछ ।

१३२. **सापटी** – धनगढी नगर विकास समितिले २०५० सालमा दुई सरकारी कार्यालयलाई रु.१५ लाख र एक स्वायत्त संस्थालाई रु.१० लाख सापटी उपलब्ध गराएकोमा उक्त रकम शोधभर्ना लिएको छैन । त्यसैगरी महेन्द्रनगर नगर विकास समितिले गत विगत वर्षदेखि विभिन्न सरकारी कार्यालय, राजनैतिक पार्टी, क्याम्पस, संस्था र कर्मचारी समेतलाई दिएको सापटी रु.४२ लाख ३७ हजार शोधभर्ना लिएको छैन ।

१३३. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा २४ कार्यालयबाट रु.१९ करोड ३४ लाख १ हजार र प्रारम्भिक प्रतिवेदनको क्रममा १९ कार्यालयबाट रु.९ लाख ४९ हजार सम्परीक्षणको क्रममा रु.१ करोड १ लाख ३ हजार र अन्य निकायतर्फ रु.५७ करोड ३० लाख ८३ हजार समेत रु.७८ करोड ३५ लाख ३६ हजार असुल भएको छ ।

१३४. **पेस्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा १३४ कार्यालयको रु.३ अर्ब ३० करोड ८० लाख १३ हजार पेस्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ८ कार्यालयबाट रु.९ करोड९४ लाख ८० हजार (आंशिक) फछ्यौंट गरी १३४ कार्यालयको रु.३ अर्ब २० करोड ८५ लाख २९ हजार पेस्की बाँकी रहेको छ ।

१३५. **सम्परीक्षण** – मन्त्रालय/निकाय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ :

१३५.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.४ अर्ब ५९ करोड १८ लाख ३२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४७ करोड ४१ लाख ४६ हजार फछ्यौंट गरेकोले रु.४ अर्ब ११ करोड ७६ लाख ८६ हजार बाँकी रहेको छ ।

१३५.२ संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.८७ करोड ७० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६८ करोड ७३ लाख ८७ हजार फछ्यौंट गराएकोले रु.१८ करोड २६ लाख ८३ हजार बेरुजू बाँकी रहेको छ ।

१३५.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरको रु.२० करोड ३६ लाख १२ हजार समेत प्रतिवेदन अवधिसम्म रु.१ अर्ब ७३ करोड ९५ लाख ७४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१३५.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.३५ करोड ७९ लाख १९ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२ अर्ब ९ करोड ७४ लाख ९३ हजारमध्ये रु.२ अर्ब २ करोड ६२ लाख ५५ हजार सरकारी कार्यालयतर्फ र रु.७ करोड १२ लाख ३८ हजार अन्य संगठित संस्थातर्फको छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

मन्त्रालय र मातहत समेत ८६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.९२ करोड ७५ लाख ४५ हजार, राजस्वतर्फ रु.३ करोड २ लाख ९८ हजार र धरौटीतर्फ रु.५९ लाख ६४ हजार र अन्य कारोबारतर्फ रु.१ करोड ३२ लाख ९१ हजार गरी रु.९७ करोड ७० लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका समिति तथा अन्य संस्था ४ को रु.२२ करोड ५२ लाख ४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन ।

१.१ नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५ को दफा १९(३) मा धर्मपुत्र धर्मपुत्रीको रुपमा ग्रहण गर्न स्वीकृति दिएबापतको शुल्क रकम अनाथ बालबालिकाको कल्याण तथा संरक्षणमा खर्च गर्ने उल्लेख छ । सुरुमा बजेट विनियोजन नभएकोमा अर्थ मन्त्रालयको २०६६।१०।७ र २०६६।११।२१ को रकमान्तर पत्रानुसार धर्मपुत्र, धर्मपुत्री ग्रहण कार्यक्रममा खर्च गर्न भत्ता, कार्यालयसम्बन्धी खर्च, मर्मत तथा सम्भार र इन्धनमा रु.३७ लाख निकासा लिई खर्च गरेको छ । धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रियामा तोकिएबमोजिमका बालकल्याण गृह, अनाथालय वा बालमन्दिर सूचीकरण तथा विदेशी संस्था वा एजेन्सीको सूचीकरण, जस्ता कार्यमा भएको खर्चबारे अनुगमन भएको देखिएन ।

१.२ ग्रामीण, दलित, जनजाति र विपन्न वर्गका महिलाको सशक्तीकरण गरी आयोजना क्षेत्रमा गरिबी घटाउने, आर्थिक सामाजिक, कानूनी सशक्तिकरण र संस्थागत सुदृढीकरणको माध्यमद्वारा महिलाको सामाजिक, आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्यले एशियाली विकास बैंकको ऋण सहयोगमा संचालित महिला समानता तथा महिला सशक्तिकरण कार्यक्रम २०६३ देखि सुरु भई २०६८ पौषमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कार्यक्रमको लागत रु. १ अर्ब २० करोड ८२ लाख २५ हजार (अमेरिकी डलर १ करोड ५५ लाख) रहेकोमा रु.३८ करोड ५७ लाख ३३ हजार खर्च (लागतको तुलनामा ३१.९३ प्रतिशत) भएको छ । आयोजना सम्पन्न हुन ९ महिना वांकी रहेकोमा खर्च न्यून भएकोले तोकिएको अवधिमा आयोजनाको कार्य सम्पन्न हुन सक्ने अवस्था देखिदैन ।

१.३ समाज कल्याण ऐन, २०४९ को दफा ९(च) मा परिषद्सँग आबद्ध संघसंस्थाहरुका लागि सूचना तथा अभिलेख केन्द्रका रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । समाज कल्याण परिषद्ले गैरसरकारी संस्थाको आबद्धता प्रमाणपत्र, विधान, आर्थिक सहयोग, कार्यक्रम प्रस्ताव, सम्झौता, मासिक तथा वार्षिक प्रतिवेदनहरु लगायत संस्थासँग सम्बन्धित एकीकृत अभिलेख राखेको छैन । परिषद्ले चालू वर्षदेखि सूचना केन्द्र स्थापना गरी संघ संस्थाहरुसम्बन्धी सबै प्रकारका सूचनाहरु उपलब्ध गराउने नीति अवलम्बन गरिने प्रतिबद्धता व्यक्त गरेकोमा सुधार भएको छैन ।

१.४ **बहाल कर** – समाज कल्याण परिषद्अन्तर्गत गत वर्षसम्मको विभिन्न व्यक्ति र निकायबाट रु.१ करोड ८९ लाख २७ हजार घर तथा जग्गा बहाल र विद्युत महसुल असुल गर्न बाँकी रहेकोमा यो वर्ष रु.४८ लाख ९७ हजार असुल भएको छ । यो वर्षको बाँकी रु.७ लाख ३९ हजारसमेत रु.१ करोड ४७ लाख ६९ हजार असुल हुन बाँकी छ । सम्झौताबमोजिम रकम नबुझाउनेलाई सोको शर्त र प्रचलित कानूनबमोजिम कारबाही गरी वक्यौता रकम असुल गर्नुपर्दछ ।

१.५ समाज कल्याण परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० को नियम २९(४) मा व्यवस्था भए तापनि आन्तरिक लेखापरीक्षण भएको देखिएन ।

१.६ समाज कल्याण परिषद्को कर्मचारी सेवा शर्त नियमावली, २०५० को नियम २४ मा व्यवस्था भएअनुसार रिक्त हुन आएको स्वीकृत दरबन्दी तत्काल पूर्ति गर्नपर्ने भएमा सदस्य सचिवले एक पटकमा बढीमा ६ महिनाको लागि अस्थायी नियुक्त गर्न सक्ने व्यवस्था छ । गत विगत वर्षदेखि नियुक्त भएका ८ जना सहायक निर्देशकसमेत ३१ कर्मचारीलाई ६–६ महिनामा म्याद थप गर्दै लगी यो वर्ष दशैं खर्चसमेत रु.५२ लाख ७२ हजार तलव भत्ता खर्च लेखेको छ ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **प्राविधिक सहायता –** अर्थमन्त्रीले संसदमा प्रस्तुत गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (थप अनुमानको स्रोत पुस्तिकामा नपरेको) मा यस मन्त्रालयसँग सम्बन्धित बाल संरक्षणको लागि क्षमता अभिवृद्धि, एच.आई. भी. संक्रमित बालबालिकाको संरक्षण तथा स्याहार, लैङ्गिक मूल प्रभावहीकरण तथा सामाजिक सामावेशीकरण र छउपडी प्रथम निवारण कार्यक्रमका लागि तीन दाताबाट रु.१८ करोड ४८ लाख २९ हजार प्राविधिक सहायतासम्बन्धी सम्झौता भएको उल्लेख छ ।

प्राविधिक सहायताको विवरणमा खर्च हुने विवरण खुलाएको छैन । प्राविधिक सहायता सम्बन्धी सम्झौता, खर्च र प्राप्त उपलब्धिको विवरण उपलब्ध गराउन २०६७।९।२५ मा अनुरोध गर्दा उक्त विवरणमध्ये छाउपडी प्रथा निवारण आयोजनाको यो वर्ष खर्च भएको रु.५ लाख ७९ हजारको आय–व्यय विवरण प्राप्त भई लेखापरीक्षण सम्पन्न भएको छ । बाँकीको लेखापरीक्षण गराएको छैन ।

३. **प्रतिस्पर्धा** – सार्वजनिक खरिद ऐनको दफा ६६(१) मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानि–नोक्सानी हुने अवस्था आइपरेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्ने व्यवस्था छ । मन्त्रालयले विगतमा मन्त्रीले प्रयोग गर्ने गरेको सवारीसाधन प्रधानमन्त्री निवासमा र गृह मन्त्रालयमा पठाएको व्यहोरा जनाई एक थान सवारीसाधन रु.३७ लाख ९० हजारमा प्रतिस्पर्धा नगराई विशेष परिस्थिति उल्लेख गरी खरिद गरेको छ । खरिद समर्थनको लागि मन्त्रिपरिषद् कार्यालयमा २०६६।९।७ मा पठाएकोमा समर्थन भएको छैन । मन्त्रालयको सवारीसाधन अन्य निकायमा पठाई थप साधन खरिद नगर्दा थप हानि–नोक्सानी हुने कारण उल्लेख गरी नियमानुसार सवारीसाधन खरिद गर्नुलाई स्वच्छ र नियमतसम्मत भन्न मिल्ने देखिएन । विशेष परिस्थितिमा खरिद भएको र यसप्रकारको कार्य पुन: नदोहोरिने भनी जवाफ मन्त्रालयबाट प्राप्त भएको छ ।

४. **अन्य प्रयोजनमा खर्च** – लोक सेवा आयोगबाट लिइने राजपत्र अनङ्कितं पदको मूल परीक्षामा सहभागी हुने महिला उम्मेदवारहरुको लागि नि:शुल्क तयारी कक्षा सञ्चालनको अनुगमन गर्न रु.२ लाख ७० हजार बजेट छुट्याएको छ । सोमध्ये रु.१ लाख ४५ हजार भारतको जयपुरस्थित अस्पतालको अवलोकन भ्रमण गर्न र मन्त्रीको भिसा व्यवस्था गर्न दिल्ली जाँदा आउँदाको दैनिक भ्रमण भत्तामा खर्च गरेको छ । बजेट सिद्धान्तविपरीत एक प्रयोजनको लागि छुट्याएको रकम अर्को प्रयोजनमा खर्च गर्नु उचित होइन ।

५. **कोष स्थापना** – दैवी विपतमा परेका बालबालिकाको उद्धार गरी परिवार तथा समाजमा पुनर्स्थापना गर्न स्थायी केन्द्रीय आपतकालीन बालराहत कोष स्थापना गरी कोष सञ्चालन गर्न केन्द्रीय बाल कल्याण समितिलाई रु.१ करोड अनुदान उपलब्ध गराएको छ । समितिले उक्त रकम एक वाणिज्य बैङ्कको चल्ती खातामा जम्मा गरेको छ । कार्यक्रममा व्यवस्था भएअनुरुप बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने कार्यमा परिचालन गर्नुपर्नेमा सो नगरी फ्रिज नहुने खातामा राख्नु कोष स्थापनाको उद्देश्यविपरीत देखियो ।

६. **पुनर्स्थापना कोष** – मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली, २०६५ को नियम १७(३) मा पुनर्स्थापना कोषको रकम पीडितको उद्धार र पुनर्स्थापना कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले

पुनर्स्थापना कोषको रु.१ लाख ३२ हजारपछि हिसाब मिलान गर्ने गरी तलबबाट खर्च लेखेको छ । उक्त खर्च आर्थिक वर्षको अन्त्यसम्म पनि हिसाब मिलान गरेको छैन । चालू आर्थिक वर्षमा तलब भत्ता भुक्तानी दिँदा कट्टी गरी असुल गरिने जवाफ प्राप्त भएको छ ।

७. **अनुगमन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालबसाली प्रकृतिको बाहेक विशेष प्रकारको पटके कार्यक्रमको लागि सम्बन्धित मन्त्रालयमार्फत निकासा भई संघ संस्थालाई दिएको रकमको आय–व्ययको प्रगति विवरण लिई जुन कामको लागि त्यस्तो रकम निकासा दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको, लेखापरीक्षण भए नभएको अध्ययन र अनुगमन गरी मन्त्रालयले वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २ संस्थालाई रु.४० लाख भवन निर्माण गर्न र एक संस्थालाई कार्यक्रम सञ्चालन गर्न रु.१० लाख अनुदान दिएकोमा ती संस्थाले गरेको कार्य प्रगतिको अनुगमन गरेको पाइएन ।

८. **काज –** निजामती सेवा ऐन, २०४९ को दफा १८ क उपदफा (१) अनुसार निजामती कर्मचारीहरुलाई एकवर्षमा ३ महिनाभन्दा बढी अवधि काजमा राख्न नमिल्ने र सोही दफाको उपदफा (२ख) अनुसार कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई अन्यत्र काजमा खटाउन नपाइने प्रावधान छ । महिला तथा बालबालिका कार्यालय, नुवाकोटका महिला विकास अधिकृत २०६६ पौषमा नयाँ नियुक्ती भएकोमा सो अवधि देखि लेखापरीक्षण अवधि २०६७।५।१४ सम्म २ दिनमात्र र २ महिला कार्यकर्ता २०६६ माघ र फागुनमा नयाँ नियुक्ति भएकोमा एक २०६६।११।१ गते एकदिनमात्र र अर्को एक २०६६ फागुनमा २ दिनमात्र कार्यालयमा हाजिर भएको देखिन्छ । बाँकी अवधि विभागमा काजमा रहेको देखियो । नयाँ नियुक्ति भई ६ महिनाको परीक्षणकालमा रहेका कर्मचारीहरु वर्षभरि नै अन्यत्र काजमा खटाएकोले राजपत्र अनङ्कित प्रथम श्रेणीको सुपरभाइजरबाट कार्यालय सञ्चालन गरेको पाइयो । यसरी लामो अवधिसम्म ऐनको प्रावधानविपरीत काजमा राखी यो वर्ष ती कर्मचारीहरुको तलब भत्ता बापत रु.२ लाख ८ हजार खर्च लेखेको छ ।

लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजना

९. **लैङ्गिक लेखापरीक्षण –** लैङ्गिक बजेटको अवधारणाअनुरुप व्यवस्थापन भएको यस आयोजना लागू भएका १५ जिल्लामध्ये रौतहट, धनुषा, सिन्धुली, महोत्तरी, सर्लाही र बारा समेत ६ जिल्लाको लैङ्गिक बजेटको अवधारणाअनुरुप लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

९.१ सामुदायिक पूर्वाधार बिकास खरिद निर्देशिका, २०६७ मा जिल्ला आयोजना इकाईले उपभोक्ता समितिलाई आर्थिक वर्ष नाघ्ने गरी पेश्की दिन नहुने र सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्म पेश्की दिने, पेश्की फछ्यौंट भए जति रकममात्र अर्को किस्ता कायम गरी पेश्कीको रुपमा शोधभर्ना दिने र त्यसरी दिएको पेश्कीको भुक्तानी गर्नु अघि फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । महिला तथा बालबालिका कार्यालय, बाराले कार्यक्रम लागू भएका ६ गाउँ विकास समितिमा भवन निर्माण, शौचालय निर्माण तथा ट्यबुवेल निर्माणको लागि निकासा भएको रु.७१ लाख ३६ हजार ६ महिला बचत तथा ऋण सहकारी संस्थालाई रु.६९ लाख ४८ हजार २०६६।३।२८ मा पेश्की उपलब्ध गराई २ दिनपछि ती सस्थाहरुको बैङ्क खाता रोक्का राखेको छ ।

९.२ महिला तथा बालबालिका कार्यालय, सर्लाहीले ६ महिला सहकारी संस्थालाई आर्थिक वर्षको अन्तमा सार्वजनिक निर्माण कार्य गर्न बजेट फ्रिज नगर्ने उद्देश्यले निर्देशिकाविपरीत रु.८१ लाख ९ हजार २०६७ आषाढ मसान्तभित्र काम सम्पन्न गर्नुपर्ने गरी पेश्की दिएको छ । सोमध्ये तीन महिला संस्थाको नाममा रु. २७ लाख ४६ हजार गत वर्षको पेश्की बाँकी नै रहेको अवस्थामा यो वर्ष रु.२८ लाख ६८ हजार पेश्की उपलब्ध गराएको छ । आर्थिक वर्षको अन्तमा पेश्की उपलब्ध गराई सोही वर्षभित्र काम सम्पन्न गर्ने गरी सम्झौता गरिनु उपयुक्त देखिएन ।

९.३ महिला तथा बालबालिका कार्यालय, महोत्तरीले निर्देशिकाविपरीत दुई उपभोक्ता समितिलाई सडक ग्राभेल र कल्भर्ट निर्माण गर्न आर्थिक वर्षको अन्तमा पेश्की माथि पेश्की खर्च लेखी क्रमश: रु.८ लाख ६४ हजार र

रु.५ लाख १० हजार एवं रौतहटले निर्देशिकाविपरीत ३ उपभोक्ता समितिलाई आर्थिक वर्षको अन्तमा सोही कार्यका लागि रु.३४ लाख १३ हजार पेश्की उपलब्ध गराएकोमा फछ्यौंट गरेको छैन ।

अन्य संस्थातर्फ

समाज कल्याण परिषद्

१०. **वासलात** –समाज सेवी व्यक्ति तथा संस्थाहरुको मर्यादा र प्रतिष्ठा बढाउन तथा गैरसरकारी सामाजिक संघ संस्थाको काममा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई हाल समाजकल्याण ऐन, २०४९ अन्तर्गत सञ्चालित भइरहेको छ ।

समाज कल्याण परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० को नियम २५(२) अनुसार परिषदले तोकिएबमोजिम सम्पत्तिको विवरण तयार गरी वासलात तयार गर्नुपर्ने व्यवस्था रहेकोमा तयार नगरेकोले परिषद्को वास्तविक सम्पत्ति र दायित्व यकिन हुन सकेन ।

११. **खर्च समर्थन** – परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० को नियम ९(४) बमोजिम बजेट स्वीकृत नभएसम्मको लागि परिषद्ले प्रस्ताबित बजेटको एक चौथाईसम्म खर्च गर्न स्वीकृति दिन सक्ने प्रावधान अनुसार यो वर्षको बजेट तथा कार्यक्रम पारित नभएकोले प्रशासनिक तथा कार्यक्रममा रु.४ करोड ९९ लाख ५७ हजार खर्च भएको छ । परिषद्को प्रस्ताबित बजेट रु.९ करोड १८ लाख ७७ हजारको तुलनामा ५४.३७ प्रतिशत खर्च देखियो ।

१२. **अनुगमन** – यो वर्ष २ हजार ४८० समेत यस वर्षसम्म ३० हजार २८४ गैरसरकारी संघ संस्था दर्ता भएका छन् । सोमध्ये २५९ संघ संस्थाहरुले प्रगति प्रतिवेदन र २७८ संघ संस्थाहरुले लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिन्छ । प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने संघ संस्थाहरुको समाज कल्याण ऐनअनुसार अनुगमन गरी कारबाही गर्ने गरेको देखिएन ।

१३. **एकद्वार प्रणाली** – यो वर्ष दर्ता भएका मध्ये ४६९ गैरसरकारी संघ संस्थाको ९३६ कार्यक्रमको लागि रु.५ अर्ब २१ करोड ८७ लाख ४३ हजारको सम्झौता स्वीकृत भएको छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्था १५८ सँग रु.६ अर्व ३० करोड ८१ लाख ७६ हजारको सम्झौता सम्पन्न भएको विवरण प्राप्त भएको छ । वैदेशिक सहायता नीति, २०५९ को कार्यान्वयनसँगै एकद्वार प्रणालीअन्तर्गत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको छाता संगठनको रुपमा समाज कल्याण परिषद्बाट हुने गरेको देखिन्छ । सुरु सम्झौता समाज कल्याण परिषद्सँग हुने प्रावधान रहे तापनि अर्थ मन्त्रालय, पररा्ष्ट्र मन्त्रालय, गृह मन्त्रालय तथा सम्बन्धित मन्त्रालयमार्फत कार्यान्वयनस्तरमा सम्झौता गरी सहयोग प्राप्त हुने व्यवस्थाले वास्तविक सहयोगको स्थिति यकिन हुन नसकेको अवस्था रहेको छ । ऐन नियममा स्पष्ट व्यवस्था गरी एकद्वार प्रणाली अन्तर्गत अन्तर्राष्ट्रिय गैरसरकारी सहायता प्राप्त हुनुपर्दछ ।

१४. **पारिश्रमिक खर्च** – अनुगमन तथा मूल्याङ्कनको लागि तोकिएको पारिश्रमिकको साथै आतेजाते खर्च र फिल्डमा खाने वस्ने व्यवस्था सम्बन्धित गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले व्यहोर्नुपर्ने उल्लेख छ ।

यो वर्ष गैरसरकारी संघ संस्था ७७ को अनुगमन मूल्याङ्कन भएकोमा ६३ संस्थाको आफ्नै खर्चमा र १४ संस्थाको परिषद्को खर्चमा भएको उल्लेख छ । त्यस्तै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ७१ को अनुगमन मूल्याङ्कन भएकोमा सोबापत यो वर्ष गत वर्षको बाँकी भुक्तानीसमेत रु.१ करोड ७८ लाख ७२ हजार खर्च भएको छ ।

पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कुनै निश्चित निर्देशिका, मापदण्ड स्वीकृत भएको देखिएन । गैरसरकारी संस्थातर्फ रु.१५ हजारदेखि डेढलाखसम्म र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थातर्फ एकलाखदेखि रु.५ लाख ३५ हजारसम्म पारिश्रमिक दिएको देखिन्छ । अनुगमन कार्यको लागि ४ सदस्यीय एक टोलीलाई रु.५

लाख ३५ हजार पारिश्रमिक उपलब्ध गराएको छ । त्यस्तै कार्यको लागि अर्को एक ५ सदस्यीय टोलीलाई रु.२ लाख ८ हजार उपलब्ध गराएको छ । टोलीमा संयोजक र सदस्यहरुको पारिश्रमिक अनुपात निर्धारण गरिने मापदण्ड तयार गर्नुपर्दछ ।

१५. **स्वामित्व –** अचल सम्पत्ति विवरणअनुसार समाज कल्याण परिषद्, लैनचौरको २८ रोपनी १४ आना, भृकुटीमण्डपको २१४ रोपनी १४ आना २ पैसा, दुवाकोट भक्तपुरको ४१३ रोपनी २ आना, बूढानीलकण्ठ, नयाँबानेश्वर र बालमिकी क्याम्पसको पूर्वपट्टि रहेको जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको देखिएन । भक्तपुर दुवाकोटको जग्गा दंगा प्रहरी र परोपकार बाल ग्रामलाई केही वर्षको लागि भोगचलनमा दिएकोमा सोसम्बन्धी सम्झौता पेश भएन ।

१६. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा २६ कार्यालयबाट रु.४ लाख २० हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १५ कार्यालयबाट रु.१ लाख २४ हजार र सम्परीक्षणको क्रममा रु.६ लाख २ हजारसमेत रु.११ लाख ४६ हजार असुल भएको छ ।

१७. **पेश्की –** मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा २९ कार्यालयको रु.५ करोड ९ लाख ४३ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट आंशिक पेश्की रु.२ लाख ९५ हजार फछ्यौंट गरी २९ कार्यालयको रु.५ करोड ६ लाख ४८ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.४ करोड ९१ लाख ९५ हजार म्याद नाघेको रहेको छ ।

मन्त्रालयअन्तर्गतको एक समितिका २०६७ असार मसान्तमा रु.५२ हजार पेश्की देखिएको छ । उक्त पेश्की म्याद नाघेको छ ।

१८. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१८.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.६ करोड ८७ लाख ३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२४ लाख ४५ हजार फछ्यौंट गरेकोले रु.६ करोड ६२ लाख ५८ हजार बाँकी रहेको छ ।

१८.२ समितितर्फ यो वर्ष रु.१ करोड १६ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५३ लाख ३४ हजार फछ्यौंट गरेकोले रु.६३ लाख ४९ हजार बाँकी रहेको छ ।

१८.३ मन्त्रालयले वार्षिक प्रतिवेदन २०६२ देखिको बेरुजूमध्ये २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.४९ लाख ८५ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.३ करोड १७ लाख ८२ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१८.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.२ करोड ५ लाख ९५ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.५ करोड २३ लाख ७७ हजारमध्ये रु.४ करोड ८३ लाख ३० हजार सरकारी कार्यालयतर्फ र रु.४० लाख ४७ हजार अन्यतर्फ रहेको छ ।

युवा तथा खेलकूद मन्त्रालय

मन्त्रालयको यो वर्ष विनियोजनतर्फ रु.४३ करोड ५९ लाख २५ हजार राजस्वतर्फ रु.१ लाख ३१ हजार, धरौटीतर्फ रु.९ लाख ४ हजार गरी कुल रु.४३ करोड ६९ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका अन्य संस्था एकतर्फ गत वर्षको रु २४ करोड ६४ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उलेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुदान** – सामाजिक सेवा सशर्त अनुदानतर्फबाट ४० सूचना केन्द्रको लागि अन्य रकमको अलावा स्थानीय युवा साझेदारी कार्यहरु सञ्चालन गर्न जिल्ला खेलकूद विकास समितिमार्फत युवा सूचना केन्द्रलाई प्रति केन्द्र रु.३ लाख ६० हजारको दरले रु.१ करोड ४४ लाख निकासा गरेको छ । सो रकममध्ये रु ७२ लाख सम्बन्धित खेलकूद विकास समितिले सो व्यवस्था बमोजिम कार्य सञ्चालन गरी निकासा गरेको जानकारी हुन सकेन । युवा सूचना केन्द्रको कार्य प्रगति सम्बन्धमा मन्त्रालयबाट अनुगमन भएको पाइएन । यस सम्बन्धमा सञ्चालन गरिने सबै कार्यक्रमको यथार्थ मूल्याङ्कन गर्ने अनुगमन निर्देशिका तयार गरिसकिएकोले युवा सूचना केन्द्रहरुबाट प्राप्त भएका एवं यस वर्षदेखि आउने कार्य प्रगति विवरण र लेखापरीक्षण प्रतिवेदन सोहीअनुसार प्रभावकारी रुपमा अनुगमन गर्ने कार्यक्रम रहेको जवाफ मन्त्रालयबाट प्राप्त भएको छ ।

राष्ट्रिय खेलकूद परिषद्लाई कार्यक्रम अनुसार राष्ट्रपति रनिङ्ग सिल्डको लागि रु.९ लाख निकासा गर्दा पेश्की कायम गरी बिल भरपाई प्राप्त भएपछि फछ्यौंट गर्नुपर्नेमा सिधै खर्च गरेको र अनुदानबाट खर्च लेख्दा शर्त सहित दिइएको रकमका सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरेको देखिएन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गरिनुपर्दछ ।

अन्य संस्थातर्फ

राष्ट्रिय खेलकूद परिषद् (२०६५।६६)

२. **वित्तीय विवरण** – परिषद्ले तयार पारेको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छन् :

२.१ परिषद्को वित्तीय विवरणमा यो वर्षसम्मको कर्मचारी तथा अन्य पेश्कीमा रु.१७ करोड ९ लाख ६० हजार देखाएको छ । सोमा २०५२।५३ देखि २०६०।६१ सम्मको पेश्की वाँकी रु.८ करोड २५ लाख ९६ हजार समावेश गरेको देखिएन ।

२.२ चालू दायित्व रु.२ करोड ६३ लाख ७ हजारमा ४ खेलकूद विकाससमितिका नामको २०५१।५२ देखिको जग्गाको मुआव्जाबापतको रु.१ करोड ९५ लाख ५३ हजार समावेश भएको छ । सो रकम हालसम्म माग भई नआएको र भुक्तानी दिनुपर्ने पुष्ट्याई समेत नरहेकोले दायित्वमा देखाई रहनुको औचित्य देखिदैन ।

२.३ यो वर्ष आय रु.४९ करोड ९४ लाख ७२ हजार र व्यय रु.३८ करोड ६ लाख ५१ हजार देखाई रु.११ करोड ८८ लाख २० हजार बचत देखाएको छ । करारबमोजिम प्राप्त हुने पसल भाडा रु.४ लाख १३ हजार, पौडी पोखरीको आय रु.१६ लाख १४ हजार लेखाङ्कन गरेको छैन । यो वर्ष प्रदान गरेको पेश्की रु.८ करोड ८० लाख १७ हजार फछ्यौंट नहुनाले खर्च यथार्थ देखिएन । सम्पत्तिको ह्रास खर्च लेखाङ्कन गरेको छैन ।

२.४ वासलातमा सवारीसाधनको रु.१ करोड २६ लाख १६ हजार, फर्निचरको रु.३१ लाख ९० हजार, उपकरणको रु.४२ लाख २ हजार गरी रु.२ करोड ८ हजार स्थिर सम्पत्तिमा देखाएकोमा अभिलेख अद्यावधिक नराखेको र भौतिक परीक्षण गरेको नदेखिएकोले सम्पत्तिको स्थिति यकिन गर्ने आधार भएन ।

३. **ऐन नियम सम्बन्धमा –** खेलकूद विकास ऐन, २०४८ को दफा २१ (२) मा परिषद्को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट र मातहतका क्षेत्रीय तथा जिल्ला खेलकूद विकास समितिको लेखापरीक्षण खेलकूद विकास नियम, २०४९ को नियम १३ र २० को (ठ) र (छ) मा परिषद्द्वारा तोकिएको लेखापरीक्षकबाट हुने व्यवस्था छ । परिषद्ले मातहत निकायको समेत हिसाब समावेश गरी केन्द्रिय वासलात र आयव्यय विवरण तयार गरी केन्द्रीय आर्थिक विवरण बनाउनुपर्ने अवस्थामा नियमको लेखापरीक्षणसम्बन्धी व्यवस्था ऐन सम्मत देखिएन ।

४. **ठेक्का व्यवस्था –** परिषद्ले सातदोबाटोस्थित पौडी पोखरी र चमेनागृह सञ्चालन गर्न वार्षिक रु.२२ लाखमा सम्झौता गरेको छ । परिषद्ले पौडी पोखरी प्रयोगमा पुरुषका लागि रु.६०।– र महिलाका लगि रु.४५।– भन्दा बढी शुल्क उठाउन नपाउने गरी सम्झौता गरे तापनि ठेकेदारले क्रमशः रु.१००।– र रु.७५।– उठाउँदा पनि कारबाही भएको छैन । ठेकेदारले वर्षको अन्त्यमा रु.७ लाख ३४ हजारमात्र बुझाएकोमा बाँकी रकम असुल गर्न कारबाही गरेको छैन । तोकेभन्दा बढी पौडी प्रयोगकर्तासँग शुल्क असुल गर्न मिल्दैन ।

५. **सदस्यको खर्च –** खेलकूद विकास ऐन, २०४८ को दफा २२ मा परिषद्का सदस्यलाई बैठकमा भाग लिएबापत बैठक भत्ता दिने उल्लेख छ । परिषद्को दैनिक कार्य सञ्चालनको जिम्मेवारी सदस्य सचिवको हुने व्यवस्था छ । परिषद्का सदस्यहरुलाई कर्मचारी सरह मासिक भत्ता दिने कानूनी व्यवस्था देखिदैन । कानूनी व्यवस्थाबेगरै उपाध्यक्ष र कोषाध्यक्षलाई मासिक रु.९ हजार र सदस्यलाई रु ५ हजारका दरले वर्षैभरिको रु.९ लाख ७१ हजार भत्ता दिएको देखियो ।

६. **खरिद प्रक्रिया –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले खरीद इकाई गठन गरी आगामी आर्थिक वर्षमा गर्ने खरिदको वार्षिक खरिद योजना तयार गर्नुपर्ने, नियम ३१ अनुसार रु.१० लाखभन्दा बढी मूल्यका सामान बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । परिषद्ले खरिद योजना नबनाई नियमिततर्फ रु.२१ लाख ७४ हजार र पाँचौ राष्ट्रिय खेलकूद प्रतियोगितातर्फ रु.६३ लाख ३३ हजार गरी रु.८५ लाख ७ हजार मूल्यका सामान सोझै वजारबाट खरिद गरेको छ । यसैगरी रु.४७ लाख ८० हजार मूल्यका ट्र्याकसुट, ब्याग र रुमाल ७ दिने सूचनाका आधारमा दरभाउपत्रद्वारा खरिद गरेको देखियो । यसरी ऐन नियमविपरीत हुने गरी खरिद गर्नु उचित होइन ।

७. **खेलकूद अनुदान–** राष्ट्रिय खेलकूद परिषद्मा दर्ता भएका ५७ संघमध्ये खेलकूद गतिविधि परिचालनको लागि अनुदान प्रदान गर्ने आधार, प्रक्रिया र सीमा निर्धारण नगरी १५ राष्ट्रिय संघलाई रु १८ लाख ६६ हजार अनुदान खर्च लेखेको छ । उक्त खर्च परिषद्को बोर्डबाट समर्थन गरेको र अनुदानबाट भएको कार्यको अनुगमन र मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेको देखिएन । त्यस्तै खेलकूद कार्यक्रमको लागि १९ अन्य राष्ट्रिय खेलकूद संघलाई रु.४६ लाख ३२ हजार पेश्कीस्वरुप अनुदान निकासा दिएकोमा उक्त रकमबाट कार्य सञ्चालन भएको खेलकूद गतिविधिको नाम र सोको प्रगति सम्बन्धमा अनुगमन र मूल्याङ्कन गरेको नदेखिँदा सोको अभावमा खर्चको यथार्थ स्थिति र प्रगति खुल्न नआएकोले उपलब्ध अनुदान रकम निर्दिष्ट कार्यमा सदुपयोग भएको बारे आश्वस्त हुने आधार भएन ।

८. **पाँचौं राष्ट्रिय खेलकूद –** पाँचौ राष्ट्रिय खेलकूद २०६५ चैत्र २४ देखि ३० सम्म सञ्चालन भएकोमा प्रतियोगिताको लागि युवा तथा खेलकूद मन्त्रालयबाट खेलकूद प्रतियोगिता सञ्चालनको लागि रु.२० करोड र पूर्वाधार निर्माण, मर्मत संभारका लागि रु.५ करोड समेत रु.२५ करोड बजेट व्यवस्था गरी निकासा भएको छ । परिषद्ले सो रकम चालू खर्च तर्फ रु ११ करोड ९१ लाख ९ हजार र पूँजीगत खर्चतर्फ रु.११ लाख १ हजारसमेत रु.१२ करोड २ लाख १० हजार खर्च गरेको वित्तीय प्रतिवेदनबाट देखिन्छ । प्रतियोगितामा २१ खेलका लागि ३ हजार १७३ खेलाडी, ३१५ प्रशिक्षक, २०० व्यवस्थापक, १ हजार २५ निर्णायक र ९६ संघका प्रतिनिधि सहभागी भएको विवरणबाट देखिएको छ । पांचौं राष्ट्रिय खेलकूदका लागि भएको खर्चको परीक्षणबाट देखिएका प्रमुख व्यहोरा यसप्रकार छन्:

८.१ पाँचौं राष्ट्रिय खेलकूद प्रतियोगिताको खेलकूद सञ्चालन गर्न ११ उप समिति गठन गरी पेश्की उपलब्ध गराएकोमा ६ उपसमितिको रु.४९ लाख ९३ हजार पेश्की फछ्यौंट भएको छैन । साथै खेलकूद सामग्री,

भौतिक पूर्वाधार र मर्मत, खेल पोशाक, क्षेत्रीय प्रतियोगिता लगायत कार्यका लागि दिएको पेश्की रु.६ करोड ९२ लाख ७६ हजार समेत फछ्यौंट नभएकोले खर्च यकिन गर्न सकिने अवस्था रहेन ।

८.२ परिषद् बोर्डको निर्णय अनुसार प्रतिखेलाडी प्रतिदिन रु.६००।– का दरले खान बस्नको लागि सुविधा दिने निर्णय भएको देखियो । होटलसँग खान बस्नको लागि लिएको सेवाको प्रतिव्यक्ति दररेटको सम्झौताबेगर रु.१ करोड १४ लाख ५१ हजार खर्च लेखेको छ । सो खर्चमा भएको खेलको नाम र त्यसमा संलग्न खेलाडी, प्रशिक्षक र व्यवस्थापकको नामनामेसीसहितको विवरण पेश भएको छैन । खान बस्नको व्यवस्था गरी रु.५ लाख ७३ हजार पकेट खर्च दिएपछि आर्थिक निर्देशिकाबमोजिम दैनिक भत्ता दिन नमिल्नेमा २ हजार ८६४ लाई २०६५।१२।२३ को दैनिक भत्ता रु.४००।– ले रु ११ लाख ४६ हजार दोहोरो सुविधा दिएको समेत देखियो ।

८.३ खेलकूद प्रतियोगिताको रु.११ करोड ८५ लाख २६ हजार खर्चमध्ये रु.२५ लाख ३४ हजार प्रतियोगितासँग असम्बन्धित विदेश लैजाने उपहार खरिद, कर्मचारी खाना एवं खाजा खर्च, अस्थायी कर्मचारीको तलब खर्च र मर्मतजस्ता कार्यमा खर्च लेखेको देखिएको छ ।

९. **हवाई टिकट** – मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिलाई ४ जिल्लाका विभिन्न टिमहरु खेलमा सहभागी हुँदा पेश्की फछ्यौंटका क्रममा हवाई यातायातको खर्च लेखेकोमा हवाई टिकटको कर अघिल्ला वर्षकै भुक्तानीको प्रमाण रहेको एवं बोर्डिङपास संलग्न रहेको पाइएन । हवाई टिकट एकतर्फी देखिएकोमा २८४ खेलाडी तथा व्यवस्थापकको दुई तर्फी हवाई यात्राको रु.२१ लाख ३० हजार एवं पुरुष भलिबलको लागि मुस्ताङ र मनाङ जिल्लाका २२ खेलाडी र व्यवस्थापकलाई पोखरासम्म हवाई यात्रा गरेबापत रु.१ लाख २१ हजार खर्च लेखेकोमा हवाई टिकट समेत पेश नभएको समेत रु.२२ लाख ५१ हजार खर्च रकम वास्तविक देखिएन ।

१०. **असुली** – यो वर्ष प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा मन्त्रालयबाट रु २ लाख असुल भएको छ ।

११. **पेश्की** – मन्त्रालयको २०६७ असार मसान्तमा रु.२१ लाख २३ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा रु.२ लाख फछ्यौंट गरी रु.१९ लाख २३ हजार पेश्की देखिएको छ । पूरै पेश्की रु.१९ लाख २३ हजार म्याद नाघेको छ ।

मन्त्रालयअन्तर्गतको राष्ट्रिय खेलकूद परिषद्को २०६६ असार मसान्तमा रु.२४ करोड ११ लाख ९५ हजार पेश्की बाँकी देखिएको छ ।

१२. **सम्परिक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ :

१२.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.४ करोड २० लाख ९७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ७० लाख ७४ हजार फछ्यौंट गरेकोले रु.१ करोड ५० लाख २३ हजार बाँकी रहेको छ ।

१२.२ अन्य संस्थातर्फ यो वर्ष रु.५ करोड ४८ लाख ९६ हजार बेरुजू देखिएको छ ।

१२.३ मन्त्रालयबाट वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू प्रतिवेदन अवधिसम्म रु.२ करोड ६१ लाख ९४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१२.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.१० करोड २९ लाख ३३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.१२ करोड ९१ लाख २७ हजारमध्ये रु.६ करोड ८ लाख ८९ हजार सरकारी कार्यालयतर्फ र रु.६ करोड ८२ लाख ३८ हजार अन्यतर्फ रहेको छ ।

रक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत २६६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२३ अर्ब ५१ करोड ५० लाख १८ हजार, राजस्वतर्फ रु.८ करोड ५२ लाख ६८ हजार, धरौटीतर्फ रु.४१ करोड १५ लाख ७० हजार गरी रु.२४ अर्ब १ करोड १८ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा वन तथा भू–संरक्षण मन्त्रालयको रु.९८ करोड ७२ लाख ९२ हजार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु.२६ करोड ७१ लाख ४१ हजार, भौतिक योजना तथा निर्माण मन्त्रालयको रु.८४ करोड १७ लाख समेत समावेश छ ।

मन्त्रालय र मातहत अन्य संस्था समिति ७ को रु.१२ अरब ५६ करोड ३१ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – महलेखा परीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१ बहुव्यवसाय उद्योग, सुनाचुरी इमल्सन प्लाण्ट, वीरेन्द्र अस्पताल (मेन्टिनेन्स फण्ड) सञ्चालनमा रहे तापनि प्रचलित नेपाल कानूनअनुसार दर्ता भएका छैनन् । वसुन्धरा कयान्टिन २०५२।५।१९ मा वाणिज्य विभागमा दर्ता भए तापनि नवीकरण गराएको देखिएन । बहुव्यवसाय उद्योगलाई कार्यसञ्चालन कोष ऐन, २०४३ अनुसार सञ्चालन गर्ने गरी २०६४ जेष्ठसम्म दर्ता गराउन सार्वजनिक लेखा समितिले निर्देशन दिएकोमा कार्यान्वयन हुन सकेको छैन ।

१.२ स्वयम्भू बारुदखाना, बहुव्यवसाय उद्योग र वीरेन्द्र अस्पताल (मेन्टिनेन्स फण्ड) ले लेखा पद्धति, बिक्री मूल्य निर्धारण प्रक्रिया, कच्चा पदार्थ तथा स्पेयर पार्टस खरिद, कार्यसञ्चालन खर्च, उत्पादन र प्रोत्साहन खर्च एवं सञ्चित कोष दाखिला हुने रकम सम्बन्धमा आवश्यक विनियम तयार गरेको छैन ।

१.३ मन्त्रालयअन्तर्गत नेपाली सैनिक कल्याणकारी कोष, स्वयम्भू बारुदखाना, वसुन्धरा क्यान्टिन र सुनाचुरी इमल्सन प्लाण्टले आर्थिक कारोबारको पूँजी एवं दायित्व तथा सम्पत्ति देखिने गरी लेखा तयार गर्नुपर्नेमा तदनुरुप लेखा तयार गरेको पाइएन ।

१.४ नेपाली सेना अन्तर्गत सञ्चालित सुन्दरीजल आर्सनल कार्यालय, बहुउद्देश्य प्लाष्टिक उद्योग, स्वयम्भू बारुदखाना, बहुव्यवसाय उद्योग र सुनाचुरी इमल्सन प्लाण्टले खरिद गर्ने कच्चा पदार्थ, उत्पादन र खपत सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी नर्म्स तयार गरेको छैन । स्वीकृत नर्म्स नहुँदा उद्योगको खरिद, उत्पादन र खपतको सम्बन्धमा विश्लेषण गर्न सकिएको छैन ।

१.५ नेपाली सेनाका ५ कार्यालयले यो वर्ष विद्युत तथा टेलिफोन महसुलबापत बजेट सिद्धान्त विपरीत रु.७ लाख २ हजार अग्रिम भुक्तानी गरेको देखियो । बजेट सिद्धान्तविपरीत अग्रिम रुपमा महसुल भुक्तानी गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

विगतका लेखापरीक्षणबाट औंल्याइएको व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **खरिद गुरुयोजना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दशकरोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको प्रकार, परिमाण, अनुमानित मूल्य, खरिद विधि समय तालिका आदि खुल्ने गरी गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाली सेनाको लागि आवश्यक पर्ने विभिन्न मालसामान

खरिद गर्न सम्भाररथी विभागको स्थापना भई खरिद कार्य गर्दै आएकोमा प्रत्येक वर्ष रु.दशकरोडभन्दा बढीको सामान खरिद गरे तापनि खरिद गुरुयोजना तयार गरेको देखिदैन । कानूनको पालना हुने गरी खरिद कार्यमा सुधार गर्नुपर्दछ ।

३. **वार्षिक खरिद योजना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । वार्षिक खरिद योजना व्यवस्थित नगरिएसम्म खरिद कार्य प्रभावकारीरुपले कार्यान्वयन हुन नसक्ने हुँदा वार्षिक खरिद योजनालाई व्यवस्थित गर्नुपर्दछ । खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१ उपलब्ध भएसम्मको विवरणअनुसार यो वर्ष नेपाली सेनाअन्तर्गत १० कार्यालयले वार्षिक खरिद योजनाबेगर रु.१४ करोड ८ लाख ६० हजारको विभिन्न मालसामान खरिद गरेको पाइयो ।

सम्भाररथी विभागले विदेशबाट प्रतीतपत्र खोली सैनिक बन्दोबस्तीका सामान तथा उपकरण खरिद गर्न विभिन्न कम्पनीलाई उपलब्ध गराएको प्रतीतपत्र पेश्की रु.४३ करोड ६३ लाख ७१ हजारको सामान वर्षान्तसम्म प्राप्त हुन सकेको देखिएन । विभागले तयार गरेको खरिद योजना २०६६।७।२७ मा स्वीकृत गरी तीन चौमासिकमा सामान खरिद गर्ने उल्लेख गरे तापनि रु.७७ करोड ७९ लाख ४१ हजारको सामान तेस्रो चौमासिकमा खरिद गर्ने कार्यको थालनी गरेवाट खरिद योजनाबमोजिम खरिद कार्य सञ्चालन गरेको देखिएन ।

३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ अनुसार अमानतबाट काम गर्नु पर्दा समेत ऐन र नियमावलीको प्रक्रियाबमोजिम निर्माण सामग्री खरिद गर्नुपर्ने उल्लेख छ । यो वर्ष लेखापरीक्षणको क्रममा सङ्कलित विवरणअनुसार नेपाली सेनाअन्तर्गतका ३३ कार्यालयले जवानलाइन घर, भान्सा घर, क्वाटर गार्ड घर, शौचालय आदि निर्माणबापत रु.९ करोड २ लाख ९४ हजार खर्च गरेकोमा सोको लागि लाग्ने निर्माण सामग्री रु.७ करोड ५८ लाख ५९ हजार ऐन र नियमको प्रक्रिया पूरा नगरी पटक पटक सोझै खरिद गरेको देखिएकोले खरिद प्रक्रियामा सुधार गर्नुपर्ने देखिन्छ ।

३.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ ले खरिद कारबाही सुरु गर्नु अघि माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था गरेको छ । सम्भाररथी विभागले नेपाली सेनालाई उपलब्ध गराउने सामान खरिद गर्दा आवश्यक संख्या, उपलब्ध गराउनुपर्ने सामान, गत वर्षसम्म उपलब्ध गराएको सामान, उपलब्ध गराउने अवधि, सामानको मौज्दात र यस वर्ष खरिद गर्नुपर्ने परिमाण स्पष्ट हुने गरी विवरण तयार गर्नुपर्नेमा माग परिमाणको अभावमा खरिद कार्यगर्दा बढी/घटी खरिद हुन सक्ने र समयमा आपूर्ति हुन नसक्ने स्थिति भएकोले मालसामानको विवरण तथा खरिद मागलाई दुरुस्त गनुपर्ने देखिएको छ ।

३.४ सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८ मा खरिद मूल्यको आधारमा सोझै वा सिलबन्दी दरभाउपत्र वा बोलपत्रमध्ये कुनै एक विधि अपनाई खरिद गर्नुपर्ने र खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी गर्न नहुने उल्लेख छ । उपलब्ध विवरणअनुसार यो वर्ष ७ इकाईले रु.४ करोड ८१ लाख ९३ हजारको खरिद कार्य टुक्र्याई पटकेरुपमा सोझै खरिद गरेकोले कानूनको पालना हुने गरी सुधार हुनुपर्दछ ।

४. **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ ले सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेसिफिकेशनको अधीनमा रही चालू वा अघिल्लो वर्षहरुमा अन्य निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ ।

सम्भाररथी विभागले लागत अनुमान तयार गर्दा विभिन्न ३ कम्पनी वा फर्मको दरभाउ लिई त्यसैलाई औसतरुपमा लागत अनुमान कायम गरेको र स्वीकृत गरेको पाइयो । यथार्थपरक रुपमा लागत अनुमान तयार नभएमा सामान खरिद कार्य मितव्ययीरुपले भएको सुनिश्चित गर्न नसकिने हुँदा लागत अनुमान तयार गर्दा नियमावलीको प्रक्रिया पूरा गरी भरपर्दो बनाउनुपर्ने देखिन्छ ।

५. **भेरिएसन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ ले खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले १५ प्रतिशतसम्मको भेरिएसनको आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ ले मालसामान खरिद र अन्य सेवा खरिदका हकमा लागत अनुमान तयार गरी सम्झौता मूल्यको १५ प्रतिशतसम्मको भेरिएसन आदेश लागत अनुमान र प्राविधिक पुष्ट्याई गरी विभागीय प्रमुखले दिनसक्ने उल्लेख गरेको छ । सम्भाररथी विभागबाट उपलब्ध विवरणअनुसार सम्झौता पश्चात जुत्ता, ब्याग, रक्षा सामग्रीलगायतका सामान आपूर्ति गर्न सुरु सम्झौताको मूल्यको आधारमा परिमाण थप गरी रु.५ करोड ६४ लाख १९ हजार मूल्यको भेरिएसन आदेश दिएको पाइयो ।

भेरिएसन दिनुपर्ने प्राविधिक पुष्ट्याई र लागत अनुमान नै नगरी भेरिएसन आदेश दिने गरेकोले भेरिएसन दिने कार्य सार्वजनिक खरिद नियमावलीअनुसार भएको नदेखिँदा यसप्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ ।.

६. **खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ ले पाँचहजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । उपलब्ध विवरणअनुसार सम्भाररथी विभागले यो वर्ष मण्डी, मोजालगायत रु.४ करोड १६ लाख मूल्यका सामान बहुव्यवसाय उद्योगबाट खरिद गरेकोमा उक्त फर्मले स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको देखिदैन ।

७. **जिन्सी मौज्दात** – खरिद र सामानको प्रभावकारी व्यवस्थापन गरेको सुनिश्चित हुन यथार्थ मागको पहिचान, सो आधारमा खरिद योजना, खरिद योजनाको आधारमा खरिद कार्य र खरिद पश्चात मागबमोजिम वितरण गरेको हुनुपर्दछ । सम्भाररथी विभागले खरिद गरेका केही जिन्सी सामानको निरीक्षण गर्दा निम्न सामान भण्डारमा नै रहेको देखिएको छ:

सि.नं.	सामानको नाम	परिमाण गोटा	गत वर्षको परिमाण	यसवर्ष खरिद २०६६।६७	२०६७।८।१७ सम्म खर्च	भण्डारमा मौज्दात वाँकी २०६७।८।१७ सम्म
१	आइरन सेफ	गोटा	११	-	-	११
२	ल्यायटप कम्प्युटर	गोटा	३	१८	७	१४
३	हरियो मण्डी	गोटा	२७१८८	५६१०५	५८२५१	२५०४२
४	चुस्ता	मीटर	४१०२३	३९४२२८	३७५६७४	५९५७७
५	स्लिपिङ्ग व्याग	गोटा	२१६२०	१२२०८	१९४५०	१४३७८
६	डी.एस.एम.बुट	जोर	-	७८५८४	२७४७५	५११०९
७	फायर एक्स्टङ्गगुइसर	गोटा	१४९	८०	५७	१७२

विभागले यो वर्ष खरिद गरेका समानहरु २०६७।६८ को मध्य अवधिसम्म पनि माथि उल्लिखित परिमाण भण्डारमा नै रहेको देखिएकोले आवश्यकताअनुरुप खरिद कार्यमा तादात्म्यता मिलेको देखिएन । खरिद सामानहरुको समयमै उपयोग हुन नसकेमा ग्यारेन्टी तथा वारेन्टी अवधिको कुनै प्रयोजन नरहने, सामानको गुणस्तरमा ह्रास हुने र भण्डारमा जिन्सी सामानको उचित व्यवस्थापन गर्न कठिनाइ हुने देखिएकोले जिन्सीको समुचित व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

विकास निर्माण तथा स्थपति महानिर्देशनालय

८. नेपाली सेनाले सडकको सर्भे, नापजाँच गरी पाइलट ट्र्याक रोड खोल्ने कार्य गर्दै आइरहेको र केही सडकहरुमा सवारीसाधनहरु चल्न थालेको प्रगति विवरणबाट देखिएको छ । नेपाली सेनाले सरकारले सुम्पेको सडक निर्माणको कार्य अन्तर्गत यो वर्ष ८ सडक आयोजना तथा बेलीबृज जडान कार्यक्रममा रु.८४ करोड १७ लाख खर्च गरेको छ । निर्माण भएका सडक र पुलको विवरण निम्नानुसार छ:

(रु. हजारमा)

सडक आयोजनाको नाम	आयोजना सुरु मिति	सम्पन्न गर्नुपर्ने मिति	लम्बाई कि. मी.	लागत अनुमान	गत वर्ष सम्मको खर्च	यो वर्षको खर्च	जम्मा खर्च
१. मुसिकोट बुर्तिवाङ	२०५७/५८	नखुलेको	१४५	नखुलेको	१७६९७५	४२०००	२१८९७५
२. वेशीसहर चामे	२०५१/५२	२०६५/६६	६५	१०५१७३७	४६३१६३	१८५७००	६४८८६२
३. ताल लिंकरोड	२०६६/६७	२०६७/६८	१.३	४३०००			
४. डोल्पा दुनै	२०६४/६५	नखुलेको	११२	१४८५३५६	५००००	८००००	१३००००
५. नाग्मा गमगढी	२०६४/६५	नखुलेको	८८.५१४	१५८२५६२	१४५०००	१७००००	३१५०००
६. छिन्चु जाजरकोट	२०४८/४९	नखुलेको	१०७	४६९७३३	२५२३३१	२००००	२७२३३१
७. बेनी जोमसोम सडक	२०५१/५२	२०६५/६६	९१ हाल ६०	५६४४४७	५५०८४७	३६०००	५८६८४७
८. देवस्थल कैनडाँडा	२०५४/५५	नखुलेको	४२	१९५४६६	२१०२९४	२००००	२३०२९४
९. तराई मधेश द्रुतमार्ग	२०६६/६७	नखुलेको	११५	३६८६४५९०	-	१९७५००	१९७५००
१०. पुल निर्माण	२०४८/४९	नखुलेको	-	९६४२५	-	९०५००	९०५००

८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले खरिद वा निर्माण कार्य गर्दा तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, त्यस्तो लागत अनुमान अद्यावधिक गरी राख्नुपर्ने र दफा ८ ले तोकिएको सीमाभन्दा बढीको खरिद गर्दा गुरुयोजना वा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था गरेको छ । यस महानिर्देशनालयले यो आर्थिक वर्षमा गरेका सडक निर्माण कार्यको अभिलेख परीक्षण गर्दा राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम र बजेटलाई नै लागत अनुमान मानी रु. १३ करोड २६ लाख ९ हजार मूल्यको निर्माण सामग्री बोलपत्रबाट खरिद गरी अमानतबाट निर्माण कार्य गराएको छ ।

८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१(१)मा रु.१ लाख ५० हजारभन्दा बढी १० लाखसम्मको निर्माण कार्य वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नसक्ने व्यवस्था छ । कार्यालयले ९ सडक आयोजनामा कार्यरत श्रमिक जवानको दुर्घटना बीमा तथा हेभिइक्युपमेन्ट तथा भेहिकलको बीमाबापत रु.२५ लाख ७६ हजार सीधै प्रिमियम खर्च लेखेको पाइयो ।

८.३ विभिन्न ७ सडक आयोजनामा यो वर्ष टुल्स, स्पेयर पार्टस् मेसिनरी औजारमा मात्र रु.७ करोड १६ लाख ६६ हजार खर्च लेखेको छ । आयोजना सञ्चालन गर्न आवश्यक पर्ने टुल्स, स्पेयर पार्टस्, मेसिनरी औजारको अनुमानित लागत तयार नभएकोले खरिद र उपयोगको मूल्याङ्कन विश्लेषण गर्न सकिने अवस्था छैन ।

८.४ बेनी जोमसोङ्ग सडक आयोजनामा स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भएअनुसार आयोजनाको कुल कार्यमध्ये निम्न कार्यमा गत वर्षसम्म तथा यस वर्ष निम्न परिमाणमा काम गरेकोमा प्राविधिक पुष्ट्याई एवं आधार प्रस्तुत हुन आएको छैन ।

(परिमाण घन मिटर)

कामको नाम	आयोजनाको कुल काय	गत वर्षसम्म सम्पन्न	यो वर्षको स्वीकृत कार्यक्रम	प्रगति	बढी कार्य	बढी कार्यको प्रतिशत
ढुङ्गामाटोको काम	१२१३४३५	१२७०५६३	१२६३०	३४२५१	९२३७९	७.५३
टेवा पर्खाल (ड्राई) वाल	५३७०६	५४९०६	२१९६	२२०१	३७०१	६.८९
टेवा ग्याबियन वाल	४४६५२	४८९६४	४६१५	४६८४	८७२६	१९.५४
पहिरो सफा गर्ने	६०४१९	१८१२५२	-	-	१२०८३३	१९९.९९

आयोजनाको लम्बाई ९१ कि.मि. हुन गई स्वीकृत वार्षिक कार्यक्रममा कुल लागत रु.९० करोड ५६ लाख १० हजार उल्लेख गरे तापनि त्यसलाई पुष्ट्याई गर्ने लागत अनुमान ड्रइङ, डिजाइन एवं दर विष्लेषण पेश गरेको छैन ।

८.५ छिन्चु–जाजरकोट सडक आयोजनामा ग्याबियन वालमा वार्षिक लक्ष्य १ हजार ५४० घ.मि.को लागि रु.४६ लाख २० हजार बजेट व्यवस्था गरेकोमा कार्यक्रम संशोधन नगरी २ हजार ७०६ घ.मि. निर्माण गरेकोले

प्राविधिक पुष्ट्याई एवं अधार बेगर स्वीकृत कार्यक्रम र बजेटभन्दा रु.२५ लाख ८५ हजार बढी खर्च गरेको छ ।

८.६ देवस्थल–कैनडाँडा सडक आयोजनामा स्पेयर्स पार्टस्का लागि बजेट व्यवस्था नभएकोमा रु.१० लाख १५ हजार, ग्याबियनवाल ३ हजार ५०० घनमिटर. बनाउन रु.९८ लाख बजेट व्यवस्था भएकोमा ७ हजार ६५६ घनमिटर काम गरी बजेटभन्दा रु.२० लाख ७७ हजार बढी र सिमेन्ट मेसिनरी वाल ७४५ घनमिटर बनाउन रु.२५ लाख ३३ हजार भएकोमा ६८७ घनमिटर मात्र बनाई स्वीकृत बजेटभन्दा रु.५ लाख ३२ हजार बढी खर्च गरेको नियमसम्मत देखिएन ।

८.७ जाजरकोट डोल्पा दुनै आयोजनाको लागि खरिद भएको रु.१७ लाख ३९ हजारको डेडकर्ड ५१ हजार मिटर, नेपोलाइट १ हजार ८७९ के.जी. र ग्याबियन तार ११ हजार ७८५ के.जी. अन्य आयोजनालाई सापटी दिँदा आयोजनाको खर्च यथार्थ नदेखिने भएकाले फिर्ता गरी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्ने देखिएको छ ।

९. **भवन निर्माण** – यो वर्ष ११३ निकायमा शिक्षालय लगायतको निर्माण कार्य भएको उल्लेख छ । निर्माणको लागि रु.११ करोड ७० लाख ३१ हजारको लागत अनुमान भएकोमा रु.१० करोड १७ लाख ४० हजार खर्च र रु.१ लाख १९ हजार श्रमदान सहित रु.१० करोड १८ लाख ५९ हजारको कार्य सम्पन्न गरेको देखिन्छ । भवन निर्माण सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

९.१ भवन निर्माण कार्य गर्दा केन्द्रबाटै निर्माण सामग्री बोलपत्रबाट खरिद गरी ज्यालामा काम लगाएको छ । निर्माण सामग्रीहरु केन्द्रबाट उपलब्ध गराएपछि प्राप्त गर्ने निकायले रु.४ करोड ५९ लाख ५३ हजारको सामान उपयोग गरी निर्माण सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन ।

९.२ सैनिक कमाण्ड तथा स्टाफ कलेज, टोखामा सिण्डिकेट हल, अधिकृत मेस, विदेशी अधिकृत परिवार आवास लगायतका कार्यको लागि रु.६ करोड ४७ लाख १८ हजारको लागत अनुमान गरी रु.३ करोड ७७ लाख ५१ हजार खर्च गरेको देखियो । लागत अनुमान स्वीकृत गर्दा काम सम्पन्न गर्नेअवधि नखुलाएको, बिजुली तथा खानेपानीको लागि कुल लागत अनुमानको ५ प्रतिशतले रु.५० लाख ४९ हजार दर विश्लेषण नै नगरी समावेश गरेकोले उक्त रकमको खर्च र निर्माण कार्यको कार्य सम्पादन स्थितिबारे विश्लेषण तथा मूल्याङ्कन गर्ने अवस्था छैन । सो सम्बन्धमा नर्म्समा नै ५ प्रतिशतसम्म राख्न सकिने जवाफ प्राप्त भएको छ ।

९.३ नेपाली सेनाअन्तर्गतको बृहत् सैनिक प्रतिष्ठान, रुपन्देही जिल्लाको सालझण्डीमा एकीकृत सैनिक प्रतिष्ठान केन्द्र स्थापना गर्ने निर्देशनअनुसार माष्टर प्लान तयार गरी निर्माण कार्य २०६७।२।२६ बाट सुरु भएको छ । आर्थिक वर्षको अन्त्यमा अमानतमा कार्य गर्न कार्यादेश दिएकोले रु.२८ लाख ७८ हजारको निर्माण सामग्री सीधै बजार खरिद गरेको पाइयो । सम्बन्धित निकायले निर्माण कार्य गर्ने आदेश दिँदा नियमको पालना हुनसक्ने गरी मात्र दिनुपर्ने देखियो ।

९.४ उपत्यका पृतना हेडक्वाटरले नारायणहिटी क्षेत्रमा तालिम शिक्षालय भवन निर्माण गर्न २०६७।१।५ मा रु.२४ लाख ३४ हजार निकासा भएकोमा सोही रकम बराबरकै लागत अनुमान गरी कार्य गरेको कार्यसम्पन्न प्रतिवेदनबाट देखिन्छ । निर्माणसम्बन्धी स्थलगत निरीक्षण गर्दा नयाँ भवन नबनाई पुरानो भवन मर्मत सम्भार, रंगरोगन, फर्निचर खरिद आदिमा खर्च गरेको देखियो । तालिम शिक्षालय स्थापना गर्नुपर्ने स्थानमा पुराना र जीर्ण अवस्थामा रहेको केही घर तथा टहराका अधिकांश भाग भत्काई शिक्षालयलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माण कार्य गरेको जवाफ प्राप्त भएको छ ।

९.५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ बमोजिम कार्यक्रम संशोधन गर्नुपर्ने स्पष्ट कारणसहित मन्त्रालयको स्वीकृत लिई कार्यक्रम संशोधन गर्नुपर्दछ । यस वर्ष पूर्वी पृतना हेडक्वाटरको लागि तालिम शिक्षालय भवन निर्माण गर्न रु.२५ लाखको बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा कार्यालयले उक्त निर्माण कार्य नगरी संशोधित कार्यक्रमबेगर ३५ बेडको २ वटा जवानलाइन निर्माणमा थपसमेत रु.२८ लाख खर्च लेखेको देखियो । कार्यक्रम संशोधन नगरी खर्च लेख्ने कार्य नियमसंगत देखिदैन । मोरङको लेटाङ्गमा

शिक्षालय भवन निर्माण गर्न जग्गा उपलब्ध हुन नसकेपछि विकास निर्माण तथा स्थपति महानिर्देशकको मौखिक आदेश बमोजिम जवानलाइन निर्माण गरेको कार्यालयको जवाफ प्राप्त भएको छ ।

९.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माणसम्बन्धी नर्म्सअनुसार निर्माण सामग्री, मिस्त्री र ज्यामी यकिन गरी लागत अनुमान तयार गर्नुपर्नेमा सर्भेशाखा त्रिपुरेश्वरले पदिक मेस तथा नाली निर्माण गर्न मूल्य अभिवृद्धि कर समेत सामानको रु.२७ लाख १२ हजारको लागत अनुमान तयार गरी २० प्रतिशतले रु.५ लाख ४२ हजार मिस्त्री एवं ज्यामीज्याला जोडी लागत अनुमान गरी अमानतमा काम गरी खर्चलेखेको नियमसंगत देखिदैन ।

९.७ सिंहनाथ गण, सुन्दरीजलको लागि यस वर्ष जवान किचन डाइनिङ्ग, क्वाटर गार्ड र ४० बेड जवान लाइन निर्माण गर्न रु.४२ लाखको अख्तियारी २०६६।८।२४ मा दिएको देखिन्छ । गणले उक्त निर्माण कार्यको रु.४२ लाख ३३ हजारको लागत अनुमान स्वीकृत गरेतापनि काम सम्पन्न गर्ने अवधि खुलाएको देखिदैन । गणले उक्त निर्माण कार्य अमानतबाट गर्न २०६७।२।५ मा एक तहमाथिको स्वीकृत लिई रु.४२ लाख मूल्यको इँटा, ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट, छड लगायतका निर्माण सामग्री खरिद गरेको देखियो । लेखापरीक्षण अवधि २०६७।६।१९ सम्म निर्माण कार्य सञ्चालन भएको देखिदैन । यस सम्बन्धमा जग्गा विवादका कारण निर्माण कार्य ढिलाई भएको कार्यालयको भनाइ रहे तापनि जग्गासम्बन्धी विवादको टुङ्गो नलाग्दै सामान खरिद गर्नुको कारण स्पष्ट छैन ।

१०. **क्षतिपूर्ति** – नेपाली सेनाले सुरक्षाको कारण देखाई २०५८ देखि विभिन्न बाहीनी, गण, गुल्म एरियामा पर्ने विभिन्न व्यक्तिहरुको जग्गा तारबार गरी लिएबापत क्षतिपूर्ति रकम भुक्तानी गर्दै आएको छ । यो वर्ष सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले मूल्याङ्कन गरिदिएको आधारमा विभिन्न ७० युनिटमार्फत रु.२ करोड ८ लाख बालीनाली क्षतिपूर्ति रकम भुक्तानी भएको छ ।

११. **अस्थायी चिकित्सकको पारिश्रमिक** – सैनिक अस्पताल छाउनीले यस वर्ष इन्टर्नशीप अध्ययनमा रहेका ३ डक्टरलाई तलब भत्ता रु.५ लाख ७ हजार भुक्तानी गरेको छ । इन्टर्नशीप अवधिमा रहेका व्यक्तिलाई उपलब्ध गराउने सुविधासम्बन्धी निर्णय पेश भएन । साथै निजहरुलाई तलब भत्ता खर्च लेखेको अवधिको हाजिरी अभिलेख पनि लेखापरीक्षणमा पेश भएन । सैनिक अस्पतालबाट बलाधिकृत विभाग (व्य.यु.) योजना तथा नीति शाखाको पत्रको आधारमा तलब भत्ता भुक्तानी गरेको जवाफ प्राप्त भए तापनि खर्चलाई पुष्टि गर्ने आधार र निर्णय पेश गरेको छैन ।

१२. **कर बीजक** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ ले मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची ५ बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था गरेको छ । नेपाली सेनाका ४ कार्यालयले यो वर्ष रु.३७ लाख ६० हजार मूल्यको राशन तथा अन्य सामान खरिद गर्दा मूल्य अभिवृद्धि कर बीजक पेश नगरेको अवस्थामा समेत मूल्य अभिवृद्धि कर रु.४ लाख ८९ हजार भुक्तानी गरेका पाइयो । प्रारम्भिक प्रतिवेदनमा औंल्याएपछि २ कार्यालयबाट रु.१ लाख ५५ हजार असुल भई राजस्व दाखिला भएको छ । रीतपूर्वकको कर बीजक नभएकोमा भुक्तानी दिने कार्य नियमविपरीत देखिएकोले बाँकी कर दाखिला भएको सुनिश्चित गर्नुपर्दछ र नियमविपरीत भुक्तानी दिने परिपाटी पूर्णत नियन्त्रण हुनुपर्दछ ।

१३. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८९ (३) (ख) ले वायुयान मर्मत तथा अन्य ठेक्का वा करारबापत भुक्तानी गर्दा ५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । व्यापारिक उडान विकास समिति नं.११ बाहिनी अड्डा गौचर कार्यालयले यो वर्ष जहाज तथा हेलिकोप्टर मर्मत, ओभरहल र स्पेयरपार्टस् सोझै खरिद गरेबापत दुई निर्माता कम्पनीलाई क्रमशः रु.६९ लाख ८४ हजार र २ करोड ७१ लाख ९८ हजारसमेत जम्मा रु.३ करोड ४१ लाख ८२ हजार ड्राफ्ट तथा टी.टी. मार्फत भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको छैन । भुक्तानी दिँदा प्राप्त हुने बिलमा स्पेयर पार्टस र मर्मतबापतको रकम छुट्टाएर बिलिङ्ग गरेको देखिदैन । आयकर ऐनअनुसार ओभरहल मर्मतमा ५ प्रतिशतले अग्रिम कर कट्टा गर्नुपर्दछ ।

१४. **राजस्व दाखिला** – वीरेन्द्र अस्पताल, छाउनीले सशुल्क उपलब्ध गराउने एम.आर.आई. एक्सरे, प्याथोलोजी, लिथोट्रिप्सीजस्ता सेवाबाट प्राप्त रकम मेन्टिनेन्स फण्डमा जम्मा गरी मेन्टिनेन्स कार्यमा खर्च गर्दैआएको देखियो । कोष सञ्चालन नीति तथा कार्यविधि नबनाई राजस्वमा जम्मा गर्नुपर्ने रकम खर्च गर्नु नियमसंगत देखिदैन । यो वर्ष जिम्मेवारीसमेत रु.१५ लाख ३७ हजार आम्दानी देखाई रु.१० लाख ९० हजार खर्च गरी रु. ४ लाख ४७ हजार बाँकी रहेको देखिएकोले सो रकम राजस्व दाखिला हुनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

नेपाली सेना, आपूर्ति तथा परिवहन गण

नेपाली सेनामा परिवहनसम्बन्धी आवश्यक व्यवस्था गर्ने उद्देश्यले गणको स्थापना गरिएको हो । यसले नेपाली सेनाका प्रत्येक युनिटमा समयमै खाद्यान्नतर्फ बिस्कुट, इन्धन र दूध तथा उपत्यकाभित्रका युनिटलाई पानी उपलब्ध गराई सेनाको सञ्चालन प्रक्रियामा सघाउ पुऱ्याउने प्रमुख उद्देश्य राखेको छ । उक्त राशन सामग्रीको आपूर्ति व्यवस्थामा समूचित आन्तरिक नियन्त्रण कायम गर्नको लागि ठेक्का व्यवस्थापन खाद्य परिवहन विभागबाट गरिने, सम्बन्धित युनिटहरुमा दाखिला भएको प्रमाणका आधारमा गणले बिल र खेताला संख्या जाँच गरी भुक्तानी गर्ने गरेको छ । गणले प्राप्त बजेटबाट सवारीसाधन मर्मत सम्भार गरी सुचारुरुपले सञ्चालन गरेको एवं नेपाली सेनाका सम्पूर्ण सवारीसाधनको अभिलेख कम्प्युटरमा व्यवस्थित तवरले राखेको छ । साथै गणबाट आपूर्ति गरिने खाद्य सामग्री नियमितरुपमा सम्बन्धित युनिटहरुमा उपलब्ध भइरहेको अवस्थालाई सवल पक्षका रुपमा लिन सकिन्छ ।

उल्लिखित व्यवस्थाका बावजुद समयमा ठेक्का व्यवस्था हुन नसकेको, लागत अनुमान तयारी गर्दा भएका कमी कमजोरीले गर्दा ठेक्का व्यवस्थापन मितव्ययी हुन नसकी आपूर्तिकर्तालाई अनावश्यक तवरले भुक्तानी हुन गएको छ । जिन्सी निरीक्षण नगरेको, जिन्सी खाता पूरानो ढाँचामा राखेको तथा व्यवस्थित नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । सम्पूर्ण नेपाली सेनाका अधिकृत, पदिक र जवानलाई तोकिएको खाद्यान्न सामग्री आपूर्ति गर्न छुट्टै निकाय र बजेटको व्यवस्था भए तापनि आन्तरिक तथा बाह्य कारणबाट ठेक्का व्यवस्थामा हुने ढिलाई, लागत अनुमान तयारीमा विशेषज्ञताको कमी र बजेटको सीमितताको बाबजुद समयमै तोकिएको स्थानमा तोकिएको खाद्य सामग्री उपलब्ध गराउने कार्य चुनौतीपूर्ण रहेको छ । कार्यमूलक लेखापरीक्षणबाट देखिएका विस्तृत व्यहोरा सम्बन्धित निकायमा पठाइएको छ । सोसम्बन्धी प्रमुख व्यहोरा निम्न अनुसार रहेका छन् :

१५. **लागत अनुमान** – नेपाली सेनाको विभिन्न युनिटको लागि स्वीटेन्ड कन्डेन्स मिल्क, हाई इनर्जी बिस्कुट र खाना पकाउने इन्धन तथा चुल्हो आपूर्ति व्यवस्थापनसम्बन्धी कार्य यो गणले गर्दछ । सार्वजनिक खरिद नियमावलीको नियम ८८ मा सामान वा सेवा खरिद गर्नु अघि सोको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । उल्लिखित आइटमको ठेक्का व्यवस्था तालुक निकाय खाद्य तथा परिवहन विभागबाट हुने गरेको छ । नेपाली सेनाअन्तर्गतका इकाईहरुलाई खाना पकाउने चुल्हो र इन्धन आपूर्तिको लागत अनुमान विभागबाट तयार गरेको पाइयो । यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा निम्नानुसार छन्:

१५.१ चुल्हो र इन्धन आपूर्तिको लागत अनुमान तयार गर्दा चुल्हो, जेनेरेटर, बिजुलीका सामान, मट्टीतेल राख्ने टंकी र मट्टीतेल ढुवानी भाडा, समेत समावेश गरेको देखियो । लागत अनुमान तयार गर्दा आपूर्ति गर्नुपर्ने सामान, त्यसको मूल्य प्रयोग गरिने अवधि समेतलाई विचार गरी यथार्थपरक तवरले तयार गर्नुपर्दछ । तर विभागले लागत अनुमान तयार गर्ने क्रममा १ वर्षभन्दा बढी खप्ने स्थिर प्रकृतिका सामानहरु जस्तै: ठूलो सानो चुल्हो, जेनेरेटर, बिजुलीका सामान, मट्टीतेल राख्ने ट्याङ्की र क्लिनिङ्ग टुल्सको मूल्यबापत रु.६ करोड ४ लाख ६९ हजार लागत निर्धारण गरेको पाइयो । उल्लिखित सामानको खपत आयु १ वर्षभन्दा बढी हुने देखिन्छ । तर लागत अनुमान तयार गर्दा ती सामानको १ वर्ष मात्र आयु गणना गरी लागत निर्धारण गरेको देखियो । परल मूल्यको आधारमा लागत अनुमान तयार गरेको र सबै मूल्य चुक्ता भइसकेका ती सामानहरु नेपाली सेनाका कार्यालयमा दाखिला हुनुपर्नेमा ठेक्का अवधि समाप्त भइसकेपछि सबै सामान आपूर्तिकर्ताले नै फिर्ता लैजाने गरी ठेक्का सम्झौता गरेकोले आपूर्तिकर्तालाई अनुचित लाभ र नेपाली सेनालाई हानि पुग्न गएको देखियो । एक वर्षभन्दा बढी अवधि टिक्ने सामानको लागत अनुमान तयार गर्दा ती सामानको आयु निर्धारण गरी वार्षिक

ह्रास कट्टी रकम मात्र लागत अनुमान तयार गर्दा समावेश गर्नुपर्नेमा परल मोल समावेश गरेको कारण ती सामानको आयु ५ वर्ष गणना गर्दा रु.४ करोड ८३ लाख ७५ हजार, ४ वर्ष गणना गर्दा रु.४ करोड ५३ लाख ५१ हजार, ३ वर्ष गणना गर्दा रु.४ करोड ३ लाख १२ हजार र २ वर्ष गणना गर्दा रु.३ करोड ९२ लाख ३४ हजार बढी दायित्व परेको देखिन्छ । आर्थिक वर्ष २०६७६८ को ठेक्का व्यवस्था गर्दा ५ वर्षको आयु गणना गर्ने प्रयास गरिए तापनि विगत वर्षमा बढी दायित्व परेको ठूलो रकम सम्बन्धमा कारबाही भएको देखिएन ।

एक वर्षभन्दा बढी अवधि टिक्ने सामान एक वर्षको लागिमात्र उपयोग गर्ने गरी खरिद गर्नुपर्ने भएमा सामानको लागत मूल्य गणना गर्दा वार्षिक ह्रास कट्टी रकम मात्र समावेश गर्नु पर्दछ । पूरै मूल्य तिरेर प्राप्त गरेका सामानहरु आपूर्तिकर्तालाई फिर्ता नदिई आम्दानी बाँधी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५.२ लागत अनुमान आवश्यकता र यथार्थ स्थितिलाई मध्यनजर राखी तयार गर्नुपर्दछ । बाहिनी र गुल्म स्तरमा ठूलो–१, सानो–१ चुल्हो, गणस्तरमा ठूलो–६, सानो–६ चुल्हो र सोही संख्यामा विद्युत सवमिटर र विद्युत सामग्री उपलब्ध गराउने गरी लागत अनुमान तयार भएको देखिन्छ । त्यसैगरी विद्युत महसुल बापत ९६० चुल्हो विहान र बेलुका ३/३ घण्टाको दरले दैनिक ६ घण्टा सञ्चालन हुने र प्रतिदिन प्रतिचुल्हो सरदर १.५ युनिट विद्युत खपत हुने अनुमान गरिएको छ । प्रतियुनिट रु.९।६० का दरले वर्षिक रु.५३ लाख ३ हजार विद्युत महसुल लाग्ने अनुमान गरी सोको १० प्रतिशत नाफा जोडी लागत अनुमान तयार गरेको पाइयो । काठमाडौं उपत्यकास्थित निम्न ६ युनिटमा निरीक्षण गर्दा लागत अनुमानमा राखिएको परिमाणमा चुल्हो प्रयोग भएको पाइएन । सञ्चालनमा रहेका चुल्होमा समेत नफ्रि संख्याको आधारमा लागत अनुमानमा तोकिएको समयभन्दा कम समयमा खाना पाक्न सक्ने देखियो । प्राप्त विवरणका आधारमा लागत अनुमान अनुसार आपूर्तिकर्ताले आपूर्ति गर्नुपर्ने चुल्हो र यथार्थमा आपूर्ति गरिएको चुल्हो एवं विद्युत खपतको विवरण निम्नानुसार छ:

(रकम रु.मा)

क्र.सं.	युनिटको नाम	चुल्हो						विद्युत महसुल		
		लागत अनुमान		वास्तविक		फरक				
		चुल्हो संख्या	रकम	चुल्हो संख्या	रकम	चुल्हो संख्या	रकम	लागत अनुमान	वास्तविक	फरक
१.	गोरखबक्स गण	१२	५९४७१५/-	५	३२०५३८/-	७	२७४१७६/-	६५०४३/-	अप्राप्त	अप्राप्त
२.	आपूर्ति तथा परिवहन	१२	५९४७१५/-	३	१६३२२७/-	९	४३१४८८/-	६५०४३/-	५०५०/-	५९९९३/-
३.	महावीर गण	१२	५९४७१५/-	७	४४८७५४/-	५	१४५९६०/-	६५०४३/-	८४६४/-	५६५७९/-
४.	बहु व्यवसाय उद्योग	२	९९११९/-	१	३५०११/-	१	६४१०७/-	१०८४०/-	६७३/-	१०१६७/-
५.	राजदल गण	१२	५९४७१५/-	७	४१९६५७/-	५	१७५०५७/-	६५०४३/-	१२३७/-	६३८०५/-
६.	राष्ट्रिय सेवा दल	२	९९११९/-	१	३५०११/-	१	६४१०७/-	१०८४०/-	९९/-	१०७४१/-

उपर्युक्त तालिकाअनुसार ६ युनिटमा मात्र चुल्होतर्फ लागत अनुमानको तुलनामा १ देखि ९ थानसम्म घटी आपूर्ति भएको कारण रु.१० लाख ५५ हजार बढी लागत निर्धारण भएको पाइयो भने विद्युत महसुलतर्फ लागत अनुमानको तुलनामा रु.१० हजार देखि ६४ हजारसम्म घटी खपत भएकोले अनावश्यक व्ययभार पर्न गएको छ । यस आधारमा देशभरका युनिटको मूल्याङ्कन गरेमा सो रकम अरु बढ्न सक्ने देखिन्छ । विद्युत महसुलको रकम ठेक्का लागतमा समावेश गरी आपूर्तिकर्तालाई भुक्तानी दिँदा लागत अनुमानमा समावेश परिमाणअनुसार चुल्हो आपूर्ति एवं सञ्चालनमा नरहेको अवस्थामा समेत सोबापत लागत अनुमानमा राखिएको विद्युत महसुल बापतको रकम सञ्चालन खर्चमा समावेश भई स्वत: भुक्तानी हुने देखिन्छ । प्रत्येक युनिटको स्थिति अनुसार नफ्रि संख्या कम भएको र चुल्हो कम समय सञ्चालन भएको अवस्थामा समेत लागत अनुमानमा राखिएको सबै रकम भुक्तानी हुन गई चुल्हो सञ्चालन गर्दा लागेको वास्तविक रकमभन्दा बढी रकम आपूर्तिकर्तालाई भुक्तानी हुन गएको देखिन्छ । यसरी यथार्थपरक ढङ्गले लागत अनुमान तयार नगर्दा नेपाली सेनालाई ठूलो रकम थप आर्थिक दायित्व परेको स्थिति छ । त्यसैले यथार्थ रुपमा खपत हुने विद्युत वा आपूर्ति भएका चुल्हो प्रयोगको आधारमा लागत अनुमान तयार गरी भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

१५.३ लागत अनुमान एवं सम्झौतामा तोकिएको परिमाणमा सामान उपलब्ध भए नभएको सम्बन्धमा निरीक्षण गर्नुपर्दछ । उपत्यकाका केही युनिटमा लेखापरीक्षणको क्रममा निरीक्षण गर्दा लागत अनुमान/सम्झौतामा

तोकिएको परिमाणमा उल्लिखित सामान उपलब्ध भएको पाइएन । तोकिएको परिमाणमा सामान उपलब्ध नभएको अवस्थामा समेत युनिटको मेस सुचारुरुपमा सञ्चालन भएको देखियो । केही युनिटमा लागत अनुमानमा तोकिएको परिमाणअनुसारको सामान आवश्यक नपर्ने देखियो । जस्तै गण स्तरको लागि सानो चुल्हो ६ र ठूलो चुल्हो ६ गरी १२ चुल्हो आवश्यक हुने मानी लागत अनुमान तयार गरिएको र अधिकतम १० आपूर्ति गर्ने व्यवस्था रहेकोमा नेपाली सेनाको मेस सञ्चालनको प्रक्रियाअनुसार अधिकृत, पदिक र जवान मेसमा वर्गीकरण गरी मेस सञ्चालन गरेको पाइयो । अधिकृत र पदिक मेसमा नफ्री संख्या कम भएकोले बिरङ्ग चुल्हो व्यवहारिक नहुने भनी ग्यांस वा स्टोभबाट खाना पकाउने गरेको देखियो भने जवान मेसमा गुल्मअनुसार चुल्हो सञ्चालन गरेको देखियो ।

त्यस्तै मट्टीतेल भण्डारण गर्न प्रयोग हुने ट्यांकी, जेनेरेटर, विद्युतका सामान, जगेडा पार्टपुर्जा र फिलिङ्ग टुल्स समेत लागत अनुमानमा तोकिएको परिमाणमा मौज्दात रहेको पाइएन । लागत अनुमानमा युनिटको स्तरअनुसार पृतना तथा गुल्ममा १,००० लिटरको ३ र गणमा १० ट्यांकी आवश्यक हुने अनुमान गरिएको छ । तर नफ्री संख्या कम भएका युनिटमा उक्त परिमाण आवश्यक हुने देखिएन । काठमाडौं उपत्यकास्थित केही युनिटमा निरीक्षण गर्दा निम्नानुसार देखियो:

(संख्या–गोटामा)

क्र.सं.	युनिटको नाम	ट्यांकी (५०० लि.)			जेनेरेटर			विद्युत सवमिटर		
		अनुमान	वास्तविक	घटी	अनुमान	वास्तविक	घटी	अनुमान	वास्तविक	घटी
१.	नारायण दल गण	२०	१७	३	३	१	२	१२	९	३
२.	गोरखबक्स गण	२०	१५	५	३	२	१	१२	५	७
३.	आपूर्ति तथा परिवहन	२०	१०	१०	३	१	२	१२	३	९
४.	महावीर गण	२०	२१	(१)	३	२	१	१२	७	५
५.	बहु व्यवसाय उद्योग	६	१	५	१	१	-	२	१	१
६.	राजदल गण	२०	१०	१०	३	२	१	१२	७	५
७.	राष्ट्रिय सेवा दल	६	१	५	१	१	-	२	१	१

नोटः– लागत अनुमानमा १,००० लिटरको ट्यांकी उल्लेख गरे तापनि खरिद गर्दा ५०० लिटरको ट्यांकी खरिद भएकोले सोहीअनुसार संख्या कायम गरिएको छ ।

आपूर्तिकर्ताले उपलब्ध गराएको सामान लागत अनुमानमा राखिएको परिमाणअनुसार भए नभएको सम्बन्धमा जाँच गरी भुक्तानी गर्नुपर्नेमा तदनुरुप जाँच नभएकोले सामान प्राप्त नभएको अवस्थामा समेत लागत अनुमानबमोजिमको रकम भुक्तानी हुन गई आपूर्तिकर्तालाई अनुचित लाभ र गणलाई हानि–नोक्सानी पर्न गएको देखिएकोले ठेक्का व्यवस्था गर्दा प्रत्येक सामानको कबोल मूल्य खुलाई जडान भएका सामानको आधारमा बिलिङ्ग गर्ने र सोही आधारमा रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु आवश्यक देखिएको छ ।

१५.४ लागत अनुमान तयार गर्दा सो कार्य सम्पादन गर्न अति आवश्यक आइटमहरु र छुट्याइएको अवस्थामा कार्य सम्पन्न गर्न कठिनाइ पर्ने आइटमहरु समावेश गरिनुपर्दछ । खाना पकाउन सञ्चालन गरिएका चुल्होले खपत गर्ने विद्युतसंग उक्त चुल्हो आपूर्तिको सम्बन्ध देखिदैन । यसमा आपूर्तिकर्ताले कुनै दायित्व बहन गर्नुपर्ने अवस्था हुदैन । विद्युत जडान भएपछि युनिटमा आपूर्ति गरिएको विद्युत लाइनबाट नियमितरुपमा विद्युत उपयोग गर्न सकिने भएकाले यसमा आपूर्तिकर्ताको संलग्नता जरुरी देखिदैन । आपूर्तिकर्ताको कुनै संलग्नता र दायित्व नभएको अवस्थामा समेत विद्युत महसुल रकम ठेक्कामा समावेश गरेर १० प्रतिशत नाफा आपूर्तिकर्ताले पाउने गरी लागत अनुमान तयार गरेको पाइयो । विद्युत महसुलबापतको रकम युनिटले आफै नेपाल विद्युत प्राधिकरणमा बुझाउने र सवमिटरअनुसारको रकम आपूर्तिकर्ताबाट लिने व्यवस्था छ । आपूर्तिकर्तालाई प्रतिदिन प्रतिचुल्हो १.५ युनिटका दरले भुक्तानी गरिने गरी लागत अनुमान तयार गरिएको र सञ्चालन खर्चको रुपमा भुक्तानी हुदै आएको छ । आपूर्तिकर्तालाई बीचमा संलग्न गराएकै कारण कुल अनुमानित खपत विद्युत महसुल रु.५२ लाख ३ हजारको १० प्रतिशत मुनाफा बापत रु.५ लाख २० हजार लागतमा समावेश गरेको देखिन्छ । विद्युत महसुल सम्बन्धमा युनिटले भुक्तानी गरेको रकम शोधभर्ना दिनुबाहेक आपूर्तिकर्ताको

कुनै संलग्नता र दायित्व नहुने हुँदा विद्युत महसुलबापतको मुनाफा आपूर्तिकर्तालाई प्रदान गर्नु मनासिब देखिदैन । जसबाट नेपाली सेनालाई उक्त रकम अनावश्यक दायित्व एवं आपूर्तिकर्तालाई अनुचित फाइदा पुग्न गएको देखिएको छ । त्यसैले विद्युत महसुलको रकम लागत अनुमानमा समावेश नगरी युनिटले नै भुक्तानी दिने वा विद्युत महसुलबापतको रकममा मुनाफा नजोड्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१५.५ लागत अनुमान तयार गर्दा आपूर्तिकर्ताको ओभरहेड र मूल्य वृद्धि कर बाहेकको वार्षिक रकम रु.३७ करोड ४४ लाख ८२ हजार को १.५ प्रतिशतले अग्रिम आयकर बापत रु.५६ लाख १७ हजार लागत अनुमानमा समावेश गरिएको छ । अग्रिम आयकर आपूर्तिकर्ताले आफ्नो मुनाफाबाट व्यहोर्नुपर्ने रकम भएकोले लागत अनुमान गलत किसिमले तयार गरी नेपाल सरकारलाई रु.५६ लाख १७ हजार थप आर्थिक भार पर्न गएको छ । यसतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

१५.६ लागत अनुमान तयार गर्दा ढुवानी दूरी यथार्थपरक ढङ्गले निर्धारण गरिनु पर्दछ । अमलेखगन्जदेखि काठमाडौंसम्मको ढुवानीबापत प्रतिलिटर रु.१।२५ का दरले हुने रकम इन्धन आपूर्तिको लागत अनुमानमा समावेश गरिएको छ । तर आपूर्तिकर्तालाई मट्टीतेलको रकम भुक्तानी गर्दा मट्टीतेल बिक्री गर्ने नेपाल आयल निगमको क्षेत्रीय डिपो काठमाडौंको दरलाई आधार मानिएको छ । क्षेत्रीय डिपो काठमाडौंको दरलाई आधार मानी रकम भुक्तानी गर्ने अवस्थामा अमलेखगंजदेखि काठमाडौंसम्मको ढुवानी भाडा समावेश गर्न मिल्ने देखिदैन । त्यसैले काठमाडौं उपत्यकाका ३२,००० नफ्रिलाई आवश्यक पर्ने ३३,३६,००० लिटर मट्टीतेल ढुवानीबापतको रकम रु.२९ लाख २० हजार अनावश्यक रुपले लागत अनुमानमा समावेश भई बढी दायित्व सिर्जना भएको पाइयो । त्यस्तै काठमाडौं उपत्यका बाहिर रहेका युनिटसमेत केही युनिट सदरमुकामभित्रै र केही युनिट सदरमुकामबाट टाढा रहेको स्थिति छ । त्यसैले ढुवानी रकम गणना गर्दा युनिट रहेको स्थान देखि नजिकमा रहेको मट्टीतेल बिक्री गर्ने आधिकारिक बिक्रेताको औसत दूरिको आधारमा गणना गर्नुपर्दछ ।

१६. **सम्झौताको प्रावधान** – नेपाली सेनाका १७२ युनिटमा मट्टितेलबाट खाना पकाउने गरिएको छ । खाना पकाउन मट्टीतेलका अतिरिक्त चुल्हो, मट्टीतेल भण्डारण गर्ने ट्यांकी, चुल्होको प्रकृति अनुसार सो सञ्चालनका लागि आवश्यक जेनेरेटर र विद्युतका सामान आवश्यक पर्दछ । उक्त सबै सामान खरिद गर्न लाग्ने वार्षिक रकमलाई वार्षिक छाकले भाग गरी प्रतिव्यक्ति प्रतिदिन लाग्ने रकम निर्धारण गर्ने गरेको पाइयो । जस अनुसार मट्टीतेल प्रतिव्यक्ति प्रतिछाक रु.१२।९६ र अन्य सञ्चालन खर्च रु.४।२५ समेत प्रतिव्यक्ति प्रतिदिन इन्धनबापत रु.१७।२१ लाग्ने लागत अनुमान गरी गत वर्ष ठेक्का व्यवस्था गरिएको थियो । आपूर्तिकर्ताले ठेक्का सकार गर्दा सञ्चालन खर्च बापत रु.३।९६ कबोल गरेको देखियो ।

लागत अनुमान तयार गर्दा प्रत्येक युनिटमा स्तर अनुसार निश्चित परिमाणमा उल्लिखित सामानहरु चाहिने अनुमान गरेको देखिन्छ । चुल्हो वा मेस सञ्चालन भएपछि उल्लिखित सबै सामानहरु तोकिएको परिमाणमा प्राप्त भएको ठानेर दैनिक नफ्री संख्याको आधारमा इन्धन रकम भुक्तानी गर्ने व्यवस्था रहेको छ । इन्धनको लागत अनुमान तयार गर्दा बाहिनी स्तरको लागि ठूलो चुल्हो–१ र सानो चुल्हो–१, गण स्तरमा ठूलो चुल्हो–६ र सानो चुल्हो–६ र गुल्म स्तरमा सानो चुल्हो–१ र ठूलो चुल्हो–१ आवश्यक हुने अनुमान गरिएको छ । यसरी लागत अनुमान तयार गर्दा गणस्तरमा १२ गोटा चुल्हो आवश्यक हुने अनुमान गरिए पनि पछि आपूर्तिकर्तासंग बढीमा १० गोटासम्म उपलब्ध गराउनुपर्ने गरी सम्झौता गरेको पाइयो । जस अनुसार ६२ गणको लागि १२४ चुल्हो स्वत: बढी उल्लेख गरी लागत अनुमान तयार गरेको देखिन्छ । जसको मूल्य (सानो ६२ र ठूलो ६२ लाई आधार लिंदा) रु.४९ लाख ४४ हजार र १० प्रतिशत नाफा एवं १३ प्रतिशत मूल्य अभिवृद्धि कर थप गर्दा रु.६१ लाख४५ हजार बढी निर्धारण भएको छ । सोको विद्युत महसुल रु. ८ लाख ३५ हजार सवमिटर र विद्युतका सामान रु.१ लाख२५ हजारसमेत गणना गर्दा कुल रु.७१ लाख ६ हजार आवश्यक नपर्ने सामानको मूल्य समावेश गरी लागत अनुमान तयार गरेको पाइयो । लागत अनुमान तयार गर्दा निश्चित परिमाण किटान गरेपछि सम्झौता गर्दा सोभन्दा घटी परिमाणमा आपूर्ति गर्ने गरी सम्झौता गर्दा अनावश्यक रुपमा लागत अनुमानमा वृद्धि भई ठेक्का सम्झौता रकममा समेत वृद्धि हुने स्थिति रहन्छ । त्यसैले यथार्थपरक ढङ्गले लागत अनुमान तयार गर्ने र लागत अनुमानमा उल्लिखित परिमाणमा नै ठेक्का व्यवस्था गर्नुपर्दछ ।

१७. **मूल्य वृद्धि** – इन्धन ठेक्का सम्झौताको विशेष शर्तमा उपत्यकाभित्र तथा बाहिरका प्रत्येक व्यारेकको नफ्रीअनुसार प्रतिव्यक्ति प्रतिदिनको लागि निर्धारित स्केलका दरले हुने मट्टीतेल प्रत्येक व्यारेकमा घटीमा २ महिनाको लागि अनिवार्य मौज्दात राख्नुपर्ने उल्लेख छ । सोही सम्झौतामा मट्टीतेलको परिमाण निर्धारण गरी नेपाल आयल निगमको दरमा थपघट भएअनुसार भुक्तानी गर्ने व्यवस्था छ । नेपाल आयल निगमबाट मट्टीतेलको मूल्य वृद्धि हुँदा आपूर्तिकर्ताले पहिल्यै आपूर्ति गरी मौज्दातमा रहेको परिमाणमा समेत मूल्य वृद्धि भुक्तानी गर्ने गरेको देखियो । आपूर्तिकर्ताले इन्धन सम्बन्धित युनिटमा आपूर्ति गर्दै जाने तर महिनाको अन्त्यमा खेताला संख्या र प्रत्येक नफ्रीले पाउने इन्धनको परिमाणअनुसार गणना गरी बिल जारी गर्ने व्यवस्था छ । जसले गर्दा गणमा मूल्यवृद्धि नहुँदै आपूर्ति भएको मट्टीतेल मौज्दातमा समेत मूल्यवृद्धि भुक्तानी हुन गएको देखिन्छ ।

आपूर्तिकर्ताले सम्बन्धित युनिटलाई मट्टीतेल उपलब्ध गराउँदा तत्काल बिल जारी नगरेको भए तापनि उक्त मट्टीतेलको स्वामित्व सम्बन्धित युनिटको हुने, त्यसको सुखन चुहन तथा हानि–नोक्सानीको जिम्मेवारी समेत सम्बन्धित युनिटको हुने र आपूर्तिकर्ताले मौज्दातका लागि उपलब्ध गराएको उक्त मट्टीतेल साविककै दरमा खरिद गर्ने भएकोले सम्बन्धित युनिटमा मौज्दात रहने मट्टीतेलमा भएको मूल्य वृद्धि भुक्तानी दिन नमिल्ने देखिन्छ । चालू आर्थिक वर्षमा जम्मा ५ पटक मूल्यवृद्धि भएको छ । विभिन्न युनिटमा मूल्यवृद्धि भएको बेला मौज्दातमा रहेको मट्टीतेलको परिमाण जानकारी हुन सकेन । तथापि घटीमा २ महिनाको लागि मट्टीतेल मौज्दात राख्नुपर्ने सम्झौताको प्रावधानलाई आधार मान्दा २ महिनापछि मात्र मूल्यवृद्धि भएको दर प्रयोग गरी भुक्तानी दिनुपर्नेमा सो नगरेबाट श्रावणदेखि चैत्रसम्मको मूल्यवृद्धिबापत रु.२९ लाख २३ हजार बढी मूल्य वृद्धि भुक्तानी भएको देखिन्छ । सबै अवधिको मूल्यवृद्धि हिसाब गर्दा सो रकम अझै बढ्ने देखिन्छ ।

आपूर्तिकर्तालाई बढी मूल्य वृद्धि भुक्तानी रकम असुलउपर गरी आइन्दा मट्टीतेलको दर प्रयोग गरी भुक्तानी दिँदा युनिटहरुमा आपूर्ति भइसकेको मौज्दात परिमाणको लागि साबिककै मूल्य प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१८. **ठेक्का व्यवस्थापन** – आपूर्ति गर्नुपर्ने सामानको प्रकृतिअनुसार सम्बन्धित बिक्रेताबाट सामान खरिद गर्ने गरी खरिद सम्झौता गरिनुपर्नेमा गणले मट्टीतेल, चुल्हो, ट्यांकी, जेनेरेटर र विद्युतीय उपकरण जस्ता अलग अलग प्रकृतिका सामान एउटै प्याकेजमा समावेश गरी एउटै आपूर्तिकर्ताबाट प्राप्त गर्ने गरी खरिद सम्झौता गरेको देखियो । एउटा प्रकृतिको सामानको कारोबार गर्ने गरी दर्ता भएको फर्मबाट अर्को प्रकृतिको सामान आपूर्ति गर्नु कानूनसंगत नहुने हुनाले तत् तत् प्रकृतिको सामानको कारोबार गर्ने गरी दर्ता भएका आपूर्तिकर्ताबाट सामान उपलब्ध गराउने गरी खरिद व्यवस्था मिलाउनुपर्दछ ।

सैनिक हवाई महानिर्देशनालय मध्य एअर वेश र भी.भी.आई.पी. उडान सेवा

नेपाली सेनासँग उपलब्ध हवाई साधनले सैनिक कारबाही, सामग्री ढुवानी, उद्धार कार्य, तालिम, निरीक्षण तथा भ्रमण चार्टर उडान गर्ने उद्देश्यले सैनिक हवाई महानिर्देशनालय मध्य एअर वेश स्थापना भएको हो । साथै स्वदेशी तथा विदेशी विशिष्ट अतिथिहरुलाई नेपालभित्र एक स्थानबाट अर्को स्थानसम्म सुरक्षित हवाई यात्रा गर्ने उद्देश्यले भी.भी.आई.पी.उडान सेवा स्थापना भएको छ ।

विगत द्वन्दको समयमा उपलब्ध हवाई साधनहरु अधिकतम सञ्चालन भएकोमा वृहत शान्ति सम्झौता पछि हवाई साधनको उपयोग कम हुँदै आएको छ । चार्टर उडानमा समेत जहाज कम प्रयोग भएको कारण यस वर्ष गत वर्षको तुलनामा आम्दानी घटेको छ । विगत वर्षदेखि ग्राउण्डेड जहाजहरु मर्मत हुन नसक्नु, मेन्टिनेन्स वेश स्थापना एवं एअर वेश विस्तार, पूराना जहाजहरुको फेज आउट गरी एकै प्रकारका जहाज प्रयोग गर्ने सम्बन्धमा दीर्घकालीन नीति तयार नहुनु, पूराना तथा प्रयोग नहुने जिन्सी सामान तथा उपकरणहरुको व्यवस्थापन नहुनु, जहाजको वीमा सम्बन्धी नीति पर्याप्त नहुनु, भौतिक पूर्वाधार पर्याप्त नहुनु, बक्यौता भाडा असुल गर्न नसक्नु जस्ता कारणले लक्ष्य अनुसार उपलब्ध हवाई साधनको दक्षतापूर्वक सञ्चालन गर्न नसकेको अवस्था छ । जहाजको मर्मत तथा ओभरहल गर्न, आवश्यकता अनुसार जहाजको वीमा गर्न बजेटको अभाव रहेको छ ।

नेपाली सेनासँग रहेका जहाजहरु बाहेक नेपाल सरकारको स्वामित्वमा अन्य हवाई साधन छैन । मुलुकको आन्तरिक तथा बाह्य सुरक्षा, दैवी प्रकोप तथा आकस्मिक उद्धार, अति विशिष्ट व्यक्तिहरुको भ्रमण, सामग्रीको ढुवानी लगायतका कार्यहरुका लागि हवाई साधनको प्रयोग हुँदै आएको छ । नेपालको भौगोलिक बनावटका कारण हवाई सेवाको बढी आवश्यकता रहेको छ । तथापी न्यूनतम स्रोत साधनको बावजुद उपलब्ध वर्षौं पूराना जहाज/हेलिकोप्टर प्रयोग गरी सैनिक हवाई सेवा सञ्चालन एवं व्यवस्थापन गर्नु महानिर्देशनालयको प्रमुख चुनौती रहेको छ । मध्य एअर वेश र भी.भी.आई.पी. उडान सेवाको कार्यमूलक लेखापरीक्षण गरिएकोमा देखिएका व्योहराहरु सम्बन्धित निकायलाई पठाइएको छ । सो को प्रमुख व्योहरा देहायमा रहेका छन्:

१९. **जहाज/हेलिकोप्टर सञ्चालन** – जहाज तथा हेलिकोप्टर सञ्चालनसम्बन्धी प्रमुख व्यहोरा देहायअनुसार छन्:

१९.१ हवाई साधन परिचालनसम्बन्धी निर्देशिका, २०६६ अनुसार असाधारण अवस्था (सैनिक परिचालन भएको अवस्था) मा रोटर विङ्ग र फिक्स विङ्गको वार्षिक औसत उडान क्रभश: ५,२५० र २,००० घण्टा तोकिएको छ । त्यस्तै साधारण अवस्थामा रोटर विङ्ग र फिक्स विङ्गको वार्षिक औसत उडान क्रमश: २,१०० र १,२५० घण्टा तोकिएको छ । तर २०६६।६७ मा मध्य एअर वेशतर्फ रोटर विङ्गको वार्षिक औसत उडान १,२४४ घण्टा र फिक्स विङ्गको २८९ घण्टा तथा भी.भी.आई.पी.तर्फ रोटर विङ्गको ३५३ घण्टा रहेको देखिन्छ । यस प्रकार तोकिएबमोजिम उडान हुन नसक्दा उपलब्ध जहाज/हेलिकोप्टरको दक्षतापूर्ण तवरले उपयोग नभएको अवस्था छ । अत: औसत उडान घण्टा प्राप्त हुने गरी जहाज/हेलिकोप्टर सञ्चालन गर्न नीति तर्जुमा गरिनुपर्दछ ।

१९.२ वार्षिक लक्ष्यअनुसार जहाज तथा हेलिकोप्टर सञ्चालन भएको हुनुपर्दछ । मध्य एअर वेशतर्फ २०६४।६५, २०६५।६६ र २०६६।६७ मा रोटर र फिक्स विङ्गसमेत क्रमश: २,७९३, ४,३५० र ३,१०१ घण्टा सञ्चालन गर्ने लक्ष्य रहेकोमा क्रमश: २,१४६, २,५३२ र १,५३३ घण्टा सञ्चालन भएको देखियो । यसै गरी भी.भी.आई.पी.तर्फ सोही अवधिमा क्रमश: ५००, ५७५ र ६०० घण्टा उडान गर्ने लक्ष्य रहेकोमा क्रमश: २७८, ३४१ र ३५३ घण्टा उडान गरेको पाइयो । जसलाई रेखाचित्रमा देखाइएको छ । यसरी वार्षिक लक्ष्यअनुसार उडान हुन नसक्नुमा जहाज/हेलिकोप्टर मर्मत सम्भार गरिरहनुपर्ने अवस्था, समय समयमा जहाजहरु ग्राउण्डेड हुने, आवश्यकता परेका बखत मात्र उडान गर्ने, प्रबर्धनात्मक ढङ्गले उडान सञ्चालन नगर्ने जस्ता कारणहरु रहेका छन् । जसले गर्दा जहाज/हेलिकोप्टर दक्षतापूर्ण तवरले सञ्चालन हुन नसकेको अवस्था छ । तसर्थ वार्षिक लक्ष्य प्राप्तिका लागि सैनिक उडान पर्याप्त नहुँदा व्यापारिक उडान सञ्चालन गरी आय आर्जन, मर्मत सम्भार लगायतका खर्चमा आत्मनिर्भर हुने प्रयास गर्नुपर्ने देखिएको छ ।



१९.३ नेपाली सैनिक विमान सेवा व्यापारिक उडान विकास समिति (गठन) आदेश, २०३६ अनुसार व्यापारिक उडान भन्नाले भी.भी.आई.पी. फ्लाइट र सैनिक उडान बाहेक नेपाली सैनिक विमान सेवाहरुले विकास निर्माण, उद्धार र अन्य कार्यको लागि गरिने साधारण वा चार्टर उडानलाई समावेश गरेको छ । मध्ये एयरवेश र भी.भी.आई.पी. उडान सेवाले विगत ३ वर्षमा मध्य एअर वेशले ३४.०१ देखि ५४.०७ प्रतिशतसम्म र भी.भी.आई.पी. उडान सेवाले ११.३० देखि २५.८१ प्रतिशतसम्म चार्टर उडान सञ्चालन गरेको देखिन्छ । यी निकायहरुको प्रमुख चार्टर उडान गरी राजस्व आर्जन गर्ने नभए तापनि व्यापारिक उडान विकास समिति गठन गरी फुर्सदको समय उपयोग गरेर केही हदसम्म आत्मनिर्भर हुन प्रयास गरेको देखिन्छ

। साथै विगत वर्षहरुमा लक्ष्य अनुसार पूरा उडान नभएको परिप्रेक्ष्यमा सैनिक उडानमा बाधा नपर्ने गरी व्यापारिक उडानको हिस्सालाई बढाउँदै कुल उडान संख्या वृद्धि गरेर उपलब्ध हवाई साधनको अधिकतम उपयोग गर्नु उपयुक्त हुने देखिएको छ ।

२०. **जहाज/हेलिकोप्टर फेज आउट** – पूराना जहाज/हेलिकोप्टरहरुको मर्मत तथा सञ्चालन खर्च वर्षेनी बढ्दै जाने भएकोले एउटा निश्चित समयमा प्रयोगबाट हटाउनुपर्दछ । मध्य एअर वेशसँग हाल २० वर्षभन्दा बढी अवधिको फिक्सड् विङ्गको ३ र रोटरी विङ्गको ६ वटा जहाज रहेका छन् । सोमध्ये एभ्रो १९७२ मा, पुमा १९७५ मा र चिता १९७७ मा निर्माण भएको हो । त्यस्तै भी.भी.आई.पी. उडान सेवासँग रहेको ४ हेलिकोप्टरमध्ये सुपर पुमा (9N-RAG) १९८५ मा, सुपर पुमा (9N-RAJ) १९९० मा, वेल हेलिकोप्टर (9N-RAI) १९८९ मा निर्माण भएको देखिन्छ । पुराना भएको कारण तिनको मर्मत तथा ओभरहल गर्ने, पार्टस् फेर्ने कार्यमा बढी खर्च हुँदै आएको छ । सेनाले प्रयोग गरिरहेको यी जहाज तथा हेलिकोप्टरहरु निर्माता कम्पनीले नै उत्पादन गर्न छाडिसकेकोले त्यस्ता एयरक्राफ्ट मर्मत सम्भार गर्न स्पेयर पार्टस्हरु नपाइने, पुनः स्पेयरपार्टस् उत्पादन गर्नु पर्दा समय लाग्ने स्थिति रहेको छ ।

यस सम्बन्धमा मध्य एअर वेशले धेरै प्रकारको जहाजहरुलाई हटाई एकै प्रकारका जहाजहरु खरिद गर्ने, अति पुराना जहाजहरु हटाई नयाँ प्रविधियुक्त जहाजहरु उपलब्ध गराउने सम्बन्धमा पटक पटक सम्बन्धित निकायमा सुझाव पेश गरिए तापनि कार्यान्वयन नभएको जवाफ दिएको छ । भी.भी.आई.पी. उडान सेवाले हेलिकोप्टरहरु १५ वर्ष प्रयोग भइसकेको र मेजर ओभरहल पश्चात पनि प्रयोगमा ल्याउन उपयुक्त नहुने भए तापनि अति विशिष्ट व्यक्तिहरुको उडानमा प्रयोग गर्दा सुरक्षित उडानमा प्रश्नचिन्ह खडा हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी कुनै एकलाई बिक्री गरी प्राप्त हुने मूल्यबाट नपुग हुने रकम नेपाल सरकारबाट थप माग गरी अर्को हेलिकोप्टर खरिद गर्नुपर्ने आवश्यकता महसुस भए तापनि कार्यक्रम बनी नसकेको जवाफ दिएको छ । यसरी धेरै वर्ष पुराना निर्माताले नै फेजआउट गरी सकेका जहाज/हेलिकोप्टरहरु हटाई नयाँ एयरक्राफ्ट खरिद गर्ने नीति एवं आर्थिक स्रोत साधन नहुँदा मर्मत सम्भार र लागत खर्च बढ्ने, उडान सुरक्षित नहुने, समय समयमा ग्राउण्डेड हुँदा लक्ष्यअनुरुप उद्धार तथा सैनिक एवं व्यापारिक उडान सञ्चालन गर्न नसकिने स्थिति छ । त्यसैले धेरै प्रकारको पूरानो जहाजहरु हटाई आवश्यकतानुसार जहाज खरिद गर्ने नीति तयार गरी कार्यान्वयन गरिनुपर्दछ ।

२१. **खरिद तथा सहयोग** – सैनिक हवाई सेवा महानिर्देशनालयको उद्देश्य पूरा गर्न आवश्यक जहाज/हेलिकोप्टरको संख्या एवं प्रकृति निर्धारण गरी खरिद गर्ने प्रक्रिया सम्बन्धमा नीति निर्धारण गर्नुपर्दछ । मध्य एअर वेश र भी.भी.आई.पी.तर्फ खरिदबाट १५ र सहयोगस्वरुप प्राप्त १३ समेत २८ जहाज/हेलिकोप्टर रहेका छन् । सोमध्ये १६ चालू र १२ बेचालू अवस्थामा छन् ।

मध्य एअर वेशसँग रहेका फिक्स वीङ्गमा एभ्रो, स्काईट्रक, आइल्याण्डर र रोटर विङ्गमा एम.आई. १७, इनक्यूरेल, वेल, पुमा, एलुवेट, चिताइ लान्सर ए.एल.एच गरी विभिन्न प्रकारका जहाज तथा हेलिकोप्टर रहेका छन् । भारतले सन् १९७७ र १९८३ मा निर्मित चिता हेलिकोप्टर–२ वटा २००१ मा अनुदान सहयोग दिएको थियो भने रुसले १९९१ मा निर्मित एम.आई.१७–१–२००३ मा सहयोगस्वरुप उपलब्ध गराएको थियो । बेलायत सरकारले १९८८ र १९८९ मा निर्मित आइसल्याण्ड जहाज २००४ मा सहयोग स्वरुप उपलब्ध गराएको देखिन्छ । भारत सरकारबाट सहयोग प्राप्त ८ मध्ये ६ र रुसबाट प्राप्त ३ मध्ये २ हेलिकोप्टर सञ्चालन हुन नसक्ने अवस्थामा छन् । यसरी धेरै प्रकारको जहाज/हेलिकोप्टर हुँदा मर्मत सम्भार कार्य जटिल एवं खर्चिलो हुने, एउटाको सामान अर्कोमा नमिल्ने भएकोले भिन्दा भिन्दै सामग्री/पार्टस् खरिद गर्नुपर्ने, फरक फरक जनशक्ति र तालिमको व्यवस्था गर्नुपर्ने कारण खर्चालु र जटील अवस्था रहेको छ । साथै निर्माण भएको लामो अवधि पछि सहयोग उपलब्ध गराउँदा मर्मत लागत बढी लाग्ने र मर्मत हुन नसकी ग्राउण्डेड हुने अवस्था रहन्छ ।

अत: कस्तो प्रकारको र कति पुरानो जहाज तथा हेलिकोप्टर सहयोग लिने भन्ने सम्बन्धमा स्पष्ट नीति तयार हुनुपर्दछ । जहाज/हेलिकोप्टर धेरै प्रकारको खरिद नगरी निश्चित प्रकारको सानो, मझौला र ठूलो आकारको खरिद गर्ने गरी जहाजको प्रकारलाई सीमित गर्नु आवश्यक देखिएको छ ।

२२. **चार्टर भाडा** – नेपाली सैनिक विमान सेवा व्यापारिक उडान विकास समितिले २०६०।११।२५ मा जहाजहरुको वृद्धिको तुलनामा वार्षिक मर्मत सम्भार बजेट ज्यादै न्यून मात्रामा वृद्धि हुने भएकोले मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन कठिन परिरहेको हुँदा चार्टर फ्लाइटलाई व्यवस्थित बनाई व्यापारिक उडान विकास समितिको आम्दानीमा वृद्धि गर्न सैनिक कार्यमा बाधा नपर्ने गरी हाल भइरहेको जहाज तथा हेलिकोप्टरलाई चार्टर उडानमा सञ्चालन गर्ने, सरकारी तथा सरकारी स्वामित्वमा रहेको संघ संस्थाहरुलाई पहिलो प्राथमिकता दिई जहाज तथा हेलिकोप्टरहरु चार्टरमा प्रयोग गर्न अर्थ मन्त्रालयबाट परिपत्र गर्ने र पूर्वी पृतना इटहरी, मध्ये पृतना पोखरा र पश्चिम पृतना नेपालगन्जमा चार्टर सेलको व्यवस्था गर्ने निर्णय गरेको थियो । तर उक्त निर्णय पूर्णरुपमा कार्यान्वयन हुन नसकेको कारण चार्टर भाडा आम्दानी अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन । उक्त स्थिति रेखाचित्रबाट समेत पुष्टि हुन्छ । रेखाचित्र अनुसार २०६४।६५ मा मर्मत खर्चको तुलनामा चार्टर भाडा असुली ५२.१८ प्रतिशत रहेकोमा २०६५।६६ मा केही बढेको देखिए तापनि २०६६।६७ मा पुन: घटेर मर्मत खर्चको २८.२० प्रतिशत मात्र असुली भएको देखिन्छ ।



एकातर्फ चार्टर भाडा अपेक्षितरुपमा बढ्न नसकेको अवस्था छ भने अर्कोतर्फ सामान ढुवानी गर्नको लागि विभिन्न संघ संस्थान, कम्पनीहरुले अग्रिम रुपमा चार्टर भाडा जम्मा गरेकोमध्ये कार्यालयबाट ढुवानी गर्न नसकेको कारण यस वर्ष नेपाल विद्युत प्राधिकरणलाई रु.३० लाख २८ हजार, रोल्वालिङ्ग फाउण्डेशनलाई रु.६ लाख समेत ६ संघ संस्थालाई रु.४५ लाख ९२ हजार फिर्ता गरेको छ । उपलब्ध हवाई साधनको पूर्ण उपयोग गरी ढुवानी गर्न नसक्दा गत विगतको तुलनामा आम्दानी घटेको देखिन्छ ।

जहाज तथा हेलिकोप्टर सञ्चालनसँग प्रत्यक्ष सम्बन्धित मर्मत सम्भार, वीमा, तालिम, इन्धन लगायतका खर्चहरु वृद्धि हुने र प्रत्यक्ष खर्चको अनुपातमा आम्दानी बढाउन नसकेमा सरकारी बजेटमा मात्र निर्भर हुनुपर्ने अवस्था रहन्छ । नेपाल खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल विद्युत प्राधिकरण सरकारको स्वामित्व रहेको संस्थान भएको र ती संस्थानहरुले ढुवानी गराउनु पर्ने खाद्यान्न, विद्युत लगायत विभिन्न सामानहरु नेपाली सेनासँग रहेको हवाई साधनबाट ढुवानी गर्न सके चार्टर भाडाको आम्दानी बढ्न गई समितिको आय वृद्धि हुनुको साथै राजस्व समेत वृद्धि हुन जाने देखिन्छ । फलस्वरुप जहाजको अधिकतम उपयोग हुने र आम्दानीको स्रोत वृद्धि भई मर्मत सम्भार खर्च, इन्धन, भत्ता, तालिम जस्ता सञ्चालन खर्चको लागि बजेटमा भर पर्नु नपर्ने अवस्था सृजना हुन्छ । तसर्थ प्रत्यक्ष खर्चको अनुपातमा आम्दानी वृद्धि गर्न सैनिक कार्यमा बाधा नपर्ने गरी जहाज तथा हेलिकोप्टर परिचालन गर्नुपर्दछ ।

२३. **मर्मत सम्भार** – सैनिक हवाई सेवा सञ्चालकले उपलब्ध एयर क्राफ्टहरुको नियमित तवरले मर्मत सम्भार गरी चालु हालतमा राख्नुपर्दछ । तर भी.भी.आई.पी.तर्फ गत वर्षदेखि ग्राउण्डेड भएको सुपरपुमा हेलिकोप्टर ९ (एन.आर.ए.जी.) को मेन गेयर, इन्टरमेडियट गेयर बक्स र टेल गेयर बक्स फेर्ने तथा मर्मत गर्न निर्माता कम्पनी यूरोकप्टर साउथ इष्ट एशिया प्रा.लि.ले यूरो ३ लाख ७५ हजार ४६२ को कोटेशन पठाएको र सो कोटेशन रक्षा मन्त्रालयबाट स्वीकृत गरी २ लाख यूरो (रु.१ करोड ९० लाख) २०६७।१।२८ मा पेश्की पठाएको र बाँकी रकम भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं.१८) प्रमाणित गरी भुक्तानी गर्न बांकी देखाएको छ । ती स्पेयरपार्ट्स मर्मतको लागि पठाइसकेपछि कम्पनीले पुन: १८ अक्टोवर, २०१० मा उक्त रकमले मर्मत सम्भार हुन नसक्ने भनी यूरो ६ लाख १५ हजारको अर्को कोटेशन पठाएको देखिन्छ । हालसम्म कम्पनीले माग गरेबमोजिम थप रकम भुक्तानी गर्न नसकेको कारण ती सामानहरु प्राप्त हुन नसकी हेलिकोप्टर सञ्चालन हुन सकेको छैन । कार्यालयबाट छलफलको क्रममा नपुग रकम माग गरिएको जवाफ दिएको छ । यसरी समयमा हेलिकोप्टर मर्मत सम्भार हुन नसक्दा विगत २३ महिनादेखि (लेखापरीक्षण अवधि २०६७ फाल्गुणसम्म) ग्राउण्डेड भएको छ । समयमै बजेटको व्यवस्था मिलाई हेलिकोप्टर मर्मत सम्भार गरी सञ्चालनमा ल्याउनु पर्दछ । साथै लागत खर्च यकिन गरेर मात्र मर्मतको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।

२४. **बीमा** – बीमा सम्वन्धमा देखिइका व्योहरा देहायमा छन्:

२४.१ सैनिक हवाई महानिर्देशनालय मध्य एअर वेश अन्तर्गत रहेको जहाज तथा हेलिकोप्टरहरुको वीमा गर्ने सम्बन्धमा नेपाली सेना बलाधिकृत विभागले २०५८ माघ २ मा नेपाल सरकारबाट आर्थिक दायित्व बहन गरी खरिद गरिएको वा खरिद गरिने जहाज तथा हेलिकोप्टरहरुको हल वीमा गर्ने, प्रयोगमा आएका र आउने जहाज तथा हेलिकोप्टरहरुको उत्पादन भएको मितिबाट २० वर्ष पुगेपछि तेस्रो पक्ष वीमा मात्र गर्ने, सहयोग स्वरुप प्राप्त भएको र हुने जहाज तथा हेलिकोप्टरहरुको पनि तेस्रो पक्ष वीमा मात्र गर्ने र सीट कभरेज वीमा, चालक दलको व्यक्तिगत दुर्घटना र दायित्व वीमाहरु साविक बमोजिम गर्ने नीति कायम गरेको छ । भी.भी. आई.पी. उडान सेवा अन्तर्गत रहेका ४ हेलिकोप्टर नेपाल नागरिक उड्ड्यन प्राधिकरणको नीति नियमको परिधिभित्र रही हल, हलवार, तेस्रो पक्ष दायित्व र, व्यक्तिगत दुर्घटना वीमा गर्दै आएको छ भने मध्य एअर वेशले ४ वटा जहाजको हल वीमा र २० जहाजको सिट कभरेज तेस्रो पक्ष दायित्व र व्यक्तिगत दुर्घटना वीमा गरेको छ ।

बजेट पर्याप्त नभएको कारण हल वीमा गर्न नसकिएको कार्यालयको भनाई रहेको छ । हल वीमा नगरेको कारण २०५९ मा १ र २०६२ मा ३ समेत ४ एम.आई.१७ हेलिकोप्टर दुर्घटना भएकोमा क्षतिपूर्ति प्राप्त हुन सकेन । सोमध्ये १ हेलिकोप्टर मर्मत हुन सक्ने अवस्थामा रहेको र २ हेलिकोप्टर मर्मत गर्न नसकेकोले सञ्चालन गर्न सकेको छैन । उक्त हेलिकोप्टरहरुको खरिद मूल्य सरदर ३० लाख अमेरिकी डलर रहेको थियो । खरिद गरेको वर्ष यसरी मध्य एअर वेशले सञ्चालन गर्ने उडानहरु जोखिमयुक्त रहेको र दुर्घटना भएको अवस्थामा ठूलो आर्थिक दायित्व पर्ने अवस्था रहन्छ । अत: पर्याप्त बजेटको व्यवस्था गरी नागरिक उड्ड्यनको नियमअनुसार सबै प्रकारका बीमा गराउने व्यवस्था मिलाउनुपर्दछ ।

२४.२ बढी समय उडान हुने एवं सञ्चालनमा रहेका एयर क्राफ्टको वीमा गरिनु पर्नेमा मध्य एयर वेशले २०६६।६७ मा सञ्चालित जहाज तथा हेलिकोप्टरमध्ये एलवेट (एन.ए.२९) २०२:२० घण्टा, एलवेट (एन.ए. ३१) १३०:२० घण्टा, एलवेट (एन.ए. ३४) २१७:५५ घण्टा, लान्सर (एन.ए. ४६) १०९:०५ घण्टा, आइल्याण्डर (एन.ए. ४९) ले ५२:०५ घण्टा, स्काइ ट्रक ५८:०५ घण्टा, एभ्रो ५७:३० घण्टा उडान सञ्चालन भए पनि ती कुनै पनि जहाजको हल वीमा गरेको छैन । तर हल बीमा गरेका एयर क्राफ्टहरु इक्वेरल ४२:४८ घण्टा र एन.ए.५३ – १०:४५ मात्र सञ्चालनमा रहेको देखिन्छ । अत: न्यून समय उडान हुनेभन्दा बढी समय उडान हुने जहाज तथा हेलिकोप्टरलाई हल बीमा गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ ।

समिति र अन्य संस्थातर्फ

नेपाली सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसंघको अनुरोधमा विभिन्न देशको शान्ति मिसनमा नेपाली सेनाले भाग लिएबापत प्राप्त भत्ता रकममध्ये बढीमा २२ प्रतिशतसम्म कल्याणकारी कोषमा जम्मा हुने र सो रकम लगानी गरी आर्जित ब्याजबाट सैनिक कल्याणकारी कार्यहरु सञ्चालन गर्ने उद्देश्यले सैनिक कल्याणकारी कोष, २०३२ अन्तर्गत यो कोष स्थापना भएको हो । हाल यो कोष सैनिक ऐन, २०६३ एवं सैनिक कल्याणकारी कोष नियमावली, २०६५ अनुरुप सञ्चालन हुदै आएको छ । कोष अन्तर्गत ६ विद्यालय, १ छात्रावास र ५ अन्य कार्यालय सञ्चालनमा छन् । कोषको यस वर्षको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्न छन्:

२५. **अभिलेख –** सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १७ मा कोषको सम्पत्तिको अभिलेख खडा गर्नुपर्ने व्यवस्था छ । कोषको बजेटबाट निर्माण भएको भवन, खरिद भएको जग्गा, सवारीसाधन, मेसिनरी, उपकरणलगायत अन्य भौतिक सामानको मूल्यसहित अद्यावधिक अभिलेख खडा नगरेकोले भौतिक सम्पत्तिको मूल्य यकिन गर्ने आधार भएन ।

२६. **अनुगमन सुपरिवेक्षण –** सैनिक ऐन, २०६३ को दफा ३१(क) मा सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिले कल्याणकारी कार्यको अनुगमन गर्ने व्यवस्था छ । नेपाली सेनाका विभिन्न निकाय एवं यूनिटहरुबाट सञ्चालन हुने कल्याणकारी कार्यक्रम, विद्यालय भवन लगायतको निर्माण कार्य, खरिद भएका उपकरण, सामाजिक सेवाअन्तर्गतको छात्रवृत्ति एवं अनुदान र बैङ्कहरुमा भएको लगानी समेतको अनुगमन सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्ने गरेको देखिएन । अनुगमन तथा सुपरिवेक्षणको अभावमा कोषबाट भएको कल्याणकारी कार्य एवं लगानीबाट अधिकतम प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । यस सम्बन्धमा अनुगमन मात्र गर्ने गरिएकोमा अव प्रतिवेदनसमेत तयार गर्ने व्यवस्था गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

२७. **शोधभर्ना आम्दानी –** सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १९ मा संयुक्त राष्ट्र संघको आहेवानमा शान्ति स्थापना कार्यमा खटिई जाने टोलीले लैजाने कन्टिन्जेन्ट अन इक्विपमेण्ट, दैनिक भत्ता, लत्ताकपडा र अन्य मालसामानको हिसाब राख्ने र संयुक्त राष्ट्रसंघबाट शोधभर्ना प्राप्त हुने रकमको अभिलेख शान्ति सेना सञ्चालन निर्देशनालयले गर्नुपर्ने व्यवस्था छ । यो वर्ष बैङ्कले दिएको दाखिला रिसिप्टअनुसार कोषले रु.७ अरब २७ करोड ५० लाख (अमेरिकी डलर ९ करोड ५० लाख ३६ हजार) शोधभर्ना प्राप्त गरी आम्दानी देखाएको छ । मिसनगत भएको खर्च र शोधभर्ना प्राप्तिको हिसाब अद्यावधिक गरेको छैन । मिसनगत भएको खर्च र त्यसबापत प्राप्त भएको र प्राप्त हुन बाँकीको अद्यावधिक अभिलेख एवं संयुक्त राष्ट्रसंघले पठाएको विस्तृत विवरणको अभावमा शोधभर्ना प्राप्त रकम भिडान गर्न सक्ने आधार भएन ।

२८. **ब्याज –** कोषले मुद्दती खाताहरुबाट त्रैमासिकरुपमा ब्याज प्राप्त गर्नुपर्नेमा २ वैङ्कबाट यो वर्षको ब्याज रु.६२ लाख ४५ हजार २०६७।१०।१५ सम्म प्राप्त गरेको देखिएन । यसैगरी १६ बैङ्क तथा वित्तीय संस्थाहरुले समयमा ब्याज दाखिला नगरी ढिला दाखिला गरेकोमा सम्झौताको दरले हुने हर्जाना ब्याज रु.२ लाख १७ हजार असुल गरेको देखिएन । उपर्युक्त दुवै रकम असुल गर्नेतर्फ कारबाही भइरहेको कोषको प्रतिक्रिया छ ।

२९. **निक्षेप नीति** – कल्याणकारी कोष नियमावली, २०६५ को नियम ९(१) मा कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थामा खाता खोली जम्मा गर्दा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कबाट समयसमयमा जारी गरिएका निक्षेपसम्बन्धी नीति, निर्देशन र त्यस्ता बैङ्क तथा वित्तीय संस्थाहरुको आर्थिक सबलता समेतलाई ध्यानमा राखी लगानी गर्नुपर्ने उल्लेख छ । कोषले नेपाली रुपैयाँतर्फ ५८ बैङ्क तथा वित्तीय संस्थामा रु.७ अर्ब १३ करोड ३२ लाख र विदेशी मुद्रातर्फ १६ बैङ्कमा अमेरिकी डलर ११ करोड ९० लाख ४३ हजारको हुने रु.८ अर्ब ८६ करोड १६ लाखसमेत जम्मा रु.१५ अर्ब ९९ करोड ४८ लाख लगानी गरेको देखियो ।

उक्त बैङ्क तथा वित्तीय संस्थामध्ये केही बैङ्क तथा वित्तीय संस्थाहरुको आर्थिक अवस्था दिन प्रतिदिन नाजुक हुदै गएको र सोमध्ये ३ बैङ्क तथा २ वित्तीय संस्थामा लागनी गरेको रु.५० करोड ३५ लाख २० हजार जोखिममा परेको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कबाट समेत देखिँदा लगानीमा पर्याप्त सतर्कता अपनाउन सकेको देखिएन । सो रकम फिर्ता गर्नेतर्फ कारबाही भई रहेको प्रतिक्रिया प्राप्त भएको छ ।

३०. **लगानी** – सैनिक ऐन, २०६३ को दफा २९ तथा नियमावली, २०६५ को नियम ७(क)५ मा बहालवाला तथा भूतपूर्व व्यक्तिलाई सहभागी गराई आयमूलक कार्य सञ्चालन गर्न लगानी गर्ने उल्लेख छ । कल्याणकारी कोष नियमावली, २०६५ को नियम ८(क)(ख) अनुसार कुनै संस्था, राष्ट्रिय आवश्यकताका आयोजनामा लगानी गरी आय आर्जन गर्ने उल्लेख छ । कोषले कुनै संस्था वा राष्ट्रिय आवश्यकताका आयोजनामा नियमावलीले गरेको व्यवस्थाअनुरुप लगानी गर्न सकेको देखिएन भने बहालवाला तथा भूतपूर्व व्यक्तिलाई सहभागी बनाई आयमूलक कार्यक्रम सञ्चालन गरेको देखिएन । यस सम्बन्धमा परामर्शदाता नियुक्ति गरी अध्ययन कार्य सुरु गरिएकोले प्राप्त सुझाउअनुसार कार्यान्वयन गर्ने कोषको प्रतिक्रिया प्राप्त भएको छ ।

३१. **ब्याज कर** – आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम विभिन्न बैङ्क तथा वित्तीय संस्थाले स्रोतमै कट्टी गरेको ब्याज कर रु.७ करोड २२ लाख ५२ हजार र अमेरिकी डलरतर्फको ब्याज कर रु.३ करोड ९४ लाख ११ हजारसमेत रु.११ करोड १६ लाख ६३ हजार खर्च लेखेको छ ।

सोबाहेक आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानी गर्दाको बखत अग्रिम आयकर कट्टी गरी दफा ९० को (३) र (४) अनुसार दाखिला गर्नुपर्नेमा ४ बैङ्क तथा वित्तीय संस्थाहरुले गत विगत आर्थिक वर्षको अग्रिम आयकर छुट भएको भनी माग गरेको आधारमा कोषले यस वर्षको आम्दानीबाट रु.२६ लाख ७५ हजार ब्याज कर खर्च लेखेको छ ।

३२. **सेवा खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान तयार गरी स्वीकृत भएपछि नियम ३१ अनुसार रु.१० लाखभन्दा बढी रकमको सेवा, मालसामान वा निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । एक सैनिक विद्यालयले विद्यार्थीहरुको खाना पकाउने वैकल्पिक इन्धनस्वरुप गृहिणी चुल्हो मर्मतको सेवा शुल्क रु.३।९७ र मट्टीतेलबापत रु.१२।८६९ समेत प्रतिविद्यार्थी प्रतिदिन रु.१६।८३९ को दर एवं समय समयमा भएको मूल्य वृद्धिसमेतको दरमा सीधै एक आपूर्तकबाट सेवा प्राप्त गरी यो वर्ष रु.९३ लाख २६ हजार खर्च लेखेको छ । यस सम्बन्धमा आपूर्तिकर्ता नेपाली सेनाको मट्टीतेल आपूर्तक भएको कारण सीधै खरिद गरिएको र यस वर्षदेखि बोलपत्र गरी खरीद गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

३३. **प्रतिफल** – कोषले सुनाचुरी इमल्सन प्लाण्टमा गत वर्षसम्म रु.२४ करोड २५ लाख ९२ हजार लगानी गरी सोही वर्षदेखि विस्फोटक पदार्थ (जिलेटीन लोला) को व्यवसायिक उत्पादन सुरु गरे तापनि हालसम्म प्रतिफल प्राप्त गर्न सकेको देखिएन । प्लाण्ट सञ्चालन र व्यवस्थापन सम्बन्धमा नियम तथा कार्यविधि तयार गरी प्लाण्टको उत्पादन क्षमताको अधिकतम उपयोग गरी प्रतिफल प्राप्त गर्नेतर्फ ठोस कदम चाल्नुपर्ने देखिन्छ । कोषको लगानी रकम, प्रस्तुत आय–व्यय विवरणमा समावेश गरेको छैन ।

३४. **धरौटी** – कोषको एकीकृत आय–व्यय विवरण तयार गर्दा धरौटी कारोबारलाई समेत समावेश गर्नुपर्दछ भनी औल्याउदै आएकोमा यो वर्ष पनि कोषले धरौटीको कारोबार समावेश गरेको छैन । लेखापरीक्षणबाट १३ इकाईमा रु.६ करोड ६ लाख ८७ हजारको धरौटी मौज्दात रहेको छ । धरौटी कारोबार एकीकृत आय–व्यय विवरणमा समावेश गर्नुपर्दछ ।

३५. **पेश्की फछ्यौंटमा ढिलाई** – कोषले गत आर्थिक वर्षसम्म पेश्की कारोबारलाई आय–व्ययमा समावेश नगरेकोमा यो वर्ष समावेश गरी आय–व्यय विवरण तयार गरेको छ । विवरण अनुसार आर्थिक वर्षको अन्तमा रु.३ अर्ब २९ करोड ५७ लाख ३४ हजार पेश्की फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ८३ करोड २४ लाख ८८ हजार पेश्की विभिन्न मिसनहरु फिर्ता भई फछ्यौंटको क्रममा रहेको प्रतिक्रिया प्राप्त भएको छ भने बाँकी रु.१ अर्ब ४६ करोड ३२ लाख ४६ हजार पेश्की शान्ति सैनिक मिसन र सैनिक

अस्पताललाई आवश्यक मेसिनरी इक्विपमेण्ट खरिद गर्न सम्भाररथी विभाग (प्राप्ति) लाई दिएको देखिन्छ । उक्त मेसिनरी इक्विपमेण्ट खरिद पेश्की समयमा फछ्र्यौट नहुँदा मिसनको काममा बाधा पर्न जाने देखिन्छ ।

३६. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ५३ कार्यालयबाट रु.१३ लाख ३४ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ९ कार्यालयबाट रु.३ लाख ५९ हजार, सम्परीक्षणको क्रममा रु.६६ लाख १५ हजार र अन्य निकायतर्फ रु.२१ लाख ८८ हजारसमेत रु.१ करोड ४ लाख ९६ हजार असुल भएको छ ।

३७. **पेश्की** – मन्त्रालयअन्तर्गत सरकारी कार्यालयमा २०६७ असार मसान्तमा १० कार्यालयको रु.१ अर्ब १ करोड २१ लाख ५७ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.११ करोड ९१ लाख ९६ हजार आंशिक फछ्र्यौट गरी १०.कार्यालयको रु.८९ करोड २९ लाख ६१ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.४१ लाख १४ हजार.म्याद नाघेको रहेको छ ।

३८. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

३८.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१ अर्ब ५ करोड ७३ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ करोड ९८ लाख ५ हजार फछ्र्यौट गरेकोले रु.९३ करोड ७५ लाख ४८ हजार बाँकी रहेको छ ।

३८.२ अन्य संस्था/समितितर्फ यो वर्ष रु.६६ करोड १६ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१२ करोड ४४ लाख १० हजार फछ्र्यौट गराएकोले रु.५३ करोड ७२ लाख ४९ हजार बेरुजू बाँकी रहेको छ ।

३८.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्र्यौट गरेको रु.१३ करोड २ लाख ५५ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.३६ करोड ७५ लाख ३४ हजार फछ्र्यौट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

३८.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्र्यौट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.८ करोड २९ लाख ३१ हजार फछ्र्यौट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्र्यौट भएको रु.४५ करोड ४ लाख ६५ हजारमध्ये रु.२७ करोड ५६ लाख ८ हजार सरकारी कार्यालयतर्फ र रु.१७ करोड ४८ लाख ५७ हजार अन्यतर्फ रहेको छ ।

वन तथा भू–संरक्षण मन्त्रालय

मन्त्रालय र मातहत समेत १७५ कार्यालयको विनियोजनतर्फ रु.२ अर्ब ६१ करोड ८ लाख २७ हजार, राजस्वतर्फ रु.६८ करोड ९० लाख २४ हजार, धरौटीतर्फ रु.७१ करोड ८२ लाख ७२ हजार र अन्य कारोबारतर्फ रु.१५ करोड ७० लाख ३५ हजार गरी रु.४ अर्ब १७ करोड ५१ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा स्थानीय विकास मन्त्रालयको शीर्षकमा विनियोजन भएको रु.४ करोड २३ लाख ४७ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था, समिति ४ को रु.१ अरब ९१ करोड ९० लाख ७० हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१ मन्त्रालयले अन्तर्गतका विभाग तथा कार्यालयको राजस्वतर्फको लगत, असुली र नगद तथा लगत बाँकी देखिने गरी केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्नेमा यो वर्षसमेत राजस्वतर्फको केन्द्रीय आर्थिक विवरण तयार भएको छैन ।

१.२ विगत वर्षमा मन्त्रालयले १० सवारीसाधन विभिन्न निकायलाई उपलब्ध गराएकोमा ती सवारीसाधन फिर्ता गरेको छैन ।

१.३ कबुलियती वनपट्टामा दिएको वन क्षेत्रको अद्यावधिक अभिलेख राख्नुपर्नेमा सोसम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन ।

१.४ लाङ्गटाङ राष्ट्रिय निकुञ्जभित्र सञ्चालित ५३ होटल तथा लजहरुले नियमानुसार बुझाउनुपर्ने रोयल्टी रकम रु.७ लाख ८० हजार बुझाएका छैनन् ।

उल्लिखित व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था मिलाउनु पर्दछ ।

२. **प्राविधिक सहायता** – अर्थमन्त्रीले आय–व्ययको जानकारी वक्तव्यका साथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा मन्त्रालयमातहतका ९ कार्यक्रमका लागि २०६७ आषाढ मसान्तको विनिमय दर अनुसार रु. १ अरब ५२ करोड ९४ लाख २० हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा तत्सम्बन्धी सम्झौता प्राप्त नभएको र लेखापरीक्षण पनि गराएको छैन ।

३. **कारबाही नगरिएको –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ अनुसार लेखा उत्तरदायी अधिकृतले कानूनी कारबाही गरी बेरुजू असुल फछ्यौंट गराउनु पर्ने व्यवस्था छ । जिल्ला वन कार्यालय, रसुवाले कार्यक्रम सञ्चालन नगरी खर्च लेखेको र छोडपूर्जी बापतको नगद राजस्व दाखिला नगरेको समेत रु.८ लाख २५ हजार असुल गर्नुपर्ने रकम क्षेत्रीय वन निर्देशकको निरीक्षणबाट समेत पुष्टि भएकोले उक्त रकम आवश्यक कारबाही गरी असुल गर्न २०६७।६।८ र २०६७।९।५ मा मन्त्रालयको सचिवलाई अनुरोध गरिएकोमा सरकारी रकम हानी नोक्सानी गराउने जिम्मेवार कर्मचारीलाई कारबाही गरी रकम असुल गरेको जानकारी प्राप्त भएको छैन ।

४. **अतिक्रमण** – प्राकृतिक वातावरण र विकासबीच सन्तुलन कायम राख्न वनक्षेत्रले ढाकेको क्षेत्रफल वृद्धि गरी औसत ४० प्रतिशतमा कायम राख्न वन अतिक्रमण नियन्त्रण गर्ने सरकारी नीति रहेको छ । वन विभागबाट उपलब्ध विवरणअनुसार ५८ लाख २८ हजार हेक्टर कुल वनक्षेत्रमध्ये ८८ हजार ४३ हेक्टर अतिक्रमणमा परेको देखिएको छ । गत वर्षसम्मको अतिक्रमण ८८ हजार ८८२ हेक्टरभन्दा यो वर्ष केही कम देखिए पनि उल्लेखनीय रुपमा अतिक्रमण हटाउन सकेको देखिएन । उल्लिखित अतिक्रमण आँकडा ३३ जिल्लाको मात्र भएकोले सम्पूर्ण जिल्लाबाट तथ्याङ्क सङ्कलन भएको अवस्थामा अतिक्रमण क्षेत्र अझै वृद्धि हुने देखिएको छ । राष्ट्रिय निकुञ्ज कार्यालय चितवन र बर्दियाअन्तर्गत ९९७ विगाहा संरक्षण क्षेत्र अतिक्रमण भएको देखिएकोले सो समेत नियन्त्रण गर्न जरुरी छ ।

रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई

५. **परिचय** – विश्वव्यापी चासोको विषय बनेको जलवायु परिवर्तनले सिर्जित जोखिमहरुको सामना, हरित गृह ग्यांस उत्सर्जन कटौती र जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका लागि वन क्षयीकरण रोक्न आवश्यक छ । वनको दिगो व्यवस्थापन, वन विकास र संरक्षणको क्रियाकलापबाट वन विनास न्यूनीकरण (Reducing Emission from Deforestration and Forest Degredation- (REDD रेड) सम्बन्धी क्रियाकलाप नेपालमा सुरु भएको छ ।

वन विनास र कार्बन उत्सर्जनलाई रेडका माध्यमबाट न्यून गर्न सकिएमा नेपाल पनि कार्बन व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय संरचनाअनुसार भुक्तानीको लागि दाबी गर्न समर्थ हुन्छ । नेपाल सरकारको त्रि–वर्षीय आवधिक योजना तथा वार्षिक कार्यक्रमहरुमा कार्बन व्यापारका सम्बन्धमा प्रतिबद्धता व्यक्त गरेको देखिन्छ । सन् २००९ मा सम्पन्न जी–८ सम्मेलनले वन कार्बन साझेदारी कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेपछि नेपाललगायतका विकासोन्मुख राष्ट्रहरुले रेडसम्बन्धी पूर्वाधारको निम्ति आर्थिक सहयोग प्राप्त गरिरहेका छन् ।

६. **अनुदान सहायता** – विश्व बैङ्कद्वारा सञ्चालित वन कार्बन साझेदारी कार्यक्रम (एफ.सी.पी.एफ.) अन्तर्गत पूर्व तयारी प्रस्ताव लेखनको निम्ति नेपाल र विश्व बैङ्कको अन्तर्राष्ट्रिय विकास संस्थाबीच २०६६।५।१० मा नेपाललाई २ लाख अमेरिकी डलर अनुदान सहायता प्राप्त हुने गरी सम्झौता भएकोमा अमेरिकी डलर १ लाख ५२ हजार प्राप्त भई आयोजनाअन्तर्गत यो वर्ष रु.१ करोड २ लाख ६९ हजार खर्च गरी प्रस्ताव तयारी गरेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परियोजनाको विस्तृत लागत अनुमान तयार गरी कार्य सम्पादन गर्नुपर्नेमा सो नगरी ७ फर्मको आशयपत्र माग गरी प्राविधिक र आर्थिक प्रस्तावको आधारमा कार्य सम्पन्न गरी रु.७५ लाख २ हजार भुक्तानी गरेको छ । नियमावलीको नियम २३ सँग सम्बन्धित अनुसूची–५ मा भएको व्यवस्थाअनुसार परामर्श सेवाअन्तर्गत सम्भाव्यता अध्ययन, आयोजना डिजाइन आदि स्पष्टरुपमा पहिचान भएका एवं न्यून जोखिम रहने सेवा खरिद गर्दा एकमुष्ट सम्झौता गर्नुपर्ने प्रावधान रहेकोमा एउटा प्रस्तावलाई विभिन्न टुक्रा गरेको देखिंदा प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त तथा मितव्ययी लागतमा काम गराएको छ भन्ने अवस्था रहेन ।

वन विभाग

७. **राजस्व दाखिला** – नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९० अनुसार गुठी रकमबाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको २०६५।४।३० को नीतिगत निर्णय समेतबाट कुनै पनि नामबाट कोष स्थापना गर्न नमिल्ने र भएका कोष बन्द गरी कोषमा भएको रकम राजस्वमा जम्मा गर्नुपर्ने देखिन्छ । वन विभाग र अन्तर्गतका ५५ कार्यालयको वन विकास कोषमा रहेको रु.१५ करोड १८ लाख २६ हजार उल्लिखित व्यवस्थाअनुसार राजस्वमा जम्मा गरेको छैन ।

८. **वन मुद्दा** – वन ऐन, २०४९ को दफा ६५ मा यस ऐनअन्तर्गत दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुने मुद्दा जिल्ला वन अधिकृतले कारबाही र किनारा गर्ने एवं सोबमोजिम फैसलामा पुनरावेदन गर्ने व्यवस्था छ । वन विभागबाट प्राप्त विवरणअनुसार गत वर्षको ६८० समेत ११०८ मुद्दा कारबाही र किनारा लगाउनुपर्ने देखिएको मध्ये यो वर्ष गत वर्षको २७० समेत ३१८ मुद्दा फछ्यौंट भई ७९० फछ्यौंट हुन बाँकी रहेको देखिन्छ ।

९. **राजस्व हिसाब** – विभागबाट प्राप्त विवरणबमोजिम वन विभाग र अन्तर्गतका कार्यालयबाट यो वर्ष रु.६० करोड ५६ लाख ९१ हजार राजस्व असुल भएको र वर्षको अन्तसम्म रु.१३ करोड ४२ लाख ७३ हजार लगती राजस्व उठ्न बाँकी रहेको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

९.१ जिल्ला वन कार्यालय ७४ मध्ये २४ कार्यालयले मात्र काठ दाउराको मौज्दात मूल्याङ्कन गरी राजस्वको आर्थिक विवरणमा लगत बाँकी देखाएको छ । बाँकी ५० कार्यालयले सोहीअनुसार मौज्दात मूल्याङ्कन गरी लगत हिसाबमा देखाउनुपर्नेमा सोअनुसार गरेको देखिएन । लगत कायम नगर्ने कार्यालयहरुमध्ये रौतहट, चितवन, बाँके र महोत्तरीले न्यूनतम रोयल्टी प्रति घनफिट रु.२५०।– का दरले रु.२१ करोड ५३ लाख ३ हजार मूल्यका ८ लाख ६१ हजार २११ घनफिट काठ मौज्दात राखेको देखिन्छ ।

९.२ जिल्ला वन कार्यालय २४ ले रु.१३ करोड ४२ लाख ७३ हजार लगत बाँकी देखाएकोमा लगत हिसाब प्रमाणित गर्ने र लगत कट्टा मिनाहा गर्दा कारण खुलाई निर्णय गरेका छैनन् । उदाहरणका लागि उदयपुर र सुनसरीले क्रमश: रु.१ करोड २५ लाख ६२ हजार र रु.३५ लाख ९२ हजार लगत बाँकी देखाएकोमा सोको प्रमाणित अभिलेख राखेको छैन । सुनसरीले रु.२ लाख ९६ हजार लगत कट्टा मिनाहा गरेकोमा सोको कारण खुलाई निर्णय गरेको देखिएन । जिल्ला वन कार्यालय इलाम, काठमाडौं, पाल्पा, तनहुँ, गोरखा, प्यूठान, दाङ, बर्दिया, दैलेख र कैलालीले गत वर्षसम्म बाँकी देखाएको लगत रु.१ करोड ८८ लाख ७४ हजार यो वर्ष असुल गरेको देखिएन । जिल्ला वन कार्यालय झापा, मोरङ, सिन्धुली र बाराले लगत रु.७ करोड ८३ लाख ५७ हजारमध्ये यो वर्ष रु.१ करोड ६४ लाख ९१ हजार (२१ प्रतिशत) असुल गरेको छ । यसबाट कार्यालयको लगत असुली कार्य प्रभावकारी हुन सकेको देखिएन ।

९.३ जिल्ला वन कार्यालय, बाँकेले विगत वर्षका लेखापरीक्षण विवरणअनुसार राजस्वको लगत बाँकी रु.१ करोड १५ लाख ४९ हजार र यो वर्षको रु.३५ हजारसमेत रु.१ करोड १५ लाख ८४ हजार यो वर्षको राजस्व आर्थिक विवरणमा लगत जिम्मेवारी सारेको देखिएन ।

९.४ जिल्ला वन कार्यालय, सप्तरीले वन विकास कोषतर्फ गत वर्षको मौज्दात देखाएको रु.६ लाख ८८ हजार यो वर्ष जिम्मेवारी सार्नुपर्नेमा रु.२० हजार जिम्मेवारी सारी रु.६ लाख ६८ हजार घटी जिम्मेवारी सारेको कारण उल्लेख गरेको छैन ।

९.५ कार्यालयले आर्जन गरेको राजस्व रकम यथार्थ हुन तोकिएको ढाँचामा लेखा राखी राजस्व असुली रकम सेस्ता एवं सहायक खाताहरुबाट भिडान हुनुपर्दछ । जिल्ला वन कार्यालय रौतहट, उदयपुर, सुनसरी, धनकुटा लगायतका कार्यालयले सदुपयोग शाखा, सामुदायिक वन, जिल्ला वन पैदावार आपूर्ति समिति, टिम्बर कर्पोरेशन आदिबाट राजस्व असुली गरेकोमा सहायक खाता नराखेका एवं लगत हिसाबसमेत प्रमाणित गरी सेस्ता दुरुस्त नराखेको कारण राजस्व असुली भिडान गर्ने एवं लगत हिसाबमा आस्वस्त हुने स्थिति नभएकोले आर्थिक विवरणले देखाएको राजस्व र लगत रकम सुनिश्चित गर्नसक्ने स्थिति देखिएन ।

१०. **काठको मौज्दात** – वन विभागबाट उपलब्ध विवरण अनुसार काठको बढी कारोबार हुने तराई र भित्री मधेशका २५ जिल्लामा काठको कारोबार र मौज्दात स्थिति निम्नानुसार छ:

(घनफिट हजारमा)

निकाय	जिम्मेवारी	यो वर्ष सङ्कलित	जम्मा	२०६६।६७ मा बिक्री	मौज्दात
१. जिल्ला वन कार्यालय	११७८	४३७	१६१५	३९९	१२१६
२. आपूर्ति समिति	७४	५९	१३३	३२४	(१९१)
३. टी.सी.एन.	७८७	६७३	१४६०	४४८	१०१२
जम्मा	**२०३९**	**११६९**	**३२०८**	**११७१**	**२०३७**

१०.१ विभागले गत वर्ष उपलब्ध गराएको प्रतिवेदनबमोजिम यो वर्षको जिम्मेबारी १६ लाख २१ हजार घनफिट हुनु पर्नेमा २० लाख ३९ हजार घनफिट देखाएकोले जिम्मेवारीमा ४ लाख १८ हजार घनफिट काठको मौज्दात फरक परेको देखिँदा विभागले तयार गरेको काठसम्बन्धी अभिलेखमा विश्वस्त हुने अवस्था छैन ।

१०.२ विभागले उपलब्ध गराएको विवरणअनुसार २० लाख ३७ हजार घनफिट काठमध्ये ९४ हजार घनफिट काठको हैसियत बिग्रेको देखिन्छ । त्यस्ता काठको समयमै उचित व्यवस्थापन गर्न ध्यान पुऱ्याएको देखिएन ।

१०.३ विभागबाट प्राप्त विवरण अनुसार ३ हजार ४८६ चट्टा दाउरामध्ये ९६ चट्टा दाउराको हैसियत कमसल रहेको देखिन्छ । उपर्युक्त दाउरा समयमै लिलाम बिक्री नभएमा गुणस्तरमा थप ह्रास आई त्यसबाट प्राप्त हुने राजस्व नोक्सानी हुने देखिएकोले विभागले समयमा नै लिलाम बिक्री गर्ने तर्फ तत्परता देखाउनु जरुरी छ ।

१०.४ वन पैदावार (काठ/ दाउरा) सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०५७ को नियम २०(२) अनुसार नेपाल सरकारको स्वीकृत वन कार्य योजनामा उल्लेख गरिएअनुसारको परिमाणको वन पैदावारको छपान, मूल्याङ्कन गरिसकेपछि जिल्ला वन कार्यालयले प्लट तोकी हस्तान्तरण गर्न सक्ने व्यवस्था छ । सोअनुसार यो वर्ष टिम्बर कर्पोरेसनलाई जिल्ला वन कार्यालय, चितवनबाट हस्तान्तरण भएको मध्ये ५४ हजार ३९ घनफिट काठ र ४८ चट्टा दाउरा घाटगद्दीमा मौज्दात नरहेको भनिएकोमा उक्त परिमाणमध्ये २३ हजार २१५ घनफिट काठ र ११ चट्टा दाउरा ठोस प्रमाणबेगर आगलागीबाट नष्ट भएको कार्यालयमा रहेको विवरणमा उल्लेख गरेको छ । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

११. **लेखापरीक्षण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५(३) अनुसार नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गराई नियमानुसार खर्च गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यो वर्ष जीविकोपार्जन (डी.एफ.आई.डी.) तर्फको रु.४ करोड ५ लाख ६५ हजार, तराई शिवालिकको लागि जैविक विविधता (एस.एन.भी.) तर्फको रु.११ करोड ७१ लाख ७१ हजार र दोलखा रामेछाप सामुदायिक वन विकास कार्यक्रमका लागि (स्वीजरल्याण्ड) तर्फको रु.१९ लाख ३५ हजारसमेत सोझै भुक्तानीतर्फ रु.१५ करोड ९६ लाख ७१ हजार पूँजीगत खर्चतर्फ बजेट व्यवस्था भएको छ । उक्त रकम आर्थिक विवरणमा समावेश गरी सम्बन्धित कार्यालयहरुले लेखापरीक्षण गराएका छैनन् ।

१२. **सामुदायिक वन** – वन जंगलको संरक्षण र सुव्यवस्था गर्ने उद्देश्यले नेपाल सरकारले वनक्षेत्र उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने नीतिअनुरुप यो वर्षको अन्त्यसम्म १६ हजार २५६ सामुदायिक वन उपभोक्ता समितिलाई १३ लाख ५० हजार हेक्टर (कुल वनक्षेत्रको २३.०२ प्रतिशत) वन हस्तान्तरण भई १६ लाख ५० हजार घरधुरी लाभान्वित भएको प्राप्त विवरणबाट देखिएको छ ।

१२.१ वन ऐन, २०४९ को दफा ४४ ले उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र तोकिए बमोजिमको आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । वन नियमावली, २०५१ मा वन उपभोक्ता समूहले आम्दानी खर्चको लेखापरीक्षण गराई सो समेतको वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भए तापनि अधिकांश उपभोक्ता समूहले लेखापरीक्षण प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश नगरेका र जिल्ला वन कार्यालयले पनि सबै समूहबाट त्यस्तो प्रतिवेदन कडाइका साथ लिने गरेको पाइएन ।

१२.२ वन नियमावली, २०५१ को नियम ३२(१) मा सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावारको मात्र सङ्कलन तथा बिक्री वितरण गर्नुपर्ने व्यवस्था भएकोमा वार्षिक कार्ययोजनामा उल्लेख गरेको परिमाणभन्दा बढी परिमाण बिक्री गरेको केही उदाहरण निम्नानुसार छन्:

(काठ घनफिटमा)

जिल्ला वन कार्यालय	सामुदायिक वनको संख्या	कार्य योजनाबमोजिम सङ्कलन तथा बिक्री (साल काठ)		
		गर्न पाउने	स्वीकृति दिएको	बढी गरेको
रुपन्देही	५	१५६४७	२१३८४.८२	६१८७.८२
कन्चनपुर	२	२२८५२	५०६०४.५९	२७७५२
नवलपरासी	६	१३६७२	२९९३५.४८	१६२६३.४८

वन कार्यालयले नियमावली विपरीत कार्ययोजनामा उल्लिखित परिमाणभन्दा बढीको बिक्री सहमति तथा छोडपुर्जी दिँदा बन क्षेत्रको उचित संरक्षण र संवर्द्धन हुने अवस्था नरहेकोले यसमा तालुक निकायले ध्यान दिनु जरुरी देखिएको छ ।

१३. **वन फँडानी** – जिल्ला वन कार्यालय, सर्लाहीले एक सामुदायिक वन उपभोक्ता समूहलाई २०६५।२।२४ मा कटान सहमति दिएकोमा सो समूहले रुख कटान गरी बिक्री वितरण पछि बाँकी रहेको रु. ८ लाख ९५ हजार मूल्यको काठ र दाउरा मौज्दात छदैं २०६६।१०।१३ मा पुनः कटान सहमति दिएको पाइयो । उक्त सहमति अनुसार विभिन्न जातका ५ हजार ४५१ घनफिट काठ तथा २.२९ चट्टा दाउरा कटान सहमति दिएकोमा सो समूहले १७ हजार ४७५ घनफिट काठ र १२ चट्टा दाउरा काटेको देखियो । अनुमतिभन्दा बढी कटान गर्नेलाई वन कार्यालयबाट कुनै कारबाही नगरेको अवस्थामा ईलाका प्रहरी कार्यालयले अन्दाजी रु.८ करोड मूल्य बराबरको काठ बरामद गरी आवश्यक कारबाहीको लागि जिल्ला वन कार्यालयमा पठाएको रुख कटानसम्बन्धी निर्णय फाइलबाट देखिन्छ । यस सम्बन्धमा छानबिन गरी कारबाही गरेको जानकारी प्राप्त हुन आएको छैन ।

१४. **तलबी प्रतिवेदन** – निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) (२) बमोजिम कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा उपरोक्त व्यवस्था पालना नगरी यो वर्ष मन्त्रालयअन्तर्गतका ३८ कार्यालयले रु.३६ करोड ५८ लाख ५८ हजार तलब खर्च लेखेका छन् ।

१५. **राशन भुक्तानी** – नेपाल सरकारको २०५५।८।२ को निर्णयअनुसार फिल्डमा कार्यरत राजपत्र अनङ्कितस्तरका वन रक्षक, वन कार्य सहायक, फरेस्टर एवं रेन्जरलाई राशनको सुविधा उपलब्ध गराउने व्यवस्था भएको देखिन्छ । उक्त निर्णयअनुसार निजामती सेवा ऐन, २०४९ को दफा २४ (घ) १ बमोजिम सहायक वन अधिकृत (रा.प.तृतीय प्रा) मा बढुवा भएको कर्मचारीलाई राशन सुविधा दिन नमिल्नेमा ३९ जिल्ला वन कार्यालयले यस प्रकार राशन खर्च लेखेको रु.१ करोड ३ लाख ७९ हजार असुल गर्नुपर्ने देखिन्छ । बाँकी कार्यालयको सम्बन्धमा समेत छानबिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

१६. **राजस्व नोक्सानी –** सर्वसाधारण जनताको घरकाज, सानातिना विकास कार्य, दैवी प्रकोप र कृषि औजारका लागि आवश्यक पर्ने काठ दाउरा उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले जिल्ला वन पैदावार आपूर्ति समिति गठन भएको देखिन्छ । वन नियमावली, २०५१ र जिल्ला वन पैदावार आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३ को दफा ८(३) को अधीनमा रही सर्व साधारण जनताको घरकाज, विकास निर्माण, दैवी प्रकोप, कृषि औजार आदि प्रयोजनका लागि डिपोमार्फत समितिले निर्धारित मूल्यमा काठ दाउरा उपलब्ध गराउनुपर्दछ । यससम्बन्धी उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१६.१ जिल्ला वन पैदावार आपूर्ति समिति, चितवनले १४ सामुदायिक वन उपभोक्ता समूहलाई लट लटमा साल ४१ हजार ४७६ घनफिट र अन्य काठ ४ हजार ३२३ घनफिट बिक्री वितरण गरेको पाइयो । जिल्ला वन पैदावार आपूर्ति समितिको उद्देश्यविपरीत उपभोक्ता समूहलाई उपलब्ध गराउँदा नेपाल सरकारलाई

प्रतिघनफिट रु.२५०।– का दरले जम्मा ४५ हजार ८०० घनफिटबाट प्राप्त हुने रु.१ करोड १४ लाख ५० हजार राजस्व नोक्सान भएको छ ।

१६.२ वन नियमावली, २०५१ को नियम ९ र जिल्ला वन पैदावार आपूर्ति समिति कार्यविधि निर्देशिका, २०६३ अनुसार कृषि औजार प्रयोजनको लागि काठ बिक्री गर्दा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र गाऊँ विकास समिति वा नगरपालिकाको सिफारिसको आधारमा अभिलेख राखी वर्षमा एक पटक ७ घनफिट काठ उपलब्ध गराउन सकिनेमा यो वर्ष जिल्ला वन कार्यालय, चितवनले १ हजार ८४४ घनफिट काठ एक सामुदायिक वन उपभोक्ता समूहलाई कृषि औजारको लागि भनी प्रतिघनफिट रु.२५।–का दरले बिक्री गरेको पाइयो । जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत न्यूनतम रोयल्टी प्रतिघनफिट रु.२५०।– ले बिक्री गर्नुपर्नेमा नियम एवं निर्देशिकाविपरीत सो समूहलाई रु.२५।– ले निर्धारित परिमाणभन्दा बढी बिक्री गरी रोयल्टी रु.४ लाख १५ हजार र मूल्य अभिवृद्धि कर रु.५४ हजारसमेत रु.४ लाख ६९ हजार घटी असुल गरेको छ ।

१६.३ जिल्ला वन कार्यालय, उदयपुरले जिल्लामा वन पैदावार आपूर्ति समिति गठन नभएको अवस्थामा काठ दाउरा छोडपुर्जी अभिलेखअनुसार कार्यालय तथा टिम्बर कर्पोरेशनमार्फत न्यूनतम मूल्यको १० प्रतिशत रोयल्टी रकम दाखिला गराई सिराहा, सप्तरी र सुनसरीलाई ७ हजार ५४४ घनफिट काठ उपलब्ध गराएको देखियो । न्यूनतम मूल्यको १० प्रतिशत रकम लिई काठ उपलब्ध गराउन मिल्ने आधार स्पष्ट गर्नुपर्ने भनी गत वर्षको प्रतिवेदनमा औल्याइएकोमा सोअनुसारको आधार स्पष्ट नगरी यो वर्ष समेत सोही प्रक्रियाको पुनरावृत्ति भएको कारण रु.१६ लाख ९३ हजार राजस्व घटी हुन गएको देखिन्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

१७. **राजस्व प्रतिशत –** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २५ अनुसार राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले आम्दानी गरेको रकमको ३० देखि ५० प्रतिशत स्थानीय जनताको सामुदायिक विकासका लागि समन्वय गरी खर्च गर्न सकिने र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २६ बमोजिम निर्धारण गरेको प्रतिशतको आधारमा रकम मध्यवर्ती क्षेत्र व्यवस्थापन कोषमा पठाउने र बाँकी सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ ।

यो वर्ष संरक्षण क्षेत्र पर्यटक प्रवेश शुल्कबापत ठमेल काउन्टरबाट विभागमा आम्दानी भएको रकममध्ये ५० प्रतिशत राजस्वमा जम्मा भई बाँकी रु. ६४ लाख ८८ हजार र गत वर्षको रु.२ करोड २१ लाख १३ हजार समेत रु.२ करोड ८६ लाख १ हजार विभागको धरौटी खातामा रहेको छ । मध्यवर्ती क्षेत्रको लागि जानुपर्ने रकम मन्त्रालयले निर्धारण गरेको छैन ।

उल्लिखित नियमावलीको नियम २६ को उपनियम (१) बमोजिम राष्ट्रिय निकुञ्ज, क्षेत्रले गरेको आम्दानी रकमको प्रतिशत निर्धारण मन्त्रालयले नगरिदिएको अवस्थामा चितवन राष्ट्रिय निकुञ्जले आर्जन गरेको रकमको ५० प्रतिशत रु.२ करोड ९५ लाख ९ हजार मध्यवर्ती क्षेत्र व्यवस्थापन कोषमा निकासा दिएकोले मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले रु.२ करोड ५ लाख ८१ हजार खर्च गरेको देखिन्छ ।

१८. **असुल हुन बाँकी –** चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले निकुञ्ज क्षेत्रभित्र सञ्चालित एक रिसोर्टसँग भएको सम्झौताअनुसार राजस्व, संरक्षण शुल्क र जरिबानासमेत रु.५५ लाख ६७ हजार यो वर्षको अन्त्यसम्म असुल गर्न बाँकी देखाएको छ । उक्त रकम सम्झौताबमोजिमको कार्यविधि अपनाई असुल गर्नु पर्दछ ।

१९. **मूल्य अभिवृद्धि कर** – चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले यो वर्ष कसरा र सौराहामा घाट ठेक्का लगाई रु.२६ लाख राजस्व असुल गरेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम उक्त ठेक्कामा मूल्य अभिवृद्धि कर असुल नगरेको रु.३ लाख ३८ हजार असुल गर्नुपर्ने देखिएको छ ।

२०. **अमानतबाट संकलन** – मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २५ ले मध्यवर्ती क्षेत्रभित्र प्राप्त हुने वन पैदावार सो क्षेत्र भित्रको उपभोक्ता समितिले लिन चाहेमा सोही उपभोक्ता समितिलाई नियमानुसार लाग्ने दस्तुर लिई बिक्री गर्नुपर्ने व्यवस्था गरेको छ । पर्सा वन्यजन्तु आरक्ष कार्यालयले यो वर्ष ढुंङ्गा, गिट्टी, वालुवा अमानतबाट बिक्री वितरण गरी मूल्य अभिवृद्धि करसहित रु.५४ लाख ८८ हजार आम्दानी गरेको छ । उपभोक्ता समितिले लिन नचाहेको अवस्थामा प्रतिस्पर्धा गराई बिक्री वितरण गर्नुपर्ने व्यवस्था भएकोमा नियमविपरीत अमानतबाट गराएको पाइयो ।

२१. **सङ्कलन अनुमति** – यो वर्ष ढुंङ्गा, गिट्टी, बालुवा सङ्कलन अनुमतिबापत कुल रु.१ करोड ९६ लाख २९ हजार राजस्व आम्दानी गरेको छ । कार्यालयले चेकपोष्टअन्तर्गतका खोलानालाबाट ढुंङ्गा, गिट्टी, बालुवा सङ्कलनको अनुमति दिने गरेकोमा चेकपोष्टलाई सङ्कलन अनुमति दिएको परिमाण तथा असुल भएको रकम देखिने अभिलेख नराखेकोले पुर्जीअनुसार नै असुली र दाखिला भएको छ भनी विश्वस्त हुने आधार भएन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

काठ दाउरा संकलन तथा बिक्री वितरण (जिल्ला वन कार्यालय रौतहट, उदयपुर र सुनसरी)

वन विकास, संरक्षण र संवर्द्धन एवं काठ दाउरा लगायतका वन पैदावारहरुको सङ्कलन र बिक्री वितरण समेतको कार्य स्वीकृत वन कार्य योजनाबमोजिम जिल्ला वन कार्यालयहरुबाट हुने गरेको छ । काठ दाउरा सङ्कलनदेखि बिक्री वितरण एवं वन विकासदेखि संवर्द्धनसम्बन्धी हरेक क्रियाकलापहरु वन कार्य योजनाअनुसार हुने भएकोले कार्य योजनाको तर्जुमा यथार्थरुपमा गरिनुपर्दछ । कार्य योजना तर्जुमा गर्दा प्रयोग गरिएका तथ्याङ्क र गरिएका विश्लेषणहरु वास्तविक र तथ्यमा आधारित हुनुपर्दछ । यथार्थ आँकडाको प्राप्तिको लागि स्रोत सर्वेक्षणको क्रममा स्थानीय आयतन तालिका, स्याम्पल प्लट, स्याम्पलिङ इन्टेन्सिटी, स्याम्पलिङ विधि एवं स्रोत नक्साको पर्याप्तता र उपयोगमा उचित ध्यान दिनुपर्ने देखिन्छ ।

२२. **कार्य योजना** – वन ऐन, २०४९ को दफा २० बमोजिम जिल्ला वन कार्यालयले सरकारद्वारा व्यवस्थित वनको कार्ययोजना तयार गरी स्वीकृत कार्ययोजनाबमोजिम वन व्यवस्थापन गर्नुपर्दछ । उक्त व्यवस्थाअनुसार रौतहट, उदयपुर र सुनसरीले २०६४।६५ देखि २०६८।६९ सम्मको पञ्च बर्षीय कार्य योजना तयार गरी कार्यान्वयन गरी रहेका छन् । कार्य योजना तयारी सम्बन्धमा निम्नानुसार देखिएको छ:

२२.१ उदयपुरले कार्ययोजना तयार गर्न बजेट व्यवस्था नभएकोले पर्याप्त मात्रामा वन जङ्गलको तथ्याङ्क संकलन गर्न नसकिएकोले कार्यालयमा रहेको तथ्याङ्कलाई आधार लिएकोले जिल्लाको वनको अवस्था, कुल वन मौज्दात, वार्षिक वृद्धि र वार्षिक स्वीकार्य कटान वास्तविकतासँग मेल नखान सक्ने व्यहोरा उल्लेख गरेको छ । सो कार्यालयले रुख संख्या निकाल्ने क्रममा १९६ फिल्ड प्लटबाट जानकारी सङ्कलन गरेको जनाएकोमा ती प्लटहरुको नामनामेसी, क्षेत्रफल र सोको खास संख्या निर्धारण गर्ने तौरतरिका आदिको सम्बन्धमा स्पष्ट उल्लेख गरेको छैन ।

२२.२ सुनसरीले ६ हजार ६६८ हेक्टर वन क्षेत्रको विश्लेषण गरी कुल सञ्चिति र वार्षिक वृद्धिदर निर्धारण गरेको जनाएकोमा उल्लिखित क्षेत्रफल छनौटको आधार उल्लेख भएको देखिदैन । आफ्नो क्षेत्रभित्रको वन मौज्दात यकिन गरी सोही आधारमा वार्षिक स्वीकार्य कटान परिमाण निर्धारण गरिने प्रक्रिया रहेकोमा वन मौज्दात यकिन गर्न प्रजाति संरचना सहितको वन नक्साको अभाव, स्तरीकृत सम्भाव्य नमूना विधिको प्रयोग गर्न नसकिएको, सीमित नमूना प्लट तथा नमूना प्लट छनौटको आधार स्पष्ट नगरेको एवं छनौट भएका नमूना प्लटहरुको अभिलेख समेत नरहेको अवस्थामा कार्य योजनामा उल्लिखित आँकडाको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । कार्य योजना तयार गर्दा जिल्लाको वनको अवस्था, कुल वन मौज्दात, वार्षिक वृद्धि र वार्षिक स्वीकार्य कटान परिमाण लगायतका आँकडाहरु भरपर्दो र पुन:परीक्षण तथा अनुगमन मूल्याङ्कन गर्न सकिने गरी संकलन गर्नुपर्दछ ।

२२.३ वन क्षेत्रमा रहेका प्रजातिअनुसार समानुपातिक हिसाबले काठ सङ्कलन गर्ने व्यवस्था मिलाउनुपर्दछ । रौतहटको वन कार्य योजनामा काठको वार्षिक स्वीकार्य कटान परिमाण १ लाख घनफिट रहेको छ । सो परिमाणमध्ये साल प्रजातिको उत्पादन ६० प्रतिशत रहने उल्लेख छ । सोही कार्य योजनाबमोजिम जिल्लामा मौजुदा २९ हजार ४०० हेक्टर वन क्षेत्रमध्ये १६.६२ प्रतिशत साल वन र १८.३९ प्रतिशत साल तराई हार्डउड वन रहेको उल्लेख छ । उक्त दुबै वनमा साल प्रजाति रहेको मान्दा ३५ प्रतिशत साल रहेको देखिन्छ । यसरी कुल वन क्षेत्रको ३५ प्रतिशतमात्र साल वन रहेको अवस्थामा वार्षिक स्वीकार्य कटान परिमाणको ६० प्रतिशत साल हुने उल्लेख भएबाट तराईको साल वनमा अत्यधिक चाप पर्न गई साल वनको क्षेत्र घट्न जाने देखिन्छ । तसर्थ वार्षिक स्वीकार्य कटान परिमाणअनुसार काठ उत्पादन गर्दा वन क्षेत्रमा रहेका प्रजातिहरुबाट समानुपातिक रुपमा काठ उत्पादन गर्ने व्यवस्था हुनुपर्दछ ।

२३. **सामुदायिक वन** – वन ऐन, २०४९ को दफा २५ अनुसार उपभोक्ता समूहले कार्य योजना बमोजिम वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई सुम्पन सक्नेछ । उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण गरेकोमा केही सामुदायिक वनको कार्य योजना अध्ययन गर्दा निम्नानुसार देखिएको छ:

२३.१ सामुदायिक वनबाट उत्पादन गरिने पैदावारमध्ये काठ महत्त्वपूर्ण पैदावार हो । यसको सङ्कलन गर्न सकिने परिमाण होसियारीपूर्वक निकाल्नुपर्दछ । स्रोत सर्वेक्षणका बेला गरिएका सामान्य गल्तीले परिमाणमा ठूलो फरक आउन सक्दछ । काठको सदुपयोगको बारेमा अपनाइने आधार स्रोत सर्वेक्षण र विशेष गरी तथ्याङ्क विश्लेषण गर्ने क्रममा ध्यान दिनु आवश्यक भएको व्यहोरा सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ मा उल्लेख भएअनुसार तथ्याङ्कमा गरिएको सामान्य हेरफेरले परिमाणमा ठूलो फरक पर्न गई बढी परिमाणमा रुख कटान हुनसक्ने स्थिति रहन जान्छ ।

रौतहटको कार्य योजनामा वनको वार्षिक वृद्धिदर १.१ घनमिटर/हेक्टर रहेकोमा सामुदायिक वनतर्फको वृद्धिदर सोभन्दा निकै बढी देखिएको छ । उदाहरणको लागि २०६२।६३ देखि यो वर्षसम्म कार्यान्वयनमा रहेको दोभान सामुदायिक वन कार्य योजनामा वनको वार्षिक वृद्धिदर १७.०८ घनमिटर/हेक्टर रहेको उल्लेख छ । यसैगरी २०६३।६४ देखि कार्यान्वयनमा रहेको हातेमालो सामुदायिक वनको कार्य योजना अनुसार समितिलाई हस्तान्तरण भएको वनलाई ८ खण्डमा विभाजन गरी सर्वेक्षण गरेकोमा ती खण्डहरुमा ५.३२ घनमिटर/हेक्टर वार्षिक वृद्धिदर उल्लेख छ । सोही जिल्लाको खोरकट्टि सामुदायिक वनको विगत वर्षदेखि कार्यान्वयनमा रहेको कार्य योजनामा विभिन्न खण्डहरुमा ६.०१ घनमिटर/हेक्टर सम्म वार्षिक वृद्धिदर उल्लेख गरेको छ । कुल वन क्षेत्रको अधिकांश हिस्सा सरकारद्वारा व्यवस्थित वन रहेको यस जिल्लामा सरकार व्यवस्थित वनमा भन्दा समुदायलाई हस्तान्तरण भएका सीमित वन क्षेत्रमा वार्षिक वृद्धि दर अत्यधिक बढी देखिएको छ । ज्यादै न्यून स्याम्पलिङ इन्टेन्सिटी र पहिचान गर्न नसकिने स्याम्पलिङ प्लटको आधारमा गरिएको वन स्रोत सर्वेक्षणबाट निर्धारित वृद्धि दर र काठ दाउराको वार्षिक कटान परिमाण भरपर्दो र विश्वसनीय नदेखिएकोले यस आधारमा गरिएको काठ दाउरा संकलनले वनको दिगो व्यवस्थापनमा नकारात्मक असर पुग्न जाने सम्भावना रहेको छ । तसर्थ, वनको वार्षिक वृद्धि दर विश्वसनीय रुपमा निर्धारण गरिनुपर्दछ ।

२३.२ सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ मा सङ्कलन गर्नसकिने काठको परिमाण यकिन गर्ने सम्बन्धमा वन स्रोत सर्वेक्षण गरी वार्षिक निकाल्न सकिने परिमाण पत्ता लगाइसकेपछि हावा हुरीले यदि रुखहरु ढलेका छन् भने त्यस्ता रुखहरुको आयतन सङ्कलन गर्न सकिने परिमाणमा घटाई बाँकी मात्र निकाल्नुपर्दछ । यदि ढलेका रुखको आयतन सङ्कलन गर्न सकिने परिमाणभन्दा बढी छ भने आगामी वर्षको सङ्कलन गर्न सकिने परिमाणमा मिलान गर्नुपर्ने व्यवस्था छ । सुनसरीले २०६६।६७ मा नवीकरण गरी कार्यान्वयनमा आएको ज्वालामुखी, बराहकुट, सुनकोशी महिला र आदर्श सामुदायिक वन उपभोक्ता समितिको २०६६।६७ देखि २०७०।७१ सम्मको कार्य योजनामा सुख्खा ढलापढा रुखको सङ्कलन परिमाणले

वार्षिक निकाल्न सकिने परिमाणमा कुनै असर नपर्ने व्यहोरा उल्लेख गरिएको छ । सोअनुसार ती सामुदायिक समितिलाई यो वर्ष कार्य योजनाभन्दा ७ हजार ३६५ घनफिट बढी काठ संकलन सहमति प्रदान गरेको छ । सरकारले तोकेको न्यूनतम दरको आधारमा यसरी बढी कटान अनुमति दिएको काठको मूल्य रु.२२ लाख १० हजार पर्ने देखिन्छ । वन कार्यालयले वार्षिक स्वीकार्य कटानको यकिन नगरी कटान सहमति प्रदान गरेबाट वार्षिक योजनाभन्दा बढी रुख कटान भई कुल वन मौज्दातमा असर पर्ने देखिन्छ ।

सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शनविपरीत कार्य योजना स्वीकृत गरी बढी कटान सहमति दिने सम्बन्धित पदाधिकारीलाई आवश्यक कारवाही हुनुपर्ने र बढी कटान भएको परिमाण आगामी वर्षको कटान परिमाणमा मिलान गर्नु पर्दछ ।

२४. **काठ दाउरा सङ्कलन** – वन नियमावली, २०५१ को नियम ६ (१) बमोजिम कार्य योजनामा वर्षभरि सङ्कलन तथा बिक्री वितरण गर्न तोकिएको परिमाणभन्दा बढी हुने गरी वन पैदावार सङ्कलन तथा बिक्री गर्न नपाइने व्यवस्था छ । वन संरक्षण र दिगो व्यवस्थापनको लागि उक्त व्यवस्था गरिएको भए तापनि विगत वर्षदेखि यस वर्षसम्मको अवधिमा वन कार्यालय र सोअन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले निम्नानुसार कार्य योजनामा तोकिएभन्दा बढी परिमाणमा काठ सङ्कलन गरेको देखिएको छ ।

२४.१ रौतहटको स्वीकृत कार्य योजना अनुसार वार्षिक १ लाख घनफिटसम्म काठ संकलन गर्न सकिने उल्लेख भएकोमा यो वर्ष सोही सीमाभित्र रहेकोमा गत वर्ष १ लाख ७९ हजार ६७८ घनफिट अर्थात् वार्षिक स्वीकार्य कटान परिमाणभन्दा ७९ हजार ६७८ घनफिट बढी काठ सङ्कलन गरेको पाइयो । सरकारले तोकेको न्यूनतम रोयल्टीको आधारमा उक्त बढी कटान भएको काठको मूल्य रु.१ करोड ५९ लाख ३५ हजार पर्ने देखिन्छ ।

२४.२ उदयपुरले यो वर्ष २२९ सामुदायिक वन उपभोक्ता समितिलाई कटान सहमति दिएको मध्ये ४४ सामुदायिक वनलाई कार्य योजनामा तोकिएको परिमाणभन्दा बढीको कटान सहमति प्रदान गरेको छ । कार्य योजनामा साल, खयर र अन्य जातको बेग्लाबेग्लै कटान परिमाण उल्लेख भएको मध्ये सालको मात्र विश्लेषण गर्दा ४४ सामुदायिक वनलाई ८६ हजार ४५२ घनफिट बढी कटान सहमति दिएको र सोको मूल्य न्यूनतम रोयल्टी दरअनुसार रु.१ करोड ७२ लाख ९० हजार पर्ने देखिन्छ । सोही कार्यालयले गत वर्ष ५४ सामुदायिक समितिलाई कार्य योजनामा उल्लिखित वार्षिक स्वीकार्य कटान परिमाणभन्दा ९८ हजार ३१४ घनफिट बढी सालको रुख कटान सहमति दिएको र न्यूनतम रोयल्टी दरको आधारमा मात्र उक्त काठको मूल्य रु.१ करोड ९६ लाख ६३ हजार पर्ने देखिन्छ ।

यस प्रकार राष्ट्रिय वन बढी भएको रौतहटले राष्ट्रिय वनतर्फ र समुदायलाई हस्तान्तरण भएको वन बढी भएको उदयपुरमा सामुदायिक वनतर्फ कार्य योजनामा स्वीकृत वार्षिक कटान परिमाणभन्दा बढी परिमाण कटान सहमति दिएबाट वन फँडानीको मात्रा बढ्न गई वनको दिगो व्यवस्थापनमा नकारात्मक असर पर्न जाने देखिएकोले यस सम्बन्धमा छानविन गरी आवश्यक कारबाही गर्नुपर्दछ ।

२५. **काठ दाउराको गुणस्तर** – सङ्कलन गरी घाटगद्दी गरिएका काठ दाउरा समयमै बिक्री वितरण गर्नुपर्दछ । लामो समयसम्म घाटगद्दीमा रहेको अवस्थामा त्यस्ता काठ दाउराको गुणस्तरमा ह्रास आई हैसियत बिग्रन जान्छ । हैसियत बिग्रिएका काठ दाउरा बिक्री नभई कुहिने अथवा चल्तीको मूल्यभन्दा कममा बिक्री भई राजस्वमा कमी आउने स्थिति रहन्छ । वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० को १९(१) अनुसार समयमै पटक पटक वन पैदावार लिलाम बिक्री गर्ने प्रयास गर्दा पनि बिक्री हुन नसकी वन पैदावारको हैसियतमा ह्रास हुन आई न्यूनतम मूल्यभन्दा कम गर्नुपर्ने अवस्था सिर्जना भएमा क्षेत्रीय वन निर्देशकको संयोजकत्वमा क्षेत्रीय कोष निर्देशनालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको प्रतिनिधि सदस्य र जिल्ला वन अधिकृत सदस्य सचिव रहने गरी समिति गठन हुने व्यवस्था छ । यस सम्बन्धमा निम्नअनुसार देखिएको छ:

२५.१ रौतहटको घाटगद्दी विवरण अनुसार यस वर्षको अन्त्यमा कार्यालयतर्फ ३८ हजार ४६८ घनफिट काठ र ४८.५० चट्टा दाउरा मौज्दात देखिन्छ । बाँकी काठ दाउराको वर्षगत अभिलेख व्यवस्थित गरी नराखेको र

सोमध्ये गुणस्तरमा कमी आई हैसियत बिग्रीएका काठ दाउराको परिमाणसमेत छुट्याएको देखिएन । कार्यालयको घाटगद्दी अभिलेख परीक्षण गर्दा २०६१।६२ देखिका काठ तथा दाउरा मौज्दातमा रहेको छ । छ–सात वर्षदेखि खुला चौरमा रहेका काठ दाउराको हैसियतमा निकै खराबी आएको भए तापनि कार्यालयले हैसियत खराब भएका काठ दाउराको विवरण खुलाउन चाहेको देखिएन । सशस्त्र वन सुरक्षा शाखा, चन्द्रनिगाहपुरको परिसर र धनसर रेन्जपोष्टमा घाटगद्दी गरिएका हैसियत खराब भएका काठ दाउराको लेखापरीक्षणको सिलसिलामा लिइएको तस्बिरले उक्त अवस्थाको यथार्थता दर्शाउछ ।अवलोकनको क्रममा घाटगद्दी गरिएको सिमलको काठ सबै कुहिएर गएकोले जिम्मा लिने कर्मचारीले सोको बरबुझारथ कसरी गर्ने भनी चिन्ता व्यक्त गरेको अवस्था रहेको छ ।

धनसर घाटगद्दीमा रहेका हैसियत बिग्रेका काठ दाउरा

२५.२ उदयपुरबाट प्राप्त घाटगद्दीको विवरणअनुसार यो वर्षको अन्त्यमा २४ घाटगद्दीमा विभिन्न जातका काठ २९ हजार ५५२ घनफिट र दाउरा ५८.५ चट्टा मौज्दात रहेको छ । उक्त परिमाणको काठ दाउरामध्ये २०५०।५१ देखि २०६२।६३ सम्मको ७ हजार ८४४ घनफिट काठ र ४०.५ चट्टा दाउरा लिलाम बिक्री गर्न नमिल्ने गरी हैसियत बिग्रिएको जनाएको छ । यसरी हैसियत खराब भएको काठको मूल्य न्यूनतम आधार मूल्यअनुसार रु.१९ लाख ६१ हजार रहेको देखिन्छ । यसरी वर्षौसम्म काठ दाउरा मौज्दातमा राखी हैसियत खराब भएकोमा सरोकारवाला तालुक निकायले समेत चासो देखाएको पाइएन ।

यस्ता काठ दाउरा लामो समयको घाम पानीबाट हैसियत गुमाउदै गएको देखिन्छ । यस्ता काठ दाउराको तोकिएको न्यूनतम मूल्य बराबरको राजस्व समेत प्राप्त नहुने अवस्था रहेको छ । यस प्रकार समयमै बिक्री वितरण नगरिएको कारण एकातर्फ सर्वसाधारणको मागको सहज आपूर्ति नहुने र अर्कोतर्फ प्राकृतिक स्रोत र राजस्वको समेत नोक्सानी हुन जाने देखिन्छ । जिल्ला वन कार्यालय र टिम्बर कर्पोरेशनले समयमै काठ दाउराको बिक्री वितरण गर्ने र हैसियत बिग्रिन जाने अवस्था आएमा पुन: मूल्याङ्कनको व्यवस्था समेत कार्यान्वयन गरी बिक्री वितरण व्यवस्था मिलाउनुपर्दछ । साथै, लिलाम बिक्री सम्बन्धमा तालुक कार्यालयले नियमित निरीक्षण अनुगमन गर्नुपर्दछ ।

२६. **घाटगद्दी** – वन ऐन,२०४९ को दफा ९ तथा वन पैदावार (काठ दाउरा) सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०५७ को १०(१) बमोजिम लगत भएका गोलिया काठ तथा दाउरा जिल्ला वन अधिकृतबाट चार किल्ला खुलाई तोकेको ठाउंमा घाटगद्दी गर्नुपर्ने तर सीमावर्ती क्षेत्रमा ५ कि.मि.भित्र र स:मिल क्षेत्रभित्र घाटगद्दी गर्न नदिइने व्यवस्था छ । साथै वन पैदावार (काठ दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ को १०(२) अनुसार घाटगद्दी जङ्गल बाहिर गर्नुपर्ने र जङ्गलभित्रै गर्नु परेमा वन निर्देशकको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्:

२६.१ रौतहटअन्तर्गत टिम्बर कर्पोरेशनको घाटगद्दीको स्थलगत अवलोकन गर्दा धनसर रेञ्जपोष्टअन्तर्गत लमाहा जङ्गल क्षेत्रमा करिब २० हजार ८५१ घनफिट काठ घाटगद्दी गरी राखेको देखिएको छ । उक्त घाटगद्दी जङ्गल भित्रै रहेकोमा जिल्ला वन कार्यालयले घाटगद्दीको रुपमा तोकेको समेत देखिएन । तर उक्त स्थान विगत वर्षदेखि नै घाटगद्दीको रुपमा प्रयोग भई रहेको पाइएको छ ।

लमाहा घाटगद्दी, रौतहट

२६.२ उदयपुर अन्तर्गत टिम्बर कर्पोरेशनको देवधार घाटगद्दीमा १ हजार २०२ घनफिट सालको काठ राखेको छ । उक्त घाटगद्दी जङ्गलसंगै रहेको छ । साथै सुरक्षाको अभावमा उक्त घाटगद्दीमा रहेका साल काठहरु अधिकांश डढेको अवस्थामा रहेको देखिन्छ । तसर्थ तोकिएको स्थानमा मात्र घाटगद्दी गर्नुपर्ने र सो स्थानमा राखिएका काठ दाउराको सुरक्षाको पर्याप्त व्यवस्था गर्नु पर्दछ ।

२७. **वितरण व्यवस्था –** वन नियमावली, २०५१ को नियम ३ अनुसार उत्पादित काठ दाउरा कार्य योजना अनुसार बिक्री वितरण गर्नुपर्दछ । यसरी काठ दाउरा वितरण गर्दा उच्चतम राजस्व प्राप्ति र स्थानीय जनताको मागलाई समेत ध्यान दिनुपर्दछ । प्रत्येक जिल्ला वन कार्यालयहरु र सामुदायिक वन उपभोक्ता समितिहरुको बेग्लाबेग्लै वन कार्य योजना रहने र सोही कार्य योजनाबमोजिम वन विकास तथा संरक्षण, अतिक्रमण नियन्त्रण, काठ दाउरा लगायतका वन पैदवार सङ्कलनको कार्य हुने गरेको छ । सङ्कलित काठ दाउरा वितरण सम्बन्धमा कार्य योजनामा स्पष्ट व्यवस्था गरेको भने देखिएन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

२७.१ वन विभागवाट लिइएको विवरण अनुसार रौतहट, उदयपुर र सुनसरीले विगत ३ वर्षमा सरकारी वनबाट काठ दाउरा उत्पादन गरी बिक्री वितरण गरेको रौतहटले विगत वर्षदेखि यस वर्षसम्मको अवधिमा कुल बिक्री मध्ये टिम्बर कर्पोरेशनमार्फत क्रमश: ७३, ५६ र ५० प्रतिशत, उदयपुरले क्रमश ४६, ५१ र ६० प्रतिशत एवं सुनसरीले ४५, ४० र २ प्रतिशत बिक्री गरेको छ । उक्त परिमाणको काठ कार्यालय आफैले बिक्री गरेको भए कार्यालयको औसत बिक्री मूल्यको आधारमा रौतहटले यस वर्षको बिक्रीबाट मात्र रु.१ करोड २६ लाख २० हजार बढी रोयल्टी आर्जन गर्न सक्ने थियो । यसरी रौतहट र उदयपुरले टिम्बर कर्पोरेशनलाई प्राथमिकता दिई बिक्री वितरण गरेको र सुनसरीले जिल्ला वन पैदावार आपूर्ति समितिलाई प्राथमिकता दिएको देखिएको छ । जिल्ला वन पैदावार आपूर्ति समिति र टिम्बर कर्पोरेशनबाट बिक्री भएको काठ दाउराको न्यूनतम रोयल्टी दरले हुने रकम मात्र राजस्व खातामा दाखिला हुने भएकोले यी निकायबाट बिक्री वितरण गर्ने सम्बन्धमा निश्चित नीति निर्धारण हुनुपर्दछ ।

२७.२ सामुदायिक वन उपभोक्ता समितिको कार्य योजनामा उत्पादित काठ दाउरा बिक्री वितरणको योजनासमेत समावेश गर्नुपर्दछ । उदयपुरका १७९ सामुदायिक वन उपभोक्ता समितिले २०६६।६७ मा साल, खयर लगायतका २ लाख १६ हजार घनफिट काठ बिक्री गरेको मध्ये समूहभित्र साल ५१ हजार ३८५ घनफिट समेत ५३ हजार ४०९ र समूह बाहिर १ लाख ६२ हजार ६२८ घनफिट साल, खयर लगायतका बिक्री गरेको छ । समूहसँगको छलफलमा समूहका सदस्यहरुलाई आवश्यक काठको अनुमान नगरिएको र जोरपोखरी सामुदायिक वन उपभोक्ता समिति लगायतमा समितिका सदस्यहरुलाई दामासाहीमा काठ वितरण गर्ने गरेको देखियो । यसरी समूहभित्र बिक्री गर्दा सालको काठ प्रति घनफिट रु.५० सम्ममा बिक्री हुने भएकोले यसबाट समूहको आम्दानी एवं सोबाट प्राप्त हुने रोयल्टी समेतमा असर पर्न जाने देखिन्छ । साथै यसरी आन्तरिकरुपमा बिक्री गरिएको काठको सही सदुपयोग सम्बन्धमा समेत सुनिश्चित हुने अवस्था छैन । सामुदायिक वन कार्य योजनामा काठ दाउरा बिक्री वितरण सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्दछ ।

२८. **बिक्री मूल्य:–** वन कार्यालयले स्वीकृत कार्य योजना बमोजिम बिक्री गर्ने काठ दाउराको न्यूनतम आधार मूल्य समय सापेक्ष र बजारमा आधारित हुनुपर्दछ । वन विभागले २०६४।१०।२९ मा काठ दाउरा बिक्री वितरण गर्दा विगतमा सम्बन्धित पक्षहरुको मिलेमतोमा न्यूनतम मूल्यकै हाराहारीमा बिक्री हुने, स्वच्छ प्रतिस्पर्धा नहुने र जनताले अधिकतम मूल्य तिरेपनि राष्ट्रले अधिकतम राजस्व प्राप्त गर्न नसकेको जनगुनासो सुनिएकोले सो हुन नदिन पूर्ण पारदर्शी, प्रतिस्पर्धात्मक रुपले बिक्री वितरण गर्ने, काठको गुणस्तर, बजार मूल्य, हालै २०६४।८।२६ मा टिम्बर कर्पोरेशनले गरेको मूल्य वृद्धिलाई पनि ध्यानमा राखी अधिकतम राजस्व प्राप्त हुने गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाउन सबै वन कार्यालयहरुलाई परिपत्र गरेको पाइयो । उक्त परिपत्रमा संलग्न टिम्बर कर्पोरेशनले उदयपुरको लागि साल काठको न्यूनतम मूल्य प्रतिघनफिट रु.५५४।– तोकेको सन्दर्भमा सो जिल्लाले यो वर्ष कार्यालयबाट बिक्री गरेको काठको औसत मूल्य ४०१।– रहेको छ । उक्त मूल्य टिम्बर कर्पोरेशनको आधार मूल्यभन्दा घटी रहेको छ । सो वर्ष टिम्बर कर्पोरेशनले वन

कार्यालयबाट प्राप्त काठ औसतमा रु.५६८।– मा बिक्री गरेको देखिन्छ । यसैगरी उदयपुरका सामुदायिक वन उपभोक्ता समितिले यो वर्ष ४ लाख ४४ हजार ९०९ घनफिट काठ औसतमा रु.३२७।– का दरले बिक्री गरेकोमा उक्त मूल्य टिम्बर कर्पोरेशनको आधार मूल्यभन्दा रु. ५५४।– र औसत बिक्री मूल्य रु.५६८।– भन्दा क्रमश: रु.२२७।– र रु.२४१।– ले घटी रहेको देखिन्छ ।

यसरी टिम्बर कर्पोरेशनको आधार मूल्यसँग मात्र तुलना गर्दा उदयपुरले कार्यालयतर्फको बिक्रीमा रु.१३ लाख ४३ हजार र सामुदायिकतर्फको बिक्रीमा रु.१० करोड ९ लाख ९४ हजार घटी आय प्राप्त हुन गएको छ । काठको औसत बजार मूल्य प्रतिघनफिट रु.३ हजारभन्दा बढी रहेको अवस्थामा सरकारी न्यूनतम मूल्याङ्कन रु.२५०।– मात्र रहेको र सो न्यूनतम मूल्य टिम्बर कर्पोरेशनले तोकेको मूल्यभन्दा पनि न्यून रहेको कारण न्यूनतम मूल्यलाई समय सापेक्ष र बजार अनुकूल बनाउनुपर्ने देखिन्छ ।

सरकार व्यवस्थित वनको काठ बिक्री गर्ने टिम्बर कर्पोरेशनको भन्दा जिल्ला वन कार्यालयको न्यूनतम आधार मूल्य कम भएको, दुबैको न्यूनतम आधार मूल्य बजारको प्रचलित मूल्यभन्दा निकै न्यून देखिएको र कार्यालय, टिम्बर कर्पोरेशन र समितिको औसत बिक्री मूल्य न्यूनतम आधार मूल्यभन्दा केही मात्र बढी भएकोले सरकारलाई प्राप्त हुने राजस्वमा प्रत्यक्ष असर परेको देखिन्छ । तसर्थ बजार मूल्यलाई समेत ध्यानमा राखी न्यूनतम आधार मूल्यमा समयानुकूल परिमार्जन गर्दै जानुपर्दछ ।

संगठित संस्था, समिति र अन्य संस्थातर्फ

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

औषधोपयोगी जडीबुटी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने उद्देश्यले २०३८ मा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस कम्पनीको यस वर्षको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु निम्न छन्:

२९. **लेखापरीक्षण स्थिति** – विगत, गत र यो आर्थिक गर्षको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन क्रमश: २०६५।११।३०, २०६६।१०।२९ र २०६७।८।२८ मा उपलब्ध गराई सञ्चालक समितिको जवाफको लागि पटक पटक अनुरोध गरिएतापनि प्रतिक्रियासहित सञ्चालक समितिबाट प्रमाणित वित्तीय विवरण उपलब्ध नभएको कारण ती वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्न सकिएको छैन ।

३०. **सञ्चालन नतिजा –** गत वर्षसम्म रु.१२ करोड ५९ लाख ३० हजार नोक्सानी भएकोमा यो वर्ष रु.९८ लाख ९९ हजार थप भई रु.१३ करोड ५८ लाख २९ हजार पुगेको छ ।

३१. **नगद प्रवाह –** सञ्चालन गतिविधिबाट प्रवाह भएको नगद गतवर्ष रु.२ लाख ४८ हजार ऋणात्मक रहेकोमा यो वर्ष रु.७ लाख ६ हजार ऋणात्मक भई नगद प्रवाहमा १९३ प्रतिशतले कमी आएको छ । कर्मचारी अवकाशबापतको दायित्व रकम कर्मचारी अवकाश कोषमा जम्मा नगर्दाको अवस्थामा नगदको यो प्रवाहले कम्पनीको नगद प्रवाहको अवस्थालाई कठिन देखाएको छ ।

३२. **शेयरधनीको स्वामित्व** – शेयरधनीले वर्षान्तमा लगानीको ३.९० गुणा थप नोक्सान व्यहोरी सकेको र कम्पनीको चालू पूँजी अन्य दायित्वबाट व्यहोरिएको छ ।

३३. **निरन्तरता** – वित्तीय विवरण निरन्तरताको सिद्धान्तमा तयार गरेको छ । कम्पनीको वित्तीय अवस्था, सञ्चालन अवस्था तथा नगद प्रवाहको अवस्था अध्ययन गर्दा कम्पनीको आर्थिक अवस्था निम्नानुसार देखिन्छ

३३.१ कर्मचारी अवकाश दायित्वमा यो वर्ष रु.७२ लाख ३४ हजार (गत वर्ष रु.१ करोड ८० लाख ९७ हजार) वृद्धि भएको छ । सञ्चालन नगद प्रवाहले कर्मचारीको यो वर्षको कर्मचारी अवकाश दायित्व वृद्धिलाई पूरा गर्नसक्ने अवस्था छैन । कर्मचारी अवकाशबापतको रकम कोषमा जम्मा नभएको अवस्थामा कम्पनी

सञ्चालनमा रहेकोले कर्मचारी अवकाश हुँदा कर्मचारी अवकाशबापतको रकम कोषमा जम्मा गरेमा कम्पनी सामान्य सञ्चालनका लागि नगद प्रवाह उपलब्ध हुने देखिदैन ।

३३.२ कम्पनीले लिएको कर्जा र ब्याज भुक्तानी गर्ने भाखा पुगी यो वर्ष रु.९ करोड ९४ लाख ३९ हजार (गत वर्ष रु.९ करोड ६४ लाख ७९ हजार) बाँकी रहेको छ । नेपाल सरकारसँग लिएको उक्त कर्जा तथा ब्याजको व्यवस्था गर्दै आएतापनि भुक्तानी गर्न सक्ने क्षमता देखिदैन ।

३३.३ शेयरधनीको लगानीको अनुपातमा ४.९४ गुणा सञ्चित नोक्सान पुगेको छ । उठ्न नसकेका असामी तथा पुराना पेश्कीका लागि खर्च व्यवस्था गर्दा उक्त नोक्सानीको अनुपात अझ बढ्न जाने देखिन्छ ।

३३.४ कारखानामा भौतिक अवस्थाको सुधार गरेको देखिएन । सेडको अभावले उत्पादकत्वमा २० प्रतिशतसम्म कमी आउने कम्पनीका प्राविधिकहरुको भनाई रहेतापनि तेल उत्पादन गर्ने घाँस लगायतका कच्चा पदार्थ खुल्ला आकाशमा नै राख्ने गरेको कारण उत्पादकत्वमा पारेको असरका सम्बन्धमा ध्यान जान नसकेको बारे गतवर्षको प्रतिवेदनमा औल्याइएकोमा स्थिति यथावत् रहेको छ । कच्चा पदार्थको अभावले मेसिन पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेको छैन ।

उल्लिखित परिसूचकलाई दृष्टिगत गर्दा कम्पनीलाई अनवरत निरन्तरतामा कायम राख्न तत्कालीन, अल्पकालीन तथा दीर्घकालिन पूर्वाधार निर्माण तथा व्यवस्थापकीय सुधारका कार्यक्रम तयारी र कार्यान्वय गर्न आवश्यक देखिएको छ । हालको अवस्थामा कम्पनी निरन्तरताको सिद्धान्तअनुसार सञ्चालन हुने अवस्था देखिदैन ।

३४. **लेखाङ्कन** – २०६३ आषाढ मसान्तमा कटान गरी नसकेको बालीको यो वर्ष पनि लेखाङ्कन गरेको छैन । वीउ वीजन, मलखाद कम्पनीका स्रोत उपयोग लगायतका कृषकलाई उपलब्ध गराएको सहयोगहरुमा भएका खर्चलाई सम्बन्धित सहयोग गर्दाका वखत खर्च लेखाङ्कन गरी कृषकबाट उक्त सहयोगको रकम फिर्ता भएका वखत खर्चलाई रिभर्स गर्ने गरेको छ । यसले गर्दा वर्षको सुरुमा जिम्मेवारी सरी आएको त्यस्ता रकम तथा यो वर्ष खर्च भई आषाढ मसान्तमा फिर्ता हुन बाँकी रहेको रकमले वित्तीय विवरणमा फरक पार्दछ । विगतदेखि नै यस्तो फरक पार्ने रकमको लेखाङ्कन भएको छैन ।

३५. **स्थिर सम्पत्ति** – तामागढी शाखाले उपयोग गरेको ५०० बिघा, बेलबारीको ४० हेक्टर तथा तरहराको २५ बिघा जमिन कानूनीरुपमा वनस्पति विभागबाट हस्तान्तरण नभएकोले जग्गाधनी दर्ता प्रमाणपुर्जा यो वर्ष पनि प्राप्त गरेको देखिएन ।

३६. **जर्ति** – एक शाखाबाट अर्को शाखामा कच्चा पदार्थ स्थानान्तरण गर्दा हुने अधिकतम जर्तिको नर्म्स तयार गरी सोही बमोजिम मात्र जर्ति बापत मिनाहा दिने व्यवस्था गर्नुपर्नेमा नर्म्स तयार नगरी प्राप्त भएको माल र शाखाले पठाएको मालको फरक परिमाणलाई जर्ति देखाउने गरेको छ । स्थानान्तरण गरेको वा उत्पादन गरेको पटक (व्याच) पिच्छे जर्तिको दर फरक फरक परेको देखिन्छ । हरेक सामानको उत्पादन, स्थानान्तरण तथा भण्डार आदिको अधिकतम चुहावटको तहगत नर्म्स तयार गर्न ध्यान दिनुपर्ने व्यहोरा ध्यानाकर्षण गराउदै आए तापनि यो वर्ष पनि सुधार भएको पाइएन ।

३७. **बीमा** – स्थिर सम्पत्ति, जिन्सी मौज्दात तथा नगदको यो वर्ष पनि बीमा गराएको छैन । कार्यालय तथा शाखाहरुको अवस्थिति तथा कारोबारको प्रकृतिका आधारमा नगद मौज्दात तथा मार्गस्थ बीमा गर्नुपर्नेमा सोतर्फ ध्यान दिएको छैन ।

३८. **ख्याती सुरक्षा** – आफूले विकास गरेका जडीबुटी तथा जडीबुटीजन्य औषधिहरुको सूत्र, बनावट, पेटेन्ट लगायतका व्यवसायिक जानकारी जस्ता कुनै पनि सम्पत्तिको दर्ता गर्न सकेको छैन । सन्चोको ट्रेडमार्क दर्ता गरेकोमा सोको र कम्पनीले हालसम्मको लगानीका आधारमा सिर्जना गरेका यस्ता सम्पत्तिको उपयोग गरी वा त्यस्ता अधिकार अन्यलाई दिई आउट सोर्सिङ्ग गरी आय आर्जन गर्न सक्ने अवस्थामा कम्पनी रहेको देखिएन ।

३९. **ऋण** – नेपाल सरकारमार्फत एसियाली विकास बैङ्कबाट लिएको ऋण रु.४ करोड ९३ लाख ४९ हजार र सोको यो वर्षसम्मको तिर्नुपर्ने ब्याज रु.५ करोड ९० हजार समेत रु.९ करोड ९४ लाख ३९ हजार भुक्तानी गर्न सकेको छैन ।

४०. **साहु हिसाब** – यो वर्षसम्म भुक्तानी गर्न बाँकी साहु रु.५ लाख ५५ हजार रहेको छ । यसमध्ये केन्द्रीय कार्यालयको १० वर्षभन्दा पुरानो साहु बाँकी रु.१ लाख ९१ हजार रहेको देखिन्छ । यस्ता पुराना दाबी गर्न नआउने साहुहरुको रकम यकिन गरी नियमानुसार आम्दानी बाँध्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

४१. **आन्तरिक लेखापरीक्षण** – कम्पनीमा कार्यरत कर्मचारीबाट आन्तरिक लेखापरीक्षण हुँदै आए तापनि आन्तरिक लेखापरीक्षणको प्रतिवेदन तयार गरेको पाइएन । आन्तरिक लेखापरीक्षणले केन्द्रीय तथा शाखा कार्यालयहरुको आय व्यय विवरण, वासलात र सोसँग सम्बन्धित सबै विवरण परीक्षण गरी सोको प्रतिवेदन अन्तिम लेखापरीक्षणमा पेश गर्नुपर्नेमा सो गरेको छैन ।

वन पैदावार विकास समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत २०३३ मा स्थापित यस समितिको २०६५।६६ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

४२. **सञ्चालन नतिजा** – गत वर्ष वन पैदावार बिक्रीबाट रु.४ करोड ६२ लाख १ हजार र विविधबाट रु.१ करोड ६ लाख ४९ हजार समेत रु.५ करोड ६८ लाख ५० हजारबाट रोयल्टी र मूल्य अभिवृद्धि कर समेतको दाखिला रु.१ करोड ७६ लाख २२ हजार कटाउँदा रु.३ करोड ९२ लाख २८ हजार आम्दानी गरेको थियो । यो वर्ष वन पैदावार बिक्रीबाट रु.१३ करोड ४९ लाख ४२ हजार र विविधबाट रु.४४ लाख ३८ हजार समेत रु.१३ करोड ९३ लाख ८० हजारबाट रोयल्टी र मूल्य अभिवृद्धि कर समेतको दाखिला रु.४ करोड ६२ लाख ३ हजार कटाउँदा रु.९ करोड ३१ लाख ७७ हजार खुद बिक्री आम्दानी गरेको छ ।

वृक्षारोपण, संरक्षण, वन पैदावार सङ्कलन जस्ता कार्यक्रम सञ्चालन तथा प्रशासनिक काममा भएको खर्च रु. ६ करोड ९४ लाख ८ हजार कटाउँदा यो वर्ष रु.२ करोड ३७ लाख ६९ हजार नाफा गरेको छ ।

४३. **वन पैदावार बिक्री** – वन पैदावार बिक्री रु.१३ करोड ४९ लाख ४२ हजारमा सागरनाथ वन विकास परियोजनाको बिक्री रु.११ करोड ८० लाख ७७ हजार र रतुवामाई वृक्षारोपण आयोजनाको बिक्री रु.१ करोड ६८ लाख ३३ हजार समेत समावेश छ । सागरनाथ वन विकास परियोजनाको गत वर्षमा नै बिक्री भएको तर लेखाङ्कन नभएको रु.२ करोड ४१ लाख २५ हजार पनि समावेश छ ।

४४. **विविध आय** – यस शीर्षकमा प्राप्त रु.४४ लाख ३८ हजारमध्ये टिम्बर कर्पोरेशन अफ नेपाललाई परियोजना/आयोजना हस्तानान्तरण गर्दा सो कर्पोरेशनबाट लिनुपर्ने पुरानो मध्येबाट प्राप्त रु.२५ लाख समेत समावेश छ ।

४५. **लेखा निर्देशिका** – वन पैदावार विकास समिति गठन आदेश, २०६० को दफा ७ मा समितिको आय–व्ययको लेखा सरकारले अपनाएको तरिका बमोजिम राखिने उल्लेख भए तापनि महालेखा नियन्त्रक कार्यालयले समितिलाई सहायक लेखाको रुपमा व्यावसायिक लेखा राख्न सकिने सहमति दिएको आधारमा एक लेखा व्यवसायी फर्मसँग एक वर्षभित्र व्यावसायिक वित्तीय विवरणसहितको लेखाको निर्देशिका तयार गर्न रु.८ लाख ७७ हजारमा २०५५।४।२० मा सम्झौता गरी रु.४ लाख ३८ हजार पेश्की दिएकोमा सो फर्मले हालसम्म पनि वित्तीय विवरणको ढाँचा तथा लेखा निर्देशिका उपलब्ध नगराएको कारण व्यावसायिक लेखा राख्न सुरु गर्न सकेको छैन ।

४६. **जिन्सी निरीक्षण** – आर्थिक कार्यविधि ऐन तथा नियमावली अनुसार कार्यालय प्रमुखले स्वयं वा तोकिएको व्यक्तिबाट कम्तीमा वर्षको १ पटक जिन्सी निरीक्षण गर्ने गराउने व्यवस्था छ । गत वर्ष जिन्सी निरीक्षण

नगरेका कारण नियमावलीअनुसार जिन्सी निरीक्षण नगरेकोले यो वर्ष पनि लिलाम बिक्री, मिनाहा तथा मर्मतसम्बन्धी कारबाही भए गरेको देखिएन ।

४७. **अवकाश कोष** – कर्मचारी सम्बन्धी विनिमय, २०५४ को विनिमय १०६ मा उपदान, औषधि उपचार तथा सञ्चित बिदाबापतको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था भएअनुरुप अवकाश कोषमा गत वर्षको मौज्दात रु.२५ लाख ६३ हजार रहेकोमा यो वर्ष थप गरेको रु.४१ लाख ८७ हजार र ब्याज आम्दानी रु.७७ हजारसमेत रु. ६८ लाख २७ हजारबाट रु.६७ लाख ६९ हजार भुक्तानी गरी वर्षान्तमा रु.५८ हजार मौज्दात रहेको छ । कोषको कर्मचारीगत दायित्व विवरण तयार नगरेकोले कर्मचारीगत दायित्व यकिन गर्न सकिएन ।

४८. **आन्तरिक लेखापरीक्षण** – शाखा कार्यालय/परियोजना कार्यालयको आन्तरिक लेखापरीक्षणको क्रममा औल्याइएका व्यहोराहरुका सम्बन्धमा अध्यक्षबाट प्रस्तुत प्रतिवेदन अध्ययन गरी औल्याइएको बुँदाहरुको अनुगमन गर्न तथा त्यसबारे जानकारी गराउन आदेश गरी सम्बन्धित शाखामा पठाएको सम्म देखियो । तत्सम्बन्धमा सुधार गरेको जानकारी प्राप्त भएन । केन्द्रीय कार्यालयको आन्तरिक लेखापरीक्षण भएको व्यहोरा जानकारी गराए पनि सोको प्रतिवेदन उपलब्ध भएन ।

४९. **धरौटी** – गत वर्षको मौज्दात रु.१ करोड ७६ लाख ९१ हजारमा यो वर्षको आम्दानी रु.१ करोड २५ लाख ५२ हजार समेत रु.३ करोड २ लाख ४३ हजारमा यो वर्षको फिर्ता खर्च रु.१ करोड ७८ लाख ५५ हजार कटाउँदा रु.१ करोड २३ लाख ८८ हजार अन्तिम मौज्दात रहनुपर्नेमा रु.१ करोड ३३ लाख ११ हजार बाँकी देखाएकोले बढी देखाएको रु.९ लाख २३ हजारको बैङ्क हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

रतुवामाई वृक्षारोपण आयोजना

५०. **वन पैदावार बिक्री** – आयोजनाले यो वर्ष वन पैदावार बिक्रीबाट रु.८४ लाख २ हजार आम्दानी गरेको छ । वन पैदावार बिक्री वार्षिक लक्ष्य तर्जुमा नगरेकोले लक्ष्यअनुसारको प्रगति भए नभएको यकिन भएन ।

५१. **बिग्रिएको काठको मौज्दात** – विभिन्न आर्थिक वर्षमा उत्पादन भएका विभिन्न जातका काठको हैसियत खराब भई काम नलाग्ने स्थितिमा रहेको १२ हजार ९५३ क्यू.फिट काठ मौज्दात देखाएको छ । उक्त वन पैदावारको मूल्य निर्धारण तथा बिक्री नियमावलीको नियम १४ को प्रक्रिया पुऱ्याइ अपलेखन गर्नुपर्ने देखिन्छ ।

सागरनाथ वन विकास परियोजना

५२. **बिक्री आय** – बिक्री शाखाबाट प्राप्त विवरणमा विभिन्न जातका गोलिया काठ, दाउरा, काठका पोलहरु रु.९ करोड ३९ लाख ५४ हजारको बिक्री देखाएकोमा लेखा शाखाबाट प्राप्त विवरण अनुसार रु.११ करोड ८० लाख ७९ हजारको देखाएकोले रु.२ करोड ४१ लाख २५ हजारको बिक्री फरक परेको देखिन्छ । एक शाखाको अभिलेखसँग अर्को शाखाको अभिलेख नभिडेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

५३. **चोरी कटानी** – परियोजनाको १३ हजार ५१२ हेक्टर जङ्गलको सीमाना खुल्ला रहेको कारणले विभिन्न क्षेत्रबाट चोरी निकासी, चोरी कटान हुने गरेको छ । यसवर्ष मात्र गस्तीको क्रममा ६१ व्यक्तिबाट गोलिया, पोल, दाउरा १७ हजार ५३६ क्यूफिट र चोरीमा प्रयोग भएका टेक्टर ३, टायर गाडा १६, साइकल ६७, मोटरसाइकल १ र गोरु २४ तथा हलो, कोदालो, बन्चरो लगायत १६० थान सरसामान बरामद गरेको छ । यी बरामद वन पैदावार, र बरामदी सरसामानहरुको समयमै कारबाही गरी टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

५४. **जग्गा अतिक्रमण** – मूर्तिया क्षेत्रमा करिव २ हजार ७०० हेक्टर जमिन स्थानीय व्यक्तिहरुबाट अतिक्रमण गरेको देखिन्छ । समयमै निजहरुलाई हटाउने प्रयास नगरेमा यस्तै परम्परा कायम भै अन्य क्षेत्रहरु पनि अतिक्रमण बढ्दै जाने प्रवल सम्भावना रहेको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष

५५. **सञ्चालन नतिजा –** यो वर्ष कोषको आन्तरिक र बाह्य गरी रु.३७ करोड ६३ लाख ९० हजार आम्दानी भएकोमा रु.४१ करोड ९१ लाख १५ हजार खर्च भइ रु.४ करोड २७ लाख २५ हजार न्यून भएको देखिन्छ । बिगतको बचत रकमबाट उक्त न्यूनपूर्ति गरिएको र यसरी आम्दानीभन्दा बढी खर्च गर्न सकिने भरपर्दो तथा दिगो स्रोत सीमित भएकोले खर्चमा मितव्ययिता अपनाउन सजग हुनुपर्ने देखिन्छ ।

५६. **बढी खर्च** – राष्ट्रिय प्रकृति संरक्षण कोष, केन्द्रीय कार्यालयले ४ शीर्षकमा रु.८७ लाख १ हजार, सोही कार्यालयअन्तर्गतको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाले १८ शीर्षकमा रु.१ करोड ५४ लाख ९८ हजार बढी खर्च गरेको एवं अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाले बजेटमा नपरेको १० कार्यक्रममा रु.८५ लाख १७ हजार खर्च गरेकोमा कोषको सञ्चालक समितिको २०६७।९।२६ को ४१ औं बैठकबाट सम्पूर्ण खर्च समर्थन गरेको देखिन्छ । गैरबजेट शीर्षकमा समेत खर्च गरेको र सुरु बजेटको ५९८ प्रतिशतसम्म बढी खर्च भएकोमा बढी खर्च हुनाको कारण विश्लेषण नगरी एकमुष्ट सहज रुपमा खर्च समर्थन गर्ने प्रवृत्ति देखिएकोले बजेट तर्जुमा र खर्च प्रक्रिया यथार्थपरक हुन सकेको देखिदैन ।

५७. **कार्यक्रम बेगर खर्च** – राष्ट्रिय निकुञ्जभित्र होटल, लज, रिसोर्ट सञ्चालन गरेबापत यस कोषमा जम्मा हुने संरक्षण शुल्कबाट यो वर्ष सवारीसाधन खरिद, वर्कसप लगायतमा रु.१ करोड ६६ लाख ९५ हजार खर्च गरी वर्षको अन्त्यमा उक्त शीर्षकमा रु.५ करोड १९ लाख २० हजार बचत रहेको देखिन्छ । यस कोषबाट खर्च गर्ने कार्यविधि नभएको र वार्षिक कार्यक्रम समेत स्वीकृत नगरी राष्ट्रिय निकुञ्ज विभागको सिफारिस तथा मागका आधारमा स्वीकृत बजेट र कार्यक्रम बेगर खर्च गरेको देखिन्छ ।

५८. **प्रशासनिक खर्च –** अन्नपूर्ण संरक्षण आयोजनाको बिगत ३ वर्षको कार्यक्रम खर्च र प्रशासनिक खर्चको अनुपात निम्नानुसार रहेको देखिन्छ:

(रु.हजारमा)

आ.ब.	कुल खर्च	कार्यक्रम खर्च		प्रशासनिक खर्च	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०६४।६५	११,९२,१३	५,६८,३४	४७.६७	६,२३,७९	५२.३२
२०६५।६६	१२,५६,१३	६,०२,४०	४७.९५	६,५३,७३	५२.०४
२०६६।६७	१३,९६,८३	५,३७,८०	३८.५०	८,५९,०३	६१.४९

उल्लिखित विवरणअनुसार अघिल्लो २ वर्षसम्म स्थिर रहेको प्रशासनिक खर्च र कार्यक्रम खर्चको अनुपात यो वर्ष बढन गई प्रशासनिक खर्चमा वृद्धि हुन गएको देखिन्छ । आयोजना र अन्तर्गतको इकाई कार्यालयहरुमा विभिन्न पदमा दरबन्दीभन्दा ३२ जना बढी पदपूर्ति भएको कारण समेतबाट प्रशासनिक खर्च बढ्न गएको देखिएकोले यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

५९. **दायित्व सिर्जना –** सदर चिडियाखानाले डीप बोरिङ, पत्रिका प्रकाशन लगायतका विभिन्न पाँच कार्यमा यस वर्ष कार्य नभएको वा कम भएको अवस्थामा रु.४५ लाख ९ हजार खर्च लेखी दायित्व सिर्जना गरेको पाइयो । यसरी दायित्व सिर्जना गर्नु लेखा सिद्धान्त विपरीत छ ।

६०. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १८ कार्यालयबाट रु १ लाख ४१ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १२ कार्यालयबाट रु १० लाख ५८ हजार, सम्परीक्षणको क्रममा रु.१ करोड ९८ लाख ७३ हजार र अन्य निकायतर्फ रु.५६ लाख ७३ हजारसमेत रु.२ करोड ६७ लाख ४५ हजार असुल भएको छ ।

६१. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ३६ कार्यालयको रु ३ करोड १० लाख ९१ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.२ हजार फछर्यौट गरी ३५ कार्यालयको रु.३ करोड १० लाख ८९ हजार पेश्की म्याद नाघेको छ ।

६२. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

६२.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१४ करोड ५१ लाख ८० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३२ लाख ४१ हजार फछ्यौंट गरेकोले रु.१४ करोड १९ लाख ३९ हजार बाँकी रहेको छ ।

६२.२ संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.२ करोड ९६ लाख ९९ हजार बेरुजू देखिएकोमा सो रकम फछ्यौंट गरेको छैन ।

६२.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा रु.७ करोड ७१ लाख १३ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.११ करोड ६७ लाख ८८ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

६२.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.१४ करोड २८ लाख ९६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२५ करोड ९६ लाख ८४ हजारमध्ये रु.२१ करोड १९ लाख ३६ हजार सरकारी कार्यालयतर्फ र रु.४ करोड ७७ लाख ४८ हजार अन्यतर्फ रहेको छ ।

वातावरण मन्त्रालय

मन्त्रालय र मातहतसमेत ४२ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.६७ करोड ५८ लाख ८ हजार, राजस्वतर्फ रु.३६ करोड ३६ लाख ३६ हजार र धरौटीतर्फ रु.१ करोड ३९ लाख ६ हजार गरी रु.१ अर्ब ५ करोड ३३ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतको अन्य संस्था, समिति २ को रु.१ करोड ७१ लाख ७० हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **कार्यक्रम सञ्चालन –** काठमाडौं उपत्यकाको वायु गुणस्तर मापन तथा अनुगमन कार्यको लागि यो वर्ष रु.४० लाख विनियोजन भएको छ । आवश्यक स्पेयर पार्ट्सहरु मध्ये केही पार्टस प्रतितपत्रको माध्यमबाट र २ स्पेयर पार्ट्स प्रोपराइटरी सामान भएकोले प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१(१)(६) अनुसार झिकाउन २०६७।२।७ मा निर्णय भएको देखिन्छ । पुन: २०६७।२।१४ मा उक्त सामान सार्वजनिक खरिद ऐन, २०६३ अनुसार आर्थिक र प्राविधिक प्रस्ताव माग गरी झिकाउने निर्णय गरी खर्च नभएको रकम २०६७।३।३० मा रु.२३ लाख फ्रिज नहुने खातामा राखेको देखिन्छ । उक्त खातामा हालसम्म रु.१ करोड २० लाख १९ हजार मौज्दात देखिन्छ ।

स्वीकृत कार्यक्रमको लागि विनियोजन भएको रकम सोही आर्थिक वर्षभित्रै खर्च गर्नुपर्नेमा फ्रिज नहुने खातामा जम्मा गर्नु उपयुक्त देखिएन ।

२. **प्राविधिक सहायता** – अर्थमन्त्रीले संसदमा प्रस्तुत गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोतपुस्तिकामा नपरेको) मा यस मन्त्रालयसँग सम्बन्धित अति उच्च स्थानको वैज्ञानिक तथा प्रविधिजन्य अनुसन्धान आयोजनाका लागि राष्ट्रिय अनुसन्धान परिषद्का लागि इटालीबाट अमेरिकी डलर २ लाख २० हजार र मौसम परिवर्तन र वातावरणको व्यवस्थापन सम्बन्धी क्षमता सुदृढीकरण कार्यक्रमका लागि एसियाली विकास बैङ्कबाट अमेरिकी डलर ५ लाख प्राप्त हुने उल्लेख छ । उक्त प्राविधिक सहायतासम्बन्धी सम्झौता, खर्च र प्राप्त उपलब्धिको विवरण उपलब्ध गराउन २०६७।९।२५ मा अनुरोध गरिएकोमा प्राप्त भएन ।

३. **प्रगति विवरण**– मन्त्रालयले राष्ट्रिय महत्त्वका सम्पदाहरुको संरक्षण गर्न विभिन्न उपभोक्ता समूहहरुसँग सम्झौता गरी २०६७ जेष्ठ मसान्तभित्र प्रगति प्रतिवेदन पेश गर्ने गरी प्रतिसमूह रु.१ लाख का दरले १७ जिल्ला विकास समितिलाई रु.३० लाख अनुदान दिएकोमा प्रगति प्रतिवेदन पेश गरेको पाइएन ।

४. **भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नुपर्ने र तोकिएको ढाँचामा कर बीजक लिनुपर्ने व्यवस्था छ । काठमाडौं उपत्यकाका ७ वायु गुणस्तर मापन केन्द्र सञ्चालनको लागि आवश्यक इन्र्भटर खरिद तथा जडान कार्य गर्न मूल्य अभिवृद्धि करमा दर्ता भएको एक कम्पनीसँग मूल्य अभिवृद्धि करबाहेक संम्झौता गरी रु ८ लाख ८० हजार भुक्तानी दिएको छ । साथै भुक्तानीको ५ प्रतिशत धरौटी रु.४४ हजार कट्टा नगरी भुक्तानी दिएको छ ।

५. **तलब खर्च –** अर्थ मन्त्रालयबाट प्रकाशित बजेट खर्च गर्ने कार्य सञ्चालन निर्देशिका २०६४ अनुसार स्वीकृत दरबन्दीभित्र नियुक्त भएका कर्मचारीहरुको मात्र तलब शीर्षकबाट खर्च लेख्नुपर्ने उल्लेख छ । जल तथा मौसम विज्ञान विभागले विभिन्न कार्यक्रम सञ्चालन गर्न नियुक्त गरेका आंशिक समयका अवलोकनकर्ताको पारिश्रमिकबापत रु.७० लाख ८७ हजार तलबबाट खर्च लेखेको नियमसम्मत भएन ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र

६. **घरभाडा** – केन्द्रले २०५३ देखि भाडाको भवन प्रयोग गर्दै आएको छ । विगत ३ आर्थिक वर्षमा भाडा वापत रु.१ करोड ३१ लाख २० हजार खर्च लेखेको छ । केन्द्रको आफ्नो भवन निर्माण गर्नेतर्फ सम्बन्धित निकाय तथा केन्द्रको ध्यान जानुपर्ने देखिन्छ ।

७. **सम्झौता –** परामर्श अध्ययन कार्य गर्न ३ परामर्शदाता फर्मसँग गत वर्षान्तमा कार्य सम्पन्न गर्ने गरी रु.१९ लाख ९७ हजारको सम्झौता भएकोमा ती परामर्शदातालाई यो वर्ष रु.११ लाख १४ हजार भुक्तानी भएको छ । उक्त अध्ययन कार्य लेखापरीक्षण अवधि २०६७।११।११ सम्म सम्पन्न भएको छैन । सम्झौताअनुसार तोकिएको म्यादभन्दा ३ हप्तासम्म २ प्रतिशत विलम्ब शुल्क र सोपछि करार नै भङ्ग गर्न सकिने प्रावधान सम्झौतामा रहे तापनि विलम्ब शुल्क लिएको छैन ।

अन्य संस्थातर्फ

८. **वातावरण संरक्षण कोष –** वातावरण संरक्षण, प्रदूषण रोकथाम, तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण एवं व्यवस्थापनको लागि विविध क्षेत्रमा कार्यरत संस्थालाई सबल, सक्षम र सशक्तरुपमा अगाडि बढाउन कोषले सो संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले यो कोषको स्थापना भएको हो । कोषको यो वर्षसम्म बैङ्क मौज्दात रु.२ करोड ३८ लाख ९९ हजार रहेको छ । यसरी पर्याप्त मात्रामा बैङ्क मौज्दात भए तापनि उद्देश्यअनुरुप कोष सञ्चालन भएको देखिएन ।

९. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा २ कार्यालयबाट रु.२ हजार र सम्परीक्षणको क्रममा रु.१८ हजारसमेत रु.२० हजार असुल भएको छ ।

१०. **पेश्की –** मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ७ कार्यालयको रु.१ करोड ४१ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये २१ लाख ८२ हजार म्याद नाघेको रहेको छ ।

११. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

११.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयहरुमा यो वर्ष रु.४ करोड ४८ लाख ६० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२४ लाख ४६ हजार फछ्यौंट गरेकोले रु.४ करोड २४ लाख १४ हजार बाँकी रहेको छ ।

११.२ अन्य संस्थातर्फ यो वर्ष रु.२ लाख ४१ हजार बेरुजू बाँकी रहेको छ ।

११.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू प्रतिवेदन अवधिसम्म रु.३ करोड ७८ लाख २० हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

११.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.४५ लाख ११ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.४ करोड २३ लाख ३१ हजारमध्ये रु.४ करोड २२ लाख २९ हजार सरकारी कार्यालयतर्फ र रु.३२ हजार अन्यतर्फ रहेको छ ।

विज्ञान तथा प्रविधि मन्त्रालय

मन्त्रालय र मातहत समेत ५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३२ करोड ९५ लाख २१ हजार, राजस्वतर्फ रु. ५ लाख ३१ हजार, धरौटीतर्फ रु.१ करोड १६ लाख ३९ हजार र अन्य कारोबारतर्फ रु.२ लाख ३ हजार गरी रु.३४ करोड १८ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा अन्य मन्त्रालयको शिर्षकमा विनियोजन भएको रु.१८ लाख ४६ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतको समिति एकको रु.३ करोड ५२ लाख ६९ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **लेखापरीक्षण –** नेपालको अन्तरिम संविधान २०६३ र लेखापरीक्षण ऐन २०४८ मा सवै सरकारी निकायको र नेपाल सरकारको पूर्ण स्वामित्वका संस्थाहरुको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान ऐन, २०४८ मा प्रतिष्ठानको लेखापरीक्षण प्राज्ञ सभाबाट नियुक्त लेखापरीक्षकबाट गरिने व्यवस्था गरेको पाइयो । मन्त्रालयबाट एक मुष्ट निकासा भएको रु. ९ करोड १० लाख ३० हजारको लेखापरीक्षण यस कार्यालयबाट हुन सकेन । अत: यसरी ऐनमा नै प्रज्ञा सभाबाट लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गराउने व्यवस्था गर्नु संविधान र लेखापरीक्षण ऐनविपरीत देखिन्छ ।

२. **सवारीसाधन खरिद** – नयाँ गठन भएका मन्त्रालयहरुमा तत्काल सवारीसाधन उपलब्ध गराउन बोलपत्रको प्रक्रिया पूरा गरी खरिद गर्न समयले नभ्याउने कारण दर्शाई मन्त्रिपरिषद्को २०६६।३।२४ को निर्णयानुसार रु.४२ लाख ४९ हजारमा एक सवारीसाधनसोझै खरिद गरेको छ ।

३. **प्राविधिक सहायता –** अर्थमन्त्रीले संसदमा प्रस्तुत गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको स्रोत पुस्तिकामा नपरेको) मा यस मन्त्रालयसँग सम्बन्धित ई–गभर्नेन्स सहयोग कार्यक्रमका लागि कोइका संस्थाबाट नोभेम्बर २००७ देखि अक्टोबर २००९ सम्मको लागि प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । उक्त विवरणमा प्राविधिक सहायता प्राप्त हुने रकम खुलाएको छैन । प्राविधिक सहायतासम्बन्धी सम्झौता, खर्च र प्राप्त उपलब्धिको विवरण उपलब्ध गराउन २०६७।९।२५ मा अनुरोध गरेकोमा जानकारी प्राप्त भएन ।

सूचना प्रविधि उच्चस्तरीय आयोग

४. **सूचना प्रविधि पार्क** - नेपाल सरकारको करिब रु.२४करोड १२ लाख १२ हजारको लगानीमा निर्मित सूचना प्रविधि पार्क सञ्चालनको जिम्मा २०६० देखि आयोगलाई दिएकोमा हालसम्म पनि पूर्णरुपमा सञ्चालनमा नआएको स्थलगत निरीक्षणबाट देखियो । पार्क सञ्चालनमा व्यवस्थापन खर्च समेत यो वर्ष रु.३ करोड १३ लाख ५३ हजार खर्च भएको छ । पार्क सञ्चालनसम्बन्धी स्पष्ट नीति तर्जुमा नहुनु र यसको क्षमता समेत अन्तराष्ट्रिय कम्पनीहरुले माग गरेभन्दा कम भएकोले सञ्चालन गर्न नसकिएको २०६७।११।३० मा आयोगबाट जानकारी प्राप्त भएको छ । अत: पार्क सञ्चालनमा ल्याउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

५. **खरिद व्यवस्थापन –** यस वर्ष कार्यालयसम्बन्धी र पूँजीगततर्फ मेसिनरी औजार र सवारीसाधन आदिसम्बन्धी खरिद कार्यमा रु.७२ लाख ६५ हजार खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्थाअनुसार वार्षिक खरिद योजना बनाई कार्य गर्नुपर्नेमा कार्यालयले सोअनुसार खरिद गर्ने गरेको छैन ।

६. **डाटा केन्द्र स्थापना** – यो वर्ष पब्लिक की इन्फ्राक्टचर (पी.के.आई.) डाटा केन्द्र स्थापना गर्न प्रमाणीकरण नियन्त्रणको कार्यालयको लागि रु.१४ करोड ७० लाखको बजेट र कार्यक्रम स्वीकृत भएको छ । स्वीकृत कार्यक्रमबमोजिम मेसिन खरिद गरी स्थापना गर्न २ पटक बोलपत्र आव्हान गरिएकोमा ४ बोलपत्र बिक्री भई पर्याप्त कारण नखुलाई उक्त बोलपत्र रद्द गरेकोले कुल कामको ९६.४२ प्रतिशत भार ओगटेको उक्त डाटा केन्द्र स्थापना गर्ने कार्य हुन सकेको छैन ।

सूचना प्रविधि लेखापरीक्षण

नेपाल सरकारले सूचना प्रविधिको विकास र विस्तार गरी देशमा आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले उच्चस्तरीय सूचना प्रविधि आयोग र सूचना प्रविधि केन्दको स्थापना गरेको छ । यो वर्ष भौतिक तथा वातावरणीय नियन्त्रण, संगठन तथा वातावरण नियन्त्रण, एक्सीस कन्ट्रोल, लजिकल कन्ट्रोल जस्ता विषय वस्तुको मूल्याङ्कन गरी प्रतिवेदन गर्ने उद्देश्यले ती निकायसँग सम्बन्धित ई–गभर्मेन्ट गुरुयोजनाको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

७. **अवधारणा** – विद्युतीय सरकारको अवधारणाअनुसार फाइवर अप्टिक, वायरलेस प्रविधि, ई–प्रोटल, सूचना बैङ्क, विद्युतीय हाजिरी र सेवा प्रवाहजस्ता कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

सरकारले गभर्मेन्ट टू सिटिजनअन्तर्गत नेशनल आइडिन्टी कार्ड निर्माण, गभर्मेन्ट रिप्रिजेन्टेटिभ पोर्टल, पासपोर्ट रजिष्ट्रेशन सिस्टम, ई–भेहिकल, ई–हेल्थ, ई–एडुकेशन, ई–एग्रिकल्चर, ई–पोष्टल, ई ड्राइभिङ्ग, ई–पेटिशन, ई–इलेक्सन, सोसियल इन्फर्मेसन सिस्टम विकास गर्ने, गभर्मेन्ट टू बिजनेसंअन्तर्गत ई कस्ट्युम्स, ई प्रोक्युरमेन्ट, बिजनेस रजिष्ट्रेसन सिस्टम एण्ड एप्रुभल सिस्टम, ई–कमर्श, रिकुरमेन्ट एण्ड इम्पोल्वाइमेन्ट इन्फरमेशन सिस्टम, ई–टुरिज्म विकास गर्ने, गभर्मेन्ट टू गभर्मेन्टअन्तर्गत ई–अथेन्टिकेसन, ग्रुप वेयर, पब्लिक की ईन्फ्रास्ट्रचर, जी.आई.एस, ई–पोलुशन, ई–ल्याण्ड, म्यानेजमेन्ट इन्फरमेसन सिस्टम जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन । त्यस्तै फाइवर अप्टिक, वायरलेस प्रविधि, ई–पोर्टल, विद्युतीय हाजिरी जस्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको पाइएन ।

८. **गुरुयोजना** – ई–गभर्मेन्ट मास्टर प्लान तयार भएको भए तापनि स्वीकृत गरी कार्यान्वयनमा नआएका कारण राष्ट्रियस्तरको सूचना केन्द्र स्थापना हुन नसकेको, एकीकृत सूचना प्रविधि विकाससम्बन्धी कार्य नभएको, साधन स्रोतको अपर्याप्तता रहेको, विद्युतीय सरकार कार्यान्वयन गर्न पर्याप्त कानून एवं संस्थागत प्रबन्धको अभाव रहेको, अन्तरनिकायगत समन्वय सुदृढ हुन नसकेको जस्ता समस्याहरु रहेको पाइन्छ । उक्त समस्याहरुको समाधानका लागि ई–गभर्मेन्ट मास्टर प्लान स्वीकृत गरी कार्यान्वयन गरिनुपर्दछ ।

९. **कार्ययोजना** – रोड म्याप प्रस्तावित ई–गभर्मेन्ट गुरुयोजनामा लक्षित कार्यक्रमहरु मुख्यत संगठन स्थापना गर्ने, विविध क्षेत्रमा प्रयोग गरिने सूचना प्रविधिसम्बन्धी नीति नियम तयार गर्ने, सूचना प्रविधिसम्बन्धी विविध किसिमका जनशक्ति तयार गर्ने र सरकारको सूचना प्रविधिसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयनका लागि ई–गभर्मेन्ट कार्ययोजना तयार गर्नुपर्दछ । उक्त कार्य योजना तयार नभएका कारण सूचना प्रविधि पार्कको प्रभावकारी उपयोग हुन नसकेको, सफ्टवेयर विकास गरी निर्यात गर्ने कार्य हुन नसकेको, ग्रामीण क्षेत्रमा सूचना प्रविधि पहुँच हुन नसकेको, एकीकृत सूचना तथ्याङ्क बैङ्क स्थापना हुन नसकेको, हार्डवेयर, सफ्टवेयर सम्बन्धी अध्ययन अनुसन्धानको कार्य प्रभावकारी हुन नसकेको जस्ता समस्या देखिएका छन् । ई–गभर्मेन्ट कार्ययोजना तयार गरी उद्देश्यमूलक सूचना प्रविधिको विकासमा जोड दिनुपर्दछ ।

१०. **समन्वय** – सूचना प्रविधिसँग सम्बन्धित निकायहरु विज्ञान तथा प्रविधि मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, उच्चस्तरीय सूचना प्रविधि आयोग, सूचना प्रविधि केन्द्र, प्रधानमन्त्रीको कार्यालयमा एक सूचना प्रविधि शाखा, विभिन्न मन्त्रालयमा रहेका सूचना प्रविधिसम्बन्धी शाखा, राष्ट्रिय योजना आयोग सूचना प्रविधि इकाईबीच समन्वय गरी सूचना प्रविधि विकासका कार्यक्रम सञ्चालन गरिनुपर्दछ । सूचना प्रविधिको विकाससँग सम्बन्धित निकायहरुबीच समन्वय, सूचना सञ्जाल, नेटवर्किङ्ग स्थापना हुन नसकेका कारण सूचना प्रविधिको एकीकृत विकास हुन सकेको छैन । सूचना प्रविधिसँग सम्बन्धित निकायहरुबीच समन्वय गरी एकीकृत विकासका कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

११. **एकीकृत फन्ट** – अन्तरसरकारी निकायबीच सूचना तथ्याङ्कको आदान प्रदान र उपयोग गर्नका लागि एकीकृत फन्ट प्रयोग गर्न उपयुक्त मानिन्छ । सरकारी निकायले विभिन्न किसिमका देवनागरी लिपिमा बनाइएका नेपाली फन्टहरु प्रयोग गरिरहेको पाइन्छ । फरक फरक निकायबाट विभिन्न फन्ट प्रयोग भइरहेको स्थितिमा सूचना जानकारी लिने उपयोग गर्ने सम्बन्धमा एकरुपता हुने देखिएन । अत: सरकारी निकायमा युनिकोड वा अन्य कुनै कोड तयार गरी प्रयोग गर्ने व्यवस्था मिलाउनु उपयुक्त देखिन्छ ।

१२. **मापदण्ड** – इन्टरप्राइजेज आर्किटेक्चर मापदण्डले सूचनाको उपयोगमा सबै निकायबाट प्रदान गरिने सेवा सुविधाको निश्चित मापदण्ड तोक्नुको साथै सबै सरकारी निकायलाई आवश्यक पर्ने सूचना तथ्याङ्क एकै पोर्टलबाट उपलब्ध गराउने व्यवस्था मिलाउन उपयुक्त देखिन्छ । यसले गर्दा सरकारको लागत र समयको बचत हुने र सरकारी सेवालाई सूचना प्रविधिबाट उपलब्ध गराउन अझ सरल, छिटो छरितो र प्रभावकारी हुने देखिन्छ । अत: सूचना प्रविधिको माध्यमबाट उपलब्ध गराइने सेवा सुविधाको मापदण्ड निर्धारण गर्न उपयुक्त देखिन्छ ।

१३. **पार्क उपयोग** – नेपाल सरकारको लगानीमा बनेपास्थित १२४ रोपनीमा तयार गरिएको सूचना प्रविधि पार्क २०६० मा निर्माण गरिएको थियो । पार्क सञ्चालनका लागि करिब २४ करोड खर्च गरेको देखिन्छ । यो वर्ष प्रशासनिक खर्चबापत यो वर्ष रु.२ करोड ९० लाख खर्च गरेको छ । पार्क सञ्चालनमा नल्याएको सम्बन्धमा १५० प्राविधिकलाई मात्र पुग्ने क्षमताको भवन तथा उपकरणको व्यवस्था हुनु, विद्युतीय आपूर्तिको समस्या हुनु जस्ता समस्या भएको कार्यालयको जवाफ भए तापनि सोको लागि वैकल्पिक उपाय समेतको व्यवस्था गरी सञ्चालनमा ल्याउनुपर्छ ।

१४. **वेभसाइट** – सरकारी वेभसाइटको सञ्चालन तथा अद्यावधिक गर्ने कार्य सम्बन्धित निकाय र सूचना प्रविधि केन्द्रले गर्दै आएका छन् । यसै सन्दर्भमा केन्द्रले सबै सरकारी निकायको वेभसाइट निर्माण कार्य गरेको छ । वेभसाइटमा राखिने विषयवस्तु र सामग्रीहरु सम्बन्धित निकायले केन्द्रलाई उपलब्ध गराई अद्यावधिक गरिरहनुपर्ने हुन्छ । यसको लागि केन्द्र र सम्बन्धित निकायबीचको समन्वय नभएको र सो वेभसाइटमा राखिने विवरण सूचना प्रक्रियाबारे स्पष्ट नीति नियम बनाएको पाइएन । सबै सरकारी वेभसाइटहरुको विवरण अद्यावधिक गर्ने र वेभसाइटमा राखिने विवरण यकिन गर्न र सोको जिम्मेवारी तोक्न आवश्यक नीति नियम तय गर्नुपर्ने देखिन्छ ।

१५. **सुरक्षा** – कम्प्युटर प्रविधि तथा सूचनाको वातावरणीय क्षतिहरु खासगरी आगो, पानी, आद्रता, भूकम्प, विद्युतीय झड्काजस्ता कार्यबाट सुरक्षा गर्नुपर्दछ । साथै सरसफाई, सूचनाको सुरक्षा, कम्प्युटर पाटपुर्जाको सुरक्षाजस्ता कार्यमा प्रभावकारिता ल्याउनको लागि ब्याकअप, सेक्युरिटी, पावर ब्याकअपका लागि थप जेनेरेटरको व्यवस्था, सूचनाको सुरक्षाको लागि स्याटलाइट सूचना केन्द्र स्थापना गर्नुपर्ने आवश्यकता देखिएको छ ।

१६. **पूर्वाधार** – सूचना प्रविधिको विकासका लागि पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था गरिनुपर्दछ । सूचना प्रविधिसम्बन्धी तार, उपकरण, पाटपुर्जा आदि सुरक्षितसाथ राख्ने फाइल क्याबिनेट पर्याप्त नभएको, कार्यालयमा रहेका सूचनाको पहुँचबाट रोक्न लजिकल एक्सीस (तार्किक पहुँच नियन्त्रण), फिजिकल एक्सीस (भौतिक पहुँचं नियन्त्रण) गर्ने कार्यका लागि कार्यालयले व्यवस्था गरेको भए तापनि केन्द्रको भूमिका दैनिक वृद्धि भइरहेको परिस्थितिमा कार्य सञ्चालन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, जनशक्ति विकास जनचेतना अभिवृद्धि, सूचना सञ्जाल राजमार्गको विकासजस्ता कार्य गर्नुपर्ने देखिन्छ ।

१७. **नियन्त्रण** – एघारौँ अन्तरिम योजना,.२०६४ मा संस्थागत सुदृढीकरण कार्यक्रमअन्तर्गत विद्युतीय कारोबार ऐनअन्तर्गत प्रमाणीकरण निकायको स्थापना गर्ने, पेमेन्ट गेटवेको स्थापना गर्ने, सूचना तथा सञ्चार प्रविधि सेवा समूहको गठन गर्ने, राहदानीसम्बन्धी सफ्टवेयरको विकास गर्ने, राष्ट्रियस्तरको सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने लक्ष्य राखिएको भए तापनि उक्त कार्य भएको पाइएन । योजनामा उल्लिखित कार्यक्रमहरु स्रोत साधनको व्यवस्था गरी सञ्चालन गर्नुपर्दछ ।

समितितर्फ

बी.पी.कोइराला मेमोरियल प्लानेटेरियम तथा अबजरभेटरी र विज्ञान संग्रहालय विकास समिति

१८. **कोषको सञ्चालन** – समितिको (गठन) आदेश, २०४८ को दफा ६ मा समितिको एउटा कोष रहने व्यवस्था भएकोमा कोष स्थापना गरेको छैन ।

१९. **गुरुयोजना -** कार्यालयले विज्ञान संग्रहालय निर्माण गर्ने सन्दर्भमा सेन्ट्रल ब्लक, बी,सी. र डी. को पहिलो तल्ला र ब्लक ई.को भित्री भाग मात्र तथा सोको कम्पाउण्डवाल र पानीको आपूर्तिसमेतको लागि रु.६४ करोड ८३ लाख ६७ लाख ६७ हजारको लागत अनुमानको आधारमा २०६७३१८ मा एक ठेकेदारको रु.६४ करोड ५२ लाख ८१ हजारको बोलपत्र स्वीकृत गरी यस वर्ष रु.१० करोड ९३ लाख २७ हजार पेश्की उपलब्ध गराएको छ । उक्त सम्झौताको कार्य परिमाण सूचीमा ब्लक डी.को पहिलो तल्ला मात्र तथा ब्लक ई.को भित्री भाग मात्र भनेबाट विगतमा समेत उक्त म्युजियमको निर्माण कार्य गराएको भन्ने स्पष्ट हुन्छ । कार्यालयले संग्रहालयको गुरुयोजनाअन्तर्गत सम्पन्न, बाँकी काम र योजना सम्पन्न गर्ने अवधिसहितको अभिलेख राखेको छैन । यसले गर्दा आयोजनाको अद्यावधिक कार्य प्रगति एवं सम्पन्न हुने अवधि निश्चित गर्ने आधार देखिएन ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति

२०. **कोष सञ्चालन –** राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिले यो वर्ष चालूतर्फ रु.१ करोड ३ लाख ५९ हजार र पूँजीगततर्फ रु.५३ लाख ४५ हजारसमेत जम्मा रु.१ करोड ५७ लाख ५ हजार खर्च गरेको छ । आन्तरिक कोष ३ तर्फ रु.२८ लाख ६० हजार आम्दानी र रु.१० लाख १ हजार खर्च भएको छ । समितिको (गठन) आदेश, २०५२ को दफा १० मा सबै प्रकारको आम्दानी समितिको कोषमा जम्मा हुने र समितिले गर्ने सबै खर्चहरु सो कोषबाट गर्ने व्यवस्था छ । समितिमा आन्तरिक विविध कोष, कर्मचारी कल्याण कोष र मेसिनरी रिप्लेसमेण्ट कोष गरी ३ कोष सञ्चालनमा रहे तापनि यी कोषबाट भएको कारोबारको आन्तरिक लेखापरीक्षण गराउने गरेको छैन ।

२१. **असुली–** यो वर्ष लेखापरीक्षणको क्रममा एक कार्यालयबाट रु.२८ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा एक कार्यालयबाट रु.३ हजार र सम्परीक्षणको क्रममा रु.१ लाख २३ हजारसमेत रु.१ लाख ५४ हजार असुल भएको छ ।

२२. **पेश्की –** मन्त्रालयअन्तर्गतका ३ सरकारी कार्यालय समेतको रु.१० करोड ९८ लाख ७५ हजार पेश्की देखिएको छ ।

२३. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

२३.१ मन्त्रालय र मातहतका सरकारी कार्यालयतर्फ यो वर्ष रु.१२ करोड ५३ लाख ४६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ लाख ७ हजार फछ्यौंट गरेकाले रु.१२ करोड ३९ लाख ३९ हजार बाँकी रहेको छ ।

२३.२ समितितर्फ यो वर्ष रु.५६ हजार बेरुजू देखिएको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु२७ हजार फछ्यौंट गरेकाले रु.२९ हजार बाँकी रहेको छ ।

२३.३ मन्त्रालयको वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१ करोड ९ लाख ९५ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.१ करोड ६९ लाख ८ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

२३.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.९ लाख ५८ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.१ करोड ७८ लाख ६६ हजारमध्ये रु.१ करोड ३ लाख ५९ हजार सरकारी कार्यालयतर्फ र ७५ लाख ७ हजार अन्यतर्फ रहेको छ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालय

मन्त्रालय र मातहतसमेत ९ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब ६ करोड २ लाख ४१ हजार, राजस्वतर्फ रु.१० करोड ५७ लाख ७८ हजार, धरौटीतर्फ रु.१ करोड २ लाख ७८ हजार समेत रु.१ अर्ब १७ करोड ६२ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था, समिति ७ को रु.५ अर्ब १४ करोड ३१ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन:

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएको निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा ढुवानीको लागत अनुमान तयार गर्दा केन्द्रीय स्तरको सार्वजनिक निकायले विभागीय दररेटको आधारमा र त्यस्तो दररेट समेत नभएको अवस्थामा प्रचलित बजार दरको आधारमा ढुवानीको लागत अनुमान वनाउनुपर्ने व्यवस्था छ । नेपाल खाद्य संस्थानले गत वर्षको सतहि मार्ग र हवाई मार्गको लागत अनुमानमा १० देखि ३० प्रतिशत थप गरी तयार गरेको लागत अनुमानको आधारमा यो वर्ष खाद्यान्न ढुवानी अनुदानबापत रु.३५ करोड ४० लाख खर्च गरेको छ । नियमले तोकेको प्रक्रियाअनुसार लागत अनुमान तयार गर्नुपर्दछ ।

१.२ छालासम्बन्धी ऋण प्रवाहकोषको गत वर्षको जिम्मेवारी रु.९ लाख ५२ हजार र यस वर्षको आम्दानी रु.३ लाख ५७ हजार समेत रु.१३ लाख ९ हजार र छालासम्बन्धी चक्रकोषको गत वर्षको जिम्मेवारी रु.३८ लाख ३७ हजार र यस वर्षको आम्दानी रु.५ लाख ७० हजार गरी रु.४४ लाख ७ हजार रु.५७ लाख १६ हजार केन्द्रको खातामा आम्दानी देखिन्छ । छालासम्बन्धी उद्योगहरुको लागि सहुलियत दरमा ऋण प्रदान गरी प्रर्वद्धन गर्ने उद्देश्यले एक वाणिज्य बैङ्कमार्फत विभिन्न छाला उद्योगहरुलाई ८ प्रतिशत ब्याजमा २०५३।५४ सम्म रु.१ करोड ऋण उपलब्ध गराएकोमा ऋणको साँवा प्राप्त र ब्याजको अभिलेख राखेको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गरिनुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **अनुगमन –** नेपाल खाद्य संस्थानलाई खाद्यान्न संकट रहेका दुर्गम तथा अतिदुर्गम जिल्लामा खाद्यान्न ढुवानी गर्न चालू खर्चतर्फ रु.३५ करोड ४० लाख र पूँजीगत खर्चबाट रु.४७ करोड ७५ लाख ढुवानी अनुदान दिएको छ । नेपाल साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई कण्ठरोग नियन्त्रण कार्यक्रमको लागि रु.१२ करोड अनुदान दिएको छ । मन्त्रालयले अनुदान दिएको रकमबाट खाद्यान्न एवं नून ढुवानी भएको स्थान र परिमाण खुलाई प्रगति विवरण तयार गरेको छैन । यस सम्बन्धमा अनुगमन समेत गरेको पाइएन ।

३. **अग्रिम कर –** भारतीय सरकारको सोझै भुक्तानीतर्फको बजेटबाट नेपाल साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई प्याकिङ्ग तथा प्रचार प्रसार सामग्री खरिद गर्न रु.१ करोड ९२ लाख ६९ हजार भुक्तानी दिएको पाइयो । उक्त भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतले हुने रु.२ लाख ८९ हजार अग्रिम कर कट्टी गरेको छैन ।

संगठित संस्था, अन्य संस्थातर्फ

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

आयात तथा निर्यात व्यापारमा सुविधा उपलव्ध गराई नेपालको अर्थ व्यवस्थाको विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०२८ सालमा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस कम्पनीको २०६५।६६ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

४. **सञ्चालन नतिजा** – गत वर्षसम्म सञ्चित नाफा रु. ७ करोड ३७ लाख ७७ हजारमा यस वर्षको रु.९६ लाख ४८ हजार समावेश गर्दा यो वर्षसम्म रु.८ करोड ३४ लाख २५ हजार पुगेको छ । सो रकममा विगत वर्षहरुको आयकर खर्च रु.१ करोड ६७ लाख ६८ हजार घटाई बाँकी रु.६ करोड ६६ लाख ५७ हजार वासलातमा सारेको छ । घरेलु शिल्पकला बिक्री भण्डार, नेपाल यातायात संस्थान, नेपाल ल्यूव आयल, वीरगञ्ज चिनी कारखाना र हिमाल सिमेन्ट कारखाना हाल सञ्चालनमा नरहेकाले शंकास्पद असुली बापत रु.१ करोड १ लाख २० हजार व्यवस्था गर्ने हो भने यो वर्षसम्मको सञ्चित नाफा रु.५ करोड ६५ लाख ३७ हजार मात्र रहने देखिन्छ । यसका अतिरिक्त यस प्रतिवेदनका अन्य दफाहरुमा उल्लेख गरिएका प्रमाणीकरण गर्न नसकिएका व्यहोराहरुको रकम समेत समायोजन गर्ने हो भने सञ्चालन नाफा अझ घट्ने देखिन्छ ।

५. **शेयर पूँजी** – कम्पनीको अधिकृत पूँजी रु १ करोड ५० लाख र जारी तथा चुक्ता पूँजी रु १ करोड २२ लाख ४३ हजार रहेको छ । उपर्युक्त शेयरको स्वामित्व उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयमा रहेको छ । १५ हजार कित्ता शेयरको प्रति कित्ता रु.१ हजारले अधिकृत पूँजी रु.१ करोड ५० लाख हुनेमा प्रबन्धपत्र तथा नियमावलीमा रु.१ करोड मात्र उल्लेख भएकोले सोमा संशोधन गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि उल्लेख गर्दै आए पनि यो वर्ष पनि सुधार भएको छैन ।

६. **आयकर** – विगत वर्षहरुमा सम्भावित दायित्वमा नदेखाएको रु. १ करोड ६७ लाख ६८ हजार यो वर्ष विगत वर्षहरुको आयकर खर्च नाफा नोक्सान बाँडफाँड हिसाबमा समायोजन गरेकोमा लेखा नीति तथा टिप्पणीमा उल्लेख गरेको देखिएन ।

७. **वस्तुगत सहायता** – अति कम विकसित मुलुकका लागि राष्ट्र संघीय कोषबाट २०४३/४४ मा बस्तुगत सहायता अन्तर्गत प्राप्त रु.७० लाख ५६ हजारको फोर्क लिफ्ट, क्रेन, गोदरेज सेफ आदिलाई यस शीर्षकअन्तर्गत देखाएको छ । ती सामानहरु आय आर्जनको काममा उपयोग हुने भए मर्मत गरी प्रयोगमा ल्याउने र मर्मत हुन नसक्ने सामानहरु लिलाम गर्नेतर्फ कारबाही गर्नुपर्ने देखिन्छ ।

८. **स्थिर सम्पत्ति** – यो वर्षको रु १६ लाख ७६ हजार समेत रु ३ करोड ९० लाख २१ हजारमा ह्रास कट्टी रु २ करोड ५६ लाख ५२ हजार घटाई वर्षान्तमा रु १ करोड ३३ लाख ६९ हजारको स्थिर सम्पत्ति रहेको छ । यस सम्बन्धमा उल्लेख्य व्यहोरा निम्न छन् :

८.१ स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण एवं अभिलेख अद्यावधिक नगरेकोले बासलातमा उल्लिखित स्थिर सम्पत्तिको यथार्थता यकिन गर्न सकिएन ।

८.२ सम्भावित हानि नोक्सानीबाट बचाउन वीरगञ्ज र काकडभित्ताको गोदामबाहेक अन्य सम्पत्तिको बीमा गरेको देखिएन ।

९. **लगानी** – गत वर्षसम्मको लगानी रु२ करोड ४० लाख ३३ हजार रहेकोमा यो वर्ष रु.२ करोड ४६ लाख ९६ हजार पुगेको छ । विघठित नेपाल कोल लिमिटेडमा भएको लगानी रु३ लाख ९० हजार उठ्न सक्ने नदेखिए तापनि सोबापत रकम व्यवस्था गरेको देखिएन ।

१०. **आसामी** – गत वर्षसम्मको आसामी रु २ करोड ८९ लाख ९९ हजार रहेकोमा यो वर्ष रु.३ करोड १० लाख ४६ हजार पुगेको छ ।

१०.१ शंकास्पद आसामी व्यवस्थाबापत जिम्मेवारी सारेको रु.१९ लाख ७५ हजार कुल आसामी रकमको ५.९७ प्रतिशत हुन आउँछ । लामो समयदेखिको आसामी रकम असुल नभएको र सोको लागि थप व्यवस्था पनि गरेको नदेखिएकोले शंकास्पद व्यवस्था गर्न अपनाएको नीति र व्यवस्था गरेको रकमको पर्याप्तता बारेमा यकिन गर्न सकिएन ।

१०.२ घरेलु शिल्पकला बिक्री भण्डार र नेपाल यातायात संस्थान विघटनको प्रक्रियामा रहेको, नेपाल ल्युव आयल निजीकरणमा गइसकेको तथा वीरगञ्ज चिनी कारखाना, हिमाल सिमेन्ट कम्पनी सञ्चालनमा नरहेकोले ती संस्थाहरुबाट लिनु पर्ने क्रमशः रु.५० लाख ६६ हजार, रु.२५ लाख ५७ हजार, रु.१८ लाख ८८ हजार, रु.१ लाख ११ हजार र रु४ लाख ९८ हजारको असुली शंकास्पद देखिन्छ । उपर्युक्त रकम असुल गर्न ठोस प्रयास गरेको देखिएन ।

१०.३ राष्ट्रिय व्यापार निगम र गोरखापत्र संस्थानसँग लिनुपर्ने जिम्मेवारी सार्दै ल्याएको रु.५७ लाख ६३ हजार र रु.५ लाख ९ हजारसहित अन्य लिनुपर्ने पार्टीहरुबाट समर्थनपत्र प्राप्त गरेको छैन । रु.५ लाखभन्दा बढीको जिम्मेवारी सार्दै ल्याएको आसामी रु.२ करोड ५८ लाख पुगिसके तापनि सोका लागि पर्याप्त शंकास्पद व्यवस्था गरेको छैन । लामो समयसम्म असुली हुन नसकेको रकमको असुली संभाव्यता यकिन गरी हिसाब समायोजन गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

११. **मौज्दात –** गत वर्ष बैङ्क तथा नगद मौज्दात रु.६ करोड ६ लाख ४२ हजार रहेकोमा यो वर्ष रु.७ करोड ८८ लाख ५ हजार पुगेको छ ।

बैङ्कमा रकम मौज्दात नभए तापनि कोलकोता शाखाको लागि जिप खरिद गर्न एक मोटर्सको नाममा भा.रु.८ लाख ८७ हजार भुक्तानीको लागि चेक जारी गरेको पाइयो । खातामा रकम मौज्दात नभए तापनि चेक जारी हुनुले शाखाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको प्रष्टन्छ । रकम बैङ्क मौज्दात नभएकोले ओभरड्राफ्ट जनाई सो रकमलाई चालू दायित्वमा देखाएको छ । यस्तो परिपाटीउपर नियन्त्रण गरिनुपर्दछ ।

१२. **पेश्की, सापटी र धरौटी –** यसअन्तगर्त वर्षान्तमा रु २ करोड ६६ लाख ११ हजार रहेको छ ।

१२.१ विगत वर्षको अग्रिम आयकरको धरौटी रु ५ करोड १७ लाख ८१ हजारमध्ये २०४१/०४२ देखि २०५४/०५५ सम्मको रु ४ करोड ६ लाख ३९ हजार समायोजन गरी बाँकी रहेको धरौटी रु.१ करोड ११ लाख ४२ हजारमा २०६३/६४ देखि २०६५/६६ सम्मको थप रु २२ लाख ४९ हजार समावेश गरी यो वर्ष रु.१ करोड ३३ लाख ९१ हजार बाँकी रहेको छ । पेश्की तथा धरौटीअन्तर्गत मुद्दती खातामा अग्रिम कर कट्टी गरेको रु.१८ लाख २८ हजार पनि समावेश गरेको पाइयो ।

१२.२ पेश्कीको समर्थन नलिएको साथै आयु वर्गीकरण नगरेको, शंकास्पद व्यवस्थाका अतिरिक्त प्रधान कार्यालयले विगत वर्षका रु.४ लाख ८६ हजार असुल फछ्यौंट गर्न पहल नगरी जिम्मेवारी मात्र सार्दै ल्याएको देखियो ।

१३. **प्राप्त पेश्की –** क्लियरिङ्ग सेवा प्रदान गर्न ग्राहकहरुबाट प्राप्त पेश्की समयमै समायोजन नगरी वर्षौंदेखि जिम्मेवारी मात्र सार्दै ल्याएको छ । विवरणअनुसार उक्त पेश्कीमा लुम्बिनी चिनी कारखानाको रु.२ लाख ७८ हजार, कृषि औजार कारखानाको रु.३ लाख १५ हजार, वन पैदावार विकास समितिको रु.२ लाख २८ हजार, स्काईल्याण्ड कम्पनीको रु.९ लाख ९८ हजार बाँकी देखिएको छ । अन्य पार्टीहरुको पनि क्रेडिट रकम फछ्यौंट नभई बाँकी देखिएकोले आवश्यक कागजात जाँच गरी फछ्यौंट गर्नुपर्दछ । यस्ता पेश्कीको आयु वर्गीकरण गरी विवरण तयार नगरेकोले बासलातमा उल्लिखित रकमको यथार्थता यकिन गर्न सकिएन ।

१४. **उपदान –** उपदानका लागि यो वर्ष रु.४५ लाख ३६ हजारको थप ब्यबस्था गरेको पाइयो । उल्लिखित रकम भबिष्यमा आउने उपदान दायित्व चुक्ता गर्न पुग्छ पुग्दैन यकिन गर्न सक्ने स्थिति छैन ।

१५. **आयकर व्यवस्था –** विगत वर्षको रु.३ करोड २८ लाख २३ हजारमध्ये २०४१।४२ देखि ०५४/०५५ सम्मको रु.२ करोड ३८ लाख ७१ हजार समायोजन गरी रु.८९ लाख ५२ हजार बाँकी रहेको छ । यस वर्ष आयकर

बापत थप व्यवस्था गरेको छैन । विगत वर्षको कर लेखापरीक्षण गर्न बाँकी रहेकोले आयकर दायित्व यकिन गर्न सकिएन ।

१६. **सस्पेन्स हिसाब –** यो हिसाबमा वर्षौंदेखिको रु.२ लाख ३१ हजार बाँकी रहेको छ । यो वर्ष पनि आवश्यक छानविन गरी समायोजन गरेको देखिएन ।

१७. **हिसाब मिलान –** मूल्य अभिवृद्धि कर रु.२ लाख ७८ हजारको हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

१८. **पूर्वाधार निर्माण** – हल्दिया स्थित आवासीय भवन तथा कार्यालयको लागि पोर्ट अथोरिटीले उपलब्ध गराएको २ हजार वर्ग मिटर जग्गामा बनेको भवन आवास तथा कार्यालयको लागि प्रयोग गर्दै आएको छ । पोर्टको इन्टेरियर क्षेत्रभित्र उपलब्ध गराएको ६ हजार ९८५ वर्गमिटर जग्गामा कम्पाउण्डवाल लगाएको र उक्त जग्गामा हल्दिया पोर्ट भई आउने सामान राख्ने गरे तापनि केही सिग्मेन्टतर्फ पार्किङ्ग यार्डबाहेक जमिनको विकास नगरेको हुँदा कन्टेनरहरु राख्न मिल्ने देखिदैन । गोदाम तथा सेडको समेत व्यवस्था नहुँदा सामान खुल्ला स्थानमा राख्नुपर्ने भई सुरक्षाको कारण आय प्राप्तिमा समेत असर परेको देखिन्छ ।

१९. **आन्तरिक लेखापरीक्षण** – आर्थिक प्रशासन नियमावली, २०५० ले कार्यकारी प्रमुखले नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेकोमा विगत वर्षझैं यो वर्ष पनि आन्तरिक लेखापरीक्षण गराएको पाइएन ।

२०. **जिन्सी निरीक्षण** – आर्थिक प्रशासन नियमावली, २०५० अनुसार वर्षको एक पटक जिन्सी मौज्दातको भौतिक परीक्षण गरेको पाइएन ।

नेपाल खाद्य संस्थान

खाद्यान्न सञ्चय गरी सुव्यवस्थित ढङ्गबाट बिक्री वितरण गर्ने तथा गोदाम निर्माण गर्ने उद्देश्यले संस्थान ऐन, २०२१ अन्तर्गत २०३१ मा स्थापित यस संस्थानको यस वर्षको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन् :

२१. **सञ्चालन नतिजा –** नेपाल सरकारबाट प्राप्त अनुदानसमेत समावेश गरी गत वर्षको खुद नाफा रु.५१ लाख ७ हजार भएकोमा यो वर्ष रु.१ करोड ४९ लाख ९२ हजार खुद नाफा गरेको छ । सो रकममा गत वर्षसम्मको सञ्चित नोक्सानी रु.१ अर्ब १२ करोड २६ लाख २९ हजार मिलान गर्दा पूँजीगत जगेडा बाहेक हालसम्मको नोक्सानी रु.१ अर्ब १० करोड ७६ लाख ३७ हजार कायम भएको छ ।

यो वर्ष खरिद लक्ष्य रु.९९ करोड ५८ लाख तोकेकोमा रु.६५ करोड ८५ लाख (६६.१३ प्रतिशत) मात्र खरिद गरेको छ । बिक्री लक्ष्य रु.१ अर्ब ११ करोड ७६ लाख तोकेकोमा रु.७९ करोड ४२ लाख (७१.६ प्रतिशत) मात्र बिक्री गरेको छ । संस्थानको चालु सम्पत्तिभन्दा चालू दायित्व २५.८५ प्रतिशतले बढी भई खुद चालू पूँजी रु.२९ करोड २३ लाख ९० हजारले ऋणात्मक रहेको छ ।

२२. **शेयर पूँजी तथा ऋण –** महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकारको ऋण लगानी रु.४२ लाख ४३ हजार र शेयर लगानी रु.९९ करोड ९२ लाख ६१ हजार देखाएकोमा संस्थानले ऋण लगानीमा रु.४२ लाख ४३ हजार लेखाङ्कन गरेको छैन भने शेयर लगानीमा रु.८७ लाख ६६ हजार घटी लेखाङ्कन गरेको छ । महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग हिसाब समायोजन गरी वास्तविक शेयर लगानी कायम गर्नुपर्नेमा संस्थानले २०६४।४।२३ मा महालेखा नियन्त्रक कार्यालयबाट शेयर पूँजीको फरकबारे जानकारी माग गरे तापनि महालेखा नियन्त्रक कार्यालयबाट कुनै जवाफ प्राप्त भएको छैन । शेयर पूँजी र ऋण रकमको यथार्थ चित्रण गर्ने गरी लेखाङ्कन गर्न गत वर्षको प्रतिवेदनमा उल्लेख गरिए पनि स्थिति यथावत् रहेको पाइयो ।

२३. **स्थिर सम्पत्ति –** गत वर्षसम्म स्थिर सम्पत्ति रु.१३ करोड ३३ लाख १४ हजार रहेकोमा यस वर्षको थप रु.४ करोड ७० लाख ५७ हजार समेत रु.१८ करोड ३ लाख ७१ हजारमा बिक्री तथा अपलेखनबापत रु.२ लाख

४३ हजार र ह्रास कट्टीबापत रु.८२ लाख १२ हजार घटाउँदा बर्षान्तमा रु.१७ करोड १९ लाख १६ हजार रहेको छ । कतिपय अञ्चल तथा शाखा कार्यालयहरुको सम्पत्ति विवरणमा ती कार्यालयहरुको जग्गाको मूल्य समावेश नगरेकोले सम्पत्तिको यथार्थ मूल्य चित्रण भएको छैन । संस्थानको स्वामित्वमा रहेको तर उपयोगमा नआएको जग्गाहरु उपयोगमा ल्याउन व्यवस्थापनले ध्यान दिनुपर्ने देखिन्छ ।

२३.१ प्रधान कार्यालय, अञ्चल एवं शाखा कार्यालयहरुले स्थिर सम्पत्तिको सामान्य अभिलेख राखे तापनि विस्तृत विवरण खुलाएको छैन । अभिलेखमा सम्पत्तिको नाम, ह्रास कट्टी रकम र बाँकी मूल्य मात्र उल्लेख गरेको छ । खरिद मिति सामानको ब्राण्ड, साइज, सिरियल नम्बर, च्यासिस नम्बर, सामान रहेको स्थान आदि खुलाउने नगरेको व्यहोरा गतवर्षको प्रतिवेदनमा उल्लेख गरे पनि स्थिति यथावत् छ ।

शाखा कार्यालय जनकपुर र राजापुरले प्लान्ट तथा मेसिनरीमा क्रमशः २५ र ५ प्रतिशत, प्रधान कार्यालयले विविध सम्पत्तिमा २५ प्रतिशत, अञ्चल तथा शाखा कार्यालयहरुले १५ प्रतिशतका दरले ह्रास कट्टी गरेका छन् । प्रधान कार्यालयले आयकर ऐन, २०५८ अनुसार खरिद मितिको आधारमा ह्रास कट्टी गरे तापनि कतिपय अञ्चल तथा शाखा कार्यालयहरुले आषाढमा खरिद गरिएको सम्पत्तिहरुमा ह्रास कट्टी गरेको पाइएन । ह्रास कट्टीको नीतिमा सम्पूर्ण कार्यालयहरुमा एकरुपता कायम गरिनुपर्दछ ।

२३.२ स्थिर सम्पत्तिको भौतिक परीक्षण प्रतिवेदनमा कतिपय सामानहरु लिलाम बिक्री गर्नुपर्ने वा अपलेखन गर्नुपर्ने एवं अस्तित्वमा नै नरहेका व्यहोरा उल्लेख छ । यी सामानको सम्बन्धमा कुनै कारबाही गरेको पाईएन । मर्मत गरी प्रयोगमा आउने सामानको मर्मत गर्ने, प्रयोगमा नआउने सामानको लिलाम बिक्री गर्ने र अस्तित्वमा नै नरहेका तथा नास्नुपर्ने सामानको अपलेखन गर्नेतर्फ कारबाही गर्नुपर्दछ ।

२३.३ केही शाखा कार्यालय तथा गोदामको बीमा गरे तापनि प्रधान कार्यालयको भवन र अधिकांश शाखा कार्यालयहरुको गोदामका साथै गोदाममा रहेको खाद्यान्न मौज्दातको जोखिमबापत बीमा गरेको पाइएन ।

२४. **मौज्दात खाद्यान्न –** गोदाममा मौज्दातमध्ये नष्ट गर्नुपर्ने भनी जनाईएको रु.२५ लाख ५ हजारको खाद्यान्न नष्ट नगरी विगत वर्ष देखि मौज्दातमा देखाउदै आएकोले उक्त रकमले नाफा नोक्सानमा असर पर्न गएको छ ।

२५. **मार्गस्थ मौज्दात** – मार्गस्थ मौज्दातमा धेरै वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको रु.२ करोड ३५ लाख ३६ हजार समेत समावेश छ । सम्झौतामा तोकिएको शर्त अनुसार खाद्यान्न ढुवानी नगर्ने ठेकेदारहरुलाई कारबाही सहित हर्जाना असुल नगरी २०३७/३८ देखि ठेकेदार भागी पत्ता नलागेको र मुद्दा मामिला परेको जनाई हरेक वर्ष जिम्मेवारी मात्र सार्दै आएको देखिन्छ । सञ्चालक समितिबाट अदालतमा मुद्दा चलेका वाहेक अन्य रकम असुल हुने नहुने यकिन गरी असुल हुने रकम असुल गर्न र असुल नहुने रकम अपलेखन गर्न कुनै कारबाही गरेको पाइएन ।

२६. **आसामी तथा दायित्व –** आसामी तथा दायित्व हिसाबअन्तर्गत कतिपय रकम विगत १५ वर्ष भन्दा अगाडिदेखिको जिम्मेवारी मात्र सार्दै आएको छ । तीमध्ये कतिपय कार्यालय तथा संघ संस्था अस्तित्वमा नरहेको र कतिपय व्यक्तिहरु सम्पर्कमा नरहेको परिप्रेक्ष्यमा ती रकम असुल हुने वा भुक्तानी गर्नुपर्ने सम्भावना निकै कम रहेको देखिन्छ । पुराना लिनु दिनुपर्ने रकमको प्रमाणित कागजातहरु पनि रहेको देखिएन । हरेक वर्षको लेखापरीक्षणबाट ती आसामी तथा साहुहरु असुली नहुने वा भुक्तानी गर्न नपर्ने हो भने अपलेखन गर्ने वा आम्दानी बाँध्नुपर्ने व्यहोराको ध्यानाकर्षण गराए तापनि यस सम्बन्धमा कुनै कारबाही भए गरेको पाईएन । सञ्चालक समितिले असुल हुन नसक्ने आसामी तथा भुक्तानी गर्न नपर्ने साहुहरु यकिन गरी अपलेखन गर्ने वा आम्दानी बाँध्नेतर्फ तदारुकता देखाउन जरुरी छ ।

२७. **व्यापारिक र अन्य रकम –** व्यापारिक तथा अन्य प्राप्य रकममा गत वर्षसम्म रु.११ करोड ४६ लाख ७१ हजार रहेकोमा यो वर्ष रु.१ करोड ५८ लाख ४६ हजारले वृद्धि भई रु.१३ करोड ५ लाख १७ हजार पुगेको छ । सरकारी कार्यालयसँग लिन बाँकी रु.९ करोड ५७ लाख ३१ हजार, संघ संस्थासँग लिन बाँकी रु.१ करोड २० लाख १२ हजार र विभिन्न पार्टीहरुसँग लिन बाँकी रु.२ करोड २७ लाख ७४ हजारमध्ये कतिपय

रकम निकै पुरानो रहेको छ । उक्त रकम असुल गर्न ठोस प्रयास नभएको साथै सम्बन्धित पक्षबाट समर्थन समेत लिएको नपाईएकोले आसामी रकम यकिन गर्न सकिने अवस्था छैन ।

२७.१ कोलकात्तामा संस्थान र एक निजी कम्पनीबीच विगत धेरै वर्ष पहिलेदेखि क्षतिपूर्तिसम्बन्धी कोलकात्ता हाई कोर्टमा विचाराधीन रहेको मुद्दाको वहस पैरवी, अनुसन्धान र तहकिकातको लागि एक कानूनी परामर्शदाता नियुक्ति गरेकोमा गत वर्षसम्म रु.२५ लाख ६० हजार भुक्तानी गरिसकेको र यस वर्ष थप रु.१२ लाख ६३ हजार भुक्तानी गरेको छ । सो रकमलाई पेश्कीमा देखाएकोमा नियमानुसार फछ्यौंट गरी हिसाब मिलान गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरे तापनि स्थिति यथावत् रहेको देखिन्छ ।

२७.२ शंकास्पद आसामीबापत विगत वर्षहरुमा रु.१ करोड १६ लाख १७ हजार व्यवस्था गरेको देखियो । असुल गर्नुपर्ने रकमहरुको विश्लेषण गरी असुलीसम्बन्धी कारबाही गरेको छैन ।

२७.३ लिनुपर्ने तथा पेश्की शीर्षकमा पार्टीहरुसँग लिनुपर्ने देखाएको रु.२ लाख ३३ हजारको लिनुपर्ने पार्टीको नाम, रकम र कारण खुलेको विवरण उपलब्ध नभएकोले उक्त रकमको यथार्थता यकिन गर्न सकिएन ।

२८. **बैङ्क मौज्दात –** २०३४/३५ देखि खातामा आम्दानी जनाएको तर बैङ्कमा आम्दानी नदेखिएको रु.२१ लाख ८७ हजारको कारण स्पष्ट हुन आएन । खातामा र बैङ्क मौज्दात विवरणमा फरक पर्नुको कारण समयमा नै पत्ता लगाउने कार्य नगरिएबाट हाल आएर यकिन गर्न गाह्रो भएको जानकारी प्राप्त भएको छ ।

तत्कालीन कृषि खरिद बिक्री संस्थानबाट जिम्मेवारी सरिआएको मौज्दात रु.३ लाख ४३ हजारको बैङ्क समेत पत्ता लगाएको छैन ।

मार्गस्थ मौज्दातमा देखाएको रु.१९ लाख २९ हजार निकै पुरानो रहेको र सोको कारण समयमा नै पत्ता नलगाएकोले हाल यसको स्थिति यकिन गर्न सक्ने अवस्था छैन । उक्त रकम प्राप्त गर्न नसकिने भएमा अपलेखन गर्नुपर्दछ ।

२९. **पेश्की खर्च –** सेवारत नरहेका १७३ कर्मचारीसँग असुल गर्नुपर्ने रु ६० लाख ९१ हजारमध्ये धेरैजसो १२ वर्षभन्दा अगाडिको रहेको छ । धेरैजसो कर्मचारीहरु अस्थायी नियुक्ति भई स्टोरतर्फ काम गरेको, सेवाबाट निवृत्त हुँदा बरबुझारथ नगरी अवकाश दिएको र सोपछि स्टोरमा देखिएको सर्टेजबापत निजहरुको नाममा डेबिट गरिएको रकम बाँकी रहेको देखिन्छ । सम्बन्धित व्यक्तिहरु सम्पर्क हुन नसकेको अवस्थामा यी रकम असुल हुने सम्भावना कम रहेकोले अपलेखन गर्न कारबाही बढाउनुपर्दछ ।

३०. **कर्मचारी हिसाब –** कर्मचारीहरुलाई यस वर्षको अन्त्यसम्ममा भुक्तानी गर्नुपर्ने रु.३९ लाख ७४ हजारमध्ये सेवामा नरहेका २९ कर्मचारीलाई भुक्तानी गर्नुपर्ने रु.६ लाख ५ हजारसमेत रहेको छ । यी रकममा धेरैजसो १२ वर्षभन्दा अगाडिको रहेको छ ।

३१. **उज्राती हिसाब –** यस शीर्षकमा देखाएको रु.७ लाख ९५ हजार २०५१/५२ देखि जिम्मेवारी सार्दैल्याएको छ । यसअन्तर्गत दिनुपर्ने रु.२ लाख ६२ हजारमध्ये प्रधान कार्यालयको रु.२ लाख १८ हजार र पोखरा कार्यालयको रु.४४ हजारसमेत विगत धेरै वर्षदेखि जिम्मेवारी सार्दैल्याएको छ । उज्राती हिसाबमा देखाएको कारण र पेन्डिङ्ग रहन गएको कारण पत्ता लगाई हिसाब मिलान गर्न प्रयास गरेको पाइएन ।

३२. **धरौटी –** कतिपय धरौटी निकै वर्ष पुरानो रहेको र कतिपय पार्टीहरु निकै वर्षदेखि सम्पर्कमा समेत नरहेकोले ती धरौटी फिर्ता गर्नुपर्ने हो वा होइन यकिन गरी आम्दानी बाँध्ने वा हिसाब मिलान गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३. **काउण्टरपार्ट फण्ड –** नेपाल सरकार तथा दातृ संस्थासँग भएको सम्झौताअनुसार विभिन्न काउण्टरपार्ट फण्डमा यस वर्षसम्म रु.४६ करोड ३८ लाख २६ हजार जम्मा गर्नुपर्ने देखाएको छ । तर २०३४/३५ देखिको भुक्तानी गर्नुपर्ने रु.१४ करोड ३ लाख ५१ हजारको सम्बन्धमा भुक्तानी गर्नुपर्ने हो वा होइन यकिन गरी हिसाब मिलान गर्नेतर्फ कुनै कारबाही गरेको देखिएन ।

३४. **अवकाश व्यवस्था** – कर्मचारीलाई दिनुपर्ने कर्मचारी कल्याण बापतको अनुमानित दायित्व रु.८ करोड ४९ लाख, अवकाश हुँदा भुक्तानी गर्नुपर्ने उपदानबापतको दायित्व अनुमानित रु.५८ करोड ३४ लाख र सञ्चित बिदाबापतको अनुमानित दायित्व रु.७ करोड ८१ लाख रहेको छ । कर्मचारी अवकाशबापतका ती खर्चको व्यवस्था गरेको छैन ।

३५. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षण विभागले व्यवस्थापनमा देखिएका कमी कमजोरीहरुको विश्लेषण गर्ने, विभिन्न सूचनाको सिंहावलोकन गर्ने, नीति तथा कार्यक्रम प्रभावशाली ढङ्गबाट नियमअनुसार कार्यान्वयन भए नभएको हेर्ने, सम्पत्तिको उचित संरक्षणसम्बन्धी व्यवस्थाको मूल्याङ्कन गर्ने, स्रोत र साधनको अधिकतम उपयोग तथा प्राप्तिको विश्लेषणसमेत गर्नुपर्दछ ।

नेशनल ट्रेडिङ लिमिटेड

व्यापारको विकास गरी देशको अर्थतन्त्रलाई दरिलो बनाउने, वस्तुको मूल्यमा स्थिरता कायम गर्ने, सर्वसाधारणलाई आवश्यक पर्ने वस्तु न्यायोचित रुपमा परिपूर्ति गर्ने, सरकारले तोकिदिएको वस्तु निकासी वा पैठारी गर्ने र अन्तर्राष्ट्रिय व्यापारमा विविधीकरण गर्ने उद्देश्यले २०१४ सालमा स्थापना भई हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस ट्रेडिङको गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

३६. **सञ्चालन नतिजा** – यस वर्षको खुद नोक्सान रु.४ करोड ८५ लाख २६ हजारसमेत सञ्चित नोक्सानी रु.२६ करोड ८८ लाख ४१ हजार (शेयर पूँजीको १५८.७६ प्रतिशत) पुगेको छ ।

यो वर्ष खुद नोक्सान रु.४ करोड ८५ लाख २६ हजार देखाए तापनि सोमा शंकास्पद लगानीबापत रु.८९ लाख ९ हजार र उपदान कोष एवं घर तथा बिरामी बिदाबापत नपुग दायित्व रु.१३ करोड ९८ लाख ७८ हजारसमेतको व्यवस्था गर्ने हो भने यस वर्षको सञ्चालन नोक्सान रु.१९ करोड ७३ लाख १३ हजारले ऋणात्मक हुने देखिन्छ ।

३७. **निरन्तरता** – यो वर्षसम्म कम्पनीको सम्पूर्ण चुक्ता पूँजी क्षय भई खुद सम्पत्ति रु.२ करोड १२ लाख ७ हजारले ऋणात्मक भइसकेको छ । पूँजी वृद्धि वा अन्य वैकल्पिक उपाय अवलम्बन नगरेमा यो कम्पनी गोइङ्ग कन्सर्नको रुपमा सञ्चालन हुन सक्ने सम्भावना देखिदैन ।

३८. **शाखागत हिसाब** – वीरगञ्ज, उपत्यका बण्डेड वेयर हाउस, पोखरा तथा यन्त्र बिक्री तथा मर्मत केन्द्रले यो वर्ष रु.७१ करोड ६९ लाख ८९ हजार (कुल बिक्री रकमको ९६.५१ प्रतिशत) बिक्री गरेका छन् । अन्तर शाखा माल चलानी तथा सामान प्राप्तिको लागत रकम लेखाङ्कन गर्ने परिपाटी नभएको, जिन्सी लेखा बिक्री मूल्यमा राख्ने गरेको, शाखाको स्थिर सम्पत्तिको हिसाब केन्द्रीय कार्यालयमा राख्ने गरेको, शाखामा रहेका स्थिर सम्पत्तिको ह्रास कट्टी केन्द्रीय कार्यालयको हिसाबमा दर्शाउने गरेको कारणले शाखागत नाफा नोक्सान रकम यकिन गर्न सक्ने स्थिति देखिएन ।

३९. **लेखामान** – सबै शाखाले नेपाल लेखामान ४ को व्यवस्था प्रतिकुल बिक्रीजन्य मालसामानको जिन्सी लेखा बिक्री मूल्यमा राखेका छन् । शाखामा मौज्दात रहेका मालसामानको लागत यकिन गरी लेखामानबमोजिमको मूल्याङ्कन केन्द्रीय कार्यालयबाट गर्नुपर्ने देखिन्छ ।

बण्डेड वेयरहाउस तथा करमुक्त पसलबाट विदेशी मुद्रामा भएको कारोबारको लेखा अमेरिकी डलरमा राखी वर्षान्तको प्रचलित विनिमय दरले हिसाब गरी नेपाली रुपैयाँ कायम गर्ने गरेको छ । नेपाल लेखामान ११ अनुसार विदेशी मुद्रामा भएको कारोबार सोही दिनको विनिमय दरअनुसार लेखाङ्कन गर्नुपर्दछ ।

४०. **गोदाम भाडा** – धूलो दूध भण्डारणबापत दुग्ध विकास संस्थानबाट २०६०/६१ सम्मको लिनुपर्ने गोदाम भाडा रु.२७ लाख ८ हजार सम्बन्धित वर्षमा आम्दानी जनाएको छैन । सो रकम असुल गर्ने प्रयास गरेको पनि छैन । गोदाम भाडा लिने दिनेबारे लिखत नभएको कारणबाट उल्लिखित रकम असुल हुने सम्भावना पनि देखिदैन ।

४१. **लगानी** – हिमाल सिमेन्ट कम्पनीको कारोबार बन्द भएको तथा नेपाल यातायात संस्थान, साझा यातायात र नेकोन एयरमा लगानी गरेको शेयर क्षय भइसके तापनि ती कम्पनीहरुमा लगानी गरेको शेयर रु.८९ लाख ९ हजार बापत आवश्यक रकमको व्यवस्था गरेको छैन ।

विघटित नेपाल यातायात संस्थान (रोपवेसमेत) सँग रु.१० लाख ४९ हजार तथा कारोबार बन्द भइसकेका हिमाल सिमेन्ट कम्पनीसँग रु.४९ लाख ६७ हजार, नेकोन एअरसँग रु.२ लाख ८५ हजार र साझा यातायातसँग रु.६ लाख ३० हजार लिनुपर्ने हिसाबको स्थिति शंकास्पद रहेको छ ।

कोलकाता कार्यालयअन्तर्गत विभिन्न सात क्लियरिङ्ग एण्ड फर्वार्डिङ्ग एजेन्टहरुसँग असुल गर्न बाँकी रहेको भा.रु.१६ लाख ५३ हजारको हुने रु.२६ लाख ४५ हजार असुल गर्न भारतीय कानूनअनुरुप आवश्यक प्रक्रिया पूरा गरी समयमै कारबाही नगरेबाट ती रकम प्राप्त गर्न नसकिने भइसकेको कानूनी राय प्राप्त भए तापनि अपलेखन गरेको छैन ।

४२. **लिलाम** – वर्षान्तमा लिलाम गर्नुपर्ने मालसामानको लागत मूल्य क्रमश: रु.२ करोड ९४ लाख ७९ हजार र रु.९० लाख ९० हजार रहेको छ । विगत १० वर्ष भन्दा बढी समयदेखि बिक्री अयोग्य मालसामानहरु लिलाम बिक्री गर्ने वा नास्नेतर्फ आवश्यक कदम चालेको छैन ।

४३. **पेश्की तथा सापटी** – यो हिसाबमा रहेको रु.४ करोड ५ लाख ९६ हजारको आयु वर्गीकरण गरेको विस्तृत विवरण उपलब्ध नभएको कारण सोधन स्थिति यकिन गर्न सकिएन । सेवानिवृत कर्मचारीहरुको हिसाब तथा अन्य बक्यौता रकम असुल फछ्यौंट गर्नेतर्फ यथेष्ट प्रयास गरेको छैन । आर्थिक प्रशासन नियमावली, २०४७ अनुरुप कार्य सम्पन्न भएको २१ दिनभित्र पेश्की हिसाब फछ्यौंट नगरेमा १० प्रतिशत ब्याज लगाई असुल गर्ने व्यवस्था भए तापनि तदनुरुप गरेको छैन ।

४४. **शंकास्पद आसामी** – वर्षान्तमा आसामी तथा लिनुपर्ने हिसाबको सोधन स्थिति पुनरावलोकन गरी शंकास्पद व्यवस्थाको लागि नपुग रकम थप गर्ने तथा शंकास्पद व्यवस्था हिसाबमा बढी भएको रकम आम्दानी जनाउने गरेको छैन । शंकास्पद व्यवस्था हिसाबमा विगतदेखि बाँकी देखिएको रु.२ करोड ६६ लाख १० हजारको कारबाही टुङ्गो लगाएको छैन ।

४५. **छानबिन** – लाहान कार्यालयले २०६१/६२ मा पठाएको परिमाणभन्दा उपत्यका बिक्री वितरण कार्यालयमा घटी सिमेन्ट प्राप्त भएको बारे छानबिन गर्न गठित समितिले १ हजार ६०० बोरा सिमेन्ट कम प्राप्त गरेको ठहर गरेको छ । घटी सिमेन्टको ब्याजसहित असुल गर्नुपर्ने रु.५ लाख ७५ हजार नगद असुल नगरी चालू वर्षमा सम्बन्धित कर्मचारीको पेश्की खातामा लेखाङ्कन गरेको उचित देखिएन ।

४६. **क्षतिपूर्ति** – कच्चा चिनी निकासी गर्दा २०६१/६२ मा मार्गस्थ क्षति भएको ११६.५ मेट्रिक टनको क्षतिपूर्ति एक बीमा कम्पनीसँग दावी गरेकोमा ११५.३० मेट्रिकटनको रकम क्षतिपूर्ति दिने निर्णय भए तापनि सो बीमा कम्पनी पूनरावेदन अदालतमा मुद्दा गएको कारण कारबाही टुङ्गो लागेको छैन ।

४७. **नक्कली भौचर** – वीरगञ्ज शाखा अन्तर्गत राष्ट्रिय वाणिज्य बैङ्क, श्रीपुरको खातामा नक्कली बैङ्क भौचरको आधारमा जम्मा भएको रु.५४ हजारको सम्बन्धमा आवश्यक छानविन गरी हिसाब मिलान गर्न सञ्चालक समितिबाट व्यवस्थापनलाई निर्देशन दिइएको जानकारी हुन आएको छ । तर कारबाही टुङ्गो लगाएको छैन ।

४८. **दाबी** – बण्डेड वेयर हाउस तथा ड्युटी फ्री सपअन्तर्गत बीमा दाबी आसामीअन्तर्गत प्राप्त नेपाल राष्ट्र बैङ्कमा रु.८ हजार, हिमालयन बैङ्कमा अमेरिकी डलर १ हजार ५९२ र नबिल बैङ्कमा अमेरिकी डलर ६ हजार १८४ साबिकदेखि मौज्दात देखिदै आएको छ ।

बण्डेड वेयरहाउसअन्तर्गत बीमा दाबी आसामी शीर्षकमा रु.२६ लाख ३३ हजार रहेको छ । सो रकममा ६ देखि १७ वर्ष पुराना दाबी रु. १९ लाख ४१ हजार समेत समावेश छ । यो रकम असुल गर्न यदाकदा पत्राचार गरे तापनि दाबी रकम प्राप्त गर्न सकेको देखिएन ।

४९. **दायित्व** – ई.बी.ए. चिनी व्यवस्थाबापत २०६०/६१ मा दायित्व देखाएको रु.७ लाख ८० हजार हालसम्म पनि हिसाब मिलान नगरी जिम्मेवारीमात्र सार्दै ल्याएको छ ।

५०. **कोषको उपयोग** – उखु उत्पादन कार्यमा संलग्न कृषकहरुलाई लाभान्वित हुने कार्यमा खर्च गर्न विगतमा उखु विकास कोषमा जम्मा गरेको रु.१९ लाख ८२ हजारको कुनै उपयोग गरेको छैन ।

५१. **घरजग्गा कर** – घर जग्गा कर ब्यवस्थाबापत केन्द्रीय कार्यालय र वीरगञ्ज शाखासमेतको रु.२५ लाख ४२ हजार २०५६/५७ देखि दायित्वमा देखाउँदै आएको छ । यस सम्बन्धमा अदालतमा मुद्दा चलिराखेको भन्ने जानकारी प्राप्त भएको छ ।

५२. **घटी व्यवस्था** – उपदान कोष व्यवस्था हिसाबमा यो वर्षसम्म रु.१५ करोड ४४ लाख ५६ हजार सञ्चित हुनुपर्नेमा रु.३ करोड ६२ लाख ४३ हजार मात्र सञ्चित भएको हुनाले रु.११ करोड ७ लाख ४७ हजार नपुग भएको छ ।

सञ्चित घर तथा बिरामी बिदाबापत यो वर्षसम्मको दायित्व रु.३ करोड ७ लाख ४७ हजार घर तथा बिरामी विदा ब्यवस्था हिसाबमा सञ्चित हुनुपर्नेमा रु.९० लाख ८२ हजार मात्र भएको हुनाले रु.२ करोड १६ लाख ६५ हजार नपुग भएको छ ।

५३. **गोदाम अवस्था** – सिंहदरवार पुलमुनि अवस्थित धेरै जसो गोदाममा छतबाट पानी चुहिने, ढोकाबाट पानी पस्ने, धुलो ब्याप्त, दूर्गन्धित भई ज्यादै फोहोर भएको, मर्मत सम्भार तथा हेरविचार वेगरको अवस्थामा रहेको छ । ती गोदामको अवस्थामा सुधार गर्न कारबाही भएको देखिएन ।

५४. **लेखाङ्कन** – जुन वर्षको खर्च हो सोही वर्षको हिसाबमा लेखाङ्कन गर्नु पर्ने व्यवस्था भएतापनि महाप्रबन्धक तथा सञ्चालक द्वयले गत वर्ष लण्डन भ्रमण गर्दा भएको भ्रमण खर्च रु.१३ लाख ५ हजार तथा चिनी निकासीको लागि बैङ्कबाट लिएको कर्जाको गत वर्षको ब्याज रु.११ लाख ४० हजार विगत वर्षको चिनी निकासी खर्चमा लेखाङ्कन गरेको छ ।

व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र

५५. **नपाउने सुविधा** – आर्थिक प्रशासकीय नियमावली, २०५२ को नियम ३२ को उपनियम (३) मा केन्द्रका पदाधिकारी विदेश भ्रमणमा जाँदा ट्याक्सी, भिसा तथा स्वास्थ्य परीक्षण, अध्यागमन शुल्क आदिको लागि दैनिक भत्ताको बढीमा २५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था छ । उक्त खर्चबापत दैनिक भत्ताको थप २५ प्रतिशत भुक्तानी भइसकेको अवस्थामा एक पदाधिकारीले ट्याक्सी भाडा, ज्याला, डान्स र टोक्टे गार्डसबापत रु.३ लाख १४ हजार भुक्तानी लिएको देखियो । नियमले नपाउने उक्त खर्च असुल गर्नुपर्दछ ।

५६. **करार** – निर्यात प्रवर्द्धन कोषको वार्षिक कार्यक्रममा नेपालबाट भारततर्फको आयात निर्यात व्यापार, तथ्याङ्क सङ्कलन प्रशोधन तथा विश्लेषण कार्यक्रमबाट करारमा ९ सहायकस्तरका कर्मचारी नियुक्ति गरी २०६६ श्रावणदेखि २०६७ आषाढसम्म रु.१० लाख १७ हजार भुक्तानी भएको पाइयो । यसरी स्वीकृत दरबन्दीबेगर करारमा कर्मचारी राखी तलब खर्च लेख्न मिल्ने देखिएन ।

५७. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १ कार्यालयबाट रु.७ लाख ६ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.३५ हजार र सम्परीक्षणको क्रममा रु.४९ लाख ५६ हजार असुल भएको छ ।

५८. **पेश्की** – मन्त्रालयअन्तर्गतका अन्य संस्थातर्फ २०६७ असार मसान्तसम्म २ कार्यालयको रु.१९ लाख ३७ हजार पेश्की देखिएकोमा लेखापरीक्षणको क्रममा कार्यालयबाट रु.२ लाख ८९ हजार फछ्यौंट गरी २ कार्यालयको रु.१६ लाख ४८ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.८ लाख म्याद नाघेको रहेको छ ।

५९. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

५९.१ मन्त्रालय र मातहत सरकारी कार्यालयतर्फ यो वर्ष रु.२७ लाख ४१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ६७ हजार फछ्यौंट गरेकाले रु.२५ लाख ७४ हजार बाँकी रहेको छ ।

५९.२ अन्य संस्थातर्फ यो वर्ष रु १ करोड ४७ लाख ७ हजार बेरुजू देखिएको छ ।

५९.३ मन्त्रालयले वार्षिकप्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.३ करोड ४० लाखसमेत प्रतिवेदन अवधिसम्म रु.३ करोड ८९ लाख ५६ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

५९.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.१ करोड ८९ लाख ७ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.५ करोड ७८ लाख ६३ हजारमध्ये रु.२ करोड ३८ लाख ६३ हजार सरकारी कार्यालयतर्फ र रु.३ करोड ४० लाख अन्यतर्फ रहेको छ ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

मन्त्रालय र मातहत समेत १५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२ अर्ब ८ करोड ८३ लाख ५२ हजार, राजस्वतर्फ रु.२ करोड ७० लाख ८७ हजार, धरौटीतर्फ रु.६ लाख १२ हजार, र अन्य कारोबारतर्फ रु.४३ करोड २९ लाख ६९ हजार गरी कुल रु.२ अरब ५४ करोड ९० लाख २० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अख्तियारी** – शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई प्राप्त बजेट अख्तियारीमध्ये सो मातहतका कार्यालयले समेत अन्य मन्त्रालयमातहतका कार्यालयलाई बजेट खर्च गर्ने अख्तियारी दिने गरेको पाइयो । यो वर्ष दिएको अख्तियारीमध्ये निर्वाचन आयोग, गृह, स्थानीय विकास, भौतिक योजना तथा निर्माण, र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतका कार्यालयलाई रु.३ अर्ब ९१ करोड ८३ लाख ८९ हजार निकासा भएको देखियो । मन्त्रालयको नाममा विनियोजन भएको बजेटमातहतबाटै अख्तियारी दिई अन्य मन्त्रालयमा खर्च हुंदा आन्तरिक नियन्त्रण, उत्तरदायित्व, अनुगमन समेत जटिल हुदै जाने स्थिति देखापरेको छ ।

२. **शान्ति कोष** – नेपाल सरकारको निर्णय बमोजिम स्थापना भएको शान्ति कोषको सञ्चालन सो कोषको सचिवालयबाट हुँदै आएको छ । विगत वर्षदेखि नै विभिन्न दातृ निकाय र नेपाल सरकारले बजेट विनियोजन गरेको रकम उक्त कोषमा जम्मा गरी विभिन्न निकायलाई उपलब्ध गराउदै आएकोमा अवधि समाप्त भएपछि खर्च नभई बाँकी रहेको रकम फ्रिज नहुने खातामा जम्मा गरेको देखिएको छ । खर्च नभएको रकम फिर्ता लिई एकीकृत हिसाब तयार गर्नुपर्दछ ।

३. **राजस्व दाखिला** – शान्ति कोष सचिवालयको गैरसञ्चालन (नन्अपरेटिभ) खातातर्फ निष्क्रिय रहेको रु.६ करोड ७३ लाख ३३ हजार र मन्त्रालयको कार्यसञ्चालन कोषमा सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्न प्राप्त रकममध्ये बाँकी रु.६ करोड २ लाख २१ हजार समेत रु.१२ करोड ७५ लाख ५४ हजार २०६७।११।६ मा मन्त्रालयलाई जानकारी गराए पश्चात दाखिला भएको छ ।

४. **फ्रिज** – आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ ले प्रत्येक सरकारी निकायले बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम स्वीकृत गर्ने, बजेट निकासा दिने र निकासा दिएको बजेट रकम सालतमाममा बाँकी भए फिर्ता दाखिला गर्ने स्पष्ट व्यवस्था गरेको छ । यो वर्ष शान्ति सचिवालयले विभिन्न निकायसँग सम्झौता गरी बजेट उपशीर्षक शान्ति कोष (शिविर व्यवस्थापन, लडाकुहरुको भरणपोषण र भत्ता समेत) बाट निकासा दिएको रकममध्ये निम्न रकम फ्रिज नहुने खातामा ट्रान्सफर गरेको पाइयो ।

(रु.हजारमा)

सि.नं.	निकायहरु	निकासा	फ्रिज नहुने खातामा रहेको रकम
१	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	२,२०,६०	२,२०,६०
२	शान्ति कोष सचिवालय	४,१५,५०	२,४४,९४
३	नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गत	८०,१३,७८	७४,८८,०६
४	निर्वाचन आयोग	३८,००,००	३७,९१,५०
५	सडक विभागअन्तर्गत	४५,००,००	४३,६५,०६
६	स्वास्थ्य मन्त्रालयअन्तर्गत	८,१२,२९	३०,५८
७	खानेपानी तथा ढल निकास विभागअन्तर्गत	३,६६,२८	२,७६,३९
	जम्मा	**१,८१,२८,४५**	**१,६४,१७,१३**

उक्त रकममध्ये कतिपय निकायमा आषाढको अन्तमा मात्र निकासा भएको देखिन्छ । यो वर्षको निकासामध्ये ९०.५६ प्रतिशत रकम सम्वन्धित बजेट उपशीर्षकमा खर्च जनाई फ्रिज नहुने खातामा जम्मा गरेको छ । सुरुमा कार्यक्रम तर्जुमा एवं स्वीकृत गर्ने, सो अनुरुप निकासा दिने र कार्यक्रम सञ्चालन गरी खर्च नभएको अवस्थामा निकासा लिई फ्रिज नहुने खातामा रकम जम्मा गर्न मिल्ने देखिदैन । यस प्रकारको कारोवारको आधारमा तयार गरिएको आर्थिक विवरणले खर्चको यथार्थ स्थिति चित्रण गर्दैन । वास्तविक खर्चको आधारमा मात्र खर्च लेखाङ्कन गर्ने व्यवस्था गरी बजेट अनुशासन कायम गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

५. **सूत्र खर्च –** यो वर्ष मुलुकका विभिन्न भागमा रहेका द्वन्दरत पक्षहरुसँग वार्ताको लागि सम्पर्क कायम गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६५।७।९ को निर्णय बमोजिम सम्पर्क सूत्रमा रु.१० लाख ८९ हजार र २०६६।६।२१ को निर्णयबमोजिम विशेष सम्पर्क सूत्रबापत रु.१५ लाख खर्च भएको देखियो । सम्पर्क पश्चात समुचित निर्देशिका र कार्यविधिबेगर नै वार्ता व्यवस्थापन गर्न होटल, यातायात समेतमा रु.२६ लाख ५५ हजार खर्च भएको पाइयो ।

६. **कम्पाउण्डवाल** – राष्ट्रिय शहीद तथा निजामती पार्क गोकर्णमा कम्पाउण्डवाल निर्माणको लागि रु.५ करोड ७३ लाख ८६ हजारको मूल्य अभिवृद्धि करबाहेक लागत अनुमान स्वीकृत गरेको पाइयो । सो कार्य गर्न रु.५ करोड ७२ लाख ३० हजारमा एक निर्माण व्यवसायीसँग २०६७।३।१६ मा १५ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । उक्त कार्यको लागि ८ वोलपत्रदाताले सिलबन्दी बोलपत्र पेश गरेको मध्ये ६ ले बोलपत्र दाखिला गर्ने अन्तिम दिन २०६७।२।२३ को ११:३० देखि ११:५५ बजेसम्ममा फिर्ता लिएको पाइयो । अन्तिम समयमा बोलपत्र फिर्ता लिएकोले स्वस्थ्य प्रतिस्पर्धा भएको यकिन गर्न सकिने स्थिति देखिएन ।

७. **कार्यक्रम सञ्चालन** – विश्व बैङ्कको अनुदान सहयोगसमेतमा सञ्चालित शान्ति प्रक्रिया सहयोग आयोजनाले यस वर्ष द्वन्दको क्रममा मृत्यु भएकाहरुको नजिकका हकदारले प्राप्त गरेको आर्थिक सहायताको तेस्रो पक्षद्वारा अनुगमन मूल्याङ्कन गर्ने, अपाङ्गहरुको, विस्थापित तथा बेपत्ता पारिएका व्यक्तिका परिवारहरुको पुनर्स्थापना एवं सहयोग जस्ता कार्यक्रमहरुमध्ये दश कार्यक्रम आरम्भ नै नगरेकोले सो कार्यक्रमका लागि छुट्याइएको बजेट रु.१८ करोड ९५ लाख ४० हजार निकासा एवं खर्च हुन सकेको छैन । वार्षिक कार्यक्रम समयमै सम्पादन गर्न ध्यान दिनुपर्छ ।

८. **लगत सङ्कलन** – द्वन्दबाट प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन, वर्गीकरण एवं विश्लेषण र संरचना पुनर्निर्माणको प्राथमिकता निर्धारण गरी ६ महिनाभित्र प्रतिवेदन पेश गर्न नेपाल सरकारको २०६४।२।१२ को निर्णयले कार्यदल गठन गरेको छ । कार्यदल गठन भएको ३ वर्ष ४ महिना व्यतीत हुँदा पनि कार्य सम्पन्न गरेको देखिदैन । यो वर्ष कार्यदलको लागि खर्च भएको रु.८२ लाख ८७ हजार हालसम्म रु.१ करोड ८२ लाख ५८ हजार खर्च गरेको देखियो । तोकिएको क्षेत्रको कार्य समयमा सम्पन्न हुन नसक्दा समयमै द्वन्दबाट प्रभावित पक्ष सम्बोधित नहुने र आर्थिक व्ययभार बढ्दै जाने स्थिति देखिएको छ ।

९. **क्षतिपूर्ति** – द्वन्द पीडितहरुका लागि आर्थिक सहायता एवं राहतसम्बन्धी मापदण्ड, २०६४ को दफा ३.२.२ (ज) ले व्यक्तिगत घर तथा सम्पत्ति क्षतिबापत कुनै एक पटकको घटनाबापत यस अघि आर्थिक सहायता उपलब्ध गराइसकेको भएमा पुन: सोही घटनाबापत कुनै आर्थिक सहायता उपलब्ध नगराइने र सोही मापदण्डको अनुसूची १५(ख) ले वृद्धि हुन गएको रकमको फरक रकम उपलब्ध गराउन बाधा नपर्ने व्यवस्था गरेको छ । प्राप्त विवरणअनुसार साबिकमा सम्पत्ति क्षतिबापत गृह मन्त्रालयबाट निर्णय भई आर्थिक सहायता भुक्तानी भै सके पछि यो वर्ष ४०३ व्यक्तिलाई फरक रकम भनी रु.१ करोड ६५ लाख ५९ हजार खर्च लेखेको पाइयो । गृह मन्त्रालयले तत्कालीन नीतिअनुरुप क्षति यकिन गरेको आधारमा क्षतिपूर्ति भुक्तानी गरेकोमा पुन: मापदण्ड, २०६४ बमोजिम चल अचल सम्पत्तिको क्षति यकिन एवं प्राविधिक मूल्याङ्कन आदिको गणना र निर्धारण प्रक्रिया पूरा नगरी वस्तुगत सम्पत्ति मूल्याङ्कनसम्बन्धी मापदण्डको निर्धारित अधिकतम रकमलाई मात्र आधार लिई फरक रकम भुक्तानी दिएको छ ।

पटक पटक फरक मापदण्ड तय गरी फरक रकम भुक्तानी गर्ने कार्यले सम्पत्ति क्षतिको भुक्तानी प्रक्रिया निश्चित समयमा नटुङ्गिने र वास्तविक क्षति रकम मात्र भुक्तानी भएको विश्वस्त हुने स्थिति देखिदैन ।

१०. **कर कट्टी** – आयकर ऐन, २०५८ ले आर्थिक वर्ष २०६६।६७ मा रोजगारीबाट प्राप्त पारिश्रमिकको करयोग्य आयमा एक प्रतिशतले कर लाग्ने व्यवस्था गरेको छ । शिविर व्यवस्थापन समन्वयकर्ताको कार्यालयबाट उपलब्ध विवरणअनुसार स्थानीय शिविर र केन्द्रमा रहेका माओवादी लडाकुलाई यो वर्ष भुक्तानी भएको रु.१ अर्ब १७ करोड ३५ लाख २८ हजारमा लाग्ने रु.१ करोड १७ लाख ३५ हजार कर कट्टी गरेको छैन ।

११. **आर्थिक सहायता** – आन्तरिकरुपमा विस्थापित व्यक्ति तथा परिवारको खाना, यातायात, भरणपोषण, शैक्षिक राहत, घर मर्मत, घर निर्माण लगायतको आर्थिक सहायता उपलब्ध गराउन शान्ति कोषबाट गत विगत वर्षमा रु.३७ करोड मन्त्रालयले प्राप्त गरेको छ । शान्ति कोषसँग भएको सम्झौतामा सो कार्यक्रम २०६५।०९।३० सम्ममा सम्पन्न गर्ने उल्लेख छ । सम्झौता अवधि समाप्तिको १ वर्षपछि २०६६।९।२ को नेपाल सरकार (सचिवस्तर) को निर्णयबाट यो वर्ष उक्त रकममध्ये रु.९ करोड विस्थापित व्यक्ति तथा परिवारले भुक्तानी पाउने गरी विभिन्न ७० जिल्ला प्रशासन कार्यालयलाई पेश्की उपलब्ध गराएको पाइयो । सम्झौता अवधि समाप्त भएको र स्वीकृत कार्यक्रम नभएकोले खर्च लेख्न मिल्ने आधार देखिएन ।

विस्थापितको यथार्थ लगत तयारी गर्ने कार्य थालनी भए तापनि पुनर्स्थापनको अनुगमन प्रणाली समेत मन्त्रालयले तय गरेको देखिदैन । निश्चित समय तोकी लगत तयार गर्ने र पुनर्स्थापना भएको सुनिश्चित गर्ने नीति तय नभएसम्म विस्थापितलाई राहत दिने कार्यको टुङ्गो नलाग्ने देखिएकोले समय सीमासहितको स्पष्ट नीति तय गर्नु जरुरी छ ।

१२. **सवारीसाधन** – शान्ति कोष सचिवालय र कोष सञ्चालन इकाईबीच सम्झौता भई दुई आयोजना सञ्चालन भएकोमा कोष सञ्चालन इकाई कार्यालयबाट यो वर्ष जेली कार २, टाटासफारी २ र बजाज डिस्कभर मोटरसाइकल ८ लगायतका सवारीसाधनहरु रु.१ करोड ७ लाख ८ हजारमा खरिद गरेको देखियो । इकाई कार्यालयबाट उपलब्ध विवरणअनुसार आयोजना सञ्चालनका लागि खरिद गरिएका सवारीसाधनमध्ये जेली कार १, टाटा सफारी १ र मोटरसाइकल ५ शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा प्रयोग भएको उल्लेख छ । आयोजनाको लागि खरिद गरिएका सवारीसाधन अन्य निकायमा प्रयोग भएकोले सवारीसाधन खरिद र उपयोगबीच तादात्म्यता देखिदैन ।

१३. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ८ कार्यालयबाट रु.२ लाख ७२ हजार.र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३ कार्यालयबाट रु.१२ करोड ७५ लाख ८० हजार र सम्परीक्षणको क्रममा रु.२ करोड ६३ लाख ३० हजारसमेत रु.१५ करोड ४१ लाख ४२ हजार असुल भएको छ ।

१४. **पेश्की** – मन्त्रालयअन्तर्गत सरकारी कार्यालयमा २०६७ आषाढ मसान्तमा ७ कार्यालयको रु.२३ करोड ८३ लाख ८४ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३ कार्यालयबाट रु.५ लाख २१ हजार फछ्यौंट गरी ५ कार्यालयको रु.२३ करोड ७८ लाख ६३ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.२२ करोड ५२ लाख ३७ हजार म्याद नाघेको रहेकोछ ।

१५. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१५.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.३८ करोड २ लाख ७९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१२ करोड ९३ लाख ४२ हजार फछ्यौंट गरेकोले रु.२५ करोड ९ लाख ३७ हजार बाँकी रहेको छ ।

१५.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजूमध्ये प्रतिवेदन अवधिसम्म रु.९ करोड १ लाख२६ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.९ करोड १ लाख २६ हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

शिक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत १३९ कार्यालयको विनियोजनतर्फ रु.४६ अर्ब २९ करोड ८२ लाख ५९ हजार राजस्वतर्फ रु.५४ करोड ९९ लाख ४० हजार, धरौटीतर्फ रु.६ करोड ४९ लाख १३ हजार गरी कुल रु.४६ अर्ब ९१ करोड ३१ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित, समिति, अन्य संस्था २८१ को रु. १७ अर्ब २९ करोड ४१ लाख ५५ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षणबाट देखिएका उलेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण –** महालेखापरीक्षकको गत विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि स्थिति यथावत् छ ।

१.१ शिक्षा ऐन, २०२८ को दफा १२(ख) मा केन्द्रीयस्तरमा एक ग्रामीण शिक्षा विकास कोष रहने उल्लेख भएकोमा यो वर्ष पनि कोषको स्थापना गरेको छैन ।

शिक्षा ऐन, २०२८ को दफा २(ख) र नियमावली, २०५९ को नियम १८० मा संस्थागत विद्यालयहरुले प्रत्येक वर्ष समाप्त भएको १ महिनाभित्र अघिल्लो शैक्षिक सत्रमा विद्यालयले गरेको वार्षिक कुल आम्दानीको १.५ प्रतिशतले हुने रकम समुदायद्वारा विद्यालयहरुको प्रबर्द्धनको निमित्त ग्रामीण शिक्षा विकास कोषमा जम्मा गर्नको लागि प्रत्येक जिल्लाको सदरमुकामस्थित कुनै बैङ्कमा खाता खोल्नुपर्ने र जिल्ला शिक्षा कार्यालयले सो रकम ग्रामीण शिक्षा विकास कोषमा पठाउनुपर्ने व्यवस्था भएकोमा यो वर्ष पनि उक्त कोषको स्थापना नभएका कारण नेपाल राज्यभित्रका संस्थागत विद्यालयहरुबाट रकम कट्टी गर्ने कार्य भएको छैन ।

१.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ अनुसार सम्बन्धित विद्यालयहरुले तहसमेत खुलेको स्वीकृत दरबन्दी र हाजिरीका आधारमा चौमासिकरुपमा शिक्षकको तलब भत्ता माग गर्नुपर्ने र जिल्ला शिक्षा कार्यालयले माग फाराम जाँची निकासा दिनुपर्ने व्यवस्था छ । गत विगत वर्षझै यो वर्ष पनि ४६ जिल्ला शिक्षा कार्यालयले अन्तर्गत विद्यालयहरुलाई रु.२ करोड ४९ लाख ५९ हजार स्वीकृत दरबन्दीभन्दा बढी तथा दोहोरो निकासा दिएको पाइयो । सो रकम आवश्यक कारबाही गरी असुल हुनुपर्दछ ।

जिल्ला शिक्षा कार्यालयले लेखापरीक्षणबाट औल्याइएको अवस्थामा पछिल्लो वर्ष निकासामा कट्टा गरी बेरुजू दाखिला गर्ने गरेकोमा कतिपय जिल्लामा बेरुजूमा दाखिला गरेको रकम समेत निकासा छुट भनी थप निकासा गरेको देखिन्छ । बढी निकासा भएको रकम कार्यालयको निकासाबाट कट्टा नगरी विद्यालयबाट फिर्ता गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१.३ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ अनुसार विद्यालयको भवन/ब्लक निर्माण, बाहिरी वातावरणको व्यवस्था र विद्यालय मर्मत गर्नका लागि रकम निकासा दिने गरेको छ । यो वर्ष लेखापरीक्षण भएमध्ये मनाङबाहेकका ७४ जिल्ला शिक्षा कार्यालयले निर्माण कार्यको लागि विद्यालयलाई निकासा दिएको रु.२ अर्ब ३० करोड ९६ लाख ४ हजारको कार्य सम्पन्न प्रतिवेदन पेश गरेका छैनन् । ती कार्यहरुका लागि विद्यालयको निजी स्रोत परिचालनबाट उठेको र अनुदानबाट व्यहोरेको रकमको विवरण र निर्माण कार्यको वर्तमान अवस्था खुल्ने प्रतिवेदन प्राप्त नभएका कारणबाट लेखापरीक्षणको क्रममा विश्लेषण गरिएका प्राय: सबै जिल्लामा विद्यालय निर्माणको यथार्थ अवस्था चित्रण गर्न सकिदैन ।

१.४ त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयअन्तर्गत सञ्चालित कर्मचारी सञ्चय कोषको २०४०।४१ देखि, केन्द्रीय हिसाब कोषको २०५५।५६ देखि र वृत्ति विकास कोष, छात्रवृत्ति कोष, उपदान, बीमा तथा

निवृत्तिभरण एवं कर्मचारी सापटी कोषको २०६०।६१ देखिको लेखापरीक्षण गराएका छैनन् । यस सम्बन्धमा वर्षेनी उल्लेख गरे तापनि संवेदनशील भएको पाइएन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **तलबी प्रतिवेदन** – शिक्षा नियमावली, २०५९ को नियम १६(भ) मा व्यवस्था भएको जिल्ला शिक्षा अधिकारीको काम कर्तव्यमा शिक्षकको तलबी प्रतिवेदन पारित गराउनुपर्ने उल्लेख छ । नियम १२६(ङ) मा विद्यालय शिक्षक किताबखानाले शिक्षकको तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ । विद्यालयहरुका शिक्षकको तलबी प्रतिवेदन यो वर्ष पनि पारित भए गरेको देखिएन ।

३. **सम्बन्धन –** यो वर्ष उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् एवं त्रिभुवन, नेपाल संस्कृत, पोखरा लगायतका विश्वविद्यालयहरुले विभिन्न निजी, सामुदायिक, एवं गुठी मातहतका उच्च शिक्षालय तथा क्याम्पसहरुलाई सम्बन्धन दिँदा अपनाउनुपर्ने प्रक्रिया, प्राप्त गर्नुपर्ने शुल्क, धरौटी तथा शिक्षण शुल्क एवं अनुगमन मूल्याङ्कनका नीति नियम तथा कार्यविधिहरु स्पष्ट एवं पारदर्शी गरेको पाइएन । छाता स्वरुपको ऐन नियम एवं कार्यविधि तर्जुमा गरी सम्बन्धन प्रक्रिया सुरु गर्नु पूर्व सम्बन्धन दिने र लिने शैक्षिक संस्थामा हुनुपर्ने पूर्वाधार, सम्बन्धन पश्चात गर्नुपर्ने निरीक्षण अनुगमन एवं मूल्याङ्कन प्रक्रिया, प्रतिविद्यार्थी शुल्क, धरौटी र वार्षिक शिरोभार शुल्क आदिको आत्मनिर्भर एवं पारदर्शी व्यवस्था निर्धारण गरी सम्बन्धन प्रक्रियालाई स्वच्छ एवं मर्यादित बनाउनुपर्ने देखिन्छ ।

४. **ऐनको पालना** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ (ख) ३ अनुसार सबै विश्वविद्यालय, शिक्षालय, अन्य सार्वजनिक तथा सामाजिक संस्थाहरुमा सबै पूर्ववर्ति ऐनलाई संशोधन गरी खरिद ऐन तथा नियमहरुको पूर्ण पालना गर्नु र गराउनुपर्नेमा साबिकका आ–आफ्ना पूर्ववर्ती ऐन नियम एवं विनियमका व्यवस्था देखाई खरिद कार्य गर्ने गरेबाट प्रतिस्पर्धा र पारदर्शिताको न्यूनता देखियो । तत्काल प्रचलित कानूनमा सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावना र कार्यविधिअनुरुप संशोधन गरिनुपर्दछ । यस सम्बन्धमा विश्वविद्यालयले र उच्च शैक्षिक संस्थाहरुले खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको पालना गर्ने गराउने भनी विश्वविद्यालय अनुदान आयोगले २०६७।८।२७ मा निर्णय गरी परिपत्र गरेको छ ।

५. **परामर्श खर्च –** विद्यालय क्षेत्र सुधार तथा पुन: संरचनाका लागि केन्द्र, क्षेत्र र जिल्लास्तरमा सेवाग्राहीहरुको क्षमता विकास गर्ने उद्देश्यले २०६२।९।१० मा नेपाल सरकार र एसियाली विकास बैङ्कबीच भएको सम्झौताअनुसार एसियाली विकास बैंङ्कले २०६७।३।१६ सम्ममा २० लाख अमेरिकी डलर उपलब्ध गराउने व्यवस्था छ । एसियाली विकास बैंङ्कको परामर्शदाता सम्बन्धी मार्गदर्शन अनुसार कार्यक्रमको उद्देश्य पूरा गर्न परामर्शदाता नियुक्तिका लागि लागत अनुमान तयार गरी पेश हुन आएका प्रस्तावउपर प्राविधिक मूल्याङ्कन पश्चात् परामर्शदाता छनौट एवं सम्झौता गर्नुपर्नेमा उल्लिखित प्रक्रिया पूरा गरेको प्रमाण पेश भएन । शिक्षा मन्त्रालयले ४ परामर्शदाता नियुक्त गरी गत वर्षसम्म रु.४ करोड ९८ लाख २९ हजार र यो वर्ष रु. ४ करोड ९० लाख ४४ हजार समेत रु.९ करोड ८८ लाख ७३ हजार खर्च लेखेको छ । प्रक्रिया पूरा नगरी गरेको परामर्श खर्चको मूल्याङ्कन एवं विश्लेषण गर्ने अवस्था रहेन ।

६. **मौज्दात** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ । दोस्रो उच्च शिक्षा परियोजनाको कम्पोनेन्ट नं.१,२,४ सञ्चालन गर्ने विश्वविद्यालय अनुदान आयोगले खर्च शोधभर्नाका आधारमा यो वर्ष शिक्षा मन्त्रालयबाट निकासा लिएको रकममध्ये खर्च भई बाँकी रहेको रु.८ करोड ६० लाख ५१ हजार र गत वर्षसम्मको रु.२६ करोड १० लाख ३५ हजारसमेत रु.३४ करोड ७० लाख ८६ हजार फिर्ता नगरी आफ्नै खातामा राखेको देखियो । उपर्युक्त रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

शिक्षा विभाग

७. **खेलकूद कार्यक्रम –** विशेष शिक्षा परिषद्अन्तर्गतको विशेष शिक्षा कार्यक्रमको लागि विनियोजित बजेटबाट यो वर्ष रु.१८ लाख ४० हजार खर्च गरेको छ । सो रकममध्येबाट राष्ट्रिय खेलकूद परिषद्लाई रु.१२ लाख र राष्ट्रिय प्यारा खेलकूद संघसमेतका संस्थाहरुलाई रु. ५ लाख पेश्की दिई खेलकूद कार्यक्रम सञ्चालन गरेको छ । खेलकूद सम्बन्धी कार्यक्रम सञ्चालन गर्न युवा तथा खेलकूद मन्त्रालयको स्थापना भइसकेकोले सोही मन्त्रालयबाट खेलकूदका कार्यक्रम संचालन गर्ने व्यवस्था हुनुपर्दछ ।

८. **कार्यक्रम सञ्चालन** – विभागको स्वीकृत कार्यक्रममा परेको सचेतना तथा सञ्चार माध्यम उपयोग सम्बन्धी कार्यक्रम विभागले सञ्चालन नगरी एक संस्थालाई पेश्की दिएको छ । सो संस्थालाई गत वर्ष दिएको पेश्की रु.९ लाख ८३ हजारबाट सोही वर्ष कार्यक्रम सञ्चालन नगरी २०६६।१२।५ मा रु.४ लाख ८३ हजारको फाँटवारी पेश गरेको देखियो । बाँकी रु.५ लाखको काम नगरेकोमा सो रकम फिर्ता गरी पेश्की फछ्यौंट गरेको छैन । यो वर्ष कार्यक्रम सम्पन्न गर्ने सम्झौता गरी रु.३१ लाख ९४ हजार पेश्की दिएकोमा फाँटवारी पेश नभएकोले कार्यक्रम सञ्चालन भएको थाहा हुन सकेन । गैरसरकारी संस्थाबाट काम गराउन सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ अनुसारको प्रक्रिया अवलम्वन गरी कार्य गराउनुपर्नेमा पुरानो पेश्की फछ्यौंट नगरी पुन: पेश्की दिई कार्यक्रम सञ्चालन गर्नु कानूनसम्मत भएन ।

९. **अनुगमन –** विभागले विभिन्न कार्यक्रमको अनुगमनको प्रयोजन देखाई बहालवाला कर्मचारी भन्दा बाहिरका व्यक्तिहरुलाई स्वीकृत नर्म्स, कार्य विवरण र सम्झैता नभएको अवस्थामा विभागीय प्रमुखबाट भ्रमण स्वीकृत गराई काजमा खटाउने गरेको देखियो । अनुगमन गर्ने प्रक्रिया तथा सूचकहरु तयार नगरी, भ्रमणको अभिलेख नराखी यो वर्ष रु.१७ लाख ७९ हजार अनुगमनमा खर्च लेखेको छ । यस्तो परिपाटीको अन्त्य हुनुपर्दछ ।

१०. **अभिलेख व्यवस्थापन –** शिक्षा नियमावली,२०५९ को नियम १२६ मा विद्यालय शिक्षक किताबखानाले गर्नुपर्ने कार्य तोकेको छ । यस्ता कार्य गर्न विद्यालय शिक्षक किताबखानामा राजपत्राङ्कित ९, राजपत्रअनङ्कित १५, र अन्य ३ समेत २७ दरबन्दी रहेको छ । नेपाल राज्यभर सामुदायिक शिक्षक दरबन्दी १ लाख ८ हजार रहेकोले अनुपातिक विश्लेषण गर्दा ४ हजार शिक्षकको कार्य व्यवस्थित गर्न १ कर्मचारी उपलब्ध भएको देखियो ।

जिल्ला शिक्षा कार्यालयहरु

११. **मौज्दात फिर्ता –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा कार्यक्रमको खर्च गर्न बाँकी रकम उक्त कार्यालयमा फिर्ता दाखिला गर्नुपर्नेमा जाजरकोट, अछाम, दार्चुला, रौतहट, सप्तरी, महोत्तरी र सिन्धुलीसमेत ७ जिल्ला शिक्षा कार्यालयले कार्यालयमा खर्च जनाई जिल्ला शिक्षा कोषको खातामा रु.९ करोड ९५ लाख ४५ हजार जम्मा गरेको देखियो । यसरी शिक्षा कोषमा जम्मा गरेको रकम अबिलम्ब सञ्चितकोष दाखिला गर्नुपर्दछ । यस किसिमको कारोबारले वित्तीय विवरणमा देखाएको खर्चले सही तथ्य देखाउँदैन ।

१२. **कन्टिन्जेन्सी खर्च –** वार्षिक कार्यक्रम र कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ अनुसार भौतिक सुविधा विस्तारको रकमबाट विद्यालय भवन निर्माण, मर्मत र बाहिरी वातावरण सुधारको लागि विद्यालयलाई सोझै रकम निकासा दिई विद्यालयबाटै काम गराउनुपर्ने व्यवस्था छ । यो शीर्षकबाट उपर्युक्तबाहेक अन्य काम गराउन नपाइने देखिन्छ । जिल्ला शिक्षा कार्यालय वझाङ्ग, डडेलधुरा, चितवन, पर्सा र महोत्तरी ले यो शीर्षकको रकमबाट कन्टिन्जेन्सीबापत रु.३६ लाख १२ हजार खर्च लेखेको देखियो । विद्यालयलाई दिनुपर्ने रकमबाट यसरी कार्यालयले कन्टिन्जेन्सी खर्च लेख्न नमिल्ने हुँदा आवश्यक कारबाही गरी रकम तोकिएको विद्यालय खातामा पठाउनुपर्ने देखियो ।

१३. **भौतिक सुधार** – विद्यालयहरुलाई भौतिक सुविधा विस्तारको रकम निकासा दिँदा शिक्षा विभागबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६ अनुसरण गर्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३.१ जिल्ला शिक्षा कार्यालय,कपिलवस्तुले विगत वर्षमा लागत सहभागितामा भवन निर्माणको रकम पाएका २२ विद्यालयलाई प्रतिविद्यालय रु.५३ हजार ७०५ का दरले रु.११ लाख ८२ हजार यो वर्ष थप निकासा दिएको देखियो । विगत वर्ष निकासा पाएका उक्त विद्यालयहरुलाई गतवर्ष मात्र महंगीबापत रु.२३ लाख १० हजार थप रकम निकासा भैसकेको छ । त्यस्ता विद्यालयलाई यो वर्ष थप रकम दिनुपर्ने कार्यक्रम र आधार नभएको तथा हालसम्म पनि कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिदैन । कार्यक्रम बेगर थप गरेको रकम असुल गर्नुपर्ने देखियो ।

१३.२ जिल्ला शिक्षा कार्यालय, रौतहटमा विद्यालयलाई व्लक निर्माण, मर्मत र बाहिरी वातावरण निर्माण गर्नको लागि २०६७।३।१५ मा जिल्ला शिक्षा समितिको निर्णय भएको देखियो । सो निर्णय भएपछि निर्णयमा विद्यालयको नाम परिवर्तन गरी सच्याएको, केरमेट गरेको, टिपेक्स लगाएको आदि कार्य भएको देखियो । भौतिक निर्माण सुधारमा निम्नानुसार कार्य भए गरेको देखिएकोले आवश्यक छानबिन गरी कारबाही हुनुपर्ने देखिन्छ ।

प्राविधिक सर्भेक्षणसमेत नगराई ७ विद्यालयलाई ४ कोठे व्लक निर्माणको रकम निकासा गरेको, निर्णयको सि.नं. ११ र १४ मा टिपेक्स प्रयोग गरेको देखियो । चार कोठे ब्लक वितरण गर्न विद्यालयले अनुमति प्राप्त गरी २ शैक्षिक सत्र पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ मा भएकोमा निर्णयमा अनुमति प्राप्त मिति खुलाएको देखिएन ।

प्राविधिक सर्वेक्षणमा परेका विद्यालयलाई २ कोठे ब्लक निर्माणको सुविधा दिने उल्लेख भए पनि १७ विद्यालयले सो सुविधा पाएको देखिएन । आदर्श प्राथमिक विद्यालय सिगारवनको रु.५ लाख ५० हजार विद्यालयमा निकासा नगरी जिल्ला शिक्षा कोषमा रकम जम्मा गरेको, निर्णय अनुसार शंकर प्राथमिक विद्यालय वलुवा, मदनपुरलाई दिनुपर्ने रकम रु.५ लाख ५० हजार निर्णयमा नपरेको ओम प्राथमिक विद्यालयलाई निकासा दिएको देखियो ।

१३.३ जिल्ला शिक्षा कार्यालय, पर्साले रकम वाँडफाँडको निर्णयमा विद्यालयको नाम केरमेट र हेरफेर गरेको, एउटै विद्यालयलाई एउटै बैंङ्कमा दिनुपर्ने निकासा रकम फरक फरक वाणिज्य बैंङ्क र फाइनान्स कम्पनीको खातामा निकासा दिएको देखियो ।

निकासा रु.१ करोड ४ लाख ९८ हजारको बैंङ्क आदेश स्रेस्तासाथ पेश नभएको, ३ विद्यालयलाई पहिलो किस्ताको निकासा रकम एक वैंक खातामा जम्मा गरेकोमा दोस्रो किस्ताको रकम अर्को बैंङ्कको खातामा जम्मा गरेकोले सम्बन्धित विद्यालयकै खातामा जम्मा भएको यकिन गर्ने आधार भएन ।

१४. **राहत कोटा** – यो वर्ष कोटा वितरण गर्ने नीति नभए पनि पुराना राहत कोटाको लागि विभागबाट कोटा प्राप्त भएपछि जिल्ला शिक्षा समितिको निर्णयअनुसार राहत कोटा वितरण गर्नुपर्नेमा सोअनुसार नभएका उदाहरण देहायअनुसार छन्:

१४.१ जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुले गत वर्ष वितरण गर्न बाँकी कोटा मध्ये जिल्ला शिक्षा समितिको निर्णय, विधिवत नियुक्ति र समर्थनबेगर जिल्ला शिक्षा अधिकारीले २०६६।४।२२ मा निर्णय गरी १ निम्न माध्यामिक विद्यालय र ७ माध्यमिक विद्यालयमा ८ कोटा वितरण गरी रु.१२ लाख ९० हजार निकासा खर्च लेखेको छ । यसरी जिल्ला शिक्षा समितिको निर्णय र विधिवत नियुक्ति एवं समर्थन बेगर राहत कोटा वितरण गर्नु कानूनसम्मत भएन ।

१४.२ शिक्षा विभागको २०६६।४।१८ को पत्रानुसार रुपन्देही जिल्लाको लागि माध्यमिक तर्फ १५७ र प्राथमिक तर्फ ४०२ कोटा स्वीकृत गरेकोमा जिल्ला शिक्षा कार्यालय रुपन्देहीले जिल्ला शिक्षा समितिको निर्णय अनुसार

माध्यमिकतर्फ १६७ र प्राथमिकतर्फ ४२१ गरी विद्यालयमा राहत कोटा वितरण गरेको देखिएकोले राहत कोटाको रु.४७ लाख १६ हजार बढी निकासा भएको देखिएको छ । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

१५. **बिल भरपाई** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । महोत्तरी, सर्लाही, हुम्ला, जुम्ला, सप्तरी र पर्सा समेत ६ जिल्ला शिक्षा कार्यालयले विद्यालय सुधार, प्रौढ शिक्षा र परीक्षा आदि कार्यमा खर्चको बिल भरपाई एवं फाँटवारीबेगर गोश्बारा भौचरका आधारमा रु.३३ लाख ३६ हजार खर्च लेखेको देखियो । बिल भरपाईबेगर खर्च लेखेको रकम खर्च लेख्नेबाट असुल गर्नुपर्ने देखिएको छ ।

१६. **सापटी** – जिल्ला शिक्षा कार्यालय महोत्तरीले जिल्ला शिक्षा कोषबाट प्राथमिक विद्यालय अनुदानमा २०६६।४।१ मा रु.३२ लाख ८३ हजार सापटी ल्याएको देखाएको छ । सो सापटी भौचर नम्बर १३ मिति २०६६।५।२८ मा फिर्तागरेको देखाएको र दुवै कारोबारको भौचर जिल्ला शिक्षा कोषमा पनि खडा गरेको छ । कोषबाट सापटी ल्याएको रकम यस शीर्षकमा जम्मा भएको बैङ्क स्टेटमेण्टबाट देखिएन । सापटी फिर्ता गरेको रकम खर्च लेखेको छ । यस सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

१७. **बढुवा** – शिक्षा ऐन,२०२८ र शिक्षा नियमावली २०५९ मा शिक्षकलाई अस्थायी बढुवा गर्ने व्यवस्था छैन । जिल्ला शिक्षा कार्यालय, खोटाङले १६ प्राथमिक विद्यालयका गत विगत वर्षदेखि नै निम्न माध्यमिक विद्यालय तृतीयमा अस्थायी बढुवा गरेका शिक्षकलाई यो वर्ष भरी वढ तलब रु.१ लाख ३७ हजार निकासा दिएको देखियो । जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुले ३ प्राथमिक र ६ निम्नमाध्यमिकसमेत ९ शिक्षकलाई एक तह माथि बढुवा गरी रु.१३ लाख ६६ हजार र रुपन्देहीले प्राथमिक तहका १० र निम्न माध्यामिक तहको १ समेत ११ शिक्षकलाई एक तह माथिको अस्थायी बढुवा गरी रु.१ लाख ३९हजार बढी तलब निकासा दिएको देखियो ।

१८. **अध्यापनबेगरको तलब** – शिक्षा नियमावली, २०५९ को नियम १३३ को आचारसंहिताभन्दा बाहिर रही जिल्ला शिक्षा कार्यालय बाराले १२ शिक्षकको ४ महिनादेखि वर्षभरिकै तलब रु.११ लाख ३ हजार विद्यालयमा निकासा नगरी कार्यालयबाट भुक्तानी गरेको देखियो । कपिलवस्तुले २ शिक्षकको रु.१ लाख ५५ हजार स्रोत केन्द्रको खातामा निकासा गरेको देखियो । विद्यालयमा अध्यापन नगरी अन्य कार्यालयबाटै तलब भुक्तानी दिने परिपाटीउपर आवश्यक कारबाही गरी बन्द गर्नुपर्ने देखिन्छ ।

१९. **उच्च माध्यमिक शिक्षा** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१९.१ दोस्रो उच्च शिक्षा कार्यान्वयन निर्देशिकाअनुसार उच्च माध्यमिक विद्यालयलाई भवन निर्माण, विज्ञान प्रयोगशाला स्थापना, सामग्री व्यवस्था र जोडकोषको रकम निकासा दिने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय ४६ ले १४१ उच्च माध्यमिक विद्यालयलाई उपर्युक्त कार्यका लागि रु.१५ करोड ३४ लाख ४१ हजार सशर्त अनुदान निकासा दिएकोमा निकासा दिएको रकमको शर्त पूरा भए नभएको सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन ।

१९.२. जिल्ला शिक्षा कार्यालय बभ्राङले ३ उच्च माध्यामिक विद्यालयलाई भवन निर्माण कार्य र विद्यालय घेरवार कार्यको लागि रकम निकासा गर्दा लागत अनुमानमा कार्यालयले व्यहोर्ने प्रतिशत अनुरुप र विद्यालयले माग गरेको भन्दा बढी रु.६ लाख ५५ हजार निकासा गरेको पाइयो । यसरी बढी निकासा गरेको रकम असुल गरी लागत अनुमान अनुसार निकासा भएको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ ।

२०. **राष्ट्रिय साक्षरता अभियान** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२०.१ राष्ट्रिय साक्षरता अभियान सञ्चालन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५ अनुसार सञ्चालन गर्ने संस्थाले प्रगति विवरणसहित कार्यक्रम सञ्चालन भएको एक प्रति कागजात जिल्ला शिक्षा कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । लेखापरीक्षण क्रममा नमूना परिक्षण गरिएका ११ जिल्ला शिक्षा कार्यालयले साक्षरता अभियान सञ्चालनको लागि गाउँ विकास समिति, जिल्ला विकास समिति, नगर पालिका र अध्ययन केन्द्रको खातामा रु. ६ करोड ६१ लाख ३ हजार रकम निकासा गरेकोमा ती समिति, संस्थाहरुले खर्चको विवरण र प्रगति

विवरण जिल्ला शिक्षा कार्यालयमा पठाएको देखिएन । सरकारी रकम निकासाको उपयोग सुनिश्चित हुन निर्देशिकाले तोकेको शर्त पूरा हुनुपर्दछ ।

२०.२ जिल्ला शिक्षा कार्यालय, पर्साले अनौपचारिक तथा साक्षरता अभियानको कार्यक्रम अनुसार ४० समूहलाई निकासा गर्नु पर्ने सिड मनी बापतको रु.४ लाख एक विद्यालय निरीक्षकको नाममा खिचेको चेक रद्द गरि कार्यालयमै रहेको देखिन्छ । बैंङ्क नगदी किताबमा खर्च जनाएको उक्त रकम चेक रद्द गरेको भए पनि बैंङ्कमा फ्रिज भएको प्रमाण पेश भएको छैन । कर्मचारीको नाममा चेक काटी खर्च जनाउने कार्यले आर्थिक अनुशासन पालना गरेको छैन ।

२१. **खरिद** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ र ८५ मा रु.१ लाख ५० हजार भन्दा बढी रु.१० लाखसम्मको माल सामान खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्र र रु.१० लाखभन्दा बढीको लागि बोलपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था छ । नियमविपरीत धनुषा, महोत्तरी, सिन्धुली, रौतहट, बारा, पर्सा लगायतका १० जिल्ला शिक्षा कार्यालयले यो वर्ष अनौपचारीक शिक्षा कार्यक्रम तर्फ स्थानीय निकायहरुलाई कार्यक्रम सञ्चालन गर्न दिइने मसलन्द छपाई र कार्यालयले सञ्चालन गर्ने सरसामान समेतको रु.१ करोड ८७ लाख २० हजार मूल्यका मालसामान सोझै बजारबाट खरिद गरेको देखियो । बिनाप्रतिस्पर्धा खरिद कार्य गर्नेमाथि कारबाही हुनुपर्दछ ।

२२. **फ्लास रिपोर्ट –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ अनुसार जिल्ला शिक्षा कार्यालयले पर क्यापिटा फण्डिङ्ग तलबीय, गैर तलबीय, पाठ्यपुस्तक, छात्रवृत्ति आदि रकम विद्यालयमा निकासा गर्दा फ्लास रिपोर्टका आधारमा दिनुपर्ने व्यवस्था छ । रौतहट, दाङ, महोत्तरी र बारा जिल्ला शिक्षा कार्यालयले फ्लास रिपोर्ट नभएको भनी लेखापरीक्षणमा पेश नगरेकोले ती कार्यालयले निकासा दिएको रकम ठीक छ भनी यकिन गर्न सकिने अवस्था छैन ।

फ्लास रिपोर्ट तयार गरेका अधिकांश कार्यालयको फ्लास रिपोर्ट पनि अध्यावधिक रुपमा तयार भएको देखिदैन । जिल्ला शिक्षा कार्यालय नवलपरासीमा फ्लास रिपोर्टमा उल्लेख भएको विद्यार्थी संख्यामा फरक पारी निकासा दिएको रु.८ लाख १७ हजार प्रारम्भिक प्रतिवेदनमा औल्याइएपछि रु.७ लाख असुल भएको प्रमाण पेश भएको छ । फ्लास रिपोर्टसंग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन्:

२२.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ को कम्पोनेन्ट ८ अनुसार पर क्यापिटा फण्डिङ गैरतलबी अनुदानबापत हिमाली जिल्लाका प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट रु.२१५।– र सबैका लागि शिक्षा कार्यक्रमबाट रु.१९०।– गरी रु. ४०५।– दिने व्यवस्था भएकोमा जिल्ला शिक्षा कार्यालय बझाङले प्राथमिक विद्यालय तहका ४८ हजार ३४५ विद्यार्थीका लागि प्रतिविद्यार्थी रु.४०५।– ले रु.१ करोड ९५ लाख ७९ हजार निकासा दिनुपर्नेमा प्राप्त बजेटअनुसार ५९ हजार ३३० विद्यार्थीका लागि रु.२ करोड ४० लाख ५९ हजार निकासा दिएको देखिएकोले बढी निकासा रु.४४ लाख ५० हजार असुल गर्नुपर्ने देखिन्छ ।

सोही कार्यालयले ५ विद्यालयलाई उपर्युक्त अनुसारको रकम निकासा दिइसकेपछि दोहोरो पर्ने गरी पुन: निकासा गरेको रु.११ लाख १ हजारसमेत असुल गर्नुपर्ने देखिन्छ ।

२२.२ जिल्ला शिक्षा कार्यालय, महोत्तरीले प्राथमिक तहको पाठ्यपुस्तकको लागि फ्लास रिपोर्टबेगर २९८ विद्यालयलाई प्रतिविद्यार्थी रु.१५०।– का दरले रु.१ करोड ७७ लाख ७ हजार खर्च लेखेको छ । विद्यार्थी संख्या नै यकिन नगरी खर्च लेख्नु विचारणीय छ । सो रकममध्ये १२ विद्यालयलाई बैङ्क खाता नम्बर समेत उल्लेख नगरी रु.२ लाख ९६ हजार र १४ विद्यालयलाई एकै दिनमा पटक पटक गरेर रु.१८ लाख ३ हजार निकासा दिएको छ ।

जिल्ला शिक्षा कार्यालय, बाराले विद्यार्थी संख्या नखुलाई ३०९ विद्यालयलाई रु.१ करोड ७२ लाख ४८ हजार निकासा दिएको देखियो । विद्यार्थी संख्या नखुलाई निकासा दिएको रकम ठीक छ भन्न सकिने अवस्था छैन । उपर्युक्त सबै विषयमा छानबिन हुनुपर्ने देखिन्छ ।

२२.३ सामुदायिक विद्यालयमा पर क्यापिटा फण्डिङ आधारमा शिक्षक व्यवस्थापन अनुदान दिन कार्यान्वयन निर्देशिका, २०६६ अनुसार हिमाली जिल्लामा कक्षा १–५ मा ४०, कक्षा ६–८ मा ३० र माध्यमिक तहमा २५ भन्दा बढी प्रतिशिक्षक विद्यार्थी भएमा मात्र पर क्यापिटा फण्डिङ रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । रसुवा जिल्लामा शिक्षक विद्यार्थी अनुपात क्रमशः १:२३, १:३७ र १:२२ रहेको देखियो । जिल्लाको तथ्याङ्क हेर्दा कक्षा ६–८ बाहेक अन्य तहमा पर क्यापिटा फण्डिङ्ग रकम उपलब्ध गराउनुपर्ने अवस्था देखिदैन । जिल्ला शिक्षा समितिको २०६७।३।८ को निर्णयले कानूनी व्यवस्थाविपरीत उच्चमाध्यामिक विद्यालय चलेकालाई प्रतिविद्यालय रु.९३ हजार, १–८ सम्मकालाई रु.७१ हजार, प्राथमिक विद्यालयलाई रु.३२ हजारका दरले जम्मा ३४ विद्यालयलाई रु.२४ लाख २९ हजार निकासा दिएको देखियो । यसरी निर्देशिकाविपरीत निकासा दिएको पर क्यापिटा फण्डिङ्ग रकमको सम्बन्धमा छानबिन हुनुपर्ने देखियो ।

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ मा २ शैक्षिक सत्र पूरा सञ्चालन भएका विद्यालय तहका पहाडमा शिक्षक विद्यार्थी अनुपात प्राथमिकमा १:४५, निम्न माध्यमिक विद्यालयमा १:३५, माध्यमिक विद्यालयमा १:२५ भन्दा बढी भएमा पर क्यापिटा फण्डिङ तलबीय अनुदान दिन पाईने उल्लेख छ । जिल्ला शिक्षा कार्यालय खोटाङले चालू आर्थिक वर्षमा अनुमति पाएका ५ निम्न माध्यमिक विद्यालय र विद्यार्थी शिक्षक अनुपात १:२५ भन्दा कम भएका ५ माध्यमिक समेत १० विद्यालयलाई रु.४ लाख ६७ हजार एवं अनुपात कम भएका २० प्राथमिक विद्यालयलाई रु.५ लाख ६३ हजार निकासा दिएको देखियो । नियम विपरीत निकासा दिएको रु.१० लाख ३० हजार असुल गर्नुपर्ने देखिन्छ ।

२२.४ पाठ्यपूस्तक, छात्रवृत्ति, गैरतलबीय रकम, पर क्यापिटा फण्डिङ्ग तलबीयसमेतका रकम रु.२६ लाख ४० हजार विद्यालयलाई निकासा गरी खर्च लेखेकोमा जिल्ला शिक्षा कार्यालय,सर्लाहीले विद्यालयको बैङ्क खाता नम्बर उल्लेख गरेको छैन । बैंङ्क खाता नम्बर उल्लेख नभएकोले विद्यालयकै खातामा रकम जम्मा भएको आधार नभएको व्यहोरा प्रारम्भिक प्रतिवेदनमा औल्याएपछि रु.१९ लाख २४ हजार असुल भई आएको छ । बाँकी रकमसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

२२.५ जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले २७ प्राथमिक विद्यालयतर्फको पर क्यापिटा फण्डिङ्ग तलबीय निकासा गर्दा २०६५ को फ्लास २ मा ७ हजार १६४ विद्यार्थी देखाएको आधारमा रु. १ करोड २ लाख २५ हजार रकम विद्यालयको खातामा निकासा गरेको देखियो । यसरी निकासा दिएका मध्ये ती २७ विद्यालयलाई दिवा खाजा रकम वितरण गर्दा २०६६ को विद्यार्थी संख्या ५ हजार ९६० देखिएकोले रु. ८५ लाख १४ हजार पर क्यापिटा फण्डिङ्ग रकम निकासा दिनुपर्नेमा बढी विद्यार्थी देखाई निकासा दिएको रु.१७ लाख ११ हजार छानबिन गरी असुल गर्नुपर्ने देखिएको छ ।

२२.६ निःशुल्क पाठ्यपुस्तकको रकम विद्यालयलाई निकासा दिँदा जनकशिक्षा सामग्री केन्द्रले तोकेको कक्षा १ देखि ५ सम्मको प्रतिसेट मूल्यभन्दा बढी दरले रकम हिसाब गरी जिल्ला शिक्षा कार्यालय नुवाकोटले रु.६ लाख ७४ हजार र चितवनले रु.६ लाख ८९ हजार बढी निकासा दिएको देखियो । तोकिएको मूल्यभन्दा बढी निकासा दिएको रु.१३ लाख ६३ हजार असुल गर्नुपर्ने देखियो ।

२३. **असम्बन्धित खर्च –** कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६ र वार्षिक कार्यक्रम अनुसार विद्यालय व्यवस्थापन तथा सञ्चालनमा सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने तथा वाल वालिकाको सिकाईमा गुणात्मक रुपले सुधार ल्याउने उद्देश्यले प्राथमिक, निम्न माध्यामिक तथा माध्यामिक विद्यालयका प्रति विद्यार्थीका हिसाबले विद्यालयलाई पर क्यापिटा फण्डिङ्ग गैरतलबीयमा निकासा दिने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय सप्तरीले पर क्यापिटा फण्डिङ्ग गैरतलबीयको रकमबाट नेपाल शिक्षक युनियन जिल्ला कार्य समितिको भवन निर्माण गर्नको लागि सो युनियनको खातामा रु.१८ लाख १३ हजार निकासा गरेको देखियो । उद्देश्यविपरीत निकासा दिने उपर कारबाही गरी रकम असुल हुनुपर्ने देखियो ।

२४. **छात्रवृत्ति वितरण –** कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६ अनुसार प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका जेहेन्दार, अपाङ्ग, दलित, महिला द्वन्दपीडित र लोपोन्मुख जातिका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्ने व्यवस्था छ । अधिकांश जिल्ला शिक्षा कार्यालयले कार्यक्रमअनुसार वितरण भएको छात्रवृत्ति रकमको

अनुगमन र मूल्याङ्कन गरी अभिलेख राखेको देखिदैन । उदाहरणको रुपमा परीक्षण छनौटमा परेको १२ जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति वितरणको लागि विद्यालयहरुलाई रु.३१ करोड १८ लाख ९० हजार रकम निकासा गरेकोमा विद्यालयले छात्रवृत्ति वितरण गरे नगरेको अनुगमन गरी अभिलेख राखेको पाइएन । यसबाट राज्यले प्रदान गरेको सुविधा लक्षित समूहले पाएको यकिन गर्ने अवस्था रहेन ।

२५. **दिवा खाजा** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ को नम्बर ४.१.५ र ६ तथा वार्षिक कार्यक्रमअनुसार दिवा खाजा कार्यक्रममा प्रतिविद्यार्थी दैनिक कर्णाली अञ्चालमा रु.१५।– र अन्य जिल्लामा रु.१२।– का दरले २०० दिनसम्मको खाजाको व्यवस्था गर्न विद्यालयलाई रकम निकासा दिने व्यवस्था छ । यसरी निकासा गर्दा २०० दिन कै निकासा नगरी जिल्लामा विद्यालय खुल्ने दिन गणना गरी सो आधारमा निकासा दिनुपर्ने व्यवस्थासमेत पुस्तिकामा छ । नमूना परीक्षणमा परेका निम्न ४ जिल्ला शिक्षा कार्यालयले निम्नानुसार रु.५ करोड १५ लाख ३८ हजार विद्यालय खुलेको भन्दा बढी दिनको रकम निकासा दिएको देखियो ।

(रु. हजारमा)

जिल्ला शिक्षा कार्यालय	विद्यार्थी संख्या	खाजा खुवाउने दिन	निकासा दिनुपर्ने रु.	दिएको रु.	बढी रु.
रसुवा	२,१३४	१२५	३२,०१	३४,८३	२,८२
कैलाली	२६,२८८	६४	२,०१,८९	६,२४,३४	४,२२,४५
कपिलवस्तु	२३,६५०	११३	३,२०,६९	४,०४,८५	८४,१६
जुम्ला	४१६	२००	१२,४८	१८,४३	५,९५
				जम्मा	**५,१५,३८**

जिल्ला शिक्षा कार्यालय नवलपरासीले प्रतिवेदनमा औल्याएपछि यस्तो रकम रु.१ लाख ९ हजार असुल भएको प्रमाण पेश गरेको छ । बढी निकासा रकम फिर्ता गर्नुपर्दछ । निकासा भएको रकम अनुगमन गरी प्रतिवेदन दिने गरेको पनि पाइएन ।

२६. **प्रमाणबेगर खर्च** – गत आर्थिक वर्षसम्म सञ्चालनमा रहेको सबैका लागि शिक्षा शीर्षक (६५–३–४१७) मा यो वर्ष रकम विनियोजन नभएकोले बजेटको सो शीर्षक चालू देखिदैन । जिल्ला शिक्षा कार्यालय, महोत्तरीले विद्यालय क्षेत्र सुधार कार्यक्रम (६५–३–८१५) बाट रु.४६ लाख ८७ हजार सापटी जनाई उक्त शीर्षकमा रकम ल्याएको छ । सो रकम अख्तियारी र आधार प्रमाणबेगर पूरै खर्च लेखेको छ । यसरी बजेट शीर्षक नै नभएकोमा सापटी ल्याई आधार प्रमाणबेगर खर्च लेख्ने पदाधिकारीउपर छानबिन गरी रकम असुल गर्नुपर्ने देखियो ।

२७. **पेश्की** – आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की दिँदा काम खुलाउनुपर्ने, जिम्मेवार व्यक्तिले आषाढ महिनाको स्रेस्ता दाखिला गर्दा पेश्की बाँकीको विवरण तयार गर्नुपर्ने व्यवस्था छ । नियम ८४ (२) मा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्दा पेश्की जिम्मेवारी सारे नसारेको, म्यादभित्र पेश्की फछ्यौंट गरे, नगरेको हेर्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, सर्लाहीले विद्यालय क्षेत्र सुधार कार्यक्रम (बजेट शीर्षक नम्बर ६५–३–८१५) बाट वर्ष भरिमा रु.७६ लाख १८ हजार पेश्की दिई रु.२० लाख २६ हजार फछ्यौंट गरेको देखियो । कार्यालयले बाँकी पेश्की रु.५५ लाख ९२ हजार देखाउनुपर्नेमा कार्यालयको अभिलेख तथा आन्तरिक लेखापरीक्षणबाट समेत रु.३३ लाख २८ हजार मात्र बाँकी देखाई रु.२२ लाख ६४ हजार पेश्की छुटाई प्रतिवेदन दिएको छ । लेखापरीक्षणबाट औल्याएपछि उपर्युक्त रकममध्ये १ कार्यक्रम अधिकृतले लिएको पेश्की रु.१२ लाख र २ स्रोतव्यक्तिले लिएको रु.४ लाख २ हजार असुल गरेको बैङ्क भौचर प्रतिक्रिया साथ प्राप्त भएको छ । यसरी कम पेश्की देखाउने उपर कारबाही गरी बाँकी रु.६ लाख ६२ हजार पनि कानूनअनुसार असुल फछ्यौंट गर्नुपर्दछ ।

जिल्ला शिक्षा कार्यालय, पर्साका साबिक एक जिल्ला शिक्षा अधिकारीलाई २०६६।१०।१ मा कक्षा ८ को प्रश्नपत्र र उत्तरपुस्तिका व्यवस्थापनको लागि रु.३ लाख पेश्की दिएकोमा निजको २०६६।१०।२४ मा

अन्यत्र सरुवा भएको छ । सो पेश्कीबाट कार्य नभई सोही प्रयोजनका लागि कार्यालयबाटै अरु रकम खर्चेर कार्य सञ्चालन भएको देखियो । सो पेश्की लेखापरीक्षण अवधिसम्म असुल भएको नदेखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९(१) अनुसार कारबाही गरी ब्याज समेत असुल गर्नुपर्ने देखिन्छ ।

२८. **कारबाही –** जिल्ला शिक्षा कार्यालय, पर्साको गत वर्षको लेखापरीक्षण गर्दा सिन्दुरिया माई प्राथमिक विद्यालय नामको अवास्तविक विद्यालयलाई रु.२ लाख ५८ हजार निकासा दिएको रकम असुल गरी कारबाही समेत हुनुपर्ने व्यहोरा औल्याइएको थियो । विद्यालयलाई कारबाही गरी रकम असुल भए गरेको विवरण लेखापरीक्षणमा पेश भएन । यो वर्षसमेत सो विद्यालयलाई पर क्यापिटा फण्डिङ्ग गैरतलबीय, दलित छात्रवृत्ति र पाठ्यपुस्तक समेतको रु.२ लाख ३९ हजार निकासा दिएको देखियो । विद्यालयको वास्तविकता वारे छानबिनको कारबाही नगरी पुनः निकासा दिनेउपर आवश्यक कारबाही हुनुपर्ने देखिन्छ ।

२९. **इन्टरनेट –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ अनुसार तोकिएका विद्यालयमा इन्टरनेट जडान बापत प्रति विद्यालय रु.४०हजार र कम्प्युटर लाइब्रेरीको लागि प्रतिविद्यालय रु.४० हजारका दरले विद्यालयलाई निकासा दिनसक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

२९.१ नमूना परीक्षणमा परेका २० जिल्ला शिक्षा कार्यालयले कम्प्युटर शिक्षा प्रदान गर्न विद्यालय छनौट गरी विद्यालयलाई कम्प्युटर खरिद तथा इन्टरनेट जडान गर्न रु.८३ लाख २० हजार निकासा गरेको छ । निकासा भएको रकमबाट विद्यालयले कम्प्युटर खरिद तथा इन्टरनेट जडान कार्य गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन गरी अभिलेख राख्ने गरेको देखिएन । सशर्त अनुदान प्रदान गरेपछि ती शर्त पूरा भए नभएको अभिलेख राख्ने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

२९.२ जिल्ला शिक्षा कार्यालय, सप्तरीले १२ विद्यालयलाई निकासा दिनुपर्ने रु.४ लाख ८० हजार रकमबाट १२ कम्प्युटर, १ ल्यापटप र १ प्रिन्टर राजविराजको एक आपूर्तकबाट सोझै खरिद गरेको देखियो । विद्यालयलाई निकासा दिनुपर्ने रकमबाट सार्वजनिक खरिद ऐन, नियमावली विपरीत खरिद गर्नु तथा ती सामान विद्यालयमा हस्तान्तरण नगरी आफैसँग मौज्दात राख्नु उचित देखिदैन ।

३०. **दामासाही खर्च –** प्रवर्द्धनात्मक क्रियाकलापअन्तर्गतका कार्यक्रमबाट क्षेत्रीय शिक्षा निर्देशनालयले स्वीकृत गरेको प्रस्तावअनुसार शिक्षक विवरण अद्यावधिक गरी सफ्टवयर निर्माण र स्रोत केन्द्र तथा जिल्ला शिक्षा कार्यालयबीच आई.सी.टी सम्पर्क गर्नका लागि जिल्ला शिक्षा कार्यालय, बर्दियाले एक शाखा अधिकृतलाई रु.१ लाख ३० हजार पेश्की दिएको देखियो । निजले १० स्रोत व्यक्तिलाई १।१ वटा ल्यापटप खरिद गर्ने प्रयोजनका लागि प्रतिव्यक्ति रु.१३ हजारका दरले नगद बुझाएको भरपाई पेश गरेको आधारमा कार्यालयले निजको पेश्की फछ्यौंट गरेको पाइयो ।

कार्यमूलक लेखापरीक्षणतर्फ

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयको सञ्चालन स्थिति

मानव अधिकारसम्बन्धी घोषणापत्रमा शिक्षालाई न्यूनतम अधिकारको रुपमा घोषणा गरी शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने व्यवस्था छ । सोहीबमोजिम नेपाल सरकारले सबैको लागि शिक्षा प्रदान गर्ने सहस्राब्दी लक्ष्य प्राप्त गर्नको लागि प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकालाई शिक्षाको पहुँच विस्तार गर्ने, शिक्षाको समग्र गुणस्तर सुधार गर्ने, लैङ्गिक विभेदको निराकरण गर्ने आदि उद्देश्यले विश्व बैंङ्क, एसियाली विकास बैंङ्क, युनिसेफ, डेनमार्क, फिनल्याण्ड नर्वे, डी.एफ.आई.डी.को आर्थिक सहयोगमा शिक्षा क्षेत्रमा कार्यक्रम सञ्चालित छन् । समुदायद्वारा व्यवस्थापन सञ्चालन गरिएका १८४ विद्यालयको स्थिति अध्ययन गर्दा कतिपय विद्यालयमा सरकारी तवरबाट प्राप्त अनुदानको उपयोग एवं जनसहभागितासमेतबाट विद्यालय भवनहरु निर्माण गरेको, पारदर्शी तवरले छात्रवृत्ति वितरण भएको, प्राथमिक शिक्षा निःशुल्क गरेको, समुदाय सक्रिय भई व्यवस्थापनमा सहभागी भएको, वित्तीय उत्तरदायित्व बहन गर्ने प्रयास थालेको, शिक्षाको पहुँच बाहिर रहेका बालबालिकाको पहुँच वृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गरेको र विद्यालयहरुमा योजनाबद्ध विकास प्रयासको थालनी भएको जस्ता सबल पक्षहरु देखिएका छन् ।

उपर्युक्तबमोजिमका सबलपक्षहरु हुँदाहुँदै पनि दातृ संस्था एवं नेपाल सरकारले सबैभन्दा बढी लगानी गरेको शिक्षा क्षेत्रमा प्रशस्त समस्याहरु देखिएका छन् । अध्ययनको क्रममा विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर देखियो । शिक्षक विद्यार्थी अनुपात पनि लक्ष्यको तुलनामा अधिक नै छ । नि:शुल्क पाठ्यपुस्तक समयमा नपुग्ने, कतिपय विद्यार्थीले वर्षभर नै पाठ्यपुस्तक नपाउने, विद्यालयहरु शिक्षा नियमावलीले तोकेको अवधि सञ्चालन नहुने, शैक्षिक सामग्रीको न्यून प्रयोग, पाठ योजना तथा इकाईगत योजना तयार गरी शिक्षण गर्ने परिपाटी नरहेको, आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान गर्न नसकेको कारणले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि हुन सकेको अवस्था छैन । केही विद्यालयमा नि:शर्त तथा सर्शत अनुदान अन्य प्रयोजनमा खर्च गरेको वा मौज्दात राखेको, जिल्ला शिक्षा समिति सकृय नभएको, विद्यालय सुधार योजनाको कार्यान्वयन प्रभावकारी नभएको, विद्यालयको सम्पत्तिको संरक्षण एवं उपयोग गर्न नसकेको, तोकिएका पदाधिकारीले निरीक्षण अनुगमन एवं पृष्ठपोषण गर्ने नगरेको, नि:शुल्क शिक्षा भनिए पनि कतिपय विद्यालयहरुले विविध रुपमा अनिवार्य सहयोग भनी सबै विद्यार्थीबाट रकम संकलन गरेको जस्ता कमि कमजोरीहरु देखिएका छन् ।

शैक्षिक क्षेत्रका तथ्याङ्क एवं सूचकाङ्क मूल्याङ्कन गर्न सङ्कलन गरिने विवरणहरु तयार गर्न विद्यालयमा आधारभूत अभिलेख नरहेको र प्रेषित तथ्याङ्कको यथार्थता मूल्याङ्कन गर्ने परिपाटी देखिएन । विद्यालय सेवा क्षेत्र नक्साङ्कन गरी तथ्याङ्क सङ्कलन र अभिलेखन गर्ने व्यवस्था अवलम्बन नगरिएबाट समग्र राष्ट्रिय शैक्षिक सूचकाङ्क सहि एवं यथार्थ रहेको भन्न मिल्ने आधार छैन । केही विद्यालयको प्रमुख विषयगत उत्तीर्ण प्रतिशत न्यून रहेको, कक्षा उत्तीर्ण दरमा अपेक्षित वृद्धि नभएको, कक्षा छाड्ने र दोहऱ्याउने दर लक्ष्यअनुसार घटाउन नसकेको कारण विद्यालयहरुले प्राप्त गरेको उपलब्धिबाट सन्तोष लिने अवस्था देखिएन । यस क्रममा देशभर सञ्चालित सामुदायिक विद्यालयहरुको भौतिक शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न ठूलो लगानी आवश्यक पर्ने हुँदा स्रोत साधनको व्यवस्था गर्ने र विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक नियुक्ति दरबन्दी मिलान र पठन पाठनलाई राजनैतिक हस्तक्षेपबाट मुक्त राख्दै निजी क्षेत्रका विद्यालयहरुको संख्या वृद्धिसँगै उनीहरुसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गरी गुणस्तरीय सामुदायिक विद्यालयको रुपमा विकास गर्नु आजको प्रमुख चुनौति हो । २०६६।६७ मा सम्पन्न कार्यमूलक लेखापरीक्षणको विस्तृत व्यहोरा सम्बन्धित निकायमा पठाइएको छ ।

३१. **कक्षागत विद्यार्थी संख्या** – शिक्षा नियमावली, २०५९ को नियम ७७ बमोजिम सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: पचास, पैतालीस र चालिस हुनुपर्ने र सोभन्दा बढी विद्यार्थी भएमा प्रत्येक कक्षामा वर्ग (सेक्सन) खोल्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देहायको स्थिति देखिएको छ :

३१.१ इलाम जिल्लामा अध्ययन गरिएका २३ विद्यालयमध्ये केही विद्यालयमा विद्यार्थी संख्या बढी तर कक्षा कोठाको अभाव र शिक्षकको अभावले गर्दा एउटै कोठामा धेरै विद्यार्थीहरु बस्नुपर्ने अवस्था देखियो । कृष्णाश्रम उच्चमाध्यमिक विद्यालय कन्यामको कक्षा ७ मा १००, कक्षा ८ मा १२६ र भानुभक्त उच्चमाध्यमिक विद्यालय, मंगलबारेमा कक्षा ६, ७ र ८ मा क्रमश: १००, १५३ र १४७ विद्यार्थीलाई एउटै कक्षा कोठामा राखेको देखियो ।

३१.२ झापा जिल्लामा सबै तहको शिक्षक विद्यार्थी अनुपात हेर्दा करिब मिल्दो नै देखिन्छ । तर छुट्टाछुट्टै तहको विद्यार्थी संख्या हेर्दा गौरीगञ्ज माध्यमिक विद्यालयको निम्नमाध्यमिक विद्यालय तहमा प्रति कक्षा १०३, प्रगति उच्चमाध्यमिक विद्यालयको निम्नमाध्यमिक विद्यालय तहमा प्रतिकक्षा ९९, शहीद दशरथ चन्द उच्चमाध्यमिक विद्यालयको निम्नमाध्यमिक विद्यालय तहमा प्रतिकक्षा ८२ विद्यार्थीलाई राखी पढाउनुपर्ने अवस्था रहेको देखिन्छ । कक्षा कोठा भए पनि शिक्षक कम हुँदा यस्तो अवस्था सिर्जना भएको देखिन्छ । गडीगाउँ उच्चमाध्यमिक विद्यालयमा एउटा कक्षामा १०० जनासम्म र दशरथचन्द उच्चमाध्यमिक विद्यालयमा ७५–८० जना विद्यार्थी एक कोठामा अटाउनुपर्ने अवस्था रहेको छ । ती विद्यालयमा भवन अपर्याप्त रहेको पाइयो ।

३१.३ उदयपुर जिल्लाका २३ विद्यालयमध्ये ३ विद्यालयका एक/एक कक्षामा एकभन्दा बढी सेक्सन सञ्चालित रहेका छन् । बाँकी सबै विद्यालयमा एउटै कक्षामा तोकिएको नर्म्सभन्दा बढी विद्यार्थीहरु राखेका छन् । सबैभन्दा

बढी विद्यार्थी एउटै सेक्सनमा राखी कक्षा सञ्चालन गरेको विद्यालयहरुमा चिलाउने माध्यमिक विद्यालयको कक्षा ६ मा ८५, सिद्धेश्वरी माध्यमिक विद्यालय मुसहर्नीयको कक्षा २ मा ९७, श्री माध्यमिक विद्यालय कल्याणपुरको कक्षा ९ मा ९४ र सिद्धेश्वरी माध्यमिक विद्यालय मुसहर्नीयाको कक्षा १ मा ९४ विद्यार्थी रहेको पाइयो ।

३१.४ सिन्धुली जिल्लामा प्राप्त तथ्याङ्कको आधारमा वरुणदेवी, सिर्थौली माध्यमिक विद्यालय र नवज्योती गिचायानी, क्रमश: ७५, ७१ र ६७ विद्यार्थी एकै कक्षामा राखेको अवस्था देखियो ।

३१.५ नवलपरासी जिल्लामा छनौट भएका २३ विद्यालयमध्ये राष्ट्रिय माध्यमिक विद्यालय, नरसहीको कक्षा २ मा १०५ र कक्षा १ मा १०९, चण्डेश्वरी माध्यमिक विद्यालय अर्यौलीको कक्षा ६ मा ८६ र कक्षा ७ मा ७७ र जनतासिद्ध माध्यमिक विद्यालय लुसलहरीको कक्षा ६ मा ७६ र कक्षा ७ मा ८२ विद्यार्थी एउटै कक्षामा राखी पठन पाठन गराएको पाइयो । यसैगरी बी.पी.निम्नमाध्यमिक विद्यालय बिलनगरको कक्षा १ मा १९६, कक्षा २ मा १०७, कक्षा ३ मा ८३, कक्षा ४ मा ७७, श्री राष्ट्रिय माध्यमिक विद्यालय छिवनीको कक्षा ६ मा ९०, कक्षा ७ मा १०२ र कक्षा ८ मा १०३ विद्यार्थी एउटै कक्षामा राखी पठनपाठन गराएको पाइयो । त्यसैगरी श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नरसहीको कक्षा ५ मा ११५ र जनता उच्चमाध्यमिक विद्यालय हर्कपुरको कक्षा ६ मा १२०, कक्षा ७ मा १२८, कक्षा ८ मा १३१, कक्षा ९ मा ११७, कक्षा १० मा ११७ विद्यार्थी रहेका छन् । कक्षामा सेक्सन खोल्नुपर्ने अवस्थाका विद्यालयहरुले समेत कक्षा कोठाको अभाव तथा थप शिक्षक दरबन्दीको अभावले गर्दा सेक्सन खोल्न नसकेको गुनासो पाइयो ।

३१.६ सुर्खेत जिल्लाका २३ मध्ये १६ विद्यालयमा ४५ जनाभन्दा बढी विद्यार्थी रहेकोमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय करैखोला, शिव माध्यमिक विद्यालय, धुलियाविट र आनन्द माध्यमिक विद्यालय कृष्णगंजले ८५ जनाभन्दा बढी विद्यार्थी रहेको कक्षामा मात्र सेक्सन खोलेको देखियो । कोपिला माध्यमिक विद्यालय पसैनीको कक्षा ६, ७, ८, मा ८५, ८८ र ८६ जना र जगन्नाथ माध्यमिक विद्यालय विजोराको कक्षा ८ मा ११७ जना एउटै कक्षामा राखी पढाई सञ्चालन गरेको देखियो ।

३१.७ डडेल्धुरा जिल्लाका विद्यालयहरुमा कक्षा कोठा पुग्ने अवस्थामा मात्र वर्ग (सेक्सन) खोलेको र वैजनाथ माध्यमिक विद्यालय मौरडामा खाली कोठा नभएकाले एकै कक्षामा ९४ जना र केदार शिशु निम्नमाध्यमिक विद्यालय मटेलमा ७२ जनासम्म विद्यार्थी राखी पठनपाठन गराएको देखिएको छ ।

३१.८ यस सम्बन्धमा कक्षा कोठामा पर्याप्त स्थान रहेको तथा सबै विद्यार्थी सजिलैसँग बस्नसक्ने अवस्था छ छैन भनी ८ जिल्लाका ८७ विद्यालयमा अध्ययनरत ५२२ विद्यार्थी र तिनका अभिभावकसँग संयुक्तरुपमा अन्तर्वार्ता लिएकोमा ३६७ जनाले छ, ३३ जनाले छैन, ६९ जनाले असजिलोसँग बस्नुपर्ने र १५ जनाले कहिलेकांहीं उभिनुपर्ने अवस्था रहेको बताएका छन् भने ३८ जनाले कुनै उत्तर दिएनन् ।

> विद्यार्थी संख्याको आधारमा कक्षा कोठाको व्यवस्था हुन नसकेको र शिक्षकको अभाव भएका कारण एउटै कक्षा कोठामा विद्यार्थीहरु असजिलोसंग वस्नुपर्ने वा उभिएर पठन पाठन गराउनुपर्ने अवस्था देखियो । जसले गर्दा गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने कार्यमा असर पर्न गएको छ । विद्यार्थी संख्याको आधारमा कक्षा कोठा र शिक्षकको व्यवस्था गरिन्पर्दछ ।

३२. **भवन निर्माण र उपयोग** – विद्यालयले भौतिक पूर्वाधार कार्यक्रमअन्तर्गत अनुदान प्राप्त गरी वा दान वा चन्दाबाट विद्यालयको आफ्नै स्रोतको रकम उपयोग गरी विद्यालय भवन वा कक्षा कोठा निर्माण गरेको भए, अमानत वा उपभोक्ता समिति वा ठेक्काबाट कार्य गराएको हुनुपर्ने, ठेक्काबाट काम गराउँदा प्रतिस्पर्धात्मक तवरले काम गराएको हुनुपर्ने, कामको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने जिल्ला शिक्षा कार्यालय वा कार्यालयले तोकिएको प्राविधिकबाट सुपरभिजन जाँचपास गराउनुपर्ने जनसहभागिताको अभिलेख राख्नुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकामा रहेको छ । साथै सबैको लागि शिक्षा कार्यक्रम अन्तर्गत

प्राप्त नयाँ कक्षा कोठा अनुदानबाट निर्माण भएको भवनको उपयोग प्राथमिक तहका विद्यार्थीको प्रयोजनमा नै उपयोग गरिएको हुनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएको स्थिति देहायमा छ:

३२.१ जिल्ला शिक्षा कार्यालय, इलामले २ कोठे तथा ४ कोठे भवन निर्माण, हावा हुरीबाट क्षतिग्रस्त भवनको छाना निर्माण, भवन मर्मत संभार, शौचालय र खानेपानी निर्माणको लागि अनुदान निकासा दिएकोमा कुनैपनि निर्माण कार्यसम्बन्धी कागजात, नापी, मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन ।

सरस्वती माध्यमिक विद्यालय कोलवुङ्गले पुरानो भग्नावशेषको रुपमा रहेको भवनमा कक्षा १ र २ लाई राखी पठनपाठन गर्दै आएको र सबैको लागि शिक्षा कार्यक्रमबाट निर्मित भवनमा माध्यमिक विद्यालय र निम्नमाध्यमिक विद्यालयस्तरका कक्षा सञ्चालन गरेको पाइयो । यस सम्बन्धमा जिल्ला शिक्षा कार्यालयबाट अनुगमन गरी कार्यक्रमको उद्देश्य अनुसार कार्य गर्न निर्देशन दिएको देखिएन । जीर्ण अवस्थामा रहेको भवनमा कक्षा सञ्चालन गर्दा कुनै पनि वेला भवन भत्किन गई दुर्घटना हुन सक्ने देखिन्छ ।

सरस्वती माध्यमिक विद्यालय कोलबुङ्ग, इलामको कक्षा सञ्चालन हुदै गरेको जीर्ण अवस्थाको भवन

३२.२ जिल्ला शिक्षा कार्यालय, उदयपुर अन्तर्गत सिंहदेवी निम्नमाध्यमिक विद्यालय माडिवासमा सबैका लागि शिक्षा कार्यक्रमबाट प्राप्त अनुदानबाट निर्माण भएको २ कोठे भवनमा १ कोठामा कक्षा १ का विद्यार्थीलाई राखिएको छ भने अर्को कोठा कार्यालय सञ्चालनमा प्रयोग गरेको छ । कक्षा २ का विद्यार्थीलाई पुरानो भवनको कोठामा राखिएको छ ।

३२.३ नवलपरासी जिल्लामा अध्ययनका लागि छनौट भएका विद्यालयहरुमा हाल निर्माण भएका भवनहरु जिल्ला शिक्षा कार्यालयको अनुदानबाट निर्माण भएका छन् । अधिकांश भवनहरु लागत सहभागिताका आधारमा निर्माण भएका छन् । यसमा लागतको ६० प्रतिशत नेपाल सरकार र ४० प्रतिशत अभिभावकद्वारा खर्च गर्ने प्रावधान छ । विभागले तोकि दिएको भवनको नक्सा, डिजाइन र कम्पोनेन्ट अनुसार भवन निर्माण गर्दा अभिभावकहरुबाट सरकारले दिएकोभन्दा तेव्बर खर्च गर्नुपरेको गुनासो प्राप्त भयो । उपलब्ध रकम कम हुँदा कतिपय विद्यालयको निर्माण कार्य अधुरो रहेको पाइयो ।

३२.४ डडेल्धुरा जिल्लामा अध्ययन गरिएका २३ विद्यालयमध्ये २ मात्र भौतिक पूर्वाधारमा निकासा लिएको रकमको कार्य सम्पन्न गरी तोकिएबमोजिम कार्यसम्पन्न प्रतिवेदन र अन्य अभिलेख खडा गरेका छन् । अधिकांश भौतिक पूर्वाधारमा निकासा भएको रकमको फाँटवारी विवरण पेश गर्ने र फछ्यौंट गर्ने गरेका छैनन् । सबैको लागि शिक्षाबाट निकासा भएका भवन (ब्लक) अनुदानबाट बनेका कक्षा कोठामा माध्यमिक विद्यालय, निम्नमाध्यमिक तह र कार्यालय सञ्चालन गरेको पनि पाइयो ।

भागेश्वर माध्यमिक विद्यालय टाटरको चुहिने भवन

वैजनाथ माध्यमिक विद्यालय मौरडामा सबैको लागि शिक्षा कार्यक्रमबाट बनेको २ कोठामा कार्यालय खडा गरिएको पाइयो । सरस्वती माध्यमिक विद्यालय भात्काँडाले पनि सोही कार्यक्रमबाट बनेको भवनमा ठूलो कक्षा चलाएको र कक्षा १–२ लाई पुरानो भवनमा राखी पठनपाठन गरिएको छ । भागेश्वर माध्यमिक विद्यालय टाटर (सदरमुकामदेखि २ कोषभित्र) मा २०६४।६५ र २०६५।६६ मा जिल्ला शिक्षा कार्यालयबाट गएको अनुदान रु.१३ लाख ९५ हजार र विद्यालयको रु.२ लाख समेतबाट बनाइएको २ तल्ले भवन पानी चुहिने र ढलान थर्किने भएका कारण हालसम्म पठनपाठन हुन सकेको पाइएन । यस सम्बन्धमा शिक्षा विभागबाट १५ दिनभित्र कारबाही गरी जानकारी दिन जिल्ला शिक्षा कार्यालयलाई लेखी पठाएको जानकारी प्राप्त भएको छ ।

तोकिएको मापदण्डअनुसार खुला वातावरणमा व्लक निर्माण गरिनुपर्दछ र तोकिएबमोजिम प्रयोजनमा भवनको उपयोग गरिनुपर्दछ । भवन निर्माण सम्बन्धमा प्राविधिकबाट अनुगमन गराई कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्दछ ।

३३. **सम्पत्ति बिक्री** – शिक्षा नियमावली, २०५९ को नियम १६० बमोजिम विद्यालयको नामको जग्गा बिक्री गर्न वा धितो राख्न नपाइने व्यवस्था छ । सामुदायिक विद्यालयले विद्यालयको भौतिक पूर्वाधार विकासको लागि जग्गा व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई लिलाम बढाबढबाट गर्न सक्ने प्रावधान छ । यस सम्बन्धमा अध्ययन गर्दा इलाम, झापा, उदयपुर, नवलपरासी, डडेल्धुरामा सम्पत्ति बिक्री वा धितो राखेको पाइएन । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३३.१ सिन्धुली जिल्लाको लाम्पानटार उच्चमाध्यमिक विद्यालय, लाम्पानबतासेको केही जग्गा घडेरीको रुपमा मोहडा र क्षेत्रफलको आधारमा न्यूनतम रु.१ हजार देखि ७ हजार ५०० सम्म स्थान हेरी प्रति हातका दरले लिलाम बढाबढ गरी बिक्री वितरण गरेको तर मन्त्रालयको स्वीकृति लिएको कागजात प्राप्त भएन । खेतियोग्य करिब ७ बिगाहा जिल्लाका दलित एवं गरिबलाई पछि आवश्यक पर्दा फिर्ता दिनुपर्छ भनी आधार बेगर नै वितरण गरेको छ ।

३३.२ पाल्पा जिल्लाका २३ विद्यालयले २०६५।६६ मा विद्यालयको जग्गा बिक्री गरेको वा धितो राखेको पाइएन । सोभन्दा पहिलेका वर्षमा रामतुल्सी माध्यमिक विद्यालय, रामपुरले रु.५लाख ३७ हजार, आदर्श माध्यमिक विद्यालय, लघुवाले रु.३ लाख २३ हजार मन्त्रालयको स्वीकृति लिई जग्गा बिक्री गरी विद्यालयको भवन निर्माण कार्यमा खर्च गरेको पाइयो । कृष्ण गण्डकी माध्यमिक विद्यालय, अर्सेदीले ३३ रोपनी जग्गा रु.२६ लाख ८१ हजारमा बिक्री गरेको पाइयो । जग्गा बिक्रीबाट प्राप्त रकमबाट भवन निर्माण गर्ने २०६४।६।१ मा मन्त्रीस्तरीय निर्णय भई स्वीकृति लिए तापनि सो नगरी विद्यालयले स्थानीय व्यक्तिलाई व्याज प्राप्त हुने गरी रु.२५ लाख लगानी गरेको पाइयो । सो लगानीमध्ये करिब रु.४ लाख जोखिममा रहेको पाइयो । विद्यालयमा भवन अपुग भनी लागत सहभागिताका आधारमा जिल्ला शिक्षा कार्यालयबाट रु.८ लाख २५ हजार अनुदान दिने निर्णय गरेतापनि जग्गाको विवादका कारण सो कार्य रद्द गरेको पाइयो । विद्यालयसँग भवन निर्माणका लागि रकम हुँदाहुँदै पनि सो कार्यमा अनुदान दिने निर्णय गर्नु मनासिव नरहेको साथै जग्गा बिक्रीगरी प्राप्त रकमबाट भवन निर्माण गर्ने उद्देश्य राखे अनुसार कार्य गरेको पाइएन ।

३३.३ यस सम्बन्धमा सिन्धुली जिल्ला शिक्षा कार्यालय लगायत केही जिल्ला शिक्षा कार्यालय अन्तर्गतका केही विद्यालयहरुको अचल सम्पत्ति नियम विपरीत बेचबिखन गरेको तथा जग्गामा बसोबास गर्न दिएको भन्ने सम्बन्धमा कारबाही गरी १५ दिनभित्र जानकारी दिन शिक्षा विभागले लेखी पठाएको जानकारी प्राप्त हुन आएको छ ।

विद्यालयको लागि आवश्यक न्यूनतम पूर्वाधारमा कमि नआउने गरी विद्यालयको घर जग्गा बिक्री गर्नुपर्नाको कारण सहित नियमको प्रक्रिया पूरा गराएरमात्र विद्यालयको सम्पत्ति बिक्री गर्नुपर्छ र बिक्री भएको रकमको पूर्णरुपले सदुपयोग गरिनुपर्छ । त्यस्तै गरी विद्यालयको जग्गा सर्वसाधारणलाई प्रयोग गर्न दिने निर्णयकर्तालाई आवश्यक कार्वाही गर्नुपर्दछ र उक्त परिपाटीलाई निरुत्साहित गर्नुपर्दछ ।

३४. **नि:शुल्क पाठयपुस्तक वितरण** – शिक्षा ऐन, २०२८ को दफा १६घ बमोजिम प्राथमिक तह (निम्न माध्यमिक तह समेत) मा शैक्षिक सत्र, २०६६ मा भर्ना हुने विद्यार्थीको लागि नेपाल सरकारले नि:शुल्क पाठयपुस्तक उपलब्ध गराउने व्यवस्था छ । यसैगरी विद्यार्थीलाई वितरण गर्ने नि:शुल्क पाठयपुस्तक शैक्षिक सत्रको सुरुकै दिनमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेपनि ८ जिल्लामा समयमा नि:शुल्क पाठयपुस्तक उपलब्ध गराउन सकेको देखिएन । सोबमोजिम वर्षभरि पुस्तक प्राप्त नगर्ने ४२८ विद्यार्थी रहेका छन् भने शैक्षिक सत्र सुरु भएको ३ महिना वा सोभन्दा पछि पुस्तक प्राप्त गर्ने विद्यार्थी ३ हजार १७० रहेका छन् । यससम्बन्धी अन्य व्यहोरा र पाठ्यपूस्तक वितरणको अवस्था सम्बन्धमा निम्न अनुसार देखिएको छ:

३४.१ झापाको सरस्वती माध्यमिक विद्यालय सुरुङ्गा जामुनवारीका १३ जना र त्रिभुवन माध्यमिक विद्यालय बुधबारेका ३७ जना विद्यार्थीले वर्ष भरिनै आंशिक पुस्तक मात्र पाएको, पथरिया उच्चमाध्यमिक विद्यालय पथरियाले कार्तिकमा समेत पुस्तक वितरण गरेको, गडीगाउँ उच्चमाध्यमिक विद्यालयमा शिक्षा र अर्थशास्त्रको कक्षा ९ र १० को पुस्तक वर्षभरि नै नपाई फोटोकपी गरेर वितरण गरेको देखियो ।

३४.२ इलामको अध्ययन गरिएका २३ विद्यालयमध्ये १२ विद्यालयमा सरोकारवालासँग छलफल गर्दा पाठ्य पुस्तकको कागजको गुणस्तर ज्यादै न्यून भएको, पाना पल्टाउँदा नै पुस्तक च्यातिएर जाने गरेको, अक्षर उडेर जाने गरेको कतिपय पाठ नै नभएको र कतिपय पाठ दोहोरो भएको, एउटा पाठको पेज लगातार नभई तलमाथि भएको जानकारी प्राप्त भयो । ज्योती माध्यमिक विद्यालय लक्ष्मीपुरमा छलफल गर्दा कक्षा ८ को बीज गणितमा पाठ्यक्रम अनुसारको पाठ नभएको र अंग्रेजीको २५ नम्बरको सुन्ने र उत्तर दिने पाठ्यक्रम भएकोमा सोको चक्का (सी.डी.) नभएकोले कठिनाइ भएको र कक्षा ८ को पूर्व व्यवसायिक पुस्तकमा स्वास्थ्यको पाठ भएको जानकारी प्राप्त हुन आयो । बालमण्डल माध्यमिक विद्यालय माइपोखरी र फलौटे माध्यमिक विद्यालय चमैतामा छलफल गर्दा जिल्ला शिक्षा कार्यालयले गत वर्षको फ्लास रिपोर्टको आधारमा २ पटक गरी निकासा दिने गरेकोले समयमा पुस्तक उपलब्ध हुन नसकेको र २०६७ मा बजेट कम भएकोले पुराना र नयाँ पुस्तक वितरण गर्न निर्देशन दिएको भन्ने जानकारी प्राप्त हुन आयो ।

३४.३ इलामको मालुम प्राथमिक विद्यालय फिक्कललाई जिल्ला शिक्षा कार्यालयले २०६६ जेठमा मात्र पुस्तकको निकासा दिएको र कक्षा ५ को सामाजिक शिक्षा पुस्तक २०६६ असार मसान्तमा मात्र प्राप्त गर्नसकेको, वालमण्डल माध्यमिक विद्यालयले कक्षा ६ को नैतिक शिक्षा र नागरिक शिक्षा पुस्तक वर्षभरि नै प्राप्त गर्न सकेन । आदर्श निम्नमाध्यमिक विद्यालय चियाबारीले पनि कक्षा ६ का नागरिक र नैतिक शिक्षा पुस्तक खरिद गर्न नपाई वितरण गर्न नपाएको व्यहोरा छलफलको क्रममा जानकारी प्राप्त भयो ।

३४.४ नवलपरासी जिल्लामा २३ विद्यालयका ८ हजार ९२३ विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्नुपर्नेमा शिक्षाबोधनी माध्यमिक विद्यालय, शंखदेवका ८० ले पुस्तक प्राप्त गर्न नसकेको तथा ३८ ले आंशिक रुपमा पुस्तक प्राप्त गरेको पाइयो । बजारमा पुस्तक अभाव हुँदा वितरण गर्न कठिनाई परेको उक्त विद्यालयको प्रतिक्रिया रहेको छ । अन्य विद्यालयबाट पुस्तकसम्बन्धमा उल्लेखनीय गुनासो पाइएन ।

३४.५ पाल्पामा शैक्षिक सत्र सुरु भएको १ महिना पछि ४ विद्यालयले १७६ जनालाई पुस्तक वितरण गरेको देखियो । यसैगरी ४ विद्यालयले २२९ जनालाई पाठ्यपुस्तक वितरण नगरी अनुदान रकम मौज्दात राखेको पाइयो ।

३४.६ यस सम्बन्धमा ८ जिल्लाका ५२२ विद्यार्थी र अभिभावकसँग अन्तर्वार्ताका माध्यमबाट नि:शुल्क पाठ्यपुस्तक प्राप्त गरे नगरेको सम्बन्धमा सोधिएकोमा ३८८ (७४.३२ प्रतिशत) ले प्राप्त गरेको, १८ (३.४४ प्रतिशत) ले प्राप्त नगरेको, ९ ले केही नि:शुल्क र केही पैसा तिर्नुपरेको बताएका छन् भने १०७ ले कुनै उत्तर दिएनन् ।

पाठ्यपुस्तक शैक्षिक शत्र सुरु भएकै दिन वा ढिला गरी प्राप्त भयो भनी ५२२ जनालाई सोधिएकोमा १७३ (३३.१४ प्रतिशत) ले समयमै प्राप्त भयो, २२३ (४२.७२ प्रतिशत) ले ढिला प्राप्त भयो र २५ (४.७८ प्रतिशत) ले महिनौसम्म पनि प्राप्त हुन सकेन भनी जवाफ दिए भने ११ ले कुनै उत्तर दिएनन् । त्यस्तै गरी पाठ्यपुस्तक ढिला प्राप्त भएको सम्बन्धमा सो अवधिमा पढाई कसरी सञ्चालन भयो भनी ५२२ जनालाई अर्को प्रश्न सोधिएकोमा २४९ ले पुरानो पाठ्यपुस्तकको भरमा, १५ ले पढाई नै भएन, १२ ले पुस्तक नभई पाठ अगाडि बढाइयो र १२ ले अन्य क्रियाकलाप सञ्चालन भएको बताएका छन् भने २३४ जनाले कुनै उत्तर दिएनन् ।

> समयमा नि:शुल्क पाठ्यपुस्तक बापतको रकम निकासा नभएको, बजारमा पाठ्यपुस्तक उपलब्ध नभएको, उपलब्ध भएपनि अपर्याप्त भएको कारण कतिपय विद्यार्थीले समयमा पाठ्यपुस्तक प्राप्त गर्न नसकेकोले पठन पाठन कार्यमा वाधा उत्पन्न भई गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने कार्यमा असर पर्न गएको छ । योजनाबद्ध किसिमले शैक्षिक सत्र सुरु भएकै दिन विद्यार्थीलाई पुस्तक वितरण गर्ने व्यवस्था मिलाउन समयमानै पर्याप्त रकम निकासा दिने र प्रतिस्पर्धात्मक तवरले पुस्तक छपाई र वितरणको व्यवस्था मिलाइनुपर्दछ ।

३५. **कक्षा सञ्चालन** – शिक्षा नियमावली, २०५९ को नियम ८४ बमोजिम प्रत्येक विद्यालय एक शैक्षिक सत्रमा २२० दिन सञ्चालन हुनुपर्ने, सामुदायिक विद्यालयका शिक्षकले हप्तामा कम्तीमा २४ पिरियड कक्षा लिनुपर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ८५ बमोजिम वडा दशैं १५, हिउँदे वा वर्षे बिदा ४५, स्थानीय बिदा ५ तथा सार्वजनिक बिदा तोकेको दिन विद्यालय बन्द रहने र सो बाहेक विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई कारबाही गर्ने उल्लेख छ । वर्ष भरमा विद्यालय खुलेको दिन, पढाई भएको दिन तथा शिक्षकले लिएको न्यूनतम र अधिकतम कक्षा सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :

३५.१ इलाममा अध्ययन गरिएका २३ विद्यालयमध्ये ६ विद्यालयमा २२० दिन कक्षा सञ्चालन भएको र बांकी १७ विद्यालयमा १८० देखि २१० दिनसम्म कक्षा सञ्चालन भएको जानकारी प्राप्त भएको छ । सदुमरकाम र सडकदेखि पनि टाढा रहेका विद्यालयहरुमा कक्षा सञ्चालन भएपनि सडक आसपास र सदरमुकाम नजिकको विद्यालयहरुमा बन्द, हड्ताल आदि कारणले गर्दा सञ्चालन गर्न नसकेको सारोकारवालाहरुसँगको छलफलको क्रममा जानकारी प्राप्त भएको छ । छलफल गरिएकामध्ये भानुभक्त उच्चमाध्यमिक विद्यालय मंगलवारेमा शिक्षकले पढाउने प्रतिहप्ता पिरियड सरदर २४, आदर्श निम्नमाध्यमिक विद्यालय चियावारीमा २५–२८ र अन्य १० विद्यालयमा २८–४० पिरियडसम्म पढाउने गरेको जानकारी प्राप्त भयो । बढी पिरियड पढाउनुपर्नेमा दृपादेवी प्राथमिक विद्यालय इलाम ३९, सार्वजनिक निम्नमाध्यमिक विद्यालय पशुपतिनगर ३९, फलौटे माध्यमिक विद्यालय चमैता ३५–३९, मालुम प्राथमिक विद्यालय फिक्कल ३४–३९ र राष्ट्रिय माध्यमिक विद्यालयफाकफोक ३०–३९ रहेका छन् । बढी पढाउँदा प्रतिपिरियड ४५ मिनेटलाई घटाई ३० मिनेट राखेको जानकारी प्राप्त भयो । एक शिक्षकले प्रतिदिन ७, ८ पिरियड पढाउँदा गृहकार्य दिन र जाँच गर्ने तथा दैनिक पाठयोजना बनाई पढाउने कार्यमा कठिनाई भएको जानकारी छलफलको क्रममा प्राप्त भयो ।

३५.२ झापा जिल्लामा कुनै पनि विद्यालयले २२० दिन कक्षा सञ्चालन गरेका छैनन् । बढीमा २१७ दिन र घटीमा १५४ दिन सञ्चालन भएका देखिएको छ । घटी सञ्चालन भएकामा गौरीगंज माध्यमिक विद्यालय १५४, भृकुटी माध्यमिक विद्यालय घैलाडुव्वा १६७, गडीगाउँ उच्चमाध्यमिक विद्यालय शान्तिनगर १६८, शहीद शदरथ चन्द उच्चमाध्यमिक विद्यालय १७०, वीर अमरसिंह माध्यमिक विद्यालयचारपाने १७० छन् भने बढी सञ्चालन भएकोमा महारानीगंज निम्नमाध्यमिक विद्यालय शनिश्चरे २१५, बालकल्याण निम्नमाध्यमिक विद्यालय २१४, पृथ्वी निम्नमाध्यमिक विद्यालय दमक २०६, जनकल्याण माध्यमिक विद्यालयशरणामती २१७,

त्रिभुवन माध्यमिक विद्यालय बुधवारे १९९ र प्रगति उच्चमाध्यमिक विद्यालय जुरोपानी १९२ दिन सञ्चालन भएको पाइयो ।

३५.३ नवलपरासी जिल्लामा श्री चण्डेश्वरी माध्यमिक विद्यालय, गोडारमा २२५ दिन विद्यालय सञ्चालन भएको देखिन्छ भने अन्य विद्यालयमा २२० दिनभन्दा कम दिन नै कक्षा सञ्चालन भएको पाइयो । विद्यालय २२० दिन सञ्चालन नहुने मुख्य कारण बन्द हडताल नै रहेको छ । विद्यालय शान्तिक्षेत्र घोषणा गरी पठन पाठन गराउनुपर्ने आवाज छलफलमा उठेको पाइयो । जीवनज्योती माध्यमिक विद्यालय, कावासोतीमा १८५ दिन, जनकल्याण उच्चमाध्यमिक विद्यालय, कावासोतीमा १९८ दिन, कालिका माध्यमिक विद्यालय, लक्ष्मीनगरमा १९२ दिन, अरनिको माध्यमिक विद्यालय, पञ्चनगरमा १८० दिन, जनतासिद्ध माध्यमिक विद्यालय, लुसलहरीमा १७० दिन कक्षा सञ्चालन भएको पाइयो । तोकिएको विदा बाहेक अन्य दिन विदा नगरे तापनि हरिवोधनी एकादशी, त्रिवेणी मेला, जितिया पर्व, खिचडी पर्व, माघे औंशी, अनन्त, फागु पूर्णिमा आदि पर्वमा विद्यालय सञ्चालन भए तापनि विद्यार्थीको उपस्थिति नहुने अवस्था रहेको जानकारी प्राप्त भयो ।

३५.४ डडेल्धुरा जिल्लामा शिक्षकहरु विद्यालय बन्द भएपछि घर जाने र लामो समय नफर्केको भन्ने गुनासो छलफलमा पाइयो । विषयगत शिक्षक घटी रहेको कारण शिक्षकहरुले हप्तामा न्यूनतम २४ देखि अधिकतम ३२ पिरियड सम्म कक्षा लिनु परेको जानकारी दिएका छन् । अध्ययन गरिएका कुनै पनि विद्यालय २२० दिन सञ्चालन हुन सकेको पाइएन । बालकल्याण माध्यमिक विद्यालय बाहिरीसैनमा १८३, दुर्गा माध्यमिक विद्यालय आलितालमा १८० र बालकल्याण माध्यमिक विद्यालय पुईलेकमा १८१ दिन कक्षा सञ्चालन भएको छलफलमा जानकारी दिएको छ ।

> समय समयमा भएका बन्द, हडताल, दशैं तिहार, स्थानीय पर्व आदिको कारण नियमावलीले तोकेको दिनसम्म कक्षा सञ्चालन हुन सकेको छैन । जसले गर्दा शैक्षिक सत्रभित्र विषयगत पाठ्यक्रम अनुसारको पठन पाठन समयमा पूरा हुन नसकेको अवस्था देखियो । स्थानीय विदा, हिउँदे तथा वर्षे विदा सम्बन्धमा पुनरावलोकन गरी समय कटौती गर्ने विद्यालय शान्ति क्षेत्र अवधारणा कार्यान्वयन गर्ने र कडाईका साथ अनुगमन गर्ने व्यवस्था मिलाई पठन पाठनको समयावधि बढाई समयमै पाठ्यक्रम सम्पन्न गर्ने व्यवस्था गरिनुपर्दछ ।

३६. **नि:शुल्क शिक्षा** – नि:शुल्क शिक्षामा पहुँच वृद्धि गर्न शिक्षा ऐन, २०२८ को दफा १६(घ) अनुसार सामुदायिक विद्यालयहरुमा प्राथमिक तह नि:शुल्क हुने व्यवस्था छ । यसैगरी २०६६।५।१६ मा भएको शिक्षा नियमावली २०५९, को संशोधनमा नियम १४६ बमोजिम सामुदायिक विद्यालयमा प्राथमिक र निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीबाट शुल्क लिन नपाइने व्यवस्था छ । यसबमोजिम विद्यालयले विद्यार्थीबाट कुनै प्रकारको मासिक, भर्ना, परीक्षा, धरौटी, पुस्तकालय, मर्मत सम्भार, कम्प्युटर, अतिरिक्त क्रियाकलाप, थप कोचिङ्ग क्लास सञ्चालन भनी शुल्क असुल गर्नु नहुने व्यवस्था रहे पनि अध्ययन गर्दा देहायको स्थिति देखिएको छ ।

३६.१ इलाम जिल्लाका राष्ट्रिय माध्यमिक विद्यालय फाकफोकले निम्नमाध्यमिक विद्यालय तहमा रु.३०।– देखि रु.४०।– सम्म परीक्षा शुल्क लिने गरेको, सार्वजनिक निम्नमाध्यमिक विद्यालय पशुपतिनगरले निम्नमाध्यमिक विद्यालयस्तरमा रु.२०।– मासिक सहयोग शुल्क लिने गरेको, आदर्श निम्नमाध्यमिक विद्यालय चियाबारीले निम्नमाध्यमिक विद्यालयस्तरमा सबैलाई रु.२००।– भर्ना शुल्क लिने गरेको, मालुम प्राथमिक विद्यालय फिक्कलले कक्षा ४ र ५ बाट क्रमश: भर्ना शुल्क सहयोग रु.३० र रु.५०।– तथा परीक्षा शुल्क रु.२०।– र कक्षा ५ उत्तीर्ण गरेर जाने विद्यार्थीबाट अनिवार्य रुपमा रु.२००।– लिने गरेको छ । जनक माध्यमिक विद्यालय श्रीअन्तुमा निम्नमाध्यमिक विद्यालयस्तरमा भर्ना, परीक्षा र कम्प्युटर शुल्क लिने गरेको र विद्यार्थीले कम्प्युटर नदेखेको भएपनि कम्प्युटर शुल्क नबुझाएको कारण एक दलित विद्यार्थीको कक्षा ५ को नतिजा स्थगित गरेको अभिभावक र विद्यार्थीले बताएका छन् ।

३६.२ झापा जिल्लामा १५ विद्यालयले परीक्षा शुल्क लिने गरेको पाइयो । ३ विद्यालयले अभिभावकबाट व्यवस्थापन सहयोग भनी अनिवार्यरुपमा रकम लिने गरेको देखियो । दुई विद्यालयले सहयोग भनी रकम लिएको पाइयो । सहयोग बार्षिक रु.६००।– सम्म अनिवार्य रुपमा लिने गरेका छन् । परीक्षा शुल्क रु.१० देखि रु.५० सम्म २ पटक लिने गरेको देखियो ।

३६.३ उदयपुर जिल्लामा अध्ययन गरिएका २३ विद्यालयमध्ये प्राथमिक तहमा परीक्षा शुल्क सबैमा लिने गरेको छ । त्यो बाहेक अन्य शुल्क प्राथमिक विद्यालयमा लिएको छैन । निम्नमाध्यमिक विद्यालय तहमा २०६६।५।१६ भन्दापछि पनि भना, वार्षिक, सहयोगे, भौतिक विकास शुल्क भनी विद्यालय व्यवस्थापन समितिको निर्णयबाट विभिन्न विद्यालयहरुले रु. ८०/- देखि रु. ४००/- सम्म शुल्क लिने गरेको देखिएको छ । नवलपरासी जिल्लामा भृकुटी प्राथमिक विद्यालय दुम्किबास, बी.पी. निम्नमाध्यमिक विद्यालय बिलनगर, नारायणी प्राथमिक विद्यालय पिठौली, नवजागरण प्राथमिक विद्यालय बोटखोलाले कुनैपनि शुल्क लिएको पाइएन । तर अन्य १८ विद्यालयले अभिभावक भेलाद्वारा स्वीकृत वा अनुमोदन गराई सहयोग शुल्क, परीक्षा शुल्क, कम्प्युटर शुल्क, भर्ना शुल्क आदिका नाममा अनिवार्यरुपमा रकम असुल गरेको पाइयो ।

३६.४ पाल्पा जिल्लामा २३ विद्यालयले नै प्राथमिक तहमा परीक्षा शुल्क लिने गरेको पाइयो । प्राथमिक विद्यालय तहमा ६ विद्यालयले सहयोग बापत रु. १० देखि रु. ५०, निम्नमाध्यमिक विद्यालय तहमा ८ विद्यालयले मासिक शुल्क रु.२० देखि ३० सम्म, भर्ना शुल्क रु. ६० देखि ८० सम्म परीक्षा शुल्क रु. ८० देखि १०० सम्म असुल गर्ने गरेको पाइयो ।

३६.५ विद्यालयले कक्षा १ देखि ८ सम्म पढ्ने विद्यार्थीबाट कुनै शुल्क लिने गरेको छ छैन भनी ५२२ विद्यार्थी र उनीहरुका अभिभावकसँग अन्तर्वार्ता लिएकोमा २२ (४.२१ प्रतिशत) ले मासिक शुल्क लिने गरेको, ३२ (६.१३ प्रतिशत) ले भर्ना शुल्क लिन गरेको, ८ (१.५३ प्रतिशत) ले कोचिङ्ग कक्षा शुल्क लिने गरेको, २९४ (५६.३२ प्रतिशत) ले परीक्षा शुल्क लिने गरको र १२२ (२३.३७ प्रतिशत) ले लिने नगरेको जवाफ दिएका छन् भने ४४ जनाले कुनै उत्तर दिएनन् ।

> मासिक पढाई शुल्क नभनी सहयोग बापत उल्लेख गर्दै विद्यालयले विभिन्न रुपमा विद्यार्थीहरुसँग रकम लिने गरेबाट प्राथमिक र निम्न माध्यमिक शिक्षा पूर्णरुपले नि:शुल्क हुन सकेको छैन । जसले गर्दा अभिभावक वर्गमा थप व्यय भार थपिन गएको छ र शिक्षाको पहुँच विस्तारमा कठिनाई हुने देखिन्छ । ऐन नियममा भएको व्यवस्थाअनुसार प्राथमिक र निम्न माध्यमिक तहको शिक्षा पूर्णरुपले नि:शुल्क हुनुपर्दछ । यसको अनुगमन निरीक्षणलाई कडाई गरिनुपर्दछ ।

३७. **शिक्षण सामग्री** – शिक्षा विभागले तयार गरेको प्रारम्भिक वाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षा सम्बन्धी मापदण्ड बमोजिम ३–४ वर्षका बालबालिकालाई भर्ना लिइने कक्षा कोठा स्वास्थ्यलाई अनुकुल तापक्रम भएको, बस्न चल्न खेल्न सुत्न पुग्ने, वच्चाको व्यक्तिगत सामान राख्ने छुट्टै च्याकको व्यवस्था, सिकाई सामग्रीहरु सजाएर राखेको, खेल्ने सामग्री पुतली स–साना ढुङ्गा काठको टुक्रा, बीउ बिजन, चित्रात्मक अङ्क अक्षरको ज्ञान हुने पुस्तिकाहरु, फलाटिन बोर्ड अक्षर व्लक, चराचुरुंगी, पशुपन्छी, मानिसको मूर्ति, पजल, रङ्गिन डोमिनो भाडाकुटी, इंक, ब्रस, तराजु, स्केल र बाहिर खेल्नका लागि चिप्लेटी, ढिकीच्याउ, पिङ्ग, स्किपिङ्ग लगायतको व्यवस्था मिलाइएको हुनुपर्ने व्यवस्था छ । विद्यालयको वा विद्यालयले आवद्धता दिएको विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा र बाल विकास केन्द्रमा सो बमोजिमको बाल शिक्षण सामग्री उपलब्धता र प्रयोग सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्:

३७.१ उदयपुर जिल्लामा अध्ययन गरिएका २३ विद्यालयमध्ये माध्यमिक विद्यालय पटना भन्ज्याङमा सञ्चालित बाल विकास केन्द्रमा २०६३।८।२९ मा नियुक्त सहयोगी कार्यकर्ता २०६६ असोजदेखि अनुपस्थित भएपछि विद्यालयकै अन्य शिक्षकबाट कक्षा चलाउने गरेको छ । यस सम्बन्धमा शिक्षा विभागले अबिलम्ब कारबाही गरी सोको जानकारी लेखी पठाउन जिल्ला शिक्षा कार्यालयलाई लेखेको भनी जवाफ पठाएको छ । चन्द्रावती

माध्यमिक विद्यालय लेखानी, शारदा प्राथमिक विद्यालय खानिडाँडा, माध्यमिक विद्यालय नेपालटार, मावि. रौता रानीवास, जनता माध्यमिक विद्यालय श्रीपुर, प्राथमिक विद्यालय खैराहा, महादेवेश्वर माध्यमिक विद्यालय बसाहामा सञ्चालित बाल विकास केन्द्रमा पिङ्ग स्किपिङ्ग, ढिकिच्याउं जस्ता खेल्ने सामग्रीहरु प्राप्त भएको देखिएन । त्यसैगरी माध्यमिक विद्यालय कालिखोला, जनता निम्नमाध्यमिक विद्यालय, दमौली, शिवशक्ति निम्नमाध्यमिक विद्यालय बगाहा र जनता निम्नमाध्यमिक विद्यालय मोतियाहीमा सञ्चालित बाल विकास केन्द्रमा कुनैपनि शैक्षिक सामग्रीहरु छैनन् । माध्यमिक विद्यालय नेपालटारले प्राप्त भएका शैक्षिक सामग्रीहरु बाल विकास कक्षामा नराखी बोरामा बन्द गरेर राखेको पाइयो । शिवशक्ति निम्नमाध्यमिक विद्यालय बगाहामा १ वर्ष अघिदेखि कार्यरत सहयोगी कार्यकर्ताले तालिम प्राप्त गरेको देखिएन ।

३७.२ सिन्धुली जिल्लामा प्रारम्भिक बाल विकास केन्द्र र पूर्वप्राथमिक कक्षा सम्बन्धी मापदण्ड बमोजिम उपर्युक्तअनुसारका सामग्रीहरु ज्यादै न्यून आपूर्ति छ । कक्षा कोठा मापदण्ड अनुसार तोकिएको देखिएन । चन्द्रावती माध्यमिक विद्यालय वेलघारी, माध्यमिक विद्यालय घोक्सीलामा एकै कक्षामा बाल कक्षा र कक्षा १ को पठन पाठन गराएको पाइयो ।

३७.३ नवलपरासी जिल्लामा छनौटमा परेका २३ विद्यालयमा बालकक्षा सञ्चालन भए तापनि जनजागरण प्राथमिक विद्यालय र भृकुटी प्राथमिक विद्यालयमा बालकक्षा अन्य कक्षासँगै संयुक्त रुपमा सञ्चालन गरेको पाइयो । नारायणी प्राथमिक विद्यालय र जनता माध्यमिक विद्यालय हर्दियामा बालकक्षा झुप्रोमा र अरनिको माध्यमिक विद्यालय, शंखरपुरमा खुला मैदानमा सञ्चालन गरेको पाइयो । बालकक्षा सामान्यत: बस्ने सामग्रीकै अभाव देखिन्छ भने शैक्षिक सामग्रीहरु नगण्य मात्रामा रहेको पाइयो ।

झुप्रोमा सञ्चालिन नारायणी प्राथमिक विद्यालय

अरनिको माध्यमिक विद्यालयसंखरपुर र जनता माध्यमिक विद्यालय हर्दियाको बालकक्षा

बाल कक्षाको सामग्रीहरु विद्यालयले खरिद गर्न नसक्नुमा जिल्ला शिक्षा कार्यालयबाट ज्यादै न्यून मात्रामा प्राप्त हुने हुंदा अधिकांश बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्रीहरु नरहेको र सहयोगी कार्यकर्ताहरुलाई तालिम प्रदान नगरेकोले बाल विकास कार्यक्रमबाट बालबालिकाको मानसिक र शारीरिक लगायत सर्वपक्षीय विकास गर्ने कार्यमा असर पर्न गएको छ । बाल विकास केन्द्रको लागि आवश्यक शैक्षिक सामाग्री लगायत बाल शिक्षण सामग्रीको व्यवस्था हुनुपर्दछ र सहयोगी कार्यकर्तालाई तालिम प्रदान गरेको हुनुपर्दछ ।

३८. **अनुदानको निकाशा र उपयोग** – नेपाल सरकारको तर्फबाट जिल्ला शिक्षा कार्यालयले सामुदायिक विद्यालयहरुलाई निश्चित नर्म्सको आधारमा (विभिन्न तहका शिक्षकको तलब भत्ता, शिक्षक राहत अनुदान लक्षित वर्गलाई छात्रवृत्ति, नि:शुल्क पाठयपुस्तक व्यवस्था गर्ने प्रयोजनको लागि अनुदान, कक्षा कोठा निर्माण, फर्निचर, शौचालय, खानेपानी व्यवस्था आदि) सशर्त अनुदान प्रदान गर्ने र विद्यालय सुधार योजना कार्यान्वयनका लागि एकमुष्ठ अनुदान दिने गरेको छ । यस्ता प्रकारका अनुदानहरु तोकिएको प्रयोजनकै लागि शिक्षा विभागले तयार गरेको अनुदान कार्यान्वयन निर्देशिका बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । प्राप्त सशर्त तथा नि:र्शत अनुदानहरु सोही प्रयोजनमा खर्च गरिएको नगरिएको सम्बन्धमा अध्ययन गर्दा कतिपय विद्यालयले अनुदान बापत प्राप्त निकासा रकम खर्च नगरी मौज्दात नै राखेको पाइयो । केही विद्यालयले व्यवस्थापन जिम्मा लिंदा प्राप्त प्रोत्साहन अनुदान रकमका योजनाअनुरुप खर्च नगरी मौज्दातमा नै राखेको देखिन्छ । यसबाहेक अनुदानको उपयोग सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३८.१ इलाममा अध्ययन गरिएका २३ विद्यालयमध्ये केही विद्यालयले निकासा भएको रकम सोही शीर्षकमा सम्पूर्ण खर्च गरेका छन् भने केही सम्बन्धित शीर्षकमा रकम अपुग भई विद्यालय स्रोतबाट खर्च गरेको र अधिकांशले सम्बन्धित शीर्षकमा खर्च नभई रकम बाँकी राखेको अर्थात् आवश्यकताभन्दा बढी रकम निकासा दिएको देखिन्छ । सरोकारवालासँग छलफल गरिएका १२ विद्यालयमध्ये भानुभक्त उच्चमाध्यमिक विद्यालय मंगलवारेले नायव सुब्बा, खरिदार र परिचर कर्मचारीलाई अवकाश दिँदा प्रोत्साहन बापत प्राप्त रु.३ लाख खर्च गरेको, ज्योती माध्यमिक विद्यालय लक्ष्मीपुरले रु.१ लाख मुद्धति खातामा र रु.२ लाख शिक्षकहरुलाई २४ प्रतिशत ब्याजमा लगानी गरेको, सरस्वती निम्नमाध्यमिक विद्यालय तपेवाले रु.२ लाख तथा बालमण्डल माध्यमिक विद्यालय माइपोखरीले रु.३ लाख मुद्धति खातामा जम्मा गरेको वताएका छन् । त्रिभुवन प्राथमिक विद्यालय सुखानीले रु.१ लाखबाट खेलमैदान निर्माण र निजी शिक्षकको तलबमा खर्च गरेको जनाएको छ ।

३८.२ डडेल्धुरामा अध्ययन गरिएका २३ विद्यालयहरुमध्ये ६ विद्यालयहरुले व्यवस्थापन जिम्मा लिएबापत प्राप्त भएको अनुदान रकम खर्च नगरी २०६५।६६ सम्म बाँकी नै राखेको पाइयो । ११ विद्यालयहरुले विभिन्न शीर्षकमा पाएको निकासामध्ये खर्च नगरी रकम मौज्दात देखाएका छन् । वैजनाथ माध्यमिक विद्यालय मौरडा र बालकल्याण माध्यमिक विद्यालय पुईलेकले लक्षित वर्गलाई प्राप्त छात्रवृत्ति समेत वितरण नगरी मौज्दात राखेको देखियो । यसै गरी विद्यालय सुधार योजनामा निकासा भएको रकमबाट लटेश्वर निम्नमाध्यमिक विद्यालय मालमले विद्यार्थीलाई टाई खरिद गर्न खर्च गरेको समेत देखियो । कैलास प्राथमिक विद्यालय भक्तपुरलाई प्राप्त व्यवस्थापन हस्तान्तरण बापत रु.१ लाखबाट एक परिचर नियुक्ती गरी यो वर्ष रु.३९ हजार खर्च गरेको पाइयो ।

३८.३ उदयपुरमा विद्यालयहरुलाई प्राप्त भएको अनुदानको रकममध्ये प्राथमिक विद्यालय खैराहा हडियाको व्यवस्थापन २०६२ मा समुदायमा हस्तान्तरण गर्दा प्रोत्साहन अनुदान स्वरुप दिएको रु.१ लाख तत्कालीन प्रधानाध्यापकले निजको छोराको नाममा वार्षिक ३० प्रतिशत व्याज तिर्ने गरी ऋण लिएकोमा लेखापरीक्षण अवधि (२०६६।१२।१२) सम्म पनि सांवा व्याज असुल भएको छैन । जनता निम्नमाध्यमिक विद्यालय दमौतीले विभिन्न समुदाय वा उपभोक्ता समूहबाट सहयोग स्वरुप प्राप्त नगद रु.४ लाख २०६२ मा विभिन्न अभिभावकहरुलाई जग्गा धितोमा वार्षिक ३६ प्रतिशत व्याज तिर्ने गरी ऋण लगानी गरेकोमा नियमित रुपमा सांवा व्याज असुल हुनसकेको छैन । २०६६ श्रावणसम्ममा साँवा रु.४ लाख ५० हजार र व्याज रु.१ लाख ११ हजार असुल हुन बाँकी छ । जनता निम्नमाध्यमिक विद्यालय मोतियाही र निम्नमाध्यमिक विद्यालय रातामाटेले ऋण लगानी असुली खाता राखेको छैन । जनप्रेमी निम्नमाध्यमिक विद्यालय जोगिदहले रु.२ लाख ७५ हजार, लौवागढी प्राथमिक विद्यालय खैराहाझोडाले रु.३ लाख ४७ हजार, सिद्धेश्वरी माध्यमिक विद्यालय मुसहर्नीयाले रु.२ लाख बिनाधितो ऋण लगानी गरेकोले उक्त ऋण रकम जोखिम मुक्त छैन । नियमितरुपमा साँवा ब्याज असुली पनि भएको छैन ।

३८.४ सुर्खेत जिल्लाको अध्ययन गरिएका विद्यालयहरुको जुन अनुदान शीर्षक रकम प्राप्त भएको हो सोही शीर्षकमा उपयोग नगरी व्यवस्थापन समितिको निर्णयले अन्यमा उपयोग गरेको देखियो । ने.रा.निम्नमाध्यमिक विद्यालय धरिवनले व्यवस्थापन अनुदान रु.१ लाख र विद्यालय सुधार योजना अनुदान रु.६६ हजारसमेत रु.१ लाख ६६

हजार विद्यालय सुधार योजनाअनुसारको खर्च नगरी निजी स्रोतको शिक्षकको तलबमा उपयोग गरेको, ने.रा. निम्नमाध्यमिक विद्यालय कोप्चेको विद्यालय सुधार योजनामा रु.७६ हजार भएकोमा आन्तरिक स्रोतको तलब रु.७१ हजार र मसलन्दमा रु.५ हजार खर्च गरेको, लक्ष्मी निम्नमाध्यमिक विद्यालय कल्याणले विद्यालय सुधार योजना अनुदानबाट रु.२२ हजार परिचरको तलब भुक्तानी गरेको, ने.रा.माध्यमिक विद्यालय कालापानीको विद्यालय सुधार योजना रु.४४ हजारबाट निजी स्रोतको शिक्षकको तलब भुक्तानी भएको, गंगामाला निम्नमाध्यमिक विद्यालयले विद्यालय सुधार योजना अनुदान रु.७४ हजार मध्ये ११ हजार पाठ्युस्तक खरिदमा र रु.६३ हजार निजी स्रोतको शिक्षकको तलबमा खर्च लेखेको छ । विद्यासागर प्राथमिक विद्यालय सुगुरखालीले विद्यालय सुधार योजना अनुदान रु.३२ हजारमध्ये रु.२ हजार पाठ्य पुस्तकमा खर्च र रु.३० हजार निजी स्रोतको शिक्षकको तलबमा खर्च गरेको छ । कोपिला माध्यमिक विद्यालय पर्सेनीले विद्यालय सुधार योजना अनुदान रु.१ लाख २३ हजार सबै निजी स्रोतको शिक्षकका तलबमा खर्च लेखेको र ने.रा.माध्यमिक विद्यालय गाग्रेताल जर्वुटाले विद्यालय सुधार योजना रु.९० हजारमध्ये तथ्याङ्क तयारी र विद्यालय सुधार योजना निर्माणमा रु.४ हजार वार्षिक उत्सव पुरस्कारमा रु.१९ हजार मालसामान, पत्रपत्रिका विद्युतीय सामग्रीमा रु.४० हजार खर्च गरेको देखियो ।

३८.५ पाल्पामा अनुदान रकम विद्यालयले प्राप्त गरेको जनाएतापनि सम्पूर्ण अनुदानको प्रयोजन खुल्ने गरी खर्चको अभिलेख नराखेको र लेखापरीक्षण प्रतिवेदनबाट पनि सो सम्बन्धी खुलासा नभएको हुँदा निर्धारित प्रयोजनमा खर्च भएको भनी यकिन गर्न सकिने अवस्था छैन । प्राप्त कुल अनुदानमध्ये ७ विद्यालयमा अधिक रकम मौज्दात रहेको पाइयो । अध्ययन गरिएका २३ मा विद्यालय सुधार योजना बापत रु.१७ लाख २१ हजार अनुदान योजना मुताविक गुणस्तरीय शिक्षाको अभिवृद्धिका लागि विद्यालय पहुँच विस्तारमा ४० प्रतिशत, शैक्षिक व्यवस्थापनमा ३० प्रतिशत र गुणस्तरीय शिक्षाका लागि ३० प्रतिशत खर्च गरेको पाइएन ।

विद्यालयले प्राप्त गरेको अनुदान रकम बचत गरी निजी स्रोतका शिक्षकको तलब भत्ता खर्च लेख्ने योजना कार्यान्वयनमा उपयोग गर्नुपर्ने रकम ब्याजमा लगानी गर्ने गरेको देखियो । त्यस्तै गरी प्रोत्साहन स्वरुप प्राप्त हुने रकम कसैले ब्याजमा लगानी गरेको त कसैले विभिन्न प्रयोजनमा खर्च गरेको देखियो । जसले गर्दा कुनै विद्यालयमा सम्बन्धित शीर्षकमा रकम अभाव रहेको र कुनैमा बढी भई अन्य कार्यमा खर्च गर्ने स्थिति रहेको छ । शिक्षक र विद्यार्थी संख्याको आधारमा रकम निकासा हुनुपर्छ र निकासा रकमको योजनाअनुसार उपयोग गर्ने, शीर्षकगतरुपमा खर्चको अभिलेख राख्ने र समयमा नै लेखापरीक्षण गराई प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै प्रोत्साहन स्वरुप तहगत रुपमा रु.१ लाखका दरले प्रदान गरिने रकम कुन प्रयोजनमा खर्च गर्नुपर्ने वा कोष खडा गरी राखिने हो स्पष्टरुपले नीति निर्धारण गरी सोहीअनुसार प्रयोग गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

३९. **अध्यापन अनुमति** – शिक्षा ऐन, २०२८ को दफा ११ अनुसार अध्यापन अनुमति पत्र नलिई शिक्षकको उम्मेदवार हुन नपाउने, ऐन प्रारम्भ भएका वखत कार्यरत शिक्षकलाई आयोगले ६ महिने अस्थायी अनुमतिपत्र दिने र त्यस्ता शिक्षकले ५ वर्षभित्र स्थायी अध्यापन अनुमतिपत्र लिनुपर्ने व्यवस्था छ । अध्ययन गरिएका ८ जिल्लाका १८४ विद्यालयमा कार्यरत शिक्षकमध्ये अध्यापन अनुमतिपत्र प्राप्त नगरेका पनि रहेको पाइयो । इलामका ३०४ मध्ये २३, झापाका ३६१ मध्ये २३, उदयपुरको २५३ मध्ये २७, सिन्धुलीका २६९ मध्ये ३५, नवलपरासीका ३०८ मध्ये ६३, पाल्पाका ३४९ मध्ये २६, सुर्खेतका २१४ मध्ये ३१ र डडेल्धुराका २३९ मध्ये ११ ले अध्ययन अनुमतिपत्र लिएका छैनन् । यसरी अनुमति प्राप्त नगर्नेमा आन्तरिक स्रोतबाट नियुक्त विज्ञान, लेखा, गणित विषयका शिक्षकहरु रहेका छन् ।

शिक्षा संकायअन्तर्गत लेखा विषयको अध्यापन नहुने विज्ञान विषय पनि सबै शिक्षा क्याम्पसमा नहुने र अध्यापन अनुमतिको लागि हुने परीक्षामा व्यवस्थापन एवं विज्ञान संकायअन्तर्गत अध्ययन गरेको व्यक्तिले सामेल हुन नपाउने व्यवस्थाले गर्दा शिक्षक नियुक्तिमा समस्या परेको व्यहोरा केही माध्यमिक विद्यालयको छलफलबाट जानकारी प्राप्त भयो । विषयगत शिक्षकको उपलब्धता समेतलाई विचार गरी अध्ययन अनुमतिपत्र प्राप्त गर्नेलाई परीक्षामा सामेल गराउने गरी कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ ।

४०. **हस्तान्तरित विद्यालयको स्थिति** – विद्यालयको समुदायद्वारा व्यवस्थापन जिम्मेवारी लिएपश्चात् आन्तरिक आयस्रोतको पहिचान एवं उपयोगबाट रचनात्मक कार्यहरु जस्तै:– कक्षाकोठा, भवन निर्माण, फर्निचर व्यवस्था, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था मिलाइएको हुनुपर्ने, समितिले समुदाय समेतको सहभागिता तथा सहमतिमा थप आयस्रोत जुटाउने र पारदर्शी तवरले शैक्षिक गुणस्तर अभिवृद्धि हुने क्षेत्रमा खर्च गरेको हुनुपर्ने तथा शिक्षण क्रियाकलाप र सिकाइलाई बालमैत्री बनाउने प्रयास भएको, शिक्षकहरुले जिम्मेवारी महसुस गरेको र पठनपाठन पहिलेभन्दा सुचारु भएको हुनुपर्ने मान्यताअनुरुप मूल्याङ्कन गर्दा निम्नअनुसार देखिएको छ:

४०.१ इलाममा अध्ययन गरेका अधिकांश विद्यालयले जिल्ला शिक्षा कार्यालयबाट अनुदान प्राप्त गरी भवन निर्माण र फर्निचर व्यवस्थापन गरेको जनाएका छन् । अध्ययन गरेको २३ विद्यालयमा प्रयोगशाला र पुस्तकालय व्यवस्थित नभएको जनाएका छन् । ज्योती माध्यमिक विद्यालय लक्ष्मीपुर, बालमण्डल माध्यमिक विद्यालय, माइपोखरी र भानुभक्त उच्चमाध्यमिक विद्यालय, मंगलवारेले एक सांसद मार्फत कुनै संस्थाले अनुदान स्वरुप उपलब्ध गराएका कम्प्युटर भनी प्रतिविद्यालय ५ वटाका दरले ढुवानी भाडा भनी प्रतिकम्प्युटर पर्ने मूल्यभन्दा बढी रकम असुल गरेर लगेको तर कुनैपनि कम्प्युटर काम नलाग्ने भई थन्क्याएर राखेको जनाएका छन् । साथै शिक्षा कार्यालयको निर्देशानुसार रकम तिरेको हुँदा सो रकम फिर्ता पाउनुपर्ने मागसमेत गरेका छन् ।

४०.२ झापा जिल्लामा समुदायले आफ्नो जिम्मेवारी महसुस गरेको, रचनात्मक कार्य गर्न अग्रसर भएको, सिकाई क्रियाकलापलाई बालमैत्री बनाउनेतर्फ उन्मुख रहेको देखिएको छ ।

४०.३ जिल्ला शिक्षा कार्यालय उदयपुरबाट गएको अनुदान एवं अन्य स्रोतसमेतबाट प्राप्त रकम उपयोग गरी कक्षा कोठा तथा फर्निचरको व्यवस्थामा सुधार हुदै गएको छ । कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला तथा पुस्तकालयको भने व्यवस्था देखिएन । सिकाईलाई बालमैत्री बनाउने प्रयास भएको छ । तथापि केही विद्यालयको कक्षा उत्तीर्ण दर घटेको देखिन्छ । सिंहदेवी निम्नमाध्यमिक विद्यालय माडिवासको कक्षा ५ को उत्तीर्ण दर २०६३, २०६४ र २०६५ मा क्रमश: ८८, ८४ र ७२ प्रतिशत रहेको छ भने माध्यमिक विद्यालय नेपालटारको कक्षा १० को उत्तीर्ण दर क्रमश: १००, ८८ र ८३ प्रतिशत रहेको छ ।

प्रथम श्रेणीको उत्तीर्ण दर बढ्दै जानुपर्नेमा घट्दै गएको स्थिति छ । माध्यमिक विद्यालय चिलाउनेको कक्षा ५ को दर २०६३, २०६४ र २०६५ मा क्रमश: १२, ९ र २ प्रतिशत रहेको छ । जनप्रेमी उच्चमाध्यमिक विद्यालय रिस्कुको कक्षा ८ को दर ४, २ र १ प्रतिशत रहेको छ भने जनप्रेमी निम्नमाध्यमिक विद्यालय जोगीदहको दर ८१, ५५ र ३७ प्रतिशत रहेको छ । त्यसैगरी माध्यमिक विद्यालय नेपालटारको कक्षा १० एस.एल.सी.को दर ६७, ५० र १३ प्रतिशत रहेको छ ।

४०.४ सिन्धुलीमा समुदायद्वारा व्यवस्थापन जिम्मेवारी लिए पश्चात मूलरुपमा शिक्षण क्रियाकलाप र सिकाई उपलब्धिमा सुधार आएको, आयस्रोत पहिचान गरी कक्षा कोठा, भवन निर्माणको व्यवस्थापन हुन नसकेको अवस्था छ ।

४०.५ नवलपरासीमा विद्यालय समुदायद्वारा व्यवस्थापन जिम्मेवारी लिए पश्चात प्राप्त हुने प्रोत्साहन रकम तथा त्यस्ता विद्यालयलाई पहिलो प्राथमिकतामा राखी राहत शिक्षक कोटा तथा भौतिक निर्माणको कोटा वितरण गरेकोले विद्यालयको आर्थिक अवस्थामा सुधार आएको पाइयो । व्यवस्थापन जिम्मा लिए पश्चात अपनत्व भावका साथ सक्रियतापूर्वक विद्यालयको भौतिक, आर्थिक र शैक्षिक पक्ष सुधारमा अभिभावक लागेको देखिए तापनि आन्तरिक स्रोतको पहिचान र आय आर्जन गरेको पाइएन ।

४०.६ पाल्पामा समुदायद्वारा विद्यालयको व्यवस्थापन जिम्मेवारी लिएपश्चात विद्यालयको सुधारप्रति समुदायको चासो र सक्रियता वृद्धि भएको र शिक्षकको नियमितता र पठनपाठन सुचारु गर्न प्रभावकारी रहेको व्यहोरा अवगत भयो । विद्यालय व्यवस्थापन समिति खास गरी विद्यालयको भौतिक निर्माण सुधारतर्फ केन्द्रित रहेको र आयस्रोत जुटाउन प्रयास पनि गरेको देखिन्छ । विद्यालय सुधार योजना मुताबिक जिम्मेवारी पूर्व र पश्चात पनि विद्यार्थी सिकाई उपलब्धिमा वृद्धि भएको पाइएन ।

४०.७ सुर्खेत जिल्लाको अध्ययन गरिएको विद्यालयहरुमा जिल्ला शिक्षा कार्यालयबाट गएको अनुदान एवं अन्य स्रोत समेतबाट प्राप्त रकम उपयोग गरी कक्षा कोठा तथा फर्निचरको व्यवस्थामा सुधार हुदै गएको छ ।

४०.८ डडेल्धुरामा समुदायले व्यवस्थापन जिम्मेवारी लिएपछि थप कक्षाकोठा, विद्यालय भवन निर्माण, कम्प्युटर ल्याव जस्ता भौतिक पूर्वाधारहरु थप गर्नेतर्फ व्यवस्थापन समिति र सरोकारवालाहरुले कार्य गर्ने गरेको र केही पूर्वाधारहरु थप भई पहिलेकोभन्दा पठनपाठनमा सुधार आएको सरोकारवालाहरुको छलफलमा जानकारी भयो ।

४०.९ समुदायद्वारा व्यवस्थापन गर्न थालिए पश्चात विद्यालयको अवस्था पहिलेभन्दा कस्तो रहेको छ भनी ८ जिल्लाका ५२२ विद्यार्थी र अभिभावकलाई संयुक्तरुपमा सोधिएकोमा निम्न स्थिति देखियो ।

सि.नं.	विषयवस्तु	छ	छैन	उस्तै छ	थाहा छैन
१.	आन्तरिक आय स्रोत पहिचान गरी आम्दानी वढाएको	२०९	१३५	१२२	५६
२.	आन्तरिक आयको उपयोगबाट विद्यालय भवन फर्निचरको व्यवस्था गरेको	२४३	१४१	९५	४३
३.	विद्यालयमा शैक्षिक सामग्री, कम्प्युटर ल्याव विज्ञान प्रयोगशालाको व्यवस्था	११०	३२३	६८	२१
४.	समुदायको सहभागितामा आयस्रोत जुटाउने र खर्च गर्ने	२९४	१०७	६६	५५
५.	शिक्षकले जिम्मेवारी महसुस गरेको	४००	२२	८१	१९
६.	पठनपाठन पहिले भन्दा नियमित रुपमा सञ्चालन भएको	४२३	१५	६९	१५
७.	बाल केन्द्रीत शिक्षण विधिबाट पढाउने गरेको	३७३	७२	५७	२०
८.	व्यवस्थापन समितिका सदस्यहरु पहिले भन्दा सक्रिय रुपमा विद्यालय व्यवस्थापन सञ्चालनमा लागेको	३५७	३२	१०१	३२
९.	स्थानीय निकाय र अन्य संस्थाहरुसँग सम्झौता गरी विद्यालय सुधारका लागि सहयोग जुटाएको	३०८	७४	३७	१०३
१०.	विद्यालयको शैक्षिक वातावरणमा सुधार आएको	४०१	१७	९०	१४
११.	बाल विकास कार्यक्रम थप गरी सञ्चालन गरेको	३८९	९५	१६	२२

सामुदायिक विद्यालयको व्यवस्थापन स्थानीय समुदायमा हस्तान्तरण गरेपश्चात विद्यालयमा आर्थिक, शैक्षिक, भौतिक अवस्थामा सुधार आएको व्यहोरा छलफल एवं अर्न्तवार्ताबाट जानकारी हुन आयो । तर अधिकांश विद्यालयमा पर्याप्त आर्थिक स्रोतको अभाव रहेको, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर, फर्निचर आदिको पर्याप्त व्यवस्था नहुनुको साथै शैक्षिक सामग्रीको समेत व्यवस्था नभएकोले पठनपाठन कार्यमा असर पर्न गएको छ । विद्यालयको व्यवस्थापन हस्तान्तरणमा सम्झौता भए अनुसार आर्थिक स्रोत जुटाई आवश्यक पूर्वाधार र शैक्षिक सामग्रीको व्यवस्था गरी शैक्षिक गुणस्तरमा पहिलेभन्दा मनन्योग्य सुधार हुनुपर्दछ ।

४१. **अनुगमन मूल्याङ्कन –** सामुदायिक विद्यालयको अनुगमन गर्न समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका, २०५९ निर्देशन १३(२) बमोजिम अभिभावक भेलाले ३ सदस्यीय एक अनुगमन समिति गठन गर्ने, उक्त समितिले नियमितरुपले विद्यालयको प्रगति, पठनपाठनको गुणस्तर, शुल्क निर्धारण (माध्यमिक तहको लागि), विद्यार्थी र शिक्षकको नियमितता, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको कार्यकुशलता सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था भएको र सो समितिले मासिकरुपमा विद्यालय व्यवस्थापन समिति एवं स्थानीय निकायलाई प्रतिवेदन उपलब्ध गराउने र अभिभावक भेलामा समेत प्रस्तुत गर्ने व्यवस्था गरेको छ । अध्ययन गरिएका ८ जिल्लाका १८४ विद्यालयमध्ये झापाको सरस्वती माध्यमिक विद्यालय सुरुङ्गा जमुनावारीमामात्र त्यस्तो समिति गठन गरेको पाइयो । अन्यमा गठन गरेको देखिएन । जसले गर्दा अभिभावकको तर्फबाट विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक शिक्षकको कार्यको अनुगमन गर्ने र पठनपाठनको गुणस्तर अभिवृद्धि गर्ने कार्य हुन सकेको छैन । त्यसैले निर्देशिकाको व्यवस्थाबमोजिम अनुगमन समिति गठन गरी नियमित रुपमा अनुगमन गर्ने र प्रतिवेदन दिई सुधार गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

४२. **निरीक्षण तथा सुपरिवेक्षण** – शिक्षा नियमावली, २०५९ नियम १७ बमोजिम विद्यालय निरीक्षकले प्रत्येक महिनामा एकपटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने सो क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसंग छलफल गरी देखिएको व्यहोरा निरीक्षण पुस्तिकामा जनाउने, निरीक्षण गर्दा विद्यालय नियमित रुपमा सञ्चालन भए नभएको, भौतिक साधन र शिक्षक पर्याप्त भए नभएको र निर्धारित स्तर बमोजिम पठनपाठन भए नभएको सम्बन्धमा प्रधानाध्यापक, अभिभावक एवं शिक्षकसंग विचार विमर्श गरी सुधार गर्न लगाउनुपर्ने र निरीक्षणसम्बन्धी प्रतिवेदन प्रत्येक महिना गाउं शिक्षा समिति, स्थानीय निकाय र जिल्ला शिक्षा अधिकारीलाई दिने व्यवस्था छ । उक्त प्रावधानबमोजिम निरीक्षण अनुगमन, प्रतिवेदन एवं कार्यन्वयन सम्बन्धमा अध्ययन गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन्:

४२.१ इलामका सरोकारवालासँग छलफल गरेका १२ विद्यालयमध्ये बालमण्डल माध्यमिक विद्यालय, माइपोखरीमा २०६५।६६ मा १ पटक अनुगमन निरीक्षण भएको, ज्योती माध्यमिक विद्यालय, लक्ष्मीपुरमा ३ वर्ष पहिलेदेखि नभएको, मालुम प्राथमिक विद्यालयफिक्कलमा २०५१ देखि नभएको, सार्वजनिक निम्नमाध्यमिक विद्यालय, पशुपतिनगरमा १२ वर्ष पहिलेदेखि नभएको, भानुभक्त उच्चमाध्यमिक विद्यालय, मंगलवारेमा २०६५।६६ मा १ पटक भएको, दृपादेवी प्राथमिक विद्यालय, इलाममा २०६३ र २०६६ मा १/१ पटक भएको र निरीक्षण अनुगमनको क्रममा शैक्षिक र भौतिक वातावरणको सम्बन्धमा छलफल नगरी हप्काएर जाने गरेको जानकारी प्राप्त भयो । आदर्श निम्नमाध्यमिक विद्यालय, चियावारीमा २०६५।६६ मा ६ पटक निरीक्षण अनुगमन भएको, त्रिभुवन प्राथमिक विद्यालय, सुखानीमा २ पटक, दुर्गा प्राथमिक विद्यालय, बरबोटेमा ३ पटक, फलौटे माध्यमिक विद्यालय, चमैतामा १ पटक, शारदा माध्यमिक विद्यालय, पुवा मझुवामा १ पटक विद्यालय निरीक्षकबाट अनुगमन निरीक्षण भएको जनाएका छन् ।

४२.२ झापामा विद्यालय निरीक्षकले २३ मध्ये १७ मा ३१ पटक निरीक्षण गरेको पाइयो । उल्लेख भएअनुसारका विषयमा ठोस सुझाव दिएको पाइदैन । विचार विमर्स गरेको, शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने, जस्ता कुरामात्र प्रतिवेदनमा लेखेको पाइयो । ६ विद्यालयमा निरीक्षकले २०६५।६६ मा एक पटक पनि निरीक्षण गरेको देखिएन ।

४२.३ उदयपुरमा अध्ययन गरिएका विद्यालयमध्ये २०६५ मा १० विद्यालयमा निरीक्षक अनुगमनमा गएको देखिएन । अनुगमन भएको देखिएका बाँकी १३ विद्यालयमध्ये ८ मा १ पटक, २ मा २ पटक, २ मा ३ पटक र १ मा ५ पटक अनुगमन गरेको देखियो । अनुगमन भएपिच्छे कमी कमजोरी देखिएका विषयमा सुधार गर्नुपर्ने व्यहोरा समेत खोली नियमित प्रतिवेदन दिने गरेको देखिएन ।

४२.४ सिन्धुलीमा स्थलगत अध्ययनका क्रममा २३ विद्यालयमध्ये ८ मा वर्षको १ पटक, १ विद्यालयमा ३ पटक र एक एक विद्यालयमा ३ र ४ पटक निरीक्षण गरेको बाहेक विद्यालय निरीक्षकले वर्षको एक पटक पनि निरीक्षण अनुगमन गरेको पाइएन । निरीक्षणसम्बन्धी प्रतिवेदन शिक्षा नियमावली, २०५९ बमोजिम नहुने र प्रतिवेदन दिने पद्धतिको विकास समेत भएको पाइएन ।

४२.५ नवलपरासीमा छनौटमा परेका २३ विद्यालयमध्ये शैक्षिक सत्र.२०६५ मा ३ मा विद्यालय निरीक्षक नपुगेको पाइयो । यसैगरी ५ मा १, ५ मा २, ४ मा ३, ३ मा ४, २ मा ५ र १ मा ९ पटकसम्म निरीक्षण गरेको पाइयो । निरीक्षण गर्दा एक खाका तयार गरी समग्र विवरण प्राप्त हुने गरी निरीक्षण गर्नुपर्ने आवश्यकता देखिन्छ । निरीक्षण कम भएको सन्दर्भमा विद्यालय संख्या बढी भएको तथा जिल्ला शिक्षा कार्यालयको अन्य काम समेत गर्नुपर्ने भनी जवाफ प्राप्त हुन आएको छ ।

४२.६ पाल्पामा अध्ययन गरिएका २३ मध्ये विद्यालय निरीक्षकले जम्मा १७ विद्यालयमा ६२ पटक निरीक्षण गरेको बुझियो । ६ विद्यालयमा निरीक्षण गरेको पुष्टि भएन । नियममा व्यवस्था गरेअनुसारको मात्रामा निरीक्षण नभएको र निरीक्षणबाट पनि समग्र शैक्षिक व्यवस्थापनका पक्षका सम्बन्धमा निक्यौंल गरेको पाईदैन ।

४२.७ सुर्खेतको अध्ययन गरिएका २३ मध्ये १४ मा विद्यालय निरीक्षकबाट अनुगमन भएको छैन । ५ मा १, २ मा २, १ मा ३, १ मा ४ पटक निरीक्षण भएको देखियो । निरीक्षण पुस्तिकामा केही कमजोरीहरु औंल्याए तापनि समग्र मूल्याङ्कन गरी सुधारका सुझावसमेत राखी अनुगमन प्रतिवेदन दिने गरेको देखिएन ।

४२.८ डडेल्धुरामा केदार शिशु निम्नमाध्यमिक विद्यालय मटेलाबाट स्रोतकेन्द्र रहेको विद्यालय १ घण्टा दूरीमा रहेको भए तापनि उक्त स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्तिले वर्षभरि नै अनुगमन निरीक्षण गरेको पाइएन । अध्ययन गरिएका २३ विद्यालयहरुमध्ये १३ मा वर्षभरि नै विद्यालय निरीक्षकले अनुगमन नगरेको र ७ मा वर्षमा एक पटक मात्र विद्यालय निरीक्षकबाट निरीक्षण भएको पाइयो । २ विद्यालयमा गाउँ शिक्षा समितिबाट ३ पटक निरीक्षण गरेको पाइयो । अध्ययन गरेको २३ मध्ये ७ विद्यालयमा जिल्ला शिक्षा कार्यालयबाट १३ पटक निरीक्षण भएको, एकै विद्यालयमा ६ पटक निरीक्षण गरेको र बाँकी ६ मा वर्षभरिमा ७ पटक मात्र निरीक्षण गरेको पाइयो । यस सम्बन्धमा १५ दिनभित्र कारबाही गरी जानकारी पठाउन शिक्षा विभागले सम्बन्धित जिल्ला शिक्षा कार्यालयलाई लेखी पठाएको जानकारी प्राप्त भएको छ ।

विद्यालयको निरीक्षण अनुगमन नभएर पठनपाठन कार्यमा असर पर्न गएको छ । नियमावलीको व्यवस्था बमोजिम अनुगमन निरीक्षण नगरी पदीय दायित्व पूरा नगर्ने विद्यालय निरीक्षकलाई तत्काल विभागीय कारबाही गर्न व्यवस्था मिलाई निरीक्षण अनुगमन सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ ।

४३. **कार्ययोजना** – शिक्षा विभागबाट जारी गरिएको कार्यान्वयन निर्देशिका, २०६५ बमोजिम अनुगमनका लागि जिल्लास्तरमा अनुगमन कार्ययोजना बनाउने र विद्यालयको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने छ । जिल्ला शिक्षा समितिले पूर्णता नपाएको र जिल्ला शिक्षा कार्यालयको निष्क्रियताका कारण अध्ययन गरिएका ८ जिल्ला शिक्षा कार्यालयमध्ये २ जिल्लामा अनुगमन कार्ययोजना बनाए तापनि सो अनुसार अनुगमन गरी प्रतिवेदन गरेको छैन । अन्य ६ जिल्लाले अनुगमनको कार्ययोजना नै तयार गरेको छैन । जसले गर्दा विद्यालयको भौतिक र शैक्षिक गुणस्तर सुधार गर्ने कार्यमा असर पर्न गएको अवस्था छ । निर्देशिकामा व्यवस्था भए अनुसार अनुगमन कार्ययोजना बनाई विद्यालयहरुको अनुगमन र प्रतिवेदन गर्ने कार्य कडाइका साथ लागू गरिनुपर्दछ ।

४४. **सिकाई उपलब्धिमा सुधार** – विद्यालय सञ्चालन एवं व्यवस्थापनमा देखाइएको सक्रियताको फलस्वरुप सिकाई उपलब्धिमा सुधार आई ३ वर्षको कक्षा उत्तीर्ण दर बढेको हुनुपर्दछ । यस सन्दर्भमा ८ जिल्लामा कक्षा ५, ८ र १० को उत्तीर्ण दरको तुलनात्मक अध्ययन गरिएको थियो ।

उक्त सम्बन्धमा अध्ययन गर्दा सबै विद्यालयको कक्षा उत्तीर्ण दरमा सुधार भएको स्थिति देखिदैन । केही विद्यालयको उत्तीर्ण दर घटेको केही र बढेको छ । केहीमा प्राथमिक तहसम्म अनुत्तीर्ण नगर्ने सरकारी नीति रहेकोले सबैलाई उत्तीर्ण गराइएको व्यहोरासमेत छलफलमा उठेको थियो । शैक्षिक गुणस्तर सुधार गर्न प्रयास गरेको वावजुद कक्षा उत्तीर्ण दर न्यूनतममा कक्षा ५ को शैक्षिक सत्र २०६३, २०६४ र २०६५ मा क्रमशः २४,४८ र १६ प्रतिशत (सबै इलाम जिल्लामा), कक्षा ८ को क्रमशः ३९ (सुर्खेत), ३३ (इलाम) र ३३ प्रतिशत (झापा) तथा कक्षा १० को क्रमश १२ (नवलपरासी), ४ (सुर्खेत) र २० प्रतिशत (डडेल्धुरा) रहेको देखियो । यसबाट कतिपय विद्यालयको शैक्षिक उपलब्धिमा खासै सुधार हुन नसकेको अवस्था छ । शैक्षिक सूचकाङ्कको अनुगमन गरी न्यून रहनको कारण पहिचान गरी विद्यालय विशेष शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

संगठित तथा अन्य संस्थातर्फ

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०६५।६६)

शैक्षिक सामग्रीको उत्पादन, बिक्री र वितरण गर्ने उद्देश्यले २०३० मा स्थापित हाल कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस केन्द्रको २०६५।६६ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

४५. **सञ्चालन नतिजा** – यो वर्षसम्म नोक्सानी रु.२४ करोड ५३ लाख ८८ हजार पुगेको छ । नोक्सानी वृद्धि हुनुमा मुख्यरुपमा बिक्री लागत तथा प्रशासनिक खर्च वृद्धि हुनु रहेको छ । अनावश्यक कर्मचारी भर्ना गर्नु,

उपलब्ध मानवीय तथा भौतिक स्रोत साधनको कुशल व्यवस्थापन नहुनु, प्रतिस्पर्धात्मक रुपमा गुणस्तरयुक्त कागज उचित मूल्य र समयमा आपूर्ति नहुनु, आन्तरिक क्षमताको विश्लेषण नगरी अनावश्यक रुपमा वाह्य प्रेसलाई कार्यादेश दिनु आदिसमेत नोक्सानी वृद्धिका कारणहरु रहेका छन् ।

४६. **लेखापरीक्षण** – कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम गठन गर्नुपर्ने लेखापरीक्षण समिति गठन नगरेको व्यहोरा उल्लेख गरेपछि २०६५।३।११ मा समिति गठन गरे तापनि यो वर्षसम्म पनि समितिको बैठक बसेको पाइएन ।

४७. **आन्तरिक लेखापरीक्षण –** आर्थिक प्रशासनसम्बन्धी विनियमावली, २०५८ को विनियम १० मा भएको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण विभागबाट भएको अतिरिक्त लेखापरीक्षण प्रतिवेदन उपलब्ध भएकोमा व्यवस्थापनको प्रतिउत्तर उपलब्ध नभएकोले सो वारे स्पष्ट हुन सकिएन । आन्तरिक लेखापरीक्षण कार्य उपयोगी र प्रभावकारी भएमा अन्तिम लेखापरीक्षण कार्य सक्षमतापूर्वक कम समयमा सम्पन्न गर्न सहयोग पुग्ने हुँदा यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४८. **साधारण सभा** – कम्पनी ऐन, २०६३ को दफा ७६ अनुसार आर्थिक वर्ष सम्पन्न भएको ६ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गर्नुपर्नेमा २०६३।६४ देखि साधारण सभा भएको छैन ।

४९. **बजेट खर्च –** सञ्चालन खर्चतर्फ कुल स्वीकृत बजेटभन्दा ५४.९७ प्रतिशत र पूँजीगततर्फ कुल स्वीकृत बजेटभन्दा १२.३८ प्रतिशत बढी खर्च भएको देखिन्छ । आर्थिक प्रशासन विनियमावली, २०५८ को विनियम ५ (४) अनुसार स्वीकृत बजेटभन्दा बढी खर्चको सञ्चालक समितिबाट स्वीकृति लिएको गराएको पाइएन ।

५०. **कर्मचारी व्यवस्थापन** – केन्द्रको कार्य क्षेत्र संकुचित हुदै गएको, बिक्रीको तुलनामा लागत र प्रशासनिक खर्चमा निरन्तर वृद्धि हुदै गएको तथा सञ्चित नोक्सानी प्रत्येक वर्ष वृद्धि भइरहेको सन्दर्भमा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी राख्नु उपयुक्त देखिएन । दीर्घकालीन दृष्टिकोण, योजना र रणनीति सहितको कार्यबोझको विश्लेषणका आधारमा कर्मचारी दरबन्दीसमेत पुनरमूल्याङ्कन गर्नुपर्दछ । कर्मचारी सेवा शर्त विनियमावलीमा दैनिक ज्यालादारी कर्मचारी नियुक्ति गर्ने व्यवस्था नभएपनि नियुक्तिपत्र नदिई ज्यालादारीमा कर्मचारीलाई काममा लगाएको छ । काममा लगाएको प्रक्रिया र निर्णय तह यकिन गर्ने आधार उपलब्ध भएन ।

५१. **आयकर –** २०५९।६० को थप कर बारे पुनरावेदन दिएको भनिए तापनि हालसम्म कुनै निर्णय भएको जानकारी प्राप्त नभएकोले उक्त रकम सम्बन्धमा आवश्यक पहल गरी फछ्यौंट गर्नुपर्दछ । २०६३।६४ समेतको कर लेखापरीक्षण गरेको पाइएन । यस वर्षको स्वयंकर विवरणहरु हालसम्म बुझाएको छैन । विवरणहरु ढिला बुझाएबापत लाग्ने जरिबाना दायित्व यकिन गरी व्यवस्था पनि गरेको छैन ।

५२. **बैङ्क मौज्दात –** अधिकांश बैङ्क मौज्दातको मासिकरुपमा हिसाब भिडान नगरी वर्षको अन्तमा मात्र बैङ्क विवरणको आधारमा हिसाब भिडान गर्ने गरेको छ । बैङ्क मौज्दातको समर्थनपत्र लिने गरेको पाइएन । राष्ट्रिय वाणिज्य बैङ्क सानो ठिमीबाट कर्जा लिई सोही बैङ्कको चल्ती खाता नं.११०१ मा रु.७ करोडभन्दा बढी मौज्दात राख्नुको औचित्यता देखिएन ।

५३. **आन्तरिक नियन्त्रण –** पुरानो असामीबाट रकम असुल फछ्यौंट नभएको, खरिद प्रक्रियामा अनियमितता देखिएको, नगद बिक्रीबाट प्राप्त नगद समयमै बैङ्क दाखिला गर्ने नगरेको, बजेट रकम फरक पारी खर्च लेखेको, वस्तु तथा सेवा खरिदको कतिपय भुक्तानीको बिल भर्पाइ तथा त्यसलाई पुष्टि गर्ने कागजातहरु सम्लग्न नगरेको, बिक्रीको कारोबार हुनासाथ भौचर नउठाई धेरै दिनको एकै पटक भौचर उठाउने गरेको एवं वीमा नगरेको आदि व्यहोरा यथावत देखिंदा आन्तरिक नियन्त्रण व्यवस्थामा सुधार जरुरी छ ।

५३.१ विभागगतरुपमा एवं तल्लो ईकाई (शाखा अधिकृत) सम्म खर्चको बिल भरपाई स्वीकृत गर्न सक्ने अधिकार प्रत्यायोजन हुनु, सानो नगदी कोषको व्यवस्था नगरी खरिद गर्दा पेश्की वा शोधभर्ना पद्धति अपनाइनु, खरिद योजना नबन्नु, खरिद परिमाणलाई टुक्रा टुक्रा गरी एउटै सामान एउटै बिक्रेताबाट पटक पटक खरिद गरिनु, खरिद गर्नु अघि स्टोर मौज्दात यकिन नगर्नु, समयमानै भण्डार दाखिला नहुनु, आर्थिक नियन्त्रण विभागको

भूमिका भुक्तानी कार्यमा मात्र सीमित रहनु, माल सामान खरिद पछि धेरै समयसम्म सन्ड्री क्रेडिटर्स हिसाबमा लेखा राख्ने वा बिक्रेताको बिलहरु सङ्कलन गरेर मात्र भुक्तानी दिने परम्परा रहनु आदिले खरिद व्यवस्थामा आन्तरिक नियन्त्रण प्रक्रिया कमजोर देखिएको छ ।

५३.२ कागज अभिलेखको आन्तरिक लेखापरीक्षण नगरेको, आपुर्तिकर्ताबाट प्राप्त कागजको प्राप्ती नोट तयार नगरेको, स्टोर लेजरमा रकम उल्लेख नगरेको, दाखिला रिपोर्ट वर्षको अन्त्यमा मात्र तयार गर्ने गरेको र सोको हिसाब २०६६।६७ को अत्यमा मात्र तयार गरेको, गुणस्तर परीक्षण गर्ने टियर इन्डेक्स, ओपासिटी र ब्राइटनेश मेसिन विग्रेको भनी परीक्षण नगरेको, निर्णय बेगर खरिद गरेको, परीक्षण पूर्व कागज प्रयोग गर्न पठाउने गरेको र परीक्षणलाई भन्दा कागज प्रयोग गर्दा समस्या परे नपरेको आधारमा मात्र कागजको मापदण्ड कायम भए नभएको यकिन गर्ने गरेको लगायतको कागज खरिदमा आन्तरिक नियन्त्रण प्रणालीमा कमजोरी देखिएका छन् ।

५४. **कर्जा** – कम्पनि ऐन २०६३ को दफा १०५ अनुसार चुक्ता पूँजी र फ्री रिजर्भको जम्मा रकम भन्दा बढीको कर्जा साधारण सभामा विशेष प्रस्ताव पारित नगराई सञ्चालकले लिन पाउने देखिदैन । २०६५ आषाढमा चुक्ता पूँजी र फ्री रिजर्भसमेत रु.४६ करोड ९९ लाख ६९ हजार मात्र भएकोमा सञ्चालक समितिको निर्णयबाट लिएको रु.७० करोड कर्जा नियमित देखिएन ।

५५. **आसामी हिसाब** – यस हिसाबअर्न्तगत केन्द्रीय कार्यालयको पाउनुपर्ने कुल रु.३ करोड ८६ लाख ९ हजारमा भुक्तानी दिनुपर्ने रु. ११ लाख ६ हजार घटाई रु.३ करोड ७५ लाख ३ हजार मात्र आसामी हिसाबमा राखेको पाइयो । भुक्तानी दिनुपर्ने रकमलाई भुक्तानी दिनुपर्ने शीर्षक अन्तर्गत समावेश गरी पाउनुपर्ने कुल रकम आसामी हिसाबमा देखाई वित्तीय विवरण तयार पार्नुपर्दछ ।

५५.१ अनौपचारिक शिक्षा केन्द्रसँग असुल गर्नुपर्ने रु.२८ लाख ७४ हजारमध्ये २०५५/५६ देखिको रु.२८ लाख ५४ हजार बाँकी रहेको पाइयो । करारनामा अनुसार पाठ्य सामग्री छपाई तथा वितरणमा ढिलाई भएकोले सो केन्द्रबाट जरिबानास्वरुप बिल रकमबाट घटाएर भुक्तानी प्राप्त भएकोले उक्त रकम नउठ्ने जानकारी प्राप्त भयो । सो रकमलाई आसामी हिसाबबाट नियमानुसार हिसाब मिलान गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा हालसम्म पनि सुधार भएको छैन ।

५५.२ एक प्रकाशन र केन्द्रबीच हिसाब तथा ब्याज निर्धारण गर्न गठित उपसमितिको प्रतिवेदन, २०६६ अनुसार केन्द्रले २०६६/३/३१ सम्म सो प्रकाशनसँग भुक्तानी लिन बाँकी रु.४ करोड ४३ लाख ३३ हजार देखाएकोमा प्रकाशनले रु.४ करोड १० लाख ९२ हजारमात्र देखाई रु. ३२ लाख ४१ हजार फरक परेको देखिन्छ । दुबै संस्थाको उच्चस्तरीय पदाधिकारीहरुले ब्याज निर्क्यौल हुनुपर्ने भनी सिफारिस गरेको भएपनि फरक रकम निर्क्यौल गरेको देखिएन ।

५६. **कर्मचारी पेश्की** – केन्द्रीय कार्यालयका कर्मचारी पेश्कीको विवरणअनुसार यस शीर्षकमा देखाएको मौज्दात रु.३० लाख १४ हजारमा कर्मचारीलाई दिन बाँकी रु.३ लाख ६३ हजारसमेत समायोजन भएको देखिएकोले उक्त रकम दिनुपर्ने हिसाबमा लेखाङ्कन गरी यो शीर्षकमा रु.३३ लाख ७७ हजार कायम गर्नुपर्ने देखिन्छ ।

५६.१ लागत अनुमान बेगर कर्मचारीहरुलाई कार्यालय काम, सामान खरिद आदिको लागि भ्रमण पेश्की दिने गरेको छ । समयमा कर्मचारीहरुले त्यस्ता पेश्की फछ्यौंट गराउने गरेको पाइएन । यस्ता पेश्की कर्मचारीहरुको तलबबाट मासिक रुपमा थोरै थोरै कट्टी गर्ने गरेको पाइयो । यस्ता कारोबारमा नियन्त्रण गरिनुपर्दछ ।

५६.२ आर्थिक प्रशासन विनियमावली, २०५८ को विनियम ९(९) विपरीत पुरानो पेश्की फछ्यौंट नभइ सोही कर्मचारीलाई नयाँ पेश्की दिने गरेको समेत देखियो ।

५६.३ आर्थिक प्रशासन विनियमावली, २०५८ को विनियम ९ को उपनियम १० अनुसार कवुलियतनामाको शर्तअनुसार दिइने पेश्की र दुई आर्थिक वर्षलाई छुने भ्रमणको निमित्त दिइने पेश्कीबाहेक चालू वर्षमा

फछ्यौंट नहुने गरी पेश्की दिन नहुने भएपनि सोको पालना भएको छैन । म्याद नघाई नगद दाखिला गरी फछ्यौंट गरेको पेश्कीको ब्याज हिसाब पनि गर्ने गरेको छैन ।

५६.४ अवकाश प्राप्त कर्मचारीहरुको नाममा पेश्की बाँकी रहेको पाइयो । उक्त पेश्की सम्बन्धित कर्मचारीबाट उठाउन कुनै पहल गरेको छैन ।

५७. **अन्य पेश्की –** यो शीर्षकअन्तर्गत रु.२ करोड १४ लाख ५१ हजार २०६३/६४ वा सो भन्दा अघिदेखिको जिम्मेवारी सार्दै ल्याएको पाईयो । त्यस्ता पुराना पेश्कीहरुको विस्तृत विवरण प्राप्त नभएकाले पेश्की उपलब्ध गराएको मिति, प्रयोजन, सो पेश्की फछ्यौंट हुन बाँकी रहेको कारण यकिन गर्न सकिएन । पेश्की फछ्यौंट नहुनाको कारण पत्ता लगाई असुल, फछ्यौंट वा हिसाब मिलान नगरेको साथै लामो समयसम्म फछ्यौंट हुन नसकेका पेश्कीको शंकास्पद व्यवस्था गरेको पनि पाइएन ।

५७.१ भारतको एक कम्पनीलाई विगतका वर्षहरुमा विभिन्न सामानहरु आपूर्तिका लागि उपलब्ध गराएको पेश्कीमध्ये २०६५/६६ मा जिम्मेवारी सारेको रु.५ लाख ५२ हजारमध्ये नम्बरिङ्ग मेसिनको सामान खरिदबापत २०६६।३।३१ मा रु.३ लाख ९९ हजार फछ्यौंट गरी २०६५/६६ को अन्त्यमा फछ्यौंट गर्न बाँकी रु.१ लाख ५३ हजार अद्यापि फछ्यौंट गरेको पाइएन ।

५७.२ बाह्य प्रेसमार्फत पाठ्यपुस्तक छपाई गर्न १५ दिनको कार्यादेश दिने गरेको र सो प्रयोजनको लागि पेश्कीसमेत उपलब्ध गराउने गरेको पाइयो । कार्यादेश पाएको १५ दिनभित्र कार्य सम्पन्न गरी समयमा नै पेश्की फछ्यौंट गर्नुपर्नेमा धेरै ढिलो गरी पेश्की फछ्यौंट गर्ने गरेको समेत पाइयो ।

५७.३ बाह्य प्रेसमार्फत पाठ्यपुस्तक प्रकाशन गर्ने एक प्रकाशन केन्द्रलाई २०६५/६६ मा विभिन्न समयमा प्रदान गरेको पेश्कीमध्ये रु-.२ करोड ६१ लाख ८५ हजार फछ्यौंट गरेको पाइएन । सो प्रकाशन केन्द्रसँग भएको सम्झौता र अन्य कागजात उपलब्ध नभएका कारण ठुलो रकम पेश्की उपलब्ध गराउनु पर्नाको कारण र लामो समयसम्म फछ्यौंट नहुनुको कारण यकिन गर्न सकिएन ।

५७.४ एयर कण्डिसन खरिद तथा जेनेरेटरको केबिलङ्ग आदि गर्न विभिन्न मितिमा एक इलेक्ट्रीकल्सलाई प्रदान गरेको पेश्की रु-.२५ लाख ६० हजार फछ्यौंट गरेको पाइएन । केन्द्र र सो इलेक्ट्रोनिक्स तथा इलेक्ट्रीक्सबीच भएको सम्झौता सहितको फाइल, सेक्युरिटी प्रेसको लागि केबुल तान्ने र किर्लोस्कर ५०० के.भि.ए. जेनेरेटरको केबिलङ्गको लागि उपलब्ध गराएको रु.१५ लाख पेश्कीको भौचर तथा अन्य सर्पोटिङ्ग कागजात पेश नगरेकोले पेश्की उपलब्ध गराएको प्रक्रियाको यथार्थता यकिन गर्न सकिएन । पाठ्यक्रम विकास केन्द्र, सानोठिमीलाई २०६५/४/२१ र २०६६/३/३१ मा पाठ्य पुस्तकको सि.आर.सी. तयार गर्न प्रदान गरेको पेश्की रु-.२७ लाख ५० हजार २०६७/६७ सम्म पनि फछ्यौंट गरेको पाइएन ।

५७.५ पुरानो ३७५ के.भी.ए. जेनेरेटर मर्मत तथा जडानको लागि केन्द्रले एक इन्जिनियरिङ सर्भिसलाई विभिन्न मितिमा उपलब्ध गराएको पेश्की रु.२८ लाख ३५ हजारमध्ये रु.२ लाख ७ हजार २०६६।३।३१ मा मात्र फछ्यौंट गरी रु.२६ लाख २८ हजार फछ्यौंट गर्न बाँकी रहेको पाइयो । सो इन्जिनियरिङ सर्भिसलाई उपलब्ध गराएको कुल पेश्कीमध्ये ५०० के.भी.ए. जेनेरेटर जडान एवं स्पेयर पार्टसको लागि रु.२० लाख ५० हजार रहेको देखियो । सम्झौताअनुसार सो बापत मूल्य अभिवृद्धि कर समेत कुल रु.२० लाख ५७ हजार को काम रहेकोमा सम्झौता बराबरको रकम पेश्की उपलब्ध गराउनुपर्नाको कारण स्पष्ट भएन ।

५८. **धरौटी –** धेरै पुराना धरौटी जिम्मेवारी सार्दै ल्याएको पाइयो । सम्पर्कमा नआएका पुराना धरौटी रकमलाई नियमानुसार आम्दानीमा सर्न पहल गरेको पाइएन । ठेकेदार तथा अन्यको धरौटी रु.२७ लाख ४१ हजार देखाएकोमा डेबिट व्यालेन्स रु.१३ हजार धेरै वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको छ । उक्त रकमको विवरण उपलब्ध भएन ।

५९. **तिर्न बाँकी –** तिर्न बाँकी हिसाबमा पुरै क्रेडिट मौज्दात समावेश गर्नुपर्नेमा कुल क्रेडिट मौज्दात रु.५ करोड ४५ लाख २ हजारमा डेबिट मौज्दात रु.८ लाख ५५ हजार समायोजन गरी खुद मौज्दात रु. ५ करोड ३६

लाख ४७ हजार मात्र यस शीर्षकमा देखाइएको पाइयो । डेबिट मौज्दातलाई प्राप्त गर्न बाँकी शीर्षकमा देखाउनुपर्दछ ।

५९.१ एक इलेक्ट्रोनिक्सलाई एयर कण्डिसन खरिदको लागि २०६५।११।५ मा उपलब्ध गराएको पेश्की रु.६ लाख ५ हजार फछ्यौंट नगरी एयर कण्डिसन खरिदबापत रु.६ लाख ६३ हजार २०६५/११/२० मा भुक्तानी गरेका कारण डेबिट मौज्दात रहेको पाइयो । पेश्की रकम यथाशीघ्र असुल गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

५९.२ पाठ्यपुस्तक छपाईबापत एक अफसेट प्रिन्टर्सलाई भुक्तानी गर्नुपर्ने रु.५ लाख ३७ हजारलाई २०६५।५।१५ मा दोहोरो भौचर उठाई लेखाङ्कन गरेका कारण तिर्न बाँकी हिसाबमा रु.५ लाख ३७ हजार डेबिट मौज्दात रहन गएको पाईयो । दोहोरो भुक्तानी नै भएको हो वा लेखाङ्कनको त्रुटिका कारण डेबिट मौज्दात रहन गएको हो यकिन गरी अबिलम्ब नियमानुसार असुल वा हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

५९.३ कर्मचारीको सञ्चयकोष कट्टी रकम तिर्न बाँकी सञ्चयकोष हिसाबमा जम्मा गर्ने र कट्टी रकम कर्मचारी सञ्चयकोषमा दाखिला गरेपछि सो शीर्षकलाई डेबिट गरिने हुँदा सामान्यत: तिर्न बाँकी सञ्चयकोष हिसाबमा मौज्दात शून्य हुनुपर्नेमा यस शीर्षकमा रु.३ लाख २० हजार डेबिट मौज्दात देखिन्छ । डेबिट मौज्दात रहनाको कारण पत्ता लगाई हिसाब राफसाफ गर्नुपर्दछ ।

५९.४ तलब अन्तर्गत रु.२४ लाख २० हजार बाँकी देखाइएको छ । गत वर्षको रकम यस वर्ष भुक्तानी भएको देखिएन । यस वर्षको तिर्न बाँकी देखाइएको रु.२४ लाख २० हजार कुन महिनाको तलब बापतको कुन कुन कर्मचारीलाई कति कति रकम भुक्तानी दिन बाँकी हो सो को विस्तृत विवरण उपलब्ध हुन नसकेको र यस वर्षको आषाढ महिनासम्मको तलब भुक्तानी भईसकेको कारण दोहोरो खर्च लेखाङ्कन भएका कारण अस्वभाविक रुपमा तिर्न बाँकी तलब शीर्षकमा क्रेडिट मौज्दात देखिएको हुन सक्ने भएकोले सोको यथार्थ यकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ । यस वर्ष तलब रु.२ लाख ९२ हजार खर्च लेखाङ्कन नगरी भुक्तानी भएको देखिएकोले सो को समेत हिसाब मिलान गर्नुपर्दछ ।

६०. **खर्च बाँडफाँड** – प्रशासनिक खर्चलाई प्रेस खर्चमा बाँडफाँड गर्ने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था एवम् मापदण्ड निर्धारण गरेको पाइएन । एक वर्षभित्र उपयोगमा आउन नसकेका कच्चा पदार्थ, केमिकल्स तथा मसीको विद्यमान गुणस्तर, भौतिक अवस्था यकिन गर्ने र ती सामानहरु भविष्यमा उपयोग योग्य भए नभएको यकिन गरी मौज्दात व्यवस्थापन गर्नुपर्दछ ।

६१. **तलबी प्रतिवेदन** – कर्मचारी प्रशासन विभागबाट कर्मचारीको तलबी प्रतिवेदन पारित गरेको पाइएन । आश्विन र कार्तिक महिनाको तलबी विवरण पनि पेश भएन ।

६२. **औषधोपचार –** कर्मचारी सेवा शर्त विनियमावली, २०५७ को नियम १०४ मा कर्मचारीलाई तहको आधारमा औषधोपचार सुविधा प्रदान गर्ने व्यवस्था भएतापनि नेपाल सरकारको स्वीकृतिमा विनियमावली संशोधन नगरी तोकिएको दिन भन्दा २० प्रतिशत थप गरी गत वर्ष अनुरुप यो वर्ष पनि औषधोपचारमा रु.६४ लाख ७ हजार खर्च गरेको पाईयो ।

६३. **कर्मचारी सहुलियत –** स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई पाठ्यपुस्तक तथा अभ्यास पुस्तिकाहरु सहुलियत बापत वार्षिक क्रमश: रु.१ हजार ८ सय र रु.१ हजार ५ सय दिने गरेको पाइयो । सो बापत यस वर्ष रु.९ लाख ७९ हजार खर्च गरेको छ । यस सम्बन्धी नीतिगत निर्णय उपलब्ध नभएकोले खर्चको यथार्थता यकिन गर्न सकिएन ।

६४. **विदाको अभिलेख** – कर्मचारी सेवा शर्त विनियमावली, २०५७ को विनियम ५३ बमोजिम कर्मचारीले काम गरेको अवधिको बाह्रदिनको एकदिनका दरले घर बिदा गणना गर्नुपर्नेमा मासिक २.५ दिनका दरले घर बिदा गणना गरेको पाइयो । विनियमावली विपरीत घर विदा लिएको अवधिको समेत घर बिदा गणना गरेको पाइयो ।

६५. **मेसिन मर्मत** – आय–व्यय हिसाबमा असर पार्ने गरी नयाँ खरिद गरेको ५०० के.भि.ए. जेनेरेटर जडान बापतको खर्च रु.१ लाख १७ हजारलाई सम्बन्धित मेसिनरी शीर्षकमानै पूँजीकृत गर्नुपर्नेमा मेसिन मर्मत शीर्षकमा खर्च गरेको पाइयो ।

६६. **घरजग्गा सापटी कोष** – घर जग्गा सापटी विनियम, २०४९ को नियम ५ मा कर्मचारीलाई घर जग्गा सापटी प्रदान गर्न रु.३५ लाखको घर जग्गा सापटी कोषको व्यवस्था गर्ने उल्लेख भए पनि सो कोष अस्तित्वमा रहेको पाइएन । घर जग्गा सापटी र घर मर्मत सापटी लिने कर्मचारीको मासिक तलबबाट ३० प्रतिशतले हुने रकम कट्टी गर्नुपर्नेमा सोअनुरुप कट्टा गरेको पनि पाइएन ।

२०६५/६६ मा ५ कर्मचारीलाई प्रति कर्मचारी रु.१ लाखका दरले रु.५ लाख मोटरसाइकल सापटी प्रदान गरेको पाइयो । सो सापटी केन्द्रको मोटरसाइकल ऋण सुविधा उपलब्ध गराउने बारेको निर्देषित प्रावधानविपरीत रहेको एवं सोको कुनै अभिलेखसमेत राखेको पाइएन ।

६७. **सापटी** – कर्मचारी सापटीको २०६५/६६ को व्यक्तिगत विवरण २०६७।४।१५ सम्म पनि अध्यावधिक नभएका कारण कर्मचारी ऋण सापटी शीर्षकमा वासलातमा देखाएको रु. १ करोड ७९ लाख ५१ हजारको यथार्थता यकिन गर्न सकिएन ।

६८. **बोनस वितरण** – लेखा सिद्धान्त एवं नीतिअनुरुप खुद मुनाफा निर्धारण गरी प्रचलित बोनस ऐनले निर्धारण गरेको प्रक्रियाबमोजिम नेपाल सरकारको स्वीकृतिमा मात्र बोनस वितरण गर्नुपर्नेमा निरन्तर घाटामा सञ्चालन भइरहेको अवस्थामा, मुख्य जिम्मेवारीको रुपमा रहेका पाठ्यपुस्तक छपाईको कार्य बाहिरी प्रेसलाई प्रदान गरी अन्य छपाईको कार्यादेश लिने र केन्द्रको खुद मुनाफानै निर्धारण नगरी बोनस प्रकृतिको रकम अन्य तरिकाबाट वितरण गर्नुलाई नियमित मान्न सकिएन ।

६९. **छपाई** – प्रेसहरुको उत्पादन क्षमता तथा केन्द्रको बाह्य पुस्तकको आवश्यकता विश्लेषणको आधारमा क्षमताले नभ्याएमा मात्र बाहिरी छापाखानाबाट छपाई गराउनुपर्नेमा उत्पादन क्षमता तथा बाह्य पुस्तकको आवश्यकताको तुलनात्मक विश्लेषण गरेको पाइएन । केन्द्रमा रहेका १८ प्रिन्टिङ्ग मेसिनको वार्षिक पाठ्यपुस्तक छपाईको क्षमता २ करोड ४१ लाख ९३ हजार थान रहेकोमा २०६५/६६ मा १ करोड ३६ लाख ३ हजार (५६ प्रतिशत) मात्र छपाई गरेको पाइयो । उपलब्ध मेशीन र जनशक्तिको उपयोग नगरी बाह्य छापाखानाबाट छपाई गराउनुलाई नियमित मान्न सकिएन ।

६९.१ पाठ्यपुस्तकको नियमित आपूर्ति सुनिश्चित गर्न तथा बजारमा पाठ्यपुस्तकको अभाव हुन नदिन आन्तरिक क्षमताबाट मात्र पाठ्य पुस्तक छपाई गरी बिक्री वितरणलाई नियमित गर्नु चुनौति पूर्ण रहेको कारण देखाई सञ्चालक समितिले आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्याङ्कनको आधारमा प्रेसहरुको पूर्व योग्यता र छपाई तथा बाईण्डिङ्गको दररेट निर्धारण गरी सोही आधारमा बाहिरी प्रेसहरुबाट छपाई गराउने निर्णय गरेको पाइयो । उक्त दर रेट निर्धारण गर्दा लागत इस्टिमेट तयार गरेको नदेखिएको तथा सञ्चालक समितिको निर्णयमा समेत लागत अनुमानको सम्बन्धमा कुनै व्यहोरा उल्लेख गरेको देखिएन । एक छापाखानाको रु.२ सय र ४ सयको दर स्वीकृत भएकोमा सो छापाखानाले सम्झौता गर्न असमर्थता जनाएकोले निजको बोलपत्र रद्ध गरी ५० प्रतिशत बढी भएको दोस्रो न्यूनतम कबोल गर्ने अर्को प्रेसको रु.३ सय र ६ सय को दररेट स्वीकृत गरेको देखिन्छ ।

६९.२ बाहिरी पाठ्यपुस्तक छपाईमा २०६५/६६ को लागि रु.५० लाख बजेट स्वीकृत भएकोमा सञ्चालक समितिको स्वीकृती बेगर रु.२८ करोड ९० लाख ३२ हजार खर्च गरेको छ ।

७०. **खरिद** – सार्वजनिक निकायका लागि वस्तु तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ लागू भएपनि केन्द्रले उक्त ऐनको अनुसरण गरेको छैन । सो ऐनअनुरुप हुने गरी नयाँ आर्थिक प्रशासन नियमावली वा खरिद नियमावली लागू गरेको पाइएन ।

७१. **व्यक्तिमार्फत सेवा** – लोड सेडिङ्गको समयमा अन्य फिडरबाट विद्युत आपूर्ति गर्न नेपाल विद्युत प्राधिकरण मार्फत सेवा लिनु पर्नेमा सोही प्राधिकरणका दुईजना कर्मचारीमार्फत त्यस्तो सेवा लिई ती दुई कर्मचारीलाई सेवा शुल्कबापत अग्रिम आयकरसमेत नकटाई रु- १ लाख ८७ हजार भुक्तानी दिएको देखियो । २०६५/७/२१ देखि २०६६/१/२० सम्म विद्युत कटौती प्रभाव नपार्न र गोठाटार तथा ठिमी फिडरवीच समन्वय राख्न उक्त रकम भुक्तानी गरेको पाइयो । संस्थागतरुपमा गर्नुपर्ने यस प्रकारको कार्य व्यक्तिगतरुपमा गरिनुलाई नियमित मान्न सकिएन ।

७१.१ निर्वाचन आयोगबाट प्राप्त वेव टेक प्रिन्टिङ मेशीनको स्पेयर पार्टस् खरिद गरी जडान कार्यमा भएको खर्च रु.२६ लाख ७१ हजार पूँजीकरण गरेको देखिएन । मतपत्र छपाई गर्ने कामको अलावा पाठ्यपुस्तक छपाई गर्न पनि उक्त मेशीनको क्षमतामा बृद्धि गर्न सकिने इन्जिनीयरहरुको सल्लाहमा प्रोफर्मा इन्भ्वाइस प्राप्त गरी भा. रु.१५ लाख २४ हजारको स्पेयर पार्टस् र सोको मूल्य अभिवृद्धि करसहित रु.२७ लाख ८२ हजार २०६५/३/२७ मा खरिद गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको पाइयो । पूर्व अनुमानित क्यासेट/सिटर १४" को सट्टा १५" राख्नुपर्ने भनी प्रबन्ध सञ्चालकको स्वीकृतिमा रि–अर्डर हुँदा सञ्चालक समितिले स्वीकृति गरेभन्दा रु.१ लाख ८ हजार बढी भुक्तानी भएको पाइयो ।

७२. **अभिलेख** – स्टोर अभिलेख तथा लेजर व्यवस्थित गरेको पाइएन । आन्तरिक लेखापरीक्षण वा भौतिक परीक्षण गरेको पाईएन । २०६५।६६ को अभिलेख २०६६।६७ को अन्त्यतिर मात्र तयार गरेको र स्टोर आर्थिक विवरणमा सम्बन्धित अधिकारीले दस्तखतसमेत गरेको नदेखिएकोले प्राप्त भएको सबै कागजको अभिलेख ठीक एवं दुरुस्त छ भनी विश्वस्त हुन सकिएन ।

७३. **कागजात उपलब्धता** – एक लोजिसटिक्सलाई २०६५/८/२७ देखि २०६६ वैशाखसम्मको जेनेरेटर भाडा बापत रु-.२३ लाख ४ हजार भुक्तानी गरेकोमा सम्झौता तथा खरिद बिल/रसिद अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाएको भनी उपलब्ध हुन सकेन ।

७४. **कानूनको पालना** – कर्मचारी सञ्चयकोष कट्टी रकम समयमा दाखिला नगरेको तथा सामान्य अनुमानको आधारमा पारिश्रमिकको अग्रिम आयकर कट्टी गर्ने गरेकोले कट्टी गर्नुपर्ने र कट्टी गरिएको रकममा अन्तर रहेको पाइयो । कट्टी गरेको अग्रिम आयकर तोकिएको म्यादभन्दा ढिलो जम्मा गर्ने गरेको समेत पाइयो ।

जिल्ला शिक्षा कोष

७५. जिल्ला शिक्षा कोष सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७५.१ जिल्ला शिक्षा कार्यालय पर्साले गत र यो वर्षसमेत शिक्षा कोषको श्रेस्ता लेखापरीक्षण गराएको छैन ।

७५.२ जिल्ला शिक्षा कार्यालय, महोत्तरीले गतवर्षको अन्तिम मौज्दात रु.७८ लाख ६५ हजार देखाएकोमा यो वर्ष रु. ७७ लाख १८ हजार मात्र सुरु मौज्दात जिम्मेवारी सारी रु.१ लाख ४७ हजार कारणबेगर घटी देखाएको छ । साथै कार्यालयले विभिन्न मितिमा बिना बिल भरपाई रु.२ लाख ९६ हजार खर्च लेखेको छ । सो रकम पनि असुल गर्नुपर्दछ ।

७५.३ जिल्ला शिक्षा कार्यालय, महोत्तरीले कार्यक्रम खर्चबाट शोधभर्ना लिने गरी २०६६।५।३० मा एक सप्लायर्सबाट रु.३ लाख मूल्य वरावरको कपी, पेन्सील, चक,डष्टर तथा अर्का एक सप्लायर्सबाट रु.३ लाखका सोफा, कुर्सीसमेत सोभै खरिद गरी भुक्तानी खर्च लेखेको देखियो । ती सामान भण्डार दाखिला नगर्नुका अतिरिक्त वितरण गरेको पनि देखिएन । यस्ता सामानको खरिद खर्च सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

७५.४ जिल्ला शिक्षा कार्यालय, महोत्तरीले यो वर्ष रामदलित प्राथमिक विद्यालय वगडालाई नि:शुल्क पाठ्य पुस्तकको रकम निकासा देखाएको रु.७५ हजार, गतवर्ष खाता नखोलिएका विद्यालयलाई दिनुपर्ने पर क्यापिटा फण्डिङ रकम रु.४ लाख, एक शहीद प्राथमिक विद्यालय खरबना–६ लाई विगत वर्षको ४ कोठे भवन निर्माणको निकासा रु.३ लाख, श्री दलित प्राथमिक विद्यालय हरिहरपुर र मुन्नी मिश्री प्राथमिक विद्यालय पडरिया, सवरी दलित प्राथमिक विद्यालय हरिहरपुर र एकजरावेला माध्यमिक विद्यालय लाई पर क्यापिटा

फण्डिङ रकम निकासा दिएको रु.३ लाख २३ हजार, १४ विद्यालयलाई आधार प्रमाण बेगर निकासा दिएको पाठ्य पुस्तकको रु.१३ लाख ४६ हजार, वीना प्रयोजन सवारी साधन भाडामा लिएको देखाई खर्च लेखेको रु.४ लाख ६३ हजार, सवारी साधन बेगर इन्धन खर्च लेखेको रु.१ लाख ५८ हजार समेत रु.३० लाख ६५ हजार यो कोषबाट खर्च लेखेको सम्बन्धमा आवश्यक छानबिन हुनुपर्दछ ।

७५.५ जिल्ला शिक्षा समिति, सप्तरीले पेश गरेको आय व्यय विवरणको क्रमसंख्या ५ मा गत वर्ष अनौपचारिक शिक्षातर्फको रकम कोषमा आम्दानी बाँधेको रु.६४ लाख ३१ हजारमध्ये यो वर्ष रु.२१ लाख ८५ हजार खर्च लेखी रु.४२ लाख ४६ हजार कोषमा मौज्दात देखाएको छ । सो रकम कोषमा राख्नुपर्ने नभएकोले संचित कोष दाखिला गर्नुपर्दछ ।

उच्च माध्यमिक शिक्षा परिषद्

७६. **लेखापरीक्षण –** परिषद्अन्तर्गतका सबै ८ क्षेत्रीय कार्यालयहरुको आन्तरिक लेखापरीक्षण भएको छैन । क्षेत्रीय कार्यालयहरु पोखरा र काठमाडौंले यो वर्षको अन्तिम लेखापरीक्षण गराएका छैनन् । स्थलगत लेखापरीक्षणको समयमा लेखापरीक्षण नगराउनेउपर कारबाही हुनुपर्ने देखिन्छ ।

७७. **बैङ्क हिसाब –** परिषद्को स्थापनाकाल देखिको १९ बैंङ्क खाताको हिसाब भिडान कार्य आवधिक रुपमा नहुँदा स्रेस्ता र बैंङ्क मौज्दातका वीच रु.३२ करोड १ लाख ४६ हजार फरक देखिएको छ । यो वर्ष १३ बैंङ्क खाताको हिसाब भिडान सुरु गरेको र बाँकी खाताको बैङ्क समायोजन विवरण चालू वर्षको आषाढ मसान्तसम्म तयार गर्ने प्रतिवद्धतासम्म परिषद्ले जनाएको छ ।

७८. **पदपूर्ति –** परिषद्को कर्मचारी सेवा शर्तसम्बन्धी विनियमहरु, २०५३ को विनियम ७ अनुसार परिषद्ले कर्मचारी दरबन्दी सिर्जना, स्वीकृति र पूर्ति गर्नसक्ने व्यवस्था छ । परिषद्मा अधिकृत स्तरका ८६ र कार्यालय सहयोगीसमेतका सहायकस्तरका २३४ समेत ३२० दरबन्दी भएकोमा ज्यालादारी १२९, अस्थायी १२८ र स्थायी ६३ पदपूर्ति भएको देखिएको छ । परिषद्ले रु.१२ करोडभन्दा बढी आम्दानी तथा खर्च हुने कार्यालयमा समेत मासिक ज्यालादारीमा रहेका कर्मचारीबाट आम्दानी खर्चको स्रेस्ता सञ्चालन गर्ने गरेको देखियो । दरबन्दीबेगर ८ कर्मचारीलाई करार सेवामा राखी तलब भत्ता आदि सुविधाबापत रु.१२ लाख ९६ हजार खर्च लेखेको छ । दरबन्दीबेगर करारमा राख्न मिल्ने देखिदैन ।

७९. **विनियम –** उच्च माध्यमिक शिक्षा ऐन,२०४६ को दफा १७ मा ऐन र सोअन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आफ्नो आन्तरिक काम कारबाही व्यवस्थित गर्न विनियम बनाउन सक्ने र ती विनियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुने उल्लेख छ । नेपाल सरकारको स्वीकृति बिना परिषद्ले कर्मचारी सेवा शर्तसम्बन्धी विनियम, २०५३, सम्बन्धनसम्बन्धी विनियम, २०५५ आर्थिक प्रशासनसम्बन्धी विनियमहरु, २०५३, परीक्षासम्बन्धी विनियमहरु खण्ड क र खण्ड ख समेत बनाई लागू गरेको देखियो ।

८०. **निमित्त –** परिषद्मा कानूनी आधारबिना शाखा अधिकृत ८ र उपसचिव ३ गरी तल्लो पदका ११ कर्मचारीलाई निमित्त बनाई रु. २ लाख १८ हजार थप तलब भुक्तानी गरेको छ । यसरी कानूनी आधार बेगर निमित्त बनाई थप तलब खर्च लेख्ने परिपाटीको अन्त्य गरिनु पर्ने देखियो ।

८१. **उत्तरपुस्तिका –** परिषद्ले यो वर्ष रु.३ करोड ४ लाख २२ हजार मूल्यको ५५ लाख ३१ हजार २५० उत्तरपुस्तिका छपाई गरेको देखियो । परिषद् र अन्तर्गतका क्षेत्रीय कार्यालयमा गत वर्षको उत्तरपुस्तिका मौज्दात ७१ हजार ५५० देखिएको छ । दुवै जोड्दा ५६ लाख २ हजार ८०० उत्तरपुस्तिका प्रयोगमा आउन सक्ने अवस्था छ । परिषद्ले दिएको विवरण अनुसार कक्षा ११ र १२ मा परीक्षा आवेदन फर्म भर्ने विद्यार्थी संख्या ७ लाख ५८ हजार ५०७ देखिएकोले विद्यार्थीले परीक्षा दिने ५ विषयका लागि सरदर ६ थान उत्तर पुस्तिकाका दरले ४५ लाख ५१ हजारभन्दा बढी प्रयोग हुने अवस्था देखिएन । बाँकी १० लाख ५२ हजार उत्तरपुस्तिका देखिनुपर्नेमा केन्द्रीय भण्डार मौज्दातमा ४ लाख ५ हजार १८८ देखिएको छ । बाँकी ६ लाख ४७ हजार उत्तरपुस्तिकाको मौज्दात अवस्था खुलेको छैन । यस विषयमा छानबिन हुनुपर्ने देखिएको छ ।

८२. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा रु.१० लाखभन्दा बढी मूल्यका सामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । परिषद्ले आफ्ना २ कर्मचारी भारत पठाई रु.४४ लाख २४ हजार मूल्यका ट्रान्सक्रिप्ट, माइग्रेशन र प्रोभिजनल सर्टिफिकेट बोलपत्रबेगर सोझै छपाई गरी भुक्तानी खर्च लेखेको छ । प्रतिस्पर्धा गराई स्वदेशमै छपाई गर्न सकिने सामान कुनै कारणबेगर विदेशमा कर्मचारी पठाई छपाई गर्नु कानूनसम्मत देखिएन ।

८३. **अन्य निकायको खर्च**– आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा अन्य निकायको खर्च लेख्न नमिल्ने र खर्च लेखेमा खर्च लेख्ने पदाधिकारीबाट असुल गर्नुपर्ने उल्लेख छ । परिषद्ले २ मन्त्रीका लागि रु. ८७ हजार मूल्यका २ मोवाइल र निजी सचिवालयका ७ कर्मचारीको दैनिक तथा भ्रमण भत्ता खर्च रु. ५६ हजार समेत रु. १ लाख ४३ हजार अन्य निकायको खर्च व्यहोरेको देखियो ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्

८४. **बजेट कार्यक्रम** – प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ को दफा ५ क ४ मा परिषद् सभाले वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने उल्लेख भएकोमा परिषद्को यस वर्षको बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत गरेको देखिएन ।

सोही ऐनको दफा ९.२ मा परिषद्का कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने उल्लेख छ । कर्मचारी अवकाश पश्चात सुविधा प्रदान गर्ने प्रयोजनका लागि सुविधा खाताको व्यवस्था गरी गत वर्ष परिषद्ले केन्द्रीय कोषबाट रु. १५ करोड र यो वर्ष परीक्षा आम्दानी खाताबाट रु. १० करोड सुविधा खातामा रकम लगेको देखियो । ऐनको दफा ६.२ अनुसार कर्मचारी सुविधा तोके बमोजिम हुने र परिषद् तथा सभा दुवैबाट वार्षिक बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । तसर्थ केन्द्रीय खाताबाट सुविधा खातामा रकम लानु अघि वार्षिक बजेटमा सो को व्यवस्था हुनुपर्नेमा सम्बन्धित वर्षमा बजेट व्यवस्था बेगरै रकम लानू कानूनसम्मत देखिएन ।

८५. **प्राविधिक शिक्षा–** वार्षिक कार्यक्रम अनुसार तराईका ८ जिल्लाका दलित र विपन्न मुसलमान परिवारका छात्रालाई प्राविधिक शिक्षा दिन बोलपत्रद्वारा सम्झौता गरी ६ संस्थालाई रु. ७४ लाख ८४ हजार मोबिलाइजेशन पेश्की दिएको देखियो । पेश्की दिनु अघि बैंङ्क जमानत लिनु पर्नेमा ३ संस्थाबाट जमानत नलिइ रु. २४ लाख ६८ हजार प्रदान गरेको छ । छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिका, २०६६ अनुसार यो कार्यक्रमको लागि वर्षमा कम्तिमा २ पटक सुपरिवेक्षण तथा अनुगमन गरिने र मूल्याङ्कनबाट आएको पृष्ठपोषणको आधारमा सुधारात्मक कदम चालिने उल्लेख छ । परिषद्बाट यो कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन भएको छैन । साथै ती संस्थाले लिएको पेश्की समेत फछ्यौंट भएको छैन । यो कार्यक्रमको प्रगति विवरण पनि तयार भएको देखिएन ।

विश्व विद्यालय अनुदान आयोग

८६. **अनुदान व्यवस्था** – विश्वविद्यालय तथा सामुदायिक क्याम्पसहरुलाई नेपाल सरकारको तर्फबाट दिइने निकासा अनुदान लगायतका रकम शिक्षा मन्त्रालयबाट प्राप्त गरी तथा आफ्नो कोष समेतबाट निकासा गर्ने कार्य विश्वविद्यालय अनुदान आयोगले गर्दै आएको छ । यो वर्ष आयोगबाट विश्वविद्यालयलाई चालूतर्फ रु.३ अर्ब ५६ करोड ७७ लाख र पूंजीगत तर्फ रु. ४३ करोड २५ लाख ४० हजार गरी रु.४ अर्ब २ लाख ४० हजार निकासा दिएको देखिएको छ । नेपाल सरकार र विश्व बैंङ्कबीच भएको अनुदान सहयोग सम्झौता अनुसार दोस्रो उच्च शिक्षा परियोजनाको कम्पोनेन्ट १,२ र ४ आयोगले सञ्चालन गर्ने गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

८६.१ विश्व बैंङ्कसँग भएको सम्झौताअनुसार दोस्रो उच्च शिक्षा परियोजना र आयोगको नियमित खर्चको लेखा अलग अलग छुट्टिने गरी राख्नुपर्नेमा यो वर्ष पनि कार्यक्रमगत स्रेस्ता छुट्याई लेखा खडा गरेको पाइएन । यसैगरी सम्झौता बमोजिम नेपाल सरकार र विश्व बैंङ्कबाट व्यहोर्नुपर्ने अंशको लागि बजेट रकम र

कार्यक्रम खुलाई लेखा तयार गर्ने गरेको पनि देखिएन । गतवर्ष देखि आयोजना लेखामा नेपाल सरकारतर्फ स्रोतान्तर गर्नुपर्ने देखाएको रु.१७ लाख ३१ हजारको हिसाब भिडान भएको छैन । नेपाल सरकारबाट प्राप्त रु. १ करोड ९८ लाखमध्ये आयोगले रु.५० लाख सञ्चालन खर्चमा र रु.१ करोड ४८ लाख सवारीसाधनतर्फ जोड कोष अन्तर्गत रकम छुट्याई बजेट व्यवस्था गरेपनि सोमध्ये सञ्चालन खर्चतर्फको रु. १० लाख ९५ हजार मात्र खर्च गरेको देखियो । सञ्चालन खर्च तर्फ मौज्दात रहेको रु.३९ लाख ५ हजार र सवारीसाधन जोड कोषतर्फ पूरै बचत भई मौज्दात रहेको रु.१ करोड ४८ लाखसमेत रु.१ करोड ८७ लाख ५ हजार सञ्चितकोष दाखिला गर्नुपर्ने देखिएको छ ।

८६.२ दोस्रो उच्च शिक्षा परियोजना सञ्चालनसम्बन्धी अनुदान सम्झौता र आयोजना एप्राइजलको व्यवस्थाबमोजिम विभिन्न सामुदायिक क्याम्पसहरुलाई दोस्रो उच्चशिक्षाअन्तर्गतको स्कीममा सहभागी भई आयोगसंग सम्झौता गरेको आधारमा कार्य सम्पादन र जोडकोष अनुदान रकम निकासा दिने गरेको छ । कार्य सम्पादन अनुदान पाउने सम्बन्धमा विभिन्न आधार तय गरी प्रत्येक आधारको लागि तोकिएको शर्त पूरा गर्ने क्याम्पसहरुलाई तोकिएबमोजिमको दरमा रकम निकासा गर्ने व्यवस्था छ । क्याम्पसहरुले कार्यसम्पादन अनुदान पाउने प्रमुख आधारमध्येको विद्यार्थी भर्ना तथा परीक्षा उत्तीर्ण दर लगायतका भए पनि सोको अलावा अन्य आधार पनि तय गरेका छन् । जोडकोष अनुदान निकासा गर्दा स्कीममा छनौट भएका क्याम्पसहरुले पेश गरेका पूँजीगत निर्माण, फर्निचर, पुस्तकालय र कम्प्युटर, ल्याव स्थापना समेतमा भएका खर्चको प्रतिलिपि बिल भरपाईको आधारमा ती क्याम्पसहरुलाई पचास प्रतिशत रकम निकासा दिने गरेको छ । दुवै प्रकारको अनुदान पाउने प्रमुख आधार सम्बन्धित क्याम्पसले नै पेश गरेको विद्यार्थी विवरण र बिल भरपाई भएता पनि यो वर्ष 'सी' स्कीम अन्तर्गत छनौट भएका सामुदायिक क्याम्पसले पेश गरेको तथ्याङ्क सम्बन्धी फाराममा यथार्थभन्दा बढी संख्यामा विद्यार्थीहरुको स्थिति देखाई विवरण पेश गरेको र सोही आधारमा रकम निकासा गर्नाले १० क्याम्पसलाई रु. ६० लाख ९२ हजार बढी निकासा गरेको देखियो ।

८६.३ कार्य सम्पादन अनुदानको कार्य प्रारम्भ नभएका र पेश्की सम्म दिएका क्याम्पसलाई पनि जोड कोष निकासा दिएको देखियो । यो वर्ष पोखरा विश्वविद्यालयको इन्जिनीयरिङ ब्लकको निर्माण कार्यगर्ने ठेकेदारलाई कार्य सम्पादन अनुदानबापत विश्वविद्यालयले बैङ्क ग्यारेन्टीका आधारमा २०६६।१०।१८ मा मोबिलाइजेशन पेश्की दिएको रु.१ करोड २४ लाख ४१ हजारको पचास प्रतिशतले हुने रकम २०६७।३।८ मा सो विश्वविद्यालयले दाबी गरेअनुरुप हुने रु.६२ लाख २० हजारसमेत आयोगले जोड कोषको रुपमा निकासा गरेको देखियो । बैङ्क ग्यारेन्टीको अवधि २०६७ आषाढ २६ सम्ममात्र रहेको र २०६६।१०।१८ पछि रनिङ बिलबाट पेश्की कट्टा भए नभएको जानकारीबेगर सुरु पेश्की रकमको आधारमा जोड कोष दिन मिल्ने देखिएन । अनुदान प्राप्त गर्ने क्याम्पसहरुले खरिदलगायतका कार्यहरु सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम गर्नुपर्ने र सोबमोजिम भए गरेका कार्यहरु मात्र परियोजनाको अनुदान प्राप्त गर्न योग्य हुने व्यवस्था विश्व बैङ्कसंगको अनुदान सम्झौतामा छ । विभिन्न क्याम्पसहरुले जोडकोष बापत रकम पाउन पेश गरेका बिल विजक एवं खरिद प्रक्रियाहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली, २०६४ बमोजिम नभएको अवस्थामा समेत त्यसकै आधारमा जोडकोष बापतको रकम दावी गर्ने गरेको देखियो । यो वर्ष सार्वजनिक खरिद ऐन र नियमको पालना नभएका १२ क्याम्पसहरुबाट फोटोकपी बिल भरपाईबाट दावी गरेको र आयोगले समेत सोही आधारमा रु. २ करोड ३० लाख ८ हजार निकासा दिएको छ । सम्झौताको शर्त पूरा नभएको अवस्थामा प्रतिलिपी बिल भरपाईकै आधारबाट जोडकोष अनुदान निकासा दिनु उपयुक्त देखिएन ।

८६.४ दोस्रो उच्च शिक्षा परियोजनाअन्तर्गत गत वर्षसम्म आंगिक क्याम्पसहरु स्वायत्ततातर्फ गएमा शर्तहरु तोकि त्यस्ता क्याम्पसलाई अनुदान दिने कार्य प्रारम्भ गरेकोमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका १० क्याम्पसहरुले स्वायत्ततामा जान आयोगसँग विभिन्न लिखित सहमतिमार्फत अनुसन्धान, गोष्ठी सेमिनार आदि कार्यक्रम सचालनमा खर्च दाबी गरेको रकम निकासा लिएको पाइयो । स्वायत्ततामा गइसकेपछि र जान पूरा गर्नुपर्ने शर्तहरु तोकेर आयोग र आंगिक क्याम्पसबीच लिखित सहमति हुने गरेको र सोअनुसार क्याम्पसहरुले विभिन्न प्रक्रिया एवं चरण पूरा गरेपछि प्रत्येक तह तथा चरणमा विभिन्न रकम प्राप्त गर्दै जाने प्रक्रिया तोकिएको छ । यस वर्षसम्म स्वायत्ततामा जान मंजुर गरी पहिलो किस्ता रकम निकासा लिएका १०

क्याम्पसहरुले शर्तबमोजिमका प्रक्रिया पूरा नगरेको कारण देखाई हालसम्म दोस्रो तथा अन्तिम किस्ता बापतको रकम निकासा भएको पाइएन । यो स्थिति 'बी' स्कीम अन्तर्गतका क्याम्पसहरुमा पनि देखिएको छ । यस वर्ष सम्म 'बी' स्कीमअन्तर्गत परेका १० क्याम्पसहरुलाई परियोजनाअन्तर्गतको कार्य पूरा गर्ने शर्तमा लिखित सहमति गरी हालसम्म रु.५ करोड ३९ लाख ५३ हजार निकासा भइसकेकोमा दोस्रो र तेस्रो चरणमा पूरा गर्नुपर्ने कार्य र शर्त पूरा नगरेको कारण थप रकम निकासा पनि नभएको र तोकेको समयमा बाँकी कार्य क्याम्पसहरुले पूरा नगरेमा पहिलो चरण र किस्तामा दिएको लगानी समेत अन्यौलमा पर्ने देखिन्छ ।

८६.५ आयोगको नियमित बजेट र परियोजनाबाट गरिने विभिन्न प्रस्तावित आयोजना, अध्ययन लेखनवृत्ति, अनुसन्धान जस्ता विषय र कार्यहरु आयोगले छनौट गरी विभिन्न व्यक्ति र संस्थासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यसरी गरिने कार्य १ देखि ३ वर्षसम्मको हुने भएपनि तोकिएको अवधिभन्दा बढी समय लिने गरेको देखियो । अनुसन्धान कर्ता वा संस्थाहरुलाई सम्झौता भइसकेपछि पहिलो किस्ता रकम भुक्तानी गर्ने गरेको एवं सम्झौतामा तोकिएको शर्तका आधारमा विभिन्न किस्तामा रकम उपलब्ध गराउने गरेको भए तापनि वर्षगत रुपमा रकम पाउने व्यक्ति र संस्थाको नाममा पेश्की कायम गरी अभिलेख खडा गरेको पाइएन । यसका अतिरिक्त आयोगले परियोजना अन्तर्गतको अनुसन्धान कोषबाट खर्च गर्न विभिन्न विश्वविद्यालयहरुका क्याम्पस छनौट गरी अनुसन्धान केन्द्रका रुपमा विकास गर्न ती क्याम्पसहरुलाई प्रति क्याम्पस रु.१० लाखसम्म दिन सक्ने लिखित सहमतिको आधारमा किस्ताबन्दीको रुपमा रकम निकासा दिने गरेको छ । आयोगले निकासा दिएको रकम सार्वजनिक खरिद ऐन र नियमावलीको आधारमा खर्च गर्ने र लेखापरीक्षण प्रतिवेदन पठाउने सशर्त राखी किस्ताबन्दीमा रकम भुक्तानी दिने गरेकोमा समयमै हिसाब अद्यावधिक गरी गराई फछ्यौंट गर्ने गरेको देखिएन ।

८७. **मेडिकल विकास समिति –** विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ बमोजिम नेपाल राज्यमा विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा आयोगले सिफारिस गर्नुपर्ने व्यवस्था छ । सुदूर पश्चिमाञ्चलमा मेडिकल कलेज स्थापना गर्ने सम्बन्धमा कानूनसम्मत रुपमा आयोगको सिफारिस नलिई नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६७।२।१७ को नियम सरहको निर्णयबाट कैलाली जिल्लाको गेटामा मेडिकल कलेज स्थापनार्थ एक समिति गठन गर्नुपर्ने प्रस्तावका आधारमा विकास समिति ऐन २०१३ अन्तर्गत रहने गरी मेडिकल कलेज प्रवर्द्धन विकास समिति गठन गरी समितिको अध्यक्ष लगायतका पदाधिकारीहरु समेत तोकी मेडिकल कलेज स्थापनासम्बन्धी काम काज गर्न कार्यादेश दिइ उक्त समितिको नाममा शिक्षा मन्त्रालयले रु.१ करोड विश्वविद्यालय अनुदान आयोगमा निकासा दिएको देखियो । अयोगले कोष तथा लेखा नियन्त्रक कार्यालयका १ लेखा अधिकृत र सदस्य सचिवको नाममा खाता सञ्चालन गर्ने गरी राष्ट्रिय वाणिज्य बैंङ्क धनगढीमा खोलेको खातामा सो रकम पूरै निकासा दिएको छ । निकासा दिएको उक्त रकमसमेत समितिको समष्टिगत आय–व्यय हिसाब लेखापरीक्षणमा पेश भएको छैन ।

८८. **छात्रा छात्रवृत्ति –** शिक्षा मन्त्रालयअन्तर्गतको छात्रा शिक्षा कोषबाट रकम निकासा प्राप्त गरी आयोगले विभिन्न जिल्ला तथा काठमाडौं उपत्यकाभित्रका सामुदायिक क्याम्पसहरुमा अध्ययनरत छात्राहरुलाई तोकिएको प्रक्रिया र आधारमा छनौट गरी अधिकतम २ वर्षसम्म छात्रा छात्रवृत्ति वितरण गर्दै आएको छ । शिक्षा मन्त्रालयबाट प्राप्त छात्रा छात्रवृत्तिको विगत ३ वर्षको निकासा खर्च निम्नानुसार छ :

(रु. हजारमा)

आर्थिक वर्ष	मन्त्रालयबाट प्राप्त	वितरण गरेको	बाँकी
२०६४।६५	२,४०,००	६०,१०	१,७९,९०
२०६५।६६	१,८०,००	१,५१,५०	२८,५०
२०६६।६७	-	७८,८०	(-७८,८०)
		जम्मा	**१,२९,६०**

मन्त्रालयबाट सम्बन्धित वर्षको लागि प्राप्त भएको छात्रवृत्ति तोकिएको वर्ष र अवधिभित्रै आयोगले वितरण गरिसक्नुपर्नेमा अवधिभित्रै वितरण हुने गरेको पाइएन । यो वर्ष विगत वर्षको छात्रवृत्तिबापत २०६७ जेष्ठ र आषाढमा मात्र ७४० छात्राले पाउने गरी क्याम्पसहरुलाई रकम निकासा गरेको र गत वर्ष ५०

जिल्लामा ८०० जनाको पहिलो किस्ता बापतको रकम र २०६५ माघको दोस्रो हप्तादेखि चैत्रको तेस्रो हप्तासम्ममा निकासा गरेको भएता पनि दोस्रो किस्ताबापतको रकम २०६७ जेष्ठ अन्तिम र आषाढको तेस्रो हप्तामामात्र विभिन्न जिल्लास्थित बैंङ्कमा ड्राफ्ट पठाएको देखियो । सम्बन्धित विद्यार्थीको अवधि २ वर्ष पूरा भइसकेको अवस्थामा क्याम्पसहरुको नाममा पठाएको ड्राफ्ट रकमबाट सम्बन्धित विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको यकिनहुने स्थिति देखिएन । निश्चित व्यक्ति (छात्रा) छनौट गरी तोकिएको अवधिभित्रै वितरण गर्नुपर्ने छात्रवृत्ति रकम सम्बन्धित क्याम्पसहरुले विद्यार्थीलाई बुझाएको भरपाई माग गरिएकोमा गत वर्षको पहिलो किस्ताको ८०० छात्राको लागि निकासा दिएको मध्ये १४१ छात्राको रु.१० हजारको मात्र भरपाई प्रमाण पेश भएको छ । आयोगले प्राप्त गरेको विगत ३ वर्षको छात्रा छात्रवृत्ति रकममध्ये रु.१ करोड २९ लाख ६० हजार मौज्दात बाँकी नै राखेको छ । यो वर्षको कार्यक्रममध्येको छात्रा छात्रवृत्ति वितरण गरेको पाइएन ।

८९. **अवकाश कोष** – सेवा अवधि पूरा गरी २०६७।४।६ मा निवृत्त हुने स्थिति देखाई आयोगका सदस्य सचिवले पाउने सुविधाबापतको रकम (औषधि उपचार, बिदा लगायतका सुविधाहरु) २०६७।३।२९ मा खर्च जनाई रु.२ लाख ९१ हजार भुक्तानी लिएको पाइयो । सेवा निवृत्त हुनु अगावै उल्लिखित सुविधा प्राप्त गरेकोमा निजले सो अवधि पश्चातसमेत आयोगको काम कारबाही र आर्थिक कारोबारसमेत गरेको देखिएकोले कानूनबमोजिम सेवा निवृत्त भइसकेपछि नियुक्तिको शर्तबमोजिम पाउने सुविधा यकिन गरी रकम भुक्तानी गर्ने निर्णय हुनुपर्नेमा सो नगरी अवकाश पूर्व नै सुविधा लिने कार्य कानूनसम्मत देखिएन ।

त्रिभुवन विश्वविद्यालय

९०. **एकीकृत वित्तीय विवरण**– यो वर्ष त्रिभुवन विश्वविद्यालयले केन्द्रीय कार्यालय र मातहत ११९ आंगिक क्याम्पस तथा निकाय समेतको एकीकृत वासलात तयार गरेको देखियो । वासलात सम्बन्धी व्यहोरा देहाय नुसार छन् :

९०.१ उक्त वासलातले अक्षयकोष रु.७८ करोड ७६ लाख ३३ हजार, पूँजीगत सम्पत्ति कोष रु.४ अर्ब ३२ करोड ६३ लाख ३९ हजार, धरौटी र अन्य दायित्व रु.२ अर्ब ३ करोड ६२ लाख ९४ हजार र केन्द्रीय कार्यालयको दायित्व ३३ करोड ७२ लाख ५० हजारसमेत कुल सम्पत्ति र दायित्व रु.७ अर्ब ४८ करोड ७५ लाख १६ हजार देखाएको छ । त्यस्तै जम्मा आम्दानी खर्च रु.४ अर्ब ५३ करोड २२ लाख ४१ हजारमध्ये पेश्की रु.८४ करोड ६९ लाख ९ हजार र ऋणात्मक मौज्दात रु.५० करोड ९६ लाख ५८ हजार देखिन्छ ।

९०.२ केन्द्र, विभिन्न कार्यालय, केन्द्रीय विभाग तथा क्याम्पसहरुले स्थापना गरेका विभिन्न कोष, वैदेशिक सहयोगबाट सञ्चालित परियोजना, आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरुको समेत वित्तीय विवरण तयार गरी अद्यावधिक रुपमा लेखापरीक्षण गराउने गरेका छैनन् ।

९०.३ सम्पत्तिको खाता व्यवस्थित नभएको र पेश्की, धरौटी तथा केन्द्रीय कोषका खाताहरु अद्यावधिक गरी गराई राख्ने नगरेबाट सम्पत्तिको यथार्थ मूल्याङ्कन हुने देखिदैन ।

९१. **आन्तरिक लेखापरीक्षण**– त्रिभुवन विश्वविद्यालय ऐन,२०४९ को दफा २५ (२) बमोजिम हुने अन्तिम लेखापरीक्षणको लागि प्रमाणित आर्थिक विवरण लेखापरीक्षणको वार्षिक कार्यतालिकाले तोकेको समयमा उपलब्ध नभएबाट एकीकृत वासलातमा उल्लेख गरेका ११९ मध्ये ९६ निकाय र बक्यौतातर्फ १६ निकायको मात्र लेखापरीक्षण हुन सकेको छ । सिराहा, जनकपुर र वीरगञ्जस्थित ३ क्याम्पसको लेखापरीक्षण डोर अवधिमा सम्बन्धित लेखापरीक्षण टोलीले स्थलगत रुपमै अनुरोध गर्दा पनि आर्थिक विवरण र स्रेस्ता उपलब्ध नभएकोले अन्तिम लेखापरीक्षण हुन सकेन । अत: यस कार्यालय र त्रिभुवन विश्वविद्यालय पदाधिकारीबीच भएको २०६७।९।२० को सहमतिअनुरुप आगामी वर्षको आन्तरिक लेखापरीक्षण प्रतिवेदनसहितको प्रमाणित आर्थिक विवरण २०६८ भाद्र मसान्तभित्र र एकीकृत वासलात तथा आयव्यय विवरण मार्ग मसान्त भित्र प्राप्त भई सम्पूर्ण बक्यौता तथा चालू वर्षको लेखापरीक्षणमा सहयोग हुने अपेक्षा गरिएको छ ।

९२. **बैङ्क हिसाब समायोजन** – त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम, २०५० को नियम २४(१०) मा बजेट निकासा भएको रकम सम्बन्धित आर्थिक वर्षान्तमा स्वत: खारेज (फ्रिज) भएको मान्ने व्यवस्था भएकोमा कुनै पनि इकाईले फ्रिज गरेको देखिदैन भने लेखापरीक्षण सम्पन्न भएका ९६ मध्ये २९ इकाईले बैङ्क हिसाब समायोजन विवरण तयार नगरेको र धरौटी दायित्वको रकम समेत एउटै खातामा राखिएको परिप्रेक्ष्यमा आवधिक बैङ्क हिसाब मिलान समेत भएको छैन । साथै १० इकाईको बैङ्क मौज्दात रु.३ करोड ६९ लाख २८ हजार स्रेस्तामा भन्दा घटी देखिदा बैङ्क मौज्दातको स्थिति यकिन गर्न सक्ने अवस्था रहेन ।

९३. **केन्द्रीय कोष** – यो वर्ष विश्वविद्यालय अनुदान आयोगबाट चालूतर्फ रु.३ अर्ब ६ लाख ९३ हजार र पूँजीगततर्फ रु.९ करोडसमेत गरी रु.३ अर्ब ९ करोड ६ लाख ९३ हजार अनुदान प्राप्त भएकोमा अन्य निकायबाट प्राप्त भएको आम्दानीको लेखापरीक्षण नगराएकोले कोषको आम्दानी खर्चको यथार्थ स्थिति यकिन हुन सकेन । विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम २०५० को नियम ६(२) अनुसार अन्तर्गत निकायहरुले नियमित शुल्क बाहेक अन्य आयको १० प्रतिशत रकम विश्वविद्यालयको कोषमा जम्मा गर्नुपर्नेमा २२ निकायले रु.१ करोड ४ लाख ९६ हजार कोषमा दाखिला गरेको देखिएन ।

९४. **बढी खर्च** – यो वर्ष लेखापरीक्षण भएका ९६ इकाईले स्वआर्जनको रु.८७ करोड ३४ लाख ३४ हजार र प्राप्त अनुदान निकासासमेत रु.२ अर्ब ९५ करोड ७२ लाख ९१ हजार आय देखाएकोमा रु.३ अर्ब ९३ लाख १० हजार खर्च गरी आम्दानीभन्दा रु.५ करोड २० लाख १९ हजार धरौटी तथा दायित्वको मौज्दातबाट व्यहोरी बढी खर्च गरेको देखियो । यसरी फिर्ता दिनुपर्ने धरौटी तथा विशेष कार्यका लागि व्यवस्था गरिएका कोष समेतबाट केन्द्रको जानकारी र स्वीकृतिबेगर खर्च गर्नु विधिसम्मत देखिदैन ।

९५. **सीधै खर्च** – आर्थिक व्यवस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम, २०५० को नियम ४ अनुसार केन्द्रीय कार्यालय वा अन्य कुनै संगठन वा निकायले कोष खोल्न सक्ने नियमअनुसार खास खास खर्च र दायित्व व्यहोर्ने प्रयोजनको लागि नियममा अन्यत्र व्यवस्था भएका कोषको अतिरिक्त विशेष कोषको स्थापना गर्नसक्ने, सबै कोषको सञ्चालन कार्यकारी परिषद्बाट तोकिएबमोजिम हुने व्यवस्था गरेको र त्यस्तो आम्दानीमध्ये तोकिएबमोजिमको खर्चबाट विकास निर्माण, शिक्षक कर्मचारी तथा विद्यार्थीहरुको हितको लागि छुट्टै कोष सञ्चालन गरेर सोको १० प्रतिशत केन्द्रमा खर्च गर्न पाउनेमा परीक्षा नियन्त्रण कार्यालयमा जम्मा भएको गतवर्षको रु.९ करोड र यो वर्षको रु.२३ करोड आम्दानी खाताबाटै सीधै केन्द्रीय कार्यालयमा पठाएको देखियो । यसरी नियमानुसार छुट्टै कोष खडा गरी रकम वण्डा गर्ने कार्यबेगर नै केन्द्रमा रकम पठाउने कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

९६. **उत्तरपुस्तिका** – आर्थिक व्यवस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम, २०५० अनुसार परीक्षा नियन्त्रण कार्यालयले परीक्षाको गणनाअनुरुप हुने गरी आवश्यकता पहिचान गरी सोमा स्वीकृत नर्मसअनुसारको केही बढी प्रथम र थप उत्तरपुस्तिकाको संख्या कायम गरी वर्षेनी स्वीकृत लागत अनुमानका आधारमा कार्यकारी परिषद्को निर्णयअनुरुप मात्र त्रिभुवन विश्वविद्यालय छापाखानाबाट उत्तरपुस्तिका छपाई गरी मागअनुरुप मातहत क्षेत्रीय कार्यालय र केन्द्रहरु रहने आंगिक क्याम्पसहरुमा आम्दानी खर्च र बाँकी देखिने जिन्सी अभिलेख समेतको व्यवस्था गर्नुपर्ने प्रावधान छ । यसरी राखिएका उत्तरपुस्तिका बारे वार्षिक निरीक्षण, अनुगमन र मूल्याङ्कन गरेर वार्षिक आवश्यकता पहिचान गरी खरिद इकाईमार्फत खरिद योजना बनाई प्रथम तथा थप उत्तरपुस्तिका छपाई र वितरण योजनाबद्धरुपमा गर्नुपर्नेमा आवश्यकता पहिचान नगरी विभिन्न स्थानमा मौज्दात रहनुपर्ने उत्तरपुस्तिकाबारे अध्ययन नै नगरी निम्नानुसार ठूलो परिमाणमा उत्तरपुस्तिका छपाई र वितरण गरेको देखियो ।

(संख्या र रकम हजारमा)

सि.नं	आर्थिक वर्ष	उत्तरपुस्तिका प्रथम	छपाएको संख्या थप	रकम
१	२०६४/६५	२७,००	१६,००	१,०७,००
२	२०६५/६६	१४,५५	९,१६	७२,३०
३	२०६६/६७	३४,४५	२१,७४	१,७४,३४
	जम्मा	**७६,००**	**४६,९०**	**३,५३,६४**

आफू मातहत निकायलाई दायित्व जिम्मेवारी किटान गरेर उत्तरपुस्तिकाको छपाई, वितरण र संरक्षणमा मितव्ययिता र पारदर्शिता कायम गर्नुपर्ने देखियो ।

९७. **कोष सञ्चालन –** चिकित्साशास्त्र अध्ययन संस्थान तथा क्याम्पस विकासकोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०५१ अनुसार कोष स्थापनाको लागि सङ्कलित रकमको ५० प्रतिशत अक्षय कोष स्थापना गर्नुपर्ने र बाँकी रकम सञ्चालनको कार्यविधिसमेत आर्थिक व्यवस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम, २०५० को नियम ८ अनुरुप कार्यकारी परिषद्को पूर्व स्वीकृतिका आधारमा तय गर्नुपर्ने व्यवस्था छ । यस परिप्रेक्ष्यमा चिकित्साशास्त्र अध्ययन संस्थानमा ६, महाराजगञ्ज क्याम्पसमा ५, नर्सिङ क्याम्पस महाराजगञ्जमा ४ र बी.पी. कोइराला लायन नेत्र अध्ययन केन्द्रमा १ समेत १६ कोष स्थापना गरी कुनै कार्य प्रणाली तय नगरी रु.२८ करोड ८४ लाख ३४ हजार खर्च गरी सञ्चालन भइरहेको देखियो ।

नेपाल सस्कृत विश्वविद्यालय

९८. **सम्पत्ति** – योग तथा प्राकृतिक चिकित्सा केन्द्रबाहेकको एकीकृत वासलात तथा आय–व्यय तयार गरे तापनि रीतपूर्वकको सम्पत्ति खाता राख्ने नगरेको, शारदा विद्यापीठ महेन्द्रनगरको ८ बिगाहा ३ कठ्ठा जग्गा मूल्याङ्कन गरी पूँजीगत सम्पत्तिमा नराखेको कारणबाट देखाएको सम्पत्ति रु.२८ करोड ११ लाख २८ हजार बास्तविक छ भन्न सकिएन ।

९९. **जग्गाको स्वामित्व** – विश्वविद्यालयको दाङ र देउखुरीमा रहेका मध्ये १३ बिगाहा र याज्ञवलक्य लक्ष्मी नारायण विद्यापीठ मटिहानीले उपयोग गरेको जग्गामध्ये १५ बिगाहाको जग्गा धनीप्रमाण पूर्जा विश्वविद्यालय र अन्तर्गत विद्यापीठका नाममा तयार भए गरेको देखिएन ।

१००. **आयस्ता उपयोग** – देउखुरीमा रहेको ४०३ बिगाहा १० कठा जग्गामा २०५८ देखि मोही कायम भएकोमा सो जग्गाबाट सोही सालदेखि नै कुनै आयस्ता प्राप्त भएको नदेखिएकोले समूचित कारबाही गरी गराई आयस्ता प्राप्त हुनुपर्ने देखियो ।

१०१. **अन्य कोष–** विश्वविद्यालयमा अक्षय, निवृत्ति भरण, उपदान, वीमा, सामान्य जगेडा, आयुर्वेद विकास आदि ९ कोषमा यो वर्षसम्म रु. १८ करोड ७२ लाख १३ हजार मुद्धतिमा लगानी र रु. २ करोड ४५ लाख ८२ हजार बैक मौज्दात देखिएकोमा अधिकांश कोषहरुले नियम विनियम तयार नगरेकोले स्पष्ट एवं पारदर्शी हिसाबमा कोषहरु सञ्चालन हुन सकेको देखिएन ।

पोखरा विश्वविद्यालय

१०२. **वित्तीय विवरण** – विश्वविद्यालयको वित्तीय विवरणको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायअनुसार छन्:

१०२.१ विश्वविद्यालयले ५ इकाईको कार्य सञ्चालन स्तरको वासलात तथा आय–व्यय विवरण प्रस्तुत गरेतापनि सबै इकाईका एकीकृत वासलात तथा आय–व्यय विवरण तयार नगरेकोले विश्लेषणात्मक विवरण प्रस्तुत गर्न सकिएन ।

१०२.२ पोखरा विश्वविद्यालय आर्थिक नियम, २०५५ को नियम ३० अनुसार सम्पत्ति तथा जिन्सी मौज्दातको भौतिक निरीक्षण गर्ने नगरेको, अद्यावधिक सम्पत्ति खाता राख्ने नगरेको र विश्वविद्यालयले नेपाल सरकारबाट प्राप्त

गरेको १ हजार ३७२ रोपनी जग्गाको मूल्याङ्कन नगरी विगत वर्ष देखिनै रु.२ लाख ७४ हजारमात्र पूँजीगत सम्पत्ति देखाएकोले वित्तीय विवरणले विश्वविद्यालयको सम्पत्तिको यथार्थ स्थिति चित्रण गरेको देखिएन ।

१०२.३ कुल दायित्व रु.४७ करोड ४ लाख ८७ हजारमध्ये पूँजीगत कोष तर्फ रु. ३६ करोड, धरौटी तथा दायित्व तर्फ रु. ६ करोड ७१ लाख ११ हजार र अन्य कोष तथा व्यवस्थातर्फ रु.३ करोड ७२ लाख ७ हजार देखिएकोमा केन्द्रीय कार्यालयले रु.१ करोड ५६ लाख ७६ हजार र विज्ञान तथा प्रविधि संकायले रु.७९ लाख ११ हजारसमेत रु.२ करोड ३५ लाख ८७ हजार यो वर्षको वासलातमा खर्च व्यवस्थाका रुपमा छुट्याएकोमा सो को प्रयोजन र खर्च व्यवस्थाका लागि आधारहरु तय गरेको देखिएन ।

१०३. **आन्तरिक लेखापरीक्षण –** विश्वविद्यालयको आर्थिक नियमावली, २०५५ को नियम ३७ ले मान्यता प्राप्त लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षणबाट देखिन आएका अनियमितताहरु अन्तिम लेखापरीक्षण गराउनु अगावै अद्यावधिक गराई राख्न लगाउने दायित्व राजिष्ट्रारलाई तोकेको छ । आन्तरिक लेखापरीक्षण गराई व्यवस्थापनको उच्च तहमा त्यसको प्रतिवेदन यथाशीघ्र पुगी आर्थिक वर्ष समाप्तिको दोस्रो महिनामा वित्तीय विवरण अन्तिम लेखापरीक्षणका लागि प्रस्तुत हुनुपर्नेमा वर्ष व्यतित भएको ६ महिना पछिमात्र लेखापरीक्षक नियुक्ति गर्नाले आन्तरिक लेखापरीक्षणको प्रतिवेदन अन्तिम लेखापरीक्षणको समयमा मात्र प्राप्त हुने गरेको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालय

१०४. **पठन पाठन –** भगवान गौतमबुद्धका उपदेशलाई विश्व शान्तिका लागि मार्ग दर्शक सन्देशका रुपमा स्वीकार एवं अनुसरण गरी शान्ति, वन्धुत्व, मैत्री तथा सद्भाव प्रवर्द्धन गर्न गुणस्तर कायम गरी, बौद्धदर्शन, साहित्य शिक्षा सस्कृतिको अध्ययन अध्यापन र अनुसन्धान गर्नको लागि उच्च तहका शिक्षण संस्थाहरु सञ्चालन गर्ने उद्देश्यले लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ अनुरुप यो विश्वविद्यालय सञ्चालित छ । विश्वविद्यालयको केन्द्रीय कार्यालय रुपन्देही लुम्बिनी क्षेत्रमा हुनुपर्नेमा विश्वविद्यालय स्थापनाको ५ वर्ष व्यतीत भई जग्गाको भोगाधिकारसमेत प्राप्त गरेको अवस्थामा समेत सम्पर्क कार्यालय काठमाडौंबाटै विश्वविद्यालयको कार्य हुने गरेको देखियो । शैक्षिक गतिविधितर्फ विश्वविद्यालयले आफ्नो क्याम्पस सञ्चालन गर्न र सम्बन्धन समेत दिन सक्ने अधिकार सो ऐनले प्रदान गरेकोमा ३४ शोधार्थीहरुलाई प्रविष्ट गराई शोध कार्यको निरन्तरता दिइसकेको र स्नातक एवं स्नातकोत्तर तहका पाठ्यक्रम निर्धारणको कार्य समेत भएको देखिँदा ऐनले निर्दिष्ट गराएको स्थानमा केन्द्रीय क्याम्पस तथा कार्यालय स्थापना भई अध्ययन अध्यापनको सुरुवात हुनुपर्ने देखियो ।

१०५. **ऐन नियम –** हालसम्म पनि अन्य विश्वविद्यालयको नियम विनियमलाई नै आधारमानी कार्य सञ्चालन हुँदै आएको छ । सो विश्वविद्यालयको ऐन द्वारा प्रदत अधिकारअनुसार प्राज्ञिक परिषद्समेत सबै आधिकारिक निकायबाट विश्वविद्यालयको शिक्षक, कर्मचारी तथा पदाधिकारीसम्बन्धी नियम विनियम यथाशीघ्र बनाई कार्यान्वयन गर्नुपर्ने देखियो ।

विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति

नेपाल सरकार तथा विश्व बैंङ्कबीच सम्पन्न दोस्रो उच्च शिक्षा परियोजनाअन्तर्गतको कम्पोनेन्ट १,२ र ४ भित्रको केही कार्यक्रम सञ्चालन गर्न विकास समिति ऐन, २०१३ अन्तर्गत २०६२ मा विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति स्थापना भई सञ्चालनमा रहेको छ ।

१०६. **कार्य लक्ष्य –** यस परियोजनाबाट २०६५ पौषदेखि २०७१ सम्म सञ्चालन हुने पहिलो वर्ष सुदूर तथा मध्यपश्चिमाञ्चलका ६०० एवं दोस्रो वर्षदेखि नेपाल राज्यभरका शैक्षिक रुपमा क्षमतावान र आर्थिकरुपमा विपन्न उच्चमाध्यमिक विद्यालयतर्फ १ हजार र स्नातक तह (उच्च शिक्षा) मा ८०० का दरले थप विद्यार्थीहरुलाई छात्रवृत्ति दिदै उच्चमाध्यमिक तहका ४ हजार ३०० र स्नातक तह (उच्च शिक्षा) मा ३ हजार ५०० गरी ७ हजार ८०० विद्यार्थीहरुलाई सहयोग गर्ने कार्य लक्ष्य लिएको भए तापनि, गत वर्षमा उच्चमाध्यमिकतर्फ १७६ र स्नातक (उच्च शिक्षा) तर्फ २२८ विद्यार्थीले मात्र सहायता प्राप्त गर्न सकेको

देखियो । यो वर्ष समितिले विद्यार्थी वित्तीय सहायताअन्तर्गत छात्रवृत्ति दिनको लागि उच्चमाध्यमिक विद्यालयतर्फ १ हजार ३००, स्नातक तहतर्फ १ हजार १०० विद्यार्थी छनौटको कार्यसम्म गरेको छ ।

१०७. **सहायता** – आयोजनाबाट छात्रवृत्ति पाउनसक्ने आधारमध्ये विद्यार्थीको आर्थिक विपन्न स्तर पहिचान गर्न ती विद्यार्थीको घर (आफ्नो वा बाबुको) र त्यसको छाना, भित्ता, भूई आदिको किसिम र विद्यार्थीको शैक्षिक विवरणलाई मुख्य आधार लिइने गरी घरधुरी विवरण फाराम भराउने र सोही आधारमा विद्यार्थी छनौट गर्ने गरेको देखिन्छ । गत वर्ष छनौट भई पहिलो वर्षको अध्ययनमा सहायता पाएका मध्ये सो फारामको पुन: परीक्षण गर्दा र परीक्षा उत्तीर्णसमेतको आधार देखाई उच्चमाध्यमिक विद्यालयतर्फ ६ र उच्चशिक्षा (स्नातक) तर्फ १२१ विद्यार्थीमात्र दोस्रो वर्षको सहायताको लागि योग्य पाइयो । फारामको पुन: परीक्षण र परीक्षा उत्तीर्ण आधारमा प्रथम वर्षमा सहायता पाएको मध्ये उच्चमाध्यमिक तहमा ३.४० प्रतिशत र उच्चशिक्षातर्फ ५३.७ प्रतिशत विद्यार्थीले मात्र दोस्रो वर्षको सहायता पाउने स्थिति देखियो ।

१०८. **कोष व्यवस्थापन** – विभिन्न स्थानमा रहेका विद्यार्थीहरुलाई सहायता उपलब्ध गराउने सम्बन्धी कार्य गर्न कोष व्यवस्थापकको रुपमा राष्ट्रिय वाणिज्य बैंङ्कलाई (२ वर्षको लागी) नियुक्ति गरी छात्रवृत्ति वितरण गर्न रु. २ करोड ७० लाख र व्यवस्थापन कमिशनबापत रु.३० लाख गरी रु.३ करोड उक्त बैङ्कलाई पेश्की दिएको देखियो । गतसमेत यस वर्षसम्म कोषबाट छात्रवृत्तितर्फ रु.५५ लाख ४१ हजार र व्यवस्थापन कमिशनतर्फ रु.६० लाख ६८ हजार खर्च भएकोले विद्यार्थी अनुदानभन्दा व्यवस्थापनमा बढी खर्च हुने गरेको पाइयो । व्यवस्थापकको कार्य गरेबापत बैंङ्कले पाउने रकम माग गर्दा छानिएका विद्यार्थी संख्याको आधारमा नभई फाराम भराएको संख्याको आधारबाट व्यवस्थापन शुल्क लिने गरेकोले व्यवस्थापन खर्च बढी देखिन आएको छ । बैंङ्कसँग भएको सम्झौताको कारण अग्रिम रुपमा बैंङ्कलाई रकम पठाएको तर खर्च हुन नसकेको अवस्थामा नेपाल सरकार र विश्व बैंङ्कबीच भएको सम्झौता अनुसार विश्व बैंङ्कसँग शोधभर्ना माग हुन नसकेको देखियो । यसबाट नेपाल सरकारको सीमित स्रोतस्वरुपको ठूलो रकम राष्ट्रिय वाणिज्य बैंङ्कमा निष्क्रिय रहेको पाइयो ।

१०९. **अनुगमन स्थिति** – समितिले विद्यार्थी छनौट, सहायतासम्बन्धी कार्य र कोष व्यवस्थापनको कार्य समेत राष्ट्रिय वाणिज्य बैंङ्कमार्फत गराएकोमा बैंङ्कसँग भएको सम्झौताअनुसार अनुगमन प्रतिवेदन प्राप्त नभएकोले दाबी गरेको व्यवस्थापन शुल्क कट्टी गरी बाँकी रकम मात्र भुक्तानी गर्ने निर्णय गरेको देखियो । अनुगमन प्रतिवेदन पेश भएमा कट्टा गरेको रकम भुक्तानी दिने शर्तको आधारमा कमिशन खर्च भुक्तानी गरेको छ । शर्तबमोजिम बैङ्कले विद्यार्थीहरुको अनुगमन प्रतिवेदन पेश नगरेको र समितिलेसमेत विद्यार्थीहरुको अध्ययन र सहायता प्राप्ति स्थितिको अनुगमन गरी प्रतिवेदन खडा नगरेकोले सहायताको उपलब्धिको अवस्था स्पष्ट भएन ।

११०. **भ्रमण खर्च** – विद्यार्थी वित्तीय सहायतासम्बन्धी कार्यक्रम बंगलादेशमा सफलतापूर्वक सञ्चालन भएकोले सो देशमा गई अध्ययन गर्दा उपर्युक्त हुने कारण देखाई समितिका कार्यकारी निर्देशक, लेखा अधिकृत र २ जना बोर्ड सदस्य समेतले वंगलादेशको भ्रमण गरी रु.६ लाख ४७ हजार खर्च गरेको छ । कार्यकारी निर्देशक र बोर्ड सदस्यहरुले विशिष्ट श्रेणी सरहको सुविधाअन्तर्गत भ्रमण खर्च दाबी गरेको पाइयो । समितिले उक्त भ्रमण कार्यको कुल लागत अनुमान तयार तथा स्वीकृत नगरेको समितिमा पनि भ्रमण खर्च सम्वन्धि नियमावली, २०६४ को व्यवस्था लागू हुने हुँदा उक्त नियमावलीको नियम ३ (५) मा विशिष्ट श्रेणीको कर्मचारी तथा पदाधिकारी विदेश भ्रमण गर्नु पर्दा नेपाल सरकारले (मन्त्रीपरिषद्) निर्णय गर्नुपर्नेमा सोबमोजिम नगराई समिति आफैले निर्णय गरी विशिष्ट श्रेणीको तहबाट भ्रमण खर्च दाबी गर्नु उपयुक्त देखिएन ।

१११. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १८ कार्यालयबाट रु.१ करोड ९१ लाख ५६ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २१ कार्यालयबाट रु. २ करोड ६ लाख ७४ हजार सम्परीक्षणको क्रममा रु.३ करोड ३१ लाख १९ हजार र अन्य निकायतर्फ रु.१ लाख ४४ हजारसमेत रु.७ करोड ३० लाख ९३ हजार असुल भएको छ ।

११२. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा २५ कार्यालयको रु.१५ करोड ४ लाख ४८ हजार पेश्की देखिएको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.१६ लाख २ हजार फछ्यौंट गरी २५ कार्यालयको रु.१४ करोड ८८ लाख ४६ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.१४ करोड ८८ लाख ४६ हजार म्याद नाघेको छ ।

मन्त्रालयअन्तर्गतका अन्य संस्था, समितिको २०६७ असार मसान्तमा ५ कार्यालयको रु.१४ करोड ६२ लाख ३७ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा फछ्यौंट नदेखिएकोले ५ कार्यालयको रु.१४ करोड ६२ लाख ३७ हजार पेश्की देखिएको छ । पूरैको म्याद नाघेको छ ।

११३. **सम्परिक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

११३.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.३ अर्ब ४६ करोड ७७ लाख ४७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२९ करोड ३ लाख १२ हजार फछ्यौंट गरेकोले रु.३ अर्ब १७ करोड ७४ लाख ३५ हजार बाँकी रहेको छ ।

११३.२ संगठित संस्था/अन्य संस्था/समितितर्फ रु.१ अर्ब ५२ करोड ९० लाख ७५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ करोड ९० लाख २६ हजार फछ्यौंट गराएकोले रु.८७ करोड ६८ लाख ५२ हजार बेरुजू बाँकी रहेको छ ।

११३.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.६० करोड ६५ लाख १९ हजार समेत प्रतिवेदन अवधिसम्म रु.१ अर्ब ४० करोड ५६ लाख १० हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

११३.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.१ अर्ब ६ करोड २४ लाख ६९ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२ अर्ब ४६ करोड ८० लाख ७९ हजारमध्ये रु.१ अर्ब ५९ करोड ३६ लाख ७२ हजार सरकारी कार्यालयतर्फ र रु.८७ करोड ४४ लाख ७ हजार अन्यतर्फ रहेको छ ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

मन्त्रालय र मातहत ५३ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३९ करोड ५९ लाख ७० हजार, राजस्वतर्फ रु.४ अर्ब ५८ करोड ९३ लाख ७५ हजार, धरौटीतर्फ रु.३९ करोड ६६ लाख ६० हजार, अन्य कारोबारतर्फ रु.२ अर्ब २३ करोड १७ लाख ५१ हजार गरी रु.७ अर्ब ६१ करोड ३७ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त रकममा अर्थ मन्त्रालयको रु.५० हजार, शिक्षा मन्त्रालयको रु.६ लाख ९५ हजारसमेत समावेश छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परिक्षण** – महालेखापरीक्षकको विगत प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन ।

१.१ विघटित यातायात संस्थानको टेकूस्थित जग्गा कर्मचारी सञ्चय कोषलाई बिक्री गर्दा सो जग्गामा रहेको घर टहरा लिलाम बिक्री गरी प्राप्त रकम सञ्चितकोष दाखिला गर्ने मन्त्रिपरिषद्को २०६१।५।१५ को निर्णय र सार्वजनिक लेखा समितिको २०६४।९।९ को निर्देशन कार्यान्वयन भएको छैन ।

१.२ बोनस ऐन, २०३० मा प्रत्येक प्रतिष्ठानले वर्ष समाप्त भएको ६ महिनाभित्र वित्तीय विवरण सम्पन्न गरी ७ दिनभित्र विवरण श्रम कार्यालयमा पठाएको, बोनस नियमावली, २०३९ बमोजिम बोनस वितरण गरेको, बाँकी रकममध्ये ३० प्रतिशत रकम राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गरेको लगायतका विषयमा श्रम कार्यालयले अनुगमन गर्ने व्यवस्था भएकोमा गरेको छैन । सोही ऐनको दफा १३ अनुसार गठित राष्ट्रिय स्तरको कल्याणकारी कोषमा यो वर्ष जम्मा भएको रु.३९ करोड ५८ लाख १२ हजार समेत रु.१ अरब ५६ करोड ३९ लाख ५५ हजार मौज्दात रहेको छ ।

१.३ वैदेशिक रोजगार ऐन, २०६४ विपरीत कुनै कसूर भए गरेको वा हुन लागेको कुरा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा जानकारी हुन आएमा सरकारले अनुसन्धान तथा तहकिकात गराउनसक्ने व्यवस्था छ । यो वर्ष ६५५ उजुरी परेकोमा क्षतिपूर्तिबापत रु.३४ करोड ८२ लाख ८ हजार दावी गरेमध्ये रु.११ करोड ३१ लाख १७ हजार (३२.४८ प्रतिशत) क्षतिपूर्ति दिलाएको छ । प्राप्त तथ्याङ्क अनुसार विगत ३ वर्षको उजुरी संख्या र क्षतिपूर्ति दाबीको स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आर्थिक वर्ष	उजुरी संख्या	क्षतिपूर्ति दावी रकम	क्षतिपूर्ति दिलाएको रकम	प्रतिशत
२०६४।६५	७२३	२५,५८,०१	५,४८,६७	२१.४५
२०६५।६६	८६५	५२,५१,७९	१५,४२,५७	२९.३७
२०६६।६७	६५५	३४,८२,०८	११,३१,१७	३२.४८

उजुरीमाथि कानूनबमोजिम कारबाही गर्न आगामी वर्षदेखि थप जनशक्तिको व्यवस्था गरी पीडित पक्षलाई न्याय दिलाउन तदारुकताकासाथ लाग्ने जानकारी मन्त्रालयबाट गराइएकोमा यो वर्ष पनि अपेक्षित सुधार हुन सकेको देखिएन ।

१.४ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवारी दर्ताको प्रमाणपत्रको म्याद एक वर्षसम्म रहने, म्याद समाप्त भएपछि तोकिएको दस्तुर लिई पुन: नवीकरण गर्नुपर्ने तथा नविकरण नगराएमा स्वत: रद्द हुने व्यवस्था छ ।सवारीसाधन कर ऐन, २०३१ मा करदाताले कर तथा जरिबाना नतिरेमा कर अधिकृतले सवारीसाधन लिलाम बिक्री गरी सो रकम असुलउपर गरिने उल्लेख छ । चालू वर्ष सवारीसाधन कर, दस्तुर र जरिवाना असुल भएको रसिद बमोजिमको रकम बैङ्क दाखिला गरेको देखिएको छ । त्यस्तो

रसिद, असुल गरेको कर, दस्तुर र जरिबाना सम्बन्धी कागजात सम्बन्धित सवारीधनीको फाइलमा अद्यावधिक गरेको छैन । ऐनले तोकेबमोजिम सवारीसाधनको दर्ता म्याद, नवीकरण गर्नुपर्ने सवारीसाधन र नविकरण गर्दा असुल गर्नुपर्ने कर, दस्तुर र जरिवाना असुली भएको सुनिश्चित गर्ने आधार नभएकोले असुल गरेको रकम यकिन गर्न सकिने स्थिति देखिएन ।

१.५ आर्थिक ऐन, २०६६ को अनुसूची–३ को खण्ड (क) मा कार, जीप, भ्यान, माइक्रोबस, बस तथा ट्रक दर्ता गर्दा मूल्यको ३ प्रतिशतले सडक निर्माण तथा सुधार दस्तुर असुल गर्नुपर्ने व्यवस्था भएकोमा यातायात व्यवस्था कार्यालय, पर्सा लगायतका ५ कार्यालयले यो वर्ष २०८ सवारी साधनमा रु.११ लाख ६८ हजार दस्तुर लिन छुटाएकोले असुल गर्नुपर्दछ ।

वागमती यातायात व्यवस्था कार्यालय (ठूला साना सवारीसाधन) ले सवारीसाधन दर्ता गर्दा भारतबाट पैठारी भएको सवारीसाधनको मूल्यमा भारतमा तिरेको अन्त:शुल्क रकम घटाई मूल्य कायम गरी सडक निर्माण तथा सुधार दस्तुर लिने गरेको पाइयो । यस वर्ष तीन महिनाको कारोबार परीक्षण गर्दा रु.४ करोड ६ लाख ७६ हजार भारतीय अन्त:शुल्कमा लाग्ने रु.१२ लाख २० हजार र अन्य थप मूल्य, भाडा आदिमा लाग्ने सडक निर्माण तथा सुधार दस्तुरसमेत रु.२७ लाख ६५ हजार असुल गर्न छुटाएको देखिँदा कार्यालयले अन्य महिनाको कारोबारको समेत जाँचबुझ गर्नुपर्ने देखियो ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था हुनुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **नीति तथा कार्यक्रम** – व्यवस्थापिका संसदमा प्रस्तुत २०६६।६७ को बजेट वक्तव्यमा प्रस्तावित कार्यक्रममध्ये सार्वजनिक यातायातको क्षेत्रमा रहेको सिण्डिकेट प्रणाली हटाउने सम्वन्धी प्रतिवेदनको कार्यान्वयन, नीतिअनुरुप रोजगार सूचना केन्द्रहरुबाट सङ्कलन भएको करिब २३ हजार २४२ बेरोजगारलाई सीपअनुसारको रोजगारीका लागि सिफारिस गर्ने, कार्यालयमा बैङ्क काउण्टर स्थापना गर्ने र अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षमा श्रम डेस्क स्थापना गर्ने कार्य हुनसकेको पाइएन ।

३. **नम्बर प्लेट** – मन्त्रिपरिषद्को २०६६।९।९ को निर्णय अनुसार सवारीसाधनको नम्बर प्लेटलाई उदभृत अक्षरले मुद्रण (इम्वोस्द) गर्ने र विद्युतीय माध्यमबाट नम्बर प्लेटको अनुगमन लगायत यातायात व्यवस्थापन क्षेत्रमा सुधार र खरिद लगायतका कार्य सम्पादन गर्न शुरुमा ६ महिना र अर्को ३ महिना म्याद थपसहित ९ महिनाको कार्यावधि तोकी अधिकार सम्पन्न यातायात क्षेत्र व्यवस्थापन तथा कार्यान्वयन विशेष समिति गठन गरिएको थियो । सवारीसाधनको नम्बर प्लेटलाई उदभृत अक्षरले मुद्रण गर्ने र विद्युतीय माध्यमबाट अनुगमनको लागि बोलपत्र आव्हानसम्म भएको देखिए पनि लेखापरीक्षण अवधिसम्म काम सम्पन्न भएको पाइएन ।

४. **प्राविधिक सहायता** – व्यवस्थापिका संसदमा २०६६।६७ को बजेट वक्तव्यसाथ प्रस्तुत यस वर्षको प्राविधिक सहायतासम्बन्धी विवरणमा मन्त्रालय अन्तर्गत "रोजगारीको लागि सीप वृद्धि परियोजना" को लागि अन्तर्राष्ट्रिय श्रम संगठनबाट ८ लाख ६९ हजार ३८५ अमेरिकी डलर व्यहोर्ने उल्लेख भएकोमा सोको सम्झौता र परियोजनाअन्तर्गत सञ्चालित कार्यहरुको खर्चको विवरण लेखापरीक्षणको लागि पेश भएन ।

सूचना प्रविधि लेखापरीक्षण

यातायात व्यवस्था विभागले सवारीसाधन व्यवस्थापनमा ई रेकर्डिङ प्रणालीमा लैजान सवारी दर्ता अभिलेख (Vehicle Registration System-VRS) सफ्टवेयर २०६६ भाद्रदेखि वागमती अञ्चल यातायात व्यवस्था कार्यालयमा लागू गरेको छ । यो सफ्टवेयरको पर्याप्तता, नियन्त्रण पद्धति, सुरक्षा तथा क्षमता जस्ता पक्षको मूल्याङ्कन गर्ने सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेकोमा प्रयोगमा ल्याएको उक्त सफ्टवेयर माइएसक्यूल

(MYSQL) मा रहेकोले आइडिइए (IDEA) सफ्टवेयरमा रुपान्तरण गरी मूल्यांकन गर्ने कार्य भैनसकेकोले सफ्टवेयर व्यवस्थापन तथा सुरक्षा पक्षका विषयलाई मात्र समावेश गरिएको छ ।

५. **सफ्टवेयर –** यो भि.आर.एस. सफ्टवेयरको एक परामर्शदाताबाट निर्माण भई स्वीकृति एवं हस्तान्तरण नगरेकै अवस्थामा पुन: अर्को परामर्शदाताबाट यो सफ्टवेयर संचालनमा ल्याएको छ । स्वीकृति नै नभई परीक्षणको रुपमा रहेको सफ्टवेयरबाट दर्ता, नवीकरण तथा राजश्व असुलीको कार्य गराउदै आएको छ ।

६. **सुरक्षा –** परामर्शदाताको नियन्त्रणमा रहेको यो सफ्टवेयरको डाटा व्याकअप, डाटा ट्रान्सफर सम्बन्धी प्रक्रिया र अपरेसन म्यानुयल विभागले व्यवस्थित नगरेकोले अनधिकृत पहुँच, डाटा ह्याङ्किङ्ग, थेप्ट, थ्रेट, आगजनी जस्ता वातावरणीय नियन्त्रण पक्षमा जोखिम रहेकोले पूर्व सावधानी अपनाउनुपर्छ ।

७. **सूचना प्रविधि पूर्वाधार** – यो वर्षसम्म सूचना प्रविधि पूर्वाधारको लागि रु. ९ करोड ३० लाख २० हजार खर्च गरेतापनि दक्ष जनशक्ति व्यवस्था नभएको, कार्यरत कर्मचारीहरुलाई प्रविधि मैत्री तालिम दिन नसकेकोले सफ्टवेयर संचालनको लागि कम्प्युटर इंन्जिनियर १ सहित ११ प्राविधिक करारमा लिएको छ । सफ्टवेयरको प्रयोगमा विश्वसनियता, सुनिश्चितता, एकरुपता कायम गर्न एवं कार्यरत कर्मचारीहरुको क्षमता, अभिवृद्धि गरी पूर्वाधारको व्यवस्था गरिनुपर्दछ ।

८. **सवारी कर लगत** – सफ्टवेयरमा नयां सवारी साधन दर्ता, नवीकरण तथा कर तिर्न आउने सवारी साधनमा लाग्ने कर म्यानुएयल गणना गरेर असुल गर्ने सम्म गरेको छ । नवीकरण तथा कर तिर्ने म्याद गुज्रेका सवारी साधनको सफ्टवेयरमा अभिलेखांकन नहुंदा समयमा नविकरण नगराउने तथा कर नतिर्ने सवारी धनीबाट असुल हुनुपर्ने करको असुली प्रक्रिया अघि वढन सकेको छैन । त्यस्तै सडक इजाजत लगायतका कार्य र तत्सम्बन्धी राजश्व असुली हस्तलिखित नगदी रसिदबाट सङ्कलन हुने गरेकोले सफ्टवेयरले संचालन नतिजाको पूर्ण अभिलेखलाई चित्रण गर्दैन ।

९. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ८ कार्यालयबाट रु.१ लाख ५७ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ४ कार्यालयबाट रु.५ हजार र सम्परीक्षणको क्रममा रु.५ लाख ४६ हजारसमेत रु.७ लाख ८ हजार असुल भएको छ ।

१०. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ५ कार्यालयको रु.१ करोड ३२ लाख ९१ हजार पेश्की देखिएको छ । बाँकी पेश्की सबै म्याद नाघेको रहेको छ ।

११. **सम्परीक्षण** – मन्त्रालय र मातहत सरकारी कार्यालयहरुको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

११.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.६ करोड ७९ लाख ९५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ लाख ७५ हजार फछ्यौंट गरेकोले रु.६ करोड ६८ लाख २० हजार बाँकी रहेको छ ।

११.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू प्रतिवेदन अवधिसम्म रु.२० लाख ५३ हजार फछ्यौंट गरिआएकोले सम्परीक्षण गरिएको छ ।

११.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.३५ लाख ६१ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट रु.५२ लाख ३१ हजार सरकारी कार्यालयतर्फ र रु.३ लाख ८३ हजार अन्यतर्फ रहेको छ ।

सामान्य प्रशासन मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.४८ करोड ६५ लाख, राजस्वतर्फ रु.३७ लाख ८३ हजार, धरौटीतर्फ रु.३६ लाख ७७ हजारसमेत रु.४९ करोड ३९ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको शीर्षकमा विनियोजन भएको रु.१४ लाख १० हजारसमेत समावेश छ ।

मन्त्रालयमातहतका समिति तथा अन्य संस्था ३ को रु.५० करोड ३२ लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:–

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन ।

१.१ गत विगत वर्षदेखि खरिद योजना तयार नगरेको व्यहोरा औल्याउदै आएतापनि मन्त्रालय, निजामती किताबखाना र निजामती अस्पतालले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीवमोजिम यो वर्ष पनि वार्षिक खरिद योजनाबिना नै रु.१० करोड ८९ लाख ९५ हजारको विविध सरसामान खरिद गरेको पाइयो ।

१.२ निजामती सेवा ऐन, २०४९ को दफा १८ मा कुनै पनि कर्मचारलिाई २ महिनाभन्दा बढी अतिरिक्त समूहमा राख्न नहुने व्यवस्था छ । अतिरिक्त समूहमा रहेका कर्मचारीको मिति खुलेको र अध्ययन बिदामा रहनेको अध्यावधिक अभिलेख राख्ने गरेको पाइएन । अध्ययन बिदामा रहेका १० कर्मचारीलाई विगत वर्षको तलब भत्ता खर्च लेख्दा भुक्तानी दिन बाँकीको अभिलेख (म.ले.प.फा.नं.१८) वेगर यो वर्ष रु.१४ लाख २० हजार र अतिरिक्त समूहमा रहेका कर्मचारीको तलबबापत रु.८ करोड २८ लाख ५८ हजार खर्च लेखेको छ । अतिरिक्त समूहका कर्मचारीको विवरण अध्यावधिक नगरेको, हाजिरीबेगर तलब भत्ता खर्च लेखेको, रमानामा न्यूनतमरुपमा खुलाउनुपर्ने व्यहोरा खुलाएको नदेखिएकोले मन्त्रालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **आवास निर्माण** – यो वर्षको बजेट वक्तव्यमा दार्चुला र महोत्तरी जिल्लामा कर्मचारी आवास निर्माण गर्ने उल्लेख छ । सोका लागि जग्गा प्राप्त गरिसकेको भए तापनि भवन निर्माण कार्य सुरु भएको छैन । आवासीय विद्यालय स्थापना गर्न निकासा भएको रु.२ करोड धनकुटा र डोटीमा निजामती कर्मचारी आवासीय विद्यालय शैक्षिक गुठीको नाममा निकासा दिएको पाइयो ।

समिति तथा अन्य संस्थातर्फ

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

३. **लक्ष्य प्रगति** – यो वर्ष ४६ तालिम कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेकोमा ३९ कार्यक्रमबाट १ हजार ६० र मागमा आधारित ३४ कार्यक्रमबाट ७५० गरी जम्मा १ हजार ८५० मानव स्रोतको प्रशिक्षण दिएको छ । नियमित कार्यक्रमतर्फ नेपाल सरकारका विशिष्ट श्रेणीका ५० सचिवको सहभागितामा गरिने सेमिनार लगायतका ७ कार्यक्रम कार्यान्वयन भएको देखिएन ।

४. **पूँजीगत खर्च** – नेपाल सरकारबाट प्राप्त रु.३ करोड २२ लाख ७० हजार पूँजीगत कार्यक्रमको लागि प्राप्त रकम खर्च नगरी वासलातमा जिम्मेवारी सारेको पाइयो ।

५. **लेखा नीति र व्यवस्था –** प्रतिस्ठानले हालसम्म नगदमा आधारित लेखा नीति अपनाई आय–व्यय विवरण तयार गर्ने गरेको छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा १४ मा लेखा ढाँचा परिषद्बाट स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा हालसम्म स्वीकृत गरेको छैन ।

निजामतीकर्मचारी अस्पताल

चीन सरकारको आर्थिक र प्राविधिक सहयोगमा निर्मित अस्पतालले गत वर्षदेखि बहिरङ्ग र यो वर्षदेखि अन्तरङ्ग सेवा सञ्चालन गरी विभिन्न १४ प्रकारका उपचार सेवा उपलब्ध गराउँदै आएको छ । सर्वसाधारणलाई समेत सेवा दिने गरेको यस अस्पतालले निजामती कर्मचारीलाई नाम दर्ता शुल्क र औषधिबाहेकको खर्चमा राजपत्राङ्कितलाई ४० र अनङ्कितलाई ५० प्रतिशत छुट दिने नीति लिएको छ । गत वर्ष २ हजार २२० कर्मचारीले अस्पतालबाट सेवा प्राप्त गरेकोमा यो वर्ष अन्यसमेत १६ हजार ४४३ ले सेवा प्राप्त गरेका छन् ।

६. **खरिद योजना** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ८ मा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष अस्पतालले खरिद योजनाबेगर औषधि र उपकरण खरिदमा रु.७ करोड १३ लाख खर्च गरेको छ । वार्षिक कार्यक्रम तयार गर्दा चाहिने सामग्रीहरुको नामनामेसी र खरिद गर्ने परिमाण उल्लेख नभएबाट आवश्यकताको पहिचानबेगर बजेट विनियोजन गरी सामान खरिद गरेको पाइयो ।

७. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.१ लाख ५० हजारभन्दा बढीको सेवा वा वस्तु सिलबन्दी दरभाउपत्र र रु.१० लाखभन्दा बढीको खरिदमा बोलपत्र आह्वान गर्नुपर्ने उल्लेख छ । यो वर्ष अस्पतालले ९ फर्मबाट विज्ञापन तथा सूचना प्रकाशन गर्दा रु.६ लाख ९१ हजार र खरिदमा रु.६३ लाख ५० हजार, अन्य विविध सामान रु.७० लाख ४१ हजारको सोझै खरिद गरी प्रतिस्पर्धा सीमित पारेको देखियो ।

८. **विनियम तथा निर्देशिका** – अस्पताल गठन आदेशको दफा १५ मा सो आदेशको प्रतिकूल नहुने गरी सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिई समितिले आवश्यक विनियम र कार्य सञ्चालन निर्देशिका बनाई लागू गर्नसक्ने व्यवस्था भएकोमा त्यस्तो निर्देशिका र विनियमावली तयार भएको देखिएन ।

९. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा १ कार्यालयबाट रु.५८ हाजर र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.३ लाख ८ हजार, सम्परीक्षणको क्रममा रु.८ लाख ४६ हजार र अन्य निकायतर्फ रु.१० लाख ३ हजारसमेत रु.२२ लाख १५ हजारसमेत रु.३ लाख ६६ हजार असुल भएको छ ।

१०. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

१०.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.२ करोड ३३ लाख २० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ३१ लाख २० हजार फछ्यौंट गरेकोले रु.२ लाख बाँकी रहेको छ ।

१०.२ अन्य संस्था/समितितर्फ यो वर्ष रु.१ करोड ७७ लाख ७९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ लाख ६३ हजार फछ्यौंट गराएकोले रु.१ करोड ६४ लाख १६ हजार बेरुजू बाँकी रहेको छ ।

१०.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.२६ लाख ३९ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.६२ लाख ३४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

१०.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.७३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.६३ लाख ७ हजारमध्ये रु.५४ लाख ९१ हजार सरकारी कार्यालयतर्फ र रु.८ लाख १६ हजार अन्यतर्फ रहेको छ ।

सिंचाई मन्त्रालय

मन्त्रालय र मातहतका समेत ११२ कार्यालयको विनियोजनतर्फ रु.८ अर्ब ७२ करोड ६८ लाख ८० हजार, राजस्वतर्फ रु.६ करोड ३८ लाख ६२ हजार र धरौटीतर्फ रु.५८ करोड ८२ लाख ६२ हजार समेत रु.९ अर्ब ३७ करोड ९० लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा भौतिक योजना तथा निर्माण मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयमा निकासा तथा खर्च भएको बाढीजन्य क्षति पुन:निर्माण आयोजना कार्यक्रमको रु.२४ करोड ८९ लाख ९७ हजार समेत समावेश छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्षपनि सुधार भएको पाइएन:

१.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ को उपदफा ३ र दफा १०(६) अनुसार प्राप्त भएको अन्य प्रकारका सहायता (बजेटमा समावेश नभएका) को विवरण मातहत कार्यालयमा समेत राख्न लगाई त्यसको केन्द्रीय विवरण राख्ने दायित्व लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयले यो वर्षपनि यस्ता सहायताको विवरण तयार नगरेको र सोको लेखापरीक्षण पनि गराएको छैन ।

१.२ गत वर्ष मन्त्रालय र अन्तर्गतका १३४ इकाईको २०३८।३९ देखि २०६१।६२ सम्म विनियोजन, राजस्व र धरौटीतर्फको रु.१० करोड १० लाख ७३ हजार लेखापरीक्षण बक्यौता रहेको छ । सोको यो वर्षपनि स्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **केन्दीय आर्थिक विवरण** – मन्त्रालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणमा लेखापरीक्षणमा पेश भएको इकाईगत आर्थिक विवरणमा भन्दा राजस्वतर्फ रु.५१ हजार तथा धरौटीतर्फ रु.८ लाख ७७ हजार घटी देखाएको छ ।

३. **तलबी प्रतिवेदन** – निजामती सेवा ऐन, २०४९ दफा ७ख(२) को व्यवस्थाअनुसार सम्पूर्ण कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । उपरोक्त व्यवस्थाको पालना नगरी मन्त्रालय र मातहतका २४ कार्यालयले यो वर्ष रु.१५ करोड ८८ लाख ८१ हजार तलब खर्च लेखेका छन् ।

४. **कार्यसम्पन्न प्रतिवेदन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने, निर्माण कार्यसम्पन्न भएको तीस दिनभित्र (एजविल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने, डिजाइन वा स्पेशिफिकेसनबमोजिम भए नभएको कुरा निकाय प्रमुख आफैले वा प्राबिधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्ने, यसरी जाँचबुझ गर्दा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिमकै भएको पाइएमा सार्वजनिक निकायले सम्बन्धित निर्माण व्यवसायीलाई कार्यसम्पन्न प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका ७ कार्यालयले यो वर्ष रु.५१ करोड ५५ हजार मूल्यको निर्माण कार्यसम्पन्न गरेकोमा एजविल्ट नक्सा कार्यालय समक्ष पेश नगरेको एवं कार्यालयले कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र प्रमाणपत्र उपलब्ध गराएको देखिएन ।

५. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८९(१) मा बासिन्दा व्यक्तिलाई करारबापत रु.५० हजारभन्दा बढी रकम भुक्तानी गर्दा भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १८ कार्यालयले रु.२ लाख ८५ हजार अग्रिम कर कट्टा गरेको छैन ।

६. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) ले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने र बीजक लिनु प्रापकको कर्तव्य हुने व्यवस्था छ । मन्त्रालय अन्तर्गतका ९ कार्यालयले तोकिएको ढाँचाको कर बीजक वेगर यो वर्ष रु.१२ लाख ४६ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको पाइयो ।

सोही ऐनको दफा १५अनुसार दर्ता नभएकोले कर उठाउन नहुने र कर उठाएमा कर निर्धारण गरी असुलउपर गरिने व्यवस्था भएकोमा पूर्वाञ्चल सिंचाई सव–डिभिजन नं.३, खोटाङ्गले बीजक जारी नगरेको र आन्तरिक राजस्व कार्यालयमा समेत दर्ता नभएको एक संयुक्त उपक्रमको निर्माण सेवालाई मूल्य अभिवृद्धि कर रु.१० लाख ३ हजार भुक्तानी गरेकोले ऐनअनुसार कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

प्रिन्टेड बिल नभएको, हातले बीजक नम्बर लेखेको, नम्बर केरमेट गरेको बीजकको आधारमा ११ कार्यालयले मूल्य अभिवृद्धि कर समेत रु.२ करोड ५७ लाख ९५ हजार भुक्तानी गरेकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी कर समायोजनको प्रमाण प्राप्त हुनुपर्ने देखियो ।

सिंचाई विभाग

७. **अन्तरिम योजनाको प्रगति** – कृषि उत्पादनमा वृद्धि तथा रोजगारीको अवसर सिर्जनामा टेवा पुऱ्याउन वर्षैभरी दिगो तथा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने त्रिवर्षीय अन्तरिम योजनाको क्षेत्रगत उद्देश्य राखेकोमा प्रगति स्थिति निम्नानुसार छ:

सि.नं.	कार्यक्रम/आयोजना	भौतिक लक्ष्य (हेक्टरमा)	प्रगति (हेक्टरमा)	प्रगति प्रतिशत
१	नयाँ सिंचाई क्षेत्र विस्तारको लागि पूर्वाधार विकास			
	(क) सतह सिंचाई आयोजनाहरुबाट	५६,९००	१०,१४७	१७.८३
	(ख) भूमिगत सिचाई आयोजनाहरुबाट	३७,४००	४६,४५४	१२४.२१
	(ग) नयाँ प्रविधिमा आधारित सिंचाई कार्यक्रमबाट	१,६००	१२,४७	७७.९३
२	कृषक कूलो सुधार तथा विस्तार कार्यक्रमबाट	२३,७००	१२,४३४	५२.४६
	जम्मा	१,१९,६००	७०,२८२	५८.७६

८. **भौतिक प्रगति** – यो वर्ष विभाग अन्तर्गत विभिन्न २६ सिंचाई आयोजना/कार्यक्रम सञ्चालन गर्न चालू तथा पूँजीगत खर्च समेत सुरुमा रु.५ अर्ब ३३ करोड ४४ लाख ३९ हजार विनियोजन भएकोमा संशोधन गरी कुल रु.५ अर्ब ५५ करोड १० लाख ९२ हजार बजेट कायम गरी रु.५ अर्ब ६ करोड ३६ लाख ८ हजार खर्च गरेको छ । वित्तीय प्रगति ९१.२२ प्रतिशत र भौतिक प्रगति ९०.९२ प्रतिशत गरेको प्राप्त विवरणबाट देखिन्छ ।

पहिलो प्राथमिकतामा १९ र दोस्रो प्राथमिकतामा ७ समेत कुल २६ आयोजना सञ्चालन गरेकोमा २४ आयोजनामा ८० देखि १०० प्रतिशतसम्म प्रगति भएको देखिन्छ । पहिलो प्राथमिकतामा रहेका सुर्खेत उपत्यका सिंचाई आयोजना र कर्णाली अञ्चल सिंचाई विकास कार्यक्रममा क्रमश: ८.४१ र २२.०२ प्रतिशतमात्र भौतिक प्रगति भएको देखियो । कम प्रगति भएका आयोजनाहरुको समस्या समयमै पहिचान गरी निर्दिष्ट प्रगति हासिल गर्न ध्यान दिनुपर्दछ ।

९. **सिंचाई नीति** – सिंचाई नीति, २०६० मा उल्लेख भएका क्षेत्रगत विभाजनको अवधारणालाई अवलम्बन गरी सिंचित क्षेत्र घोषणा गर्ने, कमाण्ड क्षेत्रमा आवास क्षेत्र विकास तथा विस्तार नियन्त्रण गर्न कानूनी आधार निर्माण गर्ने, ठूला नदीको पानीलाई सुख्खाग्रस्त जलाधार क्षेत्रमा लैजान गुरुयोजना तयार गर्ने, सिंचाई विकास कोष स्थापना गर्ने कार्य भएको छैन । सोही नीतिमा उल्लेख गरिएका सिचाई प्रणालीहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउने, सिंचाई प्रणालीहरु कार्ययोजनाका आधारमा उपभोक्ताहरुलाई हस्तान्तरण गरिने र हस्तान्तरित प्रणालीले चर्चेको जग्गा तथा अन्य संरचनाहरुको भोगाधिकारको स्वामित्व उपभोक्ताहरुलाई उपलब्ध गराइने कार्य पूर्णरुपमा भएको नदेखिँदा सिंचाई प्रणाली व्यवस्थापनमा नीतिले लिएको लक्ष्य प्राप्त हुनसक्ने देखिएन ।

१०. **सिंचाई सेवा शुल्क** – सिंचाई नियमावली, २०५६ को नियम २९(१) ले सेवा उपभोग गर्ने उपभोक्ताले सेवा शुल्क उपभोक्ता संस्थालाई बुझाउने व्यवस्था गरेको छ । संयुक्त व्यवस्थापनका सिंचाई प्रणालीको सिंचाई सेवा शुल्क सङ्कलनको स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

आर्थिक वर्ष	शुल्क सङ्कलन हुने प्रणाली संख्या	सङ्कलित सेवा शुल्क रकम
२०६४/६५	२३	१,४३,७५
२०६५/६६	२२	१,१९,६२
२०६६/६७	२१	१,४३,६१

नियमावलीको नियम २९(२) ले उपभोक्ता संस्थाले नेपाल सरकारले घोषित गरेको सिंचित क्षेत्रमा सेवा उपभोग नभएको अवस्थामा पनि निर्धारित न्यूनतम सेवा शुल्क प्रत्येक उपभोक्ताबाट उठाउनुपर्ने व्यवस्था भएकोमा संयुक्त व्यवस्थापनमा सञ्चालित ३२ मध्ये यो वर्ष ११ सिंचाई प्रणालीबाट यस्तो सिंचाई सेवा शुल्क उठाएको देखिएन । कोशी पम्प, बबई, राजापुर, वागमती सिंचाई प्रणालीको ८५ हजार हेक्टर कमाण्ड क्षेत्रबाट हालसम्म सेवा शुल्क उठाएको देखिँदैन ।

नियमावलीको नियम ६(१) ले उपभोक्ता संस्थाले उपलब्ध गराएको सेवा उपभोग गरेबापत उपभोक्ताले तिर्न बुझाउनुपर्ने सेवा शुल्कलगायत मर्मत संभारमा भएको खर्च समेत देखिने गरी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था भएकोमा अधिकांश संस्थाहरुले सिंचाई सेवा उपभोग गरेबापत तिर्नु बुझाउनपर्ने, सोमध्ये प्राप्त र उठाउन बाँकी सेवा शुल्कसमेत खुलाई लगत अभिलेख राखेको पाइएन ।

सिंचाई सेवा शुल्क उठेका, नउठेका दुवै प्रणालीमा मर्मत सम्भार लगायतका कार्यमा थप लगानी गरिरहेको पाइएको छ । नीतिगत व्यवस्था स्पष्ट गरी सिंचाई प्रणालीहरुबाट सेवा शुल्क उठाउनुपर्दछ ।

११. **सवारीसाधनको उपयोग** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा कार्यालयमा प्राप्त हुन आएको नगदी जिन्सी तोकिएको काममा प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा सिंचाई विभागको स्वामित्वमा रहेको पीकअप, जीप लगायतका ९ सवारीसाधन प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, प्रहरी कार्यालय आदि निकायहरुमा पठाई प्रयोग भइरहेको देखियो ।

सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना

१२. **अनुदान खर्च** – आयोजनाको विभिन्न क्रियाकलाप सञ्चालन गर्न अन्तर्राष्ट्रिय विकास संस्थासँग भएको सम्झौताअनुसार उक्त संस्थाको अनुदान, नेपाल सरकार र सम्बन्धित उपभोक्ता समूहको योगदानसमेत कुल रु.४ अर्ब २८ करोड ३८ लाख ३३ हजार (अमेरिकी डलर ६ करोड ४९ लाख १० हजार) अनुमानित लागत लाग्ने उल्लेख छ । यो वर्षसम्म रु.६४ करोड २७ लाख १५ हजार (१५ प्रतिशत) खर्च भएको विवरण प्राप्त भएको छ । आयोजनाको ५ वर्षको अवधिमध्ये ३ वर्ष (६० प्रतिशतभन्दा बढी अवधि) व्यतीत भइसकेकोमा अनुमानित लागतको १५ प्रतिशतमात्र खर्च गरेकोले बाँकी अवधिमा लक्षित कार्यसम्पन्न हुनेमा आश्वस्त हुन सकिने अवस्था देखिएन ।

१३. **शोधभर्ना हिसाब** – यो वर्षको अन्त्यसम्ममा कुल शोधभर्ना प्राप्त हुन बाँकी रु.४० करोड २ लाख ३८ हजारमध्ये यो वर्षको रु.३३ करोड ४९ लाख २० हजार र सो भन्दा अगाडिको शोधभर्ना हुन बाँकी रु.६ करोड ५३ लाख १८ हजार रहेको देखिन्छ । महालेखा नियन्त्रक कार्यालयको रेकर्डअनुसार वर्षको अन्त्यमा शोधभर्ना हुन बाँकी रु.४१ करोड ११ लाख ९२ हजार देखिएकोले फरक परेको रकम सम्बन्धमा आवश्यक कारबाही गरी हिसाब मिलान गर्नुपर्ने देखियो ।

१४. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(१) मा दर्ता नभएको व्यक्तिले कुनै बीजक जारी गर्न र कर उठाउन नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(६) मा कुनै खरिद सम्झौताको लागि छनौट भएमा संयुक्त उपक्रमलाई त्यस्तो उपक्रमको संयुक्त दायित्व र साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर

दर्ता गराउनुपर्ने उल्लेख छ । आयोजनाले वेसलाइन सर्भे कार्यको बाह्य अनुगमन तथा मूल्याङ्कन सहयोगको कार्य गर्न एक संयुक्त उपक्रमको परामर्शदातासँग रु.५० लाख ६० हजार (मूल्य अभिवृद्धि कर बाहेक) मा सम्झौता गरेको छ । संयुक्त उपक्रमको दर्ता एवं बीजक पेश नभएकोले उपक्रममध्येका एक परामर्शदाता कम्पनीको मूल्य अभिवृद्धि कर बीजकको आधारमा मूल्य अभिवृद्धि कर समेत रु.२२ लाख ८१ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन । मूल्य अभिवृद्धि करबापतको रु.२ लाख ६२ हजार सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१५. **अन्य प्रयोजन खर्च** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममामात्र खर्च गर्नपाइने व्यहोरा उल्लेख छ । आयोजनाले तालुक मन्त्रालयको मन्त्रीको कार्यकक्षको लागि फर्निचर, मन्त्रालयको कम्प्युटर, प्रिन्टर मर्मत र मातहतका निकायहरुको मोटर मर्मत आदिमा रु.११ लाख ९५ हजार खर्च गरेको पाइयो । छुट्टै बजेट विनियोजन हुने मन्त्रालय एवं कार्यालयलागि आयोजनाबाट खर्च लेख्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना

१६. **प्रगति स्थिति** – पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका समुदायद्वारा व्यवस्थित साना तथा मझौला सिंचाई प्रणालीहरुको सुधारद्वारा सिंचाई प्रणालीको दिगोपन र कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले २०६२।६३ मा सुरु भएको यो आयोजना २०६८।६९ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार तथा एसियाली विकास बैङ्कबीच २३ डिसेम्बर, २००५ मा भएको ऋण सहयोग सम्झौताअनुसार एसियाली विकास बैङ्क, नेपाल सरकार, ओपेक कोष र प्रभावित क्षेत्रका जनताको योगदानसमेत रु.२ अर्ब ५२ करोड ५० लाख २ हजार (अमेरिकी डलर ३ करोड ८५ लाख ८५ हजार) लागत लाग्ने अनुमान रहेको छ । यो वर्षसम्म रु.५७ करोड ३३ लाख ५२ हजार (लागतको २२.७१ प्रतिशत) खर्च भएको छ ।

सम्झौताअनुसार योजना अवधि करिब साढे ६ वर्ष भएकोमा यो वर्षसम्म ७० प्रतिशत समय व्यतित भइसकेको हुँदा योजना कार्यान्वयनमा ढिलाई हुँदा मूल्य समायोजन, परामर्शदाता खर्च र विभिन्न प्रशासनिक खर्च बढ्न गई आयोजनाको लागत तथा समय वृद्धि हुनेतर्फ सजग रहनुपर्ने देखियो ।

१७. **भेरिएसन आदेश** – आयोजना अन्तर्गत पहिलो ब्याच समूहका १४ जिल्लामध्ये १२ जिल्लाका २३ उप–आयोजनाको सम्भाव्यता अध्ययन कार्य सिंचाई डिभिजन/सव–डिभिजन समेत सहभागी गराई एक स्थानीय परामर्शदाताबाट रु.५९ लाख ५६ हजारमा गराएको छ । दोस्रो ब्याचका उप–आयोजनाहरुको सम्भाव्यता अध्ययन कार्यमा सम्बन्धित सिंचाई विकास डिभिजन, सव–डिभिजन कार्यालयहरुलाई सहभागी नगराई एक संयुक्त उपक्रमका परामर्शदातासँग रु.१९ करोड ४७ लाख २३ हजारको सम्झौता गरेको छ । यस्तो सम्झौता गर्दा कार्य उपलब्धिमा आधारित एकमुष्ठ सम्झौता नगरी समयमा आधारित कार्यतालिकाअनुसार गरेकोले भेरिएसन गर्नुपर्ने स्थिति भई लागत बढ्न गएको देखिएको छ ।

उक्त परामर्शदातासँग २०६६।२।२४ मा रु.२ करोड ३७ लाख ३७ हजार (१२.१९ प्रतिशत) को भेरिएसन आदेश स्वीकृत गरेबाट सो कार्यको लागत वृद्धि भएको छ ।

परामर्शदाताले भेरिएसन आदेश जारी भएको २०६६।३।१६ देखि डेढ महिनाभित्र १६ समेत साढे दुई महिनाभित्र ४२ अन्तरिम प्रतिवेदन बुझाउनुपर्नेमा ४ महिनाभित्र २६, ७ महिनाभित्र १४ र १ वर्षभित्रमा २ बुझाएको पाइयो । यसैगरी उप–आयोजनाको अन्तिम प्रतिवेदन ४२ मध्ये २ महिनाभित्र १६ र ४.५ महिनाभित्र २६ प्रतिवेदन बुझाउनुपर्नेमा १ वर्षभित्र ३१ र १ वर्षपछि ५ अन्तिम प्रतिवेदन पेश गरेको देखियो । ६ अन्तिम प्रतिवेदन पेश गरेको छैन । भेरियसन आदेश भएको मध्ये क्याटागोरी 'ए' को पारिश्रमिक र क्याटोगोरी 'बी' को आउट अफ पकेट खर्च रु.१ करोड ८३ लाख ३१ हजार भुक्तानी गरेको छ । उप–आयोजनाहरुको कार्यान्वयनको लागि अत्यावश्यक अध्ययन प्रतिवेदन पेश गर्न ढिलाई भएमा हुने कारबाही सम्बन्धमा भेरिएसन आदे जारी गर्दा विचार पुऱ्याएको देखिएन ।

१८. **खरिद कार्य** – सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक निकायले खरिद इकाई गठन गर्नुपर्ने र रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने, खरिद कार्य गर्दा

प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी खरिद गर्ननहुने र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । आयोजनाबाट खरिद इकाई गठन नगरी, खरिद योजनाबेगर यो वर्ष विभिन्न पार्टीबाट पटक पटक गरी रु.५० लाख ३६ हजारको सवारी साधन र मेशिनरी औजार खरिद गरेको देखियो ।

सिक्टा सिंचाई आयोजना

१९. **लागत** – राप्ती नदीमा ३१७ मिटर ब्यारेज, ५० किलोमिटर मूल नहर, २३३ किलोमिटर शाखा नहर निर्माण गरी ४२ हजार ७६६ हेक्टरमा २०७०।७१ सम्ममा सिंचाई सेवा उपलब्ध गराउने गरी १११ ठूला संरचना सहित ३ चरणमा कार्यसम्पन्न गर्ने गरी सञ्चालित यो आयोजनाको सुरु लागत रु.७ अर्ब ४४ करोड ७५ लाख ५५ हजार रहेकोमा संशोधित लागत रु.१२ अर्ब ८० करोड छ । पहिलो चरणका कार्यमध्ये यो वर्ष इलेक्ट्रो मेकानिकल कार्य बाहेकको हेडवर्क्स तथा फ्लशिङ्ग च्यानलको निर्माण कार्यसम्पन्न गरेको छ । मूल नहर निर्माण आरम्भमात्र भएको छ । आयोजनामा यो वर्षको अन्त्यसम्म रु.४ अर्ब ७ करोड ९५ लाख (लागतको तुलनामा ३१.८७ प्रतिशत) खर्च भएको छ ।

२०. **हेडवर्क्स निर्माण कार्य** – हेडवर्क्स निर्माण कार्यको लागि कुल लागत अनुमान रु.२ अर्ब ३३ करोड ६४ लाख ८९ हजार (मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम समेत) भएकोमा रु.१ अर्ब ८५ करोड ५० लाख ५१ हजारमा २०६६।९।१६ सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको छ ।

सिक्टाको मुल बाँध

सम्झौता अवधिमा बन्द, हडताल, काम थप, ढुङ्गा, बालुवा सङ्कलनमा परिमाणात्मक बन्देज लगायतका कारण काम सम्पन्न हुन नसकेको जनाई सम्झौताको म्याद २०६७ आषाढसम्म थप गरेको देखिन्छ । निर्माण व्यवसायीले २०६७।१।२७ मा कार्यसम्पन्न गरेको आधारमा आयोजनाले प्राप्ति प्रमाणपत्र जारी गरेको छ । आयोजनाबाट पेश गरेको कार्य अभिलेख खाताअनुसार संयुक्त उपक्रमलाई २०६५।६६ सम्म रु.१ अर्ब ७६ करोड ७९ लाख ३ हजार भुक्तानी भएकोमा यो वर्ष अन्तरिम बिल १७ देखि २० सम्मबाट विनिमय घाटा, मूल्यवृद्धि समेतको रु.४६ करोड ८० लाख ९७ हजार समेत जम्मा रु.२ अर्ब २३ करोड ६० लाख भुक्तानी भएको छ । सम्झौताअनुसार रु.१ अर्ब ८५ करोड ५० लाख ५१ हजार अङ्क कायम भए तापनि विनिमय घाटा एवं मूल्यवृद्धिको कारणले रु.३८ करोड ९ लाख ४९ हजार थप खर्च व्यहोर्न परेको देखिएको छ ।

२१. **शोधभर्ना** – हेडवर्क्ससम्बन्धी कार्यका ठेकेदारसँग भएको सम्झौताको दफा ७३.५अनुसार यो वर्ष कच्चापदार्थ: सिमेन्ट, फलामे डण्डी र भेहिकल स्पेयर पार्ट्स आयातमा लागेको रु.४ करोड ३३ लाख ९६ हजार भन्सार महसुल, अन्त:शुल्क र मूल्य अभिवृद्धि कर समेत शोधभर्ना गरेको छ । भन्सार महसुल शोधभर्नाबापत यो वर्षसम्म रु.४५ करोड २० लाख ७१ हजार खर्च भइसकेको देखिन्छ । आयातित निर्माण सामानहरुको सम्झौताको प्रावधानअनुसार भन्सारबिन्दुमा तिरेको मूल्य अभिवृद्धि कर आयोजनाले शोधभर्ना गरिसकेपछि सोही कच्चासामग्री प्रयोग गरी निर्मित तयारी संरचनाको ठेक्का बिल तयार गर्दा मूल्य अभिवृद्धि कर जोडी दाबी गरेकोमा आयोजनाले आयातमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी नगरी भुक्तानी गरेकोले आयोजनाले दोहोरो मूल्य अभिवृद्धि कर व्यहोरेको देखिएको छ ।

मूल्य अभिवृद्धि करको सिद्धान्तअनुसार खरिदमा तिरेका कर बिक्रीमा सङ्कलन गरेको करबाट क्रेडिट सुविधा लिने प्रावधान भए तापनि निर्माण सामाग्री आयात र संरचना निर्माण दुवैको मूल्य अभिवृद्धि कर संयुक्त उपक्रमलाई भुक्तानी दिने गरी सम्झौता गर्नु करको सिद्धान्त विपरीत छ । उक्त संयुक्त उपक्रमबाट सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा यो वर्ष मूल्य अभिवृद्धि करबापत भुक्तानी लिएको रु.१ करोड ४७ लाख ९९ हजार दाखिला गरी कर समायोजन गरेको प्रमाण आयोजनाले प्राप्त गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा उक्त संयुक्त उपक्रमको निर्माण सेवाले धरौटी भुक्तानी माग गर्दा मूल्य अभिवृद्धि कर समायोजन

गरी अध्यावधिक गरेको विवरण पेश गरे पश्चातमात्र उक्त रकम भुक्तानी गरिने जवाफ आयोजनाले दिएको छ ।

२२. **मूल्यवृद्धि** – हेडवर्क्स निर्माण गर्ने संयुक्त उपक्रमसँग भएको सम्झौताको दफा ७०.१ मा मूल्य समायोजन अन्तर्गत, बिल अफ क्वान्टिटीमा उल्लेख भएका आइटमहरुमध्ये आइटम नं. 'के' जनरल आइटम तथा इन्जिनियरिङ आवश्यकताको आइटममा मूल्य समायोजन नगरिने उल्लेख छ । अन्तरिम बिल नं.१८ बाट सो आइटममा रु.४ लाख २८ हजार र बिल नं.१९ बाट रु.१ लाख ३९ हजार मूल्यवृद्धिबापत भुक्तानी दिएकोले जम्मा रु.५ लाख ६७ हजार असुल हुनुपर्दछ । यस सम्बन्धमा आयोजनाले परामर्शदातासँग आवश्यक कारबाहीका लागि पत्राचार गरेको जवाफ दिएको छ ।

स्वीकृत लागत अनुमान तथा बिल अफ क्वान्टिटीमा उल्लेख नभएको आइटमहरुमा पछि नयाँ दररेट विश्लेषणको आधारमा रु.४३ लाख ५८ हजारको भेरिएसन आदेश जारी गरेको देखियो । भेरिएसन आदेशअनुसार नयाँ दररेट निर्धारण गरी कार्यादेश दिएको आइटममा मूल्यवृद्धि दिन नमिल्नेमा संयुक्त उपक्रमलाई अन्तरिम बिल नं.१९ र २० को भेरिएसनबाट थप भएको आइटमको मूल्यवृद्धिबापत रु.८ लाख ८४ हजार दिएको देखिँदा उक्त रकम असुल गर्नुपर्दछ ।

२३. **मूलनहर निर्माण** – मूलनहर ५० किलोमिटर निर्माण गर्नुपर्नेमध्ये गत वर्ष १५ किलोमिटरसम्मको ४ खरिद सम्झौता गरी निर्माण कार्य भइरहेको देखियो । बाँकी मूल नहर निर्माणमध्ये ३५ किलोमिटरभन्दा अगाडिको खण्डमा हालसम्म सर्भे तथा डिजाइन कार्य बाँकी रहेको देखियो ।

सिक्टा सिंचाईको मूल नहरको निर्माणाधीन सुरुङ्ग संरचना

२४. **ठेक्का व्यवस्थापन** – मूल नहरको एक प्याकेज निर्माण गर्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट कुल रु.१ अर्ब ६७ करोड ४ लाख ९७ हजारमा २०६८।९।२७ सम्ममा सम्पन्न गर्ने गरी २०६५।९।२८ मा खरिद सम्झौता भएको छ । यो वर्षसम्म रु.७१ करोड ८० लाख ५२ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

२४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२)अनुसार खरिद सम्झौतामा मूल्य समायोजन सूत्र निर्धारण गर्दा श्रम, सामाग्री र उपकरणको आधारमा गर्नुपर्नेमा बोलपत्र कागजात एवं खरिद सम्झौतामा मूल्य समायोजनको आधार तथा भार उल्लेख गरेको पाइएन । आयोजनाले निर्माणमा प्रयोग हुने इनपुटको स्वीकार्य भार उल्लेख नगरेको कारणबाट सो खुलाउन पत्राचार भएकोमा निर्माण व्यवसायीले निर्माण कार्यमा ७० प्रतिशत भार रहेको र रिइन्फोर्समेण्ट कंक्रिटको काममा कुनै भार उल्लेख नगरी डिजेलको भार ८० प्रतिशत तोकी जानकारी दिएको देखियो ।

तत्पश्चात् दुई पक्षबीच छलफलको आधारमा सम्झौता भई मूल्य समायोजनमा आधार मूल्य लिँदा नेपाल राष्ट्र बैङ्कको समष्टिगत सहरी उपभोक्ता मूल्य सूचकलाई १५ प्रतिशत भार, नेपाल आयल निगमले तोकेको डिजलको मूल्य भार ४५ प्रतिशत र बाँके जिल्लाले तोकेको दररेटमा अदक्ष कामदारको भार ३० प्रतिशत कायम गरेको देखियो । नियमानुसार श्रम, सामाग्री र उपकरणको आधारमा मूल्य समायोजन लिनुपर्ने व्यवस्था भए तापनि सिमेण्ट, डण्डी जस्ता निर्माण सामाग्रीको भार कायम नगर्नु उपयुक्त भएन ।

२४.२ खरिद सम्झौता हुँदा २०६४।६५ मा बाँके जिल्लाको अदक्ष श्रमिकको दर प्रतिदिन रु.१२५।– भएकोमा २०६५।६६ मा रु.१४०।– र यस वर्षमा प्रतिदिन रु.२३०।– (६४.२८ प्रतिशत वृद्धि) भएको देखियो । २०६६।१०।५ को निर्णयले जिल्ला दररेट रु.२३०।– लाई पुनरावलोकन गरी रु.२१५।– कायम भएको देखिन्छ ।

निर्माण कार्यमा मूलत: निर्माण सामाग्री र मेशिनको प्रयोग हुने देखिए तापनि श्रमिकको जिल्ला दररेट उच्चरुपमा बढेको कारण मूल्यवृद्धि अस्वभाविकरुपमा बढ्न गई यो वर्ष अन्तरिम बिल नं.२ देखि ६ सम्म रु.१२ करोड ६ लाख २३ हजार मूल्यवृद्धि भुक्तानी भएको छ । सोही प्रकृतिका र राष्ट्रियस्तरका खरिद

सम्झौतामा नेपाल राष्ट्र बैङ्कको निर्माण सामाग्री र सूचक लगायत प्रयोग हुने सामग्री उपकरण र इन्धनलाई आधार सूचक तोक्ने गरेकोमा यो ठेक्कामा अदक्ष कामदारको अंश ३० प्रतिशत राखेको पाइयो । यसले गर्दा मूल्यवृद्धिबापत निर्माण सेवालाई ठूलो रकम भुक्तानी दिनुपर्ने भई आयोजना लागत बढ्ने स्थिति छ ।

२५. **पेश्कीमा मूल्यवृद्धि** – मूल नहरको चेनेज १२+०३७ देखि १३+००० किलोमिटर खण्डको निर्माण कार्यको लागि एक संयुक्त उपक्रमको निर्माण सेवासँग २०६५।३।४ मा गरेको सम्झौताको बुँदा ४७.१अनुसार मोविलाईजेशन पेश्की दिएको रकममा मूल्यवृद्धिबापत भुक्तानी नपाउने उल्लेख छ । निर्माण सेवालाई यो वर्ष अन्तरिम बिल नं.४ बाट रु.५७ लाख ८० हजार भुक्तानी दिँदा अन्तरिम बिल नं.१ देखि ४ सम्मको मूल्यवृद्धिबापत रु.२१ लाख ४५ हजार भुक्तानी गर्दा मोविलाइजेशन पेश्की कट्टी रु.१२ लाख ७९ हजारमा मूल्य समायोजन कट्टा गरेको छैन । चौँथो बिलको मूल्यवृद्धि समायोजन दर १५.९१ ले हुने रु.२ लाख असुल गर्नुपर्दछ ।

२६. **सवारीसाधन –** सम्भाव्यता अध्ययन प्रतिवेदनमा आयोजना अवधिको लागि १६ जिप र ६० मोटरसाइकल आवश्यक पर्ने भई रु.२ करोड ५ लाख ७ हजार लागत उल्लेख गरेको छ । हालसम्म ठेक्का व्यवस्था भएका २ अन्तर्राष्ट्रियस्तर र ३ राष्ट्रियस्तरका ठेक्कामा इन्जिनियर सुविधाबापत प्रोभिजनलसम अन्तर्गत सवारी साधन भाडाबापत रु.४ करोड १२ लाख ९४ हजार कार्य परिमाण सूचीमा समावेश गरी यो वर्षसम्म रु.२ करोड ५ लाख २५ हजार (४९.७० प्रतिशत) भुक्तानी गरेको छ । यसैगरी मूल नहरको बाँकी कार्यको लागि प्रोभिजनलसम अन्तर्गत करिब रु.१ करोड ५० लाख सवारीसाधन भाडाबापत लागत अनुमानमा प्रस्तावित गरेको छ ।

मूल नहरको राष्ट्रिस्तरको ठेक्का नं.३ को सम्झौता रकम रु.५ करोड २० लाख ७९ हजार रहेकोमध्ये ४८० भेहिकल मन्थको लागि रु.१ करोड ५ लाख ६९ हजार (मूल्य अभिवृद्धि कर बाहेक, सम्झौता रकमको करिब २३ प्रतिशत) गाडी भाडा राखी सम्झौता गरेकोमा यो वर्षसम्म रु.४२ लाख १४ हजार (मूल्य अभिवृद्धि कर बाहेक) भुक्तानी गरिसकेको छ । निर्माण स्थल र चेनेज एकै स्थानमा भएपनि प्रत्येक ठेक्कामा गाडी भाडाको व्यवस्था गर्नाले लागत वृद्धि हुन गएको देखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२७. **सुपरभिजन खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)अनुसार निर्माण कार्य गर्दा लागत अनुमानको वर्कचार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्चबापत २.५ प्रतिशत समेत ५ प्रतिशतसम्म खर्च गर्नपाउने व्यवस्था छ । यो वर्ष आयोजनाले कन्टिन्जेन्सीबापत खर्च गरेको रु.२ करोड २३ लाख ८७ हजारमध्ये ज्यामी खर्च रु.१ करोड १० लाख ६३ हजार, निर्माण खर्च रु.५४ लाख ९७ हजार रहेको छ । मूल नहरमात्र निर्माणाधीन रहेकोले सुपरभाइजरको दैनिक ज्याला रु.२९५।– लाई आधार लिँदा मासिक ८ हजार ८५०।– का दरले १५ किलोमिटर क्षेत्रमा प्रतिकिलोमिटर ८४ ज्यामी प्रयोग हुनुपर्ने देखिएकोमा आयोजनाको क्रमागतरुपमा भएको कन्टिन्जेन्सी खर्चको अभिलेख दुरुस्त राखेको देखिएन । निर्माण कार्यमा सुपरभिजनको लागि आवश्यक पर्ने ज्यामी संख्याको विश्लेषण र पहिचान विना उल्लिखित खर्च गरेकोले विश्वस्त हुने आधार देखिएन ।

वागमती सिंचाई आयोजना

२८. **स्रोतान्तर** – यो वर्ष नेपाल सरकारतर्फ रु.४३ करोड २८ लाख बजेट विनियोजन गरी रु.२७ करोड ५ लाख ६७ हजार निकासा भएकोमा रु.३२ करोड १ लाख १ हजार खर्च गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(१) मा व्यवस्था भएबमोजिम अर्थ मन्त्रालयले स्रोतान्तर गरेरमात्र खर्च गर्न पाईनेमा स्रोतान्तर तथा रकमान्तर वेगर वैदेशिक ऋण साउदी विकास कोषतर्फ निकासा भएको रकमबाट नेपाल सरकारको स्रोततर्फ रु.४ करोड ९५ लाख ३४ हजार बढी खर्च व्यहोरेको देखिएको छ ।

त्यस्तै साउदी विकास कोषबाट शोधभर्ना हुने गरी खर्च भएको रु.२४ करोड ३३ लाख ९७ हजारमध्ये रु.१६ करोड २४ लाख ४१ हजार शोधभर्ना भई रु.८ करोड ९ लाख ५६ हजार शोधभर्ना हुन बाँकी देखिएकोले सो माग गरी शोधभर्ना हुनुपर्ने देखिएको छ ।

२९. **प्रगति** – आयोजनाको सुरु अवधिदेखि यस वर्षसम्मको प्रगति ९१.४३ प्रतिशत भएको देखिन्छ । २०३५।३६ देखि २०४३।४४ सम्म नेपाल सरकारको स्रोतमामात्र सञ्चालन भई २०४४।४५ देखि साउदी विकास कोषको ऋण सहयोगमा सञ्चालित यो आयोजना सञ्चालन भएको ३१ वर्ष भईसकेकोमा लक्ष्यबमोजिम प्रगति गर्नसकेको देखिँदैन । दोस्रो चरणको कार्यक्रममा प्रवेश गर्न नसकेको हुँदा आयोजनाको कार्यान्वयन गति सुस्त रहेको देखिन्छ । आयोजनाले यो वर्ष वार्षिक कार्यक्रममा तोकेको १८ मध्ये ६ कार्यमात्र गरेको पाइयो ।

३०. **कार्यक्रम स्वीकृति** – आयोजनाको स्वीकृत वार्षिक कार्यक्रमअनुसार नहर सञ्चालन एवं नहरमर्मत सम्भार कार्यको लागि क्रमश: रु.१ करोड ३६ लाख ४२ हजार र रु.५ करोड २२ लाख ४५ हजार समेत रु.६ करोड ५८ लाख ८७ हजार बजेट व्यवस्था भएकोमा रु.१० करोड ६ लाख ३२ हजार खर्च गरेको छ । सुरु कार्यक्रममा तोकेकोभन्दा नहर सञ्चालनमा रु.४७ लाख ४५ हजार र नहर मर्मत सम्भारमा रु.३ करोड समेत रु.३ करोड ४७ लाख ४५ हजार बढी खर्च गरेको देखिएकोमा संशोधित कार्यक्रम स्वीकृत भएको देखिएन ।

यस्तैगरी वार्षिक कार्यक्रमअनुसार ४.७० हेक्टर जग्गा अधिग्रहण गर्न रु.१ करोड खर्च गर्ने लक्ष्य रहेकोमा ६० हेक्टर अधिग्रहण गरी रु.११ करोड ८७ लाख ५५ हजार खर्च गरेको देखिएको छ । जग्गा अधिग्रहणसम्बन्धी विवरणमा ४८.९५ हेक्टर यो वर्ष अधिग्रहण गरेको विवरण प्राप्त भएकोमा स्रेस्ता र वार्षिक प्रगति विवरणमा ६० हेक्टर अधिग्रहण गरेको देखाएको छ । एउटै कार्यालयको तथ्याङ्क फरक पर्न गएको कारण स्पष्ट भएन ।

३१. **अधुरो काम** – नहर निर्माण गर्ने कार्य एक संयुक्त उपक्रमका निर्माण सेवासँग २०६७।२।२८ सम्म सम्पन्न गर्ने गरी २०६५।२।३० मा रु.४ करोड ९७ लाख ६२ हजारमा सम्झौता गरेको पाइयो । उक्त सम्झौता अवधि समाप्त भई तेस्रो रनिङ्ग बिलसम्म रु.२ करोड २७ लाख ६८ हजार भुक्तानी गरेकोमा संयुक्त उपक्रमले २०६७।२।५ मा ठेक्काको म्याद थपका लागि निवेदन दिएकोमा लेखापरीक्षण अवधि २०६७।१०।७ सम्म म्याद थप भएको छैन । निर्माण व्यवसायीले सम्झौताअनुसार ५२.३१ प्रतिशत कार्यसम्पन्न भएको जनाए तापनि मुख्य कामहरु तोकिएको परिमाणमा भएको देखिएन । निर्माण व्यवसायीले पेश्की लिँदा राखेको कृषि विकास बैङ्क, रत्नपार्कको जमानतको म्याद २०६७ आषाढ मसान्तसम्म मात्र रहेकोमा पेश्की रु.६४ लाख ५२ हजार फछ्यौंट हुन बाँकी छ । बैङ्क जमानतबापतको रकम आयोजनालाई उपलब्ध गराउन २०६७।३।१८ मा आयोजनाले अनुरोध गरेकोमा बैङ्कले रकम उपलब्ध गराएको देखिएन ।

३२. **खर्च प्रक्रिया** – कर्णाली अञ्चल सिंचाई विकास कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको खर्चको अख्तियारी मध्यपश्चिमाञ्चल क्षेत्रीय सिंचाई निर्देशनालय, सुर्खेतलाई प्राप्त भएको छ । निर्देशनालयले कार्यक्रम सञ्चालन गर्न प्राप्त रकम सिंचाई विकास डिभिजन नं.३ सुर्खेत र जुम्लालाई पेश्कीकोरुपमा दिने गरेको पाइयो । यो वर्षको रु.२ करोड बजेटमध्ये जुम्लालाई रु.१ करोड ७२ लाख र सुर्खेतलाई रु.२३ लाख समेत रु.१ करोड ९५ लाख पेश्की दिएकोमा लेखापरीक्षण अवधिसम्म फछ्यौंट गरेको छैन । अख्तियारी पाउने कार्यालय र खर्च गर्ने कार्यालय फरक हुँदा कार्यान्वयनको जिम्मेवारीमा असर पर्ने देखिएकोले बजेट खर्च गर्ने कार्यालयलाई नै अख्तियारी दिनुपर्दछ ।

सिंचाई विकास डिभिजन/सव–डिभिजन

३३. **हस्तान्तरण** – सिंचाई नियमावली, २०५६ को नियम १० मा निर्मित नहरका शाखा, प्रशाखा नहर, कुलो त्यस्तो शाखा, प्रशाखा नहर, कुलो वा कुलेसो सञ्चालन गर्ने उद्देश्यले दर्ता भएको उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नसक्ने उल्लेख छ । सुदूरपश्चिमाञ्चल सिंचाई विकास सव डिभिजन नं.२ डडेलधुराबाट उपभोक्ता समितितर्फ रु.७ लाख ९६ हजार समेत ५३ लाख ६९ हजारमा सम्पन्न खेतकुलो सिंचाई बगरकोट

आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण नभएको सम्बन्धमा कार्यालयले नियमावलीअनुसार आवश्यक कार्यान्वयन गर्ने जवाफ दिएको छ ।

३४. **उपभोक्ता समितिको कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१)अनुसार सार्वजनिक निकायले रु.६० लाखसम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउनसक्ने सकिनेमा मध्यमाञ्चल सिंचाई विकास सव डिभिजन नं.१ रौतहटले एक उपभोक्ता समितिसँग कार्यालयले रकम व्यहोर्ने र श्रमदान गरी कुल रु.७१ लाख ९६ हजारको लागत सम्झौता गरी निर्माण कार्य गराएको देखियो ।

३५. **सडक तथा पुल निर्माण** – नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं.५ पर्सा कार्यालयले एक निर्माण सेवासँग २०६६।१।१७ मा बारामा ग्रामीण सडक पुल निर्माण कार्य २०६६।९।३० सम्ममा सम्पन्न गर्ने गरी रु. ३१ लाख १६ हजारको सम्झौता गरेको छ । वर्षातका कारण निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न नभई २०६७ जेठ मसान्तसम्म म्याद थप गरेको छ । उक्त निर्माण सेवालाई २०६७।३।३० मा पेश गरेको तेस्रो रनिङ्ग बिलसम्म रु.२१ लाख ६८ हजार भुक्तानी भएको छ । उक्त निर्माण व्यवसायीले २०६७।२।२८ मा उक्त पुलको निर्माण कार्यसम्पन्न भएकोले अन्तिम बिल भुक्तानीका लागि पेश गरेकोमा प्राविधिकको साईड निरीक्षण प्रतिवेदनअनुसार काम सम्पन्न नभएकोले २०६७।३।२९ मा कार्यालयबाट कार्यसम्पन्न गर्न निर्देशन गरेको पाईयो । निज निर्माण व्यवसायीले राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय, कलैया मार्फत पेश गरेको कार्यसम्पादन जमानतको म्याद समेत २०६७।२।३० मा समाप्त भएकोमा थप गराएको देखिएन ।

३६. **अधुरो निर्माण** – सोही सिंचाई डिभिजनबाट एक संयुक्त उपक्रमका निर्माण सेवासँग २०६२।११।८ मा रु.९२ लाख ३५ हजारमा चेकड्याम मर्मत सम्भार र वानग्री पुल निर्माण कार्य २०६४।२।२८ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । उक्त निर्माण सेवाले २०६६।१०।७ को दोस्रो रनिङ्ग बिलसम्म रु.२४ लाख ८२ हजारको मात्र कार्य गरेको देखियो । उक्त निर्माण व्यवसायीले लगेको मोविलाईजेशन पेश्की रु.९ लाख ७४ हजार फछ्र्यौट गरेको छैन । दोस्रो रनिङ्ग बिलबापतको रकमबाट पेश्की फछ्र्यौट गर्दा रु.४ लाख ६८ हजार कट्टी गरी धरौटी खातामा जम्मा गरेको छ । सम्झौता अनुरुप कार्य नगरेकोमा व्यवसायीलाई कारबाही गर्नुपर्ने देखिन्छ ।

३७. **असफल योजना** – पूर्वाञ्चल सिंचाई विकास डिभिजन, झापाले इलाम जिल्लाको जिर्मले र झापा जिल्लाको बाहुनडाँगी गाउँ विकास समितिको करिब १ हजार ७०० हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउने लक्ष्यका साथ सिद्धिखोला सिंचाई योजना रु.२५ करोड २१ लाख ४२ हजारको लागत अनुमान स्वीकृत गरी २०६२।६३ देखि कार्यान्वित निर्माण कार्यमा रु.२४ करोड ३० लाख ३१ हजार खर्च गरी २०६५।१।१६ मा सम्पन्न गरेको छ । योजनाको करिब ९६ प्रतिशत काम सम्पन्न भएको अवस्थामा यो वर्षसम्म सिंचाइ सुविधा पुगेको छैन ।

तोकिएको लक्ष्य पुरा गर्न योजना असफल भएको परिप्रेक्षमा विभागस्तरीय समितिको अध्ययन प्रतिवेदनको आधारमा विभिन्न स्थानको ट्याक तथा लाइनिङ्ग कभर र वातावरणीय संरक्षण कार्यहरुको लागि २०६६।१२।१६ मा रु.२३ करोड ९१ लाख ९५ हजारको लागत अनुमान स्वीकृत गरेको देखिन्छ । यो वर्ष सो कार्य गर्न २ प्याकेज ठेक्का बन्दोबस्त गरी रु.९५ लाख २२ हजार मोविलाईजेशन पेश्की दिएको समेत रु.२ करोड ७ लाख ६ हजार खर्च गरेको छ । करोडौँ लगानी गरिएको एउटै योजनाको पहिलो निर्माण सेवाबाट अधिकांश काम सम्पन्न भएको अवस्थामा पूर्वलगानीको झण्डै शतप्रतिशत थप खर्च गर्नुपर्ने गरी पुनःलागत अनुमान स्वीकृत एवं नयाँ ठेक्का व्यवस्थाका सम्बन्धमा विगतको निर्माण काम तथा खर्चको प्रभावकारिता एवं गुणस्तर बारे मूल्याङ्कन गरी छानबिन हुनुपर्ने देखियो ।

३८. **पानी आपूर्ति** – भूमिगत जलस्रोत विकास समिति, लाहानले मुक्सार डीप ट्युबवेल कार्यक्रमको लागि रु.१४ लाख २६ हजार लागत अनुमान रहेकोमा यो वर्ष रु.७ लाख ८६ हजार खर्च लेखेको छ । ट्युबवेल गाड्ने कार्य पूरा भइसके तापनि उक्त ट्युबवेलबाट पानी डिस्चार्ज भएको देखिएन ।

सोही कार्यालयले एक ड्रिलिङ्ग कम्पनीलाई २०४९।८।१२ मा बीट स्टेवलाइजर ४ थान, होल ओपनर १ थान, रक रोलर बीट ४ थान, ट्रेलर माउण्टेड वाटरट्याङ्क १ सेट, ट्र्याक्टरको टेलर चारचक्के १ सेट फिर्ता गर्ने गरी उपलब्ध गराएकोमा उक्त सामान हालसम्म फिर्ता भएको छैन ।

३९. **सम्झौताविपरीत खर्च** – बबई राजापुर सिंचाई व्यवस्थापन डिभिजन नं.७ वर्दियाले विभिन्न २ निर्माण व्यवसायीसँग गरेको सम्झौताको दफा ५७.२ अनुसार निर्माण कार्यसम्पन्न गरेको ७ दिनभित्र एजविल्ट ड्रइङ्ग पेश गर्नुपर्ने र सो नगरेमा प्रतिठेक्का रु.५ लाख भुक्तानी स्थगन गर्नुपर्नेमा अन्तिम बिल भुक्तानी गर्दा निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार डिभिजनले एजविल्ट ड्रइङ्ग पेश नगरेको अवस्थामा रु.१० लाख खर्च लेखी भुक्तानी गरेको हुँदा सो रकम असुल हुनुपर्ने देखियो ।

४०. **मातहतको बजेट** – विभाग मातहतका १३ कार्यालयको लागि यो वर्ष विनियोजत बजेटमध्येबाट रु.५ करोड ७८ लाख ६७ हजार बजेट विभागमा राखी तार जाली खरिदमा रु.५ करोड ५१ लाख १९ हजार खर्च गरेको देखियो । विभाग अन्तर्गतका १२ कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार विनियोजित बजेट कटौती गरी विभागबाट एकीकृतरुपमा खरिद गरी मातहत कार्यालयहरुमा पठाएको छ । मातहतका कार्यालयहरुलाई विनियोजित बजेटको अख्तियारी विभागमा राखी खर्च लेख्नु बजेट सिद्धान्त विपरीत देखियो ।

जल उत्पन्न प्रकोप डिभिजन/जनताको तटबन्ध कार्यक्रम

४१. **तारजाली प्राप्ति** – जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं.४, कार्यालय, भक्तपुरले यो वर्ष जल उत्पन्न प्रकोप नियन्त्रण विभागबाट ३४ मेट्रिक टन जि.आई तार प्राप्त गरेको देखिन्छ । विभागबाट २०६७।२।६ मा दिएको अख्तियारीमा स्वीकृत कार्यक्रम बजेट रु.४ करोड ८१ लाखमध्ये रु.३३ लाख १ हजार जि.आई. तार खरिदबापत कट्टा गरिएको र वस्तुगत अनुदानतर्फ रु.३८ लाख ५२ हजार समेत विभागमा अख्तियारी कायम गरेको छ । यस कार्यालयलाई प्राप्त भएको तारको मूल्य नखोलेकोले अख्तियारी घटाइएअनुसार भिडान हुनसक्ने अवस्था रहेन । तार जालीको मूल्य खुलाई सम्बन्धित कार्यालयलाई जानकारी दिने र आम्दानी बाँध्ने व्यवस्था हुनुपर्दछ ।

४२. **बोलपत्र प्रतिस्पर्धा** – जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, कैलालीले स्पर तथा टो–वाल निर्माण सम्बन्धी कार्य र जनताको तटबन्ध कार्यक्रम, कञ्चनपुरले नदी नियन्त्रण सम्बन्धी तटबन्ध तथा स्पर निर्माण कार्यको बोलपत्र बिक्री, दर्ता, फिर्ता एवं ग्राह्य नभएको संख्या र प्रभावग्राही संख्या निम्नानुसार रहेको देखियो:

(क) जनताको तटबन्ध कार्यक्रम, कञ्चनपुर

ठेक्का नं.	बोलपत्र बिक्री संख्या	दर्ता संख्या	फिर्ता संख्या	ग्राह्य नभएको संख्या	प्रभावग्राही संख्या
१	१४	२	१	-	१
२	१७	३	२	-	१
३	१७	३	१	-	२
४	१८	२	१	-	१

(ख) जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, कैलाली

१	३०	१७	-	१३	४
२	३२	१५	-	१२	३
३	१९	१२	११	-	१
५	१२	९	-	३	६
७	१२	८	-	४	४

बोलपत्र बिक्री एवं दर्ता संख्या प्रतिस्पर्धात्मक भए तापनि बोलपत्र फिर्ता लिने संख्या बढी भएकोले प्रभावग्राही बोलपत्रको संख्या कम रहेको देखियो । निर्माण व्यवसायीले बोलपत्र खरिद गरेकोमध्ये कम दाखिला गर्ने र फिर्ता लिने गरेकोले प्रतिस्पर्धा सीमित देखिएको छ । बोलपत्र स्वीकृत गरेकोमा कबोल अङ्क लागत अनुमानको हाराहारी रहेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा मिलोमतो गरी बोलपत्र पेश भएकोमा रद्ध गर्नसकिने व्यवस्था भएपनि सो गरेको देखिएन ।

४३. **तटबन्ध निर्माण** – फिल्ड कार्यालय, कञ्चनपुरले यो वर्ष महाकाली नदीमा तटबन्ध निर्माण गर्न ३ ठेक्का मार्फत रु.४ करोड २७ लाख ५६ हजार एवं ५ उपभोक्ता समिति मार्फत रु.७४ लाख ९६ हजार समेत रु.५ करोड २ लाख ५१ हजार र दोदा नदीमा तटबन्ध निर्माण कार्य सञ्चालन गर्न २ ठेक्का मार्फत रु.३ करोड २८ लाख ५९ हजार एवं ३ उपभोक्ता समिति मार्फत रु.९२ लाख ७५ हजार समेत रु.४ करोड २१ लाख ३४ हजार खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४३.१ उक्त पाँच प्याकेज ठेक्काको लागि २०६७ जेष्ठ मसान्तसम्मको म्याद राखी ठेक्का बन्दोवस्त भएकोमा तोकिएको समयमा कार्यसम्पन्न हुन नसकि ठेकेदारहरुले म्याद थपको अवधि नखुलाई दिएको निवेदनको आधारमा कार्यालयबाट २०६७ असोज मसान्तसम्म अवधि थप गरेको छ । सुरु सम्झौतामा ३.५ महिनाको कार्य अवधि तोकिएकोमा म्याद थप गर्दा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १२०(३)बमोजिम सम्पन्न कामको प्राविधिक मूल्याङ्कन वेगर ४ महिनाको म्याद थप गरेको देखियो । साथै ठेक्काको म्याद थप गरेकोमा कार्यसम्पादन जमानतको म्याद थप गरेको देखिएन ।

४३.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११२ मा १० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने उल्लेख भएको र ठेक्का सम्झौताको बुँदा १४.१ र १४.२ मा समेत बीमा गराउनुपर्ने प्रावधान राखी बिल अफ क्वान्टिटीमा समावेश भएकोमा उक्त पाँच ठेक्कामा निर्माण व्यवसायीले बीमा गराएको देखिएन । बीमा नगर्दा क्षतिपूर्ति हुनसक्ने आधार समेत देखिएन ।

४३.३ महाकालीको नदीको नियन्त्रणको लागि ठेक्का व्यवस्था गरिएका ३ प्याकेजको ठेक्कामध्ये प्याकेज नं.१ र २ भुजेलामा र प्याकेज नं.३ ओदाली बडैपुरमा तटबन्ध निर्माण गर्ने रहेको छ । प्याकेज नं.२ को सम्झौता रकम रु.१ करोड ९१ लाख १७ हजारमध्ये अन्तरिम बिलबाट रु.१ करोड ६१ लाख ६९ हजार भुक्तानी भैसकेको छ । स्थलगत निरीक्षणको क्रममा निर्मित तटबन्ध क्षतिग्रस्त पाइयो । महाकाली नदीमा आएको बाढीको कारण सो ठेक्काको काममध्येका निर्मित स्टड, स्पर र लङ्चिङ्ग लगायतका तटबन्ध मौजुदा देखिदैन । बाढीको मूल प्रवाह रोक्न आपतकालीन व्यवस्थाअनुसार अस्थायी तटबन्ध निर्माण गरी बाढी रोक्न प्रयत्न भएको देखिन्छ ।

महाकाली नदीको बाढीबाट क्षतिग्रस्त तटवन्ध

महाकाली नदीको बाढीबाट क्षतिग्रस्त स्पर

छलफलका क्रममा बाढीबाट रु.६२ लाख ८१ हजार बराबरको करिब १३० मिटर लम्बाई ८ मिटर चौडाईको तटबन्ध र २ फुसको घर क्षति भएको बुझिएको छ । ठेक्काबाट निर्मित तटबन्ध क्षति भएको हुँदा सोको यथार्थ मूल्याङ्कन गरी सम्झौताको शर्तबमोजिम कारबाही हुनुपर्ने देखियो ।

४३.४ दोदा नदीको लागि व्यवस्था भएको २ ठेक्का अन्तर्गतका निर्माण कार्यमध्ये ठेक्का नं.५ को सम्झौता अङ्क रु.१ करोड ८४ लाख ८२ हजारमध्ये रु.१ करोड ७० लाख ४ हजार भुक्तानी भइसकेको छ । तटबन्धको अन्तिम ३ स्परका खोलाको किनारातर्फको भाग बाढीले क्षति पुऱ्याई केही नुहेको देखियो । सम्झौताको शर्तबमोजिम कारबाही गरी क्षतिग्रस्त तटबन्धको मर्मत सम्भार हुनुपर्ने देखियो ।

४३.५ दोदा नदी निर्माण उपभोक्ता समिति शंकरपुर–७, डुङ्गासँग भएको सम्झौताअनुसार तटबन्ध निर्माणको कार्य गर्न नेपाल सरकारबाट रु.२६ लाख ४१ हजार र श्रमदानबाट रु.२७ हजारसमेत रु.२६ लाख ६८ हजारमा २०६७ असार मसान्तसम्म काम सम्पन्न गर्ने सम्झौता भएको छ । यो वर्ष नेपाल सरकारतर्फको रु.२६ लाख ५८ हजार भुक्तानी भई २०६७।३।२५ मा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । जनश्रमदानतर्फको कार्य भने भएको पाइएन । २०६७ श्रावण, भाद्र र असोजमा आएको अविरल वर्षाको कारण सो तटबन्धको सम्पूर्ण निर्माण कार्य लगायत करिब २८ विघा जग्गा र सोमा निर्मित सम्पूर्ण घरहरु क्षति भएको प्राविधिक प्रतिवेदनमा उल्लेख छ । क्षति हुन गएको तटबन्धको यकिन मूल्याङ्कन गरी सोको कारणको खोजी गरेको पाइएन ।

४३.६ उपभोक्ता समितिहरुसँगको सम्झौता गर्दा स्वामित्वको भावना जाग्रित गर्न र भविष्यमा गरिने मर्मत सम्भार कार्यका लागि समितिले मर्मत सम्भार कोष खडा गरी कार्यक्रम अन्तर्गत कुल भुक्तानीको १० प्रतिशत रकम उक्त कोषमा जम्मा गरी साधारण सभाको निर्णयबाट सञ्चालन तथा मर्मत सम्भारमा खर्च गरिने व्यहोरा उल्लेख छ । कार्यालयबाट उपभोक्तालाई कुल भुक्तानी भएको रु.१ करोड ६७ लाख ७१ हजारको १० प्रतिशतले हुने रु.१६ लाख ७७ हजार सम्बन्धित उपभोक्ता समितिहरुले कोषमा दाखिला गरेको पाइएन ।

४४. **तटबन्ध निर्माण** – जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय, झापाबाट कन्काई नदीको विर्खेवस्तीमा ६२० मिटरर लम्वाई र ४.५ मिटर चौडाइको तटबन्ध निर्माण गर्न रु.२ करोड ६७ लाख ७३ हजारमा एक संयुक्त उपक्रमको निर्माण व्यवसायीसँग सम्झौता भएकोमा सो व्यवसायीलाई तेस्रो रनिङ बिलसम्म रु.२ करोड ३२ लाख ९१ हजार रु.११ लाख २ हजार भेरिएसन समेत भुक्तानी गरेको देखिन्छ । भेरिएसन आदेशबाट निर्माणाधीन तटबन्धको तल्लो भागमा थप गरिएको ७० मिटर लम्वाई र २.३५ मिटर उचाईको थप भएको तटबन्धलाई करिब बिच भागबाट नदीले बगाएकोले ३५ मिटरमात्र तटबन्ध बाँकी रहेको छ । गत वर्ष निर्मित तटबन्ध संरचना बगाएकोले पुन:निर्माण गर्नुपर्ने अवस्था देखियो ।

साथै नदीको धार बदलिएर बगाएको तटबन्धभन्दा माथिल्लो भागमा बनाएको २८० मिटर लम्बाई र २.२५ मिटर उचाई भएको तटबन्ध उपयोग नहुने अवस्थामा रहेको पाइयो । तटबन्ध निर्माणमा प्रयोग गरिएका जी.आई.तारबाट निर्मित अधिकांश ग्याबिन बक्स खिया लागेको देखियो । कार्यालयले २०६६।१२।२० मा जाँच गर्दा गुणस्तरयुक्त भनिएको जी.आई.तार निर्माण गरेको छोटो समयमै खिया लागेकोले सो तार हटाई नयाँ प्रतिस्थापन गर्नुपर्ने स्थिति देखिएको छ । यस सम्बन्धमा छानबिन गरी आवश्यक कारबाही हुनुपर्ने देखियो ।

कार्यमूलक लेखापरीक्षणतर्फ

महाकाली सिंचाई आयोजना, तेस्रो चरण

कञ्चनपुर जिल्लाको ब्रम्हदेव, दोधारा चाँदनी, त्रिभुवनवस्ती तथा कैलाली जिल्लाको मालाखेती क्षेत्रको ३३,५२० हेक्टरमा दिगो सिंचाई मार्फत कृषि उपजको उत्पादकत्व वृद्धि गरी गरिवी न्यूनीकरण गर्ने उद्देश्य लिई यो योजना सञ्चालित छ । यसबाट २० लाख घरधुरीका १ लाख ३२ हजार जनता लाभान्वित हुने अपेक्षा गरिएको छ ।

आयोजनाको कमाण्ड क्षेत्रमा पानीको आपूर्ति भई सन्धीको अधिकार सुनिश्चित हुने, सिंचाईका कारण वाली सघनता एवं उत्पादकत्व वृद्धि हुने र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाकारुपमा कार्यान्वयन हुनु यसका सकारात्मक पक्ष रहेका छन् । साथै आयोजनाप्रति कृषकको सकारात्मक सोच रहेको छ । यस आयोजनाका लागि अधिक लगानीको आवश्यकता रहेकोमा लक्षित अवधिभित्र आयोजना सम्पन्न गर्न हालसम्म स्रोतको सुनिश्चितता भई नसकेको, सम्भाव्य

अध्ययन प्रतिवेदनमा उल्लेख गरेभन्दा नहरको चौडाई बढाउनाले बढी जग्गा आवश्यक पर्ने भई जग्गा अधिग्रहण लगायतका खर्चहरु बढ्ने स्थिति रहेको, योजनाबमोजिम बजेट तथा कार्यक्रम तय नभएको, पर्याप्त संगठनात्मक व्यवस्था नरहेको, आयोजना कार्यान्वयनमा ढिलाईका कारण लागत वृद्धि हुँदै गएको, अनुगमन मूल्याङ्कनको प्रभावकारी पद्धति नरहेको, जग्गाधनीको मागका कारण जग्गा मुआब्जामा ठूलो धनराशी आवश्यक भएको जस्ता समस्या रहेका छन् ।

टनकपुर ब्यारेजको मुख्य इन्टेकमा पानी प्रवाह गर्ने सिल लेभलको विषयमा नेपाल भारतबीच सहमति भइनसकेको, टनकपुर ब्यारेजबाट नेपाल भारतको सीमासम्म नहर निर्माण र हेड रेगुलेटर संरचना निर्माणका लागि भारतबाट प्रस्तुत विस्तृत आयोजना प्रतिवेदनमा टुङ्गो नलागेको तथा शारदा ब्यारेजबाट दिइने पानीको आपूर्ति सुनिश्चित गर्नका लागि सन्धीअनुसार टनकपुर ब्यारेजमा संरचनात्मक व्यवस्था नभएको अवस्थाका कारण आयोजनाबाट पानी प्राप्त हुने स्थितिमा थप जटिलता रहेको छ । आयोजनाको जग्गा प्राप्ती जस्ता स्थिर लागतमा हुने वृद्धि र मुद्रास्फितिका कारण तोकिएको समयमा पर्याप्त स्रोत साधनको व्यवस्था गरी आयोजनालाई प्रतिफलमुखी बनाउनु चुनौतीपूर्ण रहेको छ । आयोजनाको कार्यमूलक लेखापरीक्षण गरिएकोमा देखिएका व्यहोराको विस्तृत विवरण सम्बन्धित मन्त्रालय र आयोजनामा पठाइएको छ सोको प्रमुख व्यहोरा देहायमा उल्लेख गरिएको छ ।

४५. **प्रतिफल** – आयोजनामा गरेको लगानीको लागतभन्दा प्राप्त हुने आन्तरिक आर्थिक प्रतिफल दर बढी रहेको अवस्थामामात्र आयोजना लगानी योग्य हुन्छ । सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार आयोजनाको अवसर लागत १२ प्रतिशतका आधारमा समग्र आन्तरिक प्रतिफल दर १५ प्रतिशत रहने हुँदा आयोजनालाई सम्भाव्य देखाइएको छ । उक्त प्रतिवेदनअनुसार आयोजनाको सन् २००० को आधार मूल्यमा कुल लागत रु.११ अर्ब १६ करोड ८३ लाख ४५ हजार देखाइएकोमा आयोजनाको कार्य सुरु गर्न ढिला भएको छ । आयोजना सुरु गर्दा तयार गरिएको आयोजना विकास योजना (२०६३।६४ देखि २०८०।८१) अनुसार आयोजनाको कुल लागत रु.१६ अर्ब १२ करोड ८ लाख पुगेको देखिन्छ । आयोजना कार्यान्वयनमा ढिलाईका कारण वर्तमान अवस्थामा आयोजना सम्पन्न गर्न रु.२० अर्ब लाग्ने अनुमान रहेको व्यहोरा आयोजनाले पेश गरेको छ । आयोजनाको लागतमा वृद्धि हुने भए तापनि आयोजनाले पुऱ्याउने सिंचाई सुविधा र प्राप्त हुने लाभमा वृद्धि हुनसक्ने अवस्था छैन ।

सम्भाव्यता अध्ययनअनुसार आयोजनाको आर्थिक आन्तरिक प्रतिफल दर (EIRR) लाई विभिन्न ६ परिस्थितिमा सम्वेदनशीलता (Sensitivity) विश्लेषण गर्दा निम्नानुसार प्राप्त हुने देखिन्छ :

विवरण	२०% बढी लागत	२०% घटी लाभ	२०% बढी लागत २०% घटी लाभ	३ वर्ष निर्माण कार्य ढिलाई	२०% घटी उत्पादन मूल्य	२०% घटी बाली उत्पादन
कुल कमाण्ड क्षेत्रमा	१३.४	११.५	१०.२	१२.९	८.३	८.४

उक्त प्रतिवेदनअनुसार बढीमा ३ वर्षसम्म निर्माण कार्यमा बिलम्ब र २० प्रतिशतसम्म बढी लागत पर्ने अवस्थामा मात्र आन्तरिक प्रतिफल दर सकारात्मक देखिएको छ । आयोजनाको कार्यान्वयन स्थिति ३ वर्षभन्दा बढी बिलम्ब भइसकेको र सुरु लागत अनुमानमा जग्गाको मुआव्जा र मुद्रास्फिति एवं मूल्यवृद्धिका कारण ७९ प्रतिशतसम्म लागत वृद्धि हुने अवस्था रहेको तर आयोजनाबाट प्राप्त हुने अपेक्षित प्रतिफलमा उल्लेखनीय वृद्धि हुने अवस्था रहेको छैन । यस स्थितिमा सुरुको आन्तरिक प्रतिफल दरमा ह्रास आउने निश्चित छ । अत:आयोजनाको लागत लाभको विश्लेषण गरी सकारात्मक आन्तरिक प्रतिफल दर प्राप्त हुने स्थिति सुनिश्चित गर्न आयोजनाका लागत तथा लाभका अवयवउपर पुन:मूल्याङ्कन गरी योजना तय गर्नुपर्दछ ।

४६. **स्रोतको उपलब्धता** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२अनुसार आयोजना स्वीकृत भएपछि आयोजना कार्यान्वयनका लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ ।

सम्भाव्य अध्ययन प्रतिवेदनअनुसार आयोजनालाई तीन चरणमा कार्यान्वयन गर्ने सिलसिलामा प्रथम चरणको ५,९४० हेक्टरमध्ये ब्रम्हदेव क्षेत्रको २,९०० हेक्टर कमाण्ड क्षेत्रका लागि २०६३।६४ देखि २०६७।६८ भित्र मूल नहर १२.७० किलोमिटर, शाखा नहर ३१.७० किलोमिटर निर्माण गर्ने तथा मूल

नहरको ४८, शाखा नहरको २८० र प्रशाखा नहरको १,२७५ स्ट्रक्चर तयार गर्ने लगायत कार्यका लागि नेपाल सरकारको स्रोतबाट रु.१ अर्ब २६ करोड ८ लाख बजेट उपलब्ध हुनुपर्नेमा २०६७।६८ फागुनसम्म गरिएको बजेट विनियोजन तथा खर्चको अवस्था देहायको रेखाचित्रमा प्रस्तुत गरिएको छ :



स्वीकृत गुरुयोजना मुताविक आयोजनाको प्रथम चरणको ब्रम्हदेव क्षेत्रको लागि २०६६।६७ सम्ममा रु.६४ करोड ९२ लाख ८५ हजार बजेट उपलब्ध हुनुपर्नेमा अपेक्षित बजेटभन्दा ७३.६२ प्रतिशत घटी रु.१७ करोड १२ लाख ३३ हजार विनियोजन भई रु.१७ करोड २ लाख १० हजार खर्च भएको स्थिति छ । २०६७।६८ सम्म प्रथम चरणको ब्रम्हदेव क्षेत्रको लागि रु.१ अर्ब २६ करोड ८ लाख बजेट उपलब्ध गर्नुपर्नेमा रु.२६ करोड २२ लाख ५४ हजार मात्र बजेट विनियोजन भई प्रस्तावित बजेटभन्दा ७९.२० प्रतिशतले घटी बजेट व्यवस्था भएको स्थिति छ ।

यस स्थितिमा आयोजनाको कमाण्ड क्षेत्र ३३,५२० हेक्टरमध्ये प्रथम चरणको ब्रम्हदेव क्षेत्रको २,९०० हेक्टरको लागि नहर तथा स्ट्रक्चर निर्माण कार्य २०६७।६८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेपनि बजेट प्रवाह, भौतिक प्रगति एवं खर्चको स्थिति विश्लेषण गर्दा गुरुयोजना अनुरुप वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत नभएको हुँदा आयोजना तोकिएको अवधिमा सम्पन्न हुनसक्ने स्थिति देखिएन । यसर्थ आयोजना कार्यान्वयनका लागि कार्ययोजना सहित स्रोतको उपलब्धता सुनिश्चित हुनुपर्दछ ।

४७. **कार्यप्रगति** – आयोजनाको लक्ष्यअनुरुप अपेक्षित प्रतिफल प्राप्त गर्न तोकिएको अवधिभित्र कार्यसम्पन्न गर्नुपर्दछ । प्रथम चरण अन्तर्गत ब्रम्हदेव क्षेत्रको २,९०० हेक्टरमा सिंचाई सुविधा उपलब्ध गराउन सर्वेक्षण, जग्गा अधिग्रहण, मूल नहर तथा स्ट्रक्चर निर्माण, ग्रामीण सडक र ड्रेनेज निर्माण आदि कार्य २०६७।६८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा कार्यप्रगति देहायबमोजिम रहेको छ:

उपर्युक्तअनुसार आयोजनाको लक्ष्यका तुलनामा भौतिक प्रगति अत्यन्त न्यून रहेको छ । आयोजनाको प्रथम चरण कार्यान्वयन गर्ने ५ वर्षको अवधिमध्ये ४ वर्ष व्यतित हुँदा जग्गा अधिग्रहणमा ८.३३ प्रतिशत र मूल नहरमा माटो खन्ने कार्यमा २३.६२ मात्र प्रगति भएको छ । आयोजनाको कुल लक्ष्यको तुलनामा उक्त प्रगति जग्गा अधिग्रहणमा १.०३ र मूल नहर खन्नेमा १.९७ प्रतिशत मात्र रहेको देखिन्छ ।



मूल नहरका स्ट्रक्चर लगायत शाखा र प्रशाखा नहरतर्फ कार्य भएको छैन । भौतिक प्रगति न्यून हुनुमा आयोजनाको कार्यान्वयन कार्यतालिका तयार नगरिनु, गुरुयोजनाबमोजिम बजेट तथा कार्यक्रम तयार नगरिनु, जग्गा अधिग्रहण कार्य हुन नसक्नु, खरिद कार्यको प्राथमिकीकरण गरी समयमै सम्पन्न नहुनु, संगठनात्मक क्षमता यथेष्ट नरहनु जस्ता कारणहरु रहेका छन् । आयोजना कार्यान्वयनमा ढिलाईका कारण लागत बढ्न जाने तथा अपेक्षित लाभ प्राप्त गर्न ढिलाई भई आयोजनाको आन्तरिक प्रतिफलमा पनि ह्रास आउने स्थिति रहन्छ । तसर्थ गुरुयोजनाबमोजिम बजेट तथा कार्यक्रम तय गरी कार्य योजनाका आधारमा पर्ट (Program Evaluation & Review Technique) र सी.पी.एम. (Critical Path Method) जस्ता व्यवस्थापकीय विधि समेत अवलम्बन गरी आयोजनाका क्रियाकलाप अगाडि बढाउनुपर्ने देखिएको छ ।

४८. **हेड रेगुलेटर** – हेड रेगुलेटर सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन्:

४८.१ नेपाल र भारत सरकारबीच १२ फेब्रुअरी १९९६ मा भएको महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धीको धारा १(१) अनुसार शारदा ब्यारेजबाट वर्षायाममा २८.३५ क्यूमेक्स र हिउँदमा ४.२५ क्युमेक्स पानी तथा धारा (२) को उपधारा (२)अनुसार टनकपुर ब्यारेजबाट वर्षायाममा २८.३५ क्यूमेक्स र हिउँदमा ८.५० क्युमेक्स पानी नेपालले प्राप्त गर्ने उल्लेख छ । सोही सम्झौताको धारा २(२ए) मा शारदा ब्यारेजबाट उपलब्ध हुने पानीको सुनिश्चितता टनकपुर ब्यारेजबाट गराइने व्यवस्था छ । शारदा ब्यारेज तथा टनकपुर ब्यारेजबाट प्रदान गरिने पानीको परिमाणका लागि भारतले टनकपुर ब्यारेजको एफलक्स बण्ड (Afflux Bund) को बायाँतर्फ हेडरेगुलेटर तथा नेपाल भारतको सीमासम्म आवश्यक पानी आपूर्तिका लागि नहर निर्माण गर्नुपर्ने प्रावधान छ । सोही सन्धीको धारा ४ मा भारतले नेपालको दोधारा चाँदनी क्षेत्रका लागि १० क्युमेक्स पानी उपलब्ध गराउने व्यवस्था छ ।

टनकपुर ब्यारेजबाट २८.३५ क्यूमेक्स पानी प्रवाह गर्ने गरी हेड रेगुलेटरको संरचना तयार भएको छ । तर शारदा ब्यारेजबाट प्रदान गरिने पानी २८.३५ क्युमेक्स थप गर्नुपर्ने अवस्थाको लागि हेड रेगुलेटरको संरचना निर्माण भएको पाइएन । सन् १९९६ मा सन्धि भएको १५ वर्ष व्यतीत भइसक्दापनि आयोजनाको मूल नहर १५१ किलोमिटरमध्ये ब्रम्हदेव क्षेत्रको ३ किलोमिटरका लागिमात्र नहर खन्ने कार्य सञ्चालन भइरहेको र टनकपुर ब्यारेजमा अझसम्म थप पानीका लागि हेड रेगुलेटर र नेपाल भारत सीमासम्म १.२ किलोमिटर नहर बनाउने कार्य प्रारम्भ भएको छैन । टनकपुर ब्यारेजबाट नेपाल भारत सीमासम्म पानी आपूर्तिका लागि १.२ किलोमिटरको नहरको विस्तृत आयोजना प्रतिवेदन (डी.पी.आर) भारतको तर्फबाट सरकारी स्वामित्वको एक हाइड्रोपावर कम्पनीले तयार गरी नेपाललाई २०६६ मा पेश गरेको भए तापनि सो सम्बन्धमा टुङ्गो लगाई भारतलाई हालसम्म फिर्ता गरिएको छैन ।

सन्धिको धारा २(१)अनुसार शारदा ब्यारेजबाट आपूर्ति हुने २८.२५ क्युमेक्स (१,००० क्युसेक्स) बराबरको पानीका लागि पनि टनकपुर ब्यारेजमा हेड रेगुलेटरको व्यवस्था र ५६ क्युमेक्स (२,००० क्युसेक) क्षमताको पानी प्रवाह गर्ने लिङ्क नहरको व्यवस्था गर्न नेपालको तर्फबाट अनुरोध गरेकोमा टुङ्गो लागेको छैन । भारतले टनकपुर ब्यारेजबाट नेपाल र भारतको सीमासम्म १.२ किलोमिटर नहर निर्माण गर्न समय लाग्ने स्थिति रहेको, नेपाल पक्षबाट डी.पी.आर.का सम्बन्धमा स्पष्ट धारणा नराखेको, सिल लेभलको विवाद यथावत रहेको, नहरको व्यवस्था नहुनाको कारण शीघ्र पानी प्रवाह गर्न सकिने अवस्था नरहने देखिएको छ । फलस्वरुप त्यस क्षेत्रको जग्गा अझै धेरै वर्ष मौसमी खेतीमा नै निर्भर हुनुपर्ने स्थिति छ । नेपालतर्फ आयोजना अन्तर्गत नहर उत्खनन् कार्यमात्र सुरु भएको कारण ७५ वर्षे सन्धिको अवधिमध्ये बाँकी ६० वर्षको अवधिभित्र आयोजना सम्पन्न भई पर्याप्त मात्रामा पानीको सदुपयोग हुने स्थितिप्रति आश्वस्त हुन सकिँदैन ।

सन्धिबाट प्रदत्त हकबमोजिमको पानी प्रवाहको सुनिश्चिताका लागि भारतबाट प्रस्तुत आयोजनाको विस्तृत प्रतिवेदनको टुङ्गो लगाउनुपर्ने र शारदा ब्यारेज क्रियाशील नहुने स्थितिमा प्राप्त हुनुपर्ने अधिकतम २८.३५ क्युमेक्स पानीका लागि समेत मिल्ने गरी टनकपुर ब्यारेजमा हेड रेगुलेटर र लिङ्क नहरको व्यवस्था

तथा दोधारा चाँदनीका लागि १० क्यूमेक्स पानी आपूर्तिका सम्बन्धमा भारतीय पक्षसँग सहमति गरी आयोजनाको कार्यान्वयनमा तीब्रता दिनुपर्दछ ।

४८.२ टनकपुर ब्यारेजमा मुख्य इन्टेकको सिल लेभलका सम्बन्धमा सहमति भएको छैन । नेपालले सिल लेभल २४१.५ मिटरमा रहनुपर्ने जनाए पनि भारतले २४५ मिटर कायम गरेको स्थिति छ । भारतको विद्युतगृह र नहरका लागि सिल लेभल २४१.५ मिटर राखिएको हुँदा नेपालका लागि पनि समानताको आधार र पानी आपूर्तिको सुनिश्चितताका लागि सोही सिल लेभल हुनुपर्ने दाबी गरे पनि टनकपुर ब्यारेजमा तलाउको लेभल २४६.७ मिटरमा सँधै कायम रहने हुँदा नेपालका लागि प्रतिबद्ध गरिएको पानी टनकपुर ब्यारेजको हेड रेगुलेटरमा डिजाइन गरिएको सिल लेभल २४५ मिटरबाट प्रवाह गर्न सकिने व्यहोरा भारतले जनाएको छ । टनकपुर ब्यारेजमा मूल नहरको इन्टेकको सिल लेभलसम्बन्धी विवाद निरुपण नगरिकनै आयोजनाको विस्तृत अध्ययन गर्ने क्रममा २४१.५ मिटरको सिल लेभललाई नै आधार मानी डिजाइन गरी सोअनुरुप नहरको कार्य प्रारम्भ गरिएको छ । जसले गर्दा सन्धिअनुसार पानी आपूर्तिमा समस्या परी आयोजनामा गरिएको लगानीको समुचित प्रतिफल प्राप्त नहुने स्थिति रहन्छ । अत:सिल लेभलको विवाद शीघ्र टुङ्गयाई आवश्यक मात्रामा पानी आपूर्ति सुनिश्चित हुनुपर्दछ ।

४९. **जग्गा मुआब्जा** – जग्गा मुआब्जा सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

४९.१ सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार आयोजनाको मूल तथा शाखा नहरका लागि ८३६.७७ हेक्टर जग्गा अधिग्रहण गर्नुपर्ने र सोका लागि सन् २००० को मूल्यका आधारमा बढीमा प्रतिकठ्ठा रु.५० हजारका दरले बढीमा रु.४३ करोड २० लाख ३९ हजार लागत पर्ने उल्लेख छ । सम्भाव्यता अध्ययन प्रतिवेदनमा ब्रम्हदेव क्षेत्रको २,९०० हेक्टर कमाण्ड क्षेत्रका लागि २८.३५ कयूमेक्स पानी प्रवाह गर्न मूल नहरमा बेडको चौडाई १२ मिटर सहित नहर र सडक समेत चौडाई ६० मिटर र शाखा नहरको चौडाई ३० मिटर राखी आर्थिक प्रतिफल मूल्याङ्कन गरी ड्रइङ्ग डिजाइन स्वीकृत गरेको छ ।

ब्रम्हदेव क्षेत्रको विस्तृत सर्वेक्षण र डिजाइनमा मूल नहरको बेडको चौडाई १२ मिटरको सट्टा डिजाइन परिवर्तन गरी मूल नहरको बेड १३.६० मिटर कायम गरेको पाइयो । जसको फलस्वरुप मूल नहरको चौडाई सडक सहित ७० मिटर र शाखा नहरको चौडाई ४० मिटर राखी कार्य गराएको स्थिति छ । आयोजनाले नहरमा फ्रिक्सनका कारण पानीको बहाव घटी नहोस भनी रफनेश कोफिसियन्ट ०.०२५ राखी चौडाई वृद्धि गरेको जनाएको छ । तर प्राप्त हुने पानीको परिमाणमा वृद्धि नभएको अवस्थामा सम्भाव्यता अध्ययनअनुसारको डिजाइनबाट पानी प्रवाह हुन नसक्ने पर्याप्त प्राविधिक कारण पेश भएको देखिदैन । बेडको चौडाईमा वृद्धि भएको कारण जग्गा अधिग्रहण र उत्खनन् कार्यमा उल्लेखनीय लागत वृद्धि हुने अवस्था छ ।

डिजाइन परिवर्तनको कारण आयोजनाको लागि थप ९१५.२३ हेक्टर सहित कुल १,७५२ हेक्टर जग्गा अधिग्रहण गर्नुपर्ने स्थिति रहेको छ । थप जग्गाका लागि चलनचल्तीको मूल्य औसत रु.२ लाख कठ्ठाका दरले रु.५ अर्ब ४० करोड ५४ लाख ८६ हजार थप व्ययभार पर्ने अवस्था सिर्जना भएको छ । आयोजना लागत बढ्ने तर सोबाट प्राप्त हुने आर्थिक प्रतिफल यथावत् रहने अवस्थामा त्यस्तो आयोजनामा लगानी गर्नु आर्थिक दृष्टिले लाभकारी नहुने अवस्था रहन्छ । तसर्थ परिवर्तित डिजाइन र जग्गा अधिग्रहण लागत समेतलाई मध्यनजर राख्दै आयोजनाको लागत लाभ विश्लेषण शीघ्र गरी जग्गा अधिग्रहण कार्य समयमै सम्पन्न गरिनुपर्दछ ।

४९.२ आयोजना अन्तर्गत हालसम्म १८ हेक्टरमात्र जग्गा अधिग्रहण भएको छ । गत वर्ष प्रतिकठ्ठा रु.१ लाख २५ हजारदेखि २ लाखसम्म मुआब्जा दर रहेकोमा मुआब्जा रकम निर्धारण समितिबाट हाल प्रतिकठ्ठा रु.१ लाख ३० हजारदेखि रु.३ लाख मुआब्जा दर कायम गरेको छ । तर जग्गाधनीबाट उक्त दर स्वीकार नगरी प्रतिकठ्ठा रु.१६ लाख माग भएको व्यहोरा आयोजनाले जनाएको छ । २०६७६८ मा ब्रम्हदेव क्षेत्रमा मूल नहर ९.७० किलोमिटरको लागि जग्गा अधिग्रहण सम्बन्धी कार्य सुरु गरिए तापनि मुआब्जा दरमा सहमति नहुनाले सो कार्य अगाडि बढाउन कठिनाई भएको छ । ब्रम्हदेव क्षेत्रको मात्र खरिद गुरुयोजनाअनुसार

कुल लागत रु.१ अर्ब २६ करोड ८ लाख रहेकोमा हाल जग्गाको मूल्य औसत प्रतिकठ्ठा रु.२ लाखका दरले गणना गर्दा बाँकी अधिग्रहण गर्नुपर्ने जग्गा १९७.७ हेक्टरका लागि रु.१ अर्ब १६ करोड ७६ लाख ४६ हजार सहित कुल जग्गा २१५.७ हेक्टरका लागि रु.१ अर्ब २५ करोड १० लाख ८८ हजार खर्च गर्नुपर्ने स्थिति छ । उक्त मुआब्जा खर्च ब्रम्हदेव क्षेत्रको कुल आयोजना लागतको ९९.२३ प्रतिशत हो । जग्गामा बनेका घर, टहरा, बाली नालीको क्षतिपूर्ति स्वरुपको रकम थप गर्दा मुआब्जा रकम अझ बढ्ने स्थिति छ । जसको फलस्वरुप आयोजनामा भएको लगानीबाट प्राप्त हुने आर्थिक प्रतिफल सकारात्मक नहुने अवस्था छ । अत:जग्गा अधिग्रहण सम्बन्धमा जग्गाको वर्तमान मूल्य तथा आयोजना कार्यान्वयन पश्चात बाँकी जग्गाले प्राप्त गर्नसक्ने लाभ समेतलाई मध्यनजर राखी उच्चस्तरीय समिति गठन गरी मुआब्जा विवाद टुंग्याउनुपर्दछ ।

५०. **जनशक्ति व्यवस्थापन** – आयोजनाको उद्देश्य हासिल गर्नका लागि आवश्यक मानव स्रोतसहितको संगठनात्मक संरचना हुनुपर्दछ । संगठन संरचनाका आधारमा आवश्यकतानुसार दरबन्दी स्वीकृत गरिनुपर्दछ । आयोजनाको कार्य सुचारुरुपले सञ्चालन गर्न संगठनात्मक संरचनाभित्र स्पष्ट काम, कर्तव्य र अधिकार सहितको कार्य विवरण तथा कार्य प्रकृतिअनुसार न्यूनतम पाँच महाशाखा र सम्बन्धित शाखाहरुको व्यवस्था गर्नुपर्ने व्यहोरा सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख भएकोमा आयोजनाले संगठनात्मक संरचना तर्जुमा गरेको पाइएन । आयोजनाका लागि सिभिल इरिगेशनतर्फको इन्जिनियर रा.प.प्र.प्रा.आयोजना प्रमुख सहित ६१ दरबन्दी स्वीकृत भएको छ ।

आयोजनाको उद्देश्यअनुसार आवश्यकताका आधारमा मात्र दरबन्दी स्वीकृत गर्नुपर्ने र दरबन्दी स्वीकृत भइसके पश्चात पनि आवश्यकता र प्रयोजनअनुसार जनशक्ति राख्नुपर्नेमा सोको पालना नगरी जनशक्ति राखेको पाइयो । ब्रम्हदेव क्षेत्रको ३ किलोमिटर मूल नहरका लागि माटो खन्ने र बाँध तथा सर्भिस सडकका लागि मात्र कार्यसञ्चालन भइरहेको र नहरप्रणाली सञ्चालनमा आई नसकेको स्थितिमा समेत गेट अपरेटर र ढल्पा १७, विजुली एवं खानेपानी सम्बन्धी कार्य नभएको स्थितिमा इलेक्ट्रिसियन र प्लम्बर २ राखी पारिश्रमिक खर्च गरेको पाइयो । यसै गरी कन्टिन्जेन्सी मार्फत सुपरभाइजर, चौकीदार, ज्यामीका लागि खर्च लेखेको स्थितिमा समेत करार अन्तर्गत प्रयोजन बेगर नै सुपरभाइजर र चौकीदार १३, मेकानिक्स र डगलेन अप्रेटर २, ट्र्याक्टर नै नरहेको अवस्थामा ट्र्याक्टर ड्राइभर २ तथा आयोजनाको प्रयोजनसँग असम्बन्धित हुने गरी सिंचाई विभागमा ज्यामी, सुपरभाइजर र चौकीदार १७ राखी विगतदेखि २यस वर्षसम्मको अवधिमा रु.१ करोड ५ लाख खर्च लेखेको पाइयो । आयोजनाको उद्देश्य प्राप्तिका लागि उचित संगठनात्मक संरचना तयार नगरी आवश्यकता बेगरका जनशक्ति भर्ना गरी खर्च गर्नु मितव्ययी देखिएन । अत: आयोजनाको कामलाई छिटो छरितो तथा प्रभावकारी बनाउन स्पष्ट कार्य विवरण सहित दरबन्दी सिर्जना गर्ने र आवश्यकताअनुसार मात्र जनशक्ति राख्नुपर्ने तथा उचित संगठनात्मक संरचना बनाई कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

५१. **माटोको कार्य** – टनकपुर मूल नहरको चेनेज ०+४३६ देखि ३+००० किलोमिटरसम्म मूल नहरको लागि ३ लाख ७९७ घनमिटर माटो खन्नुपर्ने र खनेको माटो नहरका किनारामा बाँध तथा सर्भिस सडकका लागि ९२ हजार ४४३ घनमिटर अर्थात ३०.७३ प्रतिशत प्रयोग गर्नुपर्ने र बचत २ लाख ८ हजार ३५४ घनमिटर फाल्नुपर्ने गरी नहरको डिजाइन स्वीकृत भएको छ ।

नहरको बाँध तथा सडक

मूल नहरमा २८.३५ क्यूमेक्स पानी प्रवाहका लागि बेडको चौडाई १३.६० मिटर कायम गरी बाँध तथा सर्भिस रोडका लागि ठेक्काको चौँथो रनिङ्ग बिलअनुसार २ लाख ६५ हजार ६० घनमिटर माटो खनेकोमा औसत ३०.७३ प्रतिशतले बाँध तथा सर्भिस रोडका लागि ८१ हजार ४५३ घनमिटर माटोको उपयोग गरी बचत माटो मात्र अन्यत्र फाल्नु पर्नेमा ९.४५ प्रतिशत अर्थात २५ हजार ६० घनमिटर मात्र प्रयोग गरी ९०.५५ प्रतिशत २ लाख ४० हजार घनमिटर माटो अन्यत्र फालेको पाइयो । नहरको डिजाइन परिवर्तन नभएको अवस्थामा प्राविधिक पुष्ट्यांई बेगर बढी माटो फालेको कारणबाट डिजाइनअनुसारको सडक र बैङ्कको टप लेभल कायम नहुने अवस्था छ । साथै निर्माण व्यवसायीलाई देहायबमोजिम लागत अनुमानभन्दा २९.६५ प्रतिशत न्यून कबोल गरेको कार्य घटी परिमाणमा गराएको र १६१.५६ प्रतिशत बढी कबोल गरेको कार्यको वढी परिमाण गराएको आधारमा भुक्तानी दिँदा आयोजना उपर रु.१४ लाख २ हजार थप व्ययभार परेको देखिएको छ ।



तसर्थ ठेक्का सम्पन्न हुँदाका बखतसम्म डिजाइनअनुसारको नहरको लेभल कायम रहने गरी माटोको उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५२. **लागत अनुमान** – नर्म्सअनुसार मूल नहरको लागि हेभी मेशिनरी प्रयोग गर्दा आवश्यकता तथा मेशिनको क्षमताका आधारमा मितव्ययी हुने गरी लागत निर्धारण गर्नुपर्दछ । ब्रम्हदेव क्षेत्रको चेनेज ०+४३६ देखि ३+००० किलोमिटरसम्म नहरका लागि ३ लाख ७९७ घनमिटर माटो खन्नको लागि ०.३५ घनमिटर को एक्साभेटर प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको पाइयो । उक्त एक्साभेटरले प्रतिघण्टा २३.९८ घनमिटर उत्खनन् गर्ने आधारमा २०६४।६५ मा नै प्रतिघनमिटर रु.१३४।४१ को दर कायम गरी रु.४ करोड ४ लाख ३१ हजारको लागत अनुमान स्वीकृत गरेको देखियो । आयोजनाले हेभी मेशिनबाट नहर खन्दा एक्साभेटर ०.३५ घनमिटर बकेट क्षमताको प्रयोग गर्दा १०० घनमिटर माटो खन्न ४ घण्टा १७ मिनेट लाग्ने तथा ४ टनको ड्रम्प ट्रकबाट १०० घनमिटर माटो १०० मिटर दूरीसम्म फाल्न २ घण्टा लाग्ने आधारमा लागत अनुमान स्वीकृत गरेको छ । तर स्थलगत निरीक्षण गर्दा ती साधनको क्षमताभन्दा बढी क्षमताको साधन प्रयोग भइरहेको देखियो ।

एक्साभेटरबाट माटो उत्खनन् कार्य

कार्यालयले यस्तै प्रकृतिको माटो खन्ने कार्यका लागि प्रतिघण्टा ३७ घनमिटर क्षमता भएको एक्साभेटरबाट गराउँदा २०६६।६७ मा प्रतिघनमिटर रु.८०/९८ लाग्ने गरी लागत अनुमान स्वीकृत गराएको छ । सो दरमा लागत अनुमानकै ४ टन क्षमताको डम्प ट्रक, श्रमिक र १०० मिटरको दूरीमा माटो फाल्ने खर्च समेत समावेश गर्ने हो भने प्रतिघनमिटर दर रु.११३।९० हुने देखिन्छ । यस स्थितिमा आयोजना अन्तर्गत ब्रम्हदेव क्षेत्रको मूल नहरको ३ किलोमिटरका लागि प्रति घनमिटर रु.२०।५१ का दरले ३ लाख ७९७ घनमिटरमा रु.६१ लाख ६९ हजार बढी लागत निर्धारण गरेको देखियो । नहरको माटो उत्खनन्का लागि

बढी लागत निर्धारण भएको अवस्थामा ठेक्का मार्फत कार्य गराएको भए तापनि स्वभाविकै रुपमा बढी लागतमा ठेक्का बन्दोवस्त हुने स्थिति रहन्छ । ठेक्का बन्दोवस्त लागत अनुमानको तुलनामा ०.३३ प्रतिशत घटी रहेको आधारमा पनि नहर खन्ने कार्यका लागि रु.६१ लाख ४८ हजार थप व्ययभार परेको देखिन्छ ।

त्यसैले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गुणस्तर र परिमाणमा ह्रास नहुने गरी हेभी मेशिनरीको प्रयोग हुन सक्ने सम्भाव्यतालाई मध्यनजर राख्दै मितव्ययिताका विकल्प समेत विश्लेषण गरी तयार गर्नुपर्दछ ।

५३. **मूल्य समायोजन** – आयोजनाले ब्रम्हदेव क्षेत्रका चेनेज ०+४३६ देखि ३+००० किलोमिटरको मूल नहर खन्ने र बाँधको कार्यका लागि मूल्य समायोजनको सूत्र प्रयोग गर्ने र मूल्यसूचीका सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित हुने सामान्य उपभोक्ता मूल्यसूची प्रयोग गर्ने गरेको पाइयो । ठेक्काको चौथो रनिङ्ग बिलसम्म मूल्य समायोजनबापत रु.७७ लाख ४६ हजार खर्च भएको छ । मूल्य समायोजन सम्बन्धी देखिएका व्यहोरा निम्न छन्:

५३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१)अनुसार सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र मूल्य समायोजनका लागि उपनियम २(ख)अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरुको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र उप–नियम २(ङ)अनुसार प्रत्येक मूल्य संरचनाको मूल्य समायोजन गर्न प्रयोग गरिने मूल्यसूचीको व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

आयोजनाले मूल्य समायोजनको सूत्र प्रयोग गर्दा ठेक्का कार्यमा प्रयोग गरिने श्रम, इन्धन, उपकरणसँग सम्बन्धित सूचक प्रयोग गरी नियमानुसार गणना गर्नुपर्नेमा ठेक्काको काममा प्रयोग गरिने वस्तुसँग न्यून सम्बन्ध रहेको, समष्टिगत उपभोक्ता मूल्यसूची प्रयोग गर्नाले निर्धारण गरिएको मूल्य समायोजन रकम वास्तविक हुने आधार देखिएन । समायोजनका लागि प्रयोग गरिएको समष्टिगत उपभोक्ता मूल्यसूचीमा खाद्यान्न तथा पेयपदार्थ, रेष्टुरेण्टको खाना, सागसब्जी, फलफूल, मसला, माछा, मासु, दूध र दुग्धजन्य पदार्थ, चिनी, लत्ता कपडा, भाँडाकुँडा, बिजुली, पानी, यातायात, सञ्चार, औषधि तथा उपचार, शैक्षिक सामग्री, धुमपान, मनोरन्जन जस्ता प्रत्यक्षरुपमा असम्बन्धित तत्व समेत रहेका छन् । ठेक्कामा माटो खन्ने नै प्रमुख कार्य हुँदा निर्माण सामग्रीको प्रयोग नहुने श्रमको ज्याला र उपकरणको इन्धन नै प्रभावग्राही तत्व रहने भएकाले गैर खाद्यान्नको मूल्य सूचकको प्रयोग गरेको स्थितिमा मूल्य समायोजन रकम रु.३४ लाख २९ हजारले कम खर्च हुने देखिन्छ । उचित, वस्तुपरक एवं सम्बन्धित मूल्य सूचक प्रयोग नगर्नाले आयोजना लागतमा वृद्धि हुने स्थिति रहेको पाइयो । मूल्य समायोजनका लागि प्रयोग हुने श्रम, उपकरण, इन्धन, विभिन्न निर्माण सामग्रीको कम्पोनेन्ट निर्धारण गरी सम्बन्धित वस्तु वा सामग्रीको मूल्यसूची प्रयोग गरी मूल्य समायोजन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५३.२ मूल्य समायोजनका सन्दर्भमा ठेक्काको शर्तमा निर्माण व्यवसायीको ओभरहेड र नाफामा मूल्य समायोजन नगरिने व्यवस्था रहेको छ । तर आयोजनाले निर्माण व्यवसायीलाई भुक्तानी दिँदा चौथो रनिङ्ग बिलसम्मको कामको मूल्य रु.५ करोड २१ लाख ९२ हजारमा ओभरहेड र नाफा समायोजन बेगर नै मूल्य समायोजन गरेको कारण रु.१२ लाख ८७ हजार बढी मूल्यवृद्धि भुक्तानी भएको छ ।

ठेक्का शर्तको पालना नहुनाका कारण बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको छ । मूल्य समायोजनका सन्दर्भमा ठेक्का शर्तहरु कडाईका साथ पालना गरिनुपर्दछ ।

५४. **माटो व्यवस्थापन** – मूल नहरको लागि माटोको आवश्यकता परिपूर्ति गर्न सकभर आयोजनाको स्वामित्वमा रहेको नहर खन्दा निस्केको माटोलाई प्रयोगमा ल्याउनु मितव्ययी हुन्छ । आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षणअनुसार नहरको बाँध तथा अन्य संरचनाहरु बनाउने कार्यमा मात्र पुरुवा माटो करिब १ करोड २० लाख घनमिटर लाग्ने देखिन्छ । नहर खन्दा निस्केको माटोलाई पुरुवा माटोको रुपमा प्रयोग गरियो भने पनि करिब ६५ लाख घनमिटर पुरुवा माटो अपुग हुने देखिन्छ । नपुग हुने पुरुवा माटो प्राप्त गर्न उपभोक्ता समितिसँग समन्वय गरी माछा पोखरीको निर्माण गरिने तथा सार्वजनिक जग्गा र कृषकको

नदी किनारमा फालिएका माटो

जग्गाबाट माटो खरिद गरी आपूर्ति गर्ने व्यहोरा आयोजनाले जनाएको छ । आयोजनाको प्रथम चरण अन्तर्गतको ३ किलोमिटर मूल नहर निर्माणको क्रममा खनिएको २ लाख ४० हजार घनमिटर माटो आयोजनाको हितमा प्रयोग नहुने गरी अन्यत्र नदी क्षेत्रमा फालिएको छ । खनिएको माटो फाल्नका लागि मात्र मूल्य अभिवृद्धि कर समेत रु.२ करोड ५७ लाख ६४ हजार खर्च भएको देखियो । आयोजनाको लागि माटोको आवश्यकता नै पर्ने अवस्थामा माटो फाल्नका लागि थप रकम खर्च गर्नु मितव्ययी देखिएन । तसर्थ आयोजनाको ड्रइङ्ग डिजाइनअनुसार नहर निर्माणका लागि आवश्यक माटो परिपूर्ति गर्न आयोजनाले नहर खन्दा निस्केको माटोलाई उपयोगमा ल्याउने प्रयास गर्नुपर्दछ ।

५५. **असर न्यूनीकरण** – आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणमा पर्ने प्रभावलाई न्यूनीकरण गर्न वातावरणीय व्यवस्थापन योजना मुताविक जग्गा अधिग्रहण, क्षतिपूर्ति तथा पुनःस्थापना नामक एकाई गठन गर्ने र योजना निर्माणको दौरानमा वातावरणीय अनुगमनका लागि वार्षिक रु.१ करोड १९ लाख ४१ हजार तथा वातावरणीय प्रभाव न्यूनीकरण कार्यक्रमका लागि सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख भएअनुसार रु.४ करोड ४९ लाख १८ हजारका अतिरिक्त रु.२ अर्ब ३ करोड ३४ लाख ९३ हजार आवश्यक पर्ने अनुमान रहेको छ । साथै २०६६।१२।१८ मा वातावरण मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार आयोजना कार्यान्वयन पूर्वआयोजना प्रभावित र अतिप्रभावित परिवारहरुको स्पष्ट पहिचान गरी क्षतिपूर्ति/पुनर्वास योजना स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नुपर्ने शर्तमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) लाई सःशर्त स्वीकृति दिएको छ । आयोजनाको प्रथम चरणको निर्माण कार्य २०६३।६४ देखि प्रारम्भ गरिए तापनि वातावरणीय प्रभाव न्यूनीकरण र अनुगमनका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको छैन । आयोजनाको वातावरण प्रभाव सम्बन्धी न्यूनीकरण, अनुगमन र व्यवस्थापनका लागि एकाई गठन नभएको तथा वातावरण मन्त्रालयमा क्षतिपूर्ति तथा पुनर्वास योजना पेश गरेको अभिलेख प्रस्तुत भएन । आयोजनाको तेस्रो चरणसम्ममा १ करोड २० लाख घनमिटर माटो खन्ने कार्य गर्दा भू–वनौटमा असर पर्ने, ९० प्रजातिका रुख, ११ प्रजातिका बुट्यान, २४ प्रजातिका जडिबुटीमा प्रभाव पर्ने र ६ लाख २५ हजार घनमिटर काठ नष्ट हुने कुरा वातावरणीय प्रभाव मूल्याङ्कनमा दर्शाइएको छ ।

बाढीबाट बाँध कटान भएको

ब्रम्हदेव क्षेत्रको चेनेज ०+४३६ देखि ३+००० किलोमिटरसम्म भित्र मूल नहरको माटो खन्ने कार्य गरी बाँध तथा सर्भिस रोड निर्माण भएकोमा बाँधको उत्तर दिशातर्फ पर्याप्त मात्रामा साइड ड्रेन नहुनाले वर्षायाममा बाढीका कारण उत्तरी क्षेत्रमा कटान भएको र नहरमा पुनः माटो भरिने स्थिति रहेको पाइयो । वातावरणीय प्रभावलाई व्यवस्थापन नगर्नाले जैविक विविधता, भौतिक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणमा बढी असर पर्ने स्थिति रहेको छ ।

अत: वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न स्पष्ट कार्यक्रम र बजेट तय गर्नुपर्ने र वातावरण मन्त्रालयको शर्त पालना गरी वातावरणीय प्रभावको अनुगमन एवं न्यूनीकरण योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

वागमती सिंचाई आयोजना कार्यान्वयन एवं व्यवस्थापन

सन् १९९२ मा सम्भाव्यता अध्ययन भएको यो आयोजना २ चरणमा निर्माण हुने व्यवस्था रहेको छ । प्रथम चरणको काम २०६८।६९ सम्म सम्पन्न हुने र रु.६ अर्ब ३० करोड १६ लाख ६ हजारको लागतमा ६८००० हेक्टरमा सिंचाई सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ । हालसम्मको अवस्थामा २९००० हेक्टरमा सिंचाई सुविधा उपलब्ध भइसकेको र त्यस क्षेत्रमा बालीको उत्पादकत्व वृद्धि भई जनताको जीवनस्तरमा समेत वृद्धि भएको अवस्था छ । सिंचित क्षेत्रका उपभोक्ताहरु संगठित भई नहर निर्माण सञ्चालन एवं व्यवस्थापनमा सहभागी हुनु, कमाण्ड क्षेत्रको उत्पादकत्व वृद्धि हुनु र केही हदसम्म भए पनि स्थानीय तहमा रोजगारीको अवसर सिर्जना भई जीवनस्तर बढ्नुलाई आयोजनाका सवल पक्षकोरुपमा लिन सकिन्छ ।

आयोजना कार्यान्वयन कार्ययोजना तर्जूमा नगरी निर्माण कार्य सञ्चालन हुदाँ लक्षित कामहरु समयमा नै सम्पन्न नभई ढिलाई भएको, आयोजनाको लागत बढेको र जनताले अपेक्षित प्रतिफल प्राप्त गर्न नसकेको अवस्था छ । निर्माण सम्पन्न सिंचित क्षेत्रमा पनि पानीको बहाव न्यून रहनु, कतिपय स्थानमा पानी नपुग्नु, उचित मर्मत सम्भारको अभावले नहर बालुवा र झारपातले भरिनु जस्ता समस्याहरु आयोजनाले व्यहोर्नु परेको छ । निर्मित संरचनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी सिंचाई शुल्क लिने व्यवस्था नहुदाँ नहरको मर्मत सम्भारको दिगो व्यवस्थापन र पानी व्यवस्थापनमा पनि कठिनाइ परेको छ । राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा कार्यान्वयन गरिएको, विशेषज्ञ मार्फत विस्तृत अध्ययन डिजाइन कार्यसम्पन्न हुने अवस्थामा रहेको र वैदेशिक सहयोग प्राप्त भएकाले आयोजना सम्पन्न गर्न पर्याप्त अवसर सिर्जना भएको छ । तथापि सम्भाव्यता अध्ययनको समयमा राखिएका मान्यताहरु फरक परेका कारण २९,००० हेक्टर जमिनमा नै पर्याप्त सिंचाई सुविधा पुग्न नसकेको अवस्थामा कमाण्ड एरिया विस्तार गर्दै प्रथम र दोस्रो खण्डको कार्यसम्पन्न गर्नु चुनौतीपूर्ण रहेको छ । आयोजनाको कार्यान्वयन व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण गरिएकोमा देखिएका व्यहोराको विस्तृत विवरण सम्बन्धित मन्त्रालय र आयोजनामा पठाइएको छ सोको प्रमुख व्यहोरा देहायमा उल्लेख गरिएको छ ।

५६. **म्याद थप** – कमाण्ड क्षेत्र विकास (नहर निर्माण) गर्ने कार्यका लागि विभिन्न ५ निर्माण व्यवसायीहरुसँग निम्नानुसारको मितिमा कार्यसम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा सो अवधिमा कार्य सम्पन्न नभई म्याद थप गरेको पाइयो:

ठेक्का प्याकेज नं.	कार्य विवरण	सम्झौता मिति	कार्यसम्पन्न गर्नुपर्ने अवधि	कार्य सम्पन्न प्रतिशत	म्याद थप अवधि
०१	लक्ष्मीपुर शाखानहरको ढेङग्रा नदीको माथिल्लो भागमा कमाण्ड क्षेत्र विकास (२९०० हे.)	१५ जून, २००८	१४ जून, २०१० सम्म	५३.६९	१३ जुन, २०११ सम्म
०२	लक्ष्मीपुर शाखा नहरको पररीय प्रशाखाको कमाण्ड क्षेत्र विकास (१८८० हे.)	१५ जून, २००८	१४ जून, २०१० सम्म	२७.९४	१४ जुन, २०११ सम्म
०३	लक्ष्मीपुर शाखा नहरको ढेङग्रा नदीको तल्लो भागमा कमाण्ड क्षेत्र विकास (१५२५ हे.)	१२ जून, २००८	११ जून, २०१० सम्म	४६.५७	थप नगरेको
०४	गढैया शाखा नहरमा कमाण्ड क्षेत्र विकास (१३२५ हे.)	६ जून, २००८	५ जून, २०१० सम्म	५८.३८	५ जुन २०११, सम्म
०५	भलोहिया शाखा नहरको तल्लो भाग (पुछार) मा कमाण्ड क्षेत्र विकास (२६७० हे.)	१५ जून, २००८	१४ जून, २०१० सम्म	३२.९२	१३ जुन, २०११ सम्म

२०६६।६७ भित्रै सम्पन्न गरिसक्नुपर्ने गरी निर्माण व्यवसायीसँग सम्झौता भएकोमा सो अवधिमा २७.९४ देखि ५८.३८ प्रतिशतसम्म कार्यसम्पन्न गरेको देखियो । समयमा कार्यसम्पन्न नभई बन्द हडताल, स्थानीय कृषकबाट रेखाङ्कनमा अवरोध पुऱ्याएको जस्ता कारण जनाई म्याद थप माग गरेको र सोही आधारमा १ वर्षसम्म म्याद थप गरेको समेत पाइयो । काम गरेको प्रगति हेर्दा उक्त कारणहरुले मात्र नभई निर्माण व्यवसायीहरुकै ढिलाइको कारणले काममा ढिलासुस्ती हुन गएको देखिन्छ । साउदी विकास कोषको

मिशनले १९ देखि २३ जुलाई, २०१० मा गरेको अवलोकनमा पनि निर्माण कार्यहरु साह्रै ढिलो भएको कुरा औँल्याएको देखिन्छ । निर्माण व्यवसायीको कार्य तालिकाको कडाईका साथ अनुगमन गरी समयमै कार्यसम्पन्न गर्ने पहल गरिनुपर्दछ । ढिलाईको यथार्थ कारण र सोको जिम्मेवार पक्षको पहिचान गरी म्याद थप गर्दा हर्जाना लगाउने सम्बन्धमा निर्णय लिनुपर्दछ ।

५७. **आर्थिक प्रतिफल** – सम्भाव्यता अध्ययन प्रतिवेदनले आयोजनाको आर्थिक प्रतिफल १४.२ प्रतिशत हुने उल्लेख गरेको छ । उक्त प्रतिफल आयोजना लागत रु.४ अर्ब २८ करोड ९० लाख हुने आधारमा तय गरिएको थियो । हाल उक्त आयोजनाको संशोधित अनुमान रु.६ अर्ब ३० करोड १६ लाख लाग्ने अनुमान गरिएको छ । लागतमा वृद्धि भएपनि सो अनुपातमा सिंचित क्षेत्र तथा सोबाट प्राप्त हुने लाभ वृद्धि नभएको अवस्था छ । आयोजना लागत बढ्नुमा समयमा लक्षित कार्यसम्पन्न गर्न नसक्नु प्रमुख कारण रहेको छ । फलस्वरुप सो आयोजनाबाट प्राप्त हुने आर्थिक प्रतिफल दरमा समेत अनुपातिक हिसाबले गिरावट हुँदा ७.६६ प्रतिशतमात्र प्राप्त हुने अवस्था छ । उक्त प्रतिफल दरका आधारमा आयोजना कार्यान्वयन योग्य नहुने अवस्था समेत रहन्छ ।

५८. **पानी प्रवाह** – पानी प्रवाह तथा वितरण सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

५८.१ नहरबाट कृषकहरुको आवश्यकताअनुसार चाहिने परिमाणमा पानी सबै ठाउँमा उपलब्ध गराई उत्पादकत्व बढाउने आयोजनाको उद्देश्य रहेको छ । वर्षायाममा पर्याप्त पानी उपलब्ध हुने भएकोले कमाण्ड क्षेत्रमा धान खेतीलाई चाहिने आवश्यकताअनुसार पानी वितरण गरिने तर अन्य समयमा कमाण्ड क्षेत्रको बालीलाई चाहिने पानी आलो पालो प्रणालीबाट वितरण गरिने व्यहोरा आयोजनाले जनाएको छ । वर्षायाममा नदीमा आवश्यकताभन्दा बढी पानी प्रवाह हुँदा नहर तथा बालीनाली क्षति हुने तर हिउँद महिनामा शाखा, प्रशाखा नहरको पुछारतिर पानी नपुग्ने भनाई उपभोक्ता कृषकहरुको रहेको पाइयो । नहरको निरीक्षण गर्दा समेत सुन्दरपुर चोहर्वा प्रशाखा, मानपुर शाखा र वरहथवा प्रशाखाको पुछारतिर करिव ३।४ किलोमिटरमा पानी प्रवाह नभएको पाइयो । नहरको सरसफाई नभई सुन्दरपुर प्रशाखाको ३ किलोमिटर नहर थिग्रेको बालुवाले पुरिएको तथा हजरिया प्रशाखामा झारपातले छोपिएर पानी नपुगेको अवस्था देखियो । समयमा नहर सफा गरी पानी वितरणको आधार समेत तयार गरी उचितरुपमा आवश्यकताअनुसार पानीपालो मिलाई नहर सञ्चालन गर्नुपर्ने देखिन्छ ।

नहरमा सिल्ट जमेको र सफा गर्दै गरेको अवस्था

५८.२ आयोजनाको पूर्वी र पश्चिमी नहरबाट ४५,६०० हेक्टर जग्गामा सिंचाई सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा २०६६।६७ सम्ममा २९,००० हेक्टरमा सिंचाई सुविधा पुऱ्याएको अवस्था छ । पानीको स्रोत सिमित भई डिस्चार्ज कम रहेको अवस्थामा पनि कमाण्ड एरिया बढ्दै गएको कारण पानी अझै अपर्याप्त हुने स्थिति देखिन्छ । खास गरी सुख्खायाममा पानीको स्रोत कम हुने भएकोले कमाण्ड क्षेत्रमा पानी वितरणमा समस्या भोग्नुपरेको कुरा आयोजनाले समेत जनाएको छ । उपभोक्ताहरुको भनाई पनि सुख्खायाममा पानी नपुग्ने रहेको छ । पूर्वी मूल नहरको कमाण्ड क्षेत्रमा सिंचाई सुविधा उपलब्ध गराउन २२.६ घनमिटर/से. र पश्चिमी मूल नहरको कमाण्ड क्षेत्रमा ३० घनमिटर/से.पानीको आवश्यकता हुने गरी डिजाइन भएकोमा आषाढदेखि कार्तिकसम्म मात्र डिजाइनअनुसारको पानी डिस्चार्ज भएको तर मंसिर, पौष र माघमा क्रमश: २०, १८ र १० घनमिटर/से., फागुन र चैत्रमा क्रमश: ८ र ६ घनमिटर/से., बैशाख र जेष्ठमा ५ घनमिटर/से.पानी उपलब्ध भएको अवस्था छ । डिस्चार्ज क्षमताको पर्याप्त अध्ययन नगरी कमाण्ड क्षेत्र विकास गरेबाट पानी वितरण पर्याप्त मात्रामा हुन सकेको छैन । हाल कमाण्ड क्षेत्र विकास गरिसकेकोले प्राप्त स्रोतलाई सबै कमाण्ड क्षेत्रमा पुग्ने गरी वितरण व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

५८.३ कमाण्ड क्षेत्रको सबै ठाउँमा सिंचाई हुनुपर्नेमा आयोजनाको कमाण्ड क्षेत्रभित्र पर्ने वरहथवा, एकादशी, लोहनिया र गजुरखोलाको पलटुवा क्षेत्र लगायत करिव ३,००० हेक्टर कमाण्ड क्षेत्रमा पानी उपलब्ध हुन नसकेको अवस्था छ । उक्त स्थानमा वागमती सिंचाई आयोजना मार्फत निर्मित नहरभन्दा उच्च स्थानमा रहेको जग्गामा सिंचाई सुविधा उपलब्ध गराउन नसक्ने स्थिति रहेको व्यहोरा आयोजनाले जनाएको छ । उक्त जग्गाहरुमा अन्य वैकल्पिक सिंचाई प्रणालीको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५८.४ आवश्यकताअनुसार सबै कमाण्ड क्षेत्रमा पानी वितरण हुनपर्नेमा नहरको सिरानका उपभोक्ता कृषकले बढी पानी प्रयोग गर्न पाउने र पुछारका उपभोक्ताले कम पानी प्रयोग गर्न पाउने वा प्रयोग नै गर्न नपाउने स्थिति रहेको पाइयो । यसले गर्दा पानीको विषयमा उपभोक्ताहरुबीच बेलाबेला विवाद हुने गरेको कुरा उपभोक्ता समितिका पदाधिकारी र उपभोक्ता कृषकले समेत जनाएका छन् । आलोपालो प्रणालीलाई व्यवस्थित बनाई विवाद नआउने गरी पानी उपलब्ध गराउनु पर्ने देखिएको छ ।

५८.५ अनावश्यक ठाउँमा पानीको चुहावट भएमा आवश्यक पर्ने उपभोक्ता कृषकले पानी सिंचाई गर्न नपाउने हुन्छन् । केही स्थानहरुमा पानी चुहावट हुने अवस्था पनि रहेको छ । पानी कम चाहिने ठाउँमा पनि कृषकले बढी पानी प्रयोग गर्ने वा गेट बढी खोलेर धेरै पानी लगाउने गर्नाले त्यो भन्दा तल (पुछार) का वा अर्को कुलोका उपभोक्ताले पानी प्रयोग गर्न नपाउने अवस्थाको सिर्जना हुन्छ । चुहावट हुने स्थानमा चौकिदार र जल उपभोक्ता समितिलाई सक्रिय बनाई आपसी छलफलबाट गेट बन्द गरिने कुरा आयोजनाले जनाएको छ । चुहावट नियन्त्रणको यस कार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

पानी छाडने, बन्द गर्ने गेट

५८.६ पानी पर्याप्त नभएको अवस्थामा आयोजनाबाट उपयुक्त पानी व्यवस्थापन प्रणाली डिजाइन गरिनुपर्दछ । तर आयोजनाले हालसम्म पानी व्यवस्थापन प्रणाली डिजाइन गरेको छैन । आयोजनाको डिजाइनअनुसार सर्भिस नहरको इन्टेकमा १.२८ लिटर प्रति सेकेण्ड प्रतिहेक्टर पानी उपलब्ध हुनुपर्ने उल्लेख भए तापनि हाल पानीको पर्याप्तता ०.९५ लिटर प्रतिसेकेण्ड प्रतिहेक्टर रहेकोले पानी नपुग भै आलोपालो प्रणाली अवलम्बन गर्नुपरेको देखिन्छ । यसरी डिजाइनअनुसार सर्भिस इन्टेकमा पानी उपलब्ध नभएबाट आयोजना डिजाइनमा राखेका मान्यताहरु त्रुटीपूर्ण रहेको देखियो । जसले आयोजनामा खर्च भएको रकमको प्रभावकारिता नहुने अवस्थालाई इङ्गित गर्दछ ।

आयोजनाको कुल लागत रु.६ अर्ब ३० करोड १६ लाख ६ हजारमध्ये हालसम्म रु.५ अर्ब ५१ करोड १३ लाख २२ हजार खर्च भएको र बाँकी जग्गामा सिंचाई सुविधा उपलब्ध गराउन रु.७९ करोड ३ लाख खर्च गरी सम्पन्न गर्नुपर्ने अवस्था छ । हालको कमाण्ड क्षेत्रमानै पानी नपुगेको अवस्थामा थप सिंचित क्षेत्र विस्तार गर्न खर्च गरिने उक्त रकमबाट समुचित उपलब्धी प्राप्त हुने स्थिति देखिँदैन । कमाण्ड क्षेत्र विस्तारभन्दा विकास गरिसकेको कमाण्ड क्षेत्रमा पानी उपलब्ध गराउन आलोपालो प्रणालीलाई मजवुत बनाउने एवं चुहावट रोकथामका क्रियाकलापमा केन्द्रित हुनुपर्ने देखिएको छ ।

आलोपालो प्रणाली अवलम्बन गरे तापनि हालसम्म हचुवाको भरमा पानी व्यवस्थापन भैरहेकोले कहीं पानी बढी हुने कहीं नपुग्ने अवस्था विद्यमान रहेको पाइयो । पानी व्यवस्थापन गर्न नहरमा बग्ने पानीको बहाव नाप्ने गेजमिटर नराखिएकोले कुन सर्भिस नहरमा कति पानी पठाइएको भनी जानकारी प्राप्त गर्न कठिन छ । साथै पानी छाड्ने र बन्द गर्ने गेटहरु स्वचालित नभएकाले ती सर्भिस नहरमा पानी घटबढ समेत हुने अवस्था छ । आयोजनाले हालसम्म सर्भिस नहर प्रणालीमा बालीको लागि पानीको आवश्यकता निर्धारण गरी तथ्याङ्क सङ्कलन नगरेकोले पनि पानी व्यवस्थापन कार्य अझै जटिल भएको छ । जसले गर्दा आयोजनाले अपेक्षा गरे अनुरुप सबै क्षेत्र एवं बालीको लागि सिंचाई सुविधा नपुग्ने अवस्था छ । त्यसैले

बालीको लागि पानीको आवश्यकता निर्धारण गरी तथ्याङ्क तयार गर्ने, सोही आधारमा पानीको बहाव नाप्न गेजमिटर राख्ने, सिंचित क्षेत्रमा जल मापन गर्न स्ट्रक्चरहरुको क्यालीब्रेशन गर्ने र सर्भिस नहरमा पानीको वहाव निश्चित गरी उपयुक्त पानी व्यवस्थापन प्रणाली डिजाइन गर्नुपर्दछ ।

५९. **दिगोपना** – आयोजनाको दिगो सञ्चालनको लागि नियमित आवधिक तथा वार्षिक मर्मत सम्भार योजनाको तर्जुमा, मर्मत सम्भार शुल्क सङ्कलन एवं मर्मत सञ्चालनमा उपभोक्ता समितिको सक्रिय सहभागिता रहनु आवश्यक छ । आयोजनाको दिगोपना सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

५९.१ निर्मित संरचना तथा नहरलाई नियमितरुपमा मर्मत सम्भार गर्नसकेको खण्डमा मात्र दर्घिकालसम्म सिंचाई सुविधा लिनसकिने हुन्छ । सालबसाली मर्मत सम्भार गरी निर्मित संरचनाहरुको दिगोपनाको लागि प्रयास गरिए तापनि पर्याप्त बजेट व्यवस्था हुन नसकेको आयोजनाको भनाई रहेको छ । मर्मत सम्भारको लागि आवश्यकताको आधारमा बजेट प्रस्ताव गर्ने गरे तापनि हचुवाको आधारमा बजेट विनियोजन हुने गरेकोले यथेष्टरुपमा मर्मत सम्भार गर्न नसकेको कुरा आयोजनाले जनाएको छ । साथै आयोजनाले नहरको कार्यक्षमता बढाउन वार्षिकरुपमा मर्मत सम्भारको आवश्यकता पहिचान गरी वार्षिक मर्मत सम्भार कार्ययोजना तयार गर्ने गरेको छैन । फलस्वरुप हचुवा ढङ्गले शाखा, प्रशाखा र सर्भिस नहरहरु मर्मत सम्भार गर्ने गरेको छ । मर्मत सम्भारको अभावमा सबै नहरको कार्यक्षमतामा ह्रास आई पुछारसम्म पानी पुग्न नसकेको अवस्था छ । यसको निराकरणको लागि नियमितरुपमा गर्नुपर्ने मर्मत कामको प्राथमिकता निर्धारण गरी वार्षिक मर्मत सम्भार कार्य योजना बनाई मर्मत सम्भार गर्नुपर्ने देखिन्छ ।

५९.२ नहर तथा संलग्न संरचनाहरुको मर्मत सम्भारको दिगोपनाको लागि उपभोक्ताहरुलाई नै मर्मत सम्भार गर्ने जिम्मेवारी दिनु राम्रो हुन्छ । नहर प्रणाली संचालन तथा मर्मत सम्भार गर्न उपभोक्ता समितिलाई हस्तान्तरण गरी जिम्मा दिएको छैन । आयोजनाले सञ्चालन गरेको नहर संरचनाहरुको मर्मत सम्भारको काममा मात्र जल उपभोक्ता समितिको सहभागिता हुने गरेको छ । सिंचाई नीति, २०६० मा भएको व्यवस्थाअनुसार यस आयोजना अन्तर्गत मर्मत सम्भारको लागि १५४ उपभोक्ता समिति गठन भएको पाइयो । त्यसै गरी राष्ट्रिय सिंचाई जल उपभोक्ता महासंघ जिल्ला कार्य समिति पनि गठन भएको पाइयो । तर कुनै पनि सिंचाई प्रणाली तथा नहरहरु उपभोक्ता समितिलाई सिंचाई नीति, २०६० अनुसार हस्तान्तरण गरेको पाइएन । सिंचाई प्रणाली अन्तर्गत निश्चित सिंचित क्षेत्रका चक्ला तयार गरी सो क्षेत्र भित्रका सिंचाई संरचना एवं प्रणालीहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भारको जिम्मा जल उपभोक्ता समितिलाई दिने र पूर्वी र पश्चिमी नहर क्षेत्रका उपभोक्ता समितिबीच समन्वय ल्याउन एक उपभोक्ता समन्वय समिति गठन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५९.३ सिंचाई नीति, २०६० मा सिंचाई सेवा उपलब्ध भई बढ्न जाने औषत कृषि उत्पादनको आधारमा प्रत्येक बालीको लागि न्यूनतम सिंचाई सेवा शुल्क निर्धारण गर्ने कुरा उल्लेख छ । यसैगरी आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनमा सिंचाई सेवा शुल्कबापत सिंचाई प्रणाली सञ्चालन र मर्मत सम्भार प्रयोजनका लागि प्रतिवर्ष प्रतिहेक्टर रु.४९१।– उठाउनुपर्ने व्यवस्था छ । यस आयोजनाबाट निर्मित कुनै पनि सिंचाई प्रणाली उपभोक्तालाई हस्तान्तरण नगरेको, वर्ष भरी पानी उपलब्ध नहुने, कर्मचारीको अभाव जस्ता कारणले सिंचाई सेवा शुल्क उठाउने गरेको छैन । निर्माण कार्यसम्पन्न भईसकेका सिंचाई प्रणालीहरु उपभोक्तालाई हस्तान्तरण गरी सिंचाई सेवा शुल्क निर्धारण गरी असुल गर्ने व्यवस्था मिलाउनुपर्दछ । नियमित पानी उपलब्ध हुनुपर्ने शर्तमा उपभोक्ताहरुमा सिंचाई शुल्क उठाउने तत्परता रहेको देखिन्छ ।

५९.४ आयोजना सञ्चालन तथा कार्यान्वयनमा विशेषज्ञता हासिल गरेका कर्मचारीहरुको जरुरत पर्दछ र ती कर्मचारीहरु निश्चित अवधिसम्म कार्यरत रहने व्यवस्था मिलाउनुपर्दछ । आयोजनामा कर्मचारीहरुको २ वर्षको अन्तरमा बारम्बार सरुवा भईरहने र आयोजनाको दरवन्दी सालबसाली स्वीकृत हुने गरेबाट अस्थिर मानसिकतामा काम गर्नुपर्ने अवस्था छ । अनुभव प्राप्त गरेपछि आयोजना प्रमुख लगायतका कर्मचारीको सरुवा हुने कारणले काममा बाधा अड्चन आउने कुरा आयोजनाले जनाएको छ । आयोजनाको कुशल सञ्चालन र कार्यान्वयनको लागि दक्ष कर्मचारीको पदस्थापना निश्चित अवधिसम्म निरन्तर हुने व्यवस्था मिलाउनुपर्दछ ।

६०. **विशेषज्ञ फेरबदल** – परामर्शदाताको प्राविधिक मूल्याङ्कन गर्ने क्रममा प्रस्ताव गरिएका विशेषज्ञहरु फेरबदल गरिनु नहुने, गर्नुपरेमा समान योग्यता भएका विशेषज्ञहरुमात्र फेरवदल गर्न सकिन्छ । आयोजनाले टिमलिडरदेखि लिएर सबै प्रमुख विशेषज्ञहरु फेरबदल गरेको पाइयो । टिमलिडर र सिंचाई इन्जिनियरमा समान योग्यता र अनुभव भएका विशेषज्ञहरु फेरबदल गरेको भए तापनि गुणस्तर नियन्त्रण तथा सुपरभिजन इन्जिनियरमा इन्जिनियरिङ्गमा स्नातकोत्तरको सट्टा स्नातक योग्यता भएका विशेषज्ञलाई फेरबदल गरेको पाइयो । साथै अर्को एक विशेषज्ञ प्रस्ताव गरिए तापनि कार्यरत नभएको देखियो । कम योग्यता भएकालाई फेरबदल गरेकोमा पारिश्रमिक भने यथावत राखेको पाइयो । प्रस्ताव गरिएका विशेषज्ञहरु उपलब्ध हुन नसकेको कारण फेरबदल गर्नुपरेको देखिन्छ । यसरी निर्माण कार्यको सुपरीवेक्षण तथा गुणस्तर नियन्त्रणसँग सम्बन्धित विशेषज्ञमा कम योग्यता भएकालाई फेरबदल गर्दा कामको गुणस्तरमा असर पर्ने एवं आयोजनाले खर्च गरेअनुसारको विशेषज्ञको सेवा नपाएको स्थिति छ । तसर्थ यसप्रकारको विशेषज्ञ फेरबदलको स्थितिलाई निरुत्साहित गर्नुपर्दछ र गर्ने परेको अवस्थामा योग्यताको तुलनात्मक अध्ययन गरी समान योग्यता र अनुभव भएमा मात्र फेरबदलको निर्णय गरिनुपर्दछ ।

६१. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा १० कार्यालयबाट रु.३ लाख ४ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ८ कार्यालयबाट रु.७८ हजार र सम्परीक्षणको क्रममा रु.२० लाख ६९ हजारसमेत रु. २४ लाख ५१ हजार असुल भएको छ ।

६२. **पेश्की –** मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ६२ कार्यालयको रु.३६ करोड ४३ लाख २८ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १ कार्यालयबाट रु.१ लाख (आंशिक) फछ्यौंट गरी ६२ कार्यालयको रु.३६ करोड ४२ लाख २८ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.२० हजार म्याद नाघेको छ ।

६३. **सम्परीक्षण –** मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

६३.१ मन्त्रालय र मातहत सरकारी कार्यालयतर्फ यो वर्ष रु.७६ करोड ३२ लाख ९६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२८ करोड ८५ लाख ५१ हजार फछ्यौंट गरेकोले रु.४७ करोड ४७ लाख ४५ हजार बाँकी रहेको छ ।

६३.२ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ असार महिनामा फछ्यौंट गरेको रु.४ करोड ८ लाख ५० हजार समेत प्रतिवेदन अवधिसम्म रु.४२ करोड ७७ लाख ५२ हजार बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराएको छ ।

६३.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.३२ करोड ७५ लाख ८३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.७५ करोड ५३ लाख ३५ हजारमध्ये रु.७५ करोड १६ लाख ६२ हजार सरकारी कार्यालयतर्फ र रु.३६ लाख ७३ हजार अन्यतर्फ (साविक जलस्रोत मन्त्रालय अन्तर्गत नेपाल विद्युत प्राधिकरणतर्फको) रहेको छ ।

सूचना तथा सञ्चार मन्त्रालय

मन्त्रालय र मातहत समेत ९५ कार्यालयको विनियोजनतर्फ रु.२ अर्ब ५९ करोड ४४ लाख ५३ हजार, राजस्वतर्फ रु.१ अर्ब २१ करोड ९८ लाख ७५ हजार, धरौटीतर्फ रु.९ करोड ३ लाख १२ हजारसमेत कुल रु.३ अर्ब ९० करोड ४६ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था, समिति, अन्य संस्था १० को रु.६ अर्ब ७४ करोड ९४ लाख ११ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – महालेखा परीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन ।

१.१ प्रेस काउन्सिलबाट विभिन्न समूहमा वर्गीकरण भएका पत्रिकाहरुलाई लोककल्याणकारी सरकारी विज्ञापन सम्बन्धी स्पष्ट नीति नहुँदा नेपाल सरकारले निर्णय गरेको दरमा विज्ञापनको निमित्त अनुदान शीर्षकबाट २०६३।६४ मा रु.१ करोड ५० लाख ९७ हजार, २०६४।६५ मा रु.३ करोड ४५ लाख ४५ हजार २०६५।६६ मा रु.६ करोड ७६ लाख ८० हजार र यो वर्ष रु.८ करोड ४८ लाख ३० हजार खर्च गरेको छ । लोक कल्याणकारी विज्ञापन प्रकाशन गर्ने मापदण्ड तयार गर्न नसकेकोले प्रत्येक वर्ष यसरी बढ्दै गएको खर्च उत्पादनमूलक छ भन्ने स्थिति छैन । अत: विज्ञापनसम्बन्धी स्पष्ट नीति तयार गर्नुपर्दछ ।

१.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ (१) मा अन्तर्राष्ट्रियस्तरको बोलपत्र आव्हानसम्बन्धी व्यवस्था छ । यो वर्ष अन्तर्राष्ट्रिय डाँक व्यवस्थापन खर्चबापत विश्व हुलाक संघले तोकेको दरमा सम्झौता गरी विभिन्न निकायलाई रु.५ करोड ५४ लाख ६८ हजार भुक्तानी गरेको छ । गत विगतका सम्झौताको आधारमा ढुवानी गर्ने व्यवस्था सार्वजनिक खरिद ऐनले नसमेटेको हुँदा कानूनी व्यवस्थाको अवलम्बन गरी डाँक व्यवस्थापन गर्नुपर्दछ ।

१.३ अन्तर्राष्ट्रिय डाँक सञ्चालनबाट यो वर्ष रु.१ करोड ५५ लाख ५७ हजार राजस्व प्राप्त भएको छ । नेपाल हुलाक कार्यालय र अन्तर्राष्ट्रिय हुलाक कार्यालयबीच इम्ब्यालेन्स चार्ज, इएमएस, पार्सल, एयरमेल, टर्मिनल ड्यूजबाट प्राप्त हुनुपर्ने रकम, नेपालले माग गरेको रकम र प्राप्तिको अध्यावधिक अभिलेख विभागले राखेको पाइएन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **अभिलेख** – राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(१)(क) मा मुनाफा आर्जन गर्ने उद्देश्यले कार्यक्रम प्रसारण गर्ने संस्थाले आर्जन गरेको वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रोयल्टी रकमले सो वर्ष समाप्त भएको ६ महिनाभित्र नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । सञ्चालनमा रहेका टेलिभिजन १५, एफएम रेडियो ३०२ र केबल नेटवर्क ६३४ ले बुझाएको राजस्व र बाँकी देखिने अभिलेख नराखेकोले असुल हुनुपर्ने राजस्व यकिन हुन सकेन ।

२.१ नेपाल टेलिभिजनले मन्त्रालयमा पेश गरेको वित्तीय विवरणको आधारमा २०४८।४९ देखि २०६५।६६ सम्म कुल आम्दानी रु.२ अर्ब ५४ करोड ९७ लाख १२ हजारको ४ प्रतिशतले हुने रु.१० करोड १९ लाख ८८ हजार प्रसारण तथा वितरणबापतको राजस्व असुल गर्नुपर्ने देखिएकोमा असुल गरेको छैन ।

२.२ राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(३) मा नवीकरण तथा प्रसारण शुल्क नबुझाउने वा लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने संस्थालाई कारबाही गर्नसक्ने व्यवस्था छ । यस वर्षसम्ममा टेलिभिजन ३२, एफएम रेडियो ४०० र ६३४ केबल नेटवर्कहरुले प्रसारण इजाजत पत्र प्राप्त गरेको देखिन्छ । स्वीकृत प्राप्त यी संस्थामध्ये निश्चित समयावधिसम्म सञ्चालनमा नआएका संस्था यकिन गरी नियमित अनुगमन गरेको पाइएन ।

३. **असुली –** एक टेलिभिजन प्रसारण संस्थाले २ टेलिभिजन नेटवर्कको प्रसारणबापत सो संस्थासँग मन्त्रालयले २०५९।१।४ मा गरेको सम्झौतामा १० वर्षसम्म प्रतिनेटवर्क रु.१५ लाखका दरले २ नेटवर्कको वार्षिक रु.३० लाख बुझाउने शर्त रहेको छ । यो वर्ष रु.३ लाखमात्र राजस्व प्राप्त गरी नवीकरण गरेको पाइयो । सम्झौताबमोजिम बाँकी रु.२७ लाख राजस्व असुल गर्नुपर्दछ ।

अर्को एक नेटवर्क प्रा.लि.ले. पेश गरेको वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०५९।६० देखि २०६५।६६ सम्मको राजस्व रु.२ करोड ५ लाख २७ हजार असुल गरेको छैन ।

४. **फ्रिक्वेन्सी वितरण –** नेपाल सरकारको कार्य विभाजन नियमावली, २०६४ को नियम ३ अनुसूची १(१९) अनुसार फ्रिक्वेन्सी वितरण, व्यवस्थापन र सोको अनुगमन कार्य मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने देखिन्छ । वितरण भएको फ्रिक्वेन्सी (रेडियो तरङ्ग) प्रयोग गरी सेवा सञ्चालन गर्ने सरकारी क्षेत्र, कम्पनी, श्रव्यदृश्य प्रसारण संस्थाहरुबाट नेपाल सरकारलाई विगत वर्षहरुदेखि नै राजस्व प्राप्त भइरहेको छ । यो वर्ष मन्त्रालयले आर्जन गरेको कुल राजस्व रु.९७ करोड ३७ लाखमध्ये रु.८९ करोड ८३ लाख ८० हजार फ्रिक्वेन्सी वितरण र सञ्चालनबाट प्राप्त भएको आर्थिक विवरणबाट देखिएको छ । राजस्व सङ्कलनमा ठूलो हिस्सा ओगट्ने फ्रिक्वेन्सी व्यवस्थापन एवं सञ्चालनको व्यवस्थितरुपले अभिलेख राख्नुपर्नेमा मन्त्रालयले राखेको पाइएन ।

सरकारी र निजी क्षेत्रका सेवा प्रदायक संस्थाहरुलाई मन्त्रालयले वितरण गरेको फ्रिक्वेन्सी, त्यसको उपयोग तथा सोबापत सङ्कलन गर्नुपर्ने र सङ्कलित राजस्वसम्बन्धी विवरण माग गरिएकोमा ६ टेलिफोन प्रदायक संस्थालाई १४ फ्रिक्वेन्सी वितरण गरेकोमा ३ बाट दस्तुर प्राप्त नभएको र बाँकी ३ संस्थाबाट रु.८ करोड ११ लाख ६६ हजार दस्तुर प्राप्त भएको विवरण उपलब्ध गराएको छ ।

४.१ प्राप्त विवरणअनुसार २ टेलिकम कम्पनीले ग्रामीण दूरसञ्चार सेवा प्रदान गर्ने अनुमति लिई सो कार्य गरिरहेकोमा प्रदान गरेको जिम्मेवारीअनुसार कार्य सम्पन्न गरे नगरेको सम्बन्धमा मन्त्रालयले अनुगमन र मूल्याङ्कन गरे गराएको देखिएन ।

४.२ फ्रिक्वेन्सी दस्तुर निर्धारण गर्नका लागि रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले निश्चित सूत्र निर्धारण गरी सेवा प्रदायकहरुले पेश गरेको नेटवर्कको आधारमा फ्रिक्वेन्सी दस्तुर तय गरेको उल्लेख भएकोमा सोको आधार एवं सूत्र प्रस्तुत भएन ।

४.३ नेपाली सेवा प्रदायकको मोवाइल सेवा नेपालको सिमानाबाट भारत प्रवेश गरेपछि स्वत: अवरुद्ध हुने तर भारतीय सेवा प्रदायकको नेटवर्क कभरेज नेपाली क्षेत्रमा ३० कि.मि. सम्म रहेकोले नेपालका सेवा प्रदायकहरुलाई नेपाल दूरसञ्चार प्राधिकरणले उल्लेख गरेअनुसार मासिक रु.१ करोड राजस्वमा असर परेको उल्लेख गरेको छ । फ्रिक्वेन्सीको वितरण तथा अनुगमनको सम्बन्धमा मन्त्रालयमार्फत मित्रराष्ट्रसँग समन्वयका लागि पहल हुन दूरसञ्चार प्राधिकरणले २०६६।८।२६ मा मन्त्रालयसँग अनुरोधसम्म गरेको देखियो ।

ती संस्थाहरुले फ्रिक्वेन्सी नेटवर्क प्रयोग गरेबापत प्राप्त हुनुपर्ने, प्राप्त भएको र बाँकी राजस्व रकमको विवरण उपलब्ध भएन । फ्रिक्वेन्सी वितरण, व्यवस्थापन, अनुगमन र त्यसबाट आर्जित राजस्वसम्बन्धी विवरण राख्ने जिम्मेवारी मन्त्रालयको भए पनि सो दायित्व निर्वाह गरेको देखिएन ।

फ्रिक्वेसी प्रयोग गरेबापतको रकम नेटवर्क प्रयोग गरेको आधारमा लिनुपर्ने दस्तुर यकिन गरी असुल गर्नुपर्दछ ।

५. **लेखा परीक्षण –** हुलाक सेवा विभागमातहतका ७० हुलाक कार्यालयबाट बचत बैङ्कको कारोबार सञ्चालन हुदै आएको छ । बचत बैङ्कतर्फ केन्द्रीय कारोबार र जिल्लागत विवरणसहितको केन्द्रीय आर्थिक विवरण तयार नगरेकोले अद्यावधिक लेखापरीक्षण हुन सकेको छैन । गत वर्षसम्म ११ ईकाइको रु.६६ करोड ७१ लाख ६५ हजार लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष १४ ईकाइको रु.२७ करोड ९७ लाख ८ हजार थप भई रु.९४ करोड ६८ लाख ७३ हजार लेखापरीक्षण बक्यौता रहेको छ ।

त्यस्तै यो वर्ष केन्द्रीय कार्यालयबाट उपलब्ध गराएको विवरणअनुसार हुम्ला, सल्यान, जाजरकोट, बम्फाङ, बाजुरा र म्फापाले धनादेशतर्फको लेखापरीक्षण गराएका छैनन् ।

६. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता नरहेका निकायलाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । सूचना विभागले यो वर्ष ५५१ पत्रिकालाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रु.६ करोड ५६ लाख ६५ हजार भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु.९८ लाख ५० हजार अग्रिम कर असुल गरेको पाइएन । यस सम्बन्धमा यो वर्ष देखि १.५ प्रतिशतका दरले कर कट्टी गर्न थालिएको र १५ प्रतिशतका दरले कट्टी गर्न सम्बन्धित पक्षसँग सरसल्लाह गरी निर्णय गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

राष्ट्रिय सूचना आयोग

७. **दरबन्दी –** सूचनाको हक सम्बन्धि कानूनको कार्यान्वयन, सूचनाको हकको संरक्षण, संवर्धन, अभिलेख, अध्ययन, अवलोकन र नेपाल सरकारलाई यस सम्बन्धमा सुझाब र सिफारिस गर्न सूचनाको हकसम्बन्धी ऐन,२०६४ ले व्यवस्था गरेअनुसार राष्ट्रिय सूचना आयोग स्थापना भई प्रमुखसहित ३ आयुक्तको नियुक्ति भएको छ । आयोगमा कर्मचारीको स्थायी संरचना नभएकोले विभिन्न निकायबाट २२ कर्मचारी काजमा ल्याई कार्य गरेको छ ।

८. **लक्ष्य प्रगति –** सचेतना कार्यक्रम, सूचना अधिकारीलाई तालिम, नागरिक समाजमा सूचनाको हक सम्बन्धी शिक्षा, लोक कल्याणकारी विज्ञापन प्रसारण, जन सुनुवाई, पत्रकार तथा विद्यार्थीको लेखन वृत्तिमा सुधार लगायतका कार्यक्रमको लागि यो वर्ष रु.९६ लाख २२ हजार विनियोजन भई ८४.६ प्रतिशत प्रगति देखाएको छ । सूचनाको हक कार्यान्वयन पक्ष कमजोर रहेको, सूचनाको पारदर्शिता नगरेको, लक्षित वर्गले सचेतता नदेखाएको तथा आयोगमा स्रोत साधनको यथोचित व्यवस्था हुन नसकेकोले यो निकाय अपेक्षितरुपमा परिवर्तनकारी हुन नसकेको व्यहोरा विश्व बैङ्कको एक प्रतिवेदनमा उल्लेख छ । अत: सूचना अधिकारीलाई तालिम, सिनियर नोडल अधिकृत व्यवस्था र सूचनाको हक–मैत्री विद्यालयस्तरको पाठ्यक्रम व्यवस्थाका लागि आयोगले थप क्रियाशीलता देखाउन जरुरी छ ।

हुलाक सेवा विभाग

९. **दरबन्दी –** विभागबाट प्राप्त विवरणअनुसार विभाग र मातहत कार्यालयमा विभिन्न तहका ९ हजार ३५५ स्वीकृत दरबन्दीमध्ये ५ हजार ७७२ पदपूर्ति भई ३ हजार ५८३ (३८.३० प्रतिशत) दरबन्दी रिक्त रहेको छ । रिक्त रहेका दरबन्दीमध्ये विभागले १ हजार ११६ कर्मचारी करारमा नियुक्त गरेको छ । हुलाकको चिठीपत्र तथा डाँकसम्बन्धी कारोबारमा केही न्यूनता आए तापनि लोक सेवा आयोगसम्बन्धी काम र जनतालाई ईमेल, इन्टरनेट लगायतबाट सुसूचित गराउन स्थापना गरिएका टेलिसेन्टरको सञ्चालनबाट कार्य सञ्चालनमा बढोत्तरी देखिएको अवस्थामा वास्तविक कार्यबोझ, कार्य प्रकृति र कार्य सञ्चालन नतिजालाई मध्यनजर गरेर संगठनात्मक संरचना एवं दरबन्दी व्यवस्थापनका लागि पुनरावलोकन हुनु जरुरी छ ।

१०. **टिकट मौज्दात –** हुलाक टिकटको मूल आम्दानी खाता अनुसार नेपाल फिलाटेलिक ब्यूरोसँग रु.१३ लाख ५८ हजारको टिकट उजाती रहेको छ । कार्यालयले ३ कर्मचारी जिम्मा रु.११ लाख ५० हजारको मात्र टिकट जिम्मेवारी देखाएको छ । फरक रु.२ लाख ८ हजार मूल्यको टिकट जिम्मेवारी र अभिलेख दुवै राखेको छैन ।

११. **टेलिसेन्टर सञ्चालन** – सूचना प्रविधिको पहुँच ग्रामीण तथा शहर उन्मुख स्थानहरुमा पुऱ्याइने उद्देश्यका साथ गत वर्ष ११० समेत यो वर्षसम्म २२२ टेलिसेन्टर स्थापना गरेको छ । सेन्टरको लागि कम्प्युटर, फोटोकपी मेसिन, स्क्यानर, लेजर प्रिन्टर, फयाक्स मेसिन, लेमिनेशन मेसिन, वेव क्यामेरा र अन्य एसेसेरिजसमेत २३ प्रकारका सामग्रीको लागि यो वर्ष रु.२ करोड १८ लाख ४२ हजार खर्च गरेको छ । सेन्टर सञ्चालनको लागि आवश्यक जनशक्ति करारमा राखेको छ । केही जिल्लाका टेलिसेन्टरबाट प्राप्त राजस्व र तलब खर्च निम्नअनुसार छ:

(रु.हजारमा)

जिल्ला	करारका कर्मचारीको तलब	राजस्व आम्दानी
काभ्रे	३,८१	३३
अर्घाखाँची	५,६१	२९
सिन्धुपाल्चोक	२,६९	४७
म्याग्दी	३,२१	६१
भोजपुर	-	२१

दुर्गम तथा पिछडिएको क्षेत्रका जनतामा समेत सूचना प्रविधिको पहुँच पुऱ्याउन विभिन्न हुलाक कार्यालयमार्फत सञ्चालित यो कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न पहल हुनुपर्दछ ।

१२. **भाडा** – गोश्वरा हुलाक कार्यालयले ३० के.भी.ए.को जेनेरेटर सञ्चालनको सम्पूर्ण खर्च कार्यालयले व्यहोर्ने गरी मासिक रु.६१ हजारमा भाडामा लिने २०६६।८।२९ मा सम्झौता गरेको छ । यो वर्ष भाडाबापत रु.४ लाख २७ हजार खर्च गरेको छ । सो सम्झौता आगामी आर्थिक वर्षका लागि समेत नवीकरण गराएको छ । विद्युत आपूर्ति सहज नभएको अवस्थामा जेनेरटर भाडामा लिई सञ्चालन गर्नुभन्दा दीर्घकालीन रुपमा जेनेरेटर नै खरिद गर्ने बारे पुनरावलोकन गर्नुपर्दछ ।

१३. **भवन निर्माण** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (२) मा बोलपत्र दाताहरुबीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने, बोलपत्रको मूल्य कृत्रिम र अप्रतिस्पर्धी तरिकाले कायम गर्ने र खुल्ला एवं स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उद्देश्यले बोलपत्र पेश गर्नुभन्दा अघि वा पछि मिलेमतो वा गुटबन्दीमा संलग्न हुन नहुने व्यवस्था छ । कैलालीमा निर्माण हुने डाँक विनिमय भवनको रु.१ करोड २० लाख ३४ हजारको लागत अनुमानको कार्य गराउन २०६७।२।५ मा प्रकाशित सूचनाअनुसार १४ निर्माण व्यवसायीले बोलपत्र फारम खरिद गरेकोमा ३ बोलपत्र दर्ता भएको पाइयो । तीमध्ये २ निर्माण व्यवसायीले अन्तिम दिनमा बोलपत्र फिर्ता लिएकोले बाँकी एक निर्माण व्यवसायीको कबोल रु.१ करोड २० लाखको बोलपत्र स्वीकृत गरेको देखियो । यस्तो स्थितिमा स्वस्थ्य प्रतिस्पर्धा भएको भन्न सक्ने आधार रहेन ।

मुद्रण विभाग

१४. **दीर्घकालीन नीति** – मुद्रण क्षेत्रसम्बन्धी दीर्घकालीन नीति, २०५९ ले मुद्रण तथा प्रेससम्बन्धी कानूनहरुको समसामयिक परिवर्तन गर्ने, छपाईसम्बन्धी सरकारको नीतिमा दोहोरोपन अत्य गर्ने, सुरक्षण मुद्रण कार्य गर्ने, मुद्रणको गोपनियता कायम गर्नुपर्ने प्रकाशनहरु, हुलाक टिकट, हवाइपत्र, बैङ्क चेक, राहदानी हवाइटिकट, राजस्व स्टीकर तथा रसिद छपाई गर्ने लगायतका २२ नीति तय गरेको देखिन्छ । नागरिकताको प्रमाणपत्र, राष्ट्रिय योजना आयोगको विकास कार्यक्रम, आर्थिक विधेयकलगायतका कार्यको नियमित मुद्रणबाहेक अन्य कार्य हुन सकेको छैन ।

१५. **काज** – मुद्रण विभागको स्वीकृत दरबन्दी १८९ मध्ये ११९ पूर्ति भई ७० पद रिक्त रहेको छ । रिक्त पदमध्ये १९ प्राविधिक करारमा नियुक्त गरी ५ प्राविधिक कर्मचारीलाई वर्षभर मन्त्रालयको प्रशासनिक कार्य गर्न खटाएको छ । छापाखानासँग सम्बन्धित प्राविधिक कर्मचारी करारमा नियुक्ति गरी मन्त्रालयको प्रशासनिक कार्यमा खटाउने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

१६. **लगत** – विभागबाट प्राप्त विवरणमा विभिन्न निकायसँग यो वर्षसम्म असुल गर्नुपर्ने राजस्व रु.७४ लाख ५४ हजार बाँकी देखिन्छ । राजस्वको आर्थिक विवरणमा लगत, सोमध्ये असुली र बाँकी देखाउनुपर्नेमा देखाएको

छैन । असुल गर्न बाँकी राजस्वमध्ये सूचना तथा सञ्चार मन्त्रालयसँग मात्र विगत देखिको रु.३० लाख ४ हजार देखिन्छ । तोकिएको ढाँचामा आर्थिक विवरण तयार गर्नुपर्दछ ।

चलचित्र विकास बोर्ड

१७. **चलचित्र विकास शुल्क –** आर्थिक ऐन, २०६६ को दफा १२ को अनुसूची ५ मा नेपालमा प्रदर्शनी हुने विदेशी चलचित्रहरुको प्रदर्शनमा चलचित्र विकास शुल्क असुली गर्ने व्यवस्था छ । चलचित्र विकास शुल्क आन्तरिक राजस्व विभागले असुल गरी १० प्रतिशत चलचित्र विकाससम्बन्धी प्रशासनिक कार्यमा खर्च गर्ने र ९० प्रतिशत बोर्डमा पठाउने व्यवस्था छ । यो वर्ष बोर्डलाई रु.६८ लाख ९१ हजार प्राप्त भएको छ । चलचित्र विकास शुल्कबापत उठनुपर्ने, असुल भएको र बाँकी रकमसम्बन्धी अध्यावधिक अभिलेख राखेको छैन ।

बोर्डले आफूले चलचित्र विकास शुल्कको २५ प्रतिशतमात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउने व्यवस्था ऐनले गरेकोमा यो वर्ष प्राप्त रकमको २५ प्रतिशतले हुने रु.१७ लाख ४५ हजार खर्च गर्नुपर्नेमा रु.७७ लाख ८९ हजार खर्च गरी रु.६० लाख ४३ हजार बढी खर्च गरेको छ । यसरी गरिने खर्चमा नियन्त्रण हुनु जरुरी छ ।

१८. **सेवा, शर्त तथा सुविधा –** बोर्डका पदाधिकारीहरुको सेवा शर्त तथा सुविधा कानूनले निर्दिष्ट नगरी मन्त्रालयको सूचना, परिपत्र एवं बोर्ड बैठकबाट तय गर्ने गरेको छ । मन्त्रालयबाट स्थापना कालदेखि नै एक उपसचिवलाई बोर्डको सदस्य सचिवको काम गराई बोर्डको निर्णयले मासिक रु.१० हजार भत्ता दिने गरी जिम्मेवारी तोकिएको छ । नेपाल सरकारको २०६६।३।१७ को निर्णयले बोर्डमा पूर्णकालीन अध्यक्षको रुपमा तलब भत्तासमेत तोकी अध्यक्ष नियुक्ति गरेर कार्य सञ्चालन हुँदै आएको छ । ऐन, नियमबाट पदाधिकारीको सेवा शर्त तथा सुविधा नतोकी प्रशासनिक निर्णयको आधारमा सुविधा तोकिनु मनासिब भएन ।

केन्द्रीय धनादेश कार्यालय

१९. **वित्तीय विवरण –** बचत बैङ्कको कारोबारमा कम्प्युटराइज्ड, बचत तथा लगानीको प्रतिफल र सुरक्षित क्षेत्रमा लगानी, नियमित अनुगमन एवं नेपाल लेखामान अनुसार वित्तीय विवरण तयारी गर्नुपर्दछ । बचत बैङ्कको कारोबार पूर्णरुपमा कम्प्युटराइज्ड नभएको सफ्टवेयरको आधारमा लेखा नराखिएको, बचत एवं लगानीको प्रतिफलमूखी तथा सुरक्षित क्षेत्र पहिचान गरी लगानीको विविधीकरण नगरिएको, लेखामानअनुसारको वित्तीय विवरण तयारी नभएको जस्ता अवस्था देखिएका छन् । कारोबारमा आएको वृद्धि तथा आधुनिक बैंकिङ पद्धतिलाई मध्यनजर गरी समसामयिक सुधारमा ध्यान जानुपर्दछ ।

२०. **लगानी –** केन्द्रीय धनादेश कार्यालयबाट प्राप्त विवरणअनुसार २०६७ आषाढ मसान्तको बचत बैङ्कतर्फको तहबिलमा रु.१ करोड २६ लाख २३ हजार, केन्द्रीय धरौटीमा रु.२ करोड २० लाख ७३ हजार, लगानीमा रु. ३५ करोड ५९ लाख ३१ हजार र बैङ्क मौज्दात रु.७२ करोड ५५ लाख ९५ हजार रहेको पाइयो ।

लगानीमा रहेको रु.३५ करोड ५९ लाख ३१ हजारबाट यो वर्ष रु.२ करोड ७४ लाख ४ हजार औसतमा ७.७० प्रतिशत ब्याज र बैङ्क मौज्दात रु.७२ करोड ५५ लाख ९५ हजारबाट रु.३ करोड ५५ लाख ९३ हजार (४.९० प्रतिशत) ब्याज प्राप्त भएको देखियो ।

संगठित संस्थातर्फ

नेपाल टेलिभिजन

टेलिभिजन प्रसारणलाई सुचारुरुपले सञ्चालन र विस्तार गरी जनमानसमा राष्ट्रिय चेतनाको अभिवृद्धि गर्ने उद्देश्यले सञ्चार संस्थान ऐन, २०२८ अन्तर्गत स्थापित यस संस्थानको चालू वर्षको अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न छन् :

२१. **सञ्चालन नतिजा** – गत वर्षसम्म रु.६७ करोड ७४ लाख ५० हजार नोक्सानी रहेकोमा यो वर्षको नोक्सानी रु.८ करोड ४० लाख ३३ हजार थप भई रु.७६ करोड १४ लाख ८३ हजार (शेयर पूँजीको ५०.९३ प्रतिशत) पुगेको छ । व्यवस्था नगरेको रोयल्टी र सेवामा नरहेका कर्मचारी पेश्कीबापतको व्यवस्था समेत समायोजन गर्दा सञ्चित नोक्सानी अझ बढ्ने देखिन्छ ।

२२. **सुझाव कार्यान्वयन –** गत वर्षको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित स्वीकृत बजेटभन्दा बढी खर्च नगर्न, लेखामानअनुसार लेखा राख्न, आय विवरण समयमा दाखिला गर्न, ऐनले तोकेको ढाँचामा मूल्य अभिवृद्धि कर हिसाब राख्न, सम्पत्ति रजिष्टर अद्यावधिक गर्न, सम्पत्तिको बीमा गर्न, भौतिक परीक्षण गर्न, सस्थाको सम्पत्ति बाह्य पक्षबाट फिर्ता लिन, नेपाल सरकारलाई समयमै रोयल्टी बुझाउन, सेवा विनिमय कारोबारमा मूल्य अभिवृद्धि कर बिल जारी गर्न दिएको सुझावहरुको कार्यान्वयन भए गरेको पाइएन ।

२३. **स्थिर सम्पति** – खरिद मूल्य, आपूर्तिकर्ताको नाम, खरिद मिति, संख्या, प्रकार, कोड नं., स्थान, तथा अवस्थाहरु देखिने गरी स्थिर सम्पत्तिको अभिलेख नराखेको कारणबाट स्थिर सम्पत्तिको यथार्थता यकिन गर्न सकिएन । सिंहदरबार परिसरभित्र रहेका २ भवन, सवारीसाधन र नाम्जेमा रहेको जेनेरेटरबाहेक अन्य सम्पत्तिको बीमा गरेको छैन । आर्थिक विनियम, २०६६ ले आर्थिक वर्षको अन्त्यमा भौतिक परीक्षण गर्नुपर्ने व्यवस्था गरे तापनि भौतिक परीक्षण प्रतिवेदन उपलब्ध भएन ।

नेपाल सरकारबाट शेयर लगानीस्वरुप प्राप्त एन.टी.भि.२ को भवन तथा उपकरणहरुको सम्पतिगत लेखाङ्कन नगरी एकमुष्ट पूँजीकरण गरेको छ । एकमुष्ट पूँजीकरण गरेकाले उपकरण तथा भवनहरुको एउटै ह्रास कट्टी गरेको नेपाल लेखामान ६ बमोजिम मिलेको देखिएन ।

२४. **सुविधाका सामान** – पदीय जिम्मेवारी लिएका व्यक्तिहरुलाई सुविधाकालागि उपलब्ध गराएको सामान ती व्यक्तिहरु पदीय जिम्मेवारीबाट हटिसकेपछि फिर्ता प्राप्त नगरेको र फिर्ता प्राप्त गर्न कारबाही गरेको देखिएन ।

२५. **स्पेयर पार्टस –** कुल जिन्सी मौज्दातको २२.९२ प्रतिशत स्पेयर पार्टसको मौज्दात रहेको छ । वार्षिक अनुमानित खपत परिमाणको आधारमा खरिद गर्नुपर्नेमा त्यस्तो खरिदको आधार पेश भएन ।

सूचना तथा सञ्चारका मेसिनरी तथा उपकरणहरुको प्रविधिमा निरन्तररुपमा परिवर्तन भई पुराना उपकरणहरुलाई नयाँ प्रविधिका उपकरणहरुले विस्थापित गरेको कारण मेसिनरी तथा उपकरणहरु प्रयोगमा आउन छाडेको देखियो । त्यस्ता मेसिनरी तथा उपकरणहरुका लागि खरिद गरिएका स्पेयर्स पार्ट्स एवं लुज टुल्स हालसम्म पनि मौज्दातमा रहेको पाइएकोले यस्ता स्पेयर पार्टस तथा लुज टुल्सको अंश छुट्याई खर्च लेखाङ्कन गर्नुपर्दछ ।

२६. **जिन्सी मौज्दात** – वर्षान्तमा रु.२ करोड ४६ लाख ६६ हजारको जिन्सी मौज्दात रहेको छ । नेपाल लेखामानविपरीत जिन्सी मौज्दातको मूल्याङ्कन लागत मूल्यमा गरेको छ । जापान सरकारले एन.एच.के. अनुदान अन्तर्गत उपलब्ध गराएका क्यासेटहरु विगत वर्षदेखि नै प्रयोगमा आएको देखिएन । यस सम्बन्धमा प्रयोगमा आउन नसकेको हो भने जिन्सी मौज्दातबाट लगत कट्टा गर्न कारबाही गर्नुपर्ने देखिन्छ ।

२७. **व्यापारिक तथा अन्य रकम** – वर्षान्तमा विभिन्न एजेन्सी, संघ संस्था र कार्यालयसँग रु.१८ करोड ७० लाख ८६ हजार भुक्तानी लिन बाँकी छ । गत वर्षको तुलनामा यो रकममा १२.५२ प्रतिशतले वृद्धि भएको छ । उक्त रकममध्ये सुरक्षित आसामीमा रु.१६ करोड २८ लाख ९१ हजार, असुरक्षितमा रु.२ करोड २० लाख ४५ हजार र शंकास्पदमा रु.२१ लाख ५० हजार रहेको देखाएको छ । लिनुपर्ने रकम असुलउपर गर्न व्यवस्थापनले कानूनी प्रक्रिया चलाएको देखिएन ।

२८. **कर्मचारी पेश्की** – वर्षान्तमा फछ्यौंट गर्न बांकी कर्मचारी पेश्की रु.२९ लाख ५५ हजारमध्ये सेवामा रहेका कर्मचारीतर्फ रु.१८ लाख १९ हजार, ज्यालादारी कर्मचारी तर्फ रु.१० हजार, स्थायी करार/ज्यालादारीतर्फ रु.२ लाख ९३ हजार र कार्यरत नरहेका कर्मचारीहरुतर्फ रु.८ लाख ३३ हजार रहेको पाइयो । कार्यरत भएका एवं नभएका कर्मचारीहरुको नाममा देखिएको पेश्की फछ्यौंटमा यस वर्ष पनि कुनै प्रगति भएको पाइएन ।

२९. **अन्य पेश्की** – यो शीर्षकमा गत वर्षभन्दा रु.७० लाख ९५ हजारले वृद्धि भई रु. १ करोड ५८ लाख ६ हजार पुगेको छ । सानातिना रकमलाई पनि पाउनुपर्ने भनि देखाएको तथा कतिपय पेश्की लामो समयदेखि फछ्यौंट भएको पाइएन । विगत वर्षदेखि पाउनुपर्ने भनी देखाएको सानातिना रकमलाई खर्च लेखी हिसाब मिलान गर्ने, ठूला रकम असुलीको लागि कानूनी प्रक्रिया चलाएको देखिएन ।

३०. **उपदान व्यवस्था** – यो वर्षको अन्त्यसम्म कर्मचारी उपदान कोषमा रु १४ करोड २२ लाख ५८ हजार ब्यवस्था गरेको पाइयो । उक्त रकममध्ये रु ४ करोड ८० लाख २७ हजार नागरिक लगानी कोषमा जम्मा गरेको छ । नागरिक लगानी कोषमा जम्मा गरेको रकम कुल उपदान दायित्वको ३३.७६ प्रतिशतमात्र भएकोले उपदान कोषको रकम बढाउनुपर्ने देखिन्छ ।

३१. **नेपाल लेखामानको पालना** – मौज्दात मूल्याङ्कन, ह्रास कट्टी तरिका र अनुदानलाई आम्दानी बाँध्ने तरिकामा नेपाल लेखामानको पालना भएको पाइएन । नेपाल लेखामानअनुसार लागत वा बजार मूल्य जुन कम हुन्छ सोमा मौज्दात कायम गर्नुपर्नेमा लागतमा मात्र मौज्दात मूल्याङ्कन गरेको तथा नेपाल टेलिभिजन, २ को सम्पुर्ण सम्पत्तिलाई एउटै दरमा ह्रासकट्टी गरेको पाइयो । अनुदान प्राप्त सम्पूर्ण रकमलाई त्यही वर्षमा आम्दानी बाँध्ने गरेको समेत देखियो ।

३२. **सम्पत्ति प्रयोग** – प्रसारण केन्द्र नाम्चे, धनकुटा, जलेश्वर तथा व्यापार महाशाखाको निरीक्षण भ्रमण गर्दा नाम्चे र जलेश्वर प्रसारण केन्द्रमा क्षमता अनुसार प्रसारण भएको पाइएन भने नाम्चे प्रसारण केन्द्रको भवन नेपाली सेनाले प्रयोग गरेको पाइयो । जलेश्वर प्रसारण केन्द्रमा कम भोल्टेजका कारणले लगातार जेनेरेटर चलाउँदा बिजुलीको खर्च बढ्न गएको देखिन्छ ।

३३. **आन्तरिक नियन्त्रण** – कतिपय खर्चका विलमा संस्थानको नाम उल्लेख नगरेको, विल भर्पाइ भौचरसाथ संलग्न नभएको तथा अग्रिम खर्चलाई यस वर्ष नै लेखाङ्कन गरेको समेत पाइयो । बैठक भत्ता तालिका प्रमाणित नगराएको, बैठकमा सहभागी अन्य कर्मचारीलाई दिइएको भत्तामा स्रोतमा आयकर कट्टी नगरेको विभिन्न प्रयोजनको लागि दिएको पेश्की फर्छ्यौट गर्दा खाजा नास्ताको बिलहरु मात्र राखेको, स्रोतमा कर कट्टी गर्दा कर्मचारीको तलबमा बाहेक अन्य भुक्तानीमा स्रोतमा कट्टा गरेको आयकर दर नमिलेको र मूल्य अभिवृद्धि करसमेतको मूल्यमा कर कट्टी गरेको, कतिपय खर्चलाई उपर्युक्त शीर्षकमा लेखाङ्कन नगरेको लगायतका त्रुटिहरु रहेको पाइयो ।

नेपाल दूरसञ्चार प्राधिकरण

दूरसञ्चार सेवालाई भरपर्दो, सर्वसुलभ तथा नियमित र व्यवस्थित गर्ने उद्देश्यले दूरसञ्चार ऐन, २०५३ अन्तर्गत २०५४ मा स्थापित यस प्राधिकरणको यस वर्षको अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

३४. **सञ्चालन नतिजा** – गत वर्ष कार्य सञ्चालनबाट रु.१३ करोड ३८ लाख ५३ हजार नाफा भएकोमा यो वर्षको नाफा रु.११ करोड ४७ लाख ५१ हजारमध्ये आयकर व्यवस्थामा रु.२ करोड ८६ लाख ८८ हजार तथा उपदान र कर्मचारी कल्याण कोषमा रु.३७ लाख ८० हजार कट्टी गरी बाँकी रु.८ करोड २२ लाख ८३ हजार र गत वर्षसम्मको बाँकी रु.५५ करोड ४१ लाख ३६ हजारसमेत रु.६३ करोड ६४ लाख १९ हजार सञ्चित नाफा वासलातमा सारेको छ ।

३५. **अनुमति नवीकरण** – प्राधिकरणले एक निजी क्षेत्रबाट सञ्चालित दूरसञ्चार कम्पनी लिमिटेडको जी.एस.एम. सेलुलर मोबाइल सेवाको गत वर्षमा अनुमति नवीकरण गर्दा रु.२० अर्ब असुल गर्नुपर्नेमा नेपाल दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा २ र ३ सँग सम्बन्धित अनुसूची ६ क र ७ बमोजिम गणना गर्दा हुने दस्तुर रु.२१ करोडको ९० प्रतिशतले रु.१९ करोड अस्थायी रुपमा ग्रहण गरी छ वर्षको लागि मोबाइल सेवा सञ्चालन गर्न अनुमतिपत्र नवीकरण गरेको छ । यसरी अस्थायी रुपमा नवीकरण दस्तुर ग्रहण गरी मोबाइल सेवा सञ्चालनको अनुमतिपत्र नवीकरण गरेकोमा रु.२० अर्बमध्ये असुल गर्न बाँकी रकम असुली गर्ने र सोको स्थायी समाधान गर्न कुनै काम कारबाही भए गरेको छैन ।

३६. **आयकर** – नेपाल सरकारको नियमनकारी निकायहरुको आयमा आयकर लगाउने परिपाटी असमान रहेको अवस्थामा प्राधिकरणले आयकर तिर्दै आएको छ । कर दायित्वको यथार्थता यकिन गर्न र कर लगाउने आधारको सम्बन्धमा रहेको अन्योलताको निराकरण गर्न प्राधिकरणले उपयुक्त कदम चाल्नुपर्ने सम्बन्धमा गत विगतदेखि ध्यानाकर्षण गराउदै आएपनि कुनै कार्य भएको देखिएन ।

३७. **मूल्य अभिवृद्धि कर** – प्राधिकरणले प्रदान गर्ने सेवा मूल्य अभिवृद्धि कर ऐन, २०५३ को अनुसूची–१ अन्तर्गत कर छुट हुने सेवामा नपरेकोले प्राधिकरणले प्रदान गर्ने सेवा मूल्य अभिवृद्धि करको दायरामा आउनुपर्नेमा आएको देखिएन ।

३८. **ग्रामीण दूरसञ्चार विकास कोष** – प्रस्तुत वित्तीय विवरणमा ग्रामीण दूरसञ्चार विकास कोषको हिसाब समेत समावेश छ । दूरसञ्चार ऐन तथा सो कोषको नियमावलीअनुसार उक्त कोषको हिसाब किताब तथा वित्तीय विवरण छुट्टै तयार गर्नुपर्ने देखिन्छ । वित्तीय विवरणमा सो कोषको दायित्वतर्फ रु.२ अर्ब १८ करोड ४ लाख १९ हजार र सम्पत्तितर्फ रु.२ अर्ब १८ करोड ४ लाख १९ हजारको बैङ्क मौज्दात रहेको देखिन्छ ।

३९. **रोयल्टी** – एक टेलिकमले सेवा सञ्चालन गरेको प्रथम तीन वर्षको रोयल्टी रु.२० करोड ११ लाख ४५ हजारमध्ये रु.१ करोड १६ लाख ९४ हजार मात्र भुक्तानी गरेको छ । बाँकी रु.१८ करोड ९४ लाख ५१ हजार नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६२।११।२५ को निर्णयबाट छुट भएको पाइयो । २०६२।६३ देखि प्रत्येक आर्थिक वर्षमा रोयल्टीबापत कबुल गरेको रकम र ४ प्रतिशत मा जुन बढी हुन्छ सोही रकम तिर्नुपर्नेमा ४ प्रतिशतमात्र तिर्दै आएकोले कबुल गरेअनुसार गत वर्षसम्ममा रु ६६ करोड ३६ लाख ७९ हजार तिर्न बाँकी रहेको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट छुट गरेको आधार लिई अर्को एक कम्पनीले सेवा प्रदायकबीच वार्षिक रोयल्टी शुल्कमा असमान व्यवस्था भएको उल्लेख गरी २०६३।५।११ मा सर्वोच्च अदालतमा दायर गरेको रिट विचाराधीन अवस्थामा रहेको छ ।

गोरखापत्र संस्थान

स्वदेश एवं विदेशका समाचार जनतासम्म पुऱ्याउने र स्वस्थ एवं रचनात्मक लेख प्रकाशित तथा बिक्री वितरण गर्ने उद्देश्यले गोरखापत्र संस्थान ऐन, २०१९ अन्तर्गत सञ्चालित यस संस्थानको २०६४।६५ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु निम्न छन् :

४०. **विगतका व्यहोरा कार्यान्वयन** – आन्तरिक लेखापरीक्षण नभएको, बैङ्क विवरण र संस्थानको हिसाब खाताबीच समयमा हिसाब मिलान नगरेको, पत्रिका उत्पादनको अनुपातमा कागज खपत भए नभएको यकिन नगरेको, बजेट र खर्चको अनुपातमा समन्वय नभएकोले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको व्यहोरा विगत ४ वर्षदेखि उल्लेख गर्दै आएपनि स्थिति यथावत छ ।

४१. **सञ्चालन नतिजा** – विज्ञापन, पत्रपत्रिका तथा विविधबाट समेत यो वर्षको आम्दानी रु.२२ करोड ५६ लाख ७९ हजारमध्ये रु.२३ करोड ३३ लाख ३ हजार खर्च भई रु.७६ लाख २४ हजार सञ्चालन नोक्सान भएको छ । गत वर्षसम्मको सञ्चित नाफामा यस वर्षको खुद नोक्सान घटाई रु.५ करोड ३२ लाख ८२ हजार वासलातमा सारेको छ । प्रशासकीय तथा बिक्री वितरण खर्चमा गत वर्षभन्दा ३४.९९ प्रतिशतले वृद्धि भएको छ । छपाई आम्दानीमा गत वर्षभन्दा ४२ प्रतिशतले घटेको छ ।

४२. **लेखापरीक्षण स्थिति** – लेखापरीक्षण गराउने कार्यमा व्यवस्थापनले ध्यान नदिएकोले बक्यौता रहने गरेको छ । यो वर्ष २०६६।६७ सम्मको लेखापरीक्षण सम्पन्न गराइसक्नुपर्नेमा २०६४।६५ को लेखापरीक्षणको प्रारम्भिक कार्यमात्र सम्पन्न भई प्रारम्भिक प्रतिवेदन व्यवस्थापनलाई उपलब्ध गराइएको छ ।

४३. **वित्तीय विवरण प्रस्तुति** – संस्थानले पेश गरेको वित्तीय विवरणमा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण संलग्न नगरेको तथा प्रमूख लेखा नीति तथा टिप्पणीहरु लगायतका वित्तीय विवरण नेपाल लेखामान १ अनुरुप प्रस्तुत गरेको छैन ।

४४. **लेखा प्रणाली** – कारोबारको आकार, उपलब्ध प्रविधि तथा लेखामानको आवश्यकताअनुसार लेखा प्रणालीमा परिमार्जन गरेको छैन । साविकका खातावहीहरुको सट्टा समयानुकुल कम्प्यूटर प्रणालीमा आबद्ध गरी लेखामा सुधार गर्नुपर्ने देखिन्छ । एकै किसिमको भौचरबाट सबै कारोबारहरुको लेखाङ्कन गर्ने गरेको, सम्पत्ति तथा दायित्वसम्बन्धी कारोबारको एउटै खाता राखेको, मुख्य खातामा हिसाबहरु नराखी सहायक खाताहरु अत्याधिक प्रयोग गरेको, गलत शीर्षकमा लेखाङ्कन भएकोमा भौचर नउठाई अर्को शीर्षकमा लेखाङ्कन गर्ने गरेको, एकै किसिमको खर्चलाई अलग अलग शीर्षकमा लेखाङ्कन गरेको, खाताहरुको भौतिक स्थिति सन्तोषजनक नरहेको र कतिपय खाताको पानाहरु च्यातिएको लगायतका लेखा प्रणालीमा प्रक्रियागत कमजोरीहरु रहेको पाइयो ।

४५. **खरिद** –सार्वजनिक खरिद ऐन, २०६३ अनुरुप खरिद कार्य गर्नु पर्नेमा सो अनुरुप नगरी यो वर्ष न्युरोड स्थित परिसरमा भवन निर्माणको लागि नेपाल कन्स्ट्रक्सन कम्पनी लिमिटेडसँग सोझै प्रस्ताव आह्वान गरी आपसी सहमतीबाट रु.१ करोड ४८ लाख २९ हजारको सम्झौता गरी निर्माण कार्य गरेको पाइयो । गोरखापत्र संस्थान ऐन, २०१९ को दफा १८ बमोजिम रु.१ करोड भन्दा बढी मूल्यको अचल सम्पत्ति खरिद गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्नेमा सो स्वीकृति लिएको देखिएन ।

४५.१ रु.१३ लाख ७२ हजार र रु. ९ लाख ५४ हजार मूल्यका २ सवारीसाधन बोलपत्र आह्वान नगरी स्थानीय अधिकृत बिक्रेताहरुसँग सोझै दरभाउपत्र माग गरी खरिद गरेको पाइयो । यो खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ प्रतिकूल देखिन्छ ।

४५.२ आर्थिक विनियमावलीको दफा ५१ अनुसार बोलपत्र वा घटाघटद्वारा खरिद गर्नु पर्नेमा यो वर्ष तीनवटा रिभल्विङ्ग प्रतीतपत्र खोली साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडसँग दरभाउपत्र लिई आपसी सहमतिबाट दर कायम गरी संझौताको आधारमा रु.३ करोड ८६ लाख १२ हजारको ६११.९७४ मेट्रिकटन न्युजप्रिन्ट कागज सोझै खरीद गरेको पाइयो ।

४६. **फरक हिसाब** –सम्पत्तिको अभिलेख समयमा भिडान नगर्नाले लेखा र भण्डार शाखाले राखेको हिसाबमा अचलतर्फ रु.८ लाख ८५ हजार र जिन्सीतर्फ रु.१० हजार फरक छ ।

बिग्रेको/अपचलन भइसकेको जिन्सी सामानहरुलाई अपलेखन गरेको छैन । चालू वर्षको अन्त्यमा यस्ता जिन्सी रु.१ लाख ५१ हजारको मौज्दात रहेको छ । यस्ता काम नलाग्ने सामानहरुको समयमा पहिचान गरी सोबापत आवश्यक खर्च लेखाङ्कन गरेको पाइएन ।

४७. **विविध आसामी** – आसामीहरुसँग समर्थनपत्र लिने गरेको पाइएन । विविध आसामीतर्फ लिनुपर्ने हिसाबमा विगत वर्षहरुको धेरै रकम बाँकी रहेको छ । उक्त रकम असुली गर्न प्रभावकारी कदम चालेको पाइएन । विविध आसामीमा विभिन्न शिर्षक अन्तर्गत रु.१ करोड ८८ लाख ८५ हजार २०६०/०६१ देखि बाँकी रही आएको र लिनुपर्ने आसामी हिसाबमा कुनै कारोबार नभएकोले उक्त रकमलाई खराब/शंकास्पद आसामीमा वर्गीकरण गरी सोबापत नाफा नोक्सान हिसाबमा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

सरकारीतर्फ पनि विगत वर्षहरुदेखि नै बाँकी रहेको रकम असुल गर्न सम्बन्धित कार्यालयहरुमा पत्राचार गर्नुपर्ने देखिन्छ । सूचना तथा सञ्चार मन्त्रालयको २०६२/९/२८ को पत्रानुसार नेपाल सरकारको मन्त्रालय, विभाग तथा मातहतका सरकारी कार्यालयहरुको विज्ञापन तथा सूचना प्रकाशित गरेबापत विगत वर्षहरुको लिन बाँकी रकमबापत प्राप्त रु.१ करोड सम्बन्धित आसामीबाट हालसम्म पनि हिसाब मिलान गरेको पाइएन ।

४७.१ प्रकाशन बिक्री वितरणसम्बन्धी निर्देशिकाविपरीत केही एजेन्टहरुसँग असुल गर्नुपर्ने रकम निजहरुले राखेको धरौटीभन्दा बढी देखिएको छ । यस्ता रकम वर्षैपिच्छे वृद्धि हुदै गएको पाइयो ।

४७.२ स्थानीय समाचारदाताहरुले आफू आबद्ध भएको ठाउँको विज्ञापन सङ्कलन गरी प्रकाशित विज्ञापनबापतको रकम ती समाचारदाताहरुले स्वयंले बुझिलिई धेरै समयपछि मात्र आफ्नो पारिश्रमिकबाट कट्टा गरी बुझाउने गरेको पाइयो ।

४८. **पेश्की/सापटी** – आर्थिक विनियमावलीमा पेश्की/सापटी लिएको ३ वर्ष पूरा नभई अर्को सापटी लिन नपाउने व्यवस्था भएतापनि सोविपरीत कर्मचारीलाई पुन: पेश्की सापटी प्रदान गर्ने गरेको पाइयो । २०६०/६१ सम्मको सापटी रु.७३ हजार यो वर्षसम्म पनि असुल फछ्यौंट गरेको देखिएन ।

पेश्की खर्च तथा सोको फछ्यौंटको फाँटवारी परीक्षण गर्दा गोरखापत्र संस्थान आर्थिक विनियमावलीको विनियम २ (४) मा उल्लिखित बुँदाहरुको उल्लङ्घन तथा बेवास्ता गरेको पाइयो । पेश्की समयमै फछ्यौंट नगरेको तथा पुरानो पेश्की फछ्यौंट हुन बाँकी हुँदाहुँदै थप पेश्की उपलब्ध गराएको पाइयो ।

४९. **चालू दायित्व तथा व्यवस्था** – यस अन्तर्गत सण्ड्री क्रेडिटर्सलाई तिर्नुपर्ने रु. ३ करोड ६३ लाख १९ हजारमध्ये रु.१३ लाख ४ हजार २०६०/६१ देखि नै जिम्मेवारी सार्दैल्याएको र हाल त्यस्ता क्रेडिटर्सहरुसँग कुनै कारोबार नभएको हुँदा सो रकमको वास्तविक दायित्व यकिन गरी तिर्नु नपर्ने रकम आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

कर्मचारी पारिश्रमिकबाट कट्टी गरेको आयकरबापतको दायित्व गत वर्षसम्म रु.४४ लाख २१ हजार रहेकोमा चालू वर्ष रु.६६ लाख ६५ हजार पुगेको छ । चालू वर्ष अवकाश भएका कर्मचारीहरुको कर दाखिला बाहेक २०६२/६३ को करकट्टी दायित्व रु.३८ लाख ५३ हजारमध्ये रु. १७ लाख १ हजार दाखिला गरेको छ । कर्मचारीको पारिश्रमिकबाट कट्टी गरेको आयकर समयमा दाखिला नगर्दा ठूलो रकम ब्याज तथा जरिबाना तिर्नुपर्ने देखिन्छ ।

५०. **मूल्य अभिवृद्धि कर** – चालू वर्ष मूल्य अभिवृद्धि करबापतको दायित्व रु. ११ लाख ६ हजार देखाएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कारोबार गर्दा राख्नुपर्ने खरिद तथा बिक्री खाता राखेको पाइएन । आय लेखा शाखाले तयार गरेको मूल्य अभिवृद्धि कर दायित्व विवरण र लेजरमा लेखाङ्कन भएको दायित्व रकम भिडान गर्ने नगरेको कारणले वर्षान्तमा लेजरमा रु.११ लाख ६ हजार, विवरणअनुसार रु.१६ लाख १९ हजार देखिए तापनि विवरण अनुसार भुक्तानी गरेको पाइयो । मूल्य अभिवृद्धि कर दायित्वमा रु. ५ लाख १३ हजारले फरक देखिएको छ । विगत वर्षहरुमा निर्धारण भएको कर समयमा दाखिला नगरेकोले आन्तरिक राजस्व कार्यालयबाट २०६६ आषाढ मसान्तसम्मको ब्याज तथा जरिबानाबापत रु.४ करोड ८ लाख ५३ हजार निर्धारण भई सो रकम २०६६/३/३१ मा भुक्तान गरेको देखिन्छ । आन्तरिक राजस्व कार्यालयबाट प्राप्त विवरणअनुसार २०६५ जेठ मसान्तसम्मको बक्यौता कर रु.३ करोड १५ लाख ३२ हजार देखिए तापनि सो दायित्वबापत व्यवस्था गरेको देखिदैन । पानी खरिदमा एक मिनिरल्सलाई तिरेको मूल्य अभिवृद्धि कर रु.३७ हजार समेत दाबी गरेको देखिएन ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार तीन वा बढी चक्का भएको यात्रुवाहक सवारीसाधनको खरिदमा तिरेको करको ४० प्रतिशतमात्र कट्टी गर्न सकिनेमा चालू वर्ष खरिद गरेको सवारीसाधनमा तिरेको पूरै कर रु.३ लाख २ हजार दाबी गरेको देखियो । ऐनअनुसार कट्टी हुन नसक्ने रकमलाई सवारीसाधनमा समायोजन गरी आवश्यक हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

५१. **आयकर व्यवस्था** – आयवर्ष २०५३/५४ देखि २०६०/०६१ सम्म कर लेखापरीक्षण गराए तापनि २०५३।५४ देखिको आय विवरण दाखिला आन्तरिक राजस्व कार्यालयमा गरेको पाइएन । कर लेखापरीक्षण प्रतिवेदन अनुसार २०६०।६१ सम्मको निर्धारित कर रु.२० लाख ८८ हजारको थप व्यवस्था गरेको देखिएन । आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम २०५८/५९ देखि २०६३।६४ सम्मको आय विवरण दाखिला समयमा नगरेबापत २०६५ आषाढ मसान्तसम्ममा विलम्ब शुल्कबापत रु.३३ लाख ९९ हजार तिर्नुपर्ने देखिए तापनि सोको व्यवस्था गरेको छैन ।

५२. **बिक्री आम्दानी** – कतिपय बिज्ञापन एजेन्सीसंग लिनुपर्ने हुँदाहुँदै ७ प्रतिशत नगद छुट दिएको, विज्ञापन रेडकार्ड र विज्ञापन प्रकाशन एवं एजेन्सीसम्बन्धी निर्देशिकाले तोकेको भन्दा बढी छुटहरु दिइएको, आय लेखा शाखाले फुटकर बिक्री एजेन्टहरुलाई जारी गरेको विलहरुमा उल्लिखित गोरखापत्र तथा राइजिङ्ग नेपालका संख्या र वितरण शाखाले राखेको दैनिक अभिलेख विवरणमा उल्लिखित संख्या फरक देखियो । विज्ञापन खाता अनुसार २०६४/६५ मा प्रकाशित विज्ञापनको बिल नम्बर विज्ञापन खातामा उल्लेख भएको नपाइएकोले उक्त विज्ञापनहरुबापत प्राप्त आम्दानीको लेखाङ्कन भए नभएको यकिन गर्न सकिएन ।

विज्ञापन प्रकाशन एवं एजेन्सी सम्बन्धी निर्देशिका अनुसार एजेन्सीले धरौटीबापत रु.२ लाख राख्नुपर्ने र सो रकमभन्दा बढी उधारो सुविधा प्रदान गर्न नपाइनेमा कतिपय एजेन्सीहरुसँग उक्त प्रावधानविपरीत कारोबार गरेको देखिन्छ ।

५३. **लागत उत्पादन खर्च** – इमेज सेटर फिल्म खर्च स्टेशनरी शीर्षकमा पर्न गएको जनाई २०६५।३।३१ मा रु.५ लाख २४ हजारलाई रिभर्स गरी इमेज सेटर फिल्ममा लेखाङ्कन गरेको पाइयो । उपर्युक्त रकममध्ये रु. २ लाख १९ हजार पहिले देखि नै इमेज सेटर फिल्म शीर्षकमा लेखाङ्कन भैसकेको हुदा उक्त रकमलाई स्टेशनरी मा खर्च लेखी इमेज सेटर फिल्ममा आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

५४. **बजेट तथा खर्चको अनुपात** – ज्यालामा ११९ प्रतिशत, भवन मर्मतमा २२१ प्रतिशत, विजुली सामानमा १९५ प्रतिशत, ब्ल्याङ्केटमा १५७ प्रतिशत, प्रचार प्रसारमा ३७५ प्रतिशत, एजेन्सी प्रोत्साहनमा १४४ प्रतिशत बजेटभन्दा बढी खर्च भएको छ । विनियोजित बजेटभन्दा बढी खर्चको सञ्चालक समितिबाट अनुमोदन गराएको पाइएन ।

प्रेस काउन्सिल

स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त एवं सौहार्दपूर्ण वातावरण सिर्जना गर्ने, पत्रकारिता सम्बन्धी आचारसंहिता तोक्ने र प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिने उद्देश्यले छापाखाना तथा प्रकाशन ऐन, २०१९ अन्तर्गत २०२७ मा स्थापना भई प्रेस काउन्सिल ऐन, २०४८ अन्तर्गत सञ्चालित यस काउन्सिलको चालू वर्षको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

५५. **सञ्चालन नतिजा** – गत वर्षसम्म रु.७९ लाख ५३ हजार बचत रहेकोमा यो वर्षको बचत रु.९० हजार समेत वर्षान्तमा रु.८० लाख ४३ हजार वासलातमा सारेको छ ।

५६. **सम्पत्ति लेखाङ्कन** – हाल प्रयोगमा रहेको भवनको मूल्य काउन्सिलको सम्पत्तिमा समावेश गरेको छैन । नेपाल सरकार सूचना विभागको नाममा रहेको जमिनमा नेपाल सरकारबाट अनुदान प्राप्त रकमबाट सो भवन निर्माण भएकोले सम्पत्तिमा समावेश नगरेको जानकारी हुन आयो । उक्त जमिनको स्वामित्व प्राप्त गर्न आवश्यक कारबाही चलाएको पाइएन । जिन्सी निरीक्षण प्रतिवेदनबाट निर्वाचन आयोग, युनेस्को तथा अमेरिकी सहयोग नियोगबाट विभिन्न सामान प्राप्त भएको देखियो । जग्गाको स्वामित्व प्राप्त गर्न आवश्यक कारबाही गरी उपयोगमा ल्याएको भवन र जग्गाको मूल्य एवं अनुदानमा प्राप्त सम्पति लेखाङ्कन गर्नुपर्ने देखिन्छ ।

५७. **बिदाको रकम** – काउन्सिलका १४ कर्मचारीलाई २०६६ चैत्रसम्मको १५० दिनभन्दा बढी सञ्चित घर बिदाबापत रु.१ लाख ८४ हजार नेपाल सरकारबाट प्राप्त अनुदानबाट खर्च लेखेको देखियो । उक्त रकम काउन्सिलको २०६०।४।२३ को निर्णयको आधारमा खर्च लेखेको भए तापनि प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली, २०५४ मा उक्त सुविधा उपलब्ध गराउने व्यवस्था भएको देखिएन । यस्तो आर्थिक व्ययभार बढ्ने निर्णय गर्नुपूर्व नेपाल सरकारको स्वीकृतिसमेत लिएको देखिएन ।

५८. **वार्षिक कार्यक्रम** – स्वीकृत वार्षिक कार्यक्रममध्ये नेपाल सरकारबाट पर्खाल र गेट निर्माणको लागि पूँजीगत अनुदानमा रु.५ लाख निकासा समेत प्राप्त गरेकोमा सो कार्य नगरी काउन्सिलमै रकम मौज्दात रहेको

देखियो । स्वीकृत कार्यक्रममा निर्माणस्थल पनि तोकिएको छैन । तोकिएको कार्य सम्पन्न नहुनुका कारण स्पष्ट नभएको साथै उक्त अनुदान रकमको लेखाङ्कन गरी वित्तीय विवरणमा समेत देखाइएको छैन ।

५९. **इलेक्ट्रोनिक अभिलेख** – मुलुकभरबाट २०३१ देखि २०६२ सम्म प्रकाशित पुराना समाचारमूलक पत्रपत्रिकाको इलेक्ट्रोनिक अभिलेख सी.डी. र डि.भी.डी.मा राख्ने कार्यको लागि नेपाल सरकारबाट २०५६।५७ देखि २०६३।६४ सम्म रु.६९ लाख ८५ हजार निकासा भई खर्च समेत भएको देखिन्छ । उक्त अभिलेख काउन्सिलमा मात्र संग्रह गर्दा क्षति हुन गएमा सो सम्पत्ति लोप हुने सम्भावनालाई दृष्टिगत गरी सुरक्षित अन्य स्थान (व्याकअप) मा पनि राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६०. **जिन्सी निरीक्षण** – सूचना विभागका एक कर्मचारीले काउन्सिलको २०६६।६७ को जिन्सी निरीक्षण गरी २०६७।११।५ मा दिएको प्रतिवेदनमा विभिन्न ठाउँमा यत्रतत्र छरिएर रहेको सामानहरुको उचित व्यवस्था गर्नुपर्ने, मर्मत हुन सक्ने सामानको लागत इष्टिमेट स्वीकृत गराई मर्मत गराउनेपर्ने, मर्मत हुन नसक्ने अवस्थाका सामानहरु लिलाम गर्न कमिटी गठन गरी कारबाही अगाडि बढाउनुपर्ने, विभिन्न संस्थाहरुबाट प्राप्त सामानहरु जिन्सी खातामा आम्दानी गर्नुपर्ने र निर्वाचन आयोगबाट प्राप्त नपुग पानासोनिक क्यासेट रेकर्डर ५ थानका सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्ने आदि उल्लेख भएकोमा आवश्यक कारबाही गरी जिन्सी व्यवस्थापन गरेको पाइएन ।

६१. **आन्तरिक लेखापरीक्षण** – आर्थिक प्रशासन विनियमावली, २०५७ ले आन्तरिक लेखापरीक्षणको सम्बन्धमा व्यवस्था गरेको छैन । आन्तरिक लेखापरीक्षण आर्थिक नियन्त्रण प्रणालीको महत्वपूर्ण पक्ष भएको र आन्तरिक लेखापरीक्षणबाट वित्तीय विवरण समयमै तयार भई अन्तिम लेखापरीक्षणलाई समेत सहयोग पुग्ने हुँदा आन्तरिक लेखापरीक्षण सम्बन्धी कानूनी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

राष्ट्रिय सामाचार समिति

राष्ट्रिय समाचार समिति ऐन, २०१९ अन्तर्गत सञ्चालित यस समितिको चालू वर्षको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् :

६२. **सञ्चालन नतिजा** – समितिको गत वर्षसम्मको सञ्चालन नोक्सानी रु.५२ लाख ७० हजार रहेकोमा यस वर्ष रु.१० लाख ५४ हजार बचत भई यो वर्षसम्म कुल सञ्चित नोक्सानी रु.४२ लाख १६ हजार रहेको छ ।

६३. **पेश्की** – यो वर्षसम्म ४२ कर्मचारीको नाममा रु.१२ लाख ९ हजार तलब पेश्की बाँकी देखिएको छ । समितिको ऐन, नियम र विनियमले कर्मचारीहरुलाई यस्तो तलब पेश्की दिन पाउने व्यवस्था गरेको देखिएन । पेश्कीमध्ये मृत्यु भइसकेको एक कर्मचारीको नाममा रु.२ हजार र अवकाश प्राप्त गरिसकेका कर्मचारी तथा पदाधिकारीको नाममा रु.३० हजार पेश्की असुल फछ्यौंट गर्न बाँकी रहेको देखियो ।

६४. **आसामी** – यस वर्षसम्म रु.५२ लाख ५९ हजार आसामी रहेको छ । उक्त रकमको आयु खुलाई अभिलेख राखेको छैन । ४ संस्थाबाट मात्र रु.२८ लाख ५२ हजार (५४.२२ प्रतिशत) असुल गर्न बाँकी रहेको देखियो ।

६५. **कर दर्ता –** आयकर नियमावली, २०५९ को नियम २३ बमोजिम समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्दा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर लाग्ने बहाल आय, समाचार शुल्क र विज्ञापन आय आदिको कारोबार गर्दा ऐनको उपर्युक्त प्रावधानअनुसार समिति मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । मूल्य अभिवृद्धि करमा दर्ता भई ऐनको दफा १४ तथा नियमावलीको नियम १७ बमोजिम कर विजक जारी गर्नुपर्ने देखिन्छ ।

६६. **आय विवरण –** आयकर ऐन, २०५८ को दफा ९६ अनुसार आय–व्ययको विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ । राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ४ ले कुल पूँजीको कम्तिमा ५१ प्रतिशत नेपाल सरकार, बढीमा २५ प्रतिशत समितिका कर्मचारी र बाँकी सर्वसाधारणलाई बिक्री गरिने र शेयर होल्डरको दायित्व सीमित हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा १७ (ञ) ले समितिको काम

कर्तव्यमा लाभांश बाँड्ने काम पनि पर्ने व्यवस्था गरेको छ । उपर्युक्त कानूनी व्यवस्थाको आधारमा समितिले मुनाफा आर्जन गर्ने र वितरण गर्न उद्देश्य राखेको हुनाले अनिवार्यरुपमा आय विवरण दाखिला गर्नुपर्ने देखिन्छ । तर विगत वर्षदेखि नै आय विवरण दाखिला गरेको देखिएन ।

६७. **खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ (ख) (२) मा नेपाल सरकारको पूँजी वा अधिकाँश स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्थालाई पनि सार्वजनिक निकायको रुपमा उल्लेख गरेको छ । यो समिति पनि सार्वजनिक निकाय भएकोले उक्त ऐनको प्रावधान यसलाई पनि लागू हुने देखिन्छ । तर समितिले मालसामान खरिद र सेवा प्राप्त गर्दा ऐनको दफा ६ बमोजिम खरिद योजना तयार नगरेको, दफा ७ (३) बमोजिम खरिद गर्ने तथा जिम्मेवारी नतोकेको, खरिद इकाई स्थापना गर्नुपर्नेमा नगरेको र दफा ८ बमोजिम खरिद विधि छनोट गरेको नदेखिंदा यो ऐनको पालना गरेको देखिएन ।

तसर्थ सार्वजनिक खरिद ऐन, २०६३ र नियम २०६४ मा भएको व्यवस्थाअनुरुप हुनेगरी समितिको नियममा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६८. **शेयर बिक्री –** राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ४ ले समितिको कुल पूँजीको ५१ प्रतिशत नेपाल सरकार, बढीमा २५ प्रतिशत कर्मचारी र बाँकी सर्वसाधारणलाई बिक्री गरिने व्यवस्था गरे तापनि हालसम्म पनि कर्मचारी र सर्वसाधारणलाई शेयर बिक्री गरेको छैन ।

६९. **खर्च व्यवस्था –** राष्ट्रिय समाचार समिति नियमावली, २०४१ को नियम ३५ ले ५ वर्ष वा सोभन्दा बढी सेवा गर्ने कर्मचारीलाई सेवा छाड्दा पाउने उपदान विनियमले तोके बमोजिम हुने व्यवस्था गरेको छ । राष्ट्रिय समाचार समिति (कर्मचारी सेवा शर्त) विनियमावली, २०५६ को विनियम ११५ ले उपदान, १११ (२) ले उपचार खर्च तथा ७९ र ८० मा सञ्चित बिदाबापतको रकम समितिको आन्तरिक कोषबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस वर्ष उपदान तथा औषधि उपचारबापत रु.४० लाख बजेट व्यवस्था गरी नेपाल सरकारको अनुदानबाट सम्बन्धित कोषमा सारेको छ । सञ्चित बिदाबापतको रकम व्यवस्था गरेको छैन । समितिको आन्तरिक कोषबाट व्यवस्था गर्नुपर्ने रकम नेपाल सरकारको अनुदानबाट कोषमा सारेको नियमित देखिएन । अत: विनियमबमोजिम वर्षान्तमा हिसाब गरी उपदान, सञ्चित बिदा, उपचारबापतको रकम आन्तरिक कोषबाट व्यवस्था गर्नुपर्ने देखिएको छ ।

७०. **सापटी** – स्वीकृत निर्देशिकाको आधारमा यो आर्थिक वर्षसम्म कर्मचारी कल्याण कोषबाट प्रदान गरिएको सापटी रु.६० लाख २३ हजार रहेको छ । कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका, २०६० को बुँदा ५ मा उक्त कोषमा राष्ट्रिय समाचार समितिको आफ्नो आयस्रोतबाट प्राप्त हुने कुल आयको एक प्रतिशत रकम समेत जम्मा गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

७०.१ कर्मचारी कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०६० बुदा नं. ६ (च) अनुसार पुरानो सापटी फछर्यौट नभएसम्म नयाँ थप सापटी दिन नमिल्ने उल्लेख भएकोमा पुरानो सापटी फछर्यौट गर्न बाँकी रहँदारहँदै यस वर्ष थप सापटी दिइएको पाइयो ।

७०.२ कर्मचारी कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०६० को बुँदा ६ मा ३ देखि ५ वर्ष सम्म सेवा गरेकालाई बढीमा ३ महिनाको, १० वर्षसम्म सेवा गरेकालाई बढीमा ६ महिनाको, १५ वर्ष सेवा गरेकालाई ८ महिनाको, १५ वर्ष भन्दा बढी सेवा गरेकालाई बढीमा १० महिनाको तलब बराबरको र कर्मचारी अस्पताल भर्ना तथा अन्य इमर्जेन्सीको लागि थप २ महिनाको तलब रकम कर्मचारी कल्याणकोषबाट सापटी प्रदान गर्न सकिने व्यवस्था छ । तर यो वर्षसम्म मासिक तलबको हिसाबले पाउनेभन्दा रु.७ लाख ५५ हजार बढी सापटी दिएको पाइयो ।

७१. **पारिश्रमिक खर्च** – कर्मचारीहरुको तलब र घर बिदाबापतको रकम वितरण गर्न तयार गरेको तलबी भरपाई समेतको विवरणको जोड जम्मा गरेको देखिएन । लेखापरीक्षणको क्रममा तलबी भरपाई समेतको विवरण जोडजम्मा गर्दा जोडजम्मा फरक गरी रु.३ लाख १ हजार बढी खर्च लेखेको देखियो ।

बढी भुक्तानी गरेको रकमका सम्बन्धमा खर्च लेख्ने सम्बन्धित कर्मचारीबाट कानूनबमोजिम कारबाही गरी असुल गर्नुपर्नेमा २०६७।९।३० मा प्राप्त संशोधित वित्तीय विवरणमा आर्थिक शाखाका २ अधिकृत कर्मचारीको नाममा रु.२ लाख ३४ हजार तलब शीर्षकमा पेश्की जनाएको देखियो । यो व्यहोराका सम्बन्धमा २०६७।१०।१० मा भएको निकास बैठक पश्चात सो रकम नगदमा रहेको जनाई नेपाल राष्ट्र बैङ्क थापाथलीस्थित खातामा रु.३ लाख १ हजार दाखिला गरेको बैङ्क भौचर पेश भएको छ । उक्त रकमको गोश्वारा भौचर उठाए तापनि बैङ्क र नगदी किताबमा आम्दानी बाँधेको देखिएन । यस्ता कारोबारका सम्बन्धमा थप छानबिनसमेत गर्नुपर्ने देखिन्छ ।

७१.१ साप्ताहिक र सार्वजनिक बिदामा अतिरिक्त काम गराएबापत रु.१३ लाख भुक्तानी गरेको छ । राष्ट्रिय समाचार समिति (कर्मचारी सेवा शर्त) विनियमावली, २०५६ को विनियम ६७(४) मा सार्वजनिक बिदाको दिनमा पनि कार्य सञ्चालन गर्न कर्मचारीलाई काममा लगाउन सकिने, ६७(५) मा सार्वजनिक बिदामा पुरा समय काम गर्ने कर्मचारीले त्यस्तो बिदाको दिनमा काम गरेको प्रत्येक दिनको सट्टा बिदा लिन सक्ने तथा विनियम ६७(६) मा कुनै कर्मचारीको सट्टा बिदा स्वीकृत गर्न नसकिने भएमा काम गरेको दिनको तलब दिइने व्यवस्था छ । साप्ताहिक र सार्वजनिक बिदाको दिनमा काममा लगाएको दिन र काम गर्ने कर्मचारीको अभिलेख राखेको छैन । सार्वजनिक बिदामा काम गर्ने कर्मचारीले सट्टा बिदा माग गरेको तथा मागअनुसार सट्टा बिदा स्वीकृत गर्न नसकिएको कारण खुलेको कागजातसमेत नराखी साप्ताहिक र सार्वजनिक बिदामा काम गरेबापतको भुक्तानी गरेको मनासिब देखिएन ।

७१.२ राष्ट्रिय समाचार समिति (कर्मचारी सेवा, शर्त) विनियमावली, २०५६ को विनियम १०६ तथा आर्थिक विनियमावली, २०६४ को विनियम ८९ ले कार्यालय समयभन्दा बढी समय काममा लगाएमा सहायकस्तरका कर्मचारीलाई मात्र बोर्डले तोकेबमोजिम अतिरिक्त समय भत्ता दिने व्यवस्था गरेको छ । गत वर्षको लेखापरीक्षणमा अतिरिक्त समय काम गरेको जनाई आर्थिक प्रशासन शाखाका आधिकृतस्तरका २ कर्मचारीलाई यो वर्ष रु.५६ हजार भुक्तानी गरेको पाइयो । विनियम विपरीत हुनेगरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखियो ।

७२. **विज्ञापन आय** – यस वर्ष प्रकाशन गरेको दिग्दर्शन र २०६७ को क्यालेण्डरमा विभिन्न संस्था तथा व्यक्तिको नाममा विज्ञापन छपाई गरेको छ । दिग्दर्शन र क्यालेण्डरमा विभिन्न दरमा छपाई गरेको विज्ञापनबापत रु.१३ लाख २२ हजार आम्दानी हुनपर्ने देखिन्छ । विज्ञापन ल्याउने कर्मचारीलाई उपलब्ध गराएको २५ प्रतिशत कमिशन रु ३ लाख ३१ हजार कट्टा गरी बाँकी रु ९ लाख ९१ हजारमा दिग्दर्शनको छपाई र अन्य खर्च रु.४ लाख १३ हजार र क्यालेण्डरको रु ७० हजारसमेत रु.४ लाख ८३ हजार कट्टा गर्दा रु ५ लाख ८ हजार बाँकी रहने देखिन्छ । तर विज्ञापनबापत यो वर्ष रु.२ लाख ५३ हजारमात्र आम्दानी देखाई रु.२ लाख ५५ हजार घटी आम्दानी गरेको देखिएको छ । लेखापरीक्षण क्रममा यो व्यहोरा देखिएपछि कमिशनसमेत रु.३ लाख ३८ हजारको प्राप्त हुन बाँकीको विवरण तयार गरेको छ । तर सो रकम वित्तीय विवरणमा समावेश गरेको छैन । नेपाल लेखामान ७ बमोजिम पूरै रकम आम्दानी जनाई आवश्यक पर्ने खर्च बजेटमा समावेश गरी खर्च लेख्नुपर्नेमा सोअनुसार भए गरेको पाइएन ।

७३. **विगतका व्यहोरा पालना** – विगत वर्षको लेखापरीक्षणबाट कायम भएका कर्मचारी कल्याणकोषबाट पुरानो सापटी फछ्यौंट नगरी नयाँ थप सापटी दिएको, १० महिनाभन्दा बढीको सापटी उपलब्ध गराएको, स्थायी सम्पत्तिको बीमा, भौतिक निरीक्षण, कोडिफिकेशन नगराएको, स्रोतमा कट्टा गरिएको अग्रिम कर तोकिएको म्यादभित्र दाखिला नगरेको, खर्च हुने सामानको जिन्सी किताब नराखेको तथा उपदान र बीमाको अलग अलग कोष खडा नगरेको आदि व्यहोराका सम्बन्धमा यो वर्ष पनि कुनै सुधार भए गरेको देखिएन ।

७४. **असुली –** यो वर्ष लेखापरीक्षणको क्रममा ३ कार्यालयबाट रु ९ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.२६ हजार र सम्परीक्षणको क्रममा रु.१ करोड १९ लाख २१ हजारसमेत कुल रु.१ करोड १९ लाख ५६ हजार असुल भएको छ ।

७५. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ११ कार्यालयको रु.१ करोड ८७ लाख ९८ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.१० हजार म्याद नाघेको रहेको छ ।

मन्त्रालयअन्तर्गतका संगठित संस्थाको २०६७ असार मसान्तमा ३ कार्यालयको रु.१ करोड २ लाख ८५ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये सबै म्याद नाघेको रहेको छ ।

७६. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

७६.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.५ करोड २३ लाख २५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ लाख ८७ हजार फछर्यौट गरेकोले रु.५ करोड ६ लाख ३८ हजार बाँकी रहेको छ ।

७६.२ संगठित संस्था/समितितर्फ यो वर्ष रु.१ करोड ५५ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ लाख ३९ हजार फछर्यौट गराएकोले रु.१ करोड ४१ लाख १४ हजार बेरुजू बांकी रहेको छ ।

७६.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछर्यौट गरेको रु.१ करोड ५७ लाख ४८ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.३ करोड ६९ लाख ५१ हजार फछर्यौट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

७६.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछर्यौट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.१७ करोड ४ लाख ७ हजार फछर्यौट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछर्यौट भएको रु.२० करोड ७३ लाख ५८ हजारमध्ये रु.१७ करोड ५७ लाख ३१ हजार सरकारी कार्यालयतर्फ र रु.४ करोड ९३ लाख ८१ हजार अन्यतर्फ रहेको छ ।

संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय

मन्त्रालय र मातहतसमेत २१ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.८१ करोड ७७ लाख ९४ हजार, राजस्वतर्फ रु.३ करोड ८३ लाख २० हजार, धरौटीतर्फ रु.१ करोड ४ लाख ९३ हजार र अन्य कारोबारतर्फ रु.३१ लाख ८२ हजार गरी रु.८६ करोड ९७ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था, समिति, अन्य संस्था १२ को रु.२ अर्ब ३७ करोड २९ लाख २१ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण प्रणाली** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आफु र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउने लगायतका कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी नियम प्रारम्भ भएको १ वर्षभित्र लागू गरिसक्नुपर्ने उल्लेख छ । मन्त्रालयले उक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । त्यसैगरी मन्त्रालयले आफूअन्तर्गत छुट्टै कानून भएका नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठान, पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् एवं विकास समिति ऐन, २०१३ बमोजिम गठित बौद्धनाथ क्षेत्र विकास समिति, बुढानिलकण्ठ क्षेत्र विकास समिति, देवघाट क्षेत्र विकास समिति जस्ता समितिहरुलाई समेत आन्तरिक नियन्त्रण प्रणाली तयार गर्न लगाई कार्यान्वयन गर्न गराउन पहल गरेको छैन ।

२. **ऐन नियमको पालना** – प्रचलित ऐन नियमले तोकेको कार्यहरु मन्त्रालय तथा मातहतका निकायहरुबाट पालना नभएका केही व्यहोरा निम्नानुसार छन्:

२.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नुपर्ने भएमा सार्वजनिक निकायले वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । सो बमोजिम मन्त्रालय र मातहतको पुरातत्व विभागले खरिद योजना तयार गरेको छैन । त्यसैगरी मन्त्रालयअन्तर्गतका विशेष ऐन अन्तर्गत गठन भएका नेपाल प्रज्ञा प्रतिष्ठान, पशुपति क्षेत्र विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् एवं विकास समिति ऐन, २०१३ अन्तर्गत गठन भएका देवघाट क्षेत्र विकास समिति, बौद्धनाथ क्षेत्र विकास समितिले खरिद योजना तयार गरेका छैनन् ।

२.२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५ ले आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र आर्थिक वर्ष भरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको कामको मन्त्रालयले वार्षिक प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयले सोअनुसार प्रतिवेदन तयार गरेको छैन । साथै मन्त्रालयमातहतका नेपाल प्रज्ञा प्रतिष्ठान, पशुपति विकास कोष, लुम्बिनी विकास कोष, देवघाट क्षेत्र विकास समितिलगायतका संस्थाले सोबमोजिम वार्षिक प्रतिवेदन तयार नगरेकोमा मन्त्रालयबाट कुनै कारबाही भएको देखिएन ।

२.३. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ११ उपदफा (२) एवं नियमावली, २०६४ को नियम ९२ को उपनियम (५) मा प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा मन्त्रालयअन्तर्गतका कार्यालयहरुमा लेखाउत्तरदायी अधिकृतले आफै गई वा अन्य कर्मचारीबाट निरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा मातहतका कार्यालय, समिति, पशुपति क्षेत्र विकास कोष, नेपाल प्रज्ञा प्रतिष्ठान, लुम्बिनी विकास कोष आदि संस्थाको यो वर्ष निरीक्षण एवं जाँचबुझ भएको पाइएन ।

२.४. अनुदान कार्यान्वयन निर्देशिका, २०६५ र कोष/परिषद्/समितिलाई दिएको अख्तियारीपत्रमा नेपाल सरकारबाट प्राप्त अनुदानमध्ये खर्च नभई बाँकी रहेको रकम मन्त्रालयमा फिर्ता गरी फ्रिज गर्नुपर्ने उल्लेख छ । यो वर्ष बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले रु.३० लाख, पाथीभरा क्षेत्र विकास समितिले रु.५ हजार, लुम्बिनी विकास कोषले रु.५ करोड १६ लाख, पशुपति क्षेत्र विकास कोषले रु.७ करोड ७३ लाख ९५ हजार, नेपाल प्रज्ञा प्रतिष्ठानले रु.८४ लाख ६९ हजार, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले रु.५५ लाख २२ हजार, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले रु.१ करोड ३५ लाख ४८ हजार र देवघाट क्षेत्र विकास समितिले रु.५ लाख १४ हजार बाँकी रहेको रकम मन्त्रालयमा फिर्ता नगरेकोले सो रकम फिर्ता गराई सञ्चितकोष दाखिला हुनुपर्दछ ।

२.५. **आचरण** – सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा २३ को उपदफा २(च) मा प्रचलित कानूनबमोजिम गठन भएको संस्थाका प्रमुख र अन्य कर्मचारीका लागि सम्बन्धित संगठित संस्थाले पदीय वा पेशागत आचरण बनाई लागू गर्नुपर्ने व्यवस्था छ । नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, लुम्बिनी विकास कोष, पशुपति क्षेत्र विकास कोष लगायत कानूनबमोजिम गठन भएका संगठित संस्थाले पदीय वा पेशागत आचरण बनाई लागू गरेका छैनन् ।

त्यसैगरी पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २१(क) बमोजिम सञ्चालक परिषद्ले मन्दिरको पुजाआजामा संलग्न हुनेको आचारसंहिता बनाउनुपर्नेमा सोबमोजिम आचारसंहिता पनि बनाएको छैन ।

संगठित संस्था, अन्य संस्था तथा समितितर्फ

सांस्कृतिक संस्थान

नेपाली सँस्कृतिमा नवजागरण ल्याउने र साँस्कृतिक कार्यक्रम प्रस्तुत गरी जनसाधारणलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले सञ्चार संस्थान ऐन, २०२८ अनुसार २०२९ सालमा स्थापना भई सञ्चालनमा रहेको सांस्कृतिक संस्थानको यस वर्षको अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

३. **सञ्चालन नतिजा –** नेपाल सरकारबाट प्राप्त अनुदान रु.१ करोड ५१ लाख, घरबहाल रु.९९ लाख ७६ हजार, हल भाडा रु.४६ लाख ७५ हजार, ब्याज आय रु.३६ लाख ३३ हजार र विविध आय रु.५ लाख २० हजार समेत कुल आय रु.३ करोड ३९ हजार ४ हजारमा रु.४ करोड ४५ लाख ४२ हजार व्यय देखिँदा यो वर्षको कारोबारबाट रु.१ करोड ६ लाख ३८ हजार नोक्सान भएको छ । गत वर्षसम्मको नोक्सानी रु.१ करोड ४७ लाख ८५ हजार समेत यो वर्षसम्मको सञ्चित नोक्सान रु.२ करोड ५४ लाख २३ हजार पुगेको छ । कर्मचारीहरुको सञ्चित बिदा एवं उपदानबापत रु.१ करोड ४६ लाख ३२ हजार व्यवस्था गर्नुपर्नेमा रु. ४२ लाख ९९ हजार मात्र व्यवस्था गरेकोले कमी भएको रु.१ करोड ३ लाख ३३ हजार तथा तथा घरजग्गा कर रु.४९ लाख ८६ हजारसमेत थप व्यवस्था गर्ने हो भने नोक्सानीमा अझै वृद्धि हुने देखिन्छ ।

४. **लेखामान –** नेपाल लेखामान–६ अनुसार जग्गाको ह्रास कट्टा गर्न मिल्दैन । संस्थानले भवनको ह्रास हिसाव गर्दा भवनसँगै प्राप्त जग्गाको समेत ह्रास कट्टी गर्ने गरेको छ ।

नेपाल सरकारबाट प्राप्त सवारीसाधनको यस वर्ष कट्टी हुने ह्रासलाई खर्चको रुपमा र सोही बराबरको रकम पूँजीगत अनुदानको कोषबाट घटाएर आम्दानीमा देखाउनुपर्ने व्यवस्था नेपाल लेखामान–१० मा भए तापनि सो नुसार गरेको छैन ।

५. **कर्मचारी व्यवस्थापन –** महाप्रवन्धक समेत कुल स्वीकृत दरबन्दी ५६ रहेकोमा चालू वर्षमा ८५ कर्मचारी रहेकाले दरबन्दीभन्दा २९ कर्मचारी बढी कार्यरत रहेको पाइयो ।

स्थायी कर्मचारीहरुले खाईपाई आएको १ महिनाको तलबले हुने अतिरिक्त तलब खर्च रु.४ लाख ४६ हजार र मासिक रु.३०० का दरले हुने बीमा खर्च रु.१ लाख २२ हजार कर्मचारी कल्याण कोषका लागि व्यवस्था गरेको छ । कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०५४ मा अतिरिक्त तलब सुबिधाबापत खर्च लेखी कर्मचारी कल्याण कोषमा दाखिला गर्न पाउने व्यवस्था गरेको पाइएन । बीमा खर्च लेखे तापनि कर्मचारीहरुको बीमा गरेको पनि छैन ।

६. **अनुदान खर्च** – नेपाल सरकारबाट प्राप्त अनुदान रु.१ करोड ५१ लाखमध्ये रु.१ करोड ४४ लाख २७ हजार खर्च भई रु.६ लाख ७३ हजार बचत रहेकोमा सो रकम नेपाल सरकार संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको २०६६।६।२ को पत्रबमोजिम आषाढ मसान्त अगावै फ्रिज खातामा जम्मा गर्नुपर्नेमा सोअनुसार गरेको छैन ।

७. **कार्यक्रम खर्च** – आन्तरिक स्रोतबाट सञ्चालन गरिने कार्यक्रमहरुको बजेट तथा कार्यक्रम तर्जुमा गरी सम्बन्धित मन्त्रालयबाट पूर्वस्वीकृति गराई सञ्चालन गर्नुपर्नेमा स्वीकृति वेगर रु.७ लाख १२ हजार खर्च गरेको छ ।

८. **तिर्न बाँकी ब्याज** – नेपाल सरकारबाट प्राप्त ऋणको ब्याज र किस्ता शर्तबमोजिम बुझाउनुपर्नेमा वर्षान्तमा भाखा नाघेको साँवा रु.३ करोड १७ लाख १५ हजार तथा ब्याज रु.२ करोड ६८ लाख ७२ हजार तिर्न बाँकी छ ।

९. **सम्पति अभिलेख** – स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गरी अद्यावधिक गर्ने तथा भवन, सवारीसाधन र मेशिनेरी उपकरणहरुको बीमा गर्ने गरेको पाइएन । भण्डार शाखामा रहेको खर्च भई जाने सामग्रीहरुको अभिलेख अद्यावधिक गर्ने कामसमेत भएको पाइएन ।

लुम्बिनी विकास कोष

१०. **वित्तीय विवरण** – लुम्बिनी विकास कोष आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८ को विनियम १६(१) मा आम्दानी खर्चको विवरण र वासलात तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्षपनि कोषले वासलात तयार नगरेकोले सम्पत्ति र दायित्व यकिन हुने अवस्था रहेको छैन । वासलात बनाउन कार्यदलले सम्पत्तिको मूल्याङ्कन गरिरहेको जवाफ कोषबाट प्राप्त भएको छ ।

११. **भू–शुल्क एवं बहाल** – लुम्बिनी विकास कोष विहार क्षेत्र विनियमावली, २०५८ को विनियम ९.३ बमोजिम म्यादभित्र भू–शुल्क नबुझाएमा ५० प्रतिशतसम्म जरिवाना गरी सम्झौता समेत रद्ध गरिने व्यवस्था छ । कोषले उपलव्ध गराएको विवरण अनुसार १७ विहार एवं मन्दिरबाट रु.२० लाख ५९ हजार र ६ पसलबाट रु.३१ लाख ६९ हजार समेत रु.५२ लाख २८ हजार असुल गर्न बाँकी छ । बाँकी रकम असुल गर्नेतर्फ कारबाही गरिने व्यहोराको जवाफ प्राप्त भएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठान

देशको परम्परागत मान्यताहरु, भाषा साहित्य, सामाजिक परिवेश समेतको अध्ययन, अन्वेषण, राष्ट्रिय विद्वान एवं प्रतिभाहरुको सम्मान गर्न २०१४ सालमा स्थापना भै हाल नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत सञ्चालनमा रहेको छ ।

१२. **खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम सार्वजनिक निकायले वार्षिक दशलाख रुपैँयाभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ३१ मा रु.१० लाखभन्दा बढीको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने उल्लेख छ । प्रतिष्ठानले यो वर्ष रु.७१ लाख ७४ हजारका सवारी साधन सोझै खरिद गरेको छ । खरिद योजना तयार नगरी विनाप्रतिस्पर्धा सोझै खरिद गरेको कानूनसम्मत देखिएन ।

१३. **व्ययभार** – नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले ४ सवारीसाधन खरिद गर्न बोलपत्र सूचना प्रकाशित गरेकोमा चेभ्रोलेट प्रतिगाडीको लागि रु.१७ लाख ९९ हजार स्वीफ्ट डिजायर भिएक्सआई प्रतिगाडी रु.२४ लाख २९ हजारका दरको बोलपत्र दर्ता हुन आएको छ । सवारी साधन चित्त बुझ्दो नभएको कारण उल्लेख गरी २०६७।३।११ मा दुवै बोलपत्र रद्ध गरी दोस्रो पटक ७ दिने बोलपत्र आह्वान गर्दा स्वीफ्ट डिजायर भिएक्सआई गाडीको लागि प्रतिथान रु.२३ लाख ८६ हजारले ४ थान गाडीको लागि रु.९५ लाख ४४ हजारको एकमात्र बोलपत्र परेको देखियो । बोलपत्रदाताको कबोल रकममा छुट दिने उल्लेख गरी प्रतिगाडी रु.२० लाख ७४ हजारका दरले बोलपत्र स्वीकृत गरी ४ सवारी साधन खरिदबापत रु.८२ लाख ९६ हजार भुक्तानी गरेको छ । पहिलाको घटीवाला बोलपत्रदाताले दिएको प्राविधिक स्पेसिफिकेशन फरक भए नभएको स्पष्ट नगरी सवारी साधन चित्तबुझ्दो नभएको उल्लेख गरी बढी दरमा खरिद गर्नाले रु.११ लाख बढी व्ययभार परेको देखियो ।

पशुपति क्षेत्र विकास कोष

श्री पशुपति नाथ क्षेत्रलाई सनातन तीर्थस्थलकोरुपमा कायम गर्ने, प्राचिन ऐतिहासिक, धार्मिक संस्कृतिको महत्व एवं परम्परागत धार्मिक पुजाआजाको व्यवस्थापन गर्ने उद्देश्यले पशुपति क्षेत्र विकास कोष ऐन, २०५० अन्तर्गत कोष सञ्चालनमा रहेको छ ।

१४. **गुरुयोजना** – पशुपति क्षेत्र विकासको गुरुयोजना अनुसार २०५७।५८ देखि लागू गरी १० वर्षभित्र रु.२ अर्ब २ करोड ९५ लाख खर्च लाग्ने अनुमान रहेको देखिन्छ । गुरुयोजनाको आधारमा वार्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गराउनुपर्नेमा सोअनुसार कार्य भएको देखिएन । गुरुयोजना अनुसारको कार्यहरुमध्ये कोरक्षेत्र सुधार कार्य, क्रियापुत्री भवन निर्माण कार्य सम्पन्न भएको र जग्गा अधिग्रहण कार्य अन्तिम चरणमा पुगेको जानकारी प्राप्त भएको छ । समग्र कार्यहरुको प्रगति समीक्षा नगरेकोले पुरा भएका र हुन नसकेका कार्यहरुको अवस्था यकिन हुनसकेन ।

१५. **भेटी आम्दानी** – पशुपति क्षेत्र विकास कोष ऐन, २०५० को दफा १० मा पशुपतिनाथ र सो क्षेत्रभित्रका मठमन्दिरमा चढाएको दान, भेटी, उपहार तथा नियमित र विशेष पूजाको हिसाव तोकिएबमोजिम पारदर्शी बनाई नगदी र जिन्सी कोषमा दाखिला गराउने कर्तव्य कोष सञ्चालन परिषद्मा रहेको उल्लेख छ । ऐनमा भएको व्यवस्थाबमोजिम यो वर्ष पनि भेटिघाटीबापतको रकम कोषमा आम्दानी भएको देखिएन । ऐनको प्रावधानअनुसार भेटीघाटी पारदर्शी गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

पशुपति क्षेत्र विकास कोष आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ को नियम ३ बमोजिम पशुपति क्षेत्र विकास कोषको आय व्यय विवरण वेबसाइटमा राख्नुपर्ने व्यवस्था भएकोमा सोअनुसार राखेको छैन ।

१६. **घर जग्गाको लगत** – पशुपति क्षेत्र विकास कोष ऐन, २०५० को दफा १० मा पशुपति क्षेत्रभित्रको निर्मित वा प्राकृतिक सम्पदाको र सो क्षेत्रभित्र रहेका सवै देवदेवीसँग सम्बन्धित सवै किसिमका गुठीअन्तर्गत र पशुपति क्षेत्रभित्र वा बाहिर रहेका ऐलानी र पर्ती जग्गा क्षेत्र समेत खुलाई अद्यावधिक लगत तयार गर्ने कर्तव्य कोष सञ्चालक परिषद्लाई तोकेको छ । कोषले सोबमोजिमको अद्यावधिक लगत तयार गरेको नदेखिएकोले कोषको सम्पत्ति एवं असुल हुनुपर्ने आम्दानी रकम यकिन हुनसकेको छैन । यो वर्ष लिखत पारित रु.६० लाख ७३ हजार, धितो स्वीकृति रु.२ लाख ७७ हजार, एकसालाकुत रु.२२ लाख ७४ हजार र बक्यौता रु.६ लाख ८४ हजारसमेत रु.९३ लाख ८ हजार आम्दानी गरेको देखियो ।

१७. **बहाल** – कोषबाट प्राप्त विवरणअनुसार विभिन्न पसल कवल, सत्तल, पार्किङ स्थल आदि बहालमा लगाएबापत गत वर्षसम्मको रु.४० लाख ३७ हजार समेत यो वर्षसम्म रु.८२ लाख ८६ हजार असुल हुन बाँकी रहेको छ । उठ्न बाँकी रकम असुल गर्नेतर्फ कोषले सक्रियता देखाउनुपर्दछ ।

१८. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा रु.१ हजार असुल भएको छ ।

१९. **पेश्की** – मन्त्रालय अन्तर्गत सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ६ कार्यालयको रु.२१ लाख २८ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.५ लाख ५० हजार फछ्यौंट गरी ४ कार्यालयको रु.१५ लाख २७ हजार पेश्की बाँकी देखिएको छ । मन्त्रालय अन्तर्गतका संगठित संस्थाका २०६७ असार मसान्तमा ३ कार्यालयको रु.१ करोड १७ लाख ७२ हजार पेश्की देखिएको छ ।

२०. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहायअनुसार छः

२०.१. मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.५० लाख १५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ लाख ८५ हजार फछ्यौंट गरेकोले रु.४३ लाख ३० हजार बाँकी रहेको छ ।

२०.२. संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.२० करोड ७७ लाख १६ बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५० लाख ४१ हजार फछ्यौंट गराएकोले रु.२० करोड २६ लाख ७५ हजार बेरुजू बाँकी रहेको छ ।

२०.३. मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१७ लाख ४८ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.२ करोड ५७ लाख १२ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

२०.४. वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.६ करोड ३८ लाख ९६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.८ करोड ९६ लाख ८ हजारमध्ये रु.६ करोड ४४ लाख ५४ हजार सरकारी कार्यालयतर्फ र रु.२ करोड ५१ लाख ५४ हाजार अन्यतर्फ रहेको छ ।

स्थानीय विकास मन्त्रालय

मन्त्रालय र मातहत समेत २०७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३२ अर्ब ७४ करोड ९१ लाख ७० हजार, राजस्वतर्फ रु.१५ करोड ८ लाख २२ हजार, धरौटीतर्फ रु.१२ करोड ७६ लाख ४६ हजार गरी कुल रु.३३ अर्ब २ करोड ७६ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा अन्य ८ मन्त्रालयको शीर्षकमा विनियोजन भएको रु.२ अर्ब २३ करोड ६८ लाख ६१ हजार समेत समावेश छ ।

मन्त्रालय मातहतका समिति र अन्य संस्था १६५ को रु.३४ अर्ब ५७ करोड १९ लाख ४ हजार कारोबारको लेखापरीक्षण गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण** – जिल्ला विकास समिति, गुल्मीले २०६७।३।२४ को निर्णयानुसार ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमतर्फ ६ विद्यालय निर्माणको लागि सत प्रतिशत पेश्कीबापत रु.२१ लाख ८५ हजार खर्च लेखेको थियो । ती विद्यालयहरुको तत्काल खाता रोक्का गरी कार्य प्रगति र मूल्याङ्कनका आधारमा खाता फुकुवा गर्दै जाने निर्णय गरेको थियो । ती विद्यालयहरुको भवन निर्माणको लागि गत वर्ष दिएको पेश्की फछ्यौंट नहुँदै पुन: पेश्कीमाथि पेश्की दिएको छ । नियमविपरीत पेश्की दिने कार्य बन्द हुनुपर्दछ । यससम्बन्धी व्यहोरा गत विगतका प्रतिवेदनमा औंल्याइए तापनि सुधार भएको पाइएन ।

२. **समन्वयको अभाव** – राष्ट्रिय स्रोतलाई परिचालन गर्ने क्रममा बजेट निर्माण तथा सञ्चालन गर्दा योजनाहरु दोहोरो नपर्ने तथा विनियोजित रकमलाई मितव्ययी एवं यथार्थपरक ढङ्गले खर्च गर्नुपर्ने हुन्छ । यो वर्ष निर्माण तथा यातायात मन्त्रालय तथा जिल्ला विकास समितिले एकै योजनामा दोहोरो रकम विनियोजन गरी खर्च गरेको देखिएको छ । डिभिजन सडक कार्यालय काठमाण्डौ र जिल्ला विकास समितिको प्रगति प्रतिवेदन भिडान गर्दा यो वर्ष दुवै निकायबाट सञ्चालनमा आएका सडक योजनाहरुको उदाहरण निम्नानुसार छ:

(रु.हजारमा)

क्र.सं.	सडक योजनाको नाम	सडक डिभिजनको बजेट	जिल्ला विकास समितिको खर्च
१	साँखु फट्केस्वर चौतारा सडक	९०००	१५००
२	थानकोट–चित्लाङ् (गणेशमान सिंह मार्ग)	५०००	१२००
३	दक्षिणकाली–छैमले–सिस्नेरी	४५००	१०००
४	मातातिर्थ–देउराली–हेटौडा	२०००	१८००
५	सितापाइला–भीमढुङ्गा–धार्के	९०००	५०००
६	कागेश्वरी–चक्रपथ	४६८	७००

त्यस्ता सडक योजनाको चेनेज कामको विवरण नखुलाई दुबै निकायले एकै प्रकृतिको कार्य गर्ने गरेको पाइयो । साँखु–फट्केस्वर सडकको स्थलगत निरीक्षण गर्दा जिल्ला विकास समितिले उपभोक्ता समितिमार्फत पक्की नाली बनाउने, सुख्खा ढुङ्गा छाप्ने, ग्राभेल लगायतका काम गराई रु.१५ लाख खर्च व्यहोरेकोमा सडक डिभिजनबाट पनि पक्की नाली, टेवा पर्खाल लगायतका काम भएको पाइयो ।

त्यस्तै बालाजू–मनमैजू–गुर्जेभञ्ज्याङ्ग सडक कालोपत्रे गर्न रु.१६ लाख ४० हजार ठेक्का सम्झौता भएकोमा जिल्ला विकास समितिले रु.१७ लाख १ हजार भुक्तानी गरेको छ । सो सडकमा सडक विभागले पनि काम गरेको छ । आपसमा समन्वय नगरी एकै योजनामा दुई निकायले योजना सञ्चालन गर्ने परिपाटी अन्त्य हुनुपर्दछ ।

३. **मौज्दात –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ४३ (६) मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फ्रिज गर्नुपर्ने भए सम्बन्धित निकायमा फिर्ता पठाउनपर्ने व्यवस्था छ । स्थानीय विकास मन्त्रालय अन्तर्गत ४२ जिल्ला विकास समितिलाई गत र यो वर्ष भएको निकासाबाट सोही वर्ष खर्च नभई बचत रहेको रु. ३५ करोड ५६ लाख ८३ हजार फ्रिज गर्नुपर्नेमा फ्रिज नहुने खातामा ट्रान्सफर गरेको पाइयो । प्रचलित नियमावलीविपरीत मौज्दात राखेको रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

४. **सीधै निकासा –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ मा कुनै पनि कार्यालयले वैदेशिक सहायता प्राप्त गर्दा राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र वार्षिक कार्यक्रम एवं बजेट समावेश गरी आम्दानी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष स्थानीय विकास मन्त्रालयले विद्यालय भवन, सडक आदि निर्माण गर्न एक मित्रराष्ट्रसँग सीधै सम्झौता गरी बजेटमा समावेश नगरी ४९ जिल्ला विकास समितिलाई रु.६० करोड ५३ लाख ६२ हजार उपलब्ध गराएको पाइयो । बजेटमा समावेश नगरी सीधै प्राप्त गरेको वैदेशिक सहायताबारेमा व्यवस्थापिका संसदलाई समेत जानकारी नहुने स्थिति देखियो । वार्षिक बजेटमा समावेश गरेर मात्र रकम खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

५. **लेखापरीक्षण –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय–व्ययको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्राप्त केन्द्रीय आर्थिक विवरणअनुसार मन्त्रालयअन्तर्गत ७ कार्यक्रममा सोझै भुक्तानीतर्फ खर्च भएको रु.३३ करोड ११ लाख ८० हजारको लेखापरीक्षण गराएको छैन ।

६. **आन्तरिक लेखापरीक्षण –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजू असुल गर्न लगाई सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । सोही ऐनमा आन्तरिक लेखापरीक्षण शाखाबाट जिल्ला विकास समिति अन्तर्गतका निकायको तलबी प्रतिवेदन पारित गराउनुपर्ने व्यवस्था छ ।

६.१ जिल्ला विकास समिति, सर्लाहीले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । कपिलवस्तु, बारा र सिराहाले उक्त शाखा गठन गरे तापनि आन्तरिक लेखापरीक्षण गरेको छैन । सो शाखाले आय–व्यय र धरौटीको स्रेस्ताको मासिकरुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा अधिकांश जिल्ला विकास समितिमा वार्षिकरुपमा एकैपटक मात्र गर्ने गरेको पाइयो ।

आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिको बेरुजूको लगत समय समयमा निरीक्षण गरी फछ्यौंट भएको बेरुजू सम्परीक्षण गरीदिने र असुल गर्न बाँकी बेरुजू असुल गर्न लगाउनुपर्नेमा अधिकांशले सो कार्य गरेको पाइएन । अधिकांश जिल्ला विकास समितिले स्थानीय निकाय अन्तर्गतका कर्मचारीको वार्षिक तलबी प्रतिवेदन पारित गरेको पाइएन ।

७. **निरीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम २२२ (२) मा जिल्ला विकास समितिको सचिवले गाउँ विकास समिति र नगरपालिका तथा आफूले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको एकपटक निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालय एवं अन्य निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष लेखापरीक्षणको क्रममा अधिकांश जिल्ला विकास समितिले सोअनुसार निरीक्षण गरेको देखिएन ।

८. **ठेक्का व्यवस्थापन –** सार्वजनिक खरिद ऐन, २०६३ दफा २४(ङ) मा सोही ऐनको दफा २६(६) अनुसार आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्रउपर कारबाही गर्न नहुने र कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति ५, जिल्ला प्राविधिक कार्यालय ८ र ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना कार्यालय समेत १४ कार्यालयको बोलपत्र बिक्री किताबअनुसार ९१ आयोजनाको लागि १ हजार २२६ बोलपत्र बिक्री भएकोमा १५० बोलपत्र दाखिला भएको छ । बोलपत्र बिक्री र दाखिला संख्याबीच तुलना गर्दा औसत १२.२३ प्रतिशत दाखिला भएको निम्न तालिकाबाट देखिन्छ ।

(रु.हजारमा)

कार्यालयको नाम	आयोजना संख्या	बोलपत्र बिक्री संख्या	बोलपत्र दाखिला संख्या	बोलपत्र बिक्रीको तुलनामा दाखिला प्रतिशत	लागत अनुमान	स्वीकृत रकम	लागत अनुमानको तुलनामा घटी प्रतिशत
जिल्ला विकास समिति, रुपन्देही	१६	२८७	४०	१३.९३	५,८२,३२	५,८१,४०	०.१५
जिल्ला विकास समिति, सिन्धुली	४	४७	६	१२.७६	९७,७३	९७,१३	०.६२
जिल्ला विकास समिति, स्याङ्जा	६	२१	९	४२.८५	७,९४,९४	७,९३,८८	०.१३
जिल्ला विकास समिति, काभ्रेपलाञ्चोक	४	४०	७	१७.५०	१,००,७६	१,००,५२	०.२४
जिल्ला प्राविधिक कार्यालय, डडेल्धुरा	७	६९	७	१०.१४	२,१४,५८	२,१३,८४	०.३४
जिल्ला प्राविधिक कार्यालय, गुल्मी	७	२५	८	३२.००	१,१८,६३	१,१४,९६	३.०९
जिल्ला प्राविधिक कार्यालय, सिन्धुली	४	१०७	६	५,६०	५५,९२	५५,५४	०.६७
जिल्ला प्राविधिक कार्यालय, काभ्रेपलाञ्चोक	८	६७	९	१३.४३	३,०५,०९	३,०४,३४	०.२४
जिल्ला प्राविधिक कार्यालय, रुपन्देही	३	२८	६	२१.४२	४५,१४	४५,०८	०.१३
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना, काभ्रेपलाञ्चोक	२	३१	४	७.७५	५,१७,१०	५,१२,९२	०.८०
जिल्ला प्राविधिक कार्यालय, धादिङ्ग	१२	२७१	१५	५.५४	२,६१,२१	२,५८,३६	१.०९
जिल्ला प्राविधिक कार्यालय, लमजुङ्ग	९	९२	१२	११.११	१,९०,८१	१,९०,१२	०.३६
जिल्ला विकास समिति, सिन्धुपाल्चोक	५	१२९	१७	१३.१७	९६,६८	९६,३७	०.३२
जिल्ला प्राविधिक कार्यालय, तनहुँ	४	१२	४	३३.३३	१,१०,५७	१,०७,२९	२.९६

फलस्वरुप बोलपत्रदाताको सहभागिता संख्या न्यून हुन गई पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन ।

९. **प्रतिस्पर्धा** – सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ७८ मा स्थानीय निकायले दशलाख रुपैयाँभन्दा बढीको निर्माण कार्य, सामान र परामर्श सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

९.१ जिल्ला विकास समिति, बाराले ग्रामीण खानेपानी कार्यक्रमतर्फ विभिन्न ४ आपूर्तकको बिल संलग्न गरी प्रतिस्पर्धा बेगर रु.२४ लाख ३६ हजारको एच.डी.पी.पाइप, हेण्ड पम्प आदि एक प्राविधिक कर्मचारीमार्फत खरिद गरी भुक्तानी गरेको छ । खरिद गरिएका उक्त सामान जिन्सी दाखिला एवं प्रयोग भएको प्रमाण पेश भएन ।

९.२ स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले ६ ग्रामीण सडक र पुलको विस्तृत सर्वेक्षण, डिजाइन, लागत अनुमान बेगर विना प्रतिस्पर्धा ६ परामर्शदाता नियुक्ति गरी रु.२९ लाख ९३ हजार भुक्तानी गरेको छ ।

९.३ ग्रामीण खानेपानी कार्यक्रमतर्फ पाइप तथा फिटिङ्गस खरिद गर्दा जिल्ला विकास समिति, तनहुँले ५ आपूर्तकलाई रु.२८ लाख ६५ हजार र जिल्ला विकास समिति, धादिङले परिमाण टुक्र्याई १५ पटक खरिद गरी रु.४० लाख ३५ हजार एवं जिल्ला विकास समिति, रुपन्देहीले जिल्ला विकास समिति कोषतर्फ प्रतिस्पर्धाबेगर पटक पटक गरी रु.१२ लाख १४ हजारको ह्यूम पाइप, विद्युत पोल, ह्याण्ड पम्प आदि खरिद गरी भुक्तानी दिएको पाइयो । खरिद परिमाण टुक्र्याई सीधै खरिद गर्नु उचित होइन ।

१०. **बिल भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ४६ (२) मा खर्च गर्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय, डडेल्धुराले रु.५ लाख ७० हजार, कञ्चनपुरले रु.१ करोड १० लाख ८९ हजार, कास्कीले रु.६६ लाख ४२ हजार, गोरखाले रु.२५ लाख ६५ हजार, दोलखाले रु.३९ लाख ६५ हजार, गुल्मीले रु.४१ लाख ७२ हजार, ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना, डडेल्धुराले रु.१३ लाख ११ हजार र मुस्ताङ्गले रु.४ लाख ८९ हजार बिल भरपाई बेगर खर्च लेखेको देखियो ।

११. **मूल्य अभिवृद्धि कर** – नेपाल सरकारले राजस्व सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउन बस्तु वा सेवाको बिक्री, वितरण, हस्तान्तरण, आयात, निर्यात लगायतका सबै कारोबारमा मूल्य अभिवृद्धि कर लगाई असुल गर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर असुली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

११.१ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) मा स्थानीय निकायले कर लाग्ने बस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने र कर लाग्ने मूल्यमा अन्य करसमेत समावेश हुने व्यवस्था छ । यो वर्ष

३० जिल्ला विकास समितिले बालुवा, गिट्टी, ढुङ्गा, स्लेट, दहत्तर बहत्तर आदिका लागि कर, दस्तुर वा शुल्क असुल गर्न रु.७२ करोड २८ लाख ६६ हजारको ठेक्का लगाएकोमा सोमा लाग्ने मूल्य अभिवृद्धि कर रु.९ करोड ३९ लाख ७३ हजार असुल नगरी ठेकेदारलेनै आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्ने गरी सम्झौता गरेको पाइयो । कानूनअनुसार मूल्य अभिवृद्धि कर असुल गर्ने दायित्व जिल्ला विकास समितिको भएको हुँदा असुल गरी राजस्व दाखिला हुनुपर्ने देखियो ।

११.२ जिल्ला विकास समिति, गुल्मी र सिन्धुलीले बालुवा, गिट्टी, ढुङ्गा, स्लेट, दहत्तर बहत्तर आदिका लागि कर, दस्तुर वा शुल्क असुल गर्न ठेक्का लगाएकोमा मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्म, व्यक्तिसँग सम्झौता गरेको पाइयो । यसैगरी रुपन्देही जिल्ला विकास समितिले अमानतमा बिक्री गर्दा समेत मूल्य अभिवृद्धि कर असुल गरेको पाइएन । दर्ता नभएका संस्थासँग कारोबार गर्नाले प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर रु.८५ लाख २६ हजार सङ्कलन नभई कर राजस्व नोक्सानी परेको देखियो ।

जिल्ला विकास समितिहरुले मूल्य अभिवृद्धि कर असुल नगरेको सम्बन्धमा २०६७।७।२८ मा मन्त्रालयमा पत्राचार गरी असुल गर्ने गराउने व्यवस्था हुन अनुरोध गरिएको छ । नेपाल सरकारलाई प्रत्येक वर्ष प्राप्त हुनुपर्ने करोडौं रकम नोक्सानी भइरहेको हुँदा मन्त्रालयले गम्भीरता देखाउनु जरुरी छ ।

११.३ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(४) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्तिले प्रापकलाई तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति ११ ले सो बेगर रु. २४ लाख ९७ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको देखियो ।

११.४ आन्तरिक राजस्व विभागको २०६५।७।१० को परिपत्रमा कर बीजक नम्बर हातले लेख्न नहुने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, रुपन्देही, स्याङ्जा र कपिलवस्तुले विभिन्न निर्माण कार्य गर्ने ३२ निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर सहितको रकम भुक्तानी गर्दा बीजक नम्बर सच्याइएको, खाली भएको र नम्बर हातले लेखेको बीजकको आधारमा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु.२४ लाख १७ हजार कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१२. **अग्रिम कर** – आयकर ऐन, २०५८ दफा ८७, ८८ र ८९ मा पारिश्रमिक, भाडा, रोयल्टी, सेवा शुल्क तथा ठेक्का रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपर्युक्त व्यवस्थाअनुसार मन्त्रालय र मातहतका ११८ कार्यालयले रु.१ करोड ३३ लाख १ हजार अग्रिम कर कट्टी गरेको पाइएन ।

१३. **नर्म्स** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ६४ (२) मा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको स्वीकृत नर्म्सलाई आधार मान्नुपर्नेमा सो प्रयोग गरेको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३.१ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमतर्फ गुल्मी जिल्ला विकास समितिले विभिन्न ९ सडकमा ढुङ्गाको पर्खाल र ग्याबियन बक्स भर्ने कार्य गराउँन लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सभन्दा बढी श्रमिक राखेको र ढुङ्गाको दररेट जिल्ला दररेटभन्दा बढी राखी उपभोक्ता समितिबाट कार्य गराई रु.४ लाख ६८ हजार र लमजुङ्गले २ सडकमा ढुङ्गाको पर्खाल लगाउँदा रु.२ लाख ३५ हजार बढी भुक्तानी भएको छ ।

१३.२ जिल्ला विकास समिति, धादिङले डोजर प्रयोग गरी सडक निर्माण कार्य गराउँदा डोजरको नर्म्स र स्वीकृत जिल्ला दररेटअनुसार माटो खन्ने कार्य प्रतिघनमिटर रु.६०।४९ ले गराउनुपर्नेमा रु.६६।७६ का दरले लागत अनुमान तयार गरी भुक्तानी दिएको पाइयो । यसले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका ९ सडकमा रु.५ लाख ८९ हजार र स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमतर्फ २९ सडकमा रु.१२ लाख ७० हजार बढी भुक्तानी भएको छ ।

१३.३ स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमतर्फ जिल्ला विकास समिति, दाङले ९ सडक योजनामा स्वीकृत नर्म्स प्रयोग नगरी सडक विभागको नर्म्स प्रयोग गरी मूल्याङ्कन गर्नाले रु.२ लाख २८ हजार बढी भुक्तानी

गरेको छ । गुल्मी जिल्ला विकास समितिले विभिन्न ६ सडकमा ढुङ्गाको पर्खाल र ग्याबियन वक्स भर्ने काम गराउँदा दक्ष र अदक्ष श्रमिक स्वीकृत नर्म्सभन्दा बढी र जिल्ला दररेटभन्दा बढी ज्यालादर राखी ढुङ्गाको मूल्याङ्कन गर्नाले रु.१ लाख २ हजार बढी भुक्तानी भएको छ ।

१४. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिलाई काम दिएपछि सामान्यतया एकतिहाई रकम पेश्की दिन सकिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४.१ जिल्ला विकास समिति, रुपन्देहीले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमतर्फ मझगावाँ गाउँ विकास समितिको प्रसूतिगृह भवन निर्माण गर्न कार्यालयको तर्फबाट रु.२५ लाख ७७ हजार उपलब्ध गराउने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो । रु.८ लाख ५० हजार खर्च र रु.१७ लाख २७ हजार पेश्की देखाएको उक्त कार्यको २०६७।९।१० मा स्थलगत निरीक्षण गर्दा प्रसूतिगृह भवन निर्माणको कार्य अधुरो रहेको पाइयो । नियमावलीले तोकेभन्दा बढी पेश्की दिएकोमा गर्नुपर्ने अवधि समाप्त भएको ६ महिनापछिसम्म पनि निर्माण कार्य सम्पन्न भएको छैन ।

मझगावाँमा निर्मित अधुरो प्रसूतिगृह भवन

१४.२ जिल्ला विकास समिति, धादिङले ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमतर्फ २०६७।३।३० मा सम्झौता रकम बराबर रु.७ लाख १४ हजार उपभोक्ता समितिलाई पेश्की दिएको छ ।

१४.३ जिल्ला विकास समिति, गुल्मीले स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमतर्फ आर्थिक वर्षभित्र काम सम्पन्न गर्नेगरी १० सडक उपभोक्ता समितिसँग सम्झौता गरेको छ । आर्थिक वर्षको अन्त्यमा कार्यालयबाट व्यहोर्नुपर्ने रु.२७ लाख ४७ हजार पेश्कीस्वरुप उपभोक्ता समितिको खातामा जम्मा गरी सो खाता रोक्का गरेको छ ।

१४.४ जिल्ला विकास समिति, सिन्धुलीले विद्युत विकास कार्यक्रमतर्फ ९ विद्युत विस्तार योजना उपभोक्ता समितिमार्फत गराउन सम्झौता गरी कार्यालयबाट व्यहोर्ने रु.५६ लाख ५२ हजार शतप्रतिशत अग्रिम पेश्की दिई खाता रोक्का गरेको छ । नियमावलीले व्यवस्था गरेअनुसार प्रथम किस्ता बापत दिइएको रकमको कार्य मूल्याङ्कन भई दोश्रो किस्ता पेश्की दिने र सम्पूर्ण कार्य पूरा भएपछि बाँकी रकम भुक्तानी गर्नुपर्नेमा शतप्रतिशत पेश्की दिई उपभोक्ता समितिको खाता रोक्कागर्ने परिपाटी नियमसम्मत देखिएन ।

जिल्ला विकास समिति, सर्लाहीले निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ ७ योजनाको लागि आर्थिक वर्षको अन्तमा आषाढ २६ देखि ३१ गतेभित्र सम्झौता रकम रु.४३ लाख ४० हजार पूरै पेश्की दिएको पाइयो ।

नियमविपरीत पेश्की दिने कार्य बन्द हुनुपर्दछ ।

१५. **जमानत –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १२१ (२) मा पेश्की दिँदा निर्माण व्यवसायीबाट बैङ्क जमानत लिई पेश्की दिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, दार्चुलाले पशुपति शिक्षामन्दिर निर्माण कार्य २०६४।६।२५ सम्ममा गर्नेगरी एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा २०६४।१२।२५ सम्म म्याद थप भएको देखियो । तत्पश्चात निर्माण कार्यको म्याद थप नभएकोमा यस वर्ष बैङ्क जमानतबिना नै रु.५ लाख पेश्की उपलब्ध गराएको छ । निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको २ वर्षपछि सम्म म्याद थप नगरी बिना जमानत निर्माण व्यवसायीलाई पेश्की दिनु नियमसंगत देखिएन ।

१६. **वर्षान्तको खर्च** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०५ मा नेपाल सरकारले बार्षिक कार्यक्रम र बजेट पारित भएपछि जिल्ला विकास योजना कार्यान्वयन गर्न आवश्यक मार्गदर्शनसहित निकासा पठाउनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिले प्राप्त निकासाको समयमै कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । ३५ जिल्ला विकास समितिले नेपाल सरकारको पूँजीगत अनुदानअन्तर्गत प्राप्त रकम आषाढ महिनामा खर्च गरेको स्थिति देहायअनुसार देखियो:

(रु. हजारमा)

क्र.सं.	विवरण	संख्या	कुल खर्च	आषाढको खर्च	प्रतिशत
१.	४० प्रतिशतसम्म खर्च गर्ने	७	१,०९,८०,५०	१,३०,०९,८२	२८.३२
२.	४१ देखि ६० प्रतिशतसम्म खर्च गर्ने	१४	१,८५,४९,७५	९२,९२,१६	५०.०९
३.	६१ देखि ७५ प्रतिशतसम्म खर्च गर्ने	८	१,२८,३५,८९	८३,०७,९९	६४.७२
४.	७६ प्रतिशत भन्दा बढी खर्च गर्ने	६	७२,८४,९९	५९,४८,६९	८१.६५

समयमै अख्तियारी नदिनु, जिल्ला विकास समितिले दलीय सहमति कायम गरी बजेट बाँडफाँड गरी कार्यान्वयन गर्न नसक्नु, उपभोक्ता समितिसँग बर्षान्तमा सम्झौता गरी पेश्की दिनु आदि कारणले आर्थिक वर्षको अन्त्यमा बढी खर्च भएको पाइयो । यस सम्बन्धमा मन्त्रालय, जिल्ला परिषद्, दलीय संयन्त्र र जिल्ला विकास समितिले ध्यान दिनु जरुरी छ ।

१७. **बिक्री तथा निकासी** – व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ ले कुनै पनि क्षेत्रबाट ढुङ्गा, गिट्टी, ग्राभेल सङ्कलन गरी तोकिएको स्थानमा घाट गद्दी गरी सम्बन्धित निकायले नापजाँच गरी सो वस्तु लैजान पाउने व्यवस्था गर्ने, ठेक्का लगाउँदा निश्चित परिमाण र क्षेत्रसमेत तोक्ने निर्देशन दिएको छ ।

यो वर्ष १८ जिल्ला विकास समितिले ६३ ठेक्कापट्टाबाट रु.३८ करोड ८३ लाख ८२ हजारको आय ठेक्का प्रदान गरी सम्झौता गरेको पाइयो । निर्दिष्ट क्षेत्रबाट तोकिएको अवधिभित्र ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्न पाइने परिमाणको हद तोक्ने नगरेकोले ती सामग्रीहरुको ठेक्काबाट उठ्न सक्ने अनुमानित आय तथा सम्झौता रकमको पुष्ट्याईको आधार यकिन गर्न सकिएन । यस्तो कारोबारले ठेकेदारले असीमितरुपमा आम्दानी गर्ने र प्राकृतिक स्रोत साधनको अनियन्त्रितरुपमा दोहन हुने स्थिति देखिएको छ ।

ग्रामीण पुन: निर्माण तथा पुनर्स्थापना आयोजना

१८. **न्यून प्रगति** – आयोजनाको मुख्य कार्य ग्रामीण सडक, पूर्वाधार विकास, समुदायको क्षमता अभिवृद्धि, संस्थागत क्षमता विकास आदि रहेको छ । आयोजनाको कुल अवधि ४ वर्ष रहेकोमा यो वर्षसम्म २ वर्ष ६ महिना व्यतित हुँदा १२.६७ प्रतिशत वित्तीय प्रगति भएको छ ।

१९. **सामान दाखिला** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) मा कार्यालयमा खरिद गरी वा अन्य कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । आयोजना समन्वय इकाई कार्यालयले रु.३० लाख ५३ हजारका विभिन्न मेसिनरी र १ सवारीसाधन १० आयोजना कार्यालयलाई हस्तान्तरण गरेकोमा सो कार्यालयमा उक्त सामान दाखिला गरेको छैन । हस्तान्तरित सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

२०. **सामान अन्यत्र प्रयोग** – जुन प्रयोजनको लागि सामान खरिद गरिएको हो सोही प्रयोजनमा उपयोग हुनुपर्दछ । आयोजना सञ्चालन तथा अनुगमन गर्ने प्रयोजनको लागि खरिद गरिएका १३ मोटरसाइकल स्थानीय विकास मन्त्रालय र स्थानीय पूर्वाधार तथा कृषि सडक विभागका विभिन्न कर्मचारीलाई प्रयोग गर्न दिएको देखियो । उक्त साधन फिर्ता लिई आयोजनासँग सम्बन्धित कार्यमा प्रयोग हुनुपर्दछ ।

२१. **सपिङ्ग** – एसियाली विकास बैङ्कको खरिद निर्देशिकामा १ लाख अमेरिकी डलरसम्मको मालसामान सपिङ्ग विधिबाट खरिद गर्न सकिने व्यवस्था छ । आयोजना कार्यालय, डडेल्धुराले १५ झोलुङ्गेपुलको फेब्रिकेशन पार्टस् (स्टील डेक,

नटबोल्ट आदि) खरिद गर्न ३ प्याकेज बनाई सपिङ्ग विधिअनुसार खरिद गरी एक आपूर्तकलाई रु.१ करोड ४५ लाख १६ हजार भुक्तानी गरेको छ । एकैपटक खरिद गर्नुपर्ने सामान प्रतिस्पर्धालाई सीमित गर्ने उद्देश्यले ३ प्याकेज गरी खरिद गर्नु औचित्यपूर्ण देखिएन ।

आपूर्तकले उपभोक्ता समितिलाई २०६७।३।२५ भित्र सामान बुझाउने गरी सम्झौता भएकोमा २०६७।३।२३ मा सडक प्रवेशबिन्दु (रोडहेड) सम्म सामान ढुवानी कार्य सम्पन्न गरेको आधारमा रकम भुक्तानी गरेको छ । वर्षाको कारण उल्लेख गरी उक्त सामान आपूर्तकको धनगढी गोदाममा रहनेगरी २०६७।३।२५ मा सोही आपूर्तकसँग पुन: सम्झौता गरेको छ । सम्झौताअनुसार उपभोक्ता समितिलाई सामान नबुझाई ठेकेदारलाई रकम भुक्तानी गर्नु मनासिब भएन ।

२२. **मुआब्जा** – आयोजना कार्यालय, डडेल्धुराले आर्थिक वर्षको अन्त्यमा सडक प्रभावित क्षेत्रका जनतालाई मुआव्जा वितरण गर्न निकासा लिएको रु.६९ लाख १० हजार खर्च लेखी २०६७।४।५ मा धरौटी खातामा जम्मा गरेको पाइयो । आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नगराउने उद्देश्यले धरौटी खातामा रकम जम्मा गर्न मिल्दैन ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

स्थानीय निकायमा सहभागितात्मक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने, समाजमा आर्थिक सामाजिकरुपले पिछडिएका एवं मूलप्रवाहीकरण हुन नसकेका महिला, बालबालिका, दलित, आदिवासी, जनजातीलाई सशक्तिकरण एवं मूलप्रवाहीकरण गर्ने, स्थानीय निकायमा स्रोत साधनको उपलब्धता वृद्धि गर्ने तथा स्थानीय निकायको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले १३ दातृ निकायको सहयोगमा यो कार्यक्रम गत वर्षदेखि सञ्चालनमा आएको छ । यस सम्बन्धा देखिएका व्यहोरा निम्नानुसार छन्:

२३. **लेखापरीक्षण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ (२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय–व्ययको लेखा एवं आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । दातृ निकायसँग २०६५ चैत्र १६ मा भएको सम्झौतामा समेत कार्यक्रमको खर्च महालेखापरीक्षकको कार्यालयबाट परीक्षण हुने व्यवस्था छ । कार्यालयबाट उपलब्ध विवरणअनुसार संयुक्त राष्ट्रसंघको स्रोतबाट २०६६।६७ मा रु.१० करोड ४७ लाख ८४ हजार खर्च गरेको छ । उक्त खर्चको लेखापरीक्षण गराउन २०६७।१०।२८ मा अनुरोध गरिएकोमा स्रेस्ता उपलब्ध हुन सकेन । यस सम्बन्धमा कार्यान्वय इकाईले दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गराएको जवाफ दिए तापनि ऐन एवं द्विपक्षीय सम्झौता प्रतिकूल हुने गरी लेखापरीक्षण गराएको मिल्दो देखिएन ।

२४. **पदपूर्ति** – यस कार्यक्रमको कार्यान्वयन इकाईको रुपमा जिल्ला विकास समिति ७५, नगरपालिका ५८ र गाउँ विकास समिति ३ हजार ९१५ रहेका छन् । कार्यान्वयन इकाईको रुपमा रहेका ३ हजार ९१५ गाउँ विकास समितिको प्रशासकीय प्रमुखको रुपमा गाउँ विकास समितिको सचिव रहेको र हाल निर्वाचित जनप्रतिनिधि नरहेको अवस्थामा सचिवले नै गाउँ विकास समितिको प्रमुख भई कार्य सम्पादन गरिरहेको स्थिति छ । कार्यक्रमको मध्यावधि समीक्षा प्रतिवेदनका अनुसार सचिवको पद ७३५ गाउँ विकास समितिमा रिक्त रहेको पाइयो । गाउँ विकास समितिका सचिव रिक्त हुँदा स्थानीय जनताको दैनिक प्रशासकीय कार्यलगायत विकास निर्माणको कार्य समयमा हुनसक्ने अवस्था देखिएन ।

२५. **बढी भुक्तानी** – जिल्ला विकास समिति, धनुषाले जनकपुर नगरपालिका वडा नं.९ बाह्र बिघामा सार्वजनिक शौचालय निर्माण कार्यको लागत अनुमान रु.६० लाख ९३ हजारमध्ये यस कार्यक्रमबाट रु.१९ लाख ९ हजार, जनकपुर नगरपालिकाबाट रु.९५ हजार, जिल्ला विकास समितिबाट रु.१ लाख ९१ हजार र जनसहभागिताबाट रु.१ लाख ९१ हजार व्यहोर्ने गरी रु.२३ लाख ८७ हजारमा २०६६।६७ भित्र कार्य सम्पन्न गर्ने गरी २०६७।१।३० मा उपभोक्ता समितिसँग सम्झौता गरेको पाइयो । प्रथम रनिङ बिलअनुसार रु.१६

लाख ८४ हजारको कार्य भएकोमा रु.२३ लाख ८४ हजार भुक्तानी गरेको छ । प्राविधिक मूल्याङ्कनभन्दा बढी भुक्तानी भएको रु.७ लाख असुल हुनुपर्दछ ।

यसैगरी जिल्ला विकास समिति, सिन्धुपाल्चोकले एक सिंचाई योजनाको कार्य सम्पन्न प्रतिवेदनमा उल्लिखित रकमभन्दा रु.३ लाख ७ हजार बढी भुक्तानी गरेको असुल हुनुपर्दछ ।

२६. **अवण्डा रकम** – स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ मा आयोजनाहरु जिल्ला परिषद्बाट स्वीकृत हुनुपर्ने र बजेट आयोजनागत रुपमा विनियोजन नगरी विविध वा अवण्डा शीर्षकमा राखी पटके निर्णयबाट खर्च गर्न नपाइने उल्लेख छ । स्याङजा जिल्ला विकास समितिको अठारौं जिल्ला परिषद्ले सडक, खानेपानी, स्थानीय पूर्वाधार, महिला, बालबालिका, दलित, आदिवासी, जनजाती सम्बन्धी ५ शीर्षक तोकी रु.१ करोड २५ लाख अवण्डामा राखेको पाइयो । परिषद्ले अवण्डामा राखेको रकमलाई सर्वदलीय संयन्त्रले २०६७।९।३० मा २३ योजनामा बाँडफाँड गरी १९ योजना कार्यान्वयन गरेको देखियो । निर्देशिकाले तोकेअनुसार परिषद्ले योजना र बजेट पारदर्शी तवरले बाँडफाँड गर्नुपर्दछ ।

ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम

२७. **अधुरो कार्य** – जिल्ला विकास समिति, कपिलवस्तुले मोतिपुरस्थित ओभरहेड खानेपानी ट्याङ्कीको निर्माणको एक ठेकेदारलाई प्रथम रनिङ बिलको रु.१२ लाख ३० हजार २०६७।३।२५ मा भुक्तानी गरेको छ । सम्बन्धित साइट इञ्चार्जले २०६७/३/२४ मा दिएको प्रतिवेदन र ठेकेदारले सोही मितिमा विभिन्न माग राखी काम स्थगित गरेको जानकारी दिएको छ । जिल्ला प्राविधिक कार्यालयले २०६७।३।२५ मा कार्यालयलाई लेखेको पत्रबाट कार्य सम्पादन जमानीको म्याद पर्याप्त नरहेको, फलामे छडको परीक्षण प्रमाणपत्र पेश नभएको र संशोधित कार्यतालिका लगायतका कागजात अपुग भएकोले सो प्राप्त गरेर मात्र भुक्तानी दिनुपर्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । कार्यालयले रनिङ्ग बिलको रकम भुक्तानी गर्दा मोबिलाइजेशन पेश्की समेत कट्टा नगरी पूरै रकम भुक्तानी गरेको पाइयो । यसले गर्दा गत वर्षको बाँकी पेश्की रु.११ लाख ७५ हजार जोखिममा रहन गएको पाइयो ।

ढल्केको ओभरहेड पानी ट्याङ्की

२०६७।५।१६ मा निर्माणस्थलको स्थलगत भ्रमण गर्दा निर्माण कार्यमा कामदार तथा ठेकेदारका प्रतिनिधि नरहेको, केही डण्डी मौज्दात रहेकोमा लामो समयदेखि खुल्ला चौरमा राखिएको कारण अत्यधिक खिया लागेको पाइयो । त्यसैगरी निर्माणाधीन ओभरहेड पानी ट्याङ्कीसमेत ढल्केको पाइयो ।

२८. **पाइप मौज्दात** – कार्यालयले आवश्यकताको पहिचान गरी खरिद योजना तयार बनाई पाइप तथा अन्य सामग्री खरिद गर्नुपर्नेमा निम्न जिल्लाले आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्यले माग विवरण र खरिद योजना बेगर पाइप खरिद गरी मौज्दात राखेको पाइयो । विगत वर्ष खरिद गरिएको पाइप उपयोग नहुँदै मौज्दात राख्ने प्रयोजनको लागि खरिद गर्नु उपयुक्त होइन ।

(रु.हजारमा)

क्र.सं.	जि.वि.स.को नाम	२०६५।६६ को मौज्दात	२०६६।६७ मा खरिद	जम्मा	२०६६।६७ मा उपयोग	बाँकी	मौज्दात पाइपको मूल्य
१	पाल्पा	२३,७११ मि.	२८,५४० मि.	५२,२५१ मि.	२०,३५८ मि.	३१,८९३ मि.	२२,४०
२	पर्वत	१९,६४३ मि.	३६,१०० मि.	५५,७४३ मि.	२,४३३ मि.	५३,३१० मि.	१०,९५
	जम्मा	**४३,३५४ मि.**	**६४,६४० मि.**	**१,०७,९९४ मि.**	**२२,७९१ मि.**	**८५,२०३ मि.**	**३३,३५**

२९. **अमानत** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार स्थानीयस्तरमा सञ्चालन हुने आयोजनामध्ये रु.३५ लाख लागत अनुमानसम्मका कार्यक्रम स्थानीय उपभोक्ता समूहद्वारा गठित उपभोक्ता समितिमार्फत गराउन प्राथमिकता दिनुपर्ने व्यवस्था छ । त्यसैगरी ठेक्काद्वारा काम गराउँदा रु.१० लाखभन्दा बढी निर्माण वा मालसामान वा अन्य सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक तवरबाट बोलपत्रद्वारा गराउनुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, महोत्तरीले यस वर्ष कार्यक्रमको लागि खर्च गर्न २०६५।७।२९ मा रु.६० लाखको अख्तियारी पत्र प्राप्त गरेकोमा २०६६।३।२ मा निकासा लिई सर्बदलीय राजनीतिक संयन्त्रको २०६६।२।२० को बैठकको निर्णयको आधारमा ३ कार्यक्रमको लागि सामग्री खरिद गर्न रु.३७ लाख कार्यालयका एक इन्जिनियरलाई पेश्की दिएको देखियो ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम

३०. **अनुगमन** – निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०६५ नियम ८ (क) २ मा संविधान सभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरेका कार्यक्रमको वर्षमा कम्तीमा एकपटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सभासदको सिफारिसमा कार्यान्वयन गरिएका योजनाको अधिकांश जिल्लाहरुले अनुगमन गरेको पाइएन ।

३१. **प्राविधिक मूल्याङ्कन** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १३३ मा प्राविधिक कर्मचारीबाट स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशनअनुसार काम भए नभएको नापजाँच गराई कार्य सम्पन्न प्रतिवेदन र नापी किताब पेश भएपछि सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, दार्चुला र सिन्धुपाल्चोकले प्राविधिक मूल्याङ्कन, नापी किताब र कार्य सम्पन्न प्रतिवेदनबेगर सभासदको सिफारिसमा शहीद प्रतिष्ठान भवन निर्माण गरेबापत उपभोक्ता समितिलाई क्रमश: रु.१७ लाख ४० हजार र रु. १७ लाख ७८ हजार भुक्तानी दिएको छ ।

३२. **सामानको स्थिति** – एक सभासदको सिफारिसमा रुपन्देही जिल्ला विकास समितिले गोनाहा गाउँ विकास समितिस्थित स्थानीयलाई तालिम उपलब्ध गराउन कम्प्युटर खरिद गरी एक युवा क्लबसँग सम्झौता गरेको छ । उक्त युवा क्लबले रु.४ लाख ५० हजारमा ११ कम्प्युटर खरिद गरेको बिल जिल्ला विकास समितिमा पेश गरी रकम भुक्तानी लिएको छ । ती कम्प्युटर प्रयोगको सम्बन्धमा आश्वस्त हुन सम्बन्धित गाउँ विकास समितिमा २०६७।९।७ मा निरीक्षण गर्दा उक्त युवा क्लब पत्ता लागेन । जिल्ला विकास समितिका कर्मचारीमार्फत सम्बन्धित गाउँ विकास समितिका सचिवसँग सम्पर्क गर्दा उक्त क्लब तथा कम्प्युटरको बारेमा जानकारी नरहेको अवगत हुन आयो । अत: यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

३३. **आर्थिक सहायता** – निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०६५ को नियम ४. १(क) मा सभासदले कुनै पनि गैरसरकारी संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने, दामासाहीले रकम वितरण गर्ने, कुनै राजनैतिक दल वा तिनका भातृ संगठनलाई आर्थिक सहायता दिने गरी कार्यक्रम छनौट तथा सञ्चालन गर्न नसकिने उल्लेख छ । दोलखा जिल्लाका ३ सभासदले १ एफ.एम.सञ्चालन गर्न रु.३ लाख र एक सभासदले व्यक्तिलाई रु.५० हजार आर्थिक सहायता दिएको छ । यसैगरी तनहुँ जिल्लाका ४ सभासदले शहीदका परिवारलाई आर्थिक सहायताबापत रु.८ लाख वितरण गरेको र बारा जिल्लाको दुई सभासदको सिफारिसमा पत्रकार महासंघलाई आर्थिक सहायताबापत रु.१ लाख ५० हजार वितरण गरेको छ ।

३४. **बजेट कार्यान्वयन** – निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०६५ को नियम ३ (३) मा एक आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिने रु.५० हजारभन्दा बढी लागत भएका बढीमा ७ सम्म कार्यक्रम छनौट गरी सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पहिलो चौमासिकभित्र पेश गरिसक्नुपर्ने व्यवस्था छ । रुपन्देही जिल्लाका १२ सभासदले दोस्रो चौमासिकको अन्त्यमा ४ देखि १४ सम्म कार्यक्रम बनाई पेश गरेको देखियो । आर्थिक वर्षभित्र सम्पन्न गरिसक्नुपर्नेमा तेस्रो चौमासिकको अन्त्यमा रु.१ करोड ४ लाख १६ हजार पेश्की दिएको छ । कानूनविपरीत हुने गरी कार्यक्रम बनाउने, पेश गर्ने तथा पेश्की लिने दिने जस्ता कार्यलाई नियमसम्मत मान्न सकिएन ।

३५. **अनुदान** – निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०६५ नियम (९) मा कार्यक्रममा भएको खर्चको बिल भरपाई सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले पेश गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, दोलखाले निर्देशिकाविपरीत बिल भरपाई र प्राविधिक जाँचपास बेगर विभिन्न १२ योजनाका लागि उपभोक्ता संस्थालाई रु.७ लाख ७३ हजार अनुदान उपलब्ध गराएको छ ।

३६. **भवन निर्माण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा २०१ मा जिल्ला विकास योजना तर्जुमा गर्दा सर्वसाधारणलाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक, कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने, स्थानीय साधन, सीप र क्षमताको परिचालनवाट सञ्चालन हुनसक्ने, वातावरण संरक्षणमा सघाउ पुऱ्याउने, र पिछडिएका तथा उत्पीडित जाति जनजाति एवं महिला र बालबालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, नुवाकोटले विदुर नगरपालिका वान्द्रेस्थित लागत अनुमान रु.३४ लाख ३८ हजार भएको शहीद प्रतिष्ठान भवन निर्माणको लागि तीन सभासदको बजेटबाट रु.९ लाख ३५ हजारका दरले रु.२८ लाख ५ हजार व्यहोर्ने गरी उपभोक्ता समितिसँग २०६७।१।१५ मा सम्झौता गरी पुरै भुक्तानी गरेको पाइयो । शहीद प्रतिष्ठानले एक राजनैतिक दलसँग २०६७।३।२५ मा दशवर्षे लिज सम्झौता गरी जग्गा प्राप्त गरेको देखिन्छ । सो संस्थाको कानूनी अस्तित्व, विधान र सञ्चालन विधि एवं भवन प्रयोगबाट प्राप्त हुने आय उपयोगको व्यवस्था, त्यसका लाभग्राहीहरु सुनिश्चित गर्नेतर्फ कार्यालयले ध्यान दिएको देखिएन ।

३७. **कार्यक्रम छनौट–** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०६५ को नियम ४(१) को खण्ड (क) मा कुनै राजनैतिक दल वा तिनका भातृ संगठनलाई आर्थिक सहायता दिनेगरी कार्यक्रम छनौट तथा सञ्चालन गर्न नपाइने उल्लेख छ । बैतडी जिल्लाका ३ सभासद्को सिफारिसमा सहिद स्मृति भवन र दशरथ चन्द स्मृति भवन निर्माण गर्न रु.१४ लाख ६० हजार र स्याङजा जिल्लाका २ सभासद्को सिफारिसमा बी.पी.स्मृति प्रतिष्ठान र मदन आश्रित स्मृति प्रतिष्ठान निर्माण गर्न रु.७ लाख ९४ हजार भुक्तानी दिएको देखियो । ती भवन रहेको जग्गा संस्थाको नाममा दर्ता भएको प्रमाण पेश भएन ।

सामाजिक सुरक्षा कार्यक्रम

३८. **बाल संरक्षण** – नेपाल सरकारले २०६६।६७ को बजेट वक्तव्यमार्फत विपन्न दलित परिवार र कर्णाली अञ्चलका बाल बालिकालाई मासिक रु.२००।– का दरले बाल संरक्षण अनुदान दिने व्यवस्था गरेको छ । डडेल्धुरा जिल्ला विकास समितिले बाल संरक्षण अनुदानबाट वृद्ध, अपाङ्ग र एकल महिला भत्तामा रु.२३ लाख १० हजार खर्च गरेको छ ।

३९. **बढी भुक्तानी** – जिल्ला विकास समिति, डडेल्धुराले गाउँ विकास समितिलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न दिइएको पेश्कीमध्ये ६ गाउँ विकास समितिबाट प्राप्त भरपाईभन्दा बढी फछ्यौंट गरेको रु.५ लाख १२ हजार असुल हुनुपर्दछ ।

४०. **सञ्चित कोष** – सामाजिक सुरक्षा भत्ता वितरणबाट बचत रकम सञ्चित कोष दाखिला गरेको प्रमाणको आधारमा पेश्की फछ्यौंट गर्नुपर्नेमा जिल्ला विकास समिति, धनुषाअन्तर्गतका १४ गाउँ विकास समितिको पेश्की फछ्यौंट गर्दा बचत रु.९ लाख ७५ हजार जिल्ला विकास समितिको खातामा दाखिलाको आधारमा गरेकोले उक्त रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

४१. **निर्देशिका पालना** – सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०६५ को बुँदा ९(क) मा भत्ता/वृत्ति भुक्तानी व्यवस्था अन्तर्गत गाउँ विकास समिति/नगरपालिकाले अघिल्लो किस्ताबाट वितरण गरेको प्रगति विवरण र भुक्तानी गरेको भरपाई प्राप्त भएपछि जिल्ला विकास समितिको कार्यालयले सम्बन्धित निकायलाई निकासा दिनुपर्ने व्यवस्था छ । भत्ता/वृत्ति वितरण गर्दा स्थानीय राजनीतक दल एवं समुदायमा आधारित संघ संस्थाका कम्तिमा ५ प्रतिनिधि र स्थानीय भलादमीको रोहवरमा वितरण गरी मुचुल्का एवं भरपाई संलग्न गरी

राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, सप्तरीबाट चालू वर्ष राजविराज नगरपालिका र ११४ गाउँ विकास समितिको नाममा निकासा भएको पूरै रु.१६ करोड ८४ लाख ५१ हजार पेश्की बाँकी राखेको पाइयो ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम

४२. **योजना छनौट –** स्थानीय विकास मन्त्रालयले खर्च गर्ने अख्तियारीसाथ पठाएको थप निर्देशनमा कार्यालयले कार्यक्रम तर्जुमा गर्दा साधन स्रोतको सीमिततालाई ध्यानमा राखी प्रभावकारी कार्यान्वयन र ठोस उपलब्धि हांसिल गर्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने उल्लेख छ । जिल्ला विकास समिति, नुवाकोटको सर्वदलीय संयन्त्रको २०६६।१२।२० को बैठकले गत वर्ष सञ्चालन भएका ६३ सडकमध्येबाट अन्य कार्यक्रमको बजेट समावेश नभएका विभिन्न ५८ सडकको लागि रु.२ लाख ४० हजारका दरले रु.१ करोड ३९ लाख २० हजार बाँडफाँड गरेको पाइयो । छनौट भएका योजनामध्ये १४ योजना मात्र जिल्ला सडक गुरुयोजनामा परेको देखिन्छ । जिल्ला सडक गुरुयोजनामा परेका सडकहरुमध्येबाट प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्नेमा अत्यधिक योजना छनौट गरी विनियोजित रकम दामासाहीले बाँडफाँड गरेबाट न्यून बजेट विनियोजन हुन गई योजना कार्यान्वयन हुनसक्ने अवस्था देखिएन ।

४३. **अमानत –** यो वर्ष मन्त्रालयले २०६६।५।२ मा अख्तियारी पठाए तापनि जिल्ला विकास समिति, बाराले एक प्राविधिक कर्मचारीमार्फत विभिन्न ७ सडक अमानतमा निर्माण गराई रु.१ करोड १ लाख २ हजार भुक्तानी गरेको छ । कार्य सम्पन्न प्रतिवेदनमा कामको परिमाण एवं चेनेज उल्लेख नहुनु र वर्षान्तमा कार्य गर्न स्वीकृति प्राप्त मितिले १५ दिनभित्र कार्य सम्पन्न भएको उल्लेख गरी भुक्तानी हुनुले निर्माण कार्य शंस्कास्पद देखिन्छ । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

४४. **सर्भे –** जिल्ला विकास समिति, महोत्तरीले आयोजनाको लागि छुट्याएको कन्टिन्जेन्सी रकमबाट एक कर्मचारीमार्फत सर्भे गराई रु.४ लाख भुक्तानी गरेको पाइयो । आयोजना सर्भेको प्रतिवेदन एवं विस्तृत विवरण र बिल भरपाईबेगर ठाडो निवेदनको आधारमा भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

४५. **सार्वजनिक परीक्षण –** निर्माण खरिद सम्झौताको शर्त नं.२८ मा जाँचपास तथा फरफारक समितिबाट जाँच भइसकेपछि नियमानुसार सार्वजनिक परीक्षण गराई अन्तिम बिल भुक्तानी दिइने उल्लेख छ । जिल्ला विकास समिति, सिराहाले यस कार्यक्रम अन्तर्गत सञ्चालित १५ सडक निर्माणसँग सम्बन्धित कार्यको अन्तिम बिलको रु.६५ लाख २२ हजार भुक्तानी गर्दा सम्झौतानुसार उक्त समितिबाट जाँचपास तथा फरफारक एवं सार्वजनिक परीक्षण गरेको प्रमाण पेश गरेको पाइएन । पारदर्शिताको लागि सम्झौतानुसार सार्वजनिक परीक्षण गर्नुपर्दछ ।

४६. **अभिलेख –** ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत जिल्ला विकास समिति, सिरहाले विभिन्न ग्रामीण सडकको खण्डमा कल्भर्ट निर्माण गर्न रु.२३ लाख ३६ हजारको ह्यूम पाइप खरिद गरी उपभोक्ता समितिमार्फत कार्य गराई खर्च लेखेको पाइयो । कल्भर्ट निर्माण कार्यको नापी किताबमा चेनेज उल्लेख गरेको छैन । साथै सो कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार नगर्नुका अतिरिक्त सामाजिक परीक्षण गराएको समेत देखिएन ।

झोलुङ्गेपुल क्षेत्रगत तथा स्थानीयस्तरका सडक पुल कार्यक्रम

४७. **लागत अनुमान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । सस्पेन्सन बृज डिभिजन, ललितपुरले जिल्लाको दररेट निर्धारण समितिले तोकेको दररेटलाई आधार मानी लागत अनुमान तयार गरेकोमा नेपाली सिमेन्टको दर प्रतिबोरा रु.५४४।– रहेकोमा दर विश्लेषणमा रु.६२०।– कायम गरी लागत अनुमानमा तयार गरेकोले यो वर्ष सम्झौता भएको ८ झोलुङ्गेपुल निर्माणको कुल लागत रु.११ करोड ६२ लाख ८६ हजारमा रु.१७ लाख ७ हजार लागत वृद्धि हुन गएको छ ।

४८. **सामान दाखिला** – स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२३ मा आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित स्पेसिफिकेशन र गुणस्तरको भए नभएको निरीक्षण वा परीक्षण गरी जिन्सी किताबमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, धनुषाले जलाद नदीमा झोलुङ्गेपुल निर्माणको लागि ४ आपूर्तकबाट स्टील स्ट्रक्चर र स्टील डेकका समानहरु प्रतिलिपि कर बीजकको आधारमा रु.५ लाख ९९ हजार भुक्तानी गरेको छ । उक्त मालसामानको गुणस्तर परीक्षण नभएको साथै जिन्सी दाखिला गरेको छैन ।

४९. **अनुदान –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहितको लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, स्याङजाले २०६७।३।२९ मा सर्वदलीय संयन्त्रबाट निर्णय गरी विद्युत विकास कार्यक्रमअन्तर्गत ४ गाउँ विकास समितिलाई विद्युतीकरण कार्यमा खर्च गर्नेगरी रु.४० लाख र जिल्ला विकास समिति, दोलखाले १८ योजनालाई रु.१४ लाख २८ हजार सशर्त अनुदान दिएको छ । अनुदान दिँदा कार्य प्रगति अनिवार्य रुपमा जिल्ला विकास समितिमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा आर्थिक वर्ष व्यतीत भएको ६ महिनासम्म सम्बन्धित गाउँ विकास समितिले प्रगति विवरण पेश गरेका छैनन् । खर्च गर्ने योजनासमेत नतोकी आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नगराउन अनुदान दिनु उपयुक्त होइन । उक्त रकमबाट भएको कार्यको प्राविधिक मूल्याङ्कनसहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

५०. **अधुरो योजना –** जनसहभागितामा आधारित विकास कार्यक्रमअन्तर्गत समयमा निर्माण सम्पन्न नभई अधुरो रहेका योजनासम्बन्धी विवरण उपलब्ध गराइदिन २०६७।८।१० र २०६७।८।२२ मा अनुरोध गरिएकोमा उक्त विवरण प्राप्त भएन । जिल्ला विकास समिति, सप्तरीको अभिलेखको नमूना छनौट गरी परीक्षण गर्दा २०५४/५५ मा रु.२० लाख लागतमा २०५६।३।३० मा सम्पन्न हुने गरी सम्झौता भएका दुई योजनाको प्रथम किस्ताबापत रु.७ लाख २५ हजार खर्च भएको पाइयो । ती योजनामा जनसहभागिताको अंश रु.६ लाखको कार्य भएको देखिएन ।

रम्पुरा–मल्हनिया–५, सकरदेव नदीको पुलको निरीक्षण गर्दा पूर्वतर्फको एबुटमेन्ट झुकेको र पश्चिमतर्फ एबुटमेन्टको पियर टिल्ट भएको अवस्थामा र अर्को पुलको आर.सी.सी. एबुटमेन्टको कार्य निर्माणाधीन अवस्थामा रहेको पाइयो । थालनी भएका कार्य वर्षौंसम्म सम्पन्न नगरी अधुरो छाड्नु उपयुक्त होइन ।

५१. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा निर्माण कार्य प्रविधिक नापजाँच गराई कार्यसम्पादनको आधारमा बिल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । जिल्ला प्राविधिक कार्यालय, खोटाङले कार्यालयको भवन निर्माण २०६७।३।२५ सम्ममा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग रु.३ करोड २ लाख ४ हजारको ठेक्का सम्झौता गरेकोमा सो निर्माण कार्य सम्झौता अवधिभित्र सम्पन्न गरेको देखिएन । २०६७।५।२० मा स्थलगत निरीक्षण गर्दा डण्डी तथा फर्माको काम, पी.सी.सी फ्लोरिङ्ग, प्लास्टर, पनिङ्गको काम पूरै र आर.सी.सी.ढलानको काम आंशिक रुपमा बाँकी रहेको अवस्थामा पनि कार्य सम्पन्न देखाई नापी किताबमा समावेश गरी रु.३५ लाख २८ हजार बढी भुक्तानी गरेको पाइयो । यथार्थभन्दा बढी नापी गर्ने र स्वीकृत गरी भुक्तानी दिने कर्मचारीउपर कारबाही गरी बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।

समितितर्फ

५२. **कर दस्तुर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद (६) अनुसार समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा आदि उठाउन सक्ने र ऐनको दफा २६० अनुसार यस्तो रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । जिल्ला विकास समिति ४६ ले कर, दस्तुर आदि उठाउने ठेकेदारहरुबाट गत वर्षसम्मको रु.१५ करोड ३४ लाख ३७ हजार र यो वर्षको रु.१४ करोड ५ लाख १ हजार समेत रु.२९ करोड ३९ लाख ३८ हजार असुल गरेका छैनन् ।

५३. **प्रशासनिक खर्च** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२ को उपदफा ७ को प्रयोजनको लागि जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधिभित्र रही ऐनअनुसार कर शुल्क, सेवा शुल्क, दस्तुर र भाडा बापत उठाएको कुल रकमको आधारमा तोकिएअनुसार प्रशासनिक खर्च गर्नसक्ने व्यवस्था छ । बढी प्रशासनिक खर्चको चार वर्षको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

आर्थिक वर्ष	जिल्ला विकास समितिको संख्या	बढी खर्च
२०६३/६४	७०	१६,९९,२६
२०६४/६५	५७	१८,४२,१८
२०६५/६६	६३	२१,८७,८३
२०६६/६७	५२	२४,०७,०७

जिल्लामा भएको आम्दानीबाट प्रशासनिक कार्यमा अत्यधिक खर्च गरेपछि स्थानीय विकास निर्माणमा प्रत्यक्ष असर पुग्ने हुनाले यस्तो परम्परामा नियन्त्रण गर्नुपर्नेतर्फ विगत वर्षका प्रतिवेदनमा उल्लेख गरे तापनि सुधार भएको देखिएन ।

५४. **आर्थिक सहायता** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५३ मा बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले गत वर्षको यथार्थ कुल आम्दानी रकमको वार्षिक अधिकतम एक प्रतिशत वा एक लाख रुपैयाँमध्ये जुन कम हुन्छ सो रकम सभापतिले आर्थिक सहायतामा खर्च गर्नसक्ने र यस्तो खर्च मासिकरुपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यस वर्ष २६ जिल्ला विकास समितिले तोकिएको सीमा नघाई रु.२ करोड ४ लाख ५ हजार आर्थिक सहायता वितरण गरेको देखियो ।

५५. **आय छुट** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७० मा ठेकेदारले सम्झौताअनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा बढीमा १० प्रतिशतसम्म छुट दिन सकिने र यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको उक्त व्यवस्था विपरीत एकमुष्ट रकम नबुझाउँदा समेत आय छुट दिएका व्यहोरा निम्नानुसार छन्:

५५.१ जिल्ला विकास समिति, दाङले बोलपत्र सूचना प्रकाशन गर्दा छुट दिने व्यहोरा उल्लेख नगरी ७ ठेक्कामा १० प्रतिशतले हुने रु.१२ लाख ४८ हजार छुट दिएको पाइयो ।

५५.२ जिल्ला विकास समिति, पर्वत, तनहुँ, महोत्तरीले आय ठेक्काको लागि विभिन्न ७ ठेकेदारसँग सम्झौता गर्दा एकमुष्ट रकम नबुझाएको अवस्थामा समेत क्रमश: रु.१ लाख ८७ हजार, रु.४ लाख ७६ हजार र रु.१ लाख ७० हजार छुट दिएको पाइयो ।

५५.३ जिल्ला विकास समिति, कैलालीले कृषि जन्य उत्पादन निकासीमा कर असुल गर्ने एक व्यवसायीले कबुल गरेको ठेक अङ्क रु.८० लाखमध्ये १० प्रतिशतले हुने रु.८ लाख छुट दिई रु.७२ लाख दाखिला गरेकोमा बोलपत्रको सूचनामा छुटसम्बन्धी व्यहोरा उल्लेख नभएको र ठेकेदारले २०६६ कार्तिकसम्म ५ पटकमा रु.७२ लाख दाखिला गरेको देखिएकोले सो छुट दिन मिल्ने देखिएन ।

नियमविपरीत दिएको छुट उपर्युक्त सबै रकम असुल हुनुपर्दछ ।

जिल्ला विकास समिति, सप्तरी

५६. **घटी आय** – बालुवा, ढुङ्गा, गिट्टी भारत निकासी ठेक्कामा राजस्व परामर्श समितिले न्यूनतम मूल्याङ्कन रु.२ करोड ७५ लाख कायम गरेकोमा एक ठेकेदारसँग रु.२ करोड ७७ लाख ७० हजारमा ठेक्का सम्झौता भई निजबाट रु.१ करोड ८१ लाख ८६ हजार असुली भएको छ । व्यवस्थापिका संसदको प्राकृतिक स्रोत साधन समितिको बालुवा, ढुङ्गा, गिट्टी भारत निकासीमा रोक लगाउने निर्देशन पछि ठेक्का कारोबार पटक पटक

गरी १०९ दिन बन्द भएको र राजनैतिक संयन्त्रको निर्णयवाट पुन: सञ्चालनमा आई आर्थिक वर्षको अन्तसम्म सञ्चालनमा रहेको देखियो । १०९ दिन बन्दको प्रतिदिन रु.७७ हजारले जम्मा रु.८३ लाख ६२ हजार घटी असुल भएको छ ।

५७. **अमानत –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा तोकिएको रकमभन्दा बढीको कार्य बोलपत्रबाट गराउनुपर्ने उल्लेख छ । राजनैतिक संयन्त्रको निर्णयानुसार राजविराज नगरपालिकाको वार्ड नं.७ राजविराज सखडा गोविन्दपुर सडक मर्मतको लागि रु.१३ लाख १४ हजारको लागत अनुमान भएकोमा सो कार्य अमानतमा एक प्राविधक कर्मचारीमार्फत गराई रु.१० लाख २२ हजार खर्च लेखेको छ । सो निर्माण कार्यको लागत अनुमान तयार गर्ने, पेश्की लिई कार्य गर्ने र अन्तिम बिल जाँच गर्ने कर्मचारी एकै व्यक्ति भएको पाइयो ।

५८. **बिलबेगर खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । जिल्ला प्राविधिक कार्यालय, महोत्तरीले सडक निर्माण कार्य गराई कामको लागत अनुमान, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बेगर एक ओभरसियरलाई रु.३ लाख र अर्का एक कर्मचारीलाई रु.३ लाख ५० हजार गरी रु.६ लाख ५० हजार खर्च लेखेको छ ।

५९. **प्रशासनिक खर्च –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ मा राजस्व रकमबाट प्रशासनिक कार्यमा खर्च गर्न नसकिने उल्लेख छ । जिल्ला विकास समिति, दोलखाले रजिष्ट्रेशन दस्तुरबापत प्राप्त रु.१ करोड ३४ लाख ३६ हजारमध्ये रु.१० लाख ५७ हजार प्रशासनिक कार्यमा खर्च गरेको नियमसम्मत देखिएन ।

जिल्ला विकास समिति, सिन्धुली

६०. **बैङ्क जमानत –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९ (५) मा बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट ठेक अङ्कको तोकिएको रकम बराबरको परफरमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि पट्टा गर्नुपर्ने व्यवस्था छ । आन्तरिक आय ठेक्काका २ ठेकेदारसँग कबोल अङ्कको ४० प्रतिशत रकम बुझाएपछि सम्झौता गर्दा बाँकी ६० प्रतिशतले हुने रु.२१ लाख ७५ हजारको बैङ्क जमानत लिएको छैन । आर्थिक वर्षको अन्त्यसम्ममा निज ठेकेदारहरुसँग रु.६ लाख ७९ हजार असुल हुन बाँकी छ ।

६१. **खानी रोयल्टी –** स्थानीय स्वायत्त शासन नियमावली, २०६५ को नियम २११ को अनुसूची–२६ मा खानीबाट उठेको रोयल्टी रकमको ५० प्रतिशत रकम जिल्ला विकास समितिले पाउने व्यवस्था छ । जिल्लाको ककुरठाकुर गाउँ विकास समितिबाट निकासी हुने चुनढुङ्गामा निकासी कर सङ्कलनको लागि जिल्ला विकास समितिले सूचना प्रकाशन गरेकोमा पुनरावेदन अदालत जनकपुरको अन्तरिम आदेशले रोक्का गरेको छ । उक्त स्थानबाट खानी विभागको अनुमतिले मारुती सिमेन्ट उद्योगले चुनढुङ्गा उत्खनन् गरी निकासी गर्ने गरेको पाइयो । उक्त उद्योगले खानीबाट उत्खनन भएको चुनढुङ्गाको रोयल्टीको १० प्रतिशतले हुने स्थानीय विकास शुल्क बापत रु.४ लाख १६ हजार जिल्ला विकास समितिमा दाखिला गरेको छ । उद्योगले चुनढुङ्गा उत्खनन् गरी लगेको अभिलेख राखेको छैन । यो वर्ष ठेकेदारले रु.४१ लाख ६४ हजार रोयल्टी बुझाएको देखिएकोले सोको ५० प्रतिशतले हुने रु.२० लाख ८२ हजार जिल्ला विकास समितिले प्राप्त गर्नुपर्ने देखियो ।

६२. **लागत अनुमान –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ६४ (२) मा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विद्यालय भवन निर्माण गर्दा भवन विभागको स्वीकृत नर्म्स प्रयोग गरेको छ । जसअनुसार १ घनमिटर गाह्रो १० मि.मि.को मोटारमा लगाउन २२४X१०८X ५७ .मि.मि.साइजको ५६० इटा लाग्ने देखिन्छ । यस जिल्लामा प्रयोग हुने इँटाको साइज सामान्यतया २३०X११५X६५ मी.मी.रहेको देखियो । इँटाको साइज ठूलो हुँदा सोहीअनुसार इँटाको संख्या घटाउनुपर्नेमा कार्यालयले चण्डेश्वरी माध्यमिक विद्यालय, डाँडीगुराँसे विद्यालय

भवन निर्माणको लागत अनुमान तयार गर्दा १० मि.मि. को मोटारसहित १ घनमिटर गाऱ्होमा १X०. २४X१२५X०.०७५X४४५ र ५ प्रतिशत टुटफुटसहित ४६७ इटा लाग्नेमा ५६० वटा इँटा लाग्ने गरी लागत अनुमान गर्नाले प्रति घनमिटर ९३ इटा बढी लाग्ने गरी लागत अनुमान तयार गरेको छ । यसप्रकार कुल ५१०.५१ घनमिटर गाऱ्होमा ४७ हजार ४७७ बढी इँटाको अुनमान गरिएको छ । जसको कारण जिल्ला दररेटअनुसार प्रतिइँटा रु.७।४२ ले रु.४ लाख ५ हजार (१५ प्रतिशत ओभरहेडसहित) बढीको लागत अनुमान स्वीकृत गरी कार्य गराएको छ ।

६३. **जिम्मेवारी** – स्थानीय विकास मन्त्रालयको २०६३।१०।१५ को पत्रमा पूर्वाधार नीति २०६१ ले स्थानीय निकायमा विषयगत पूर्वाधार शाखा गठन नभएसम्म स्थानीय पूर्वाधार क्रियाकलाप व्यवस्थापनका लागि जिल्ला विकास समिति अन्तर्गत रही जिल्ला प्राविधिक कार्यालयले गर्ने गरी तोकिएको छ । जिल्ला विकास समितिको कार्यालय, सर्लाहीले जिल्ला प्राविधिक कार्यालयमा कार्यरत प्राविधिकहरुलाई यो वर्ष विकास निर्माण कार्यहरुको लागत अनुमान, डिजाइन तथा मूल्याङ्कन गर्न २०६६।११।५ मा साइट बाँडफाँड गरेको छ । जिल्ला विकास समितिले कार्यक्रम अधिकृतलाई समितिबाट सञ्चालन हुने कार्यक्रमका योजनाहरु एवं गाउँ विकास समितिका योजनासमेतको लागत अनुमान तयार गर्ने, डिजाइन गर्ने, सञ्चालित आयोजनाको निरीक्षण तथा अनुगमन गर्ने र मूल्याङ्कन गर्ने कार्य गराई केन्द्रीय कार्यक्रमतर्फ ७४ योजनामा रु.२ करोड ४४ लाख १३ हजार र कोषतर्फ २७ योजनामा रु.९९ लाख ६७ हजार समेत रु.३ करोड ४३ लाख ८० हजार सम्बन्धित उपभोक्ता समिति तथा ठेकेदारलाई केन्द्रीय कार्यक्रमबाट रु.१ करोड ७१ लाख ८६ हजार र जिल्ला विकास समिति कोषबाट रु.७९ लाख १५ हजार समेत रु.२ करोड ५१ लाख १ हजार भुक्तानी गरेको छ । जिल्ला प्राविधिक कार्यालय प्रमुखको स्वीकृति नलिई कार्यक्रम अधिकृतले चेक जाँच गरी प्रमुख जिल्ला इन्जिनियरको प्रमाणित नभएको मूल्याङ्कनको आधारमा निर्माण कार्यको भुक्तानी गरेको पाइयो ।

जिल्ला विकास समिति, धनुषा

६४. **जनसहभागिता** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १५५ (५) (ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुपातमा भुक्तानी गरिने व्यवस्था छ । यस कार्यक्रमबाट ३५ योजनाका उपभोक्ता समितिलाई भुक्तानी गर्दा घटी मूल्याङ्कन प्राप्त भएकोमा सोही अनुपातमा कम भुक्तानी गर्नुपर्नेमा रु.२२ लाख ८७ हजार बढी भुक्तानी दिएको असुल गर्नुपर्ने देखिन्छ ।

६५. **मौज्दात** – विनियोजन ऐन, २०६५ अनुसार २०६६ कार्तिक मसान्तसम्म खर्च गर्न सकिने गरी निकासा भएको मौज्दात रु.१ करोड ७० लाख ७० हजारमध्ये कार्तिकसम्म रु.७८ लाख ८६ हजार खर्च भएको देखियो । बाँकी रु.९१ लाख ८४ हजार मंसिरदेखि २०६७ अषाढ सम्ममा विभिन्न योजनामा खर्च गरेको छ ।

६६. **सोझै भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९९ मा सार्वजनिक निकायले गैरसरकारी संस्थामार्फत कार्य गराउँदा प्रचलित कानूनकारबाही मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थाबाट प्रस्ताव माग गरी न्यूनतम रकम कबोल गर्नेको प्रस्ताव स्वीकृत गरी कार्य गराउनुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोकले बालबालिका तथा महिलाको विकेन्द्रित कार्यक्रमको लागि ४ गैरसरकारी संस्थासँग प्रतिस्पर्धा नगराई रु.२१ लाख ९३ हजारको कार्य गराई खर्च गरेको पाइयो ।

जिल्ला विकास समिति, नुवाकोट

६७. **वर्षान्तको निकासा** – गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६ को बुँदा १९ मा कार्तिक मसान्तमा मात्र फ्रिज हुने भनी तोकिएका जिल्लाहरुबाहेक अन्य जिल्लाहरुका गाउँ विकास समितिहरुमा निकासा भएको रकममध्ये बचत रकम जिल्ला विकास समितिमा फिर्ता गर्नुपर्ने र बुँदा १९(६) मा जिल्ला विकास समितिले प्राप्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । कार्यालयले गाउँ विकास समिति अनुदान पूँजीगत शीर्षकमा निकासा भएको रकम २०६७।३।२८ मा जिल्लाका ६१ गाउँ

विकास समितिको खातामा रु.१ करोड ९१ लाख ८६ हजार जम्मा गरेको पाइयो । गाउँ परिषद्बाट योजना बाँडफाँड तथा छलफल हुने समय बाँकी नरहेको अवस्थामा फ्रिज हुन नदिने उद्देश्यले गाउँ विकास समितिलाई निकासा दिन मिल्ने देखिएन ।

६८. **योजना छनौट** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९७ मा जिल्ला विकास समितिले योजना तर्जुमा गर्दा अवलमबन गर्नुपर्ने प्रक्रिया र ऐनको दफा २०१ मा योजना छनौट गर्ने आधार उल्लेख छ । एक गेष्ट हाउस निर्माण गर्न योजना छनौट गर्दा प्राथमिकतामा परेको आधार एवं छनौटको प्रक्रिया उल्लेख गरेको पाइएन । उक्त निर्माण कार्य गर्न रु ५ लाख ७२ हजारको लागत अनुमान गरी उपभोक्ता समितिलाई रु.४ लाख उपलब्ध गराएको पाइयो । योजना छनौट गर्दा गेष्ट हाउस निर्माण गरिने जग्गाको स्वामित्व, संञ्चालन प्रक्रिया, प्राप्त प्रतिफलको उपयोग र संञ्चालक समितिको कानूनी अस्तित्व लगायतका कागजातसमेत प्राप्त गरेको देखिएन ।

जिल्ला विकास समिति, चितवन

६९. **रकमान्तर** – जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६ को बुँदा ९ मा तलब भत्ता बैठक भत्ता, सवारीसाधन मर्मत सम्भार, इन्धन खर्च, मसलन्द जस्ता चालू प्रकृतिका सबै खर्चहरु पूँजीगत अनुदानबाट खर्च गर्न नपाइने उल्लेख छ । विभिन्न कार्यक्रम अन्तर्गत सवारीसाधन तथा डोजर मर्मत, इन्धन खर्च, तलब खर्च, टेलिफोन महसुल, खाजा खाना, चिया खर्च, दैनिक भ्रमण भत्ता र मसलन्द खर्च समावेश गरी यो वर्ष रु.७ लाख ३५ हजार चालू प्रकृतिका खर्चहरु गरेको पाइयो ।

७०. **अनुदान** – नेपाल सरकारबाट प्राप्त निकासाबाट योजना कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा २०५ (४) मा उपभोक्ता समितिमार्फत कार्यान्वयन तथा सञ्चालन गराउन सकिने व्यवस्था छ । नेपाल सरकारबाट प्राप्त पूँजीगत अनुदान सर्वदलीय संयन्त्रबाट निर्णय गराई रु.१ करोड ४५ लाख १५ हजार गाउँ विकास समिति/नगरपालिकालाई योजना कार्यान्वयन गर्न अनुदान दिएको छ । नेपाल सरकारबाट प्राप्त निकासा रकम अनुदान दिन मिल्ने नदेखिएको एवं उक्त खर्चको बिल भरपाई पेश भएन ।

७१. **नर्म्स** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ६४ (२) मा निर्माण कार्य गर्दा स्वीकृत नर्म्सअनुसार गर्नुपर्ने व्यवस्था छ । भार्ले दहखानी कृषि सडक निर्माण कार्यको लागत अनुमान जिल्ला दररेटअनुसार ढुङ्गा मिसिएको माटो तथा कडा माटोको प्रति घनमिटर रु.१२३।६० र नरम माटोको रु.१०३।– तयार गर्नुपर्नेमा बढी दरबाट लागत अनुमान गरी उपभोक्ता समितिलाई सडक बोर्डबाट समेत रु.९ लाख २० हजार बढी भुक्तानी गरेको देखियो । बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।

जिल्ला विकास समिति, बारा

७२. **वित्तीय अनुशासन** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ६० मा जिल्ला विकास समितिले मासिकरुपमा बैङ्क हिसाब विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले बैङ्क हिसाब विवरण तयार नगरेको र बैंङ्क नगदी किताबले बैङ्क मौज्दात ऋणात्मक देखाउँदासमेत चेक काट्दै जानाले आर्थिक वर्षको अन्तमा रु.७६ लाख ८२ हजार ऋणात्मक मौज्दात देखिएको वित्तीय विवरण पेश भएको छ । कार्यालयको आम्दानी खर्चको हिसाब अद्यावधिक नराख्नाले वित्तीय अनुशासन कायम भएको देखिएन । नियमावलीले तोकेअनुसार मासिकरुपमा बैङ्क हिसाब मिलान गर्ने, खर्च गर्दा प्रचलित ऐन नियमको पालना गरी वित्तीय अनुशासन कायम गराउन जिम्मेवार व्यक्तिले ध्यान दिनुपर्ने देखियो ।

७३. **बैङ्क जमानत** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १६९ (५) मा बोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताबाट स्वीकृत ठेक अङ्कको कुल रकमको परफरमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि पट्टा दिनुपर्ने व्यवस्था छ । ढुङ्गा, गिट्टी, बालुवा आदिमा कर उठाउने ठेक्काका ठेकेदारसँग रु.५ करोड ११ लाख ७६ हजार र जडीबुटी, उन, खोटो आदिमा कर उठाउने ठेक्काको ठेकेदारसँग रु.१ करोड ८ लाख

७० हजारमा ठेक्का सम्झौता गर्दा निजहरुसँग सम्झौता गर्दा दाखिला गरेको रकम कटाई बाँकी रु.४ करोड १८ लाख ४६ हजारको बैङ्क जमानत नलिनाले सो रकम आर्थिक वर्षको अन्त्यसम्म उठ्न बाँकी रहेको देखियो ।

७४. **धरौटी जफत** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १६९ (६) मा बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएपछि तोकिएको म्यादभित्र बोलपत्रदाताले चलनपूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको जमानत जफत गर्नुपर्ने व्यवस्था छ । जडिबुटी निकासीका सबैभन्दा बढी कबोल गर्ने एक ठेकेदार सम्झौता गर्न नआएकोले निजले राखेको कबोल अङ्कको ५ प्रतिशतले हुने रु.६ लाख ७५ हजार धरौटी जफत गरेको छैन । उक्त रकम जफत गरी जिल्ला विकास कोषमा दाखिला गर्नुपर्दछ ।

७५. **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा २३२ (२) मा जिल्ला विकास समितिको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । यस कार्यालयले जिल्ला विकास कोषतर्फका विभिन्न शीर्षकको रु.१३ करोड ३३ लाख ५३ हजार खर्चको स्रेस्ताको लेखापरीक्षण गराएको छैन । प्रचलित कानूनअनुसार स्रेस्ता पेश गरी लेखापरीक्षण नगराउनेउपर कारबाही हुनुपर्दछ ।

७६. **बढी खर्च** – गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६५ दफा २४ उपदफा ४ (ङ) मा गाउँ विकास समितिमा पठाउने पूँजीगत अनुदान रकमबाट तराईका जिल्लाहरुमा एक प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले गाउँ विकास समिति अनुदान पूँजीगततर्फ रु.१३ करोड ८ लाख ५७ हजार अनुदान खर्च लेखेकोमा १ प्रतिशतले हुने रु.१३ लाख ९ हजारमात्र कन्टिन्जेन्सी कट्टा गर्नुपर्नेमा रु.१९ लाख ७ हजार कट्टा गरेकोले बढी कट्टा गरेको रु.५ लाख ८७ हजार सञ्चितकोष दाखिला हुनुपर्दछ ।

जिल्ला विकास समिति, गोरखा

७७. **जमानत** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १६९ को उपनियम (५) मा बोलपत्र वा डाँक स्वीकृत भएपछि ठेक अङ्कको कुल रकमको परफरमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि पट्टा दिनुपर्ने व्यवस्था छ । कार्यालयले सम्झौता गर्दा ठेक अङ्कको कुल रकमको बैङ्क जमानत वा नगदै रकम जमानत नलिई ठेक्का सम्झौता गरेको कारण ४ ठेक्काको रु.८ लाख २८ हजार ठेक्का रकम असुल नभई बक्यौता रहेको छ ।

७८. **अनियमित कार्य** – स्थानीय विकास मन्त्रालयको परिपत्रअनुसार थप बजेट खर्च हुन नसकी बाँकी रहेका योजनामा कार्तिक मसान्तसम्म खर्च गर्नुपर्ने र खर्च नभई बाँकी रहेको रकम बेरुजू खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । बचत रकम बेरुजू दाखिला नगरी कार्तिक पछाडि विभिन्न २० योजनामा पेश्की कटाई रु.९ लाख ४९ हजार भुक्तानी गरेको छ । कार्तिक मसान्तसम्म खर्च नभई बाँकी रहेको रकम बेरुजूमा दाखिला नगरी खर्च लेखेको नियसम्मत देखिएन ।

७९. **दैनिक तथा भ्रमण भत्ता** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम ६० को अनुसूची ३८ र ३९ मा कर्मचारीलाई भ्रमण गर्दा भ्रमण आदेश दिनुपर्ने र भ्रमणबाट फर्केपछि भ्रमण बिल भरी पेश गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति, गुल्मीको २०६६।१०।२२ को निर्णयानुसार समिति र जिल्ला प्राविधिक कार्यालयमा कार्यरत कर्मचारीलाई जिल्लाभित्र भ्रमण गर्दा दिइने दैनिक तथा भ्रमण भत्ताको सट्टामा २०६६।४।१ देखि लागू हुनेगरी तहअनुसार मासिक रु.३ हजार ५०० देखि रु.६ हजार ५०० सम्मका दरले तोकुवा दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरी यस वर्ष रु.१२ लाख ५५ हजार खर्च लेखेको देखियो । भ्रमण आदेश नभरी काजमा नगएको अवस्थामा समेत कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी हुने अवस्था सिर्जना गरी नियमावली विपरीत निर्णय गरी खर्च लेख्न मिल्ने देखिएन ।

जिल्ला विकास समिति, रुपन्देही

८०. **थप कार्य –** जिल्लाभित्रको ढुङ्गा, गिट्टी, बालुवा आन्तरिक बिक्री र बाह्य निकासीको लागि २०६७।२।४ मा अलग अलग बोलपत्र आह्वान गरेको छ । बोलपत्रको सूचना नं.३ मा उत्पादित फोरेको गिट्टी एवं धुलो विदेश निकासी गर्न रु.९ करोड अनुमान गरी सूचना प्रकाशन भएको छ । उक्त सूचनाअनुसार एक ठेकेदारको रु.९ करोड ६९ हजारको कबोल अङ्क स्वीकृत गरी २०६७।३।२९ मा सम्झौता गर्दा बोलपत्र सूचनामा उल्लिखित परिमाणमा थप गरी फोरेको, धोएको, चालेको गिट्टी एवं क्रसरको धुलो उल्लेख गरी सम्झौता गरेको छ । कार्यालयले ठेक्का नं.२ मा बालुवा, छर्री, गिट्टी र मिस्कट विदेश निकासीबापत रु.१० करोड न्यूनतम अङ्क निर्धारण गरी बोलपत्र आह्वान गरेकोमा ठेक्का नं.२ को केही परिमाण (धोएको, चालेको) समेत समावेश गरी ठेकेदारसँग सम्झौता गरी कार्य गराउनाले ठेकेदारलाई अवाञ्छित लाभ पुग्न गएको छ । कार्यालयले सम्झौता गर्दा सूचनामा उल्लिखित परिमाणभन्दा थप गरी सम्झौता गर्न मिल्ने देखिदैन ।

ठेक्का नं.२ का केही परिमाणसमेत समावेश गरी ठेक्का नं.३ का ठेकेदारसँग सम्झौता गर्नाले ठेक्का नं.२ मा यस वर्ष रु.१० करोड न्यूनतम अङ्क निर्धारण भए तापनि कार्यालयले अमानतबाट रु.२ करोड २९ लाख ५९ हजार मात्र असुल भएको छ । यसबाट कार्यालयलाई प्राप्त हुनुपर्ने आम्दानी नोक्सानी भई ठेकेदारलाई अवाञ्छित लाभ पुग्न गएको देखिन्छ । कार्यालयले कानूनविपरीत सम्झौता गर्दा पर्न गएको नोक्सानीउपर छानबिन गरी कारबाही गर्नुपर्दछ ।

८१. **अनुगमन –** गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६ दफा १९ (५) मा गाउँ विकास समितिमा निकासा भएको सबै निशर्त तथा सशर्त पूँजीगत तथा चालू अनुदानबाट खर्च भई बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनुपर्ने व्यवस्था छ । पूँजीगत अनुदान बापत तेश्रो किस्ताको रु.१ करोड ९९ लाख ४४ हजार २०६७।३।२५ मा गाउँ विकास समितिलाई निकासा दिएको छ । गाउँ विकास समितिले सोही आर्थिक वर्षभित्रमा पूँजीगत निर्माणमा खर्च गर्न सकिने अवस्था देखिँदैन । आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नगराउन गाउँ विकास समितिलाई निकासा दिई खर्च लेख्नु नियमसम्मत देखिएन ।

८२. **सम्पत्ति संरक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१३ (२) मा कार्यालयको सम्पत्तिको हिनामिना नहुने गरी संरक्षण गर्ने कर्तव्य अधिकार प्राप्त अधिकारीको हुने व्यवस्था छ । जिन्सी अभिलेखअनुसार कार्यालयको स्वामित्वमा जिल्लाको बुटवल नगरपालिकामा २ बिगाहा १२ कठ्ठा ९ धुर, सिद्धार्थनगर नगरपालिकामा २ कठ्ठा २ धुर, सिक्टहन गाउँ विकास समितिमा १ बिगाहा १० कठ्ठा र धकधई गाउं विकास समितिमा १३ कठ्ठा ७ धुर गरी जम्मा ४ बिगाहा १७ कठ्ठा १८ धुर जमिन रहेको देखिन्छ । कार्यालयको २०६४।६५ को जिन्सी निरीक्षणमा "उक्त जग्गा विभिन्न व्यक्तिहरुले अतिक्रमण गरी घर टहरा बनाउन लागेकोले सो जग्गामा तारबार गरी संरक्षण गर्नुपर्दछ" भनी उल्लेख भएकोमा कार्यान्वयन गरेको पाइएन ।

८३. **योजना कार्यान्वयन –** जिल्ला परिषद्ले पारित गरेका योजना कार्यान्वयन गर्ने दायित्व जिल्ला विकास समितिमा रहन्छ । कार्यालयको लागि जग्गा खरिद र भवन निर्माण गर्न २०६६।६७ को लागि १६ औं जिल्ला परिषद्बाट रु.३ करोड ५६ लाख ७ हजार विनियोजन गरिएकोमा उक्त योजना कार्यान्वयन भएको पाइएन । एक आर्थिक वर्षमा कार्यान्वयन गर्ने योजना निश्चित गरी जिल्ला परिषद्ले बजेट बाँडफाँड गर्नुपर्नेमा जिल्ला विकास कोषतर्फ रु.१ करोड ५० लाख अवण्डामा राखेको छ । अबण्डा रकमबाट जिल्ला विकास समितिले निर्णय गरी विभिन्न ९७ योजनामा रु.९७ लाख २४ हजार खर्च गरेको छ ।

जिल्ला विकास समिति, स्याङ्जा

८४. **प्रशासनिक खर्च –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची–२६ मा राजस्व बाँडफाँडबाट प्रशासनिक कार्यको लागि खर्च गर्न नसकिने उल्लेख छ । मालपोत रजिष्ट्रेशन दस्तुरबापत प्राप्त

रु.८५ लाख ४२ हजारमध्ये रु.४५ लाख १७ हजार प्रशासनिक कार्यमा खर्च गरेको छ । राजस्व बाँडफाँड रकमबाट प्रशासनिक कार्यमा गरेको खर्च नियमसम्मत देखिएन ।

८५. **योजना कार्यान्वयन –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १९९ मा जिल्ला परिषद्ले योजना पारित गर्ने र पारित योजना कार्यान्वयन गर्ने दायित्व जिल्ला विकास समितिको हुने उल्लेख छ । स्थानीय विकास मन्त्रालयले योजनामा खर्च गर्ने गरी २०६६।३।२९ मा रु.१ करोड ८५ लाख ८३ हजार ७२ पठाएको छ । मन्त्रालयले स्थानीय स्वायत्त शासन नियमावलीको भावनाविपरीत हुनेगरी आर्थिक वर्षको अन्त्यमा योजना संख्या तोकी निकासा दिनु उपयुक्त देखिएन ।

जिल्ला विकास समिति, कपिलवस्तु

८६. **असुली –** ढुङ्गा, गिट्टी, बालुवा आन्तरिक बिक्रीको ठेक्काको लागि ४० प्रतिशत रकम जम्मा गरी बाँकी ६० प्रतिशतमध्ये ३०/३० प्रतिशत पौष र चैत्र मसान्तभित्रमा बुझाउने गरी निम्नानुसार सम्झौता गरी चलान पूर्जी दिएको पाइयो । सम्झौतामा उल्लेख भएको अवधिमा ठेकेदारले पूरा रकम दाखिला नगरेकोले सम्झौता शर्तअनुसार बैङ्क जमानत दाबी गरी असुल गर्नुपर्नेमा २०६७।३।३० मा मात्र दाबी गरेको पाइयो । सम्बन्धित बैङ्कले अदालतबाट अन्तरिम आदेश जारी भएको कारण जनाई भुक्तानी दिन अस्वीकार गरेको पाइयो । बाँकी रकम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १७२ कारबाही कारबाही गरी असुल गर्नुपर्दछ ।

(रु. हजारमा)

ठेक्काको विवरण	कबुल रकम	दाखिला गरेको रकम	दाखिला गर्न बाँकी रकम	बैङ्कमा दाबी मिति	अन्तरिम आदेश प्राप्त मिति
वांणगंगा कोइली कोपवा नाका	२,३९,५१	१,४६,८०	९२,७१	२०६७/३/३०	२०६७/३/३१
चंघाट कोन्द्रे वीरपुर नाका	३५,००	२७,००	८,००	२०६७/३/३०	२०६७/३/३१
सुरही चोरखोला नाका	७७,११	४३,८५	३३,२६	२०६७/३/३०	२०६७/३/३१
मैनारी सुकवेल नाका	२१,००	८,४०	१२,६०	२०६७/३/३०	२०६७/४/९
चिरइ नाका	३३,००	२६,२०	६,८०	२०६७/३/३०	२०६७/३/३१
जम्मा:	**४,०५,६२**	**२,५२,२५**	**१,५३,३७**		

८७. **बैङ्क जमानत** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९ (५) मा बोलपत्र वा डाँक स्वीकृत ठेक अङ्कको कुल रकमको परफरमेन्स बण्ड वा नगदै प्राप्त भएपछि पट्टा दिनुपर्ने उल्लेख छ । कार्यालयले रु.६१ लाख ७० हजारको चार ठेक्का जग्गा धितो राखी सम्झौता गरेको पाइयो । जग्गाको विधिवत मूल्याङ्कन गरी सम्बन्धित मालपोत कार्यालयबाट धितो पास गरेको पाइएन । जग्गा धितो दिने ठेक्केदारहरुबाट रकम दाखिला हुन बाँकी रहेकोमा असुल गर्ने प्रक्रिया सुरु भएको देखिएन । अत: बक्यौता रकम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम १७२ कारबाही कारबाही गरी असुलउपर गर्नुपर्दछ ।

जिल्ला विकास समिति, डडेल्धुरा

८८. **रकमान्तर** – जिल्ला विकास समिति, अनुदान सञ्चालन कार्यविधि, २०६६ को बुँदा ९ मा पूँजीगत अनुदानबाट चालू खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख छ । उक्त कार्यविधिविपरीत पूँजीगत अनुदानमा प्राप्त रकमबाट बैठक भत्ता, सेवा निवृत्त सुविधा, कार्यालयसम्बन्धी खर्च, इन्धन खर्चसमेतमा रु.२६ लाख ७६ हजार खर्च गरेको पाइयो ।

८९. **प्रतिस्पर्धा –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३३ मा सूचीकृत गैरसरकारी संस्थाहरुमध्येबाट प्रस्ताव आह्वान गरी न्यूनतम प्रस्ताव गर्ने गैरसरकारी संस्थाबाट कार्य गराउनुपर्नेमा

कार्यालयले प्रतिस्पर्धा बेगर एक गैरसरकारी संस्थामार्फत लघु उद्यमतर्फको रु.६ लाख ८४ हजारको कार्य गराई भुक्तानी दिएको पाइयो ।

जिल्ला विकास समिति, कञ्चनपुर

९०. **कन्टिन्जेन्सी खर्च –** जिल्ला विकास समिति अनुदान सञ्चालन निर्देशिका, २०६६ को बुँदा १०(१) मा जिल्ला विकास समितिलाई नियमितरुपमा प्राप्त हुने निशर्त अनुदानबाट कन्टिन्जेन्सी खर्च गर्न नमिल्ने उल्लेख छ । कार्यालयले नि:शर्त अनुदान शीर्षकमा निकासा भएको रकमबाट कन्टिन्जेन्सी खर्च स्वरुप भ्रमण खर्च तथा दैनिक भत्ता, सवारी इन्धन, अतिथि सत्कार, कार्यालय सामग्री, लगायतका प्रयोजनमा पटक पटक गरी रु.५ लाख ४४ हजार भुक्तानी गरेको पाइयो । कार्यविधिको व्यवस्था विपरित खर्च गर्न मिल्ने देखिएन ।

९१. **प्रशासनिक खर्च –** जिल्ला विकास समिति अनुदान सञ्चालन निर्देशिका, २०६६ को बुँदा ९ मा जिल्ला विकास समितिलाई प्राप्त हुने पूँजीगत अनुदान रकमबाट तलब, भत्ता, बैठक भत्ता, भ्रमण खर्च तथा दैनिक भत्ता, सवारी साधन मर्मत, घरभाडा, बिजुली, धारा तथा टेलिफोनको महसुल, आर्थिक सहायता, लगायतका क्षेत्रमा खर्च गर्न नपाइने उल्लेख छ । कवाडी सामान निर्यात गर्दा स्थानीय निकायबाट असुल गर्दै आएको निकासी कर २०६६।६७ को बजेट बक्तव्यले खारेज गरेको कारणबाट स्थानीय निकायलाई पर्न गएको घाटा परिपूर्ति गर्न जिल्ला विकास समिति अनुदान पूँजीगत शीर्षकमा समावेश गरी रु.१९ लाख २४ हजार थप निकासा भएको पाइयो । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्थाअनुसार कवाडी कर जिल्ला विकास समितिको नितान्त आन्तरिक आय भएको र सो आय प्राप्त नहुँदा प्रशासनिक खर्चमा अपुग हुने कारण उल्लेख गरी तलब, भत्ता, कर्मचारी कल्याण कोषमा योगदान, कार्यालय सामान खरिद, विविध, इन्धनलगायतका खर्च शीर्षकमा खर्च गरेको पाइयो । उक्त खर्च कार्यविधिको व्यवस्थासम्मत देखिएन ।

जिल्ला विकास समिति, कैलाली

९२. **धरौटी जफत –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को पच्छिेद–६ मा ठेकेदारलाई अस्थायी चलानपूर्जी दिने व्यवस्था छैन । नियमावलीको नियम १६९(५) मा स्वीकृत ठेक अङ्कको कुल रकमको कम्तीमा ६ महिना म्याद भएको परफरमेन्स बण्ड वा नगदै प्राप्त भएपछि ठेक्का पाउने शर्त खुलाई पट्टा दिनुपर्ने उल्लेख छ । ढुङ्गा, गिट्टी, बलुवा ग्राभेल स्लेट र मार्बलको आन्तरिक बिक्रीको लागि तेश्रो पटक बोलपत्र आह्वान गर्दा एक मात्र बोलपत्रदाताको कबुल अङ्क रु.५० लाख १ हजार स्वीकृत गरेको छ । कार्यालयले ठेक्का सम्झौता नगरी २०६६।४।२८ मा रु.१२ लाख ५० हजार दाखिला गरेको आधारमा पटक पटक अस्थाई चलानपूर्जी उपलब्ध गराएको पाइयो । ठेकेदारबाट कबुल अङ्कमध्ये रु.३२ लाख ५१ हजार दाखिला हुन बाँकी रहेको पाइयो । ठेकेदारले म्यादभित्र परफरमेन्स बण्ड वा नगद दाखिला नगरेको अवस्थामा निजले पेश गरेको विडबण्ड जफत गरी वैकल्पिक व्यवस्था गर्नुपर्नेमा सम्झौता गरी कार्य गराउन मिल्ने देखिएन ।

जिल्ला विकास समिति, डोटी

९३. **कन्टिन्जेन्सी खर्च –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६ बुँदा ९ मा जिल्ला विकास समितिलाई पूँजीगत अनुदान रकमबाट कर्मचारीको तलब भत्ता, दैनिक भत्ता तथा भ्रमण भत्ता, सवारीसाधन मर्मत, इन्धन, घरभाडा, मसलन्दलगायत चालू प्रकृतिको खर्च गर्न नपाइने उल्लेख छ । कार्यालयले जिल्ला विकास समिति अनुदान पूँजीगत शीर्षकबाट दैनिक भत्ता तथा भ्रमण भत्ता, सवारी साधन मर्मत, इन्धन, घरभाडा, मसलन्द लगायतका चालू प्रकृतिको खर्चमा रु.६ लाख ३९ हजार खर्च लेखेको पाइयो ।

९४. **असुली–** यो वर्ष लेखापरीक्षणको क्रममा २७ कार्यालयबाट रु.१ अर्ब ६ करोड ८५ लाख २९ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा १३ कार्यालयवाट रु.२० लाख ९१ हजार, सम्परीक्षणको क्रममा रु.५५ लाख ७ हजार र अन्य निकायतर्फ रु.२९ लाख ४८ हजारसमेत रु.१ अर्ब ७ करोड ९० लाख ७५ हजार असुल भएको छ ।

९५. **पेश्की** – मन्त्रालयअन्तर्गतका सरकारी कार्यालयहरुमा २०६७ असार मसान्तमा १७८ कार्यालयको रु.४ अर्ब ५ करोड ६६ लाख ३६ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ८ कार्यालयबाट रु.१२ करोड ७८ लाख २१ हजार आंशिक फछ्यौंट गरी १७८ कार्यालयको रु.३ अर्ब ९२ करोड ८८ लाख १० हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.२ अर्ब ७० करोड २८ लाख ९४ हजार म्याद नाघेको छ ।

मन्त्रालयअन्तर्गतका जिल्ला विकास समिति/अन्य संस्थाका २०६७ असार मसान्तमा १६२ कार्यालयको रु.१ अर्ब ६ करोड १९ लाख ६२ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ५ कार्यालयबाट रु.६५ लाख ६ हजार आंशिक फछ्यौंट गरी १६२ कार्यालयको रु.१ अर्ब ५ करोड ५४ लाख ५६ हजार पेश्की देखिएको छ ।

९६. **सम्परीक्षण** – मन्त्रालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

९६.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.५ अर्ब १५ करोड ५८ लाख ५७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२४ करोड ५८ लाख १७ हजार फछ्यौट गरेकोले रु. ४ अर्ब ९१ करोड ४० हजार बाँकी रहेको छ ।

९६.२ अन्य संस्था तथा जिल्ला विकास समितितर्फ यो वर्ष रु.२ अर्ब ९३ करोड १ लाख ४८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ६४ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ९१ करोड ८४ हजार बेरुजू बाँकी रहेको छ ।

९६.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.२० करोड १२ लाख ६९ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.१ अर्ब ७८ करोड २७ लाख ४७ हजार बेरुजू फछ्यौंट गरी सम्परीक्षण गरिएको छ ।

९६.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.३६ करोड ९ लाख ८६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.२ अर्ब १४ करोड ३७ लाख ३३ हजारमध्ये रु.२ अर्ब ८ करोड ९६ लाख ६९ हजार सरकारी कार्यालयतर्फ र रु.५ करोड ४० लाख ६४ हजार अन्यतर्फ रहेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मन्त्रालय र मातहत समेत १९२ कार्यालयको विनियोजनतर्फ रु.१४ अर्ब ४३ करोड ३९ लाख ७१ हजार र शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट प्राप्त रु.८ करोड १२ लाख २९ हजार, राजश्वतर्फ रु.८ करोड ३७ लाख ५९ हजार र धरौटीतर्फ रु.१७ करोड ९८ लाख ८६ हजार गरी रु.१४ अर्ब ७७ करोड रु.८८ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

समिति तथा अन्य संस्था १०१ को रु.१२ अर्ब ७ करोड २ लाख ९४ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका निम्न व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन:

१.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको सामान खरिद गर्नुपर्ने भएमा खरिदको प्रकार, विधि, सम्झौताको किसिम समेत खुलाई वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालय र मातहतका ४९ कार्यालयले खरिद योजना तयार नगरी खरिद गरेबाट नियमको पालना भएको पाइएन ।

१.२. निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(क)५ अनुसार सम्पूर्ण कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा सो मन्त्रालय र मातहत १०३ कार्यालयले तलबी प्रतिवेदन पारित नगरी कर्मचारीको तलबमा रु.२ अर्ब ४१ करोड १८ लाख ४९ हजार तलब खर्च लेखेका छन् ।

१.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम रु.१ लाख ५० हजारभन्दा माथि रु.१० लाखसम्मको सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ बमोजिम रु.१० लाखभन्दा बढीको मालसामान खरिद गर्न वा निर्माण कार्य गर्न बोलपत्र आह्वान गरी गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य सेवा विभाग लगायत मातहत ६२ कार्यालयले औषधि एवं उपकरण खरिदका लागि रु.१० लाखभन्दा बढी बजेट व्यवस्था भएको अवस्थामा पनि रु.२३ करोड ६२ लाख ३८ हजारको बोलपत्र बेगर सिधै खरिद गरेको पाइयो ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गरिनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा मन्त्रालय तथा विभागीय प्रमुखले आफूअन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको १ वर्षभित्र लागू गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त नियमावली प्रारम्भ भएपछि मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली लागू गरेको छैन ।

३. **वार्षिक प्रगति** – मन्त्रालयको समग्र वार्षिक लक्ष्यअनुसार प्रगति हासिल हुनुपर्नेमा पहिलो प्राथमिकता प्राप्त आयोजना अन्तर्गतको वर्डफ्लुबाट हुने मानव संक्रमण निदान कार्यक्रममा ५३ प्रतिशत, दोस्रो प्राथमिकताको राष्ट्रिय जनसंख्या कार्यक्रममा ५१ प्रतिशत र राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रमतर्फ ५७ प्रतिशतमात्र प्रगति हासिल गरेको छ । मन्त्रालयले कम प्रगति भएको सम्बन्धमा कुनै कारण जनाएको छैन ।

४. **प्राविधिक सहायता** – अर्थमन्त्रीले आय–व्ययको सार्वजनिक जानकारी बक्तव्य साथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा मन्त्रालय र मातहत कार्यालयका १५ विभिन्न कार्यक्रममध्ये १२ कार्यक्रमका लागि आषाढ मसान्तको विनिमय दरअनुसार रु.७ अर्ब २९ करोड ६४ लाख ६४ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेको छ । ३ कार्यक्रमको प्राप्त हुने सहायता रकम खुलेको छैन । उक्त प्राविधिक सहायताको लेखा पेश गरी लेखापरीक्षण गराएको छैन ।

५. **वैदेशिक सहायताको लेखापरीक्षण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) अनुसार मन्त्रालय र मातहत निकायहरुले प्राप्त गरेको सबै किसिमका वैदेशिक सहायतालाई बजेटमा समावेश गरी लेखापरीक्षण गराउनुपर्नेमा यो वर्ष बाल स्वास्थ्य महाशाखाले जाइकाबाट प्राप्त रु.२ करोड ७ लाख ७२ हजार, सेभ द चिल्ड्रनबाट प्राप्त रु.८२ लाख ७५ हजार, प्लान इन्टरनेशनलबाट प्राप्त रु.१ करोड ९३ लाख ९४ हजार, केयर नेपालबाट प्राप्त रु.२ करोड ४३ लाख ७५ हजार र ग्रामीण स्वास्थ्य परियोजना, दोलखा, रामेछापबाट प्राप्त रु.६ करोड ८१ लाख ८९ हजार वैदेशिक सहायताको लेखापरीक्षण गराएका छैनन् ।

६. **अनुगमन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा मन्त्रालयबाट सशर्त अनुदान रकम प्राप्त गर्ने संस्थाहरुबाट प्रगति विवरण लिई ती संस्थाहरुको अनुदान सम्बन्धी शर्तहरु पालना सम्बन्धमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले विभिन्न स्वास्थ्य संस्थाहरुलाई सशर्त अनुदान शीर्षकबाट रु.६५ करोड १३ लाख ४२ हजार उपलब्ध गराएको देखियो । सोमध्ये धुलिखेल अस्पताललाई रु.१ करोडको बजेट स्वीकृत भएकोमा रु.९ करोड ८० लाख अनुदान दिएको छ । तोकेबमोजिम अनुगमन नगरेकोले अनुदानको उपयोग स्थिति यकिन गर्न सकिने अवस्था भएन ।

७. **आर्थिक सहायता** – नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ को दफा १२ अनुसार राष्ट्रिय महत्वका व्यक्तिलाई औषधि उपचारबापत आर्थिक सहायता उपचार दिँदा स्वदेश वा विदेशका सम्बन्धित अस्पतालको बिलबमोजिमको रकम उपलब्ध गराउने व्यवस्था छ । त्यस्ता व्यक्तिलाई सोझै रकम दिनसक्ने व्यवस्था देखिँदैन, तापनि पूर्वप्रधानमन्त्री, संविधान सभा सदस्य लगायत अन्य व्यक्तिहरु समेत २६३ व्यक्तिलाई रु.२ करोड ८२ लाख ६ हजार सोझै रकम उपलब्ध गराएको छ ।

८. **निकासा फिर्ता** – कर्णालीका ५ र बाजुरासमेत ६ जिल्लाका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई प्रोत्साहन रकम वितरण गर्न विश्व स्वास्थ्य संगठनबाट २०६५।१२।४ (१७ मार्च २००९) मा रु.१ करोड ७ लाख ७८ हजार मन्त्रालयलाई निकासा प्राप्त भएको छ । एग्रिमेन्ट फर डाइरेक्ट फाइनान्सियल को–अपरेशनमा उल्लेख भएको अबधि समाप्त भएको कारण उक्त रकम विश्व स्वास्थ्य संगठनलाई फिर्ता भएको पाइयो । यस सम्बन्धमा प्रोत्साहन रकम वितरण गर्न मापदण्ड नभएको कारण वितरण गर्न नसकी फिर्ता गएको प्रतिक्रिया मन्त्रालयबाट प्राप्त भएको छ । समयमा मापदण्ड नबनाएको कारण विनियोजित रकम खर्च गर्न नसक्नु उपयुक्त देखिएन ।

९. **पोलियो खोप अभियान** – बाल स्वास्थ्य महाशाखाले पोलियो खोप कार्यक्रमको लागि एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रममा विश्व स्वास्थ्य संगठन स्रोतबाट सिधै भुक्तानी हुने गरी रु.१३ करोड बजेट विनियोजन भएकोमा दाताबाट उक्त पूरै रकम व्यहोर्न नसकिने जानकारी भएपछि युनिसेफ र यू.एस.ए.आई.डी.समेतबाट कार्यक्रमका लागि खर्चको व्यवस्था गरेको पाइयो । प्राप्त विवरणअनुसार विश्व स्वास्थ्य संगठनबाट प्रथम तथा दोस्रो चरण र विशेष पोलियो कार्यक्रम अन्तर्गत रु.१० करोड २१ लाख ४५ हजार, युनिसेफबाट रु.१ करोड ६४ लाख ७८ हजार र यू.एस.ए.आई.डी.बाट रु.८४ लाख ४६ हजार रकम प्राप्त भएको देखिन्छ । विश्व स्वास्थ्य संगठनबाट प्राप्त हुने रकम यकिन नभई कार्यक्रम स्वीकृत गरेको छ भने अन्य दाताबाट प्राप्त हुने वैदेशिक स्रोततर्फको रकम वार्षिक कार्यक्रममा समावेश गरेको छैन । विश्व स्वास्थ्य संगठनतर्फ २३ कार्यालयलको रु.२ करोड २८ लाख ६१ हजार युनिसेफको स्रोततर्फ १७ कार्यालयको रु.३० लाख ६३ हजार, यू.एस.ए.आई.डी. स्रोततर्फ ३४ कार्यालयको रु.८४ लाख ४६ हजार, स्रोत नखुलेको तथा महाशाखामा स्रेस्ता पठाएको रु.५२ लाख २२ हजारसमेत जम्मा रु.३ करोड ९५ लाख ९२ हजारको स्रेस्ता प्रमाण कागजात लेखापरीक्षण गराएका छैनन् ।

१०. राष्ट्रिय क्षयरोग केन्द्र, ठिमीले विभिन्न कार्यक्रम सञ्चालनको लागि नेपाल सरकार एवं ग्लोबल फण्ड स्रोतबाट प्राप्त रकममध्ये ७ संस्थालाई उपलब्ध गराएको रु.१९ करोड ८१ लाख ३९ हजारको स्रेस्ता लेखापरीक्षणको लागि पेश गरेको छैन । संस्थाहरुलाई रकम उपलब्ध गराउँदा सम्झौतामा लेखापरीक्षणको बारेमा उल्लेख गरेको छैन । यस सम्बन्धमा सम्झौतामा उल्लेख गरी लेखापरीक्षण गराउनुपर्दछ ।

जिल्ला स्वास्थ्य कार्यालयहरु

११. **अग्रिमकर** – आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारीबाट प्राप्त आयमा, दफा ८८ मा सेवा शुल्कको भुक्तानीमा र दफा ८९ मा ठेक्का वा करारको भुक्तानीमा अग्रिमकर कट्टी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष स्वास्थ्य सेवा विभाग लगायत मातहतका ११८ कार्यालयले पारिश्रमिक सेवा शुल्क, ठेक्का र करारबापत भुक्तानी दिँदा रु.६२ लाख ४७ हजार अग्रिमकर कट्टी गरेका छैनन । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **काज** – स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार कुनै कर्मचारीलाई एक पटकमा एक महिना नबढ्ने गरी वर्षमा तीन महिनाभन्दा बढी अवधि अन्य स्थानमा काजमा राख्न नपाउने व्यवस्था छ । ऐन विपरीत काज खटाएमा खटाउने पदाधिकारीबाट निज कर्मचारीले खाएको तलब भत्ता असुल गर्नुपर्ने व्यवस्था छ । विभिन्न कर्मचारीहरुलाई गत विगतदेखि मन्त्रालय तथा उपत्यकास्थित कार्यालयहरुमा काजमा राखी जिल्ला स्वास्थ्य कार्यालय दाङ्गले रु.१ लाख ८ हजार, बर्दियाले रु.२ लाख ३० हजार, महोत्तरीले रु.१ लाख ११ हजार, कपिलवस्तुले रु.१ लाख ५० हजार र मध्यमाञ्चल उपक्षेत्रीय तालिम केन्द्रले रु.१ लाख ४१ हजार समेत जम्मा रु.७ लाख ४० हजार कानूनविपरीत भुक्तानी गरेको पाइयो ।

१३. **लेखापरीक्षण** – स्वीकृत वार्षिक विनियोजन अन्तर्गत सबै कार्य वा कार्यक्रममा भएको निकासा खर्चको लेखापरीक्षणको निमित्त स्रेस्ता पेश गर्नुपर्नेमा यो वर्ष स्वास्थ्य कार्यालय, धनुषाले एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रमको रु.५० लाख, धादिङले सोही कार्यक्रमको रु.३८ लाख ३९ हजार र कास्कीले एड्स नियन्त्रण कार्यक्रमको रु.६५ हजारको स्रेस्ता लेखापरीक्षणको लागि पेश गरेका छैनन् ।

१४. **आन्तरिक लेखापरीक्षण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(१) मा कार्यालयको राजश्व, धरौटी तथा विनियोजनतर्फको आय–व्यय तथा प्रचलित कानूनबमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । राष्ट्रिय क्षयरोग केन्द्र, ठिमीले ग्लोबल फण्ड, एल.एच.एल. नर्वे, विश्व स्वास्थ्य संगठन स्रोतबाट प्राप्त वैदेशिक सहायता रु.२५ करोड ९६ लाख ६४ हजार, जिल्ला जनस्वास्थ्य कार्यालय, कास्कीले विनियोजनतर्फको रु.९ करोड ३४ लाख ९८ हजार र जिल्ला स्वास्थ्य कार्यालय, ललितपुरले (जि.वि.स. निक्षेपित अनुदानतर्फको रु.२१ लाख २ हजारको आन्तरिक लेखापरीक्षण गराएका छैनन् ।

१५. **कर बीजक** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार रु.५ हजारभन्दा बढी मूल्यको मूल्य अभिवृद्धि कर लाग्ने सामान खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था छ । विभाग लगायतका मातहत २७ स्वास्थ्य कार्यालयले कर बीजकबेगर रु.३ करोड ८५ लाख ७२ हजार खर्च लेखेको पाइयो । साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६(क) अनुसार कुनै वस्तु वा सेवा को खरिद कार्यको रकम भुक्तानी गर्दा सोमा भुक्तानी गरेको मूल्य अभिवृद्धि करको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिनुपर्नेमा १३ कार्यालयले कारोबारमा भुक्तानी गरेको रु.१३ लाख ९९ हजार मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी दिएको छैन । प्रचलित ऐन नियममा भएको व्यवस्थाको पालना गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

१६. **सट्टा बिदा** – नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५५ बमोजिम स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्ट जस्ता सार्वजनिक बिदाका दिनमा काम गर्नुपर्ने कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले सट्टा बिदा पाउने व्यवस्था छ । त्यस्तो सट्टा बिदा अर्को तीन महिनाभित्र पालो मिलाई बस्नुपर्ने व्यवस्था भएकोमा स्वास्थ्य

कार्यालय १४ ले उक्त सार्वजनिक बिदामा काम गर्दाको अतिरिक्त समय भत्ताबापत रु.७८ लाख ८ हजार खर्च लेखेको छ । अर्थ मन्त्रालयको २०५७।४।१ को निर्णय अनुसार सबै किसिमको अतिरिक्त समय भत्ता खारेज गरिसकेको अवस्थामा तदनुरुपको भत्ता खर्च लेख्न मिल्ने देखिएन ।

१७. **निर्देशिकाको पालना** – जिल्ला स्वास्थ्य कार्यालयहरुद्वारा सञ्चालन हुने कार्यक्रमहरु निर्देशिकामा तोकेबमोजिम गर्नु गराउनुपर्दछ । यो वर्ष विभिन्न कार्यालयहरुले सम्बन्धित कार्यक्रमको निर्देशिकामा तोकिएबमोजिम उल्लिखित प्रक्रिया पुरा नगरेको तथा स्वीकृत दरभन्दा बढी खर्च लेखी कार्यालयलाई बढी व्ययभार पारेको व्यहोरा निम्न छन्:

१७.१ जिल्लास्तरीय कार्यक्रम सञ्चालन निर्देशिका, २०६६।०६७ मा २५ शैय्यासम्मको अस्पतालमा अन्तरङ्ग तथा आकस्मिक सेवा लिएका लक्षित वर्गका प्रतिबिरामीको रु.१०० का दरले र २४ घण्टे सेवा सञ्चालन भएका प्राथमिक स्वास्थ्य केन्द्रमा प्रतिबिरामी रु.१५ का दरले अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ । जिल्ला स्वास्थ्य कार्यालय, गुल्मीले ५ स्वास्थ्य संस्थालाई उक्त अनुदान उपलब्ध गराउँदा निर्देशिकाले निर्दिष्ट गरेबमोजिमको रकम उपलब्ध गराइसकेपछि रु.५ लाख ४६ हजार निर्देशिकाले तोकेभन्दा बढी अनुदान पठाएको देखिएकोले बढी अनुदान पठाएको उक्त रकम असुल गर्नुपर्दछ ।

१७.२ जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले बिरामी दरको आधारमा, आकस्मिक तथा अन्तरङ्ग सेवा र तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती सेवा प्रदान गरेबापत संस्थाले पाउने तोकिएबमोजिमको अनुदान रकम जिल्ला अस्पताल विकास समितिलाई भुक्तानी भइसकेपछि रु.१७ लाख ५ हजारको थप औषधि खरिद गरी दिएको छ ।

१७.३ परिबार नियोजन कार्यक्रम सञ्चालन निर्देशिका, २०६६ मा औषधि, माक्स, गाउन, टोपी, बाल्टिन जस्ता सामग्रीको लागि प्रतिकेस रु.२५०।– खर्च गर्न सकिने नर्म्स रहेको छ । जिल्ला स्वास्थ्य कार्यालय, बभाङ्गले नमर्स्अनुसार ४४१ केसको रु.१ लाख १० हजार खर्च लेख्नुपर्नेमा रु.२ लाख ११ हजार खर्च लेखी रु.१ लाख १ हजार बढी खर्च लेखेको छ ।

त्यसैगरी जनस्वास्थ्य कार्यालय, पर्सामा एक फोकलपर्सनले इमेल इन्टरनेट सञ्चालनमा केवल रु.२७ हजार बजेट भएकोमा निर्देशिकामा उल्लेख नै नभएका मालसामानहरु (कुरियर, टेलिफोन, फ्याक्स, छपाई आदी) खरिदको बील संलग्न गरी रु.२ लाख ९० हजार बढी खर्च गरेको छ ।

१७.४ जिल्लास्तरीय कार्यक्रम सञ्चालन निर्देशिका, २०६६।६७ अनुसार जिल्लामा पोषण प्रणालीको विकास गर्ने कार्यक्रम अन्तर्गतको रकम स्वास्थ्य कार्यालयहरुले मातहतका स्वास्थ्य संस्थाको व्यवस्थापन समितिलाई उपलब्ध गराउने, सो रकम सम्बन्धित जिल्लाका स्वास्थ्य संस्थाले न्यायोचित तरिकाले खर्च गरे नगरेको, लक्षित वर्गले पाए नपाएको कार्यालयले नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ । उक्त रकम स्वास्थ्य कार्यालयहरुले स्वास्थ्य संस्थाका प्रमुखहरुलाई प्रत्येक सेवाग्राहीको लागि रु.५०० का दरले रकम बुझाएको भर्पाईको आधारमा जिल्ला स्वास्थ्य कार्यालय, रौतहटले रु.४ लाख, पर्साले रु.४ लाख ९६ हजार र महोत्तरीले रु.४ लाख ९६ हजार खर्च लेखेको छ । उक्त कार्यक्रममा लक्षित वर्गले सेवा पाए नपाएको अनुगमन गरेको छैन ।

१७.५ आमा सुरक्षा कार्यक्रम निर्देशिका, २०६५ को बुँदा ४(५) मा नि:शुल्क प्रसुती सेवा निरन्तररुपले उपलब्ध गराउन स्वास्थ्य संस्था व्यवस्थापन समितिले आषाढ मसान्तभित्र पेश्की लिई खर्च गर्ने, बुँदा नं. ५ मा नि:शुल्क सेवा दिएबापत संस्थाको इकाई मूल्य स्वास्थ्य संस्था व्यवस्थापन समितिले लिने, प्राप्त इकाई मूल्यबाट स्वास्थ्य संस्थाको बृहत्तर विकासमा खर्च गर्नसकिने व्यवस्था छ । स्वास्थ्य संस्थाले इकाई मूल्यको आधारमा अनुसूची ६ तथा अनुसूची १० बमोजिमको विवरण लिई सोको आधारमा स्वास्थ्य संस्थालाई रकम भुक्तानी गर्नुपर्नेमा जिल्ला स्वास्थ्य कार्यालय, धनुषाले उक्त विवरण बेगर रु.१५ लाख ४२ हजार सादा भर्पाइको आधारमा व्यक्तिलाई सिधै रकम उपलब्ध गराएको छ । स्वास्थ्य संस्थामा उपलब्ध गराएको उक्त रकम सम्बन्धित संस्थाको बैङ्क खातामा रकम जम्मा भएको प्रमाण पेश भएन ।

१८. **दोहोरो तलब भुक्तानी** – जिल्ला स्वास्थ्य कार्यालय, बझाङ्गले चार उपस्वास्थ्य चौकीमा भाद्र, आश्विन र कार्तिक महिनामा रु.२ लाख ४० हजार दोहोरो तलब लगाएतका सुविधा उपलब्ध गराएकोले उक्त रकम असुल गरी खर्च लेख्ने र समर्थन गर्ने पदाधिकारीलाई कारबाही समेत गर्नुपर्दछ ।

१९. **फाँटबारी बेगर खर्च** – जिल्ला स्वास्थ्य कार्यालय, बझाङ्गले २०६६ श्रावण, भाद्र, आश्विन र दशैँ खर्चको लागि ३५ उपस्वास्थ्य चौकी, १० स्वास्थ्य चौकी एवं २ प्राथमिक स्वास्थ्य केन्द्र समेतको लागि रु.१ करोड ४ लाख ६९ हजारको मात्र तलब वितरण गरेको फाँटबारी संलग्न गरी रु.१ करोड १२ लाख ४९ हजार खर्च लेखेको पाइयो । लेखापरीक्षणबाट बढी खर्च लेखेको रु.७ लाख ८० हजार असुल गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा उक्त रकम २०६७।९।९ मा दाखिला भएको छ । ढिला रकम दाखिला गरेकोमा कुनै कारबाही गरेको छैन ।

इपिडिमियोलोजी, औलो, कालाजार नियन्त्रण तथा प्रकोप व्यवस्थापन कार्यक्रम

२०. **वार्षिक प्रगति** – सोही कार्यक्रमबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन अनुसार यो वर्ष चालू तथा पूँजीगत खर्च समेत गरी एण्टीरेविज उत्पादनका लागि जोनल रोटर मेसिन खरिद गर्ने समेतका २४ क्रियाकलापका लागि रु.६ करोड ५४ लाख ११ हजार बजेट व्यवस्था भएकोमा उपर्युक्त क्रियाकलाप कार्यान्वयन हुन नसकी बजेट खर्च हुन नसकेको अवस्थामा समेत प्रगति विवरणमा शतप्रतिशत प्रगति भएको देखाएको छ ।

२१. **खर्च लेखाङ्कन** – कार्यक्रमबाट यो वर्ष ग्लोबल फण्डतर्फ विश्व स्वास्थ्य संगठनलाई डलर खाताबाट रु.३ करोड ६५ लाख १२ हजार भुक्तानी गरेको छ । उक्त रकम आर्थिक विवरणमा खर्च लेखाङ्कन नहुनुको साथै खर्चको स्रेस्ता समेत पेश गरेको छैन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

स्वास्थ्य सेवा विभाग, बालस्वास्थय महाशाखा

राष्ट्रिय स्वास्थ्य नीति, २०४८ अनुरुप महाशाखाका प्रमुख कामहरुमा पाँच वर्षभन्दा कम उमेरका बालबालिकाहरु र गर्भवती महिलाहरुलाई प्रमुख लक्ष्य बनाएर प्रतिकारात्मक स्वास्थ्य सेवा अन्तर्गत विस्तारित खोप कार्यक्रम र झाडापखाला र श्वासप्रश्वास नियन्त्रण कार्यक्रम, प्रबर्द्धनात्मक स्वास्थ्य सेवा अन्तर्गत स्वास्थ्य, शिक्षा तथा सूचनामूलक कार्यक्रम, पोषण कार्यक्रम र परामर्शदाताबाट समुदायमा आधारित बालरोगको एकीकृत व्यवस्थापन तथा शिशु स्याहार कार्यक्रम रहेका छन् ।

जलवायु परितर्वनसँगै देखापर्ने रोग लाग्नबाट बालबालिकालाई बचाउनु र बाल मृत्यूदरमा कमी ल्याउनु, खोपको दायरालाई शतप्रतिशतमा पुऱ्याउनु तथा मातृ मृत्यूदरलाई कम गरी मानवीय क्षति हुनबाट बचाउनु, बाल रोगको एकीकृत व्यवस्थापन तथा नवजात शिशु स्याहार कार्यक्रम जस्ता तालिम लक्षित समुदायमा सञ्चालन गर्नु चुनौतीपूर्ण बनाएको छ । महाशाखाको उपलब्ध स्रोत र साधनको उपयोग एवं व्यवस्थापनबाट बाल स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु दक्षतापूर्ण ढङ्गबाट सञ्चालन भए नभएको मूल्याङ्कन गर्न यसवर्ष कार्यमूलक लेखापरीक्षण गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहायमा उल्लेख गरिएको छ ।

२२. **जनशक्ति व्यवस्थापन** – महाशाखाले सम्पादन गर्नुपर्ने कार्यविवरण तथा कार्यचाप विश्लेषण गरी आवश्यक दरबन्दी निर्धारण हुनुपर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट २०५० मा तयार पारेको संगठनात्मक तालिकामा स्वास्थ्य सेवा विभागको कुल दरबन्दी १७५ कायम भई सोमध्ये प्रशासनिक सेवा बाहेक निर्देशक सहित पोषण, खोप र आई.एम.सी.आई. शाखा समेतमा ११ दरबन्दी रहेको छ । देशभर सञ्चालन हुने नियमित एवं आकस्मिक तथा विशेष खोप अभियान, कुपोषण कार्यक्रमको सञ्चालन तथा सी.वी.आई.एम.सी. आई.तथा सी.वी.एन.सी.पी. कार्यक्रमको सञ्चालन, सुपरिवेक्षण तथा गुणस्तर कायम गर्न विद्यमान दरबन्दी पर्याप्त नभएको व्यहोरा महाशाखाले जनाएको छ ।

समुदायमा आधारित बालरोगको एकीकृत व्यवस्थापन तथा नवजात शिशुको हेरचाह कार्यक्रमको परामर्शदाताबाट सञ्चालित कार्यक्रमबारे महाशाखाबाट यथोचित अनुगमन गर्न सकेको छैन । परामर्शदाताको छनौट आर्थिक वर्षको अन्त्यमा हुने भएकोले छोटो समयमा परामर्शदाताले दिइने तालिम गुणस्तरयुक्त तथा प्रभावकारी हुन सकेको छैन । कार्यक्रमको अनुगमन मूल्याङ्कन गुणस्तर कायम गर्न आवश्यक पर्ने जनशक्तिको आपूर्ति गर्न मन्त्रालय र विभागबाट र सहयोगी संस्थाबाट खटाइएको जनशक्तिको सहयोग लिइएको जानकारी महाशाखाले दिएको छ । ती निकायबाट प्राय: प्रशासनिक एवं बालरोग तथा कार्यक्रम सम्बन्धमा दखल नभएका पदाधिकारी संलग्न हुने हुँदा कार्यक्रम सञ्चालनमा प्रभावकारीता ल्याउन सहयोग पुग्ने देखिदैँन । महाशाखाले रेफ्रिजेरेटर टेक्निसियन, जनस्वास्थ्य अधिकृत, बालरोग विशेषज्ञ, मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट लगायतका कर्मचारीको व्यवस्था भएमा कार्य सरलीकरण एवं गुणस्तरीय हुने जानकारी दिएको छ ।

पर्याप्त दरबन्दीको अभावमा गुणस्तरीय बालस्वास्थ्य कार्यक्रम सञ्चालन गर्न कठिनाई हुने देखिन्छ । त्यसैले महाशाखाबाट गर्नुपर्ने कामको लागि कार्यचाप, कार्यविवरण र कामको जटिलताअनुरुप विशेषज्ञ सहित आवश्यक दरबन्दीको व्यवस्था गरिनुपर्दछ । तत्कालको समस्या समाधान गर्न अन्यत्र निकायबाट अल्पकालीन र दीर्घकालीन व्यवस्थापनको लागि स्थायी दरबन्दी सृजना गरी जनशक्तिको व्यवस्थापन गर्नु जरुरी देखिएको छ । विशेष र आकस्मिक कामको लागि सरकारी एवं गैरसरकारी निकायसँग केन्द्रीयस्तरमा नै समन्वय गरी जनशक्तिको आपूर्ति गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

२३. **औषधि र उपकरण आपूर्ति** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार खरिद गर्नु पूर्व वार्षिक कार्ययोजना तयार गरी सोही अनुसार औषधि, भ्याक्सिन र उपकरण नियमित आपूर्ति गर्नुपर्दछ । २०६६।६७ को लागि स्वास्थ्य सेवा विभागले तयार गरेको महाशाखासँग सम्बन्धित औषधि उपकरण खरिदको योजना अनुसार आपूर्ति हुन सकेको छैन । बी.सी.जी. भ्यासिन,दादुरा, टी.टी., जे.ई., ए.डी. सिरिन्ज, जीवनजल लगायतका औषधि/उपकरण विभागको कार्यविधि अनुसार १५ मार्च २०१० देखि १९ जुलाई २०१० सम्म र खरिद कार्ययोजनाअनुसार १७ फेब्रुअरी २०१० देखि १६ जुलाई २०१० सम्म आपूर्ति गर्ने उल्लेख भएकोमा २२ जून २०१० देखि ३० नोभेम्बर २०१० सम्मको अवधिबाट मात्रै आपूर्ति गर्ने कार्य सुरु गरेको छ ।

विभागको कार्यविधि, खरिद कार्ययोजना र यथार्थमा औषधि/खोप/ उपकरण आपूर्ति गर्न सूचना प्रकाशन भएको र सम्झौता एवं सामान आपूर्ति गरेको मितिको विश्लेषण गर्दा समयभित्र काम सम्पन्न नभई अधिकतम नौ महिनासम्म ढिलाई भएको देखिन्छ । बालबालिकाको लागि आवश्यक पर्ने जीवन रक्षक खोप, औषधि लगायतका उपकरण समयमा प्राप्त हुन नसक्दा स्वास्थ्य सेवा प्रवाहमा नियमितता हुन सकेको छैन । दादुरा खोप समयमा खरिद गर्नको लागि विश्व बैङ्कमा सहमतिका लागि पठाएकोमा त्यहाँबाट दुई महिना ढिला भएकोले समयमा खरिद हुन सकेको छैन । वस्तुगत सहायताको रुपमा प्राप्त डी.पी.टी., हेपाटाइटीस वी. हिव (पेन्टाभाइलेन्ट) गुणस्तरहीन भएकोले लामो समय स्वास्थ्य संस्थामा स्टकआउट हुन गएको छ । विभागको कार्यविधिलाई पालना नगरी वार्षिक खरिद कार्ययोजना बनाउने र कार्ययोजना ढिलो कार्यान्वयन गर्ने गरेकोले जीवन रक्षक खोप लगायतका औषधि ढिला आपूर्ति हुने र लामो समय स्टक आउट रहने अवस्थाले स्वास्थ्य सेवा नियमित, गुणस्तर र भरपर्दो हुन सक्ने देखिएन । विभागको कार्यविधि एवं खरिद योजनाअनुसार औषधि, खोप र उपकरण आपूर्तिको व्यवस्था मिलाउनुपर्दछ ।

२४. **म्याद नाघेको खोप/औषधि** – स्वास्थ्य संस्थामा उपलब्ध हुनुपर्ने खोप/औषधिहरु १८ महिना म्याद भएको हुनुपर्ने र खोप/औषधिको म्याद समाप्त हुने समस्यालाई घटाउँदै लैजाने नीति भए तापनि केन्द्रीय कोल्ड रुम तथा क्षेत्रीय मेडिकल स्टोरहरुमा म्याद नाघेका औषधि/खोपहरु रहेको देखियो ।

गत आर्थिक वर्ष २०६४।६५ र २०६५।६६ मा क्रमश: आठ र पाँच जिल्ला स्वास्थ्य कार्यालयको स्थलगत लेखापरीक्षण हुँदा पनि ठूलो मात्रामा म्याद नाघेका औषधि पाइएको थियो । २०६६।६७ मा केन्द्रीय कोल्ड रुममा मात्र रु.८९ लाख ५८ हजार बराबरका टी.टी., जे.ई., औषधि खोपहरु र क्षेत्रीय मेडिकल स्टोर मकवानपुर, धनगढी र विराटनगर समेतमा २०६६।१२।१७ सम्मको म्याद नाघेका दादुरा, जे.ई, टी.टी., बी. सी.जी.,लगायतका खोप/औषधिहरु रहनु उचित होइन । औषधि/ खोपको म्याद सकिनुमा आवश्यकताभन्दा बढीको आपूर्ति हुनु, कम म्याद भएका औषधि/खोप आपूर्ति हुनु, अधिक मौज्दात छँदाछँदै पुन: खरिद गर्नु र भण्डार व्यवस्थापनको कमजोरी आदि प्रमुख कारण देखिएका छन् । यसबाट सरकारी स्रोत साधनको मितव्ययी तवरले उपयोग हुन सकेको देखिएन ।

केन्द्रीय कोल्डरुम टेकुमा म्याद सकिएका खोपहरु

औषधि/खोपलाई म्याद समाप्त हुने अवस्था अगावै आवश्यक स्थानमा आपूर्ति गर्ने, तीन/तीन महिनामा स्टोरको निरीक्षण गरी प्रतिवेदन गर्ने, व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयन गर्ने र परीक्षण सूचीको विकास एवं औषधि/खोपको निरीक्षण गरी म्याद समाप्त हुन अगावै उचित व्यवस्थापन गरिनुपर्दछ ।

२५. **आपूर्तिमा नियमितता** – आपूर्ति व्यवस्था महाशाखाबाट बालस्वास्थ्य महाशाखाले माग गरेको आधारमा पाँचवर्ष मुनिका बालबालिकाको लागि आवश्यक पर्ने खोप र औषधि (जिङ्क, अल्वेण्डाजोल, जीवन जल, कोट्रिम) तथा ए.आर.आई. साउण्ड टाइमर, साल्टर स्केल, आयोडिन टेष्टकीट उपकरणहरु र गर्भवती महिलाको लागि आवश्यक पर्ने आइरन ट्याबलेटको नियमित आपूर्तिको व्यवस्था मिलाउनु पर्दछ । औषधि तथा खोपको नियमितताका लागि विभागले केन्द्रीयस्तरमा नै आधिकारिक मौज्दातस्तर तोकेको छ । सो स्तरभन्दा न्यून मौज्दात हुन दिनु हुँदैन । उपलब्ध विवरणअनुसार २०६६।६७ मा देहायअनुसार खोप औषधिको मौज्दात न्यून देखिएको छ :

क्र.सं.	खोप/औषधिको नाम	इकाई	आधिकारीक मौज्दात परिमाण (ASL)	न्यून मौज्दात परिमाण	समय
१.	डी.पी.टी.–हिप बी. हिब	एम्पुल	१७,७५,०००	०	अप्रिलदेखि मेसम्म ६० दिन (२०१०)
२.	दादुरा	भायल	२,१३,४४७	१०,०००	अप्रिलदेखि मेसम्म ७० दिन (२०१०)
३.	जिङ्क	ट्याब	१,४९,४७,०००	६४,३४,०००	अप्रिलदेखि जुनसम्म ९० दिन (२०१०)
४.	भिटामिन ए	क्याप	१,३३,०१,०००	२७,५७,०००	जनवरीदेखि मार्गसम्म ९० दिन (२०१०)
५.	आइरन	ट्याब	१०,४५,५२,०००	१,८४,७४,०००	अगष्टदेखि सेप्टेम्बरसम्म ६० दिन (२०१०)

विगत वर्षमा १३ जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय र अन्तर्गतका २९५ स्वास्थ्य संस्थाको स्वास्थ्य सेवा प्रवाहसम्बन्धी परीक्षण गर्दा अधिकांश स्थानमा खोप तथा औषधिको आधिकारिक मौज्दातस्तरभन्दा तल भएको व्यहोरा उदाहरण सहित प्रतिवेदनमा औंल्याइएको थियो । यस वर्ष बालस्वास्थ्य महाशाखाले केन्द्रीय भण्डारमा समेत माथि उल्लिखित खोप तथा औषधिको आधिकारिक मौज्दातस्तर न्यून देखाएको छ । डी.पी.टी–हिप बी. हिब खोप २०१० अप्रिलदेखि मे सम्म ६० दिन शून्य मौज्दात देखिएको छ । महाशाखाको औषधि/खोपको आपूर्तिमा नियमितता भएको नपाइँदा सेवाग्राहीले सिहज स्वास्थ्य सेवा पाउन कठिनाई पर्नसक्ने देखिन्छ । विभागले तोकेको आधिकारिक मौज्दातस्तरलाई ध्यान दिई खोप तथा औषधिको नियमित आपूर्ति हुने वातावरण सृजना गर्नुपर्दछ ।

२६. **वैदेशिक सहायतामा प्राप्त खोप** – जिन्सी सामान प्राप्त भएपछि सम्झौतामा उल्लिखित शर्तअनुसारको जिन्सी सामानको गुणस्तर प्रमाणीकरण गर्ने कागजातसहितको विवरण पेश हुनुपर्दछ । सम्झौतामा उल्लिखित विवरण र गुणस्तर मूल्याङ्कन समितिबाट जिन्सी सामान (खोप, औषधि, उपकरण) को प्रयोगशाला परीक्षण गरी प्रमाणित भएपछि मात्र आम्दानी बाँध्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३)(ञ) मा रहेको छ ।

एक वर्षभन्दा मुनिका बालबालिकाहरुलाई प्रयोग गरिने डी.पी.टी.– हिप बी.हिब (पेन्टाभाइलेन्ट) खोप २०६६।६७ मा २२ लाख २१ हजार ९ सय एम्पुल वस्तुगत सहायता सान्ता वायोटेकबाट उत्पादन भई युनिसेफ मार्फत प्राप्त भएको छ । उक्त खोप डब्लु एच.ओ. मापदण्डअनुरुप नै भएको र अन्य मुलुकमा पनि प्रयोगमा आएको आधारमा वितरण गर्नुपूर्व प्रयोगशाला परीक्षण गरिएको छैन । ती खोप प्रयोगको लागि जिल्लामा वितरण गरिएकोमा सुपरभाईजरबाट केही खोपको गुणस्तर मापदण्डअनुरुप नभएको सिकायतको आधारमा बालस्वास्थ्य महाशाखाले तत्काल ती खोप प्रयोग नगर्न रोक लगाएको पाइयो । मापदण्ड नपुगेका कम गुणस्तरको खोप देशभर करिब ११ लाख एम्पुल प्रयोग भएको देखिएको छ भने केन्द्रीय कोल्ड रुम, पाँच मेडिकल स्टोर तथा क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरा समेतमा करिब ११ लाख एम्पुल मौज्दात देखिएको छ । कम उमेरका बालबालिकाको स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने उक्त खोपहरु प्रयोगशाला परीक्षण नगरी प्रयोगको लागि पठाउँदा त्यसबाट पर्ने असरबारे महाशाखाले संवेदनशीलता अपनाएको पाइएन । तसर्थ खरिद वा वस्तुगत सहायताबाट प्राप्त हुने खोपहरु पनि प्रयोगशाला परीक्षण पश्चात मात्र प्रयोगमा ल्याउनुपर्दछ । बिग्रिएका खोप प्रयोग गरिएको बालबालिका यकिन गरी असरको बारेमा विवरण सार्वजनिक गर्नुपर्दछ । उक्त खोपको सुरक्षित तवरले नष्ट गर्ने प्रक्रिया शुरुवात गर्नुपर्दछ ।

केन्द्रीय कोल्डरुम बाहिर जथाभावी राखिएको बिग्रिएका पेन्टाभाइलेन्ट खोपहरु

नेपालमा खोपसम्बन्धी सबै मापदण्ड पुगे नपुगेको परीक्षण गर्ने संयन्त्र नभएको केन्द्रीय कोल्ड स्टोर टेकुबाट जानकारी प्राप्त भएको छ । खरिद वा वस्तुगत सहायता जुनसुकै विधिबाट खोप प्राप्त भएपनि खोप उत्पादन गर्ने कम्पनीको आफ्नै प्रयोगशालाबाट प्रमाणित भएको टेष्ट रिपोर्टको अध्ययन र भ्याक्सिनको नमूना आधारमा मात्र गुणस्तरबारे जानकारी नहुने र अन्य औषधि जस्तो खोपको प्रयोगशालामा जाँच नहुने अवस्था रहेको पाइयो । बालबालिकाको जीवन रक्षकको रुपमा रहेको खोपको गुणस्तरबारे आम जनसमुदायमा आश्वस्तता दिलाउनको लागि मन्त्रालयस्तरबाटै केन्द्रीय प्रयोगशालामा वा महाशाखा अन्तर्गत खोपको गुणस्तर परीक्षण गर्ने प्रणालीको विकास गर्नु जरुरी छ ।

२७. **अनुगमन र प्रतिवेदन** – जिल्लामा नियमित रुपमा सञ्चालन हुने खोप, विशेष खोप, पोषण तथा परामर्शदाताबाट सञ्चालन हुने समुदायमा आधारित बाल रोगको एकीकृत व्यवस्थापन तथा नवजात शिशु स्याहार कार्यक्रम निश्चित सूचकाङ्कको आधारमा नियमित सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने र प्रतिवेदनमा उल्लिखित व्यहोरा उपर सुधार गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२७.१ जिल्लामा सञ्चालन हुने कार्यक्रमको सम्बन्धित विज्ञबाट सुपरिवेक्षण तथा अनुगमन भएमा मात्र सेवाको गुणस्तरीयता कायम हुनुका साथै समस्याको स्थानीयस्तरमा पहिचान एवं समाधान गर्न सहज हुन्छ । यस वर्ष सुपरिवेक्षण अनुगमन प्रयोजनका लागि विभिन्न कार्यक्रम अन्तर्गत रु.४८ लाख ७४ हजार खर्च गरेको छ । महाशाखालाई विगत तीन वर्षको प्रमुख तीन कार्यक्रमहरु (खोप, पोषण र समुदायमा आधारित बाल रोगको एकीकृत व्यवस्थापन) को अनुगमन तथा सुपरिवेक्षण प्रशासनिक वा विषयसँग सम्बन्धित विज्ञबाट प्राप्त अभिलेख

अनुसार २०६६।६७ मा प्रशासनिक कर्मचारीबाट ६८ पटक र स्वास्थ्यकर्मीबाट २४१ समेत ३०९ पटक सुपरिवेक्षण भएको विवरण प्राप्त भएको छ । २०६६।६७ को विस्तारित खोप कार्यक्रमतर्फ ४०० पटक सुपरिवेक्षण गर्ने कार्यक्रम रहेकोमा वित्तीय स्रेस्ताको परीक्षण गर्दा अधिकांश सुपरिवेक्षणमा जाने खरिदार, नायव सुब्बा, लेखापाल, शाखा अधिकृत, कम्प्युटर अपरेटरलगायतका कर्मचारी देखिएका छन् । ती कर्मचारीहरुले भ्रमण प्रतिवेदनमा प्रशासनिक निरीक्षण गरेको उल्लेख गरेका छन् भने अधिकांश स्वास्थ्यकर्मीले भ्रमण प्रतिवेदन पेश गरेका छैनन् । यसबाट कार्यक्रमको सुपरिवेक्षण व्यवस्थित ढङ्गले भएको पाइएन ।

महाशाखाबाट सुपरिवेक्षण तथा अनुगमनमा भएको समस्याबारे धेरै कार्यक्रम हुनु, भौगोलिक विकटता, बन्द हड्ताल, विज्ञहरुको अभाव, प्रशासनिक कर्मचारीको दवाव, अनुगमन क्यालेण्डर तयार गरी लागू गर्न नसकिएको जस्ता कारणहरु रहेको जानकारी प्राप्त भएको छ । महाशाखाले जिल्लामा सञ्चालित क्रियाकलापको नियमित सुपरिवेक्षण, अनुगमन गरी प्राप्त पृष्ठपोषणको आधारमा आगामी वर्ष सञ्चालन गर्ने कार्यक्रमको लागि सुझावसहितको प्रतिवेदन तयार नगर्दा सञ्चालित कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्न कठिनाइ पर्ने देखिएको छ । प्रभावकारी तथा अनुगमन, सुपरिवेक्षण गर्नको लागि क्यालेण्डर तयार गरी लागू गर्ने, पर्याप्त विज्ञको व्यवस्था गर्ने, कार्यक्रम शाखाको संस्थागत सुदृढीकरण गर्ने, प्रशासनिक कर्मचारीबाट हुने अनुगमन सुपरिवेक्षणलाई न्यूनीकरण गर्ने र अनुगमन सुपरिवेक्षण प्रतिवेदनका आधारमा उपयुक्त सुधारका उपाय अवलम्बन गर्ने कार्य हुनुपर्दछ ।

२७.२ अनुगमन सुपरिवेक्षणका लागि सूचकाङ्कको विकास गरी मितव्ययी एवं प्रभावकारी पद्धति अवलम्बन गरिनुपर्दछ । स्वास्थ्य सेवा विभागअन्तर्गत बालस्वास्थ्य, परिवार स्वास्थ्य, इपिडिमियोलोजी, आपूर्ति महाशाखा, व्यवस्थापन महाशाखा लगायतले आफ्नो उद्देश्यसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने र ती कार्यक्रमको अनुगमन सुपरिवेक्षण आ–आफ्नै ढङ्गले गर्ने गरेका छन् । यस प्रयोजनका लागि महाशाखाहरुले अनुगमन सुपरिवेक्षणका सूचकाङ्क तयार गरेको समेत देखिएन । एउटै गाउँ वा जिल्ला वा क्षेत्रमा विभिन्न कार्यक्रम महाशाखाका कार्यक्रमहरु सञ्चालन हुने र ती कार्यक्रमको लागि बेग्ला बेग्लै टोली गई अनुगमन सुपरिवेक्षण गर्दा खर्चमा मितव्ययिता नहुने, जनशक्तिको अभाव हुने, कम समयमा धेरै कार्यक्रमको अनुगमन सुपरिवेक्षण गर्दा प्रभावकारिता ल्याउन कठिनाइ पर्ने देखिन्छ । तसर्थ स्वास्थ्य सेवा विभागले सूचकाङ्कको विकास गरी सबै शाखा, केन्द्र र महाशाखाले सञ्चालित कार्यक्रमको एकीकृत दृष्टिकोण अवलम्बन गरी अनुगमन सुपरिवेक्षण गरिनुपर्दछ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार सेवा कार्यक्रम

स्वास्थ्य क्षेत्रको समष्टिगत उद्देश्यहरु प्राप्त गर्न राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रबाट राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना र सञ्चार कार्यक्रमको माध्यमबाट स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धि गराउने प्रयासहरु हुदै आएका छन् । रोगको उपचारको सन्दर्भमा प्रारम्भिक अवस्थामा नै रोगसम्बन्धी सचेतना प्रदान गरी रोगको परिमाण न्यून गर्ने उद्देश्यबाट सञ्चालित यस केन्द्रलाई आर्थिक र भौतिक रुपमा सबल र स्रोत साधन सम्पन्न गराउन सके रोगी तथा बिरामीको संख्यामा समेत परिमाणात्मक रुपमा कमी ल्याउन सकिन्छ ।

स्वास्थ्य सेवासम्बन्धी शिक्षा र सूचनाको प्रचार प्रसार गरी आमजनतालाई स्वास्थ्य सम्बन्धी चेतना प्रदान गर्न केन्द्रबाट विगत वर्षहरुदेखि प्रयास हुदै आएको छ । केन्द्रबाट उपलब्ध स्रोत र साधनको प्रयोग गरी आमजनतामा स्वास्थ्य शिक्षासम्बन्धी सूचना सम्प्रेषण गरी जानकारीमूलक सूचना प्रचार प्रसारसमेतका कार्य हुँदै आए तापनि अपेक्षितरुपमा सेवा वा कार्यक्रम सञ्चालन गर्नसकेको देखिदैन । केन्द्रबाट समयमा अख्तियारी प्राप्त गर्न नसकेको, विनियोजित वार्षिक बजेट खर्च हुन नसकेको, वार्षिक कार्यक्रममा निर्धारित सबै क्रियाकलाप सम्पन्न गर्न नसकेको, अत्यावश्यक जनशक्ति पूर्ति नभएको, खरिद व्यवस्थापन नियमानुसार सञ्चालन हुन नसकेको एवं सूचना प्रसारण प्रभावकारीरुपमा सञ्चालन गर्न नसकेको र अनुगमन र मूल्याङ्कन व्यवस्था प्रभावकारी हुन नसकेको अवस्था छ । स्वास्थ्य शिक्षा सूचनालाई प्रभावकारीरुपमा सञ्चालन गरी आमजनतामा कार्यक्रमको उपलब्धि प्रदान गर्ने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ । यसवर्ष केन्द्रको कार्यमूलक लेखापरीक्षण गरिएकोमा देखिएका व्यहोराको विस्तृत विवरण सम्बन्धित मन्त्रालय र निकायमा पठाइएकोमा प्रमुख व्यहोरा देहायमा उल्लेख गरिएको छ ।

२८. **जिन्सी व्यवस्थापन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत संरक्षण र उपयोग गर्नुपर्ने व्यवस्था गरेको छ । केन्द्रबाट मुख्यतया जनस्वास्थ्यसम्बन्धी स्वास्थ्य र शैक्षिक सामग्रीहरुको खरिद, उत्पादन तथा वितरणसम्बन्धी उचित र पर्याप्त व्यवस्था मिलाउन र उपर्युक्त कार्यक्रम सञ्चालन गर्नका लागि सहयोगी हुने जिन्सी सामान, यन्त्र उपकरण, मेसिनरी औजार, सवारी साधन र अन्य भौतिक पूर्वाधारहरुको समेत पर्याप्त व्यवस्था मिलाएको हुनुपर्दछ ।

वितरण हुन बांकी प्रचार सामग्रीहरु

वार्षिक कार्यक्रमअनुसार विभिन्न अवधिमा छपाई गरी प्राप्त गरिएका स्वास्थ्य शिक्षासम्बन्धी शैक्षिक सामग्रीहरु सम्बन्धित प्रयोजनका लागि चालू आर्थिक वर्षभित्र नै लक्षित स्थान र वर्गसम्म वितरण गरिसकेको हुनुपर्नेमा केन्द्रबाट २०६५/६६ र २०६६/६७ को स्वास्थ्य शिक्षासँग सम्बन्धित शैक्षिक सामग्रीहरुको प्राप्ति र वितरणसम्बन्धी २ वर्षको जिन्सी निरीक्षण प्रतिवेदन अध्ययन गर्दा उक्त दुवै आर्थिक वर्षको अन्त्यमा अत्यधिक मात्रामा शैक्षिक सामग्रीहरु मौज्दात रहेको पाइयो । केन्द्रबाट पोषण, श्वास प्रश्वास, झाडा पखाला, खोप, आमा सुरक्षालगायतका विभिन्न रोगसम्बन्धी जानकारीमूलक पम्पलेट, सन्देश ब्रोसर, पोष्टर आदि उत्पादन तथा छपाई गरेकोमा सम्बन्धित आर्थिक वर्षभित्र लक्षित वर्गसम्म वितरण हुन नसकी २०६५/६६ को अन्त्यमा १२ किसिमका रु.३८ लाख २३ हजार र २०६६।६७ को अन्त्यमा १७ किसिमका रु.२९ लाख ९३ हजार मूल्य बराबरका शैक्षिक सामग्रीहरु मौज्दात रहेको छ ।

शैक्षिक सामग्रीहरु मौज्दात रहेको सम्बन्धमा केन्द्रले देशका सबै स्वास्थ्य संस्थाहरुसम्म वितरण गर्न पुग्ने गरी वितरण गरिएको र दैनिकरुपमा माग भई आउने विभिन्न व्यक्ति संस्था, विद्यालय, कलेज र विद्यार्थीहरुलाई वितरण गर्न र सचेतना गोष्ठी कार्यक्रमहरुमा सहभागीहरुलाई वितरण गर्न मौज्दात रहन गएको जनाएको छ । निश्चित समय र प्रयोजनको लागि सरकारी रकम खर्च गरी छपाई गरिएका स्वास्थ्य शिक्षासम्बन्धी सामग्रीहरु समयमा वितरण नहुँदा शैक्षिक सामग्रीहरुको प्रयोजन समाप्त हुने तथा सम्बन्धित लक्षित वर्गहरुसमेत लाभान्वित हुन नसक्ने देखिन्छ । .

केन्द्रबाट वार्षिकरुपमा सम्पादन गर्नुपर्ने कार्य सुचारुरुपमा सञ्चालन गर्नकालागि केन्द्रमा पर्याप्त मात्रमा सवारीसाधन, यन्त्र उपकरण र मेसिनरी औजारको व्यवस्था हुनुपर्नेमा केन्द्रमा रहेका मोटरसाइकल–५, फोटोकपी मेसिन–५, मोटर गाडी–३, स्कुटर–१, रंगीन टेलिभिजन–१ समेतका जिन्सी सामानहरु बिग्रिएका कारण चालू हालतमा नरहेको पाइयो ।

केन्द्रको हातामा बिग्रीएको अवस्थामा रहेका सवारीसाधन

केन्द्रका लागि व्यवस्था गरिएका सवारीसाधनहरु र मेसिनरी औजार एवं यन्त्र उपकरणहरु बिग्रिएर रहेकोले केन्द्रबाट सञ्चालन गरिने कार्यक्रमहरु प्रभावित हुन सक्ने देखिएको छ ।सवारीसाधन, मेसिनरी औजार तथा यन्त्र उपकरणहरु मर्मत सम्भार गरी चालू अवस्थामा राख्नुपर्दछ ।

२९. **सूचना प्रसारण –** केन्द्रबाट कार्यक्रममा व्यवस्था भएअनुसार सूचना प्रवाह भएको, सूचना प्रवाहको क्षेत्र विस्तार भएको र सूचना प्रसार कार्यक्रमको उपलब्धि स्पष्ट पारिएको हुनुपर्दछ । केन्द्रबाट स्वास्थ्य शिक्षा सूचना प्रसारण सम्बन्धमा रेडियो, टेलिभिजन, एफ.एम. रेडियो, पत्रपत्रिका, शैक्षिक सामग्री, नाटक आदि माध्यमहरुलाई अपनाइएको छ । उपर्युक्त माध्यमहरुबाट स्वास्थ्य सेवा सम्बन्धी सूचना, सन्देश, टेली चलचित्र, रेडियो नाटक, टेली नाटक, लिफलेट, पम्पलेट, भित्तेपात्रो, अन्तरक्रिया गोष्ठी आदिको माध्यमबाट जनस्वास्थ्यसम्बन्धी सूचना प्रसारण गर्ने गरेको छ । सूचना प्रसारण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

२९.१ स्वास्थ्य शिक्षा सूचना र सञ्चारसम्बन्धी कार्यक्रम प्रसारण तथा सञ्चालन गर्दा क्षेत्रीय र भाषिकरुपमा सन्तुलित र समावेशी तरिकाले प्रसारण गरेको हुनुपर्दछ । केन्द्रबाट अडियो, भिडियो र मुद्रण सामग्रीहरुको माध्यमबाट सूचना प्रसारण गर्ने गरिएकोमा अधिकांशरुपमा उपत्यकाका सञ्चार माध्यमबाट प्रसारण हुने र भाषिकरुपमा समेत पूर्ण समावेशी हुन सकेको देखिदैन । स्वास्थ्य शिक्षा सम्बन्धमा थारु, भोजपुरी र मैथिली भाषामा चलचित्र, पम्पलेट आदि उत्पादन तथा छपाई गरिए तापनि अन्य प्रमुख जातीय भाषा समेट्न सकेको छैन । यसले गर्दा सिमान्त समूहसम्म स्वास्थ्य सम्बन्धी सूचना प्रवाह गर्न कठिनाइ पर्नसक्ने देखिन्छ ।

२९.२ केन्द्रबाट सञ्चालन गर्नुपर्ने क्रियाकलापहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्नका लागि आवश्यक स्थानमा सूचना केन्द्रहरुको स्थापना गरी सञ्चालनका लागि व्यवस्था मिलाउनुपर्ने र अन्य स्वास्थ्य संस्थाहरुसँग समन्वय कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । केन्द्रअन्तर्गत आवश्यक मात्रामा सूचना केन्द्रहरुको स्थापना हुन सकेको देखिदैन । साथै स्वास्थ्य सूचना प्रसारण गर्ने अन्य निकायहरु: जस्तै राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र एवं सरकारी र गैरसरकारी संस्थाहरुसंग समन्वय गरी कार्यक्रम सञ्चालन हुन सकेको समेत देखिएन ।

२९.३ स्वास्थ्य शिक्षा सूचना र सञ्चार कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउनका लागि जनसमुदाय, जिल्ला, क्षेत्र र केन्द्रबीच सूचना सञ्जालसमेत प्रभावकारीरुपमा सञ्चालन हुनुपर्दछ । केन्द्रबाट विद्युतीय सूचना प्रणालीको स्थापना हुन नसकेको कारण सूचना सञ्जाल सञ्चालन हुन नसकेको तर जिल्लाबाट प्राप्त प्रतिवेदन र सल्लाहअनुसार कार्यक्रम बनाउने जनाएको छ । सूचना सञ्जाल र उचित समन्वय नभएको कारण सबै क्षेत्रको लागि स्वास्थ्य समस्या सम्बन्धमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुन नसकेको र समुदायस्तरमा कार्यक्रम पुग्न कठिनाइ पर्ने देखिएको छ ।

केन्द्रबाट सञ्चालन गर्ने कार्यक्रमलाई क्षेत्रीय र भाषिकरुपमा सन्तुलित र समावेशी बनाउनुपर्ने र सञ्चालन गर्ने सूचना प्रवाह कार्यक्रमलाई विद्युतीय सूचना प्रणालीको माध्यमबाट सूचना सञ्जालमा जोडी व्यवस्थित गर्नुपर्दछ ।

३०. **अनुगमन तथा मूल्याङ्कन –** राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रमको उद्देश्य जनस्वास्थ्य सम्बन्धी सर्वसाधारण जनतामा चेतना अभिवृद्धि गरी गुणस्तरीय र सरल तरिकाले स्वास्थ्य सेवा उपलब्ध गराउनु रहेको छ । यसका लागि कार्यक्रम सञ्चालन गर्दा नियमितरुपमा निरीक्षण, अनुगमन र सुपरिवेक्षण गरी गराई सोको मूल्याङ्कन गर्ने र सम्बन्धित इकाईहरुबीच समन्वय समेत गरी प्रतिवेदन तयार गरेको हुनुपर्दछ ।

प्रदान गरिने सेवाको अनुगमन र मूल्याङ्कन सम्बन्धमा केन्द्रले सञ्चालित कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कनका लागि लक्ष्य निर्धारण गरेको जनाएको छ । नियमितरुपमा अनुगमन तथा सुपरिवेक्षण भए तापनि अति दुर्गम स्थानहरुमा समय अभावका कारण अनुगमन तथा सुपरिवेक्षण हुन नसकेको उल्लेख गरेको छ ।

केन्द्रबाट सञ्चालित क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गरी अभिलेखाङ्कन गर्ने र भविष्यमा पृष्ठपोषणको रुपमा उपयोग गर्नुपर्नेमा केही हदसम्म अनुगमन हुने गरेको केन्द्रले जनाए तापनि अनुगमन मूल्याङ्कनबाट देखिएका व्यहोराहरु अभिलेखाङ्कन गरेको छैन भने देखिएका समस्या सम्बन्धमा समीक्षासमेत गरेको देखिदैन । अनुगमन र मूल्याङ्कनको अभावमा कार्यक्रमहरुको प्रभावकारिताको स्थिति पहिचान गर्न र भविष्यका लागि मार्गदर्शन प्राप्त गर्न सक्ने स्थिति देखिएन । सञ्चालित कार्यक्रमहरुको प्रभावकारीरुपमा अनुगमन तथा मूल्याङ्कनको लागि सूचकाङ्क तयार गरी निरन्तर अनुगमनको व्यवस्था मिलाउनुपर्दछ ।

समिति तथा अन्य संस्थातर्फ

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

३१. **सेवा सञ्चालन** – प्रतिष्ठानबाट चिकित्सा सम्बन्धी एम.डी.एम.एस.,एम.एस्सी.,एम.बी.बी.एस. बि.डी.एस.,बी. एस्सी नर्सिङ्ग समेतका विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्नुका साथै ७०० सैय्याको अस्पताल सेवा समेत सञ्चालन गर्दै आएको छ । यो वर्ष प्रतिष्ठानबाट बहिरङ्ग सेवातर्फ १ लाख ८८ हजार ६२२ र अन्तरङ्ग सेवातर्फ ३८ हजार ८९७ समेत कुल २ लाख २७ हजार ५१९ बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ ।

३२. **सञ्चालन नतिजा** – प्रतिष्ठानको गत वर्ष आय रु.६६ करोड ५५ लाख ८५ हजार र व्यय रु.८७ करोड ४९ लाख ७४ हजार भई रु.२० करोड ९३ लाख ८९ हजार नोक्सानी भएकोमा यो वर्ष आय रु.८९ करोड १० लाख ५ हजार र व्यय रु.९९ करोड ३५ लाख ७६ हजार भई रु.१० करोड २५ लाख ७१ हजार नोक्सानी भएको छ । प्रतिष्ठानको यो वर्षसम्मको सञ्चित बचत रु.७१ करोड २३ लाख ७३ हजार रहेको छ । गत वर्षसम्म सञ्चित बचत रु.८६ करोड ४९ लाख ४४ हजार रहेकोमा सञ्चित बचत घट्दै गइरहेको छ । सञ्चित बचत घटेकोले प्रतिष्ठानको आर्थिक स्थिति सुधार गर्न ध्यान दिनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार हुनसकेको छैन ।

३३. **तलब भत्ता भुक्तानी** – बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १०.१.४ ले व्यवस्था गरेअनुसार प्रत्येक शिक्षक वा कर्मचारीले आफ्नो काममा हाजिर भई बहाली गरेको मितिदेखि तलब भत्ता तथा अन्य सुविधा पाउने व्यवस्था गरेको छ । प्रतिष्ठानमा यो वर्ष खुल्ला तथा आन्तरिक प्रतियोगिताबाट पदोन्नति भएका कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नियुक्ती भएको मितिदेखि तलब भत्ता तथा अन्य सुविधा दिनुपर्नेमा पदोन्नति भएको निर्णय मितिदेखि पदोन्नति भएको पदको तलब भत्ता भुक्तानी गर्दा रु.४५ लाख ९८ हजार बढी भुक्तानी भएको छ । यससम्बन्धी व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा यस किसिमको खर्च गर्ने प्रक्रियामा सुधार भएको देखिएन ।

३४. **बढी भुक्तानी** – प्रतिष्ठानमा सुरक्षाका लागि एक सेक्यूरिटी सर्भिस र सरसफाईका लागि एक इन्टरप्राइजेज बोलपत्रको माध्यमबाट छनौट भई २०६४।१०।१ तीन वर्षका लागि कार्य गर्ने गरी २०६४।९।२५ मा सम्झौता भएको देखिन्छ । सुरक्षा तथा सरसफाईका लागि प्रतिस्पर्धाको आधारमा छनौट भएका उक्त २ संस्थाबाट २०६६ मा नेपाल सरकारका कर्मचारीहरुलाई भत्ता रकम वृद्धि भएकोले सोही दरमा सेक्युरिटी सर्भिस र इन्टरप्राइजेजमा कार्यरत कर्मचारीहरुलाई भत्ता रकम भुक्तानी गर्नुपर्ने कारण उल्लेख गरी सम्बन्धित संस्थाहरुको मागको आधारमा प्रतिष्ठानबाट सम्झौता रकमबाहेक सेक्युरिटी सर्भिसलाई रु.४२ लाख ५६ हजार र इन्टरप्राइजेजलाई रु.२० लाख २३ हजार समेत रु.६२ लाख ७९ हजार बढी भुक्तानी गरेको छ ।

३५. **स्थिर सम्पत्ति बिक्री** – बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा २४ मा ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउनसक्ने व्यवस्था छ । सोही दफाको प्रतिवन्धात्मक वाक्याँशमा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउदा नेपाल सरकारको सहमति लिनुपर्ने व्यवस्था छ । बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरले सोही ऐनको दफा २४ ले दिएको अधिकार प्रयोग गरी खरिद नियमावली, २०६६ तयार गरी सञ्चालक समितिबाट २०६६।१०।२३ मा स्वीकृत गरी लागू गरेको देखिन्छ । नियमावलीको नियम १४१ अनुसार समितिको स्वीकृतिमा अस्पतालको

भवन, जग्गा तथा स्थिर सम्पत्ति बिक्री गर्नसकिने व्यवस्था गरेको छ । नेपाल सरकारको स्वीकृतिबेगर अस्पतालको घर जग्गा तथा स्थिर सम्पत्ति बिक्री गर्ने गरी नियम बनाउन मिल्ने देखिदैन । त्यसैले यस्तो स्वीकृति बेगर नै अस्पतालको भवन, जग्गा तथा स्थिर सम्पत्ति बिक्री गर्ने प्रावधान अस्पतालद्वारा स्वीकृत खरिद नियमावलीको नियम १४१ मा गरेको प्रावधान सार्वजनिक सम्पत्तिको हित अनुकूल देखिएन ।

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

३६. **सेवा सञ्चालन** – यो वर्ष केन्द्रबाट ९४ हजार ८४९ बिरामीको मुटुरोगसम्बन्धी परीक्षण एवं उपचार गरी सेवा प्रदान गरेको छ ।

३७. **कर्मचारी कल्याण तथा उपचार कोष** – केन्द्रका कर्मचारीहरुको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०५८ को नियम १०.७ ले व्यवस्था गरेअनुसार कर्मचारीहरुको बिदा, उपदान र स्वास्थ्य उपचारको भुक्तानी गर्न कर्मचारी कल्याण कोष र उपचार कोषको व्यवस्था छ । उक्त कोषहरुमा गत वर्षको मौज्दात रु.३ करोड ९२ लाख ७९ हजार रहेकोमा यो वर्ष रु.८ लाख ९२ हजार खर्च भई रु.३ करोड ८३ लाख ८७ हजार बाँकी रहेको छ । कोषहरुको आम्दानी तथा खर्च रकम केन्द्रको आय–व्यय हिसाबमा समावेश गरेको छैन ।

३८. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार अनुसूची ५ बमोजिमको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । केन्द्रले एक सप्लायर्सबाट बोलपत्रको माध्यमबाट रु.१८ लाख ३ हजारको सामान खरिद गर्दा रु.२ लाख ७ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ । सप्लार्यसले २०६६।९।१० मा सामान उपलव्ध गारउँदा कर बीजक जारी नगरी २०६७।३।२३ मा मात्र कर बीजक जारी गरेकोले मूल्य अभिवृद्धि कर समायोजन भएको यकिन भएन ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल

३९. **सेवा सञ्चालन** – अस्पतालले यो वर्ष बहिरङ्ग सेवातर्फ १ लाख ४१ लाख ५७१ र अन्तरङ्गतर्फ २८ हजार ९२० समेत जम्मा १ लाख ७० हजार ४९१ सेवाग्राहीलाई स्वास्थ्य सेवा पुऱ्याएको छ ।

४०. **मूल्यवृद्धि** – अस्पतालको भवन निर्माण कार्यको ठेकेदारसँग भएको सम्झौताको बुँदा नं.४७ मा इनपुटको मूल्यमा भएको थपघटको आधारमा मूल्य समायोजन दिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरुको मात्र मूल्य समायोजन हुने सूत्र निर्धारण गर्नुपर्ने उल्लेख छ । तर ठेकेदारलाई मूल्य वृद्धिबापतको रकम भुक्तानी गर्दा सुरु इनपुटको दरमा वास्तविकरुपमा फरक पर्न गएको मूल्य नखुलाई मूल्य वृद्धिबापत यो वर्षमात्र रु.४५ लाख ४२ हजार भुक्तानी दिएको छ ।

४१. **बढी भुक्तानी** – अस्पताल भवन निर्माण कार्यमा निर्माण व्यवसायीलाई यो वर्ष रु.२ करोड ७४ लाख ५६ हजार भुक्तानी दिएको छ । काम भएको रनिङ्ग बिल तयार गर्दा पूर्व रनिङ्ग बिलमा सम्पन्न भएको परिमाण र रकम जिम्मेबारी सार्दा घटी बढी देखाई निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर समेत रु.३ लाख ३८ हजार बढी भुक्तानी दिएको छ ।

४२. **खरिद** – अस्पताललाई चाहिने मेसिन उपकरण खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ अनुसारको प्रक्रिया पुऱ्याई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा यो वर्ष एक इन्टरप्राइजेजसँग रु.२ करोड ३ लाख ४० हजारको आइ.भि.एफ.सिस्टम खरिद गर्न र एक मेडिकल इक्युपमेन्ट बिक्रेतासँग स्ट्रलिङ्ग पाउण्ड ४७ हजारको एनेस्थेसीया वीथ भेन्टिलेटर प्रतिस्पर्धा बेगर सोझै खरिद गर्नको लागि रु.९३ लाख ९८ हजार पेश्की दिएको छ ।

४३. **औषधि व्यवस्थापन** – अस्पतालबाट खरिद औषधिहरु जिन्सी किताबमा दाखिला गर्दा औषधिको नामअनुसार अलग अलग पानामा अभिलेख राख्नुपर्नेमा एउटै पानामा एकमुष्ट औषधि दाखिला गर्ने गरेको कारण साविकमा रहेका प्रत्येक औषधिको मौज्दात, यो वर्ष खरिद गरी प्राप्त एवं खर्च परिमाण र मौज्दातको स्थिति

यकिन गर्न सकिने अवस्था छैन । दाखिला भएका औषधि सोही मिति वा भोलिपल्ट नै पुरै खर्च घटाउने गरेको देखिन्छ । औषधिहरु डिस्पेन्सरी र ल्याबका सामान ल्याब शाखामा गएको उल्लेख गरी खर्च घटाएकोमा उक्त शाखामा रहेको रजिष्टर परीक्षण गर्दा मूल जिन्सी शाखाबाट खर्च लेखिएअनुसारको सबै औषधिको परिमाण सम्बन्धित शाखामा रहेको अभिलेखसँग भिडान हुन आएन ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

४४. **सञ्चालन नतिजा** – प्रतिष्ठानले गत वर्ष रु.३४ करोड १० लाख ३१ हजार कुल आय गरेकोमा रु.३४ करोड ९१ लाख ८१ हजार खर्च भई रु.८१ लाख ५० हजार सञ्चालन नोक्सानी भएकोमा यो वर्ष कुल आय रु. ५५ करोड ५९ लाख ९६ हजारमध्ये रु.४६ करोड ४८ लाख ७७ हजार खर्च गरी रु.९ करोड ११ लाख १९ हजार सञ्चालन बचत रहेको छ ।

४५. **स्वीकृति** – पाटन अस्पताल स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को नियम २८(३) बमोजिम वैदेशिक सहयोग सहायता अनुदान प्राप्त हुँदा नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । विदेशी व्यक्ति र संस्थाबाट रु.३२ लाख ४५ हजार अनुदान प्राप्त भएकोमा पूर्वस्वीकृति लिएको छैन । यस्ता रकमहरुलाई छुट्टै कोषमा राखी हिसाबमा देखाउँदै आएको छ ।

४६. **बढी खर्च** – प्रतिष्ठान एवं अस्पतालले अस्पताल सम्बन्धी खर्च गर्दा स्वीकृत बजेट सीमाभित्र रही खर्च गर्नुपर्नेमा यो वर्ष प्रतिष्ठानले रु.१९ लाख ६० हजार र अस्पतालतर्फ रु.३ करोड ७८ लाख ३० हजार समेत रु.३ करोड ९७ लाख ९० हजार बढी खर्च गरेकोमा कार्यकारी परिषद्बाट अनुमोदन गराएको छैन ।

४७. **बहाल कर** – अस्पतालको भवन एक बैङ्कलाई भाडामा दिई यो वर्ष जम्मा रु.३० लाख ८३ हजार आम्दानी गरेको छ । एक प्रा.लि.बाट पार्किङ्ग भाडाबापत रु.८ लाख ६६ हजार र एक प्रा.लि.बाट क्यान्टिन भाडाबापत रु.३ लाख ६९ हजार प्राप्त भएकोमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कर तिरेको प्रमाण पेश भएको छैन । सम्झौतामा भाडा कर सम्बन्धमा समेत उल्लेख गरेको छैन ।

४८. **औषधि खरिद** – प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६७ को नियम ३.२३ मा रु.१० लाखभन्दा बढी रकमको सामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १३४ प्रकारका औषधि खरिदको लागि विभिन्न कम्पनीलाई दररेट सहित सूचिकृत हुन सूचना पठाएकोमा २० कम्पनी सूचिकृत हुन आएको देखियो । सूचिकृत कम्पनीले पेश गरेको दररेटमा रु.३ करोड ५ लाख २१ हजारको र अन्य कम्पनीबाट रु.३ करोड १५ लाख ३७ हजारको समेत जम्मा रु.६ करोड २० लाख ५८ हजारको औषधि खरिद भएको देखियो । नियमावलीमा व्यवस्था भएबमोजिम बोलपत्रको माध्यमद्वारा खरिद सम्झौता गरी औषधि खरिद गर्नुपर्नेमा सूचिकृत कम्पनी तथा सूचिकृत बाहेकका अन्य कम्पनीसँग समेत औषधि खरिद गरेको नियमसम्मत देखिएन ।

चिकित्सकको सिफारिस, औषधिको गुणस्तर, कम्पनीको आपूर्ति क्षमता, ग्राहकको आवश्यकता र तत्काल उपलब्ध गराउनुपर्ने बाध्यताको कारण अन्यत्र समेतबाट औषधि खरिद गर्नुपरेको व्यहोरा छलफलको क्रममा जानकारी गराएको छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल

४९. **आर्थिक तथा वित्तीय विवरण** – प्रतिष्ठानको आन्तरिक आय खातामा गत वर्षको मौज्दात रु.१ करोड ३१ लाख ६ हजार रहेकोमा रु.९४ लाख ४८ हजारमात्र मौज्दात देखिएकोले रु.३६ लाख ५८ हजार घटी मौज्दात देखियो । प्राप्त आर्थिक विवरणमा प्रतिष्ठानको आन्तरिक आयतर्फ आषाढ मसान्तको खर्चको फाँटबारीबमोजिमको खर्च र आर्थिक विवरणमा उल्लेख गरिएको खर्चबीच रु.४२ करोड ५७ हजार फरक देखिएको छ । यस सम्बन्धमा हिसाव भिडान गरी मौज्दात रकम यकिन गर्नुपर्दछ ।

५०. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले दशलाख रुपैँयाभन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । अस्पतालले यो वर्ष रु.३ करोड २४ लाख ९७ हजार र नि:शुल्क उपचार कार्यक्रमतर्फ रु.८३ लाख ९१ हजारको सामान सोझै खरिद गरेको छ । यसैगरी सिटिस्क्यान मेसिन सोझै मर्मत कार्य गराई रु.८ लाख ७६ हजर खर्च गरेको छ ।

५१. **भन्सार महसुल** – अर्थमन्त्रालयले २०६६।५।३१ को पत्रबाट प्रतिष्ठानलाई विनियोजित बजेटभित्रैबाट भन्सार महसुल समेत व्यवस्थापन गर्नुपर्ने २०५९।९।४ को मन्त्रिपरिषद्को निर्णयको जानकारी गराएको देखिन्छ । अस्पतालले गत वर्ष प्रतितपत्रको माध्यमद्वारा झिकाएको सामानको रु.३७ लाख ५० हजार भन्सार महसुल र रु.४१ हजार डिमरेज शुल्क समेत भुक्तानी गरेको छ ।

५२. **ठेक्का व्यवस्थापन** – प्रतिष्ठानले वीर अस्पतालमा एक थेरापी मेसिन राख्ने भवन निर्माण कार्यको लागि रु.४६ लाख ८ हजार (मूल्य अभिवृद्धि कर बाहेक) मा ३ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०६७।३।२७ मा सम्झौता गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भवन निर्माण तथा पूर्वसम्भाव्यता अध्ययनको लागि रु.४५ लाख बजेट विनियोजन हुने गरी कार्यक्रम स्वीकृत भएकोमा कार्यक्रम संशोधन नगरी प्रतिष्ठानले उक्त विनियोजित रकम अन्य शीर्षकमा खर्च गरी वार्षिक बजेट रु.९ लाख २५ हजार कायम गरी रु.९ लाख २२ हजार पेश्की दिएको छ । भवनको लागत अनुमान तथा विस्तृत इन्जिनियरिङ सम्बन्धी कुनै कागजात लेखापरीक्षणको लागि पेश गरेको छैन । लेखापरीक्षण अवधिसम्म भवन निर्माण सम्पन्न भएको एवं म्याद थप भएको छैन । आगामी वर्ष बजेट व्यवस्था हुने निश्चित नभएको अवस्थामा दायित्व सिर्जना हुने गरी ठेक्का व्यवस्थापन गरेको छ ।

५३. **तलब खर्च** – अस्पतालले चालू बजेटबाट साधारणतर्फका कर्मचारीको मात्र तलब खर्च लेख्नुपर्नेमा समितितर्फका स्थायी तथा करारमा नियुक्त कर्मचारीको तलबबापत रु.६ करोड ३८ लाख ८० हजार खर्च लेखेकोले नेपाल सरकारलाई बढी व्ययभार परेको छ ।

५४. **सञ्चितकोष** – अस्पतालले यो वर्ष सिटिस्क्यान लगायतको उपकरण खरिदको विनियोजित बजेट अपुग भई खरिद गर्न नसकिने कार्यकारी परिषद्को २०६७।३।३१ को निर्णयले रु.१ करोड अस्पतालको आन्तरिक पूँजीगत खातामा राखेको छ । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

५५. **घटी दाखिला** – अस्पतालले पेश गरेको विवरण र पेश भएसम्मको स्रेस्ता परीक्षण गर्दा उपचार सेवाको लागि विभिन्न काउण्टरबाट प्राप्त भएको रकम दैनिक तथा भोलिपल्ट बैङ्क दाखिला हुनुपर्नेमा पहिलो दिन उठेको रकम दाखिला गर्न बाँकी राखी दोस्रो दिन उठेको आम्दानीबाट बैङ्क दाखिला पूर्ति गर्दै लग्ने, लामो समयसम्म रकम दाखिला नगर्ने गरेको देखिन आयो । अस्पतालमा एकभन्दा बढी नगद सङ्कलन काउण्टर सञ्चालन भएकोमा काउण्टरगत सङ्कलित रकम देखिने अभिलेख नराखेबाट अस्पतालको आम्दानी नियन्त्रण पक्ष कमजोर देखियो । पेश भएको विवरणअनुसार २०६६ श्रावणदेखि २०६७ आषाढ महिनासम्म जम्मा रु.८ करोड ६४ लाख ७० हजार आम्दानी भएकोमा पटक पटक गरी रु.८ करोड ५४ लाख २९ हजार दाखिला गरेको देखिन्छ । २०६७ बैशाखसम्ममा रु.३० लाख ९८ हजार दाखिला गर्न बाँकी रहेकोमा तत्पश्चात पटक पटक दाखिला गरी आर्थिक वर्षको अन्त्यसम्म रु.१० लाख ४१ हजार दाखिला गर्न बाँकी रहेको छ । नगद सङ्कलन काउण्टरबाट सङ्कलित रकम समयमा दाखिला नगरी बाँकी राख्ने गरेकोमा छानबिन गरी ब्याज असुल गर्नुपर्दछ । साथै आन्तरिक नियन्त्रण व्यवस्था स्थापना गरी कार्यान्वयन गर्न समेत जरुरी देखिएको छ ।

५६. **भाडा** – आयकर ऐन, २०५८ को दफा ८८ अनुसार घर बहाल कर स्रोत मै १० प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था छ । अस्पतालको १६ सटर भाडामा दिई रु.२ करोड ५७ लाख ५६ हजार आम्दानी गरेको छ । सटर भाडाको सम्झौतामा घरभाडा कर सम्बन्धमा केही उल्लेख गरेको छैन । उल्लिखित कर कट्टा भएको प्रमाण समेत पेश हुन आएन । कर कट्टा गर्न छुट भएको रकम रु.२५ लाख ७६ हजार सञ्चितकोष दाखिला हुनुपर्दछ ।

अस्पतालले भाडाबापत ठेक्का व्यवस्थापन गर्दा समयमै बोलपत्र आह्वान गरे तापनि अधिकांश बोलपत्रहरु आषाढ महिनादेखि मंसिरसम्म शुरु हुने गरी ठेक्का सम्झौता गरेको देखिएको छ । सम्झौताभन्दा अगाडिको अवधिमा सटर भाडा लगाएको थियो थिएन, खाली भएको भए खाली हुन गएको अवधि र सोको कारण खुलाएको छैन । सम्झौताभन्दा अगाडिको नयाँ ठेक्का नभएसम्म पुरानो ठेकेदारलाई दिनुपर्ने भएमा सोही व्यहोराको अधिकार प्राप्त अधिकारीबाट निर्णय गराई भाडा लगाउनुपर्नेमा त्यस्तो निर्णय गराएको देखिएन । पुरानो ठेक्का समाप्त भई नयाँ ठेक्काको सम्झौता हुनुभन्दा अगाडिको खाली अवधिको साबिक दरको आधारमा रु.४३ लाख २८ हजार भाडा असुल भएको देखिएन ।

५७. **स्रेस्ता पेश नभएको** – अस्पतालबाट प्राप्त वित्तीय विवरणबाट विश्व स्वास्थ्य संगठनतर्फ खर्च भएको रु.२० लाख २६ हजारको स्रेस्ता लेखापरीक्षणको लागि पेश भएन ।

अन्य अस्पताल विकास समितितर्फ

५८. **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(घ) अनुसार रु.३ करोडभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । कुल रु.१७ करोड ८ लाख ८२ हजार लागत अनुमान भएको भरतपुर अस्पतालको निमार्णाधीन ए–ब्लक भवनको लागत अनुमान कार्यालय प्रमुखले नै स्विकृत गरेको नियमसम्मत देखिएन ।

५९. **भाडा** – समितिले भाडामा दिएका पसल एवं जग्गा उपयोग गर्न दिएबापतको सटरहरुको भाडा रकम सम्झौताअनुसार समयमा नै प्राप्त गर्नुपर्दछ । यो वर्ष लेखापरीक्षणबाट विभिन्न १६ अस्पताल विकास समितिबाट सटर भाडा रु.९१ लाख ४९ हजार असुल गर्न बाँकी देखिएको छ । सम्झौताबमोजिमको हर्जाना सहित सो रकम असुल गर्नुपर्दछ ।

६०. **बढी खर्च** – आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ (प्रथम संशोधन २०६६) को दफा ३ मा स्वास्थ्य संस्थामा प्रदान गरिने नि:शुल्क सुरक्षित प्रसुती सेवा र सो सेवा प्रदान गरेबापत स्वास्थ्य संस्थालाई इकाई मूल्य अनुसूची १(ग) अनुसार सामान्य प्रसुती सेवाका लागि रु.१ हजार ५०० जटिलतायुक्त प्रसुती सेवाको लागि रु.३ हजार र सल्यक्रियाद्वारा गरिने प्रसुती सेवाका लागि रु.७ हजार दिईने र सोही दफाको उपदफा ४ मा उत्प्रेरणाको लागि उपरोक्त दरहरुबाटै स्वास्थ्य संस्था व्यवस्थापन समितिले सेवा प्रदायकलाई रु.३०० मा नबढ्ने गरि दिनुपर्ने उल्लेख भएकोमा भीम अस्पताल, भैरहवाले उपरोक्त इकाई मूल्यको अलावा रु.३०० का दरले पुन: थप अनुदान पठाई १ हजार २४९ जना सुत्केरी गराएबापतको रु.३ लाख ७५ हजार निर्देशिकाभन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने देखियो ।

६१. **निर्देशिकाको पालना** – आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ (प्रथम संसोधन २०६६) को बुँदा नं.५(३) मा स्वास्थ्य संस्थामा प्रसुती गराएबापत स्वास्थ्य संस्थालाई दिइने इकाई मूल्यबाट स्वास्थ्य संस्थाको बृहत्तर विकास (प्रसुतीको लागि चाहिने सबै आवश्यक सामग्री, मानवस्रोतको व्यवस्था, आकस्मिक सेवा, भौतिक पुर्वाधार) को लागि स्वास्थ्य संस्था व्यवस्थापन समितिको निर्णयको आधारमा खर्च गर्नसकिने उल्लेख छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सेवा अनुदानमा विनियोजित रकम अस्पतालले प्रसुती सेवा उपलव्ध गराएको केसको आधारमा हिसाव गरी सोअनुसारको रकम अस्पताल विकास समितिको खातामा आम्दानी बाँधी निर्देशिकामा उल्लिखित क्षेत्रमा व्यवस्थापन समितिको निर्णयको आधारमा खर्च गर्नुपर्नेमा जनकपुर अञ्चल अस्पताल विकास समितिले रु.१ करोड १५ लाख २३ हजारको औषधि खरिद गरेको छ । निर्देशिकाविपरीत गरेको खर्च कार्यक्रमको उद्देश्यअनुरुप भएको देखिएन ।

६२. **सञ्चितकोष फिर्ता** – आर्थिक वर्षको अन्तमा खर्च गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सञ्चितकोष फिर्ता गर्नुपर्नेमा जनकपुर अञ्चल अस्पताल, धनुषा र राप्ती उपक्षेत्रीय अस्पतालले रु.१२ लाख १० हजार समितिको खातामा आम्दानी बाँधेका छन् । उक्त रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

६३. **तलब खर्च** – नेपाल सरकारको २०६३।१२।९ को निर्णयानुसार अस्पतालको लागि दरवन्दी स्वीकृति गर्दा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी विकास समितिले नै व्ययभार बहन गर्ने गरी १२७ विभिन्न पद दरवन्दी श्रृजना गर्न स्वीकृति दिएकोमा नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जले ती कर्मचारीहरुलाई समितिको आयबाट तलब भत्ता खर्च नलेखी नेपाल सरकारको अनुदानबाट रु.११ लाख २२ हजार तलब भत्ता खर्च लेखेको छ ।

६४. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ७५ कार्यालयबाट रु.१९ लाख ८२ हजार र प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ३४ कार्यालयबाट रु.२६ लाख ५१ हजार, सम्परीक्षणको क्रममा रु.६० लाख ४६ हजार र अन्य निकायतर्फ रु.१ करोड १५ लाख ९२ हजारसमेत रु.२ करोड २२ लाख ७१ हजार असुल भएको छ ।

६५. **पेश्की** – मन्त्रालय अन्तर्गतका सरकारी कार्यालयमा २०६७ असार मसान्तमा ५५ कार्यालयको रु.५२ करोड ६ लाख २६ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा ५ कार्यालयबाट रु.१ करोड २९ लाख ९६ हजार आंशिक पेश्की फछ्यौंट गरी ५५ कार्यालयको रु.५० करोड ७६ लाख ३० हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.३ करोड ५९ लाख ६६ हजार म्याद नाघेको रहेको छ ।

मन्त्रालयअन्तर्गतका जिल्ला विकास समिति संगठित संस्थाको २०६७ असार मसान्तमा २८ कार्यालयको रु.२४ करोड २७ लाख ९८ हजार पेश्की देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाको क्रममा २ कार्यालयबाट रु.४ करोड ८१ लाख ४५ हजार फछ्यौंट गरी २६ कार्यालयको रु.१९ करोड ४६ लाख ३ हजार पेश्की देखिएको छ । पेश्कीमध्ये रु.३४ लाख ३ हजार म्याद नाघेको छ ।

६६. **सम्परीक्षण** – मन्त्रालय/निकाय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षण स्थिति देहाय अनुसार छ:

६६.१ मन्त्रालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.१ अर्ब १६ करोड १६ लाख ६० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ७० लाख ४ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब १३ करोड ४६ लाख ५६ हजार बेरुजू बाँकी रहेको छ ।

६६.२ संगठित संस्था/अन्य संस्था/समितितर्फ यो वर्ष रु.६१ करोड २९ लाख ३९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ करोड १६ लाख ७३ हजार फछ्यौंट गराएकोले रु.५६ करोड १२ लाख ६६ हजार बेरुजू बाँकी रहेको छ ।

६६.३ मन्त्रालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.४ करोड ४० लाख ४६ हजार समेत प्रतिवेदन अवधिसम्म रु.३८ करोड ८७ लाख ३२ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

६६.४ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.१५ करोड ९३ लाख ५३ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.५४ करोड ८० लाख ८५ हजारमध्ये रु.४३ करोड ७८ लाख ७१ हजार सरकारी कार्यालयतर्फ र रु.११ करोड ३२ लाख १४ हजार अन्यतर्फ रहेको छ ।

राष्ट्रिय योजना आयोगको सचिवालय

सचिवालय र मातहत समेत ३६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३४ करोड ४५ लाख ७२ हजार, राजस्वतर्फ रु.१२ लाख ५८ हजार, धरौटीतर्फ रु.३१ लाख ७३ हजार गरी जम्मा रु.३४ करोड ९० लाख ३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले रु.१० लाखभन्दा बढी रकमको सामान तथा सेवा खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सचिवालयले रु.१ करोड ६१ लाख ४१ हजार र केन्द्रीय तथ्याङ्क विभागले रु.६ करोड ५६ लाख ३ हजारको सामान खरिद गर्दा वार्षिक खरिद योजना तयार गरेको पाइएन । यस सम्बन्धी व्यहोरो गत विगतका वार्षिक प्रतिवेदनमा समावेश गरिएकोमा सुधार भएको पाइएन ।

विगतका लेखापरीक्षणबाट आंल्याइएको व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **प्राविधिक सहायता** – अर्थमन्त्रीबाट २०६६।६७ को आय–व्ययको जानकारी वक्तव्यका साथ सार्वजनिक गरेको प्राविधिक सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा आयोग र मातहत कार्यालयको लागि अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण, समष्टिगत आर्थिक विश्लेषणको क्षमता विकास, आपूर्ति तथा प्रयोगसम्बन्धी फ्रेम वर्क लागू गर्ने र विकास नतिजा व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न दुईदाताबाट सल्लाहकार सेवामा रु.३ लाख ४३ हजार, सरसामान उपकरणमा ४५ हजार, तालिम गोष्ठीमा २ लाख १० हजार र अन्यमा ३ लाखसमेत जम्मा अमेरिकी डलर ८ लाख ९८ हजार र रु.४ करोड ७० लाखको सहायता प्राप्त हुने उल्लेख छ । उक्त कारोबारको लेखापरीक्षण गराएको छैन ।

३. **खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा रु.१ लाख ५० हजार भन्दा बढीको मालसामान, परामर्श सेवा, निर्माण कार्य वा अन्य सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था छ । खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यहोरा उक्त ऐनको दफा ८(२) ले गरेकोमा यो वर्ष ३ निकायले रु.१ करोड ३८ लाख ९० हजारको मालसामान तथा सेवा टुक्राटुक्रा गरी सोझै खरिद गरेको पाइयो ।

४. **निर्देशिका पालना** – नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६५।५।२१ को निर्णयले राष्ट्रियस्तरका गोष्ठी, बैठक, सेमिनारहरु सरकारी भवन वा तालिम केन्द्रहरुमा र अन्तर्राष्ट्रियस्तरको भए मात्र होटलमा गर्ने गरी निर्देशिका जारी गरेकोमा सचिवालयले राष्ट्रिय विकास परिषद्को बैठक, योजनासम्बन्धी छलफल, रोजगारीसम्बन्धी वहस राष्ट्रिय समस्या एवं समाधान र योजना तयारी सम्बन्धी ५ कार्यक्रम होटलमा सञ्चालन गरी रु.२० लाख ४८ हजार खर्च गरेको पाइयो ।

५. **कर बीजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ बमोजिम मूल्य अभिवृद्धि कर भुक्तानी लिन कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । केन्द्रीय तथ्याङ्क विभागले कर बीजक बेगर २ परामर्शदातालाई रु.३४ हजार र एक आपूर्तकलाई तोकिएको ढाँचामा कर बीजक पेश नभएकोमा रु.२३ लाख ९० हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ ।

६. **असुली** – यो वर्ष लेखापरीक्षणको क्रममा ३ कार्यालयबाट रु.३ लाख ९९ हजार र सम्परीक्षणको क्रममा रु.१ लाख ४ हजारसमेत रु.५ लाख ३ हजार असुल भएको छ ।

७. **पेश्की** – सचिवलाय र अन्तर्गतका सरकारी कार्यालयमा २०६७ आषाढ मसान्तमा ३ कार्यालयको रु.७७ लाख १९ हजार पेश्की देखिएकोमा लेखापरीक्षणको क्रममा रु.४० लाख ६० हजार फछ्यौंट गरी २ कार्यालयको रु.३६ लाख ५९ हजार पेश्की बाँकी देखिएको छ । पेश्की मध्ये रु.३६ लाख ५९ हजार म्याद नाघेको छ ।

८. **सम्परीक्षण** – सचिवालय र मातहत कार्यालयको प्रतिवेदन अवधिसम्मको बेरुजू सम्परीक्षणको स्थिति देहायअनुसार छ:

८.१ सचिवालय र मातहत सरकारी कार्यालयहरुमा यो वर्ष रु.५१ लाख ४९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ लाख ८१ हजार फछ्यौंट गरेकोले रु.४४ लाख ६८ हजार बाँकी रहेको छ ।

८.२. सचिवालयले वार्षिक प्रतिवेदन, २०६२ देखिको बेरुजू २०६७ आषाढ महिनामा फछ्यौंट गरेको रु.१ हजारसमेत प्रतिवेदन अवधिसम्म रु.१ लाख ६४ हजार फछ्यौंट गरी आएकोले सम्परीक्षण गरिएको छ ।

८.३ वार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजूमध्ये बेरुजू फछ्यौंट समितिबाट २०६७।२।२१ देखि २०६७।१२।१५ सम्ममा रु.४ लाख ७६ हजार फछ्यौंट गरेको जानकारी प्राप्त भएको छ ।

यो वर्ष कुल फछ्यौंट भएको रु.६ लाख ४० हजार सरकारी कार्यालयतर्फ रहेको छ ।

परिच्छेद – ३

बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि

(रु. हजारमा)

विवरण	विगतको बेरुजू	सम्परीक्षण/ समायोजन	चालु वर्षको लेखापरीक्षण बेरुजू	सम्परीक्षण (फछ्यौंट)	अद्यावधिक बाँकी बेरुजू
सरकारी कार्यालय	३३,६०,३३,०२	९,९९,७७,०२	२२,३०,३०,२३	३,३७,३७,५२	४२,५३,४८,७१
संगठित संस्था, समिति, अन्य संस्था	२५,२०,५६,४४	१,८१,६८,३४	७,२२,१६,९९	९४,०३,२७	२९,६७,०१,८२
जम्मा	**५,८,८०,८९,४६**	**११,८१,४५,३६**	**२९,५२,४७,२२**	**४,३१,४०,७९**	**७२,२०,५०,५३**

परिच्छेद – ३

बेरुजू फछ्र्यौट गर्न गरेको प्रयास र बेरुजू फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि

१. **बेरुजू** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा **"बेरुजू"** भन्नाले प्रचलित कानूनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई सम्झनु पर्ने उल्लेख छ । यस कार्यालयले संविधान, लेखापरीक्षण ऐन तथा अन्य सम्बद्ध कानून र लेखापरीक्षणको मान्य सिद्धान्तअनुसार सरकारी निकाय, संगठित संस्था, समिति र अन्य संस्थाको लेखापरीक्षण गरी कारोबार सम्बन्धी विसंगति एवं कैफियतलाई बेरुजूको रुपमा औँल्याउदै आएको छ । बेरुजूले निकाय एवं संस्थाको आर्थिक कारोबारको स्वच्छताको स्तरलाई प्रतिविम्बित गर्दछ ।

आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी तीन किसिममा वर्गीकरण गरिएको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना मस्यौट, हानि–नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूह, नियमित गर्नुपर्ने बेरुजूमा अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूह र पेश्की बाँकी बेरुजूमा कर्मचारी तथा अन्य पेश्की (कार्यपरिचालन पेश्की समेत) गरी २ समूहमा विभाजन गरी प्रस्तुत गर्ने गरेको छ । सरकारी कार्यालयहरुले कानून अनुसार दिएको कार्यपरिचालन पेश्की बाँकीलाई आर्थिक वर्ष समाप्त भएपछि म्याद नाघेको र ननाघेको अलग अलग छुट्याई जिम्मेवारी सारी अद्यावधिक लगत राख्ने नगरेकोले सबै प्रकारका पेश्कीलाई बेरुजूको रुपमा कायम गर्ने गरिएको छ ।

प्रचलित कानूनद्वारा गठन भएका संगठित संस्था, समिति एवं अन्य संस्थाको लेखापरीक्षणबाट कायम भएका बेरुजू फछ्र्यौट गर्ने गराउने जिम्मेवारी ती संस्थाको प्रचलित कानूनमा तोकेअनुसार संस्थाको सञ्चालक समितिमा रहन्छ । व्यवसायिक कारोबार गर्ने सार्वजनिक संस्थानको लेखापरीक्षणबाट कायम भएका बेरुजूको लगत र फछ्र्यौटको स्थितिबारे अनुगमन गर्ने कार्य यस कार्यालयबाट गर्ने गरिएको छैन । व्यवसायिक कारोबार गर्ने बाहेकका अन्य संगठित संस्था, समिति एवं अन्य संस्थाको बेरुजूको वर्गीकरण लगायतको कुनै कानूनी व्यवस्था नभएता पनि उक्त व्यवस्था बमोजिम ३ वर्गमा वर्गीकरण गर्ने गरिएको छ ।

१.१ सरकारी कार्यालयतर्फ गतवर्षसम्मको बेरुजूमध्ये रु.२३ अर्ब ६० करोड ५६ लाख, संगठित संस्था, समिति र अन्य संस्थातर्फ रु.२३ अर्ब ३८ करोड ८८ लाख १० हजार गरी रु.४६ अर्ब ९९ करोड ४४ लाख १० हजार बेरुजू रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको समेत निम्नबमोजिम रु.७२ अर्ब २० करोड ५० लाख ५३ हजार बेरुजू बाँकी छ । यसको विवरण अनुसूची १७ र १८ मा छ ।

(रु. हजारमा)

विवरण	सतचालीसौँ प्रतिवेदन सम्मको बाँकी बेरुजू	अठचालीसौँ प्रतिवेदनको थप बेरुजू	अठचालीसौँ प्रतिवेदनसम्मको बाँकी बेरुजू
सरकारी कार्यालय	२३,६०,५६,००	१८,९२,९२,७१	४२,५३,४८,७१
संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समित समेत	२३,३८,८८,१०	६,२८,१३,७२	२९,६७,०१,८२
जम्मा	**४६,९९,४४,१०**	**२५,२१,०६,४३**	**७२,२०,५०,५३**

द्रष्टव्य: सरकारी कार्यालयतर्फ आर्थिक वर्ष २०५९।६० सम्मको बेरुजू रु.३ अर्ब २० करोड ५३ लाख ३६ हजार बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण भई गएकोले समावेश गरिएको छैन ।

१.२ उपर्युक्त बेरुजू समेत सरकारी कार्यालय र संगठित संस्थाहरु समेतले लेखापरीक्षण गराउनुपर्ने बक्यौता रु.२ अर्ब ५० करोड ७७ लाख ६६ हजार, राजस्व बक्यौता रु.५२ अर्ब ९० करोड २४ लाख ८३ हजार, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण रु.१० अर्ब ७९ करोड ६४ लाख ६५ हजार र शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान रु.२१ अर्ब ४१ करोड ७२ लाख २१ हजार र नेपाल सरकार जमानत बसी दिएको ऋण रु.२ अर्ब ५ करोड ४३ लाख ६४ हजारसमेत कारबाही गरी टुङ्गो लगाउनुपर्ने समष्टिगत रकम रु.१ खर्ब ६१ अर्ब ८८ करोड ३३ लाख ५२ हजार छ ।

२. **बेरुजू लगत** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २०(१) मा महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएका बेरुजू रकमको लगत केन्द्रीयस्तरमा र कार्यालयस्तरमा राख्नुपर्ने व्यवस्था छ ।

संगठित संस्थाहरुको लेखापरीक्षणबाट कायम भएको बेरुजू फछ्यौंट गर्ने जिम्मेवारी संस्थाको हो । यी निकायहरुमध्ये व्यवसायिक कारोबार गरेका सार्वजनिक संस्थानको लेखापरीक्षणबाट देखिएका व्यहोराको प्रारम्भिक प्रतिवेदनउपर सम्बन्धित संस्थाबाट प्राप्त प्रतिक्रिया एवं प्रमाण समेतलाई दृष्टिगत गरी लेखापरीक्षणको अन्तिम प्रतिवेदन जारी गर्ने गरिएको छ । व्यवसायिक कारोबार गरेका सार्वजनिक संस्थान बाहेकका अन्य संगठित संस्था, समिति तथा अन्य संस्थाहरुको बेरुजूको लगत सम्बन्धित निकायहरुले राख्नुपर्ने व्यवस्था छ ।

कार्यालयहरुले राख्नुपर्ने बेरुजूको लगत अद्यावधिक नगरेकोले यस कार्यालयको प्रयोजनका लागि रहेको अभिलेखलाई आधार मानी बेरुजू यकिन र लगत कट्टा गर्ने गरिएको छ ।

३. **फछ्यौंट** – बेरुजू फछ्यौंट सम्बन्धमा भएका कानूनी व्यवस्था तथा प्रगतिको अवस्था निम्नानुसार रहेको छ:

३.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा लेखापरीक्षणमा औंल्याइएको बेरुजू सम्बन्धमा बेरुजूको सूचना प्राप्त भएको पैंतीस दिनभित्र फछ्यौंट गर्नुपर्ने र म्याद थप मागेको भए थप म्यादभित्र सम्बन्धित कार्यालयले बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । दफा १८(१) मा लेखापरीक्षणमा औंल्याइएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने, दफा १८(२) मा बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी प्रचलित कानून बमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखाउत्तरदायी अधिकृतको हुने छ । दफा २१(३) मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजूहरुको सम्बन्धमा व्यवस्थापिका–संसदको सार्वजनिक लेखा समितिमा उपस्थिति भई छलफलमा भाग लिई सो सम्बन्धमा प्रतिक्रिया व्यक्त गर्ने र बेरुजू फछ्यौंट सम्बन्धी काम कारबाही गर्ने गराउने उत्तरदायित्व लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ ।

व्यवसायिक कारोवार गर्ने सार्वजनिक संस्थानहरुले बेरुजू फछ्यौट गर्ने र अर्को वर्षको लेखापरीक्षणमा सो फछ्यौंटको अनुगमन गर्ने गरिएको छ । सो बाहेकका संगठित संस्था, समिति एवं अन्य संस्थाहरुको लेखापरीक्षणबाट कायम भएको बेरुजूको लगत राखी फछ्यौंट गर्ने जिम्मेवारी संस्थाको सञ्चालक समितिमा रहने व्यवस्था बमोजिम सम्बन्धित निकायले फछ्यौट गरी सम्परीक्षणका लागि यस कार्यालयमा पेश गर्ने गरेका छन् ।

यो वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराउपर उपर्युक्त व्यवस्था बमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउन सरकारी कार्यालय, संगठित संस्था, समिति, जिल्ला विकास समिति एवं अन्य संस्थाहरुसमेतको रु.२९ अर्ब ५२ करोड ४७ लाख २२ हजार प्रारम्भिक बेरुजू पठाइएकोमा सो अवधिभित्र कार्यालयहरुले रु.४ अर्ब ३१ करोड ४० लाख ७९ हजार फछ्यौंट गरी रु.२५ अर्ब २१ करोड ६ लाख ४३ हजार बाँकी रहेको छ ।

सरकारी कार्यालयतर्फ विगतका बेरुजू रु.३६ अर्ब ८० करोड ८६ लाख ३८ हजारमध्ये २०५९।६० सम्मको रु.३ अर्ब २० करोड ५३ लाख ३६ हजार बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण भएको, रु.९ अर्ब ९९ करोड ७७ लाख २ हजार सम्परीक्षीण र समायोजन भई फछ्यौट गरेको छ । बेरुजू फछ्यौट समितिबाट २०६७।१२।२५ सम्म रु.३ अर्ब ८ करोड २३ लाख ३० हजार फछ्यौट गरेको विवरण प्राप्त भएको छ । यससम्बन्धी विवरण अनुसूची १७ मा छ ।

३.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०१ अनुसार कार्यालयले गरेको बेरुजू फछ्यौंटको अनुगमन गरी बेरुजू फछ्यौंट सम्बन्धित काम कारबाहीमा प्रभावकारिता ल्याउन गठित बेरुजू फछ्यौंट मूल्याङ्कन र अनुगमन समिति क्रियाशील रही काम कारबाही गरेकोले बेरुजू फछ्यौंटको प्रयास सकारात्मक रुपमा अगाडि बढेको छ ।

३.३ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २०(३) मा असुल उपर गर्नुपर्ने ठहरिएको बेरुजूको नियमित कार्यविधिबाट असुल हुन नसकेमा यस्तो बेरुजू रकम लेखाउत्तरदायी अधिकृतले केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाई लगतमा आम्दानी बाँधेपछि सम्बन्धित कार्यालयको बेरुजू फछ्यौट गर्न सकिने व्यवस्था छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा १०३ बमोजिम लेखाउत्तरदायी अधिकृतले असुलउपर हुन नसकेको बेरुजू अनुसूची १५ बमोजिमको ढाँचामा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउनुपर्नेहुन्छ । लगत कस्न पठाउँदा विवरण फाराममा जिम्मेवार व्यक्तिको ठेगाना, तीनपुस्ते, बहाली विवरण, असुलउपर गर्नुपर्ने रकमको विवरणलगायतका कुराहरु खुलाउनुपर्ने व्यवस्था छ । तर हालसम्म अधिकांश बेरुजू कारबाही गर्नुपर्ने व्यक्तिको उपर्युक्त विवरणको अभाव देखाई केन्द्रीय तहसिल कार्यालय पठाउन नसकेको अवस्था छ । यस्तो आधारभूत सूचनासम्म नहुनु व्यवस्थापकीय पक्षको कमजोरी देखिएको छ ।

३.४ बेरुजू फछ्यौंटको जिम्मेवारीको किटानी व्यवस्था भए तापनि जिम्मेवार व्यक्ति तथा लेखाउत्तरदायी अधिकारीबाट बेरुजू फछ्यौंट गर्ने गराउने कार्य अपेक्षित मात्रामा प्रभावकारी देखिएको छैन । लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा कानूनले तोकेको समय सीमाभित्र नै फछ्यौंट गर्ने गराउने तथा तोकिएको प्रक्रिया पुरा गरी केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउने कार्य प्रभावकारी हुन सकेको छैन ।

४. **सम्परीक्षण** – सम्परीक्षण सम्बन्धमा भएको प्रयास र प्रगतिको स्थिति देहाय अनुसार छन्:

४.१ सार्वजनिक लेखा समितिको निर्देशन, मन्त्रिपरिषद्को २०५९।९।२२ र २०६२।५।१ को निर्णयका आधारमा एवं आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०० अनुसार लेखाउत्तरदायी अधिकृतबाट नियमित गरी गराई वा कार्यालयबाट बेरुजू फछ्यौंट गरी सम्परीक्षणको लागि अनुरोध भएमा यस कार्यालयबाट सम्परीक्षण गर्ने गरिएको छ । सम्परीक्षण सम्बन्धमा महालेखापरीक्षकबाट २०६७।२।५ मा कानूनमा भएका प्रक्रिया सहितको निर्देशन जारी गरिएको छ ।

यो वर्ष सम्बन्धित कार्यालयले फछ्यौट गरी सम्परीक्षणका लागि यस कार्यालयमा रु.१० अर्ब ९६ करोड ४७ लाख २७ हजार तथा बेरुजू फछ्यौंट समितिमा रु.४ अर्ब ९० करोड ४३ लाख ८९ हजार गरी रु.१५ अर्ब ८६ करोड ९१ लाख १६ हजारको अनुरोध गरेकोमा रु.१२ अर्ब ९६ करोड ५० लाख ९१ हजार सम्परीक्षण तथा लगत कट्टा भएको छ । यस विवरण अनुसूची १७ मा छ ।

पुराना बेरुजूका नाममा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले ठूलो मात्रामा असुल फछ्यौंट गर्नुपर्ने रकम मिनाहा एवं नियमित गर्ने गरेको, पेश्की बाँकी रकम यथासमयमै फाँटवारी पेश गरी फछ्यौंट नगरी पछि आएर नियमित गरेको, ठेक्कापट्टाका हर्जाना र असुल गर्नुपर्ने बेरुजू नियमित गरेको, अग्रिम कर कट्टा नगरेको बेरुजू रकम नियमित गरेको, कर निर्धारण गर्नुपर्ने सरकारी रकम ४ वर्ष नाघेकोले करदाताको फाइल खोल्न नमिल्ने भनी नियमित भई आएकोले ठूलो रकम राजस्व दाखिला हुन नसकी फछ्यौंट गर्नुपर्ने अवस्था रहेको छ । यस्तो स्थितिले आर्थिक अनुशासन पालना नगर्ने प्रवृत्ति बढ्न गएको छ ।

बेरुजू फछ्यौंट समितिको क्रियाशीलताले गर्दा पुराना बेरुजूहरु उपर पनि कारबाहीको सक्रियता सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुबाट बढ्न गएको छ ।

४.२ सम्परीक्षणका लागि अनुरोध भई आउँदा कतिपय अवस्थामा बेरुजू फछ्यौंटलाई पुष्टि गर्ने पर्याप्त प्रमाण कागजात संलग्न नगर्ने, प्रचलित कानूनका रीत नपुऱ्याई अनुरोध गर्ने, लगत अङ्क भिडान नगरी अनुरोध गर्ने र सरकारी नगदी/जिन्सी हानि–नोक्सानी नभएको पुष्टि हुने गरी नियमित गरेको आधार प्रस्तुत नगर्ने आदि कारणले बेरुजू सम्परीक्षण गर्न नमिलेको जानकारी दिने गरिएको छ । मन्त्रालय/निकाय एवं मातहतका कार्यालयहरुबाट सम्परीक्षणको लागि लेखिएकोमध्ये रु.९६ करोड ४३ लाख ४६ हजार सम्परीक्षण हुन नसकेको जानकारी गराइएको छ । सम्परीक्षण हुन नसकेका मन्त्रालयगत विवरण अनुसूची–१७ र १८ मा देखाइएको छ ।

४.३ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) अनुसार प्रत्येक वर्षको बेरुजू सोही वर्ष कारबाही गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहे तापनि बेरुजू राफसाफ हुन सकेको छैन । यसका लागि जिम्मेवार व्यक्ति एवं लेखाउत्तरदायी अधिकृतले बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी यथासमयभित्रै कारबाही टुङ्गाउने व्यवस्था मिलाउनुपर्दछ ।

५. **बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि** – बेरुजूलाई आँकडामा मात्र मापन गर्न उचित हुदैन । नियमितताको लेखापरीक्षणबाट आँकडा वा लगत कायम नभएका कतिपय नीतिगत तथा प्रणालीगत सुधारका विषयहरु पनि महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उठाइएका छन्, जस्ले मुलुकको आर्थिक गतिविधिलाई समेत मार्गनिर्देश गर्दछ । कार्यमूलक लेखापरीक्षणबाट मूलत: स्रोतसाधन प्राप्तिमा मितव्ययिता, उपयोगमा दक्षता र योजना/कार्यक्रमको समष्टिगत प्रभावकारिता पक्षलाई लिएर विश्लेषण गरी सुझाउ पेश गरिने हुँदा यसले समग्र व्यवस्थापकीय पक्षको सुधार गर्न मद्दत गरेको छ ।

५.१ रकम उल्लेख गरिएको बेरुजू फछ्यौंट तथा सम्परीक्षणमा प्राप्त प्रगतिको अवस्था निम्नानुसार छ:

(रु.हजारमा)

विवरण	विगतको बेरुजू	सम्परीक्षण/ समायोजन	चालु वर्षको लेखापरीक्षण बेरुजू	सम्परीक्षण (फछ्यौंट)	अद्यावधिक बाँकी बेरुजू
सरकारी कार्यालय	३३,६०,३३,०२	९,९९,७७,०२	२२,३०,३०,२३	३,३७,३७,५२	४२,५३,४८,७१
संगठित संस्था, समिति, अन्य संस्था	२५,२०,५६,४४	१,८१,६८,३४	७,२२,१६,९९	९४,०३,२७	२९,६७,०१,८२
जम्मा	**५,८,८०,८९,४६**	**११,८१,४५,३६**	**२९,५२,४७,२२**	**४,३१,४०,७९**	**७२,२०,५०,५३**

यस विवरण अनुसूची १७ र १८ मा ।

५.२ माथिको तालिकामा उल्लेखित आँकडाको आधारमा विगत केही बर्षदेखि बेरुजू फछ्यौंट एवं सम्परीक्षणमा सुधारको सङ्केत देखिएको छ । सार्वजनिक निकाय तथा संस्थाबाट बेरुजू फछ्यौंट गर्नु गराउनु पर्ने कुरामा चासो देखिनुको साथै लेखापरीक्षणको सुझाउको आधारमा कतिपय कानूनी, नीतिगत तथा प्रणालीगत सुधार गरिनुले लेखापरीक्षणको उपादेयतामा अभिवृद्धि भएको छ । आर्थिक विसंगतिहरु रोक्ने र आर्थिक अनुशासन कायम राख्ने क्रममा उल्लिखित प्रयासहरुलाई सकारात्मक रुपमा लिनुपर्दछ ।

५.३ लेखापरीक्षकले औल्याएका व्यहोरा अनुसार निकाय/मन्त्रालय हरुको लेखापरीक्षणकै क्रममा रु.१ अर्ब ६० करोड ३ लाख ७० हजार प्रारम्भिक प्रतिवेदन जारी भएपछि रु.२९ करोड ८० लाख ७६ हजार तथा विगत वर्षको बेरुजू फछ्यौंट गर्दा रु.३९ करोड ३१ लाख र अन्य निकायको लेखापरीक्षणबाट रु.६० करोड ५७ लाख ९९ हजार गरी रु.२ अर्ब ८९ करोड ८३ लाख ४५ हजार असुल भएको छ । निकाय/मन्त्रालयगत असुली विवरण नम्बर २ मा छ ।

नेपाल सरकारबाट विभिन्न निकायहरुलाई कार्यक्रम सञ्चालनका लागि निकासा भएको रकम कार्यक्रममा खर्च भई बाँकी रहेको रकम सम्बन्धित निकायहरु (शान्ति तथा पुनर्निर्माण, कृषि, स्थानीय र भौतिक योजना तथा निर्माण मन्त्रालय) ले फ्रिज नहुने खातामा राखेकोमा सम्बन्धित लेखाउत्तदायी अधिकृतहरुको ध्यानाकर्षण गरेपछि रु.२ अरब २० करोड ६३ लाख ६२ हजार राजस्व खातामा दाखिला भएको छ ।

५.४ सार्वजनिक लेखा समितिले पुराना बेरुजू प्रभावकारी रुपमा असुल फछ्यौंट गर्न नेपाल सरकारका सबै मन्त्रालय एवं निकायहरुलाई निर्देशन दिन, सार्वजनिक निकायहरुको बेरुजूउपर छलफल गरी प्रतिवेदन दिन विभिन्न ११ उपसमिति गठन गरी छलफल कार्यलाई अगाडि बढाउनु तथा निकायहरुको खरिद व्यवस्था, आर्थिक काम कारबाहीको सम्बन्धमा विशेष ध्यान दिई जाँच गर्नु सकारात्मक रुपमा लिनुपर्दछ । सार्वजनिक जवाफदेही बहन गर्नुपर्ने लेखाउत्तरदायी अधिकृतबाट ऐन, नियमको पालना गराउने र त्रुटिहरु दोहोरिन नदिने प्रतिबद्धता व्यक्त भएबाट आर्थिक विसंगतिहरु नियन्त्रण गरी वित्तीय अनुशासन पालना एवं सार्वजनिक उत्तरदायित्व बहन गर्ने गराउने कार्यमा मद्दत पुगेको कुरा कार्यालयबाट महसुस गरिएको छ ।

५.५ बेरुजू सम्परीक्षण गर्ने कार्य स्थलगत लेखापरीक्षणकै समयमा गराउन सबै लेखाउत्तरदायी अधिकृतलाई अनुरोध गरेअनुरुप यो वर्ष स्थलगत लेखापरीक्षणको क्रममा विभिन्न निकायबाट सम्परीक्षण गराएका छन् । विगत वर्षभन्दा यो वर्ष स्थलगतरुपमा सम्परीक्षण गराउने कार्यमा बढोत्तरी भएको अवस्था देखिए तापनि परिमाणात्मक रुपमा स्थलगत सम्परीक्षण उत्साहजन हुन सकेको छैन । स्थलगत लेखापरीक्षणको क्रममा सम्परीक्षण गराउने कार्य प्रभावकारी बनाउन सकिएमा स्रेस्ता कागजात केन्द्रमा ल्याई सम्परीक्षण गराउँदा लाग्ने लागत एवं कार्यबोझ घट्ने मात्र नभई सम्परीक्षण कार्यमा प्रभावकारिता समेत आउँदछ ।

५.६ प्रतिवेदनमा समावेश भएका बेरुजू सार्वजनिक लेखा समितिमा छलफल हुनुपूर्व आवश्यक प्रमाण कागजात प्रस्तुत भएको अवस्थामा सम्परीक्षण गर्ने गरिएको छ ।

५.७ बेरुजू फछ्यौंट समितिले २०५९।६० सम्म फछ्यौंट गर्न बाँकी बेरुजूमध्ये २०६७ चैत्रसम्म फछ्यौंट गरी बाँकीको कच्चावारी बेरुजूसहित लगत कम्प्युटर सफ्टकपीसमेत पठाउन अनुरोध गरेकोले धेरै पुरानो फछ्यौंट हुन बाँकी बेरुजूको अद्यावधिक स्थिति देखिन गई फछ्यौंट कार्यमा सहजता आउने देखिन्छ ।

५.८ बेरुजू फछ्यौंट समितिले भूमिसुधार मन्त्रालयलाई नेपाल सरकारले अधिग्रहण गरेका जग्गाको जग्गाधनी प्रमाणपुर्जा सरकारको नाममा आइनसकेको अवस्थामा सो प्रयोजनको लागि जिल्लास्थित मालपोत कार्यालयहरुमा छुट्टै शाखा राखेर भएपनि यथाशीघ्र कार्य गराउन निर्देशन दिएकोले यस्तो बेरुजू फछ्यौंटमा सघाउ पुग्ने देखिन्छ ।

५.९ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १००(३) ले प्रचलित कानूनको रीत पुऱ्याउनुपर्नेमा सो रीतसम्म नपुऱ्याई अनियमित भएको तर सरकारी हानि नोक्सानी भएको नदेखिएको बेरुजू लेखाउत्तरदायी अधिकृतले नियमित गर्नसक्ने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा १९(१) ले लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित निकायले फछ्यौंट गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ ।

ऐन तथा नियमावलीको व्यवस्थाअनुसार तोकिएको अवधिभित्र लेखापरीक्षणबाट देखिएका बेरुजू नियमित गरी फछ्यौंट गराई सम्परीक्षण गराउनुपर्नेमा महालेखापरीक्षकले वार्षिक प्रतिवेदन पेश गरी सार्वजनिक लेखा समितिमा छलफल नहुँदै उक्त व्यहोराहरु लेखाउत्तरदायी अधिकृतबाट नियमित भई सम्परीक्षणको लागि अनुरोध हुने गरेकाले महालेखापरीक्षकको संवैधानिक स्वतन्त्रता तथा लेखा समितिमा हुने छलफल समेतलाई प्रभाव पार्ने हुँदा नियमित गरी बेरुजू फछ्यौंट तथा सम्परीक्षण गराउने कार्यका लागि कानूनी व्यवस्थाको पालना गरी समयमै कारबाही गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्ने देखिएको छ ।

५.१० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०१ ले कार्यालयले गरेको बेरुजू फछ्यौंटको अनुगमन गरी बेरुजू फछ्यौंटसम्बन्धी कामकारबाहीमा प्रभावकारिता ल्याउन बेरुजू फछ्यौंट मूल्याङ्कन र अनुगमन समिति गठन भई कार्य गर्दैआएको छ । आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ ले लेखापरीक्षणबाट देखिएको बेरुजू एक वर्षभित्र असुलउपर, नियमित गरी फछ्यौंट गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाको पालना गरी हरेक वर्षको बेरुजू सोही वर्षभित्र फछ्यौंट भए नभएको अनुगमन गर्नुपर्नेमा प्रत्येक वर्ष न्यूनतम प्रतिशत फछ्यौंट गरी सोअनुसार पुरस्कारको लागि सिफारिस गर्नु कानूनसम्मत देखिदैन ।

बेरुजू फछ्यौंट अनुगमन एवं मूल्याङ्कन समितिले नेपाल सरकारका सरकारी कार्यालयको कारोबारको लेखापरीक्षण गराउने, बेरुजू कम गर्न अपनाउनु पर्ने विषयमा विभिन्न निकायलाई निर्देशन दिने र बेरुजू फछ्यौंटको अनुगमन गर्दै आएको छ । बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउने कार्यलाई प्रोत्साहित गर्न निश्चित प्रतिशतभन्दा बढी बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउनेलाई नगद प्रोत्साहन एवं धन्यबादका उपाय अवलम्बन गरेको छ । बेरुजू फछ्यौंट गर्नेलाई प्रोत्साहन गर्ने तर बेरुजू हुनै नदिने गरी कारोबार गर्ने कार्यालयमा उक्त व्यवस्था नभएकोले यसबाट सकारात्मक असर नपरेको व्यहोरा जिल्लास्तरीय छलफल कार्यक्रममा लेखा तथा कार्यालय प्रमुखले उठाएका छन् । अतः प्रोत्साहन प्रणालीलाई पुनरावलोकन गरिनुपर्दछ ।

आर्थिक कार्यविधि ऐन, २०५५ ले लेखापरीक्षण गरी कायम भएका सबै बेरुजू ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था गरेको सन्दर्भमा बेरुजू फछ्यौंट र सम्परीक्षण गराउने कार्यमा प्रतिशत तोक्ने व्यवस्थामा समेत पुनरावलोकन हुनुपर्दछ । त्यसैगरी असुल गर्नुपर्ने बेरुजू नियमित प्रक्रियाबाट असुल हुन नसकेमा असुलीको लागि केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाए नपठाएकोमा अनुगमन भएमा बेरुजू फछ्यौंट कार्यमा प्रभाव पर्दछ ।

५.११ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) ले प्रत्येक कार्यालयले सबै प्रकारका आय–व्ययको तोकिएबमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । उपर्युक्तानुसार लेखा तथा आर्थिक विवरण पेश नगरेमा जरिबाना तथा कारबाही गर्नसक्ने उल्लेख छ । महालेखापरीक्षकको कार्यालयलाई लेखा तथा आर्थिक विवरण पेश नगरी लेखापरीक्षण हुन नसकेका व्यहोरा प्रत्येक वर्ष प्रतिवेदनमा समावेश गर्नुका साथै लेखापरीक्षण बक्यौताको रकम सालिन्दा बढ्दै गएको र बक्यौता लेखापरीक्षण नगराएकोमा कानूनको व्यवस्थाअनुसार जिम्मेवार व्यक्ति तथा लेखाउत्तरदायी अधिकृतलाई कारबाही हुने नगरेकोले बक्यौता लेखापरीक्षण गराउनेतर्फ गम्भीर बनाउनेतर्फ बाध्यात्मक व्यवस्था गरिनुपर्दछ ।

५.१२ लेखापरीक्षणबाट देखिएका असुलउपर गर्नुपर्ने, हिनामिना मस्यौटबाहेकका बेरुजूहरु नियमित गरी फछ्यौंट गर्ने कार्यका लागि आर्थिक कार्यविधि ऐन,२०५५ ले लेखाउत्तरदायी अधिकृत तथा बेरुजू फछ्यौंट समितिलाई अधिकार प्रदान गरेको छ भने असुल गर्नुपर्ने र हिनामिना मस्यौट प्रकृतिका बेरुजूहरु केन्द्रीय तहसिल कार्यालयमा लगत कसी फछ्यौंट गर्नै गराउने व्यवस्था गरेको भएपनि सरकारी निकायहरुले केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउने कार्यसमेत प्रभावकारी रुपमा नभएकाले कानूनमा स्पष्ट व्यवस्था गरी यस्ता प्रकृतिका बेरुजू असुल फछ्यौंट गर्ने गराउनेतर्फ विशेष पहल हुनुपर्ने देखिएको छ ।

सार्वजनिक लेखा समितिको २०६५।१०।१५ को निर्णयमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित असुल गर्नुपर्ने भनी उल्लेख भएका र समितिले असुल गर्ने भनी निर्णय गरेका बेरुजूहरु असुल गर्न केन्द्रीय तहसिल कार्यालयमा विवरण पठाउने र सोको प्रगति दिने, कारबाही गरी टुङ्गो लगाउनुपर्ने बेरुजू २०६६ आषाढभित्र टुङ्ग्याउने र २०६६।४।६५ सम्मको बक्यौता लेखापरीक्षण २०६५ चैत्रभित्र सम्पन्न गराउने निर्देशन दिएकोमा केन्द्रीय तहसिल कार्यालयमा यो वर्ष लगत कसिएको अङ्क रु.८३ लाख ८७ हजार मात्र भएको स्थितिले समितिको निर्देशन पूर्णरुपमा कार्यान्वयन हुन सकेको देखिदैन ।

संसदीय समितिको निर्देशनसमेत कार्यान्वयनमा नआउनुले आर्थिक प्रशासनमा सुधार पूर्ण तवरले हुन सकेको छैन ।

६. **प्रतिवेदन कार्यान्वयन –** सार्वजनिक लेखा, लेखापरीक्षण र अनुगमन तथा मूल्याङ्कन प्रणालीमा समसामयिक सुधारसम्बन्धी व्यवस्थापिका–संसद सार्वजनिक लेखा समितिको अध्ययन प्रतिवेदन, २०६७ कार्यान्वयनको लागि नेपाल सरकार र यस कार्यालयलाई पठाएको छ । अध्ययन प्रतिवेदनमा सिफारिस गरिएका यस कार्यालयले आफैंले कार्यान्वयन गर्न पर्ने गरी कानूनी व्यवस्था र स्वतन्त्रता, लेखापरीक्षणमा मानव साधन विकास, व्यवसायिक मानदण्डको पालना, लेखापरीक्षण र प्रतिवेदन व्यवस्था, भौतिक सुविधा, राज्यको पुनर्संरचनामा लेखापरीक्षण संस्था र बेरुजू फछ्यौंट, अभिलेख र सम्परीक्षण विधि गरी ७ क्षेत्रमा २९ सुझाउ दिएमध्ये ११ सुझाउ कार्यान्वयन गर्न सुरु गरिएको छ । अन्य बाँकी सुझाउ पनि कार्यान्वयन गर्दै लगिनेछ । नेपाल सरकारबाट कार्यान्वयन हुनुपर्ने सुझाउहरु कार्यान्वयन गर्न आवश्यक सहयोग भएमा लेखापरीक्षण सुदृढ हुन जाने अपेक्षा गरिएको छ ।

७. **आर्थिक अनुशासनका प्रयास –** नेपाल सरकारले २०६५।६६ देखि क्रमशः एकल खाता कोष प्रणाली, बहुवर्षीय ठेक्का बन्दोबस्त, सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन, विद्युतीय बोलपत्रको व्यवस्था, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, त्रिवर्षीय खर्च प्रक्षेपण/मध्यकालीन बजेट संरचना र राष्ट्रियस्तरका आयोजनाहरुलाई रकम अभाव हुन नदिने प्रतिबद्धता लगायतका नीतिगत, संस्थागत र प्रक्रियागत सुधारका प्रयासहरु भएको छ । सामान्य प्रशासन मन्त्रालयले न्यून बेरुजू फछ्यौंटलाई कार्यसम्पादन मूल्याङ्कमा आबद्ध गर्न अध्ययन कार्य अन्तिम चरणमा रहेको छ । यसबाट वित्तीय पारदर्शिता र वित्तीय उत्तरदायित्व अभिवृद्धि हुने, कर्मचारीहरु उत्प्रेरित भई उनीहरुको कार्यक्षमतामा वृद्धि हुने, आयोजनाहरुको व्यवस्थापन क्षमतामा अभिवृद्धि हुने, सार्वजनिक खरिद प्रतिस्पर्धात्मक हुने र ठूला पूर्वाधारका आयोजना कार्यान्वयनमा सहजता आउने, बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी हुन गई आर्थिक अनुशासन कायम हुने अपेक्षा गरिएको छ ।

परिच्छेद – ४

लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार

आन्तरिक सुधार	बाह्य सुधार
• वित्तीय तथा प्रशासनिक स्वतन्त्रता • जनशक्ति योजना • क्षमता अभिवृद्धि • तालिम केन्द्र स्थापना • कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली • जोखिममा आधारित लेखापरीक्षण • लेखापरीक्षण मार्गदर्शन • भवन निर्माण • सूचना प्रवधि • सुपरिवेक्षण • सरोकारवालासँगको सम्बन्ध	• सार्वजनिक लेखा समितिको निर्देशन र सुझाउको अनुगमन • नेपाल सार्वजनिक क्षेत्र लेखामानको कार्यान्वयन • प्रशासनिक खर्च एवं अनुदान सहायताको मापदण्ड निर्धारण • वित्तीय विवरण प्रमाणित गराउने व्यवस्था पुनरावलोकन • सबै वैदेशिक सहायताको लेखापरीक्षण • आन्तरिक लेखापरीक्षण • संगठित संस्थाको लेखापरीक्षण • स्वायत्त संस्थाको लेखा तथा लेखापरीक्षण • बेरुजूको लगत, फछ्यौंट र सम्परीक्षण

परिच्छेद – ४

लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार

सार्वजनिक निकायबाट स्रोत साधनको परिचालन सम्बन्धमा भएका समग्र आर्थिक क्रियाकलापको महालेखापरीक्षकले परीक्षण गरी सरोकारवालालाई उपयुक्त आश्वस्तता प्रदान गर्दछ । राज्यको सार्वजनिक तथा वित्त प्रशासनको लक्ष्य हासिल गर्ने सन्दर्भमा सार्वजनिक जवाफदेही, पारदर्शिता र सुशासन प्रवर्द्धनलाई मूल उद्देश्य मानेर लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गर्दै आएको छ । लेखा तथा लेखापरीक्षणका क्षेत्रमा विकसित नयाँ आयामको विश्वव्यापी प्रयोग एवं आर्थिक कारोबारको विस्तार, जोखिम तथा जटिलता जस्ता विषयले सार्वजनिक लेखापरीक्षणलाई गुणस्तरयुक्त एवं समय सापेक्ष तुल्याइ यसको आश्वस्तता अभिवृद्धि गर्न चुनौती थप गर्दै लगेको छ ।

अन्तिम लेखापरीक्षणले सार्वजनिक आर्थिक कारोबारको स्वच्छता र शुद्धता परीक्षण गर्ने मात्र नभई सार्वजनिक निकायको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको मूल्याङ्कन, वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित भएको पुष्टि र सार्वजनिक पदाधिकारीहरुबाट प्रचलित कानूनको परिपालनासम्बन्धी जवाफदेहिताको सुनिश्चितता गरी निकाय तथा संस्थाहरुमा नीतिगत, कार्यगत तथा प्रणालीगत सुधार गर्न सुझाउ दिदै आएको छ । सुझाउ कार्यान्वयनमा केही प्रगति देखिए तापनि कमजोर आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदन प्रणालीमा कानूनको परिपालना गराउनमा चासोको कमी जस्ता पक्षहरुले अपेक्षित सुधार हुन सकेको देखिदैन । सार्वजनिक लेखापरीक्षणलाई गुणस्तरयुक्त र परिणाममुखी बनाउन गरिनुपर्ने सुधारलाई आन्तरिक र बाह्य सुधारको रुपमा पहिचान गरी प्रस्तुत गरिएको छ ।

आन्तरिक सुधार

१. **रणनीतिक योजना** – यस कार्यालयको क्षमता अभिवृद्धिको लागि ३ वर्षे रणनीतिक योजना (२०१०–२०१२) स्वीकृत भई कार्यान्वयनमा आएको छ । उक्त योजनाले गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने, स्वतन्त्रताको सुदृढीकरण गर्ने, पेशागत विकास गर्ने, संगठनको दक्षता विकास गर्ने र सरोकारवालासँग सम्बन्ध सुधार गर्ने समेत ५ प्रमुख लक्ष्य निर्धारण गरेको छ । यो योजना कार्यान्वयन गर्न रु.४२ करोड ५० लाख खर्च हुने अनुमान छ । उपलब्ध स्रोत साधनका आधारमा उक्त योजनाका संस्थागत सुधारका केही क्रियाकलाप लागू गरिएका छन् । योजना कार्यान्वयनका लागि थप आन्तरिक तथा वाह्य स्रोत साधन जुटाउनु पर्ने अवस्था छ ।

२. **स्वतन्त्रता** – महालेखापरीक्षकले स्वतन्त्र रुपमा आफ्नो काम, कर्तव्य र उत्तरदायित्व वहन गर्नुपर्दछ । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणापत्रले स्वतन्त्रताको आधारस्तम्भ प्रदान गरेको छ । स्वतन्त्रताको विषयमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन, मित्रराष्ट्रका महालेखापरीक्षकको कार्यालय, सार्वजनिक लेखा समिति, सरोकारवाला लगायत स्वतन्त्र विशेषज्ञहरुबाट पनि चासो व्यक्त हुदै आएको छ । तथापी लेखापरीक्षण कार्य सम्पादन गर्न एवं कर्मचारीको पेशागत क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने बजेटका लागि समेत कार्यकारिणीमाथी निर्भर रहनुपर्ने अवस्था छ । कार्यालयको बजेट तथा कार्यक्रम उपर कार्यकारी निकायले नियन्त्रण गर्ने वर्तमान परिपाटीको सट्टा अन्तर्राष्ट्रिय मान्यता तथा सवैधानिक व्यवस्थाअनुरुप काम कारबाहीमा बाधा नपुग्ने गरी व्यवस्थापिकाको स्वीकृतिमा बजेट व्यवस्था एवं खर्च गर्न पाउने वित्तीय स्वतन्त्रता रहनु जरुरी छ ।

महालेखापरीक्षकको संवैधानिक दायित्व निर्वाह गर्न सहयोगीको रुपमा काम गर्ने कर्मचारीहरु कार्यकारिणीबाट स्वतन्त्र रहनु पर्ने मूलभूत मान्यता रहेको छ । नेपाल लेखापरीक्षण सेवाको सञ्चालन र व्यवस्थापन निजामती सेवा ऐन, २०४९ बमोजिम हुँदै आएकाले कर्मचारीहरुले निजामती कर्मचारीको पहिचान प्राप्त भएको महशुस गरेका छन् तापनि लेखापरीक्षण कार्यमा संलग्न रहने कर्मचारीको नियुक्ति, बढुवा लगायतमा कार्यकारिणीका अधिकारीहरु संलग्न हुने कानूनी व्यवस्था भएको कारण महालेखापरीक्षकले गर्ने दायित्व निर्वाहमा पाउने स्वतन्त्रतामा असर परेको छ । लेखापरीक्षण सेवाको संगठनात्मक संरचनाको

निर्धारण तथा कर्मचारीको दरबन्दी समायोजन, प्रशासन एवं मूल्याङ्कन गर्ने अधिकार महालेखापरीक्षकमा रहने गरी सेवा सञ्चालनसम्बन्धी नियम स्वीकृत गराई लागू गर्नु आवश्यक देखिएको छ ।

३. **संस्थागत नेतृत्व** – कार्यालयमा २०६३ पौषदेखि महालेखापरीक्षकको संवैधानिक पद रिक्त छ । निजामति कर्मचारीबाट कार्यवाहकको जिम्मेवारी निर्वाह हुँदा स्वतन्त्रतामा असर पर्न सक्ने हुनाले संवैधानिक व्यवस्था बमोजिम संस्थाको नेतृत्व सुनिश्चित गरी संस्थागत सुधारको कार्यमा गति दिनु अति जरुरी भइसकेको छ ।

४. **मानव संसाधन** – कार्यालयको लागि स्वीकृत ४४९ कर्मचारी दरबन्दीमध्ये ५ चार्टर्ड एकाउन्टेन्ट छन् । अन्य देशको सर्वोच्च लेखापरीक्षण संस्थामा लेखा विशेषज्ञ वा चार्टर्ड एकाउन्टेन्ट्सको संलग्नता उल्लेख्यरुपमा रहने गरे तापनि कार्यालयमा लेखा विशेषज्ञलाई प्रवेशमा आकर्षण गर्न नसकिएको मात्र नभई वर्तमान निजामती सेवाको प्रावधानअनुसार वृत्ति विकास तथा तलब भत्ता लगायतका सुविधामा सामान्य कर्मचारी सरह मात्र सहुलियत दिन सक्ने अवस्था रहेकोले प्रवेश गरेपछि विशेषज्ञता हासिल गरेकालाई सेवामा कायम राख्न समेत कठिनाई रहेको छ । विशेषज्ञलाई सेवा प्रति आकर्षण गर्न र सेवामा रहेकालाई कायम राख्न निजामती सेवामा विशेष प्रावधान र सुविधाको व्यवस्था गर्नु जरुरी भएको छ । यस अतिरिक्त विद्यमान जनशक्तिको अधिकतम क्षमता उपयोग गर्ने गरी अद्यावधिक कार्य विवरण तयार गर्ने र भावी परिवर्तनलाई ध्यानमा राखी जनशक्ति योजना तयार गरी लागू गर्नुपर्ने अवस्था देखिएको छ ।

५. **क्षमता अभिवृद्धि** – लेखापरीक्षण मानदण्डले दक्ष जनशक्तिको समूहबाट लेखापरीक्षण गर्नु गराउनुपर्ने मान्यता राखेको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुरुप गुणस्तरयुक्त एवं नतिजामूलक लेखापरीक्षण गर्न जनशक्तिको दक्षता विकास गरी परिचालन गर्न कर्मचारीहरुलाई तालिम र गोष्ठीका लागि पर्याप्त अवसर हुनु आवश्यक छ । अन्तर्राष्ट्रिय र अन्य सर्वोच्च लेखापरीक्षण संस्था र नेपाल सरकारबाट कार्यालयका कर्मचारीलाई प्राप्त हुने अल्पकालीन अन्तर्राष्ट्रिय तालिम र गोष्ठीको अवसर कार्यरत कर्मचारीको अनुपातमा न्यून छ । लेखापरीक्षणको क्षेत्रमा विभिन्न संस्थाबाट अन्तर्राष्ट्रिय तालिममा विशेषज्ञता हासिल गराउने किसिमले भाग लिन आमन्त्रण प्राप्त भएको अवस्थामा पनि वित्तीय स्रोत साधनको अभावमा सहभागी गराउन सकिएको छैन ।

नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक अध्ययनका छात्रवृत्तिमध्ये लेखापरीक्षण कार्यको लागि उपयोगी विषयहरुमा वार्षिकरुपमा निश्चित संख्यामा अध्ययनका अवसर उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्न सार्वजनिक लेखा समितिले गरेको सिफारिस कार्यान्वयन गरी कार्यालयका कर्मचारीको क्षमता अभिवृद्धिको अवसर प्रदान गरिनुपर्दछ ।

६. **तालिम केन्द्र** – लेखापरीक्षकको दक्षता कायम राख्न जनशक्ति विकास योजनामा लेखापरीक्षकले न्यूनतम १८ घण्टाको बार्षिक तालिम लिएको हुनुपर्ने उल्लेख छ । लेखापरीक्षण तथा लेखामानको कार्यान्वयनको लागि आन्तरिक तथा अन्तिम लेखापरीक्षणमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्नु आवश्यक पर्दछ । सरकारी कार्यालयमा कार्यरत राजस्व तथा लेखा समूहको क्षमता विकासको लागि तालिम प्रदान गर्ने राजस्व प्रशासन तालिम केन्द्र तथा महालेखापरीक्षकको कार्यालयको तालिम शाखाबाट सीमित तालिम प्रदान गर्ने भए तापनि लेखापरीक्षणमा विशेषज्ञता हुने गरी अपेक्षितरुपमा तालिम उपलब्ध हुन सकेको छैन ।

सार्वजनिक लेखापरीक्षणका नवीनतम मान तथा मार्गदर्शनको अध्ययन, अनुसन्धान र तालिम सम्बन्धी नीति तर्जुमा गरी तालिम प्रदान गर्न विद्यमान संरचना अपर्याप्त भएकाले महालेखा परीक्षकको कार्यालय अन्तर्गत एक तालिम केन्द्र स्थापनाको लागि अध्ययन सुरु गर्नुपर्ने देखिएको छ ।

७. **उत्प्रेरणा एवं वृत्ति विकास** – उपलब्ध आर्थिक सुविधा, कार्य वातावरण, वृत्ति विकासका अवसर आदिले कर्मचारीहरुमा काम तथा सेवा प्रति आकर्षण बढाई उत्पेरणा बढाउने हुन्छ । साबिकमा लेखापरीक्षणमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था रहेकामा निजामति सेवामा प्रवेश पश्चात सीमित हुन पुगेको छ । कर्मचारीलाई कामप्रति व्यावसायिकरुपले अभिप्रेरित गर्ने खालका सुविधा प्रदान गर्न सकिएको छैन ।

लेखापरीक्षणमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने साबिकमा भएको व्यवस्थालाई निरन्तरता दिनु जरुरी छ । कार्यालयमा रहेका चार्टर्ड एकाउन्टेन्ट तथा सीमित पद रहेका इन्जिनियर, कानून अधिकृतको निश्चित पदसम्म पदोन्नति गरी वृत्ति विकासको अवसर प्रदान गर्न कानूनी व्यवस्था गर्नु आवश्यक देखिएको छ ।

८. **प्रोत्साहन प्रणाली –** लेखापरीक्षण सेवामा कार्यरत कर्मचारीको मनोबल उच्च राखी पेशागत कार्यप्रति प्रतिबद्ध बनाउन ज्ञान, सीप र प्रविधिको उच्चतम उपयोगमा जोड दिन प्रोत्साहन र सुविधा महत्त्वपूर्ण रहेको छ । नेपाल सरकारले सार्वजनिक लेखा समितिको सिफारिसबमोजिम महालेखापरीक्षकको कार्यालयमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू नहुञ्जेल २०६६ साउनदेखि लागू हुने गरी २०६८ असारसम्म विशेष भत्ता प्रदान गर्ने र सोभन्दा पछि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्न आवश्यक कारबाही गर्ने निर्णय गरेको छ । सार्वजनिक लेखा समिति एवं मन्त्रिपरिषद्को निर्णयअनुसार कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्न प्रस्ताव तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको छ । कर्मचारीको मनोबल उच्च राख्न सो प्रस्तावमाथि निर्णय भई कार्यान्वयन हुनुपर्ने देखिन्छ ।

९. **लेखापरीक्षण पद्धति** – सरकारी बजेट तथा कारोबारमा भएको बढोत्तरीसंगै सार्वजनिक लेखापरीक्षणको कार्यक्षेत्र विस्तार भएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा विकास भएको नवीनतम अवधारणा कार्यालयबाट अवलम्बन गर्न लेखापरीक्षण पद्धतिको समसामयिक सुधार गर्नु जरुरी हुन्छ । प्रत्येक वर्ष वित्तीय लेखापरीक्षण सुरु गर्नु अघि लेखापरीक्षण जोखिम क्षेत्र पहिचान गरी मन्त्रालयगतरुपमा लेखापरीक्षणको समष्टिगत वार्षिक योजना तयार गर्ने गरिएको छ । साथै आयोजना/कार्यक्रमअनुरुप इकाईगत योजना तयार गरी कारोबारको जोखिमको क्षेत्र पहिचान गरी लेखापरीक्षण गर्ने कार्य सुरु भइसकेको छ । तथापि वित्तीय विश्लेषण, जोखिम विश्लेषण,लगायतका लेखापरीक्षण कार्यविधि तथा पद्धतिको कार्यान्वयन पक्षमा अझै सुधारको खाँचो रहेको छ । लेखापरीक्षण गरिने निकायको सबै पक्ष परीक्षण गर्न सम्भव नहुने हुदा निकायको आन्तरिक नियन्त्रण व्यवस्था र कारोबारको स्वरुपको आधारमा पहिचान भएका जोखिम विश्लेषणको आधारमा लेखापरीक्षण गर्ने पद्धतिको विकास गर्नु जरुरी छ ।

१०. **मार्गदर्शन तथा निर्देशिका** – सर्वोच्च लेखापरीक्षण संस्थाको २० औं महाधिवेशनले साबिकको सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) लेखापरीक्षण मानलाई प्रतिस्थापन गर्दै नवीनरुपमा तय भएको अन्तर्राष्ट्रिय मान लागू गर्न सबै सदस्य राष्ट्रलाई तयार रहन आह्वान गरेको छ । विगतमा कार्यालयले इन्टोसाईद्धारा प्रतिपादित लेखापरीक्षण मानदण्ड र व्यावसायिक आचरणअनुसारका विभिन्न कार्य सञ्चालन तथा क्षेत्रगत मार्गदर्शन लागू गरिए तापनि ती मार्गदर्शन कार्यान्वयन गर्ने परीक्षण सूची, ढांचा तथा आवश्यक औजारसहितको दिग्दर्शन तयार नभएकोले सोसमतेका मानदण्ड तथा मार्गदर्शन समय सापेक्ष बनाई लागू गर्नु आवश्यक देखिएको छ ।

लेखापरीक्षणमान तथा मार्गदर्शनलाई पूर्णरुपमा कार्यान्वयन गर्न परीक्षण सूचि तथा ढाँचा सहितको वित्तीय लेखापरीक्षण निर्देशिका विकास गर्नुपर्दछ । कार्यालयले प्रयोगमा ल्याएको लेखापरीक्षणमान तथा निर्देशिका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको बिसौं महाधिवेशनबाट स्वीकृत मानको आधारमा समय सापेक्ष गरिनु आवश्यक छ । साथै स्वायत्त एवं संगठित संस्थाहरुको लेखापरीक्षण निर्देशिका अद्यावधिक गरी कार्यान्वयनमा ल्याउनु आवश्यक भएको छ ।

११. **भौतिक सुविधा** – हाल कार्यालयले प्रयोग गरिरहेको भवन कार्यालय प्रयोजनका लागि पर्याप्त र कार्य प्रकृति अनुरुप उपयुक्त देखिदैन । कार्यालय भवन निर्माण गर्न मन्त्रिपरिषद्को २०६७।१२।९ को निर्णयानुसार जग्गा प्राप्त भएको छ । नयाँ भवन निर्माणको लागि डिजाइन, ड्रइङ्गको लागि प्रस्ताव गरेको बजेट उपलब्ध हुनु आवश्यक छ ।

१२. **सूचना प्रविधि –** सूचना प्रविधिको लेखापरीक्षण सार्वजनिक लेखापरीक्षणमा आएको नविनतम प्रविधि हो । नेपाल सरकारका कार्यालयहरुले सूचना प्रविधि प्रयोग गरी आर्थिक कारोबारको लेखा राख्न थालेको सन्दर्भमा

कार्यालयले पनि सूचना प्रविधिको लेखापरीक्षण शुरु गर्नु अत्यावश्यक भई सकेको छ । यसका लागि कार्यालयमा दक्ष जनशक्ति सहितको सूचना प्रविधिसम्बन्धी संयन्त्र स्थापना गरी स्वचालित कार्य प्रणाली अवलम्बन गर्नुपर्ने देखिएको छ ।

१३. **आचारसंहिता–** सार्वजनिक लेखापरीक्षणमा संलग्न लेखापरीक्षकहरु व्यक्तिगत, बाह्य तथा सांगठनिक आँचबाट स्वतन्त्र हुनुपर्ने र छुट्टै आचारसंहिताको व्यवस्था हुनुपर्दछ । कार्यालयले २०५६ मा लागू गरेको आचारसंहितालाई सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठनले स्वीकृत गरेको आचारसंहिताका आधारमा परिमार्जन गरी लागू गरिने क्रममा छ । आचारसंहिता पालना सम्बन्धमा सरोकारवालाहरुबाट कार्यालयमा प्राप्त गुनासो उपर आवश्यक कारबाही गर्न संयन्त्रको स्थापना गरी कार्य थालनी गरिएको छ । पेशागत आचारसंहितालाई स्वीकृत गरी अनुगमन कार्यलाई समेत प्रभावकारी बनाउनु आवश्यक देखिएको छ ।

१४. **कार्यमूलक लेखापरीक्षण** – लेखापरीक्षण गरिने निकाय, व्यवस्थापिका–संसद, दातृ संस्थाहरुमा देखिएको बढ्दो चासो र आवश्यकतालाई सम्बोधन गर्न कार्यमूलक लेखापरीक्षणको विस्तार गर्नु आवश्यक देखिएको छ । कार्यमूलक लेखापरीक्षण पद्धतिलाई व्यवस्थित गर्न विद्यमान मार्गदर्शन अद्यावधिक गर्नुपर्ने देखिएको छ । यस लेखापरीक्षणको लागि आवश्यकता अनुसार विशेषज्ञ सेवा लगायतका काममा बजेटको व्यवस्था गरी कार्यमूलक लेखापरीक्षण गर्ने इकाइको सुदृढीकरण गरी यो लेखापरीक्षणलाई विशेष लेखापरीक्षण एवं आयोजनाको रुपमा सञ्चालन गर्नु आवश्यक छ ।

१५. **लेखापरीक्षण प्रतिवेदन** – लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा प्राप्त प्रतिक्रिया र संलग्न प्रमाणको अध्ययन गरी रायसहितको अन्तिम प्रतिवेदन उपलब्ध गराउनु आवश्यक हुन्छ । कार्यालयबाट गत वर्ष अर्थ मन्त्रालयको कार्यसञ्चालनतर्फको अन्तिम लेखापरीक्षणको प्रतिवेदन तथा नेपाल सरकारको सञ्चित कोषको सन्दर्भमा राय सहितको प्रतिवेदन दिन सुरु गरिएको थियो । यस बर्षदेखि सबै मन्त्रालय तथा केन्द्रीयस्तरका निकायको अन्तिम प्रतिवेदन दिने व्यवस्थासमेत सुरु गरिएको छ । यो व्यवस्था क्रमशः विभाग, क्षेत्रीय तथा कार्य सञ्चालनस्तरका कार्यालय तहमा लागु गर्ने कार्यालयको लक्ष्य रहेको छ ।

१६. **व्यवस्थापन प्रतिनिधित्वपत्र** – अन्तर्राष्ट्रिय प्रचलनअनुसार लेखापरीक्षण गरिएका निकायको व्यवस्थापनबाट आर्थिक कारोबार प्रचलित कानूनअनुसार भएको, स्रोत साधन दुरुपयोग नभएको, वित्तीय विवरण गलत आंकडा रहित भएको, लेखापरीक्षणमा पेश भएको बाहेक अन्य कारोबार नभएको आदि व्यहोरा प्रमाणित गराई व्यवस्थापन प्रतिनिधित्वपत्र लेखापरीक्षणमा प्राप्त गर्ने गरिएको छ । आर्थिक कारोबार गर्दा न्यूनतम प्रक्रिया पुरा नगरेको र आर्थिक विवरणमा सम्पूर्ण कारोबार नदेखाएको अवस्थामा कानूनको पालना भएको, वित्तीय विवरणमा गलत आँकडारहित भएको समेतको व्यहोरा खुलाई प्रतिनिधित्वपत्र उपलब्ध गराएको देखिदा यसलाई गम्भीरतापूर्वक लिनुपर्ने देखिएको छ ।

१७. **सम्परीक्षण** – स्थलगत लेखापरीक्षणको क्रममा विगत वर्षमा उठाइएका व्यहोरा सम्परीक्षण गर्ने नीतिअनुरुप आवश्यक व्यवस्था मिलाउन लेखा उत्तरदायी अधिकृतलाई अनुरोध गरिएकोमा फछ्यौंटको व्यहोरा स्थलगतरुपमा सम्परीक्षणको लागि पेश गर्ने काममा विगतको भन्दा केहि सुधार भए तापनि अपेक्षितरुपमा हुन सकेको छैन । स्थलगत लेखापरीक्षणको क्रममा सम्परीक्षणका लागि पेश गर्ने व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

१८. **सुपरिवेक्षण** – कार्यालयले जिल्लास्थित कार्यालयहरुको लेखापरीक्षण स्थलगत लेखापरीक्षण डोर खटाई गर्ने गरेको छ । खटिएका लेखापरीक्षण टोलीले लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका एवं निर्णयको पालना गरी लेखापरिक्षण, सम्परीक्षण कार्य र आचारसंहिताको पालना गरे नगरेको आदि सम्बन्धमा अनुगमन गर्न स्थलगत सुपरिवेक्षणमा जोड दिइएकोमा यसबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । यस कार्यलाई अझै प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

१९. **सरोकारवालासँगको सम्बन्ध** – सरकार, व्यवस्थापिका-संसद, लेखापरीक्षण गरिने निकाय, दातृ संस्था, नागरिक समाज, सञ्चार माध्यमसंगको सम्बन्ध असल र सुमधुर बनाउने विषयलाई रणनीतिक योजनामा

प्रमुख क्षेत्रको रुपमा समावेश गरिएको छ । यसक्रममा केन्द्रीय तथा जिल्लास्तर तहमा अन्तरक्रिया गरिएकोमा लेखापरीक्षणको अवस्था र गर्नुपर्ने सुधारबारे प्राप्त राय सुझाउ कार्यान्वयन गर्न कार्यालय प्रयत्नशील छ । सरोकारवालाको राय सुझाव प्राप्त गर्न तथा सार्वजनिक लेखापरीक्षणका सुधारको पक्षबारे सूचना सङ्कलन गर्न स्थलगत अन्तरक्रियालाई अझ विस्तार गरी तदनुरुप लेखापरीक्षणका कार्य परिमार्जन गर्नु आवश्यक देखिएको छ ।

बाह्य सुधार

२०. **सुझाउ कार्यान्वयन** – व्यवस्थापिका–संसदको सार्वजनिक लेखा समिति महालेखापरीक्षकको पथ प्रदर्शकको रुपमा रहेको छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका व्यहोरा सम्बन्धमा समितिमा छलफल भई सुझाउ तथा निर्देशन प्राप्त हुने गरेको छ । लेखा समितिको यस्तो निर्देशन तथा सुझाउ समयमा प्राप्त भई कार्यान्वयन हुनसकेमा सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार आउने निश्चित छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित विषयमा छलफल हुँदा भविष्यमा सुधार गर्ने, पछि विवरण पेश गर्ने, छानबिन गरी पेश गर्ने जस्ता कुराहरु प्राथमिकतामा पर्ने गरेको पाइन्छ । महालेखापरीक्षकको सबै वार्षिक प्रतिवेदन उपर समयमा छलफल गरी समितिबाट दिइएका निर्देशन तथा सुझाउको कार्यान्वयन स्थितिको समीक्षा हुनु आवश्यक छ ।

२१. **लेखामान** – वित्तीय विवरण तयारी र प्रस्तुतीकरणमा एकरुपताका लागि लेखा संरचना (एकाउन्टिङ फ्रेमवर्क) र लेखामान तयार गरी कार्यान्वयन गर्नु जरुरी छ । लेखा प्रस्तुतिको मान्यता निश्चित नभई तयार गरिने वित्तीय विवरणमा एकरुपता नहुने हुँदा वित्तीय विवरण एकीकरण, विश्लेषण तथा तुलना गर्न कठिन हुन्छ । लेखा तयार गरी वित्तीय सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनमा सुधार गर्न सुझाउ दिइएकोमा नेपाल सरकारको २०६६।५।३० को निर्णयबाट नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान लागू गर्ने निर्णय गरेको छ । स्वीकृत लेखामानको पूर्ण कार्यान्वयन भएमा आर्थिक कारोबार पारदर्शी हुन गई लेखापरीक्षणलाई समेत सहयोग पुग्दछ ।

२२. **बजेट स्वीकृति** – सरकारी कार्यालयहरुको काम कारबाही समयमा अगाडि बढाउन तथा पूंजीगत बजेटबाट सम्पादन हुने कार्य समयमा सञ्चालन गर्न सरकारले व्यवस्थापिका संसदबाट समयमा बजेट पारित गरी खर्च गर्ने अख्तियारी र वार्षिक कार्यक्रम सबै कार्यालयलाई उपलब्ध गराउनु पर्दछ । विगत वर्षदेखि विभिन्न व्यवधानका कारण व्यवस्थापिका संसदमा समयमा बजेट पेश नभएको र ढिलो पारित हुने गरेकोले खर्च गर्ने अख्तियारी र वार्षिक कार्यक्रम कार्यस्थलसम्म पुग्न ढिला हुने गरेको छ । कार्यालयहरुलाई रकम निकाशा हुन ढिलाई हुँदा कानूनी कार्यविधि पालना गर्न समय अपर्याप्त हुने, लक्ष्य अनुसार प्रगति नहुने, कामको गुणस्तर नहुने, आर्थिक वर्षको अन्तिममा खर्च बढ्ने, अत्यधिक रकमको पेश्की बाँकी रहने, समयमा आर्थिक विवरण तयार गरी आन्तरिक लेखापरीक्षण नहुने जस्ता अवस्था रही बेरुजूसमेत बढ्ने गरेको देखिन्छ ।

बजेट पारित भएपछि समयमा अख्तियारी र वार्षिक कार्यक्रम पठाई तालुक कार्यालयले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा उल्लेख भएबमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन सरकारी नीति अनुसार भए नभएको अनुगमन हुने व्यवस्था मिलाउनुपर्ने देखिन्छ । यसबाट वित्तीय अनुशासन कायम गर्न समेत सहयोग पुग्ने देखिन्छ ।

२३. **खर्चको मापदण्ड** – बजेट तर्जुमामा एकरुपता ल्याउन बजेट तर्जुमा दिग्दर्शन कार्यान्वयनमा ल्याएको छ जसमा प्रशासनिक खर्च शीर्षकमा बजेट प्रस्ताव गर्ने मापदण्डहरु उल्लेख भएका छन । उक्त मापदण्ड निर्धारण गरेअनुरुप कार्यान्वयन नभएकोले स्रोत साधनको असान्दर्भिक प्रयोग गर्ने प्रवृति रहेको छ । आयोजना तथा कार्यक्रममको लागि विनियोजित बजेटबाट तालुक निकायको खर्च व्यहोर्ने प्रचलन पनि रहेको छ । साथै सार्वजनिक संस्थाहरुलाई सरकारद्वारा उपलब्ध गराइएको अनुदान तथा आर्थिक सहायता उपयोग नभई बचत रकम अन्यत्र सार्ने प्रवृत्ति देखिएको छ । यसप्रकारको परिपाटीबाट खर्च प्रतिफलमुखी नहुने र बेरुजू पनि बढ्ने

भएकोले आयोजना/कार्यालयमा पनि प्रशासनिक खर्चको मापदण्ड बनाई लागू गर्नु जरुरी छ । अनुदान तथा सहायता वितरणको मापदण्ड र कार्यविधि निर्धारण गर्नुपर्दछ ।

२४. **कार्य प्रगति प्रतिवेदन –** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९३(२) ले अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्ष व्यवस्थापिका–संसद समक्ष वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याएको खर्चको रकम र सो खर्चअनुसारको लक्ष्य हासिल भयो भएन त्यसको विवरण पनि पेश गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाले संसद समक्ष मन्त्रालयगत बजेटको वित्तीय विवरण र कार्यप्रगतिको स्थिति समेत पेश गर्नुपर्ने प्रावधान राखेको छ । यसको लागि नेपाल सरकारका मन्त्रालयहरुले गरेका खर्च रकमको वित्तीय विवरण र कार्य प्रगति प्रतिवेदन तयार पारी आर्थिक वर्ष समाप्त भएको निश्चित समयभित्र लेखापरीक्षण सम्पन्न गराई प्रमाणित आर्थिक विवरण तथा प्रगति संसद समक्ष पेश हुने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ ले नेपाल सरकारको केन्द्रीय लेखा तयार पार्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेकोले सो कार्यालयले नेपाल सरकारको सञ्चित कोषलगायत केन्द्रीय हिसाब तयार गरी प्रमाणित गर्ने गरेको छ । बजेट पेश गर्ने तथा कार्यान्वयन गर्ने अख्तियारी अर्थमन्त्रीबाट दिइने हुँदा सो बजेट कार्यान्वयन गरी भएका खर्चहरु प्रमाणित गर्ने व्यवस्थामा पुनरावलोकन गरिनुपर्दछ ।

२५. **अनुदानको लेखापरीक्षण –** सरकारका सबै आर्थिक कारोबारहरु व्यवस्थापिका–संसदको स्वीकृतिमा हुने र सोको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने व्यवस्था छ । कतिपय सरकारी कार्यालयले प्राप्त गरेको वैदेशिक प्राविधिक तथा बस्तुगत अनुदान सहायताको लेखा लेखापरीक्षणमा पेश गर्ने नगरेकोले यस्तो कारोबारको नतिजा संसद समक्ष प्रस्तुत हुन सकेको छैन । साथै सार्वजनिक कोषबाट विभिन्न समिति तथा सामाजिक संस्थालाई अनुदानको रुपमा दिएको निकासा पनि कार्यालयबाट लेखापरीक्षण नहुने र निकायले पनि अनुदान उपयोगको आश्वस्तता दिने अद्यावधिक लेखापरीक्षण प्रतिवेदन लिने नगरेकोले सोको नतिजा व्यवस्थापिका–संसदसम्म पुग्ने परिपाटी छैन । यसमा सुधार गरिनु पर्दछ ।

२६. **वित्तीय विवरण प्रस्तुति** – सरकारी निकायले प्राप्त गरेको बैदेशिक प्राविधिक सहायता तथा वस्तुगत सहायता रकमलाई लेखाङ्कन गर्ने नगरेकोले कतिपय कारोबार वित्तीय विवरणमा समावेश हुन सकेको छैन । विनियोजन, राजस्व र धरौटीबाहेक अन्य कोष पनि परिचालन गरेकोमा त्यस्ता कारोबारको मन्त्रालयगत एकीकृत आर्थिक विवरण तयार गर्ने नगरेकोले लेखापरीक्षणको दायरामा सबै कारोबार पर्न नसकेको अवस्था छ । आयोजना, कार्यालय, समिति बन्द वा खारेज हुँदा वा एक अर्कामा गाभिँदा जायजेथा सम्पति र लिनु दिनुपर्ने हिसाबको बरबुझारथको व्यवस्था तालुक निकायले मिलाउनुपर्ने कानूनी व्यवस्था रहे तापनि सोको कार्यान्वयन नहुँदा कतिपय बैङ्कमा रहेको सरकारी खाताको रकम वेवारिसे हुने र लेखापरीक्षणको लागि पेश नहुने अवस्था छ । कार्यालयले सञ्चालन गरेका सबै आर्थिक कारोबार चित्रण हुने गरी वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने र सो कार्य भए नभएको तालुक कार्यालयबाट अनुगमन गरी एकीकृत वित्तीय विवरण पेश गर्ने व्यवस्था गरिनुपर्दछ ।

२७. **आन्तरिक नियन्त्रण** – विभिन्न ऐन नियममा आन्तरिक नियन्त्रणका कार्यविधि तथा प्रक्रियाको व्यवस्था छ । कानुनी व्यवस्थाको परिपालन गराउन र सार्वजनिक स्रोत साधनको सदुपयोग गर्दै प्रभावकारी सेवा प्रवाह गर्न नेपाल सरकारले विभिन्न कार्यविधि एवं निर्देशिका बनाई लागू गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक निकायले आफू र अन्तरर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा अ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक बर्षभित्र लागू गर्नुपर्ने उल्लेख भएकोमा अधिकांश निकायले यस्तो प्रणाली लागू गरेको देखिदैन । कारोबार सञ्चालनका स्थापित नियन्त्रण कार्यविधिको पालनामा देखिएको उदासिनताको कारण आर्थिक अनुशासन पालनामा अपेक्षित सुधार हुन सकेको छैन । आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक स्रोत साधनको उपयोग सम्बन्धमा मापन गर्ने आधार भएकोले तोकिएका नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२८. **आन्तरिक लेखापरीक्षण** – सरकारी कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्य संस्था, समितिको आन्तरिक लेखापरीक्षण सम्बन्धित संस्थाबाट हुने गरेको छ । आन्तरिक लेखापरीक्षकको छुट्टै दरबन्दीको व्यवस्था नभएको, शाखामा कार्यरत कर्मचारीलाई अन्यत्र काममा लगाउने गरेको, क्षमता विकासमा ध्यान नदिएको कारण आन्तरिक लेखापरीक्षणमा प्रभावकारिता आउन सकेको छैन । आन्तरिक लेखापरीक्षणले सरकारी कार्यालयको आम्दानी तथा खर्चको लेखांकन तथा वित्तीय प्रतिवेदनको प्रस्तुतिबारे परीक्षण गर्ने गरे तापनि प्रचलित कानूनी व्यवस्थाको परिपालनाबारे पर्याप्त परीक्षण नहुने, आवधिकरुपमा पटक–पटक लेखापरीक्षण नगरी आर्थिक वर्ष समाप्त भएपछि एकैपटक लेखापरीक्षण गर्ने, लेखापरीक्षणको प्रतिवेदन समयमा उपलब्ध नगराउने जस्ता कमी कमजोरीका कारणले अन्तिम लेखापरीक्षण पनि नियमितताको परीक्षणमा नै बढी केन्द्रित रहनु परेको छ । आन्तरिक लेखापरीक्षणलाई आन्तरिक नियन्त्रण तथा अनुगमनको औजारको रुपमा स्थापना गर्न प्राथमिकता दिनुपर्दछ । आन्तरिक लेखापरीक्षणको संगठनात्मक पुन:संरचना, पद्धति विकास र कर्मचारीको क्षमता अभिवृद्धि गरी अन्तिम लेखापरीक्षणलाई मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता जस्ता विषयमा केन्द्रित हुन सहयोग पुग्ने बातावरण निर्माण गरिनु पर्दछ ।

विभिन्न विशेष कानून वा विकास समिति ऐन अन्तरगत स्थापना भएका स्वायत्त संस्थाहरुको आन्तरिक लेखापरीक्षण संस्थाहरुले नै गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा त्रिभुवन विश्वविद्यालय, पशुपति क्षेत्र विकास कोष, चिकित्सा विज्ञान अध्ययन प्रतिष्ठान, अस्पताल विकास समिति लगायतका स्वायत्त संस्थाहरुले आन्तरिक लेखापरीक्षण ढिलो सम्पन्न गराउँदा कार्यतालिकाअनुसार अन्तिम लेखापरीक्षण सम्पन्न गर्न कठिनाई भइरहेको छ । कार्यतालिका तयार गरी आन्तरिक लेखापरीक्षण सम्पन्न गराई अन्तिम लेखापरीक्षण सुरु हुनु अगावै बेरुजू फछ्यौंट गराउँदा अन्तिम लेखापरीक्षणको स्तरोन्नतिमा सघाउ पुग्दछ ।

२९. **संगठित संस्थाको वित्तीय विवरण** – कम्पनी ऐन, २०६३ अनुसार स्थापना भएका सार्वजनिक संस्थानमा लेखापरीक्षण समिति गठन हुनुपर्नेमा कतिपय कम्पनीमा समिति गठन हुन सकेको छैन । कम्पनी ऐनबाहेक अन्य कानूनअनुसार गठन वा स्थापना गरेका प्रायजसो संगठित तथा स्वायत्त संस्थामा पनि लेखापरीक्षण समिति गठन गर्ने कानूनी व्यवस्था छैन । संगठित संस्थाले वार्षिक वित्तीय विवरण तोकिएको समयभित्र तयार गरी पेश गर्न निकै ढिलाई हुने गरेको छ ।

संगठित संस्थाले आफनो संस्थाको लेखापरीक्षण गरिएको प्रमाणित आय विवरण थपिएको म्याद समेत प्रत्येक वर्षको पौष मसान्तभित्र आन्तरिक राजस्व कार्यालयमा पेश गरेमा विलम्ब शुल्क लाग्ने व्यवस्था रहेकोमा केही संस्थाले सो अवधिसम्म पेश नगरेको अवस्था रहेको छ । संस्थाको लेखापरीक्षण समितिलाई क्रियाशील बनाई आन्तरिक लेखापरीक्षण लगायत आन्तरिक नियन्त्रणका उपकरण प्रयोग गरी संस्थाको हिसाब तथा वित्तीय विवरण समयमा पेश गरी लेखापरीक्षण गराउन अति आवश्यक छ ।

३०. **लेखा प्रणाली र ढाँचा** – सरकारी स्वामित्व रहेका व्यवसायिक संगठित एवं स्वायत्त निकायले आर्थिक कारोबारको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी आधारमा राख्नुपर्ने प्रावधान रहेको छ । विशेष कानून तथा विकास समिति ऐन अर्न्तगत गठन भएका नेपाल पर्यटन बोर्ड, नगर विकास समिति, नेपाल प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय सहकारी विकास बोर्ड, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, अस्पताल विकास समिति लगायतका स्वायत्त संस्थाले राख्नुपर्ने लेखा नेपाल सरकारको लेखा प्रणाली वा प्रचलित कानून अनुसार वा तोकिएबमोजिम राख्नुपर्ने गरी विविध व्यवस्था गरिएको देखिन्छ । स्वायत्त संस्थाको लेखामान र लेखाको ढाँचामा एकरुपता कायम नभई फरक फरक रहेकोले आर्थिक विवरणले यथार्थ अवस्था नदेखाएको भनी लेखापरीक्षण प्रतिवेदन जारी हुने गरेको छ । लेखामान तथा वित्तीय विवरणको प्रस्तुतिमा विविधता हुनाले संस्थाले पालना गर्नुपर्ने लेखामान, राख्नुपर्ने लेखा र तयार गर्नुपर्ने वित्तीय विवरणको ढाँचामा एकरुपता हुने व्यवस्था कार्यान्वयन गरिनुपर्दछ ।

३१. **स्वायत्त संस्थाको लेखापरीक्षण –** शेयर वा जायजेथामा नेपाल सरकारको पूर्ण स्वामित्व वा नियन्त्रण भएका सबै संगठित वा स्वायत्त संस्था एवं शेयर वा जायजेथामा त्यस्ता संस्था र नेपाल सरकारको स्वामित्व भएका

संस्थाको लेखापरीक्षण नेपालको अन्तरिम संविधान एवं लेखापरीक्षण ऐन बमोजिम महालेखापरीक्षकबाट गराउनु पर्दछ । विशेष कानूनबमोजिम नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहने गरी स्थापना भएका संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था गर्नु पर्नेमा फरक फरक व्यवस्था रहेको पाइयो । उदाहरणको लागि खानेपानी व्यवस्थापन बोर्डको समितिले नियुक्त इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट, नेपाल विज्ञान तथा प्रविधि परिषद्को सभाबाट नियुक्त लेखापरीक्षकबाट हुने व्यवस्था संविधान र लेखापरीक्षण ऐन अनुकूल छैन ।

सुदूरपश्चिमाञ्चल ग्रामीण विकास बैङ्कमा नेपाल सरकारको र सार्वजनिक संस्थानको अधिकांश शेयर हुदाँहुदै पनि लेखापरीक्षकको नियुक्तिको लागि यो कार्यालयको परामर्श नलिई यो वर्षसम्मको लेखापरीक्षण सम्पन्न गराएको छ । संविधान र लेखा परीक्षण ऐन अनुसार लेखापरीक्षक नियुक्त गर्न परामर्श लिनुपर्ने सार्वजनिक निकायले परामर्श नलिने र परामर्श लिइएकोमा पनि समयमा लेखापरीक्षण कार्य सम्पन्न नगर्ने अवस्थामा सुधार गर्नुपर्दछ ।

३२. **आयोजना लेखापरीक्षण प्रतिवेदन –** यस कार्यालयले वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरुको लेखापरीक्षण गरी प्रतिवेदन उपलब्ध गराउदै आएको छ । महालेखापरीक्षकद्वारा सबै लेखाउत्तरदायि अधिकृतहरुलाई वार्षिक कार्यतालिका उपलब्ध गराई आयोजनाको लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमा उपलब्ध गराउन स्थलगत तथा केन्द्रमा लेखा झिकाई लेखापरीक्षण गराउने व्यवस्था समेत मिलाइएको छ । आयोजना अन्तर्गतको इकाइहरुको समयमा लेखापरीक्षण गराउने, लेखापरीक्षण गराउँदा नै आयोजना हिसाब र वित्तीय विवरण प्रमाणित गराई पेश हुनुपर्नेमा सो हुने नगरेकोले आयोजना लेखापरीक्षण प्रतिवेदन समयमै उपलब्ध गराउन असर परेको छ । सम्बन्धित निकाय तथा आयोजनाले यसतर्फ चासो राखि सुधार गर्नुपर्ने देखिएको छ ।

३३. **बेरुजू लगत, फछ्यौंट र सम्परीक्षण** – लेखापरीक्षणबाट कायम भएका बेरुजूको लगत राख्ने एवं फछ्यौंट र सम्परीक्षण सम्बन्धमा देखिएका समस्या समाधानका लागि अवलम्बन गर्नुपर्ने सुधारहरु निम्नानुसार छन्:

३३.१ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू सम्बन्धमा कानूनले ३५ दिनको म्यादभित्र नियमित गरी, असुल गरी वा प्रमाण कागजात पेश गरी बेरुजू टुङ्ग्याउने व्यवस्था गरेको छ । बेरुजू सम्परीक्षण गराउने जिम्मेवार व्यक्ति वा पदाधिकारीले प्रचलित ऐन नियमले तोकेको म्याद र प्रक्रियाअनुसार कारबाही टुङ्ग्याउने नगरेको कारण बेरुजू फछ्यौंट गर्नुपर्ने लगत बाँकीको जिम्मेवारी पछिल्ला वर्षमा कायम गर्नुपर्ने स्थिति रहेको छ । बेरुजू फछ्यौंटमा प्रगति हासिल गर्न सम्बन्धित जिम्मेवार व्यक्तिबाट आफ्नो दायित्व तोकेको समयभित्र निर्वाह हुनु आवश्यक देखिएको छ ।

३३.२ स्थलगत लेखापरीक्षण तथा सम्परीक्षण गर्ने बार्षिक कार्यातालिका तोकी कार्यालयबाट सम्वन्धित निकायलाई जानकारी दिने गरे तापनि आर्थिक कारोबारमा संलग्न जिम्मेवार व्यक्तिहरुले स्थलगत लेखापरीक्षणको समयमा विगतको बेरुजू फछ्यौंट गरी सम्परीक्षणको लागि पेश गर्ने काम प्रभावकारी रुपमा हुनसकेको छैन । स्थलगत रुपमा बेरुजू सम्परीक्षणको लागि अनुरोध नगर्ने परिपाटीबाट सम्बन्धित कार्यालयमा अतिरिक्त व्ययभार पर्ने गरेको छ । प्रमाण कागजात पेश गर्न नसकेको बेरुजूको हकमा मुनासिव माफिकको कारण नभई प्रमाण वा फछ्यौंटको विवरण सम्परीक्षणको लागि लेखापरीक्षक समक्ष पेश नगर्ने पदाधिकारी उपर कारबाही हुनुपर्दछ । स्थलगत रुपमा बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउन पहल हुन आवश्यक छ ।

३३.३ आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २० मा महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएका बेरुजु रकमको लगत केन्द्रीय स्तरमा र कार्यालयस्तरमा राख्नुपर्ने व्यवस्था छ । सबै सरकारी कार्यालयले कार्यालयमा र केन्द्रीयस्तरमा तोकिएका ढांचामा अद्यावधिक अभिलेख नराखी महालेखा परीक्षकको कार्यालयले आफ्नो आन्तरिक प्रयोजनका लागि राखेको लगतलाई आधार मानी बेरुजू लगत कट्टा गर्ने गरेको देखिन्छ । लेखाउत्तरदायी अधिकृतहरुबाट मातहतका कार्यालयहरुले बेरुजूको अद्यावधिक लगत राखी, फछ्यौंट र सम्परीक्षण गराए नगराएको अनुगमन गर्नुपर्ने कानूनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

३३.४ नेपाल सरकारको निर्णयअनुसार एउटा मन्त्रालयले सम्पादन गरि आएका काम अर्को मन्त्रालयमा गाभ्ने वा सर्ने वा खारेज गर्ने गरेकोमा बेरुजूको लगत बरबुझारथ तथा हस्तान्तरण समेत गरी अध्यावधिक गर्ने काम हुन सकेको छैन । मन्त्रालय/कार्यालय विभाजन वा गाभिए वा खारेज भएपछि आफूसँग सम्बन्धित नभएको बेरुजू सम्बन्धित कार्यालयमा हस्तान्तरणको लागि अनुरोध हुने गरेको छ । साबिकको मन्त्रालय/कार्यालयको फछ्यौंट हुन बाकी बेरुजूको लगत हालको मन्त्रालयबाट अद्यावधिक गरी पेश नगरेकोले कार्यालयमा रहेको मन्त्रालयगत बेरुजू लगत कट्टा वा समायोजन गर्न सकिएको छैन । मन्त्रालय र मातहतको कार्यक्षेत्र हेरफेर भएकाले बेरुजूको लगत बरबुझारथ गर्ने तथा अध्यावधिक गर्नुपर्ने कानूनी व्यवस्थालाई गम्भीरतापूर्वक लिई कार्यान्वयन गरिनुपर्दछ ।

३३.५ सरकारी रकम खर्च गर्ने जिम्मेवार निकायले लेखापरीक्षणबाट औल्याइएका बेरुजू समयभित्रै कारबाही गरी असुल फछ्यौंट नगरी समय व्यतित भई वर्षौंपछि मात्र फछ्यौंटको प्रयास गर्नाले बेरुजू फछ्यौंट गर्ने गराउने कार्य प्रभावकारी हुन सकेको छैन । यसले गर्दा फछ्यौंट गर्नुपर्ने बेरुजू अंक वृद्धि हुने मात्र नभई आर्थिक कारोबार गर्ने जिम्मेवार व्यक्तिको पहिचान गरी कारबाही गर्न कठिनाइ उत्पन्न भई आर्थिक अनुशासनमा समेत ह्रास आएको छ । समयमै बेरुजू फछ्यौंटको कारबाही गर्ने गराउने कार्यमा सक्रियता देखाउनु जरुरी छ ।

३३.६ लेखापरीक्षणबाट कायम भएको बेरुजू समयमा राफसाफ हुन नसक्नुका कारणहरुमा आर्थिक कारोबारमा संलग्न हुने व्यक्ति गम्भीर नहुनु, अनियमित गर्ने जिम्मेवार व्यक्तिउपर कारबाही नगरी नियमित गर्ने परिपाटी हुनु आदि प्रमुख रहेका छन् । बेरुजू अङ्क नियमित गरी बेरुजू फछ्यौंट गरेकोमा पछि सोही प्रकृतिको कारोबार सञ्चालन गर्दा सुधार आएको पाइदैन । आर्थिक कारोबार गर्दा नियम पालना नभएको जानकारी कार्यालय प्रमुखलाई तत्काल थाहा हुने हुँदा लेखापरीक्षण पूर्व नै नियमित वा समर्थन गराई लेखापरीक्षणमा पेश गर्नुपर्नेमा सबै निकाय यस प्रति सक्रिय छैनन् । लेखापरीक्षणले औँल्याएपछि लगती व्यहोरा मात्र नियमित गरी फछ्यौंट गर्ने गरेको देखिन्छ । यसले गर्दा आर्थिक कार्यविधि नियमावलीको नियम ३८ निष्क्रिय बनेको छ । लेखाउत्तरदायी अधिकृतबाट बेरुजू नियमित गरी फछ्यौंट गर्दा वित्तीय कारोबारमा सुधार गर्ने प्रतिबद्धता समेत जनाउनुपर्दछ । नियमित गर्नेतर्फमात्र जोड नदिई अनियमित कारोबार गर्ने जिम्मेवार व्यक्तिउपर ऐन नियमले तोके अनुसारको कारबाही समेत गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

३३.७ स्वायत्त संस्थाहरुको समयमा लेखापरीक्षण नहुने तथा लेखापरीक्षकबाट उठाइएका बेरुजूउपर सञ्चालक समितिबाट प्रभावकारी कारबाही नहुने प्रवृत्तिले गर्दा संस्थान तथा संस्थाहरुको अनियमितताको स्थिति नियन्त्रण हुन सकेको देखिदैन । समयमै लेखापरीक्षण गराउने र देखिएका बेरुजू फछ्यौंट गराउने व्यवस्था कडाईका साथ लागू गरी आर्थिक अनुशासन कायम गर्न जोड दिनुपर्दछ । प्रत्येक संस्थाका सञ्चालक समितिले लेखापरीक्षणले औँल्याएको व्यहोरा कार्यान्वयनको अनुगमन गरी त्यसको प्रगति तालुक मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनुपर्दछ ।

३३.८ पुराना बेरुजू फछ्यौंट गर्न गराउन बेरुजू फछ्यौंट समिति गठन गरी फछ्यौंट गर्ने व्यवस्था अनुसरण गरिएको छ । यसप्रकारको फछ्यौंट व्यवस्था निश्चित समयको लागि मात्र उपयुक्त भए तापनि सोही प्रक्रियाबाट फछ्यौंट गर्न गराउन कार्यालयहरु अग्रसर हुनसक्ने हुँदा यथासमयमा फछ्यौंट गर्ने गराउने नीतिलाई बढावा दिनु जरुरी छ ।

कार्यालय गतिविधि

१. **महाधिवेशन –** नेपाल अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संगठन (इन्टोसाई) को सन् १९६८ र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठन (एसोसाई) को सन् १९७८ देखि सदस्य रहदैआएको छ । प्रत्येक ३ वर्षमा हुने सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) को बीसौँ अन्तर्राष्ट्रिय महाधिवेशन २२ देखि २७ नोभेम्बर २०१० सम्म दक्षिण अफ्रिकाको जोहानेसवर्गमा भएको थियो । उक्त महाधिवेशनमा नेपालको तर्फबाट कार्यवाहक महालेखापरीक्षकको नेतृत्वमा २ नायब महालेखापरीक्षक सहभागी हुनुभएको थियो । सर्वोच्च लेखापरीक्षण संस्थाहरुलाई वातावरणीय र दिगोपना मामिलाहरुसम्बन्धी कानूनी व्यवस्था तथा अन्तर्राष्ट्रिय सहमति वा सम्झौताको कार्यान्वयनबारेमा लेखापरीक्षण गर्न प्रोत्साहित गर्नुका साथै महाअधिवेशनले अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाको लेखापरीक्षणमान पारित गरेको छ । यी मानहरु व्यावसायिक लेखापरीक्षण मानसँग मेलखाने गरी तयार भएको छ । महाधिवेशनले सबै सर्वोच्च लेखापरीक्षण संस्थालाई यी मानको प्रयोग गरी लेखापरीक्षण गर्ने व्यवस्थाको लागि प्रोत्साहित गरेको छ । यो महाधिवेशनमा प्रमुखरुपमा जोहानेसवर्ग सहमति र इन्टोसाई रणनीतिक योजना (२०११–२०१६) पारित भएको छ ।

२. **सहभागिता –** मित्रराष्ट्र भारतका नियन्त्रक तथा महालेखापरीक्षक कार्यालय स्थापना भएको १५० औँ वर्ष पुगेको अवसरमा नोभेम्बर १५ देखि १६, २०१० सम्म आयोजना भएको लेखापरीक्षणका चुनौतीहरु विषयक अन्तर्राष्ट्रिय सेमिनारमा कार्यवाहक महालेखापरीक्षकका साथै बंगलादेश, भुटान र डेनमार्कलगायतका सर्वोच्च लेखापरीक्षण संस्थाको उच्चस्तरीय प्रतिनिधि मण्डलको सहभागिता रहेको थियो ।

३. **सहयोग सम्झौता –** यस कार्यालयले तर्जुमा गरेको रणनीतिक योजना (२०१०–१२) को कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध गराउन नेपालको महालेखापरीक्षकको कार्यालय र नर्वेको महालेखापरीक्षक कार्यालयबीच दक्षिण अफ्रिकाको जोहानेसवर्गमा नोभेम्बर २३, २०१० मा सम्झौता गरिएको छ । सो सम्झौतामा नर्वेले कार्यमूलक लेखापरीक्षणको सुधारको सम्बन्धमा अध्ययन र वित्तीय लेखापरीक्षण म्यानुअल निर्माणको लागि सल्लाह सेवा उपलब्ध गराएको छ । उक्त म्यानुअलको मस्यौदा तयार भएपछि अन्य देशको अनुभवसमेत समेटी अन्तिम रुप दिने सहमति भएको छ ।

४. **समझदारी** – सर्वोच्च लेखापरीक्षण संस्थाको दक्षिण एसियाली संगठन र इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ्स (आई.डी.आई.) को संयुक्त आयोजनामा भियतनाममा २०६७।४।१९ देखि २५ सम्म कार्यमूलक लेखापरीक्षण गुणस्तर आश्वस्ततासम्बन्धी बैठकमा कार्यवाहक महालेखापरीक्षकको नेतृत्वमा एक नायब महालेखापरीक्षकको सहभागिता रहेको थियो । सो बैठकमा विभिन्न मुलुकका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरुले अ–आफ्नो संस्थामा कार्यमूलक लेखापरीक्षणमा गुणस्तर आश्वस्तता प्रणालीलाई कार्यान्वयनमा ल्याउन तयारी गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

५. **तालिम –** इन्टोसाई, एसोसाई लगायत भारत, मलेसिया, इन्डोनेसियाका सर्वोच्च लेखापरीक्षण संस्थाहरुबाट यो वर्ष आयोजित सेमिनार, तालिम, कार्यशाला गोष्ठीमा नायव महालेखापरीक्षक १, निर्देशक ५, लेखापरीक्षण अधिकारी ६ समेत १२ को सहभागिता रहेको थियो । त्यस्तै नेपालस्थित युनेस्कोको सचिवालय र कृषि तथा सहकारी मन्त्रालयको सहयोगमा आयोजना गरिएको एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमबाट २६ देखि ३१ मे, २०१० सम्म थाइलैण्डमा आयोजित अन्तर्राष्ट्रिय प्रशिक्षक तथा प्रशिक्षण कार्यक्रममा एक निर्देशक, भारतको महालेखापरीक्षक तथा नियन्त्रक कार्यालयले विभिन्न विषयमा सञ्चालन गरेको तालिममा एक नायव महालेखापरीक्षक, २ निर्देशक र ९ लेखापरीक्षण अधिकारीको सहभागिता रहेको थियो ।

६. **प्रशिक्षण काज –** सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको अन्तर्राष्ट्रिय विकास प्रयास एसोसाई–आई.डी.आई.को आयोजनामा भुटानमा सञ्चालित कार्यमूलक लेखापरीक्षण गुणस्तर आश्वस्तता

पाठ्यक्रम निर्धारण बैठक र मलेशियामा सञ्चालित तालिममा कार्यालयका एक निर्देशक र एक लेखापरीक्षण अधिकारीले अन्तर्राष्ट्रिय प्रशिक्षकको रुपमा भाग लिनुभएको थियो ।

७. **कार्यमूलक लेखापरीक्षण** – सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनअन्तर्गतको आई.डी.आई. ले अन्तर महादेशीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले वनक्षेत्रको वातावरणीय कार्यमूलक लेखापरीक्षण गर्न एसियाका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षेत्रीय संगठन (एसोसाई), अफ्रिकाको सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षेत्रीय संगठन (अफ्रोसाई) र क्यारेबियाका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षेत्रीय संगठन (क्यारोसाई) का सदस्यहरुमध्येबाट लेखापरीक्षणको लागि छानिएका १५ सर्वोच्च लेखापरीक्षण संस्थामा नेपालको महालेखापरीक्षकको कार्यालय पनि परेको छ ।

छनौट भएका १५ देशका लेखापरीक्षण टोली सम्मिलित लेखापरीक्षण योजना तयारी बैठक २०१० अक्टोवर ११ देखि २२ सम्म इण्डोनेशियामा सम्पन्न भएको थियो । उक्त बैठकमा लेखापरीक्षणबाट देखिएका व्यहोराहरुमा सम्बन्धित विषयको विज्ञ र सहभागीहरुसँग प्रत्यक्ष छलफल गरी आई.डी.आई.ले संयुक्त प्रतिवदेन प्रकाशन गर्ने कार्यक्रम रहेको छ । यो लेखापरीक्षणबाट वन तथा वातावरण क्षेत्रमा रहेका समस्याहरुको पहिचान गरी सुधारको लागि व्यवहारिक सुझाव दिने अपेक्षा गरिएको छ ।

८. **सार्वजनिक लेखा समितिसँग छलफल** – महालेखापरीक्षकले २०६७ सम्म पेश गरेको वार्षिक प्रतिवेदनहरुउपर छलफल गर्न सार्वजनिक लेखा समितिमा भएका बैठकहरुमा यस कार्यालयको सहभागिता रहँदै आएको छ ।

९. **बेरुजू फछ्यौंट समिति** – महालेखापरीक्षकले वार्षिक प्रतिवेदन, २०६१ सम्म पेश गरेको बेरुजू फछ्यौंटका लागि बेरुजू फछ्यौंट समितिको बैठकमा एक नायव महालेखापरीक्षकको सहभागिता रहेको छ ।

१०. **लेखाउत्तरदायी अधिकृतसँग अन्तरक्रिया** – कार्यालय र नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतबीच लेखापरीक्षणका समस्या, सुधार गर्नुपर्ने क्षेत्र, बेरुजू फछ्यौंट तथा सम्परीक्षणका विषयमा छलफल भएको थियो । कार्यक्रममा स्थलगत लेखापरीक्षणमा सम्परीक्षणको अधिकार, बेरुजूको लगत भिडान, लेखा ढाँचा, लेखापरीक्षण गर्ने तौर तरिकामा सुधार, सशर्त अनुदानको कार्यविधि, योजनाहरु सम्पन्न भएपछि लेखा स्रेस्ता जिम्मा लिने निकाय, लेखा प्रणालीमा सुधार, आर्थिक वर्षको अन्त्यमा रकम निकासा दिने र खर्च गर्ने प्रवृत्ति सम्बन्धमा छलफल भएको थियो । कार्यक्रममा बेरुजू फछ्यौंट समितिका अध्यक्ष, लेखा समितिका सदस्य, मुख्य सचिव, नेपाल सरकारका सचिवहरु, लेखाउत्तरदायी अधिकृत समेत ८० पदाधिकारी एवं कर्मचारीको उपस्थिति रहेको थियो ।

११. **जिल्लास्तरीय अन्तरक्रिया** – यस वर्ष सरोकारवालासँगको छलफल तथा अन्तरक्रियालाई विशेष जोड दिई ५६ जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुख तथा लेखा प्रमुखको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम संञ्चालन गरिएको थियो । कार्यक्रम सञ्चालन गर्न तथा स्थलगत लेखापरीक्षण डोरको सुपरिवेक्षण गर्न प्रत्येक अञ्चलको लागि नायब महालेखापरीक्षकको नेतृत्वमा टोली खटाई कार्यसम्पन्न गरिएको थियो । यी अन्तरक्रिया कार्यक्रममा कार्यालय प्रमुख, लेखा प्रमुख लगायत ३ हजार १७० भन्दा बढी कर्मचारीको उपस्थिति थियो । कार्यक्रममा लेखापरीक्षण सेवाको सरल पहुँच, बेरुजू घटाउन र सम्परीक्षणमा सहजता ल्याउन भए गरेका प्रयास, कार्यालय/निकायसँग प्रवेश बैठक र लेखापरीक्षण सम्पन्न भएपछि लेखापरीक्षण प्रतिवेदनको मस्यौदाउपर निकास बैठकमा छलफल गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्ने सम्बन्धमा जानकारी एवं छलफल भएको थियो ।

कार्यक्रममा सहभागीबाट लेखापरीक्षण डोर कार्यक्रमको अवधि र सम्परीक्षण, बेरुजूको एकरुपता, असुल गर्नुपर्ने बेरुजूको स्पष्टता, प्रतिवेदनमा कमजोरीमात्र उल्लेख गर्ने प्रवृत्ति, सुझाव न्यून दिइने, बेरुजू प्रतिक्रियाको जवाफ र उपभोक्ता समितिको लेखापरीक्षण, लेखापरीक्षकलाई उपलब्ध गराइएको न्यून सुविधा जस्ता विषयमा छलफल भएको थियो ।

१२. **सार्वजनिक संस्थानका प्रमुखसँग अन्तरक्रिया** – सार्वजनिक संस्थाको लेखापरीक्षण सम्बन्धमा कार्यालय र सार्वजनिक संस्थानहरुका कार्यकारी अधिकृत तथा लेखा प्रमुख र ती संस्थाको लेखापरीक्षण गर्न नियुक्त

लेखापरीक्षकहरुबीच २०६७।७।१६ गते लेखा तथा लेखापरीक्षणका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो । सो कार्यक्रममा ८० जना सहभागी थिए । छलफलमा संस्थाहरुले लेखा तयार गरी निर्धारित समयमा लेखापरीक्षण सम्पन्न गर्न गराउन सामना गर्नु परेको समस्या, समयमा लेखा तथा लेखापरीक्षण गर्न नसक्दा पर्ने असर र सम्पन्न गर्न सम्बद्ध पक्षहरुबाट गर्नुपर्ने प्रयासबारेमा छलफल भएको थियो ।

१३. **कार्यशालामा सहभागिता –** अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, नेपालले नोभेम्बर १५ देखि डिसेम्बर ११, २०१० सम्म नेपालगञ्ज, धनगढी, विराटनगर, हेटौंडा र पोखरामा शिक्षा, स्वास्थ्य र कृषि कार्यालयमा कार्यरत नेपाल सरकारको लेखा प्रमुखहरुका लागि आयोजित कार्यशालामा यस कार्यालयका ४ निर्देशक तथा ३ लेखापरीक्षण अधिकारीहरुको सहभागिता रहेको थियो

१४. **नेपाल चार्टर्ड एकाउण्टेन्टस संस्था –** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखा व्यवसायीको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम एवं गोष्ठी सञ्चालन गर्दैआएको छ । चार्टर्ड एकाउन्टेन्ट्स संस्था ऐन, २०५३ मा महालेखापरीक्षकको सिफारिसमा ३ जना पार्षद् नेपाल सरकारले मनोनयन गर्ने व्यवस्था छ । उक्त ऐनको व्यवस्थाअनुसार यस कार्यालयका एक नायव महालेखापरीक्षक संस्थाको पार्षद्मा मनोनयन हुनुभएको छ । संस्थाको अनुशासन समिति, लेखामान बोर्ड, लेखापरीक्षण बोर्डमा १।१ नायब महालेखापरीक्षकलाई कार्यालयको प्रतिनिधित्व गराइएको छ । सो संस्थाले यस कार्यालयको कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रममा सहयोग दिदै आएको छ सो संस्थालाई अझ बढी प्रभावकारी बनाउन लेखापरीक्षणको क्षेत्रमा समकक्षी पुनरावलोकनको व्यवस्था सम्बन्धमा आपसी छलफल गरिएको छ ।

१५. **रायसहितको प्रतिवेदन –** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु उपर रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर रायसमेत दिने गरी आएको भए तापनि अन्यमा रायसहितको प्रतिवेदन दिने गरिएको थिएन । सञ्चितकोषको आर्थिक विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन जारी गर्ने कार्यको विगत वर्षदेखि सुरुवात गरिएको छ । यसलाई आवश्यक अध्ययनगरी भविष्यमा विस्तार गरिनेछ । गत वर्ष अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयको लेखापरीक्षण अन्तिम प्रतिवेदन र सञ्चितकोषको लेखापरीक्षण रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएको थियो । यो वर्ष केन्द्रीयस्तरका निकाय, मन्त्रालय ५४ को लेखापरीक्षण अन्तिम प्रतिवेदन जारी गरिएको छ । यो वर्षदेखि लेखापरीक्षकको अन्तिम प्रतिवेदन दिने थालनीस्वरुप ७ जिल्ला विकास समितिको प्रारम्भिक प्रतिवेदनमा प्राप्त प्रतिक्रियासमेतको कारबाही गरी लेखापरीक्षण अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

१६. **मार्गदर्शन** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जिल्ला विकास समिति कोषमा नेपाल सरकारको अनुदान, निक्षेपण कार्यक्रम अन्तर्गत क्षेत्रगत मन्त्रालयका जिल्लास्तरीय कार्यक्रमको रकम र आन्तरिक स्रोतबाट उठाएको रकम समेत जम्मा हुने व्यवस्था गरेको छ । यो कारोबारको लेखापरीक्षण गर्न यो वर्ष एसियाली विकास बैङ्कको प्राविधिक सहयोगमा जिल्ला विकास समितिको लेखापरीक्षण मार्गदर्शन बनाई २०६७ माघ १ गतेदेखि लागू गरिएको छ । सो मार्गदर्शनलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न आवश्यक परीक्षणसूची तथा फारामहरु तयार गर्न र लेखापरीक्षकको मन्तव्य व्यक्त गर्ने ढाँचा लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा समावेश गर्ने विषयहरु छनौट गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न विशेषज्ञको सेवा लिइएको छ ।

१७. **गुणस्तर आश्वस्तता पुनरावलोकन** : लेखापरीक्षणमा गुणस्तर नियन्त्रण गर्न कार्यालयले गुणस्तर आश्वस्तता निर्देशिका कार्यान्वयनमा ल्याएको छ । यो वर्ष गत वर्ष लेखापरीक्षण सम्पन्न गरिएका ३२ फाइलहरु छनौट गरी भावी दिनमा गर्नुपर्ने सुधार पहिल्याउन गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको थियो । पुनरावलोकनबाट लेखापरीक्षण योजनामा सम्भावित जोखिम मूल्याङ्कन गर्ने, न्यूनतम स्वीकारयोग्य सारभूतताको स्तर तोक्ने, प्रमाण सङ्कलन एवं प्रमाणीकरण, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, नमूना छनौटका आधार,

लेखापरीक्षण सम्पन्न गरेपछि सम्बन्धित निकायसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराउनुपर्ने तथा प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियामा हुने कारबाहीमा सुधार गर्नुपर्ने देखिएको छ ।

यो पुनरावलोकनले लेखापरीक्षणमा संलग्न कर्मचारीको दक्षता अभिवृद्धि गर्नुपर्ने स्पष्ट इङ्गित गरेको छ । भावी दिनमा स्वीकृत रणनीतिक योजनाअनुरुप कर्मचारीको दक्षता अभिवृद्धि गरी आचारसंहिता अनुकूलको व्यवहारमा प्रतिबद्ध भई लेखापरीक्षणको गुणस्तर सुधार गर्दै लैजान कार्यालय दृढ रहेको छ ।

१८. **लेखा फाराम स्वीकृति** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) मा कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्थाबमोजिम राजस्व शीर्षक नं. १–१–३–२३ को सामाजिक सुरक्षावापत १ प्रतिशत कर दाखिला गर्ने प्रयोजनको लागि राजस्व शीर्षक स्वीकति गरिएको छ ।

१९. **प्रशासन पुनः संरचना** – संघीयतामा महालेखापरीक्षकको संरचना सम्बन्धमा प्रशासन पुनः संरचना आयोगले अध्ययन गरी सुझाउ पठाउन अनुरोध गरेको थियो । संविधानसभाले बनाउन लागेको नयाँ संविधानमा व्यवस्था हुने प्रदेशअनुसार महालेखापरीक्षकको कार्यालयको प्रादेशिक कार्यालय रहनु उपयुक्त हुने सुझाउ दिइएको छ ।

२०. **संयुक्त राष्ट्रसंघीय कार्यक्रमको लेखापरीक्षण** – नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास समूहबीच भएको कन्ट्री प्रोग्राम एक्सन प्लान २००८–२०१० बमोजिम यो वर्ष बजेटमा समावेश भई संयुक्त राष्ट्रसंघीय बाल विकास कोष (युनिसेफ) र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) को वित्तीय सहयोगमा सन् २००९ मा दातृपक्षको प्रत्यक्ष संलग्नतामा नेपाल सरकार, जिल्ला विकास समितिमार्फत सञ्चालित १४ आयोजना/कार्यक्रमको ७० इकाईको कार्यालयको नेतृत्वमा व्यावसायिक लेखापरीक्षकसमेतको सहभागितामा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

२१. **सूचना प्रविधि लेखापरीक्षण** – सरकारी लेखामा सूचना प्रविधिको प्रयोग बढ्दै गरेको सन्दर्भमा लेखापरीक्षकले यसको कार्यान्वयन, सुरक्षा प्रणाली लगायतको मूल्याङ्कन गर्न सूचना प्रविधिमा आधारित लेखापरीक्षणलाई गत वर्षदेखि कार्यान्वयनमा ल्याइएको छ । यो वर्ष ४ आयोजना/कार्यक्रमले प्रयोगमा ल्याएको विद्युतीय प्रणालीको लेखापरीक्षण सफ्टवेयर प्रयोग गरी सम्पन्न गरिएको छ । सूचना प्रविधि लेखापरीक्षणलाई आगामी वर्षहरुमा निरन्तरता दिइनेछ ।

२२. **सार्वजनिक ऋण व्यवस्थापन** – नेपाल सरकारले लिएको आन्तरिक र बाह्य ऋणको उद्देश्यमूलक व्यवस्थापनका लागि सूचकहरु निर्धारण गरी प्राप्ति, उपयोग, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने कार्य गरिनुपर्दछ । यस सम्बन्धमा विश्व बैङ्कले तयार गरेको ऋण व्यवस्थापन सूचकका आधारमा गत वर्ष नेपाल सरकारको ऋण व्यवस्थापन सम्बन्धमा लेखापरीक्षण सम्पन्न गरी सुधारका लागि सुझाउसहितको प्रतिवेदन दिइएको छ ।

२३. **सामयिक लेखापरीक्षण** – साबिकका वर्षहरुमा आर्थिक वर्ष समाप्त भए पश्चातमात्र वित्तीय विवरण लिई लेखापरीक्षण कार्य गर्ने गरिएकोमा यस वर्षदेखि चालू आर्थिक वर्षको कारोबारको परीक्षण सोही वर्ष थालनी गर्ने नीति लिइएको छ । तदनुसार अर्थ मन्त्रालयअन्तर्गत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको राजस्वतर्फको २०६७ श्रावणदेखिको कारोबारको लेखापरीक्षण सुरुवात गरी सामयिक लेखापरीक्षण गर्ने अभ्यासको थालनी गरिएको छ । कार्यालयमा उपलब्ध जनशक्ति, साधन स्रोत र समयलाई ध्यानमा राखी सामयिक लेखापरीक्षणलाई सम्बद्ध सबैको सहयोगमा विस्तार गर्दै जाने नीति लिइएको छ ।

२४. **विद्युतीय हाजिरी** – महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुको उपस्थिति र सोको अभिलेख व्यवस्थापन गर्न २०६७ फागुनदेखि परीक्षणको रुपमा विद्युतीय प्रणाली लागू गरिएकोमा २०६८ वैशाखदेखि यो प्रणाली पूर्णरुपले लागू गरिनेछ ।

२५. **सेवा बडापत्र –** सुशासन ऐन, २०६४ अनुसार यो कार्यालयबाट सरोकारवाला निकायलाई प्रदान गरिने सेवाको विषयमा बडापत्र बनाई लागू गरिएको छ ।

२६. **आचारसंहिता** – लेखापरीक्षणको गुणस्तर र निष्पक्षताका लागि कर्मचारीको उच्च मनोबल र पेशागत आचरण कायम राख्नु जरुरी हुन्छ । यस कार्यालयको लेखापरीक्षणमा संलग्न कर्मचारीले पालना गर्नुपर्ने आचरण, २०५६ जारी गरिएको छ । आचारसंहितालाई प्रचलित कानून एवं सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) एवं नेपालका लेखा व्यवसायीको लागि जारी गरेको आचारसंहिताका आधारमा परिमार्जन एवं अद्यावधिक गरी शीघ्र कार्यान्वयन गरिनेछ ।

२७. **प्रोत्साहन प्रणाली –** नेपाल सरकारको मिति २०६७।३।१४ को निर्णयले यस कार्यालयका कर्मचारीहरुलाई २०६६ श्रावणदेखि २०६८ आषाढ मसान्तसम्मको लागि वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गरेको आधारमा यस कार्यालयका सबै कर्मचारीलाई प्रतिशत प्रोत्साहत भत्ता दिने निर्णय गरेको छ । सो निर्णयमा प्रोत्साहन भत्ताको सम्बन्धमा २०६८ आषाढ मसान्तभित्र पुनरावलोकन गरी कार्यसम्पादनका आधारमा प्रतिशतका हिसाबले लागू गर्ने उल्लेख भएअनुसार सन्दर्भमा कार्यालयले तयार पारेको मस्यौदा प्रतिवेदन स्वीकृतिको लागि अर्थ मन्त्रालयमा पठाइएको छ । आगामी २०६८ श्रावणदेखि लागू गर्ने लक्ष्यअनुरुप मन्त्रालयबाट यथाशीघ्र स्वीकृति प्राप्त हुने अपेक्षा गरिएको छ ।

२८. **पुरस्कार –** निजामती सेवा दिवस, २०६७ को अवसरमा यस कार्यालयका एक लेखापरीक्षण अधिक्षक (रा.प. अनं.प्रथम) "निजामती सेवा पुरस्कार" बाट पुरस्कृत हुनुभएको छ ।

२९. **नियुक्ति –** लोक सेवा आयोगको सिफारिस तथा नेपाल सरकारको स्वीकृतिमा ४ लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणीं) र १० लेखापरीक्षण अधिक्षक (रा.प.अनं प्रथम श्रेणी) र लेखापरीक्षण निरीक्षक (रा.प.अनं द्वितीय श्रेणी) पदमा २ लाई नियुक्ति प्रदान गरिएको छ ।

३०. **बढुवा –** कार्यरत कर्मचारीहरुमध्ये ३ नायब महालेखापरीक्षकलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षकमा बढुवा नियुक्ति गर्ने निर्णय भएको, रा.प.प्रथम श्रेणीको नायव महालेखापरीक्षक पदमा कार्यसम्पादन मूल्याङ्कनबाट ३, आन्तरिक प्रतियोगिताबाट १ र खुला प्रतियोगिताबाट १ समेत ५, रा.प.द्वितीय श्रेणीको निर्देशक पदमा कार्यसम्पादन मूल्याङ्कनबाट ४ र रा.प.अनं प्रथम श्रेणीको टाइपिष्ट ना.सु. पदमा १ बढुवा हुनु भएको छ । त्यसैगरी निजामती सेवा ऐनको दफा २४ घ१ अनुसार रा.प.द्वितीय श्रेणीको निर्देशक पदमा १९, रा.प.तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा ६ बढुवा हुनुभएको छ ।

३१. **रमाना –** विभिन्न पदमा कार्यरत कर्मचारीहरुमध्ये लोक सेवा आयोगको सिफारिसमा शाखा अधिकृत पदमा २ र लेखा अधिकृत पदमा १ गरी ३ र नायव सुब्बा पदमा ३ समेत ६ कर्मचारी नियुक्ति भएकोले कार्यालयबाट रमाना गरिएको छ ।

३२. **अवकाश –** कार्यरत कर्मचारीहरुमध्ये ५८ वर्ष उमेर पूरा भई रा.प.प्रथम श्रेणीका नायव महालेखापरीक्षक ३ र रा.प.द्वितीय श्रेणीका निर्देशक १ गरी ४ अनिवार्य अवकाश हुनुभएको छ । त्यसैगरी विशिष्ट श्रेणीका १, रा.प.अनं.प्रथम श्रेणीका लेखापरीक्षण अधक्षीक २, श्रेणीविहीन कार्यालय सहयोगी १ गरी ४ कर्मचारीहरुले घरायसी कारण देखाई आफ्नो पदबाट दिनुभएको राजिनामा स्वीकृत भएकोले सेवा निवृत्त हुनुभएको छ ।

३३. **वित्तीय स्रोत** – कार्यालयलाई २०६७।६८ मा रु.१७ करोड ५८ लाख ३७ हजार बजेट बिनियोजन भएकोमा २०६७ चैत्र मसान्तसम्म रु.१० करोड ३९ लाख ६८ हजार खर्च भएको छ । उक्त अवधिमा कार्यालयले ५ शीर्षकमा रु.३९ लाख ९ हजार राजस्व आम्दानी गरेको छ ।

३४. **जग्गा प्राप्ति –** कार्यालयको भवन निर्माणको लागि नेपाल सरकारले यो कार्यालयलाई जग्गा उपलब्ध गराउने निर्णय गरेको छ ।

३५. **लेखापरीक्षण लागत –** यो वर्षको प्रतिवेदन अवधिसम्म लेखापरीक्षणमा व्यहोरा औंल्याएको कारणबाट रु.२ अर्ब २९ करोड १५ लाख ४६ हजार असुल भई राजस्व खाता दाखिला भएको छ । यो रकममा स्थानीय

विकास मन्त्रालयबाट स्थानीय विकास शुल्कबापतको विगत वर्ष विभिन्न खातामा रहेको रु.१ अर्ब २ करोड राजस्व दाखिला समेत समावेश छ । चालू वष २०६७६८ को चैत्र मसान्तसम्म प्रत्यक्ष खर्च रु.१० करोड ३९ लाख ६८ हजार भएको छ ।

३६. **लेखापरीक्षक नियुक्ति –** यो वर्ष ३७ संस्थाको वक्यौतासमेत ६१ वर्षको लेखापरीक्षण गर्न लेखापरीक्षण ऐन, २०४८ को दफा ६ अनुसार इजाजतपत्र प्राप्त लेखापरीक्षकलाई सहायकको रुपमा नियुक्ति गरिएकामा ३२ संस्थाको २० वर्षको प्रारम्भिक लेखापरीक्षणको आधारमा र १६ को अन्तिम लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । २५ संस्थाले समयमा वित्तीय विवरण उपलब्ध नगराएको कारण लेखापरीक्षण सम्पन्न हुन सकेको छैन ।

३७. **परामर्श –** लेखापरीक्षण ऐन, २०४८ को दफा ७ (२) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएका २३ संगठित संस्थाले यस वर्षको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग गर्नुपर्नेमा ११ संस्थाले मात्र माग गरेकोले ती संस्थाहरुलाई लेखापरीक्षक नियुक्तिका लागि परामर्श उपलब्ध गराइएको छ । त्यस्तै ३ संस्थाले २०६२।६३ देखि, १ संस्थाले २०६३।६४ देखि, १ संस्थाले विगत वर्षदेखि, ३ संस्थाले गत वर्षदेखि र १ संस्थाले यस वर्षको लेखापरीक्षक नियुक्तिको लागि परामर्श माग गरेको छैन । ३ संस्थाले परामर्श माग गर्ने नै गरेको देखिएन ।

अन्तमा,

महालेखापरीक्षकलाई संविधानले सुम्पेको दायित्व निर्वाह गर्ने क्रममा व्यवस्थापिका संसद, सार्वजनिक लेखा समितिबाट प्राप्त सहयोग र व्यक्त चासोले हामीलाई हौसला मिलेको छ । त्यसैगरी संवैधानिक अङ्ग लगायत नेपाल सरकारका सबै निकाय, जिल्ला विकास समिति, संगठित संस्थाहरु सबैबाट लेखापरीक्षणको क्रममा सहयोग प्राप्त भएको छ । अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयले समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी केन्द्रीय लेखा पेश गरेकोले महालेखापरीक्षकले २०६७ चैत्रभित्र यो वार्षिक प्रतिवेदन तयारी सम्भव भएको हो ।

सार्वजनिक संस्थानहरुको लेखापरीक्षण गर्न सहयोगिका रुपमा नियुक्त लेखा व्यवसायी मित्रहरुको सहयोग पनि उल्लेख्य छ । यो कार्यालयको काम कारबाहीका सम्बन्धमा सञ्चार माध्यमहरुले प्रकाश पारी सहयोग पुऱ्याउनुभएको छ ।

महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण एवं कर्मचारीको क्षमता वृद्धिमा सर्बोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) र सर्बोच्च लेखापरीक्षण संस्थाको दक्षिण एसियाली संगठन (एसोसाई), मित्रराष्ट्रहरु भारत, नर्वे, मलेसिया, जापान, पाकिस्तान लगायतका देशका सर्बोच्च लेखापरीक्षण संस्था र नेपाल स्थित विश्व बैङ्क, एसियाली विकास बैङ्क, जाइका लगायतका अन्तर्राष्ट्रिय संस्थाको सहयोग प्रशंसनीय रहेको छ ।

नेपाल सरकारले महालेखापरीक्षकको कार्यालयको कर्मचारीको मनोवल उच्च पार्न २०६८ साल असार मसान्तसम्म उपलब्ध गराएको भत्ता सुविधा र सो अवधिपछि वैकल्पिक प्रस्ताव पेश गर्न निर्णय गरेको छ । यस कार्यालयबाट कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली उपलब्ध गराउन अर्थ मन्त्रालयमा प्रस्ताव पेश गरिएकोमा सोको निर्णय हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

महालेखापरीक्षक कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीको सामूहिक भावना र लगनको कारणबाट मात्र महालेखापरीक्षकको दायित्व निर्वाह गर्न सकिएको छ ।

यस कार्यालयको जिम्मेवारी निर्वाह र संस्थागत सुदृढीकरणमा सहयोग पुऱ्याउने माथि उल्लेखित सबै महानुभावहरु एवं संस्थामा हार्दिक आभार एवं धन्यबाद व्यक्त गर्दछु ।

२०६७ चैत्र ३० गते, बुधबार ।

– खेमप्रसाद दाहाल
कार्यवाहक महालेखापरीक्षक

अनुसूचीहरु

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण
(विनियोजन, राजस्व र धरौटी)

(रु. हजारमा)

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१	**राष्ट्रपतिको कार्यालय**	**१**	**१**	**११३४८**
१.१	राष्ट्रपतिको कार्यालय	१	१	११३४८
२	**उपराष्ट्रपतिको कार्यालय**	**१**	**१**	**०**
२.१	उपराष्ट्रपतिको कार्यालय	१	१	०
३	**संविधान सभा व्यवस्थापिका संसद**	**१**	**१**	**२५८४७०**
३.१	व्यवस्थापिका–संसद सचिवालय	१	१	२५८४७०
४	**सर्वोच्च अदालत**	**१०२**	**८२**	**५१५९४**
४.१	सर्वोच्च अदालत	१	१	७००१
४.२	पुनरावेदन अदालतहरु	१७	१६	२२८९
४.३	जिल्ला अदालतहरु	७५	६३	४१७७१
४.४	राजस्व न्यायधिकरणहरु	४	०	०
४.५	प्रशासकीय अदालत	१	१	२४
४.६	श्रम अदालत	१	०	०
४.७	विशेष अदालत	१	०	०
४.८	न्यायिक प्रशिक्षण प्रतिष्ठान	१	१	५०९
४.९	संविधान सभा अदालत	१	०	०
५	**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**	**१**	**०**	**०**
५.१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१	०	०
६	**महालेखा परीक्षकको कार्यालय**	**१**	**१**	**०**
६.१	महालेखा परीक्षकको कार्यालय	१	१	०
७	**लोक सेवा आयोग**	**१५**	**८**	**२०३८**
७.१	केन्द्रीय कार्यालय	१	१	१५०
७.२	क्षेत्रीय कार्यालयहरु	५	२	१४
७.३	अञ्चल कार्यालयहरु	९	५	१८७४
८	**निर्वाचन आयोग**	**७६**	**१६**	**५३३०**
८.१	निर्वाचन आयोग	१	१	३०८६
८.२	जिल्ला निर्वाचन कार्यालयहरु	७५	१५	२२४४
९	**महान्यायाधिवक्ताको कार्यालय**	**९२**	**३७**	**७३७४**
९.१	महान्यायाधिवक्ताको कार्यालय	१	१	७
९.२	पुनरावेदन सरकारी वकिल कार्यालयहरु	१६	५	६०२३
९.३	जिल्ला सरकारी वकिल कार्यालयहरु	७५	३१	१३४४
१०	**न्यायपरिषद्**	**१**	**०**	**०**
१०.१	न्यायपरिषद्	१	०	०
११	**राष्ट्रिय मानव अधिकार आयोग**	**५**	**५**	**२५२७**
११.१	राष्ट्रिय मानव अधिकार आयोग	५	५	२५२७
१२	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**३**	**३**	**१६३७५७**
१२.१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	१४६
१२.२	सार्वजनिक खरिद अनुगमन कार्यालय	१	१	०
१२.३	गरिबी निवारण कोष	१	१	१६३६११
१३.	**अर्थ मन्त्रालय**	**१४५**	**१००**	**१४१४९३१**

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१३.१	मन्त्रालय	१	१	२५४४७
१३.२	महालेखा नियन्त्रक कार्यालय	१	१	५७८००
१३.३	विभागहरु	४	४	१६८१६८
१३.४	ऋण असुली न्यायाधिकरणहरु	२	२	०
१३.५	राजस्व अनुसन्धान इकाईहरु	४	३	६६१६
१३.६	कौशी तोषाखाना कार्यालय	१	१	०
१३.७	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	१	१	०
१३.८	राजस्व प्रशासन तालिम केन्द्र	१	१	१
१३.९	कोष तथा लेखा नियन्त्रक कार्यालयहरु	७५	३२	२४३५
१३.१०	आन्तरिक राजस्व कार्यालयहरु	२३	२३	१०१०३८१
१३.११	भन्सार कार्यालयहरु	३२	३१	१४४०८३
१४	**उद्योग मन्त्रालय**	**९८**	**७८**	**२३८८१**
१४.१	मन्त्रालय	१	१	५५१
१४.२	विभागहरु	४	४	६४७२
१४.३	गुणस्तर तथा नापतौल कार्यालयहरु	९	५	१०२
१४.४	घरेलु तथा साना उद्योग कार्यालयहरु	२७	२२	४५१०
१४.५	पेट्रोलियम अन्वेषण परियोजना	१	१	०
१४.६	घरेलु तथा साना उद्योग विकास समिति(केन्द्र)	१	१	५९
१४.७	घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र	१	१	९३५
१४.८	भूकम्प मापन केन्द्र सुर्खेत	१	१	०
१४.९	घरेलु तथा साना उद्योग विकास समितिहरु	४८	३८	६००४
१४.१०	कम्पनी रजिष्ट्रारको कार्यालय	२	१	१२५३
१४.११	केन्द्रीय कारागार कारखाना	१	१	०
१४.१२	विशेष आर्थिक क्षेत्र आयोजना	१	१	३९९५
१४.१३	ट्याक्सी टेम्पो इकाई वालाजु	१	१	०
१५	**ऊर्जा मन्त्रालय**	**५**	**५**	**७९०५**
१५.१	मन्त्रालय	१	१	१६६
१५.२	विभाग	१	१	५८६२
१५.३	आयोग	१	१	१६२
१५.४	योजना/आयोजनाहरु	२	२	१७१५
१६.	**कानून तथा न्याय मन्त्रालय**	**३**	**२**	**२९**
१६.१	मन्त्रालय	१	१	१७
१६.२	न्याय सेवा तालिम केन्द्र	१	१	१२
१६.३	नेपाल कानून सुधार आयोग	१	०	०
१७.	**कृषि तथा सहकारी मन्त्रालय**	**३८०**	**२४१**	**१७३२२७**
१७.१	मन्त्रालय	१	१	१७९८२
१७.२	विभाग तथा विभागस्तरीय कार्यालयहरु	६	५	१२५७६
१७.३	कृषि तथा पशु सेवा निर्देशनालयहरु (क्षेत्रीय समेत)	२६	१९	२७३४
१७.४	सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरु	३९	१७	४२१
१७.५	खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु	१०	६	११२५
१७.६	क्षेत्रीय कृषि तथा पशु सेवा तालिम केन्द्रहरु	१०	७	१७६६
१७.७	जिल्ला कृषि तथा पशु सेवा कार्यालयहरु	१५०	१०५	६१८४६
१७.८	वागवानी केन्द्रहरु	१८	१२	२७८१
१७.९	मत्स्य विकास केन्द्रहरु	१२	७	९३०
१७.१०	रेशम खेती विकास कार्यालयहरु	१०	१	१३५०८
१७.११	सप्तकोशी वाढी पिडित पुनर्स्थापना कृषि तथा पशु.कार्यालय	१	१	१३५१२
१७.१२	एकिकृत जलस्रोत व्यवस्थापन आयोजना	१	१	३३
१७.१३	व्यवसायिक कृषि विकास आयोजना	१	१	१४४२

क.सं		मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
	१७.१४	कृषि विकास आयोजना जनकपुर	१	१	११७१
	१७.१५	वाली विविधिकरण आयोजना	१	०	०
	१७.१६	सामुदायिक पशु विकास आयोजना	१	१	२६७६८
	१७.१७	एभिएन इन्पलुएन्जा नियन्त्रण आयोजना	१	१	४२१२
	१७.१८	राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष	१	१	३३४७
	१७.१९	राष्ट्रिय तथा क्षेत्रीय प्रयोगशालाहरु	३३	२१	३०६५
	१७.२०	तरकारी विकास केन्द्रहरु	१०	६	१७६१
	१७.२१	क्षेत्रीय प्लाण्ट तथा पशु क्वारेण्टाईन कार्यालयहरु	२५	१०	९८२
	१७.२२	राष्ट्रिय तथा पशु प्रजनन केन्द्रहरु	३	१	१९०
	१७.२३	पशु विकास फार्महरु	११	९	५३९
	१७.२४	कृषि तथा पशु प्रवर्धन कार्यक्रमहरु	६	६	२३७
	१७.२५	व्यवसायिक कृषि तथा व्यापार प्रवर्द्धन आयोजना,काठमाण्डौ	१	१	२९९
	१७.२६	उच्च पहाडी कृषि विकास तथा जीविकोपार्जन सुधार आयोजना, ललितपुर	१	०	०
१८.		**गृह मन्त्रालय**	**७६३**	**४९८**	**७४१५४६**
	१८.१	मन्त्रालय	१	१	३८१५२
	१८.२	विभागहरु	१६	९	५९३६२१
	१८.३	क्षेत्रीय प्रशासन कार्यालयहरु	५	५	५६२
	१८.४	राष्ट्रिय अनुसन्धान क्षेत्रीय कार्यालयहरु	५	२	८४३
	१८.५	क्षेत्रिय प्रहरी कार्यालय ५ र अन्तर्गतका कार्यालयहरु ५५ समेत	६०	४६	२५१५
	१८.६	सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	६७	६५	०
	१८.७	नेपाल प्रहरी अस्पताल	१	१	०
	१८.८	प्रहरी प्रशिक्षण प्रतिष्ठान	१	१	३३३७
	१८.९	जिल्ला प्रशासन कार्यालयहरु	७५	६२	१८०३९
	१८.१०	कारागार कार्यालयहरु	७५	६७	५९२९
	१८.११	राष्ट्रिय अनुसन्धान कार्यालयहरु	७५	३३	३४१
	१८.१२	इलाका प्रशासन कार्यालयहरु	३०	९	२२८
	१८.१३	सीमा प्रशासन कार्यालयहरु	१०	५	७४३
	१८.१४	जुद्ध बारुणयन्त्र कार्यालयहरु	२	१	०
	१८.१५	अध्यागमन कार्यालयहरु	९	६	५३
	१८.१६	जिल्ला प्रहरी कार्यालयहरु	७२	६३	६०३२४
	१८.१७	इलाका, वडा र ट्राफिक प्रहरी कार्यालयहरु	२१६	८१	१७३९
	१८.१८	लागू औषध नियन्त्रण कार्यक्रम	१	१	१७८
	१८.१९	प्रहरी किताबखाना	१	१	०
	१८.२०	समरजंग कम्पनी	१	१	०
	१८.२१	महानगरीय प्रहरी आयुक्तको कार्यालय, परिसर, प्रभाग र बृत्त	३८	३६	१४९४२
	१८.२२	नेपाल प्रहरी संगीत विद्यालय	१	१	०
	१८.२३	केन्द्रीय प्रहरी कुकुर तालिम स्कुल	१	१	०
१९.		**परराष्ट्र मन्त्रालय**	**३८**	**३७**	**१८१७८९**
	१९.१	मन्त्रालय	१	१	१९४७४
	१९.२	विभाग	३	२	२२०
	१९.३	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	१	१	६३
	१९.४	स्थायी नियोग र नेपाली राजदूतावासहरु	३२	३२	१६०९३८
	१९.५	सीमा नापी टोली	१	१	१०९४
२०.		**पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**८**	**८**	**३३०२३**
	२०.१	मन्त्रालय	१	१	३२८९
	२०.२	पर्यटन पूर्वाधार विकास कार्यक्रम/आयोजना	१	१	२१२५४
	२०.३	पर्यटन कार्यालयहरु	६	६	८४८०
२१		**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**२२५**	**१७९**	**२८६१७७**

क्र.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
२१.१	मन्त्रालय	१	१	८७०
२१.२	विभागहरु	३	३	२४६०
२१.३	मालपोत कार्यालयहरु	८३	७५	२३२३५५
२१.४	नापी तथा नापी गोश्वारा कार्यालयहरु	८४	६७	१०१२९
२१.५	भूमिसुधार कार्यालयहरु	२१	१९	१२५९
२१.६	आयोजनाहरु	३	३	३३३११
२१.७	महाशाखाहरु	३	३	४३६८
२१.८	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	१	१	१०४२
२१.९	एस्ट्रोनोमिकल कार्यालय	१	१	२
२१.१०	सुकुम्वासी समस्या समाधान आयोग	१	१	२८३
२१.११	सुकुम्वासी समस्या समाधान आयोग,जिल्ला समिति	२३	४	२
२१.१२	चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समाधान समिति	१	१	९६
२२.	**भौतिक योजना तथा निर्माण मन्त्रालय**	**२३१**	**२२७**	**४११७६८६**
२२.१	मन्त्रालय	१	१	४४४९
२२.२	विभागहरु	३	३	२६०३३४
२२.३	क्षेत्रीय सडक कार्यालयहरु	५	५	४७८७
२२.४	शहरी विकास तथा भवन निर्माण डिभिजनहरु	२४	२४	८८८७३५
२२.५	खानेपानी डिभिजन र सव–डिभिजनहरु	७०	६९	५५३४०
२२.६	सडक डिभिजनहरु	२५	२५	८९०५५८
२२.७	क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालयहरु	५	५	१४८३०
२२.८	भवन प्रविधी तालिम केन्द्र	१	१	४४६८
२२.९	यान्त्रिक तालिम केन्द्र(सडक)	१	१	५३९
२२.१०	केन्द्रीय सडक प्रयोगशाला	१	१	०
२२.११	नगर विकास कार्यान्वयन समितिहरु	५	५	१७०७०
२२.१२	शहरी विकास तथा भवन निर्माण सम्वन्धि आयोजनाहरु	३	३	३५७२
२२.१३	महेन्द्रनारायण निधी स्मृति प्रतिष्ठान	१	१	०
२२.१४	मेलम्ची खानेपानी विकास आयोजना	२	२	३४२२३८
२२.१५	खानेपानी आयोजनाहरु	३३	३२	२३५५६९
२२.१६	भवन निर्माण संभार डिभिजन	१	१	३९७८७
२२.१७	हेभी इक्विप्मेन्ट डिभिजनहरु	६	६	२७०५
२२.१८	यान्त्रिक कार्यालयहरु	९	७	५१९
२२.१९	सडक आयोजनाहरु	३४	३४	१२६६१०९
२२.२०	अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति	१	१	८६०७७
२३.	**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**८६**	**७८**	**६६२५८**
२३.१	मन्त्रालय	१	१	९७६
२३.२	राष्ट्रिय महिला आयोग	१	१	१५६३
२३.३	महिला विकास विभाग	१	१	५९
२३.४	महिला विकास कार्यालयहरु	७५	७०	५७३९५
२३.५	समाज कल्याण केन्द्रहरु	५	२	१२
२३.६	महिला सशक्तिकरण तथा लैंगिक समानता आयोजना	१	१	६००
२३.७	केन्द्रीय बाल कल्याण समिति	१	१	५६५३
२३.८	बाल न्याय समन्वय समिति सचिवालय	१	१	०
२४	**युवा तथा खेलकुद मन्त्रालय**	**१**	**१**	**१५०२३**
२४.१	मन्त्रालय	१	१	१५०२३
२५.	**रक्षा मन्त्रालय**	**२६६**	**११७**	**९३७५४८**
२५.१	मन्त्रालय	१	१	०
२५.२	सुरक्षा परिषद्	१	०	०
२५.३	विभागहरु	८	४	४३६३७०

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
२५.४	महानिर्देशनालयहरु	२	२	१६७२४३
२५.५	निर्देशनालयहरु	११	६	१६७४१५
२५.६	पृतनाहरु	६	३	०
२५.७	महाशाखाहरु	४	१	०
२५.८	बाहिनीहरु	१९	८	७८५२०
२५.९	गणहरु	९१	४५	८१२९
२५.१०	गुल्महरु	४६	११	५४
२५.११	नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेज	१	१	०
२५.१२	नेपाली सैनिक प्रतिष्ठान	१	१	१९७४
२५.१३	शिक्षालयहरु	१४	४	१४०
२५.१४	अन्य कार्यालयहरु	६१	३०	७७७०३
२६.	**वन तथा भू–संरक्षण मन्त्रालय**	**१७५**	**१५८**	**१४१९३९**
२६.१	मन्त्रालय	१	१	८३३५
२६.२	विभागहरु	५	५	४०७४
२६.३	क्षेत्रीय निर्देशनालयहरु	५	५	१०४०
२६.४	केन्द्रीयस्तरका आयोजनाहरु	७	७	२५६६
२६.५	तालिम केन्द्रहरु	६	३	३४
२६.६	वनस्पति विभाग अन्तर्गतका कार्यालयहरु	७	६	६८२
२६.७	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्यालयहरु	१४	१४	२७६१६
२६.८	जिल्ला वन कार्यालयहरु	७४	७३	९६२५७
२६.९	भू–संरक्षण विभागअन्तर्गतका कार्यालयहरु	५६	४४	१३३५
२७.	**वाणिज्य तथा आपूर्ति मन्त्रालय**	**९**	**६**	**२५७४**
२७.१	मन्त्रालय	१	१	२१४५
२७.२	वाणिज्य विभाग	१	१	१३६
२७.३	वाणिज्य कार्यालयहरु	५	२	४
२७.४	कण्ठरोग नियन्त्रण आयोजना	१	१	२८९
२७.५	नेपाल खाद्य संस्थान (ढुवानी अनुदान)	१	१	०
२८.	**वातावरण मन्त्रालय**	**४२**	**२४**	**४२४१४**
२८.१	मन्त्रालय	१	१	११७२७
२८.२	जल तथा मौसम विज्ञान विभाग	१	१	२२४०
२८.३	बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र	४०	२२	२८४४७
२९.	**विज्ञान तथा प्रविधि मन्त्रालय**	**५**	**५**	**१२३९३९**
२९.१	मन्त्रालय	१	१	२६९५
२९.२	राष्ट्रिय सूचना प्रविधि केन्द्र	१	१	४१९०
२९.३	वि.पि.कोइराला प्लानेटोरियम तथा अब्जरभेटरी संग्रहालय	१	१	११६१७८
२९.४	उच्चस्तरीय सूचना प्रविधि आयोग	१	१	११८
२९.५	प्रमाणिकरण नियन्त्रकको कार्यालय	१	१	७५८
३०.	**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**	**१५**	**१३**	**२५०९३७**
३०.१	मन्त्रालय	१	१	१०३१५०
३०.२	सचिवालय/आयोजना/कार्यालयहरु	६	६	१३७५४३
३०.३	शिविर व्यवस्थापन समन्वयकर्ताको कार्यालय	१	१	०
३०.४	स्थानीय शिविर व्यवस्थापन कार्यालयहरु	७	५	१०२४४
३१.	**शिक्षा मन्त्रालय**	**१३९**	**११३**	**३१७७४३५**
३१.१	मन्त्रालय	१	१	२९४४२
३१.२	विभाग	१	१	३२७५९
३१.३	क्षेत्रीय शिक्षा निर्देशनालयहरु	५	४	१५२१
३१.४	जिल्ला शिक्षा कार्यालयहरु	७५	७५	३०५८६१४

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३१.५	परीक्षा नियन्त्रण कार्यालय	१	१	५५५४
३१.६	पाठ्यक्रम विकास केन्द्र	१	१	११८
३१.७	शिक्षा सेवा आयोग	१	०	०
३१.८	शिक्षक किताबखाना	१	०	०
३१.९	केशर पुस्तकालय	१	०	०
३१.१०	राष्ट्रिय पुस्तकालय	१	०	०
३१.११	अनौपचारिक शिक्षा केन्द्र	१	१	३५३
३१.१२	शिक्षाको लागि खाद्य कार्यक्रम (परियोजना)	१	१	३७००
३१.१३	शिक्षाको लागि खाद्य कार्यक्रम इकाईहरु	१३	६	२७४
३१.१४	शैक्षिक तालिम केन्द्र र उपकेन्द्रहरु	३४	२०	४९५५
३१.१५	शैक्षिक जनशक्ति विकास केन्द्र	१	१	७९२८
३१.१६	रोजगारीका लागि शिप परियोजना	१	१	३२२१७
३२.	**श्रम तथा यातायात व्यवस्था मन्त्रालय**	**५३**	**४७**	**६६८२०**
३२.१	मन्त्रालय	१	१	४९४९
३२.२	विभागहरु	३	३	४६९०४
३२.३	यातायात व्यवस्था कार्यालयहरु	१४	१४	६४४७
३२.४	यातायात व्यवस्था सेवा केन्द्रहरु	२	०	०
३२.५	श्रम कार्यालयहरु	१०	१०	४३
३२.६	रोजगार सेवा केन्द्रहरु	४	१	१
३२.७	व्यावसायिक तथा शिप विकास तालिम केन्द्रहरु	१६	१६	६०६
३२.८	व्यवसायजन्य सुरक्षा तथा स्वास्थय संरक्षण आयोजना	१	१	९३
३२.९	रोजगार अनुमती प्रणाली कोरिया शाखा	१	१	७७७७
३२.१०	बैदेशिक रोजगार न्यायधिकरण	१	०	०
३३.	**सामान्य प्रशासन मन्त्रालय**	**३**	**३**	**२००**
३३.१	मन्त्रालय	१	१	२००
३३.२	निजामती किताबखाना	१	१	०
३३.३	प्रशासन पुन:संरचना आयोग	१	१	०
३४.	**सिंचाई मन्त्रालय**	**११२**	**११२**	**४७४७४५**
३४.१	मन्त्रालय	१	१	११
३४.२	विभागहरु	२	२	४१३
३४.३	क्षेत्रीय निर्देशनालयहरु	५	५	३१०८१
३४.४	सिंचाई विकास डिभिजन र सवडिभिजनहरु	४६	४६	२७१०१५
३४.५	सिंचाई व्यवस्थापन डिभिजनहरु	८	८	३४३०४
३४.६	यान्त्रिक डिभिजन कार्यालयहरु	३	३	६२००
३४.७	भूमिगत जलस्रोत विकास समिति,फिल्ड कार्यालय र आयोजनाहरु	११	११	१५८२२
३४.८	सिचाई विभाग अर्न्तगतका योजना/आयोजनाहरु	१४	१४	७७३९३
३४.९	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन तथा सव–डिभिजनहरु	१२	१२	३२८३५
३४.१०	जनताको तटवन्ध कार्यक्रम, संयोजक तथा फिल्ड कार्यालयहरु	८	८	५४५८
३४.११	जल उत्पन्न प्रकोप नियन्त्रण विभाग अर्न्तगतका योजनाहरु	२	२	२१३
३५.	**सूचना तथा सञ्चार मन्त्रालय**	**९५**	**७३**	**५०६३८**
३५.१	मन्त्रालय	१	१	६७५०
३५.२	विभागहरु	३	३	२७२६०
३५.३	क्षेत्रीय निर्देशनालयहरु	५	४	२६९७
३५.४	गोश्वारा हुलाक कार्यालय	१	१	३६७८
३५.५	जिल्ला हुलाक कार्यालयहरु	७३	५९	९८२८
३५.६	सञ्चार केन्द्रहरु	५	०	०
३५.७	फिलाटेलिक व्यूरो	१	१	२०८
३५.८	केन्द्रीय धनादेश कार्यालय	१	१	०

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३५.९	केन्द्रीय टिकट भण्डार	१	१	०
३५.१०	हुलाक प्रशिक्षण केन्द्र	१	०	०
३५.११	दूरसञ्चार क्षेत्र सुधार आयोजना	१	१	८०
३५.१२	राष्ट्रिय सूचना आयोग	१	१	१३७
३५.१३	न्यूनतम पारिश्रमिक निर्धारण समिति	१	०	०
३६.	**संघीय मामिला,संविधान सभा,संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय**	**२१**	**१८**	**४३३०**
३६.१	मन्त्रालय	१	१	१०
३६.२	विभाग	१	१	१२२९
३६.३	राष्ट्रिय अभिलेखालय	१	१	०
३६.४	क्षेत्रीय संगहालयहरु	४	३	९२
३६.५	संगहालयहरु	३	२	१५
३६.६	स्मारक संरक्षण र दरबार हेरचाह कार्यालय	४	३	२९४७
३६.७	राष्ट्रिय संग्राहलय	१	१	०
३६.८	राष्ट्रिय कला संग्राहलय	१	१	१७
३६.९	ऐतिहासिक दरबारहरु	३	३	०
३६.१०	केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला	१	१	०
३६.११	नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय	१	१	२०
३७.	**स्थानीय विकास मन्त्रालय**	**२०५**	**२०२**	**४८२३१८५**
३७.१	मन्त्रालय	१	१	३०३
३७.२	विभाग	१	१	२३९७४
३७.३	राष्ट्रिय दलित आयोग	१	१	४१५
३७.४	गुम्बा व्यवस्था तथा विकास समिति	१	१	१२८६२
३७.५	दुर्गम क्षेत्र विकास समिति	१	१	५४०
३७.६	आदिबासी जनजाति उत्थान प्रतिष्ठान	१	१	७१६४
३७.७	उपेक्षित,उत्पीडित र दलितवर्ग उत्थान विकास समिति	१	१	४२६६
३७.८	केन्द्रीयस्तरका आयोजना तथा कार्यक्रम	८	८	१३५०९९
३७.९	स्थानीय निकाय वित्तीय आयोग	१	१	७२९
३७.१०	जिल्ला प्राविधिक कार्यालय	७३	७३	२६२५२४
३७.११	जिल्ला विकास समितिको कार्यालयहरु	७५	७५	४२९७५२३
३७.१२	जिल्ला स्थित अन्य कार्यालयहरु	४१	३८	७७७८६
३८.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**१९२**	**१५६**	**११३४६५६**
३८.१	मन्त्रालय	१	१	८८०४२
३८.२	विभागहरु	३	३	६७३२३२
३८.३	एभिएन इन्फ्लुयन्जा नियन्त्रण आयोजना	१	१	१६३८
३८.४	राष्ट्रिय स्वास्थय शिक्षा सूचना तथा सञ्चार केन्द्र	१	१	४८९४
३८.५	राष्ट्रिय जनस्वास्थय प्रयोगशाला	१	१	५७
३८.६	राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र	२	२	२०३७३७
३८.७	राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र	१	१	२०७०३
३८.८	पशुपति होमियो चिकित्सालय	१	०	०
३८.९	राष्ट्रिय औषधि प्रयोगशाला	१	०	०
३८.१०	युनानी औषधालय	१	०	०
३८.११	क्षेत्रीय स्वास्थय निर्देशनालयहरु	५	५	६०४८
३८.१२	क्षेत्रीय मेडिकल स्टोरहरु	५	४	१३८९
३८.१३	केन्द्रीय तथा क्षेत्रीय तालिम केन्द्रहरु	६	५	१४५२
३८.१४	उप–क्षेत्रीय तालिम केन्द्र	१	१	२२३
३८.१५	जिल्ला जनस्वास्थय कार्यालय र आयुर्वेद कार्यालयहरु	७९	७८	१२९८८५
३८.१६	प्राथमिक स्वास्थय केन्द्रहरु	५	३	६६९
३८.१७	अञ्चल आयूर्वेद औषधालयहरु	७५	४८	२६८७
३८.१८	औषधी व्यवस्था शाखा कार्यालयहरु	३	२	०

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३९.	**राष्ट्रिय योजना आयोगको सचिवालय**	**३६**	**९**	**४४६८**
३९.१	राष्ट्रिय योजना आयोग	२	२	३७३५
३९.२	केन्द्रीय तथ्याङ्क विभाग	१	१	४४२
३९.३	शाखा तथ्याङ्क कार्यालयहरु	३३	६	२९१
४०.	**राष्ट्रिय सतर्कता केन्द्र**	**१**	**१**	**४९**
४०.१	राष्ट्रिय सतर्कता केन्द्र	१	१	४९
	जम्मा	**३६५१**	**२६६६**	**१८७९९७९०**
बक्यौता तर्फ		**४**	**३**	**१२९४८१**
१	**संविधान सभा व्यवस्थापिका संसद**	**१**	**१**	**४२६०४**
१.१	व्यवस्थापिका–संसद सचिवालय	१	१	४२६०४
२	**स्थानीय विकास मन्त्रालय**	**२**	**१**	**८६८५५**
२.१	जिल्ला विकास समिति	१	१	८६८५५
२.२	जिल्ला प्राविधिक कार्यालय	१	०	०
३	**संघीय मामिला, संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालय**	**१**	**१**	**२२**
३.१	क्षेत्रीय संग्रहालय, धनकुटा	१	१	२२
	कुल जम्मा	**३६५५**	**२६६९**	**१८९२९२७१**

अनुसूची – १(क)

(प्रतिवेदनको परिच्छेद–१ दफा १ र २ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरुकोविवरण

क्र. सं.	संस्थाको नाम	संख्या
१.	**संविधान सभा व्यवस्थापिका–संसद सचिवालय**	**१**
	१.१ संसद विकास कोष	**१**
२.	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**४**
	२.१ नेपाल ट्रष्टको कार्यालय	१
	२.२ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	१
	२.३ प्रधानमन्त्री सहायता कोष	१
	२.४ प्रधानमन्त्री राहत कोष	१
३.	**अर्थ मन्त्रालय**	**७**
	३.१ कर्मचारी सञ्चय कोष	१
	३.२ नागरिक लगानी कोष	१
	३.३ नेपाल राष्ट्र बैङ्क	१
	३.४ राष्ट्रिय बाणिज्य बैङ्क	१
	३.५ धितोपत्र बोर्ड	१
	३.६ बीमा समिति	१
	३.७ युवा स्वरोजगार कोष	१
४.	**उद्योग मन्त्रालय**	**१३**
	४.१ उदयपुर सिमेण्ट उद्योग लिमिटेड	१
	४.२ नेपाल औषधी लिमिटेड	१
	४.३ सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	१
	४.४ हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)	१
	४.५ हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	१
	४.६ केन्द्रीय कारागार कोष	१
	४.७ कारागार कोष पाल्पा	१
	४.८ घरेलु विभाग अन्य कोष	१
	४.९ घरेलु तथा साना उद्योग विकास समिति, ऋण लगानी कोष	१
	४.१० घरेलु तथा साना उद्योग विकास समिति, कर्मचारी घर जग्गा सापटी कोष	१
	४.११ घरेलु तथा साना उद्योग विकास समिति, रिभल्विङ्ग फण्ड	१
	४.१२ घरेलु लघु कर्जा प्रवाह	१
	४.१३ हस्तकला प्रबर्द्धन ललितपुर	१
५.	**ऊर्जा मन्त्रालय**	**२**
	५.१ अपर तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेड	१
	५.२ नेपाल विद्युत प्राधिकरण	१
६.	**कानून तथा न्याय मन्त्रालय**	**३**
	६.१ कानून किताब व्यवस्था समिति	१
	६.२ केन्द्रीय कानून पुस्तकालय विकास समिति	१
	६.३ मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१
७.	**कृषि तथा सहकारी मन्त्रालय**	**२०**
	७.१ कृषि सामग्री कम्पनी लिमिटेड	१
	७.२ दुग्ध विकास संस्थान	१
	७.३ राष्ट्रिय वीउ वीजन कम्पनी लिमिटेड	१
	७.४ उष्ण प्रदेशीय वागवानी केन्द्र, (दोहोरो मार्ग)	१
	७.५ कपास विकास समिति	१
	७.६ कमर्सियल एग्रीकल्चर एलायन्स	१
	७.७ कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति	१
	७.८ कृषि अनुसन्धान तथा विकास कोष (कार्य सञ्चालन कोष)	१
	७.९ कृषि सूचना तथा सञ्चार केन्द्र	१
	७.१० चन्द्रडाँगी वीउ वीजन तथा दुग्ध विकास समिति	१
	७.११ नेपाल कृषि अनुसन्धान परिषद्	१
	७.१२ नेपाल पशु चिकित्सा परिषद्	१
	७.१३ पशु आहार उत्पादन विकास समिति	१
	७.१४ पशु विकास फार्म, पोखरा (दोहोरो मार्ग)	१
	७.१५ पशु विकास फार्म, पोखरा, दुग्ध उत्पादन	१
	७.१६ पशु विकास फार्म पोखरा, (कार्यसञ्चालन कोष)	१
	७.१७ मत्स्य विकास केन्द्र, हेटौंडा (दोहोरो मार्ग)	१
	७.१८ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
	७.१९ राष्ट्रिय दुग्ध विकास बोर्ड	१
	७.२० राष्ट्रिय सहकारी विकास बोर्ड	१

क्र. सं.	संस्थाको नाम	संख्या
८.	**गृह मन्त्रालय**	**५**
	८.१ केन्द्रीय दैवी प्रकोप उद्धार समिति	१
	८.२ जिल्ला दैवी प्रकोप उद्धार समिति	१
	८.३ प्रहरी कल्याण कोष	१
	८.४ सशस्त्र प्रहरी वल कल्याण कोष	१
	८.५ क्षेत्रीय दैवी प्रकोप उद्धार कोष	१
९.	**नेपाल तथा नागरिक उड्डयन मन्त्रालय**	**७**
	९.१ नेपाल नागरिक उड्डयन प्राधिकरण	१
	९.२ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१
	९.३ नेपाल पर्यटन वर्ष २०११ को सचिवालय	१
	९.४ पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	१
	९.५ वायुयान सञ्चालन कोष	१
	९.६ राष्ट्रिय ताल संरक्षण विकास समिति	१
	९.७ रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति	१
१०.	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**२**
	१०.१ कमैया ऋण मोचन कोष	१
	१०.२ गुठी संस्थान	१
११.	**भौतिक योजना तथा निर्माण मन्त्रालय**	**४७**
	११.१ ग्रामीण आवास कम्पनी लिमिटेड	१
	११.२ नेशनल कन्ष्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	१
	११.३ नेपाल खानेपानी संस्थान	१
	११.४ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१
	११.५ अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति	१
	११.६ ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१
	११.७ जग्गा विकास चक्रकोष	१
	११.८ दक्षिणकाली क्षेत्र प्रबन्ध विकास समिति	१
	११.९ नगर विकास समितिहरु	३६
	११.१० खानेपानी महसुल निर्धारण आयोग	१
	११.११ सडक बोर्ड नेपाल	१
	११.१२ सिंहदरबार सचिवालय पुन:निर्माण समिति	१
१२.	**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**४**
	१२.१ वृद्ध कल्याण कोष	१
	१२.२ राष्ट्रिय अपाङ्ग सहायता कोष	१
	१२.३ राष्ट्रिय स्वास्थ्योपचार सहायता कोष	१
	१२.४ समाज कल्याण परिषद्	१
१३.	**युवा तथा खेलकुद मन्त्रालय**	**१**
	१३.१ राष्ट्रिय खेलकुद परिषद्	**१**
१४.	**रक्षा मन्त्रालय**	**७**
	१४.१ नेपाली सैनिक, कल्याणकारी कोष	१
	१४.२ नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	१
	१४.३ बहु व्यवसाय उद्योग	१
	१४.४ बसुन्धरा क्यान्टिन	१
	१४.५ वीरेन्द्र अस्पताल, मेन्टिनेन्स फण्ड, छाउनी	१
	१४.६ स्वयम्भू बारुदखाना	१
	१४.७ सुनाचुरी इमल्सन प्लाण्ट	१
१५.	**वन तथा भू–संरक्षण मन्त्रालय**	**२८**
	१५.१ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	१
	१५.२ जिल्ला वन पैदावार आपूर्ति समिति	२५
	१५.३ वन पैदावार विकास समिति	१
	१५.४ राष्ट्रिय प्रकृति संरक्षण कोष	१
१६.	**बाणिज्य तथा आपूर्ति मन्त्रालय**	**५**
	१६.१ नेपाल खाद्य संस्थान	१
	१६.२ नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	१
	१६.३ नेशनल ट्रेडिङ्ग लिमिटेड	१
	१६.४ नेपाल इन्टरमोडल यातायात विकास समिति	१
	१६.५ व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र	१
१७.	**वातावरण मन्त्रालय**	**२**
	१७.१ वातावरण संरक्षण कोष	१
	१७.२ संयुक्त राष्ट्र संघ पार्क विकास समिति	१
१८.	**विज्ञान तथा प्रविधि मन्त्रालय**	**१**
	१८.१ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	१
१९.	**शिक्षा मन्त्रालय**	**८६**
	१९.१ जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	१
	१९.२ उच्च माध्यमिक शिक्षा परिषद्	१
	१९.३ छात्रा शिक्षा कोष	१
	१९.४ जिल्ला शिक्षा कोष	७४
	१९.५ नेपाल संस्कृत विश्वविद्यालय	१
	१९.६ पोखरा विश्वविद्यालय	१
	१९.७ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	१
	१९.८ विश्वविद्यालय अनुदान आयोग	१

क्र. सं.	संस्थाको नाम	संख्या
	१९.९ विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१
	१९.१० लुम्बिनी बौद्ध विश्वविद्यालय	१
	१९.११ स्वप्न बगैचा विकास समिति	१
	१९.१२ त्रिभुवन विश्वविद्यालय	१
	१९.१३ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१
२०.	**श्रम तथा यातायात व्यवस्था मन्त्रालय**	**६**
	२०.१ ई.पी.एस.कोरिया शाखा	१
	२०.२ दोहोरो मार्ग व्यवस्थापन प्रणाली	१
	२०.३ प्रत्याभूति कोष	१
	२०.४ बालबालिका कोष	१
	२०.५ वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड	१
	२०.६ राष्ट्रियस्तरको कल्याणकारी कोष	१
२१.	**सामान्य प्रशासन मन्त्रालय**	**३**
	२१.१ निजामती कर्मचारी अस्पताल	१
	२१.२ निजामती कर्मचारी प्रतिष्ठान	१
	२१.३ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१
२२.	**सिंचाई मन्त्रालय**	**१**
	२२.१ सतह सिंचाई वातावरण तथा यान्त्रिक व्यवस्थापन	१
२३.	**सूचना तथा सञ्चार मन्त्रालय**	**८१**
	२३.१ गोरखापत्र संस्थान	१
	२३.२ नेपाल दूरसञ्चार प्राधिकरण	१
	२३.३ नेपाल टेलिभिजन	१
	२३.४ राष्ट्रिय समाचार समिति	१
	२३.५ चलचित्र विकास बोर्ड	१
	२३.६ प्रेस काउन्सिल	१
	२३.७ एकद्वार समिति	१
	२३.८ केन्द्रीय धनादेश	१
	२३.९ गोश्वारा हुलाक	१
	२३.१० धनादेश जिल्लास्तर	७०
	२३.११ रेडियो प्रसार सेवा विकास समिति	१
	२३.१२ हुलाक बचत बैङ्क	१
२४.	**संघीय मामिला, संविधान सभा तथा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय**	**१४**
	२४.१ साँस्कृतिक संस्थान	१
	२४.२ देवघाट क्षेत्र विकास समिति	१
	२४.३ नेपाल प्रज्ञाप्रतिष्ठान	१
	२४.४ नेपाल ललितकला संस्था	१
	२४.५ नेपाल संगीत तथा नाट्य प्रतिष्ठान	१
	२४.६ श्री पशुपति क्षेत्र विकास कोष	१
	२४.७ पाटन संग्रहालय विकास समिति	१
	२४.८ पाथिभरा क्षेत्र विकास समिति	१
	२४.९ बुढानिलकण्ठ क्षेत्र विकास समिति	१

क्र. सं.	संस्थाको नाम	संख्या
	२४.१० बौद्धनाथ क्षेत्र विकास समिति	१
	२४.११ वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्	१
	२४.१२ मनकामना क्षेत्र विकास समिति	१
	२४.१३ राष्ट्रिय अभिलेखालय, कार्य सञ्चालन कोष	१
	२४.१४ लुम्बिनी विकास कोष	१
२५.	**स्थानीय विकास मन्त्रालय**	**३**
	२५.१ फोहोर मैला प्रबन्ध तथा श्रोत परिचालन केन्द्र	१
	२५.२ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	१
	२५.३ स्थानीय विकास शुल्क कोष	१
२६.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**१०१**
	२६.१ अञ्चल अस्पताल विकास समिति	११
	२६.२ अस्पताल विकास समिति	६०
	२६.३ आयुर्वेवेद औषधालय नरदेवी	१
	२६.४ कान्ति बाल अस्पताल विकास समिति	१
	२६.५ किटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति	१
	२६.६ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)	१
	२६.७ नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१
	२६.८ परोपकार तथा स्त्री रोग अस्पताल विकास समिति	१
	२६.९ पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२६.१० बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२६.११ बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१
	२६.१२ मानसिक अस्पताल	१
	२६.१३ शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र	१
	२६.१४ शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल	१
	२६.१५ सिंहदरबार वैद्यखाना विकास समिति	१
	२६.१६ स्वास्थ्य कर कोष	१
	२६.१७ स्वास्थ्य तालिम कार्यसञ्चालन कोष र अन्य	१४
	२६.१८ क्षेत्रीय अस्पताल विकास समिति	२
२७.	**जिल्ला विकास समिति**	**७५**
२८.	**स्थानीय विकास कोष**	**७४**
	कुल जम्मा:	**६०३**

अनुसूची – २

(प्रतिवेदनको परिच्छेद १ दफा १ र २ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

(रु हजारमा)

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
	चालु वर्ष:–																	
१	राष्ट्रपतिको कार्यालय	१	१३६१३६	१	१३६१३६	१	१८३	१	१८३	१	१२४२	१	१२४२			०	०	१३७५६१
२	उपराष्ट्रपतिको कार्यालय	१	१९२६५	१	१९२६५	१	२४	१	२४	१	६४	१	६४			०	०	१९३५३
३	संविधान सभा व्यवस्थापिका संसद	४	७१६६८५	४	७१६६८५	१	९१८	१	९१८	१	३७३५	१	३७३५	१	१९०२५५	१	१९०२५५	९११५९३
४	सर्वोच्च अदालत	१०२	१४०२५७५	१०२	१४०२५७५	१०२	२१७७५४	१०२	२१७७५४	१०२	९३२०८७	१०२	९३२०८७	०	०	०	०	२५५२४१६
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	३	८७९०३	३	८७९०३	१	२९२६	१	२९२६	१	१०३५६	१	१०३५६			०	०	१००३८५
६	महालेखा परीक्षकको कार्यालय	४	१४६८४२	४	१४६८४२	१	६८२	१	६८२	१	१४०५	१	१४०५			०	०	१४८९२९
७	लोक सेवा आयोग	४५	१९३०३५	४५	१९३०३५	१५	६१२८२	१५	६१२८२	५	२२३९	५	२२३९			०	०	२५६५५६
८	निर्वाचन आयोग	७७	५४३७०६	७७	५४३७०६	२२	१९३९	२२	१९३९	१७	११२२९	१७	११२२९	१	३९८६८	१	३९८६८	५९६७४२
९	महान्यायाधिवक्ताको कार्यालय	१८२	२१४३९१	१८२	२१४३९१	२७	३२५	२७	३२५	२९	३०३१	२९	३०३१			०	०	२१७७४७
१०	न्याय परिषद्	१	१२८७९	१	१२८७९	१	२१२	१	२१२	१	१६८	१	१६८			०	०	१३२५९
११	राष्ट्रिय मानवअधिकार आयोग	२७	५३७६६	२७	५३७६६	३	४६	३	४६	१	३२९	१	३२९	१	८१३१	१	८१३१	६२२७२
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२	२९५८२३२	१२	२९५८२३२	२	८३९	२	८३९	२	१८८०	२	१८८०	३	५७७३५४	३	५७७३५४	३५३८३०५
१३	अर्थ	३४५	४८३४०१८०	३४५	४८३४०१८०	११३	१५८४३९६०७	११३	१५८४३९६०७	९१	१३१६७७१५	९१	१३१६७७१५	१	२५९४६२४	१	२५९४६२४	२२२५४२९२६
१४	उद्योग	२७६	७५४४१०	२७६	७५४४१०	१००	३८७४०९	१००	३८७४०९	९२	८२५६८	९२	८२५६८			०	०	१२२४३८७
१५	ऊर्जा	५	६०६०७६	५	६०६०७६	४	१३६९८७०	४	१३६९८७०	४	४६६२२३	४	४६६२२३	०	०	०	०	२४४२१६९
१६	कानून तथा न्याय	६	४९४१३	६	४९४१३	२	१२६	२	१२६	१	७५९	१	७५९			०	०	५०२९८
१७	कृषि तथा सहकारी	१६०३	७०१६५२१	१६०३	७०१६५२१	३४७	१२५७८४	३४७	१२५७८४	२५३	९८०१६	२५३	९८०१६	९५	३५९०७	९५	३५९०७	७२७६२२८
१८	गृह	७६३	२१८३४४५१	७६३	२१८३४४५१	३७३	२६१६६०८	३७३	२६१६६०८	३८८	८०७७००	३८८	८०७७००			०	०	२५२५८७५९
१९	परराष्ट्र	७५	१७१८०६९	७५	१७१८०६९	३५	८७०३२९	३५	८७०३२९	३	२६२२४४	३	२६२२४४	१	१८९४३१	१	१८९४३१	३०४००७३
२०	पर्यटन तथा नागरिक उड्डयन	३८	४८९४४१	३८	४८९४४१	७	२४३८४१	७	२४३८४१	८	३८३००	७	३८२९९	०	०	०	०	७७१५८१
२१	भूमिसुधार तथा व्यवस्था	२२५	१५१७७५७	२२५	१५१७५७७	१९७	५८०१७१४	१९७	५८०१७१४	११४	४३८६५७	११४	४३८६५७	८३	६८४६१९१	८३	६८४६१९१	१४६०४१३९
२२	भौतिक योजना तथा निर्माण	१४१८	२७०७२७३०	१४१८	२७०७२७३०	१८६	४७३१९६	१८६	४७३१९६	२३७	१६७६९५१	२३७	१६७६९५१	४	४१७२३	४	४१७२३	२९२६४६००
२३	महिला, बालबालिका तथा समाज कल्याण	४११	९२७५४५	४११	९२७५४५	५४	३०२९८	५४	३०२९८	२०	५९६४	२०	५९६४	२	१३२९१	२	१३२९१	९७७०९८
२४	युवा तथा खेलकुद	६	४३५९२५	६	४३५९२५	१	१३१	१	१३१	१	९०४	१	९०४	०	०	०	०	४३६९६०
२५	रक्षा	४८७	२३५१५०१८	४८७	२३५१५०१८	१७३	८५२६८	१७३	८५२६८	२७४	४११५७०	२७४	४११५७०	०	०	०	०	२४०११८५६
२६	वन तथा भू–संरक्षण	६८७	२६१५२४९	६८७	२६१०८२७	१२९	७०२९६२	१२८	६८९०२४	११७	७७०७६५	११६	७१८२७२	८६	१५७०३५	८६	१५७०३५	४१७५१५८
२७	वाणिज्य तथा आपूर्ति	२३	१०६०२४१	२३	१०६०२४१	९	१०५७७८	९	१०५७७८	४	१०२७८	४	१०२७८	०	०	०	०	११७६२९७
२८	वातावरण	४१	६७५८०८	४१	६७५८०८	७	३६३६३६	७	३६३६३६	५	१३९०६	५	१३९०६	०	०	०	०	१०५३३५०
२९	विज्ञान तथा प्रविधि	५	३२९५२१	५	३२९५२१	५	५३१	५	५३१	४	११६३९	४	११६३९	१	२०३	१	२०३	३४१८९४
३०	शान्ति तथा पुनर्निर्माण	५०	२०८८३५२	५०	२०८८३५२	५	२७०८७	५	२७०८७	३	६१२	३	६१२	११	४३२९६९	११	४३२९६९	२५४९०२०
३१	शिक्षा	१२६५	४६२९८२५९	१२६५	४६२९८२५९	१०३	५४९९४०	१०३	५४९९४०	१०४	६४९१३	१०४	६४९१३	०	०	०	०	४६९१३११२
३२	श्रम तथा यातायात व्यवस्था	६०	३९९२३१	५९	३९५९७०	४६	४६३५८८३	४५	४५८९३७५	२७	३९६७०२	२६	३९६६६०	६	२२३१७५१	६	२२३१७५१	७६१३७५६
३३	सामान्य प्रशासन	३	४८६५००	३	४८६५००	४	३७८३	४	३७८३	३	३६७७	३	३६७७	०	०	०	०	४९३९६०
३४	सिंचाई	६२०	८७२६८८०	६२०	८७२६८८०	९८	६३८६२	९८	६३८६२	९३	५८८२६२	९३	५८८२६२			०	०	९३७९००४
३५	सूचना तथा सञ्चार	९५	२५९४४५३	९५	२५९४४५३	९१	१२१९८७५	९१	१२१९८७५	६६	९०३१२	६६	९०३१२					३९०४६४०
३६	संघीय मामिला,संविधान सभा,संसदीय व्यवस्था तथा संस्कृति	२१	८१७७९४	२१	८१७७९४	१६	३८३२०	१६	३८३२०	१८	१०४९३	१८	१०४९३	१	३१८२	१	३१८२	८६९७८९
३७	स्थानीय विकास	१६४०	३२४८७४२०	१६४०	३२४८७४२०	१४३	१५०८२२	१४३	१५०८२२	११२	१२७६४६	११२	१२७६४६	०	०	०	०	३२७६५८८८
३८	स्वास्थ्य तथा जनसंख्या	१३४७	१४५१५२००	१३४७	१४५१५२००	१५४	८३७५९	१५४	८३७५९	१८०	१७९८८६	१८०	१७९८८६	०	०	०	०	१४७७८८४५
३९	राष्ट्रिय योजना आयोगको सचिवालय	४८	३४४५७२	४८	३४४५७२	११	१२५८	११	१२५८	४	३१७३	४	३१७३			०	०	३४९००३

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
४०	राष्ट्रिय सतर्कता केन्द्र	४	४१५०२	४	४१५०२	१	३५	१	३५	१	४७	१	४७			०	०	४१५८४
	जम्मा	१२०२६	२५४२४३९३३	१२०२५	२५४२३६०७०	२५९१	१७८६७८०४२	२५८९	१७८६१७५९६	२३८९	२०६९७६४७	२३८६	२०६४५१११	२९७	१३३६१९१५	२९७	१३३६१९१५	४६६८६०६९२
	बक्यौता																	
१	सर्वोच्च अदालत	०	०	०	०	४४	२४४८	०	०	४४	४०९२९	०	०					०
२	निर्वाचन आयोग	५	३९०	०	०	६	२	०	०	३७	१२९	०	०					
३	संविधान सभा व्यवस्थापिका संसद	१	३०७७६	१	३०७७६													३०७७६
४	अर्थ	१	४९९	०	०	१३	१७४५	०	०	१०	३२८	०	०	०	०	०	०	०
५	उद्योग	०	०	०	०	६	१८४	०	०									०
६	ऊर्जा	२२	३२४०७	०	०	०	०	०	०	३	१७०८	०	०	०	०	०	०	०
७	कानून तथा न्याय	३	२७४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
८	कृषि तथा सहकारी	३०८	२१५६३१	०	०	१८५	१२८	०	०	०	०	०	०	०	०	०	०	०
९	गृह	८	११४१४			१०	८१४५			७८	१४८५९							०
१०	परराष्ट्र	१	२८७५	०	०	६	२५१७८७	०	०									०
११	पर्यटन तथा नागरिक उड्डयन	७	२०३१			३०	४६५४	०	०	२४	१९५९							
१२	भूमिसुधार तथा व्यवस्था	२४	१२०३२			१९	१३०९२			७५	१५४९०			२	२५३९			
१३	भौतिक योजना तथा निर्माण	२४५	३९५०५९	०	०	२	४			१००	४८१३५							
१४	महिला,बालबालिका तथा समाज कल्याण	०	०			१६	२८३			४	१४६							
१५	युवा तथा खेलकुद	४	१२४१८															
१६	रक्षा		३५२२२			२	४५			५	६६७३							०
१७	वन तथा भू–संरक्षण	१४	२२६५०	०	०	१०	२२९११	०	०	१	०			३	१६७१५			
१८	शिक्षा	६७	२३७९६१			८८	८१०१			११३	३४४४५							
१९	श्रम तथा यातायात व्यवस्था	०	०	०	०	०	०	०	०	३	१६४			१	२२०३६६	१	२२०३६६	२२०३६६
२०	सिचाई	४५	७५८५९	०	०	२	१०३			८७	२५१११							०
२१	सूचना तथा सञ्चार	०	०	०	०	०	०	०	०	१२	३०२६	०	०					०
२२	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१	१४४०	१	१४४०	१	६	१	६									१४४६
२३	स्थानीय विकास	२११	५७४४२५	१७	२६१७५०	०	०	०	०	१५८	१९३३४	०	०	०	०			२६१७५०
२४	स्वास्थ्य तथा जनसंख्या	२२१	४३६५६५	०	०	५४	२२४८	०		४९३	३३३८९							
	जम्मा:–	११८८	२०९९९२८	१९	२९३९६६	४९४	३१५८८६	१	६	१२४७	२४५८२५	०	०	६	२३९६२०	१	२२०३६६	५१४३३८
	कुल जम्मा:–	१३२१४	२५६३४३८६१	१२०४४	२५४५३००३६	३०८५	१७८९९३९२८	२५९०	१७८६१७६०२	३६३६	२०९४३४७२	२३८६	२०६४५१११	३०३	१३६०१५३५	२९८	१३५८२२८१	४६७३७५०३०

अनुसूची – ३

(प्रतिवेदनको परिच्छेद १ को दफा २ र परिच्छेद २ को दफा १५ संग सम्बन्धित)

सरकारी निकाय/मन्त्रालयको लेखापरीक्षण बक्यौताको विवरण

(रु हजारमा)

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन		राजस्व		धरौटी		अन्य कारोकार		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
१	सर्वोच्च अदालत	०	०	४४	२४४८	४४	४०९२९	०	०	८८	४३३७७
२	निर्वाचन आयोग	५	३९०	६	२	३७	१२९	०	०	४८	५२१
३	अर्थ	१	४९९	१३	१७४५	१०	३२८	०	०	२४	२५७२
४	उद्योग	०	०	६	१८४	०	०	०	०	६	१८४
५	ऊर्जा	२२	३२४०७	०	०	३	१७०८	०	०	२५	३४११५
६	कानून तथा न्याय	३	२७४	०	०	०	०	०	०	३	२७४
७	कृषि तथा सहकारी	२२	२१५६३१	१८५	१२८	०	०	०	०	२०७	२१५७५९
८	गृह	८	११४१४	१०	८१४५	७८	१४८५९	०	०	९६	३४४१८
९	परराष्ट्र	१	२८७५	६	२५१७८७	०	०	०	०	७	२५४६६२
१०	पर्यटन तथा नागरिक उड्डयन	७	२०३१	३०	४६५४	२५	१९६०	०	०	६२	८६४५
११	भूमिसुधार तथा व्यवस्था	२५	१२२१२	१९	१३०९२	७५	१५४९०	२	२५३९	१२१	४३३३३
१२	भौतिक योजना तथा निर्माण	२४५	३९५०५९	२	४	१००	४८१३५	०	०	३४७	४४३१९८
१३	महिला,बालबालिका तथा समाज कल्याण	०	०	१६	२८३	४	१४६	०	०	२०	४२९
१४	युवा तथा खेलकुद	४	१२४१८	०	०	०	०	०	०	४	१२४१८
१५	रक्षा		३५२२२	२	४५	५	६६७३	०	०	७	४१९४०
१६	वन तथा भू–संरक्षण	१५	२७०७२	११	३६८४९	१	५२४९३	३	१६७१५	३०	१३३१२९
१७	शिक्षा	६७	२३७९६१	८८	८१०१	११३	३४४४५	०	०	२६८	२८०५०७
१८	श्रम तथा यातायात व्यवस्था	१	३२६१	१	४६५०८	४	२०६		०	६	४९९७५
१९	सिंचाई	४५	७५८५९	२	१०३	८७	२५१११	०	०	१३४	१०१०७३
२०	सूचना तथा सञ्चार	०	०	०	०	१२	३०२६	०	०	१२	३०२६
२१	स्थानीय विकास	१९४	३१२६७५	०	०	१५८	१९३३४	०	०	३५२	३३२००९
२२	स्वास्थ्य तथा जनसंख्या	२२१	४३६५६५	५४	२२४८	४९३	३३३८९	०	०	७६८	४७२२०२
	जम्मा:	८८६	१८१३८२५	४९५	३७६३२६	१२४९	२९८३६१	५	१९२५४	२६३५	२५०७७६६

अनुसूची – ४

(प्रतिवेदनको परिच्छेद १ दफा १ र ३ संग सम्बन्धित)

संगठित संस्था, अन्य संस्था र समितिको लेखापरीक्षण विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिबेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	राष्ट्रिय मानव अधिकार आयोग	१		०	०	०	१
२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१		१	७४२४२	०
३	अर्थ	१०	७	७	०	५०३२९०७०५	३
४	उद्योग	२८	१५		१५	२२६४२०९०	१३
५	ऊर्जा	२	२		२	१५८६७२९४९	०
६	कानून तथा न्याय	४	३	३		१३३९५४	१
७	कृषि तथा सहकारी	२१	२०	२०	०	५७७२१११	१
८	गृह	८३	८३		८३	४८२५८०९	०
९	पर्यटन तथा नागरिक उड्डयन	११	७	०	७	२४,६२१,३४२	४
१०	भूमिसुधार तथा व्यवस्था	२	१		१	२४७१२४	१
११	भौतिक योजना तथा निर्माण	९७	४९	५	४४	८७७९९११	४८
१२	महिला, बालबालिका तथा समाज कल्याण	४	४	४		२२५२०४	०
१३	युवा तथा खेलकुद	२	१		१	२४६४४६	१
१४	रक्षा	७	७		७	१२५६३१६१	०
१५	वन तथा भू–संरक्षण	४	४	४	०	१९१९०७०	०
१६	वाणिज्य तथा आपूर्ति	७	७		७	५१४३१०५	०
१७	बातावरण	२	२		२	१७१७०	०
१८	विज्ञान तथा प्रविधि	१	१		१	३५२६९	०
१९	शिक्षा	७१८	२८१	०	२८१	१७२९४१५५	४३७
२०	सामान्य प्रशासन	३	३		३	५०३२५७	०
२१	सूचना तथा सञ्चार	१३	१०	१०		६७४९४११	३
२२	संघीय मामिला,संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१५	१२		१२	२३७२९२१	३
२३	स्थानीय विकास	१७४	१६५	५	१६०	३८१४८००	९
२४	स्वास्थ्य तथा जनसंख्या	१०१	१०१		१०१	१२०७०२९४	०
	जम्मा:	१३११	७८६	५८	७२८	७९२०१४५००	५२५

वासलात तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण अङ्क, बेरुजू र दायित्व तथा सम्पत्ति

(रु.हजारमा)

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	सचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
१	**संगठित संस्था**	७७	४,१३३	७४६,२७८,७९७	१,०३५,५८७	७५,५७१,५४५	५०,९७३,०४७	-४०,३४८,७८४	८३,३१३,९९४	४६९,३४५,९५१	१४,९२६,८६६	६५३,७८२,६१९	१३३,०१३,५०४	२३५,३९७,३७७	२८५,३७१,७३८	६५३,७८२,६१९
	अर्थ मन्त्रालय	६		५०२१४६३०६	०	४२५,२२९,२	४३३४१५,६१	-१५,२६६,३७६	१६२,४५३,५७	४१७७९,६८००	५१३०३९६	४७१५०००३०	१५७८,२५१	१९,३६६,२९१,२	२७६,२५८,८६७	४७१५०००३०
	कर्मचारी सञ्चय कोष	१	२०६६/६७	९०३९०८९१४			३१७,५२५,७			८६८,२६१,९४	३८,९३६३	९,०३९,०८१४	४९,७९,५२	८८७८,७७९,०	११०५,०७२	९,०३९,०८१४
	नेपाल राष्ट्र बैङ्क	१	२०६६/६७	२९८,६३७,८०१		३००००००	३५,९६१,६३		१६२,४५३,५७	२४३,४३०,७८१		२९,८६३,७८०१	५,२२,४०९	५,९५,८८,२४५	२३८,५२७,४७	२९,८६३,७८०१
	राष्ट्रिय वाणिज्य बैङ्क	१	२०६६/६७	१०२,९७४,४२		११७,२००	४०,११०,४४	-१५,३२,३१३८		७७८,१९,९६७	४६५,०९,९३	७२,३३,११६६	४८,१२,४६	३५,४५,५५,०	३६,३९,५,३७०	७२,३३,११६६
	धितोपत्र बोर्ड	१	२०६६/६७	१६,३९,२			१००,७३५	३९,८९५		२४,७६,२		१६,५३,९,२	१५,८८,८	३७,१,२८	११,२३,७६	१६,५३,९,२
	नागरिक लगानी कोष	२	२०६५/६६	९९,७४८,५७		७९,९९,२	९,२८,६,२	१६८,६७		९६,९,५,०९६	९,००४०	९९,७४८,५७	६०,७५,६	९,७९,५,१९,९	११८,९,०२	९९,७४८,५७
	उद्योग मन्त्रालय	२०		२२,४२४,१३१	०	८,५४३,१९७	९,५,५५,९	-५,६३२,४३६	४,२१३,४३४	२,८३२,०९१	१,१०७,४१४	११,१५९,२५,९	७,४९४,६४७	३,०२६,१५०	६३८,४६२	११,१५९,२५,९
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	१		०								०				०
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२	२०६५,६६	८,१८३,४९९		३,६४८,०५१		-१,६६९,९८९	१,७४०,०००	१,००१,७२५	१२३,७३४	४,८४३,५२१	३,६८३,१२२	१,०२९,३०४	१३१,०९५	४,८४३,५२१
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड		२०६६,६७	८,२३८,५९८		३,६४८,०५१		-१,७७३,०५०	१,७४०,०००	९,४१,५९२	१३५,९०५	४,६९२,४९८	३,४६७,३०२	१,१६४,१०१	६१,०९५	४,६९२,४९८
	नेपाल औषधी लिमिटेड	२	२०६५,६६	९०६,०१४		७५,४९९	३०,९३६	-४१०,७८४	८५,५१७	१८७,६५६	११५,६२२	८४,४४६	२५,४६४	५७,६८०	१,३०२	८४,४४६
	नेपाल औषधी लिमिटेड		२०६६,६७	१,०८०,०३५		७५,४९९	३०,९३६	-४८५,८५३	१८२,१७४	१७०,९१७	१३४,६५६	९०८,३२९	२४,१४८	८२,८७९	१,३०२	१०८,३२९
	सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	१	२०६६,६७	४२,४४५		१७,१७९	२५,२६६					४२,४४५	१,५४४	५,६७३	३५,२२८	४२,४४५
	हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)	१	२०६६,६७	१,२०८,०१६		१७८,२३३	८,२१८	-५५५,७१०	४६५,७४३	०	१११२	९६,५९६	४९,१६६	४७,४३०		९६,५९६
	कृषि औजार कारखाना लिमिटेड	९		०								०				०
	जनकपुर चुरोट कारखाना लिमिटेड	२		०								०				०
	हेटौंडा सिमेन्ट उद्योग लिमिटेड	२	२०६५,६६	२,७६५,५२४		९००,६८५	२०३	-७३७,०५०	०	५३०,२०१	५९,७,३८५	१,२९१,४२४	२४३,९०१	६३९,०८३	४०८,४४०	१,२९१,४२४
	उर्जा मन्त्रालय	२	४,१३३	१५८,६७२,९४९	०	४०,६४०,३५२	१,७०४,६०३	-१८,२३०,२१७	५८,०२५,३४१	३५,३८८,२५८	४,६८४,१७८	१२२,२१२,५१५	१०२,०१६,५४०	१४,४२६,५६६	५,७६९,४०९	१२२,२१२,५१५
	नेपाल विद्युत प्राधिकरण	१	२०६६,६७	१५४,७५३,८४९		३८,६४०,३५२	१,७०४,६०३	-१८,२३०,२१७	५८,०२५,३४१	३३,४६९,१५८	४,६८४,१७८	११८,२९३,४१५	१००,०३७,९८६	१२,४८६,०२०	५,७६९,४०९	११८,२९३,४१५
	अपर तामाकोशी हाइड्रो पावर कम्पनी लिमिटेड	१	२०६६,६७	३,९१९,१००		२,०००,०००				१,९१९,१००		३,९१९,१००	१,९७८,५५४	१,९४०,५४६		३,९१९,१००
	कृषि तथा सहकारी मन्त्रालय	११	०	५२२८,५१५	१२६०२०	२०७३२,९६	५५३७६८	-१७५,१२१	६६५१	३६८,३२४	१२४६,७१३	४०७४०३१	१६४१४७०	२०३०९,४१	४०१६२०	४०७४०३१
	कृषि सामग्री कम्पनी लिमिटेड	१	२०६६/६७	२००४८८१	०	४२६३८२	५४७५,४२	-२३२,७५३	०	४८,४९८	७४९,७०६	१५३,९३,७५	७५८,५८१	७०३,४८६	७७३,०८	१५३,९३,७५
	राष्ट्रिय बीउ बीजन कम्पनी लिमिटेड	१	२०६६/६७	२२,५०३८	०	११८,५१७	०	१६,१७८	०	११,७४०	७८,६०३	२२,५०३८	६,७,९,४	१०९,५,४४	४,७००	२२,५०३८
	दुग्ध विकास सस्थान	२	२०६५,६६	१५,३०७,३६	०	६,७००,८०	०	-३४४,८९	६६,५१	१२,५,३१	३८,३९,८५	८४१,७५,८	२,५०९,७३	५८,३७,८३	७००२	८४१,७५,८
	कमर्सियल एग्रीकल्चर एलायन्स मोरङ	१	२०६६/६७	१३,६४,४२	०	६,९,३,९,४	३,६३	०	०	६,३८,८५	०	१३,६,४,४२	१२८३	६७४,२७	६,७७,३२	१३,६,४,४२
	नेपाल पशु चिकित्सा परिषद्	१	२०६६/६७	४०,९,४	०	३,०६,३	१०,३१	०	०	०	०	४०,९,४	९,८६	३,१०८	०	४०,९,४
	नेपाल कृषि अनुसन्धान परिषद्	१	२०६६/६७	१०,२,३,३,३०	१०,५,०,५८	५,२,४,९,७,७		३,६,३,९,३,४		१,००,०००	३,४,४,१,९	१०,२,३,३,३०	५,२,४,९,७,७	४,७,१,०,४	२,७,२,४,९	१०,२,३,३,३०
	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१	२०६६/६७	२,३,९,४८	६,४,६,६	२,२,०,९,४		०	०	१८,५,४		२,३,९,४८	२२,२,१	५,४५,०	१,६,२,७,७	२,३,९,४८
	राष्ट्रिय दुग्ध विकास बोर्ड	१	२०६६/६७	१,७,०,३,०,०	१,४,४,९,६	१,७,१,६,४,२		-१,४,२,४८		१,२,९,०,६		१,७,०,३,०,०	१,२,२,६,४	५,३,१,९,२	१,०,४८,४,४	१,७,०,३,०,०
	राष्ट्रिय सहकारी विकास बोर्ड	२	२०६५,६६	१,०,९,७,४,६	०	७,०,६,१,०	०	३,५,२,२,६	०	३,९,१,०	०	१,०,९,७,४,६	२,०,३,९,१	३,३,८,४,७	५,५,५,०,८	१,०,९,७,४,६
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	५		२३,९,०८,६८,५	०	१,०,२,९,७,८,७,९	२,५,०,०	-३,२,७,२,८,२,४	३,०,६,३,५,७,७	६,३,१,०,१,८,१	९,६,१,७,२,४	१,७,३,६,३,०,३,७	९,७,१,४,५,१,२	७,०,३,४,०,१,९	६,१,४,२,६	१,७,३,६,३,०,३,७
	नागरिक उड्डयन प्राधिकरण	२	२०६५,६६	१,७,३,५५,९,६,७		९,९,१,८,६,१,३	२,५,०,०	-१,५,७८,२,४,७	२,०,८,७,१,९,५	३,६,१,३,६,५,२	१,४,५,७,६,०	१४,१,९,९,,४,७,३	९,३,४,३,७८,६	४,२,४,७,४,२,६	६,०८,२,६,१	१४,१,९,९,,४,७,३
	नेपाल वायुसेवा निगम	२	२०६५,६६	६,५,५,२,७,८		३,७,२,६,६	०	-१,६,९,४,५,७,७	९,७,६,३,८,२	२,६,९,६,५,२,९	८,०५,९,६,४	३,१,६,३,५,६,४	३,७०,७,२,६	२,७,८,६,७,३	६,१,६,५	३,१,६,३,५,६,४
	नेपाल पर्यटन बोर्ड	१		०								०				०
	भौतिक योजना तथा निर्माण मन्त्रालय	५		६४१,२२,५,६	१२४,७०,५	१०२,५,५,२,६	२४,४,६,९,१	५,६,२,५,६,३	१४,७१,६,३,८	१,३,७,४,०,०,९	४,०४,६,१,५	५,०८,३,०,४,२	१,७,३,१,९,६,२	३,२,२,०,९,६,५	१,३,०,११,५	५,०८,३,०,४,२
	ग्रामीण आवास कम्पनी लिमिटेड	१	२०६६/६७	११,०,९,७,१	०	२,३,३,४८	३,४,१,४,९	९,३,५,२	०	३,४,७,४,१	९,३,८,१	११,०,९,७,१	४,१,८,०	९,९,३,८,७	७,४,०,४	११,०,९,७,१
	नेपाल खानेपानी संस्थान	१	२०६६,६७	२,६,४,४,८,५	०	४,७,००,५,३	१,०,५,२,३,६	-३,९,१,४,४,८	८,१,२,०,६,९	८,६,५,६,७,९	०	१८,६,१,५,८,९	९,३,४,०,७,७	९,२,७,५,१,२	०	१८,६,१,५,८,९
	नेपाल खानेपानी संस्थान	२	२०६५,६६	२,२,५,८,६,४,१		४,७,०,,५,३	१,०,५,,३,०,६	-२,७,३,,१,५,९	६,५,९,,५,६,९	४,०,५,,७,३,६	३,४४,८,१,८	१,७,१,,३,२,३	७,८८,६,४,५	९,२३,६,७,८	०,	१,७,१,,३,२,३
	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	१	२०६६,६७	२,१,६,,८८,०		६,२,०,७,२	०	४०,३,९,७	०	६,७,८,४,९,	४,६,५,६,२	२,१,६,,८८,०	५,०६,०	२,१,१,,८,२,०	०	२,१,६,,८८,०
	सडक बोर्ड नेपाल	१	२०६६/६७	१,१,८,१,२,७,९,	१,२,४,,७,०,५	०	०	१,१,७,७,४,२,१		४	३,८,५,४	१,१,८,१,२,७,९,	०	१,०,५,८,५,६,८	१,२,२,७,१,१	१,१,८,१,२,७,९,
	वन तथा भू–संरक्षण मन्त्रालय	२		१,४,२,५,०,७,१	२,९,४,२,२	८,२,९,५,९	४,५,१,५,४,८	२,७,९,३,८,६	६०८,९,४	१,५,४,४,१,८	१,२,४,२,०,८	१,१,५,३,४,१,३	४,९,६,९,०,६	१,७,५,४,७,९,	४८,१,०,२,८	१,१,५,३,४,१,३
	नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड											०				०
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	१	२०६६/६७	३,५,३,६,१,६		२,७,५,१,७	७,१,१	-१,३,५,८,२,९	६०८,९,४	४,४,५,७	१,२,४,२,०,८	८,१,९,५,८	१,२,३,६,२	६,९,५,९,६		८,१,९,५,८
	राष्ट्रिय प्रकृति संरक्षण कोष	१	२०६६/६७	१,०,७,१,४,५,५	२,९,४,२,२	५,५,४,४,२	४,५,०८,३,७	४,१,५,२,१,५	०	१,४,९,९,६,१	०	१,०,७,१,४,५,५	४८,४,५,४,४	१,०,५,८८,३	४८,१,०,२,८	१,०,७,१,४,५,५
	वाणिज्य तथा आपूर्ति मन्त्रालय	५		४,७,२,४,०,७	०	१,१,७,२,०,७,३	१,१,५,२,६,४	-१,३,०,९,८,२,१	८,०,०,०	१,७,२,०,६,३,३	३,०,३,३,०,२	२,००,९,४,५,१	२,१,३,२,३,९,	१,७,४,१,९,०,६	५,१,३,०,६	२,००,९,४,५,१
	नेपाल खाद्य संस्थान	१	२०६६/६७	३,५,२,७,३,४,३	०	९,९,०,४,९,५	५,९,०,७	-१,१,०,७,६,३,७		१,२,१,४,६,६,०	२,०८,६,४,४	१,३,१,२,०,६,९,	१,७,१,९,१,५	१,१,३,०,९,१,३	९,२,४,१	१,३,१,२,०,६,९,

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पूँजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	सचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२	२०६५/६६	१७४५२७	०	१२२४३	३१०५९	६६६५७	८०००	११५६७	४५००१	१७४५२७	१३३६९	१३६४६२	२४६९६	१७४५२७
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२	२०६५/६६	१०६०५३७	०	१६९३३५	७८२९८	-२६८८४१	०	४९४४०६	४९६५७	५२२८५५	२७९५५	४७७५३१	१७३६९	५२२८५५
	शिक्षा मन्त्रालय	८		१०२८९३०५	६१३१९८	४५४८१५४	३२८०६६५	-२४५३८८	०	२२०३९८७	१११११	९७९८५२९	४५३०६७६	४७५४०६७	५१३७८६	९७९८५२९
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२	२०६५.६६	१.५४८.११७		४५०,०००	१३२,६२६	-२४५,३८८		७०८,९९२	११.१११	१.०५७,३४१	२६१,२७१	७९५.९७०	१००	१.०५७,३४१
	उच्च माध्यमिक शिक्षा परिषद्	१										०				०
	नेपाल संस्कृत विश्वविद्यालय	१	२०६६/६७	७९२८८६	१८८३९	२८११२८	४९०३०४	०	०	२१४५४	०	७९२८८६	२८११२८	६२१९७	४४९५६१	७९२८८६
	पोखरा विश्वविद्यालय	१	२०६६/६७	४७०४८५	३१५७१	८५९५५	३१७४२१	०	०	६७१०९	०	४७०४८५	२५७२०६	२१३२७९	०	४७०४८५
	त्रिभुवन विश्वविद्यालय	२	२०६६/६७	७४६९८९५	५६१९९९	३७३०६३५	२३३३२३९	०	०	१४०६०२१	०	७४६९८९५	३७३०६३५	३६७५१३५	६४१२५	७४६९८९५
	लुम्बिनी बौद्ध विश्व विद्यालय	१	२०६६/६७	७९२२	७८९	४३६	७०७५	०	०	४११	०	७९२२	४३६	७४८६	०	७९२२
	सामान्य प्रशासन मन्त्रालय	१		२६११४२	१२७	१५१३९३	९८९५०	४८२३	०	५९७६	०	२६११४२	७५७८९	१०३५२६	८१८२७	२६११४२
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१	२०६६/६७	२६११४२	१२७	१५१३९३	९८९५०	४८२३	०	५९७६	०	२६११४२	७५७८९	१०३५२६	८१८२७	२६११४२
	सूचना तथा सञ्चार मन्त्रालय	८		६२९६०१७	०	१५१३६२५	६६५१४	२१०५६९३	२४४८६	६०३६९१	४५३०७४	४७६७००३	६१५१५८	४१५१८४५	०	४७६७००३
	गोरखापत्र संस्थान	३	२०६४.६५	२३२,६४०		११.५१७	२,६९९	५३,२८२	२४,४८६	७३,९८६	६६,६७०	२३२,६४०	३७,७२८	१९४,९१२		२३२,६४०
	नेपाल टेलिभिजन	१	२०६६.६७	२,५०४,९१०		१,४९५,२००	२,४२८	-७६०,२९२		१०४,७३३	१४२,२५७	९८४,३२६	५२७,४७०	४५६,८४६		९८४,३२६
	नेपाल दूरसञ्चार प्राधिकरण	१	२०६६.६७	३,३७६,३५५				२,८१६,८३८		३१५,३७०	२४४,१४७	३,३७६,३५५	२५,२४५	३,३५१,११०		३,३७६,३५५
	राष्ट्रिय समाचार समिति	१	२०६६.६७	५६,६७६		६,९०८	४५,३९०	-४,२१५	०	१६३	०	४८,२४६	२१,०५१	२७,१९५		४८,२४६
	प्रेस काउन्सिल	१	२०६६.६७	६३,८३८			८,०४४			५५,७९४		६३,८३८	१,६१३	६२,२२५		६३,८३८
	प्रेस काउन्सिल	१	२०६५.६६	६१,५९८			७,९५३			५३,६४५		६१,५९८	२,०५१	५९,५४७		६१,५९८
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	२		१५८७६२९	८३४८५	१३२०९	९९५०७५	-२५४२३	१९४६१६	३५४०१६	५२९०	१५३६७८३	८६४५८३	३८४२१९	२८७९८१	१५३६७८३
	पशुपति क्षेत्र विकास कोष	१	२०६६/६७	१२८९२३५	८३,४८५	०	९९४७५६	०	०	२९४४७९	०	१२८९२३५	७००११५	३०११३९	२८७९८१	१२८९२३५
	सांस्कृतिक संस्थान	१	२०६६.६७	२९८.३९४		१३.२०९	३१९	-२५.४२३	१९४.६१६	५९.५३७	५.२९०	२४७.५४८	१६४.४६८	८३.०८०		२४७.५४८
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२		२८६४३८४	५८६३०	१२५७१९०	२२३४९	८५६३७	०	२३३५६७	४९४८४१	२८६४३८४	२०३९७७१	६८१७०२	१४२९११	२८६४३८४
	बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	२०६६/६७	२०७७८०५	१६८४५	७०४२२२	०	७६२३७३	०	११६१६९	४९४८४१	२०७७८०५	१५८०२९८	३७६७४५	१२०५६२	२०७७८०५
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	२०६६/६७	७८६७७९	४१७८५	५५२९६८	२२३४९	९४०६४	०	११७३९८	०	७८६७७९	४५९४७३	३०४९५७	२२३४९	७८६७७९
	जम्मा											०				०
२	**समिति**	८	०	२,०८१,९५२	५५,६३५	५११,६५६	३८,९०६	१३०,१३०	१५७,६७३	१,०२९,७७३	५५,३७५	१,९२३,५१३	४८३,१२७	१,४०१,४४६	३८,९४०	१,९२३,५१३
	कानून तथा न्याय मन्त्रालय	१		१३००९४	०	०	०	९२८२८	०	३७२६६	०	१३००९४	१४६१०	११५४८४	०	१३००९४
	कानून किताब व्यवस्था समिति	१	२०६६.६७	१३०,०९४				९२,८२८		३७,२६६		१३०,०९४	१४,६१०	११५,४८४		१३०,०९४
	कृषि तथा सहकारी मन्त्रालय	३		५३०७९१	१०६४९	३१५१५७	०	-१३७९२४	१५७६७३	१९०५०	१८३९६	३७२३५२	३०२०१९	३१४११	३८९२२	३७२३५२
	कालीमाटी फलफुल तथा तरकारी विकास समिति	१	२०६६/६७	३१५२९४	१०४	२७८६७५	०	१३१६८	०	११७८९	११६६२	३१५२९४	२६८६८६	१४४४८	३२१६०	३१५२९४
	कपास विकास समिति	१	२०६६/६७	१९२७९२	१०५४५	२८६०५		-१४३७४५	१५६४७०	९८३	६७३४	४९०४७	३११७४	१११३८	६७३५	४९०४७
	पशु आहार उत्पादन विकास समिति	१	२०६६/६७	२२७०५	०	७८७७		-७३४७	१२०३	६२७८		८०११	२५५९	५८२५	२७	८०११
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२		२२५९८६	४४१	११३३४७	०	७३६३०	०	२०३०	३६९७९	२२५९८६	१४५२५२	८०७३४	०	२२५९८६
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१	२०६६/६७	२२५९८६	४४१	११३३४७	०	७३६३०		२०३०	३६९७९	२२५९८६	१४५२५२	८०७३४	०	२२५९८६
	तारा गाउँ विकास समिति	१										०				०
	भौतिक योजना तथा निर्माण मन्त्रालय	१		११७७९२१	४४५४५	८३१५२	२१८२६	१०१५९६	०	९७१३४७	०	११७७९२१	१८४११	११५९४९२	१८	११७७९२१
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१	२०६६/६७	११७७९२१	४४५४५	८३१५२	२१८२६	१०१५९६	०	९७१३४७	०	११७७९२१	१८४११	११५९४९२	१८	११७७९२१
	शिक्षा मन्त्रालय	१		१७१६०	०	०	१७०८०	०	०	८०	०	१७१६०	२८३५	१४३२५	०	१७१६०
	स्वप्न बगैचा विकास समिति	१	२०६६/६७	१७१६०	०	०	१७०८०	०	०	८०	०	१७१६०	२८३५	१४३२५	०	१७१६०
३	**अन्य संस्था**	११	०	२४५७१६८	८४५१६	२३०२०९५	७८२१०	२०४६५	०	४६७६९	०	२४४७५३९	९३४०९	१५५८१९८	७९५९३२	२४४७५३९
	कृषि तथा सहकारी मन्त्रालय	३		१२८०५	०	०	०	३१७७	०	०	०	३१७७	१२	२६१२	५५३	३१७७
	पशु विकास फर्म, पोखरा दाहोरो मार्ग	१	२०६६/६७	९४०२	०	०	०	१८४१	०	०	०	१८४१	११	१८३०	०	१८४१
	दुग्ध उत्पादन	१	२०६६/६७	२८२९	०	०	०	५५३	०	०	०	५५३	०		५५३	५५३
	मत्स्य विकास केन्द्र, हेटौडा	१	२०६६/६७	५७४	०			७८३				७८३	१	७८२		७८३
	गृह मन्त्रालय	२		१७२७७४१	२९३४४	१७२१०२४	०	०	०	६७१६	०	१७२७७४०	५२४३३	१०७७९३७	५९७३७०	१७२७७४०
	प्रहरी कल्याण कोष	१	२०६६/६७	८०७९१३	२९३४४	८०५१८९	०	०	०	२७२३	०	८०७९१२	५२२८०	४७२३३५	२८३२९७	८०७९१२
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	१	२०६६/६७	९१९८२८	०	९१५८३५	०	०	०	३९९३		९१९८२८	१५३	६०५६०२	३१४०७३	९१९८२८
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	१		१५८००	०	१९७७	१२६०५	११२८	०	९०	०	१५८००	०	२६४५	१३१५५	१५८००
	राष्ट्रिय अपाङ्ग सहायता कोष	१	२०६६/६७	१५८००		१९७७	१२६०५	११२८		९०		१५८००		२६४५	१३१५५	१५८००
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२		३६१९००	०	३५८९५५	०	०	०	२९.४५	०	३६१९००	५०५८	३५६८४२	०	३६१९००
	वायुयान सञ्चालन कोष	२	२०६५.६६	३६१,९००		३५८,९५५				२,९४५		३६१,९००	५,०५८	३५६,८४२		३६१,९००
	भौतिक योजना तथा निर्माण मन्त्रालय	१		७१८६	२७७	०	०	६०७७	०	११०९	०	७१८६	२०७	६९७४	५	७१८६

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पूंजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूंजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
	महसुल निर्धारण आयोग	१	२०६६/६७	७१८६	२७७	०	०	६०७७	०	११०९		७१८६	२०७	६९७४	५	७१८६
	रक्षा मन्त्रालय	१		८५२९०	०	०	६५६०५	१००८३	०	९६०२	०	८५२९०	१५६९०	६४३८०	५२२०	८५२९०
	बहु व्यवसाय उद्योग	१	२०६६/६७	८५२९०	०	०	६५६०५	१००८३		९६०२		८५२९०	१५६९०	६४३८०	५२२०	८५२९०
	युवा तथा खेलकुद मन्त्रालय	१	०	२४६४४६	५४८९५	२२०१३९	०	०	०	२६३०७	०	२४६४४६	२०००९	४६८०८	१७९६२९	२४६४४६
	राष्ट्रिय खेलकुद परिषद्	१	२०६५/६६	२४६४४६	५४८९५	२२०१३९				२६३०७		२४६४४६	२०००९	४६८०८	१७९६२९	२४६४४६
	जम्मा:	**९६**	**४,१३३**	**७५०,८१७,९१७**	**१,१७५,७३८**	**७८,३८५,२९६**	**५१,०९०,१६३**	**-४०,१९८,१८९**	**८३,४७१,६६७**	**४७०,४२२,४९३**	**१४,९८२,२४१**	**६५८,१५३,६७१**	**१३३,५९०,०४०**	**२३८,३५७,०२१**	**२८६,२०६,६१०**	**६५८,१५३,६७१**

वासलात तयार गर्ने तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
सञ्चालन नतिजा

(रु हजारमा)

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
१	**संगठित संस्था**		५४७७०४८०	६६६२०७७	८२४०७७५	६९६७३३३२	३३९६६७७८	२००३४६६२	१३०७०४८६	४३९७०६१	४७३४८०२	४०९९०३	७६६१३६९२	-६९४०३६०
	अर्थ मन्त्रालय		१९३६४८५६	३०००	१९६७५४६	२९३३५४०२	६३७७६६९	१०७३९४००	५०२८१०२	५९९२	१४१३०७	५२१८३६	२२८१४३०६	-१४७८९०४
	कर्मचारी सञ्चय कोष	२०६६/६७	६८०५३३५		२५१०२३	७०५६३५८	५२७१८५३	५६३२४	२४३६०७	४५७८	२१६१९	०	५५९७९८१	१४५८३७७
	नेपाल राष्ट्र बैङ्क	२०६६/६७	७३३९१३९	०	१५१२७०४	८८५१८४३	६७८९८२	१०३०२२९६	२६७६४१४	०	५३५३४	०	१३७११२२६	-४८५९३८३
	राष्ट्रिय वाणिज्य बैङ्क	२०६६/६७	५०३५६०६	०	१९४९९३	५२३०५९९	४२६८३४	३५५५३१	२०६८७७०		६४४६३	४७११३९	३३८६७३७	१८४३८६२
	धितोपत्र बोर्ड	२०६६/६७	५७१६६	३०००	८४५०	६८६१६	०	१२१४९	१४८८१	०	१६९१	०	२८७२१	३९८९५
	नागरिक लगानी कोष	२०६६/६६	१२७६१०	०	३७६	१२७९८६	०	१३१००	२४४३०	१४१४		५०६९७	८९६४१	३८३४५
	उद्योग मन्त्रालय		२०२८७७४	०	७०६४५	२०९९४१९	१५९७६७८	१११८३६	२५१७३२	२६०१५८	४६९००१	०	२६९०४०५	-५९०९८६
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२०६५.६६	५५२७५५		१४००७	५६६७६२	४३२५७८	१५८४५	४१२१५	८७००००	२२४६२३		८०१२६१	-२३४४९९
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२०६६.६७	६७५४४७		२१६६७	६९७११४	४१७२३६	१५१८५	४१०५५	८७००००	२२४६२३		७८५०९९	-८७९८५
	नेपाल औषधी लिमिटेड	२०६५.६६	२०५४४		२४४८	२२९९२	४६०४३	४५९९	५८५७५	५७७५६	१४०६		१६८३७९	-१४५३८७
	नेपाल औषधी लिमिटेड	२०६६.६७	९२९३		४९६१	१४२५४	४३२९३	३५४५	२८७९६	१२३६६	१३२२		८९३२२	-७५०६८
	सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	२०६६.६७				०		१२५	७८				२०३	-२०३
	हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)	२०६६.६७			११४७	११४७		६६३१	४२८७				१०९१८	-९७७१
	हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	२०६५.६६	७७०७३५		२६४१५	७९७१५०	६५८५२८	६५९०६	७७७२६	१६०३६	१७०२७		८३५२२३	-३८०७३
	उर्जा मन्त्रालय		१७१६४८१६	०	३०६७६९४	२०२३२५१०	१३१०५३८१	२७१९३२	४४१४७०७	३५८५६९६	२९०४४६६	०	२४२८२१८२	-४०४९६७२
	नेपाल विद्युत प्राधिकरण	२०६६/६७	१७१६४८१६	०	३०६७६९४	२०२३२५१०	१३१०५३८१	२७१९३२	४४१४७०७	३५८५६९६	२९०४४६६	०	२४२८२१८२	-४०४९६७२
	अपर तामाकोशी हाइड्रो पावर कम्पनी लिमिटेड	२०६६/६७				०							०	०
	कृषि तथा सहकारी मन्त्रालय		३९६६३१८	६३५३५४	१४३४१३	४७४५०८५	३५५३८८२	३२३१३३	६५५०५०	१७६५	५२२९२	६२७	४५८६७४९	१५८३३६
	नेपाल कृषि अनुसन्धान परिषद	२०६६/६७	३३७७२	५६४७५०	४३६८	६०२८९०	१०८१२७	१२०५२२	३३६१०१				५६४७५०	३८१४०
	राष्ट्रिय दुग्ध विकास बोर्ड	२०६६/६७	३२	४०००	८३२४	१२३५६	२२००	२०४२	६२०९		११८५		११६३६	७२०
	राष्ट्रिय चिया तथा कफि बोर्ड	२०६६/६७	१९३९	२२०९४	५७१	२४६०४	८८७५	१७३८०					२६२५५	-१६५१
	कमर्सियल एग्रिकल्चर सप्लार्यन्स	२०६६/६७		३४४७३	६४	३४५३७		१५४९३	१८९८०		१९२		३४६६५	-१२८
	कृषि सामग्रि कम्पनी लिमिटेड	२०६६/६७	१५६०८५०	०	९०७७३	१६५१६२३	१३७८३८७	२१६५६	११६४३५	०	१०२९१	०	१५२६७६९	१२४८५४
	राष्ट्रिय वीउ विजन कम्पनी लिमिटेढ	२०६६/६७	१७५४२०	५०००	१०५३६	१९०९५६	१४०१८६	८०२३	३६८९७	८४९	२४९३	६२७	१८९०७५	१८८१
	नेपाल पशु चिकित्सा परिषद्	२०६६/६७	९९६	१७००	२६२	२९५८	०	९९३	१०५०	०	२४०	०	२२८३	६७५
	दुग्ध विकास र्सस्थान	२०६५/६६	२१९३३०९	०	१४९८१	२२०८२९०	१९१६१०७	१३२५४४	१३०६६६	९१६	३६६६६	०	२२१६८९९	-८६०९
	राष्ट्रिय सहकारी विकास बोर्ड	२०६५/६६	०	३३३७	१३५३४	१६८७१	०	४४८०	८७१२	०	१२२५	०	१४४१७	२४५४
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		७५६९३७७	०	३६४३४८	७९३३७२५	४३४५३६३	२७७४६१९	९०९४७६	३६०९४४	८३३७१५	-१४१३३४	९०८२७८३	-११४९०५८
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०६५/६६	२११९६८२	०	२३१६९०	२३५१३७२	१७७५९३	२२५०७९९	३३९७४१	२३७०९१	७७१२१३	-१७५००२	३६०१४३५	-१२५००६३
	नेपाल वायुसेवा निगम	२०६५/६६	५४४९६९५	०	१३२६५८	५५८२३५३	४१६७७७०	५२३८२०	५६९७३५	१२३८५३	६२५०२	३३६६८	५४८१३४८	१०१००५
	भौतिक योजना तथा निर्माण मन्त्रालय		६१४४६४	१३१९५००	१६९८४२	२१०३८०६	१३७४१६३	१२१४७३	३०३५७६	६४०३८	५१४२३	-३४	१९१४६३९	१८९१६७
	ग्रामीण आवास कम्पनी लिमिटेड	२०६६.६७	३०७८९	५०००	१९१२८	५४९१७	१४९५७	५०९९	२५१८०		३६३	-३४	४५५६५	९३५२
	नेपाल खानेपानी संस्थान	२०६५.६६	२४७९०६	०	४१५५४	२८९४६०	१३९६९८	४७७८०	११८३१४	२७५७८	२३५४०		३५६९१०	-६७४५०
	नेपाल खानेपानी संस्थान	२०६६.६७	२६१७००	०	५००७०	३११७७०	१७२८३३	६४१५३	१२९४९८	३६४६०	२६९९०		४२९९३४	-११८१६४

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	२०६६.६७	४३९८	०	२५८६	६९८४	३६७७	४०७९	१७३०३	०	५३०		२५५८९	-१८६०५
	सडक बोर्ड नेपाल	२०६६.६७	६९६७१	१३१४५००	५६५०४	१४४०६७५	१०४२९९८	३६२	१३२८१	०	०	०	१०५६६४१	३८४०३४
	वन तथा भू–संरक्षण मन्त्रालय		३२८२५७	१२०७१३	३१८	४४९२८८	३०५४९३	८९१५५	१०२९९४	३२२२	१०४८	०	५०१९१२	-५२६२४
	नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड					०							०	०
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	२०६६/६७	७२५८०		३१८	७२८९८	४९९२५	१९१०६	९४९६	३२२२	१०४८		८२७९७	-९८९९
	राष्ट्रिय प्रकृति संरक्षण कोष	२०६६/६७	२५५६७७	१२०७१३		३७६३९०	२५५५६८	७००४९	९३४९८				४१९११५	-४२७२५
	वाणिज्य तथा आपूर्ति मन्त्रालय		१५७२५७७	७३७२००	४२४४५	२३५२२२२	१९३६०६८	६०७७९	३०३०८९	६४२३०	११८२१	१२०	२३७६१०७	-२३८८५
	नेपाल खाद्य संस्थान	२०६६/६७	७९८५०६	७३७२००	१६५०१	१५५२२०७	१२८५३३०	२८९०४	१८७८५६	२६९१३	८२१२		१५३७२१५	१४९९२
	नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२०६५/६६	४२०३९	०	१८३६	४३८७५	३६८३	८०००	२१३५४	८३	९८७	१२०	३४२२७	९६४८
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०६५/६६	७३२०३२	०	२४१०८	७५६१४०	६४७०५५	२३८७५	९३८७९	३७२३४	२६२२		८०४६६५	-४८५२५
	शिक्षा मन्त्रालय		८२१७२८	३२८४००४	१७४८२१५	५८५३९४७	७०८१९९	४९६५७३०	१११४०८	३८८७७	१४६०६	०	५८३८८२०	१५१२७
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०६५/६६	७२४९६३		७९६१	७३२९२४	७०८१९९	३६३४२	६७६३१	३८८७७	१४६०६		८६५६५५	-१३२७३१
	उच्च माध्यमिक शिक्षा परिषद्					०							०	०
	नेपाल संस्कृत विश्वविद्यालय	२०६६/६७	०	२५५९९२	११२४८	२६७२४०	०	२५२६३५	०	०	०	०	२५२६३५	१४६०५
	पोखरा विश्वविद्यालय	२०६६/६७	९६७६५	६९२३८	१५४२३	१८१४२६	०	१३१२६३	४३७७७	०	०	०	१७५०४०	६३८६
	त्रिभुवन विश्वविद्यालय	२०६६/६७	०	२९४६६३३	१७१३४७९	४६६०११२	०	४५४०३२०	०	०	०	०	४५४०३२०	११९७९२
	लुम्बिनी बौद्ध विश्वविद्यालय	२०६६/६७		१२१४१	१०४	१२२४५		५१७०	०	०	०	०	५१७०	७०७५
	सामान्य प्रशासन मन्त्रालय		२५५०६	५०६००	१११९८	८७३०४	०	७८७३७	१४७०	०	२२७४	०	८२४८१	४८२३
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०६६/६७	२५५०६	५०६००	१११९८	८७३०४	०	७८७३७	१४७०	०	२२७४	०	८२४८१	४८२३
	सूचना तथा सञ्चार मन्त्रालय		५७८७२९	७५७८८	९१९३९	७४६४५६	२३४०६८	१७१५८७	२३२२४०	२९६९	८१३५०	२८६८८	७५०९०२	-४४४६
	गोरखापत्र संस्थान	२०६४/६५	२२०३९८	०	५३९९	२२५७९७	१३९९३१	४७६२७	३७८२६	२९६९	४९५०	०	२३३३०३	-७५०६
	नेपाल टेलिभिजन	२०६६/६७	२३०५००	१३८	१२७४९	२४३३८७	५८७७१	७३७१६	१२४७८७	०	७०१४७	०	३२७४२१	-८४०३४
	नेपाल दूरसञ्चार प्राधिकरण	२०६६/६७	१११५४७	०	६९३५७	१८८९०४	३५३६६	२१३८४	१७९२२	०	३२६१	२८६८८	१०६६२१	८२२८३
	प्रेस काउन्सिल	२०६६/६७	१३४०	१३६५०	७८५	१५७७५	०	७८९२	६१३५	०	४५८	०	१४४८५	१२९०
	प्रेस काउन्सिल	२०६५/६६	१०२३	१४०००	४५९	१५४८२	०	७४०७	५०३०	०	५७८	०	१३०१५	२४६७
	राष्ट्रिय समाचार समिति	२०६६/६७	५९२१	४८०००	३१९०	५७११११	०	१३५६१	४०५४०	०	१९५६	०	५६०५७	१०५४
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति		१४६५१	१५२६००	१११९९१७	२८७१६८	१३४३	१३१५४५	७१५९५	९०९३	२०३७८	०	२३३९५४	५३२१४
	पशुपति क्षेत्र विकास कोष	२०६६/६७	०	१३७५००	११५७६४	२५३२६४	०	१२९११६	५८५३२	०	१७६४	०	१८९४१२	६३८५२
	साँस्कृतिक संस्थान	२०६६.६७	१४६५१	१५१००	४१५३	३३९०४	१३४३	२४२९	१३०६३	९०९३	१८६१४		४४५४२	-१०६३८
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय		७२०४२७	२८३३१८	४४३२५५	१४४७०००	४२७४७१	१९४७३६	६८५०४७	७७	१५११२१	०	१४५८४५२	-११४५२
	बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०६६/६७	२६२४२१	२१३४२०	४१५१६३	८९१००४	२१३४२०	१२४८३८	५३४८५०		१२०४६८		९९३५७६	-१०२५७२
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०६६/६७	४५८००६	६९८९८	२८०९२	५५५९९६	२१४०५१	६९८९८	१५०१९७	७७	३०६५३	०	४६४८७६	९११२०
२	**समिति**		८२३६०	५८९९१५	९५२३०	७६७५०५	२९९९२४	१९४२०१	८४३९३	१७७	१२०३०	०	५९०७२५	१७६७८०
	कानून तथा न्याय मन्त्रालय		१४८०७	०	६७२४	२१५३१	३५६९	९६११	१५३८७	०	१४३०	०	२९९९७	-८४६६
	कानून किताब व्यवस्था समिति	२०६६.६७	१४८०७		६७२४	२१५३१	३५६९	९६११	१५३८७		१४३०		२९९९७	-८४६६
	कृषि तथा सहकारी मन्त्रालय		२७६५३	१९६१२	४५८९७	९३१६२	३२५९३	१८७९६	२१४९२	१७७	५३५३	०	७८४११	१४७५१
	कालिमाटी फलफुल विकास समिति	२०६६/६७			३८६१३	३८६१३		७६१६	१२७३७		२७६८		२३१२१	१५४९२
	कपास विकास समिति	२०६६/६७	२८७८	१४६१२	७२१७	२४७०७	८७३३	८२६५	५३४६		२४६२		२४८०६	-९९

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	पशु आहारा उत्पादन	२०६६/६७	२४७७५	५०००	६७	२९८४२	२३८६०	२९१५	३४०९	१७७	१२३		३०४८४	-६४२
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		३९९००	४१६००	५५०५	८७००५	१५३७९	१३५७९	१३३०१	०	५१४६	०	४७४०५	३९६००
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	२०६६/६७	३९९००	४१६००	५५०५	८७००५	१५३७९	१३५७९	१३३०१	०	५१४६	०	४७४०५	३९६००
	वातावरण मन्त्रालय		०	८५७५	२३५२६	३२९०१	३९८८	६२८	३५८७	०	०	०	८२०३	२३८९८
	संयुक्त राष्ट्रसंघ पार्क विकास समिति	**२०६६/६७**		७५७५	४५९	८०३४	३९८८	४५९	३५८७	०	०	०	८०३४	०
	वातावरण संरक्षण कोष	**२०६६/६७**	०	१०००	२३०६७	२४०६७	०	१६९	०	०	०	०	१६९	२३८९८
	भौतिक योजना तथा निर्माण मन्त्रालय		०	५२०१२८	२४९२	५२२६२०	२४४३९५	१४८६७५	२७८८४	०	७०	०	४२१०२४	१०१५९६
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	२०६६/६७	०	५२०१२८	२४९२	५२२६२०	२४४३९५	१४८६७५	२७८८४	०	७०	०	४२१०२४	१०१५९६
	शिक्षा मन्त्रालय		०	०	११०८६	११०८६	०	२९१२	२७४२	०	३१	०	५६८५	५४०१
	स्वप्न बगैचा विकास समिति	२०६६/६७	०	०	११०८६	११०८६	०	२९१२	२७४२	०	३१	०	५६८५	५४०१
३	**अन्य संस्था:**		५७५२०	४९७३०८	७६८८०९	१३२३६३७	६५४९६९	२१३७३२	२६४६	०	३५१४	११४५	८७६००६	४४७६३१
	कृषि तथा सहकारी मन्त्रालय		१२३४१	०	६६६	१३००७	११८२६	२०२	०	०	०	०	१२०२८	९७९
	पशु विकास फार्म पोखरा (दोहोरो मार्ग)	२०६६/६७	८७५०	०	६५२	९४०२	९०००	०	०	०		०	९०००	४०२
	मत्स्य विकास केन्द्र हेटौडा (दोहोरो मार्ग)	२०६६/६७	७७६			७७६	५१३	६१					५७४	२०२
	दुग्ध उत्पादन	२०६६/६७	२८१५		१४	२८२९	२३१३	१४१	०	०	०	०	२४५४	३७५
	गृह मन्त्रालय		५३०	०	७५२०१४	७५२५४४	४२१७०१	१६४६१	०	०	२७०२	११४५	४४२००९	३१०५३५
	प्रहरी कल्याण कोष	२०६६/६७	०	०	७३६१८४	७३६१८४	४०६५३१	२५१७	०	०	२७०२	०	४११७५०	३२४४३४
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	२०६६/६७	५३०	०	१५८३०	१६३६०	१५१७०	१३९४४	०	०	०	११४५	३०२५९	-१३८९९
	भौतिक योजना तथा निर्माण मन्त्रालय		०	१८००	८३३०	१०१३०	०	१८१६	१११११	०	६९	०	२९९६	७१३४
	खानेपानी महसुल निर्धारण आयोग	२०६६/६७	०	१८००	८३३०	१०१३०	०	१८१६	१११११	०	६९	०	२९९६	७१३४
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय		२६४३	५००	३६३०	६७७३	०	५१५८	१५३५	०	०	०	६६९३	८०
	राष्ट्रिय अपाङ्ग कोष	२०६६/६७	२६४३	५००	३६३०	६७७३	०	५१५८	१५३५	०	०	०	६६९३	८०
	युवा तथा खेलकुद		३८२३	४९५००८	६४०	४९९४७१	१९१०९४	१८९५५७	०	०	०	०	३८०६५१	११८८२०
	राष्ट्रिय खेलकुद परिषद्	२०६५/६६	३८२३	४९५००८	६४०	४९९४७१	१९१०९४	१८९५५७	०	०	०	०	३८०६५१	११८८२०
	रक्षा मन्त्रालय		३८१८३	०	३५२९	४१७१२	३०३४८	५३८	०	०	७४३	०	३१६२९	१००८३
	बहु व्यवसाय उद्योग	२०६६/६७	३८१८३	०	३५२९	४१७१२	३०३४८	५३८	०	०	७४३	०	३१६२९	१००८३
	जम्मा:		५४९१०३६०	७७४९३००	९१०४८१४	७१७६४४७४	३४९२१६७१	२०४४२५९५	१३१५७५२५	४३९७२३८	४७५०३४६	४११०४८	७८०८०४२३	-६३१५९४९

आय–व्यय हिसाब तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	संगठित संस्था	**२०**		**१३३८०९१२**	**१९६०००९**	**५१२५७८०**	**१०६०३९६**	**२४६९७९६**	**९१७७४९६**	**१२७०७६८८**	**८०२५८८**	**२११४४५९**	**३४२८६३**	**८०३५६३३**	**११२९५५४३**	**१४१२१४५**	**६५३७९२५**
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१		७४२४२	०	३७२७२	०	८७९४	२८१७६	३६९७०	०	८७९४	०	२७८१	११५७५	२५३९५	६२६६७
	नेपाल ट्रष्टको कार्यालय	१	२०६६/६७	७४२४२	०	३७२७२	०	८७९४	२८१७६	३६९७०	०	८७९४	०	२७८१	११५७५	२५३९५	६२६६७
	अर्थ मन्त्रालय	१		२८०६८५	१७१४	३३७३५९	११७६९४	०	८४५११	२०२२०५	०	२३४११	२१४६१	३३६०८	७८४८०	१२३७२५	४६१०८४
	बीमा समिति	१	२०६६/६७	२८०६८५	१७१४	३३७३५९	११७६९४	०	८४५११	२०२२०५	०	२३४११	२१४६१	३३६०८	७८४८०	१२३७२५	४६१०८४
	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२		२४७१२४	०	१५९०२९५	१५२२८२	०	०	१५२२८२	५१०३४	४३८०८	०	०	९४८४२	५७४४०	१६४७७३५
	गुठी संस्थान	२	२०६६/६७	२४७१२४	०	१५९०२९५	१५२२८२			१५२२८२	५१०३४	४३८०८			९४८४२	५७४४०	१६४७७३५
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	१		२०६९११	६३४०	२०८६४१	०	१७५००	९५१२२	११२६२२	०	४२५०४	४९९५७	१८२८	९४२८९	१८३३३	२२६९७४
	समाज कल्याण परिषद्	१	२०६६/६७	२०६९११	६३४०	२०८६४१		१७५००	९५१२२	११२६२२	०	४२५०४	४९९५७	१८२८	९४२८९	१८३३३	२२६९७४
	शिक्षा मन्त्रालय	३		६५०१९६१	८४८२९१	२०१२०४९	०	०	८६५७७८३	८६५७७८३	०	०	०	७८६३५०१	७८६३५०१	७९४२८२	२८०६३३१
	उच्च माध्यमिक शिक्षा परिषद्	१	२०६६/६७	१८१७४१०	५७८८०४	६०३८०८	०	०	१२१३६०२	१२१३६०२	०	०	०	१२००६२८	१२००६२८	१२९७४	६१६७८२
	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद	१	२०६६/६७	३८३६५३१	२३०७३७	९७२९०७	०	०	२८६३६२४	२८६३६२४	०	०	०	२५०७८३५	२५०७८३५	३५५७८९	१३२८६९६
	विश्वविद्यालय अनुदान आयोग	१	२०६६/६७	८४८०२०	३८७५०	४३५३३४	०	०	४५८०५५७	४५८०५५७	०	०	०	४१५५०३८	४१५५०३८	४२५५१९	८६०८५३
	युवा तथा खेलकुद मन्त्रालय	२		२४६४४६	५४८९५	०	३८२३	४९५००८	६४०	४९९४७१	१९१०९४	१८९५५७	०	०	३८०६५१	११८८२०	११८८२०
	राष्ट्रिय खेलकुद परिषद्	२	२०६५/६६	२४६४४६	५४८९५	०	३८२३	४९५००८	६४०	४९९४७१	१९१०९४	१८९५५७	०	०	३८०६५१	११८८२०	११८८२०
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	३		६२९०२१	९४२६२	२५९९८६	०	२०९८४१	११२१७२	३२२०१३	०	१६५१७१	१२२८१०	८६८०	२९६६६१	२५३५२	२८५३३८
	नेपाल प्रज्ञाप्रतिष्ठान	१	२०६६/६७	२२२०७१	१८१७०	४७३५१	०	६७०९७	४९०५२	११६१४९	०	१९०५८	७५२५०	१२६६	९५५७४	२०५७५	६७९२६
	वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्	१	२०६६/६७	१०५३८१	३५४६	६७१५	०	२४४००	२८४५४	५२८५४	०	४१२६८	३८७६	७३८३	५२५२७	३२७	७०४२
	लुम्बिनी विकास कोष	१	२०६६/६७	३०१५६९	७२५४६	२०५९२०	०	११८३४४	३४६६६	१५३०१०	०	१०४८४५	४३६८४	३१	१४८५६०	४४५०	२१०३७०
	सूचना तथा सञ्चार मन्त्रालय	१		३८६९९	४५३	९७४९	७०६०	१०००००	११८९०	२८९५०	६०५६	२३९९	५५०३	११५७	१५११५	१३८३५	२३५८४
	चलचित्र विकास बोर्ड	**१**	२०६६/६७	३८६९९	४५३	९७४९	७०६०	१०००००	११८९०	२८९५०	६०५६	२३९९	५५०३	११५७	१५११५	१३८३५	२३५८४
	स्थानीय विकास मन्त्रालय	२		१३४७३०९	५८९४६०	३०५३०	०	६३८५२१	३७६९८	६७८२१९	०	६४२००४	३९४७	२५१३७	६७१०८८	५१३१	३५६६१
	फोहोर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र	१	२०६६/६७	१२४१३५१	५८७२४३	१५३२१	०	६१४०००	५३४६	६१९७४६	०	६१८००४	३१८७	४१४	६२१६०५	-१८५९	१३४६२
	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	१	२०६६/६७	१०५९५८	२२१७	१५२०९	०	२४१२१	३२३५२	५६४७३	०	२४०००	७६०	२४७२३	४९४८३	६९९०	२२१९९
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४		३८०८५१४	३६४५९४	६३९८९९	७७९५३७	१०९०१३२	१४९५०४	२०१९१७३	५५४४०४	९९६८११	१३९१८५	९८९४१	१७८९३४१	२२९८३२	८६९७३१
	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१	२०६६/६७	७४७६०	९७	२२५९४	१५४२२	२३९८०		३९४०२	११३७८	२३९८०			३५३५८	४०४४	२६६३८
	वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१	२०६६/६७	९१५८९०	७६६६८	३७३२१९	६२४९५	३१०३३०	१२६३६३	४९९१८८	५३५६८	२२०९११	१३९१८५	३०३८	४१६७०२	८२४८६	४५५७०५
	शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र	१	२०६६/६७	१४५६४३२	१४०३	१५९७८६	४७५८००	३०८३००	१७८३९	८०१९३९	२५६०५१	३०८३००		९११४२	६५४४९३	१४७४४६	३०७२३२
	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)	१	२०६६/६७	१३६१४३२	२८६४२६	८४३००	२२५८२०	४४७५२२	५३०२	६७८६४४	२३४४०७	४४३६२०		४७६१	६८२७८८	-४१४४	८०१५६
	समिति:	**३७**		**८४९७५४९**	**३२५०९१**	**२३३०००१**	**१७८१७४०**	**१७८४९६५**	**८४४६१५**	**४४११५८९**	**१११३८२१**	**२१०५०३८**	**४७११०९**	**३८०५४९**	**४०७०५१७**	**३४०४०१**	**२६७०८७४**
	कृषि तथा सहकारी मन्त्रालय	१		३९९५७	२१०८	२६९	२९९०	१४००	४५	४७०४	१९२१	२८७	१८१७	८	४०३३	०	६७१
	चन्द्र डांगी दुग्ध विकास समिति	१	२०६६/६७	३९९५७	२१०८	२६९	२९९०	१४००	४५	४७०४	१९२१	२८७	१८१७	८	४०३३	०	६७१
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	४		७८७१४	३६८०	११०७०	०	३६३१२	१२५८	३७५७०	३३४७५	४४३८	१९८८८	१२४३	४११४४	-३५७४	७४९६
	खप्तड क्षेत्र पर्यटन विकास समिति	१								०					०	०	०
	पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	१	२०६६/६७	१०७८०	०	३६	०	५८६२	९८	५९६०	३८०	३३२८	१०३७	७५	४८२०	११४०	११७६
	रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति	१	२०६६/६७	११९११	०	७१७	०	६०५०	०	६०५०	५०००	४२०	३८०	६१	५८६१	१८९	९०६
	राष्ट्रिय ताल संरक्षण विकास समिति	१	२०६६/६७	५६०२३	३६८०	१०३१७	०	२४४००	११६०	२५५६०	२८०९५	६९०	५७१	११०७	३०४६३	-४९०३	५४१४
	भौतिक योजना तथा निर्माण मन्त्रालय	४		११६२४४८	२८३२०	५०२६४९	४५४०००	०	१७४८१०	६२८८१०	२५०४४४	६८४४१	४६५९५	१६८१५७	५३३६३७	९५१७३	५९७८२२
	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१	२०६६/६७	१४१२७९	१८५९	१५२५१९	७०१०८	०	१८२५६	८८३६४	१९०२	२०२०३	१४९७६	१५८३३	५२९१४	३५४५०	१८७९६९
	सिंहदरबार सचिवालय पुन:निर्माण समिति	१	२०६६/६७	१	०	६३	०	०	१	१	०	०	०	०	०	१	६४
	अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति	१	२०६६/६७	५६४	०	१३००			१५४	१५४				४१०	४१०	-२५६	१०४४
	नगर विकास समितिहरु	१	२०६६/६७	१०२०६०४	२६४६१	३४८७६७	३८३८९२	०	१५६३९९	५४०२९१	२४८५४२	४८२३८	३१६१९	१५१९१४	४८०३१३	५९९७८	४०८७४५
	रक्षा मन्त्रालय	१		१७४७३४	९०५९	११४५२२	६७०००	०	७६९७	७४६९७	३१८८९	४३९०९	०	२४२३९	१०००३७	-२५३४०	८९१८२
	नेपाली सैनिक विमान सेवा, व्यापारिक उड्डान विकास समिति	१	२०६६/६७	१७४७३४	९०५९	११४५२२	६७०००	०	७६९७	७४६९७	३१८८९	४३९०९	०	२४२३९	१०००३७	-२५३४०	८९१८२
	वन मन्त्रालय	**१**		**३१०५२२**	**०**	**२७०२४**	**१३४९४२**	**०**	**१७०६७**	**१५२००९**	**५९५२९**	**६९४०८**	**११२२०**	**१८३५६**	**१५८५१३**	**-६५०४**	**२०५२०**
	वन पैदावार विकास समिति	१	२०६६/६७	३१०५२२		२७०२४	१३४९४२	०	१७०६७	१५२००९	५९५२९	६९४०८	११२२०	१८३५६	१५८५१३	-६५०४	२०५२०
	वाणिज्य तथा आपूर्ति मन्त्रालय	२		३८०६९८	१४७०७	२३०५९४	१०२९१७	३८८१५	९१७२	१५०१०४	३०३६०	२३३०३	२३८६६	१८१३८	९५६७	५४४३७	२८५०३१
	नेपाल इन्टरमोडल यातायात विकास समिति	१	२०६६/६७	१७०२२३	२७०१	१०६१०३	१६१५८	३८८१५	९१४७	६४१२०	२३७९३	१८७१०	२०१०५	१८१३८	८०७४६	-१६६२६	८९४७७
	व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र	१	२०६६/६७	२१०४७५	१२००६	१२४४९१	८५९५९	०	२५	८५९८४	६५६७	४५९३	३७६१	०	१४९२१	७१०६३	१९५५५४
	वातावरण मन्त्रालय	१		१५६२४	२४१	१३२	०	७५७५	३२७	७९०२	३९८८	०	३५८७	१४७	७७२२	१८०	३१२

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	संयुक्त राष्ट्र संघ पार्क विकास समिति	१	२०६६/६७	१५६२४	२४१	१३२	०	७५७५	३२७	७९०२	३९८८	०	३५८७	१४७	७७२२	१८०	३१२
	विज्ञान तथा प्रविधि मन्त्रालय	१		३५२६९	२९	९२११	०	१५७०५	२८५९	१८५६४	०	९५४२	७१६३	०	१६७०५	१८५९	११०७०
	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	१	२०६६/६७	३५२६९	२९	९२११	०	१५७०५	२८५९	१८५६४	०	९५४२	७१६३	०	१६७०५	१८५९	११०७०
	सामान्य प्रशासन मन्त्रालय	१		२४१०५०	१६२८९	२२२३९९	१३१९५	१२३०००	२२५३	१३८४४८	०	१०१३४८	०	७९५	१०२१४३	३६३०५	२५८७०४
	निजामती कर्मचारी अस्पताल	१	२०६६/६७	२४१०५०	१६२८९	२२२३९९	१३१९५	१२३०००	२२५३	१३८४४८	०	१०१३४८	०	७९५	१०२१४३	३६३०५	२५८७०४
	सूचना तथा सञ्चार मन्त्रालय	१		३६५७८१	१३६६१	१६१८०४	२०६५३३	१०२०००	४६४	३०८९९७	५६५७०	३४५४१	१२५६६५	१०१२	२१७७८८	९१२०९	२५३०१३
	रेडियो प्रसार सेवा विकास समिति	१	२०६६/६७	३६५७८१	१३६६१	१६१८०४	२०६५३३	१०२०००	४६४	३०८९९७	५६५७०	३४५४१	१२५६६५	१०१२	२१७७८८	९१२०९	२५३०१३
	संघीय मामिला, संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालय	७		७५३००	३७७१	१३९२८	०	१०२५०	२३६३२	३३८८२	०	२२२६७	९६९७	२३०५	३४२६९	-३८७	१३५४१
	पाथिभरा क्षेत्र विकास समिति	१	२०६६/६७	१६५०	१०५	५४	०	८००	१	८०१	०	८५०	०	०	८५०	-४९	५
	हलेसी महादेव स्थान विकास समिति	१								०					०	०	०
	बौद्धनाथ क्षेत्र विकास समिति	१	२०६६/६७	३५७१२	९४४	३५६२	०	२००	१३६७१	१३८७१	०	१०९१६	२९४४	८५८	१४७१८	-८४७	२७१५
	बुढानिलकण्ठ क्षेत्र विकास समिति	१	२०६६/६७	२६०८	१०	३६	०	८००	५२८	१३२८	०	४१८	८६२	०	१२८०	४८	८४
	मनकामना क्षेत्र विकास समिति	१	२०६६/६७	४२१०	२४७	१७१	०	८००	१३९६	२१९६	०	१३९०	५९७	०	१९८७	२०९	३८०
	पाटन संग्राहलय विकास समिति	१	२०६६/६७	१३९७९	०	९६०८	०	१५०	७०५६	७२०६	०	३२४७	३५२६	०	६७७३	४३३	१००४१
	देवघाट क्षेत्र विकास समिति	१	२०६६/६७	१७१४१	२४६५	४९७	०	७५००	९८०	८४८०	०	५४४६	१७६८	१४४७	८६६१	-१८१	३१६
	शिक्षा मन्त्रालय	१		२६२३७	९८१	२१२०३	०	०	६००४	६००४	०	०	०	१७५४२	१७५४२	-११५३८	९६६५
	विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१	२०६६/६७	२६२३७	९८१	२१२०३	०	०	६००४	६००४	०	०	०	१७५४२	१७५४२	-११५३८	९६६५
	स्थानीय विकास मन्त्रालय	२		१०७५३५६	९५२८३	४५४३७९	०	०	५४१३७५	५४१३७५	०	५३३९८१	०	०	५३३९८१	७३९४	४६१७७३
	स्थानीय विकास कोष	१	२०६६/६७	१०४२१२२	९५२७१	४३७८५५	०	०	५२५१८९	५२५१८९	०	५१६९३३	०	०	५१६९३३	८२५६	४४६१२१
	स्थानीय विकास कोष	१	२०६५/६६	३३२३४	१२	१६५१४	०	०	१६१८६	१६१८६	०	१७०४८	०	०	१७०४८	-८६२	१५६५२
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१०		४५१५८५९	१३६९६२	५६०८८७	८००९६३	१४४९९०८	५७६५२	२३०८५२३	६४५६४५	११९३५७३	२३९५११	१२८६०७	२२०७३३६	१०११८७	६६२०७४
	किटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति	१	२०६६/६७	२८०३६	०	१७६	४१५	१३५९४		१४००९	३६०	१३५९४		७३	१४०२७	-१८	१५८
	सिंहदरबार वैद्यखाना विकास समिति	१	२०६६/६७	८२७२२	६९५	१३५३०७	२०५९०	३५००	७८८४	३१९७४	१४८५२	३५००		३२३९६	५०७४८	-१८७७४	११६५३३
	मानसिक अस्पताल	१	२०६६/६७	६७२६३	१२०२	३६७५	१८१२	३०९८९	८९७	३३६९८	२३०८	३०३९२		८६५	३३५६५	१३३	३८०८
	क्षेत्रीय अस्पताल विकास समिति – २	१	२०६६/६७	४५९५८५	१२३४३	१०९०५	७३७५४	१६०००८	४२१४	२३७९७६	५७८४५	१४४००८	१८८७५	८८१	२२१६०९	१६३६७	२७२७२
	अञ्चल अस्पताल विकास समिति – ११	१	२०६६/६७	१७५५१०९	५४६४३	३६३२४	३२४४०६	५७८८७५	२१०१८	९२४२९९	२२९०८३	५१२८०१	१५७५०	७३१७६	८३०८१०	९३४८९	१२९८१३
	कान्ति बाल अस्पताल विकास समिति	१	२०६६/६७	३७१५३८	४६३४	४३१३५	७५२१५	११२४०९	२७७६	१९०४००	६६४६८	११२४०९		२२६१	१८११३८	९२६२	५२३९७
	परोपकार तथा स्त्री रोग अस्पताल विकास समिति	१	२०६६/६७	६१०६८७	२१७९१	२०२२३८	६५५०२	२३२५३४	५७९२	३०३८२८	९४१३६	६१४०७	१४७८१२	३५०४	३०६८५९	-३०३१	१९९२०७
	शुक्राज टुपिकल तथा सरुवा रोग अस्पताल	१	२०६६/६७	९८५७६	०	५२८७	३४४१	४४९५३	२३२	४८६२६	४९००	४४९५३		९७	४९९५०	-१३२४	३९६३
	अस्पताल विकास समिति–६०	१	२०६६/६७	९८५४३४	३६९००	१२२९०६	२३३८७६	२४६६८४	१४५२६	४९५०८६	१७४२४३	२४४१९९	५७०७४	१४८३२	४९०३४८	४७३८	१२७६४४
	आयुर्वेद औषधालय नरदेवी	१	२०६६/६७	५६९०९	४७५४	९३४	१९५२	२६३६२	३१३	२८६२७	१४५०	२६३१०		५२२	२८२८२	३४५	१२७९
	अन्य संस्था	५१	०	१९६४५६६९	९३६४०२	१९६७५०६४	७६५१२३७	३५०४४४८	९२६४४३	१२११७९८९	२९९१३३७	४२०१९१९	१५९७९९	१२८९०१५	८६४२०७०	३४३८०३५	२३११५१२२
	व्यवस्थापिका–संसद सचिवालय	०		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	संसद विकास कोष						०	०	०	०	०				०	०	०
	अर्थ मन्त्रालय	१		८६३७१४	०	४८८००६	०	३५५०००	२८९९८०	६४४९८०	०	०	८९१	१५९८४६	१६०७३७	४८४२४३	९७२२४९
	युवा स्वरोजगार कोष	१	२०६६/६७	८६३७१४	०	४८८००६	०	३५५०००	२८९९८०	६४४९८०	०	०	८९१	१५९८४६	१६०७३७	४८४२४३	९७२२४९
	उद्योग मन्त्रालय	८		२१७९५९	६०३१८.००	१६३६२२.००	१५०१६.००	३९३१९.००	०.००	५४३३५	०.००	११५४४४	३३३३८	११५००	१६०७३२	-१०५९७७	५७६४५
	हस्तकला प्रवर्द्धन ललितपुर	१	२०६६/६७	३५३५	१७	२५८९	०	९४६	०	९४६	०	२९१७	०	०	२९१७	-१९७१	६१८
	केन्द्रीय कारागार कोष	१	२०६६/६७	१६८९७	२८५०	१४४२४	२४७२	०	०	२४७२	०	१६०२	०	०	१६०२	८७०	१५२९४
	घरेलु लघु कर्जा प्रवाह	१	२०६६/६७	८५१०१	३६३२०	५५०००	०	३०१००	०	३०१००	०	८५०९९	०	०	८५०९९	-५४९९९	१
	घरेलु विभाग अन्य कोष	१	२०६६/६७	५०४१६	१९६९३	४२१४३	०	८२७३	०	८२७३	०	२५८२४	०	०	२५८२४	-१७५५१	२४५९२
	कारागार कोष पाल्पा	१	२०६६/६७	२२५	०	२२५	०	०	०	०	०	२	०	०	२	-२	२२३
	घरेलु समिति प्रधान कार्यालय घर जग्गा सापटी कोष	१	२०६६/६७	१८३३६	०	१७८५०	४८६	०	०	४८६	०	०	१६९५२	०	१६९५२	-१६४६६	१३८४
	घरेलु समिति प्रधान कार्यालय ऋण लगानी कोष	१	२०६६/६७	१८५२६	१२०४	१७९७६	५५०	०	०	५५०	०	०	१६४१६	०	१६४१६	-१५८६६	२१९०
	घरेलु समिति प्रधान कार्यालय घुम्ती कोष	१	२०६६/६७	२४९२३	२३४	१३४१५	११५०८	०	०	११५०८	०	०	०	११५००	११५००	८	१३४२३
	कानून तथा न्याय मन्त्रालय	२		३८६०	०	१९३५	०	१८००	१२५	१९२५	०	०	१८००	०	१८००	१२५	२०६०
	केन्द्रीय कानून पुस्तकालय विकास समिति	१	२०६६/६७	१९८०	०	१६६	०	१८००	१४	१८१४	०	०	१८००	०	१८००	१४	१८०
	मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१	२०६६/६७	१८८०	०	१७६९	०	०	१११	१११	०	०	०	०	०	१११	१८८०
	कृषि तथा सहकारी मन्त्रालय	४		४११४४	७	३५८६१	५२८३	०	०	४११४४	३१६०	१००	०	०	३२६०	०	३७८८४
	कृषि सुचना तथा सञ्चार केन्द्र	१	२०६६/६७	११८७	७	७८२	४०५			११८७	१४६				१४६	०	१०४९
	पशु विकास फर्म पोखरा कार्य सञ्चालन कोष	१	२०६६/६७	३८१६१	०	३३५२४	४६३७			३८१६१	२५००				२५००	०	३५६६१
	कृषि अनुसन्धान तथा विकास कोष (कार्य सञ्चालन कोष)	१	२०६६/६७	९२७	०	९२७	०	०	०	९२७	०	०	०	०	०	०	९२७
	उष्ण प्रदेशिय बागवानी दोहोरामार्ग, सर्लाही	१	२०६६/६७	८६९	०	६२८	२४१	०		८६९	५१४	१००			६१४	०	२५५
	गृह मन्त्रालय	४		३०९८०६८	२५६०७	१०९५८१२	०	१९२९५७२	७२६८४	२००२२५६	२२०७८५३	११७७४	४५०	०	२२२००७७	-२१७८२१	८७७९१९

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	केन्द्रीय कारागार अस्पताल तथा प्रहरी सर्जनको कार्यालय	१								०					०	०	०
	केन्द्रीय दैवी प्रकोप उद्धार समिति	१	२०६६/६७	१६६४०८१	१५०१२	९६१५७६	०	७०००००	२५०५	७०२५०५	१२२१२१०	११७७४	४५०	०	१२३३४३४	-५३०९२९	४३०६४७
	क्षेत्रीय दैवी प्रकोप उद्धार समिति	१	२०६६/६७	३३४६	०	३२६६	०	०	८०	८०	३९०	०	०	०	३९०	-३९०	२९५६
	जिल्ला दैवी प्रकोप उद्धार समिति	१	२०६६/६७	१४३०६४१	१०५९५	१३०९७०	०	१२२९५७२	७००९९	१२९९६७१	९८६२५३	०	०	०	९८६२५३	३१३४१८	४४४३८८
	सिंचाई मन्त्रालय	१		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	सतह सिंचाई वातावरण तथा यान्त्रिक व्यवस्थापन महाशाखा, कार्य सञ्चालन कोष	१								०					०	०	०
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१		४६०५७	१०२७	६३३५	०	२०००००	०	२०००००	०	२६०५७	०	०	२६०५७	-६०५७	२७८
	नेपाल पर्यटन वर्ष २०११ को सचिवालय	१	२०६६/६७	४६०५७	१०२७	६३३५	०	२०००००	०	२०००००	०	२६०५७	०	०	२६०५७	-६०५७	२७८
	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	कमैया ऋण मोचन कोष	१	२०६६/६७							०					०	०	०
	भौतिक योजना तथा निर्माण मन्त्रालय	४		२०१००	४८५	२७४४५	६३८२	०	१०००	७३८२	९४९	४००३	३२०	७४४७	१२७१९	-५३३७	२२१०८
	कार्य सञ्चालन कोष (सडक विभाग यान्त्रिक महाशाखा)	१								०					०	०	०
	केन्द्रीय जनसाधन विकास इकाई (चक्र कोष)	१								०					०	०	०
	जग्गा विकास चक्रकोष	१	२०६६/६७	८०७०	०	२०४०५	७०	०	१०००	१०७०	०	०	०	७०००	७०००	-५९३०	१४४७५
	दक्षिणकाली क्षेत्र विकास प्रबन्ध समिति	१	२०६६/६७	१२०३०	४८५	७०४०	६३१२	०	०	६३१२	९४९	४००३	३२०	४४७	५७१९	५९३	७६३३
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	२		२४९३	९	९२८३	०	२६७	१६२९	१८९६	०	३६५	२०३	२९	५९७	१२९९	१०५८२
	वृद्ध कल्याण कोष	१	२०६६/६७	१४७१	०	५१०४	०	०	१३०२	१३०२	०	७८	९१	०	१६९	११३३	६२३७
	राष्ट्रिय स्वास्थ्योपचार सहायता कोष	१	२०६६/६७	१०२२	९	४१७९	०	२६७	३२७	५९४	०	२८७	११२	२९	४२८	१६६	४३४५
	रक्षा मन्त्रालय	५		१२३०३१३७	५२८८१९०	१६१६५३७३	७५१२१८४	८४७	२३३६९०	७७४६७२१	६८०७६२	३५७८१८३	१११९२२१	१७८२४९	४५५६४१५	३१९०३०६	१९३५५६७९
	नेपाली सैनिक, कल्याणकारी कोष	१	२०६६/६७	१२०२९०३०	५२१९८५	१६१११९४०१	७४३५८९८	०	१७०५६३	७६०६४६१	६१८८८६	३५७१८७२	११७५१७	११४२९४	४४२२५६९	३१८३८९२	१९३०३२९३
	स्वयम्भु बारुदखाना	१	२०६६/६७	६९२५५	६२०५	१३२२५	३२८०६	०	२६०	३३०६६	३५६०७	५८२	०	०	३६१८९	-३१२३	१०१०२
	वीरेन्द्र अस्पताल, छाउनी अस्पताल मेन्टिनेन्स फण्ड	१	२०६६/६७	१५००	०	१११२६	४१०	०	०	४१०	८९१	१९९	०	०	१०९०	-६८०	४४६
	बसुन्धरा क्यान्टिन	१	२०६६/६७	१५६१८१	०	१२०५१	१२१६४	८४७	६०९०८	७३९१९	१५०६६	१५३७	१७०४	६३९५५	८२२६२	-८३४३	३७०८
	सुनाचुरी इमल्सन प्लाण्ट	१	२०६६/६७	४७१७१	०	१९५७०	३०९०६	०	१९५९	३२८६५	१०३१२	३९९३	०	०	१४३०५	१८५६०	३८१३०
	वन तथा भू–संरक्षण मन्त्रालय	१		१८३४७७	२७७	१८७७४	१०३६९९	०	०	१०३६९९	७१२४२	६०१२	१०११	१५१३	७९७७८	२३९२१	४२६९५
	जिल्ला वन पैदावार आपूर्ति समिति	१	२०६६/६७	१८३४७७	२७७	१८७७४	१०३६९९	०	०	१०३६९९	७१२४२	६०१२	१०११	१५१३	७९७७८	२३९२१	४२६९५
	वातावरण मन्त्रालय	१		१५४६	०	२२६९०	०	१०००	३७७	१३७७	१०	१०२	०	५७	१६९	१२०८	२३८९८
	वातावरण संरक्षण कोष	१	२०६६/६७	१५४६	०	२२६९०	०	१०००	३७७	१३७७	१०	१०२	०	५७	१६९	१२०८	२३८९८
	शिक्षा मन्त्रालय	३		४५९४९२	२७५८०	२८८७५९	०	२९६९२०	३२६५६७	०	०	०	२०९९१७	२०९९१७	१११६५०	४०५४०९
	जिल्ला शिक्षा कोष	१	२०६६/६७	४०२५३२	२७५८०	११४८०३	०	०	२८७७२९	२८७७२९	०	०	०	१९१७९६	१९१७९६	९५९३३	२१०७३६
	उच्च प्राविधिक शिक्षा तथा प्रवर्द्धन समिति	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	छात्रा शिक्षा कोष	१	२०६६/६७	२९४७८	०	१६२७३	०	२०००००	९१९९	२९१९९१	०	०	०	२८७	२८७	२८९०४	१९१६१७
	यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१	२०६६/६७	२७४८२	०	११२४३	०	९६४७	०	९६४७	०	०	०	१७८३४	१७८३४	-८१८७	३०५६
	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	३		८०९७१	२१५४७	०	०	५०००००	२१	५००२१	०	२८७६८	२१८२	०	३०९५०	१९०७१	१९०७१
	नेपाल ललितकला संस्था	१	२०६६/६७	४४५१९	७६०९	०	०	२५०००	२१	२५०२१	०	१८११०	१३८८	०	१९४९८	५५२३	५५२३
	नेपाल संगित तथा नाट्य प्रतिष्ठान	१	२०६६/६७	३६४५२	१३५४८	०	०	२५०००	०	२५०००	०	१०६५८	७९४	०	११४५२	१३५४८	१३५४८
	राष्ट्रिय अभिलेखालय, कार्य सञ्चालन कोष	१								०					०	०	०
	सूचना तथा सञ्चार मन्त्रालय	६		४८९१४	०	९१०६२०	४८०२	०	०	४८०२	२२	०	०	१४३४२	१४३६४	-९५६२	९०१०५८
	मुद्रण विभाग कार्य सञ्चालन कोष	१								०					०	०	०
	गोश्वरा हुलाक	१	२०६६/६७	२२	०	२२	०	०	०	०	२२	०	०	०	२२	-२२	०
	एकद्वार समिति	१	२०६६/६७	१८५६८	०	१८५६८	०	०	०	०	०	०	०	५१४२	५१४२	-५१४२	१३४२६
	केन्द्रीय धनादेश	१	२०६६/६७	३०३२४	०	३६६१५	४८०२	०	०	४८०२	०	०	०	९२००	९२००	-४३९८	३२२१७
	धनादेश जिल्लास्तर	१								०					०	०	०
	हुलाक बचत बैङ्क	१	२०६६/६७	०	०	८५५४१५	०	०	०	०	०	०	०	०	०	०	८५५४१५
	सामान्य प्रशासन मन्त्रालय	१		१०६५	०	०	०	१०६५	०	१०६५	०	१०६५	०	०	१०६५	०	०
	निजामती कर्मचारी प्रतिष्ठान	१	२०६६/६७	१०६५				१०६५		१०६५		१०६५			१०६५	०	०
	स्थानीय विकास मन्त्रालय	१		१३९२१३५	२७०६६५	४१७८७०	०	६६३२६४	५३९६	६६८६६०	०	१७६८१	०	७०५७९४	७२३४७५	-५४८१५	३६३०५५
	स्थानीय विकास शुल्क कोष	१	२०६६/६७	१३९२१३५	२७०६६५	४१७८७०	०	६६३२६४	५३९६	६६८६६०	०	१७६८१	०	७०५७९४	७२३४७५	-५४८१५	३६३०५५
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२		८८१५३७	१०८०	२२६७९	३८७१	४१२६६७	२४६२१	४४११५९	२७३३९	४१२३६५	३५३	३२१	४४०३७८	७८१	२३४६०
	स्वास्थ्य कर कोष	१	२०६६/६७	८००१२७	०	४७००		४०००००	५१	४०००५१		३९९६२६	३५३	९७	४०००७६	-२५	४६७५
	स्वास्थ्य तालिम कार्यसञ्चालन कोष र अन्य–१४	१	२०६६/६७	८१४१०	१०८०	१७९७९	३८७१	१२६६७	२४५७०	४११०८	२७३३९	१२७३९	०	२२४	४०३०२	८०६	१८७८५
			कुल जम्मा:–	१०८		४१५२४१३०	३२२१५०२	२७१३०९१५	१०४९३३७३	७७५९२०९	१०९४८५५४	२९२३७२६६	४९०७७४६	८४२१४१६	९७३७७१	९७०५१९७	२४००८१३०	५१९०५८१	३२३२३९२१

अनुसूची – ८

(प्रतिवेदनको परिच्छेद २ दफा १४ संग सम्बन्धित)

सरकारी निकायको पेश्की बाँकी विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय निकायको नाम	कर्मचारी पेश्की		अन्य पेश्की		जम्मा
		गतवर्षसम्म	यो वर्ष	गतवर्षसम्म	यो वर्ष	
१	राष्ट्रपतिको कार्यालय	०	०	०	११३४८	११३४८
२	संविधान सभा व्यवस्थापिका संसद	२६५६	३४६४	०	२९२५	९०४५
३	सर्वोच्च अदालत	२१०४	८२८	१७६८२७	१४८८८	१९४६४७
४	महालेखा परीक्षकको कार्यालय	४१	०	०	०	४१
५	लोक सेवा आयोग		१७६९	०	०	१७६९
६	निर्वाचन आयोग	०	५५८	५३४१	२६१५	८५१४
७	महान्यायाधिवक्ताको कार्यालय	०	२७	०	६०५८	६०८५
८	राष्ट्रिय मानवअधिकार आयोग	०	०	१०२	११२	२१४
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४४	१४६१९	०		१४६६३
१०	अर्थ	७८९	३४७	४८६५१	४०३७३	९०१६०
११	उद्योग	२०८६	६२८	५७७७३	८१४६	६८६३३
१२	ऊर्जा	४०	१	०	१७१४	१७५५
१३	कृषि तथा सहकारी	४२९१	५६५९	७२४७३	५३१६३	१३५५८६
१४	गृह	१६९०३९	१२९३२	७७२५१०	६९७८३८	१६५२३१९
१५	परराष्ट्र	७६९६५	१९३०६	४६३६०	५४४९	१४८०८०
१६	पर्यटन तथा नागरिक उडड्यन	२२८७	३५७	५७३१०	३२३३९	९२२९३
१७	भूमिसुधार तथा व्यवस्था	०	८७६	२६८५०	२७६१७	५५३४३
१८	भौतिक योजना तथा निर्माण	२०२०२	३५७३	२७८२४६९	३२०४९५६	६०११२००
१९	महिला, बालबालिका तथा समाज कल्याण	३८०३	११९४	३३८६२	४९४५४	८८३१३
२०	युवा तथा खेलकुद	०	०	८८०७	१९२३	१०७३०
२१	रक्षा	४१४०	४११४	१२५८९८१	८८८८४७	२१५६०८२
२२	वन तथा भू–संरक्षण	३९२२	९०६३	१२०४६४	२२०२६	१५५४७५
२३	बातावरण	३७१	९१९	१०७	९१२२	१०५१९
२४	विज्ञान तथा प्रविधि	२२३	४९८	२५००	१०९३७७	११२५९८
२५	शान्ति तथा पुनर्निर्माण	३४३	३४	६३२१००	२३७८२९	८७०३०६
२६	शिक्षा	२३१६५	१७९०१	१०३३८१६	१३०९४५	१२०५८२७
२७	श्रम तथा यातायात व्यवस्था		६१५	१३४४५	१२६७६	२६७३६
२८	सिंचाई	११४७४	२०	२८०९८५	३६४२०८	६५६६८७
२९	सूचना तथा सञ्चार	२२५	१०	१७६२६	१८७८८	३६६४९
३०	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	५३२	११९७	८३७	३३०	२८९६
३१	स्थानीय विकास	९७६६०	३३०३१	२२४७५६०	३८९५७८४	६२७४०३५
३२	स्वास्थ्य तथा जनसंख्या	७०५६	३५९६६	५५८०४२	४७१६६४	१०७२७२८
३३	राष्ट्रिय योजना आयोगको सचिवालय	२७५१	१	१३९९६	३६५८	२०४०६
	जम्मा:	४३६२०९	१६९५०७	१०२६९७९४	१०३२६१७२	२१२०१६८२

अनुसूची – ९

(प्रतिवेदनको परिच्छेद २ दफा १७ सँग सम्बन्धित)

कुल असुली

आर्थिक वर्ष २०६६।६७

(रु.हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	विनियोजन, राजस्व र धरौटी				अन्य निकाय	कुल जम्मा
		ले. प. को दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	जम्मा		
१	संविधान सभा व्यवस्थापिका संसद	४३१			४३१		४३१
२	सर्वोच्च अदालत	२३९	३०	८५	३५४		३५४
३	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	९९०१			९९०१		९९०१
४	महालेखा परीक्षकको कार्यालय	२२९	१९	१३	२६१		२६१
५	लोक सेवा आयोग	३५२०		३२	३५५२		३५५२
६	निर्वाचन आयोग		११	३३	४४		४४
७	महान्यायाधिवक्ताको कार्यालय	१५	६	७६	९७		९७
८	राष्ट्रिय मानवअधिकार आयोग	२०		७	२७		२७
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय		१२०२४	४५४	१२४७८	३०५२	१५५३०
१०	अर्थ	१९२९३	५६८४८	११७४७२	१९३६१३		१९३६१३
११	उद्योग	१७	३५	५६	१०८		१०८
१२	ऊर्जा			२१	२१		२१
१३	कानून, न्याय तथा संविधान सभा व्यवस्था	१७	१३		३०		३०
१४	कृषि तथा सहकारी	२७१५७५	१४३३	७८९४	२८०९०२	४१	२८०९४३
१५	गृह	७९६७	११२१	४२८३	१३३७१	७५	१३४४६
१६	पररा्ष्ट्र	६४	७०२६९	१३२६९६	२०३०२९		२०३०२९
१७	पर्यटन तथा नागरिक उडड्यन	१३	२		१५		१५
१८	भूमिसुधार तथा व्यवस्था	१५७	१२४	११९८	१४७९		१४७९
१९	भौतिक योजना तथा निर्माण	१९३४०१	९४९	१०१०३	२०४४५३	५७९०८३	७८३५३६
२०	महिला,बालबालिका तथा समाज कल्याण	४२०	१२४	६०२	११४६		११४६
२१	युवा तथा खेलकुद		२००		२००		२००
२२	रक्षा	१३३४	३५९	६६१५	८३०८	२१८८	१०४९६
२३	वन तथा भू–संरक्षण	१४१	१०५८	१९८७३	२१०७२	५६७३	२६७४५
२४	वाणिज्य तथा आपूर्ति	७०६	३५	४९५६	५६९७		५६९७
२५	बातावरण	२		१८	२०		२०
२६	विज्ञान तथा प्रविधि	**२८**	**३**	१२३	१५४		१५४
२७	शान्ति तथा पुनर्निर्माण	२७२	१२७५८०	२६३३०	१५४१८२		१५४१८२
२८	शिक्षा	१९१५६	२०६७४	३३११९	७२९४९	१४४	७३०९३
२९	श्रम तथा यातायात व्यवस्था	१५७	५	५४६	७०८		७०८
३०	सामान्य प्रशासन	५८	३०८	८४६	१२१२	१००३	२२१५
३१	सिंचाई	३०४	७८	२०६९	२४५१		२४५१
३२	सूचना तथा सञ्चार	९	२६	११९२१	११९५६		११९५६
३३	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१			१		१
३४	स्थानीय विकास	१०६८५२९	२०९१	५५०७	१०७६१२७	२९४८	१०७९०७५
३५	स्वास्थ्य तथा जनसंख्या	१९८२	२६५१	६०४६	१०६७९	११५९२	२२२७१
३६	राष्ट्रिय योजना आयोगको सचिवालय	३९९		१०४	५०३		५०३
३७	राष्ट्रिय सतर्कता केन्द्र	१३		२	१५		१५
	जम्मा	१६००३७०	२९८०७६	३९३१००	२२९१५४६	६०५७९९	२८९७३४५

अनुसूची –१०
(प्रतिवेदनको परिच्छेद १ दफा १३ सँग सम्बन्धित)

असुल हुन बाँकी राजस्व (बक्यौता)

आर्थिक वर्ष २०६६/६७

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	गत वर्ष सम्मको	यस वर्ष सम्मको	गत वर्षको तुलनामा वृद्धि	वृद्धि प्रतिशत
१	सर्वोच्च अदालत	४२६५८८५	४३५५५१९	८९६३४	२.१०
२	अर्थ	२७५२२६२८	४७१८८२२५	१९६६५५९७	७१.४५
३	कृषि तथा सहकारी	६४४	६४४	०	०.००
४	गृह	३२२०	३२२०	०	०.००
५	सिंचाई	९२०८१	९१०५६	-१०२५	-१.११
६	ऊर्जा	८९४०५६	११०१८२९	२०७७७३	२३.२४
७	भूमिसुधार तथा व्यवस्था	२६८६९	२७६४८	७७९	२.९०
८	वन तथा भू–संरक्षण	१२६३४०	१३४२७३	७९३३	६.२८
९	पर्यटन तथा नागरिक उड्डयन	६९	६९	०	०.००
	जम्मा	३२९३१७९२	५२९०२४८३	१९९७०६९१	६०.६४

बजेटमा समावेश नभएको वैदेशिक सहायताको विवरण
आर्थिक वर्ष २०६६।६७

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	प्राविधिक सहायता विवरण अनुसार		विविध सहायता		कुल		सल्लाहकार सेवा	मालसामान	तालिम सेमिनार	नखुलेको	जम्मा
		सम्झौता संख्या	सम्झौता रकम	सम्झौता संख्या	सम्झौता रकम	सम्झौता संख्या	सम्झौता रकम					
१	निर्वाचन आयोग	१	५४९६५	१	४०३९०	२	९५३५५				५४९६५	५४९६५
२	राष्ट्रिय मानव अधिकार आयोग	३	३०७६			३	३०७६			५०	३०२६	३०७६
३	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	३००१६			१	३००१६				३००१६	३००१६
४	अर्थ	५	२४१५४४			५	२४१५४४	५७७३९	४२७८०	४०१६३	१००८६३	२४१५४४
५	उद्योग, वाणिज्य तथा आपूर्ति	७	४९२३०१			७	४९२३०१	९५०११	७२३६२	१७००१	३०७९२७	४९२३०१
६	कृषि तथा सहकारी	६	३०१७२०			६	३०१७२०	८२८९४	३०२९८	२२०५२	१६६४७६	३०१७२०
७	ऊर्जा	१	५२५२८			१	५२५२८	४५०२४			७५०४	५२५२८
८	गृह	२	१७७७४३८			२	१७७७४३८		६०८०	५४०	१७७०८१८	१७७७४३८
९	भौतिक योजना तथा निर्माण	१	१८७६००			१	१८७६००	१४६२६०	१५०१	१५००८	२४८३१	१८७६००
१०	बातावरण	२	५४०२९			२	५४०२९	१३४३२	११२६	१६१३४	२३३३७	५४०२९
११	महिला, बालबालिका तथा समाज कल्याण	४	१८५१४८			४	१८५१४८				१८५१४८	१८५१४८
१२	वन तथा भू–संरक्षण	९	२२५३४८२			९	२२५३४८२	७५०४		११२५६	२२३४७२२	२२५३४८२
१३	वाणिज्य	०		१	३००००	१	३००००					
१४	विज्ञान तथा प्रविधि	१				१						
१५	शिक्षा	४	२०७१७१			४	२०७१७१		१०५८१		१९६५९०	२०७१७१
१६	सामान्य प्रशासन	१	१११०८००			१	१११०८००		७५६४६		३५१५४	१११०८००
१७	पर्यटन तथा नागरिक उड्डयन	१	५६२८०			१	५६२८०	४७६५०	७५०	७५०	७१२९	५६२८०
१८	संघीय मामिला, संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	१	७५००			१	७५००		११५०		६३५०	७५००
१९	स्थानीय विकास	५	२३४५१८०			५	२३४५१८०	१५०८२०	३९४५५	९१८०४	२०६३१०१	२३४५१८०
२०	स्वास्थ्य तथा जनसंख्या	१५	७९६०३१८			१५	७९६०३१८	१६४६५१	१४११२९	७०५६५	७५८३९७४	७९६०३१८
२१	राष्ट्रिय योजना आयोगको सचिवालय	४	१८६६४९			४	१८६६४९	२५७०१	३३७७	६२७५८	९४८१३	१८६६४९
२२	श्रम	१	६५२३९			१	६५२३९				६५२३९	६५२३९
२३	मन्त्रालय नखुलेको	८	६१८४०५			८	६१८४०५	२४६२८१	१८६८७२	११७२६८	६७९८३	६१८४०५
	जम्मा:	**८३**	१७१९१३९१	**२**	७०३९०	८५	१७२६१७८०	१०८२९६८	६१३१०७	४६५३४९	१५०२९९६७	१७१९१३९१

अनुसूची – १२
(प्रतिवेदनको परिच्छेद १ दफा १२ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	असुल गर्नुपर्ने		असुली		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	संविधान सभा व्यवस्थापिका संसद	१	२१	०	०	२१
२	सर्वोच्च अदालत	१३	१९८	१	१२	१८६
३	लोक सेवा आयोग	२	१५५	०	०	१५५
४	निर्वाचन आयोग	३	२९	०	०	२९
५	महान्यायाधिवक्ताको कार्यालय	७	३२	०	०	३२
६	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	७०	०	०	७०
७	अर्थ	२५	५६२६	६	४८०	५१४६
८	उद्योग	२४	२१९	१	५	२१४
९	ऊर्जा	१	१०६	०	०	१०६
१०	कानून तथा न्याय	१	१३	१	१३	०
११	कृषि तथा सहकारी	१०८	१०९६	३५	११६	९८०
१२	परराष्ट्र	३३	१६३६९	०	०	१६३६९
१३	भूमिसुधार तथा व्यवस्था	२८	५३	१	१	५२
१४	भौतिक योजना तथा निर्माण	५४	२५२१	०	०	२५२१
१५	महिला, बालबालिका तथा समाज कल्याण	३३	३५२	१५	१२४	२२८
१६	रक्षा	२	४३	१	८	३५
१७	वन तथा भू–संरक्षण	५५	८९०	३	३८	८५२
१८	वाणिज्य तथा आपूर्ति	१	२८९	०	०	२८९
१९	बातावरण	१३	१९८	०	०	१९८
२०	विज्ञान तथा प्रविधि	४	२२९	०	०	२२९
२१	शान्ति तथा पुनर्निर्माण	३	४५	१	२०	२५
२२	शिक्षा	९७	२२८१	९	६३	२२१८
२३	श्रम तथा यातायात व्यवस्था	८	११५	२	२	११३
२४	सामान्य प्रशासन	१	३१	१	३१	०
२५	सिंचाई	१८	२९९	२	१४	२८५
२६	सूचना तथा सञ्चार	७	१०२६	०	०	१०२६
२७	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१	१	०	०	१
२८	स्थानीय विकास	५९	४८१९	४	६०	४७५९
२९	स्वास्थ्य तथा जनसंख्या	८२	२७८६	२२	५०८	२२७८
३०	राष्ट्रिय योजना आयोगको सचिवालय	१	१	०	०	१
	जम्मा:	**६८६**	**३९९१३**	**१०५**	**१४९५**	**३८४१८**
३१	संगठित संस्था	८४	६९७३	१	५५	६९१८
३२	समिति/अन्य संस्था	११५	१२९०६	७	२०४	१२७०२
	जम्मा:	**१९९**	**१९८७९**	**८**	**२५९**	**१९६२०**
	कुल जम्मा:	**८८५**	**५९७९२**	**११३**	**१७५४**	**५८०३८**

अनुसूची – १३
(प्रतिवेदनको परिच्छेद १ दफा ९ सँग सम्बन्धित)

राजस्व
आर्थिक वर्ष २०६६।६७

(रु. हजारमा)

संकेत संख्या	शीर्षक/उप–शीर्षक	अनुमान	यथार्थ असुली	प्रतिशत
१–१–१–००	**वैदेशिक व्यापारमा आधारित वस्तुगत कर**			
१–१–१–१०	पैठारी महसुल	२९१२५७४०	२९९५५२५९	१०२.८५
१–१–१–३०	भारतीय अन्त:शुल्क फिर्ता	३४०००००	३५२१०३२	१०३.५६
१–१–१–४०	निकासी महसूल	१०००००	९१४४७५	९१.४५
१–१–१–५०	निकासी सेवा शुल्क		९८६	
१–१–१–६०	भन्सारको अन्य आय	२५००००	२६१८१०	१०४.७२
१–१–१–७०	कृषि सुधार शुल्क	३५००००	४९७२१२	१४२.०६
	जम्मा:	**३४१२५७४०**	**३५१५०७७४**	१०३.००
१–१–२–००	**वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत कर**			
१–१–२–१०	मूल्य अभिवृद्धिकर	५१५६००००	५४९२०८५६	१०६.५२
१–१–२–११	उत्पादन	५०५००००	६०१६९१६	११९.१५
१–१–२–१२	पैठारी	३४२५००००	३४५४१०२५	१००.८५
१–१–२–१३	बिक्री वितरण	४०००००	३२९९२००	८२.४८
१–१–२–१४	ठेक्का तथा परामर्श	२१५००००	२१९२४५५	१०१.९७
१–१–२–१५	पर्यटन व्यवसाय	११०००००	२२२१३९८	२०१.९५
१–१–२–१९	अन्य सेवा	५०१००००	६६४९८६२	१३२.७३
१–१–२–२०	अन्त:शुल्क	१८६४१९००	२४३०६१०७	१३०.३८
१–१–२–२१	चुरोट	४८०००००	४५०९९५७	९३.९६
१–१–२–२२	बिडी	४९००	२५४४	५१.९२
१–१–२–२३	मदिरा	३५४००००	३७४१०३७	१०५.६८
१–१–२–२५	वियर	२६६००००	२८४३३०३	१०६.८९
१–१–२–२६	अन्य औद्योगिक उत्पादन	१२०००००	२५००२७५	२०८.३६
१-१-२-२७	पैठारी अन्त:शुल्क	६२९००००	१०५५०४५७	१६७.७३
१-१-२-२८	वैदेशिक रोजगार आपूर्ति सेवा	७०००	४४	०.६३
१-१-२-२९	स्वास्थ्य सेवा	१४००००	१५८४९०	११३.२१
१-१-२-३०	शिक्षा सेवा शुल्क	१२००००	१६६९४८	१३९.१२
१-१-२-५०	सवारी साधन कर	०	६४	
	जम्मा:	**७०३२१९००**	**७९३९३९७५**	११२.९०
	अप्रत्यक्ष करको जम्मा:	**१०४४४७६४०**	**११४५४४७४९**	१०९.६७
१–१–३–००	**आयकर**			
१–१–३–१०	संस्थागत आयकर	२५७६८०००	२४०४०४७६	९३.३०
१–१–३–११	सरकारी प्रतिष्ठानहरु	४०००००	११३१८९२	२८२.९७
१–१–३–१२	पब्लिक लिमिटेड कम्पनीहरु	१३३०००००	१२२३४४६९	९१.९९
१–१–३–१३	प्राइभेट लिमिटेड कम्पनीहरु	६३०००००	६०४९८८२	९६.०३
१-१-३-१४	व्यक्तिगत वा एकलौटी फर्म	५१५००००	३८३४३५१	७४.४५
१-१-३-१९	अन्य निकाय	६१८०००	७८९८८२	१२७.८१
१–१–३–२०	पारिश्रमिक आयकर	४१८०००	४४१३१४८	१०५.५८

संकेत संख्या	शीर्षक/उप–शीर्षक	अनुमान	यथार्थ असुली	प्रतिशत
१–१–३–२०	पारिश्रमिक आयकर		२२७७६५	
१–१–३–२१	पारिश्रमिक	४१८०००००	४१८५३८०	१००.१३
१–१–३–२२	उद्योग, व्यापार ,पेशा तथा व्यवसाय		३	
१-१-०३-३०	घर जग्गा बहालकर		९४२८	
१-१-०३-५०	लगानीमा आयकर	६१२१०००	५०८८१७१	८३.१३
१-१-०३-५०	लगानीमा आयकर		४१३	
१-१-०३-५१	बहाल	१३५९६००	८९७०४३	६५.९८
१-१-०३-५२	व्याज	२०२९१००	२४६६३९०	१२१.५५
१-१-०३-५३	पूँजीगत लाभ	१४८०००००	१०४३३७७	७०.५०
१-१-०३-५४	लाभांश	१२५०००००	६७४५०५	५३.९६
१-१-०३-५९	लगानीको अन्य आय	२३००	६४४३	२८०.१३
१-१-०३-६०	आकस्मिक लाभ कर	२९०००	२०९३६	७२.१९
१-१-०३-९०	अन्य	२०००००	२४९१६८	१२४.५८
	जम्मा:	**३६२९८०००**	**३३८२१३२७**	९३.१८
१–१–४–००	**घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर**			
१–१–४–३०	घर जग्गा रजिष्ट्रेशन	६००००००	५५११०२८	९१.८५
१–१–४–४०	घर जग्गा कर		१०	
१–१–४–५०	सवारी साधन कर	३५०००००	२४१७८०९	६९.०८
	जम्मा:	**९५००००० **	**७९२८८४७**	८३.४६
	प्रत्यक्ष्य कर जम्मा:	**४५७९८०००**	**४१७५०१७४**	९१.१६
	कर राजस्व जम्मा:	**१५०२४५६४०**	**१५६२९४९२३**	१०४.०३
१–१–५–००	दस्तुर तथा शुल्क			
१–१–५–१०	फर्म रजिष्ट्रेशन दस्तुर	३५००००	३८१०१४	१०८.८६
१–१–५–२०	एजेन्सी रजिष्ट्रेशन दस्तुर	१५०००	११२०५	७४.७०
१–१–५–३०	हात हतियार रजिष्ट्रेशन दस्तुर	५०००	६३०५	१२६.१०
		१६०००००	३०२३७७७	१८८.९९
१–१–५–४०	यातायात सम्बन्धी दस्तुर		८४७	
१–१–५–४१	सवारी इजाजत दस्तुर	४५००००	६६४३७८	१८८.९९
१–१–५–४२	सडक सुधार दस्तुर	६०००००	१०१७२२८	१४७.६४
१–१–५–४३	शहरी सडक निर्माण तथा सम्भार दस्तुर	५५०००००	१३४१३२४	१६९.५४
१–१–५–५०	निकासी पैठारी इजाजत दस्तुर	७००००	५२६९२	२४३.८८
१–१–५–६०	परीक्षा दस्तुर	६५०००	१३५६०५	७५.२७
१–१–५–७०	पासपोर्ट दस्तुर	३१०००००	१९००४६७	२०८.६२
१–१–५–८०	पर्यटन शुल्क	१३६००००	१९२८५०२	१४१.८०
१–१–५–८१	भिसा शुल्क	७५००००	१२२१९१७	१६२.९२
१–१–५–८२	पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क	३०००००	३४३४५३	११४.४८
१–१–५–८३	प्रदुषण नियन्त्रण शुल्क	३१००००	३६३१३२	११७.१४
१–१–५–८९	अन्य शुल्क	१०००	०	०.००
१–१–५–९०	अन्य प्रशासनिक शुल्क	८५००००	१००८३८७	११८.६३
१–१–५–९०	अन्य प्रशासनिक शुल्क		१५८५	
१–१–५–९१	स्थानीय विकास शुल्क		६८१५९	
१–१–५–९५	टेलिफोन स्वामित्व तथा सेवा शुल्क	६०००००	५९६६३९	९९.४४
१–१–५–९९	अन्य प्रशासनिक दस्तुर	२५००००	३४२००४	१३६.८०
	जम्मा:	**७४१५०००**	**८४४७९५४**	११३.९३

संकेत संख्या	शीर्षक/उप–शीर्षक	अनुमान	यथार्थ असुली	प्रतिशत
**१–१–६–०० **	**दण्ड जरिवाना र जफत**			
१–१–६–१०	न्यायिक दस्तुर, दण्ड, जरिबाना र जफत	२१००००	२७१०८२	१२९.०९
१–१–६–२०	प्रशासनिक दण्ड, जरिबाना र जफत	६५०००	९५१९३	१४६.४५
	जम्मा:	**२७५०००**	**३६६२७५**	१३३.१९
**१–१–७–०० **	**सरकारी सम्पत्ति सेवा तथा वस्तुहरुको बिक्री तथा भाडाबाट प्राप्त आय**			
१–१–७–१०	जलस्रोत क्षेत्रको आय	५११०	५१६२	१०१.०२
१–१–७–११	पिउने पानी	३५००	३१५५	९०.१४
१–१–७–१२	सिंचाई	१५००	१८६३	१२४.२०
१–१–७–१३	विद्युत	११०	१४४	१३०.९१
१–१–७–२०	हुलाक क्षेत्रको आय	२४०००	२०३५८२	८४.८३
१–१–७–३०	खाद्य कृषि क्षेत्रको आय	५५०००	६९७५१	१२६.८२
१–१–७–४०	शिक्षा क्षेत्रको आय	३०००००	३१००९३	१०३.३६
१–१–७–५०	वन क्षेत्रको आय	७५००००	७२१०४७	९६.१४
१–१–७–६०	यातायात क्षेत्रको आय	१५०००००	१३८३९८	९२.२७
१–१–७–७०	सरकारी क्षेत्रको अन्य आय	२५००००	३१०३६०	१२४.१४
	जम्मा:	**१७५०११०**	**१७५८३९३**	१००.४७
**१–१–८–०० **	**लाभांश**			
१–१–८–१०	वित्तीय प्रतिष्ठान	३५०००००	२५३२१३७	७२.३५
१–१–८–२०	व्यापारिक प्रतिष्ठान	२०००	२९२	१४.६०
१–१–८–३०	औद्योगिक प्रतिष्ठान	४५०००	१६०४७	३५.६६
१–१–८–४०	सेवामूलक प्रतिष्ठान	४३०००००	४८०३४५४	१११.७१
	जम्मा:	**७८४७०००**	**७३५१९३०**	९३.६९
**१–१–९–०० **	**व्याज**			
१–१–९–१०	वित्तीय प्रतिष्ठान	९००००	४४८९४	४९.८८
१–१–९–२०	व्यापारिक प्रतिष्ठान	५५०००००	४०	
१–१–९–३०	औद्योगिक प्रतिष्ठान	५५०००	२०३१३	३६.९३
१–१–९–४०	सेवा मूलक प्रतिष्ठान	६०००००	३७९५३०	६३.२६
१–१–९–५०	अन्य	५०००	२३७९	३४.४०
	जम्मा:	**१३००००० **	**४४७१५६**	३४.४०
**१–१–१०–०० **	**रोयल्टी र सरकारी सम्पत्ति बिक्री**			
१–१–१०–१०	रोयल्टी	२२७१०००	२७६५०१८	१२१.७५
१–१–१०–११	खानी रोयल्टी	२१०००	४२२५५	२०१.२१
१–१–१०–१२	जलश्रोत सम्बन्धी रोयल्टी	१००००००	१४०२७५६	१४०.२८
१–१–१०–१३	क्यासिनो रोयल्टी	२५००००	१२१०३७	४८.४१
१–१–१०–१९	अन्य रोयल्टी	१००००००	११९८९७०	११९.९०
१–१–१०–२०	बिक्री	१०४००००	१८३३०४	१७.६३
१–१–१०–२१	सरकारी घर जग्गा बिक्री	१००००	७८४६८	७८४.६८
१–१–१०–२२	सरकारी सामान बिक्री	३००००	३५००५	११६.६८
१–१–१०–२३	अन्य बिक्री	१००००००	६९८३१	६.९८
	जम्मा:	**३३११०००**	**२९४८३२२**	८९.०५
**१–१–११–०० **	**साँवा फिर्ता**			
१–१–११–१०	वित्तीय प्रतिष्ठान	३५०००	३२१७६	९१.९३
१–१–११–२०	व्यापारीक प्रतिष्ठान	३००००००	३००२६०	

संकेत संख्या	शीर्षक/उप–शीर्षक	अनुमान	यथार्थ असुली	प्रतिशत
१–१–११–३०	औद्योगिक प्रतिष्ठान	३०००	७३३२५	२४४४.१७
१–१–११–४०	सेवामूलक प्रतिष्ठान	१०००००	१५३८४९७	१५३.८५
१–१–११–५०	अन्य	२००००	९६९४	४८.४७
	जम्मा:	**४०५८०००**	**१९५३९५२**	४८.१५
१–१–१२–००	**दातव्य तथा उपहार र विविध आय**			
१–१–१२–१०	दातव्य तथा उपहार	१०००	१०५	१०.५०
१–१–१२–२०	विविध आय	३०००००	३७६८१४	१२५.६०
	जम्मा:	**३०१०००**	**३७६९१९**	१२५.२२
	गैरकर राजस्व जम्मा:	**२२१९९११०**	**२१६९६९४९**	९७.७४
	कुल राजस्व जम्मा:	**१७६५०२७५०**	**१७९९४५८२४**	१०१.९५

श्रोत : महालेखा नियन्त्रक कार्यालय

अनुसूची – १४
(प्रतिवेदनको परिच्छेद १ दफा १ र ४ संग सम्बन्धित)

जिल्ला विकास समितिको कारोबारको
लेखापरीक्षण सम्पन्न विवरण

(रु.हजारमा)

क.सं	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
१	२			३	४	५	६	७	८	९	१०	११	१२	१३
१	ताप्लेजुङ्ग	२५५४३९	३१०७१	८८९२	१०८९५५	११६८२	५१४३	४८५५	१३९५२७	११३१२९	११४९	१०५२६	१४७२३	१३९५२७
२	पाँचथर	२९८०७१	८२१	३५७३७	१०४६७२	२०९७०	८८८८	१२३७	१७१५०४	१४२९४२	१५२३	१७८३९	९२००	१७१५०४
३	इलाम	३५६८३५	२३२६२	५५०१८	१२०५९६	१४८०४	१९९९०	६७०३	२१७११	१७१६३२	१११९६	१११११४	२२३६९	२१७११
४	झापा	६७७०२२	३१४०२	५४८९६	१४८४४५	८१९०४	७८७१९	२०४१४	३८४३७८	३०३२१७	४४३२३	०	३६८३८	३८४३७८
५	संखुवासभा	२५५५४०	५७०६	३२३५९	९७७६०	७४०५	१९०१५	१५३७	१५८०७६	११२९७९	१०२३६	६६०८	२८२५३	१५८०७६
६	तेह्रथुम	१९९४२९	१६५५	१७९७१	७७६६९	१३२२८	६२२८	९९७	११६०९३	७७६६९	८२७	२२८११	१४७८६	११६०९३
७	भोजपुर	३३६१९१	७२५१	१३९६०	१४४८१९	१५७५३	९०३०	४६१	१८४०२३	१५१६५९	४५७	१४०१२	१७८९५	१८४०२३
८	धनकुटा	२३६५८०	२७९२	१८२५८	८८८१९	२०७४३	८१९७	२१६९	१३८१८६	११४४४९	२२०३	०	२१५३४	१३८१८६
९	मोरङ्ग	८३०६०१	४९३४८	९६५९९	१८१२३८	८१४७१	१२५९७३	१६७३०	५०२०११	३०४८२०	२४३७६	९५९९३	७६८२२	५०२०११
१०	सुनसरी	५१५७०३	५७३७१	६३५८५	१३६००१	८४३६५	१४९५१	७०४४	३०५९४६	२५७२९५	१४४७१	१५७६	३२६०४	३०५९४६
११	सोलुखुम्बु	९४७२४	५०४०	३१३२६	२४२३३	१०२११	५५२	३४३७	६९७५९	५१९३१	४३६०	०	१३४६८	६९७५९
१२	ओखलढुङ्गा	३३६९९२	१०५१६	११७०६	१३४६६५	३१६७०	८६५	२८५९	१८१७६५	१६४५०४	१८१२	६१७	१४८३२	१८१७६५
१३	खोटाङ्ग	४६२९७२	५६००	१०११३	१७९०२२	४०५८५	१०६३७	१५६	२४०५१३	२२९६०७	११३	२८५२	७९४१	२४०५१३
१४	उदयपुर	४७७०१२	१७३६४	१७४४४	११३३०४	८३५१३	३५६०२	७७४५	२५७६०८	१११३३०४	९३८२	११४१६२	२०७६०	२५७६०८
१५	सप्तरी	७०७६६	६२७३३	५९७३८	१९९३५१	११४१५८	३६१७९	११५७	४१०५८३	३५५७७५	१०४६	०	५३७६२	४१०५८३
१६	सिराहा	५४६९११	८८७४८	३२२८७	१८६९५८	४०४९१	३५४४६	९४८३	३०४६६५	२६४८०५	९७२८	०	३०१३२	३०४६६५
१७	दोलखा	३९०१४८	१००४०	१२९०६	१२३९१२	२७१८९	३४९९	८२०	१६८३२६	१५४२०४	५२४	०	१३५९८	१६८३२६
१८	रामेछाप	३४३५१८	१३२९८	२१९१३	११९९७९	४४४११	३८३४	२६७५	१९२८१२	१६९६५६	२०६२	९०१	२०१९३	१९२८१२
१९	सिन्धुली	३५५४४३	१३३०३	९११०	१२६७०४	४२८६७	७२२९	२४४४	१८८३५४	१७२८७०	२००८	१३२१	१२१५५	१८८३५४
२०	महोत्तरी	५७८६८८	४६३४३	१०६८९	१७८०२१	१११०५५३	८०३०	१९६६	३०९२५९	२७७५७१	२५४७	०	२९१४१	३०९२५९
२१	धनुषा	६६१०२७	७८४१५	२०१४३	२१८४०३	५५१५५	४४३६४	५४७	३३८६१२	३३८६१६	३९४२	०	(३,९४६)	३३८६१२
२२	सर्लाही	५४३४३१	२७६७७	३२०६४	२०९३३६	३४६७५	२६५२९	४०५७	३०६६६१	२६३७९२	५०४२	०	३७८२७	३०६६६१
२३	रौतहट	४८५६१७	१४६२०	३०३८९	१८८६६८	२५८९६	२१३३९	३५१५	२६९८०७	२१९४४९	३८१४	२२९३६	२३६०८	२६९८०७
२४	बारा	६९३२८५	२३९९३४	३४६१३	२००७०७	१०९५८	८२७९६	३९०३४	३६०१०८	३२९१३०	३२६०९	६०५१	(७,६८२)	३६०१०८
२५	पर्सा	५७८३४५	६०४९७	१२६३९	१६९७६३	५६३८१	५०८१५	१३०९७	३०२६९५	२५०७२४	८१७०	२९३९५	१४४०६	३०२६९५
२६	मकवानपुर	५२२५३१	७३२१४	६७७३६	१६१०७०	१७४०४	८९४५३	७२१९	३४२८८२	२४३१७५	२५४३	१६६७	९५४९७	३४२८८२
२७	चितवन	३९७२१५	१९४८४	३४६६७	१०६२९४	२२८६२	७३९३१	२७८२	२४०५३६	१८६३६२	४९८४	०	४९१९०	२४०५३६
२८	रसुवा	१२१९२८	६८८२	१२५९४	५१८३६	२९००	२६४२	२७४	७०२४६	६००४०	६०२	३६३४	५९७०	७०२४६
२९	नुवाकोट	४५८०६६	३२८४०	६५६५०	१४३०४१	५७२४३	२१३९८	१८१९	२८९१५१	२३२९३८	७८१	८४६	५४५८६	२८९१५१
३०	धादिङ्ग	४४२८५६	१८५१६	२९५८३	१२८४९२	२३२९६	८६९८०	१६३९	२६९९९०	१९७१५६	५२९३	०	६७५४१	२६९९९०
३१	सिन्धुपाल्चोक	५५४९८४	१४६१४	३२६४७	१८८६२२	९३०४२	२७८८	५८९८	३२२९९७	२५८१८७	६४४७	०	५८३६३	३२२९९७
३२	काभ्रेपलान्चोक	५८३४९३	७७५२	७६५०१	२०३३०४	८१३८८	९१९५	३०५४	३७३४४२	२८३०५७	२१७४	१३२१	८६८९०	३७३४४२
३३	भक्तपुर	४६५२४४	६६५७	१२८७२५	६९०२०	९०८१३	७८२१८	१९३७	३६८७१३	२२०४९१	४७६५	०	१४३४५७	३६८७१३
३४	ललितपुर	५१३९१११	१४०१३१	१२६१८२	१३७२४२	३२२०३	९६०८१	१११०६	३९२८१४	२४०८०७	५६७२	०	१४६३३५	३९२८१४
३५	काठमाण्डौ	१४६८६१९	४९२३८	२३१७५८	१६६३९५	४४८७५९	२६०९२	८६६८	८८१६४२	५४४६६७	१०२०५	२६३८६३	६२९०७	८८१६४२
३६	मनाङ्ग	१६०३१९	३९००	२५५६	४९१७५	३४५८२	१११३	१३२	८७६३८	७५०१६	२२१	०	१२४०१	८७६३८
३७	लमजुङ्ग	४०४१८६	९०६३	४५८५९	१४८८६७	३४९७२	१४६४४	२४१७	२४६७५९	२०१६६५	१६२१	०	४३४७३	२४६७५९
३८	तनहुं	३४०१८४	३३८१४	३८२६०	१२२२५४	३६९५१	१०४०८	१७०८	२०९५८१	१६६४५८	२३५३	५२	४०७१८	२०९५८१
३९	कास्की	६३८९५१	३२४९२	८५४८८	१२०८२३	१५९६९१	२४४५७	३१२८	३९३३८७	३१६३३३	२५७५	१२१४४	६२३३५	३९३३८७

क.सं	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
४०	स्याङ्जा	३७९३७५	२०५४१	३३३७६	१३८७८४	३६४५३	३९७८	९२५	२१३५१६	१९८५०२	७३३	०	१४२८१	२१३५१६
४१	गोरखा	३९९७४८	१३३३५	८४९४४	१४७५४२	१४०२८	३१४८७	६१२५	२८४१२६	१९७५२०	३०४६	०	८३५६०	२८४१२६
४२	अर्घाखाँची	२७०५६५	९८९३	१८९९०	१०१७६१	१५५७९	१६८६२	१६२०	१५४८१२	१०१७४१	३३३१	२९६७१	२००६९	१५४८१२
४३	गुल्मी	४३९६४३	८४९४	१९२४३	१८०६९१	३८१५४	५६५२	१५८२	२४५३२२	२१२९४६	६१८	०	३१७५८	२४५३२२
४४	पाल्पा	४४८७०७	१४५९७	२६१२८	१५४३९८	६०६२९	१०३४०	१६७२	२५३९६७	२१८५५१	३११७	०	३१४९९	२५३१६७
४५	नवलपरासी	८७३९०९	८३९११९	८५७५२	१६६६४८	१७२३१४	७०४०३	१३९६१	५०९०७८	४४६४८४	४०९९	०	५८४९५	५०९०७८
४६	कपिलवस्तु	८३९२४८	५७२३५	२४३४१६	१४८३९८	१२१४१७	१६५९९६	६२८९	६८५५१६	१५८९९८	२६६५८	२११४९२	२८८३६८	६८५५१६
४७	रुपन्देही	८२०७४३	५३६२८	२७५८२४	१६१४०७	१००३५८	८७८५६	८३५७	६३३८०२	४४०४८४	४२५९	१८०२२	१७१०३७	६३३८०२
४८	मुस्ताङ्ग	१७४३९२	४२३८	१५३२७	५४३४०	३५२९८	१२२०	९२६	१०७१११	५०५९९	४४४	३१५६५	२४५०३	१०७१११
४९	म्यार्दी	२४२०९८	१०८५८	२४९३३	९८७२५	६८४५	१५६३८	१०५४	१४७१९५	११५१३७	९४४	३७५५	२७३५९	१४७१९५
५०	बाग्लुङ्ग	३५२२३९	८२०३	३१५३८	१४३१३२	१०८६३	१२४९४	३५४	१९८३८१	१६४७६२	४२१	२०२१३	१२९८५	१९८३८१
५१	पर्वत	२९८२२९	३७०६	३०९०८	११९९२७	१७९७६	५२२६	२०४६	१७६०८३	१५२६४४	४१०	०	२३०२९	१७६०८३
५२	रुकुम	२८५१९२	३९४६	१८३०९	१४२२५०	३८७७	२३३२	८९०४	१७५६७२	१२२४३९	५३९०	०	४७८४३	१७५६७२
५३	रोल्पा	२७४४७६	८३९६	१५८६८	१२२९९०	३२५४	९७६४	३०६	१५२१८२	१३७४८२	६८०	०	१४०२०	१५२१८२
५४	प्युठान	२८८३६२	५३९८	२९११७	११६१८९	१६३५८	८९३२	१३४८	१७१९४४	१३६६९३	८९०	७९५२	२६४०९	१७१९४४
५५	सल्यान	३२९०७२	८०६६	२०६३०	१२७१९६	२०७०२	१११९१	२१३०	१८१८४९	१४२७५२	३४५२	२१६४९	१३९९६	१८१८४९
५६	दाङ्ग	४०७८५९	१६६१३	६१९३७	१२९९९६	३५७३६	३९२९९	१३५१	२६८३१९	१९८३१३	३१६४	०	६६८४२	२६८३१९
५७	हुम्ला	११८६९४	६४२	१७८४४	८३१७४	१७६३५	१९२९	१७४९	१२२३३१	१२०९८	२१०९	०	१०८१२४	१२२३३१
५८	मुगु	१५२६९२	१२७	६६६२	६९१५६	५१०९	२२२१	४१५९	८७३०७	७०४३६	१६११	०	१५२६०	८७३०७
५९	कालिकोट	२६५०६२	८११३	२६०७३	९२७१३	२६०७०	२५६४	२१७९	१४९५९९	१४१४७९	५७	०	८०६३	१४९५९९
६०	डोल्पा	१८१७८८	०	३८५१	८०५५२	५२४४	६६१७	१४९२	९७७५६	८६२५८	१६२५	०	९८७३	९७७५६
६१	जुम्ला	२४०५०७	२३७८	१०२३०	१०१०८०	१८३३७	५८२३	३२८४	१३८७५४	११०१९०	१७९३	०	२६७७१	१३८७५४
६२	दैलेख	३३६८५७	१६०६७	२४१५	१३२५८७	३४४८२	७५१	११	१७०२४६	१६८९३१	९५	०	१२२०	१७०२४६
६३	जाजरकोट	२००८४७	३६३५	२३५८	९१०७०	३९६४	४२३८	५७७७	१०७४०७	८८३६२	४२३९	३१९७	११६०९	१०७४०७
६४	सुर्खेत	३३६८१३	१५७६५	२४२६०	१३३१४७	९०९६	२२२४९	५८२	१८९३३४	१६१४४६	४३७	९८५६	१७५९५	१८९३३४
६५	बाँके	३३०११५	४४३११	७१७३१	१२१७२९	१५१८७	२२१२०	१९९४	२३२७६१	१६६५०३	२५८२	०	६३६७६	२३२७६१
६६	बर्दिया	२३५०८८	३५१६४	३०११२	८०७८०	१७७४२	१९२०२	१७३०	१४९५६६	८०७८०	३८७२	३०९८२	३३९३२	१४९५६६
६७	बझाङ्ग	२६४०३२	४६२७	११९०२	११८१८२	१६६४६	२५३०	७०६	१४९९६६	१२५१३५	५९८	२३५	२३९९८	१४९९६६
६८	बाजुरा	१८३१७०	२९८३	६०६७	८७९८१	८५९३	५३०	४४१	१०३६१२	८१५३२	२५	४०६८	१७९८७	१०३६१२
६९	अछाम	३९६६३५	१६३३०	७२४४	१८२५२८	१७९०१	०	३०१	२०७९७४	१८२५२८	२२	१३३५५	१२०६९	२०७९७४
७०	डोटी	२७४७२७	१२१००	१५८४७	१२०८९८	१३१३०	१९२९	३५०	१५२१५४	१२२७९८	७९	१५५४३	१३७३४	१५२१५४
७१	कैलाली	३७२५५९	२८७२१	५८४३२	१२०९३२	२५४५३	४४६५४	२२६१	२५१७३२	१७४३५६	४९०३	०	७२४७३	२५१७३२
७२	दार्चुला	२२७५५३	७६८१	५४३७	१००६९६	७५३५	३८९०	३८३९	१२१३९७	१०९४९०	२१०३	०	९८०४	१२१३९७
७३	बैतडी	३५०१३४	९५८३	१११६३	१४१२५२	२७३००	२३०३	६०७७	१८८०९५	१७०७७४	२४२८	०	१४८९३	१८८०९५
७४	डडेलधुरा	२१३२७९	१५६९८	१८५१८	६१६५९	३३९३२	५४५७	६४७	१२०२१३	११०४०७	११७७	०	८६२९	१२०२१३
७५	कञ्चनपुर	२८४०६५	१४२२२	६०१८	६९६७३	३५०२२	३५५४०	५५२१	१५१७७४	९७७२२	३४३०	३७१५७	१३४६५	१५१७७४
	चालु जम्मा	३०२९७३५१	१९२२६१७	३०९४९६५	९६२२५९८	३२६५३६३	१८८४३१७	२९०९७०	१८१५८२१३	१३७८९३५३	३४३७९७	११००९५३	२९२४११०	१८१५८२१३
	बक्यौतातर्फ													
१	महोत्तरी	४५९७५३	३२०५९	१४३१८	१७४५४२	३००४०	१९८६८	३६१२	२४२३८०	२२९२९७	२३९४	०	१०६८९	२४२३८०
	बक्यौता जम्मा	४५९७५३	३२०५९	१४३१८	१७४५४२	३००४०	१९८६८	३६१२	२४२३८०	२२९२९७	२३९४	०	१०६८९	२४२३८०
	कुल जम्मा	३०७५७१०४	१९८६७३५	**३१२३६०१**	**९९७१६८२**	**३३२५४४३**	**१९२४०५३**	**२९८१९४**	**१८६४२९७३**	**१४२४७९४७**	**३४८५८५**	**११००९५३**	**२९४५४८८**	**१८६४२९७३**

सरकारी कार्यालयहरुको यो वर्षको बेरुजू वर्गीकरण
विनियोजन, राजस्व र धरौटी

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
												अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति										
	चालु																		
१	राष्ट्रपतिको कार्यालय	२	३	११७११	०	२	३६३	२	१	११३४८	०	०	०	०	०	०	०	११३४८	११३४८
२	उपराष्ट्रपतिको कार्यालय	२	१	८२१	०	१	८२१	२	०	०	०	०	०	०	०	०	०	०	०
३	संविधान सभा व्यवस्थापिका संसद	११	२४	२५८४७०	०	०	०	११	२४	२५८४७०	१९५३	४४१२५	२०९६१२	०	०	२५३७३७	१९५०	८३०	२७८०
४	सर्वोच्च अदालत	२५३	१३८	७५१६४	३	१८	२३५७०	२५०	१२०	५१५९४	१७६७९	९११०	८६४२	४४७	०	१८१९९	८२८	१४८८८	१५७१६
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	४	०	०	४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
६	महालेखापरीक्षकको कार्यालय	४	८	३००	४	८	३००	०	०	०						०			०
७	लोक सेवा आयोग	३२	२०	२४९४	२	८	४५६	३०	१२	२०३८	१७८	९१	०	०	०	९१	१७६९	०	१७६९
८	निर्वाचन आयोग	६९	५०	३८४५२९	०	८	३७९१९९	६९	४२	५३३०	१९४	९४४	१०१९	०	०	१९६३	५५८	२६१५	३१७३
९	महान्यायाधिवक्ताको कार्यालय	६९	५०	७८४८	२	९	४७४	६७	४१	७३७४	७५२	४२६	१११	०	०	५३७	२७	६०५८	६०८५
१०	राष्ट्रिय मानवअधिकार आयोग	१३	१८	२४२७	०	०	०	१३	१८	२५२७	१७१	८१३	१४३१	०	०	२२४४	०	११२	११२
११	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७०	२५	१७७७७०	९	५	१४०१३	६१	२०	१६३७५७	४१९४५	९९५२७	७६६६	०	०	१०७१९३	१४६१९	०	१४६१९
१२	अर्थ	२६११	१३४६	२३७३९३८	१२६	२३४	९५९००७	२४८५	१११२	१४१४९३१	३७०१७०	१४४२४	९८९६१७	०	०	१००४०४१	३४७	४०३७३	४०७२०
१३	उद्योग	३८०	१४५	२९९०४	७	१०	६०२३	३७३	१३५	२३८८१	७१४	३१०५	११२८८	०	०	१४३९३	६२८	८१४६	८७७४
१४	ऊर्जा	५४	२१	४५३०५	६	७	३७४००	४८	१४	७९०५	११३	५८६	५४९१	०	०	६०७७	१	१७१४	१७१५
१५	कानून तथा न्याय	८	६	६६	०	४	३७	८	२	२९	१७	१२	०	०	०	१२	०	०	०
१६	कृषि तथा सहकारी	२३३०	१०९२	३०३५२१	३५८	२६३	१३०२९४	१९७२	८२९	१७३२२७	१८१११	३०४२०	६४५३२	६०	१२८२	९६२९४	५६५९	५३१६३	५८८२२
१७	गृह	३४६६	७९८	७५७२९	०	२१६	१५५८३	३४६६	५८२	७४१५४६	३१२२	१५३३७	१२२८४	०	३३	२७६५४	१२९३२	६९७८३८	७१०७७०
१८	परराष्ट्र	१८९	३२३	२९८२६३	१	५५	११६४७४	१८८	२६८	१८१७८९	२३११०	२४८१६	१०८९६५	०	१४३	१३३९२४	१९३०६	५४४९	२४७५५
१९	पर्यटन तथा नागरिक उड्डयन	५७	२४	३४६५८	७	३	१६३५	५०	२१	३३०२३	९१	३४	२०२	०	०	२३६	३५७	३२३३९	३२६९६
२०	भूमिसुधार तथा व्यवस्था	११८४	३८८	३३५१२७	१३७	४०	४८९५०	१०४७	३४८	२८६१७७	५५८७९	१७६८२	१८४००८	०	११५	२०१८०५	८७६	२७६१७	२८४९३
२१	भौतिक योजना तथा निर्माण	२५१२	१३२५	४५९१८३२	१९९	१७८	४७४१४६	२३१३	११४७	४११७६८६	२५३०२	४३२३८६	४३३८२०	०	१७६४९	८८३८५५	३५७३	३२०४९५६	३२०८५२९
२२	महिला, बालबालिका तथा समाज कल्याण	५४०	४०९	६८७०३	३१	८४	२४४५	५०९	३२५	६६२५८	१९६२	७४०६	६०८८	०	१५४	१३६४८	११९४	४९४५४	५०६४८
२३	युवा तथा खेलकुद	३	७	४२०९७	०	५	२७०७४	३	२	१५०२३	०	०	१३१००	०	०	१३१००	०	१९२३	१९२३
२४	रक्षा	४४२	७०	१०५७३५३	१९	३०	१११८०५	४२३	४०	९३७५४८	६५५	५५१९	३८३८८	०	२५	४३९३२	४११४	८८८८४७	८९२९६१
२५	वन तथा भू–संरक्षण	१२३२	६०५	१४५१८०	२४	४३	३२४१	१२०८	५६२	१४१९३९	३०८४४	२०४०८	४५४०२	१२७४१	१४५५	८०००६	९०६३	२२०२६	३१०८९
२६	वाणिज्य तथा आपूर्ति	२५	६	२७४१	२	१	१६७	२३	५	२५७४	२९३	२४१	२०४०	०	०	२२८१	०	०	०
२७	बातावरण	७६	११५	४४८६०	३	५	२४४६	७३	११०	४२४१४	५३८३	७०९६	१६२४३	०	३६५१	२६९९०	९१९	९१२२	१००४१
२८	विज्ञान तथा प्रविधि	३८	८६	१२५३४६	४	२५	१४०७	३४	६१	१२३९३९	४६२	६७१२	६८९०	०	०	१३६०२	४९८	१०९३७७	१०९८७५
२९	शान्ति तथा पुनर्निर्माण	१३१	४५	३८०२७९	२९	९	१२९३४२	१०२	३६	२५०९३७	४६४	१०९९५	१६१५	०	०	१२६१०	३४	२३७८२९	२३७८६३
३०	शिक्षा	१३८०	३३७१	३४६७७४७	५	४४७	२९०३१२	१३७५	२९५४	३९७७४३५	२०३५९४	२०४०५३	२५७२३१७	०	४८६२५	२८२४९९५	१७९०१	१३०९४५	१४८८४६
३१	श्रम तथा यातायात व्यवस्था	३८४	९४	६७९९५	३९	८	११७५	३४५	८६	६६८२०	४३७४	८७५४	४०३४९	०	५२	४९१५५	६१५	१२६७६	१३२९१
३२	सामान्य प्रशासन	३३	१२	२३३२०	१०	११	२३१२०	२३	१	२००	०	२००	०	०	०	२००	०	०	०
३३	सिंचाई	१७४३	४८७	७६३२९६	१६४	६६	२८८५५१	१५७९	४२१	४७४७४५	१०८७६	३८९७६	५८४७७	१७३६	४५२	९९६४१	२०	३६४२०८	३६४२२८
३४	सूचना तथा सञ्चार	२८१	१०८	५२३२५	११	५	१६८७	२७०	१०३	५०६३८	१३४१९	६७२	१७७४९	०	०	१८४२१	१०	१८७८८	१८७९८
३५	संघीय मामिला, संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति	९०	२७	५०१५	५	६	६८५	८५	२१	४३३०	२५६१	४६	१९६	०	०	२४२	११९७	३३०	१५२७
३६	स्थानीय विकास	२१२०	२७४०	५०६९००२	२०५	१२५	२४५८१७	१९१५	२६१५	४८२३१८५	९१५२४	२४४६५९	६०३२८७	०	४९०६	८५२८५२	२८७१३	३८५००९६	३८७८८०९
३७	स्वास्थ्य तथा जनसंख्या	१५८०	१२९६	११६१९६०	१२	२३९	२७००४	१५६८	१०५७	११३४६५६	८९९६	१३३५७६	४८३४०८	०	१०४६	६१८०३०	३५९६६	४७१६६४	५०७६३०
३८	राष्ट्रिय योजना आयोगको सचिवालय	५२	१९	५१४९	०	३	६८१	५२	१६	४४६८	३७	२८७	४८५	०	०	७७२	१	३६५८	३६५९
३९	राष्ट्रिय सतर्कता केन्द्र	२१	३	९७	८	१	४८	१३	२	४९	८	०	४१	०	०	४१	०	०	०
	चालु जम्मा	२३४९१	१५३०५	२२१७३५४२	१४३६	२१८२	३३७३७५२	२२०५५	१३१२३	१८७९९७९०	९३४९५३	१३८३४३८	५९४४७६३	१४९८४	७९५८८	७४२२७७३	१६३६७५	१०२७८३८९	१०४४२०६४
	बक्यौता																		
१	संविधान सभा व्यवस्थापिका संसद	३	६८	४२६०४	०	०	०	३	६८	४२६०४	२३६७	३१९२६	४७०२	०	०	३६६२८	१५१४	२०९५	३६०९
२	स्थानीय विकास	१७	३०	८६८५५	४	०	०	१३	३०	८६८५५	७४६	२१२०६	१४८९७	०	०	३६१०३	४३१८	४५६८८	५०००६
३	संघीय मामिला, संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति	४	२	२२	०	०	०	४	२	२२	५	१७				१७			०
	बक्यौता जम्मा	२४	१००	१२९४८१	४	०	०	२०	१००	१२९४८१	३११८	५३१४९	१९५९९	०	०	७२७४८	५८३२	४७७८३	५३६१५
	कुल जम्मा	२३५१५	१५४०५	२२३०३०२३	१४४०	२१८२	३३७३७५२	२२०७५	१३२२३	१८९२९२७१	९३८०७१	१४३६५८७	५९६४३६२	१४९८४	७९५८८	७४९५५२१	१६९५०७	१०३२६१७२	१०४९५६७९

संगठित संस्था, अन्य संस्था, समिति र जिल्ला विकास समितिहरुको यो वर्षको बेरुजू वर्गीकरण

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
	चालु																		
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१०	०	०	२	०	०	८	०	०	०	०	०	०	०	०	०	०	०
२	अर्थ	५५	१४	३७९५	११	७	२०८१	४४	७	१७१४	२६१	१४५३	०	०	०	१४५३	०	०	०
३	उद्योग	२६	१६	६०४२५	०	२	१०७	२६	१४	६०३१८	२९२५	१३१६	५६०७७	०		५७३९३	०	०	०
४	कानून, न्याय तथा संविधान सभा व्यवस्था	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०			०
५	कृषि तथा सहकारी	४५२	२४५	१३८८५६	२७	४	७२	४२५	२४५	१३८७८४	११२३३	३८३५९	८६१२८	०	२०९८	१२६५८५	४५७	५०९	९६६
६	गृह	७९	६४	५६८२०	०	१	१८६९	७९	६३	५४९५१	४९४६	१३	२३४७६	०	१८४७	२५३३६	१०३	२४५६६	२४६६९
७	परराष्ट्र	०	०	०	०	०	०	०	०	०	०	०	०	०		०			०
८	पर्यटन तथा नागरिक उड्डयन	३४	१३	५५०४	३	१	३५६	३१	१२	५१४८	२०	२२७२	१४४४	०	०	३७१६	९०५	५०७	१४१२
९	भूमिसुधार तथा व्यवस्था	०	०	०	०	०	०	०	०	०	०	०	०	०		०			०
१०	भौतिक योजना तथा निर्माण	३०७	१९६	८७००७०	६	१८	६८७३८७	३०१	१७८	१८२६८३	६२६६२	३४७४३	४४७९१	०	५७५	८०१०९	८५१	३९०६१	३९९१२
११	महिला, बालबालिका तथा समाज कल्याण	३८	२३	११६८३	१	२	५३३४	३७	२१	६३४९	१३६७	५५१	०	०	४३७९	४९३०	५२	०	५२
१२	रक्षा	१५१	१३	६६१६५९	२२	६	१२४४१०	१२९	७	५३७२४९	१५५२२	९३२६	५०६१९६	०	०	५१५५२२	०	६२०५	६२०५
१३	वन तथा भू–संरक्षण	१४०	३५	२९६९९	०	०	०	१४०	३५	२९६९९	३३	२७३९१	१५६०	०	७१५	२९६६६	०	०	०
१४	वाणिज्य तथा आपूर्ति	१२	२१	१४७८५	०	१	७८	१२	२०	१४७०७	४७३९	५६५	७७५५	०	०	८३२०	८३३	८१५	१६४८
१५	बातावरण	१	१	२४१	०	०	०	१	१	२४१			२४१	०	०	२४१	०	०	०
१६	विज्ञान तथा प्रविधि	६	४	५६	०	२	२७	६	२	२९	५	०	२४	०	०	२४	०	०	०
१७	शिक्षा	३३९	४९६	५४७१४१	१	२०	३६२४७	१८५	२३३	५१०८९४	८१४६	१२६३३८	२५८९७४	०	४६७४	३८९९८६	२९९०७	८२८५५	११२७६२
१८	श्रम तथा यातायात व्यवस्था	०	०	०	०	०	०	०	०	०	०	०	०	०		०			०
१९	सामान्य प्रशासन	३३	३१	१७७७९	५	१६	१३६३	२८	१५	१६४१६	७७	७९६२	८३७७	०	०	१६३३९	०	०	०
२०	सिंचाई	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
२१	सूचना तथा सञ्चार	५६	२७	१५५५३	०	१	१४३९	५६	२६	१४११४	२८०	३०३७	२२४	०	२८८	३५४९	१९७	१००८८	१०२८५
२२	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	१४०	५८	२०७७१६	२	१०	५०४१	१३८	४८	२०२६७५	७०९३	११७६०	१७२०५०	०	०	१८३८१०	२१०२	९६७०	११७७२
२३	स्थानीय विकास	४३	७५	८६०१२५	०	०	०	४३	७५	८६०१२५	१२११	१३००	२७३७०८	०	१२८	२७५१३६	६५८	५८३१२०	५८३७७८
२४	स्वास्थ्य तथा जनसंख्या	७६७	४३४	६१२८६९	१	२८	५१६७३	७६६	४०६	५६११९६	४१४८८	२४००३५	८३४५१	११४६	४७३	३२५१०५	३३५३	१९१२५०	१९४६०३
२५	पोखरा विश्वविद्यालय	४२	६०	३१९२७	०	२	३५७	४२	५८	३१५७०	२३६	१५८२८	१५५०६	०	०	३१३३४	०	०	०
२६	नेपाल संस्कृत विश्वविद्यालय	१२५	८९	१८८४३	०	२	४	१२५	८७	१८८३९	३४८	१२८१६	५५८१	०	९४	१८४९१	०	०	०
२७	त्रिभुवन विश्वविद्यालय	६२९	६२२	३२१८६७	१	२	१६८	६२८	६२०	३२१६९९	६२४०	१७८६५२	१३६६६३	०	१४४	३१५४५९	०	०	०
२८	लम्बिनी बौद्ध विश्वविद्यालय	१०	१०	७८९	०	०	०	१०	१०	७८९	४	१	७८४	०	०	७८५	०	०	०
२९	जिल्ला विकास समिति	२१२३	२२४७	१९४१८७२	१७७	७४	१९२५५	१९४६	२१७३	१९२२६१७	३१०३९१	४१२८४८	५७८००८	११२९७०	७४१२०	११७७९४६	१६१०९	४१८१७१	४३४२८०
३०	स्थानीय विकास कोष	२०८	२४८	९६०७७	४	६	८०६	२०४	२४२	९५२७१	२५८७१	५०२२	३४६३०	१७५	१९७८	४१८०५	७२९८	२०२९७	२७५९५
	चालु जम्मा	५८२६	५०४२	६५२६१५१	२६३	२०५	९३८०७४	५४१०	४५९८	५५८८०७७	५०५०९८	११३१५८८	२२९५६४८	११४२९१	९१५१३	३६३३०४०	६२८२५	१३८७११४	१४४९९३९
	बक्यौता									०						०			०
४६	युवा तथा खेलकुद	९०	१६४	५४८९६	०	०	०	९०	१६४	५४८९६	६०८५	१७७६५	२५७५७	०	६५७	४४१७९	०	४६३२	४६३२
४७	शिक्षा	२३४	३९७	३६८२०८	०	२	२२५०	२३४	३९५	३६५९५८	३२६८	६७६१७	२६१२६०	०	३३८	३२९२१५	१८१९१	१५२८४	३३४७५
४८	स्वास्थ्य तथा जनसंख्या	२	४	७०	०	०	०	२	४	७०	१०	०	१०	०	०	१०	५०	०	५०
४९	जिल्ला विकास समिति	१९	४४	३२०६२	२	१	३	१७	४३	३२०५९	२९७३	१८१९५	९०८	०	१८०	१९२८३	०	९८०३	९८०३
५०	स्थानीय विकास कोष	०	४	१२	०	०	०	०	४	१२	१२	०	०			०			०
५१	त्रिभुवन विश्वविद्यालय	१५३	२४३	२४०३००				१५३	२४३	२४०३००	३७०८	१९४२०७	४२३८५	०	०	२३६५९२	०	०	०
	बक्यौता जम्मा	४९८	८५६	६९५५४८	२	३	२२५३	४९६	८५३	६९३२९५	१६०५६	२९७७८४	३३०३२०	०	११७५	६२९२७९	१८२४१	२९७१९	४७९६०
	कुल जम्मा	६३२४	५८९८	७२२१६९९	२६५	२०८	९४०३२७	५९०६	५४५१	६२८१३७२	५२११५४	१४२९३७२	२६२५९६८	११४२९१	९२६८८	४२६२३१९	८१०६६	१४१६८३३	१४९७८९९

अनुसूची – १७

(प्रतिवेदनको परिच्छेद ३ दफा १, ३, ४ र ५ संग सम्बन्धित)

सरकारी कार्यालयतर्फ (विनियोजन, राजस्व र धरौटी)

बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	गतवर्षको बाँकी	समायोजन	अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	४८सौं प्रतिवेदन सम्मको बाँकी बेरुजू	४८सौं प्रतिवेदन सम्मको बाँकी बेरुजूमध्ये पेश्की
	प्रतिबेदन २०६२ देखि २०६७ सम्म										
१	राष्ट्रपतिको कार्यालय	१३७५		१३७५	१३७५			०	११३४८	११३४८	११३४८
२	संविधान सभा व्यवस्थापिका संसद	४४७३२		२४९८३	२४९८३			१९७४९	३०१०७४	३२०८२३	९०४५
३	सर्वोच्च अदालत	४८३६९०		१२१४२२	१२१२१०	२१२		३६२४८०	५१५९४	४१४०७४	१९४६४७
४	महालेखापरीक्षकको कार्यालय	६१		२०	२०			४१		४१	४१
५	लोक सेवा आयोग	३५३५		२४६६	२४६६			१०६९	२०३८	३१०७	१७६९
६	निर्वाचन आयोग	४९१०१		६६८६	६६६५	२१		४२४३६	५३३०	४७७६६	८५१४
७	महान्यायाधिवक्ताको कार्यालय	१२२२६		२५३८	२५३८			९६८८	७३७४	१७०६२	६०८५
८	राष्ट्रिय मानवअधिकार आयोग	८४३४		७	७			८४२७	२५२७	१०९५४	२१४
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५१९७२		१०६७९	१०६७९			४१२९३	१६३७५७	२०५०५०	१४६६३
१०	अर्थ	७५१९४२७		३८१४३७७	३३७८५०५	४०७३२७	२८५४५	४१४०९२२	१४१४९३१	५५५५८५३	९०१६०
११	उद्योग	१२१८८२		४५१८४	४५१८४			७६६९८	२३८८१	१००५७९	६८६३३
१२	ऊर्जा	१९२७९		१८६	१८६			१९०९३	७९०५	२६९९८	१७५५
१३	कानून तथा न्याय	५८०		२०५	२०५			३७५	२९	४०४	०
१४	कृषि तथा सहकारी	६९०१९२		१७८८१०	१५४६८८	२४१२२		५३५५०४	१७३२२७	७०८७३१	१३५५८६
१५	गृह	११५८५६५		२८८८५५	२६०२७५		२८५८०	८९८२९०	७४१५४६	१६३९८३६	१६५२३१९
१६	परराष्ट्र	४९३६९८	(४३,०२९)	२४३५५३	१८५२१८	५८३३५		२६५४५१	१८१७८९	४४७२४०	१४८०८०
१७	पर्यटन तथा नागरिक उड्डयन	८०७७३		१३५९८	१२५८१	१०१७		६८१९२	३३०२३	१०१२१५	९२२९३
१८	भूमिसुधार तथा व्यवस्था	३०३७५२		१४९४९५	१०२५५०	२९६०७	१७३३८	२०१२०२	२८६१७७	४८७३७९	५५३४३
१९	भौतिक योजना तथा निर्माण	५२७६७३२		१९८११७१	१७१५९०१	२८५७४	२३६६९६	३५६०८३१	४११७६८६	७६७८५१७	६०११२००
२०	महिला, बालबालिका तथा समाज कल्याण	७५६८३		३१४८०	३०९१८	५६२		४४७६५	६६२५८	१११०२३	८८३१३
२१	युवा तथा खेलकुद	६०६१७		३३९०७	२६१९४	७७१३		३४४२३	१५०२३	४९४४६	१०७३०
२२	रक्षा	१४८८१६७	-७१९१२	२२२८३९	१९२६७७	३०१६२		१२२३५७८	९३७५४८	२१६११२६	२१५६०८२
२३	वन तथा भू–संरक्षण	४३५१६६		१११९३७७	९३२०८	२५३११	८५८	३४१९५८	१४१९३९	४८३८९७	१५५४७५
२४	वाणिज्य तथा आपूर्ति	२४३७५		४९५६	४९५६			१९४१९	२५७४	२१९९३	०
२५	वातावरण	५०३६९		४९२०८	३७८२०	११३८८		१२५४९	४२४१४	५४९६३	१०५१९
२६	विज्ञान तथा प्रविधि	९५०५६		१०१९१	९५६४	६२७		८५४९२	१२३९३९	२०९४३१	११२५९८
२७	शान्ति तथा पुनर्निर्माण	७२७५१८		९०१२६	९०१२६			६३७३९२	२५०९३७	८८८३२९	८७०३०६
२८	शिक्षा	५३५८२७१		९७९१७३	८९२८७५	८६२९८		४४६५३९६	३१७७४३५	७६४२८३१	१२०५८२७
२९	श्रम तथा यातायात व्यवस्था	६३५२२		६०७९	२०५३		४०२६	६१४६९	६६८२०	१२८२८९	२६७३६
३०	सामान्य प्रशासन	५४१८		५४१८	५४१८			०	२००	२००	०
३१	सिचाई	११७६९६८		४४९२१७	४२७७५२	२१४६५		७४९२१६	४७४७४५	१२२३९६१	६५६६८७

क्र.सं.	मन्त्रालय/निकाय	गतवर्षको बाँकी	समायोजन	अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	४८सौं प्रतिवेदन सम्मको बाँकी बेरुजू	४८सौं प्रतिवेदन सम्मको बाँकी बेरुजूमध्ये पेश्की
३२	सूचना तथा सञ्चार	१०२०११		५१८३५	२८९७२	२२८६३		७३०३९	५०६३८	१२३६७७	३६६४९
३३	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	३७२४२		१८८४	१८८४			३५३५८	४३५२	३९७१०	२८९६
३४	स्थानीय विकास	५६५०९०२		१७४१०६३	१७३४१२८	६९३५		३९१६७७४	४९१००४०	८८२६८१४	६२७४०३५
३५	स्वास्थ्य तथा जनसंख्या	१९१७९७४		२८१५२९	२७८८१४	२७१५		१६३९१६०	११३४६५६	२७७३८१६	१०७२७२८
३६	राष्ट्रिय योजना आयोगको सचिवालय	१३८०१		८३३	१६४	६६९		१३६३७	४४६८	१८१०५	२०४०६
३७	राष्ट्रिय सतर्कता केन्द्र	२३६		२	२			२३४	४९	२८३	०
	जम्मा	३३६०३३०२	-११४९४१	१०९६४७२७	९८८२७६१	७६५९२३	३१६०४३	२३६०५६००	१८९२९२७१	४२५३४८७१	२१२०१६८२
	बेरुजु फछ्र्यौट समिति हस्तान्तरण (प्रतिबेदन २०६१ सम्म)*	३२०५३३६	१६९९०५३	४९०४३८९	३०८२३३०		१८२२०५९	१८२२०५९		१८२२०५९	
	जम्मा	३२०५३३६	१६९९०५३	४९०४३८९	३०८२३३०		१८२२०५९	१८२२०५९		१८२२०५९	
	कुल जम्मा	३६८०८६३८	१५८४११२	१५८६९११६	१२९६५०९१	७६५९२३	२१३८१०२	२५४२७६५९	१८९२९२७१	४४३५६९३०	२१२०१६८२

* वार्षिक प्रतिवेदन, २०६१ भन्दा अघिको बेरुजू लगत बेरुजू फछ्र्यौट समितिमा पठाइएकोमा बाँकी लगत यकिन भई नसकेकोले समितिबाट फछ्र्यौट जनाएको रकमलाई समायोजनमा देखाई लगत कट्टा रकमलाई सम्परीक्षण रकममा उल्लेख गरिएको छ ।

संगठित संस्था, अन्य संस्था र समितितर्फ
बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

क्र.सं.	मन्त्रालय/निकाय	यस कार्यालयबाट भएको सं.प.सम्बन्धी विवरण								गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	४८सौं प्रतिवेदन सम्मको बाँकी बेरुजू
		गतवर्षको बाँकी	समिति हस्तान्तरण	बाँकी २०६२ प्रतिवेदनदेखि	समायोजन	अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी			
१	संविधान सभा व्यवस्थापिका संसद	४८३३		४८३३						४८३३		४८३३
२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२३७		१२३७		१०५७	१०५७			१८०		१८०
३	अर्थ	१०६९५३		१०६९५३						१०६९५३	१७१४	१०८६६७
४	उद्योग	७८०१	१३७३	६४२८						६४२८	६०३१८	६६७४६
५	कानून तथा न्याय	२७५		२७५						२७५		२७५
६	कृषि तथा सहकारी	५११४५८	१३१०५५	३८०४०३		६६५५४	४५८७४	२०६८०		३३४५२९	१३८७८४	४७३३१३
७	गृह	४३९४४८	३१४४	४३६३०४		३५००	३५००			४३२८०४	५४९५१	४८७७५५
८	पर्यटन तथा नागरिक उड्डयन	३३०३६८६	१८७०८	३२८४९७८						३२८४९७८	५१४८	३२९०१२६
९	भूमिसुधार तथा व्यवस्था	५४९	८५४	-३०५	८५४	५४९			५४९	५४९		५४९
१०	भौतिक योजना तथा निर्माण	९१०३०७	४७५६५	८६२७४२		२५४५६	२३६७३	१७८३		८३९०६९	१८२६८३	१०२१७५२
११	महिला, बालबालिका तथा समाज कल्याण	२३७५४०	३१८३	२३४३५७		८६४	८६४			२३३४९३	६३४९	२३९८४२
१२	युवा तथा खेलकुद	३१६००३	६८२३८	२४७७६५						२४७७६५	५४८९६	३०२६६१
१३	रक्षा	४३६९११		४३६९११		१७४८५७	१७४८५७			२६२०५४	५३७२४९	७९९३०३
१४	वन तथा भू–संरक्षण	४८०५९२	२४१६८	४५६४२४		२४८५५	२३५८०	१२७५		४३२८४४	२९६९९	४६२५४३
१५	वाणिज्य तथा आपूर्ति	१८२१५८		१८२१५८		३४०००	३४०००			१४८१५८	१४७०७	१६२८६५
१६	वातावरण	६२६	३२	५९४						५९४	२४१	८३५
१७	विज्ञान तथा प्रविधि	११५३०	१६३	११३६७		७३४४	७३४४			४०२३	२९	४०५२
१८	शिक्षा	३६७६०८४	३६१६७२	३३१४४१२		६०१८७९	५१२७३५	८९१४४		२८०१६७७	८७६८५२	३६७८५२९
१९	श्रम तथा यातायात व्यवस्था	९८५	३८३	६०२						६०२		६०२
२०	सामान्य प्रशासन	३८९४		३८९४		८१६	८१६			३०७८	१६४१६	१९४९४
२१	सिंचाई	७६७९३९	३६७३	७६४२६६						७६४२६६		७६४२६६
२२	सूचना तथा सञ्चार	४२३९२४	४१४०२	३८२५२२		७९७९	७९७९			३७४५४३	१४११४	३८८६५७
२३	संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति	८११५७	१३२६	७९८३१		२५७५५	२३८२८	१९२७		५६००३	२०२६७५	२५८६७८
२४	स्थानीय विकास	६७३१०९	५४४५	६६७६६४						६६७६६४	८६०१२५	१५२७७८९
२५	स्वास्थ्य तथा जनसंख्या	१३२५६२९	३२९६	१३२२३३३		१८४९३१	१०९९१८	७५०१३		१२१२४१५	५६१२६६	१७७३६८१
२६	पोखरा विश्वविद्यालय	१९२९३		१९२९३		०	०			१९२९३	३१५७०	५०८६३
२७	नेपाल संस्कृत विश्वविद्यालय	९८२३६		९८२३६		११३८२	११३४२	४०		८६८९४	१८८३९	१०५७३३
२८	त्रिभुवन विश्वविद्यालय	८६६११८४		८६६११८४		७९५४६	७२००१	७५४५		८५८९१८३	५६१९९९	९१५११८२
२९	लम्बिनी बौद्ध विश्वविद्यालय	५८		५८		३८	२१	१७		३७	७८९	८२६

क्र.सं.	मन्त्रालय/निकाय	यस कार्यालयबाट भएको सं.प.सम्बन्धी विवरण								गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	४८सौं प्रतिवेदन सम्मको बाँकी बेरुजू
		गतवर्षको बाँकी	समिति हस्तान्तरण	बाँकी २०६२ प्रतिवेदनदेखि	समायोजन	अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी			
३०	जिल्ला विकास समिति	२३९१८९३		२३९१८९३		५२४७०	४८६१९	९९९	२८५२	२३४३२७४	१९५४६७६	४२९७९५०
३१	स्थानीय विकास कोष	१३०३५२		१३०३५२						१३०३५२	९५२८३	२२५६३५
	जम्मा	२५२०५६४४	७१५६८०	२४४८९९६४	८५४	१३०३८३२	११०२००८	१९८४२३	३४०१	२३३८८८१०	६२८१३७२	२९६७०१८२
	समिति हस्तान्तरण	७१५६८०		७१५६८०	२२२१९०	९३७८७०	७१५६८०		२२२१९०	०	०	२२२१९०

* बार्षिक प्रतिवेदन, २०६१ भन्दा अघिको बेरुजू लगत बेरुजू फछ्यौंट समितिमा पठाइएकोमा बाँकी लगत यकिन भई नसकेकोले समितिबाट लगत कट्टा गरिएको रकमलाई समिति हस्तान्तरणमा देखाई सम्बन्धित मन्त्रालयको लगतमा हिसाब मिलान गरिएको छ ।